# संविधानसभाका महिला सदस्यहरू

## नेपालको संविधान निर्माणमा महिलाको योगदान सम्बन्धी अध्ययन

# संविधानसभाका महिला सदस्यहरू

**नेपालको संविधान निर्माणमा महिलाको योगदान सम्बन्धी अध्ययन**

© महिला सभासद समूह (ककस), २०६८
महिला सभासद समूह, सिंहदरबार
पोष्ट बक्स न. २००९९, काठमाण्डौं
नेपाल

© संविधानसभा सचिवालय, २०६८
संविधानसभा सचिवालय, सिंहदरबार
पोष्ट बक्स न. २००९९, काठमाण्डौं
नेपाल

© नेपाल कानून समाज, २०६८
नेपाल कानून समाज, अनामनगर
पोष्ट बक्स न. १३२११, काठमाण्डौं
नेपाल

© International Institute for Democracy and Electoral Assistance, 2011
**International IDEA**
SE 103 34 Stockholm
Sweden

यो प्रकाशन महिला सभासद समूह (ककस), संविधानसभा सचिवालय, नेपाल कानून समाज तथा इन्टरनेसनल इन्सटिट्युट फर डेमोक्रेसी एण्ड इलेक्टोरल असिस्टेन्स (इन्टरनेसनल आइडिया) को साझा प्रकाशन हो । यो कुनै खास राष्ट्रिय वा राजनीतिक स्वार्थबाट प्रकाशन गरिएको होइन । यसमा व्यक्त विचारहरूले महिला सभासद समूह (ककस), संविधानसभा सचिवालय, नेपाल कानून समाज, इन्टरनेसनल आइडिया वा तिनका कार्यकारी अङ्ग, प्रशासनिक अङ्ग वा/र सदस्य राष्ट्रहरूको विचारको प्रतिनिधित्व गर्दैन ।

क्रिएटिभ कमन लाइसेन्स अर्न्तगत यो पुस्तकको इलेक्ट्रोनिक संस्करण वितरण गर्न सबै प्रकाशकहरू सहमत छन् ।

All parties agree that the electronic version of the Work will be distributed under a Creative Commons License.

यो अध्ययन शाही नर्वेजियन राज्दूतावास तथा फिनल्याण्ड सरकारद्वारा इन्टरनेसनल आइडियालाई प्राप्त सहयोगबाट प्रकाशन गरिएको हो ।

प्रकाशन मिति : २०६८ असोज

ISBN : 978-91-86565-25-1

# संविधानसभाका महिला सदस्यहरू

## नेपालको संविधान निर्माणमा महिलाको योगदान सम्बन्धी अध्ययन

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

## प्रकाशन बोर्ड

| | |
|---|---|
| उषाकला राई, पूर्व संयोजक, महिला सभासद समूह (ककस) | संयोजक |
| मोहम्मदी सिद्दीकी, पूर्व संयोजक, महिला सभासद समूह (ककस) | सदस्य |
| दामा शर्मा, पूर्व संयोजक, महिला सभासद समूह (ककस) | सदस्य |
| कल्पना राणा, सदस्य, महिला सभासद समूह (ककस) | सदस्य |
| लीला न्याइच्याँई, सदस्य, महिला सभासद समूह (ककस) | सदस्य |
| मनोहर प्रसाद भट्टराई, महासचिव, संविधानसभा सचिवालय | सदस्य |
| मुकुन्द शर्मा, प्रवक्ता, संविधानसभा सचिवालय | सदस्य |
| लीना रिक्किला तामाङ, नियोग प्रमुख, इन्टरनेसनल आइडिया | सदस्य |
| कृष्णमान प्रधान, कार्यकारी निर्देशक, नेपाल कानून समाज | सदस्य सचिव |

### संयोजक तथा सञ्चार, महिला सभासद समूह (ककस)
सुदर्शन खड्का, सचिव
कमला शाक्य, सूचना प्रविधि कार्यक्रम अधिकृत

### सम्पादन तथा अनुसन्धान समूह
दीप्ति खकुरेल
सँगीता लामा (समुह प्रमुख)
खुश्बू अग्रवाल
मिलन श्रेष्ठ

### अन्तरवार्ता तथा बायोग्राफी लेखक
अमिका राजथला
कविता थापा
मैना धिताल
रीता राई
शुभेक्षा विन्दु तुलाधर
तारा शिवाकोटी

### तस्वीर
दीपेन्द्र बज्राचार्य तथा समूह

### ग्राफिक डिजाइन
सुवर्ण हुमागाई

### आवरण चित्र
चिराग वाङ्गदेल

### मुन्द्रण
अरेन्ज डिजाइन वर्क

### संयोजक
दीप्ति खकुरेल, इन्टरनेसनल आइडिया

# विषयसूची

सङ्क्षिप्त सार ........................................ २१

पुस्तकका बारेमा ........................................ २९

**भाग १ नेपालमा महिला आन्दोलनको इतिहास**

नेपाली राजनीतिमा महिलाको योगदान ........................................ ३३

नेपालमा महिला आन्दोलनको सुरूआत ........................................ ३३

अन्तर्राष्ट्रिय महिला आन्दोलनको अनुभव ........................................ ३५

राणाकालमा महिला आन्दोलनको विस्तार ........................................ ३७

पञ्चायत कालमा महिला आन्दोलन र महिला सङ्घसंस्थाहरूको भूमिका ........................................ ४१

२०४६ सालको जनआन्दोलनपछि राजनीतिमा महिला सहभागिता ........................................ ४२

स्थानीय निकायमा महिलाको प्रतिनिधित्व ........................................ ४५

संसदीय निर्वाचन तथा संविधानसभामा महिलाको सहभागिता ........................................ ४६

सशस्त्र द्वन्द्वमा महिलाको सहभागिता तथा भूमिका ........................................ ४७

दोस्रो जनआन्दोलन (२०६२/६३) पछिको उपलब्धि : सहभागिताको अधिकार ........................................ ४९

महिला आन्दोलनभित्र समावेशीको मुद्दा ........................................ ५०

संविधान निर्माण र महिला सहभागिताको इतिहास........................................ ५४

**भाग २ संविधानसभामा महिला**

**परिच्छेद २ अध्ययनको प्रारूप ........ ५९**

अध्ययनको उद्देश्य र क्षेत्र ........ ५९

अध्ययनको ढाँचा ........ ६०

नैतिक मान्यता ........ ६२

अध्ययनका सीमाहरू ........ ६३

**परिच्छेद ३ संविधानसभाका महिला सदस्यहरूबारे विश्लेषण ........ ६५**

संविधानसभा र समितिमा महिलाको प्रतिनिधित्व ........ ६५

जात/जाति ........ ६७

मानिने धर्महरू ........ ६८

उमेर समूह ........ ६८

शिक्षा ........ ६९

पारिवारिक तथा वैवाहिक स्थिति ........ ६९

महिलाहरूमाथि हुने हिंसा ........ ७१

राजनीतिक दलमा महिला सहभागीता ........ ७२

राजनीतिमा लाग्ने प्रेरणा ........ ७३

**परिच्छेद ४ संविधानसभाका महिला सदस्यहरूको भूमिका ........ ७७**

संविधानसभामा ३३ प्रतिशत महिलाको उपस्थिति ........ ७७

महिला ककस र यसले उठाएका मुद्दाहरू ........ ७८

समावेशी सम्बन्धी मुद्दा ........ ७९

निर्णायक भूमिकामा महिलाहरू ........ ८०

विधायकहरू ........ ८२

लैङ्गिक मुद्दाको वकालत ........ ८२

**परिच्छेद ५ चुनौतीहरू ........ ८५**

राजनीतिक गतिरोध ........ ८५

संविधानसभा नौलो अनुभव ........ ८७

महिला तथा महिलाका मुद्दाहरूमा सहयोगको कमी ........ ८९

समानुपातिक प्रतिनिधित्व ........ ८९

महिला आन्दोलनभित्र समावेशीको मुद्दा ........ ९३

विविधताबाट एकताको निर्माण ....................................... ९४

दलीय निर्देशनको अवज्ञा ....................................... ९६

सञ्चार माध्यमहरूमा महिला सदस्यहरूको चित्रण ....................................... ९७

संविधानसभा बाहिरका महिलाहरूसँगको सहकार्य ....................................... ९८

लैङ्गिक दृष्टिकोणले संविधानसभामाको समय तालिका र भौतिक सुविधा ....................................... ९८

काठमाण्डौंको महँगो बसाई ....................................... ९९

**परिच्छेद ६ संविधानसभाका महिला सदस्यहरूका उपलब्धि तथा भावी योजनाहरू ....................................... १०१**

वंशको अधिकार ....................................... १०२

समानुपातिक समावेशी प्रतिनिधित्व ....................................... १०२

नागरिकतामा समानता ....................................... १०२

महिला आयोग ....................................... १०३

अन्य मुद्दाहरू ....................................... १०३

भावी योजनाहरू ....................................... १०४

परिच्छेद ७ निष्कर्ष ....................................... १०७

**सन्दर्भ सूची ....................................... १११**

**परिशिष्ट १ ....................................... ११३**

**भाग ३ संविधानसभाका १९७ महिला सदस्यहरूको बायोग्राफी ....................................... ११५**

## तालिका सूची

तालिका १ : २०४९ र २०५४ मा स्थानीय निकायमा महिलाको प्रतिनिधित्व ....................................... ४६

तालिका २ : २०४८, २०५१ र २०५६ का संसद्मा महिलाको प्रतिनिधित्व ....................................... ४७

तालिका ३ : २०६३ सालमा पुनर्स्थापित संसद्मा महिलाको सहभागिता ....................................... ५०

तालिका ४ : नेपालको निजामती सेवा ऐन, २०४९ का समावेशी निर्देशिका ....................................... ५४

तलिका ५ : नेपालको संविधान निर्माणमा महिला सहभागिता ....................................... ५५

तालिका ६ : संविधानसभाका समितिहरूमा महिला सदस्यहरूको प्रतिनिधित्व ....................................... ६६

तालिका ७ : व्यवस्थापिका संसद्का समितिहरूमा महिला सदस्यहरूको प्रतिनिधित्व ........ ६७
तालिका ८ : संविधानसभाका महिला सदस्यहरूको शैक्षिक स्तर ........ ६९
तालिका ९ : संविधानसभाका विवाहित महिला सदस्यहरूको श्रीमान्‌को पेशा ........ ७०
तालिका १० : संविधानसभाका महिला सदस्यहरूले राजनीतिक जीवनयात्राका क्रममा सामना गर्नु परेका हिंसाहरू ........ ७१
तालिका ११ : राजनीतिक दलहरू तथा निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित संविधानसभाका महिला सदस्यहरूको सूची (२०६८ साउन सम्म आधारित) ........ ७२
तालिका १२ : राजनीतिक दलका महिला सचेतकहरू ........ ८१
तालिका १३ : संविधानसभाका समितिहरूका महिला सभापतिहरू ........ ८१
तालिका १४ : व्यवस्थापिका संसद्को समितिहरूका महिला सभापतिहरू ........ ८१
तालिका १५ : महिला सदस्यहरूले संविधानसभाका कार्यविधिमा सामना गर्नुपरेका चुनौतीहरू ........ ८७
तालिका १६ : लैङ्गिक दृष्टिकोणलाई समावेश गराउने कार्यमा संविधानसभाका महिला सदस्यहरूले सामना गर्नुपरेका चुनौतीहरू ........ ८८
तालिका १७ : प्रत्यक्ष निर्वाचन तथा समानुपातिक प्रतिनिधित्वबाट आउने संविधानसभाका महिला सदस्यहरूप्रतिको दृष्टिकोण ........ ९०
तालिका १८ : प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित सीमान्तकृत समुदायका महिलाहरू ........ ९१
तालिका १९ : समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीबाट निर्वाचित सीमान्तकृत समुदायहरूका महिलाहरू ........ ९१
तालिका २० : प्रत्यक्ष निर्वाचन, समानुपातिक प्रतिनिधित्व तथा मन्त्रीपरिषद्‌बाट मनोनित भएका संविधानसभाका महिला सदस्यहरूको शैक्षिक स्तर ........ ९३

## चित्र सूची

चित्र १ : संविधानसभाका महिला सदस्यहरूको जात/जाति ........ ६७
चित्र २ : संविधानसभाका महिला सदस्यहरूले मान्ने धर्म ........ ६८
चित्र ३ : संविधानसभाका महिला सदस्यहरूको उमेर समूह ........ ६८
चित्र ४ : संविधानसभाका महिला सदस्यहरूको वैवाहिक स्थिति ........ ७०
चित्र ५ : संविधानसभाका महिला सदस्यहरूलाई राजनीतिमा लाग्ने प्रेरणा ........ ७४
चित्र ६ : संविधानसभाका महिला सदस्यहरूको राजनीतिक जीवनयात्राको थालनी ........ ७४
चित्र ७ : महिलाका मुद्दामा संविधानसभाका पुरुष तथा महिला सदस्यहरूको सहयोग ........ ८९
चित्र ८ : संविधानसभाका महिला सदस्यहरूका परिवारको आर्थिक स्थिति ........ ९५



# संविधानसभाका अध्यक्षको कार्यालय


सुवासचन्द्र नेम्वाङ्
अध्यक्ष

कार्यालय : ४-२००१५९
४-४८५३७४
निवास : ४-४२४०६६
फ्याक्स : ९७७-१-४२००१३७
संसद भवन, सिंहदरबार ।


## शुभकामना

नेपालका आजसम्मका क्रान्ति र आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने महत्त्वपूर्ण जिम्मेवारी संविधानसभामाथि छ । देशको इतिहासमा पहिलो पटक सङ्घात्मकता, लोकतान्त्रिक गणतन्त्र, समावेशीपन र धर्म निरपेक्षता लगायतका ऐतिहासिक उपलब्धिहरू हासिल भएका छन् । यसलाई संस्थागत गर्ने एउटा मात्र विकल्प भनेको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउँदै संविधानसभाद्वारा संविधान निर्माण गर्नु नै हो ।

ऐतिहासिक जिम्मेवारी भएको संविधानसभामा महिलाहरूको उपस्थिति झन्डै तेत्तीस प्रतिशत छ र यो तथ्य सुखद् र सकारात्मक छ । संविधानसभामा रहेका महिला सभासद्हरू सक्षम र क्रियाशील छन् र महिला सभासद् समूह (ककस) को गठनले यसलाई थप व्यवस्थित प्रभावकारी बनाएको महसुस हुन्छ ।

संविधानसभामा रहेका हाम्रा महिला सभासद्हरूको क्षमता र क्रियाशीलता शान्ति प्रक्रिया र संविधान निर्माणको प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउने ऐतिहासिक गन्तव्य प्राप्तिका लागि सबल आधार बन्नुपर्छ र यो बन्नेछ भन्ने मेरो विश्वास छ । त्यसका लागि आफ्नो सम्पूर्ण काम कारबाही तथा क्रियाशीलतालाई देशको यो मूल लक्ष्य प्राप्तिको महत्त्वपूर्ण अभियानसँग जोडेर अगाडि बढ्न हार्दिक आग्रह गर्दछु ।

अन्त्यमा, महिला सभासद् समूह (ककस) र सम्बद्ध सबैलाई निरन्तर सफलताका लागि कामना गर्दै प्रस्तुत 'संविधान निर्माणमा महिला सदस्यको योगदान' पुस्तक पठनीय र सङ्ग्रहणीय हुन सकोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**सुवासचन्द्र नेम्वाङ्ग**
अध्यक्ष
संविधानसभा



# संविधानसभाका उपाध्यक्षको कार्यालय

कार्यालय : ४-२००२२७
निवास : ५- ५२२०२४
फ्याक्स : ४२००१३७
संसद भवन, सिंहदरबार

मिति :- २०६८/०९/२९

पूर्णकुमारी सुवेदी
उपाध्यक्ष

## शुभकामना

संविधानसभा/व्यवस्थापिका-संसद्, महिला सभासद् समूहले संविधानसभामा प्रतिनिधित्व गर्नु हुने सम्पूर्ण महिला माननीय सदस्यहरूको सङ्क्षिप्त परिचय सहित माननीय सदस्यहरूको राजनैतिक पृष्ठभूमि, अनुभव र संविधानसभामा आइपुग्दासम्म गर्नु भएको सङ्घर्षका गाथाहरू र संविधानसभा/व्यवस्थापिका-संसद् सदस्यको हैसियतमा महिला अधिकार तथा सरोकारका विषयहरूमा खेल्नु भएको भूमिका समेटी बायोग्राफी प्रकाशन गर्न लागेको खबरले मलाई अत्यन्तै खुसी तुल्याएको छ । यस बायोग्राफीले माननीय सदस्यहरूको सङ्घर्षपूर्ण जीवनका बारेमा माननीय सदस्यहरू लगायत सम्पूर्ण देशवासीहरूलाई जानकारी गराउन महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएकी छु ।

परिवर्तनको सन्देश बोकेका हरेक ऐतिहासिक आन्दोलनहरूमा महिलाहरूले सधै अग्रमोर्चामा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् । जुन आन्दोलनहरूबाट केही उपलब्धिहरू त प्राप्त भएका छन् तर लैङ्गिक विभेदको अन्त्य गरी हरेक क्षेत्रमा समान अधिकार सुनिश्चित हुन सकेको छैन । त्यसका लागि अझ पनि

महिलाहरूले एकताबद्ध भई आफ्ना आवाजहरू निरन्तर बुलन्द पार्नु पर्ने अवस्था छ । यो अवस्थामा विगतका आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूको रक्षा र संस्थागत विकास गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको आधारमा टेकेर नयाँ संविधान मार्फत हाम्रा हक, हित र अधिकार सुनिश्चित गर्न आत्मविश्वासका साथ अगाडि बढ्नु नै आजको आवश्यकता हो ।

यस बायोग्राफीले संविधानसभाका सम्पूर्ण महिला माननीय सदस्यहरूले महिला हक, हित, अधिकार र सरोकारका विषयहरूको उठान गर्न खेलेको भूमिकाको उजागर गर्नुका साथै उहाँहरूलाई आगामी दिनमा अझ सशक्तताका साथ अगाडि बढ्न प्रेरित गर्नेछ भन्ने मैले आशा लिएकी छु ।

नीति निर्माण र कार्यान्वयका तहमा महिलाहरूको जनसङ्ख्याका आधारमा समानुपातिक सहभागिता सुनिश्चित गर्नु र महिलाहरूको पहिचान सहितको अंश र वंशको अधिकार सुनिश्चित गर्नु अहिले सबैभन्दा ठूलो चुनौती बनेर आएको छ । यस चुनौतीको सामना गर्न महिला सभासद् समूह (ककस) सफल हुनेछ भन्ने मैले पूर्ण विश्वास लिएकी छु । महिला सभासद् समूहले आफ्नो लक्ष्य प्राप्तिका मार्गमा सफलता प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।



**पूर्णकुमारी सुवेदी**
उपाध्यक्ष
संविधानसभा



# प्रकाशकीय

नेपाली जनताको लामो सङ्घर्ष र बलिदान पश्चात् संविधानसभा मार्फत नेपालीहरूले आफ्ना लागि आफैँ संविधान लेख्ने अवसर प्राप्त गरेका छन् । यस अवसरमा म सर्वप्रथम सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । सविधान देशको मूल कानुन हो । मुलुकले अपनाउने राजनीतिक प्रणाली र त्यस प्रणाली मार्फत नागरिकहरूले उपभोग गर्ने राजनीतिक, आर्थिक, सामाजिक लगायतका अधिकार र स्वतन्त्रताहरूका साथै विश्वव्यापी मौलिक तथा मानव अधिकारको सुनिश्चितता यसै दस्तावेज मार्फत अभिव्यक्त भएको हुन्छ । अतः संविधान निर्माणको विधि र प्रक्रिया लोकतान्त्रिक हुनु पर्ने र यसको गठन संरचना समावेशी चरित्रको हुनु पर्ने लोकतान्त्रिक मान्यता रहिआएको छ ।

नेपालको संविधानसभा यसको गठन विधिका आधारमा लोकतान्त्रिक रहेको छ भने यसको गठन समावेशी चरित्रको छ । कुल ६०१ सदस्य रहेको संविधानसभामा १९७ महिला सदस्यहरूको प्रतिनिधित्व छ भने उल्लेख्य सङ्ख्यामा दलित, आदिवासी/जनजाति, मधेसी र मुस्लिम र सीमान्तकृत वर्गको प्रतिनिधित्व रहेको छ । एक तिहाइको सङ्ख्यामा महिला सदस्यहरू संविधान निर्माणको कार्यमा समावेश हुनु र महिलाभित्र पनि विगतदेखि नै राज्यको शासन प्रणालीबाट अलग पारिएका अति सीमान्तकृत, लोपोन्मुख, दलित, आदिवासी र मधेसी महिलाहरूको उल्लेख्य सहभागिता रहनु आफैँमा गौरवपूर्ण विषय भएको छ ।

संविधानसभाभित्र सशस्त्र सङ्घर्षमा लडेका, आफ्नो परिवारका सदस्यहरू गुमाएका, विवाह भएको एक वर्ष नपुग्दै पति गुमाएका, एकै परिवारका आमा, दाजु, भाइ, बहिनी, पति एवं नातागोता गुमाएका, यातना र पीडाको मनग्गे अनुभव भएका, मजदुरी कार्यमा प्रत्यक्ष संलग्न रही अनुभव सँगालेका, छुवाछुतको पीडा प्रत्यक्ष अनुभव गरेका, सम्पन्न आर्थिक हैसियतमा रहे तापनि राजनीतिक कारण वा लोकतन्त्रप्रतिको अविचलित आस्थाका कारण सर्वस्वहरणका साथै कठिनाइपूर्ण जीवन यापन गरेका, मुक्तिकामी जनताका लागि दुधे बालकहरूलाई साथै लिई

सङ्घर्षमा लडेका जस्ता महिलाका वीरतापूर्ण सङ्घर्षका कथाहरू यस प्रकाशनमा समेटिएका छन् । संविधानसभासम्म आइपुग्ने नेपाली महिलाहरूका राजनीतिक त्याग र बलिदानलाई कम आँकलन गर्दा त्यो न्याय हुन सक्दैन । कम उमेरका सदस्य हुन् वा बढी उमेरका सदस्य उहाँहरूको लामो बलिदान, सङ्घर्ष र राजनीतिक जीवनलाई छाँयामा पारी महिलाहरूको सहभागिता र उपस्थितिलाई अवमूल्यन गर्ने भ्रम पूर्ण कार्यलाई यस पुस्तकभित्र रहेको सदस्यहरूको सङ्क्षिप्त बायोग्राफीले स्पष्ट गर्नेछ भन्ने मैले अपेक्षा लिएकी छु ।

संविधान निर्माण गर्ने थलो संविधानसभामा रहेका महिला सदस्यहरूको राजनीतिक पृष्ठभूमि, संविधानसभाभित्र उहाँहरूले निर्वाह गर्नु भएको भूमिका, लोकतान्त्रिक, समावेशी र लैङ्गिक मैत्री संविधान निर्माणमा प्राप्त उपलब्धि र भविष्यमा राजनीतिमा आउन महिलाहरूका लागि प्रेरणा दिने उद्देश्य सहित यो पुस्तक प्रकाशनको सुरूआत गरिएको हो । मुख्यतः यसमा महिलाहरूको राजनीतिक जीवन, सङ्घर्षका गाथाहरू, संविधानसभामा खेलेको भूमिका, भविष्यप्रतिको सोच, सामना गर्नु परेका चुनौतीहरू र संविधानसभासम्म महिला सदस्यहरू कसरी आइपुगे ? भन्ने प्रश्नको उत्तर यस प्रकाशनबाट खोज्ने अपेक्षा गरिएको छ । साथै नेपाली महिला आन्दोलनका आयामहरू, राजनीतिक अग्रजहरू, संविधानसभासम्ममा महिला आन्दोलन जस्ता विषयहरूमा सङ्क्षेपमा चर्चा गरिएको छ । विभिन्न सीमितताका बावजुद सम्पूर्ण विषयहरू र सम्पूर्ण अग्रज महिला अधिकारकर्मीहरूको योगदान समावेश नहुन सक्दछ । यसका लागि म क्षमा चाहन्छु ।

संविधान निर्माण कसरी गरियो भन्ने प्रश्नका साथसाथै कोको सहभागी भएर निर्माण गरे भन्ने प्रश्न पनि राजनीतिमा उत्तिकै महत्त्वपूर्ण हुन्छ । संविधान निर्माणमा सबै वर्ग, जात, जाति, लिङ्ग, क्षेत्र र वर्गका प्रतिनिधिहरूको प्रतिनिधित्व हुनु पर्दछ । संविधानसभामा चेपाङ, जिरेल, सतार, बराम, लेप्चा, खवास, बाँतर, रानाथारू जस्ता अति सीमान्तकृत समुदायका महिलादेखि धोबी, विक, रसाइली, चमार, दनुवार, दुसाद, नुनिया, खत्वे लगायतका अन्य विपन्न र अपहेलित वर्गका महिलाहरूको समेत प्रतिनिधित्व रहेको छ ।

अन्तरिम संविधानको भावना, राजनीतिक दलहरूबिचमा हुने सहमति र त्यसले संविधानसभा र व्यवस्थापिका संसद् भित्र पारिरहेको प्रभाव; पितृसत्तात्मक सोच, चिन्तन र व्यवहारका कारण संविधानसभाभित्र महिला सदस्यहरूले चाहेर पनि अपेक्षित भूमिका निर्वाह गर्न नसकेको यथार्थ हामी सबैका सामु प्रस्ट नै छ तथापि संविधानसभाभित्रका विषयगत समितिहरूमा समावेश महिलाको वंशीय अधिकार, सम्पत्तिमा समान अधिकार, सम्मानपूर्वक बाँच्न पाउने अधिकार, आमाको नामबाट पनि नागरिकता पाउनु पर्ने अधिकार, राज्यका सबै निकायमा समानुपातिक समावेशी सहभागिताको अधिकार जस्ता ऐतिहासिक अधिकारहरू नयाँ संविधानको मस्यौदामा समावेश हुनु उल्लेख्य सफलता मान्नु पर्दछ । यो सफलता पटक पटक भएका आन्दोलनहरू र संविधानसभामा एक तिहाइ महिलाहरूको उपस्थितिले सम्भव हुन गएको हो । अझै पनि कतिपय महिला अधिकारहरू समावेश हुन सकेका छैनन् । हामीले महिला अधिकारका लागि नयाँ संविधान मार्फत आधार खडा गर्न सक्यौँ भने क्रमशः त्यसमा संरचनाहरू निर्माण गर्न सकिनेमा म विश्वस्त छु ।

आफ्ना कथा, व्यथा र सङ्घर्षका गाथाहरू बाँडचुँड गर्न उत्साहित हुने सबै माननीय सदस्यहरूप्रति म विशेष रूपले कृतज्ञता प्रकट गर्दछु । यस प्रकाशनको सुरूआत गर्ने पूर्व संयोजक मा. मोहम्मदी सिद्दिकी र आफ्नो

कार्यकालमा प्रकाशन कार्यलाई तीव्रता दिई निरन्तर रूपमा मार्गदर्शन गर्ने पूर्व संयोजक मा. उषाकला राई तथा प्रकाशन बोर्डका सम्पूर्ण माननीय सदस्यहरूप्रति म कृतज्ञता प्रकट गर्दछु । पुस्तक प्रकाशित गर्न सहयोग पुऱ्याउने संविधानसभा सचिवालयका महासचिव मनोहर प्रसाद भट्टराई, प्रवक्ता मकुन्द शर्मा, महिला सभासद् समूहका सचिव सुदर्शन खड्का, नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधान र प्रकाशनको सम्पूर्ण आर्थिक तथा प्राविधिक पक्षमा सहयोग पुऱ्याउने इन्टरनेसनल आइडियाका नियोग प्रमुख लीना रिक्किला तामाङलाई म विशेष धन्यवाद ज्ञापन गर्दछु ।

यसै गरी बायोग्राफी सङ्कलन कार्यमा निरन्तर सहयोग गर्नु हुने महिला सभासद् समूहका कम्प्युटर अधिकृत कमला शाक्य लगायतका सहयोगी कर्मचारीहरू, इन्टरनेसनल आइडियाका महिला तथा संविधान निर्माण सम्बन्धी कार्यक्रमका संयोजक दीप्ति खकुरेललाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस प्रक्रियामा संलग्न सबै अन्तर्वार्ताकार तथा बायोग्राफी लेखकहरू र अनुसन्धान टोलीका सदस्यहरू सँगीता लामा, मिलन श्रेष्ठ तथा खुस्बु अग्रवाल धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरूको निरन्तर प्रयास तथा धैर्यशीलता साथै अनुवादक, भाषा सम्पादक, डिजाइनर, आवरण चित्रकार तथा फोटोकर्मीहरूको सामूहिक प्रयत्नबाट नै यसको प्रकाशन सहज र सम्भव भएकाले उहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

यस प्रकाशनका निम्ति शुभकामना सन्देश प्रदान गर्नु हुने संविधानसभाका सम्माननीय अध्यक्ष सुवासचन्द्र नेवाङ्, माननीय उपाध्यक्ष पूर्णकुमारी सुवेदी, महिला सभासद् समूह (ककस) का पूर्व संयोजकहरू दामा शर्मा, मोहमदी सिद्दिकी र उषाकला राईप्रति म विशेष आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण जोस जाँगर र जीवनका उर्जाशील समय मुलुक र जनताका लागि समर्पण गर्नु हुने नेपाली महिलाहरूप्रति सच्चा आदरभाव प्रकट गर्दै संविधानसभा बाहिर महिला अधिकारको पैरवी गर्ने सबै महिला नेतृहरू, महिला अधिकारकर्मीहरू, राजनीतिमा चासो राख्ने बुद्धिजीवीहरू, राजनीतिशास्त्रका विद्यार्थीहरू, नीति निर्माताहरू, अनुसन्धानकर्ताहरू, राजनीतिकर्मीहरू, पेशागत सङ्घ सङ्गठनका व्यक्तिहरूलाई यो प्रकाशन उपयोगी हुने अपेक्षा सहित प्रबुद्ध वर्गबाट सहयोग र सुझावको अपेक्षा गर्दछु ।



**नीलम वर्मा**
संयोजक
महिला सभासद् समूह



# व्यवस्थापिका-संसद सचिवालय

संसद भवन, सिंहदरवार
काठमाण्डौ, नेपाल ।
सम्वत् :२०६८/५/२९

पत्र संख्याः-
च.नं.:-

## प्रकाशकीय

आम नेपालीको अपनत्व र स्वामित्व प्राप्त संविधान तर्जुमा गर्न संविधानसभा क्रियाशील रहेको छ । संविधान निर्माण प्रक्रियामा बढी भन्दा बढी नेपालीको प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिताबाट नै अपनत्व र स्वामित्व प्राप्त गर्न सहजता प्राप्त हुने भएकोले सबै क्षेत्र, तह र तप्काको विचारको प्रतिनिधित्व हुने गरी संविधानसभा समावेशी चरित्रको आधारमा जीवन्त रुपमा कर्मक्षेत्रमा लम्की रहेको कुरा हामी सबैलाई विदितै छ । अन्तरिम संविधानको भावना र मर्म बमोजिम न्यूनतम ३३ प्रतिशत महिलाको सहभागिता सहितको विभिन्न जातजाति, लिङ्ग एवं भौगोलिक विविधतामा आधारित आमजनताको जीवनस्तर, शैक्षिक पृष्ठभूमि लगायतका विविध पक्ष समेटिएको उच्चतम समावेशी सहभागितामा नयाँ संविधान तर्जुमा गर्ने कार्य जारी रहेको छ ।

राजनीतिक मूल्य, मान्यता सहित संविधानवाद एवं सिद्धान्तलाई आत्मसात गर्दै संविधान निर्माणमा समाजको सबैखाले भावनालाई समेट्न सक्नु पर्दछ । समाजमा सदियौंदेखि दबाइएका वा नसुनिएका भावना सहित महिला, आदिवासी/जनजाति, मधेसी, दलित तथा भाषिक, धार्मिक एवं लैङ्गिक अल्पसंख्यकका सवालहरू लगायतका सबै नेपालीको भावना सम्बोधन गर्न सबै समुदाय र वर्गसँगको सहकार्यमा आफ्ना अनुभव, ज्ञान र सीपलाई कार्यान्वयन गरी बढी भन्दा बढी जनताको अपनत्व र स्वामित्व प्राप्त गर्न सक्ने सबैले आत्मसात गर्ने संविधान निर्माणमा आफूहरूलाई संलग्न गराउन सक्नु पर्ने चुनौति संविधानसभाका माननीय सदस्यहरू सामु रहेको छ ।

संभावित चुनौतिलाई अवसरमा बदल्न कम्मर कसेर कर्मक्षेत्रमा हामिनु भएका संविधानसभामा महिला सदस्यहरूको राजनैतिक पृष्ठभूमि, प्राप्त अनुभवका आधारमा संविधानसभा र व्यवस्थापिका-संसद्मा महत्वपूर्ण कार्यहरू सम्पादन हुँदै आइरहेको छ । यस क्रममा संविधानसभामा रहनु भएका १९७ जना महिला सदस्यहरूबाट विगतदेखि हालसम्म व्यक्तिगत र सामुहिक रूपमा सामाजिक, राजनैतिक र आर्थिक फाँटदेखि संविधान तर्जुमासम्म निर्वाह गर्नु भएको भूमिका यथार्थपरक र वस्तुनिष्ठ आधारमा सर्वसाधारण लगायतका जिज्ञासु सबैमा संम्प्रेषण गर्ने अवधारणाबाट प्रेरित भई यो बायोग्राफी तयार गरिएको हो । महिला ककसको प्रत्यक्ष सहभागिता सहितको मार्गनिर्देशन र नियन्त्रणमा संविधानसभामा रहेका महिला सदस्यहरूको यस बायोग्राफीले संविधानसभामा र व्यवस्थापिका-संसद्मा उहाँहरूबाट निर्वाह गरेका भूमिका एवं सम्पादित कार्यहरूको अभिलेखिकरण सहितको सूचना सम्प्रेणमा महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने मेरो विश्वास रहेको छ ।

अन्त्यमा, यस्तो महत्वपूर्ण कार्यमा नेपाल कानून समाज तथा इन्टरनेसनल आइडियाबाट प्राप्त सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै यस कार्यमा संलग्न सबैलाई महत्वपूर्ण दस्तावेज तयार गर्न सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

धन्यवाद ।



**मनोहरप्रसाद भट्टराई**
महासचिव
व्यवस्थापिका संसद्



# प्रकाशकीय

नेपाल कानून समाज विगत तीन दशकदेखि मानव अधिकार, कानूनी शासन, सक्षम र स्वतन्त्र न्यायपालिकाको क्षेत्रमा विभिन्न कार्यक्रम मार्फत निरन्तर रूपमा सक्रिय हुँदै आएको छ । समाजले नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माण प्रक्रियादेखि निरन्तर रूपमा प्रजातान्त्रिक र समावेशी संविधान निर्माण गर्नका लागि सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । संविधानसभाको निर्वाचन पश्चात नेपाल कानून समाजले संविधानसभा सचिवालय र इन्टरनेसनल आइडियाको सहकार्यमा संविधानसभा मार्फत संविधान निर्माण गर्नका लागि केन्द्र र स्थानीयस्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।

संविधान निर्माण गर्ने क्रममा संविधानसभाका सदस्यहरू लगायत जनशक्तिलाई संविधान निर्माण प्रक्रियाको विषयमा जानकारी दिने उद्देश्यले अन्तरक्रिया गरी विभिन्न देशको संविधान निर्माण प्रक्रियाको अनुभव आदान प्रदान गरियो । संविधानसभाका विषयगत समितिहरूको अवधारणापत्रउपर विज्ञहरूको समूह मार्फत टिप्पणी तयार गरी संविधानसभाका सदस्यहरूलाई जानकारी गराइयो । संविधानसभा नागरिक सम्बन्ध समिति र संविधानसभा जनमत सङ्कलन तथा समन्वय समितिको कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यले र संविधानसभाको बारेमा जनआस्था वृद्धि गर्ने उद्देश्यले नेपालको १४ अञ्चलमा संविधान सूचना केन्द्र स्थापना गरी जिल्ला र स्थानीयस्तरका सरोकारवालाहरूसँग अन्तरक्रिया गरी संविधानसभाको गतिविधि बारे सूचना प्रवाह गर्ने प्राप्त सुझावलाई संविधानसभा सदस्यहरूलाई जानकारी गराउने काम गर्दै आएको छ ।

नेपाल कानून समाजले विगत दुई दशकदेखि महिलाको हक र अधिकारको क्षेत्रमा संस्थागत रूपमा सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न कार्यक्रम गर्दै आएको छ । महिलाका सवालमा नीतिगत परिवर्तन गर्ने कार्यमा तत्कालिन नीति निर्माताहरूसँग अन्तरक्रिया गरी सहयोग पुऱ्याउँदै आएको थियो भने विद्यमान नीतिको बारेमा स्थानीयस्तरका महिलाहरूलाई साक्षारतामूलक कार्यक्रम सम्पन्न गरियो । राजनीतिमा र राज्यका हरेक तहमा

महिला सहभागिता र निर्णायक तहमा समावेशी सहभागिताका लागि विशेष कार्यक्रम गर्दै आएको छ । त्यसैगरी संविधानसभाको एघार वटै विषयगत समितिबाट तयार भएका अवधारणापत्रहरूलाई लैङ्गिक दृष्टिकोणबाट समिक्षा गरी देशका विभिन्न स्थानमा रहेका संविधान सूचना केन्द्रमार्फत जानकारी प्रदान गर्ने र सुझाव सङ्कलन कार्यलाई निरन्तरता दिईरहेको छ ।

संविधानसभा महिला सभासद् समूह (ककस), संविधानसभा सचिवालय, नेपाल कानून समाज र इन्टरनेसनल आइडियाको संयुक्त प्रयासमा संविधानसभाका महिला सदस्यहरूको संविधान निर्माण प्रक्रियामा पुऱ्याएको योगदानको बारेमा समिक्षा गरी पुस्तक प्रकाशित गर्ने कार्य सम्पन्न भएको छ । यस पुस्तकमा महिला सदस्यहरूले संविधानसभाका विषयगत समितिमा र संविधानसभामा पुऱ्याएको योगदानको बारेमा चर्चा गर्नुका साथै संविधानसभा सदस्य हुनुपुर्व राजनीतिक दल र नागरिक समाज मार्फत महिलाका हक र अधिकारको संस्थागत विकासको लागि निरन्तर रूपमा पुऱ्याएको योगदानको विश्लेषण गर्नुका साथै हालसम्म महिलाका सवालमा भएका प्रयासहरूलाई समावेश गर्न कोशिस गरिएको छ । यस पुस्तकले महिलाका सवालहरूमा निरन्तर रूपमा लाग्ने व्यक्ति वा संस्था लगायत अन्य सरोकारवालाहरूलाई सहयोग पुऱ्याउने नेपाल कानून समाजले अपेक्षा गरेको छ ।

अन्तमा यस पुस्तक प्रकाशन गर्न सक्रिय भूमिका निर्वाह गर्ने प्रकाशन समितिका सम्पूर्ण सदस्यहरू, संविधानसभा सचिवालयका महासचिव लगायत अन्य उच्च अधिकृतहरू, संविधानसभा महिला समूहका पूर्व तथा वर्तमान पदाधिकारीहरू, ईन्टरनेसनल आइडियाका प्रमुख तथा अन्य पदाधिकारीहरू, नेपाल कानून समाजका कार्यकारी निर्देशक तथा अन्य कर्मचारीहरू लगायत पुस्तक तयार गर्नका लागि सक्रिय भूमिका निर्वाह गर्ने अनुसन्धान समूहका सदस्यहरूलाई नेपाल कानून समाजको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।



**कुसुम श्रेष्ठ**
अध्यक्ष
नेपाल कानून समाज



# प्रकाशकीय

नेपालको संविधानसभामा भिन्नभिन्न पृष्ठभूमि भएका १९७ जना महिलाहरू निर्वाचित हुनु एउटा ऐतिहासिक उपलब्धि हो जसले संविधान निर्माण प्रक्रियामा लैङ्गिक समानतालाई सुनिश्चित तुल्याउने विषयमा संविधानसभाका सदस्यहरू तथा नेपालका नागरिकहरूमा आशा जगाएको छ । संविधानसभाका कुल ६०१ जना सदस्यहरूमध्ये निर्वाचित महिला सदस्यहरूको संख्या झन्डै ३३ प्रतिशत छ । उनीहरूमध्ये लामो समयदेखि राजनीतिमा संलग्न राजनीतिकर्मीहरू, महिला अधिकारकर्मीहरू, पेशाकर्मीहरू, माओवादी सशस्त्र द्वन्द्वका लडाकुहरू, युद्धमा श्रीमान्को मृत्यु भएका एकल महिलाहरू र राजनीतिमा भर्खरै संलग्न भएका युवा महिलाहरू छन् । विभिन्न पृष्ठभूमि भएका महिलाहरूले संविधान मस्यौदा गर्ने प्रक्रियामा आफ्नो तर्फबाट योगदान गरेका छन् । तर उनीहरूका पृष्ठभूमि र संविधानसभामा उनीहरूले खेलेका भूमिकाहरूलाई यथोचित मान्यता भने दिइएको छैन ।

यसै कुरालाई दृष्टिगत गरेर संविधानसभाका १९७ जना महिला सदस्यहरूको बायोग्राफी तयार पार्ने कार्य सुरू गरिएको हो । नेपालको लोकतन्त्र तथा निर्वाचन प्रकृयालाई सहयोग पुऱ्याउन इन्टरनेसनल इन्स्टिट्युट फर डेमोक्रेसी एण्ड इलेक्टोरल असिस्टेन्स (इन्टरनेसनल आइडिया) ले नेपाल कानून समाज, संविधानसभाको महिला सभासद् समूह (ककस) तथा संविधानसभा सचिवालयसित सहकार्य गरेर संविधानसभाका महिला सदस्यहरूका भूमिका, सङ्घर्ष तथा योगदानहरूको अभिलेख तयार पार्नका निम्ति अनुसन्धान तथा अन्तर्वातामा आधारित यो अध्ययन र प्रकाशन गरेको हो । यो प्रकाशनमा संविधानसभाका १९७ जना महिला सदस्यहरूले लैङ्गिक समानतामा आधारित संविधान निर्माण गर्ने कार्यमा गरेका योगदानको अभिलेखाङ्कन गरिएको छ । यो प्रकाशनले संविधानसभाका महिला सदस्यहरू तथा अन्य महिलाहरूलाई उनीहरूको भावी राजनीतिक यात्रामा सघाउ पुऱ्याउला भन्ने आशा गरिएको छ ।

यो पुस्तकमा समानताका निम्ति संविधानसभाका महिला सदस्यहरूले गरेका सङ्घर्ष, उनीहरूका आशा तथा लगनलाई झल्काउने कथाहरू प्रस्तुत गरिएका छन् । महिला सदस्यहरूका अन्तर्वार्ताहरू मन छुने खालका छन्,

कतिपय अन्तर्वार्ताहरूमा महिलाहरूले पहिले कतै कहिल्यै नभनेका कथा र व्यथाहरू व्यक्त गरेका छन् र कतिपय महिलाहरूले युद्धकालका पीडादायी सम्झनाहरू सुनाएर मन हलुङ्गो बनाएका छन् । यो प्रकाशनमा युद्धभूमिदेखि राजनीतिसम्मका यात्राका कथा, विद्यार्थी राजनीतिदेखि राष्ट्रिय राजनीतिसम्मका कथा, उत्पीडित गाउँले केटीबाट प्रतिष्ठित राजनीतिकर्मीमा रूपान्तरित भएका कथा र जीवनभरि राजनीतिक आन्दोलन, सामाजिक कार्य तथा पेशागत जीवनमा संलग्न रहेका महिलाहरूका कथा समावेश भएका छन् ।

२०६२ सालदेखि नेपालको लोकतन्त्रलाई सहयोग गर्ने कार्यमा संलग्न रहेको इन्टरनेसनल आइडियाले लैङ्गिक समानता तथा समतामा आधारित नयाँ संविधान निर्माण गर्ने कार्यलाई सुनिश्चित तुल्याउन दबाब समूहको रूपमा गठन हुन लागेको संविधानसभाको महिला ककससँग मिलेर २०६६ को मध्यदेखि नै काम गर्दै आएको छ । लैङ्गिक समानता तथा महिलाहरूको विविधतालाई मान्यता दिने कुरामा आधारित नयाँ संविधान नबनुन्जेलसम्म महिला ककससितको सहकार्यलाई निरन्तरता दिने हाम्रो आशा छ ।

यो पुस्तक तयार पार्नका लागि हामीसँग सहयोगको अपेक्षा गर्ने र हाम्रो सहकार्यलाई स्वागत गर्ने महिला ककसप्रति इन्टरनेसनल आइडिया कृतज्ञ छ । हामीलाई समय दिएर आफ्नो जीवनका वास्तविक कथाहरू व्यक्त गर्ने संविधानसभाका सबै महिला सदस्यहरूप्रति हामी कृतज्ञ छौँ । यो पुस्तक तयार पार्ने कार्यको एउटा अङ्ग हुनु पाउनु इन्टरनेसनल आइडियाका लागि साँच्ची नै गौरवको कुरा हो ।

हामीले यो परियोजनामा एकदमै निकट रहेर काम गरेका भए तापनि यसको वास्तविक श्रेयचाहिँ यो पुस्तक तयार पार्ने कार्यमा सहभागी बनेर खुला हृदयले आफ्ना कथाहरू सुनाउने महिलाहरूका भागमा पर्छ । नेपाली राजनीतिमा लैङ्गिक समानताको भविष्य तपाईँहरूकै काँधमा रहेको छ । तपाईँहरू आफ्नो राजनीतिक जीवनमा महिला तथा पुरूषहरूको समान सहभागिताका माध्यमले पूर्ण लोकतन्त्र प्राप्त गर्न चाहने सबै नेपाली महिलाहरूका सच्चा प्रेरणा बनिरहनुहोस् ।



महासचिव
इन्टरनेसनल आइडिया



# दुई शब्द

नेपाली जनताको अनवरत सङ्घर्ष र बलिदानको परिणाम स्वरूप ऐतिहासिक संविधानसभा गठन भएको हो । संविधानसभाका ६०१ जना सदस्यहरू मध्ये १९७ जना महिलाहरू छन् जुन कुल सदस्यहरूको सङ्ख्याको लगभग ३३ प्रतिशत हो । नेपालको इतिहासमै पहिलो पटक संविधानसभा तथा व्यवस्थापिका संसद्मा यति ठूलो सङ्ख्यामा महिलाहरूको उपस्थिति रहनु एउटा ऐतिहासिक घटना हो । यसलाई नेपाली महिला आन्दोलनको एउटा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

संविधानसभाको अर्को विशेषता यसको गठन समावेशी ढङ्गले हुनु हो । नेपाली समाजको जातिय, वर्गीय र क्षेत्रीय विविधतालाई यसले समेटेको छ । निम्न सामाजिक आर्थिक स्तरका समूहका सदस्यहरू उच्च सामाजिक आर्थिक स्तरका समूहसँगै कार्य गर्दै छन्, दलितहरू ब्राह्मणसँगै बसेका छन् र महिलाहरूले पुरूषसँगै निर्णय लिइरहेका छन् । तर, १९७ जना महिला संविधानसभाका सदस्यहरू डेढ करोड नेपाली महिलाका प्रतिनिधिहरू हुन् । जुनसुकै पारिवारिक, जातिय, वर्गीय र भौगोलिक पृष्ठभूमिबाट आएका भए पनि उनीहरू आफ्ना क्षेत्र र समुदायका वास्तविक नेता हुन् । आफ्ना समुदाय, गाउँ, सहर र क्षेत्रमा उनीहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । वास्तवमा पछाडि पारिएका वर्ग, क्षेत्र र जातिलाई प्रतिनिधित्व गर्ने महिला सदस्यहरूका आफ्नै त्याग, सङ्घर्ष र योगदानका गाथाहरू छन् । उनीहरूले भोगेका पीडाहरूलाई उनीहरू स्वयंले मात्र व्यक्त र वकालत गर्न सक्छन् ।

संविधानसभाको गठनताका सञ्चारमाध्यमहरूले महिला सदस्यहरूका पृष्ठभूमिलाई लिएर एक प्रकारको नकारात्मक प्रचारबाजी नै गर्‍यो । कतै चुरा लगाइदिंदै तस्बिर गरेको, कतै भाँडा माइदा माझ्दै गरेको तस्बिर र कतै कपाल काट्दा काट्दै गरेका हातहरू भनेर समाचारहरू छापिए । मेरो अनुभूतिमा त्यस बखत सञ्चारमाध्यमहरूका ती

नकारात्मक समाचार वा प्रचारबाजीको हामी महिला सदस्यहरूले खासै वास्ता गरेनौँ । बरू मुलुकमा पहिलो पटक यति ठूलो सङ्ख्यामा महिलाहरूले संविधानसभाको सदस्य बन्ने मौका पाएकामा खुसी मनायौँ । त्यति बेला हाम्रो खुसीको सीमा पनि थिएन । किनभने, त्यतिखेर हामीहरू संविधानसभाको सदस्य भएकामा भन्दा पनि नेपाली महिलाले युगौँयुगदेखि भोग्दै आएका दासता र महिलामाथि हुने अन्याय अत्याचारको अन्त्य हुने भयो, युग परिवर्तन हुने भयो र महिलाले पनि स्वतन्त्र, सम्मानित र अधिकार सम्पन्न नागरिक भएर बाँच्न पाउने भए भन्ने विश्वासले हाम्रो छाती गर्वले उच्च भएको थियो ।

वास्तवमा यतिखेर हामी एउटा ऐतिहासिक मोडमा उभिएका छौँ । महिलालाई पूर्ण अधिकार दिने कि नदिने भन्ने सवालमा एउटा महत्त्वपूर्ण सङ्घर्ष संविधानसभाभित्र जारी छ । महिलाहरूको सशक्त सङ्घर्ष र बलियो तर्कका अगाडि पुरूषवादी विचार र चिन्तनहरू जवाफहीन भए पनि ती विचारहरूले महिलालाई पूर्ण अधिकार नदिन घुमाउरो ढङ्गले नयाँ संविधानमा घुसपैठ हुने चेष्टा गरिरहेका छन् । तर, महिलाहरू आफ्ना अधिकारप्रति सजग छन्; आफ्ना विचार तथा भनाइहरूप्रति स्पष्ट र अडिग पनि । अबको भविष्य नेपाली जनताको हो, नयाँ पिँढीको हो । विभेदलाई कायमै राखेर नयाँ नेपाल निर्माण हुन सक्दैन । त्यसैले विभेदरहित संविधान अहिलेको हाम्रो एक मात्र माग हो ।

भनिन्छ 'एकता नै बल हो' नेपाली महिलाका समान हक अधिकार नयाँ संविधानमा सुनिश्चित गर्न संविधानसभामा महिला एकता आवश्यक भएको सबै राजनीतिक दलका महिला सदस्यहरूले महसुस गरेका थिए । त्यसैले यिनै साझा भावना र दायित्व बोधले नयाँ संविधानमा महिलाका सबै प्रकारका हक अधिकारहरू सुनिश्चित गर्न हामीले महिला सभासद् समूह (ककस) को गठन गर्‍यौँ ।

१९७ जना महिला सदस्यहरूका विविध भोगाइ र उनीहरूले समाज तथा मुलुकमा पुर्‍याएका योगदानलाई नजिकबाट नियाल्ने प्रयास स्वरूप महिला (ककस) ले, संविधानसभा सचिवालय, नेपाल कानुन समाज र इन्टरनेसनल आइडियाका को सहयोगले १९७ जना महिला सदस्यहरूका छोटो बायोग्रफी समेटेर ऐतिहासिक दस्तावेज तयार पार्ने उद्देश्यले यो पुस्तक प्रकाशन गरेको छ । यो पुस्तक प्रकाशन भएकोमा मलाई अत्यन्त खुसी लागेको छ र यो नयाँ पुस्ताका लागि अमूल्य सम्पत्ति हुनेछ भन्ने पनि आशा व्यक्त गर्दछु ।

धन्यवाद ।



**उषाकला राई**
संयोजक, प्रकाशन बोर्ड

पूर्व संयोजक
महिला सभासद् समूह (ककस)
संविधानसभा



# दुई शब्द

नेपाली जनताको लामो सङ्घर्ष र बलिदानको परिणामस्वरूप नेपालमा संविधानसभाको निर्वाचन सम्पन्न भयो । संविधानसभाको निर्वाचनले नेपाली जनता आफ्नो संविधान आफैँ लेख्न सार्वभौम छन् भन्ने कुरा स्पष्ट पारेको छ । सदियौं देखि शोषण, उत्पीडन र विभेदमा रहेका जातिय, धार्मिक तथा लैङ्गिक अल्प सङ्ख्यकहरूको समेत संविधानसभामा प्रतिनिधित्व भएको छ ।

भनिन्छ – नारी र पुरूष एउटै रथका दुई पाङ्ग्रा हुन् । सृष्टिलाई निरन्तता दिनका लागि महिला र पुरूषको समान सहभागिता र भूमिका आवश्यक हुन्छ । तर, नेपाली समाजमा, नेपाली राजनीतिमा यस मूल्य र मान्यतालाई व्यवहारमा आत्मसात् गर्ने काम कहिल्यै भएन । परिणामतः नेपाली महिलाहरू पनि आफ्नो हक र अधिकारका लागि सडकमा ओर्लन बाध्य भए ।

नेपाली महिला आन्दोलनको इतिहास हेर्ने हो भने राणाकालदेखि नै महिला आन्दोलन अगाडि बढेको देखिन्छ । यद्यपि पितृसत्तात्मक सोच र चिन्तन नेपाली राजनीतिमा हाबी भएपछि महिला आन्दोलन बिस्तारै पछाडि हटेको देखिन्छ । परिणामतः नेपाली समाजमा महिला शोषित, दमित र उत्पीडित भइरहे । संसद्वादी दल, महिलाका क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाहरूको प्रयासका बाबजुद पनि महिला आन्दोलन र सहभागिता प्रभावकारी हुन नसकेको यथार्थ नै हो । यसैबिच तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा सशस्त्र सङ्घर्ष भए भने विभिन्न राजनीतिक दलका महिलाहरू पनि महिला हितका लागि लडिरहेका थिए भने केही सफलताहरू हात लागेका पनि थिए ।

नेपालमा भएको सशस्त्र सङ्घर्ष अन्त्यका लागि संविधानसभाको निर्वाचन गर्ने सहमतिका साथ सम्पन्न भएको विस्तृत शान्ति सम्झौतामा समाजमा उत्पीडन र बहिष्करणमा परेका वर्ग, समुदाय र क्षेत्रको पनि समुचित सहभागिता गराउने सहमति राजनीतिक दलहरूका बिचमा भयो र सोही बमोजिम संविधानसभाको निर्वाचन समेत

सम्पन्न भयो । संविधानसभामा विभिन्न वर्ग, समुदाय, धर्म, क्षेत्र लगायतबाट १९७ जना महिला सदस्यहरूको सहभागिता सुनिश्चत भयो ।

संविधानसभामा करिब ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित त भयो तर महिलाका समस्याहरू जस्ताको त्यस्तै रहे । समग्र राजनीतिक प्रक्रियादेखि संविधानसभाको निर्वाचनसम्म र संविधानसभाको निर्वाचनदेखि संविधान लेखन कार्यसम्म आइपुग्दा संविधानसभाका महिला सदस्यहरूले विभिन्न समस्या र चुनौतीहरू भोग्नु पर्‍यो । कति समस्याहरू सहज थिए भने कति समस्याहरू असहज पनि थिए । संविधानसभासम्म आइपुग्दा र संविधान लेखन कार्यमा अगाडि बढ्दा नेपाली महिला प्रतिनिधिहरूले वास्तवमा नै भोग्नु परेका समस्या र चुनौतीहरू बाहिर ल्याउनु जरूरी थियो । यिनै उद्देश्य हासिल गर्नका लागि संविधानसभा, महिला सभासद् समूह (ककस), संविधानसभा सचिवालय, नेपाल कानुन समाज तथा International IDEA को सयुंक्त प्रयासमा यो सामग्री प्रकाशित भएको छ । यसबाट नेपाली महिलाले राजनीतिक क्षेत्रमा र संविधानसभामा भोग्नु परेका समस्या र चुनौतीहरूका बारेमा जानकारी राख्न चाहने व्यक्तिहरूलाई आधारभूत सूचना प्राप्त गर्न सहयोग पुग्ने मैले अपेक्षा राखेकी छु । यसै गरी यस प्रकाशनबाट भविष्यमा राजनीतिमा आउने चाहने महिला नेतृहरूलाई पनि सहयोग पुग्ने अपेक्षा लिएकी छु ।



**मोहम्मदी सिद्दिकी**

पूर्व संयोजक
महिला सभासद् समूह (ककस)
संविधानसभा



# दुई शब्द

नेपाली जनताले समय समयमा गरेको बलिदानीपूर्ण आन्दोलन र उक्त अन्दोलनमा महिलाको सशक्त भूमिकाले एकातिर संविधानसभाको निर्वाचन सम्पन्न भयो भने अर्कातिर नेपाली राजनीतिमा महिलाहरू समेत स्थापित हुन पुगे । विगतको राजनीतिक अवस्था हेर्ने हो भने त्यसको चरित्र असमावेशी, एकात्मक तथा शोषणमा आधारित रहेको देखिन्छ ।

संविधान निर्माण गर्ने सबैभन्दा लोकतान्त्रिक पद्धति भनेको जनताद्वारा निर्वाचित संविधानसभाबाट संविधान बनाउनु नै हो । नेपाली जनताको सङ्घर्ष लामो धैर्य पश्चात् नेपालमा संविधानसभाबाट संविधान लेख्ने बाटो खुलेको छ । हाम्रो संविधानसभा विगतका तुलनामा धेरै समावेशी छ, जहाँ उल्लेख्य आदिवासी, जनजाति, मधेसी, दलित लगायत १९७ जना महिला सदस्यहरूको सहभागिता सुनिश्चित भएको छ ।

संविधान निर्माण कार्य आफैँमा एक राजनीतिक, प्राविधिक एवं कानुनी विषय हो र त्यो चुनौतीपूर्ण पनि छ । झनै सदियौँदेखि अन्याय, अत्याचार र शोषणमा पारिएका महिला लगायतका वर्ग र समुदायको भावना संविधानमा अभिलेखीकृत गर्ने कार्य त अत्यन्तै चुनौती पूर्ण हुन पुग्यो । यसबिचमा महिला सदस्यहरूको क्षमतामाथि नै प्रश्न उठाई हतोत्साही बनाउने  काम पनि नभएको भने होइन । यद्यपि समग्र नेपाली महिलाको प्रतिनिधिको हैसियतमा महिला सदस्यहरूले महिला मुक्ति र उत्थानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

अहिले नेपाली समाज, राजनीतिक दल तथा विभिन्न समूह, उपसमूहमा महिलालाई अधिकार दिने कि नदिने भन्ने विषयमा महत्त्वपूर्ण बहस भइरहेका छन् । पुरातनवादी सोचमा हुर्केका समुदाय अझै महिलालाई अधिकार दिने पक्षमा देखिँदैन । परिणामतः नेपालमा किनारामा पारिएका, बहिष्करणमा पारिएका वर्ग र समुदायको उत्थान र विकासका लागि समय समयमा विभिन्न किसिमका आन्दोलनहरू हुने गरेका छन् । पछिल्लो समयमा १० वर्ष

लामो सशस्त्र सङ्घर्ष र १९ दिने जनआन्दोलनका बलमा संविधानसभा हुँदै जनता सार्वभौम हुने मार्ग खुलेको छ । यसलाई आफ्नो हक र अधिकार स्थापित गर्नका लागि भरपुर उपयोग गर्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

महिला सङ्घर्ष र आन्दोलनको स्वरूप बदलिएको छ तर अझै टुङ्गोमा पुगिसकेको छैन । समानतामूलक समाज स्थापनाका लागि महिलाहरू संविधानसभाभित्र र बाहिर लडिरहेका छन्  तर सफलता हासिल भइसकेको छैन । संविधानसभामा महिला सदस्यहरूले निर्वाह गरेको भूमिका र सामना गर्नु परेका चुनौतीहरू बाहिर ल्याउनु आवश्यक थियो । यिनै आवश्यकता पूरा गर्नका लागि संविधानसभा, महिला सभासद् समूह (ककस), संविधानसभा सचिवालय, नेपाल कानुन समाज तथा International IDEA को सयुंक्त प्रयासमा यो प्रकाशन सम्भव भएको छ । यसबाट भावी दिनहरूमा राजनीतिमा सहभागी हुने नेतृत्व र अझै विशेष गरी महिला राजनीतिकर्मीहरूलाई लाभ पुग्ने मैले महसुस गरेकी छु ।



**दामा शर्मा**
पूर्व संयोजक
महिला सभासद् समूह (ककस)
संविधानसभा

# सङ्क्षिप्त सार

'संविधानसभाका महिला सदस्यहरू' भन्ने यस पुस्तकले संविधाननिर्माण प्रक्रियामा महिला सदस्यहरूले प्रदान गरेका नेतृत्व, उनीहरूले सामना गरेका चुनौतीहरू र प्राप्त गर्न खोजेका उपलब्धिहरूलाई उजागर गर्ने अपेक्षा गरिएको छ । यस पुस्तकले महिला सदस्यहरूका भूमिका र चूनौतीका अभिलेख प्रस्तुत गर्ने मात्र नभई भावी पुस्तालाई राजनीतिक वृत्त तथा संविधानसभामा महिलाहरूले खेलेको भूमिकाको विश्लेषण गर्ने आधार प्रदान गर्ने आकाङ्क्षा पनि राखिएको छ । साथै यस पुस्तकमा नेपाली महिला आन्दोलनको इतिहासलाई अभिलेखबद्ध गर्ने र महिलाहरूका विगतका मुद्दाहरूलाई प्रतिबिम्बित गर्न तथा लैङ्गिक समानता सम्बन्धी कदमहरूलाई सुनिश्चित गर्न र तिनको रक्षा गर्न संविधानसभा के कति समर्थ भयो भन्ने कुरा दर्शाउन पनि खोजिएको छ ।

संविधानसभामा ३३ प्रतिशत महिलाहरूको उपस्थितिलाई नेपाली महिला आन्दोलनको उपलब्धिको रूपमा लिन सकिन्छ । संविधानसभाले महिला सहभागिताको इतिहास निर्माण गर्नुका साथै नेपाली महिला आन्दोलनले उठाएका मुद्दाहरूको स्थानान्तरण (Paradigm Shift) पनि गरेको छ । केही वर्षअघिसम्म महिलाहरू सम्पत्तिमा समान अधिकार, राज्यका सबै तहहरूमा महिलाहरूको ३३ प्रतिशत प्रतिनिधित्व तथा आमाको नामबाट नागरिकता पाउनुपर्ने मुद्दालाई लिएर सङ्घर्षरत थिए । संविधानसभाले महिलाहरूलाई वंशको अधिकार, जनसङ्ख्याका आधारमा राज्यको हरेक निकायमा महिलाहरूको समानुपातिक समावेशी प्रतिनिधित्व तथा नागरिकतामा समान अधिकार जस्ता मुद्दालाई अझ सशक्त ढङ्गले उठाएको छ । त्यसै गरी, संविधानसभाले नेपाली महिला आन्दोलनले विगतदेखि उठाएका मुद्दाहरूका अतिरिक्त दलित, मधेसी, आदिवासी/जनजाति, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायहरूका आन्दोलनहरूले उठाएका मुद्दाहरूको पहिचान गर्न र तिनलाई अनुमोदन गर्न पनि सहयोग गरेको छ ।

योगमाया न्यौपानेले वि.स. १९९८ सालमा ६८ जना अनुयायीहरूको साथमा अरूण नदीमा हाम्फालेर सामूहिक आत्महत्या गरी इतिहास रचेकी थिइन् । उनको त्यो आत्मबलिदान महिलाहरूमाथि थोपरिएको असमानता तथा अन्यायविरूद्ध राणा शासनप्रति प्रकट गरिएको चरम असन्तोषको अभिव्यक्ति थियो । योगमायाले राणा प्रधानमन्त्री समक्ष २६८ वटा माग प्रस्तुत गरेकी थिइन् जसमा विधवा विवाहलाई मान्यता दिनुपर्ने, सती प्रथाको अन्त्य गरिनुपर्ने, महिलाहरूलाई पुरुषहरू सरह शिक्षा तथा समान अधिकार दिनुपर्ने आदि थिए । पछि २००४ साल देखि महिला नेतृत्वले मताधिकार तथा निर्वाचनमा उम्मेद्वार बन्ने समान अधिकारको खोजी गर्नथाल्यो र २००८ सालमा नेपालमा महिला र पुरूषलाई मतअधिकार र निर्वाचनमा उम्मेद्वारीको अधिकार प्राप्त भयो ।

नेपालको महिला आन्दोलन तथा यसका मुद्दाहरू अन्तर्राष्ट्रिय महिला आन्दोलनहरूबाट प्रभावित भएका छ । सन् १९६८ मा अस्ट्रिया, डेनमार्क, जर्मनी र स्विट्जरल्यान्डमा प्रथम अन्तर्राष्ट्रिय महिला दिवसको आयोजना गरिएको ६४ वर्षपछि नेपालमा पनि अन्तर्राष्ट्रिय महिला दिवस मनाइयो । प्रत्येक वर्षको ८ मार्चसँगै नेपालको महिला आन्दोलनले पनि गति लिँदै गयो । सुरूका केही वर्षहरूमा ८ मार्च उत्सव मनाइने एउटा दिन मात्र थियो । तर, पछि गएर यो असमानता र अन्याय विरूद्ध लड्ने विभिन्न अभियान तथा क्रियाकलापहरूको थालनी गर्ने दिनमा रूपान्तरित भयो ।

२०४८ वैशाख ९ गते नेपालले महिलाहरूमाथि हुने सबै प्रकारको भेदभावको उन्मूलन गर्ने राष्ट्र सङ्घीय महासन्धि (CEDAW) लाई अनुमोदन गरेपछि महिला आन्दोलनलाई थप उर्जा प्राप्त भयो । यो महासन्धिले सयौं वर्षदेखि प्रचलनमा रहेका पितृसत्ता सम्बन्धी सामाजिक परम्पराहरूलाई समाप्त गरी पैतृक सम्पत्तिमा महिलाको समान हक स्थापना गर्न नयाँ दिशा प्रदान गऱ्यो । नेपालले यो महासन्धिको अनुमोदनपछि राज्यसंयन्त्रहरूमा महिलाहरूको समान सहभागिताको माग, महिला माथि हुने हिंसाको विरोध, गर्भपतनलाई कानुनी मान्यता तथा प्रजनन अधिकारको रक्षा जस्ता महिलाको गरिमासँग गाँसिएका मुद्दाहरूलाई सुनिश्चित गर्ने कार्यमा नेपाली महिला आन्दोलन केन्द्रित भयो ।

२०५२ सालमा सुरु भई एक दशकसम्म नेकपा (माओवादी) द्वारा सञ्चालित द्वन्द्वले समाजमा व्याप्त असमानताहरूलाई अन्त्य गर्ने कुराको उद्घोष गरेको हुनाले ग्रामीण परिवेशका थुप्रै महिलाहरू यसप्रति आकृष्ट भए । राजतन्त्रको उन्मूलन, गणतन्त्रको स्थापना, संविधानसभाको निर्वाचन पश्चात् गठन गरिने संविधानसभाद्वारा नयाँ संविधान आदि माओवादी सशस्त्र सङ्घर्षका मागहरू थिए । यसका अतिरिक्त, तत्कालीन नेकपा (माओवादी) ले महिला मुक्तिको प्रश्नलाई आफ्नो एक प्रमुख मुद्दाका रूपमा अघि साऱ्यो र यसमा ग्रामिण भेगका हजारौँ महिला सामेल हुन पुगे । इतिहासको यस चरणले नेपालका महिलाहरूलाई नयाँ परिभाषा प्रदान गऱ्यो । घरभित्र सीमित भएका महिलाहरू आफूमाथि थोपरिएको अन्याय, अत्याचार तथा असमानताहरू विरूद्ध जुध्न समर्थ भए सम्भवत माओवादीको जनमुक्ति सेनामा प्रशस्त महिलाहरूको उपस्थितिले निश्चय नै शान्ति प्रक्रिया तथा १० वर्षे द्वन्द्वलाई टुङ्ग्याउने कार्यमा मौन भूमिका खेल्यो । तर, शान्ति वार्ता तथा वार्ता समितिहरूमा महिलाको अनुपस्थितिले पितृसत्तात्मक सोच तथा नेताहरूले महिलाको सहभागितालाई महत्त्व नदिने कुरालाई प्रष्टयाएको छ ।

२०६२/६३ सालको दोस्रो जनआन्दोलनले राजाको प्रत्यक्ष शासनको अन्त्य गर्न र संसद्लाई पुनःस्थापित गर्न मद्दत पुऱ्यायो, र त्यसले सरकार र तत्कालीन विद्रोही माओवादीका बीचमा मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता सम्पन्न गर्नका निम्ति अनुकूल वातावरण सिर्जना पनि गऱ्यो । उत्पीडनको अन्त्य गरी देशमा शान्ति र लोकतन्त्र स्थापना गर्ने आशाले दोस्रो जनआन्दोलनमा धेरै महिलाहरू सामेल भए । माओवादी शान्ति प्रक्रियामा संलग्न भएपछि राजनीतिक क्षेत्रमा सहभागी हुन पनि महिलाहरू प्रोत्साहित भए । तर, २०६२/६३ सालको जनआन्दोलन अघिका आम निर्वाचनहरूमा उम्मेद्वारी दर्ता गर्ने क्रममा महिलाहरूलाई संविधानद्वारा निर्धारित न्यूनतम ५ प्रतिशत सिट दिन समेत राजनीतिक दलहरू हिच्किचाउँथे । शान्ति सम्झौता भएपछि र महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने मुद्दा उठेपछि संविधानसभा निर्वाचन अघि व्यवस्थापिका संसद्मा महिलाको संख्या ६ प्रतिशतबाट बढेर १७.३ प्रतिशत हुन पुग्यो ।

तथापि, १६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समितिमा पुग्न महिलाहरूले फेरि पनि ठूलै सङ्घर्ष गर्नुपऱ्यो । नतिजा स्वरूप, महिला सदस्यहरूको सहभागितालाई सुनिश्चित गर्नका निम्ति उक्त समितिको पुनर्गठन गरियो र अन्त्यमा चारजना महिला सदस्यहरू अन्तरिम संविधान मस्यौदा समितिमा सामेल हुन सफल भए ।

संविधानसभाको निर्वाचनमा पनि देशभरिका धेरै महिलाहरू उल्लास पूर्वक सहभागीता भए र पहिचान र समावेशीको मुद्दा संविधानसभाको मुख्य मुद्दाका रूपमा चर्चामा आयो । संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ मा प्रत्यक्ष निर्वाचन तथा समानुपातिक प्रतिनिधित्व दुबैमा (क) प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत कुल उम्मेद्वारमध्ये कम्तीमा पनि एक–तिहाइ महिलाको उम्मेद्वारी दर्ता हुनुपर्ने र (ख) समानुपातिक उम्मेद्वारीको सूचीमा मधेसी, दलित, उत्पीडित जाति/जनजाति, पिछडिएका क्षेत्रहरू तथा अन्य क्षेत्रका गरी ५० प्रतिशत महिलाहरूको प्रतिनिधित्व हुनु पर्ने व्यवस्था गरियो ।

संविधानसभामा १९७ (३२.७८%) जना निर्वाचित हुँदा समाजमा जरा गाडेर रहेको लैङ्गिक असमान अन्त्य हुने आशा जाग्यो र त्यसको सम्भावना पनि बढेर गयो । ऐतिहासिक घटना मानिएको संविधानसभाको काँधमा अहिले नेपाली जनताका लागि समावेशी तथा लैङ्गिक संवेदनशील संविधान जारी गर्ने अभिभारा रहेको छ । संविधानसभामा ३० जना महिला प्रत्यक्ष प्रणालीबाट १६१ जना समानुपातिक प्रतिनिधित्व प्रणाली र ६ जना मन्त्रिपरिषद्बाट मनोनित भएका छन् । संविधानसभाका महिला सदस्यमध्ये ३५.७ प्रतिशत आदिवासी/जनजाति, २२.४ प्रतिशत ब्राम्हण, १५.८ प्रतिशत मधेसी, १०.७ प्रतिशत दलित, १०.७ प्रतिशत क्षेत्री, २.६ प्रतिशत मुस्लिम र २ प्रतिशत किराँत तथा अन्य समूहका छन् । त्यसै गरि, संविधानसभामा विभिन्न धर्मको प्रतिनिधित्व गर्ने महिला सदस्यहरू रहेका छन् जसमध्ये ५७.७ प्रतिशतले हिन्दु धर्ममा आस्था राख्छन् र २६.५ प्रतिशत महिला सदस्यहरूले आफूलाई कुनै पनि धार्मिक आस्थाभन्दा अलग राखेका छन् । त्यस्तै गरि महिला सदस्यहरूको शैक्षिक स्तरमा पनि विविधता रहेको छ : १७.९ प्रतिशत महिला सदस्यहरू औपचारिक शिक्षा पाउन नसकेका कारण मुस्किलले साधारण लेखपढ गर्नसक्ने छन् भने १४.८ प्रतिशत महिला सदस्यहरूले स्नातकोत्तरभन्दा माथि अध्ययन गरेका छन् भने २४.५ प्रतिशत महिला सदस्यहरूले प्रवेशिका तह मात्र पूरा गरेका छन् साथै ७३.५ प्रतिशत महिला सदस्यहरू विवाहित छन्, ७.७ प्रतिशत अविवाहित र १५.३ प्रतिशत एकल महिला छन् ।

संविधानसभाका केही युवा महिला सदस्यहरू राजनीतिमा नयाँ छन् भने केही महिला सदस्यहरू उच्च तहका पुरुष नेताहरूसित वैवाहिक सम्बन्धमा बाँधिएका छन् । केही चाहिँ सशस्त्र द्वन्द्वमा श्रीमान् गुमाएका एकल महिलाहरू हुन, जो न्याय प्राप्तिका लागि राजनीतिमा अघि बढेका छन् । कूल महिला सदस्य संख्याको ७.७ प्रतिशत अविवाहित छन् र १५.३ प्रतिशत एकल महिला छन्, र तीमध्ये अधिकांशले एनेकपा (माओवादी)को नेतृत्वमा सञ्चालित एक दशक लामो सशस्त्र युद्धमा आफ्ना श्रीमान् गुमाएका छन् ।

यो पुस्तक प्रकाशन हुनु अघिसम्म ३१ राजनीतिक दलहरूमध्ये २३ दलका महिलाहरूले संविधानसभामा प्रतिनिधित्व गरेका छन् । संविधानसभामा इतिहासमै पहिलो पटक दलित, मुस्लिम, चेपाङ तथा जिरेल जस्ता समुदाय लगायत सीमान्तकृत समुदायहरूका महिलाहरूको प्रतिनिधित्व भएको छ । तर, संविधानसभामा एक मात्र सदस्य भएको कुनै पनि दलको महिला प्रतिनिधि छैन अनि एकभन्दा धेरै सदस्यहरू भएका दलहरूको हकमा पनि महिलाभन्दा पुरुष प्रतिनिधिहरू नै धेरै छन् । कर्णाली तथा सुदूर पश्चिमका सुविधाविहीन जिल्लाहरूबाट संविधानसभामा ४ प्रतिशत महिला सदस्यहरूको प्रतिनिधित्व भएको छ भने वैवाहिक आधारमा भारतबाट आएका नेपाली नागरिकता प्राप्त १८ जना महिलाहरू संविधानसभाका सदस्य रहेका छन् । संविधानसभाका १९७ महिला सदस्यहरू मध्ये २७ जना महिला सदस्यले यसअघि नै संसद् सदस्यको हैसियतले कार्य गरिसकेका छन् भने बाँकी १७० जना महिला सदस्यहरूका लागि संविधानसभा तथा व्यवस्थापिका संसद् पहिलो अनुभव हो ।

संविधानसभाका महिला सदस्यहरूलाई अनेक थरी परिस्थिति, घटना तथा अनुभवहरूले राजनीतिमा लाग्न प्रेरित गरेका छन् । संविधानसभाका अधिकांश महिला सदस्यहरूले (१४१ महिला) सामाजिक परिवर्तन ल्याउने र अन्याय विरूद्ध लड्ने चाहनाले गर्दा राजनीतिमा लागेका बताए । यसका अतिरिक्त, धेरै महिलाले समाजमा वर्ग, जात तथा लिङ्गमा आधारित विभेदहरू देखेर आफूले राजनीतिमा प्रवेश गरेको बताए । फरक–फरक कालखण्डमा भएका नेपाली राजनीतिक आन्दोलन, राजनीतिक घटनाहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक व्यक्तित्वहरूबाट पनि धेरै महिला सदस्यहरूले राजनीतिमा सक्रिय हुने प्रेरणा पाएका छन् ।

संविधानसभामा रहेको विविधताले नेपाली समाजमा जकडिएर रहेको लैङ्गिक असमानताको परम्परालाई हटाउन सक्ने प्रशस्त सम्भावनाहरू सिर्जना गरेको छ । तसर्थ, यस समावेशी संविधानसभालाई लैङ्गिक संवेदनशील संविधान जारी गर्ने अभिभारा दिइएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ र संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ ले संविधानसभामा ३३ प्रतिशत महिलाको सहभागिता जुटाउन सहज पारे पनि महिलाहरूले समाजमा पुर्‍याएको योगदानका कारणले पनि उनीहरूले संविधानसभाका सदस्य हुने अवसर पाएका हुन् । संविधानसभाका बहुसङ्ख्यक महिला सदस्यहरू विद्यार्थी सङ्गठनहरूबाट (४५.९%) राजनीतिको मूल धारमा सामेल भएका छन् । यसरी नै धेरैले सामाजिक सेवा (१६.८%), महिला समूह/सङ्गठन (२२.४%), प्राज्ञिक क्षेत्र (४.६%), पेशागत पृष्ठभूमि (१.५%) बाट संविधानसभामा प्रवेश गरेका छन् ।

संविधानसभाका महिला सदस्यहरूको राजनीतिक यात्रा सहज छैन । संविधानसभा सदस्य हुनुअघि अदालती मुद्दाहरूको ३६ प्रतिशतले सामना गरेका छन् भने ७० प्रतिशत विभिन्न प्रकारका हिंसाहरूको सामना गरेका छन् ।

अधिकांश सदस्यहरूले डर, त्रास लगायत मृत्युको धम्कि पनि भोगेका छन् । आफूले हिंसाको सामना गर्नु परेको स्वीकार गर्ने १३७ महिला सदस्यहरूमध्ये ६७ प्रतिशतले प्रहरी र सेना लगायतका सुरक्षा बलहरूले आफूमाथि गरेको हिंसा गरेको बताए भने २७ प्रतिशतले रोजगारदाताहरू, १४ प्रतिशतले परिवारका सदस्यहरू, १३ प्रतिशतले नातेदारहरू, ४४ प्रतिशतले श्रीमानहरू र ३.६ प्रतिशतले निजामति कर्मचारीहरूबाट हिंसा भएको बताए ।

महिला अधिकार तथा अन्य सीमान्तकृत समुदायहरूका मुद्दाहरूका सन्दर्भमा संविधानसभामा नितान्त नौलो आयाम देखा परेको छ । दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायका महिलाहरूले महिला अधिकारका सन्दर्भमा भिन्नभिन्न दृष्टिकोणहरू प्रस्तुत गरेका मात्र होइनन् तिनले आपसमा एकअर्काका अनुभवहरूबाट नयाँ कुराहरू सिकेका पनि छन् । प्रत्येकले आआफ्नै पहिचान र मुद्दा सम्बन्धी आवाज पनि उठाएका छन् जसलाई सामाजिक मान्यता तथा मूल्यहरूद्वारा युगौंदेखि निषेध गरिएको थियो । उदाहरणका लागि संविधानसभामा अन्य मुद्दाहरूका साथमा दलित महिला सदस्यहरूको ध्यान विशेष गरी दलितहरूमाथि हुने छुवाछुतलाई निर्मूल पार्नमा केन्द्रित भएको छ भने मधेसी महिला सदस्यहरूले चाहिँ आफ्नो प्रतिनिधित्व तथा मधेसी समुदायमा प्रचलनमा रहेको दाइजो प्रथा तथा महिलालाई अघि बढ्न नदिने प्रचलनहरूको अन्त्य गर्न पैरवी गर्दै आएका छन् ।

लैङ्गिक दृष्टिकोणबाट नयाँ संविधान बनाउने कार्यलाई सुनिश्चित गर्नका निम्ति संविधानसभामा महिला सभासद् समूह (महिला ककस) गठन गरिएको छ । महिला ककसले नयाँ संविधानमा महिला सम्बन्धी अधिकारहरूलाई सुनिश्चित तुल्याउनका लागि दलीय निर्देशनहरू पनि तोडेको छ र विभिन्न अभियान तथा क्रियाकलापहरू सञ्चालन गरेको छ । तर १९७ जना महिला सदस्यहरूको जातिय, सांस्कृतिक, भौगोलिक, आर्थिक तथा शैक्षिक र राजनैतिक विविधता उनीहरू बीच अन्तर्क्रिया तथा समन्वय गर्ने कार्यमा चुनौती हुन गएको छ । त्यसैले महिला सभासद् समूहको गठन भएपनि यसले जातजाति, वर्ग, संस्कृति तथा राजनीतिक विभाजनबाट महिला सदस्यहरूबीच उत्पन्न भएको दूरीलाई पूर्ण रूपले मेट्न सकेको छैन ।

तर, महिलाहरूले अनेकौँ चुनौतीहरूको सामना गरे पनि उनीहरू संविधानसभामा सार्थक रूपले सहभागी बन्न सफल भएका छन् । संविधानसभामा यस पटकको उनीहरूको उपस्थिति विगतमा केवल संख्याका लागि हुने सहभागिता भन्दा फरक छ । उनीहरूले संविधानसभाका साथै व्यवस्थापिका संसद्मा पनि प्रभावकारी उपस्थिति जनाएर संविधानसभाको हरेक सदस्यलाई महिला सम्बन्धी मुद्दाहरूमाथि ध्यान दिन बाध्य तुल्याएका छन् । उनीहरूले राज्यको हरेक तहमा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व, महिलालाई समानताका आधारमा नागरिकता दिइनुपर्ने र महिलाको वंशको अधिकार सुनिश्चित हुनुपर्ने अधिकारको पैरवी गरेका मात्र होइनन् महिलाहरूले देशभरि सामना गर्नुपरेका विभिन्न मुद्दाहरू पनि अघि सारेका छन् । जस्तो उनीहरूले दाइजो, घुम्टो संस्कृति, कमलरी जस्ता प्रथा परम्परा, समान कामका लागि समान ज्याला, प्राकृतिक स्रोत-साधनहरूमाथि महिलाहरूको अग्राधिकार जस्ता पहिले कहिल्यै पनि गम्भीर रूपले ध्यान नदिइएका मुद्दाहरूबारे पनि पैरवी गरेका छन् । महत्त्वपूर्ण कुरा के छ भने महिलाहरूले महिला आयोग संवैधानिक निकाय हुनु पर्ने र राज्य प्रमुख, सरकार प्रमुख वा सभामुखमध्ये कम्तीमा पनि एकजना महिला हुनु पर्ने र यी पदहरू र यिनका उपपदहरूका पदाधिकारीहरू महिला र पुरूष हुनुपर्ने माग गर्दै आएका छन् ।

तर, संविधानसभामा महिला सदस्यहरूले ठूलो सङ्ख्या ओगटे पनि प्राय उनीहरूको भूमिकाको न्यून मूल्याङ्कन गर्ने गरिएको छ । त्यसैले उनीहरूले राजनीतिक अवरोध तथा गतिरोधहरूलाई पन्छाउने कार्यमा चाहेर पनि सक्रिय हुन सकेका छैनन् । समयमा इमानदारी पूर्वक संविधान जारी नगरेकामा र केही राजनीतिक दलहरूले सिर्जना गर्ने गरेको गतिरोध विरूद्ध खासै प्रभावकारी भूमिका खेल्न नसकेकामा सार्वजनिक मञ्चहरूमा महिला सदस्यहरूको आलोचना पनि गरिएको छ । यसका साथै राजनीतिक दलहरू र प्राय तिनका पुरूष नेताहरूद्वारा संविधानसभामा महिला सदस्यहरूलाई खासै महत्त्व नदिने गरिएको छ । उनीहरूलाई निर्णय प्रक्रियामा समान अवसरबाट पनि वञ्चित गर्ने गरिएको छ । पुरूषहरूद्वारा अनौपचारिक सत्रहरूमा गरिने थुप्रै निर्णयहरूमा महिलाहरूलाई विरलै संलग्न गराइन्छ । त्यसकारण निर्णय गर्ने अधिकार पुरूष सदस्यहरूको एउटा सानो समूहमा सीमित छ । त्यसैगरी, यस अध्ययनको  क्रममा संविधानसभाको समयावधिमा बनेका तीनवटै सरकारका मन्त्रिपरिषद्हरूमा महिलाहरूको प्रतिनिधित्व न्यून रहेको छ । तथापि, संविधानसभाका महिला सदस्यहरू राज्यसंयन्त्रका सबै तहहरूमा न्युनतम ३३ प्रतिशत महिला प्रतिनिधित्वको मुद्दालाई कार्यान्वयन गराउनका निम्ति निरन्तर सङ्घर्षरत छन् ।

सुरूमा संविधानसभाका कार्यविधिहरू सम्बन्धी अनुभवको कमी महिला सदस्यहरूले सामना गर्नुपरेको एक प्रमुख चुनौती हुन गयो । तथापि महिला सदस्यहरूले संविधानसभाको प्रत्येक समितिमा महिला सम्बन्धी मुद्दाहरूलाई छलफलमा प्रस्तुत गर्ने कार्यमा ज्यादै महत्त्वपूर्ण भूमिका खेले । यसका साथै महिला सदस्यहरूले ४ वटा विषयगत समिति ४ वटा विधायन समितिका सभापति तथा ६ वटा राजनीतिक दलहरूमा प्रमुख सचेतक/सचेतकको भूमिका निर्वाह गर्न पाएका उनीहरूले संविधानसभाको निर्णय प्रक्रियामा पनि केही मात्रामा योगदान पुर्‍याउन सके । विषयगत समितिहरूका अधिकांश प्रतिवेदन तथा प्रारम्भिक मस्यौदाहरूमा राज्यका सबै संयन्त्रहरूमा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्ने व्यवस्था रहेको छ । त्यस कारण ती प्रतिवेदन तथा मस्यौदाहरू महिलाहरूका सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको हकमा धेरै नै प्रगतिशील रहेका छन् । तर, संविधानका विवादास्पद मुद्दाहरूको समाधान गर्न गठित उच्च स्तरीय कार्यदलले नागरिकताबारे गरेको निर्णय भने नेपाली पुरूष र महिला बीच विभेद सिर्जना गर्ने र जोखिम बढाउने खालको हुनुका साथै विवादास्पद तथा लैङ्गिक दृष्टिले असंवेदनशील भएको पनि महसुस गरिएको छ ।

संविधानसभाको मुख्य सार समावेशिताको सिद्धान्तमा आधारित भएकोले नै विविध समूह तथा समुदायहरूको यसमा प्रतिनिधित्व हुन सकेको हो । शिक्षा, वर्ग, जातजाति तथा धर्म सम्बन्धी विविधता संविधानसभाको सबल पक्ष हो भने विभिन्न मुद्दाहरूलाई लिएर महिलाहरू एकबद्ध हुनुपर्ने कार्यमा यसबाट केही चुनौतीहरू पैदा हनु चाहिँ कमजोर पक्ष हो । साथै, हरेकले एकअर्कामाथि नेतृत्वको दाबी गर्न पाउने प्रत्यक्ष निर्वाचन र समानुपातिक प्रतिनिधित्व प्रणाली जस्तो निर्वाचन प्रणालीबाट महिला सदस्यहरूमाफ विभिन्नताको सिर्जना भएको छ । यसो हुनाको मुख्य कारण दलीय विचारधारा तथा क्षेत्र तथा जातिय पहिचानको सीमाभन्दा माथि उठ्न नसक्नु नै हो ।

संविधानसभाका महिला सदस्यहरू विभिन्न पृष्ठभूमि तथा क्षेत्रबाट आए पनि उनीहरूले सञ्चार माध्यमहरूमा त्यति राम्रो छवि बनाउन सकेका छैनन् । सुरूआतमा सञ्चार माध्यममा उनीहरूको छवि कमजोर बनाउने खालको

समाचारहरू छापिए । यस सम्बन्धमा स्थानीय तहका सञ्चार माध्यमहरूले केही सकारात्मक भूमिका निर्वाह गरे तापनि राष्ट्रिय दैनिकहरूले भने महिला सदस्यहरूका पृष्ठभूमि तथा संविधानसभामा तिनले निर्वाह गरेका भूमिकाहरू र तिनका योगदानहरूको महत्त्वलाई खासै स्थान दिएन । अखबारहरूले संविधानसभाका सुरूका दिनमा विशेष गरी ग्रामीण क्षेत्रको प्रतिनिधित्व गर्ने तथा लुगा सिउने र रूमाल बेच्ने जस्ता साधारण काम गर्ने पृष्ठभूमि भएका महिलाहरूलाई होच्याउने खालका मूल शीर्षक भएका सन्सनीपूर्ण खबरहरू छापे । ती महिलाहरूको राजनीतिक पृष्ठभूमि र तिनीहरू संविधानसभामा आउनुका प्रमुख कारणलाई सञ्चार माध्यमहरूले प्राथमिकता दिन सकेन । संविधानसभाको बैठक चलिरहेको बेलामा समेत महिलाहरूका आवाज र तिनका मतहरूलाई महत्त्वका साथ विरलै ठाउँ दिइयो भने पुरूष सदस्यहरूले बोलेका साधारण कुराहरू पनि अखबारहरूका मुख्य शीर्षक बने । यस्तो स्थितिका बाबजुद पनि सीमित सञ्चार माध्यमहरूले विभिन्न महिला सदस्यहरूका नेतृत्व सम्बन्धी समाचारलाई स्थान दिए । त्यसैगरी, सानै संख्यामा भए पनि केही महिला सदस्यहरूले विभिन्न मुद्दामा केन्द्रित भएर पत्रपत्रिहरूमा आफ्ना लेखहरू छपाएर आवाज उठाए । यसका साथै बैठकहरूको समय लैङ्गिक दृष्टिले प्रतिकूल हुनु तथा शौचालय, चमेनागृह, शिशु स्याहार आदि जस्ता संरचनागत सरसुविधाहरू निम्नकोटिका र अपर्याप्त हुनु महिलाहरूले सामना गर्नु परेका अन्य चुनौतीहरू हुन् ।

समग्रमा महिलाहरूको विविधता लगायत महिला दृष्टिकोणबाट संविधानसभा अनेकौँ तरिकाले ऐतिहासिक रहेको छ, र नीति निर्माण गर्ने निकायहरूमा महिलाहरूको प्रतिनिधित्व गराई युगबोधको स्थानान्तरण गर्ने कार्यमा पनि यो सफल भएको छ । संविधानसभाका अधिकांश महिला सदस्यहरूले संविधानसभापछि राष्ट्रिय तथा सङ्घीय संरचनाहरूमा आफ्नो राजनीतिक यात्रालाई निरन्तरता दिई समाजमा व्याप्त असमानता र अन्याय विरूद्ध जुधिरहने भावी योजना बनाएका छन् । तसर्थ, उनीहरूले संविधानसभाको प्रक्रियाबाट प्राप्त गरेका ज्ञान र अनुभव उनीहरूका लागि निजी तथा राजनीतिक नेतृत्वको क्षेत्रमा मूल्यवान् बन्नेछन् ।

आगामी सरकारहरूले यदि समावेशिता तथा महिला अधिकार सम्बन्धी नजिरलाई निरन्तरता दिन चुके भने संविधानसभामा महिलाहरूको योगदान अपूर्ण रहने छ । त्यसैले महिला अधिकार तथा समानता प्राप्त गर्न राजनीतिका अगुवा, अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधि लगायतका सम्पूर्ण तह र तप्काका महिलाहरू एकजुट हुनु नितान्त आवश्यक छ । वर्तमान स्थितिमा आउन महिलाहरूले कैयौँ वर्ष सङ्घर्ष गर्नु परेको इतिहास छ भने यथास्थितिमा भएको परिवर्तनलाई सम्पूर्ण रूपले अनुभूति गर्न नेपाली समाजलाई थप केही वर्ष अझै लाग्नेछ । तसर्थ, नयाँ संविधानलाई जीवन्तता दिन, नेपाली महिलाको आम मुद्दाका साथमा महिलाको विविधता तथा समावेशीको मुद्दालाई पनि सम्बोधन गर्न र त्यसलाई अविलम्ब लागु गरी पूर्णता दिन महिला आन्दोलनले दबाब सिर्जना गर्न जरूरी छ ।

# पुस्तकका बारेमा

संविधानसभामा १९७ जना महिला सदस्यहरूको सहभागिता नेपालको इतिहासमा नै एक ऐतिहासिक घटना हो, जसले लैङ्गिक समानताको अपेक्षालाई यथार्थतामा परिणत गर्ने ढोका खोलेको छ । संविधानसभाको कुल सदस्यहरूमध्ये करिब ३३ प्रतिशत ओगटेको १९७ जना महिला सदस्यहरू, जसमा राजनीतिमा लामो अनुभव भएका नेतृहरूदेखि लिएर राजनीतिमा युवा पुस्ताको प्रतिनिधित्व गर्ने महिलाहरू सम्म सहभागी भएका छन् । विभिन्न पृष्ठभूमि भएका संविधानसभाका महिला सदस्यहरूले संविधान निर्माण प्रक्रियामा निर्वाह गरेको भूमिका र योगदान सकारात्मक देखिन्छ । महिला सदस्यहरूको पृष्ठभूमि, सङ्घर्ष र संविधानसभामा उनीहरूले निर्वाह गरेको भूमिका यथार्थतामा मननीय छ ।

महिला सदस्यहरूको विभिन्न योगदानका बाबजुद पनि उनीहरूले संविधानसभामा निभाएको भूमिकालाई खासै महत्त्व दिएको पाइदैन । तसर्थ यस पुस्तकमा महिला सदस्यहरूको पृष्ठभूमि, सङ्घर्ष र संविधानसभामा उनीहरूले निर्वाह गरेका भूमिकाको अनुभूति गराउने प्रयत्न गरिएको छ । यो पुस्तकको मुख्य लक्ष्य नयाँ संविधान महिला मैत्री बनाउन निर्वाह गरेका भूमिका, योगदान, चुनौती तथा उपलब्धिहरूमाथि यथेष्ट प्रकाश पार्नु मात्र नभएर संविधानसभाका महिला सदस्यहरूको व्यक्तिगत एवं राजनीतिक पृष्ठभूमि तथा राजनीतिमा लाग्न उनीहरूले प्राप्त उत्प्रेरणाबारे जानकारी गराउनु पनि हो । पितृसत्तात्मक सोच नेपाली महिलाहरूका लागि एउटा चुनौतीका रूपमा रहेकाले यस पुस्तकमा महिला भएका नाताले भोग्नु परेका सामाजिक तथा राजनीतिक पीडा लगायतका विशेष चुनौतीहरूका बारेमा पनि प्रकाश पारिएको छ । साथै यस पुस्तकमा संविधानसभाका ११ वटा विषगत समितिहरू मार्फत संविधानमा महिलाका हक तथा अधिकार सुनिश्चित गर्ने सम्बन्धमा तथा महिला हक अधिकारका बारेमा पैरवी गर्न बनेको महिला ककसको भूमिकाको बारेमा पनि प्रकाश पारेको छ । समग्रमा संविधान निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता हुन सक्यो वा सकेन र त्यस्तो सहभागिता र प्रतिनिधित्व प्रभावकारी हुन सक्यो कि सकेन भन्ने विषयमा पनि प्रकाश पारिएको छ ।

यस पुस्तकमा संविधान निर्माण प्रक्रियामा महिला सदस्यहरूले खेलेको भूमिका र उनीहरूले पुऱ्याएको योगदानको विश्लेषण गरिएको छ । साथै भावी पुस्तालाई राजनीतिक वृत्तमा तथा संविधानसभामा महिलाहरूले खेलेको भूमिकाको विश्लेषण गर्ने आधार प्रदान गर्ने आकाङ्क्षा पनि राखिएको छ । पुस्तकमा नेपाली महिला आन्दोलनको इतिहासलाई अभिलेखबद्ध गर्ने र लैङ्गिक समानता कायम गर्ने कदमहरूलाई सुनिश्चित गर्न र तिनको रक्षा गर्न संविधानसभा के कति समर्थ भयो भन्ने कुरा प्रकाश पार्ने उद्देश्य पनि राखिएको छ ।

परिच्छेद १ (अध्याय १) मा राणाकाल र पञ्चायतकालमा नेपाली महिला आन्दोलन कसरी अघि बढ्यो भन्ने कुरा प्रस्तुत गरिएको छ । साथै इतिहासका विभिन्न कालखण्डमा भएका लोकतन्त्रको आन्दोलनमा महिलाको संलग्नता सशस्त्र द्वन्द्वको समयमा महिलाले खेलेको प्रमुख भूमिका तथा २०६२/६३ को दोस्रो जनआन्दोलनले ल्याएको राजनीतिक परिवर्तन र २०६४ सालको संविधानसभा निर्वाचनका बारेमा पनि प्रकाश पारिएको छ ।

परिच्छेद २ मा (अध्याय २ देखि ७ सम्म) अध्ययनबाट प्राप्त सूचना तथा विश्लेषण प्रस्तुत गरिएको छ । अध्याय २ मा अध्ययनको उद्देश्य र क्षेत्र, नैतिक मान्यता, अध्ययनको ढाँचा र अध्ययनका सीमाहरू उल्लेख गरिएका छन् । अध्याय ३ मा संविधानसभाका महिला सदस्यहरूको पृष्ठभूमि र राजनीतिक इतिहास, संविधानसभा र समितिहरूमा उनीहरूको सहभागितामाथि विशेष ध्यान दिइएको छ । यसमा परिमाणात्मक सूचनाको विश्लेषणमाथि ध्यान केन्द्रित गरिएको भए तापनि आवश्यकता अनुसार गुणात्मक सूचनाको पनि विश्लेषण गरिएको छ ।

अध्याय ४ मा संविधानसभामा पैरवीकारका रूपमा, विधायकका रूपमा र संविधानसभाका निर्णयकर्ताका रूपमा महिला सदस्यहरूले खेलेको भूमिकाको विश्लेषण गरिएको छ । अध्याय ५ मा उनीहरूले संविधानसभामा सामना गरेका चुनौतीहरूमाथि विशेष ध्यान दिइएको छ । अध्याय ६ मा उनीहरूको उपलब्धि र भावी योजनाहरूका बारेमा प्रकाश पारिएको छ । अध्याय ७ मा छोटो निष्कर्ष प्रस्तुत गरिएको छ ।

परिच्छेद ३ मा १९७ महिला सदस्यहरूको छोटो बायोग्राफी समेटिएको छ । हरेक कथामा संविधानसभाका महिला सदस्यहरूको पारिवारिक, राजनीतिक र सामाजिक पृष्ठभूमिका साथै समाजमा उनीहरूले दिएका योगदान तथा घरपरिवारबाट निस्केर सामाजिक र राजनीतिक क्षेत्रमा आउन उनीहरूले गरेका सङ्घर्षको गाथा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

भाग १

# नेपालमा महिला आन्दोलनको इतिहास

# परिच्छेद १

# नेपाली राजनीतिमा महिलाको योगदान

यस परिच्छेदमा नेपाली महिला आन्दोलन र राजनीतिमा महिला सहभागिता तथा भूमिकाका बारेमा विश्लेषण गरिएको छ । राणाकाल (२००७ अघि) र पञ्चायतकाल (२००७-२०४६) मा नेपाली महिला आन्दोलन कसरी अघि बढ्यो भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । साथै इतिहासको विभिन्न कालखण्डमा नेपालको संविधान निर्माण प्रक्रिया तथा राज्यको नीति निर्माण तहमा महिलाको सहभागिता तथा भूमिकाका बारेमा पनि विश्लेषण गरिएको छ । अन्तर्राष्ट्रिय महिला आन्दोलन र यसले नेपाली महिला आन्दोलनमा पारेको प्रभावका सम्बन्धमा पनि यसमा प्रकाश पारिएको छ । यसका साथै माओवादी सशस्त्र द्वन्द्वमा महिलाको संलग्नता तथा २०६२/६३ को दोस्रो जनआन्दोलनले[१] ल्याएको राजनीतिक परिवर्तन र २०६४ सालको संविधानसभा निर्वाचनका बारेमा पनि उल्लेख गरिएको छ ।

## नेपालमा महिला आन्दोलनको सुरूआत

भोजपुरको कुलुङ मजुवाबैंशीमा वि.सं. १९२४ तिर जन्मनु भएकी योगमाया न्यौपानेले आध्यात्मिक माध्यमबाट राणा शासकहरू विरूद्ध एउटा नौलो र साहसिक कदम चाल्नुभएको थियो । योगमाया न्यौपाने बालिका अवस्थामा नै विधवा हुनुभएको थियो । आफू बाल विधवा भएको र ब्राम्हण समुदायमा दोस्रो विवाह वर्जित रहेकाले परिवार र सन्तान सुखबाट वञ्चित हुनु परेको कुराले उहाँलाई धेरै दुःखी तुल्याएको थियो । तर, उहाँले त्यस बेलाको सामाजिक तथा सांस्कृतिक मूल्य मान्यतालाई चुनौती दिंदै सामाजिक विद्रोह गरी पुन विवाह गरी र छोरी नैनकलालाई जन्म दिनुभएको थियो । सो कारणले गर्दा योगमायाले समाजबाट निकै नै अपहेलना खप्नु परेकाले उहाँ त्यसबाट अत्यन्तै मर्माहित हुनुहुन्थ्यो ।[२]

---

[१] २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गरेर लोकतन्त्रको पुनःस्थापना गर्नुका साथै यसले नेकपा (माओवादी) को दश वर्ष लामो सशस्त्र द्वन्द्वको पनि अन्त्य गरेको थियो ।

[२] अजिज, बी.एन. (२०५८), हियर टु ए साइलेन्ट सङ्ग : टु रिबेल वोमन अफ नेपाल, काठमाण्डौं : सेन्टर फर नेपाल एन्ड एसियन स्टडिज, त्रिभुवन विश्वविद्यालय, पेज ५०-५१ ।
हेर्नुहोस्, http://e.myrepublica.com/component/flippingbook/book/515-republica-04-may-2011/1-republica.html

योगमायाले आफ्नो कविता तथा गीतहरूको सँगालो 'हजुरवाणी' तयार पार्नुभयो र आफ्ना विचार तथा भावनाहरूलाई गीत र कविताका माध्यमबाट व्यक्त गरेर महिलाहरूसम्म पुऱ्याउनु भयो । महिला अधिकार तथा सामाजिक न्यायका लागि ती गीत र कविताले समाजमा चेतना फैलाउने काम गऱ्यो । उहाँको कविता र गीतको सँगालो 'हजुरवाणी' समकालीन अवस्थामा प्रतिबन्धित भए तापनि ती हालसम्म सुरक्षित छन् । योगमायाको विचारबाट प्रभावित भएर त्यति बेला उहाँका अनुयायीहरूका सङ्ख्या पनि बढ्दै गएको थियो ।

उहाँले 'सत्यधर्म भिक्षा' का नाममा १९९३ मा काठमाण्डौं आई तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरलाई भेटी २६८ वटा मागहरू सहितको अनुरोधपत्र बुझाउनु भएको थियो । ती मागहरूमा महिलाहरूको हितका निम्ति कल्याणकारी सामाजिक सुधार होस्, राणाशाही अत्याचारको अन्त्य होस् र पुरोहितवादको अमानवीय चलन खारेजी गरियोस् आदि थिए ।

योगमायाले समाज परिवर्तनका लागि राणा प्रधानमन्त्री जुद्ध शमशेर समक्ष राख्नुभएका मागको कुनै सुनुवाइ भएन । उल्टै राणा सरकारले उहाँलाई जेलनेलको सजाय दियो ।[३] त्यसपछि योगमाया र उहाँका अनुयायीहरूले सामाजिक सुधार र सामाजिक न्यायका लागि आवाज उठाउँदै न्याय नपाएमा 'हामी मर्ने छौँ' भनी राणा प्रधानमन्त्री जुद्ध शमशेर राणालाई अन्तिम चेतावनी दिनुभएको थियो । उहाँहरूले उठाएका माग पूरा गर्नेबारे तत्कालीन शासक जुद्ध शमशेरले आश्वासन दिएको भए पनि त्यसको विपरीत चारजना देशभक्त सपूतहरूलाई काठमाण्डौंमा वि.सं. १९९७ फाँसी दिएको घटनाले योगमायालाई निराश बनायो ।

परिणामतः उहाँले असन्तुष्टि व्यक्त गर्न र शासकहरूलाई दबाब सिर्जना गर्न अरूण नदीको उर्लँदो भेलमा पहिला आफू, भाउजु गङ्गादेवी,[४] छोरी नैनकला[५] र त्यसपछि बालबच्चा तथा अन्य केही पुरुषहरू सहितका अनुयायीहरू गरी ६८ जनाले वि.सं. १९९८ को असार महिनामा सामूहिक रूपले नदीमा हाम्फालेर मृत्युवरण गर्नुभएको थियो । महिला आन्दोलनको इतिहासमा योगमाया र उहाँका अनुयायीहरूले तत्कालीन सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्थाका विरूद्ध आवाज उठाउँदै विद्रोह स्वरूप मृत्युवरण गरेको घटनाले महिला आन्दोलनको इतिहासमा अत्यन्त महत्त्वपूर्ण स्थान राख्दछ ।

अरूण नदीमा हाम्फाल्नु अघि योगमायाले कुनै पनि माग राख्नुभएन । उहाँले मृत्यवरण गर्ने आफ्नो योजनाबारे आफ्ना अति नजिक रहेर काम गर्ने विश्वासीलाई मात्र बताउनु भएको थियो । सो दिन उहाँले आफ्ना अनुयायी र अति नजिकका साथीहरूलाई मजुवाबेँशीको अरूण नदी किनारमा बोलाउनु भएको थियो, तर उनीहरूलाई त्यस विषयमा कसैलाई केही नभन्न र साथमा केही नल्याउन पनि अनुरोध गर्नु भएको थियो । यसरी योगमाया र उहाँका अनुयायीहरूले मध्यरातमा मजुवाको अरूण नदीमा भेला भई सामूहिक मृत्युवरण गर्नुभयो । यस घटनाले त्यस बेला धेरै मानिसहरूलाई संवेदनशील बनायो र राणाशासनका विरोधमा सशक्त जनमत खडा गर्न पनि यसले थप ऊर्जा प्रदान गऱ्यो र महिला आन्दोलनको पनि सुरूआत भयो भन्न सकिन्छ ।

---

३ संविधानसभा महिला सभासद् समूह (ककस) (२०६७) नयाँ संविधानमा समेटिनुपर्ने महिला अधिकार तथा सरोकारहरू, काठमाण्डौं, पेज २ ।

४ अजिज (२०५८), पूर्ववत्, पेज ५३ ।

५ ऐ.ऐ., पेज ५३ ।

## अन्तर्राष्ट्रिय महिला आन्दोलनको अनुभव

नेपालको महिला आन्दोलन अन्तर्राष्ट्रिय महिला आन्दोलनबाट निकै प्रभावित भएको देखिन्छ । नेपालले सन् १९७५ देखि ८ मार्चको दिन अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आएको छ । नेपाली महिलाहरू त्यस दिन महिला मुद्दा सम्बन्धि विभिन्न अभियान तथा जनचेतनाका कार्यक्रमहरू आयोजना गर्दछन् । जर्मनकी समाजवादी नेतृ क्लारा जेट्किनले जर्मनीमा सन् १९०७ मा स्टट्गार्टमा आयोजित समाजवादी महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनमा ८ मार्चलाई महिलाहरूको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउन प्रस्ताव गरेकी थिइन् । उक्त सम्मेलनमा १५ देशका ५६ जना महिला प्रतिनिधिहरूले भाग लिएका थिए । महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनले महिलालाई लिङ्गका आधारमा भेदभाव नगरी सबै क्षेत्रमा समान अधिकार प्रदान गरिनु पर्ने प्रस्ताव पारित गरेको थियो । सन् १९०८ देखि १९०९ सम्ममा अमेरिकाको न्युयोर्क सहरमा महिला मजदुरहरूको आन्दोलन सशक्त ढङ्गले अघि बढेको थियो । सन् १९०९ को ८ मार्चमा उक्त आन्दोलन उत्कर्षमा पुगी महिलाहरूले केही आर्थिक तथा सामाजिक लगायतका अधिकारहरू प्राप्त गरेका थिए । सन् १९११ देखि ८ मार्चलाई निरन्तर रूपमा अन्तर्राष्ट्रिय नारी दिवसका रूपमा मनाउने परम्परा सुरू भयो ।[६]

अन्तर्राष्ट्रिय स्तरमा संस्थागत रूपमा महिलाहरूको अधिकार स्थापित गर्ने कार्यमा सयुंक्त राष्ट्र सङ्घले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । सयुंक्त राष्ट्र सङ्घको बडापत्रले महिला र पुरुष बीचको समानतामा जोड दिँदै सन् १९४६ मा महिलाको स्थिति सम्बन्धी आयोग (Commission on Status of Women) को गठन गरेको थियो । सो आयोगको तत्त्वावधानमा सयुंक्त राष्ट्र सङ्घीय महासभाले सम्पूर्ण सदस्य राष्ट्रहरूलाई आआफ्ना देशका महिलाहरूका स्थितिबारे जानकारी दिने प्रतिवेदन तयार पार्न निर्देशन दिएको थियो ।[७]

महिलाहरूको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, सन् १९५२ ले महिलाहरूले कुनै पनि भेदभावबिना पुरूष सरह सबै प्रकारका निर्वाचनहरूमा मतदान गर्न पाउने,[८] सम्पूर्ण निकायका निर्वाचनका लागि उम्मेद्वार हुन पाउने[९] र राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद धारण गर्न तथा सबै किसिमका सार्वजनिक कामहरू गर्न पाउने[१०] अधिकार प्रदान गरेको थियो । संयुक्त राष्ट्रसङ्घमा सन् १९७९ मा पारित र सन् १९८१ मा अनुमोदित महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on Elimination of all forms of Discrimination Against Women (CEDAW) ले समानताको सिद्धान्तका आधारमा पुरूष सरह महिलालाई सबै निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा मतदान गर्न पाउने अधिकार, सबै प्रकारका निर्वाचनका लागि योग्य हुने अधिकार,[११] सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा

---

६ धमला क, (२०६७), आठ मार्चको ऐतिहासिक महत्त्व र हाम्रो दायित्व, जनयुद्ध र महिला मुक्ति आन्दोलन, धादिङ : सहिद स्मृति सञ्चार सहकारी संस्था लि., पेज १२७ ।

७ प्रधान स, (२०५२), नेपाली महिला आन्दोलनको दिशा (कार्यपत्र), राजनीतिमा महिला सहभागिता, राष्ट्रिय महिला भेला २०५२ (चैत २८-३०, २०५२) को प्रतिवेदन, काठमाण्डौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), पेज ५२ ।

८ महिलाहरूको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, सन् १९५२ को धारा १ ।

९ ऐ.ऐ., धारा २ ।

१० ऐ.ऐ., धारा ३ ।

११ महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, धारा ७ (क) ।

सहभागी हुने तथा सार्वजनिक पद धारण गर्ने, सरकारका सबै तहहरूमा हुने सार्वजनिक कार्यहरू सम्पादन गर्ने अधिकार,[१२] नागरिकता पाउने र नागरिकता परिवर्तन गर्न पाउने अधिकार,[१३] तथा मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित सङ्घसंस्थाहरूमा भाग लिन पाउने आदि अधिकारको[१४] व्यवस्था गऱ्यो ।

सन् १९७५ मा मेक्सिकोमा महिलाका समस्यामाथि छलफल गर्न पहिलो महिला विश्व सम्मेलनको आयोजना भयो । सो सम्मेलनमा विश्वभरिका सरकारका प्रतिनिधिहरू भेला भएका थिए र यसलाई सरकारी स्तरबाट आयोजित पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलनका रूपमा लिइन्छ । त्यसरी नै, सन् १९८० मा डेनमार्कको कोपनहेगन र सन् १९८५ मा केन्याको नैरोबीमा क्रमशः दोस्रो र तेस्रो महिला विश्व सम्मेलनको आयोजना भयो । कोपनहेगनको सम्मेलनले विकासमा महिला तथा नैरोबीको सम्मेलनले महिला र विकास भन्ने मुद्दा पारित गऱ्यो । त्यसरी नै महिला अधिकारलाई मानवअधिकारको आधारभूत पाटोका रूपमा स्थापित गर्न सन् १९९३ मा भियनामा आयोजित विश्व मानवअधिकार शिखर सम्मलेनले पनि महत्त्वपूर्ण भूमिका खेल्यो । सो सम्मेलनले महिला अधिकारलाई मानवअधिकारका रूपमा स्थापित गऱ्यो । साथै सन् १९९४ मा कायरोमा आयोजित जनसङ्ख्या तथा विकास सम्बन्धी शिखर सम्मेलनले लोकतन्त्रमा महिलाको अधिकार हुनुपर्छ र प्रजनन् अधिकार महिला अधिकार हो भन्ने मान्यतालाई पनि स्वीकार गऱ्यो ।[१५]

सन् १९९५ मा चीनको राजधानी बेइजिङमा चौथो महिला विश्वशिखर सम्मेलनको आयोजना भयो । सो सम्मेलनले बेइजिङ घोषणापत्र पनि जारी गऱ्यो । बेइजिङ घोषणापत्रले महिलासँग सम्बन्धित सरोकारका १२ वटा आधारभूत क्षेत्रहरू (Critical areas of concern) पहिचान गऱ्यो । जस्तो, (१) गरिबी, (२) शिक्षा र प्रशिक्षण, (३) स्वास्थ्य, (४) हिंसा, (५) सशस्त्र द्वन्द्व, (६) अर्थ, (७) नीति निर्धारण, (८) संस्थागत संयन्त्र, (९) मानवअधिकार, (१०) सञ्चार, (११) वातावरण, र (१२) बालिका ।

विश्वका विभिन्न मुलुकका महिलाहरूले पुरुष सरह राजनीतिमा सहभागी हुन र निर्वाचनमा मताधिकार प्रयोग गर्न लामो सङ्घर्ष गरेको इतिहास छ । परिणाम स्वरूप महिलाहरूलाई मतदानको अधिकार प्रदान गर्ने विश्वको पहिलो राष्ट्र न्युजिल्यान्ड बन्यो । न्युजिल्यान्डले महिलालाई मतदान गर्न पाउने अधिकार सन् १८९३ मा प्रदान गरेको थियो । त्यस्तै सन् १९०६ मा फिनल्यान्डले मतदान गर्ने र निर्वाचनमा उम्मेद्वार हुन पाउने दुबै अधिकारलाई महिलाको मौलिक हकका रूपमा स्वीकार गऱ्यो । त्यसरी नै सन् १९१३ मा नर्वेले, १९१५ मा डेनमार्कले, १९२० मा अमेरिकाले, १९२१ मा स्विडेनले, १९२८ मा बेलायतले, १९५८ मा फ्रान्सले र १९७१ मा स्विट्जरल्यान्डले महिलाहरूलाई पुरुष सरह समान मताधिकार प्रयोग गर्ने अधिकार प्रदान गऱ्यो । नेपालमा चाहिँ महिलाहरूले वि.सं. २००८ (सन् १९५१) सालमा पुरूषहरूसँगै मताधिकार प्रयोग गर्ने अधिकार प्राप्त गरे ।

---

[१२] ऐ.ऐ., धारा ७ (ख) ।
[१३] ऐ.ऐ., धारा ९ (१) ।
[१४] ऐ.ऐ., धारा ७ (ग) ।
[१५] प्रधान सहना (२०५२), पूर्ववत्, पेज ५२ ।

## राणाकालमा महिला आन्दोलनको विस्तार

२००७ साल अघि राजनीतिमा महिलाको सहभागिता झन्डै शून्य नै थियो । उनीहरू सबै प्रकारका राजनीतिक, सामाजिक र आर्थिक अधिकारबाट वञ्चित थिए र सतीप्रथा जस्तो कुप्रथाबाट पीडित थिए । धार्मिक, सांस्कृतिक, सामाजिक मूल्य मान्यता र अनुशासन कायम राख्नका लागि सतीप्रथाका नाममा महिलालाई ज्युँदै जलाइन्थ्यो । मल्लकालीन राजाहरूको मृत्युपछि उनीहरूसँगै जीवित रानीहरूलाई पनि सती पठाइएको तथ्यले तत्कालीन समयमा महिलामाथि हुने गरेको चरम हिंसा र अन्यायलाई पुष्टि गर्दछ ।[१६]

जातिय शुद्धता कायम राख्नका लागि गुप्तकालमा भारतबाट सुरू भएको सतीप्रथाले तत्कालीन नेपाली समाजमा पनि प्रवेश पाएको थियो । तर, यो प्रथा नेपालका सबै जाति तथा समुदायमा भने प्रचलित थिएन । विशेष गरी उच्च वर्ग र जातिमा यस प्रथाले प्रश्रय पाएको थियो । उदाहरणका लागि, जुन बेला नेपालका शासक वर्गमा सती जाने प्रथा बलियो रूपमा प्रचलित थियो, त्यति बेला नेपालका आदिवासी/जनजातिहरू जस्तो मगर, तामाङ र लिम्बू आदि समुदायमा दाजुको मृत्युपछि देवरले भाउजुसँग विवाह गर्ने चलन थियो ।

महिलाको पहिचान र भूमिका केवल घरभित्रै मात्र सीमित राखी उनीहरूलाई शिक्षा तथा नेतृत्वबाट वञ्चित गरिएका अवस्थामा पनि केही सचेत महिलाहरूले आफ्ना हक अधिकार प्राप्तिका लागि सङ्घर्ष र नेतृत्व गरेका केही तथ्यहरू पाइन्छन् । जस्तो, शाहकालीन इतिहासलाई केलाउँदा नेपाल एकीकरणमा संलग्न पृथ्वीनारायण शाहका भित्रेनी रानी चन्द्रप्रभावती तथा शाह वंशका अन्य रानीहरू जस्तो राजेन्द्र लक्ष्मी, ललितत्रिपुरा सुन्दरी, साम्राज्यलक्ष्मी र राज्यलक्ष्मी आदिले राज्य सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको पाइन्छ । महारानी राजेन्द्रलक्ष्मीले आफ्ना नाबालक छोरा रणबहादुर शाहका नामबाट राज्य चलाउनुका साथै नेपाल एकीकरणमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उदाहरण छ ।

नेपालमा पहिलो पटक महिला उत्थानका लागि वि.सं. १९७५ मा महिला नेताहरू, योगमाया देवी, दिव्या कोइरालाको सक्रीयतामा सिराहामा गठन भएको महिला समितिले नारी शिक्षाको नाममा राण शासन विरूद्ध अभियान चलाएको पाइन्छ ।[१७]

वि.सं. १९९३ मा शुक्रराज शास्त्रीकी बहिनी चन्द्रकान्ता जोशी (मल्ल)[१८] ले कन्या पाठशालाको स्थापना गरेकी थिइन् ।[१९] त्यसै गरी वि.सं. २००४ सालमा विराटनगर मजदुर आन्दोलनमा पनि महिलाहरूले सक्रिय रूपले भाग

---

[१६] इतिहाको अध्ययन गर्दा काठमाण्डौंका प्रताप मल्लसँग २५ वटी, पाटनका योगनरेन्द्र मल्लसँग ३३ वटी, भक्तपुरका रूद्र मल्लसँग ४ वटी, रत्न मल्लसँग १० वटी र गोरखाका नरभूपाल शाहसँग एउटी महिला, पृथ्वीनारायण शाहसँग एउटी रानी, दुई भित्रिनी र ६ जना सुसारेहरू, प्रतापसिंह शाहकी भित्रिनीलाई एक महिनापछि सुत्केरी अवस्थामा, गीर्वाणयुद्ध विक्रम शाहसँग एक रानी र जङ्गबहादुर राणाका रानीहरूलाई पनि सती जान बाध्य पारिएको देखिन्छ । विस्तृत जानकारीको लागि हेर्नुहोस् :
प्रभात वि, (२०५२), मातृत्व : नारी मुक्तिका सान्दर्भिक रचनाहरू, (पहिलो संस्करण), काठमाण्डौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), पेज ६६ ।

[१७] पुनर्जागरण समाज नेपाल (२०६५), नेपालमा महिलाको राजनीतिक सहभागिता, सशक्तिकरण एवं समावेशीकरण : सर्भेक्षण प्रतिवेदन र रणनीतीक कार्ययोजना, भक्तपुर, पेज १९ ।

[१८] शुक्रराज शास्त्रीकी बहिनी । शुक्रराज शास्त्री नेपालका सहिद तथा नेपाल भाषाका प्रमुख साहित्यकार थिए ।

[१९] थापा अ, (२०६४), नेपाली महिला आन्दोलनको सङ्क्षिप्त इतिहास, महिला ध्वनि, वर्ष २७, अङ्क १ असोज, काठमाण्डौं : अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी केन्द्रीय समिति, पेज २३ ।

लिएका थिए । यस क्रममा कैयौँ महिला आन्दोलनकारीहरूलाई राणा सरकारले गिरफ्तार गरेको थियो ।[२०] वि.सं. २००३ सालमा महिलाहरूलाई राजनीतिक र सामाजिक रूपले चेतनशील बनाउन जयनगरमा रेवन्तकुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला समाज नामको संस्था स्थापना भएको थियो । वि.सं. २००३ सालमा काठमाण्डौंमा मङ्गलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला सङ्घको स्थापना भयो । नेपाल महिला सङ्घको स्थापना गर्न त्यति बेला काठमाण्डौंका करिब ६५ जना स्थानीय, स्वतन्त्र र चेतनशील महिलाहरू बालाजु नजिकको म्हेपी मन्दिरमा भेला भएका थिए । सो भेलाले महिलामाथि हुने विभिन्न किसिमका अन्याय, शोषण र असमानताको विरोध गर्दै बालविवाह, बहुविवाह, अनमेल विवाह आदिप्रति महिलाहरूलाई जागरूक बनाउने उद्देश्य राख्दै नेपाल महिला सङ्घको स्थापना गर्ने निर्णय गरेको थियो ।[२१] उक्त महिला सङ्घले महिलाका लागि शिक्षा र महिलाको मताधिकारको अधिकारलाई प्रमुख मुद्दा बनाएको थियो । सो सङ्घको पहिलो कार्यसमितिका अन्य पदाधिकारीहरूमा कामाक्षादेवी, श्रीमाया देवी, रजनी, चम्पा देवी, साहना प्रधान, साधना प्रधान आदि थिए ।[२२]

२००८ सालमा नगरपालिकाको चुनाव हुने निश्चित भए पनि राणाको नेतृत्वमा रहेको सरकार महिलालाई मताधिकार दिने पक्षमा देखिएन । तसर्थ, नगरपालिकाको चुनावमा महिलाहरूले पनि प्रतिनिधि चुन्न र चुनिन पाउनु पर्ने अधिकारको माग गर्दै महिलाहरू आन्दोलित भए । नेपाल महिला सङ्घका तर्फबाट मंगला देवी सिंहको नेतृत्वमा साहना प्रधान, साधना प्रधान (अधिकारी), कनकलता श्रेष्ठ तथा स्नेहलता श्रेष्ठ लगायत २१ महिलाहरूले जुलुस सहित तत्कालीन प्रधानमन्त्री मोहन शमशेरलाई भेटी महिलाहरूले पनि मताधिकार प्रयोग गर्न पाउनु पर्ने लगायतका मागहरू सहितको ज्ञापन पत्र बुझाए ।

प्रारम्भमा तत्कालीन सरकारले महिलाहरूका माग र आवाजलाई दबाउने कोसिस गऱ्यो । सरकारले उनीहरूलाई डर र त्रास पनि देखायो, तर महिलाहरू पछि हटेनन् । त्यसपछि, बाध्य भएर प्रधानमन्त्री मोहन शमशेरले महिलाहरूलाई पनि समान मताधिकार दिने घोषणा गरे । परिणामतः २००८ सालमा पहिलो नगरपालिकाको चुनाव भयो र नेपालका जनताले पहिलो पटक मत हाल्ने अधिकार पाए । नगरपालिकाको निर्वाचनमा साधना प्रधान (अधिकारी) सदस्य पदमा निर्वाचित हुनुभयो ।

वि.सं. २००६ सालमा गठन भएको नेपाल कम्युनिस्ट पार्टीका संस्थापकहरूमा चारजना पुरूष र एकजना महिला मोतीदेवी हुनुहुन्थ्यो ।[२३] मोतीदेवी महिला मुक्तिको आन्दोलनमा पनि सक्रिय हुनुहुन्थ्यो । नेपालमा बहुदल आएपछि एउटा कार्यक्रममा मोतीदेवीले भन्नुभएको थियो ।

'स्थिति फेरिएको छ, जनताको आन्दोलन र बलिदानले बहुदल आएको छ । सङ्गठनको कामलाई अझै दह्रो ढङ्गले अगाडि बढाउनु पर्दछ । प्रजातन्त्रका लागि महिलाहरूले पनि त्याग र बलिदान गरेका छन् आन्दोलनमा लागेका छन् । महिलाहरूले हिम्मत हार्नुहुँदैन, निडर भएर अगाडि बढ्नुपर्छ ।'[२४]

---

[२०] पुनर्जागरण समाज नेपाल. पूर्ववत, पेज १९ ।

[२१] सिंह, मं., (२०५१) नारी सङ्घर्षका पाइलाहरू (आत्मसंस्मरण) (प्रथम संस्करण), काठमाण्डौं : पि.एल.सिंह, पेज ६५ ।

[२२] पुनर्जागरण समाज नेपाल. पूर्ववत, पेज १९ ।

[२३] काठमाण्डौंमा १९८३ मा जन्मनु भएकी मोतीदेवी श्रेष्ठ नेपाल कम्युनिस्ट पार्टीका पाँच संस्थापकहरूमध्ये एक मात्र महिला सदस्य हुनुहुन्थ्यो । सहिद गङ्गालाल श्रेष्ठबाट राजनीतिक रूपमा प्रशिक्षित हुनुभएकी उहाँले राजनीतिक जीवनमा नेताहरूको सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो, जसका कारण उहाँ दुर्गादेवीका नामले समेत चर्चामा आउनुभयो ।

[२४] शाक्य अ., (२०६०), मोतीदेवीको खोजी गर्दा, मोतीदेवी स्मारिका, काठमाण्डौं : मोतीदेवी स्मृति प्रतिष्ठान, २०६०, पृष्ठ २,

सुरुमा विभिन्न विचार तथा आस्था राख्ने महिलाहरू एकै ठाउँमा रहेर नेपाल महिला सङ्घको स्थापना गरी राणा विरोधी आन्दोलनमा संलग्न भएका थिए । २००७ सालको राणा विरोधी आन्दोलनसम्म पनि सबै किसिमका विचार राख्ने महिलाहरू एक भएर राणा विरोधी आन्दोलनमा लागे । उनीहरूले जेल परेका मानिसका परिवारलाई घरघरमा गएर सम्झाउने, जेलमा चिठीपत्र ओसारपसार गर्ने, महिलाहरूलाई राजनीतिक शिक्षा प्रदान गर्ने तथा उनीहरूलाई राजनीतिक आन्दोलनमा संलग्न गराउने, पर्चा लेख्ने, छाप्ने र प्रचारप्रसार गर्ने कामहरू गरे । तर, नेपालमा २००७ सालमा प्रजातन्त्र आएपछि महिला आन्दोलनमा केही फरक धारहरू देखा परे । खास गरी, २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको गठन भएपछि र त्यसपछिका समयमा अरू राजनीतिक पार्टीहरू गठन हुँदै गएपछि महिलाहरूले एकै ठाउँमा बसेर काम गर्ने वातावरण रहेन । प्रत्येक राजनीतिक पार्टीको एउटा महिला सङ्गठन हुनु पर्ने मान्यताले गर्दा महिलाहरू विचार र आस्थाका आधारमा विभिन्न पार्टीका भ्रातृ सङ्गठनहरूमा बाँडिए ।[२५]

वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएपछि तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल भ्रमणमा आउने तय भएको थियो । प्रजातन्त्र प्राप्तिका लागि २००७ सालमा भएको राणा, राजा र काङ्ग्रेस संलग्न त्रिपक्षीय दिल्ली सम्झौताका विषयलाई लिएर २००८ सालमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल आउँदा विरोध गर्ने कि नगर्ने भन्ने विषयमा नेपाल महिला सङ्घमा रहेका महिलाहरू बीच मतभिन्नता भयो । सङ्घभित्रका काङ्ग्रेस निकट महिलाहरूले उक्त त्रिपक्षीय सम्झौताका कारण नेपालमा प्रजातन्त्र आएकाले त्यसलाई उपलब्धिका रूपमा लिई भारतीय प्रधानमन्त्रीलाई स्वागत गर्नु पर्ने विचार राखे भने कम्युनिस्ट पार्टी निकट महिलाहरूले दिल्ली सम्झौता धोका भएकाले त्यसको विरोधमा भारतीय प्रधानमन्त्रीलाई कालो झन्डा देखाउनु पर्ने कुरामा जोड दिए । जसले गर्दा महिला सङ्घमा आबद्ध महिलाहरू दुई समूहमा विभाजित भए । मङ्गलादेवीको नेतृत्वमा एक समूह महिलाहरू भारतीय प्रधानमन्त्रीलाई स्वागत गर्न र अर्को समूह कामाक्षादेवीको नेतृत्वमा कालो झन्डा देखाउन विमानस्थल पुगे ।

परिणामतः भारतीय प्रधानमन्त्रीलाई कालो झन्डा देखाई विरोध गर्ने समूहको नेतृत्व गर्ने कामाक्षादेवीमाथि संस्थागत कारबाही गर्ने सङ्केत पाएपछि उक्त पक्षले नेपाल महिला सङ्गठनका नामबाट नयाँ सङ्गठन खोल्यो । कालो झन्डा देखाउने कार्यको विरोध गर्दै भारतीय प्रधानमन्त्रीलाई स्वागत गर्ने पक्षले मङ्गलादेवी सिंहको अध्यक्षतामा नै नेपाल महिला सङ्घलाई अघि बढायो ।

### मङ्गलादेवी सिंह

काठमाण्डौमा वि.सं. १९८२ मङ्सिर २५ मा जन्मनु भएकी मङ्गलादेवी सिंह महिलाहरूलाई समान मताधिकार दिइयोस् भन्ने माग लिएर तत्कालीन प्रधानमन्त्री पद्म शमशेर समक्ष पुग्ने महिलाहरूमध्ये एक हुनुहुन्थ्यो । राजनीति गर्ने क्रममा महिलाका तर्फबाट प्रजातान्त्रिक धारको नेतृत्व गर्नुभएकी मङ्गलादेवी सिंहले विभिन्न यातना तथा जेल सजाय समेत भोग्नुपरेको थियो ।[२६] २००७ सालदेखि २०४२ सालसम्म सम्पूर्ण महिला सञ्जालको नेतृत्व गर्दै निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध र प्रजातन्त्रको संस्थागत विकास, महिला

[२५] साहना प्रधान (२०५२), पूर्ववत्, पेज ५५ ।
[२६] प्रभात वि. (२०५२), पूर्ववत्, पेज ८५-८६ ।

हक र हितको संरक्षणका लागि निरन्तर लागिरहनु भयो । २०४२ मा नेपाली काङ्ग्रेसको आह्वानमा गरिएको सत्याग्रह आन्दोलनमा पनि गणेशमान सिंह लगायत अन्य नेताहरूसँगै झन्डै १० महिना जेल पर्नु भएको थियो । वि.सं. २०४६ सालको जनआन्दोलनमा सक्रिय भूमिका निभाउनु भएकी मङ्गलादेवीले देशमा प्रजातन्त्रको स्थापना भएपछि २०४८ सालमा भएको संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेसबाट काठमाण्डौं निर्वाचन क्षेत्र ३ मा उम्मेद्वार बन्नु भएको थियो । वि.सं. २०५३ भाद्र १० गते वहाँको निधन भएको थियो ।

## कामाक्षादेवी

काठमाण्डौंको थापाथलीमा वि.सं. १९८० माघ २४ गते जन्मनु भएकी कामाक्षादेवी महिलाहरूलाई घरेलु कामकाजमा मात्र सीमित राख्ने परम्परालाई तोड्नुपर्छ भन्ने मान्यता राख्नुहुन्थ्यो । उहाँले मृत्युदण्डको सजाय सुनाइएका गङ्गालाल श्रेष्ठलाई भेटेर "दाई तपाईंहरूले देश र जनताका लागि सुरू गर्नु भएको काम पूरा नहुन्जेल म पान खान्न" भनी प्रतिज्ञा गरी राजनीतिमा प्रवेश गर्नुभएको थियो । पछि २००७ सालमा प्रजातन्त्र आएपछि कवि सिद्धिचरण श्रेष्ठले "अब पान खाने बेला भयो" भन्दा उहाँले "पान खाने बेला अझै आएको छैन, किनकि जनताको क्रान्ति अझै अधुरो छ" भनी जवाफ दिनुभएको थियो । प्रजातन्त्र आएपछि महिलाहरू समाजवादी र प्रजातान्त्रिक विचारधारामा बाँडिएकाले उहाँ महिलाका मुद्दामा महिलाहरू एक हुनुपर्छ भन्ने मान्यता राख्नुहुन्थ्यो । त्यस कारणले पनि सबै विचारधारा राख्ने महिलाहरूलाई समेट्ने प्रयास गर्दै आफ्नै नेतृत्वमा उहाँले पहिलो पटक नेपाल महिला सङ्घको स्थापना गर्नुभएको थियो । तर, पछि महिलाहरू बीच राजनीतिक मतभिन्नता र राजनीतिक विवाद बढेकाले कामाक्षादेवीले वि.सं. २००८ साल फागुन २४ गते (८ मार्च) महिला दिवसको अवसर पारेर नेपाल महिला सङ्घलाई अखिल नेपाल महिला सङ्घका नाममा पुनर्गठन गर्नुभयो । त्यति बेलादेखि नै नेपाली राजनीति र महिला आन्दोलनमा समाजवादी धार र सुधारवादी धारको प्रारम्भ भएको मानिन्छ ।[२७] कामाक्षादेवीको २०४४ साल जेठ ३१ गते निधन भएको थियो ।

पुरूष सरह अधिकार प्राप्त गरी ससम्मान स्वतन्त्र भएर बाँच्न राणा विरोधी आन्दोलनमा सक्रिय भएका महिलाहरूले राणाशासनको वैधानिक अन्त्यपछिको निर्वाचित तथा मनोनीत राज्यका निकायहरूमा पनि न्यायोचित पहुँच र स्थान पाउन नसकेको इतिहास छ ।

राणाशासनको अन्त्य भएपछि राज्य व्यवस्था सञ्चालनका लागि गठित ३५ सदस्यीय सल्लाहकार सभामा एकजना पनि महिलालाई सहभागी गराइएन । यस्तो अवस्थाको विरोध गर्दै महिला सङ्घ र सङ्गठनहरूले सो सभामा महिलाको पनि सहभागिता हुनु पर्ने आवाज उठाएपछि वि.सं. २०१० मा गठित दोस्रो सल्लाहकार सभामा ४ जना महिलालाई संलग्न गराइयो । त्यसरी नै, २०११ सालमा गठित सल्लाहकार सभामा मङ्गलादेवी सिंह, पुण्यप्रभा ढुङ्गाना, मायादेवी शाह, विद्यादेवी देवकोटा र प्रतिमा झा मनोनीत भए भने २०१३ सालमा गठित सल्लाहकार सभामा मङ्गलादेवी सिंह, पुण्यप्रभा ढुङ्गाना, मायादेवी शाह, विद्यादेवी देवकोटा, प्रतिमा झा र सुशीला थापा मनोनीत भए ।[२८]

---

[२७] ऐ.ऐ., पेज ८१-८२ ।

[२८] ऐ.ऐ., पेज ७० ।

### जननिर्वाचित महिलाहरू :

**साधना प्रधान** : नेपालको पहिलो निर्वाचित महिला जनप्रतिनिधिका रूपमा साधना प्रधानलाई लिन सकिन्छ । उहाँ वि.सं. २००८ सालमा नेपाल महिला सङ्घका तर्फबाट काठमाण्डौं नगरपालिकाको सदस्यमा निर्वाचित हुनुभएको थियो ।

**कमल राणा** : २०१५ सालमा सम्पन्न भएको निर्वाचनपछि गठित राष्ट्रिय सभामासदस्यमा मनोनीत भई सो सभाको उपाध्यक्षमा चुनिनु भएको थियो ।[२९]

**द्वारिकादेवी ठकुरानी** : वि.सं. १९८४ मा जन्मनु भएकी द्वारिकादेवी ठकुरानीको नेपालको महिला इतिहासमा बेग्लै पहिचान छ । नेपाली काङ्ग्रेसबाट राजनीतिको क्षेत्रमा अघि बढ्नु भएकी द्वारिकादेवी २०१५ सालको आमनिर्वाचनमा पहिलो पटक निर्वाचित हुने महिला हुनुहुन्थ्यो । २०१५ सालको प्रथम आम निर्वाचनमा १०५ सिट सङ्ख्यामध्ये जम्मा १५ वटा सिटका लागि मात्र महिला उम्मेद्वारहरूले नाम दर्ता गराएका थिए । सो निर्वाचनमा उम्मेद्वार बनेका अधिकांश महिलाहरू स्वतन्त्र हैसियतले निर्वाचनमा सहभागी भएका थिए । तर, ती १५ जनामध्ये केवल द्वारिकादेवी ठकुरानी एकजना मात्र डडेलधुराबाट निर्वाचित हुनुभयो । द्वारिकादेवीले वि.सं. २०१५ चैत १३ मा विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा गठन भएको मन्त्रिमण्डलमा स्वास्थ्य र स्वायत्त शासन उपमन्त्री पदमा नियुक्त भई नेपालको पहिलो महिला मन्त्री बन्ने अवसर पाउनु भएको थियो ।[३०]

जनताले सङ्घर्ष गरेर ल्याएको प्रजातन्त्रले हुर्कने मौका नपाउँदै राजा महेन्द्रले २०१७ साल पौषमा तत्कालिन संविधान, २०१५ को धारा ५५ ले दिएको अधिकारको दुरूपयोग गर्दै निर्वाचित सरकारलाई अपदस्थ गरी शासनाधिकार आफ्नो हातमा लिए । दलहरूमाथि प्रतिबन्ध लगाएर नेपालको संविधान २०१९ सहित एकदलीय र निरङ्कुश पञ्चायती व्यवस्था लागु गरे । राजा महेन्द्रको त्यस कदमले गर्दा राजनीतिक दलहरूले मात्र होइन भर्खरै बामे सर्दै गरेको महिला आन्दोलनले पनि फेरि निस्कृय हुनुपर्ने अवस्था आयो ।

## पञ्चायत कालमा महिला आन्दोलन र महिला सङ्घसंस्थाहरूको भूमिका

राणा शासकहरूले गरेको घोर अन्याय, शोषण, दमन र विभेदसँग लड्दै अघि बढेको नेपाली महिलाको आन्दोलन निरङ्कुश पञ्चायती व्यवस्थामा पनि रोकिएन । पञ्चायतकालमा पनि उनीहरूले एकातिर सङ्गठित भएर आफ्ना हक अधिकारका आन्दोलन अघि बढाइरहे भने अर्कोतिर पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा पनि पुरूषहरू सँगसँगै सरिक भइरहे । त्यसरी नै पञ्चायतकालमा पनि महिला अधिकारवादी सङ्घसंस्थाहरू खुल्ने क्रम जारी नै रह्यो ।



---

[२९] पुनर्जागरण समाज नेपाल. पूर्ववत, पेज १९ ।
[३०] प्रभात वि., (२०५२), पूर्वरत, पेज ८८-८९ ।

महिला आन्दोलनलाई अगाडि बढाउने क्रममा २०३३ सालमा नेकपा चौथो महाधिवेशनसँग निकट रही पारिजातको अध्यक्षतामा अखिल नेपाल महिला सङ्घको गठन भयो । वि.सं. २०३४ सालमा भारतको लखनउमा नेपाल महिला सङ्घले पहिलो भेला सम्पन्न गऱ्यो । यसै गरी विभिन्न समूहमा विभाजित कम्युनिस्ट पार्टीहरूलाई एकै ठाउँमा ल्याउन वि.सं. २०३५ साल पौष ११ गते नेकपा (माले) को गठन भयो । नेकपा (माले) ले महिलाहरूलाई सङ्गठित गर्ने उद्देश्यले वि.सं. २०३६ सालमा हेटौँडामा एउटा भेलाको आयोजना गरी नेपाली महिला आन्दोलनलाई एकताबद्ध र सङ्गठित गर्ने कामको थालनी गऱ्यो । यसै भेलाका आधारमा २०३७ सालमा शान्ता मानवीको अध्यक्षतामा अखिल नेपाल महिला सङ्घको पुनर्गठन भयो । सो भेलाले नेपाल महिला सङ्घलाई पुनर्गठन गरेर अझ विस्तार गर्ने र देशमा नागरिक अधिकार बहालीका लागि आन्दोलन गर्ने जस्ता महत्त्वपूर्ण निर्णयहरू गऱ्यो । अखिल नेपाल महिला सङ्घले महिलामाथि भएका आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक शोषणका विरूद्ध भूमिगत रूपमा देशभरि सङ्गठन विस्तार गर्ने काम गऱ्यो । भूमिगत रूपमा कार्यरत रहेर पनि सङ्घले छोटो समयमै आफ्नो प्रभाव देशभरि फैलायो । यस सङ्घले २०३७ सालमा पहिलो पटक ८ मार्चका दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनायो र घरेलु हिंसा, बलात्कार, चेलीबेटी बेचबिखन र दाइजो प्रथाका विरोधमा आवाज उठाई आन्दोलन पनि गऱ्यो ।

गरिब तथा असहाय नेपाली महिलाहरूलाई कानुनी सेवा उपलब्ध गराउनका लागि नेपालकै पहिलो महिला अधिवक्ता शिलु सिंहले महिला कानुनी सेवा नामको संस्था स्थापना गर्नु भएको थियो । त्यस्तै पञ्चायती व्यवस्था अन्तर्गत महिलाको उन्नति र विकासका लागि नेपाल महिला सङ्गठनको स्थापना गरिएको थियो, जसको संरक्षक तत्कालीन रानी ऐश्वर्य थिइन् र राजतन्त्रको छत्रछायामा यस सङ्गठनको विकास भएको थियो । यही सङ्गठनको पहल र सन् १९७५को अन्तर्राष्ट्रिय महिला वर्षको प्रभाव स्वरूप रानी ऐश्वर्यको सहयोगमा महिलासँग सम्बन्धित नेपालको कानुनी व्यवस्थामा केही सुधार ल्याइएको थियो ।

पञ्चायत कालमा पनि पारिवारिक कानुनलाई समयानुकूल परिवर्तन गरी छोरीलाई पनि छोरा सरह पैतृक सम्पतिमा समान अधिकार दिनुपर्छ भन्ने सोच राख्ने सचेत महिलाहरू पनि थिए । पैतृक सम्पत्तिमा समान अधिकार महिला अधिकारका लागि वकालत गर्ने प्रा. डा. शान्ता थपलियाको नेतृत्वमा कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) पनि सक्रिय रह्यो । वि.सं. २०४४ मा कानुनका क्षेत्रमा क्रियाशील महिला अधिकारकर्मी तथा कानुन व्यवसायीहरूको सक्रियतामा स्थापित उक्त संस्थाको प्रारम्भिक उद्देश्य ग्रामीण क्षेत्रमा हिंसाका बीच बाँच्नु परेका महिलाहरूलाई निःशुल्क कानुनी सेवा उपलब्ध गराउनु रहेको थियो । यस संस्थाले तत्कालीन अवस्थामा पैतृक सम्पत्तिमा छोरीको पनि समान अधिकार हुनु पर्ने मुद्दालाई सशक्त ढङ्गले अघि बढाएको थियो ।[३१]

## २०४६ सालको जनआन्दोलनपछि राजनीतिमा महिला सहभागिता

वि.सं. २०४६ साल फागुन ७ गतेदेखि नेपालमा प्रजातन्त्र र बहुदलीय व्यवस्था स्थापना गर्ने नेपाली काङ्ग्रेस र सात वाम घटकहरूको मोर्चा 'संयुक्त वाममोर्चा' ले संयुक्त रूपमा जनआन्दोलन सुरू गर्ने घोषणा गऱ्यो । सयुंक्त वाममोर्चाका तर्फबाट साहना प्रधान र नेपाली काङ्ग्रेसका तर्फबाट स्व. गणेशमान सिंहले उक्त जनआन्दोलनको नेतृत्व सम्हाल्नु भएको थियो । आन्दोलनको वेगलाई रोक्न नसकेपछि २०४६ चैत्र २६ गते राजा वीरेन्द्रले

[३१] http://www.lacc.org.np

तत्कालीन संविधानमा रहेको निर्दलीय शब्द खारेज गर्दै देशमा प्रजातन्त्र र बहुदलीय व्यवस्था स्थापना गर्ने घोषणा गरेका थिए ।

नेपाली महिला आन्दोलनले २०४६ सालपछि तुलनात्मक रूपमा अझ सङ्गठित हुने र सशक्त रूपले अघि बढ्ने अवसर पायो । नेपाल अधिराज्यको संविधान, २०४७ ले पनि महिलाका हक अधिकारहरू पहिलेका तुलनामा केही हदसम्म सुनिश्चित गर्‍यो । उक्त संविधानको मौलिक हक अन्तर्गतको धारा ११ ले समानताको अधिकार अन्तर्गत कानुनका अगाडि सबै नागरिक समान हुने, कानुनले सबैलाई समान संरक्षण गर्ने तथा समान कामका लागि समान ज्याला र सामाजिक सुरक्षामा भेदभाव नगरिने व्यवस्था पनि सुनिश्चित गर्‍यो ।

प्रजातन्त्र स्थापनापछि २०४७ साल वैशाख ६ गते प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठन भएको ११ सदस्यीय वाम-काङ्ग्रेस-राजाको अन्तरिम गठबन्धन सरकारमा साहना प्रधान एकजना मात्र महिला मन्त्री हुनुहुन्थ्यो । विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठन भएको नौ सदस्यीय[३२] संविधान सुझाव आयोगमा महिलालाई प्रतिनिधित्व गराइएन । परिणामतः २०४७ सालको संविधान निर्माण प्रक्रियामा महिलाको सहभागिता शून्य रह्यो ।[३३] महिलाहरूले फेरि आफूहरू राजनीतिक अधिकारबाट वञ्चित भएको महसुस गरे । यति मात्र होइन, २००७ सालअघिका तुलनामा २०४७ सालमा निकै नै प्रगतिशील संविधान बने तापनि महिलालाई विभेद गर्ने झन्डै १०० वटा कानुनहरू कायमै रहे ।

वि.सं. २०४७ सालको संविधानले अभिव्यक्तिको स्वतन्त्रताको हकका साथै सङ्घसंस्था खोल्न र सङ्गठित हुन पाउने अधिकार प्रदान गरेपछि राजनीति र नागरिक समाजको संलग्नतामा महिलाहरू आआफ्नै ढङ्गले सङ्गठित भएर महिलाका विभिन्न मुद्दाहरू उठाउन थाले । कतिपय अवस्थामा, राजनीतिक र नागरिक समाजका महिलाहरूले संयुक्त रूपले पनि महिला आन्दोलनलाई बल पुर्‍याए । उनीहरूले विशेष गरी महिलामाथि हुने सबै प्रकारका हिंसा तथा विभेदको अन्त्य गर्नु पर्ने, घरेलु हिंसा तथा महिला बेचबिखन रोक्ने कानुन ल्याउनु पर्ने, शिक्षा तथा सम्पत्तिमा महिलाको समान अधिकार कायम हुनु पर्ने, आमाका नामबाट नागरिकता पाउनु पर्ने र महिलालाई विभेद गर्ने सम्पूर्ण कानुनी व्यवस्था खारेज गर्नु पर्ने मुद्दाहरूलाई अघि बढाए ।

यसै क्रममा, २०४९ सालमा २०४८ सालको चुनावमा निर्वाचित महिला सांसद्हरूको नेतृत्व र पहलमा महिलामाथि हुने सबै प्रकारका हिंसा विरूद्ध दबाब सिर्जना गर्न महिला सुरक्षा दबाब समूहको गठन भयो । सो समूहको नेतृत्व साहना प्रधानले गर्नुभएको थियो । महिला सुरक्षा दबाब समूहले खासगरी महिलामाथि देशव्यापी रूपमा भइरहेको ज्यादती र बलात्कार सम्बन्धी घटनामा संलग्न दोषीलाई कार्बाही गर्नका लागि सरकारलाई दबाब दिने र महिलाहरूलाई सङ्गठित बनाउने काम गर्‍यो । त्यसरी नै गैरसरकारी सङ्घसंस्थामा संलग्न महिलाहरूले पनि महिला अधिकारका मुद्दालाई अघि बढाउन नयाँ अधिकारवादी सङ्घसंस्थाहरू स्थापना गर्ने क्रम बढ्यो । विदेशी दातृ सङ्घसंस्थाहरूले पनि महिला आन्दोलन र महिला अधिकारवादी सङ्घसंस्थाहरूलाई महिला अधिकारको वकालत गर्न आर्थिक तथा प्राविधिक सहयोग गरे ।

---

[३२] उक्त आयोगमा सदस्यका रूपमा भरतमोहन अधिकारी, दमननाथ ढुङ्गाना, लक्ष्मणप्रसाद अर्याल, मुकुन्द रेग्मी, माधवकुमार नेपाल, निर्मल लामा, रमानन्द प्रसाद सिंह र प्रद्युम्नलाल राजभण्डारीलाई मनोनीत गरिएको थियो ।

[३३] पाठक न.प्र., र प्याकुरेल ब्र., (२०६४), नेपालको अन्तरिम संविधान २०६३ र संवैधानिक अभिलेखहरू (दोस्रो संस्करण), काठमाण्डौं : पैरवी प्रकाशन, पेज ४-५ ।

### साहना प्रधान

वि.सं. १९८४ असार २७ मा बर्मामा जन्मनु भएकी साहना प्रधानले राणाकालमा नै महिलाले पनि पढ्न पाउनुपर्छ भनी आवाज उठाउनु भएको थियो । काठमाण्डौंकी कामाक्षादेवी सँगसँगै महिलाहरूलाई राणा शासनका विरूद्ध सङ्गठित गर्ने कार्यमा सहाना प्रधानको पनि महत्त्वपूर्ण भूमिका रहेको थियो । राणा विरूद्ध आन्दोलनमा लागेको अभियोगमा २००४ सालमा उहाँलाई सैनिक ब्यारेकमा थुनिएको थियो । पञ्चायत कालमा पञ्चायती व्यवस्थाको विरोध गरेको अभियोगमा उहाँलाई तत्कालीन शासकहरूले शिक्षण पेशाबाट समेत निष्काशन गरेका थिए । २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा वाममोर्चाको सफल नेतृत्व गर्नु भएकी सहाना प्रधानले आन्दोलनपछिको अन्तरिम सरकारमा उद्योग तथा वाणिज्य मन्त्रीको पद सम्हाल्नु भएको थियो भने नेकपा (एमाले) को केन्द्रीय तथा राजनीतिक ब्युरो सदस्यको भूमिका पनि निर्वाह गर्नुभएको थियो । यसका अतिरिक्त उहाँले वन तथा भू-संरक्षण, महिला तथा समाज कल्याण र परराष्ट्र मन्त्रीको भूमिका निर्वाह गर्नुभयो । यसैगरी उहाँले महिला आन्दोलनलाई बल पुऱ्याउनका लागि सन् १९९५ मा बेइजिङमा आयोजित चौथो विश्व महिला सम्मेलनमा पनि नेपाली महिला टोलीको नेतृत्व गर्नुभयो ।[३४]

तत्कालीन नेपाल सरकारले वि.सं. २०४८ (सन् १९९१) सालमा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, (The UN Convention on the Elimination of All Forms of Discrimination Against Women-CEDAW) अनुमोदन गरेपछि महिला आन्दोलनलाई थप बल पुग्यो । फलस्वरूप, वि.सं. २०५० सालमा दुईजना कानुनका विद्यार्थीहरू मीरा ढुङ्गाना र मीरा खनालले पितृसत्ताको बलमा सयौँ वर्षदेखि समाजमा प्रचलित छोरीलाई पैतृक सम्पत्तिमा अधिकार नदिने कानुनी व्यवस्थालाई खारेज गरी छोरीलाई पनि पैतृक सम्पत्तिमा समान अधिकार हुनु पर्ने माग राख्दै सर्वोच्च अदालतमा रिट दायर गरे । पितृसत्तात्मक मूल्य मान्यताका आधारमा महिलालाई विभेद गर्न बनाइएका कानुनी व्यवस्था परिवर्तन गर्नका लागि सो रिट पहिलो चुनौती बन्न पुग्यो ।

सर्वोच्च अदालतमा सो रिट दायर भएपछि छोरीलाई पैतृक सम्पत्तिमा अधिकार दिनुहुँदैन र दिइएमा परिवारमा विखण्डन आउँछ र समाजको संरचना भत्कन्छ भनेर चर्को विरोध गर्ने बुद्धिजीवीहरूको सङ्ख्या पनि ठुलै रह्यो । कतिपयले त पत्रपत्रिकामा समाचार तथा लेख छपाएर छोरीलाई पनि पैतृक सम्पत्तिमा समान अधिकार दिनु पर्ने मागको विरोध गर्दै नकारात्मक टीकाटिप्पणी गर्ने र खिल्ली उडाउने काम समेत गरे तापनि, महिलाहरूपछि हटेनन् । फलस्वरूप, २०५२ सालमा सर्वोच्च अदालतले छोरीलाई पनि अंश दिने सम्बन्धमा फैसला गरी दुई वर्षभित्र कानुन बनाई लागु गर्न सरकारका नाममा आदेश जारी गऱ्यो । ढिलै भए पनि, मुलुकी ऐन २०२० लाई २०५८ मा एघारौँ संशोधन गरी पैतृक सम्पतिमा छोरीको पनि बराबरी हक स्थापित हुने व्यवस्था भयो । तर, त्यो पूर्ण थिएन । उक्त संशोधित अंश सम्बन्धी कानुनमा अविवाहित छोरीलाई पनि अंशको व्यवस्था गरिए पनि विवाह पश्चात् खाईलाई बाँकी रहेको सम्पत्ति माइतीपट्टिकालाई फिर्ता गर्नुपर्ने भनेर घुमाईफिराई महिलालाई एउटा हातले सम्पत्तिमा अधिकार दिए जस्तो गरी अर्को हातले खोस्ने काम गरिएको थियो ।

---

[३४] प्रभात वि. (२०५२), पुर्ववत्, पेज ८७-८८ ।

महिलाहरूको निरन्तर सङ्घर्षको परिणामस्वरूप, हाल आएर सर्वोच्च अदालतको आदेशले छोरीले विवाहपूर्व पाएको सम्पत्ति फर्काउनु नपर्ने व्यवस्था गरिसकेको छ । त्यसरी नै महिलाका पक्षमा केही कानुनहरू जस्तो, चेलीबेटी बेचबिखन विरूद्धको कानुन, वैवाहिक बलात्कार सम्बन्धी कानुन, गर्भपतन गर्न पाउने अधिकार सम्बन्धी कानुन र घरेलु हिंसा विरूद्धका कानुनहरू निर्माण भई लागु भएका छन् ।

२०४६ सालपछिको करिब २० वर्षको अवधिलाई केलाउने हो भने नेपाली महिला आन्दोलनले कानुनी बाहेक, सामाजिक, आर्थिक र राजनीतिक उपलब्धिहरू पनि हासिल गरेका छन् तर ती पर्याप्त भने देखिँदैन । २००७ साल, २०३६ साल, २०४६ साल र २०६२/६३ सालका लोकतान्त्रिक आन्दोलनहरूलाई सफल पार्न महिलाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि उनीहरूले अझै पनि आफ्ना अधिकारका लागि लडिरहनु पर्ने अवस्था कायमै रहनु सुखद कुरा होइन । महिलाका लागि नीति तथा सिद्धान्तमा जे जस्ता कुराहरू उल्लेख गरिए पनि व्यवहारमा ती कार्यान्वयन हुन सकेका छैनन् । पुरुषवादी सामाजिक चिन्तनका कारण महिलामाथि प्रश्न उठाइन्छ र औँला ठड्याइन्छ ।

महिलाका दृष्टिकोणले हेर्दा, नेपाली महिला आन्दोलनको हालसम्मको उपलब्धि सन्तुष्ट मान्न सकिने अवस्थाको छैन । यद्यपि, २०६२/२०६३ को जनआन्दोलनपछि राजनीतिमा महिलाको क्रियाशीलता र सहभागितामा वृद्धि भएको छ । तर, राजनीतिक दलका महिला सङ्गठनहरू जे जस्तो ढङ्गले अघि बढ्नु पर्ने हो त्यो अझै हुन सकिरहेको छैन । दल र राजनीतिका नाममा महिलाहरू विभाजित छन्, जसले गर्दा महिला आन्दोलन नै विभाजित हुने र महिलाका मुद्दाहरू ओझेलमा पर्न सक्ने चुनौतीहरू छन् । महिलाहरूले राजनीतिमा स्थापित हुन नसक्नुका पछाडि कतिपय महिला नेतृहरूमा पितृसत्तात्मक सोच र चिन्तन अझै हावी हुनु, भूमिगत अवस्थाका तुलनामा खुल्ला राजनीतिमा आएपछि महिलामा सामाजिक तथा पारिवारिक दायित्वको बोझ बढ्नु र सङ्घसंस्था चलाएर बस्ने प्रवृत्ति बढ्नु आदि कारणहरू पनि जिम्मेबार रहेका छन् । नेतृत्वमा आउनका लागि आँट र हिम्मत चाहिन्छ । महिलाले पनि आफ्नो नेतृत्व क्षमतामा गुणात्मक विकास गर्नुपर्छ । दिएको जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता र सोही अनुसारको कार्यसम्पादन पनि हुनुपर्छ । यसका लागि महिला र पुरूष बीच सहयोगात्मक सन्तुलनको पनि उत्तिकै आवश्यकता पर्दछ ।[३५] राजनीतिक र सामाजिक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता बढाउन र महिला आन्दोलनलाई सशक्त ढङ्गले हाँक्न महिला समानताको सुरूआत घरबाटै गरेर यसलाई फैलाउँदै समाज र राष्ट्रसम्म पुऱ्याउनु पनि आजको आवश्यकता रहेको छ ।[३६]

## स्थानीय निकायमा महिलाको प्रतिनिधित्व

स्थानीय स्तरमा अधिकार विकेन्द्रीकरणका लागि विकेन्द्रीकरण ऐन, २०३९, गाउँ विकास समिति ऐन २०४८, नगरपालिका ऐन २०४८ तथा जिल्ला विकास समिति ऐन २०४८ तर्जुमा भई लागु भए पनि उक्त ऐनहरूले स्थानीय निकायहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न सकेन । तसर्थ, स्थानीय निकायहरूमा महिला सहभागिता सुनिश्चित गर्नका लागि माथि उल्लिखित ऐनहरूलाई स्थानीय निकाय सम्बन्धी ऐन संशोधन गर्न बनेको ऐन,

[३५] नेकपा (एमाले) की नेतृ अष्टलक्ष्मी शाक्यसँगको अन्तर्वार्तामा आधारित ।

[३६] नेकपा (एमाले) की केन्द्रीय सल्लाहकार सुशीला श्रेष्ठसँगको अन्तर्वार्तामा आधारित ।

२०५४[३७] ले संशोधन गरी स्थानीय निकायमा महिलाको सहभागिता सुनिश्चित गऱ्यो । उक्त संशोधित व्यवस्थामा प्रत्येक गाविस र नगरपालिकाहरूका प्रत्येक वडाहरूमा एकजना महिला सदस्य अनिवार्य निर्वाचित गर्नुपर्ने, जिल्ला परिषद् तथा जिल्ला विकास समितिमा समेत महिलाको अनिवार्य प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था छ । जसले गर्दा २०५४ को स्थानीय निकायको निर्वाचनमा महिला जनप्रतिनिधिहरूको कुल सङ्ख्या ४४,१२० पुग्न गयो ।

**तालिका १ : २०४९ र २०५४ मा स्थानीय निकायमा महिलाको प्रतिनिधित्व**

| नगरपालिकामा महिला सहभागिता | | | | |
|---|---|---|---|---|
| निकाय | २०५४ | | २०४९ | |
| | सङ्ख्या | महिला | सङ्ख्या | महिला |
| नगरपालिका प्रमुख | ५८ | ० | ३६ | ० |
| नगरपालिका उप प्रमुख | ५८ | ० | ३६ | ० |
| वडा अध्यक्ष | ८०३ | ३ | ५२१ | ५ |
| नगरपालिका वडा सदस्य | ४,१४६ | ८०६ | ० | ० |

| गाउँ विकास समिति | | | | | | |
|---|---|---|---|---|---|---|
| निकाय | २०५४ | | | २०४९ | | |
| | सङ्ख्या | महिला | प्रतिशत | सङ्ख्या | महिला | प्रतिशत |
| गाविस अध्यक्ष | ३,९१७ | २० | ०.५ | ३,९९३ | ७ | ०.१७ |
| गाविस उपाध्यक्ष | ३,९१७ | १७ | ०.४ | ३,९९३ | १५ | ०.३७ |
| गाविस सदस्य | ५०,८५७ | ३,९१३ | ७.७ | ३५,८८३ | १९० | ०.५८ |
| गाउँ परिषद् सदस्य | १,८३,८६५ | ३,९१३ | २.१ | ..... | ........ | ......... |
| वडा अध्यक्ष | ३,५,२५३ | २४० | ०.७ | .......... | ........ | ............ |
| वडा सदस्य | १,७६,२६५ | ३५,२०८ | २० | ........ | ........ | ....... |

स्रोत : लैङ्गिक आधारमा विभाजित तथ्याङ्क, राष्ट्रिय महिला आयोग, २०६५, पेज-४०-४१ ।

## संसदीय निर्वाचन तथा संविधानसभामा महिलाको सहभागिता

अहिलेका सन्दर्भमा, शिक्षा, रोजगारी र राजनीतिक दलहरूमा महिलाको सहभागिता र पहुँच बढे पनि नीति निर्माण तहमा उनीहरूको सहभागिता अझै न्यून छ । नेपाल अधिराज्यको संविधान २०४७ ले राष्ट्रिय सभामा एकल सङ्क्रमणीय निर्वाचन प्रक्रियाबाट निर्वाचित हुने ३५ जना सदस्यहरूमध्ये कम्तीमा ३ जना र प्रतिनिधिसभाको निर्वाचनमा प्रत्येक राजनीतिक दलका उम्मेद्वारहरूमध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेद्वार हुनु पर्ने अनिवार्य व्यवस्था गरेको थियो । तर, ती ५ प्रतिशत महिला उम्मेद्वारहरूको संसद्मा सिट सुरक्षित भने थिएन । विगतका संसदीय निर्वाचनमा महिलाको प्रतिनिधित्व देहाय बमोजिम देखिन्छ :

[३७] नेपाल सरकार (२०५४), नेपाल राजपत्र, भाग २, खण्ड ४७, अतिरिक्ताङ्क २३, २०५४ भाद्र ६, काठमाण्डौं : नेपाल सरकार ।

तालिका २ : २०४८, २०५१ र २०५६ का संसद्मा महिलाको प्रतिनिधित्व

| निर्वाचन वर्ष | २०४८ | | | २०५१ | | | २०५६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रतिनिधिसभाका उम्मेद्वार | १२६५ (९४%) | ८० (६%) | १३४५ (१००%) | १३५६ (९४%) | ८६ (६%) | १४४२ (१००%) | २०९५ (९४%) | १४३ (६%) | २२३८ (१००%) |
| निर्वाचित प्रतिनिधिसभा सदस्य | १९८ (९७%) | ७ (३%) | २०५ (१००%) | १९८ (९७%) | ७ (३%) | २०५ (१००%) | १९३ (९४%) | १२ (६%) | २०५ (१००%) |

स्रोत : राजनीतिमा महिला सहभागिता, दिदीबहिनी र युनिफेमको संयुक्त प्रकाशन (तेस्रो परिमार्जित संस्करण), २०६५, पेज १० ।



२०६२/२०६३ को दोस्रो जनआन्दोलन पश्चात्को राजनीतिक तथा सामाजिक परिवेशमा नेपालको अन्तरिम संविधान, २०६३ ले केन्द्रीय नीति निर्माण गर्ने संविधानसभा एवं व्यवस्थापिका संसद्मा महिला सहभागिताका लागि विशेष व्यवस्था गऱ्यो । २०६३ सालमा पुनर्स्थापित प्रतिनिधिसभा महिला सहभागिता १०.५३ प्रतिशत थियो । नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि अन्तरिम व्यवस्थापिका संसद्मा कुल सदस्यहरू ३३० मध्ये महिला सहभागिता ५७ (१७.३ प्रतिशत) रह्यो । एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)[३८] अन्तरिम व्यवस्थापिकामा सहभागी भएपछि महिला सहभागिता उल्लेखनिय रूपमा बढ्यो ।

## सशस्त्र द्वन्द्वमा महिलाको सहभागिता तथा भूमिका

वि.सं. २०५२ सालमा तत्कालीन नेकपा (माओवादी) ले जनताको दीर्घकालीन मुक्तिका साथै राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना र संविधानसभाको निर्वाचन र संविधानसभा मार्फत नयाँ संविधान निर्माण गर्नु पर्ने माग राख्दै सशस्त्र सशस्त्र द्वन्द्व सुरू गरेपछि नेपाली महिला आन्दोलनले एउटा नयाँ मोड लियो ।

सशस्त्र द्वन्द्वले महिला मुक्तिको विषयलाई पनि एउटा प्रमुख मुद्दा बनाएकाले खास गरी ग्रामीण भेगका हजारौं महिलाहरू यसप्रति आर्कषित भए र सशस्त्र द्वन्द्वमा यसमा उनीहरूको उल्लेख्य सहभागिता पनि रह्यो । नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्व सुरू गर्नुअघि पार्टीमा २ प्रतिशत र सेना एवं सयुंक्त मोर्चामा ३ प्रतिशत महिलाको सहभागिता रहेको थियो । तर, सशस्त्र द्वन्द्व सुरू भएको १० वर्षभित्र पार्टीमा १५ प्रतिशत, सेनामा ३५ प्रतिशत तथा सत्ता र मिलिसियामा ४० प्रतिशत महिला सहभागिता रह्यो ।[३९]

वि.सं. २०५२ सालतिर महिला आन्दोलनका नेतृहरूले खास गरी राजधानी काठमाण्डौंमा पैतृक सम्पत्ति, शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा समान अधिकार हुनु पर्ने, घरेलु हिंसाको अन्त्य गर्नु पर्ने, महिला बेचबिखन बन्द गर्नु पर्ने आदि मुद्दाहरू उठाइरहेका बेला समानान्तर ढङ्गले ग्रामीण भेगका महिलाहरू पुरूष सँगसँगै घरपरिवारबाट

---

[३८] वि.सं. २०६५ मा नेकपा (माओवादी) र नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र-मशाल) को एकीकरणपछि पार्टीको नाम परिवर्तन भएर एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) भएको हो ।

[३९] चन्द ने. वि., (२०६७), महिला सम्बन्धी केही अध्ययन, महिला बुलेटिन (अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको समसामयिक प्रकाशन), पेज २१ ।

टाढा रही राजतन्त्र हटाएर गणतन्त्र स्थापना गर्नु पर्ने, संविधानसभाको चुनाव गराएर त्यस मार्फत नयाँ संविधान निर्माण गर्नु पर्ने माग बोकेर गाउँघर, पहाडका कुनाकाप्चा र जङ्गलमा बसेर राज्यसँग सशस्त्र युद्ध लडिरहेका थिए ।

चरम विभेद र हिंसा भोगिरहेका ग्रामीण भेगका युवा महिलाहरूलाई नेकपा (माओवादी) ले उठाएको महिला मुक्ति, जातिय विभेद र छुवाछुतको अन्त्य, आदिवासी/जनजातिको आत्मनिर्णयको अधिकार तथा जातिय स्वायत्तता र राजतन्त्र हटाएर गणतन्त्रको स्थापना गर्ने जस्ता मुद्दाले सशस्त्र द्वन्द्वमा संलग्न हुन प्रोत्साहित गऱ्यो । महिलाका साथमा आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम आदि पछाडि पारिएका समुदायका मुक्तिको मुद्दा पनि माओवादीले उठाएकाले ती समुदायका युवाहरू समेत सो युद्धमा होमिए ।

सशस्त्र द्वन्द्वमा उल्लेख्य महिला सहभागिता र उनीहरूले सो युद्धमा निभाएको भूमिकाले सम्पूर्ण नेपाली महिलाको पुरानो छवि तथा भूमिकालाई परिवर्तन गर्न र महिलालाई हेर्ने परम्परागत दृष्टिकोणलाई बदल्न पनि केही सहयोग पुऱ्यायो । महिलाको मुख्य जिम्मेवारी घरेलु कामकाजमा संलग्न हुने, छोराछोरी जन्माउने र उनीहरूको स्याहार सुसार गर्ने नै हो भन्ने सामाजिक तथा धार्मिक मूल्यमान्यता परिवर्तन गर्न पनि यसले केही हदसम्म सघायो । कतिपय कामहरू पुरूषले बाहेक महिलाले गर्नै हुँदैन र महिलाले ती काम गरेमा ठुलै अनिष्ट हुन्छ भन्ने विश्वास तथा मूल्य मान्यतालाई पनि तोडेको छ । उदाहरणका लागि, सशस्त्र द्वन्द्वका बेला गाउँका पुरूषहरू युद्धमा संलग्न भएकाले वा सहर र विदेशतिर पलायन भएकाले पहिले महिलाले गर्न नहुने भनिएका कतिपय कामहरू, जस्तै : हलो जोत्ने र घर छाउने आदि कामहरू महिलाहरूले गर्न थाले । महिलाले यस्तो काम गर्दा कुनै अनिष्ट वा अनर्थ हुँदैन भन्ने मान्यता पनि यसले स्थापित गऱ्यो ।

त्यति मात्र होइन, महिलाले परिवारको स्वीकृति र सहयोगबिना राम्रै कामका लागि भए पनि घर बाहिर एक रात पनि बिताउनु हुँदैन भन्ने सामाजिक मान्यता अझै समाजमा कायमै छ । त्यसमाथि, महिलाले पुरूष सँगसँगै बन्दुक बोकेर जङ्गलमा बसेर विपक्षीसँग लड्ने कुरा त सशस्त्र द्वन्द्व अघि नेपाली समाजका धेरैले कल्पनासम्म पनि गरेका थिएनन् । यद्यपि, महिलाले पनि बन्दुक बोक्नु र युद्धमा होमिनु कति ठीक वा बेठीक हो छुट्टै बहसको विषय हुन सक्छ । तर, यहाँ यसले महिलाको कोमल र कमजोर छवि तथा भूमिकालाई परिवर्तन गरेको कुरालाई मात्र स्पष्ट पार्न खोजिएको हो । सशस्त्र द्वन्द्वमा महिलाको सहभागिताकै प्रभावस्वरूप तत्कालीन शाही नेपाली सेनाले महिलाहरूलाई सेनामा संलग्न गराए पनि उनीहरूलाई युद्धमा प्रत्यक्ष सहभागी भने गराएन ।

सशस्त्र द्वन्द्वमा महिलाको सहभागिता र भूमिका उल्लेख्य रहे तापनि माओवादी नेतृत्वलाई केलाउँदा स्थिति त्यति उत्साहजनक देखिँदैन । युद्धका बेला माओवादी जनमुक्ति सेना अन्तर्गतका सातवटा डिभिजनका सम्पूर्ण कमान्डर र सह कमान्डरहरू पुरूषहरू नै थिए । माओवादी सेनाका सबैभन्दा माथिल्लो तहमा पुगेका महिलाका सङ्ख्यालाई हेर्यौं भने ब्रिगेडियर कमिसारसम्म हुनेमा जम्मा तीनजना महिलाहरू अमृता थापा, कमला रोक्का र उमा भुजेल थिए । अहिले ती तीनैजना महिलाहरू संविधानसभा सदस्य भएका छन् ।

सशस्त्र द्वन्द्व ताका महिलाहरूले पार्टी र पार्टीका विभिन्न सङ्गठनहरूमा रहेर उल्लेख्य योगदान गरे पनि माओवादी पार्टी र सङ्गठनका अधिकांश प्रमुख तहमा पुरूषहरू नै थिए । शान्ति सम्झौतापछि पनि पम्फा भुसाल, हिसिला

यमी र जयपुरी घर्ती जस्ता अरू केही महिला नेताहरूलाई छोडेर नेतृत्वमा अझै पनि पुरूषकै वर्चस्व छ । दस वर्ष सशस्त्र द्वन्द्वले गर्दा महिलाहरूको राजनीतिक चेतनामा अभिवृद्धि, नेतृत्वमा सहभागिता, नेपाली सेनामा सहभागिता लगायतका सफलता हासिल गरे पनि अझै नेपाली राजनीतिको नेतृत्व तहमा महिला स्थापित हुन नसक्नाका कारणहरूमा पुरूष प्रधान चिन्तन र बहिस्करण नै मुख्य कारण रहेका छन् ।[४१]

प्रारम्भदेखि नै नेतृत्वमा पुरूष अघि र महिला पछाडि परेकाले र पहिलादेखि नै सक्रिय रहेका व्यक्तिले पहिलो अवसर पाउने कारणले माओवादी पार्टीको नेतृत्व तहमा महिलाको प्रभावकारी सहभागिता हुन नसकेको हो । तर, नेतृत्व विचारले स्थापित गर्ने संरचना हो । नेतृत्वका लागि व्यक्ति विचार र गुणले युक्त हुनुपर्दछ ।[४२]

## दोस्रो जनआन्दोलन (२०६२/६३) पछिको उपलब्धि : सहभागिताको अधिकार

नेपालका महत्त्वपूर्ण राजनीतिक आन्दोलनहरूलाई सफल बनाउन योगदान पुऱ्याउँदै आएका महिलाहरूले २०६२/६३ को जनआन्दोलनलाई सफल बनाउन पनि उल्लेख्य भूमिका निर्वाह गरे । आन्दोलनका क्रममा देशभरि पुरूषहरू सँगसँगै महिला आन्दोलनकारीहरू पनि पक्राउमा परे । आन्दोलनमा ज्यान गुमाउने २६ जनामध्ये २ जना महिला थिए । १९ दिने जनआन्दोलनपछि बाध्य भएर २०६३ साल वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासनभार जनतालाई सुम्पिए र २०५९ जेठ ८ गते विघटित प्रतिनिधिसभा पुनर्स्थापना भएको घोषणा गरे । जसमा प्रतिनिधिसभाको उप-सभामुखको हैसियतले चित्रलेखा यादवले महिलाको सवालहरू उठाउन विशेष योगदान पुऱ्याउनु भएको थियो ।

वि.सं. २०६२/६३ सालसम्म आइपुग्दा महिलाहरूको राजनीतिक चेतनाको स्तर पनि निकै उठिसकेको थियो । सोही क्रममा राजनीति र नागरिक समाजमा संलग्न महिलाहरूले सामाजिक, आर्थिक अधिकारहरूका साथसाथै राजनीतिक अधिकारहरू जस्तो, राज्यको हरेक तहमा र तप्कामा महिलाहरूको समानुपातिक समावेशी प्रतिनिधित्व हुनु पर्ने र राजनीतिक दलहरूमा पनि सो लागु हुनु पर्ने मागहरू बलियो ढङ्गले राखे । फलस्वरूप, पुर्नस्थापित प्रतिनिधिसभाले नेकपा (एमाले) की नेतृ एवं प्रतिनिधिसभा सदस्य विद्यादेवी भण्डारीको प्रस्ताव र नेपाली काङ्ग्रेसकी नेतृ एवं प्रतिनिधिसभा सदस्य कमला पन्तको समर्थनमा राज्यको हरेक निकायमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्ने, महिलालाई विभेद गर्ने कानुनहरू खारेज गर्नु पर्ने र आमाका नामबाट पनि नागरिकता दिइनु पर्ने तीनवटा ऐतिहासिक सार्वजनिक महत्त्वको प्रस्ताव पारित गऱ्यो ।

अन्तरिम संविधान मस्यौदा समितिले पेस गरेको अन्तरिम संविधानको मस्यौदा बमोजिम राजनीतिक सहमतिका आधारमा २०६३ साल माघ १ गते नेपालमा अन्तरिम संविधान जारी भयो । पुनर्स्थापित प्रतिनिधिसभामा सोही संविधान बमोजिम २०६३ साल माघ १ गते नेकपा (माओवादी) का तर्फबाट समेत संसद् सदस्यहरू समावेश गरी व्यवस्थापिका संसद्को गठन भयो । सो व्यवस्थापिका संसद्मा कुल सदस्य सङ्ख्या ३३० मध्ये ५७ जना महिलाहरू थिए ।

---

[४०] एनेकपा (माओवादी) का सभासद् दामा शर्मासँगको अन्तर्वार्तामा आधारित ।

[४१] एनेकपा (माओवादी) का सभासद् पम्फा भुसालसँगको अन्तर्वार्तामा आधारित ।

तालिका ३ : २०६३ सालमा पुनर्स्थापित संसद्मा महिलाको सहभागिता

| पार्टीको नाम | जम्मा | महिला | महिला% |
|---|---|---|---|
| नेपाली काङ्ग्रेस | १३३ | १० | ७.५ |
| नेकपा (एमाले) | ८३ | १२ | १४.५ |
| नेकपा (माओवादी) | ८३ | ३१ | ३७.४ |
| अन्य | ३१ | ४ | १२.९ |
| जम्मा | ३३० | ५७ | १७.३ |

स्रोत : व्यवस्थापिका संसद् सचिवालय, सिंहदरबार, काठमाण्डौ

अन्तरिम संविधान २०६३ ले महिला अधिकारका सम्बन्धमा मौलिक हक अन्तर्गत देहायका विषयहरू समावेश गऱ्यो ।

कानुनका अगाडि सबै व्यक्ति समान हुने, कानुनले सबैको समान संरक्षण गर्ने, कानुनको प्रयोगमा कुनै नागरिकमाथि कुनै पनि आधारमा भेदभाव नगर्ने, राज्यले कुनै पनि आधारमा नागरिकहरूमाथि भेदभाव नगर्ने तथा समान कामका लागि समान ज्याला एवं सामाजिक सुरक्षामा भेदभाव गर्न नपाइने ।[४२]

महिला भएकै कारणले कुनै पनि किसिमको भेदभाव गर्न नपाइने, प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने, कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न नपाइने तथा त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुने ।[४३]

मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी/जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने ।[४४]

## महिला आन्दोलनभित्र समावेशीको मुद्दा

२०६२/६३ को सफल जनआन्दोलनपछि पछाडि पारिएका सबै जातजाति, वर्ग, लिङ्ग र क्षेत्रबाट समावेशीको मुद्दा सशक्त ढङ्गले उठ्यो । नेपाली महिलाभित्र रहेका विविध समुदायका महिलाहरूले पनि उनीहरूको पहिचान र सहअस्तित्व खोज्दै राज्यको हरेक तहमा समानुपातिक समावेशी प्रतिनिधित्व हुनु पर्ने र निश्चित समयका लागि उनीहरूका लागि विशेष अधिकारको व्यवस्था गरिनु पर्ने मागहरू उठाए ।

[४२] नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ।

[४३] ऐ.ऐ., धारा २० ।

[४४] ऐ.ऐ., धारा २१ ।

महिलामाथि हुने सबै प्रकारका हिंसा तथा विभेदको अन्त्य हुनु पर्ने, घरेलु हिंसा तथा महिला बेचबिखन रोक्नु पर्ने, शिक्षा, स्वास्थ्य तथा सम्पत्तिमा महिलाको समान अधिकार हुनु पर्ने, आमाका नामबाट पनि नागरिकता पाउनुपर्ने आदि सम्पूर्ण नेपाली महिलाका मुद्दा हुन् भने, जातिय आधारमा छुवाछुत गर्न नपाइने, घुम्टो[४५], दहेज र छाउपडी[४६] प्रथा हटाइनु पर्ने, भाषा, धर्म, संस्कृति, पहिचान तथा क्षेत्रका आधारमा विभेद र हिंसा गर्न नपाइने जस्ता मुद्दाहरू नेपाली महिलाभित्रका दलित, मधेसी, आदिवासी/जनजाति, मुस्लिम, कर्णाली क्षेत्र लगायत अन्य पछाडि पारिएका समुदायका महिलाहरूका मुद्दाहरू हुन् । जसलाई राज्यको ऐन कानुन, नीति तथा कार्यक्रमहरूले अझै पनि स्पष्टसँग सम्बोधन गर्न सकेका छैनन् ।

विश्व राजनीतिमा एउटा चर्चित सैद्धान्तिक निष्कर्ष छ, महिलाहरू वर्गीय र लैङ्गिक दुबै प्रकारको शोषण र उत्पीडनमा परेका छन् । नेपालका सन्दर्भमा पछाडि पारिएका र उत्पीडनमा परेका महिलाहरू वर्गीय र लैङ्गिक बाहेक जातिय उत्पीडनमा पनि परेका छन् । जस्तो दलित महिलाहरूको कुरा गर्दा उनीहरू जातिय छुवाछुत र विभेदको चर्को मारमा परेका छन् । यसैकारणले गर्दा उनीहरूको आर्थिक, शैक्षिक र सामाजिक हैसियत अरू समुदायका महिलाका तुलनामा निकै नै पछाडि परेको छ । दलित महिलाहरू एकातिर दलित भएका कारणले सांस्कृतिक र धार्मिक विभेदमा परेका छन् भने अर्कातर्फ महिला भएकै कारणले अन्य जाति तथा समुदायका महिलाले भोग्नु पर्ने विभेद र मारमा पनि परेका छन् । त्यसरी नै अधिकांश दलित महिलाहरू गरिब भएकाले उनीहरू वर्गीय विभेदमा पनि परेका छन् । यसरी दलित महिलाहरूले दलित, महिला र गरिब भएका कारणले तेहरो मार खेपिरहेका छन् ।[४७]

नेपालमा पछिल्लो समयमा आएर दलित महिलाहरूमाथि जातिय आधारमा हुने विभेद र हिंसाका विरूद्ध दलित महिलाहरू पनि सङ्गठित हुन थालेका छन् । दलित महिलाहरूकै नेतृत्वमा उनीहरूको विकास र हकहितका लागि काम गर्ने दलित महिला अधिकारवादी सङ्घसंस्थाहरू स्थापना भएका छन् । दलित महिलाहरूले छुवाछुतको अन्त्य हुनु पर्ने, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा उनीहरूको पनि समान पहुँच हुनु पर्ने र राज्यको हरेक तहमा उनीहरूको समानुपातिक समावेशी सहभागिता र प्रतिनिधित्व हुनु पर्ने जस्ता मुद्दाहरू उठाएका छन् । साथै दलित महिला आन्दोलनलले दलित महिलामाथि जातिय आधारमा हुने छुवाछुत र उनीहरूको समान सहभागिता तथा प्रतिनिधित्वको मुद्दामा महिला आन्दोलन मौन रहेको कुरा पनि औँल्याएको छ । तसर्थ, नेपाली महिला आन्दोलनको नेतृत्व तथा मुद्दाहरू आफैँमा समावेशी नभएको र यो एउटै वर्ग तथा जातिका महिलाहरूले हाँकेको दलित महिला आन्दोलनको ठहर छ ।

---

४५ यस्तो प्रथा जसमा मधेसका विवाहित महिलाले साडीको फेरले टाउको छोप्नु पर्ने हुन्छ ।

४६ महिला सुत्केरी भएको अथवा महिनाबारीमा उनीहरूले कसैलाई छुन नहुने र घर परिवारदेखि बेग्लिएर झुपडीमा बस्नु पर्ने परम्परा । यो खास गरी सुदूर पश्चिमको ग्रामीण भेगमा कायम छ ।

४७ विश्वकर्मा डि.बि.सा, (२०६०), महिलाभित्र पनि दलित महिलाको कुरा उठ्नुपर्छ, विकास तथा सुशासनको मूल प्रवाहमा दलित महिलाको सहभागिता, दशौँ वार्षिकोत्सवका अवसरमा आयोजित विचार गोष्ठी, २०६०/४/१२-१३, काठमाण्डौं : दलित महिला सङ्घ, ललितपुर नेपाल, पेज ७ ।

अन्य महिलाका तुलनामा दलित महिलाले बढी विभेद तथा दुर्व्यवहार व्यहोर्नु पर्ने अवस्था अझै कायमै छ र महिला आन्दोलनले दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम आदि महिलाका मुद्दाका अझै पनि खासै नबोलेको अवस्था छ । त्यसरी नै दलित महिला अधिकारकर्मी र गैरदलित महिला अधिकारकर्मीहरूबिच समन्वय र सुमधुर सम्बन्ध पनि कायम हुन सकेको छैन, जुन हुनु समग्र नेपाली महिलाको सशक्तिकरणका लागि अत्यन्त आवश्यक छ ।

मधेसी महिलाको कुरा गर्दा उनीहरू भाषिक, क्षेत्रीय, लैङ्गिक, जातिय र वर्गीय गरी मुख्यतः पाँच तहको विभेदमा परेका छन् ।[४८] संस्कारका नाममा अझै पनि तराईका मधेसी समुदायका महिलाहरू दहेज र घुम्टो प्रथाबाट पीडित छन् । खास गरी विवाहित महिलाहरूले घुम्टोभित्र बस्नु पर्ने चलन छ । यसो नगर्दा असल र चरित्रवान् नारी नहुने सामाजिक मान्यता छ । विशेष गरी धनी र उच्च परिवारका मधेसी महिलालाई यो प्रथा कडा रूपमा अपनाउन बाध्य बनाइन्छ ।[४९] त्यसरी नै दाइजोका कारणले तराईमा बालविवाह अझै प्रचलनमा छ । सानो उमेरकी छोरीको विवाह गर्दा तुलनात्मक रूपले कम दहेज लाग्ने हुनाले सकेसम्म सानै उमेरमा छोरीको बिहे तय गर्ने चलन मधेसी समाजमा अझै कायमै छ । दाइजो कम ल्याएको निहुँमा तराईका महिलाहरूले पीडित हुनु परेको मात्र होइन, छोरा नजन्माएको निहुँमा हिंसा खेप्नु परेको र ज्यानै गुमाएका धेरै उदाहरणहरू पनि छन् । मधेसी महिलाका सशक्तिकरणका लागि राज्यले खासै चासो नदिएकाले मधेसी महिलाहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीमा अन्यन्त न्यून पहुँच छ ।

वि.सं. २०६३ सालमा तराईमा मधेसी आन्दोलन चर्किएपछि केही मधेसी महिलाहरू पनि राजनीतिमा देखिन थालेका छन् । पछिल्लो समयमा आएर नेपाली महिलाहरूले पनि राज्यको हरेक तह र तप्कामा मधेसी महिलाहरूको समानुपातिक समावेशी सहभागिता हुनु पर्ने माग राख्न थालेका छन् । यद्यपि, यो आवाज अझै पनि सशक्त ढङ्गले उठ्न सकेको छैन । मधेसी महिला आन्दोलनले पनि मधेसी महिलाको मुद्दा नउठाएको र नेपाली महिला आन्दोलनका मुद्दा र नेतृत्व समावेशी नभएको कुरा औँल्याएको छ ।

ब्राह्मण क्षेत्री, दलित र मधेसी महिलाका तुलनामा आदिवासी/जनजाति महिलाहरू सांस्कृतिक रूपमा केही बढी स्वतन्त्र छन् । माथि उल्लेखित समुदायका महिलाहरूका तुलनामा आदिवासी/जनजाति महिलाहरू आफूले चाहेको ठाउँमा स्वतन्त्र ढङ्गले हिँड्डुल गर्न, संस्कृति, चाडपर्व र जात्रा आदिमा स्वतन्त्र ढङ्गले भाग लिन, नाच्न गाउन र आफ्नो जीवन साथी रोज्न तुलनात्मक रूपले बढी स्वतन्त्र छन् । त्यसरी नै दाइजो जस्तो प्रथाबाट उनीहरू थोरै मात्र पीडित छन् । लोग्नेको मृत्युपछि पनि उनीहरूले अरू समुदायका महिलाले जस्तो विधवा भएर बाँच्नु पर्दैन । आदिवासी/जनजाति महिलाहरूमा महिनाबारी बार्ने र छाउपडी बस्ने प्रथा पनि छैन ।[५०] तर, आदिवासी/जनजाति महिलाहरूको शिक्षा, स्वास्थ्य र रोजगारीमा अत्यन्त न्यून पहुँच रहेको छ ।

---

[४८] परियार जी.ए, नयाँ नेपालमा दलित महिला, ललितपुर : दलित महिला सङ्घ, पेज ६५ ।

[४९] पासवान नि, तराई मूल दलित महिलाहरूको अवस्था र चुनौतीहरू, विकास तथा सुशासनको मूल प्रवाहमा दलित महिलाको सहभागिता, दसौँ वार्षिकोत्सवका अवसरमा आयोजित विचार गोष्ठी, २०६०/४/१२-१३, काठमाण्डौं । ललितपुर : दलित महिला सङ्घ, नेपाल, पेज ६६-६७ ।

[५०] राई, पी., आदिवासी/जनजाति आन्दोलन र महिला, महिला बुलेटिन, काठमाण्डौं : अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी, पेज ५१ ।

महिला सशक्तिकरणका लागि सूचनाको अधिकार एकदमै महत्त्वपूर्ण हुन्छ । सूचनामा पनि उनीहरूको पहुँच न्यून छ । राज्यको निर्णायक तह र राजनीतिक दलहरूमा समेत उनीहरूको सहभागिता र प्रतिनिधित्व अत्यन्तै कम भएका कारणले सबैखाले सूचना तथा जानकारीबाट आदिवासी/जनजाति महिलाहरू वञ्चित भइरहेका छन् ।[५१]

जाति, भाषा, धर्म, संस्कृति सम्बन्धी अधिकार तथा प्राकृतिक स्रोतसँगको आदिवासी/जनजाति महिलाहरूको सम्बन्ध तथा अधिकार, शिक्षा, स्वास्थ्य र रोजगारीमा समान पहुँच तथा राज्यका हरेक तहमा उनीहरूको समानुपातिक समावेशी प्रतिनिधित्व आदि आदिवासी/जनजाति महिलाहरूका मुख्य मुद्दाहरू हुन् । राज्यले व्यवस्थित ढङ्गले आदिवासी/जनजातिको जाति, भाषा र सांस्कृतिक पहिचानलाई पछाडि पारेको आदिवासी/जनजाति महिलाहरूको ठम्याइ छ । नेपाली महिला आन्दोलनले आदिवासी/जनजाति महिलाका चासो र सरोकारका विषयलाई अझै उठाउन सकेको छैन । महिला आन्दोलनले आदिवासी/जनजाति महिलाका मुद्दालाई नउठाएको र महिला आन्दोलन आफैँमा समावेशी नभएको आदिवासी/जनजाति महिला आन्दोलनले पनि औँल्याउँदै आएको छ । तसर्थ, आदिवासी/जनजाति महिलाहरूले पनि सङ्गठित भई आफ्ना मुद्दाहरू आफैँ उठाउन थालेका छन् ।

समानुपातिक समावेशी राजनीतिक प्रतिनिधित्व, सम्पत्तिमा समान अधिकार, समान कामका लागि समान ज्याला, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार, वंशको अधिकार, सम्बन्ध विच्छेदको अधिकार र आधारभूत रूपमा सम्पूर्ण नेपाली महिलाका साझा सवालहरू हुन् । तसर्थ यी सवालहरू आदिवासी/जनजाति, मधेसी, मुस्लिम, दलित र अन्य पछाडि पारिएका महिलाहरूका पनि हुन् । तर, यी सवालहरूले मात्र पछाडि पारिएका समुदायका महिलाहरूले भोग्नु पर्ने थप आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा जाति, भाषा, क्षेत्र, पहिचान, संस्कृति तथा धर्मका आधारमा उनीहरूमाथि हुने विभेद तथा हिंसाका मुद्दाहरूलाई सम्बोधन गर्न सक्दैनन् । तसर्थ, अहिलेका सन्दर्भमा मूल धारको नेपाली महिला आन्दोलनलाई सम्पूर्ण नेपाली महिलाको आन्दोलन बनाउनका लागि महिला आन्दोलको नेतृत्व र यसले उठाउने मुद्दाहरू पनि समावेशी हुनु आवश्यक छ । साथै राज्यको हरेक तह र तप्कामा पछाडि पारिएका समुदायका महिलाहरूको समानुपातिक समावेसी सहभागिताका लागि राज्यले विशेष पहल गर्नु पर्दछ । साथै पिछडिएका वर्ग समुदायका महिलाहरू आफु माथिको उत्पीडनको विरूद्ध आफै पनि सङ्घर्षमा सक्रिय हुन जरूरी छ ।

दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम र अन्य पछाडि पारिएका समुदायले समावेशीको मुद्दा चर्कोसँग उठाएपछि राज्यको नीतिमा केही परिवर्तनहरू आएका छन् । जस्तो, नेपालको निजामती सेवा ऐन, २०४९ ले निजामती सेवालाई समावेशी बनाउनका लागि पहिले खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने शतप्रतिशत पदहरूमध्ये ४५ प्रतिशत पदमा आरक्षणको व्यवस्था गरेको छ । सो ४५ प्रतिशत पदलाई शतप्रतिशत मानेर त्यसलाई निम्न अनुसारको पदपूर्ति गर्नु पर्ने व्यवस्था छ ।

---

[५१] महिला अधिकारकर्मी स्टेला तामाङसँगको अन्तर्वार्तामा आधारित ।

तालिका ४ : नेपालको निजामती सेवा ऐन, २०४९ का समावेशी निर्देशिका

| समुदाय | प्रतिशत |
|---|---|
| महिला | ३३ (आरक्षण मध्ये ३३ प्रतिशत) |
| आदिवासी/जनजाति | २७ |
| मधेसी | २२ |
| दलित | ९ |
| अपाङ्ग | ५ |
| पिछडिएको क्षेत्र | ४ |



उक्त कानुनले उल्लिखित सुविधामा अन्य समुदायले हस्तक्षेप गर्न नपाओस् भन्नका लागि पिछडिएको क्षेत्र अन्तर्गत अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लाहरू समावेश गरिएका छन् भने 'महिला, आदिवासी/जनजाति, मधेसी र दलित' भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई जनाउने व्यवस्था ऐनमा नै गरिएको छ। तर, राज्यको यस किसिमको समावेशी नीतिले पनि दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम र अन्य पछाडि पारिएका महिलाहरूको सहभागिता बढाउन अझै खासै सहयोग पुगेको छैन। किनभने, समग्रमा दलित, आदिवासी, मधेसी र अन्य समुदायका लागि छुट्याइको आरक्षणमा दलित, आदिवासी/जनजाति, मधेसी आदि महिला भनेर नछुट्याइँदा यी समुदायका महिलाहरूले पुनः पहुँच भएका महिला, पुरूष र आफ्नै समुदायका पुरूषहरूसँग गरी तीन तहमा सङ्घर्ष गर्नु पर्ने अहिलेको अवस्था छ।

## संविधान निर्माण र महिला सहभागिताको इतिहास

नेपालमा वि.सं. २००७ सालदेखि २०६३ सालसम्मको अवधिमा ६ वटा संविधानहरू बनिसकेका छन्। तर, उल्लेखनीय कुरा के छ भने, २०१९ सालको संविधान र २०६३ सालको अन्तरिम संविधान निर्माण प्रक्रियामा मात्रै महिलाहरूले सहभागी हुने मौका पाए।

वि.सं. २०५२ सालदेखि तत्कालीन नेकपा (माओवादी) ले मुख्यतया राजतन्त्रको अन्त्य संविधानसभाको निर्वाचन, गणतन्त्रको स्थापना र गोलमेच सम्मेलन लगायतका मागहरू राखेर सशस्त्र द्वन्द्व सुरू गर्‍यो। २०६२ साल मङ्सिर ७ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बिच १२ बुँदे सम्झौता भएपछि २०६२/०६३ को जनआन्दोलन भयो। वि.सं. २०६३ वैशाख ११ गते प्रतिनिधिसभाको पुनर्स्थापना भएपछि नेकपा (माओवादी) र सरकारका बीचमा २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। शान्ति सम्झौताकै जगमा अन्तरिम संविधानको निर्माण र ऐतिहासिक संविधानसभाको निर्वाचन पनि सम्भव भयो।

सरकार र माओवादी बीच भएको विस्तृत शान्ति सम्झौताले १० वर्ष लामो सशस्त्र द्वन्द्व अन्त्य गर्‍यो। यसपछि सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा २०६३ साल असार २ गते अन्तरिम संविधान मस्यौदा समिति गठन भयो। तर, दुःखको कुरा, महिलाको समेत उल्लेख्य सहभागिताले सम्पन्न भएको दोस्रो ऐतिहासिक जनआन्दोलन पश्चात् गठित अन्तरिम संविधान, २०६३ को मस्यौदा समिति गठन गर्दा प्रारम्भमा

महिलालाई समावेश गराइएन । समितिमा महिला बाहेक सबै जातजाति, क्षेत्र तथा वर्गको पनि प्रनितिधित्व नरहेको भनी विरोध भयो ।[५२]

राजनीतिक तथा नागरिक समाजका महिलाहरूले सो समितिमा महिलाको पनि सहभागिता हुनुपर्छ भनेर सशक्त आवाज उठाएपछि मात्र दोस्रो चरणमा चारजना महिलाहरू लगायत विभिन्न जातजाति, क्षेत्र, तथा वर्गका प्रतिनिधिहरू समेत समावेश गराई १६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समितिको पुनर्गठन भयो । सो समितिमा संलग्न महिलाहरूमा पुष्पा भुसाल, शान्तिकुमारी राई, छत्र गुरूङ र सुशीला कार्की थिए । महिलालाई राज्यको निर्णायक तह तथा निर्णय प्रक्रियामा संलग्न नगराउने राजनीतिक दल र राज्यको निर्णायक तहमा बस्ने व्यक्तिहरूको प्रवृत्तिसँग निरन्तर लड्दै महिलाहरूले अहिलेको अवस्थासम्म आइपुग्दा केही हदसम्म आफ्नो स्थान बनाउन सफल भएका छन् । यसै सन्दर्भमा समावेशीको सिद्धान्तमा गठित संविधानसभामा कुल ६०१ सदस्यहरूमध्ये १९७ जना (३२.७८%) महिला सदस्यहरू रहनुलाई महिला आन्दोलनको एउटा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

१९७ जना संविधानसभाका महिला सदस्यहरूमध्ये प्रत्यक्ष निवार्चनतर्फबाट ३० जना, समानुपातिकका तर्फबाट १६१ जना र मन्त्रिपरिषद्द्वारा ६ जना मनोनीत भएका हुन् । नेपालको अन्तरिम संविधानमा संविधानसभाका लागि अवलम्बन गरिने मिश्रित निर्वाचन पद्धतिमध्ये समानुपातिकतर्फ हरेक दलले उम्मेद्वार बनाउँदा ५० प्रतिशत महिला उम्मेद्वार बनाउनु पर्ने र सो निर्वाचन सम्पन्न भएपछि समानुपातिकतर्फको निर्वाचन परिणाम घोषणा गर्दा सबै दलहरूले निर्वाचन आयोगमा आफूले प्राप्त गरेको परिणामका आधारमा ५० प्रतिशत महिला पठाउनु पर्ने व्यवस्था गरिए बमोजिम हाल संविधानसभामा महिलाहरूको उल्लेख्य सहभागिता हुन सम्भव भएको हो ।

**तलिका ५ : नेपालको संविधान निर्माणमा महिला सहभागिता**

| क्र.सं. | साल (वि.सं.) | महिलाको सङ्ख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|
| १ | **नेपाल सरकार वैधानिक कानुन, २००४** | ० | ० | ६ |
| २ | **नेपाल अन्तरिम शासन विधान, २००७** | ० | ० | १० |
| ३ | **नेपाल अधिराज्यको संविधान, २०१५** | ० | ० | ५ |
| ४ | **नेपालको संविधान, २०१९** | १ | १६.७ | ६ |
| ५ | **नेपाल अधिराज्यको संविधान, २०४७** | ० | ० | ९ |
| ६ | **नेपालको अन्तरिम संविधान, २०६३** | ४ | २५ | १६ |

स्रोत : लैङ्गिक आधारमा विभाजित तथ्याङ्क, राष्ट्रिय महिला आयोग, २०६५, पेज-४३ ।

[५२] पाठक र प्याकुरेल., पुर्ववत् (२०६४), पेज १०१-१०२ ।

भाग २

# संविधानसभामा महिला

# परिच्छेद २

# अध्ययनको प्रारूप

## अध्ययनको उद्देश्य र क्षेत्र

यस अध्ययनको तीनवटा मुख्य उद्देश्यहरू रहेका छन् :

१. सामान्य रूपमा नेपाली महिला आन्दोलनबारे र विशेष रूपमा संविधान निर्माणमा १९७ जना संविधानसभाका महिला सदस्यहरूको भूमिका र योगदानबारे अभिलेख राख्ने,

२. संविधानसभाका १९७ जना महिला सदस्यहरूको राजनीतिक तथा पारिवारिक पृष्ठभूमि, संविधान निर्माणमा उनीहरूले निर्वाह गरेका भूमिका र योगदान तथा संविधानसभासम्मको यात्रा तय गर्ने क्रममा भोगेका चुनौतीहरू, भावी योजना लगायतका विषयमा केन्द्रित रही बायोग्राफी तयार गर्ने ।

३. महिलाका मुद्दाहरूलाई सामूहिक रूपमा उठाउन र महिलाका मुद्दामा संविधानसभाका सम्पूर्ण महिला सदस्यहरूलाई एकै ठाउँमा ल्याउन महिला सभासद् समूह (ककस) ले निभाएको भूमिका र योगदानबारे जानकारीहरू प्रदान गर्ने ।

यस अध्ययनमा संविधानसभाका महिला सदस्य तथा प्रमुख सूचना दातासँगको अन्तर्वार्ता र लक्षित समूहसँगको छलफल (Focus Group Discussions) बाट प्राप्त सूचना तथा तथ्यहरू एवं अध्ययन सामग्रीहरूबाट प्राप्त जानकारीहरूका आधारमा निम्न अनुसारको विश्लेषण गरिएको छ :

- १९७ जना संविधानसभाका महिला सदस्यहरूका सामाजिक र राजनीतिक पृष्ठभूमि,
- संविधानसभा र संविधान निर्माण प्रक्रियामा महिला सदस्यहरूको भूमिका,
- महिला सदस्यहरूले संविधानसभामा आदिवासी/जनजाति, दलित मधेसी, मुस्लिम बाहेक अन्य उठाएका राष्ट्रिय महत्त्वका मुद्दाहरू,

- संविधान निर्माणका क्रममा महिला सदस्यहरूले भोग्नु परेका चुनौतीहरू र सामना गरेका रणनीतिहरू,
- संविधान निर्माणका क्रममा महिला सदस्यहरूलाई पुरूष सदस्यहरूबाट प्राप्त सहयोग,
- संविधानसभा र संविधान लेखन प्रक्रियामा १९७ जना महिला सदस्यहरूको योगदान र उपलब्धि,
- संविधानसभा तथा संविधान निर्माणमा महिला सदस्यहरूको अनुभव,
- महिला सदस्यहरूको राजनीतिक अनुभव,
- महिला सदस्यहरूका भावी योजनाहरू र संविधानसभाको कार्यकालपछि उनीहरूका अपेक्षाहरू,
- समग्रमा संविधान निर्माण प्रक्रियालाई अघि बढाउन र महिलाका मुद्दामा महिला सदस्यहरूलाई एकै ठाउँमा ल्याउन संविधानसभा महिला सभासद् समूह (ककस) ले निर्वाह गरेको भूमिका र भविष्यमा ककसको खेल्ने भूमिका,
- संविधानसभाको प्रक्रिया र कार्यविधिहरूका सम्बन्धमा महिला सदस्यहरूको भनाइ ।

## अध्ययनको ढाँचा

यो अध्ययन मूलतः अन्वेषात्मक (Explorative) पद्धतिमा आधारित छ । यस अध्ययनका निष्कर्षहरू मूलतः १९७ जना संविधानसभाका महिला सदस्यहरू तथा प्रमुख सूचनादातासँगको अन्तर्वार्ता, लक्षित समूहसँगको छलफल र स्रोत सामग्रीहरूको अध्ययनमा आधारित छन् । यसका अतिरिक्त प्राप्त तथ्य तथा सूचनालाई विवरणात्मक रूपमा विश्लेषण गरी तल प्रस्तुत गरिएको छ ।

## नमुना आकार र नमुना छनौट प्रक्रिया

संविधानसभाका महिला सदस्यहरूको बायोग्राफी तयार गर्नका लागि सम्पूर्ण संविधानसभाका महिला सदस्यहरूलाई समग्र नमुनाका रूपमा अध्ययनमा समावेश गरिएको छ । यसका लागि १९६[५३] जना महिला सदस्यहरूसँग अन्तर्वार्ता लिइएको छ । नेपाली महिला आन्दोलनबारे केही आधिकारिक तथ्यहरू प्राप्त गर्नका लागि केही महिला अधिकारकर्मीहरूसँग पनि अन्तर्वार्ता लिइएको छ । प्रमुख सूचनादाताको छनौट महिला आन्दोलन र दलित, मधेसी, मुस्लिम, आदिवासी/जनजाति महिला आदि आन्दोलनमा उनीहरूको संलग्नता र अनुभवको आधारमा गरिएको छ ।

## तथ्याङ्क/सूचनाको प्रकृति र स्रोत :

यो अध्ययन पूरा गर्नका लागि सङ्ख्यात्मक र गुणात्मक दुबै प्रकृतिका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । त्यस्तै अध्ययन कार्यमा प्राथमिक तथा सहायक दुबै स्रोतहरूबाट सूचना सङ्कलन गरिएको छ । मूलतः सहायक स्रोत/सामग्रीहरू नेपाली महिला आन्दोलन, विभिन्न समयमा भएका आन्दोलनमा नेपाली महिलाको सहभागिता र राष्ट्र

---

[५३] यस अध्ययनका लागि आवश्यक सूचनाहरू सङ्कलन गर्न १९६ जना महिला सदस्यहरूसँग मात्र विस्तृत अन्तवार्ता गरिएको थियो । स्व. रामकुमारी यादव दिवगंत हुनु भएकाले संविधानसभामा महिला सदस्यहरू १९६ हुन गएको हो ।

निर्माणमा नेपाली महिलाको भूमिका र योगदानको विश्लेषणमा केन्द्रित छन् । यसै गरी महिला सदस्यहरूको बायोग्राफी मूलतः प्राथमिक सूचनामा आधारित छ । अध्ययनका केही पक्षहरू प्राथमिक र सहायक स्रोतहरूका आधारमा विश्लेषण गरिएका छन् ।

## तथ्याङ्क/सूचना सङ्कलन विधि :

प्राथमिक तथा सहायक दुबैखाले सूचनाहरू सङ्कलन गर्न र अध्ययनको प्रारम्भिक चरणमा सहायक सूचनाहरू सङ्कलन गर्नका लागि विद्यमान अध्ययन सामाग्रीहरू, कार्यालय अभिलेखहरू तथा अन्य अध्ययन सामग्रीहरूको पुनरावलोकन गरिएको थियो । प्राथमिक सूचनाका लागि वस्तुगत र विषयगत प्रश्नावली सहितको अन्तर्वार्ता, लक्षित समूह छलफल तथा प्रमुख सूचनादाताहरूसँग विषयगत अन्तर्वार्ता लिइएको थियो ।



## प्राथमिक तथ्याङ्क सङ्कलन

प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि संविधानसभा, संविधानसभाको सचिवालय, महिला सभासद् समूह (ककस) को सचिवालय, राजनीतिक दल तथा अन्य सङ्घसंस्थाहरूका कार्यालयको क्षेत्रगत भ्रमण गरिएको थियो । क्षेत्रगत भ्रमणका क्रममा देहायका क्रियाकलापहरू सम्पन्न गरिएका थिए :

### क) प्रश्नावली सर्भे/विस्तृत अन्तर्वार्ता

संविधानसभाका महिला सदस्यहरूसँग आवश्यक पर्ने सूचनाहरू सङ्कलन गर्न १९६ जना महिला सदस्यहरूसँग विस्तृत प्रश्नावली सर्भे गरिएको थियो । १९७ जना महिला सदस्यहरूको पृष्ठभूमि, संविधानसभा अन्तर्गतका समितिहरूमा उनीहरूको भूमिका, योगदान तथा संविधानसभामा महिला सदस्यहरूको प्रमुख उपलब्धिहरूबारे सूचना सङ्कलनका लागि अनुसूचीकृत प्रश्नावली र चेक लिस्टको प्रयोग गरिएको थियो ।

### ख) अनौपचारिक अन्तर्वार्ता :

सूचना दाताहरूबारे थप जानकारीका प्राप्त गर्नका लागि अन्तर्वार्ताका क्रममा अनौपचारिक छलफल पनि गरिएको थियो । यस्तो छलफलका लागि कुनै विशेष प्रश्नावली तयार नगरी तत्कालीन सन्दर्भलाई आधार मानी छलफल गरिएको थियो । सूचनादाताका बारेमा वैयक्तिक सूचना प्राप्त हुनु यस्तो छलफलको सकारात्मक पक्ष हो । कतिपय अवस्थामा यस्तो छलफल अनुसन्धानकर्ताको योजना वा पूर्व अपेक्षा बिना पनि भएको थियो । संविधानसभाका केही महिला सदस्य तथा नागरिक समाजका प्रतिनिधिहरूसँग पनि अनौपचारिक छलफलमा आधारित अन्तर्वार्ता गरिएको थियो ।

### ग) प्रमुख सूचनादाता अन्तर्वार्ता :[५४]

संविधानसभामा महिलाको भूमिका र योगदानका बारेमा पर्याप्त जानकारी भएका विशेषज्ञहरूलाई प्रमुख सूचना दाताका रूपमा अन्तर्वार्ता लिइएको थियो । अध्ययन पूरा गर्नका लागि आवश्यक पर्ने सूचनाहरू सङ्कलन

---

[५४] सूचनादाताहरूको नामावली परिशिष्ट १ मा राखिएको छ ।

गर्नका लागि राजनीतिक दल तथा तिनका महिला सङ्गठन, संविधानसभाका महिला सदस्यहरू तथा नागरिक समाजसँग सम्बद्ध व्यक्तिहरूसँग पनि अन्तर्वार्ता लिइएको थियो ।

**घ) लक्षित समूह छलफल :**

अध्ययनमा प्रयोग भएका सूचनाहरूको वैधता परीक्षणका लागि महिला अधिकारकर्मीहरू समावेश गरी लक्षित समूह छलफल पनि गरिएको थियो । लक्षित समूह छलफलको उद्देश्य नेपाली राजनीति र संविधान निर्माण प्रक्रियामा महिलाको भूमिका र योगदानबारे राय सुझाव र जानकारी लिएर त्यसलाई प्रस्तुत गर्नु रहेको थियो ।

## तथ्याङ्क व्यवस्थापन, विश्लेषण र व्याख्या :

अन्तर्वार्ता तथा सर्भेबाट प्राप्त सूचनाहरू एसपिएसएस (SPSS) प्रविधिको प्रयोग गरी कोडिङ गरिएको छ । अध्ययनमा संलग्न टोलीले प्राप्त तथ्यहरूलाई प्रशोधन तथा परीक्षण पनि गरेको छ । विस्तृत अन्तर्वाताबाट प्राप्त सूचनाहरूलाई पहिले एकत्रित गरी र पछि सोही तथ्यहरूका आधारमा महिला सदस्यहरूको बायोग्राफी तयार गरिएको छ । यसका अतिरिक्त मुख्य सूचनादाताहरू र लक्षित समूहबाट प्राप्त सूचनाहरूलाई पनि एकत्रित गरी अध्ययन सामग्रीहरूको पुनरावलोकन तथा प्रतिवेदन लेखनमा प्रयोग गरिएको छ ।

विभिन्न पद्धति तथा विधिबाट सङ्कलन गरिएका सूचनाहरूलाई अध्ययनको आवश्यकता अनुसार प्रशोधन र विश्लेषण गरिएको छ । महिला सदस्यहरूको शिक्षा, उमेर, पारिवारिक संरचना, राजनीतिमा सहभागी हुने उत्प्रेरणा, संविधानसभा अर्न्तगतका समितिहरूमा बहन गर्नु परेका चुनौतीहरूलाई सामान्य तथ्याङ्कीय विधि, जस्तो : प्रतिशत, औसत, आदिको प्रयोग गरी प्रशोधन, तालिकीकरण र विश्लेषण गरिएको छ । यसै गरी महिला सदस्य सम्बन्धी गुणात्मक तथ्याङ्कहरू विवरणमा आधारित गुणात्मक तरिकाले विश्लेषण गरिएको छ । यी बाहेक प्रतिवेदनलाई अन्तिम रूप दिने क्रममा अन्य सूचनाहरूलाई पनि समावेश गरिएका छन् ।

## नैतिक मान्यता

यो अध्ययन संविधानसभाका महिला सदस्य, राजनीतिकर्मी, महिला अधिकारकर्मी र अन्य सरोकारवालाहरूसँगको विस्तृत अन्तर्वार्ता लगायत प्राथमिक र सहायक दुबैखाले सूचनामा आधारित रहेको छ । यसका लागि अध्ययन टोलीले नैतिकता सम्बन्धी निर्देशन अपनाउनु जरूरी हुन्छ । जस्तो मुख्य सूचना दाताका रूपमा छनौट गरिएका व्यक्तिहरू उपलब्ध हुन सजिलो भएका आधारमा नभई अध्ययनका लागि बढी प्रभावकारी र उपयोगी हुने आधारमा छनौट गरिएको छ । महिला सदस्यहरूसँग अन्तर्वार्ता लिनुपूर्व उनीहरूसँग अनुमति लिइएको छ र उनीहरूलाई असजिलो लागेका सूचनाहरूलाई बायोग्राफीमा समावेश गरिएको छैन ।

यसका साथै, बायोग्राफी मस्यौदा तयार गरी महिला सदस्यहरूलाई पनुनरावलोकनका लागि उपलब्ध गराइएको छ । महिला सदस्यहरूबाट प्राप्त सुझाव सङ्कलन गरेर तथ्याङ्कहरूलाई प्रमाणित गरिएको छ । महिला सदस्यहरूबाट स्वीकृत भए पश्चात मात्र बायोग्राफीलाई अन्तिम चरण दिइएको छ ।

अध्ययन टोलीको व्यक्तिगत पूर्वाग्रह र विचारधारालाई यो प्रकाशनमा झल्किन नदिन विशेष सावधानी पनि अपनाइएको छ । निश्चित संवेदनशील विषयका सम्बन्धमा जवाफदाताले व्यक्त गरेका रायहरू कसले भनेको हो

भन्ने नखुलाई प्रस्तुत गरिएको छ । बरू त्यस्ता विचारहरूलाई सामूहिक विश्लेषणका रूपमा प्रतिवेदनमा चित्रण गरिएको छ । अध्ययन टोलीलाई प्राप्त भएका सूचनाहरूमा आधारित भई अध्ययनका निचोडहरू दुरूस्त प्रस्तुत गरिएको छ ।

## अध्ययनका सीमाहरू

संविधानसभाका महिला सदस्यहरूका राजनीतिक तथा सामाजिक जीवनको विस्तृत विवरणहरू समावेश गर्ने प्रयास गर्दा–गर्दै पनि हरेक बायोग्राफीलाई दिइएको स्थानको सीमितताले गर्दा महिला सदस्यहरूको जीवनका सबै पक्षहरूलाई उल्लेख गर्न सकिएको छैन । हरेक बायोग्राफीका लागि शब्द सीमा ९०० देखि बढीमा १२०० शब्दमा सीमित गरिएको छ ।

वि.सं. क्यालेन्डर अनुसार केवल साल मात्र उल्लेख गरिएको सन्दर्भमा त्यसलाई इ.सं.मा रूपान्तरण गर्न कठीन भएकाले गल्ती तथा कमीकमजोरीहरूलाई सकेसम्म न्यूनीकरण गर्ने प्रयत्न गरिएको छ ।

यो पुस्तक तयार पार्नका लागि साउन २०६८ सम्म सूचना सङ्कलन गरिएपनि बायोग्राफीको अन्तरवार्ता चैत २०६७ सालमा सकिएकोले त्यही समयावधीको सूचनामा यो पुस्तक आधारित रहेको छ ।

महिला सदस्यहरूसँग सम्बन्धित तथ्याङ्कहरू अध्ययनका लागि तयार पारिएका प्रश्नावली तथा अन्तवार्ताहरूमा आधारित छन् । तर, बायोग्राफी तयार गरी सकेर महिला सदस्यहरूलाई पुनरावलोकनका लागि पठाउँदा केही तथ्याङ्कहरू परिवर्तन भएर आएपनि तिनलाई बायोग्राफीमा मात्र परिमार्जन गर्न सकिएको छ ।

# परिच्छेद ३

# संविधानसभाका महिला सदस्यहरूबारे विश्लेषण

संविधानसभामा १९६[५५] महिला सदस्यहरूको उपस्थितिले नेपालका विभिन्न भुभागमा बस्ने विभिन्न जाति तथा वर्गका महिलाहरूको प्रतिनिधित्व गरेको छ । संविधानसभाका महिला सदस्यहरूलाई राजनीतिकर्मी, प्राज्ञ, पेशाकर्मी, महिला अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूका रूपमा पनि वर्गीकरण गर्न सकिन्छ । संविधानसभामा अपाङ्गता भएको महिलाको पनि उपस्थिति रहेको छ । १९६ जना महिला सदस्यहरूमध्ये २६ जनासँग मात्र संसदीय अभ्यासको अनुभव छ र बाँकी १७० जनाको ठूलो समूहका लागि भने संविधानसभा एकदमै नयाँ अनुभव हो । यस परिच्छेदमा महिला सदस्यहरूको पृष्ठभूमि  र विशेषताहरूका साथै संविधानसभा र विभिन्न समितिहरूमा उनीहरूको प्रतिनिधित्वका बारेमा छलफल गरिएको छ ।

## संविधानसभा र समितिमा महिलाको प्रतिनिधित्व

महिला लगायत समाजका सबै जाति तथा वर्गकालाई संविधान निर्माण प्रक्रियामा समावेश गराउने प्रयासको परिणामस्वरूप २०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधानसभाको निर्वाचनले नेपाललाई समावेशी राजनीतिक विकासको नयाँ आयाममा प्रवेश गर्न सघाउ पुऱ्यायो । यो संविधानसभा अनेकौँ दृष्टिले ऐतिहासिक रहेको छ । जनप्रतिनिधिहरूद्वारा संविधान लेख्न लागिएको यो पहिलो पटक हो । संविधानसभाको निर्वाचनबाट १९७ महिलाहरू (कुल ६०१ सदस्यमध्ये ३२.७८%) निर्वाचित भए जसले गर्दा संविधानसभा तथा व्यवस्थापिका संसद्मा महिला नेतृहरूको एउटा नयाँ लहरकै उदय हुन पुग्यो । नेपालको इतिहासमा पहिलो पटक दलित, जनजाति, मधेसी तथा मुस्लीम लगायत अन्य सीमान्तकृत समूदायका महिलाहरूले संविधानसभा तथा व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गरिरहेका छन् ।  यो सकारात्मक परिवर्तन नेपालको अन्तरिम संविधान २०६३ द्वारा उपलब्ध गराइएको नयाँ निर्वाचन सम्बन्धी कोटा प्रणालीको प्रतिफल हो ।

---

[५५] पृष्ठ ५३ को पाद टिप्पणी हेर्नुहोस् ।

राजनीतिक रूपले महिला तथा अन्य पछाडि पारिएका वर्ग तथा समुदायलाई प्रतिनिधित्व गराउने ध्येयले अन्तरिम संविधानको धारा ६३ (४) मा राजनीतिक दलहरूद्वारा उम्मेद्वारको छनोट गर्दा महिला, दलित, उत्पीडित आदिवासी/जनजाति, मधेसी तथा अन्य समूहहरूको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्नका निम्ति समावेशीको सिद्धान्त अँगालिएको छ। यसका साथै अन्तरिम संविधानको धारा ६३ (५) मा 'समानुपातिक प्रतिनिधित्वका आधारमा उम्मेद्वारको सङ्ख्या अनुसार मनोनयन गरिने उम्मेद्वारहरूको कुल सङ्ख्याको न्यूनतम एक-तिहाइ महिला हुनु पर्ने' कुरा उल्लेख छ। संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ ले समानुपातिक प्रतिनिधित्व तथा प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत कुल उम्मेद्वार सङ्ख्याको कम्तीमा एक-तिहाई महिला हुनु पर्ने कुरालाई पनि सुनिश्चित गरेको छ। यसका अतिरिक्त, उक्त ऐनले पङ्क्तिबद्व नगरिएको बन्द सूचीका आधा उम्मेद्वारहरूमा मधेसी, दलित, उत्पीडित आदिवासी/जनजाति, पिछडिएका क्षेत्र र अन्य समूहहरूका महिलाको प्रतिनिधित्व हुनु पर्ने कुरा पनि सुनिश्चित गरेको छ।

संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरियो। प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गतका २४० सिटमा ३० जना (१२.५%) महिला मात्र निर्वाचित भए पनि नेपाललाई एकल निर्वाचन क्षेत्र मानिने समानुपातिक प्रणालीको ३३५ सिटमध्येबाट १६१ (४८.०५%) महिलाहरू निर्वाचित भए, र मन्त्रिपरिषद्का २६ वटा सिटमध्येबाट ६ जना महिलालाई मनोनयन गरियो। संविधानसभामा समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत करिब २८ प्रतिशत महिला प्रतिनिधित्वलाई मात्र सुनिश्चित गरिएको थियो। यहाँनेर उल्लेखनीय कुरा के हो भने प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत निर्वाचित ३० महिलामध्ये २४ जना एनेकपा (माओवादी) बाट निर्वाचित भएका कारणले संविधानसभामा ३२.७८ प्रतिशत महिला प्रतिनिधित्व सम्भव भएको हो।

तालिका ६ मा संविधानसभा तथा व्यवस्थापिका संसद् अन्तर्गतका समितिहरूको सूची दिइएको छ र प्रत्येक समितिमा रहेका संविधानसभाका महिला सदस्यहरूको सङ्ख्या पनि खुलाइएको छ :

**तालिका ६ : संविधानसभाका समितिहरूमा महिला सदस्यहरूको प्रतिनिधित्व**

| क्रम सङ्ख्या | संविधानसभाका समितिहरू | महिलाको सङ्ख्या |
|---|---|---|
| १ | संवैधानिक समिति | १६ |
| २ | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | १५ |
| ३ | अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हकअधिकार संरक्षण समिति | १७ |
| ४ | राज्यको पुन:संरचना र राज्यशक्तिको बाँडफाँड समिति | १२ |
| ५ | व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति | ११ |
| ६ | राज्यको शासकीय स्वरूप निर्धारण समिति | १२ |
| ७ | न्याय प्रणाली समिति | १६ |
| ८ | संवैधानिक निकायको संरचना निर्धारण समिति | १५ |
| ९ | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति | ७ |
| १० | सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति | १९ |
| ११ | राष्ट्रिय हित संरक्षण समिति | ९ |

| | | |
|---|---|---|
| १२ | नागरिक सम्बन्ध समिति | १५ |
| १३ | जनमत सङ्कलन तथा समन्वय समिति | १४ |
| १४ | क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति | १८ |

तालिका ७ : व्यवस्थापिका संसद्का समितिहरूमा महिला सदस्यहरूको प्रतिनिधित्व

| क्रम सङ्ख्या | व्यवस्थापिका संसद्का समितिहरू | महिलाको सङ्ख्या |
|---|---|---|
| १ | विधायन समिति | २५ |
| २ | अर्थ तथा श्रम सम्बन्ध समिति | १५ |
| ३ | अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समिति | १९ |
| ४ | प्राकृतिक स्रोत तथा साधन समिति | १८ |
| ५ | विकास समिति | १५ |
| ६ | महिला, बालबालिका र समाज कल्याण समिति | ३८ |
| ७ | राज्य व्यवस्था समिति | १९ |
| ८ | सार्वजनिक लेखा समिति | १५ |
| ९ | सुरक्षा विशेष समिति | १३ |
| १० | संसदीय सुनुवाइ विशेष समिति | २३ |

यी मध्ये प्रत्येक समितिमा महिलाहरूले, महिला सम्बन्धी मुद्दाहरू मात्र होइन, समितिको उद्देश्य अनुसारका मुद्दाहरू पनि उठाएका छन् । समयको पावन्दी, केही पुरूष सदस्यहरूबाट सहयोगको अभाव तथा अरू धेरै किसिमका व्यवधानहरू हुँदाहुँदै पनि महिला सदस्यहरूले समितिका छलफलमा सक्रीय रूपले भाग लिएका छन् । संविधानको प्रारम्भिक मस्यौदामा महिला लगायत सीमान्तकृत समुदायका मुद्दाहरूको प्रतिनिधित्व उनीहरूको निरन्तरको प्रयासले मात्र सम्भव भएको हो ।

## जात/जाति




चित्र १ : संविधानसभाका महिला सदस्यहरूको जात/जाति

विभिन्न जात जाति तथा पृष्ठभूमिका भएका महिलाहरू निर्वाचित भएर पनि संविधानसभा समावेशी बनेको छ । संविधानसभाका बहुसङ्ख्यक महिला सदस्यहरू आदिवासी/जनजाति (३५.७%) समुदायका छन् । त्यसपछि २२.४ प्रतिशत ब्राह्मण र १५.८ प्रतिशत मधेसी महिलाहरू छन् । १०.७ प्रतिशत दलित र १०.७ प्रतिशत क्षेत्री छन् भने २.६ प्रतिशत मुस्लिम र किराँत तथा अन्य समूह पनि दुई प्रतिशत मात्र छन् । यस्ता विविध पृष्ठभूमि भएका महिलाहरूको उपस्थितिले गर्दा संविधानसभा तथा यसका समितिहरूमा यी सबै समुदायहरूका मुद्दाहरू राम्ररी प्रस्तुत तथा छलफल हुने कुरालाई सुनिश्चित तुल्याएको छ ।

## मानिने धर्महरू




चित्र २ : संविधानसभाका महिला सदस्यहरूले मान्ने धर्म

संविधानसभामा विभिन्न धर्मको प्रतिनिधित्व गर्ने महिला सदस्यहरू पनि रहेका छन् जसमध्ये अधिकांशले (५७.७%) हिन्दु धर्ममा आस्था राख्छन् । २६.५ प्रतिशत महिला (५२ जना) सदस्यहरूले आफूलाई कुनै निश्चित धार्मिक आस्था भन्दा अलग राखेका छन् जसमध्ये बहुसङ्ख्यक (३८ महिला) एनेकपा (माओवादी) मा आबद्ध छन् ।

## उमेर समूह




| | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | ६०-६५ | ६५-७० | >७० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिलाको उमेर समूह | ९ | ४९ | ३४ | २६ | २८ | ३० | ७ | ७ | ५ | १ |

चित्र ३ : संविधानसभाका महिला सदस्यहरूको उमेर समूह

संविधानसभाका महिला सदस्यहरू हाल २८ देखि ७८ वर्षको उमेर समूहभित्र पर्दछन् । संविधानसभाका ४९ जना महिला सदस्यहरू ३०-३५ वर्षको उमेर समूहका छन् जसमा ४९ जना यस समूहमा पर्दछन् । संविधानसभाका महिला सदस्यहरूको सरदर उमेर ४३ वर्ष छ ।

## शिक्षा

**तालिका ८ : संविधानसभाका महिला सदस्यहरूको शैक्षिक स्तर**

| शैक्षिक स्तर | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साधारण लेखपढ | ३५ | १७.९ |
| माध्यमिक शिक्षा | २२ | ११.२ |
| एसएलसी (प्रवेशिका परीक्षा तह) | ४८ | २४.५ |
| प्रमाणपत्र तह | २९ | १४.८ |
| स्नातक तह | ३३ | १६.८ |
| स्नातकोत्तर र सोभन्दा माथि | २९ | १४.८ |
| कुल | १९६ | १०० |

शिक्षाको हकमा पनि संविधानसभाका महिला सदस्यहरूमा विविधता रहेको छ । औपचारिक शिक्षा पाउन नसकेका कारण साधारण लेखपढ मात्र गर्न सक्ने महिलाहरू १७.९ प्रतिशत छन् र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूबाट राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, विकास अध्ययन, कानुन, लैङ्गिक अध्ययन, अङ्ग्रेजी साहित्य, नेपाली साहित्य, गणित आदि विषयमा स्नातकोत्तरभन्दा माथि अध्ययन गरेका महिला सदस्यहरू १४.८ प्रतिशत छन् । २४.५ प्रतिशत महिला सदस्यहरूले प्रवेशिका तह सम्म पूरा गरेका छन् । यसरी विविध शैक्षिक पृष्ठभूमि भएका महिला सदस्यहरूले संविधानको मस्यौदा तयार पार्ने कार्यमा, अझ खास गरेर महिला सम्बन्धी मुद्दा अघि सार्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । प्रारम्भिक चरणमा अधिकांश महिला सदस्यहरूलाई संविधानसभाका नियम र कार्यविधिहरूबारे बुझ्न गाह्रो पऱ्यो भने औपचारिक शिक्षा थोरै वा नपाएका महिलाहरूले त अझ बढी अप्ठ्याराहरू झेल्नुपऱ्यो ।

## पारिवारिक तथा वैवाहिक स्थिति

संविधानसभाका केही महिला सदस्यहरू राजनीतिमा नयाँ छन् भने केही महिला सदस्यहरू उच्च तहका पुरुष नेताहरूसित वैवाहिक सम्बन्धमा बाँधिएका छन् । केही महिला सदस्यहरू चाहिँ सशस्त्र द्वन्द्वमा श्रीमान् गुमाएका एकल महिलाहरू छन् जो न्याय प्राप्तिका लागि राजनीतिमा अघि बढेका छन् । ती एकल महिलामध्ये ७.७ प्रतिशत अविवाहित छन् र १५.३ प्रतिशत महिला छन् । अधिकांशले एनेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित एक दशक लामो सशस्त्र युद्धमा आफ्ना श्रीमान् गुमाएका छन् ।

**चित्र ४ : संविधानसभाका महिला सदस्यहरूको वैवाहिक स्थिति**




अधिकांश संविधानसभाका महिला सदस्यहरू (७३.५%) विवाहित छन् । प्रत्यक्ष निर्वाचन प्रणालीबाट संविधानसभामा छानिएका २९ जना महिलाहरूमध्ये १८ जना विवाहित छन् । संविधानसभाका १४४ जना विवाहित महिला सदस्यहरूमध्ये बहुसङ्ख्यकको विवाह राजनीतिकर्मीहरू सित भएको छ भने अरू धेरै जनाको विवाह चाहिँ किसान तथा व्यापारीहरू सित भएको छ । तल दिइएको तालिकामा उल्लेख गरिएका पेशाकर्मीहरू बाहेक महिला सदस्यहरूको विवाह विकासकर्मी, सामाजिक अधिकारकर्मी, परामर्शदाता, स्वास्थ्यकर्मी, पत्रकार, कानुन व्यवसायी, सूचीकार र ट्याक्सी चालकहरूसित भएको छ ।

**तालिका ९ : संविधानसभाका विवाहित महिला सदस्यहरूको श्रीमान्को पेशा**

| श्रीमान्को पेशा | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राजनीतिकर्मी | ५७ | ३९.६ |
| व्यापारी | १४ | ९.७ |
| सरकारी कर्मचारी | १ | ०.७ |
| निजी क्षेत्रको कर्मचारी | ६ | ४.२ |
| किसान | २० | १३.९ |
| अवकाश प्राप्त व्यक्ति | ४ | २.८ |
| सिभिल इन्जिनियर | १ | ०.७ |
| शिक्षक | ९ | ६.३ |
| अन्य | ३२ | २२.२ |
| कुल | १४४ | १००.० |

अविवाहित महिला सदस्यहरूलाई छाडेर ९ जना महिला सदस्यबाहेक अधिकांश महिला सदस्यहरूका कम्तीमा एक सन्तान छन् । संविधानसभाका ५३ जना महिला सदस्यहरूका छोरा मात्र छन्, ४० जनाका छोरी मात्र छन्, अनि ७९ जनाका छोराछोरी दुबै छन् । औसतमा महिला सदस्यहरूको छोराहरूको अधिकतम सङ्ख्या तीन छ भने छोरीहरूको सङ्ख्या चाहिँ ६ छ ।

संविधानसभाका १५ प्रतिशत धेरै महिला सदस्यहरूका परिवार एकात्मक छन् । अध्ययनको क्रममा आर्थिक स्थिति सम्बन्धी प्रश्नको उत्तर दिँदै महिला सदस्यहरूले ४८ प्रतिशत, मध्यम वर्गीय तथा निम्न मध्यम वर्गीय ३६.२ प्रतिशतले पृष्ठभूमिबाट आएको बताएका थिए । ११.७ प्रतिशत महिला सदस्यहरूका अनुसार उनीहरू निम्न वर्गमा पर्दछन् भने उच्च वर्गका महिलाहरूको ४ प्रतिशतमात्र सङ्ख्या रहेको छ । त्यसैगरी वैवाहिक आधारमा भारतबाट आएका नेपाली नागरिकता प्राप्त १८ जना महिलाहरू संविधानसभाका सदस्य रहेका छन् ।

## महिलाहरूमाथि हुने हिंसा

संविधानसभाका महिला सदस्यहरूको राजनीतिक यात्रा त्यति सहज छैन । राजनीति र सङ्घर्ष पर्यायवाची हुनाले महिला सदस्यहरूले अनेकौँ चुनौतीहरूको सामना गर्नु परेको छ । कतिपय महिला सदस्यहरूले अदालती मुद्दाहरूको सामना गरेका र जेल परेका छन् भने कतिपयले विभिन्न प्रकारका हिंसाहरू भोगेका वा युद्धमा आफ्ना प्रियजनहरूलाई गुमाएको अवस्था छ ।

संविधानसभाका १९६ जना महिला सदस्यहरूमध्ये ३६ प्रतिशतले राजनीतिमा लाग्दा अदालती मुद्दाको सामना गर्नुपरेको अध्ययनले देखाएको छ । यसका अतिरिक्त, ७० प्रतिशत महिला सदस्यहरूले राजनीतिमै संलग्न भएकै कारणले हिंसाको सामना गर्नु परेको स्थिति छ ।

राजनीतिमा लागेका महिलाहरूमाथि हुने हिंसामा शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक तथा धम्की समेत पर्दछन् । साथै, यसभित्र जबर्जस्ती तथा स्वेच्छाचारी तरिकाले उनीहरूको स्वतन्त्रता हरण गर्ने कुराहरू पनि पर्दछन् । यस्ता कुराहरूले उनीहरूका राजनितिका, सार्वजनिक तथा उनिहरूको र निजी जीवन परिवारभित्र वा आन्तरिक अन्तरपार्टी तह वा समाज र राज्यको हरेक तहमा होस वा महिलाको स्वतन्त्रता र विकासमा समेत असर पुऱ्याउने गर्दछ ।[५६] १३७ जना महिला सदस्यहरूले राजनीतिक जीवनयात्राका क्रममा आफूहरूले हिंसाको अनुभव गरेको बताए । महिला सदस्यहरूले सामना गर्नु परेका हिंसाका घटनाहरू तलको तालिकामा प्रस्तुत गरिएका छन् :

**तालिका १० : संविधानसभाका महिला सदस्यहरूले राजनीतिक जीवनयात्राका क्रममा सामना गर्नु परेका हिंसाहरू**

| हिंसाका रूपहरू | महिलाको सङ्ख्या | प्रतिशत (राजनीतिक जीवनयात्राको क्रममा आफूहरूले हिंसाको अनुभव गरेको बताउने महिला सदस्यहरू) |
|---|---|---|
| शारीरिक हिंसा | ५५ | ४०.१ |
| मानसिक हिंसा | ११६ | ८४.७ |
| यौन हिंसा | ७ | ५.१ |
| धम्की वा दबाब | ९६ | ७०.१ |
| अन्य | १३ | ९.५ |

नोट : यो बहुउत्तर आउने प्रश्न भएकाले उत्तरदाताहरूले एकभन्दा बढी उत्तर दिएका हुन सक्छन् ।

[५६] नेपाली रो. कु, (२००५), महिला प्रतिनिधित्व तथा हिंसा, नेपालको संविधानसभाको खोजबिन, मङ्सिर (पहिलो संस्करण), काठमाण्डौ : साप इन्टरनेसनल र इन्टरनेसनल आइडिया पेज १ ।

संविधानसभाका महिला सदस्यहरूले सामना गर्नुपरेका हिंसाहरूमध्ये आम रूपमा मानसिक हिंसा र त्यसपछि धम्की वा दबाब पर्दछन् । हिंसाका यी प्रमुख स्वरूपहरू बाहेक महिला सदस्यहरूले विभेद, चरित्रहत्या, आर्थिक हिंसा, सार्वजनिक अपमान तथा सामाजिक कलङ्क जस्ता हिंसाका स्वरूपहरूको पनि सामना गर्नुपरेको स्थिति अध्ययनले देखाएको छ ।

महिला सदस्यहरूलाई हिंसा गर्नेहरू को हुन् त्यो कुरा औंल्याउन पनि आग्रह गरिएको थियो । आफूले हिंसाको सामना गर्नु परेको स्वीकार गर्ने १३७ जान महिला सदस्यहरूमध्ये ६८ प्रतिशत प्रहरी र सेना लगायतका सुरक्षा बलहरूले आफूहरूमाथि हिंसा गरेको बताए भने २७ प्रतिशतले आफ्नो रोजगारीका सिलसिलामा रोजगार दाताहरू, १४ प्रतिशतले परिवारका सदस्यहरू, १३ प्रतिशत नातेदारहरू, ४४ प्रतिशत श्रीमान्हरू र ३.६ प्रतिशत निजामती कर्मचारीहरूबाट हिंसाको सामना गर्नुपरेको बताए । यसका अतिरिक्त, २८ प्रतिशत महिला सदस्यहरूले चाहिँ आफूले समाज, गाउँले, प्रशासक तथा पञ्चायती व्यवस्थाका समर्थकहरूबाट हिंसाको सामना गर्नु परेको बताए ।

## राजनीतिक दलमा महिला सहभागीता

संविधानसभामा सुरुमा २५ वटा राजनीतिक दलहरू थिए जसमध्ये १९ वटा दलमा मात्र महिला सदस्यहरू थिए । पछि, जनमोर्चा-नेपाल नेपाल कम्युनिस्ट पार्टी (माओवादी) मा गाभियो । अध्ययनको क्रममा केही दलहरू टुक्रिँदा राजनीतिक दलहरू को संख्याहरू बढेर ३१ वटा भए जसमध्ये हाल २३ दलमा मात्र महिला प्रतिनिधिहरू रहेका छन् । तलको तालिकामा २३ वटा दल र यीमध्ये प्रत्येक दलबाट प्रतिनिधित्व गर्ने महिला सदस्यहरूको सङ्ख्या दिइएको छ :

**तालिका ११ : राजनीतिक दलहरू तथा निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित संविधानसभाका महिला सदस्यहरूको सूची (२०६८ साउन सम्म आधारित)**

| | | महिला सदस्य | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | राजनीतिक दल | समानुपातिक प्रतिनिधित्व | प्रत्यक्ष निर्वाचन | मनोनयन | कुल संख्या |
| १ | एनेकपा (माओवादी) | ५२ | २४* | ३ | ७९ |
| २ | नेपाली काङ्ग्रेस | ३६ | २ | १ | ३९ |
| ३ | नेकपा (एमाले) | ३५ | १ | २ | ३८ |
| ४ | मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) | ६ | १ | ० | ७ |
| ५ | मधेसी जनअधिकार फोरम नेपाल | १ | १ | ० | २ |
| ६ | तराई-मधेस लोकतान्त्रिक पार्टी | २ | ० | ० | २ |
| ७ | तराई-मधेस लोकतान्त्रिक पार्टी - नेपाल | ३ | १ | ० | ४ |
| ८ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४ | ० | ० | ४ |
| ९ | नेकपा (माले) | ३ | ० | ० | ३ |
| १० | नेकपा (एकीकृत) | २ | ० | ० | २ |
| ११ | सद्भावना पार्टी | १ | ० | ० | १ |

* स्व. रामकुमारी यादव प्रत्यक्ष निर्वाचनवाट निवाचित हुनुहुन्थ्यो ।

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) | २ | ० | ० | २ |
| १३ | नेकपा (संयुक्त) | १ | ० | ० | १ |
| १४ | राष्ट्रिय जनशक्ति पार्टी | १ | ० | ० | १ |
| १५ | राष्ट्रिय जनमोर्चा | १ | ० | ० | १ |
| १६ | नेपाल मजदुर–किसान पार्टी | १ | ० | ० | १ |
| १७ | नेपाल जनता दल | १ | ० | ० | १ |
| १८ | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १ | ० | ० | १ |
| १९ | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) | १ | ० | ० | १ |
| २० | नेकपा (माले समाजवादी) | १ | ० | ० | १ |
| २१ | राष्ट्रिय जनमुक्ति पार्टी | १ | ० | ० | १ |
| २२ | मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक) | ४ | ० | ० | ४ |
| २३ | संङ्घिय सद्भावना पार्टी | १ | ० | ० | १ |
| | कुल | १६१ | ३० | ६ | १९७ |

माथिको तालिकाबाट एनेकपा (माओवादी) संविधानसभामा सबैभन्दा धेरै महिला सदस्यहरू (७९) भएको दल हो । त्यसपछि क्रमशः नेपाली काङ्ग्रेसमा (३९ महिला सदस्य) र नेकपा (एमाले) मा (३८ महिला सदस्य) रहेका छन् । नेकपा (संयुक्त), राष्ट्रिय जनशक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल जनता दल आदि जस्ता साना दलहरूमा एक एकजना मात्र महिला प्रतिनिधिहरू रहेका छन् । एकभन्दा बढी सदस्य सङ्ख्या रहेका दलहरूको हकमा भने महिला सदस्यको सङ्ख्या शून्य छ ।

दलित जनजाति पार्टी, चुरेभावर राष्ट्रिय एकता पार्टी–नेपाल, समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल, नेपाः राष्ट्रिय पार्टी, नेपाल लोकतान्त्रिक समाजवादी दल, नेपाल परिवार दल र सङ्घीय लोकतान्त्रिक पार्टी संविधानसभामा प्रतिनिधित्व गर्ने भएका तर महिला प्रतिनिधि नभएका दलहरू हुन् । महिला प्रतिनिधि भएका २३ दलहरूमध्ये एनेकपा (माओवादी) अन्य दलहरूभन्दा बढी समावेशी दल हो किनभने यस दलमा मधेसी, आदिवासी/जनजाति, दलित आदि समुदायका महिलाहरूको पनि प्रतिनिधित्व रहेको छ ।

## राजनीतिमा लाग्ने प्रेरणा

संविधानसभामा जनजीवनका सबै क्षेत्रका महिलाहरूको प्रतिनिधित्व रहेको छ । तीमध्ये कोही सहरको अस्तव्यस्त वातावरणमा जन्मेका हुन् भने कोही दुर्गम पहाडी तथा तराई क्षेत्रमा जन्मेका हुन् जहाँ विभेद व्याप्त छ । महिला सदस्यहरूलाई विभिन्न घटना तथा अनुभवहरूले राजनीतिमा लाग्न प्रेरित गरेको कुरा पनि अध्ययनले देखाएको छ ।




चित्र ५ : संविधानसभाका महिला सदस्यहरूलाई राजनीतिमा लाग्ने प्रेरणा

यस अध्ययनले अधिकांश संविधानसभाका महिला सदस्यहरू सामाजिक परिवर्तन ल्याउने (१४१) र अन्याय विरूद्ध लड्ने चाहनाले (१०९) राजनीतिमा आएको देखाएको छ । साथै धेरै महिला सदस्यहरूले समाजमा विद्यमान वर्ग, जाति तथा लैङ्गिक विभेदहरू देखेर तथा भोगेर राजनीतिमा प्रवेश गरेको बताए । दोस्रो जनआन्दोलन (२०६२/६३), प्रथम जनआन्दोलन (२०४६), एक दशक लामो सशस्त्र द्वन्द्व (२०५२-२०६२), नेपाली काङ्ग्रेसको सत्याग्रह (२०४२) र यस्तै अरू राजनीतिक घटनाहरूले पनि थुप्रै महिला सदस्यहरूलाई राजनीतिमा लाग्ने प्रेरित गरेका छन् । संविधानसभाका धेरै महिला सदस्यहरूले मदन भण्डारी, विश्वेश्वरप्रसाद कोइराला, बेनजिर भुट्टो, इन्दिरा गान्धी आदि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक व्यक्तित्वहरूबाट प्रेरणा पाएका छन् । उनीहरू संविधान निर्माणको सबै निर्णय प्रक्रियामा प्रभाव पार्न र संविधानसभामा आफ्नो उपस्थितिद्वारा सबै नेपाली जनताका आवाजहरू संविधानमा सुनिश्चित गराउन चाहन्छन् ।




चित्र ६ : संविधानसभाका महिला सदस्यहरूको राजनीतिक जीवनयात्राको थालनी

४५.९ प्रतिशत महिला सदस्यहरू विद्यार्थी राजनीतिबाट १६.८ प्रतिशतले सदस्य बन्नु अघि उनीहरू सामाजिक सेवा, २२.४ प्रतिशतले महिला समूह/सङ्गठन, ४.६ प्रतिशतले प्राज्ञिक क्षेत्र र १.५ प्रतिशतले विभिन्न पेशागत पृष्ठभूमिबाट संविधानसभामा प्रवेश गरेका हुन् । हाल संविधानसभाका २६ जना महिला सदस्यहरूले (१३%) संविधानसभा निर्वाचन अघि नै सांसद् हुने मौका पाइसकेका छन् ।

# परिच्छेद ४

# संविधानसभाका महिला सदस्यहरूको भूमिका

संविधानसभामा महिला सदस्यहरूको सङ्ख्या ठूलो भए पनि उनीहरूको भूमिका अपेक्षा अनुरूप हुन नसकेको जनगुनासो छ । महिला सदस्यहरूले महिलाका मुद्दाहरूमा जे जसरी केन्द्रीत हुनुपर्थ्यो र ती मुद्दाहरू जे जसरी उठाइनुपर्थ्यो ती आशा अनुरूप हुन भनेर पनि आलोचना गरिन्छ । तर फरक क्षमता तथा अनुभव भएका १९७ जना महिलाहरूको उपस्थितिले गर्दा संविधानसभामा महिलाका विविध मुद्दाका साथमा सीमान्तकृत तथा सुविधाविहीन समुदायका महिलाका मुद्दाहरूले पनि ठाउँ पाएका छन् । यस अर्थमा, संविधानसभामा महिला सदस्यहरूको भूमिका तथा योगदान महत्त्वपूर्ण रहेको छ ।

विषयगत समितिका अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाहरू तयार पार्ने क्रममा महिला सदस्यहरूले संविधानसभाका समितिहरूमा नेपालका विविध महिलाका मुद्दाहरूलाई प्रभावकारी ढङ्गले वकालत गर्न समर्थ भए । साथै, महिलालाई पनि निर्णायक भूमिका दिइनु पर्ने र महिला र पुरुष बीच समान ढङ्गले अधिकार बाँडफाँड गर्नुपर्ने विषयलाई आफू सम्बद्ध दलहरूमा पैरवी गर्न र विषयगत समितिहरूका प्रतिवेदनमा महिला सम्बन्धी मुद्दालाई सुनिश्चित गराउन पनि उनीहरू केही हदसम्म समर्थ भए । संविधानसभामा खास गरी महिला सम्बन्धी मुद्दाहरूलाई अघि सार्ने काममा महिला सदस्यहरू पछाडि हटेका छैनन् । उनीहरूले रणनीतिक ढङ्गले निरन्तर रूपमा महिला सम्बन्धी मुद्दाहरू अघि बढाउँदै आएका छन् । महिला सदस्यहरूको मुख्य सफलता भनेको महिलाका कतिपय मुद्दाहरूलाई नयाँ संविधानमा सम्बोधन र सुनिश्चित गराउन सक्नु नै हो । तर, महिला सदस्यहरू बीच दरिलो एकता भएको भए उनीहरूको भूमिका अझ सशक्त तथा प्रभावकारी हुन सक्ने थियो ।

## संविधानसभामा ३३ प्रतिशत महिलाको उपस्थिति

विश्वभरिका संसद्मा महिलाहरूको सङ्ख्या बढी हुने देशहरूमा नेपाल सत्रौँ स्थानमा पर्दछ ।[५७] संविधानसभामा ३२.७८ प्रतिशत महिलाको उपस्थित रहनु भनेको संविधानसभामा महिलाहरूको ठूलो समूहले निर्णय प्रक्रियामा

[५७] http://www.ipu.org/wmn-e/classif.htm

प्रभाव पार्ने क्षमता राख्नु हो । उदाहरणका लागि महिला ककस गठन गर्ने क्रममा सबै राजनीतिक दल तथा दलका नेताहरूले जतिसुकै अवरोध खडा गरे पनि महिला सदस्यहरूले अनौपचारिक रूपमा भए पनि ककसको स्थापना गरेरै छाडे ।

यस अध्ययनले के कुरा औँल्याएको छ भने कुनै पनि सङ्गठनमा महत्त्वपूर्ण प्रभाव पार्नका निम्ति महिलाहरूले कम्तीमा एक-तिहाइ स्थान ओगट्नै पर्छ ।[५८]

संविधानसभामा महिला सदस्यहरूले केही निर्धारित लक्ष्य प्राप्त गरे तापनि नेपाली महिलाहरूले चाहे अनुरूपको सफलता प्राप्त गर्न भने अझै सकेका छैनन् । संविधानसभाका महिला सदस्यहरूलाई दलभित्र र बाहिर अझै पनि निर्णायकका रूपमा स्वीकारिएको छैन । तर २०६७ मा पहिलो पटक संविधानसभाको म्याद थप्ने कार्यमा महिला सदस्यहरूको भूमिका महत्त्वपूर्ण रह्यो । महिला सदस्यहरूले संविधानसभालाई राजनीतिक अनिर्णयको बन्दी बनाइनु हुँदैन भनी संविधानसभाभित्रै नारा लगाएका थिए । उनीहरूले महिला ककसका माध्यमबाट मन्त्रिपरिषद् तथा राज्यका विभिन्न संयन्त्रहरूमा महिलाको कम्तीमा ३३ प्रतिशत स्थान सुनिश्चित हुनुपर्ने आवाज बलियो ढङ्गले उठाउँदै आएका छन् ।

## महिला ककस र यसले उठाएका मुद्दाहरू

२०६५ साल पुस १८ गते तत्कालीन १९ वटा राजनीतिक दलहरूमा आबद्ध १९७ जना महिला सदस्यहरूले अनौपचारिक रूपमा संविधानसभाका महिला सभासद्हरूको समूह (महिला ककस) गठन गरे । ककस गठन भएपछि महिला सदस्यहरूले संविधानसभा सचिवालय तथा सभामुखबाट पनि ककसलाई सहयोग गर्नुपर्ने माग गरे । स्वयं सङ्गठित भएको महिला ककसको सिहंदरबारमा[५९] आफ्नै कार्यालय छ । २४ जना महिला सदस्यहरूको कार्यकारिणी समितिले ककसका गतिविधिहरूलाई सञ्चालन गर्दछ ।

महिला ककसलाई औपचारिक मान्यता र निरन्तरता दिइनुपर्छ भन्ने विषयमा संविधानसभाका महिला सदस्यहरूले जोडदार माग राख्दै आएका छन् । महिला सदस्यहरूले ककसलाई संविधानसभाको कार्यविधि सम्बन्धी नियमावलीमा समावेश गर्न पनि धेरै सङ्घर्ष गरे । कार्यविधि सम्बन्धी नियमावलीको मस्यौदा गर्ने समितिमा ११ जना महिला समेत गरी ५० जना सदस्यहरू थिए । तर, महिलाहरूले अनेकौँ प्रयास गर्दा पनि महिला ककसलाई कार्यविधि सम्बन्धी नियमावलीमा समावेश गरिएन । तसर्थ, ककसले संविधानसभाका अन्य समितिहरू सरह औपचारिक हैसियत प्राप्त गर्न सकेन ।

अधिकांश महिला सदस्यहरूले संविधानसभाको कार्यविधि सम्बन्धी नियमावलीमा महिला ककस पर्ला भनी पूर्वानुमान गरेका थिए तर कार्यविधि सम्बन्धी नियमावलीमा महिला ककसलाई समावेश गर्दा आदिवासी/जनजाति, मधेसी, दलित, मुस्लिम आदि समुदायले पनि विभिन्न ककसको माग अघि सार्नेछन् र संविधानसभामा यो कुरा



---

५८ ट्रमब्ल मे, (२०६७), क्यानाडामा महिला तथा राजनीतिक सहभागिता,' निर्वाचन सम्बन्धी अन्तर्दृष्टि, माघ २०६७ ।

५९ सिंहदरबारमा नेपालका धेरैजसो मन्त्रालयहरू, राजनीतिक दलका कार्यालयहरू र संविधानसभा सचिवालय रहेका छन् ।

अव्यावहारिक हुनेछ भन्ने तर्कका आधारमा संविधानसभामा महिला ककसको अवधारणालाई अस्वीकार गरियो । तथापि, व्यवस्थापिका संसद् अन्तर्गत महिला, बालबालिका र सामाज कल्याण समिति भने गठन गरियो ।

ककसको नेतृत्व आलोपालो गरी प्रत्येक चार महिनामा यसका सदस्यहरूमा हस्तान्तरण हुँदै जान्छ । एनेकपा (माओवादी) की दामा शर्मा ककसको पहिलो संयोजक हुनुहुन्थ्यो । नयाँ संविधानमा समावेश गरिनु पर्ने महिलाका मुद्दाहरू सम्बन्धी अवधारणापत्र तयार पार्नु उहाँको नेतृत्वमा भएको एउटा प्रमुख कार्य थियो । उक्त अवधारणापत्र तयार पारेर ककसले संविधानसभाका अध्यक्ष, उपाध्यक्ष, विषयगत समितिहरू तथा राजनीतिक दलहरूलाई उपलब्ध गराएको थियो ।

नेपाली काङ्ग्रेसकी मोहम्मदी सिद्दिकी ककसको दोस्रो संयोजक बन्नुभयो । उहाँ मूलतः शान्ति प्रक्रियामा महिलाहरूको सहभागिता सुनिश्चित गर्ने विषयमा केन्द्रित रहनुभयो । त्यसरी नै ककसको तेस्रो संयोजक नियुक्त हुनु भएकी एमालेकी उषाकला राईले महिलाको वंशको अधिकार, राज्यको हरेक तह तथा तप्कामा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व तथा नागरिकतामा महिलाको समान अधिकार जस्ता मुद्दाहरू सशक्त ढङ्गले उठाउनुभयो । मोहम्मदी सिद्दिकी र उहाँको कार्यसमितिको पहलमा संविधानसभाका महिला सदस्यहरू सम्बन्धी यो अध्ययन र महिला सदस्यहरूको बायोग्राफी प्रारम्भ गरियो र उषाकला राई र उहाँको कार्य समितिले यस पुस्तकलाई पूर्णता दियो । यसरी नै मधेसी जनअधिकार फोरम-लोकतान्त्रिककी नीलम वर्माले ककसको चौथो संयोजकका रूपमा यो अध्ययनलाई प्रकाशन गर्ने जिमेम्बारी लियो । यसरी नेतृत्व हस्तान्तरण गर्ने कार्यमा महिला ककसले एउटा राम्रो उदाहरण स्थापति गरेको छ ।

महिला ककस नयाँ संविधानमा महिलाको वंशको अधिकार, सम्पत्तिमा महिलाको समान अधिकार, नागरिकतामा महिलाको समान अधिकार तथा राज्यको हरेक तहमा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व जस्ता मुद्दाहरू सुनिश्चित गर्न सङ्घर्षरत छ । साथै ककसले अन्तरिम संविधान २०६३ मा समावेश गरिएका महिला अधिकारहरूलाई नयाँ संविधानमा सुनिश्चित गर्न पनि निरन्तर वकालत गर्दै आइरहेको छ ।

ककसका मुख्य गतिविधिहरूमा पुस्तक तथा प्रतिवेदन प्रकाशन, राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम, प्राज्ञिक व्यक्तिहरू तथा अन्य पेशागत पृष्ठभूमि भएका व्यक्तिहरूसँग समन्वय गरी उनीहरूका राय तथा सुझावहरू लिएर संविधानसभामा महिलाका मुद्दाहरूलाई पैरवी गर्ने आदि रहेका छन् । साथै ककसले महिलाका मुद्दाहरूलाई लिएर अन्तरक्रिया, छलफल, पत्रकार सम्मेलन आदि कार्यक्रमहरू पनि आयोजना गर्दै आइरहेको छ ।

## समावेशी सम्बन्धी मुद्दा

२०६२/६३ सालको दोस्रो जनआन्दोलनले ल्याएको राजनीतिक परिवर्तनपछि मिश्रित निर्वाचन प्रणाली मार्फत नीति निर्माण तहबाट पछाडि पारिएका विभिन्न उत्पीडित समूहरूलाई संविधानसभामा प्रतिनिधित्व गराइयो । संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ ले समानुपातिक प्रतिनिधित्व अन्तर्गत रहेका सिटहरू जनसङ्ख्याका आधारमा पाँच प्रमुख समूहहरूका बीच बाँडफाँड गऱ्यो । जसमा मधेसी (३१.२%), दलित (१३%), आदिवासी

(३७.८%), पछाडि पारिएका क्षेत्रहरू (४%) तथा अन्य (३०.२%) रहेका छन् । उम्मेद्वारहरू एकभन्दा समूहमा प्रतिनिधित्व गर्न सक्ने हुनाले कूल प्रतिशत १०० भन्दा बन्ढी हुनसक्ने ।

संविधानसभामा आदिवासी/जनजाति, मधेसी, दलित, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायका महिलाहरूको प्रतिनिधित्व रहेको छ । संविधानसभामा महिलाको समावेशी प्रतिनिधित्व महिला आन्दोलनका दृष्टिले एउटा ठूलो उपलब्धि हो । राज्यको नीति निर्माण गर्ने स्थानमा उल्लेख्य प्रतिशत मधेसी, आदिवासी/जनजाति, दलित आदि महिलाहरूको उपस्थिति रहेको यो इतिहासकै पहिलो घटना हो । कर्णाली जस्तो सुविधाविहीन तथा दुर्गम क्षेत्रका महिलाहरू पनि संविधानसभामा भित्रिए । यसरी संविधानसभामा विविध समुदाय तथा विविध वर्ग र क्षेत्रका महिलाहरूको प्रतिनिधित्व रहेकाले संविधानसभामा ती महिलाहरूले महिलाका मुद्दा बाहेक पछाडि पारिएका समुदाय, वर्ग र क्षेत्रका आवाजलाई पनि उठाउने आशा गरिएको छ ।

महिला सदस्यहरूले संविधानसभा र व्यवस्थापिका संसद् अन्तर्गत रहेका समितिहरूमा भाग लिनुका अतिरिक्त संविधान लेखनका लागि जनमत सङ्कलन गर्ने काममा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरे । उनीहरूले अग्ला पहाडहरूदेखि लिएर तराईको होचो भूमिसम्म पुगेर विभिन्न क्षेत्रका मानिसहरूसित भेटघाट गरी उनीहरूका मत सङ्कलन गरे । यसरी सङ्कलन गरिएका मतहरूलाई उनीहरूले पछि आआफ्ना समितिहरूमा प्रस्तुत गरे । प्राय सबै महिला सदस्यले जनमत सङ्कलनका निम्ति कम्तीमा पनि एक/एक जिल्लाको भ्रमण गरेका थिए ।

६४ प्रतिशत महिला सदस्यले जनमत सङ्कलनका निम्ति दुई/दुईवटा जिल्लाको भ्रमण गरे, ३ प्रतिशतले ३ वटा जिल्लाको भ्रमण गरे । यस भ्रमणलाई महिला सदस्यहरूले अर्थपूर्ण मानेका छन् । यस प्रक्रियामा उनीहरूले जनतासित प्रत्यक्ष रूपले अन्तर्क्रिया गर्ने मौका त पाए नै, उनीहरूका समस्या तथा दृष्टिकोणहरूबारे जानकारी पनि प्राप्त गरे । महिला सदस्यहरूका भनाइ अनुसार समितिहरू तथा संविधानसभामा विभिन्न मुद्दाहरू उठाउने कार्यमा उनीहरूको यो अनुभव सहायक रह्यो ।

सामान्यतया, सबै महिला सदस्यहरूले मुख्यतया महिलाका मुद्दामा संविधानसभामा जोडदार रूपले वकालत गरे भने आफूले प्रतिनिधित्व गरेको समुदाय र क्षेत्रका मुद्दाहरूलाई पनि उनीहरूले अघि सारे । यसरी हेर्दा महिला सदस्यहरूलाई संविधानसभामा लैङ्गिक तथा आफ्ना समुदायका मुद्दाहरूबारे आवाज उठाउने प्रभावशाली प्रतिनिधि भन्न सकिन्छ ।

## निर्णायक भूमिकामा महिलाहरू

एनेकपा (माओवादी) की पूर्णकुमारी सुवेदी संविधानसभाकी उपाध्यक्ष हुनुहुन्छ भने चारजना महिलाले संविधानसभाको समितिहरूको अध्यक्षता गरेका छन् र अरू चारजनाले व्यवस्थापकीय समितिहरूको अध्यक्षता ग्रहण गरेका छन् । नेकपा (संयुक्त) का प्रमुख सचेतक कल्पना राणा तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक प्रतिभा राणा दुबै महिला हुनुहुन्छ । एनेकपा (माओवादी), नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माले) का सचेतकहरू महिला नै छन् ।

तालिका १२ : राजनीतिक दलका महिला सचेतकहरू

| राजनीतिक दल | सचेतकको नाम |
|---|---|
| एनेकपा (माओवादी) | जयपुरी घर्ती |
| नेपाली काङ्ग्रेस | कमला पन्त |
| नेकपा (एमाले) | थममाया थापा मगर |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | प्रतिभा राणा |
| नेकपा (माले) | जनक कुमारी चालिसे |
| नेकपा (संयुक्त) | कल्पना राणा |

महिला सदस्यहरूले विषयगत समितिहरू अन्तर्गत गठित विभिन्न उप-समितिहरूको पनि नेतृत्व गरिरहेका छन् । उनीहरूले आफ्ना जिम्मेवारीहरू निर्धारित समयमै पूरा गरेको पनि देखिएको छ । महिला सभापतिहरूद्वारा नेतृत्व गरिएका तीनवटा विषयगत समितिहरूले प्रारम्भिक मस्यौदा तयार पार्न सफल भएका छन् । एक अति महत्त्वपूर्ण समितिका रूपमा रहेको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले महिला तथा अन्य सीमान्तकृत समूहहरूका थुप्रै अधिकारहरूको सिफारिस गरेको छ । त्यसै गरी, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राज्यशक्तिको बाँडफाँड समितिले आर्थिक अवसरका क्षेत्रमा महिलाहरूलाई समान अधिकार दिइनु पर्ने प्रस्ताव प्रस्तुत गरेको छ । उक्त समितिको नेतृत्व महिलाले नगरेको भए समितको प्रतिवेदन अहिले जति लैङ्गिक संवेदनशिल हुने कुरामा शङ्का गर्न सकिन्छ ।

तालिका १३: संविधानसभाका समितिहरूका महिला सभापतिहरू

| क्रम सङ्ख्या | समितिहरूको नाम | सभापतिको नाम |
|---|---|---|
| १ | नागरिक सम्बन्ध समिति | मीना पाण्डे |
| २ | सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति | नवोदिता चौधरी |
| ३ | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति | अमृता थापा मगर |
| ४ | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | बिन्दा पाण्डे |

तालिका १४: व्यवस्थापिका संसद्को समितिहरूका महिला सभापतिहरू

| क्रम सङ्ख्या | व्यवस्थापकीय समितिको नाम | सभापतिको नाम |
|---|---|---|
| १ | विधायन समिति | यशोदा सुवेदी |
| २ | अर्थ तथा श्रम सम्बन्ध समिति | सुशीला कन्दङवा |
| ३ | प्राकृतिक स्रोत तथा साधन समिति | शान्ता चौधरी |
| ४ | महिला, बालबालिका र समाजकल्याण समिति | सन्ध्यादेवी देव |

## विधायकहरू

संविधानसभा सदस्यहरूका काँधमा दोहोरो जिम्मेवारी रहेको छ । उनीहरू संविधानसभा सदस्य हुनाका साथसाथै व्यवस्थापिका संसद्को पनि सदस्य हुन् । त्यसैले व्यवस्थापिका संसद्को सदस्यको हैसियतले उनीहरूको प्रमुख भूमिका आआफ्ना निर्वाचन क्षेत्रहरूको प्रतिनिधित्व गर्नु, ती जिल्ला तथा क्षेत्रका विकास निर्माणमा ध्यान दिनु, नीति-निर्देशनको तर्जुमा गर्नु, कानुनहरू बनाउनु र सरकारको दैनिक कामकाज सञ्चालन गर्नु हो । तर, संविधानसभा सदस्यको हैसियतले उनीहरूको मुख्य जिम्मेवारी संविधान लेखन नै हो ।

२०६५ साल देखि २०६८ जेष्ठसम्ममा संसद्मा ३९ वटा महत्त्वपूर्ण विधेयकहरू अनुमोदन गरिए । पारित भएका विधेयकहरूमध्ये घरेलु हिंसा सम्बन्धी विधेयक २०६६ लाई अनुमोदन गर्न महिला सदस्यहरूले अति महत्त्वपूर्ण भूमिका निर्वाह गरे । २०६६ साल वैशाख ६ गते घरेलु हिंसा (अपराध र सजाय) सम्बन्धी ऐन २०६६ पारित भयो । निकै अघि नै संसद् प्रस्तुत गरिएको उक्त विधेयकले महिला सदस्यहरूको दबाबका कारणले नै संसद्मा प्रवेश पायो । महिलामाथि हुने शारीरिक, मानसिक, यौनजन्य, आर्थिक तथा व्यवहारजन्य हिंसालाई घरेलु हिंसा तथा सजाय ऐन २०६६ ले घरेलु हिंसाका रूपमा परिभाषित गर्‍यो । महिला सदस्यहरूले आर्थिक विधेयक, मेलमिलाप सम्बन्धी विधेयक र जातिय भेदभाव तथा छुवाछुत (कसूर सजाय) जस्ता महत्त्वपूर्ण विधेयकहरूमा सक्रिय सहभागिता जनाए । यसका अतिरिक्ति, महिला सदस्यहरूले जिल्लाका लागि छुट्याइएको संसदीय कोषको रकमबाट आआफ्ना जिल्लाहरूको विकासमा पनि सहयोग पुर्‍याए । उनीहरूले जिल्लाको सामाजिक-आर्थिक र भौतिक स्थितिलाई दृष्टिगत गरेर खास गरी पूर्वाधार निर्माण, खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्य तथा महिला सशक्तिकरणका क्षेत्रमा संसदीय कोषको रकम खर्च गरेका छन् । यसबाट प्रत्यक्ष वा परोक्षरूपले आम जनताहरू लाभान्वित भएका छन् ।

## लैङ्गिक मुद्दाको वकालत

महिला सदस्यहरूले संविधानसभामा महिला ककस मार्फत् र व्यक्तिगत स्तरमा पनि महिलाका मुद्दाहरूलाई निरन्तर वकालत गर्ने र दबाब सिर्जना गर्ने काम गरिरहेका छन् । महिला सदस्यहरूले संविधानसभामा उठाएका महिला सम्बन्धी प्रमुख मुद्दाहरू यस प्रकार छन् :

- राज्यसत्तामा हरेक अङ्गमा जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व
- नागरिकतामा समान अधिकार
- वंशको अधिकार
- पैतृक सम्पत्तिमा समान अधिकार
- प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार
- शिक्षा, स्वास्थ्य तथा रोजगारीमा विशेष अधिकार

संविधानसभामा १९७ जना महिला सदस्यहरूको सहभागिताले महिला आन्दोलनलाई नयाँ दृष्टिकोण तथा गतिशीलता प्रदान गरेको छ । महिला समानता सम्बन्धी मुद्दा अब छोरीलाई पनि पैतृक सम्पत्तिमा समान अधिकार

दिनु पर्ने मागमा मात्र सीमित नभई त्यसभन्दा पनि माथि उठेको छ । छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार मात्र होइन छोरीले पनि वंश चलाउन पाउने अधिकार अहिले आएर महिलाहरूका प्रमुख माग बन्न पुगेको छ । छोरीलाई पनि वंशको अधिकार प्राप्त हुने बित्तिकै आमाका नाममा सन्तानलाई नागरिकता प्रदान गर्नेदेखि महिलाले सम्पत्तिमा समान अधिकार पाउने कुरा स्वतः स्थापित हुन्छ । त्यसरी नै अधिकांश महिला सदस्यहरूले हाल आएर महिलाको ३३ प्रतिशत आरक्षणका कुरा मात्र नगरी राज्यका सबै तह तप्का र संयन्त्रहरूमा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व हुनु पर्ने माग जोड्दार ढङ्गले राख्दै आएका छन् । यसका साथै महिलालाई केही समयका लागि विशेष अधिकार हुनु पर्ने जस्ता मुद्दाहरू पनि महिला सदस्यहरूले उठाउँदै आएका छन् । यसरी नयाँ संविधानमा महिला सम्बन्धी माथि उल्लेख गरिएका मागहरू सुनिश्चित गराएर पुरूष सरह महिलाले पनि समान अधिकार उपभोग गर्न र पूर्ण नागरिकको मान्यता पाउन महिला सदस्यहरू सङ्घर्षरत छन् ।

माथि उल्लेख गरिएका मागहरू बाहेक महिला सदस्यहरूले संविधानसभामा 'समान कामका लागि समान ज्याला', 'निम्न वर्ग तथा पछाडि पारिएका समुदायका लागि सामाजिक न्याय', 'लिङ्ग, जाति र संस्कृति'का आधारमा महिलामाथि हुने सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य जस्ता मुद्दाहरूको समेत वकालत गरिरहेका छन् । उनीहरूले महिला तथा पछाडि पारिएका आदिवासी/जनजाति, दलित, मधेसी र मुस्लिम समुदायलाई शिक्षा तथा रोजगारीमा विशेष अधिकार दिइनु पर्ने माग गर्नुका साथै नेपाल पक्ष राष्ट्र भएको महिला अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन, कानुन, सन्धि तथा महासन्धिहरूलाई कार्यान्वयन गराउन पनि दबाब सिर्जना गरिरहेका छन् ।

यसरी संविधानसभामा महिला समानता र महिला अधिकार सम्बन्धी महत्त्वपूर्ण मुद्दाहरूलाई अघि सार्ने कार्यमा सम्पूर्ण महिला सदस्यहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । तसर्थ, संविधान निर्माण प्रक्रियामा महिला सदस्यहरूले सार्थक सहभागिता जनाएका छन् भन्नु अत्युक्ति हुनेछैन ।

# परिच्छेद ५

# चुनौतीहरू

संविधानसभाका महिला सदस्यहरूले संविधानसभामा सहभागि हुने क्रममा थुप्रै चुनौतीहरूसँग सामना गर्नु परेपनि उनीहरूले संविधान निर्माण प्रक्रियामा लैङ्गिक दृष्टिकोण र लैङ्गिक अधिकार समावेश गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरालाई नकार्न सकिँदैन ।

महिला सदस्यहरूले संविधानसभामा सामना गर्नु परेका चुनौतीहरूमा धेरैजसो महिला सदस्यहरूमा संसदीय तथा राजनीतिक अनुभवको कमी, घर व्यवहार तथा सामाजिक जिम्मेवारीहरू, कतिपय पुरूष सदस्यहरूले महिला सदस्यहरूका भनाइहरूलाई बेवास्ता गर्ने प्रवृत्ति, दलको कार्यनीतिलाई अक्षरस अनुशरण गरून् भन्ने दलहरूका अपेक्षा, महिला सदस्यहरू जुन जुन समुदायबाट आएका हुन् संविधानसभामा तिनै समुदायहरूको प्रतिनिधित्व गर्नु नै उनीहरूको प्राथमिक भूमिका हो भन्ने समुदायको चाहना, दलहरू बीचमा समन्वयको अभाव, महत्त्वपूर्ण मुद्दाहरूमा सहमति प्राप्त गर्न कठिनाई, निर्णायक पदहरूमा महिलाहरूको कमी, आदि पर्दछन् । यस परिच्छेदमा महिला सदस्यहरूले भोग्नु परेका मुख्य चुनौतीहरूका बारेमा छलफल गरिएको छ ।

## राजनीतिक गतिरोध

संविधानसभाको निर्वाचनपछि प्रमुख राजनीतिक दलहरूको ध्यान सरकारमाथि केन्द्रित हुन पुग्यो । संविधानसभाको पहिलो बैठकपछि एनेकपा (माओवादी)का पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा गठबन्धन सरकार बन्न (२०६५ भाद्र २) दुई महिनाभन्दा बढी समय लाग्यो । तर, उक्त गठबन्धन २०६६ साल जेठको आरम्भमै सत्ताबाट बाहिरियो । त्यसपछि २०६६ जेठ ११ गते मा नेकपा (एमाले) का माधवकुमार नेपालको नेतृत्वमा २२ दलीय गठबन्धन सरकार बन्यो । १६ असार २०६७ मा माधवकुमार नेपालले प्रधानमन्त्री पदबाट राजिनामा गरे पनि सात महिनासम्म नयाँ सरकार बन्न सकेन । १७ औँ निर्वाचनपछि २०६७ माघ २० गते मात्र नेकपा (एमाले) का झलनाथ खनाललाई प्रधानमन्त्री चुन्न संसद् समर्थ भयो । नेकपा (एमाले) तथा एनेकपा (माओवादी)को गठबन्धनमा बनेको यस सरकारलाई मधेसी जनअधिकार फोरम तथा अन्य साना दलहरूले साथ दिएका थिए ।

संविधानसभा तथा व्यवस्थापिका संसद्मा तीन प्रमुख दल अर्थात् एनेकपा (माओवादी), नेपाली काङ्ग्रेस र नेकपा (एमाले) को प्रभुत्व रहेको देखियो । संविधानसभाको समयावधि भित्र राजनीतिक दलहरूबीचको अविश्वासले गर्दा दलहरूभित्रै गुट र उपगुटहरूको श्रृजना भएको अवस्था छ । जसले गर्दा दलहरूलाई औपचारिक रूपले नै फुटको दिशातर्फ डोऱ्याउने प्रवृत्ति देखापरेको छ जस्तो २०६८ साउन सम्ममा २५ वटा दलहरू फुटेर ३१ वटा भएका छन् र मधेसमा आधारित दलहरूले एक अर्कामाथि मधेसको मुद्दालाई राष्ट्रिय राजनीतिबाट अलग्याएको आरोप लगाउने गरेका छन् ।

त्यसरी नै संविधानसभाको कार्यतालिकाको एघारौं पटक हेरफेर गरियो ।[६०] तोकिएको समयमा संविधान निर्माण सम्बन्धी कार्यहरू पूरा भएनन् र सम्बन्धित समितिमा विवादित मुद्दाहरूको टुङ्गो लाग्न सकेन । जनमत सङ्कलन मार्फत जनसहभागिता प्राप्त गर्ने अवधि छोट्याइयो । पहिलो चरणको जनमत सङ्कलनको तयारी हतारमा गरियो र जनमत सङ्कलन गर्नका लागि तयार पारिएका प्रश्नावलीहरू लामो र धेरै समय लाग्ने खालका भएकाले सर्वसाधारण नागरिकले त्यसलाई बुझेर संविधानसभाका सदस्यहरूलाई आफ्नो प्रतिक्रिया दिन सहज भएन ।

विषयगत समितिहरूका कार्यक्षेत्रहरू स्पष्ट नभएका र एक अर्कासँग बाझिएकाले सो समस्यालाई समाधान गर्नका लागि प्रारम्भिक मस्यौदा तथा अवधारणा पत्र अध्ययन उपसमिति गठन गरियो । अध्ययन समितिले पहिचान गरेको २१० वटा विवादित मुद्दाहरू समाधान गर्न पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा एक उच्च स्तरीय कार्यदलको गठन गरियो । उक्त कार्यदलले २१० वटा विवादित मुद्दाहरूलाई ८३ को संख्यामा झाऱ्यो । बाँकि रहेका ती ८३ विवादित मुद्दाहरूलाई समाधान गर्न फेरी पुष्पकमल दाहाल 'प्रचण्ड'को संयोजकत्वमा संवैधानिक समितिको उपसमिति गठन गरियो, यो प्रतिवेदन तयार गर्ने क्रम सम्ममा विवादित मुद्दाहरूलाई सुल्झाएर २२ वटामा घटाइएको थियो ।

सरकार निर्माण तथा सञ्चालन गर्ने प्रक्रियामा अनेकौँ गतिरोधहरू आए । राजनीतिक दलहरू, मधेसी, आदिवासी/जनजाति, दलित र मुस्लिम आदि समुदायहरूद्वारा नयाँ वन्ने संविधानमा सीमान्तकृत समुदायहरूका अधिकारहरूको प्रत्याभूतिको माग गर्दै संसदीय, संवैधानिक समितिका बैठकहरू लगातार अवरूद्ध गरे र बजेट सत्रलाई पनि अवरूद्ध पारे ।

विशेष गरेर संविधानसभाको म्याद एक वर्ष[६१] थपियो र पछिल्लो पटक पुनः तीन महिना[६२] थपिएपछि संविधानसभा आम जनताको आलोचनाको तारो बन्दै गयो । नागरिक समाज, दबाब समूहरू तथा विभिन्न अधिकारवादी सङ्घसंस्थाहरूले तोकिएको समयभित्र नयाँ संविधान जारी गराउनका निम्ति अभियानहरू सञ्चालन गरे । संविधानसभाका महिला सदस्यहरूले संविधान निर्माण गर्न आरम्भमा तोकिएको दुई वर्षको समयावधि निकै नै महत्त्वाकाङ्क्षी भएको कुरा ठहर गरे । तसर्थ, नेपालको विविधता तथा संविधानसभाले सम्बोधन गर्नुपर्ने मुद्दाहरूको प्रकृतिलाई ध्यानमा राखी उचित योजना बनाएर मात्र व्यवहारिक हुने किसिमले संविधानसभाको समयावधि तोकिनुपर्थ्यो भन्ने उनीहरूको भनाइ रह्यो ।



---

[६०] २०६७ साउन २ गतेमा एघारौं पटक हेरफेर गरेको ।

[६१] २०६७ जेठ १४ गते संविधानसभाको एक वर्षलाई म्याद थपिएको हो ।

[६२] २०६८ जेठ १४ गते संविधानसभाको म्याद तीन महिनालाई थपिएको हो ।

संविधानसभामा महिला सदस्यहरूको संख्या ठूलो भएपनि राजनीतिक गतिरोधहरूलाई समाधान गर्ने कार्यमा उनीहरूको ठूलो भूमिका नरहेको, संविधानसभामा गतिरोध पैदा गर्ने राजनीतिक दलहरूवीच सहमति कायम गराउन वा ती दलहरूसँग जुध्न नसकेको र निर्धारित समयमा संविधान जारी गर्न नसकेको विषयलाई लिएर सार्वजनिक मञ्चहरूमा महिला सदस्यहरूको पनि आलोचना भयो ।

## संविधानसभा नौलो अनुभव

नेपाली राजनीतिमा संविधानसभा एक विशिष्ट तथा नौलो अनुभव हो । त्यसैले संविधानसभाका अधिकांश महिला सदस्यहरूलाई संविधानसभाका नियम तथा कार्यविधिहरू बुझ्न केही समय लाग्यो । सुरुमा, महिला सदस्यहरूलाई संविधानसभाको प्रक्रिया तथा कार्यविधिहरूको विस्तृत जानकारी नहुनाले गर्दा संविधानसभाका समितिहरूमा सामूहिक रूपमा महत्त्वपूर्ण मुद्दाहरूलाई अघि सार्न, औपचारिक महिला ककस निर्माण गर्न, महिला नेतृत्वलाई असहज भयो ।

**तालिका १५ : महिला सदस्यहरूले संविधानसभाका कार्यविधिमा सामना गर्नुपरेका चुनौतीहरू**

| संविधानसभाको कार्यविधिमा सामना गरिएका चुनौतीहरू | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बैठकमा समयको पालना हुन नसकेको | ११४ | ५८.२ |
| मुद्दामा नभएका विषयवस्तुमा छलफल गर्ने प्रवृत्ति | ८२ | ४१.८ |
| प्रक्रियागत रूपमा आफ्नो कुरा राख्न समय नै नपुग्ने | १२४ | ६३.३ |
| अन्य चुनौतिहरू | ३२ | १६.३ |

नोट : यो बहुउत्तर आउने प्रश्न भएकाले उत्तर दाताहरूले एकभन्दा बढी उत्तर दिएका हुन सक्छन् ।

महिला सदस्यहरूमध्ये ९५ प्रतिशतले संविधानसभामा आफूले चाहेका मुद्दाहरू उठाउनका निम्ति समय र स्थान दुबै प्राप्त गरेको कुरा स्वीकारे पनि ६३.३ प्रतिशतले भने प्रक्रियागत रूपमा आफ्नो कुरा राख्न समय ज्यादै कम भएको बताए । ५८.२ प्रतिशत महिला सदस्यले संविधानसभा तथा समितिका बैठकहरूमा समय सीमाको अनुशासित ढङ्गले पालना नभएको स्पष्ट रूपले बताए । ४१.८ प्रतिशत महिला सदस्यले भने अनुसार बैठकमा अधिकांश समय विषयवस्तुभन्दा बाहिर गई छलफल गर्ने प्रवृतिले गर्दा बैठकको समय लम्बिएको जानकारी दिए ।

माथि चर्चा गरिएका अनेकौं चुनौतीहरूका अतिरिक्त महिलाहरूले वर्गीय राजनीतिक विभाजन, महत्त्वपूर्ण मुद्दाहरूमा दलहरूका फरक दृष्टिकोणहरू, राजनीतिक इमानदारीताको कमी, पुरुष नेताहरूको प्रभुत्व तथा संविधानसभाका सदस्यहरूमा दलीय मुद्दाभन्दा माथि उठ्न नसक्ने प्रवृत्ति जस्ता समस्याहरूसँग पनि सामना गर्नुपर्‍यो ।

## महिला तथा महिलाका मुद्दाहरूमा सहयोगको कमी

नेपालमा महिला मुद्दाहरूलाई राज्यले राष्ट्रिय मुद्दाका रूपमा कहिल्यै पनि पहिचान गर्न सकेको छैन । सामान्यतया, पुरूषहरू महिलाहरूका मुद्दालाई उठाउने र सम्बोधन गर्नेभन्दा पनि राजनीतिक गतिरोधहरू सुल्झाउने तथा अन्य 'राष्ट्रिय मुद्दाहरूलाई' सम्बोधन गर्नेतिर बढी चासो दिन्छन् । संविधानसभाका बहुसङ्ख्यक महिला सदस्यहरूको भनाइ अनुसार संविधानसभामा महिला सम्बन्धी मुद्दाहरूलाई हलुका रूपले लिइन्छ । ६९.९ प्रतिशत महिला

सदस्यहरूले लैङ्गिक मुद्दाहरूप्रति पुरुष सदस्यहरू संवेदनशील र गम्भीर नभएको बताए । पुरुषहरूले महिला सम्बन्धी मुद्दाहरूलाई सामान्य रूपले समर्थन गरे तापनि विशेष प्राथमिकता दिएको पाइएन । ३८.३ प्रतिशत महिला सदस्यहरूले महिलाका मुद्दाबारे अरूलाई बुझाउन कठिनाइ परेको बताए । ३५.२ प्रतिशत महिला सदस्यहरूले नयाँ संविधानमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने कार्यमा पुरूष सदस्यहरूबाट सहयोग नपाउनु एउटा प्रमुख चुनौती भएको जानकारी दिए ।

**तालिका १६ : लैङ्गिक दृष्टिकोणलाई समावेश गराउने कार्यमा संविधानसभाका महिला सदस्यहरूले सामना गर्नुपरेका चुनौतीहरू**

| लैङ्गिक दृष्टिकोण समावेश गराउन आइपरेका चुनौतीहरू | चुनौती सामना गरेका महिलाको सङ्ख्या | चुनौती सामना गरेका महिलाको प्रतिशत |
|---|---|---|
| पुरुष सदस्यहरूबाट असहयोग | ६९ | ३५.२ |
| संविधानसभाका सभामुख, समितिका सभापति तथा दलका नेताहरूबाट असहयोग | २८ | १४.३ |
| साना दलहरूका आवाजहरूलाई ठूला दलहरूले गरेको बेवास्ता | ४६ | २३.५ |
| महिलाको मुद्दाले महत्त्व नपाउने | १३७ | ६९.९ |
| विषयवस्तु ज्ञानमा कमी | ६३ | ३२.१ |
| विषयवस्तुबारे बुझाउन नै कठिन | ७५ | ३८.३ |
| अन्य | २१ | १०.७ |

नोट : यो बहुउत्तर आउने प्रश्न भएकाले उत्तरदाताहरूले एक भन्दा बढी उत्तर दिएका हुन सक्छन् ।

करिब एक तिहाई (३२.१%) महिला सदस्यहरूका टिप्पणी अनुसार संविधानसभाका धेरैजसो सदस्यहरूलाई लैङ्गिक मुद्दा तथा विषयमा जानकारी नरहेको अवस्था छ । २३.५ प्रतिशत महिलाहरूले साना राजनीतिक दलहरूका आवाजलाई ठूला दलहरूले बेवास्ता गर्ने प्रवृत्ति रहेको जनाए । १४.३ प्रतिशत महिला सदस्यले भने संविधानसभाका अध्यक्ष, समितिका सभापतिहरू तथा राजनीतिक दलका नेताहरूबाट आफूले सहयोग नपाएको कुरा व्यक्त गरे ।

अन्य चुनौतीहरूमा महिला सदस्यहरूले महिला सम्बन्धी मुद्दाहरू मात्र उठाउनुपर्छ भन्ने मान्यता, राजनीतिक दलहरू बीच समन्वयको कमी, महत्त्वपूर्ण मुद्दाहरूलाई लिएर सहमतिमा पुग्न कठिनाइ, पुरुषप्रधान संस्कृति, सोच तथा निर्णायक पदहरूमा महिलाको कम उपस्थिति आदि पर्दछन् ।

महिला सदस्यहरूले उठाएका मुद्दाहरूप्रति पुरूष र महिला सदस्यहरूको सहयोग अपरिहार्य हुन्छ । महिला सदस्यहरूका ४२.३ प्रतिशत वा अनुसार महिला सदस्यहरू अधिक सहयोगी रहेको र १५.३ प्रतिशत अनुसार उनीहरूले पुरूष सदस्यहरूबाट पनि आर्थिक सहयोग पाएका थिए । तर ७५.५ प्रतिशत अनुसार संविधानसभामा पुरूष सदस्यहरूको सहयोग ठिकै मात्र रहयो ।

त्यसै गरी, धेरै महिला सदस्यहरूले संविधानसभाका पुरूष तथा महिला सदस्यहरूको कानूनी हैसियत बराबर भएपनि उनीहरूलाई गरिने व्यवहार फरक भएको बताए । उनीहरूका अनुसार संविधानसभाभित्र र बाहिर पुरुष सदस्यहरूलाई बढी आदर गरिन्छ भने संविधानसभाका महिला सदस्यहरूलाई चाहिँ सो अनुसार आदर गरिँदैन ।




चित्र ७ : महिलाका मुद्दामा संविधानसभाका पुरूष तथा महिला सदस्यहरूको सहयोग

**निर्वाचन प्रणाली** : संविधानसभाका महिला सदस्यहरूसँग आगामी संसद्मा महिला सहभागितालाई सुनिश्चित तुल्याउने निर्वाचन प्रणाली सम्बन्धी कुनै पनि स्पष्ट प्रस्ताव छैन । निर्वाचन प्रणाली तथा अन्य महत्त्वपूर्ण मुद्दाहरू माथि विभिन्न राजनीतिक दलहरूले ल्याएका प्रस्तावहरूमा महिला सदस्यहरू तथा महिला ककसको सामुहिक दृष्टिकोण आएको छैन । तर, प्रत्यक्ष निर्वाचन प्रणालीबाट महिलाहरू निर्वाचित हुन ज्यादै कठिन हुने कुरा भने महिला सदस्यहरूले महसुस गरेका छन् । तसर्थ संविधानसभाको निर्वाचनमा अँगालिए जस्तै समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत विविध समुदायका महिलालाई समेट्ने कोटाले मात्र महिलाहरूको समावेशी प्रतिनिधिनित्व सम्भव छ । साथै, समानुपातिक प्रतिनिधित्वको प्रणाली महिलाहरूका पक्षमा हुनु जरूरी छ । यसो हुन नसके राजनीतिक दलहरूले पछि उद्देश्य विपरित महिलाको संख्या घटाउन सक्ने अवस्था देखिन्छ जुन महिलाको हित विपरित हुन जान्छ ।

संविधानसभाका महिला सदस्यहरूलाई अक्सर महिला सम्बन्धी मुद्दाहरूको मात्र पैरवी गर्ने गरेको भनी आरोप लगाउने गरिन्छ । साथै, संविधानसभामा महिला सदस्यहरूलाई लैङ्गिक मुद्दाको पैरवीकर्ता वा महिला अधिकारवादीका रूपमा हेर्ने गरिन्छ । साथै, राज्यको पुनःसंरचना, शासकीय स्वरूप, न्यायपालिका जस्ता विवादित मुद्दाहरूका हकमा संविधानसभाका महिला सदस्यहरूको भूमिका सोचे अनुरूप हुन सकेको देखिदैन । कतिपय राष्ट्रिय महत्त्वका मुद्दाहरूमा समेत महिला सदस्यहरू समष्टिगतरूपले प्रस्तुत हुन सकेका छैनन् । दल तथा नेताहरूका सोच र गतिविधिहरूलाई हेर्दा राष्ट्रिय महत्त्वका मुद्दा सम्बन्धी सम्पूर्ण निर्णयहरू राजनीतिक दलका केहि प्रभावशाली पुरूष नेताहरूकै क्षेत्राधिकारभित्र पर्ने हो की भन्ने भान पर्दछ । तर केही महिला सदस्यहरूले भने आफू संलग्न समितिहरू मार्फत राष्ट्रिय हितसित जोडिएका विभिन्न मुद्दाहरूमा संविधानसभाभित्र र बाहिर सशक्त रूपले आफ्ना धारणा तथा विचारहरू राखेका पनि छन् ।

## समानुपातिक प्रतिनिधित्व

प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत निर्वाचित हुनका लागि दल, पैसा, शक्ति र जनताको समर्थन आवश्यक पर्ने भएकोले यो प्रणालीले महिला लगायत अन्य सीमान्तकृत समूहहरू जस्तो दलित, मधेसी, आदिवासी/जनजाति,

मुस्लिम आदिलाई निर्वाचनमा जान सहज वातावरण हुँदैन । तर अर्कोतर्फ, समानुपातिक प्रतिनिधित्व प्रणालीले महिला तथा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ । तसर्थ, नेपालमा संविधानसभाका उम्मेद्वार चुन्न प्रत्यक्ष निर्वाचन प्रणाली, समानुपातिक प्रतिनिधित्व प्रणाली तथा मनोनयन लगायतको मिश्रित प्रणाली अवलम्बन गरिएको छ । प्रत्यक्ष निर्वाचन प्रणालीबाट ३० जना महिला सदस्यहरू निर्वाचित भए भने समानुपातिक प्रतिनिधित्व प्रणालीबाट १६१ जना महिला सदस्यहरू संविधानसभामा पुग्न सफल भए ।

संविधानसभामा प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित सदस्यहरूका बीचमा सहज वातावरण वन्न सकेन । साथै व्यवहारमा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट आएका सदस्यरूलाई भन्दा प्रत्यक्ष निर्वाचनबाट आएका सदस्यहरूलाई बढी 'नेतृ' मान्ने गरिन्छ । यसको सम्भावित कारणहरू के हुन सक्ला भने प्रत्यक्ष निर्वाचनमा सहभागी बन्ने सदस्यहरूले सङ्घर्ष गरेर निर्वाचित हुनुपर्छ र बढी स्रोत साधन खर्चिनुपर्छ, साथै उनीहरू आफ्नो निर्वाचन क्षेत्रका जनताप्रति बढी उत्तरदायी पनि हुनुपदर्छ । तर, यसको विपरीत, समानुपातिक प्रतिनिधित्व प्रणालीबाट आउने सदस्यहरू आआफ्ना दलहरूप्रति बढी उत्तरदायी हुन्छन् । जनताप्रति भन्दा राजनीतिक दलहरूका प्रतिनिधिका रूपमा दलहरूप्रति बढी उत्तरदायी हुन्छन् । प्रत्यक्ष निर्वाचन प्रणालीबाट आउने सदस्यहरूलाई दलको सोचाइ विपरीत चल्ने पनि बढी आँट हुन्छ तर समानुपातिक प्रतिनिधित्व प्रणालीबाट आउने सदस्यको हकमा भने यो कुरा लागु हुन गाह्रो पर्न सक्छ ।

**तालिका १७ : प्रत्यक्ष निर्वाचन तथा समानुपातिक प्रतिनिधित्वबाट आउने संविधानसभाका महिला सदस्यहरूप्रतिको दृष्टिकोण**

| विशिष्ट गुणहरू | प्रत्यक्ष निर्वाचन | समानुपातिक प्रतिनिधित्व |
|---|---|---|
| नेतृत्व | नेताको रूपमा मानिने | राजनीतिक दलहरूद्वारा चुनिने |
| उत्तरदायीत्व | जनताप्रति उत्तरदायी | राजनीतिक दलप्रति बढी उत्तरदायी |
| निर्वाचन क्षेत्र | निश्चित निर्वाचन क्षेत्र | निश्चित निर्वाचन क्षेत्र नहुने |
| जनसमर्थन | उच्च जनसमर्थन प्राप्त | खास जनसमर्थन नहुने |
| विचारधारा | दलको विचारधारा अनुशरण गर्ने | विचारधारा बीच द्वन्द्व (जस्तो कि दलको विचारधारा र महिला/जनजाति जस्ता पहिचानका मुद्दाहरू बीच द्वन्द्व) |
| राजनीतिक अनुभव | राजनीतिक अनुभवको इतिहास भएको | विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने (राजनीतिक अनुभव नभए पनि हुन सक्ने) |

समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित कतिपय सदस्यहरूका हकमा भने यो तर्क सही ठहर्रिंदैन । किनभने उनीहरू सक्षम हुनुका साथै लामो समयदेखि आआफ्नो दलले दिएको जिम्मेवारीप्रति प्रतिबद्ध रहेका छन् । वास्तवमा यस्ता महिलाहरूले निर्वाचनको अवरोध फेल्नु नपरोस् भन्ने मनसायले राजनीतिक दलहरूले रणनीतिक दृष्टिले समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत अनौपचारिक 'सुरक्षित सूची' लाई सुनिश्चित तुल्याउन सक्छन् । यसका साथै निर्वाचन सम्बन्धी कानुनद्वारा अवलम्बन गरिएको समावेशिको नीति अनुरूप अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायका धेरै महिलाहरू पनि संविधानसभामा पुग्न सफल भए ।

समानुपातिक प्रतिनिधित्व प्रणालीले संविधानसभामा महिलाहरूको प्रतिनिधित्व बढाएको मात्र नभई मधेसी, आदिवासी/जनजाति, दलित, मुस्लिम तथा अन्य सीमान्तकृत/सुविधा विहीन समुदायहरूका महिलाहरूको

प्रतिनिधित्वलाई पनि सुनिश्चित गरेको छ । साथै तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित एक दशक लामो सशस्त्र द्वन्द्वमा जीवन गुमाउने व्यक्तिको परिवारका महिलाहरू पनि ठूलो सङ्ख्यामा यस प्रणाली मार्फत संविधानसभामा प्रतिनिधित्व गरिरहेका छन् ।

संविधानसभाको प्रत्यक्ष निर्वाचन प्रणालीबाट ९ जना आदिवासी/जनजाति, २ जना दलित, १ जना मधेसी र २ जना मुस्लिम महिला उम्मेद्वार मात्र निर्वाचित भए । एनेकपा (माओवादी) बाट सीमान्तकृत समुदायका सबै भन्दा बढी सदस्यहहरू निर्वाचित भएका छन् । नेपाली काङ्ग्रेस र एमालेबाट निर्वाचित महिलाहरूमा सीमान्तकृत समुदायका महिलाहरू निर्वाचित हुन सकेनन् ।

तलको सूचीमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित सीमान्तकृत समुदायहरूका महिलाहरूको सङ्ख्याको सूची दिइएको छ ।

**तालिका १८ : प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित सीमान्तकृत समुदायका महिलाहरू**

| दल | मधेसी | आदिवासी/जनजाति | दलित | मुस्लिम |
|---|---|---|---|---|
| एनेकपा (माओवादी) | १ | ९ | २ | ० |
| नेपाली काङ्ग्रेस | ० | ० | ० | ० |
| नेकपा (एमाले) | ० | ० | ० | ० |
| मधेसी जनअधिकार फोरम-नेपाल | १ | ० | ० | ० |
| मधेसी जनअधिकार फोरम-लोकतान्त्रिक | ० | ० | ० | १ |
| तराई-मधेस लोकतान्त्रिक पार्टी नेपाल | १ | ० | ० | ० |

तालिका १९ मा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित सीमान्तकृत समुदायका महिलाहरूको सङ्ख्या प्रस्तुत गरिएको छ ।

**तालिका १९ : समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीबाट निर्वाचित सीमान्तकृत समुदायहरूका महिलाहरू**

| दल | मधेसी | आदिवासी/जनजाति | दलित | मुस्लिम |
|---|---|---|---|---|
| एनेकपा (माओवादी) | ७ | २१ | ६ | १ |
| नेपाली काङ्ग्रेस | ४ | ११ | ५ | १ |
| नेकपा (एमाले) | ६ | १३ | ४ | १ |
| मधेसी जनअधिकार फोरम (नेपाल) | १ | ० | ० | ० |
| मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) | ३ | १ | १ | ० |
| मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक) | ३ | ० | ० | १ |
| तराई-मधेस लोकतान्त्रिक पार्टी नेपाल | २ | ० | १ | ० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | २ | १ | ० |
| नेकपा (माले) | ० | १ | ० | ० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) | ० | १ | ० | ० |
| राष्ट्रिय जनशक्ति पार्टी | ० | १ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| **राष्ट्रिय जनमोर्चा** | ० | १ | ० | ० |
| **नेपाल मजदुर-किसान पार्टी** | ० | १ | ० | ० |
| **नेकपा (संयुक्त)** | १ | ० | ० | ० |
| **नेपाली जनता दल** | १ | ० | ० | ० |
| **सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च** | ० | १ | ० | ० |
| **सद्भावना पार्टी** | १ | ० | ० | ० |
| **राष्ट्रिय जनमुक्ति पार्टी** | ० | १ | ० | ० |
| **नेकपा (माले समाजवादी)** | ० | ० | १ | ० |
| **सङ्घिय सद्भावना पार्टी** | ० | १ | ० | ० |

'जनप्रतिनिधि' सम्बन्धी मानिसहरूको धारणा के छ भने ऊ आवाज विहीन समुदायको आवाज उठाउन सक्ने योग्य नेता हुनुपर्छ । तर, नेपाली समाजमा महिलाहरूलाई विरलै नेता वा जनप्रतिनिधि मान्ने गरिन्छ जसले गर्दा पनि संविधानसभाका महिला सदस्यहरूले संविधान निर्माण प्रक्रियामा जनताका अपेक्षाहरू पूरा गर्न थप कठिनाइहरूको सामना गर्नुपर्‍यो ।

यद्यपी समानुपातिक प्रतिनिधित्व प्रणाली मार्फत सक्षम उम्मेद्वारहरू चयन हुँदैनन् भन्ने धारणा रहेता पनि, सक्षम उम्मेद्वारको मनोयन गर्ने जिम्मेवारी राजनीतिक दलहरूको रहेको बुझ्नु पर्दछ । साथै उक्त प्रणालीले संविधानसभामा महिलाहरूको प्रतिनिधित्व बढाउने मात्र नभएर मधेसी, आदिवासी/जनजाति, दलित, मुस्लिम तथा अन्य सीमान्तकृत तथा सुविधाविहिन समुदायबाट आएका महिलाहरूको प्रतिनिधित्वलाई पनि सुनिश्चित गरेको छ । संविधानसभाका कतिपय महिला सदस्यहरूको शिक्षा र राजनीतिक अनुभव कम भएपनि उनीहरूले आफ्नो गाउँ, ठाउँ र समुदायको हितमा स्थानीय स्तरमा प्रशस्त काम गरेका छन् ।

समानुपातिक प्रतिनिधित्वबाट आएका सदस्यहरूको काँधमा दोहोरो जिम्मेवारी रहेको अवस्था छ । एकातिर उनीहरूको मुख्य जिम्मेवारीको रूपमा आफू सम्वन्धित दलको प्रतिनिधित्व गर्नुपर्ने र अर्कोतिर आफूले प्रतिनिधित्व गरेको समुदाय, लिङ्ग, वर्ग, जात/जाति वा क्षेत्रका मुद्दाहरू नयाँ संविधानसभा समावेश गर्न लागिपर्नुपर्ने अवस्था छ । त्यसकारण दलहरूका विचारधाराहरू र संविधानसभामा सदस्यहरूले प्रतिनिधित्व गर्ने समुदयका मुद्दाहरू बीच मतभिन्नता हुन गई सरोकारहरू एक हुन नसकेको स्थिति पनि रहेको छ । यो महिलाको सन्दर्भमा पनि एउटा प्रमुख चुनौतीका रूपमा रहेको छ जस्तो महिला सदस्यहरूले दलको विचारधाराका साथमा महिलाका वंश, अंश, नागरिकता लगायतका मुद्दाहरूमा आफ्नै र अन्य दलका पुरूषहरूसँग समेत संघर्ष गर्नुपर्ने स्थिति छ । समानुपातिक प्रतिनिधित्वको प्रणालीबाट विशेष गरी प्राज्ञिक, सामाजिक क्षेत्र तथा नागरिक समाज र पेशागत सङ्गठनहरूबाट दलीय राजनीतिमा आएका महिलाहरूसँग प्रत्यक्ष निर्वाचन प्रणालीबाट संविधानसभामा प्रवेश गर्ने महिलाहरूका तुलनामा दलीय राजनीतिक अनुभवहरू कम हुन सक्छ त्यसैले उनीहरूले गर्दा संविधानसभामा थप संघर्ष गर्नुपर्ने अवस्था छ ।

प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित भएका २९ जना महिला सदस्यहरूले विद्यालयस्तरको शिक्षा प्राप्त गरेका छन् । ६ जनाले माध्यमिक तहको शिक्षा हासिल गरेका छन्, १० जनाले प्रवेशिका परीक्षामात्र पूरा गरेका छन्

भने बाँकी १३ जना सदस्यले उच्च शिक्षा हासिल गरेका छन् । समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएका ३३ जना महिला सदस्यले औपचारिक शिक्षा प्राप्त गरेका छैनन् भने बहुसङ्ख्यक महिला सदस्यहरूले (११२ जना) ले प्रवेशिका परीक्षा लगायत उच्च शिक्षा हासिल गरेका छन् जसमध्ये ५१ जनाले स्नातक तथा स्नातकोत्तर र सो भन्दा माथिको अध्ययन पूरा गरेका छन् ।

तालिका न. २० मा संविधानसभामा प्रत्यक्ष निर्वाचन प्रणाली तथा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएका सदस्यहरूको शैक्षिक स्तर दिइएको छ ।

**तालिका २० : प्रत्यक्ष निर्वाचन, समानुपातिक प्रतिनिधित्व तथा मन्त्री परिषद्बाट मनोनित भएका संविधानसभाका महिला सदस्यहरूको शैक्षिक स्तर**

| प्रतिनिधित्व प्रणाली | शिक्षाको तह | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | लेखपढ गर्न जान्ने | माध्यमिक तहको शिक्षा | प्रवेशिका तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर र सोभन्दा माथि | |
| प्रत्यक्ष निर्वाचन | ० | ६ | १० | ५ | ३ | ५ | २९ |
| समानुपातिक प्रतिनिधित्व | ३३ | १६ | ३७ | २४ | ३० | २१ | १६१ |
| मन्त्री परिषद्बाट मनोनित | २ | – | १ | – | – | ३ | ६ |

## महिला आन्दोलनभित्र समावेशीको मुद्दा

नेपाली महिला आन्दोलनले समय समयम महिलाका विभिन्न मुद्दाहरू उठाउने गरेको छ । पछिल्लो समयमा नेपाली महिला आन्दोलनभित्रै पनि समावेशीको मुद्दा उठेको छ जसमा नेपाली महिलाहरूको विविधता र विविध मुद्दा ठूलो चुनौतीको रूपमा अगाडी आएको छ ।

यस किसिमका मुद्दाहरू यस अघि महिला आन्दोलनभित्र कहिल्यै उठेको थिएन । अहिले नेपाली महिला भित्रका आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायका महिलाहरूले पनि महिला आन्दोलनले उनीहरूका मुद्दालाई नसमेटेको भनी आआफ्नै ढङ्गले नयाँ संविधानमा उनीहरूका हक अधिकार तथा मुद्दाहरू सुनिश्चित गर्न आवाज उठाइरहेका छन् । अहिलेको सन्दर्भमा विभिन्न महिला समूहले उठाएका यी मुद्दाहरूले महिला आन्दोलनलाई अझ सशक्त गर्छ वा महिला आन्दोलन टुक्रिन्छ भन्ने प्रश्न उठेको छ । महिलाको समग्र आन्दोलनलाई विश्लेषण गर्ने हो भने नेपाली महिला आन्दोलनले उठाएको मुख्य महिलाका मुद्दाहरू र सीमान्तकृत समुदायका महिलाहरूले उठाएका मुद्दाहरूका प्राथमिकता एक अर्कासँग बाझिन सक्छन् । तर, यसो भन्दैमा सीमान्तकृत समुदायका महिलाका अधिकारहरूलाई बेवास्त गर्न पनि सकिँदैन ।

नेपाली समाज भाषिक तथा सांस्कृतिक रूपले ज्यादै विविधतायुक्त छ र प्रत्येक समुदायका महिलाहरूका आआफ्नै आवश्यकताहरू र मुद्दाहरू छन् । उदाहरणका लागि, बाँकेकी एक मधेसी-मुस्लिम महिलाले नयाँ संविधानमा

इस्लाम धर्म अनुसारको धार्मिक कानुनलाई सुनिश्चित गर्न चाहिन् भने जनजाति महिलाका निम्ति सो मुद्दा महत्त्वपूर्ण नहुन सक्छ । तर, जनजाति महिलाको चासो संविधानसभामा त्रिभाषिक नीति[६३] लाई औपचारिकता दिलाउनु हुनसक्छ । नेपाली महिला आन्दोलनले यसअघि कहिल्यै पनि नेपालका विविध महिलाका मुद्दाहरू जस्तो धार्मिक कानुन वा त्रिभाषिक नीतिलाई स्थान दिएको थिएन । विगतमा महिला आन्दोलनले समाजका विभिन्न क्षेत्र तथा समुदायका महिलाहरूको विविध मुद्दा उठाउन चुकेकोले वास्तवमा अहिले महिलाहरूका क्षेत्रगत आन्दोलनहरू उठेको हो ।

एकातिर महिलाको लैङ्गिक, जातिय तथा क्षेत्रीय जस्ता अनेक पहिचानहरूले नेपाली महिला आन्दोलनलाई कमजोर पार्छ भनी तर्क गरिन्छ भने अर्कोतिर संविधानसभाका ६२.८ प्रतिशत महिला सदस्यहरूले महिला सदस्यहरूबीच एकता नहुनाले संविधानसभामा लैङ्गिक मुद्दाहरूलाई सशक्त ढङ्गले अघि बढाउन नसकेको जनाएका छन् ।

अहिलेको सन्दर्भमा सीमान्तकृत समुदायका महिलाहरूले उठाएका मुद्दाहरूलाई नेपाली महिला आन्दोलनलाई विखण्डन गर्ने शक्तिको रूपमा लिनु भन्दा पनि त्यसलाई महिला आन्दोलनको थप बलको रूपमा लिइनुपर्छ । किनभने सीमान्तकृत महिलाहरूका आन्दोलनले निम्न दृष्टिकोण प्रदान गर्दछन्ः

क) विभिन्न उपेक्षित समूहहरूका मुद्दाहरूलाई अघि सार्न समर्थ भएको

(ख) नेपाली महिला आन्दोलनलाई गतिशीलता प्रदान गरेको

(ग) नेपाली महिलाभित्रको विविधता तथा उनीहरूका मुद्दाहरूको पहिचान गरेको

(घ) महिला आन्दोलनलाई समावेशि सम्बन्धी नयाँ मुद्दा तथा नेतृत्व प्रदान गरेको

## विविधताबाट एकताको निर्माण

नेपालमा आफ्नै भाषा तथा संस्कृति भएका १०० भन्दा बढी जातजातिहरू छन् र यो विविधता संविधानसभामा स्पष्ट झल्किएको छ । मेलमिलाप रहेसम्म विविधता नेपालको एउटा ठूलो सम्पदा हो भने मेलमिलापको कमी हुँदा यो चुनौतीपूर्ण बन्छ । जस्तो संविधानसभामा विविध समुदाय तथा क्षेत्रका महिलाहरूको विभिन्न मुद्दाहरूको बुझाइ, प्रस्तुति, बोलाइ, दृष्टिकोणहरूमा विविधता झल्किने गर्दछ । संविधानसभामा कहिले औपचारिक शिक्षा प्राप्त नगरेका महिलाहरूदेखि उच्च शिक्षा हासिल गरेका र पहिले संसदीय र प्रशस्त राजनीतिक अनुभव बटुलिसेका महिलाहरू एकसाथै संविधान लेख्ने काममा जुटेका छन् ।

संविधानसभाका महिला सदस्यहरूबीचको शैक्षिक, आर्थिक, राजनैतिक, भौगोलिक र सांस्कृति विविधता र एकअर्का प्रतिको पूर्वाग्रहका कारणले उनीहरूबीच राम्रो संवाद हुन नसक्दा सुरुका दिनहरू उनीहरू एकअर्काबाट केही हदसम्म टाढै रहे । तर, ती पूर्वाग्रहहरू बिस्तारै ओझेल पर्दै गए र उनीहरूका बीचको विविधताका बावजुद

[६३] त्रिभाषिक नीतिमा मातृभाषा, सम्पर्क भाषाका रूपमा नेपाली भाषा र अन्तर्राष्ट्रिय भाषाका रूपमा अङ्ग्रेजी भाषा पर्दछन् ।

पनि संविधानसभाका महिला सदस्यहरूले मेलमिलापको वातावरण सिर्जना गर्न सके । साथै विभिन्न राजनीतिक विचारधारा बोकेका महिलाहरूले सँगसँगै काम गर्दै एकअर्कालाई सहयोग गर्नुका साथै एकअर्काका धारणामा फरक मत राखे ।

अध्ययनको सिलसिलमा निम्न वर्गका महिला सदस्यहरूले आफूलाई उच्च वर्ग तथा 'सम्भ्रान्त' महिला सदस्यहरूले हेय दृष्टिले हेर्ने गरेको अनुभूति भएको बताए । उनीहरूले अनेकौँ पटक आफ्नो पोसाक, बुझाइ, भाषाको प्रयोग, पृष्ठभूमि, शिक्षा तथा अन्य कुरामा अपमानित भएको पनि महसुस गरे । त्यसरी नै उच्च वर्गका महिलाहरूले पहिले नै प्रशस्त अवसरहरू पाइसकेकाले उनीहरूलाई थप अवसर दिनु भनेको अवसरबाट वञ्चित अरू महिलाहरूलाई अझ विभेद गर्नु हो भन्ने बहानामा आफूहरूलाई अवसरहरू टाढा राख्न खोजिएको अनुभूति गरेका छन् ।




चित्र नं ८ : संविधानसभाका महिला सदस्यहरूका परिवारको आर्थिक स्थिति

यस अध्ययनका अनुसार संविधानसभामा ८ जना मात्र उच्च वर्गका महिलाहरू छन् ।[६४] संविधानसभाका महिला सदस्यहरूबीचको वर्ग विभाजनले गर्दा सदस्यहरूबीच विचार आदान-प्रदान, समन्वय तथा सयकार्य गर्न कुनै न कुनै रूपले बाधा पुगेको अवस्था छ । यस प्रकारको चुनौतीलाई एकअर्काप्रतिको पूर्वाग्रहको नतिजा हो भन्न सकिन्छ तर यसलाई हटाउन कुनै पनि वर्ग तथा समूहका महिला सदस्यहरू तयार भएको पाइएन ।

संविधानसभामा उच्च वर्गका ८ जना, निम्न वर्गका २३ जना, मध्यम वर्गका ९४ जना र निम्न मध्यम वर्गका ७१ जना महिला सदस्यहरूको उपस्थिति रहेको छ । मध्यम तथा निम्न वर्गका महिलाको बहुमत रहेको संविधानसभामा खासगरी सोही वर्गका महिलाहरूले विभिन्न छलफल/बहस, प्रशिक्षण तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरूमा सहभागि हुने अवसर प्राप्त गरेका छन् ।

संविधानसभामा दलित महिलाहरूको संख्या थोरै रहेको छ र तीमध्ये पनि मधेसी दलित महिलाको स्थिति अझ कमजोर अवस्थाको छ किनभने उनीहरूले विभिन्न तहको विभेद र हिंसा भोग्नुपर्दछ जस्तो उनीहरू दलित, मधेसी र महिला भएकै कारणले विभिन्न किसिमका भेदभाव तथा विभेदमा परेका छन् । संविधानसभाका दलित महिला सदस्यहरूको

[६४] यी भनाइहरू संविधानसभाका महिला सदस्यहरूको आत्ममूल्याङ्कनमा आधारित छन् ।

आवाज भिनो रहेको छ । दलित महिलाहरू माथि संविधानसभामा पनि भेदभाव हुने गरेको र राजनीतिक दलहरूले उनीहरूलाई प्रमुख भूमिकाहरू नदिने कारणले उनीहरूले संविधानसभामा प्रभावकारी भूमिका खेल्न नसकेको पनि अध्ययनले देखाएको छ । संविधानसभाका विषयगत समितिहरूमा शिक्षित महिला सदस्यहरू बढी प्रभावशाली भएकाले रहेको हुनाले समितिहरूमा पनि दलित महिला सदस्यहरूले आफ्ना विचारहरू प्रस्तुत गर्न हिच्किचाउने अवस्था छ । यसरी दलित महिलाहरूमा शिक्षाको कमीले गर्दा संविधानसभामा दलित महिलाहरूको मुद्दाहरू प्रभावकारी ढङ्गले सम्बोधन हुन सकेको छैन । दलितमाथि हुने जातिय विभेदको अन्त्य संविधानसभाका दलित सदस्यहरूको साझा सवाल रहेता पनि संविधानसभाका दलित सदस्यहरूबीचको दलगत धारणाले गर्दा आपसमै विभाजित छन् ।[६५] यसले गर्दा पनि दलितका मुद्दालाई सशक्त ढङ्गले उठाउन सकिएको छन् ।

**"संविधानसभाको बैठकहरूमा जनजातिका पोसाक लगाउँदा संविधानसभाका अरू महिला सदस्यहरूले 'नाच देखाउन आ'को' भनेर हामीलाई गिज्याए । यो सविधानसभामा जनजाति प्रति अपमानजनक व्यवहार हो ।"**

– काभ्रेपलान्चोकको संविधानसभा सदस्य

**"मेरो थरको कारणले संविधानसभामा मैले पाउने अवसरहरूलाई सीमित तुल्याएको छ । म स्वतन्त्र छु, मेरो आफ्नै काम र पहिचान छ तर मलाई 'भाउजू' भनेर बोलाउने गरिन्छ । धेरै मानिसका नजरमा म केवल उहाँकी श्रीमती मात्र हुँ भन्ने कुराले मलाई हतोत्साहित गर्छ ।"**

– डडेलधुराकी संविधानसभा सदस्य

भाषिक कठिनता र शैक्षिक स्तरका कारणले पनि महिला सदस्यहरूलाई संविधानसभामा स्पष्ट तथा प्रभावकारी ढङ्गले आफ्ना कुराहरू व्यक्त गर्न कठिन भएको छ ।

संविधानसभा र समितिहरूका विषयगत छलफलहरूमा क्षेत्रगत भिन्नताहरू देखापरे । नागरिकता लगायतका मुद्दाहरूमा महिला सदस्यहरू बीच नै भौगोलिक आधारमा मतभेद देखियो । मधेसी महिला सदस्यहरूले कुनै विदेशी महिलाले नेपाली नागरिकसँग विवाह गरेको लगत्तै उसले विदेशी नागरिकता त्याग्ने प्रक्रिया सुरू गरेको खण्डमा उसलाई अङ्गीकृत नागरिकता दिइनुपर्छ भनी वकालत गरे । तर नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरूषले नेपाली नागरिकता प्राप्त गर्न नेपालमा स्थायी रूपले १५ वर्षसम्म बसोबास गर्नुपर्ने प्रावधान माथि गैर मधेसी महिला सदस्यहरू सहमत भएनन् । किनभने नागरिकतामा महिला तथा पुरूष दुबैलाई पूर्ण समानता हुनुपर्छ उनीहरूको माग थियो ।

## दलीय निर्देशनको अवज्ञा

संविधानसभाका अधिकांश राजनीतिक दलहरूले महिला सम्बन्धी मुद्दाहरूमा आवश्यकता अनुरूप संविधानसभा वा राजनीतिक दलहरूभित्र प्रमुख निर्णयहरू गर्दा प्राय जसो महिलाहरूसँग परामर्श गरेको पाइदैन र ती निर्णयहरूमा

---

[६५] समता प्रतिष्ठान, (२०६६), नयाँ संविधानमा दलित समुदायको रूपान्तरण सम्बन्धी अन्योल, अप्रकाशित नीतिपत्र, काठमाण्डौं ।

महिलाहरूलाई सहभागि गराइँदैन र कतिपय अवस्थामा जानकारीसम्म पनि गराइँदैन । यस्ता निर्णयहरू विशेष गरी राजनीतिक दलका पुरूष नेताहरूले नै गर्दछन् ।

दल तथा दलका नेताहरूले महिलाका आवश्यकता तथा विचारहरूको वास्ता नगरी लैङ्गिक असंवेदनशिल निर्णयहरू गर्दछन् । उदाहरणका लागि दलहरूले मिलेर राष्ट्रियताको सवाल सँगै नागरिकताको मुद्दालाई जोडेर नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरूषलाई नेपाली नागरिकता प्रदान गर्न कडा प्रावधान बनाउने निर्णय गरे । उक्त निर्णयले गर्दा विशेष गरी कैयौँ नेपाली महिला तथा बालबालिकालाई नेपाली नागरिकता प्राप्त गर्दा हुने कठिनाइका बारेमा भने दलहरूले केही सोचेनन् ।

महिला सदस्यहरूलाई आफू सम्बद्ध राजनीतिक दलका कतिपय महिलाका हक अधिकार बेवास्ता गर्ने निर्णयहरू चित्त नबुझे पनि दलको निर्णय विरूद्ध जान अप्ठेरो परेको स्थिति छ । जस्तो यो स्थिति महिला ककस निर्माण गर्ने क्रममा, नागरिकता सम्बन्धी मुद्दाका बहसमा र कतिपय अवसरहरू प्राप्त गर्ने सम्वन्धमा महिला सदस्यहरूले भोगेका छन् । आफ्ना सदस्यहरूले नागरिक समाजमा संलग्न हुने र विभिन्न सङ्घसंस्थाहरूले आयोजना गरेको कार्यक्रमहरूमा भाग लिने कुरालाई लिएर लचिलो दृष्टिकोण नराख्ने राजनीतिक दलहरू पनि संविधानसभामा रहेका छन् । तर महिला सदस्यहरूले आफू संलग्न रहेका समितिहरूमा दलको निर्णय/प्रस्ताव विरूद्ध गएर पनि कतिपय मुद्दामा फरक मत राखेका छन् । आफूले केही गुमाउनु पर्ने डर नभएका र इच्छाशक्ति तथा आत्मविश्वास बलियो भएका केही महिला सदस्यहरूले दलीय निर्देशनको अवज्ञा गरेको पनि पाइयो । तर, संविधानसभाका बहुसङ्ख्यक महिला सदस्यहरू भने दलबाट कारवाही हुने र राजनीतिक स्थान नै गुम्ला कि भन्ने असुरक्षाको भावनाले गर्दा दलहरू विरूद्ध उभिन सकेका छैनन् ।

## सञ्चार माध्यमहरूमा महिला सदस्यहरूको चित्रण

संविधानसभाको आरम्भदेखि नै सञ्चार माध्यमहरूले महिला सदस्यहरूका बारेमा गरेको चित्रण त्यति उत्साहजनक रहेन । संविधानसभाको सुरूका दिनहरूमा राष्ट्रिय दैनिकहरूले निम्न आर्थिक तथा शैक्षिक अवस्था भएका महिला सदस्यहरूलाई लक्षित गरी 'चुरा बेच्दै सभासद्' 'भाँडा माझ्दा-माझ्दै सभासद्' जस्ता सन्सनीपूर्ण शीर्षकहरू राखेर कसरी ती महिलाहरू संविधानसभासम्म पुगे भनेर समाचार छापे । सञ्चारमाध्यमहरूले संविधानसभाका महिला सदस्यहरूले संविधानसभा तथा विषयगत समितिहरूमा बोलेका कुरा तथा उठाएका मुद्दाहरूलाई खासै स्थान दिएनन् । सञ्चार माध्यमहरूले खासगरी संविधानसभा सदस्यहरूले उठाएका महिला बाहेकका अन्य राष्ट्रिय मुद्दाहरूलाई नै प्राथमिकता दिए ।

सञ्चारमाध्यमहरूले महिला सदस्यहरू सम्बन्धी समाचार छाप्ने क्रममा उनीहरूका सकारात्मक भन्दा नकारात्मक समाचारहरूलाई प्राथमिकता दिए जस्तो कतिपय समाचारहरूमा महिला सदस्यहरू संविधानसभाका पुरूष राजनीतिज्ञहरूका नातेदार हुन् भन्ने कुरामा जोड दिइयो । यसको अर्थ महिला सदस्यहरू आफैमा सक्षम छैनन् भन्नु सरह हो । यथार्थ के हो भने संविधानसभामा आ-आफ्ना क्षेत्रमा योगदान पुऱ्याएका सक्षम तथा अनुभवी महिलाको संख्या ठूलै रहेको छ तर, महिलाको यो चित्रण सञ्चारमाध्यमहरूले बस्तुगत ढङ्गले गर्न सकेन ।

'नागरिकता' तथा 'महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व'का बहसहरूले सञ्चार माध्यमहरूको ध्यानाकृष्ट गरेपनि संविधानसभामा महिला सदस्यहरूको महत्त्वपूर्ण उपस्थितिले पारेको प्रभावलाई बेवास्ता गरी उनीहरूको

कार्यसम्पादन निम्नकोटिको भयो भनी सञ्चारमाध्यमहरूले आलोचना गरे । सञ्चार माध्यमहरूले महिला सम्बन्धी मुद्दाहरूलाई र संविधानसभाका महिला सदस्यहरूका विचार तथा भनाइहरूलाई महत्त्व नदिएको भनी महिला सदस्यहरूले गुनासो व्यक्त गरेका छन् । यसका साथै महिला सम्बन्धी मुद्दाहरूलाई सञ्चार माध्यमहरूले समाचारमूलक विषयको रूपमा नलिने प्रवृत्ति रहेको पनि महिला सदस्यहरूले बताए । तर, सञ्चारमाध्यमहरूको भनाइमा महिला सदस्यहरू सामान्यतया महिला बाहेकका अन्य राष्ट्रिय मुद्दाहरूमा अद्यावधिक नहुने र सञ्चार माध्यमहरूलाई अन्तर्वार्ता तथा आफ्ना विचार र भनाइहरू राख्न हिच्किचाउने गर्दछन् ।

## संविधानसभा बाहिरका महिलाहरूसँगको सहकार्य

संविधानसभा बाहिरका महिला अधिकारवादीहरूले संविधानसभाका महिला सदस्यहरूलाई महिलाका मुद्दामा विशेषज्ञता प्रदान गर्ने संविधानसभा बाहिर बसेर महिला सदस्यहरूले संविधानसभामा उठाएका मुद्दाहरूलाई सहयोग र समर्थन गर्ने अपेक्षा गरिएको थियो । तर, संविधानसभाका महिला सदस्य तथा संविधानसभा बाहिरका महिला अधिकारकर्मीहरूबीच सोचे अनुरूपको समन्वय तथा आपसी सहयोग हुन सकेन । बाहिरका महिलाहरूले संविधानसभाका महिला सदस्यहरूले आफूहरूसँग महिलाका मुद्दा सम्बन्धी सहयोग तथा सेवाका लागि आग्रह गरिएला भनेर आशा गरेका थिए । त्यसरी नै संविधानसभाका महिला सदस्यहरूले संविधानसभा सबका लागि एउटा महत्त्वपूर्ण अवसर भएको हुनाले बाहिरका महिलाहरूले सहयोगका लागि आफूहरूतिर हात बढाउलान् भन्ने अपेक्षा गरे ।

संविधानसभाका महिला सदस्यहरूले नागरिक समाज तथा विभिन्न पेशामा आवद्ध महिलाहरूलाई सामान्यतया सीमित स्वार्थ र दाताहरूको भरमा अघि बढेको भनी बेलाबोलमा टिप्पणी गर्छन् भने संविधानसभा बाहिरका महिलाहरूले महिला सदस्यहरूको संविधानसभामा संख्याको दृष्टिले महत्त्वपूर्ण उपस्थिति रहे पनि खासै उपलब्धीमूलक काम गर्न नसकेको भनी आलोचना गर्छन् ।

यद्यपी, महिला अधिकारवादी सङ्घसंस्था तथा नागरिक समाजद्वारा आयोजित अनेकौं कार्यक्रमहरूमा संविधानसभाका महिला सदस्यहरूलाई आफ्ना विचार तथा भनाइहरू राख्न आमन्त्रण गरियो । त्यसैगरी संविधानसभाका महिला सदस्यहरूले पनि व्यक्तिगत रूपले अथवा महिला ककस मार्फत विशेष गरी कानुनी पृष्ठभूमि भएका महिलाहरूबाट सहयोग लिए ।

## लैङ्गिक दृष्टिकोणले संविधानसभामाको समय तालिका र भौतिक सुविधा

१५ जेठ २०६५ मा आयोजित संविधानसभाको पहिलो बैठक राति अबेर सुरू भयो ।[६६] यस बैठकबाटै महिला सदस्यहरूले संविधानसभाको समय तालिका भविष्यमा चुनौतीपूर्ण रहने सङ्केत पाइसकेका थिए । अधिकांश महिला सदस्यहरू संविधानसभाको बैठकहरू लैङ्गिक तथा सुरक्षाको दृष्टिकोणले अनुकूल नभएको गुनासो गर्छन् किनभने ती बैठकहरू प्राय साँझ ढिलो सुरू हुने र लामो समयका लागि बस्ने गरिन्छ । साथै उनीहरूले कुन बेला बैठक सुरू होला भनी संविधानसभा बाहिर कुर्दै घन्टौं बिताउनु पर्ने अवस्था छ । राती अवेरसम्म पनि बैठक नटुङ्गिदा

---

[६६] १५ जेठ २०६५ को दिन संविधानसभाको पहिलो बैठक निर्धारित समयभन्दा १० घन्टा ढिलो गरी राति ९ बजेर १७ मिनेट जाँदा सुरू भयो ।

घर फर्कन यातायातको समस्या परेको पनि महिला सदस्यहरूको भनाइ छ । संविधानसभा अन्तर्गत रहेका बिषयगत समितिहरूका बैठक भने तुलनात्मक रूपमा समयमै बस्ने गरेको र प्रायः बिहान सञ्चालन हुने गरेको छ । तर बिहानको खाना पकाई, छोराछोरीलाई खाना खुवाई उनीहरूलाई विद्यालय पठाएर मात्र घरबाट निस्कनु पर्ने महिला सदस्यहरूलाई भने बिहानका बैठकहरूमा भाग लिन धेरै गाह्रो पर्ने अवस्था छ । घरभित्र र घरबाहिरका प्रशस्त जिम्मेवारी बहन गर्नु पर्ने भएपनि र जे जस्तो चुनौतीहरूसँग सामना गरेर भएपनि संविधानसभालाई नै प्राथमिकता दिएको पनि महिला सदस्यहरूको भनाइ छ ।

महिला सदस्यहरूका अनुसार संविधानसभामा शौचालय तथा चमेनागृह जस्ता भौतिक सुविधाहरू महिलाका दृष्टिकोणले सुविधाजनक छैनन् । धेरै महिला सदस्यहरूले शौचालयको संख्या थोरै भएको र त्यसमा पनि सरसफाइको कमी भएको गुनासो गरे । संविधानसभा तथा सिंहदरबारभित्र रहेका चमेना गृहमा खानेकुराहरू तयार गर्दा सरसफाइमा ध्यान नदिने र खानेकुरा महंगो भएको पनि महिला सदस्यहरूले बताए । जसले गर्दा बैठकहरू सञ्चालन हुँदा बिहानदेखि नै संविधानसभामा बस्नुपर्ने र चमेना गृहकै खानेकुरा खानुपर्ने बाध्यता रहेको पनि उनीहरूले गुनासो गरे ।

धेरै महिला सदस्यहरूले संविधानसभामा मुख्यतया दिवा स्याहार केन्द्र नभएकोमा गुनासो गरे । तर हाल स-साना केटाकेटीहरूलाई राख्नका लागि संविधानसभामा छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने माग पूरा भएपनि त्यहाँ बच्चालाई हेरचाह गर्ने व्यक्ति र उपयुक्त सरसुविधाहरू नभएकाले खासै सहयोग नपुगेको पनि महिला सदस्यहरूको भनाइ छ ।

## काठमाण्डौंको महँगो बसाई

संविधानसभाका धेरै महिला सदस्यहरूका लागि काठमाण्डौंको नियमित बसाई नौलो अनुभव रहयो । संविधानसभा सदस्य भएपछि विभिन्न जिल्लाबाट आएका महिला सदस्यहरूलाई राजधानीको सहरी वातावरण र जीवनशैलीमा भिज्नु पनि सहज भएन । डेरा नपाउने र पाएपनि चर्को भाडा तिर्नुपर्ने समस्यादेखि लिएर सहरिया जीवनको खर्चिलो दिनचर्या पनि उनीहरूका लागि चुनौतीपूर्ण अनुभव रह्यो । विशेष गरी दलित महिला सदस्यहरूलाई दलित भएकै कारणले डेरा पाउन समस्या पऱ्यो र उनीहरूले घरधनी तथा सर्वसाधारणबाट समेत जातिय छुवाछुत र भेदभाव भोग्नु पऱ्यो ।

महिला सदस्यहरूले संविधानसभाका सदस्य र सांसदको पनि भूमिका निभाउनु पर्ने हुनाले आफूले प्रतिनिधित्व गर्ने जिल्ला र आफ्ना निर्वाचन क्षेत्रबाट विभिन्न समस्याहरू लिएर उनीहरूलाई भेट्न आउने कार्यकर्ता तथा अन्य व्यक्तिहरूलाई आफ्नो डेरामा खुवाउनु र राख्नुपर्ने पनि हुन्छ । यसका साथै उनीहरूले तलव तथा सुविधाबाट प्राप्त गर्ने रकमबाटै आफ्ना दलहरूलाई लेभी पनि बुझाउने गरेका छन् । महिला सदस्यहरूको अनुसार दललाई लेभी बुझाएर बाँकी रहेको पैसाले भाडा तिर्ने, परिवार पाल्ने र आफ्नो खर्च धान्न उनीहरूलाई धेरै गाह्रो पर्ने गरेको छ ।

> संविधानसभाका सदस्य भएपनि हामीले निम्न स्तरको जीवन यापन गरिरहेका छौँ । काठमाण्डौं आएपछि म दलित भएकै कारणले मलाई डेरा पाउन ज्यादै गाह्रो पऱ्यो । म दलित हुँ भन्ने थाहा पाएपछि घरधनीले मलाई डेरा दिन अस्वीकार गरे र मेरो जातकै कारणले गर्दा मैले तीनवटा डेरा सर्नुपऱ्यो ।
>
> – संविधानसभाका एक दलित महिला सदस्य

# परिच्छेद ६

# संविधानसभाका महिला सदस्यहरूका उपलब्धि तथा भावी योजनाहरू

संविधानसभामा महिला सदस्यहरूको सङ्ख्या उल्लेखनीय रहनु नेपाली समाज र नेपाली महिला आन्दोलको लागि ऐतिहासिक उपलब्धि हो । संविधानसभाका धेरैजसो महिला सदस्यहरूमा विभिन्न क्षेत्रको अनुभव तथा ज्ञान हुनुका साथै उनीहरूले संविधानसभा मार्फत नेपाली महिलाहरूको हक अधिकार सुनिश्चित हुन सक्ने सम्भावनालाई राम्ररी नै बुझेका छन् । तर केही महिला सदस्यहरू भने संविधानसभा मार्फत के कसरी महिलाका हक अधिकारहरू सुनिश्चित हुनसक्छन् र संविधान निर्माण प्रक्रियामा उनीहरूले के कस्ता योगदान पुऱ्याउन सक्छन् भनेर राम्ररी स्पष्ट नभएको अध्ययनले देखाएको छ । तर महिला सदस्यहरूको आर्थिक, शैक्षिक, राजनैतिक र बुझाईको स्तर फरक फरक भएपनि उनीहरूले अन्य राष्ट्रिय मुद्दाका साथमा महिला सम्बन्धी मुद्दाहरू उठाउन पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । साथै उनीहरूले महिलाहरू पनि प्रभावशाली राजनीतिककर्मी, सांसद, कानुन निर्माता हुन सक्छन् भन्ने कुरा स्थापित गर्न धेरै मिहेनतसाथ काम गरेका छन् ।

महिला सदस्यहरूले संविधानसभा तथा आफू संलग्न समितिहरूमा राज्यको हरेक निकायमा महिलाको समानुपातिक तथा समावेशी सहभागिता, महिलालाई वंशको अधिकार, नागरिकता तथा पैतृक सम्पत्तिमा समान अधिकार जस्ता मुद्दाहरू अघि सारेका छन् । यी मध्ये धेरैजसो मुद्दाहरूलाई समितिहरूका मस्यौदा प्रतिवेदनहरूमा सम्बोधन गरिएका छन् । यसलाई एउटा ठूलो उपलब्धी मान्न सकिन्छ । संविधानसभाका महिला सदस्यहरूले हालसम्म प्राप्त गरेका मुख्य उपब्धीहरू यस प्रकार रहेका छन् :

## वंशको अधिकार

वंशको अधिकार महिला सदस्यहरूले संविधानसभामा उठाएका मुद्दाहरूमध्ये सबभन्दा महत्त्वपूर्ण र नयाँ मुद्दा हो । संविधानसभामा सबैभन्दा पहिलो महिलाको वंशको अधिकार मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति अन्तर्गत बनेको उपसमितिले प्रस्ताव गरेको थियो । त्यसपछि महिला ककस अन्तर्गत नयाँ संविधानमा महिलाका अधिकार पहिचान गर्न बनेको उपसमितिले यो मुद्दालाई अघि सारेको थियो । महिलाको वंशको अधिकार अर्न्तगत के कस्ता अधिकारहरू पर्दछन् भनेर संविधानसभाका कतिपय महिला र पुरूष सदस्यहरू पनि सजग थिएनन् । वास्तवमा वंशको अधिकार सम्पत्तिको अधिकार भन्दा अझ फराकिलो छ । यसमा महिलाको रगतसँग जोडिएको अधिकार, महिलाको पहिचान तथा समानताको अधिकारहरू पर्दछन् । वंशको अधिकारले महिलाहरूले पनि वंश अघि बढाउन पाउने र समाजमा छोराको मात्रै चाहना गर्ने वा छोरा नभई वंश नचल्ने परम्पराको अन्त्य गर्नेछ । संविधानसभामा यसरी महिलाको वंशको अधिकार पहिलो पटक उठाइनु । यस विषयमा छलफल चलाइनु र मैालिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको मस्यौदामा प्रत्येक महिलालाई लैङ्गिक विभेद बिना समावेशीय हक हुनेछ भनेर उल्लेख गरिनुलाई संविधानसभाका महिला सदस्यहरूको एउटा प्रमुख उपलब्धि मान्न सकिन्छ ।

## समानुपातिक समावेशी प्रतिनिधित्व

संविधानसभाका महिला सदस्यहरूले समावेशिको सिद्धान्तका आधारमा राज्यका सबै संरचनाहरूमा महिलाको समानुपातिक र समावेशी प्रतिनिधित्वको माग गरेका छन् । महिला सदस्यहरूले महिलाको समानुपातिक समावेशीको मुद्दालाई बलियो ढङ्गले पैरवी गरेपछि विषयगत समितिका अधिकांश प्रतिवेदनहरूले यो मुद्दालाई सम्बोधन गरेको छ । शासकीय स्वरूप निर्धारण समितिको मस्यौदा प्रतिवेदनमा यो प्रस्तावलाई संलग्न गरिएपनि नयाँ संविधानमा यसलाई सम्बोधन गरिन्छ वा गरिँदैन चासोकै विषय छ ।

महिला सदस्यहरूले राज्य प्रमुख, सरकार प्रमुख तथा सभामुखमध्ये कम्तीमा एकजना महिला हुनुपर्ने र उक्त पदहरूका उपपदहरूमा एउटा पदमा पुरूष भए अर्को पदमा महिला रहनुपर्ने माग गरेका छन् । यद्यपी मनोनयन तथा नियुक्ति गरिने पदहरूमा समानुपातिक तथा समावेशी प्रतिनिधित्व हुने कुरा सुनिश्चित भएपनि प्रत्यक्ष निर्वाचनको हकमा भने यो लागु हुँदैन । तसर्थ, प्रत्यक्ष निर्वाचनमा महिला उम्मेद्वारको संख्या बढाउँदैमा संसद्मा उनीहरूको प्रतिनिधित्व बढ्छ भन्ने सुनिश्चित हुँदैन ।

## नागरिकतामा समानता

अन्तरिम संविधान २०६३ मा आमा वा बुबामध्ये एकजना नेपाली नागरिक भएको खण्डमा उनीहरूका सन्तानले वंशजको आधारमा नागरिकता पाउन सक्ने प्रावधान राखिएको भएपनि संविधानसभा अन्तर्गतको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनले भने वंशजको आधारमा नागरिकता प्राप्त गर्नका निम्ति आमा र बुबा दुबै नेपाली नागरिक नै हुनु पर्ने प्रावधान प्रस्ताव गरेको छ । यो प्रावधानको महिला सदस्यहरूले विरोध गरेका

भएपनि एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा रहेको उच्चस्तरीय राजनीतिक कार्यदलले यसलाई अनुमोदन गरेको छ ।

नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरूष वा महिलालाई समान रूपले नेपाली नागरिकता उपलब्ध गराइनु पर्ने महिला सदस्यहरूको माग छ । तर विद्यमान कानूनी व्यवस्था अनुसार नेपाली नागरिकसित विवाह गर्ने विदेशी महिलाले आफ्नो देशको नागरिकता त्याग्नासाथ अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने प्रावधान छ भने नेपाली महिलासित विवाह गर्ने विदेशी पुरूषले चाहिँ नेपाली नागरिकता प्राप्त गर्न नेपालमा १५ वर्ष बसोबास गर्नुपर्ने प्रावधान छ । अधिकांश महिला सदस्यहरूले महिला र पुरूषलाई विभेद गर्ने यो कानूनले गर्दा धेरै बालबालिकाहरू राज्य विहीन हुन पुगेको तथ्यलाई अघि सारेका छन् । तर नागरिकता सम्बन्धी यो मुद्दामा मधेसी र गैर मधेसी महिलाहरूबीच स्पष्ट रूपले मतभिन्नता देखिएको हुनाले यो मुद्दा संविधानसभामा सबैभन्दा बढी विवादास्पद हुन पुगेको छ ।

## महिला आयोग

संवैधानिक निकायको संरचना निर्धारण समितिले हाल प्रस्ताव गरेको ११ वटा संवैधानिक समितिहरूमा महिला आयोग पनि पर्दछ । संविधानसभाका महिला सदस्यहरूले लामो समयदेखि महिला आयोग संवैधानिक हुनुपर्दछ भनेर पैरवी गर्दै आएका थिए र उनीहरूको यो मागलाई समितिको प्रतिवेदनले सम्बोधन गर्नु अर्को उपलब्धि हो । संवैधानिक आयोगका आयुक्त वा पदाधिकारीहरू नियुक्ति गर्दा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्ने मागलाई पनि संवैधानिक निकायको संरचना निर्धारण समितिले अनुमोदन गरेको छ ।

## अन्य मुद्दाहरू

- संविधानसभाका महिला सदस्यहरूले उठाएका अन्य महत्त्वपूर्ण मुद्दाहरू यस प्रकार छन् :
- समानताको अधिकार
- शोषण विरूद्धको अधिकार
- सामाजिक न्याय, सामाजिक सुरक्षा
- समान कामका लागि समान पारिश्रमिक
- भेदभाव विरूद्धको अधिकार (जसमा समान संरक्षण, आर्थिक लाभको अधिकार, सार्वजनिक सहभागिता तथा पहुँचको अधिकार पर्दछन्)
- सबै प्रकारका विभेदकारी रीतिथिति, परम्परा तथा प्रचलनहरू विरूद्धको अधिकार
- श्रीमान् तथा श्रीमतीको समान वैवाहिक, पारपाचुके, परिवार तथा बालबालिका सम्बन्धमा अधिकार
- बालविवाह, बहुविवाह तथा जबर्जस्ती विवाहविरूद्धको अधिकार

- सबै प्रकारका शोषण तथा मानव तस्करी (वेश्यावृत्ति समेत) विरूद्धको अधिकार
- सम्पत्तिमा समान अधिकार
- प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्वको अधिकार
- प्राकृतिक स्रोत तथा साधनहरूबाट प्राप्त हुन आउने लाभमाथि महिलालाई अग्राधिकार
- महिलाहरूलाई आर्थिक अधिकारहरूमा समानता

## भावी योजनाहरू

संविधानसभाका अधिकांश महिला सदस्यहरू आफ्नो राजनीतिक यात्रालाई निरन्तरता दिन चाहेका छन् । उनीहरूको भावी योजना संसद्को निर्वाचनमा भाग लिएर जनमुखी काम गर्ने रहेको छ । केही सदस्यहरू आफू सम्बद्ध राजनीतिक दलहरूको निर्णायक तहमा पुग्न चाहन्छन् । अत्यन्त थोरै महिलाहरू मात्र संविधानसभाको कार्यकाल सकिएपछि विगतका आफू संलग्न रहेका कार्यक्षेत्रमै फर्किन चाहन्छन् । कतिपय महिला सदस्यहरू चाहिँ संविधानसभापछि आफू संलग्न संस्थाहरू मार्फत महिलाका हक अधिकारका लागि पैरवी गर्ने इच्छा व्यक्त गर्छन् । तर अहिलेको छलफल तथा बहसहरूको मुख्य बिषय नै सङ्घीयता भएको अवस्थामा पनि भविष्यमा महिला सदस्यहरूको प्रान्तीय तहका निर्वाचनहरूमा भाग लिने योजनाहरू भने देखिएनन् ।

एकजना महिला सदस्यको आफू ६५ वर्ष पुगेपछि सक्रिय राजनीतिक जीवन छोडेर आध्यात्मिक जीवनको थालनी गर्ने योजना रहेको छ । संविधानसभामा समावेशिको मुद्दा लिएर आएका प्रायजसो महिला सदस्यहरू भने भावी दिनहरूमा पनि जातिय, सांस्कृतिक लगायत लैङ्गिक मुद्दाहरूकै वकालतलाई निरन्तरता दिने विचारमा छन् ।

सशस्त्र द्वन्द्वमा श्रीमान् गुमाएका एनेकपा (माओवादी) का महिला सदस्यहरूले चाहिँ आफूहरू राजनीतिमा सक्रिय भएर आफ्नो र श्रीमान्को सपना साकार पार्ने योजना बताए ।

संविधानसभाका महिला सदस्यहरूले संविधानसभाको कार्यकालपछि राजनीति वा अरू जुनसुकै कार्यक्षेत्र रोजे पनि उनीहरू लैङ्गिक समानताका निम्ति सङ्घर्षरत रहने र महिला अधिकारको पैरवी गर्न प्रतिबद्ध देखिन्छन् ।

# परिक्षेद ७

# निष्कर्ष

नेपाली महिलाहरूले २००७ सालअघि राणा शासनको अन्त्य गरी देशमा बहुदलीय प्रजातन्त्र स्थापना गर्न, २०१७ सालदेखि २०४६ सालसम्म पञ्चायती व्यवस्था समाप्त गरी देशमा बहुदलीय प्रजातन्त्रको पुर्नस्थापना गर्न र २०५२ सालदेखि २०६२ सालसम्म देशमा शान्ति स्थापना गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न उल्लेखनीय योगदान दिएका छन् । अहिले आएर नेपाली महिलाहरू राष्ट्रको संविधान लेख्ने कार्यमा संविधानसभाको उल्लेखनीय अङ्ग बनेका छन् । उनीहरूले केवल महिलाका मात्र प्रतिनिधित्व नगरेर विभिन्न समुदाय, वर्ग, जात, धर्म तथा क्षेत्रको पनि प्रतिनिधित्व गरिरहेका छन् ।

देशमा राजनीतिक परिवर्तनका लागि भएका ती आन्दोलनहरूमा महिलाहरूले शारीरिक तथा मानसिक यातना भोगेका, निर्वासित जीवन बिताएका र मृत्युवरण गरेका धेरै उदाहरणहरू छन् । यसका साथै गृहिणीका रूपमा छोराछोरी र घरपरिवारका सम्पूर्ण जिम्मेवारी सम्हालेर पुरुषहरूलाई स्वतन्त्र रूपले राजनीति गर्न दिनका लागि महिलाहरूले गरेका त्याग र सहयोगको त अहिलेसम्म कुनै लेखाजोखा नै भएको छैन । तैपनि उनीहरूको सामाजिक, शैक्षिक, आर्थिक र राजनीतिक हैसियत पुरुषका तुलनामा निकै नै पछाडि परेको स्थिति छ । साथै पटक-पटक देशमा राजनीतिक सङ्कट आइपर्दा महिलाहरूलाई पनि आन्दोलनमा होमिन आह्वान गर्ने र आन्दोलन सफल भएपछि उनीहरूका योगदानलाई चटक्कै बिर्सने दल तथा नेताहरू प्रवृत्ति छ । दल तथा नेताहरूको यस्तो प्रवृत्ति २०६२/६३ सालको दोस्रो जनआन्दोलनको सफलतापछि पनि दोहोरियो ।

जनआन्दोलन सफल हुने बित्तिकै दल र दलका नेताहरूले फेरि पनि महिलाका योगदान र मुद्दाहरूलाई बिर्सन खोजे यसको एउटा ज्वलन्त उदाहरणको रूपमा १६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समितिमा एकजना महिलालाई पनि सामेल नगरिनुलाई लिन सकिन्छ । जनआन्दोलनको सफलतापछि पनि महिलाहरूले समान प्रतिनिधित्वका लागि अझ सशक्त भएर लड्नु परेको अवस्था छ । महिलाहरूका दबाबकै कारणले अन्तरिम

संविधान मस्यौदा समितिमा दोस्रो चरणमा ४ जना महिलाहरू थपिए । साथै पुनर्गठित प्रतिनिधिसभाले राज्यको हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता गराइने, महिलालाई विभेद गर्ने सम्पूर्ण कानुन खारेज गरिने र आमाको नामबाट पनि नागरिकता दिने घोषणा गर्‍यो ।

नेपाली जनताको लामो संघर्ष र त्यागद्वारा प्राप्त संविधानसभालाई महिलाका दृष्टिकोणले विश्लेषण गर्दा संविधानसभामा १९७ जना महिलाको उपस्थितिलाई एउटा ठूलो उपलब्धिका रूपमा लिन सकिन्छ। संविधानसभामा ३३ प्रतिशत महिलाको प्रतिनिधित्वले के कुरालाई सुनिश्चित तुल्याएको छ भने नयाँ संविधानमा महिलाका समान हक अधिकारका मुद्दाहरूलाई सम्बोधन गरिनेछ। त्यसरी नै संविधानसभामा १९७ जना महिलाहरूको प्रतिनिधित्वले सिङ्गो नेपालको र विशेष गरी महिलाहरूको विविधतालाई झल्काएको छ । संविधानसभामा शिक्षित र सहरी वातावरणमा हुर्केका महिलाहरू मात्र होइन विकासका दृष्टिकोणले पछाडि पारिएको दुर्गम भेग कर्णालीदेखि घुम्टो हालेर घरभित्रकै कामकाजमा व्यस्त रहने र घरको सँघार हत्पती ननाघ्ने तराईका महिलाहरूले पनि प्रतिनिधित्व गरेका छन् । उनीहरूको उपस्थितिले नेपाली जनतामा नौलो आशा जगाएको छ । साथै यसले राजधानी काठमाण्डौं र जिल्लाहरू बीचको दूरी तथा असमानतालाई प्रष्ट्याएको छ। साथै सबै समुदाय र क्षेत्रका महिला तथा पुरूषको समान विकासमा प्रशस्त लगानी गर्नुपर्छ भन्ने पनि सन्देश दिएको छ ।

संविधानसभामा विभिन्न पृष्ठभूमि, योग्यता र अनुभव बोकेका प्रत्येक महिला सदस्यहरूले संविधानसभासम्म आइपुग्नुअघि आफ्नो पहुँच अनुसार घरपरिवार, समाज, गाउँ, ठाउँ र सहरमा पुर्‍याएको योगदान उल्लेखनीय छ। कतिपयले त राजनीतिक यात्रामा जेल परेको, पिटिएको र आफ्ना परिवारका सदस्यहरूलाई गुमाएको अवस्था छ । यसै पुस्तकमा संलग्न १९७ जना महिला सदस्यहरूको बायोग्राफीबाट यो कुरा अझ स्पष्ट हुन्छ र प्रत्येक बायोग्राफी साहस, बलिदान, चुनौती र सफलताको कथा हो ।

विभिन्न चुनौतीका बावजुद पनि महिला सदस्यहरूले संविधानसभामा महिलाका महत्त्वपूर्ण मुद्दाहरू उठाउन सफल भएका छन् र उनीहरूले उठाएका धेरैवटा मुद्दाहरू विषयगत समितिका मस्यौदा प्रतिवेदनहरूमा पनि समावेश भएका छन्। महिला सदस्यहरूले उठाएका मुद्दाहरूमध्ये राज्यका हरेक निकायमा महिलाको समानुपातिक समावेशी सहभागिता हुनु पर्ने, महिलालाई पनि वंशको अधिकार हुनुपर्ने र नागरिकतामा समान अधिकार दिइनु पर्ने आदि प्रमुख मुद्दाहरू रहेका छन् । यसका साथै विभिन्न समुदाय तथा पृष्ठभूमिबाट आएका महिलाहरूले आ–आफूले प्रतिनिधित्व गरेको समुदायका मुद्दाहरू पनि जस्तो उनीहरूले आदिवासी/जनजातिको पहिचान, भाषा, प्राकृतिक स्रोतमाथिको अधिकार, कमलरी प्रथा, मधेसी महिलाको घुम्टो र दाइजो प्रथा तथा दलित महिलाको छुवाछुतको जस्ता मुद्दाहरूबारे पनि छलफल चलाए । यदि संविधानसभामा यी समुदायहरूको प्रतिनिधित्व गर्ने महिलाहरू नपुगेका भए उनीहरूका मुद्दा ओझेलमा पर्नसक्थ्यो ।

त्यसरी नै, १९७ जना महिला सदस्यहरू संविधान लेखनमा संलग्न नभएका भए महिला सम्बन्धी मुद्दाहरूले पनि कुनै प्राथमिकता पाउने कुरामा ठूलै सन्देह रहन्थ्यो । यसका साथै विभिन्न किसिमका पृष्ठभूमि बोकेका महिलाहरू संविधानसभामा नपुगेका भए त्यहाँ अरू को पुग्थे होलान् भनेर प्रश्न उठ्छ । पहिलेका संसदहरूमा

जस्तै महिलाको प्रतिनिधित्व ५ प्रतिशत वा सोभन्दा कम भएको भए के हुन्थ्यो? अथवा सबै हुने खाने, सहरिया, शिक्षित र एउटै समुदायका महिलाहरू मात्र त्यहाँ पुगेका भए के हुन्थ्यो ? के उनीहरूले साँच्ची नै पहुँच र अवसरहरूबाट वञ्चित ग्रामीण क्षेत्रका आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम, सीमान्तकृत तथा कर्णाली क्षेत्रका महिलाहरूका मुद्दा उठाउन सक्थे होलान् ? यी प्रश्नहरूका नकारात्मक उत्तर आउने सम्भावना बढी छ । यसको कारण के हो भने संविधानसभामा विविध क्षेत्रका महिलाहरूको उपस्थितिले गर्दा नै महिला सम्बन्धी मुद्दाहरूले आवश्यक ठाउँ पाएका हुन् ।

प्रतिनिधिसभाले राज्यको हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता रहनेछ भने तापनि २०६८ साल वैशाख २६ गते पछिल्लो पटक विस्तार गरिएको मन्त्रिपरिषद्मा महिलाको समानुपातिक सहभागिता नभएको भन्दै महिला सदस्यहरूले रोस्टम घेराउ गरेका थिए । साथै विभिन्न मितिमा भएको मन्त्रिपरिषद् पुनर्गठन, संवैधानिक निकाय र आयोगहरू तथा सरकारका हरेक संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता कार्यान्वयन हुनु पर्ने पनि उनीहरूले माग गरेका थिए । सभामुखले महिलाहरूले उठाएका ती विषयहरू महत्त्वपूर्ण भएकाले जति सक्दो चाँडो सरकार र सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदै सम्बोधन गर्न सरकारलाई निर्देशन दिएपछि मात्र उनीहरूले रोस्टम छोडेका थिए ।

अहिले संविधानसभामा १९७ जना महिलाहरूको उपस्थिति उपलब्धिपूर्ण भए पनि यो सहभागिता एक पटकका लागि मात्र भएर पुग्दैन । आगामी दिनहरूमा पनि यसरी नै महिलाको समावेशी तथा समानुपातिक सहभागिताले निरन्तरता पाउनुपर्दछ । यसका लागि नयाँ संविधानमा नै गाउँदेखि केन्द्रीय स्तरसम्मको निर्वाचनहरूमा महिलाको समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गर्ने व्यवस्था हुनु जरूरी छ । साथै महिलाको सहभागिता सुनिश्चित हुने निर्वाचन प्रणाली पनि लागु गरिनुपर्दछ । त्यसरी नै राज्यको हरेक निकायहरूमा महिलाको समानुपातिक समावेशी सहभागिता हुनुका साथै अबका दिनहरूमा महिलाहरूले दलहरूभित्रै पनि समानुपातिक समावेशी सहभागिताका मुद्दा जोडदार ढङ्गले उठाउनु पर्ने देखिन्छ ।

महिला सदस्यहरूको संविधानसभाको यात्रा सहज छैन । महत्त्वपूर्ण योगदानका बाबजुद पनि उनीहरूलाई विभिन्न क्षेत्रबाट थोरै मात्रै सहयोग उपलब्ध भएको अवस्था छ । उनीहरूका बौद्धिक, शैक्षिक, राजनीतिक योग्यता र अनुभवमाथि निकै टीकाटिप्पणीहरू भएका छन् जुन पुरूष सदस्यका हकमा लागु भएन । महिला सदस्यहरूको योगदानलाई हलुका बनाउन र उनीहरूको छविलाई धमिल्याउन केही सञ्चार माध्यमहरूले भूमिका पनि खेलेका छन् । समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गर्ने महिलाहरूको स्थानीयदेखि केन्द्रीय तहसम्म उल्लेखनीय राजनीतिक योगदान रहे पनि र दलहरूले नै छाने र उनीहरूलाई संविधानसभामा ल्याएता पनि महिला सदस्यहरूको सहभागिता र योग्दानमा प्रश्न उठिरह्यो ।

आजसम्मको इतिहासलाई हेर्दा महिलाका मुद्दालाई अन्य राजनीतिक मुद्दाहरूले सधैँ ओझेलमा पारेको देखिन्छ । विभिन्न राजनीतिक दलहरूमा महिलाको उल्लेखनीय उपस्थिति रहे पनि महिलाका मुद्दा अझै पनि दल बाहिरको मुद्दा बनेको स्थिति छ । अझै पनि महिलाले महिला बाहेकका अन्य मुद्दामा बोल्नै सक्दैनन् वा बोल्नु पर्दैन भन्ने

दल तथा नेताहरूको बुझाइ छ । महिलाले पनि महिलाकै मुद्दामा बढी बोल्नु र केन्द्रित हुनु पर्ने अवस्था छ र अझै पनि सेना समायोजन, सङ्घीयता र निर्वाचन प्रणाली जस्ता मुद्दामा पुरूषहरूले मात्र बोल्ने र निर्णय गर्ने गर्दछन् । महिलाको मुद्दा अझै पनि राजनीतिक मुद्दा बन्न सकेको छैन । राजनीतिक दलका नेताहरू पहिले राजनीतिक समस्या समाधान गर्नुपर्छ  त्यस पश्चात् महिलाका समस्याहरू समाधान भईहाल्छ भनेर तर्क अघि सार्छन् । तर यो गलत हो, जबसम्म महिलाका मुद्दालाई प्राथमिकता दिइँदैन र नयाँ संविधानमा ती मुद्दाहरूलाई समावेश गरिँदैन, महिलाहरूमाथि हुने विभेद कायमै रहिरहन्छ ।

बृहत् शान्ति सम्झौता पछि नेपालमा ठुल्ठूला राजनीतिक परिवर्तनहरू भए पनि राज्य, राजनीतिक दल र नेताहरू महिलालाई अझै समान अधिकार दिने पक्षमा छैनन् । यस कारणले पनि महिलाको समान अधिकारको लडाइँलाई अबका दिनहरूमा अझ सशक्त र सङ्गठित ढङ्गले अघि बढाउनु पर्ने देखिन्छ । अबका दिनहरूमा मूल धारको मानिने महिला आन्दोलनले दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम, पिछडिएका क्षेत्र लगायत अरू सम्पूर्ण सीमान्तकृत समुदायका मुद्दाहरूलाई पनि समेट्न सक्नुपर्दछ । महिला आन्दोलनको नेतृत्व तहमा यी समुदायका महिलाहरूको पनि पहुँच हुनुपर्दछ । यसका लागि एउटा सिङ्गो, बलियो र समावेशी महिला आन्दोलनको आवश्यकता छ ।

आगामी सरकारहरूले यदि समावेशिता तथा महिला अधिकार सम्बन्धी नजिरलाई निरन्तरता दिन चुके भने संविधानसभामा महिलाको योगदान अपूर्ण रहने छ । महिला अधिकार तथा समानता प्राप्त गर्न राजनीति दलका अगुवा, अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधि लगायतका सम्पूर्ण तह र तप्काका महिलाहरू एकजुट हुनु नितान्त आवश्यक छ । वर्तमान स्थितिमा आउन महिलाहरूले कैयौँ वर्ष सङ्घर्ष गर्नु परेको थियो भने यथास्थितिमा भएको परिवर्तनलाई सम्पूर्ण रूपले अनुभूति गर्न नेपाली समाजलाई थप केही वर्ष अझै लाग्नेछ । तसर्थ, नयाँ संविधानलाई जीवन्तता दिन, महिला आन्दोलनले लैङ्गिक समानताको दृष्टिकोणबाट विविधता तथा समावेशीको मुद्दालाई सम्बोधन गर्ने नयाँ संविधानलाई अविलम्ब लागु गरी पूर्णता दिनु जरूरी छ ।

# सन्दर्भ सूची


अजिज, बा.नि., (२०५८) हियर टु द साइलेन्ट सङ : टु रिबेल वोमेन अफ नेपाल, काठमाण्डौं : सेन्टर फर नेपाल एन्ड एसियन स्टडिज, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

अजित, अ., (२०६५) समावेशीकरण : राजनीतिक दल, राज्य र मिडिया (पहिलो संस्करण), चौतारी पुस्तक शृङ्खला ४३, काठमाण्डौं : मार्टिन चौतारी ।

कराम, अ. र बालिङ्टन, ज., (२०६६) संसद्मा महिला : सङ्ख्याभन्दा पर (तेस्रो संस्करण); काठमाण्डौं : इन्टरनेसनल आइडिया ।

कोर्टेल, जि., (२०६५) लैङ्गिक दृष्टिकोणबाट संविधानसभाका कार्यविधिहरू, ललितपुर : इन्टरनेसनल आइडिया ।

कोर्टेल, जि, (२०६५) नेपालको संविधानसभा : महिलाका लागि एक एजेन्डा, ललितपुर : इन्टरनेसनल आइडिया ।

चन्द, न. ब., (२०६७) वर्ष १२, भाग १, महिला बुलेटिन, काठमाण्डौं : अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) ।

थापा, आ. (२०६४) महिला आन्दोलनको सङ्क्षिप्त इतिहास, महिला ध्वनि (मुखपत्र), वर्ष २७, अङ्क १, काठमाण्डौं : अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी), केन्द्रीय समिति ।

थापा, सू., (२०६७) सङ्घर्षशील योद्धाहरू पहिलो संस्करण, काठमाण्डौं : मोतीदेवी स्मृति केन्द्र ।

दलित महिला सङ्घ, (२०६५) नेपालमा दलित महिला, ललितपुर : दलित महिला सङ्घ ।

दिदी बहिनी, (२०६५) राजनीतिमा महिला सहभागिता (तेस्रो परिमार्जित संस्करण), काठमाण्डौं : दिदी बहिनी र संयुक्त राष्ट्र सङ्घीय महिला कोष – युनिफेम) ।

धमला, क., (२०६७) आठ मार्चको ऐतिहासिक महत्त्व र हाम्रो दायित्व; जनयुद्ध र महिला मुक्ति आन्दोलन (पहिलो संस्करण), धादिङ : सहिद स्मृति सञ्चार सहकारी संस्था लि. ।

नेमा, (२०६५) संविधानसभा निर्वाचन २०६४ पर्यवेक्षण प्रतिवेदन (प्रथम संस्करण), काठमाण्डौं : राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा) ।

नेपाल सरकार, (२०५४) नेपाल राजपत्र, भाग २, खण्ड ४७, अतिरिक्ताङ्क २३, २०५४ भाद्र ६, काठमाण्डौं : नेपाल सरकार ।

नेपाल, पी. एस., (२०६५) नेपालमा महिलाको राजनीतिक सहभागिता, सशक्तिकरण एवं समावेशीकण, सर्भेक्षण प्रतिवेदन र रणनीतिक कार्ययोजना २०६५, भक्तपुर : पुनर्जागरण समाज नेपाल ।

नेपाली, आर. के., (२००८) महिला प्रतिनिधित्व तथा हिंसा, नेपालको संविधानसभाको खोजबिन (पहिलो संस्करण), काठमाण्डौं : साप इन्टरनेसनल र इन्टरनेसनल आइडिया ।

ट्रमब्ल, मे, (२०६७), क्यानाडामा महिला तथा राजनीतिक सहभागिता, निर्वाचन सम्बन्धी अन्तर्दृष्टि, जनवरी २००१ ।

ढुङ्गाना, मि. र कार्की, (२०६६) विभिन्न राष्ट्रका संविधानमा महिला सम्बन्धी प्रावधान, काठमाण्डौं : राष्ट्रिय महिला अधिकार सरोकार मञ्च/जागरण नेपाल ।

परियार, गो., नयाँ नेपालमा दलित महिला, ललितपुर : दलित महिला सङ्घ ।

पाठक, न. र प्याकुरेल, व., नेपालको अन्तरिम संविधान २०६३ र संवैधानिक अभिलेखहरू, काठमाण्डौं : पैरवी प्रकाशन ।

पासवान, न (२०६०) तराई मूल दलित महिलाहरूको अवस्था र चुनौतीहरू, विकास तथा सुशासनको मूल प्रवाहमा दलित महिलाको सहभागिता, दशौँ वार्षिकोत्सवका अवसरमा आयोजित विचार गोष्ठी, २०६०/४/१२-१३, काठमाण्डौं । ललितपुर : दलित महिला सङ्घ, नेपाल ।

पुनर्जागरण समाज नेपाल (२०६५), नेपालमा महिलाको राजनीतिक सहभागिता, सशक्तिकरण एवं समावेशीकरण : सर्भेक्षण प्रतिवेदन र रणनीतीक कार्ययोजना, भक्तपुर ।

प्रभात, वि., (२०५२), मातृत्व (नारी मुक्तिका सान्दर्भिक रचनाहरू) (पहिलो संस्करण), काठमाण्डौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

बाइलेसो, से., कान्दावास्विका, रू.ए. र लार्सेरूद स्टि. (२०६७) नेपालमा निर्वाचन प्रणाली र कोटा (छलफल पत्र ४), काठमाण्डौं : इन्टरनेसनल आइडिया ।

महिला, कानुन र विकास मञ्च, (२०६५) संविधानसभाले भावी संविधानमा महिला अधिकारको निमित्त उठाउनु पर्ने विषयहरू, प्रकाशन नं. १३५, काठमाण्डौं : महिला, कानुन र विकास मञ्च ।

महिला सभासद् समूह (ककस) (२०६७), नयाँ संविधानमा समेटिनुपर्ने महिला अधिकार तथा सरोकारहरू, काठमाण्डौं : संविधानसभा महिला सभासद् समूह (ककस) ।

यमी, हि., (२०६३), पिपल्स बार एन्ड वुमनस् लिबरेसन यिन नेपाल, (पहिलो संस्करण), छत्तीसँगढ भारत : पुरवई प्रकाशन ।

राई, पी., आदिवासी/जनजाति आन्दोलन र महिला, महिला बुलेटिन, काठमाण्डौं : अखिल नेपाल महिला सङ्घ, क्रान्तिकारी ।

राजनीतिमा महिला सहभागिता, राष्ट्रिय महिला भेला, २०५२ (चैत २८-३०, २०५२) को प्रतिवेदन, काठमाण्डौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

राष्ट्रिय दलित आयोग, (२०६८) नयाँ संविधानमा समावेश गर्नु पर्ने दलित समुदायका सवालहरू (मस्यौदा), काठमाण्डौं : राष्ट्रिय दलित आयोग ।

राष्ट्रिय महिला आयोग, (२०६६) महिला अधिकार, वर्ष २, अङ्क १, पूर्णाङ्क २, काठमाण्डौं : राष्ट्रिय महिला आयोग नेपाल ।

राष्ट्रिय महिला आयोग, (२०६५) लैङ्गिक आधारमा विभाजित तथ्याङ्क (पहिलो संस्करण), काठमाण्डौं : राष्ट्रिय महिला आयोग नेपाल ।

राष्ट्रिय महिला आयोग, (२०६६) लैङ्गिक आधारमा विभाजित तथ्याङ्क (पहिलो संस्करण), काठमाण्डौं : राष्ट्रिय महिला आयोग नेपाल ।

रिसाल, भै. र रिसाल, रा., (२०६४), नेपालका मन्त्रीहरू (परिमार्जित दोस्रो संस्करण) ।

लार्सेरूद, स्टि. र टाफोर्न, रि, (२०६४) समानताका लागि प्रारूप : निर्वाचन प्रणाली र लैङ्गिक कोटाको सर्वोत्तम, साधारण र अनुपयुक्त समिश्रण, ललितपुर : इन्टरनेसनल आइडिया र ग्रामीण विकास प्रतिष्ठान ।

विश्वकर्मा, डि.बि.सा., (२०६०), महिलाभित्र पनि दलित महिलाको कुरा उठ्नुपर्छ, विकास तथा सुशासनको मूल प्रवाहमा दलित महिलाको सहभागिता, दशौं वार्षिकोत्सवका अवसरमा आयोजित विचार गोष्ठी, २०६०/४/१२-१३, काठमाण्डौं : दलित महिला सङ्घ, ललितपुर नेपाल ।

समता प्रतिष्ठान, (२०६६), नयाँ संविधानमा दलित समुदायको रूपान्तरण सम्बन्धी अन्योल, अप्रकाशित नीतिपत्र, काठमाण्डौं : समता प्रतिष्ठान ।

सिंह, मं., (२०५१) नारी सङ्घर्षका पाइलाहरू (आत्मसंस्मरण) (प्रथम संस्करण), काठमाण्डौं : पि.एल.सिंह ।

शाक्य, अ., (२०६०) मोतीदेवीको खोजी गर्दा : मोतीदेवी स्मारिका, काठमाण्डौं : मोतीदेवी स्मृति प्रतिस्ठान ।

श्रेष्ठ, सु., (२०६०), साहना प्रधान–स्मृतिका आँखीझ्यालबाट (प्रथम संस्करण), काठमाण्डौं : स्वप्न वाटिका प्रकाशन ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन र कानुन**

नेपाल नागरिकता ऐन २०६३

नेपालको अन्तरिम संविधान, २०६३

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

महिलाहरूको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२

स्थानीय स्वायत्त शासन ऐन, २०५५

संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४

संविधानसभा नियमावली, २०६५

## परिशिष्ट १

प्रमुख सूचना दाताहरूको नामावली

| क्रम सङ्ख्या | प्रमुख सूचनादाताको नाम | आबद्धता |
| --- | --- | --- |
| १ | अष्टलक्ष्मी शाक्य | नेकपा (एमाले) |
| २ | चित्रलेखा यादव | नेपाली काङ्ग्रेस |
| ३ | दामा शर्मा | एनेकपा (माओवादी) |
| ४ | दुर्गा सोब | दलित महिला अधिकारकर्मी |
| ५ | पम्फा भुसाल | एनेकपा (माओवादी) |
| ६ | शशी श्रेष्ठ | एनेकपा (माओवादी) |
| ७ | स्टेला तामाङ | जनजाति महिला अधिकारकर्मी |
| ८ | सुशीला श्रेष्ठ | नेकपा (एमाले)/महिला अधिकारकर्मी |

# भाग ३
# संविधानसभाका १९७ महिला सदस्यहरूको बायोग्राफी



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | अमृता थापा मगर |
| ठेगानाः स्थायी | : | बिरुवा अर्चले गाविस-३, गाबु, झाँगडी गाउँ, स्याङ्ग्जा, गण्डकी |
| अस्थायी | : | गोंगबुँ, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ४३८५०८० (घर), ९८४१५२६०१५ (मो) |
| इमेल | : | amrita_thapa2006@rediffmail.com |
| जन्म मिति | : | २०२९/२/५ |
| जन्म स्थान | : | स्याङ्ग्जा |
| आमाको नाम | : | शोभाकुमारी थापा |
| बुबाको नाम | : | लोकबहादुर थापा |
| श्रीमान्को नाम | : | हितमान शाक्य |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# गहना बनोस् राजनीति

अमृता थापाको बुबा लोकबहादुर थापा वामपन्थी राजनीतिमा संलग्न हुनुहुन्थ्यो । २०३६ सालको आन्दोलनमा बुबा बहुदलको पक्षमा लाग्नुभएको थियो । उहाँ 'मानिस स्वतन्त्र हुनुपर्छ र कुनै तानाशाहको नियन्त्रणमा हुनुहुन्न' भन्ने सोच राख्नुहुन्थ्यो । बुबाको विचारबाट प्रभावित अमृतालाई वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिय उत्पीडनबाट समाजलाई मुक्ति दिलाउन राजनीतिक रूप मै अघि बढ्नुपर्छ भन्ने लाग्यो । त्यसैले पोखराको पृथ्वीनारायण क्याम्पसमा भर्ना हुने बितिकै उहाँले विद्यार्थी राजनीतिमा प्रवेश गर्नुभयो ।

पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत छँदा बुबाकै राजनीतिक पहिचानका कारण अमृतालाई तत्कालिन अनेरास्ववियूको इकाइ कमिटीमा राखिएको थियो । सो विद्यार्थी सङ्गठनको चौथो जिल्ला सम्मेलनमा उहाँ सचिव बन्नुभयो । २०४६ सालको जनआन्दोलनलाई उहाँको पार्टीले अपूर्ण मानेको थियो । त्यसैले २०४८ सालमा भएको चुनावलाई पार्टीले भण्डाफोर गर्ने नीति लियो । भण्डाफोर अभियान सफल बनाउन पार्टीले आयोजना गर्ने सांस्कृतिक कार्यक्रमहरूमा अमृताले कलाकारको रूपमा सहभागिता जनाउनुभएको थियो ।

२०५२ सालमा तत्कालीन नेकपा (माओवादी) पार्टीले 'जनयुद्ध' सुरू गरेपछि अमृता भुमिगत हुनुभयो । उहाँ छापामार दस्ताको सदस्य बन्नुभयो । बन्दूक बोकेर युद्धमोर्चामा खटिनुभयो र ब्रिगेड कमिसार सम्मको भूमिका निर्वाह गर्नुभयो । पछिल्लो समयमा उहाँलाई महिला सङ्गठनमा काम गर्ने जिम्मेवारी पनि दिइयो । महिलाहरू बीच काम गर्दागर्दै उहाँ अनेमसङ्घ क्रान्तिकारीको महासचिव हुनुभयो । २०५१ सालमा नै पार्टीकै जिम्मेवार कमरेड हितमान शाक्यसँग उहाँको जनवादी विवाह भयो । विवाहपछि उहाँ उपत्यकाको महिला संयोजक हुनुभयो ।

दश वर्षे 'जनयुद्ध'मा अमृताले विभिन्न किसिमका भूमिका निर्वाह गर्नुभयो । यी भूमिकाहरू निर्वाह गर्ने क्रममा उहाँले अनेक प्रकारका दुःखकष्ट र यातनाहरू पनि भोग्नुभयो । भूमिगतकालमा कहाँ बस्ने, के खाने र कहाँ जाने भन्ने कुराको ठेगान नहुने मात्र होइन, सेना र प्रहरीले कुन बेला कहाँ आक्रमण गर्ने हुन् र कुन दिन

प्राणपखेरू उड्ने हुन् भन्ने कुराको समेत ठेगान हुँदैनथ्यो । गोलाबारूद, आक्रमण, भिडन्त, प्रतिकार यिनैका माझ एक एक सास फेर्नुपर्दथ्यो ।

२०६१ सालमा भोजपुरको सदरमुकाम आक्रमण गर्दा उहाँ केन्द्रीय सदस्यको रूपमा उक्त मोर्चामा सम्मिलित हुनुहुन्थ्यो जहाँ पूर्वकै जनमुक्ति सेनाको तत्कालीन शाही सेनासँग माओवादीको पहिलो विजय थियो । जेल कब्जा गर्न नसकिए पनि रातभरिको लडाईमा केही साथीहरूको मृत्यु पछि भएको विजयमा टावरको सुरक्षामा खटिएका तत्कालीन शाही नेपाली सेनाको सम्पूर्ण हतियार कब्जा गरी साथीहरूको मृत्युको पीडा र जीतको खुशीयाली सँगै घाइते साथीहरूलाई बोकेर उहाँहरू खोटाङ्गको सीमानातिर लाग्नुभयो । उक्त मोर्चामा अमृतालाई समेत ग्रीनेडको टुक्राले लागेर घाइते हुनुभएको क्षण नै उहाँको जीवनको सबैभन्दा स्मरणयोग्य घटना हो ।

समाजमा रहेका विभिन्न किसिमका भेदभाव तथा हिंसाका विरूद्ध आवाज उठाउने र सामाजिक तथा राजनीतिक रूपान्तरका लागि सक्रिय रहने उद्देश्यले राजनीतिमा आउनु भएकी अमृताले बाहिर समाजमा मात्र होइन, पार्टी भित्रै पनि असमानता विरूद्ध आवाज उठाउनुभएको छ । २०५४ सालतिर उहाँ पार्टीको जिल्ला कमिटी सदस्य हुनुहुन्थ्यो । तर छोरी जन्माएपछि उहाँलाई एरिया कमिटीमा झारियो । पार्टीभित्रै यस्तो अवस्था भएपछि महिलाहरूको राजनीतिक नेतृत्व विकास कहिल्यै नहुने भयो भनेर उहाँले पार्टीमा कुरा उठाउनुभयो । पार्टीले उहाँको कुरालाई सकारात्मक रूपले लिई त्यसपश्चात बच्चा जन्माइसकेपछि महिलाहरू पहिले जुन समितिमा थिए त्यसैमा रहन पाउने निर्णय गऱ्यो ।

२० वर्ष लामो राजनीतिक यात्रामा अमृताले कुनै दिन आफू सभासद् बन्नेछु भनेर सोच्नु भएको थिएन । युद्धकालमा त संविधानसभाको निर्वाचन भइहाल्छ जस्तो पनि उहाँलाई लागेको थिएन । आफूले नसोचे पनि आज संविधानसभाको सदस्य हुनपाउँदा उहाँलाई गौरव त लाग्छ नै तर, जनताको पक्षमा संविधान नबन्ने होकि भन्ने शंकाले पनि उहाँलाई पिरोलिरहन्छ । उहाँ संविधानसभा अन्तर्गतको प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको सभापति हुनुहुन्छ । संविधानसभाका विषयगत समितिहरू मध्ये महत्वपूर्ण रहेको यस समितिले आदिबासी जनजातिहरूको प्राकृतिक श्रोत तथा साधनमा अग्राधिकारको प्रस्तावलाई पारित गरेको छ । त्यस्तै यस समितिले महिलाको आर्थिक उन्नति गर्ने विषयलाई पनि नीतिगत रूपमा समेटेको छ । प्राकृतिक श्रोत कुनै पनि वर्ग, जाति वा मुट्ठीभर व्यक्तिको हातमा हुनुहुन्न, त्यसमा आम जनताको पहुँच र अधिकार हुनुपर्छ भन्ने उहाँको स्पष्ट विचार छ । सङ्घीय व्यवस्थामा प्राकृतिक स्रोतमाथिको अधिकार एउटा महत्वपूर्ण सवाल भएकोले उहाँको समितिले तयार पारेको मस्यौदा सङ्घीय व्यवस्था कै मेरूदण्ड हुने कुरामा पनि उहाँ विश्वस्त हुनुहुन्छ ।

संविधानसभामा उहाँले महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम लगायत राज्य तथा सामाजिक संरचनाले पछाडि पारिएका समुदायहरूको पक्षमा पनि आवाज उठाउनु भएको छ । तर त्यसको सुनुवाइ भने भइरहेको छैन । उहाँ भन्नुहुन्छ, 'माओवादी सभासद्हरू त आमूल परिवर्तन चाहन्छन् तर, नयाँ संविधान बनाउने थलो संविधानसभा नै यथास्थितिवादीहरूको चंगुलबाट मुक्त छैन ।' त्यसमाथि महिला सभासद्हरूले उठाएका मुद्दाहरूलाई पुरुष सभासद्हरूले पटक्कै गम्भीर ढङ्गले नलिने पनि उहाँले संविधानसभामा अनुभव गर्नु भएको छ ।

अमृता अहिले चार किसिमको जिम्मेवारी बोकेर अघि बढिरहनु भएको छ । पहिलो त उहाँ संविधानसभाको एक महत्वपूर्ण समितिको सभापति हुनुहुन्छ । दोस्रो एनकपा (माओवादी) पार्टीको एक जिम्मेवार कार्यकर्ता र तेस्रो परिवारको व्यवस्थापक । अनि चौथो चाहिँ संविधानसभाको सदस्य । पार्टीको तर्फबाट जिल्लाको सभासद् भएको नाताले जिल्लाका जनताको काममा पनि उहाँ खट्नुहुन्छ । यी दायित्वहरू मध्ये अमृता पार्टीको बैठकलाई पहिलो प्राथमिकता दिनुहुन्छ । त्यसपछि संविधानसभा । अनि जनताको काम र बचेको थोरै समय चाहिँ परिवारलाई ।

अमृता जुन सपना बोकेर सानै उमेरमा राजनीतिमा लाग्नु भएको थियो, त्यो अझै पुरा भएको छैन । 'जीवनका सुनौलो वर्षहरू राजनीतिमै लगाएँ, तर जति सोचेको थिएँ त्यो हुन सकेको छैन । हामीले सोचेका थियौं, वर्गीय विभेद र जातीय विभेद हुनुहुँदैन र सबै मानिसले सम्मानका साथ बाँच्न पाउनुपर्छ तर, त्यो अझै हुन सकेको छैन ।'

राजनीतिमा कुनै पदमा बसेर काम गर्नु बडो जोखिमपूर्ण हुन्छ । सानो गल्तीले पनि व्यक्तित्वमा दाग लाग्न सक्छ । उहाँ ती सबै दागहरूबाट मुक्त स्वच्छ छविसहितको जीवन जिउन चाहनुहुन्छ । 'राजनीति मेरो जीवनको खराब पक्ष नहोस्, बरू जीवनको एउटा बहुमूल्य गहना बनोस् ।' उहाँ आफ्नो इच्छा व्यक्त गर्नुहुन्छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : अम्बिका बस्नेत |
| ठेगाना स्थायी | : बौद्ध तिनचुले मार्ग, काठमाण्डौं-६ |
| अस्थायी | : बौद्ध तिनचुले मार्ग, काठमाण्डौं-६ |
| सम्पर्क ठेगाना | : ४४७२०४१ (घर), ९८५१०१२७४४ (मो) |
| जन्म मिति | : २००७/१०/८ |
| जन्म स्थान | : सिफल काठमाण्डौं |
| आमाको नाम | : कपिल कुमारी बस्नेत |
| बुबाको नाम | : शिवध्वज बस्नेत |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# आफूले टेकेको धरातल राम्ररी बुझ्नुपर्छ

अम्बिका बस्नेतका हजुरबुबा मकरध्वज बस्नेत राणाकालदेखि नै राजनीतिमा सक्रिय हुनुहुन्थ्यो र उहाँको बुबा पनि राजनीतिमै हुनुहुन्थ्यो । घरको वातावरणले अम्बिकालाई पनि राजनीतिमा प्रवेश गर्न प्रोत्साहन मिल्यो । उहाँको एक दाजु र दुई बहिनी मध्ये एक बहिनी पनि राजनीतिमा नै हुनुहुन्छ ।

२०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थाको अन्त्य गरी राज्यको सम्पूर्ण शक्ति तथा अधिकार आफ्नो हातमा लिँदा अम्बिकाको बुबा र हजुरबुबाले राजाको त्यस कदमको विरोधमा लडेको अम्बिकाले देख्नु भएको थियो । बि.पी. र कोइराला परिवारले प्रजातन्त्रका लागि गरेका त्याग, तपस्या तथा उनीहरूले दिएका योगदानलाई पनि उहाँले नजिकबाट हेर्ने र अनुभव गर्ने अवसर पाउनु भएको थियो । यसरी पारिवारिक पृष्ठभूमि र अग्रज नेताहरूको प्रेरणाबाट राजनीतिमा लाग्नु भएकी अम्बिकाले सत्ताका लागि नभै 'कारणका लागि' राजनीति गरेको बताउनुहुन्छ । तर, त्यो बेलाको समाजमा महिलाले राजनीतिमा लाग्न त्यति सजिलो नभएपनि पारिवारिक पृष्ठभूमिले गर्दा उहाँलाई भने यो क्षेत्रमा आउन त्यति गाह्रो भएन ।

अम्बिकाले २०२९ सालदेखि नै काठमाण्डौंमा बसेर पार्टीको काम गर्नुभयो । उहाँले राजनीति सुरू गर्दा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाएको अप्ठेरो परिस्थिति थियो । पार्टीबाट प्रकाशित हुने 'तरूण' पत्रिका पढ्दा समेत गिरफ्तार हुनुपर्ने अवस्था थियो । 'वृक्षारोपण गर्दा र नेताहरूसँग भेट्दा पनि हामीमाथि निगरानी हुने र गिरफ्तारमा पर्ने गर्थ्यौं ।' उहाँले ती दिनहरू सम्झनुभयो । २०४२ सालमा पञ्चायत व्यवस्थाको विरोध गर्न नेपाली काङ्ग्रेसको आह्वानमा आयोजित सत्याग्रह आन्दोलनमा गणेशमान सिंह, मंगलादेवी सिंह लगायतका नेताहरूसँगै उहाँ पनि झण्डै ७ महिना जेल पर्नुभयो ।

राजनीतिमा लागेर जीवनभरि सङ्घर्ष गर्नु परे पनि र प्रशस्त दुःख भोग्नु परे पनि राजनीतिमा व्यर्थै लागिएछ भन्ने महसुस उहाँलाई कहिल्यै भएन । 'पार्टी प्रतिबन्धित अवस्थामा रहेका बेला हामीले लिने भन्दा पनि देश र

जनतालाई दिने कुरा बढी हुन्थ्यो। एक अर्का बीच प्रतिस्पर्धा वा पार्टीमा आफ्नो मूल्याङ्कन भयो वा भएन भन्ने कुरा सत्तामा बस्दा मात्र हुने रहेछ' उहाँ भन्नुहुन्छ, ।

राजनीतिक जीवनका आरोह अवरोह पार गर्दै यतिबेला अम्बिका संविधान लेख्ने थलोमा आइपुग्नु भएको छ । उहाँले राजनीति सुरू गर्ने बेला सांसद् वा संविधानसभाको सदस्य हुन्छु भनेर सोच्नु भएको थिएन, किनभने त्यतिबेला सत्ता र शक्तिका लागि नभई देशबाट निरंकुश व्यवस्था हटाइ प्रजातन्त्र स्थापना गर्ने नै उहाँको मुख्य लक्ष थियो । तर, उहाँलाई यो थाहा थियो कि राजनीति गर्ने मानिसको जीवनमा सत्ता शक्ति सबै कुरा आउँछन् ।

संविधानसभा मार्फत जनतालाई धेरै चिज दिन सकिन्छ भन्ने सोचले संविधानसभाको सदस्य बने पनि अहिले त्यो पूरा गर्न नसक्दा उहाँलाई खल्लो लाग्छ । संविधान बनाउनका लागि थपेको समय पनि झण्डै सकिन लागेको छ । तर, अझै संविधान बन्ने निश्चित छैन । जनताले चाहेको कुरा दिनेभन्दा पनि 'हाम्रो सिद्धान्त' कसरी टिकाई राख्ने भन्ने पार्टीहरूको सोचका कारणले जनताको इच्छा आकांक्षा पूरा हुन नसकेको हो भन्ने उहाँलाई लाग्छ ।

यद्यपि, संविधानसभामा आइसकेपछि आफूले गर्नु पर्ने भूमिका र कर्तव्य चाहिँ पूरा गरेको उहाँ ठान्नुहुन्छ। पार्टीका नेताहरूले संविधान निर्माणको कामलाई ओझेलमा पारेर सत्ता प्राप्तिलाई बढी प्राथमिकता दिएको उहाँलाई महसुस हुन्छ। शान्ति प्रक्रियालाई तात्विक निष्कर्षमा पुऱ्याउन नसकेर भोली असफल संविधानसभा सदस्य भएर निस्कनु पर्ने हो कि भन्ने चिन्ताले पनि उहाँलाई निकै नै सताउँछ। अहिले संविधान बनाउन विधि र प्रक्रियाले अवरोध पुऱ्याएको नभै पार्टीहरूको दर्शन र सिद्धान्तले समस्या पारेको उहाँ ठान्नुहुन्छ। तर, आफू संलग्न संविधानसभा अर्न्तगतको संवैधानिक संरचना निर्धारण समितिमा कतिवटा संवैधानिक आयोग हुनुपर्छ र ती के का लागि भनेर मुद्दा उठाएको उहाँ बताउनुहुन्छ। महिला आयोगलाई संवैधानिक आयोग बनाउनुपर्छ भन्नेमा उहाँको विशेष जोड थियो र यो बुँदा समितिको मस्यौदा प्रतिवेदनमा पनि परेको छ। उहाँले जोड दिनु भएको अर्को मुद्दा नागरिकता सम्बन्धी थियो। छोरा र छोरीलाई समान नागरिकताको अधिकार हुनुपर्छ भन्ने उहाँको धारणा छ। तर, अहिले नागरिकता सम्बन्धी अधिकारलाई बुहारी र ज्वाइँको अधिकारको रूपमा बुझ्न खोजिएको उहाँको भनाइ छ । साथै महिला, आदिवासी/जनजाति, दलित लगायत पछाडि पारिएका र सीमान्तकृत समुदायको अधिकारका लागि समावेशीको अवधारणा ल्याउनुपर्छ भनेर पनि उहाँले संविधानसभामा कुरा उठाउनुभयो। उहाँलाई विषयगत समितिका प्रतिवेदन र मस्यौदा संविधान पछाडि पारिएका यस्ता समुदाय र वर्गका लागि उपलब्धीमूलक नै रह्यो भन्ने लाग्छ ।

महिलाका मुद्दामा अधिकांश संविधानसभा सदस्य बीच एकमत नै हुने गरेको उहाँको अनुभव छ। महिलाको मुद्दा उठाउन सजिलो होस् भनेर संसद् तथा संविधानसभामा महिला सदस्यहरूको ककसको गठन गरिएको छ । सुरूमा ककस गठन गर्न निकै नै चुनौतिहरू आए र पार्टीहरूले समेत ककस नखोले हुन्थ्यो भनेर दबाब दिए। तर, दबाब र विरोधका बावजुद पनि महिला सदस्यहरूले महिला ककस गठन गरी छाडे। अहिले ककस मार्फत महिलाका कतिपय मुद्दाहरू उठाउन सजिलो भएको उहाँलाई महसुस भएको छ। महिला ककसले नागरिकता र

घरेलु हिंसालगायतका मुद्दा उठाएको र कतिपय मस्यौदा प्रतिवेदनमा छुटेका महिलाका मुद्दामाथि पुनः छलफल गराइ पार्टी तथा संविधानसभालाई ध्यानाकर्षण समेत गराउने काम गरेको छ । महिला सदस्यहरूले ककसको महत्व बुझ्नु जरूरी रहेको उहाँको भनाइ छ ।

संविधानसभामा लैङ्गिक विभेद भएको अनुभूति उहाँलाई पनि छ । तर, समय परिस्थिति बदलिएका कारण महिलाले उठाएका मुद्दामा पुरूषले बाध्य भएरै भएपनि केही गम्भीरता देखाउन थालेको उहाँको अनुभव छ । 'सकेसम्म महिलाका मुद्दाहरू नआए हुन्थ्यो भन्ने होला पुरूष सदस्यहरूलाई, तर आइसकेपछि सबैको ध्यानाकर्षण त हुन्छ नै', उहाँ भन्नुहुन्छ । आफूले खाइपाइ आइरहेको भाग खोसिएला भन्ने सोचेले पनि पुरूष सदस्यहरू महिलाका मुद्दामा उदार हुन नसकेको हो भन्ने उहाँलाई लाग्छ । संविधानसभामा बोल्ने कुरामा भने आफूले समान अवसर पाएको उहाँको दाबी छ । त्यहाँ बोल्ने विषयवस्तु र पोर्टफोलियोका कारण कुनैकुनैबेला समय नपाएको वा कम पाएको जस्तो भए पनि त्यो महिलाका लागि मात्रै नभै पुरूष सदस्यलाई पनि लागु हुने गरेको उहाँको भनाइ छ ।

आफूले सोचेअनुसारको उपलब्धी हासिल नहुँदा मान्छेमा निराशा छाउँछ । त्यसैले निश्चित समयभित्र संविधान बनाउने मुख्य जिम्मेवारी बोकेर संविधानसभामा आएर पनि त्यो पुरा हुन नसक्दा अरू सदस्यहरूलाई जस्तै उहाँलाई पनि दुःख लाग्नु स्वाभाविकै हो । तर, यतिमै विचलित भएर राजनीतिबाटै पलायन हुने जस्तो सोच अम्बिकाले लिनु भएको छैन । जीवनको महत्वपूर्ण दिनहरू प्रजातन्त्रका लागि लड्दै बिताएकोले भावी दिनमा पनि यसैलाई निरन्तरता दिने उहाँको योजना छ । बढी महत्वकांक्षी हुँदा र सोचेको कुरा पूरा नहुँदा जीवनमा निराशा छाउने भएकाले आफूले टेकेको धरातल राम्ररी बुझेर मात्र काम गर्नुपर्ने उहाँले आफ्नो जीवन अनुभवबाट सिक्नु भएको छ, र यसो गर्दा पछि पछुताउन नपर्ने पनि उहाँको भनाइ छ ।



**व्यक्तिगत विवरण**

नाम : आङ दावा शेर्पा
ठेगानाः स्थायी : च्याल्सा, सल्लेरी गाविस-८, सोलुखुम्बु, सगरमाथा
अस्थायी : जोरपाटी, काठमाण्डौं-३४
सम्पर्क ठेगाना : ०१-४९१४०३७ (नि) ९८४१३९५२९४ (मो)
इमेल : sherwaling@gmail.com
जन्म मिति : २०२६/११/११
जन्म स्थान : सोलुखुम्बु
आमाको नाम : आङ ङिमा लामा
बुबाको नाम : काजी शेर्पा
श्रीमान्को नाम : ङवाङ छुल्ठिम लामा शेर्पा
शिक्षा : स्नातक
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# विभेद अन्त्य गर्नका लागि पीडितहरू स्वयं अग्रसर हुनुपर्छ

राजनीतिक परिचय र हालको पार्टीमा उहाँको औपचारीक आबद्धता नयाँ हो तर, एक दर्जन सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध रहेर उहाँले सामाजिक कार्यकर्ता र मानव अधिकारकर्मीका रूपमा आफूलाई सफल रूपमा उभ्याउनु भएको छ ।

काठमाण्डौंको हिरालाल क्याम्पसमा २०४२ देखि २०४६ सालसम्म अध्ययन गर्दा उहाँ अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन - छैठौं सँग आबद्ध हुनु भएको थियो । यसपछि २०६४ मा उहाँ एनेकपा (माओवादी) को तर्फबाट समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभामा निर्वाचित हुनुभयो । हाल उहाँ पार्टीको सचिवालय सदस्य हुनुहुन्छ ।

१५ महिनाको उमेरमा आमा स्वर्गीय भएकोले आङ दावा र उहाँको दिदि मावलीमा हुर्कनुभयो । अध्ययन गर्दागर्दै स्वतन्त्र विद्यार्थी युनियन मार्फत उहाँ राजनीतिक रूपमा सक्रिय हुँदै गएकोले आफन्तहरूले उहाँको जबर्जस्ती विवाह गरिदिए । आफन्तहरूलाई कम्युनिष्ट राजनीतिमा लागेर उहाँले धर्म, संस्कार नमान्ने डर थियो । यद्यपि, उहाँले सुरूमा विवाहको प्रस्तावलाई अस्वीकार मात्र गर्नु भएन, विवाह समारोह नै छोडेर भाग्नु भएको थियो । तर हजुरआमाको अनुरोध, मामाहरूको कारकाप र सामाजिक दबाबलाई झेल्न नसकेर उहाँ विवाह गर्न बाध्य हुनुभयो । विगतको क्षण आङ दावाका लागि अति नै निराशाजनक र असामान्य भएपनि अहिले उहाँको वैवाहिक जीवन सुखी छ र उहाँका दुई छोरा र एक छोरी छन् ।

विवाह पश्चात् पनि राजनीतिमा निरन्तर सक्रिय रहेकोले र जनआन्दोलन चलिरहेको बखत गर्भवती अवस्थामा समेत पोस्टर-पर्चाहरू ओसार पसार तथा गोप्य बैठकहरूमा सकृय भएकोले बुद्ध दर्शनसम्बन्धी प्राध्यापक श्रीमान्ले आङ दावालाई अमेरिका लैजानु भयो । श्रीमान्ले अमेरिकामै बस्न अनुनय विनय गरेपनि मुलुकमा प्रजातन्त्र बहाली को घोषणा भएपछि 'अब जे गर्छु, आफ्नै देशमा गर्छु' भनि उहाँ अमेरिकाबाट नेपाल फर्कनु भयो । 'म नेपाल फर्केको समयमा पनि नेपालको राजनीतिक अवस्था त्यति उत्साहजनक र जनताले अपेक्षा गरेको

जस्तो थिएन । दलहरू बीच निकै मत भिन्नता थिए र ब्राह्मण क्षेत्री जाति तथा शासक वर्गले राजनीतिमा पकड जमाएका कारण सीमान्तकृत जाति, वर्ग, लिङ्ग र क्षेत्र परिवर्तन बाहिरै थिए । त्यसैले मैले यो जातिगत विभेदलाई वर्गीय विभेद सँगै अन्त्य गर्ने संकल्प गरें', उहाँ भन्नुहुन्छ ।

नेपालमा प्रजातन्त्र पुनःवहाली भए पश्चात् उचाई लिन थाले देखि सुरु भएको जातीय जागरण अनुरूप आङ दावाले शेर्पा जातीको पहिचानलाई संस्थागत गर्ने तथा शेर्पा समुदायको भाषा, धर्म र संस्कृतिलाई संरक्षण गर्ने उद्देश्यले २०५२ सालमा शेर्पा विद्यार्थी मञ्च स्थापना गर्न विशेष भूमिका निर्वाह गर्नुभयो । विद्यार्थी तथा युवाहरूको प्रतिनिधित्व गर्दै उहाँले २०५३ सालमा नेपाल शेर्पा सङ्घको केन्द्रीय कार्यसमितिमा निर्वाचित भई २०६६ सालसम्म निरन्तर ३ कार्यकाल सेवा गर्नुका साथै उहाँ २०५७ सालमा आदिवासी/जनजाति महासङ्घको जनसम्पर्क सचिवमा निर्विरोध निर्वाचित पनि हुनुभयो । उहाँकै सकृय पहलमा गठन भएको शेर्पा महिला सङ्घमा उहाँ संस्थापक उपाध्यक्ष रहनु भयो भने महिला सुरक्षा दबाब समूह, राष्ट्रिय मानव अधिकार सरोकार केन्द्र आदिमा पनि हिमाली क्षेत्रको प्रतिनिधित्व गर्नु भएको छ ।

आदिवासी/जनजाति आन्दोलनमा संलग्न आङ दावाले लगभग एक दशक रेडियो नेपालमा शेर्पा भाषामा समाचार वाचन सम्पादन र कार्यक्रम उत्पादन तथा प्रसारणको काम पनि गर्नुभएको थियो । उहाँले बुद्ध जयन्ती लगायत शेर्पा समुदायका धेरैवटा महत्वपूर्ण विषयलाई प्रत्यक्ष प्रसारण गर्न रेडियोलाई उपयोग गर्नुका साथै समुदायलाई सूचना समाजमा स्थापित गर्नुभयो । उहाँ नेपाल आदिवासी/जनजाति पत्रकार सङ्घ (अनिज) र आदिवासी मिडिया नेटवर्कका क्रमश संस्थापक सदस्य र एशिया प्रतिनिधि हुनुहुन्छ । उहाँले आदिवासी/जनजाति मुद्दाको वकालत गर्ने सिलसिलामा उहाँले २०५८ सालमा डर्बानमा सम्पन्न जातिभेद विरूद्ध विश्व सम्मेलन, २०५९ सालमा न्यूयोर्कमा सम्पन्न आदिवासीका सवाल सम्बन्धी राष्ट्रसङघीय स्थायी मञ्च (यु. एन. परमानेन्ट फोरम) को प्रथम बैठक, लगायत दजनौ बैठक र सम्मेलनहरूमा सहभागिता जनाउनुभयो ।

२०६२/६३ सालको दोस्रो जनआन्दोलनमा आङ दावाले आदिवासी/जनजाति महिलाहरूलाई सहभागी गराउन आदिवासी/जनजाति महिला शान्ति सञ्जाल गठन गर्न सक्रिय भूमिका निर्वाह गर्नुभयो । सञ्जालले आन्दोलन ताका 'सेतो गुलाफ आन्दोलन' आरम्भ गरेको थियो । दमन गर्न लाग्दा उनीहरूले प्रहरी र सैनिकहरूलाई सेतो गुलाफको फूल र आदिवासी संस्कार अनुसार सगुन दिने अभियान चलाएका थिए । सुरक्षा कर्मीहरूले फूल ग्रहण गरेपछि लाठी चार्ज, अन्दाधुन्द, अश्रुग्याँस र ताकेको बन्दुक समेत रोकेको मिठो अनुभव रहेको उहाँ बताउनुहुन्छ । १९ दिन नै आन्दोलनमा खटेर चाबहिल चोकमा खाजा र पानीको समेत दैनिक रूपमा व्यवस्था गर्न सकेकोले पनि निषेधित क्षेत्र तोड्न सकेको कुरा गर्वका साथ उहाँ दावी गर्नु हुन्छ । आन्दोलनमा होमिएकोले त्यसताका आफन्तहरूले उहाँलाई "लोकतन्त्र"उपनामले गिज्याउने, निरूत्साहित गर्ने र एक्ल्याएको नमिठो अनुभव पनि उहाँ जोड्नु हुन्छ । उहाँ भन्नुहुन्छ, 'आदिवासी/जनजाति महिलाको जनआन्दोलनमा सक्रिय सहभागिता र योगदानका बावजुद पनि शान्ति प्रक्रिया र राज्यसत्तामा आदिवासी/जनजाति महिलाको भूमिकालाई उपेक्षा गरिएको महसुस गरेको छु ।'

आङ दावाको राजनीतिक आकाङ्क्षालाई उहाँको श्रीमान्ले विगतका दिनहरूमा सिमित गर्ने अनेक प्रयत्न गरे पनि पछिल्ला दिनहरूमा उहाँलाई समेत सहयोगी बनाउन सफल भएको उहाँ सुनाउनुहुन्छ । राजतन्त्रको कट्टर समर्थक रहेका उहाँका श्रीमान्ले आङ दावालाई जनआन्दोलनको क्रममा राजा विरोधी ऱ्यालीमा सहभागी हुनबाट रोक्ने प्रयत्न गर्नु भएको थियो । श्रीमान्ले उहाँको मोबाइलको सिमकार्ड समेत झिक्ने, खोस्ने, टेलिफोनको तार काट्ने आदि गर्नुभएको थियो । तर, आङ दावा प्रतिबद्ध हुनुहुन्थ्यो र उहाँ भन्नुहुन्छ, 'श्रीमान्लाई पनि परिवर्तन

गर्न सक्दिनँ भने मैले यो समाजलाई कसरी परिवर्तन गर्न सक्छु भन्ने मैले सोचें ।' आन्दोलनको दशौं दिनदेखि उहाँले श्रीमान्लाई पनि सडकमा उतार्नुभयो र श्रीमान्ले प्रहरीको ज्यादती आफैले अनुभव गर्नुभयो ।

आङ दावाले विगतमा सामाजिक कार्यकर्ता र मानव अधिकारकर्मीको रूपमा आफ्नो पहिचान बनाए पनि महिला, आदिवासी/जनजाति, दलित, मधेसी, अपाङ्ग र अन्य पछाडि परिएका समुदायको हक अधिकारका लागि राजनीतिमा सक्रिय रहनु पनि उत्तिकै महत्वपूर्ण छ भन्ने महसुस गर्नुभयो । पछाडि पारिएका समुदायका हक अधिकारका लागि सङ्घर्ष गर्ने प्रेरणा उहाँले आफ्नो जीवनको अनुभवबाट पनि पाउनु भयो । जस्तो, रेडियो नेपालमा काम गर्दा उहाँले विभिन्न किसिमका भेदभाव सँग सामना गर्नुपर्‍यो । उहाँ शेर्पा भाषाको समाचार वाचिका भएकै कारणले सिहंदरबार गेट पस्दा विभेद व्योहोर्नु परेको उहाँको भनाइ छ । उहाँ सुनाउनुहुन्छ, 'यस्ता विभेदहरू अन्त्य गर्नका लागि पिडितहरू स्वयं अग्रसर नभए सम्म कुनै पनि परिवर्तन सम्भव छैन भन्ने कुरा मैले महसुस गरें ।'

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको सदस्यका रूपमा आङ दावाले संविधानसभामा खासगरी उत्तराधिकारी र अंश तथा वंशमा समान अधिकार र नागरिकतामा समान व्यवस्थाको विषयलाई सशक्त रूपमा उठाउनु भएको थियो । आमाबुबाको वैवाहिक परिस्थितिका कारण देखाई धेरै नागरिकहरूले नागरिकता र पहिचानको समस्या भोग्नु परेकोले उहाँले संविधानसभाको मस्यौदामा नागरिकताका प्रावधानलाई लिएर पार्टीको आग्रह र दबाबका बावजुद पनि फरक मत राख्नुभयो र उहाँले राखेको सो मतमा पार्टीको समेत समर्थन जुटाउन सफल हुनुभयो । बुबाको पहिचान नखुले सम्म नेपाली आमाबाट जन्मेका बाल बच्चाले वंशजको नागरिकता पाउनु पर्दछ भनेर उहाँले निरन्तर आवाज उठाउँदै आउनु भएको छ ।

दलहरूले औपचारिकता मात्र पुरा गर्ने गरेको जस्तो लागेको बताउँदै आदिवासी/जनजातिको हक अधिकार सुनिश्चित गर्ने अन्तराष्ट्रिय महासन्धी आइ.एल. ओ १६९ ले व्यवस्था गरेको अधिकार अग्रिम सुचित र पूर्व मञ्जुरी (एफ.पी.आइ.सी) सम्बन्धी अधिकारहरू मस्यौदाको साझा प्रतिवेदनमा नपारिएकोमा आङ दावालाई ठूलो पिडा बोध भएको छ । उहाँको अनुसार आइ.एल.ओ १६९ को धारा १० ले आदिवासी/जनजातिहरूका इच्छा र स्वीकृति विपरित तथा उनीहरूको मञ्जुरी बिना उनीहरूलाई पुर्ख्यौली भूमिबाट बल जफ्ती विस्थापित गर्नु हुँदैन भनिएता पनि बेला बेलामा ठूलो संख्यामा आदिवासी/जनजातिलाई विकास निमार्णका क्रममा जस्तो राष्ट्रिय निकुञ्ज र ठूलो विद्युत आयोजना स्थलहरूबाट पर्याप्त क्षतिपूर्ति नदिई जबर्जस्ती विस्थापित गराइएको पाइन्छ ।

आफूले सामाजिक क्षेत्र र संविधान निर्माणमा महत्त्वपुर्ण भूमिका निभाइ रहे तापनि पार्टीभित्र समान व्यवहार नभएको तितो अनुभव आङ दावाको रहेको छ । 'जनयुद्ध' लडेर नभई दोस्रो जनआन्दोलन पछि नेकपा (माओवादी) पार्टीमा आबद्ध हुनु भएकी आङ दावाको कतिपय व्यवहार र विचारका कारणले संकटकालमै धेरैले उहाँलाई 'माओवादी' भनेर शंका गर्थे र कतिपयले बुझ्न पनि खोज्थे, तर सरकारी सञ्चार माध्यममा कार्यरत भएकोले खुलेआम द्वन्द्वकालमा राजनीतिमा संलग्न नभएको उहाँ बताउनु हुन्छ । लामो समय नेपालको सांस्कृतिक र सामाजिक रूपान्तरणमा पुर्‍याएको योगदानको पनि उचित मूल्याङ्कन हुनुपर्ने धारणा राख्दै उहाँ भन्नुहुन्छ, 'माओवादी पार्टीले नै देशमा सकारात्मक परिवर्तन ल्याउन सक्छ भन्ने विश्वासले नै यो पार्टीमा प्रवेश गरेकी हुं, यही पार्टीले नै जनताले चाहेको शान्ति र संविधान दिनसक्छ भन्ने आशा छ ।' उहाँ सामाजिक रूपान्तरण र शोषित, उत्पिडित सीमान्तकृत जाति, वर्ग लिङ्ग र क्षेत्रको मुक्तिका लागि निरन्तर लागिरहने प्रतिबद्धता जाहेर गर्नुहुन्छ ।



## व्यक्तिगत विवरण

नाम : डा. आरजु राणा देउवा
ठेगाना स्थायी : अशिकग्राम गाविस, ५, मटेला, डडेल्धुरा
अस्थायी : नारायणस्थान, ७ चपली–भद्रकाली, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४३७४२३७ (घर) ९८५१०८६८८८ (मो)
इमेल : arzrade@gmail.com
जन्म मिति : २०१८/१०/१३
जन्म स्थान : ललितपुर
आमाको नाम : प्रतिभा राणा
बुबाको नाम : विनोदशमशेर जंग बहादुर राणा
श्रीमान्‌को नाम : शेरबहादुर देउवा
शिक्षा : विद्यावारिधी
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# राज्यको नीतिमा परिवर्तन गर्न सक्रिय राजनीति आवश्यक

माइतीमा आमा प्रतिभा राणा र घरमा श्रीमान् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा राजनीतिमा चिनिएका व्यक्तिहरू भएकाले डा. आरजु राणा देउवाले राजनीतिलाई धेरै नजिकबाट नियाल्ने अवसर पाउनु भएको थियो । तर, संविधानसभामा आउनुअघिसम्म सामाजिक र विकासका क्षेत्रमा छुट्टै परिचय बनाउनु भएकी आरजुलाई पारिवारिक राजनीतिक वातावरणले राजनीतिमा आउन खासै प्रेरित गरेको थिएन ।

तर, पूर्व राजा ज्ञानेन्द्र शाहको शाही कदमपछि खोसिएको लोकतन्त्र र परिवारले भोग्नु परेको यातनाले जनताको अधिकार संरक्षण गर्न सचेत नागरिकले राजनीतिमा प्रवेश गर्नु पर्दोरहेछ भन्ने उहाँलाई लाग्यो । र, त्यही सोचले नै उहाँलाई सक्रिय राजनीतिमा ल्याइपुऱ्यायो । गैर सरकारी संस्थामार्फत काम गर्दा समाजमा केही परिवर्तन ल्याउन सके पनि राज्यको नीतिमै परिवर्तन गर्न चाहिँ राजनीतिले मात्र सक्दो रहेछ भन्ने कुराको महसुस भएकोले पनि राजनीतिमा आउन प्रेरणा मिलेको उहाँको भनाइ छ ।

यद्यपि, पारिवारिक पृष्ठभूमिले गर्दा राजनीति गर्न सजिलो भएको आरजु स्वीकार्नुहुन्छ । 'जति अरू मान्छेले यहाँसम्म आउन सङ्घर्ष गर्नुपर्छ मैले गर्नु परेन', उहाँ खुलस्त पार्नुहुन्छ, 'बिहे भएको १०/१५ वर्षमै मैले आफूलाई राष्ट्रिय नेता, सभासद्‌को रूपमा चिनाउन सफल भएँ । यो मेरो पारिवारिक पृष्ठभूमिले गर्दा भएको हो ।' बलियो पारिवारिक पृष्ठभूमिमा जन्मे हुर्केका कारण राजनीतिलगायत समाजसेवा र शिक्षा लगायतका अवसर हासिल गर्न पनि सङ्घर्ष गर्नु नपरेकोमा उहाँ आफूलाई भाग्यमानी ठान्नुहुन्छ । तर, आफ्नो अनवरत मिहेनत नभइदिएको भए पृष्ठभूमिले मात्रै त्यो सम्भव नहुने पनि उहाँ बताउनुहुन्छ ।

राजनीतिमा आउने महिलाहरूले सबैभन्दा धेरै पितृसत्ताबाट प्रेरित पुरूषहरूको दृष्टि र व्यवहार सहनु पर्ने चुनौति छ । राजनीति नेपाली महिलाका लागि सबैभन्दा गाह्रो क्षेत्र रहेछ र राजनीतिमा योग्यताले कमै मात्र मूल्य राख्दो रहेछ भन्ने कुरा उहाँलाई संविधानसभाको झण्डै तीन वर्षे कार्यकालले सिकाएको छ । उहाँ भन्नुहुन्छ, 'आफ्नो

मेहनतका कारण मैले आफूलाई कहिले पनि पुरूषभन्दा कम ठानिनँ र यसअघि शिक्षा, विकास, निजी वा एनजिओ जुनसुकै क्षेत्रमा पनि पुरूषले मलाई त्यस्तो व्यवहार गरेनन् । तर, राजनीतिमा आएपछि भने म डा. आरजुबाट आरजु भाउजु बन्न पुगेछु, यो मेरो लागि अनौठो अनुभव हो ।'

पारिवारिक परिवेशमा कसैको भाउजु हुनु नराम्रो हैन । तर, राजनीतिक पहिचान बनाउँछु भन्दा पनि कसैको श्रीमती भएकाले आएको भन्ने मान्छेको दृष्टि उहाँका लागि सबभन्दा ठूलो सिकाइको अनुभव भएको छ । उहाँ भन्नुहुन्छ, 'तर मेरो सबै पहिचानलाई एउटा बाकसभित्र थुनेर फलानाको श्रीमती मात्रै भनेर मान्छेले मेरो चर्चा गर्दा यो उमेरमा आएर मलाई पछाडि धकेलिएको महसुस हुन्छ ।' इन्स्टिच्युसनल बिहेभिअरमा विद्यावारिधी गर्नुभएकी आरजुको नामको पछाडि जोडिएको 'राणा' थरले पनि आफूलाई धेरै बेफाइदा भएको उहाँ ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'धेरै जनालाई यो राणा भनेर स्वीकार गर्न हिच्किच्याहट छ । त्यसमाथि ठूलो नेताको श्रीमती भनेपछि अरू पनि नेताको आसेपासे महिलासँग तुलना गरेर दिक्क पार्छन् ।'

संविधानसभामा नयाँ र महत्वपूर्ण विषयहरूमा बोल्नु परे पुरूष सदस्यहरूले अगाडि नै आफूआफू समय मिलाउने र महिलालाई समय माग्दा पनि नदिने समस्या छ भन्ने आरजुको अनुभव छ । 'मलाई त हाम्रै पार्टीको सचेतकले समेत तपाइलाई पनि बोल्नुपर्छ र देखिन मात्र पाए हुदैन र भन्नुभयो ।', उहाँको तीतो अनुभव बोल्छ, 'यस्तो पितृसत्ता यस अघि कहीँ देखेको थिइँन । महत्वपूर्ण निर्णय गर्दा महिला सभासद्को विचारै लिइँदैन ।' आफू ठूलो पार्टीको सदस्य भए तापनि वरिष्ठताका कुरा निकालेर संविधानसभामा आफ्ना विचार दिने मौकै नपाइने आरजुको भनाइ छ । महिला सदस्य जतिसुकै पढेलेखेको र विज्ञ भए पनि पुरूषको तुलनामा कम अवसर पाउने गरेको उहाँले पाउनु भएको छ । 'मिडियाले समेत कपाल कहाँ काट्छौ र लुगा के लगाउँछौ जस्तो प्रश्न सोधेर दिक्क पार्छन्', उहाँ भन्नुहुन्छ, 'हामी त मुद्दाको प्रतिनिधित्व गर्न गएको, त्यस विषयमा नसोधी फ्यान क्लबमा जस्तो प्रश्न सोधिन्छन् ।' आरजुले आफ्नो अनुभव सुनाउनुभयो ।

चुनौतिका बाबजुद पनि मस्यौदा संविधानमा महिलाका हक अधिकारसँग सम्बन्धित धेरैवटा मुद्दाहरू पार्न सकेकोमा उहाँ केही खुशी पनि व्यक्त गर्नुहुन्छ । जस्तो, देश सङ्घीय संरचनामा गएपछि कुनै पनि राज्य वा प्रदेशले महिला विरूद्ध हुने सबैखाले भेदभाव विरूद्ध अन्तर्राष्ट्रिय महासन्धि (सिड) ले प्रदान गरेभन्दा कम अधिकार दिन नपाइने भनेर मस्यौदा संविधानमा राम्रोसँग राख्न सकेको आरजु बताउनुहुन्छ । जातीय र धार्मिक आधारमा राज्य बनाउदा भोलि कुनै समुदायले यो हाम्रो चलन हैन भनेर महिलालाई अधिकारबाट वञ्चित नगरोस् भन्नका लागि पनि यो महत्वपूर्ण छ भन्ने उहाँको भनाइ छ ।

राज्यको पुनर्संरचना र राज्यको बाँडफाँड सम्बन्धी समितिको जातीय आधारमा सङ्घीय राज्य बन्नुपर्ने र अग्राधिकार दिइनुपर्ने प्रस्तावलाई भने आरजुले विरोध गर्नुभयो । कुनै एक जात, समुदाय वा भाषाको आधारमा कसैको पनि अधिकार देशको अरू कुनै जातको नागरिकको भन्दा धेरै हुनुहुंदैन भन्ने उहाँको धारणा छ । 'पहिला पनि सामन्ती भन्थ्यौं । त्यो बेलामा पनि जातकै आधारमा भएको थियो', उहाँ स्पष्ट पार्दै भन्नुहुन्छ, 'अहिले त्यसलाई ठ्याक्क उल्ट्याउनु हुँदैन । हामी लोकतान्त्रिक संविधान बनाउछौ भने सबै नागरिक बराबर हुनुपर्छ ।' अग्राधिकारका सम्बन्धमा संविधानसभामा उहाँले फरक मत नै राख्नुभयो ।

जातीय मुद्दामा 'आदिवासी' र 'आदिवासी/जनजाति' छुट्टयाउनु पर्ने उहाँको धारणा छ । देशको झण्डै २९ प्रतिशत जनसंख्या रहेको बाहुनक्षेत्री पनि यो देशको आदिवासी नै भएकाले उनीहरूलाई देशबाट अलग गर्न वा यो देशको नागरिक हैन भन्न सक्ने अवस्था छैन र उनीहरूको पनि अधिकार सुनिश्चत हुनु पर्छ भन्ने उहाँको विचार छ । बिना अनुसन्धान जातीय आधारमा छुट्याइएको सङ्घीय राज्यको संरचनाप्रति पनि उहाँले फरक मत राख्नुभयो । दलितको सवालमा भने उहाँ विशेषाधिकारको पक्षमा हुनुहुन्छ । 'कोही यो देशमा ठगिएको हो भने दलित हो, त्यसैले उनीहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ', उहाँ भन्नुहुन्छ । महिलाका सवालमा आरजुले समानुपातिक सहभागिताको मुद्दा उठाउनुभयो । ३३ प्रतिशत महिला सहभागितालाई प्रारम्भिक बिन्दु बनाई ५० प्रतिशतसम्म पुऱ्याउनुपर्छ भनेर मस्यौदा प्रतिवेदनमै लेखिएको उहाँ बताउनुहुन्छ ।

नागरिकताका सवालमा महिलालाई समान अधिकार दिने कुरा अझै सुनिश्चित हुन सकेको छैन । मौलिक अधिकार समितिले विवादित विषय भनेर पन्छाएपछि दलको संयन्त्रले अन्तरिम संविधानले दिएको अधिकारसमेत कटौती हुने गरी पञ्चायतकालकै संविधानमा आधारित भएर नागरिकता सम्बन्धी प्रस्ताव पास गरेको उहाँ बताउनुहुन्छ । त्यसरी नै, नेपाली छोरीलाई परिवारभित्र बस्ने अधिकारमा समेत विभेद भएको तर विदेशबाट आउने बुहारीको राष्ट्रपति बन्ने अधिकार पनि अहिलेदेखि नै संविधानमा लेखेर ल्याउनु आफैमा विवादास्पद रहेको उहाँको भनाइ छ । नागरिकताका सवालमा मधेसी र पहाडी मूलका महिलाका सोचाइमा भिन्नता रहेकाले पनि अप्ठेरो परेको उहाँ ठान्नुहुन्छ । छोरीलाई पैतृक सम्पत्तिको अधिकार दिने तर कोसग बिहे गर्ने भन्ने हक नदिने विरोधाभाषपूर्ण नीति संविधानमा हुनुहुँदैन भन्ने उहाँको जोडदार माग हो ।

आरजुलाई संविधानसभामा आएर खुसी र निराशा दुबै लागेको छ । सुरुमा आउँदा धेरै काम गर्न सकिन्छ भन्ने उहाँलाई लागेको थियो । तर, समयमा संविधानसभाको बैठक नहुँदा गर्न सकिने धेरै कामहरू पनि गर्न सकिएन । आफू जस्तो व्यवसायिक महिलाका लागि हरेक घण्टा अति महत्वपूर्ण हुने र संविधानसभामा गएर कुनै काम विना फर्कनु पर्दा क्याम्पस गएर हल्लिए जस्तो अनुभव हुने उहाँ बताउनुहुन्छ । तर, आफू धेरै सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध भएकाले आफैले पनि भनेको बेला समय दिन नसकेको उहाँ स्वीकार्नुहुन्छ ।

राजनीतिक जीवनमा प्रवेश गर्नुअघि उहाँ आइसियुनको रिजनल काउन्सिलर, ह्वाइट रिवन अलायन्स फर सेफ मदरहुडको बोर्ड सदस्य, गरिबी निवारणको बोर्ड सदस्य, पार्लियमेन्ट ग्रुप अफ एक्सनको अध्यक्ष, प्रधानमन्त्री कार्यालयमा महिलाविरूद्ध हिंसा युनिटको सल्लाहकार हुनुहुन्थ्यो । यी बाहेक अरू थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थामा उहाँको आबद्धता रहेको छ । आरजुले महिलाविरूद्ध हिंसा र सुरक्षित मातृत्वको क्षेत्रमा उल्लेखनीय काम गर्नुभएको छ ।

राजनीतिमा आएपछि घरमा समय व्यवस्थापन गर्न भने गाह्रो हुने गरेको आरजुको अनुभव छ । अधिक व्यस्तताले गर्दा आफ्नो व्यक्तिगत जीवन शुन्य झैँ भएको उहाँलाई लाग्छ । तर, आफू पहिलेदेखि संलग्न गैर सरकारी क्षेत्रका मानिसहरूसँगको उहाँको अन्तरक्रिया र सम्पर्क चाहिँ निरन्तर छ । चाकडी प्रथाका कारण महिलालाई नेपालको राजनीतिमा टिक्न एकदमै गाह्रो पर्ने आरजुले महसुस गर्नुभएको छ । यस्तो अवस्थामा आफूले राजनीतिलाई निरन्तरता दिन नसक्ने निचोडमा उहाँ झण्डै पुग्नु भएको छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : आशाकुमारी सरदार |
| ठेगाना स्थायी | : पोखरीया गाविस-४, मोरङ, |
| अस्थायी | : घट्टेकुलो-३२, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४९२७१६६३ (मो) |
| जन्म मिति | : २०३४/१/१७ |
| जन्म स्थान | : पोखरीया, मोरङ्ग |
| आमाको नाम | : ललितादेवी सरदार |
| बुबाको नाम | : नारायण सरदार |
| श्रीमान्को नाम | : जगत मण्डल |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : मधेसी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# संविधान नबनेमा जनताको थप्पड खाने अवस्था आउन सक्छ

मोरङ जिल्लाको पोखरीया गाविस वडा नं. ४ मा एउटा साधारण तराईका आदिवासी गन्गाइँ समुदाय र किसान परिवारमा जन्मनुभएकी आशाकुमारी सरदार समाजमा रहेका कुरीति र अन्धविश्वासलाई निर्मूल पार्नुपर्ने विचार राख्नुहुन्छ । घुम्टो प्रथा र दहेज प्रथाजस्ता महिला विरोधी संस्कृति लादेर महिलामाथि शोषण र हिंसा हुने गरेको पनि उहाँको भनाइ छ ।

छोरीको विवाह सानैमा गरिदिने समाजमा जन्मेहुर्के पनि आशाकुमारीले गाउँकै विद्यालयबाट निम्न माध्यमिक र नजिकैको अर्को गाउँमा रहेको माध्यमिक विद्यालयबाट माध्यमिक तहको शिक्षा पूरा गर्ने अवसर पाउनुभयो । तर उच्च शिक्षा हासिल गर्ने उहाँको इच्छा पूरा हुन सकेन । २०५१ सालमा कक्षा १० मा पढ्दापढ्दै आशाकुमारीको विवाह जगत मण्डलसँग भयो । विवाह भएकै वर्ष एसएलसी परीक्षा दिनुपरेकाले उहाँ अलि विचलित पनि हुनुभयो । नयाँ घर र परिवारको जिम्मेवारीका कारणले गर्दा उहाँले पहिलो वर्ष नै एसएलसी परीक्षामा उत्तीर्ण हुन सक्नु भएन । तर उहाँले हिम्मत हार्नुभएन, र पुनः परीक्षा दिनुभयो । अन्ततः २०५३ सालमा उहाँले एसएलसी उत्तीर्ण गरेरै छाड्नुभयो ।

विवाहपछि श्रीमान्को घरको सम्पूर्ण जिम्मेवारी आशाकुमारीकै काँधमा आइपर्‍यो । त्यो बेला एकजना मधेसी महिलाले भोग्नुपर्ने दमन र शोषणको पनि उहाँले अनुभूति गर्नुभयो । तर घरभित्र बसेर मात्र परिवर्तन हुँदैन भन्ने सोचले उहाँलाई घच्घचाइ रह्यो । तसर्थ उहाँले विभिन्न सङ्घसंस्थामा आबद्ध भएर समाजसेवामा सहभागी हुन थाल्नुभयो ।

आशाकुमारीले पोखरीया-१ को भावनानी प्राविमा केही समय स्वयम्सेविकाको रूपमा पनि काम गर्नुभयो । २०५९ सालमा उहाँले रोशनी प्रारम्भिक बाल विकास केन्द्रमा पढाउन थाल्नुभयो । शिक्षा नै परिवर्तनको पहिलो खुड्किलो हो भन्ने उहाँको मान्यताले नै उहाँलाई शिक्षण पेशामा आकर्षित गर्‍यो । आफ्नो क्षमता विकास गर्नुपर्छ भन्ने

चाहना पनि उहाँ सँधै राख्नुहुन्थ्यो । यसै सिलसिलामा, उहाँले २०६२ सालमा पत्रकारितासम्बन्धी तीन महिने तालिम लिने अवसर पनि पाउनुभयो । सो तालिमले लेखन क्षेत्रमा उहाँको आत्मविश्वास बढायो ।

समाजका लागि केही गरौं भन्ने सोच राख्ने आशाकुमारी नेपाली काङ्ग्रेस मोरङ जिल्लाको नेपाल महिला सङ्घको सदस्य पनि हुनुभयो । २०६२/६३ को जनआन्दोलनमा आशाकुमारीका आफन्त दिनदयाल मण्डल सहिद हुनुभयो । त्यस दुःखद घटनाले उहाँलाई अझ बढी क्रियाशील भएर सक्रिय राजनीतिमा लाग्न प्रेरणा दियो । मधेस आन्दोलनले मधेसी समुदायको हक अधिकार र समानताको कुरा उठायो । उहाँ सम्झनुहुन्छ, 'मधेस आन्दोलनमा धेरैजना महिलाहरू झाडु र हण्डी बोकेर सडकमा उत्रेका थिए ।'

मधेस आन्दोलनका क्रममा मधेसबाट ५३ जना सहिद हुनुभएको थियो । तीमध्ये मोरङ जिल्लाबाट मात्र छ जना परेका थिए । मधेस आन्दोलनलाई टुङ्ग्याउन सरकारसँग वार्ता भइरहँदा उहाँ मौन जुलुस र कोणसभाहरू आयोजना गर्न व्यस्त हुनुभएको थियो । लोकतान्त्रिक गणतन्त्र नेपालको प्रथम राष्ट्रपति र उपराष्ट्रपति दुबै मधेसी मूलको हुनुलाई उहाँ मधेस आन्दोलनको उपलब्धी गर्वका साथ मान्नुहुन्छ ।

२०६४ सालमा संविधानसभाको चुनावका लागि आशाकुमारीले गाउँगाउँमा पुगी मतदान प्रक्रियासम्बन्धी जनचेतना कार्यक्रममा चलाउनु भएको थियो । पार्टीले उहाँको योगदानको कदर गरेर उहाँलाई समानुपातिक निर्वाचन प्रक्रियाबाट संविधानसभाको सदस्य बनायो । यसलाई उहाँ अवसरको रूपमा लिनुहुन्छ । साथै आफूले संविधानसभामा तराईको अत्यन्तै पछाडि परेको जाति गनगाइँ समुदायको प्रतिनिधित्व गर्न पाएकोमा गर्व महसुस हुनुका साथै हौसला पनि मिलेको उहाँ बताउनुहुन्छ ।

उहाँलाई राज्यका हरेक निकायमा मधेसी महिलाहरूको अधिकार सुनिश्चित गर्न अब बन्ने संविधानमा जातीय जनसंख्याका आधारमा महिलाको समावेशी तथा समानुपातिक सहभागिता हुनुपर्ने कुरामा जोड दिनुहुन्छ । अन्तरिम संविधानले व्यवस्था गरेको महिलाको ३३ प्रतिशत आरक्षण पनि पूर्णरूपमा व्यवहारमा लागू हुन नसकेको र प्राप्त सुविधामा पनि ठूलाबडाको वर्चश्व रहेको उहाँको गुनासो छ ।

संविधानसभा अन्तर्गतको नागरिक सम्बन्ध समितिको सदस्य रहनुभएकी आशाकुमारीले संविधानसभामा एकल महिलाले पाउने सुविधा प्राप्त गर्न उमेरको हदबन्दी तोक्ने नहुने, राज्यका हरेक तह र तप्कामा महिलाको समावेशी तथा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने र महिला हिंसा अन्त्य गरिनुपर्ने लगायतका मुद्दाहरूलाई प्राथमिकताका साथ उठाउनुभयो ।

संविधानसभाको सदस्य भएपछि लामो समय काठमाडौ बस्ने गरी आउँदा आशाकुमारीलाई यो सहर नौलो लागेको थियो । बैठक र सभामा सहभागी हुन जाँदा बाटो भुलेर समस्या परेको थियो । आशाकुमारीले संविधानसभाको सदस्य भइसकेपछि विभिन्न तालिम तथा गोष्ठीहरूमा सहभागी हुने अवसर पाउनुभयो । उहाँलाई ती तालिम र गोष्ठीहरूले केही सहयोग गरेको थियो ।

सधैं कार्यतालिका बनाएर काम गर्ने आशाकुमारीलाई अहिले संविधानसभा र पारिवारिक जीवन मिलाउन हम्मेहम्मे परेको छ । दुई सन्तानकी आमा आशाकुमारीकी सानी छोरी भर्खरै दुई वर्षको भएकोले बच्चाको स्याहारसुसार गर्न, संविधानसभाका गतिविधिहरूमा संलग्न हुन र जिल्लाका कार्यक्रमहरूमा समेत भ्याउन उहाँलाई निकै गाह्रो परेको छ ।

महिला तथा मधेसका मुद्दाहरूलाई प्राथमिकता दिनु हुने आशाकुमारी जनताले संविधान बनाउन दिएको दुई वर्ष समय नेताहरूले धेरैजसो कुर्सीमोहमा लडेर नै खेर फालेको देख्दा उहाँलाई कतै राजनीति फोहोरी खेल मात्र त हैन भन्ने पनि लाग्छ । उहाँ भन्नुहुन्छ, 'संविधान नबनेमा जनताको थप्पड खाने अवस्था पनि आउन सक्छ ।'

'संविधान आज बनाएर भोलि जलाउन नपरोस्, अब बन्ने संविधान जनताको भावना अनुरूप बनोस्,' उहाँ नेताहरूलाई चेतावनी पनि दिनुहुन्छ । मधेसका सवाल र मधेसी महिलाको हकहितमा निरन्तर लागिरहने सोच बनाउनुभएकी आशाकुमारी संविधान जारी भएपछि पनि राजनीतिमा नै सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : ओन्सरी घर्तीमगर |
| ठेगाना स्थायी | : जंकोट-१ रोल्पा |
| अस्थायी | : कुसुन्ती, ललितपुर-१३ |
| सम्पर्क ठेगाना | : ०१-५५३१९४४ (घर), ९७४१०९४२९७ (मो) |
| इमेल | : pun.usha@yahoo.com |
| जन्म मिति | : २०३४/७/२८ |
| जन्म स्थान | : जंकोट-१, रोल्पा |
| आमाको नाम | : नौमती घर्तीमगर |
| बुबाको नाम | : प्रसाद घर्तीमगर |
| श्रीमान्को नाम | : वर्षमान पुन (अनन्त) |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# झोलामा पार्टीको झण्डा र फूल बोकेर हिँड्थें

निर्धक्कसाथ दौँतरीहरूसँग खाइखेली रमाउने कलिलो उमेरमै ओन्सरी घर्तिले धेरै दुःख र सङ्घर्ष गर्नु पऱ्यो । बाल्यावस्थामा घटेका केही घटनासँगै विकसित विद्रोही भावनाले उहाँलाई राजनीतितर्फ डोऱ्यायो । त्यसैबाट सुरु भएको राजनीतिक जीवनयात्राको आरोह-अबरोह पार गर्दै यतिखेर उहाँ देशको संविधान कोर्ने ठाउसम्म आइपुग्नु भएको छ ।

पहिला त उहाँको पारिवारिक आर्थिक अवस्था राम्रै थियो । बुबा हुलाकको सामान्य जागिरे हुनुहुन्थ्यो । परिश्रम गरे खान पुग्ने जमिन थियो । तर, २०४१ सालतिर माइला दाइलाई ज्यान मुद्दा लागेपछि उहाँको घरको आर्थिक अवस्था बिग्रन थाल्यो । ओन्सरीका अनुसार, माघी पर्वका बेला जात्रामा एकजना मान्छे मरेपछि कम्युनिष्ट पार्टीको गतिविधिमा लागेका उहाँको दाइलाई कसरी फसाउने भन्ने प्रपञ्च रचिरहेको तत्कालिन प्रशासनले दाइलाई हत्याको आरोप लगायो । परीक्षा दिएर आएका दाइलाई प्रहरीले घरबाटै लछारपछार गर्दै लग्यो । 'त्यसैबेलादेखि पुलिस र प्रशासनप्रति मेरो मनमा नकारात्मक भावना जाग्यो,' ओन्सरी भन्नुहुन्छ । हिरासतमा यातना दिएर प्रशासनले उहाँको दाइलाई हत्या गरेको स्वीकार्न बाध्य बनायो । उहाँको दाइले जेलबाट छुट्न ९० हजार रूपैया तिर्नु पऱ्यो । आफन्त र दिदीबहिनीहरूको गहना बेचेर र ऋण लिएर पैसा जुटाउनु पऱ्यो । दाइ जेलमा पर्दा २० हजार रूपैयाँ ऋण लिएको, दुई वर्षमा १ लाख २० हजार तिर्दा पनि चुक्ता हुन सकेन ।

माइलो दाइ जेलमा र कान्छो दाइ जागिरको सिलसिलामा भारत गएपछि घरमा काम गर्ने मान्छेको अभाव हुन थाल्यो । घरमा हलो जोत्ने लोग्ने मान्छे नहुँदा बुबा दिक्क मान्नुहुन्थ्यो । बुबाको त्यो अवस्था देखेर १० वर्षकी ओन्सरीले बुबासँग आफै हलो जोत्ने प्रस्ताव राख्नुभयो । तर, छोरीले हलो जोत्नु हुन्न, त्यसो गर्दा भगवान रिसाउँछन् भन्ने बुबाको कुराले ओन्सरीको बालमस्तिष्कमा छोरा र छोरी बीच ठूलो विभेद रहेछ भन्ने महसुस गरायो । तर, उहाँले बुबालाई भगवान हुन्थे भने दाइले नगरेको कसुरको सजाय भोग्नु पर्दैन्थ्यो भनेर सम्झाए पछि बुबाले पनि उहाँलाई हलो जोत्न स्वीकृति दिनुभयो । बाटोमा हिँड्ने मान्छेहरू उहाँले हलो जोतेको देख्दा छोरी मान्छेले हलो जोत्यो, के अनिष्ट हुन लाग्यो भनेर कराउँथे । ओन्सरीले हलो जोत्न थालेको दुई दिनपछि

एक हुल गाउँलेहरू आएर कसको छोरी हो हलो जोत्ने भनेर कराए । जे त पर्ला भनेर कराउनेहरूलाई माटोको डल्लाले हान्न थालेपछि सबै जना फर्केर गएको उहाँ सम्झनुहुन्छ ।

तीन दाजुभाइ र चार दिदी मध्येकी माइली छोरी ओन्सरी घर्तीलाई आठ कक्षा पछि अत्यधिक ऋण लागेकाले बुबाले पढाउने हैसियत राख्नु भएन । पढाइ छोड्नु पर्ने अवस्था आयो । तर, उहाँले निकै कष्टका साथ पढ्नुभयो । स्कुलको शुल्क तिर्नका लागि उहाँ शुक्रबार रातभरी रक्सी बनाएर शनिवार बेच्ने र आइतबार शुल्क तिर्ने गर्नुहुन्थ्यो । त्यतिले नपुगेर उहाँ घरको अन्नपात र तरकारी पनि बेच्नुहुन्थ्यो ।

रोल्पाको सदरमुकाम लिवाङमा माध्यमिक शिक्षा पढ्न आउँदासम्म ओन्सरीलाई नेपाली भाषा शुद्धसँग बोल्न आउँदैनथ्यो । विद्यालयमा खस भाषाको दबदबा थियो । त्यसैले अरू समुदायका सहपाठीले उहाँलाई निकै उडाउने र हैरान पार्ने गर्थे । क्षेत्रीबाहुन समुदायका विद्यार्थी पहिलो बेञ्चमा बस्थे । मगर समुदायका विद्यार्थी अन्तिम बेञ्चमा बस्नु पर्ने अवस्था थियो । ठूलो दुःख गरेर पढ्न आएको, तर पछाडिको बेञ्चमा बस्दा हल्ला भएर सुन्न नसकिने, त्यसैले पढाइ बिग्रेला भन्ने चिन्ताले उहाँलाई निकै सताउँथ्यो । एकदिन उहाँले आँट गरेरै अगाडि सिटमै बसेर पढ्ने सोचले बेन्चमा किताब राख्नुभयो । तर, एक जना आफूभन्दा ठूलो उमेरकी सहपाठीले 'टिमुर गन्हाउनेहरूले पनि हामीसँग बसेर पढ्ने?' भन्दै किताब फालिदिएपछि उहाँले प्रतिकार गर्दै सो सहपाठीलाई पिट्नु भयो । त्यस दिनपछि कक्षामा उहाँले कहिल्यै कसैबाट हेपिनु परेन ।

२०४६ साल पछि ओन्सरी विद्यार्थी इकाईमार्फत कम्युनिष्ट राजनीतिमा लाग्नुभयो । उहाँले सुरूमा मशाल र पछि एकता केन्द्र हुँदै माओवादी पार्टीमा रहेर काम गर्नुभयो । २०४८ सालतिर प्रहरीले ओन्सरीलाई पक्राउ गरी दिनभरी थुनेर छोडेपछि उहाँ अर्धभूमिगत हुनुभयो र बिस्तारै पूर्णकालीन रूपले नै राजनीतिमा लाग्नुभयो । 'जनयुद्ध'ताका उहाँले माओवादी सेनामै रहेर काम गर्नुभयो । युद्धकालिन अवस्थाका थुप्रै सम्झनाहरू अहिले पनि ओन्सरीको मनमष्तिकमा ताजै छन् । २०५२ फागुन १ गते 'जनयुद्ध' सुरु भएको पहिलो दिन रोल्पा जिल्लाको होलेरीको प्रहरी चौकी हान्ने योजना बन्यो । त्यतिबेला समुहमा एउटा मात्रै राइफल थियो र उहाँलाई दुईवटा सिसाको बम चौकीमा हान्न दिइएको थियो । होलेरीको प्रहरी चौकी आक्रमण गरेर माओवादीले विधिवत रूपमा 'जनयुद्ध' सुरू गरेको थियो ।

सात महिनाको गर्भ अवस्थामा अर्को प्रहरी चौकी हान्नका लागि डे सर्भे गरेर फर्कदा 'पार्टीकै सदस्यले गद्दारी गरेका कारण' ओन्सरी प्रहरीको घेरामा पर्नुभयो । तर भाग्न खोज्दा बाटो नभएकाले कि प्रहरीको गोली खानुपर्ने कि छहरामा हाम्फाल्नु पर्ने अवस्था आयो । त्यसपछि उहाँले छहरामा हाम्फाल्ने निर्णय गर्नुभयो । संयोगबश हाम्फाल्दा उहाँ खस्नु भएको ठाउँमा मसिना बालुवा भएकाले बाँच्न सफल हुनुभयो । तर, त्यसरी हाम्फाल्दा बच्चाले पेटमा ठाउँ छोडिसकेको रहेछ र त्यसको ११ दिनमा नै बच्चा जन्मियो । बच्चा जन्मेको तीन दिनमा आश्रय लिएर बसेको ठाउँमा पनि पुलिसले घेरा हालेपछि बच्चा बोकेरै उहाँ अन्यत्रै भाग्न सफल हुनुभयो ।

यसरी गर्भावस्था र सुत्केरी अवस्थामासमेत पार्टीकै लागि ओन्सरीले निरन्तर लड्नुभयो । तर, पनि कहिलेकाँही पार्टीभित्र महिला भएकै कारणले उहाँले पुरुष सहकर्मीबाट विभेद खेप्नु पर्थ्यो । बच्चा जन्मेको बेलामा एकजना महिलालाई के कस्तो सहयोग गर्नुपर्छ भनेर संवेदनशील नभइदिने समस्या थियो । त्यस्तै सकभर महिलालाई ठूलो जिम्मेवारी दिन नखोज्ने प्रवृत्ति पनि पार्टीभित्र थियो । तर, ओन्सरीले बच्चा बोकेरै भए पनि पार्टीले दिएको जिम्मेवारी पूरा गर्न सक्छु भनेर चुनौती दिँदै अघि बढ्नुभयो ।

युद्धको अवस्थामा बाँच्ने आशा कमै हुन्थ्यो । साथीहरू मारिएको देख्दा मनमा आफ्नो पालो कहिले भन्ने मात्रै लाग्थ्यो । त्यसैले कतै मरिहाले भनेर ओन्सरी र उहाँका साथीहरू झोलामा आफैले फूल र पार्टीको झण्डा समेत बोकेर हिड्नु हुन्थ्यो । कोही मरिहाले साथीहरूले त्यही झण्डा झिकेर ओढाइदिन्थे र फूल चढाइदिन्थे ।

२०५२ भदौ ११ गते ओन्सरीको माओवादी नेता वर्षमान पुन (अनन्त)सँग जनवादी बिहे भएको थियो । प्रेम विवाह नै गरे पनि त्यसमा शर्त थियो । भनिन्छ, प्रेम शर्तरहित हुनुपर्छ । तर, यो जोडीले प्रेमलाई भावनामा हैन, यथार्थको धरातलमा रहेर दीगो बनाउन चाहेको थियो । ती शर्तहरू थिएः बिहे पछि पनि दुबै जना पूर्णकालिन राजनीतिमा लाग्ने, विचार नमिलेमा स्वतः सम्बन्ध विच्छेद हुने र त्यसमा कुनै लेनदेन नहुने, र छोराछोरी जे भएपनि दुई सन्तान मात्रै जन्माउने । हाल उहाँहरूको ११ वर्षे छोरी र ९ वर्षका छोरा छन् ।

संविधानसभाको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिमा उहाँले महिला, दलित, आदिवासी जनजाति लगायतका अधिकारको लागि धेरै लडेको बताउनुहुन्छ । संविधानसभामा उहाँले महिला, जनजाति र दलितलाई क्षतिपूर्तिसहितको विशेषाधिकार, समावेशीसहितको समानुपातिक सहभागिताको व्यवस्था हुनुपर्ने मुद्दा उठाउनुभयो । आफूले उठाएका मुद्दाहरूमा एकाधबाहेक धेरै सर्वसम्मतिले पारित भएको उहाँ बताउनुहुन्छ ।

ओन्सरीले घरेलु हिंसालाई एक नम्बरको अपराधको रूपमा लिइनुपर्छ भनेर संविधानसभामा विशेष जोड दिनुभयो । साथै महिलाका मुद्दा मामिला हेर्न महिला अदालत हुनुपर्ने माग पनि राख्नुभयो । तर, मस्यौदा प्रतिवेदनमा महिला अदालतको कुरा ठ्याक्कै नपरे पनि घरेलु हिंसालाई एक नम्बरमा पारिएको उहाँको भनाइ छ । तर, संविधानले दिएको अधिकारलाई विभिन्न कानुनको धारा उपधारा प्रयोग गरेर रोक्न खोज्ने प्रवृत्ति रहेकाले त्यसविरूद्ध सबै महिला सदस्यहरूको एउटै आवाज हुनुपर्ने उहाँको भनाइ छ ।

संविधानसभाका बैठकमा पार्टीको सूचीअनुसार संविधानसभा सदस्यहरूले बोल्ने भएकाले आफू कुन स्थानमा रहेको छ भन्ने कुराले बोल्ने समयमा फरक पार्ने ओन्सरीको अनुभव छ । पार्टीको केन्द्रिय सदस्य भएकाले संविधानसभामा उहाँले १८ मिनेट बोल्ने समय पाउनु भएको थियो । तर, अरूको अधिकारबारे बोल्ने संविधानसभाका महिला सदस्यहरू आफै भने सुत्केरी बिदा र भत्तालगायतका सुविधाबाट बञ्चित हुनु परेको कुरा उहाँ बताउनुहुन्छ । संविधानसभा सदस्य भएपनि महिला सदस्यहरू सुत्केरी हुँदा बढी खर्च र समस्या बेहोर्नु पर्ने भएकाले त्यसको व्यवस्था राज्यले गर्नुपर्ने उहाँको भनाइ छ ।

अहिले ओन्सरी जीवनसाथी अनन्तको साथमा ललितपुरको कुसन्तीमा बस्दै आउनु भएको छ । राजनीतिमा लाग्न अनन्तले दिएको प्रेरणालाई उहाँले बिर्सनु भएको छैन । राजनीतिमा अनन्त उहाँभन्दा तीन चार वर्षअघि आउनु भएको हो । श्रीमान् श्रीमती दुबैले आआफ्नै ढङ्गले सङ्घर्ष गरेर आ आफ्ना स्थान बनाउन सफल भएपनि अरूले कहिलेकाहीँ आफ्नो परिचयलाई श्रीमान्को नामबाट चिनाइँदिदा ओन्सरीलाई दुःख लाग्छ । 'म पनि सभासद् हुँ नि तर मलाई अनन्तको श्रीमतीकै हैसियतमा हेर्छन् ।'

संविधानसभामा आएपछि आफूलाई गर्वको महसुस भएको ओन्सरी बताउनुहुन्छ, 'राजनीतिमा नलागेको भए धेरै भए म आज गाउँमा शिक्षक सम्म बन्ने थिए । अहिले मलाई देशले नै चिन्छ । समाज, कार्यकर्ता सबैले माया र सम्मान गर्छन् ।' संविधानसभामा आफूले गरेका कामको मूल्याङ्कन संविधान निर्माणको निष्कर्षमा मात्रै देख्न सकिने ओन्सरी बताउनुहुन्छ । तर, धेरै बजेट र समय खर्च भइसक्दा पनि अझै संविधान बन्ने वा नबन्ने निश्चित नहुँदा उहाँ चिन्तित पनि हुनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : इन्द्रमती यादव |
| ठेगाना स्थायी | : हरिहरपुर गाउँ, हरिहरपुर गाविस-१, कपिलवस्तु |
| अस्थायी | : बानेश्वर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४७०४०६५१ (मो) |
| जन्म मिति | : २०३६/८/१५ |
| जन्म स्थान | : हरिहरपुर, कपिलवस्तु |
| आमाको नाम | : शिवपाती अहिर |
| बुबाको नाम | : बुधइ अहिर |
| श्रीमान्को नाम | : स्व. सोमइप्रसाद यादव |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# आफूजस्तै दु:खीहरूमा समर्पित

इन्द्रमती यादवका अनुसार अत्यन्त क्रूर मानिएको राणा शासनकालमा समेत तत्कालीन राणा शासकहरूले गोली हानी मारेका सहिदहरूका लाश अन्तिम संस्कारका लागि परिवारलाई बुझाएका थिए । तर उहाँको श्रीमान् सोमइप्रसाद यादवलाई गोली हानी मारेपछि सेनाले उहाँ र उहाँकी सासुलाई समेत सोमइप्रसादको लाश हेर्न दिएन । बरू सेनाले स्थानीय गाउँलेलाई बोलाएर सोमइप्रसादको लाश खोलामा फाल्न लगायो ।

इन्द्रमती यादवको १६ वर्षकै उमेरमा कपिलवस्तु हरिहरपुर निवासी सोमइप्रसादसँग विवाह भएको थियो । सोमइप्रसादको परिवार सामान्य थियो र उहाँ पनि तत्कालीन माओवादी पार्टीको सामान्य सदस्य नै हुनुहुन्थ्यो । इन्द्रमती चाहिँ विशुद्ध गृहिणी हुनुहुन्थ्यो । २०५७ सालमा सोमइप्रसाद पार्टीको पूर्णकालीन कार्यकर्ता भएर भूमिगत हुनुभयो साथै त्यहीबेला उहाँ मधेसी राष्ट्रिय मुक्ति मोर्चाको जिल्ला सचिव पनि हुनुभयो । आफू पार्टीको पूर्णकालीन सदस्य भएर सक्रिय राजनीतिमा लागेपछि सोमइप्रसादले इन्द्रमतीलाई पनि बिस्तारै राजनीतिमा तान्न थाल्नुभयो । उहाँले नै इन्द्रमतीलाई राजनीति के हो, राजनीति किन गर्नुपर्छ, महिला तथा शोषित पीडित गरिब जनतालाई राजनीतिले कसरी फाइदा पुऱ्याउँछ भन्नेजस्ता कुराहरू सिकाउनुभएको इन्द्रमती सम्झनुहुन्छ । श्रीमान्को विचारले प्रभावित भएर गृहिणी इन्द्रमतीको पनि राजनीतिप्रति रूची बढ्दै गएको थियो ।

२०५९ सालदेखि इन्द्रमतीले माओवादी पार्टीमा संलग्न भएर काम थाल्नुभयो र उहाँले गाउँमा आयोजना हुने साना ठूला राजनीतिक कार्यक्रमहरूमा भाग लिन सुरु गर्नुभयो । त्यतिन्जेलसम्ममा शोषित पीडित महिला र राज्यले पछाडि पारेको मधेसी जनताको मुक्तिका लागि राजनीतिकरूपमै सक्रिय हुनुपर्छ भन्ने कुरामा इन्द्रमती पूर्ण रूपले विश्वस्त भइसक्नु भएको थियो । सोमइप्रसादले इन्द्रमतीलाई राजनीतिमा अघि बढ्न शिक्षकले झैँ हरेक पाइलामा साथ दिनुभएको इन्द्रमती बताउनुहुन्छ । तर श्रीमान्को त्यो साथ इन्द्रमतीले धेरै लामो समय पाउन सक्नुभएन । इन्द्रमतीले पार्टीको सदस्यता लिनुभएको एक वर्षपछि नै सोमइप्रसादको हत्या भयो । २०६०

साल असोज २८ गते कपिलवस्तुको पडरीया गाउँमा पार्टीका लागि चन्दा सङ्कलन गरिरहेको अवस्थामा उहाँलाई सेनाले घेरा हाली गोली हानेको थियो ।

श्रीमान्को हत्यापछि इन्द्रमतीलाई केही समय संसारै शून्यजस्तो लाग्न थाल्यो र संसारमा कोही पनि आफ्नो नभए जस्तो महसुस भयो । तर उहाँले छिटै नै आफूलाई सम्हाल्नु भयो । उहाँ भन्नुहुन्छ, 'मेरो श्रीमान्को हत्या भएको बेलासम्ममा म भित्र राजनीतिक चेतना पलाइसकेको थियो । त्यही राजनीतिक चेतनाले मलाई बाँच्ने सहारा दियो । मेरो श्रीमान् मात्र होइन, अरू पनि हजारौं महिलाका श्रीमान्हरू र हजारौं आमाका छोराछोरीहरू देश र जनताका लागि सहीद भएको मैले सम्झैं ।' उहाँ थप्नुहुन्छ, 'श्रीमान् मारिएपछि तिनका सपना पूरा गर्न श्रीमतीहरू युद्धका मैदानमा समर्पित भएका प्रसङ्गहरू पनि मैले सम्झैं । देशका लागि ज्यान अर्पण गरेका ती हजारौं सहिदको सम्झनाले मभित्र नयाँ जोश, जाँगर र विश्वासको जन्म गराइदियो । यो विश्वासलाई यथार्थमा बदल्न मैले राजनीतिमै अघि बढ्ने कसम खाएँ ।' श्रीमान्को हत्या भएपछि इन्द्रमतीले माओवादीको भ्रातृ सङ्गठन मधेसी राष्ट्रिय मुक्ति मोर्चाको सदस्यता लिनुभयो र मोर्चाको जिल्ला सदस्य भइ काम गर्न थाल्नुभयो । यस क्रममा पार्टीमा उजुरी परेका मधेसी महिलाका मुद्दा हेर्ने र मधेसमा सङ्गठन बिस्तार गर्ने कार्यमा उहाँ खटिनु भएको थियो ।

श्रीमान्को मृत्युपश्चात् आफ्ना दुःख पीडाहरूलाई आफैभित्र लुकाएर पार्टीको जिम्मेवारी निभाउन हिँड्ने क्रममा इन्द्रमती आफै विरामी पर्नुभयो । स्थानीय चिकित्सकहाँ जचाएर औषधी खाँदा पनि निको नभएपछि भारतको लखनउ पुगेर जचाउँदा उहाँको मुटुमा समस्या भएको कुरा पत्ता लाग्यो । साथै गर्भमा दुई महिनाको बच्चा रहेको पनि थाहा भयो । त्यसपछि उहाँको कम्मर, पेट र मुटुको गरी एकैचोटी तीनवटा अपरेशन गर्नुपर्‍यो ।

अपरेशन गरेर घर फर्किएपछि इन्द्रमतीलाई सासुले त्यस्तो शारीरिक अवस्था लिएर राजनीतिमा नलाग्न आग्रह गर्नुभयो । तर, उहाँले मान्नु भएन र सासुलाई आफू किन पार्टीको काममा हिँड्न आवश्यक छ भनेर सम्झाउनुभयो र सासुले पनि कुरा बुझ्नुभयो । त्यसपछि विरामी शरीर र गर्भ अवस्थामै फेरि उहाँ राजनीतिक काममा सक्रिय हुन थाल्नुभयो । उहाँ पार्टीको भूमिगत कार्यकर्ता हुनुभएकोले प्रसवको बेला भने अस्पताल पनि लुकेरै पुग्नुपर्ने अवस्था आयो । उहाँ भन्नुहुन्छ, 'एक त म आफैं बिरामी, त्यसमाथि श्रीमान् नभएको अवस्था । अझ म माओवादी पार्टीको भूमिगत कार्यकर्ता भएकोले लुकीछिपी अस्पतालमा बच्चा जन्माउनुपर्दा मलाई त्योबेला शारीरिकभन्दा पनि मानसिक पीडा बढी भएको थियो ।'

अनेक दुःख र व्यथा भोगेर इन्द्रमती आज संविधानसभाको सदस्य हुनुभएको छ । राजनीति सुरू गर्दा उहाँले आफू संविधानसभाजस्तो गरिमामय ठाउँमा पुग्छु भनेर सोच्नु पनि भएको थिएन । तर आज मुलुकको भविष्य निर्धारण गर्ने थलोमा आइपुग्नुलाई उहाँ पार्टीभित्र आफूले दुःखजिलो गरेर पुऱ्याएको योगदानको कदर हो भनेर ठान्नुहुन्छ ।

इन्द्रमती संविधानसभा अर्न्तगतको क्षमता अभिवृद्धि समिति र व्यवस्थापिका संसद् अर्न्तगत अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिको सदस्य रहनुभएको छ । तर आफ्नो स्वास्थ्य कमजोर रहेकोले र धेरै विरामी परिरहने हुनाले नियमित रूपले समितिका बैठकहरूमा जान अप्ठेरो परेको कुरा उहाँ बताउनुहुन्छ । विरामी

परिरहने हुनाले उहाँको धेरै समय स्वास्थ्योपचारमै बितिरहेको पनि उहाँ बताउनुहुन्छ । उहाँको भनाइ छ, 'उपचारको क्रममा पटक–पटक भारतको लखनउ गइरहनुपर्ने झन्झटले गर्दा अहिले मलाई आफ्नो स्वास्थ्यभन्दा पनि संविधान बनाउने काममा योगदान पुऱ्याउन नसकेकामा पीर लागिरहेको छ । मलाई मेरो स्वास्थ्यको यो अवस्थाप्रति दुःख र नरमाइलो पनि महसुस भइरहेको छ ।'

संविधानसभा बैठकहरूमा आफू नियमित रूपले उपस्थित हुन नसके पनि आफ्नो पार्टी र पार्टीका साथीहरूले संविधान बनाउने काममा सक्रिय भूमिका निर्वाह गरिरहेकामा उहाँ केही सन्तुष्टि पनि व्यक्त गर्नुहुन्छ । पार्टीले गरेको हरेक निर्णयमा उहाँको समर्थन रहेको पनि उहाँको भनाइ छ । तर, संविधानको मस्यौदा प्रतिवेदनमा नागरिकतामा महिलाको समान हक र राज्यको हरेक निकायमा ५० प्रतिशत महिलाको समावेशी सहभागिता हुनुपर्ने मुद्दाहरू छुटेको उहाँको धारणा छ ।

इन्द्रमतीको भनाइमा धेरैका लागि राजनीति समाजसेवा गर्ने एउटा माध्यम हो, तर उहाँका लागि राजनीति जिउने एउटा साधन पनि हो । किनभने राजनीतिमा लागेको कारणले नै धेरै क्षेत्रका धेरै मानिसहरूसँग उहाँको सम्पर्क बढेको छ । घरभित्रको सीमित विशाल संसारबाट निस्केर बाहिरको संसार हेर्ने मौका मिलेको छ । हरेक पटक नयाँ मानिससँग सम्पर्क हुँदा उहाँले नयाँनयाँ कुराहरू थाहा पाएको महसुस गर्नु भएको छ । उहाँ भन्नुहुन्छ, 'राजनीतिमा लागेकै कारणले मैले संसारमा म मात्र दुःखी छैन, म भन्दा पनि धेरै दुःखी यो देश र यो विश्वमा नै प्रशस्त छन् भन्ने कुरा पनि बुझ्ने मौका पाएँ ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : इन्द्रावती अधिकारी (दनुवार) |
| ठेगाना स्थायी | : कटहरी गाविस-९, खैरेनी, उदयपुर |
| अस्थायी | : कामनपा-३५, शान्तिनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४११५८१३४ (मो) |
| जन्म मिति | : २०२४/४/३ |
| जन्म स्थान | : दुधौली गाविस-७, सिन्धुली |
| आमाको नाम | : बुदनी अधिकारी दनुवार |
| बुबाको नाम | : बरिषलाल अधिकारी दनुवार |
| श्रीमान्‌को नाम | : स्व. जामुनलाल चौधरी |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# प्रशासनको यातनाले राजनीतिमा

संसद् वा संविधानसभामा जान धेरै पढ्नुपर्छ र ठूलो विज्ञ हुनुपर्छ भन्ने लाग्थ्यो इन्द्रावती अधिकारी दनुवारलाई तर, सामान्य परिवारको र पढाइलेखाई नभएको भए पनि संविधान निर्माण गर्ने थलो संविधानसभामा आएपछि यति बेला इन्द्रावतीलाई महसुस हुन थालेको छ, यो ठाउमा सामान्य मान्छे पनि पुग्न सक्दो रहेछ भनेर। पार्टीले उहाँलाई राजनीतिक रूपमा पीडित, सहिद परिवार, महिला र जातीय आधारमा पनि मूल्याङ्कन गरेर संविधानसभा सदस्य बन्ने मौका दिएकोले यसलाई उहाँले ठूलो अवसरको रूपमा लिनु भएको छ।

संविधानसभा देशकै लागि नयाँ अनुभव थियो। पढेलेखेका र पुराना तथा अनुभवी राजनीतिज्ञहरूलाई समेत यसका प्राविधिक नियम र प्रक्रियाबारे बुझ्न ज्यादै कठिन परेको बेला उहाँ जस्तो सामान्य साक्षर व्यक्तिलाई यी कुराहरू बुझ्न र त्यसमा अभ्यस्त हुन धेरै समय लाग्नु स्वभाविकै थियो। त्यसैले इन्द्रावती अहिले पनि संविधानसभामा आफूले जे जति गर्नु पर्ने हो त्यति गर्न नसकेको कुरा इमान्दारिता साथ राख्नु हुन्छ। खासगरी त्यहाँ विषयबस्तु बुझ्न र भाषाको समस्या पर्न गयो उहाँलाई। उहाँ राज्य पुनर्संरचना जातीय आधारमा हुनुपर्ने र त्यसमा महिला, आदिवासी जनजाति, मधेसी, दलित र पछाडि पारिएका समुदाय सबैलाई समेटेर लानुपर्ने मुद्दा बोकेर संविधानसभामा आउनु भएको हो। विभिन्न जातीय सङ्घसंस्था र जातीय मोर्चाहरूले उठाएको मुद्दामा पनि उहाँको समर्थन रहेको कुरा उहाँले बताउनु भयो। संविधानसभामा आफूले उठाउन खोजेको अधिकांश मुद्दाहरू पार्टीकै साथीहरूले उठाएकाले आफूले ती कुराहरू दोहोऱ्याउने काम नगरेको उहाँले बताउनुभयो।

आफू संलग्न सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा उहाँले विशेष गरी नेपालका विभिन्न जातिको संस्कृति लोप हुदै गएकाले त्यसको संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्छ भनेर कुरा राख्नुभयो। उहाँ आफू संलग्न समितिमा फरक मत राख्ने अवस्था आइ नपरे पनि अरू समितिहरूमा नागरिकताको विषयमा उहाँले फरक मत राखेको कुरा बताउनुभयो। छोराछोरीलाई आमाको नामबाट नागरिकता दिनु अझ

वैज्ञानिक हुने र छोराछोरीलाई नागरिकता दिने आधार समान हुनुपर्ने उहाँको विचार छ । महिलाका थुप्रै मुद्दा अझै विषयगत समितिका प्रतिवेदनमा आउन नसकेकाले तीनलाई उठाउने काम भइरहेको उहाँ बताउनुहुन्छ । तर इन्द्रावती त्यस्ता मुद्दाहरू उठाउनका लागि महिला सदस्यहरू बीच आपसी सद्भाव र सहयोगको अवस्था त्यति राम्रो रहेको देख्नुहुन्न । जान्ने बुझ्ने महिलाहरूले महिलालगायतका अरू पनि विषयमा कम बुझ्ने र नजान्नेहरूलाई बुझाउन सहयोग नगर्ने र कतिपय सदस्यहरूमा त मै जान्ने छु भन्ने अहंता रहेको पनि उहाँलाई लागेको छ । त्यसैले विभिन्न गैर सरकारी संस्थाहरूले महिला सदस्यहरूलाई लक्षित गरी आयोजना गरेको तालीम र अन्य कार्यक्रमहरूमा भाग लिने मौकाले भने उहाँलाई कतिपय विषय बुझ्नलाई सघाएको छ । ती कार्यक्रमहरूमा सहभागी हुँदा विषयबस्तु बुझ्न र नयाँ कुरा सिक्न पाइने भएकाले ती उहाँलाई उपलब्धीमूलक नै लागेको छ ।



संविधानसभामा प्रत्यक्ष रूपमा महिला र पुरुष बीच लैङ्गिक विभेद नभए पनि व्यवहारमा इन्द्रावतीले महिला र पुरूष सदस्यहरूको हैसियतमा भिन्नता पाउनु भएको छ । संविधानसभाभित्र बरिष्ठताको आधारमा ठूला नेता र दलले आफ्ना कुरा राख्न धेरै र महिलाले कम समय पाउने गरेको उहाँले अनुभव गर्नुभएको छ । त्यसरी नै मन्त्रालयमा कुनै योजना माग्न गएमा पुरूषलाई जति महिलालाई महत्व नदिने र नपत्याउने गरेको उहाँको पनि अनुभव छ । जिल्ला जाँदा पनि प्रशासनले पुरूषलाई जति महिलालाई मान्यता नदिने गरेको पितृसत्तावादी चिन्तन रहेको उहाँले पाउनु भएको छ ।

सुरूमा संविधानसभामा आउँदा सजिलो तरिकाले जनताका कुरा संविधानमा लेखेर आइन्छ भन्ने उहाँलाई लागेको थियो । तर यतिखेर जनताले चाहेको संविधान तोकिएको अवधिमा दिन नसक्दा उहाँलाई हीनताबोध र निराशा महसुस भइरहेको छ । उहाँ भन्नुहुन्छ, 'जनतासँग बोलेको कुरा बेकार भएजस्तो लाग्छ ।' आफूले पनि संविधानसभामा जति कुरा उठाउनु पर्ने हो त्यति उठाउन नसकेको पनि उहाँलाई महसुस भएको छ । बोल्नका लागि कम समय पाइने हुनाले चाहेर पनि जनताका सबै मुद्दा राख्न नसकिएको उहाँको भनाइ छ । अर्कोतिर, घरगाउँ छोडेर राजधानी काठमाडौँमा आएर बस्नु सजिलो पनि छैन । संविधानसभाबाट मासिक रूपमा पाउने रकमबाट पार्टीलाई १२ हजार लेबी तिरेर बचेको पैसाले कोठाभाडा तिर्न, परिवार पाल्न र कार्यकर्तालाई खुवाउने खर्च धान्न पनि उहाँलाई मुश्किल छ । अहिले उहाँ काठमाण्डौंमा कान्छी छोरीसँग बस्दै आउनु भएको छ । गाउको घर 'जनयुद्ध'का बेला भत्केकाले बनाउन नसकेको र गाउँमा पनि कोठा भाडामा लिएर बस्नु परेको अवस्था रहेको उहाँले बताउनुभयो ।

आफ्नो राजनीतिक जीवनलाई फर्केर हेर्दा उहाँ सन्तुष्टै हुनुहुन्छ । पहिला राजनीति भनेको के हो उहाँलाई थाहै थिएन । खेती किसानी गरेर गृहिणी जीवन बिताइरहेकी इन्द्रावतीलाई राजनीतिबारे खासै चासो पनि थिएन । श्रीमान् माओवादी राजनीतिमा लागेर भूमिगत हुन थालेपछि प्रशासनले उहाँलाई पनि यातना दिन थाल्यो । 'मलाई पनि प्रहरीले २०५५ जेठमा घरबाट समातेर जेल लग्यो र ३५ दिन राख्यो जग्गाको लालपूर्जा र धरौटी राखेर छुटेर आएँ । जेलभित्र छँदा पनि माओवादीलाई भात खुवायो भनेर झापट हान्ने, लठ्ठीले हान्ने जस्ता यातना दिने गर्थ्यो । खुट्टा तेर्साएर पुलिसले घुँडामा टेक्ने र पिट्ने गर्थ्यो ।' ती दिनहरू सम्झँदै इन्द्रावतीले भन्नुभयो ।

इन्द्रावतीका अनुसार उहाँको श्रीमान्लाई २०५५ कै अन्तिमतिर सेल्टर बसेको ठाउँमै प्रहरीले घेरा हालेर मारेको थियो । श्रीमान् पार्टीको जिल्ला इन्चार्ज हुनुहुन्थ्यो । श्रीमान् बितेपछि पनि पटकपटक प्रहरीले उहाँलाई यातना दिने गरेपछि घरमा बसेर मर्नुभन्दा मर्नै परे पनि श्रीमान्कै सिद्धान्तमा मर्ने सोचले उहाँ माओवादीमा लाग्नुभयो । सुरूमा उहाँ पार्टीको सङ्गठन निर्माणमा सक्रिय हुनुहुन्थ्यो । र २०५९ सालदेखि उहाँले पार्टीको पूर्णकालीन सदस्य भएर काम गर्न थाल्नुभयो ।

माओवादी पार्टीमा प्रवेश गर्दा उहाँले साथमा आफ्ना चारै जना छोराछोरीलाई पनि लैजानुभएको थियो । घर छोड्नु अघि उहाँकी जेठी छोरी ९, माइली छोरी ६, कान्छी छोरी ४ कक्षा र छोरा १ कक्षामा पढ्दै थिए । त्यसैले पार्टीमा सम्पर्क गरी छोराछोरीलाई के गर्ने भनेर कुरा राख्नुभयो । त्यतिबेला सङ्कटकाल थियो । पार्टीले आर्थिक कारणले गर्दा सबैलाई पढाउन नसक्ने भनेर एक छोरा र एक छोरीलाई मात्र स्कुलमा पढाउने व्यवस्था मिलाइदिएको थियो । जेठी र माइली दुई छोरीलाई चाहिँ उहाँले राजनीतिमै लगाउनु भयो । 'स्कुलमा राख्दा पनि सङ्कटकाल भएकाले छोराछोरीले धेरै दुःख पाए, उहाँ भन्नुहुन्छ, 'एकै ठाउमा पढ्न पाएनन् ।' पार्टीको कामको दौरानमा उहाँको कामको क्षेत्र उदयपुरमा नै थियो तर पार्टीको कामले उहाँ सिरहा, सप्तरी, भोजपुर, सिन्धुली र खोटाङसम्म पनि पुग्नुहुन्थ्यो । अहिले छोरा सिन्धुलीमा बसेर १० कक्षा र कान्छी छोरी उहाँसँगै बसेर १२ मा पढ्दैछन् । जेठी छोरी दुई वर्ष जेल परिन् र उनी शान्ति वार्तापछि मात्र जेलबाट छुटिन् ।

युद्धकालीन अवस्थामा बच्चासहितको राजनीतिक जीवन सहज थिएन । जङ्गलको बास, पेटभरी र राम्रो खानसमेत नपाउने र आफूले थुप्रै कष्टकर क्षणहरू भोग्नु परेको उहाँले बताउनु भयो । त्यसैताकाको एउटा घटना अहिले पनि उहाँको मनमा ताजै छ, 'सिरहाको बन्दीपुर व्यारेकमा आक्रमण गर्दा व्यवस्थापनमा म सरिक थिएँ । लडाई असफल भयो । हप्ता दिनसम्म सेनाले खेदो खन्यो', उहाँ सुनाउनुहुन्छ, 'घाइतेलाई कसरी बचाउने र आफू कसरी बच्ने भन्ने समस्या भयो । उदयपुरमा बस्ने स्थिति नभएपछि नदीबाट खोटाङ तार्ने योजना बन्यो । तर डुंगा पल्टेर केही साथी खसे पनि उद्धार गरिएकोले क्षति भने हुन पाएन ।'

राजनीतिमा लागेर दुःखकष्ट भोगे पनि, जीवनसाथी गुमाउनु परे पनि र छोराछोरीहरू शिक्षाको अवसरबाट वञ्चित भए पनि इन्द्रावतीलाई आफू राजनीतिमा लागेकोमा कुनै पछुतो छैन । तर कुनै बेला साह्रै दुःख पाउँदा भने राजनीतिमा किन आइएछ जस्तो लागे पनि सधै त्यस्तो सोच मनमा नआउने उहाँ बताउनु हुन्छ । त्यसैले भविष्यमा पनि पार्टीकै काममा निरन्तर लागिरहने उहाँले सोचाइ बनाइ सक्नु भएको छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : ईश्वरी न्यौपाने |
| ठेगाना स्थायी | : थापापुर-६, गोडचौरा टोल, कैलाली |
| अस्थायी | : बालकोट-२, भक्तपुर |
| सम्पर्क ठेगाना | : ०१-६६३१७३५ (घर), ९७४११११५४१६ (मो) |
| इमेल | : ishwori@yahoo.com |
| जन्म मिति | : २०१६/०८/५ |
| जन्म स्थान | : दाङ |
| आमाको नाम | : ज्ञानु देवी कार्की |
| बुबाको नाम | : भक्तबहादुर कार्की |
| श्रीमान्को नाम | : लक्ष्य बहादुर न्यौपाने |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीतिको उपलब्धि 'प्रजातन्त्र'

नेपाली काङ्ग्रेसकी केन्द्रीय सदस्य ईश्वरी न्यौपाने पारिवारिक वातावरणकै कारण राजनीतिमा अगाडि बढ्न सकेको बताउनुहुन्छ । उहाँका बुबा भक्तबहादुर कार्की तत्कालीन राणा विरोधी जनमुक्ति सेनामा संलग्न हुनुका साथै भारतीय सेनामा समेत कार्यरत हुनुहुन्थ्यो । नेपालमा राजनीतिक क्रान्तिलाई अगाडि बढाउने सोच बोकेर बिपी कोइराला र सुवर्ण शम्शेरको आह्वानमा ९० जना भारतीयसेनाबाट नेपाल फर्किँदा भक्तबहादुर पनि सँगै फर्कनु भएको थियो ।

तत्कालीन प्रजातान्त्रिक आन्दोलनकाबारेमा बुबाले सुनाउनु भएका धेरै कुराहरूले ईश्वरीको मनमा निकै ठूलो प्रभाव परेको थियो । बुबाकै कुराबाट प्रजातन्त्रप्रति उहाँको आकर्षण पनि बढेको थियो । ईश्वरीको बुबाको छोरीप्रतिको फरक दृष्टिकोण र सोचले पनि उहाँलाई यहाँसम्म आइपुग्न सहयोग पुगेको ईश्वरीको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'भान्छामा सीमित भएर बस्नुभन्दा बरू मैले कुनै पनि मञ्चमा गएर भाषण गरोस् भन्ने बुबा चाहनुहुन्थ्यो र छोरी ठूली भएपछि केही राम्रो काम गरोस् भन्ने पनि बुबाको मबाट आशा थियो ।' त्यसरी नै महिला दोस्रो दर्जाको नागरिक होइन र एउटै आमाबुबाबाट जन्मेको छोरा र छोरीको बराबरी हैसियत हुनुपर्छ भन्ने ईश्वरीको विचार थियो ।

राजनीति गर्ने मान्छेले या त कुनै पद पाउँछ या त सडकमै पनि पुग्न सक्छ भन्ने उहाँको मान्यता छ । २०३५ सालमा ईश्वरी नेपाल विद्यार्थी सङ्गठनमा आबद्ध हुनुभयो । २०३६ सालमा बहुदलको प्रचार प्रसारको क्रममा बिपी कोइरालासँग उहाँको दाङमा प्रत्यक्ष भेट भयो र बिपीको दृढ अठोट र विश्वासबाट प्रभावित ईश्वरी २०५६ सालमा नेपाल महिला सङ्घको केन्द्रीय सदस्य बन्नुभयो । २०६० सालदेखि उहाँले सङ्घको केन्द्रीय उपाध्यक्षको भूमिका निर्वाह गर्दैहुनुहुन्छ । उहाँ २०६७ सालदेखि पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ ।

१७ वर्षको उमेरमा ईश्वरीको विवाह लक्ष्यबहादुर न्यौपानेसँग भएको थियो । विवाहपछि पनि उहाँले आफ्नो राजनीतिक संलग्नतालाई कायमै राख्नुभयो । तर, यसै विषयलाई लिएर परिवारमा केही समय असहज परिस्थितिको सिर्जना नभएको चाहिँ होइन । उहाँका ठूला ससुरा जुद्धबहादुर न्यौपाने २०१५ सालमा रोल्पाबाट निर्वाचित सांसद् हुनुहुन्थयो भने २०४८ को प्रजातन्त्र पुनःस्थापना पछि राष्ट्रियसभाको सदस्य समेत हुनुभएको थियो । उहाँका श्रीमान् र श्रीमान्का परिवारका अन्य सदस्यहरू पनि राजनीतिमा सक्रिय भएपनि श्रीमान्को घरका सदस्यहरूको विचार पुरानै थिए । परिवारमा बुहारीले नन्द, देवर, सासु कसैको पनि नाम लिनु हुन्न भन्ने मान्यता थियो । यस्तै परिवारका कोही सदस्य चाहिँ अरूले छोएको खाँदै नखाने पनि थिए । यो सबै देखेर ईश्वरीलाई राजनीतिक परिवारभित्रको महिलाको अवस्था त यस्तो छ भने ग्रामीण भेगका महिलाको अवस्था झन कस्तो होला भन्ने लाग्थ्यो । त्योबेलाको समय सम्झँदै ईश्वरी भन्नुहुन्छ, 'सुरूमा मेरो राजनीतिक संलग्नतालाई लिएर घरमा केही विरोध भयो । श्रीमान्भन्दा श्रीमती अगाडि बढेको खण्डमा 'पारपाचुके' पनि गर्नुपर्ने हुनसक्छ भन्नेसम्मको कुरा आयो । तर ती अप्ठ्याराहरूलाई अवसर र चुनौती दुबै मानेर म अगाडि बढें ।' त्यतिबेला पछि नहटेकै कारणले आज यहाँसम्म आउन सकेको र परिवारमा पनि सबै राम्रै भएको ईश्वरीको भनाइ छ ।

बिहेपछिका दिनहरूमा घरभित्र बुहारीका हैसियतले गर्नुपर्ने सम्पूर्ण काम सिध्याएर मात्र ईश्वरी पार्टीको काममा हिँड्ने गर्नुहुन्थ्यो । अझै पनि घरबाहिर ईश्वरीको पद संविधानसभा सदस्य भएपनि घरभित्र पुग्नेबित्तिकै उहाँले गृहिणीको भूमिका निर्वाह गर्न छाड्नुभएको छैन । घरमा अझै पनि उहाँका लागि 'बाहिरको काम गरेर थाकेका हौला, आराम गर्नू' भन्ने खालको वातावरण पनि बनेको छैन । महिलाहरू घर बाहिर जति अगाडि बढे पनि घर भित्रको पारिवारिक र सामाजिक संरचनामा खासै परिवर्तन नभएकामा उहाँ दुःख व्यक्त गर्नुहुन्छ । तर, परिवार नबिग्रोस् भन्ने कुरामा ईश्वरी असाध्यै सचेत हुनुहुन्छ र उहाँ भन्नुहुन्छ, 'पुरूषले जतिसुकै ठूलो गल्ती गर्दा पनि हत्पति परिवार विभक्त हुँदैन, तर आमा र श्रीमती नराम्रो भएपछि सिँगै परिवार नै ध्वस्त हुने हुँदा परिवारमा मैले गर्दा झगडा नहोस् भनेर म सँधै सचेत हुन्छु ।'

परिवारले आशङ्का गरेजस्तै ईश्वरी राजनीतिमा श्रीमान्भन्दा अगाडि पुग्नुभयो, तर समझदारीले काम लिएका कारण परिवारमा नकारात्मक अवस्था भने आएन । अहिले सासु ससुराले दशैंमा उहाँका दुई देउरानीलाई टिका लगाइदिँदा जेठी बुहारीजस्तो भएस् भनी आशिष दिनुहुन्छ र यसबाट परिवारमा आएको परिवर्तनलाई दर्शाउँछ । यस्तै परिवारमा प्रमुख निर्णय लिनुपर्दा बुहारीलाई पनि अगाडि राखेर निर्णय गर्ने प्रवृत्तिको विकास भएकोले परिवारमा महिलाको अस्तित्व स्वीकार गरिएको उहाँ ठान्नुहुन्छ । यद्यपि, आफ्नो सफलतामा श्रीमान्ले गर्व गरेको खासै उहाँलाई महसुस भने हुँदैन । त्यसैले उहाँ भन्नुहुन्छ, 'मेरा श्रीमान्लाई पक्कै पनि भित्र अप्ठ्यारो र असहज हुन्छ होला तर उहाँले दर्शाउनुहुन्न । हाम्रो समाजमा पुरूष डाक्टरलाई डाक्टरभन्दा जति गर्व महसुस हुन्छ महिला डाक्टरको श्रीमान् भन्दा त्यति गर्व महसुस हुँदैन ।'

पार्टीले उहाँको कार्य दक्षता र योगदानको मूल्याङ्कन गरेर समानुपातिक निर्वाचन प्रणाली मार्फत उहाँलाई संविधानसभाको सदस्य बन्ने अवसर दियो । ईश्वरी संविधानसभाअन्तर्गतको अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्गको हकअधिकार समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको संसदीय सुनुवाइ विशेष समितिको सदस्य हुनुहुन्छ ।

संसदीय विशेष सुनुवाइ समितिमा संवैधानिक निकायका पदाधिकारी, न्यायाधीश, राजदूत नियुक्तिकाबारेमा सुनुवाइ हुने गर्दछ । तर, ईश्वरीलाई समितिको सुनुवाइ प्रक्रिया चित्त बुझेको छैन । समितिमा ९९ प्रतिशतले हुन्न भने पनि १ प्रतिशतले हुन्छ भनेपछि प्रस्तावहरू सदर हुने स्थिति रहेको र जतिसुकै 'छलफल तथा बहस' गर्दा पनि केही नलाग्ने भएपछि अहिले नियमावली परिवर्तन गर्न थालिएको उहाँ बताउनुहुन्छ ।

ईश्वरीले संविधानसभा र विषयगत समितिहरूमा महिला समानता तथा महिला सहभागिताका कुरालाई प्राथमिकता दिनुभयो । महिला सहभागिता ५ प्रतिशतबाट ३३ प्रतिशत पुग्नु भनेको सङ्घर्षकै प्रतिफल हो भन्दै उहाँ भन्नुहुन्छ, 'जति ठूलो क्रान्तिकारी कुरा गरे पनि सबै पार्टीहरू महिलालाई ठाउँ नदिने कुरामा एकजुट हुँदा रहेछन् । अझै पनि पार्टीमा पुरुषकै वर्चश्व भएकाले महिलाले लडेर धम्क्याएर लिनुपर्ने अवस्था छ । महिला पुरुष समान भन्दाभन्दै पनि पुरुष दिने वर्ग अनि महिला लिने वर्गका रूपमा देखिएको छ । त्यसैले अधिकांश पार्टीको घोषणापत्रमा उल्लेखित समानताको सिद्धान्तमा आधारित भएर महिलाले पनि समान नागरिकताको अधिकार पाउनुपर्छ भन्ने हाम्रो भनाइ छ ।' संविधानसभाको विषयगत समितिका मस्यौदा प्रतिवेदनमा अझै पनि महिलालाई अंश र वंशको अधिकार तथा महिलाको नामबाट नागरिकता दिने विषयमा विभेद देखिएको ईश्वरी बताउनुहुन्छ ।

संविधान लेखन प्रक्रियामा आफ्नो भूमिका र योगदान केलाउँदै ईश्वरी आफूले जनतासँग गरेको वाचा पूरा गर्न नसकेको महसुस गर्नुहुन्छ । आफूले इमान्दारीसाथ काम गर्दागर्दै पनि राजनीतिक दलका केही नेताका कारण संविधान बन्न नसकेको तित्तता उहाँ यसरी पोख्नुहुन्छ, 'जनताको गाली खानेको भागिदार म पनि बनेकी छु, संविधान लेखिएन भने इतिहासमा कालो अक्षरले लेखिने नाम मेरो पनि हुनेछ ।' संविधान लेखनका लागि पाएको समयलाई दिनरात काम गरेर उपयोग गर्नुपर्नेमा विभिन्न कारणले संविधानसभाको बैठक नै बस्न नसक्ने परिस्थितिप्रति उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ, 'काम गरिएको छ तर म अहिलेसम्मको परिणामप्रति सन्तुष्ट छैन, यो संविधानसभाको फल कस्तो हुन्छ भनेर म दोधार मा छु ।'

ईश्वरीलाई आफ्नो राजनीतिक जीवनको सबैभन्दा ठूलो उपलब्धी नै देशमा प्रजातन्त्र आउनु हो भन्ने लाग्छ । कसैलाई 'तँ बद्मास छस्' भन्ने अधिकार पनि प्रजातन्त्रले नै दिएको हो भन्दै उहाँ भन्नुहुन्छ, 'प्रजातन्त्रले गर्दा नै सर्वसाधारणहरूमा पनि आफ्ना अधिकारका लागि लड्न सक्ने क्षमताको विकास भएको छ, त्यो सबैको उपलब्धि हो ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : इन्द्रमाया गुरूङ |
| ठेगाना स्थायी | : तामाखानी, पञ्चखुवा देउराली, गोर्खा |
| अस्थायी | : मनमैजु, काठमाण्डौ |
| सम्पर्क ठेगाना | : ०१-४०२६७७८ (घर), ९७४१०३७९३५ (मो) |
| इमेल | : indiragrg@yahoo.com |
| जन्म मिति | : २०३४/३/१५ |
| जन्म स्थान | : पञ्चखुवा देउराली, वडा नं ८, गोर्खा |
| आमाको नाम | : जुनमाया गुरूङ |
| बुबाको नाम | : प्रेमलाल गुरूङ |
| श्रीमान्को नाम | : खीमबहादुर गुरूङ |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : मन्त्रीपरिषद्बाट मनोनित |

# अपाङ्गतामा समर्पित इन्द्रमाया

संविधानसभाको शून्य समयमा सभामुख सुभाषचन्द्र नेम्वाङले सभासद् इन्द्रमाया गुरूङको नाम बोलाउनुभयो । इन्द्रमाया गुरूङ ह्विलचेयरमा बसेर गुड्न थाल्नुभयो । उहाँले उभिएर बोलेको नदेखेपछि सभामुखले यताउता आँखा घुमाउनुभयो । इन्द्रमाया गुरूङले आफ्नो उपस्थिति जनाउन हात उठाउनुभयो । सभामुखलाई इन्द्रमायाको अपाङ्गताबारे जानकारी नभएकोले उहाँलाई उठेर बोल्न भन्नुभयो । तर पछि कुरा बुझेपछि उहाँलाई बसेरै बोल्ने अनुमति दिइयो । सम्भवतः संविधानसभा तथा व्यवस्थापिका संसद्को इतिहासमै सभासद् वा सांसद्ले बसेर बोलेको त्यो नै पहिलो घटना थियो ।

पाँचखुवा देउराली, गोरखाकी सभासद् इन्द्रमाया संविधानसभामा अपाङ्गता भएका वर्गका तर्फबाट प्रतिनिधित्व गर्ने पहिलो महिला हुनुहुन्छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि केही गर्न पाए हुन्थ्यो भन्ने बलियो भावना र निरन्तर सङ्घर्षले नै आज उहाँलाई संविधानसभासम्म पुऱ्याएको हो । नेपालको इतिहासमै पहिलो पटक संसद्मा अपाङ्गता भएकाहरूको प्रतिनिधित्व गर्दै उनीहरूका मुद्दा उठाउन पाएकोमा उहाँलाई गर्व लाग्छ । 'अपाङ्गको मुद्दा संविधानमा राख्न पाइयो, आफ्नो अनुभव अरूलाई पनि सुनाउन पाइयो । हाम्रो समस्या रेकर्ड भयो', उहाँले खुशी व्यक्त गर्नुभयो ।

२०३४ सालमा जन्मनु भएकी इन्द्रमायाको अनुभवमा अपाङ्गता भएका व्यक्तिका लागि नेपालको भौगोलिक तथा भौतिक संरचना अपाङ्गतामैत्री छैनन् । संविधान सभाको हल भित्र पस्न पनि उहाँले ह्विलचेयरमा बसेर लामो र घुमाउरो बाटो गुड्नुपर्छ । संविधानसभाको हलभित्र पार्टीले नाराजुलुस गर्दा उहाँले पनि साथ दिनु पर्ने हुन्छ, तर सहयोगी विना अप्ठेरो छ । त्यसरी नै विषयगत समितिको बैठक ४ तल्ला माथि बस्ने हुँदा माथि जान सहयोग गर्न को आउला भनेर कुरेर बस्नुपर्दा आफूले बोल्नुपर्ने कुरामा समेत पछाडि पर्नु परेको उहाँलाई महसुस हुन्छ । उहाँको भनाइ अनुसार, अपाङ्गता भएकाहरूका लागि ध्यानमा राखेर घर, कार्यालय तथा अन्य भवनहरू नबन्ने हुनाले अपाङ्गता भएकाहरूलाई सुविधा हुने घर, डेरा, कार्यालय आदि पाउन पनि निकै कठीन छ । त्यसरी नै

कतै यात्रा गर्न खोज्दा अपाङ्गता भएकाहरूलाई खलासी र ड्राइभरले सार्वजनिक सवारी साधनहरू चढ्न नदिने र ह्विल चेयर देखेपछि ड्राइभर र खलासी भाग्ने अनुभव पनि उहाँले सुनाउनुभयो ।

विद्यालय पढ्दा इन्द्रमायाको सम्पर्क मशालका कार्यकर्ताहरूसँग थियो । तर, उहाँको राजनीतिक यात्रा चाहिँ २०४५/४६ सालबाट सुरु भएको हो । उहाँको भनाइमा, उत्पीडनमा परेका सर्वहारा वर्गको नेतृत्व र उनीहरूका हक अधिकार सुनिश्चित गर्न उहाँले राजनीतिमा प्रवेश गर्नु भएको हो । उहाँ शिक्षित त हुनुहुन्थ्यो नै साथमा कम्प्युटर तथा सिलाईबुनाईको काम पनि जानेकोले उहाँले पार्टीमा काम गर्नुपर्छ भन्ने उहाँका साथीहरूको भनाइ थियो । तर, उहाँको चाहना चाहिँ युद्ध भूमिमा नै जाने थियो । शारीरिक अवस्थाले गर्दा यो सम्भव नभएपछि पार्टीका साथीहरूलाई घरमै बसेर खाना पकाएर उहाँ सहयोग गर्नुहुन्थ्यो ।

इन्द्रमायाले २०५२ सालमा एसएलसी पास गरेपछि करीव ६ वर्ष स्थानीय विद्यालयमा बालबालिकाहरूलाई पढाउनु भयो । त्यसपछि अध्ययन तथा अपाङ्गता भएका व्यक्तिहरूका हक अधिकारका लागि काम गर्ने उद्देश्यले उहाँ काठमाण्डौंमा नै बस्न थाल्नु भयो । गाउँमै बसेर मात्र 'हक अधिकारका कुरा थाहा हुन्न' भन्नुहुने इन्द्रमायाले आफू कुनैदिन सभासद् हुन्छु भनेर नसोचे तापनि पढेर अपाङ्गता भएकाहरूका लागि केही गर्छु भन्ने चाहिँ सोच्नुभएको थियो । उहाँले सभासद् हुनुअघि जापानमा दुई महिना नेतृत्व विकास सम्बन्धी तालीम लिने मौका पनि पाउनुभयो ।

नेपालमा अपाङ्गता भएकालाई जन्मेदेखि नै पक्षपात र अवहेलना गर्ने सामाजिक परम्परा छ । विकट पहाडी भूभागमा जन्मनुभएकी इन्द्रमायाले पनि थुप्रै सामाजिक तथा भौगोलिक समस्या व्यहोर्नुपर्‍यो । परिवारबाट माया र सहयोग पाए तापनि भौगोलिक विकटताले गर्दा गाउँमा ह्विलचेयर र वैशाखी लिएर हिंड्न नमिल्ने र घस्रेर हिँड्नुपर्ने अवस्थाले गर्दा आफू तथा आफू जस्तै अरू अपाङ्गता भएकाहरू अझ धेरै पछाडि धकेलिने गरेको उहाँको भनाइ छ । संविधानसभाको सदस्य भइसकेपछि पनि अपाङ्गता भएका कारणले उहाँले छुट्टै किसिमको समस्या र पीडा व्यहोर्दै आउनु भएको छ । संविधानसभामा आफूलाई शौचालयको समेत पहुँच नभएको पीडा उहाँ पोख्नुहुन्छ । उहाँले भन्नुभयो, 'ह्विलचेयरसहित टोइलेटभित्र जाँदा ढोका लगाउन मिल्दैन । महिला ट्वाइलेट भएकोले म छु है भन्दै ढोका खोलेर बस्छु, अर्को उपाय नै भएन ।' अपाङ्गता भएकै कारणले संविधानसभामा उहाँले प्रशासनिक समस्या पनि भोल्नु परेको छ । उहाँले चलाउने दुईपांग्रे स्कूटरका लागि आवश्यक इन्धनको माग गर्दै संविधानसभामा निवेदन दिएको पनि एक वर्ष भयो तर अझै पाउनुभएको छैन । प्रशासनको कहिले यता कहिले उता देखाउने प्रवृत्तिबाट उहाँ दिक्क भइसक्नुभयो । सहयोगका लागि एकजना स्वकीय सचिवको माग गरिएकोमा त्यो पनि पूरा भएको छैन ।

अपाङ्गता भएकाले विवाह गर्दा पनि थुप्रै सामाजिक र सांस्कृतिक समस्याहरू तेर्सिने गर्दछन् । तर इन्द्रमायाले विवाहको सम्बन्धमा भने त्यस्ता समस्या धेरै व्यहोर्नु परेन । उहाँले सभासद् भएपछि खिमबहादुर गुरूङसँग विवाह गर्नुभयो । खिम विदेशमा भएका कारणले पाँच वर्ष अघिको चिनजानलाई उहाँहरूले २०६५साल मंसिर महिनामा विवाहको रूप दिनुभयो । खिम अपाङ्गता नभएको व्यक्ति हुनुहुन्छ । कुनै एक सपाङ्ग व्यक्तिले अपाङ्गता भएका व्यक्तिलाई स्वीकार्नु आफैंमा चुनौतिपूर्ण रहेको बताउँदै उहाँ भन्नुहुन्छ, 'अपाङ्गताका आधारमा विवाहसम्बन्धमा रहेको कानुनी विभेद हटाइनुपर्छ ।'

आफूमा अपाङ्गता भएकोले संविधानसभामा अपाङ्गताकै कुरा बढी उठाएको र नयाँ संविधान अपाङ्गमैत्री र महिलामैत्री हुनुपर्छ भन्ने कुरामा इन्द्रमायाँ जोड दिनुहुन्छ । उहाँ संविधानसभाअन्तर्गतको राष्ट्रिय हितको संरक्षण समिति र व्यवस्थापिका संसद्को संसदीय सुनुवाइ विशेष समितिको सदस्य हुनुहुन्छ । उहाँ संलग्न उल्लेखित समितिहरूबाट राजदूत र न्यायाधीश नियुक्ति सम्बन्धी काम गर्ने समिति भएकोले त्यहाँ अपाङ्गताको विषयवस्तु उठाउन सक्नुभएन । तर सम्भव भएसम्म उहाँ संविधानसभा र व्यवस्थापिका संसद्मा हुने छलफलहरूमा अपाङ्गता भएका व्यक्तिहरूका हक हितका मुद्दा उठाउन चुक्नुहुन्न । इन्द्रमायाका अनुसार नयाँ संविधानमा अपाङ्गताको विषयमा चार वटा कुराहरू उल्लेख हुनैपर्ने बताउनुहुन्छ : अपाङ्गहरूको अशक्तताको आधारमा सहयोगी र सहायक सामग्रीको उपलब्धताको सुनिश्चितता हुनुपर्ने, अपाङ्ग भएका महिलालाई प्रजनन् स्वास्थ्यमा विशेष अधिकार हुने कुरा उल्लेख हुनुपर्ने, पूर्ण अशक्तता भएका बालबालिकाको स्याहार तथा शिक्षण केन्द्र स्थापना गर्नुपर्ने, र वृद्ध अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष कार्यक्रमको व्यवस्था हुनुपर्ने ।

इन्द्रमायाका अनुसार संविधानसभामा तुलनात्मक रूपमा धेरै महिला सभासद् भएकाले अपाङ्गताका मुद्दा उठाउनभन्दा महिला मुद्दा उठाउन सजिलो छ । संविधानसभामा प्राकृतिक रूपमा अपाङ्गता भएका उहाँ तथा राघववीर जोशी (कान नसुन्ने) दुईजना मात्र सभासद् भएकाले त्यहाँ अपाङ्गता सम्बन्धी समस्या बुझाउन निकै नै कठीन छ । यद्यपि, हिजोआज अपाङ्गतासम्बन्धी मुद्दालाई विभिन्न सङ्घसंस्थाहरूले पनि केही स्थान दिन थालेकाले संविधानको मौलिक हकमा अपाङ्गता सम्बन्धी धेरै कुरा पार्न सफल भएको उहाँ बताउनुहुन्छ । यसलाई उहाँ आफ्नो सफलताका रूपमा लिनुहुन्छ । तर, अब बन्ने संविधानमा अपाङ्गता सम्बन्धी विषय छुट्टै धाराको रूपमा आउनुपर्छ भन्ने उहाँको माग भने अझै पूरा भएको छैन । यसका लागि बलियो ढङ्गले नै वकालत गर्नु पर्ने उहाँले ठान्नुभएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि [United Nation's Convention on the Rights of Persons with Disabilities–UNCRPD] २००६ मा नेपालले हस्ताक्षर गरेको छ । सो महासन्धिमा हस्ताक्षर गराउन दबाब दिनका लागि उहाँले आफ्नो तर्फबाट पनि सक्दो पैरवी गर्नुभएको थियो । यसै महासन्धिका आधारमा सरकारले छिटोभन्दा छिटो नयाँ कानुन बनायो भने अपाङ्गता भएकाहरूका लागि धेरै सजिलो हुने उहाँको दावी छ, 'अपाङ्गता सम्बन्धी कानुन बन्यो भने अपाङ्गता भएकाहरूले अधिकारबाट वञ्चित भएर रोइरहनु पर्दैन ।'

शारीरिक रूपमा अपाङ्गता भए पनि इन्द्रमाया आवश्यक परेको ठाउँमा आफैं स्कुटर हाँकेर पुग्नुहुन्छ । आफू चेतनशील भएदेखि नै राजनीतिमा सक्रिय भएको कारण भविष्यमा पनि राजनीतिमा निरन्तर रूपमा लाग्ने उहाँको योजना छ । उहाँ राजनीतिक जीवनलाई कलाको रूपमा लिनुहुन्छ । जुनसुकै क्षेत्रमा अगाडि बढ्न राजनीति चाहिन्छ तर अनावश्यक रूपमा यसलाई प्रयोग गर्नुहुन्न भन्ने उहाँको मान्यता छ ।

शारीरिक अपाङ्गता भएकालाई सरकारी कार्यालयहरूमा पहुँच पुऱ्याउन लागि भौतिक संरचना अनुकूल हुनु पर्ने, सांकेतिक भाषालाई राष्ट्रिय भाषा-लिपिको रूपमा लिइनुपर्ने, बौद्धिक अपाङ्गता भएका बालबालिकाको जिम्मेवारी बढी आमालाई हुने हुँदा चेतनाको लागि राज्यले छुट्टै कानुन बनाउन सहयोग गर्नुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।

कूल जनसंख्याको १० प्रतिशत रहेका अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक आधारभूत शिक्षा, स्वास्थ्य, रोजगार, पुनर्स्थापना, भौतिक संरचना जस्तो बाटो, स्कुल, कलेज सरकारी कार्यालय आदिलाई संविधानमा मौलिक हककै रूपमा राख्नका लागि निरन्तर काम गर्ने इन्द्रमायाँको सोच छ ।



**व्यक्तिगत विवरण**

नाम : उमा रेग्मी
ठेगाना स्थायी : भरतपुर नगरपालिका, वडा नं. १४, चितवन, नारायणी
अस्थायी : बागडोल, ललितपुर-४
सम्पर्क ठेगाना : ०१-५५४४२३२ (घर), ९८५१०८६८९२ (मो)
इमेल : rwdcu@yahoo.com
जन्म मिति : २०११/३/३१
जन्म स्थान : केराबारी, गोरखा
आमाको नाम : स्व. लक्ष्मीदेवी रेग्मी
बुबाको नाम : खडानन्द रेग्मी
शिक्षा : स्नातकोत्तर
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# इच्छाशक्ति नै राजनीतिको सफलता

आजभन्दा करिब ५० वर्ष अघि छोरीलाई स्कुल पठाउनु हुँदैन भन्ने समाजलाई चुनौती दिएर आफ्नी छोरीलाई स्कूल पठाउन एउटा निम्न मध्यमवर्गीय ब्राह्मण परिवारका लागि सजिलो थिएन तर, उमा रेग्मीका बुबाआमाले जसले जेसुकै भनून् भनेर उमालाई स्कूल पठाउने आँट गर्नुभयो । स्कूलमा उमाको पढाइ राम्रो थियो । कक्षामा सधैँ पहिलो हुने भएकाले शिक्षकहरू पनि उहाँप्रति गर्व गर्थे । तर, समाजले भने उमाका बुबालाई 'छोरी स्कुल पठाएर गल्ती गऱ्यौ' भनेर निकै कुरा सुनाए । समाजसँग कति लड्ने भनेर एकपटक त बुबाले उमालाई स्कूल पठाउने कुरामा निराश समेत हुनुभएको थियो । उता स्कूलका शिक्षकहरूले यस्तो राम्रो पढ्ने छोरीको स्कुल छुटाउनु हुँदैन भनेर बुबालाई सम्झाउनुभयो र उमाको पढाइ रोकिएन । उमाले पछि एम.एडको परिक्षामा प्रथम श्रेणीमा प्रथम भई स्वर्ण पदक प्राप्त गर्नुभयो ।

उमा माध्यमिक तहमा पढ्दा उहाँको दाजु तीर्थराम रेग्मी नेविसङ्घमा लागिसक्नुभएको थियो । दाजुले तरूण पत्रिका घरमा ल्याउने गर्नुहुन्थ्यो । उमा लुकीलुकी त्यो पत्रिका पढ्ने गर्नुहुन्थ्यो । पत्रिकामा प्रकाशित बिपीको इरालासम्बन्धी सामग्रीहरू उहाँ अभिरूचीका साथ पढ्नुहुन्थ्यो । खासगरी बिपीको जीवनीबाट उमा धेरै प्रभावित हुनुभयो । बिपीको प्रेरणा र दाजुको सङ्गत पाएर १७ वर्षको उमेरमै उमा पनि नेविसङ्घमा लाग्नुभयो र कक्षा ९ मा पढ्दापढ्दै शारदा मावि चितवनको नेविसङ्घ इकाइको अध्यक्ष हुनुभयो । विद्यालयमा हुने वक्तृत्वकला, कविता, निबन्ध प्रतियोगिता आदिमा पनि भाग लिई उहाँ पुरस्कार पनि जित्नुहुन्थ्यो । एकपटक वक्तृत्वकला प्रतियोगितामा जिल्लाभरिमै प्रथम भई उहाँले राष्ट्रिय प्रतियोगितामा भाग लिन काठमाण्डौं आउने मौका समेत पाउनुभएको थियो र काठमाण्डौंमा आएर पनि वक्तृत्वकला प्रतियोगितामा राष्ट्रिय रूपमा नै प्रथम हुनुभएको थियो ।

विद्यार्थी राजनीति र पढाइलाई सँगसँगै लग्दै चितवनबाट उमाले प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गर्नुभयो । २०३४ सालमा उहाँ स्नातक पढ्न काठमाण्डौंको पद्मकन्या क्याम्पसमा भर्ना हुनुभयो । त्यतिखेर देशमा एकदलीय

पञ्चायती व्यवस्था थियो र राजनीतिक पार्टीहरू प्रतिबन्धित थिए । त्यसैले पद्मकन्या क्याम्पस एक किसिमले मण्डलेहरूको अखडा झैँ बनेको थियो । त्यहीबेला बिपी कोइराला, शैलजा अधिकारी लगायतका नेताहरू भारतबाट नेपाल आउँदै हुनुहुन्थ्यो । बिपीको स्वागत गर्न उमा पनि विमानस्थलमा जानुभयो, तर उहाँले प्रहरीको लाठी खाएर फर्कनुपर्‍यो । बिपी, शैलजा लगायतमा नेताहरू पनि विमानस्थलबाटै पक्राउमा पर्नुभयो । सो घटनाले उहाँभित्रको राजनीतिक चेतनालाई अझ जगाइदियो । चितवनका नेविसङ्घका कार्यकर्ताले उहाँलाई पद्मकन्यामा नेविसङ्घको इकाइ खोल्न सल्लाह दिए । त्यसबेला पार्टीहरू सँगै विद्यार्थी सङ्गठनहरू पनि प्रतिबन्धित थिए । बल्लबल्ल ११ जना साथीहरू तयार गरी उमा आफै संस्थापक अध्यक्ष र मीना पाण्डेलगाायत अरूलाई सदस्य बनाई पद्मकन्यामा उहाँले नेविसङ्घको इकाइ गठन गर्नुभयो ।

२०३६ सालमा यज्ञबहादुर कप्तान र भीमनारायण श्रेष्ठलाई तानाशाही पञ्चायती सरकारले मृत्युदण्ड दियो । त्यसका विरूद्ध पनि उमालगायत नेविसङ्घका विद्यार्थीहरूले सङ्घर्ष गर्नुभयो । त्यतिखेर उहाँले जेलको सजाय भोग्नुपर्‍यो । पद्मकन्याबाट स्नातक गरेपछि स्नातकोत्तर पढ्न २०३७ सालमा उमा कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयमा भर्ना हुनुभयो । त्यहाँ पनि उहाँ त्रिवि स्वतन्त्र विद्यार्थी युनियनको कोषाध्यक्ष हुनुभयो । २०३६ सालमै उहाँ नेविसङ्घको केन्द्रीय सदस्य पनि भइसक्नुभएको थियो । पद्मकन्या क्याम्पसमा आफूले सुरु गरेको नेविसङ्घले अहिले पनि त्यहाँ लामो समयदेखि गढ नै जमाएर बसेको देख्दा उहाँलाई मन भित्रैदेखि सन्तोष लाग्छ । पद्मकन्याको नेविसङ्घले मुलुकलाई धेरै महिला नेतृहरू प्रदान गरेको छ ।

पढाइ सकेपछि लोकसेवा दिएर उमाले स्थायी सहायक प्राध्यापक भई गोरखा क्याम्पसमा पढाउन थाल्नुभयो । तर, उहाँले जिल्लामा पार्टीका कुनै पनि बैठक र भेला छुटाउनुहुन्नथ्यो । त्यसपछि उहाँले वीरेन्द्र क्याम्पस भरतपुर, ताहाचल क्याम्पस काठमाण्डौं र शिक्षा सङ्काय, कीर्तिपुरमा पढाउनु भयो । आफ्नो प्राध्यापन पेशा सँगसँगै पार्टीको कामलाई पनि अघि बढाउनु भयो । २०४८ सालमा पर्वत क्षेत्र नं. २ बाट चुनाव लड्न पार्टीले उहाँलाई टिकट दियो । कहिल्यै पाइला नटेकेको ठाउँमा पहिलो पटक गएर पनि उमाले चुनाव जित्नुभयो ।

उमा र उहाँका श्रीमान् दुबै नेपाली काङ्ग्रेसका विद्यार्थी नेता हुनुहुन्थ्यो । २०३७ सालमा उहाँहरूबीच प्रेमविवाह भएको थियो । विवाहको सुरूसुरूमा उहाँहरू दुबैले आ आफ्नो राजनीतिलाई समझदारीमै अघि बढाउनुभयो तर, २०४८ सालको चुनावमा पार्टीले उमालाई टिकट दिएपछि उहाँहरू बीच मनमुटाव सुरू भयो । उमा राजनीतिमा अगाडि बढेको श्रीमान्लाई चित्त बुझेको थिएन त्यसैले उहाँहरूको वैवाहिक जीवनमा असमझदारी बढ्न थाल्यो ।

पुरूषहरूले बाहिर जतिसुकै नारीवाद र नारी मुक्तिका कुरा गरे पनि व्यावहारिक रूपमा उनीहरू आफ्नै श्रीमतीले समेत आफू भन्दा एक इन्च अगाडि बढेको पनि सहन नसक्ने रहेछन् भन्ने उमालाई लागेको छ । उमा र उहाँको श्रीमान् बीचको मनमुटाव यहाँसम्म पुग्यो कि श्रीमान् श्रीमती एकआपसका सहयात्री होइन प्रतिद्वन्द्वीमा रूपान्तरण भए । श्रीमान्ले उमालाई राजनीतिमा अघि बढ्न सहयोग नगरेपछि सिँगै परिवारै उमाको विरोधमा लाग्न थाल्यो । उमाको राजनीतिक जीवन समाप्त पार्न खोजियो । त्यो अवस्था झेल्न उहाँलाई धेरै नै कठिन भयो । उहाँहरू बीच असमझदारी बढ्दै गएपछि २०५१ सालको चुनावमा उमालाई हराउन उहाँकै श्रीमान् खुलेर लाग्नु भयो । श्रीमान्ले उमाका विरूद्ध उठेका बागी उम्मेद्वारलाई खुलेरै सहयोग गर्नुभयो । मनमुटावका कारण

उमा श्रीमान्सँग १५ वर्ष छुट्टिएर बस्नुभयो । एकदिन श्रीमान्ले अर्को विवाह गर्छु भन्ने कुरा सुनाएपछि उमाले छोरासँग सल्लाह गरेर श्रीमान्सँग सम्बन्ध विच्छेद गर्नुभयो । सम्बन्ध विच्छेद गर्दा उहाँले श्रीमान्सँग एक सुका पनि अंश लिनुभएन ।

विभिन्न आरोह-अबरोहहरू पार गर्दै उमाको जीवनको ४० वर्ष राजनीतिमा व्यतित भइसकेको छ । उहाँ तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थालाई ढाल्ने अठोटका साथ राजनीतिमा आउनुभएको थियो । त्यतिबेला उहाँको लक्ष्य सांसद् बन्ने थिएन । तर घटनाक्रमले उहाँलाई तीनपटक संसद्मा जाने मौका प्राप्त भइसकेको छ, तीनै पटक ऐतिहासिक क्षणमा । २०४६ सालको परिवर्तनपछि मुलुकमा पहिलोपटक गठन भएको प्रतिनिधिसभामा उहाँ निर्वाचित सांसद् हुनुहुन्थ्यो । २०६२/६३ सालको जनआन्दोलपछि पुर्नस्थापित व्यवस्थापिका संसद्को पनि उहाँ सदस्य हुनुहुन्थ्यो । अहिले मुलुकको संविधान लेख्ने ऐतिहासिक संविधानसभाको पनि उहाँ सदस्य हुनुभएको छ ।

संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति अन्तर्गतको नागरिकता सम्बन्ध उपसमितिको उहाँ सदस्य हुनुहुन्छ । समितिमा उहाँले महिला र पुरूषलाई नागरिकतामा समान अधिकार हुनुपर्छ भन्ने पक्षमा कुरा राख्नुभएको छ । गैर आवासीय नेपालीलाई पनि नेपाली नागरिकता दिने पक्षमा सरकार सकारात्मक हुनुपर्ने पनि उहाँको धारणा छ । नेपाली काङ्ग्रेस मिश्रित निर्वाचन प्रणालीको पक्षमा छ तर उहाँले महिलाको अधिकार सुनिश्चित गर्नका लागि समानुपातिक निर्वाचन प्रणाली नै हुनुपर्छ भनेर पार्टीको विचारभन्दा फरक धारणा राख्नुभएको छ । त्यसरी नै चुनाव हार्ने ठाउँमा मात्र महिलालाई टिकट दिने पार्टी नेताहरूको प्रवृत्तिको पनि उहाँ सख्त विरोधी हुनुहुन्छ । कुनै पनि पार्टीलाई राष्ट्रिय पार्टी मान्ने कि नमान्ने भन्ने आधारहरूको एउटा मुख्य बुँदा त्यो पार्टीले महिलालाई समान अधिकार दिएको छ कि छैन भन्ने पनि हुनुपर्ने उहाँको अडान रहेको छ ।

२०४६ सालको प्रथम जनआन्दोलनमार्फत देशमा ठूलो राजनीतिक परिवर्तन आएको थियो जसमा देशमा बहुदलीय प्रजातन्त्र लागू गर्ने र राजा संवैधानिक हुने कुराहरू मुख्य थिए । तर, त्यति ठूलो परिवर्तपछि पनि भण्डै ५१ प्रतिशत जनसङ्ख्या भएको महिलालाई संसद्मा ५ प्रतिशत मात्र आरक्षण दिने प्रावधान राखियो । यतिसम्म कि शैलजा आचार्यजस्तो राष्ट्रिय नेतालाई समेत सोही आरक्षणभित्र गणना गरियो । २०४८ सालको आम निर्वाचनमा कूल २०५ जना सांसद्हरू मध्ये ११ जना मात्र महिलाहरू थिए । संसद्मा महिलाहरूले उनीहरूका हक अधिकारका कुरा उठाउँदा ११ जना महिलाहरू एकातिर र बाँकी सबै पुरूष अर्कोतिर भई महिलाको स्वर ज्यादै मिनो हुन्थ्यो । २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलको परिमाण स्वरूप संविधान सभामा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व त भयो तर पार्टीका समितिहरू भित्र र राज्यको संयन्त्रमा अझै ३३ प्रतिशत महिला प्रतिनिधिहरू छैन ।

उमा मृत्युवरण नगरेसम्म नेतृत्व नछोड्ने प्रवृतिको सख्त विरोधी हुनुहुन्छ । अहिले ५७ वर्ष पुग्नु भएकी उमाले बढीमा ६५ वर्षसम्म मात्र राजनीति गर्ने योजना बनाउनु भएको छ । त्यसपछि अध्यात्मिक चिन्तनमा लाग्ने उहाँको चाहना छ । किनभने उमा जीवनका हरेक आयामहरू अनुभूति गर्न चाहनुहुन्छ ।



**व्यक्तिगत विवरण**

नाम : उर्मिला थापा मगर
ठेगाना स्थायी : व्यास नगरपालिका-२, तनहुँ, गण्डकी
अस्थायी : मीनभवन, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४६२०४७० (घर), ९८५१००२८८५ (मो)
जन्म मिति : २०२२/०६/०६
जन्म स्थान : घाँसीकुवा-५, तनहुँ
आमाको नाम : सिन्धुमाया थापा मगर
बुबाको नाम : नवलसिंह थापा मगर
श्रीमान्को नाम : बालकुमार श्रेष्ठ
शिक्षा : स्नातक
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# जेल परेर फर्केका महिलासँग बोल्नुहुन्न भन्ने भयो

'बि पि कोइरालाले कतै लेख्नुभएको छ, राजनीतिमा उतार चढाव र धनीमानी तथा बेइमानीको दिन आउँछ र त्यसका लागि पनि भिड्नुपर्छ । अहिले त्यस्तै अवस्था आएको छ र यसका विरूद्ध भिड्न हामी तयार हुनुपर्छ भन्ने मलाई लाग्छ । नेताहरूले पार्टीमा काम गर्ने र नगर्ने मान्छे छुट्याउन सकेका छैनन् । पार्टीका लागि मर्ने, सर्वस्व हरण हुने र दुःख गर्नेको राम्रो लेखाजोखा भएको छैन र यो दुःख लाग्दो कुरा हो ।' यो भनाइ हो संविधानसभा सदस्य उर्मिला थापा मगरको ।

उर्मिला तनहुँ जिल्लाको घाँसीकुवा ५ गोल्लामा जन्मनु भएको हो । तनहुँ जिल्लामा करिब २८ प्रतिशत मगर जातिको बसोबास छ । तर उनीहरू शिक्षा, रोजगारी र राजनीति  जस्ता क्षेत्रमा पछाडि पारिएका छन् । २०४६ सालअघि उर्मिलाको गाउँमा प्रजातन्त्रका लागि लड्ने नेताहरू नेताहरू बैठक बस्न आउँथे । उर्मिलाका आमाबुबाले ती नेताहरूलाई बास बस्न दिने र खाना पकाएर खुवाउने गर्नुहुन्थ्यो । मगर गाउँ सङ्गठित भएकोले प्रहरी प्रशासनले गाउँ पस्ने आँट गर्दैनथ्यो । स्थानीय नेता स्व. मेघानाथ कैनी मगर गाउँमा लोकप्रिय थिए । उहाँले मगरहरूलाई प्रजातन्त्र भनेको के हो भनेर बुझाउने र मगरका छोराछोरीलाई स्कूल पढाउनुपर्छ भनेर सम्झाउने गर्थे । गाउँघरको विकास हुनुपर्छ भनेर सडक बिजुली, खानेपानी, स्वास्थ्य लगायत विकासका काममा लागिपर्थे । मेघनाथलाई जनता भड्काएको आरोप लगाई प्रहरी प्रशासनले दुःख दिइरहन्थ्यो र उनी तारेख धाइरहन्थे । उर्मिला सानैदेखि मेघनाथको काम र विचारबाट प्रभावित हुनुभएको थियो ।

गाउँमा मगरहरूको करिब डेढसयवटा जति घरहरू थिए । तर केही ब्राह्मणहरूले मगरहरूलाई छुवाछुत गर्थे । धारापँधेरामा ब्राह्मणहरूले नुहाइधुवाइ गरेर पानी भरिसकेपछि मात्र मगरहरूको पानी भर्ने पालो आउँथ्यो । उहाँ भन्नुहुन्छ, 'स्कूलबाट फर्कंदा बाटोमा पर्ने पँधेरामा बाहुन महिलाले पानी थापेको र नुहाएकोबेला हामीले तिर्खा लाग्दासमेत पानी पिउन पाउँदैनथ्यौँ । ब्राहमणहरू घरमा आउँदा उनीहरूले जुत्ता खोलेर हामीलाई खुट्टामा

ढोगाउँथे । मेरो बुबाले समेत उनीहरूको खुट्टा ढोग्नुहुन्थ्यो । अलि बुझ्ने भइसकेपछि त मैले बुबालाई खुट्टामा नढोग्नुस् बरू नमस्ते मात्र गर्नुस् भन्थैं । बाहुन महिलाले बोकेको पानी हामीले छुनु हुँदैनथ्यो । तर हामी उनीहरूलाई जिस्काउन पानी छोएर भाग्थ्यौं र बाबाले यो थाहापाएपछि मरून्जेल पिट्नुहुन्थ्यो ।'

उर्मिलाका बुबा भारतीय सेनामा कार्यरत हुनुहुन्थ्यो र आमा खेतीकिसान गर्नुहुन्थ्यो । बुबा छोरीले धेरै पढ्नुहुन्न भन्ने विचार राख्नुहुन्थ्यो । तर, उर्मिलालाई चाहिँ सानैदेखि पढ्ने र राजनीतिमा लाग्ने इच्छा थियो । उर्मिलाले गाउँकै सिद्धेश्वरी प्राथमिक विद्यालय, पोखरा र काठमाण्डौंमा अध्ययन गर्नुभयो । काठमाण्डौंमा स्नातक तहमा अध्ययन गर्दागर्दै उहाँले अध्ययन छाडेर राजनीतिमा पूर्ण रूपले प्रवेश गर्नुभयो । २०३६ सालमा विपि कोइराला बहुदलको पक्षमा जनमत संकलन गर्न तनहुँ जाँदा आयोजित आमसभामा उर्मिलाले विद्यार्थीको तर्फबाट मञ्चमा उभिएर भाषण गर्नु भएको थियो । साथै २०३६ सालमा उहाँले बहुदल प्रचार समितिको सदस्य भएर पनि काम गर्नु भएको थियो ।

२०४२ सालको सत्याग्रहमा तनहुँबाट पञ्चायत व्यवस्था विरूद्ध भूमिगत भएर काम गर्दा उहाँ पटक-पटक छोटो समयका लागि हिरासतमा पर्नुभएको थियो । २०४६ साल चैत्र १५ गते पञ्चायत व्यवस्थाको विरूद्ध पाम्प्लेट पोष्टर टाँस्न र प्रचारप्रसार गर्न जाँदा पनि उहाँ पक्राउमा पर्नुभयो र पोखरा कारागारमा थुनिनुभयो र उहाँ बहुदल घोषणा हुने अघिल्लो राती थुनामुक्त हुनुभयो । उहाँ भन्नुहुन्छ, 'त्यतिबेलाको समाजमा महिलाले राजनीति गर्नुहुन्न भन्ने थियो र हिरासतमा परेका महिलाई नकारात्मक दृष्टिले हेरिन्थ्यो । जेल परेर फर्केको महिलासँग बोल्नुहुन्न भन्ने पनि भयो । हिरासतमा पनि प्रहरीहरू असाध्यै असभ्य हुन्थे र मनपरी बोल्थे ।'

उर्मिलाले २२ वर्षको उमेरमा बालकुमार श्रेष्ठसँग अर्न्तजातीय विवाह गर्नु भयो । उहाँका दुईजना हुर्किसकेका छोरीहरू छन् । विहे पछि पनि राजनीतिमा लाग्न घरबाट उहाँलाई अवरोध भएन । संविधानसभा सदस्य हुनुअघि उर्मिलाले नेपाली काङ्ग्रेसको केन्द्रीय महिला विभागको सदस्य, नेपाल महिला सङ्घको केन्द्रीय सदस्य र जिल्ला अध्यक्ष भएर काम गर्नुभएको थियो । २०५६ सालमा उहाँ जिल्ला विकास समिति सदस्यमा निर्वाचित हुनु भएको थियो ।

सात राजनीतिक दल र माओवादीबीच शान्ति सम्झौता भएपछि संविधानसभा निर्वाचन हुने घोषणा भयो । तर उर्मिलाले आफू संविधानसभा सदस्य बन्छु भनेर चाहिँ सोच्नु भएको थिएन । नेपाली काङ्ग्रेसमा लामो समयदेखिको संलग्नता र पार्टी र समाजलाई उहाँले पुर्‍याउनु भएको योगदानको कदर गरी नेपाली काङ्ग्रेसले आदिवासी/जनजाति र महिला कोटामा उर्मिलालाई संविधानसभा सदस्य बन्ने अवसर दियो । सुरूसुरूमा संसदीय अभ्यासको अनुभव नभएकोले उहाँलाई संविधानसभाको प्रक्रिया र बैठकका नियम बुझ्न केही समय लाग्यो । उहाँ भन्नुहुन्छ, 'कहिले काहीँ व्यवस्थापिका संसदको नियम प्रक्रिया राम्ररी नबुझेकोले बोल्नका लागि आफ्नो नाम परेको पनि बिर्सन्थें तर, अचानक बोल्नका लागि हाउसमा नाम बोलाउँदा म अक्क न बक्क हुन्थैं । १ मिनट शून्य समयमा कसरी मुख्य-मुख्य कुरा छोटकरीमा भनिहाल्ने भनेर पनि अल्मलिन्थैं र मिडियामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा बोल्न पनि संकोच लाग्थ्यो । तर अहिलेसम्ममा मैले त धेरै नै नयाँ कुराहरू सिकिसकेको छु ।'

संविधानसभा अन्तर्गतको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र व्यवस्थापिका संसदको संसदीय सुनुवाइ समितिका सदस्य रहनु भएकी उर्मिलाले संविधानसभामा अन्य मुद्दाहरूका साथमा मुख्यतया आदिवासी/जनजाति र जनजाति महिलाका मुद्दाहरूलाई नै प्राथमिकता दिने गर्नु भएको छ । उहाँ नेपाली काङ्ग्रेस अन्तर्गतको नेपाल राष्ट्रिय मगर सङ्घको सल्लाहकार पनि हुनुहुन्छ । महिला र जनजातिको कोटामा आएपछि महिला र जनजातिकै विषयमा नै मुख्य रूपले बोल्नुपर्छ भन्ने उहाँको विचार छ । उहाँ भन्नुहुन्छ, 'आदिवासी/जनजातिका मुद्दामा नबोल्ने भए कोटामा आउनु हुँदैन । त्यसैले आदिवासी/जनजाति कोटामा आएकोले म यो विषयमा बढी बोल्छु । राज्यको हरेक तहमा जनजातिको पहुँचमा पुऱ्याउन र उनीहरूलाई पनि यो देशको नागरिक हुँ भनेर महसुस गराउन पनि म लड्छु । उहाँ थप्नुहुन्छ, 'अन्तरिम संविधानबाट समावेशीको मुद्दा नै हराउँछ कि भन्ने मलाई डर लाग्छ । जनजातिको समावेशीको मुद्दा संविधानमा लेखिएन भने र पार्टीले त्यसमा बोल्न र जिम्मेवारी लिन चाहेन भने म पार्टीबाट राजीनामा दिन पनि तयार छु ।'

अहिले संविधानसभामा पछाडि पारिएका समुदायको महिला सदस्यहरूको अवस्था नयाँ बुहारीको जस्तो भएको उर्मिलाको भनाइ छ । उनीहरूलाई व्यवस्थापिका संसद र संविधानसभाको चालचलन र मेसो बुझ्न समय लाग्ने गरेको पनि उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हामी जस्तो मान्छेहरू इतिहासमा पहिलो पटक यहाँ आइपुगेका छौँ । अहिले विभिन्न क्षेत्र, जाति वर्ग र समुदायका महिलाहरू पनि संविधानसभामा आइपुगेका छन् र यी महिलाहरूको उपस्थितिले संविधानसभामा नेपालको चित्रण गरेको छ ।'

संविधानसभा सदस्य भएपछि उर्मिला काठमाण्डौंमा बस्न थाल्नु भएको छ । घरपरिवारबाट टाढा भएर काठमाण्डौंमा बस्नुपर्दा आर्थिक कठिनाइ पनि बेहोर्नु परेको उर्मिलाको भनाइ छ । उर्मिला र उहाँको परिवारले तनहुँमा रेष्टुराँ चलाउँदै आउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'जिल्लामा बसेर राजनीति गर्दा आफ्नो पेशा पनि साथसाथै गरिन्थ्यो । सामाजिक काममा पनि जान पाइन्थ्यो । तर काठमाण्डौं आएपछि समय मिलाउन गाह्रो छ । यहाँ घरभाडा पनि असाध्यै महँगो छ । आफू काठमाण्डौं बसेपछि त जिल्लाका साथीहरूले पनि आशा गर्छन् । जिल्लाका विरामी र विद्यार्थीलाई पनि सहयोग गर्नुपर्ने हुन्छ ।'

महिला भनेपछि सभासद्लाई समेत हेप्ने प्रवृत्ति रहेको उर्मिला बताउनुहुन्छ । संविधानसभामा पस्दा पनि ढोकैदेखि विभेद हुने गरेको पनि उहाँले महसुस गर्नु भएको छ, 'पुरूष सभासद्लाई सलाम ठोक्ने र महिलालाई नचिने झैँ गर्ने चलन छ । फुली लगाएको प्रहरीले समेत ढोकामा महिला सभासद्लाई देख्दा पनि ठट्टा गरी बस्छन् । पुरूषलाई देख्दा चाहिँ सर्तक हुन्छन् । एकदुई पटक यो विषयलाई लिएर मैले सभामुखसँग पनि कुरा राखेँ ।'

तोकिएकै समयमा संविधान नबन्दा उर्मिलालाई चिन्ता लागेको छ । संविधानसभामा उहाँले तीतो र मीठो दुबै अनुभव गर्नुभएको छ । राजनीतिमा लागिरहे पनि भविष्यमा कुनै न कुनै व्यवसायमा पनि संलग्न हुन्छु भन्ने उर्मिलाले सोच बनाउनु भएको छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : उमा कार्की विष्ट |
| ठेगाना स्थायी | : आखीभुइ गाविस-७, संखुवासभा |
| अस्थायी | : इमाडोल गाविस, वडा नं. ६, ललितपुर |
| सम्पर्क फोन | : ९७४१०८१३९० (मो) |
| जन्म मिति | : २०३६/१/१० |
| जन्म स्थान | : संखुवासभा |
| आमाको नाम | : दुर्गादेवी कार्की |
| बुबाको नाम | : ज्ञानबहादुर कार्की |
| श्रीमान्को नाम | : स्व. किरणकुमार विष्ट |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जनतासँग जोडिने आधार हो राजनीति

सानो छँदा उमा कार्की बिष्टलाई आफू जन्मेको गाउँ वरिपरिका एक डाँडादेखि अर्को डाँडासम्मको भुगोल कस्तो होला भन्ने मनमा खुल्दुली लाग्थ्यो । आकाशमाथि हेर्दा डाँडाले आकाशै छोए झैँ लाग्थ्यो । तर पछि तीनै डाँडापाखा छिचोल्दै उहाँले 'जनयुद्ध' लड्नु भयो । समाजमा व्याप्त अन्याय अत्याचार लगायत जातीय, लैङ्गिक, र आर्थिक तथा सांस्कृतिक विभेदको अन्त्य गर्ने उपयुक्त माध्यम राजनीति नै हो भन्ने ठानेर उहाँले राजनीतिलाई नै आफ्नो मुख्य कर्मक्षेत्र बनाउनु भयो ।

सामान्य परिवारमा जन्मनु भएकी उमाका तीन दाजु र एक बहिनी छन् । माइतीतर्फ कोही पनि सक्रिय राजनीतिमा थिएनन् । तर परिवारले सामान्य राजनीति बुझेको र कम्युनिष्ट सिद्धान्तबारे जानकारी राख्ने भएकोले उहाँलाई राजनीतिमा लाग्न कुनै रोकटोक भएन ।

२०५३ सालमा उमाको किरण कुमार बिष्टसँग मागी विवाह भयो । श्रीमान् त्यतिबेला एमालेको इलाका सचिवको रूपमा राजनीतिमा सक्रिय हुनुहुन्थ्यो र एमाले फुटेपछि उहाँले २०५४ सालमा विद्रोह गरि मालेमा प्रवेश गर्नुभयो र २०५५ को अन्तिमतिर माओवादीमा सम्पर्क गरि सङ्गठित हुनुभयो । त्यसबेलासम्ममा उमाका दुई जना बच्चा भइसकेका थिए । बच्चा सानै भएकाले सक्रिय राजनीतिमा नलागि उहाँले पार्टीलाई घरैबसेर सक्दो सहयोग गर्दै आउनु भएको थियो । तर २०५८ साल माघ २२ गते उमाको श्रीमान् सुरक्षा फौजद्वारा मारिनुभयो । यो घटनापछि सेनाले उमामाथि पनि निगरानी राख्न थाल्यो । सुरक्षाको कारणले घरमा बस्ने वातावरण भएन । त्यस्तै समय परिस्थितिले गर्दा राजनीतिमा उहाँको रूची र संलग्नता पनि बढ्दै गयो । त्यसैले २०५९ सालपछि उमा माओवादीको पूर्णकालीन सदस्य भएर भूमिगत हुनुभयो ।

उमा पूर्णकालीन रूपमा राजनीतिमा त लाग्नुभयो । तर, ससाना बच्चाहरू र परिवार छोडेर हिँड्नु पर्दाको परिस्थिति सहज थिएन । पार्टीको पूर्णकालीन सदस्य भएर घर छोडेपछि जङ्गलमा पनि बास बस्नु पर्थ्यो ।

उहाँ विगत स्मरण गर्दै भन्नुहुन्छ, 'दुई वर्ष पनि नपुगेको छोरीलाई माइतीमा छोडें । छोरीलाई मेरो आमाबुबाले र ठूलो छोरालाई घरपट्टिका जेठाजुहरूले हुर्काउनु भयो । आजको यो अवस्थासम्म आइपुग्न मलाई पार्टी र गाउँका जनताले ठूलो सहयोग गरेका छन् । मलाई यहाँसम्म ल्याइपुऱ्याउन जनताको ठूलो हात छ । युद्धकालमा उनीहरूले मलाई सुरक्षा मात्रै दिएनन् आफ्नो गाँस काटेर समेत खुवाए ।'

सुरूमा उमा माओवादी पार्टीको एरिया कमिटी सदस्य हुनुभयो । त्यसपछि अनेमसङ्घ (क्रान्तिकारी) जिल्ला कमिटी सदस्य र सचिव हुदै उहाँ अनेमसङ्घ (क्रान्तिकारी)को अध्यक्षसम्म हुनु भयो । यस्तै, पार्टीको जिल्ला सचिवालय सदस्य हुँदै किराँत राज्य समिति सदस्यको हैसियतमा पनि उहाँले काम गर्नुभयो । भूमिगत रहेर प्रहरी र सेनाको आँखा र कान छलेर काम गर्नु निकै नै चुनौतीपूर्ण रहेको उमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'कतिपय अवस्थामा प्रहरी र सेनासँग आमनेसामने पनि भइयो तर, स्थानीय बासिन्दाको अभिनय गरेर पनि बाँचियो । तर, आफ्नै अगाडि आफ्ना साथीभाइलाई मारेको र उनीहरूलाई गुमाउनु पर्दाका क्षणहरू मेरो जीवनमा बिर्सनै नसक्ने क्षणहरू हुन् ।'

२०६२ सालतिर पाँचथरमा अनेमसङ्घ (क्रान्तिकारी)को राज्य बैठक सकेर तेह्रथुम हुँदै संखुवासभा फर्कने क्रममा जनमुक्ति सेनाका दुईजना साथीहरू मारिएका रहेछन् । उमाका अनुसार एकजना साथीलाई सेनाले बन्दुकको कुञ्जले पिटेर छाला निकालेर र अर्कोलाई गोली ठोकेर मारिएको थियो । मारिएका साथीहरूको अन्त्येष्टी गरी तेह्रथुमको सीमानामा पर्ने गुफा भन्ने ठाउँमा बास बसी भोलीपल्ट संखुवासभाको नुनढाकी गाविस फर्कँदै गर्दा सेनासँग उमाको जम्का भेट भयो र त्यहीँबाट उहाँ पक्राउमा पर्नुभयो । त्यो दिन पनि सेनाका दुई जना साथीहरू मारिए । त्यसपछि उहाँले एक वर्ष जेल सजाय काट्नुभयो । माओवादी र सातदलबीच शान्ति सम्झौता भएपछि अन्य राजनीतिक बन्दीहरूसँगै उहाँलाई पनि रिहा गरियो । जेलमा रहँदा प्रशस्त शारिरीक र मानसिक यातना खेप्नु परेको उमा बताउनुहुन्छ ।

युद्धकालीन अवस्थामा विभिन्न आरोह अबरोह र चुनौतीहरू पार गर्दै अन्ततः उहाँ संविधानसभाको सदस्य बन्नुभएको छ । तर, युद्धकालीन समयमा सङ्घर्ष गरिरहँदा यो ठाउँमा आइपुगिएला भनेर आफूले कहिले पनि नसोचेको उमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हिजो कि मृत्यु कि मुक्ति भनेर हिडेको मान्छे, बाँच्ने कुराकै कुनै ग्यारेन्टी थिएन । त्यस्तो परिस्थितिमा संविधानसभाको सदस्य बन्ने कल्पना धेरै परको कुरा थियो ।'

संविधानसभाबाट नयाँ संविधान बनाउने र जनताका समस्या हल गर्ने भन्ने उत्साह बोकेर संविधानसभामा आउनु भएकी उमा यतिबेला सोचे अनुरूप काम नहुँदा केही निराश हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'जनताले मुक्तिका लागि उठाएका विषयवस्तुहरू समेटेर संविधान बन्न सकेको भए र विवादित विषय मिलाएर नेतृत्वपंक्ति आएको भए संविधानसभाको मेरो अनुभव अझ रमाइलो र सुखद हुनेथियो । तर त्यो नभएकाले अहिले त्यति सन्तोष मान्नु पर्ने स्थिति छैन ।' बाटो हिड्ँदा समेत जनताले सभासद्ले भत्ता खाएर बसे र काम गरेनन् भन्ने टिप्पणी गरेको सुन्दा उमालाई निकै नरमाइलो र असजिलो महसुस हुन्छ । मुख्य राजनीतिक दलहरूका कुरा नमिलेकै कारण संविधानसभा ओझेलमा परेको उहाँको भनाइ छ । उमा भन्नुहुन्छ, 'संविधानसभा सदस्यका हैसियतले हाम्रो भूमिका

भनेको सल्लाह र सुझाव दिने मात्रै हो । हामी निर्णायक तहमा नभएकाले समयमै संविधान नबन्नुमा मुख्य दोष त ठूला दलका प्रमुख नेताहरूलाई नै जान्छ ।'

संविधानसभा अर्न्तगत राष्ट्रिय हित संरक्षण समिति र व्यवस्थापिका संसद् अर्न्तगत अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिमा रहेर आफूले निभाउनु पर्ने भूमिका सक्रिय रूपमा निभाएको उमाको दाबी छ । राष्ट्रिय हित संरक्षण समितिमा सीमा व्यवस्थापन, १९५० लगायतका असमान नेपाल भारत मैत्रीसन्धि, राष्ट्रिय सुरक्षाका विषयवस्तु लगायतका विषयहरू उहाँले समितिका बैठकहरूमा उठाउनुभएको छ । सीमा क्षेत्रमा एक देशबाट अर्कोमा जाँदा पासपोर्टको व्यवस्था हुनुपर्छ भनेर पनि उहाँले माग राख्नुभयो । महिला र दलितका लागि विशेष अधिकार, र आदिवासी जनजाति, मधेसी र मुस्लिमलाई आत्मनिर्णय अधिकार सहितको स्वायत्तता हुनुपर्छ भन्ने मुद्दा पनि उमाले उठाउनुभयो । यस्तै महिला आयोगलाई संवैधानिक आयोग बनाई शक्तिशाली बनाउनुपर्छ भन्ने पक्षमा पनि उहाँले बोल्नुभयो ।

संविधानसभा तथा व्यवस्थापिका संसद्मा राष्ट्रिय महत्वलगायतका महत्वपूर्ण विषयहरूमा बढीजसो पुरूष नेता र तीनमा पनि वरिष्ठहरूले नै बोल्ने गरेको उहाँ बताउनुहुन्छ । त्यसो हुनुको कारणमा सबै पार्टीका वरिष्ठ नेताहरू पुरूष भएका र प्राथमिकता पनि उनीहरू नै पर्ने भएकाले महिलाले कम बोल्ने अवसर पाएको हो । उहाँ भन्नुहुन्छ, 'तर, महिला भएकै कारणले बोल्न नपाउने भन्ने छैन ।'

उमालाई संविधान निर्माणका विधि र प्रक्रिया पनि केही नमिलेको अनुभूति हुन्छ । उहाँलाई शासकीय स्वरूप, राज्यको पुनर्संरचना र सेना समायोजनजस्ता विवादित विषय मध्ये मुख्य विवादित विषय राज्यको पुनर्संरचना हो जस्तो लाग्छ । उहाँ भन्नुहुन्छ, 'राज्यको पुनर्संरचना गर्नु अगावै संवैधानिक आयोग बनाएर जाँदा वैज्ञानिक हुन्छ भनेर हाम्रो पार्टीले निर्णय गऱ्यो तर त्यो निर्णयलाई लत्याउने काम भयो । समितिले खाका प्रस्तुत गरेपछि संवैधानिक आयोग चाहिन्छ भनेर बखेडा खडा गऱ्यो । पार्टीहरूमा विवादित मुद्दालाई मिलाउने भन्दा पनि तन्काउने प्रवृति गलत हो ।'

संविधानसभाको सदस्य भइसकेपछि एकैचोटी गाउँ छोडेर राजधानी काठमाण्डौंमा आएर बस्नुपर्दा सुरूमा उमालाई केही असजिलो महसुस भयो । सहरमा एउटै घरमा बस्ने मानिसहरूबीच पनि चिनजान नहुने भएकाले भावनात्मक रूपले एकअर्कासँग नजिक हुन पनि केही कठिनाई हुने उहाँ बताउनुहुन्छ । त्यसैले पनि बैठकलगायत मुख्य काम परेको बेला काठमाण्डौंमै बस्ने र अरू समयमा जिल्ला गएर जनताहरूसग भेटघाट गर्ने गरेको उहाँ बताउनुहुन्छ ।

काठमाण्डौंमा कोठा भाडामा लिएर बस्दा पानीको अभाव हुने र पाहुना धेरै आउने समस्या भोग्नु परेको पनि उमा बताउनुहुन्छ । उहाँ अहिले काठमाण्डौंमा पार्टीकै अर्का एकजना संविधानसभा सदस्यसँग मिलेर बस्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'खर्चले धान्न मुश्किल छ । गाउँबाट आफूलाई भेट्न आएकालाई आउनजाने भाडा, उपचार र खाने बस्ने लगायतका खर्च पनि आफैले व्यहोर्नु पर्ने भएकाले पुऱ्याउन गाह्रो पर्छ । साथै तलबभत्ताको रूपमा आउने रकमको केही अंश पार्टीलाई पनि बुझाउनुपर्छ ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : उमा गोठे कपाली |
| ठेगाना | : इटाछें टोल, भक्तपुर नगरपालिका-१७, |
| सम्पर्क ठेगाना | : ९८४११३३४९७ (मो) |
| जन्म मिति | : २०३९/१/१५ |
| जन्म स्थान | : टौमढी-११, भक्तपुर |
| आमाको नाम | : चम्पा कपाली |
| बुबाको नाम | : कृष्णप्रसाद कपाली |
| श्रीमान्को नाम | : सुनिल गोठे |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक पार्टी | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# विषयगत समितिमा महिला सदस्यको योगदान प्रभावकारी

सानो उमेरमै अर्थात् स्कुले विद्यार्थी जीवनमै राजनीतिमा लागेर संविधानसभाको सभासद् बन्नुभएकी उमा गोठे कपालीलाई राजनीति बुझ्न आफू अझै सानो छु कि भन्ने लाग्छ । तर राजनीतिक क्षेत्रले मुलुकको समग्र विकासमा नेतृत्वदाय भूमिका खेल्नसक्ने उहाँको धारणा छ । विगतमा नेपालको विकास प्रयास सही रूपमा अघि बढ्न नसक्नुमा राजनीतिक क्षेत्र बढी सङ्कुचित र आत्म केन्द्रित हुनु नै बढी जिम्मेवार रहेको उमाको ठम्याइ छ । महिलाले आफ्नो विषय सम्बोधन गराउन आफैं लाग्नुपर्ने धारणा राख्ने उमा राजनीतिलाई यसरी बुझ्नुहुन्छ, 'राजनीतिमा एउटा शून्यताबाट अर्को शून्यतामा जाने क्रम रहन्छ, जति अगाडि बढ्यो त्यति शून्यता हो कि जस्तो लाग्छ ।'

राजनीतिबाट टढा रहेको भक्तपुर जिल्लाको नेवार परिवारमा जन्मनु भएकी उमालाई पारिवारिक पृष्ठभूमिले राजनीतिमा लाग्न प्रेरित गरेन । बरू समाजमा ब्याप्त रहेको सामाजिक विभेद, विभेद किन हुन्छ भन्ने खुल्दुली, विभेद अन्त्य गर्न सङ्घर्ष नै गर्नुपर्छ भन्ने चेतनाले उहाँलाई राजनीतिमा लाग्न प्रेरित गरेको थियो ।

राजनीतिकबाट मात्र आमूल परिवर्तन सम्भव हुन्छ भन्ने कुरामा विश्वस्त भएपछि २०५६ सालमा उमाले अनेरास्ववियु (क्रान्तिकारी) टोल इकाइको अध्यक्षका रूपमा राजनीतिमा प्रवेश गर्नुभयो । यस्तै २०५७ सालमा उहाँ अनेमसङ्घ (क्रान्तिकारी) नगर कमिटीको सचिव बन्नुभयो । २०५८ सालमा माओवादी नेवाः खल जिल्ला कमिटीको सदस्य बन्नुभएकी उमा २०६३ सालमा अनेमसङ्घ (क्रान्तिकारी) जिल्ला कमिटी भक्तपुरको अध्यक्ष हुनुभएको थियो । २०६३ सालमा अनेमसङ्घ (क्रान्तिकारी) केन्द्रीय सदस्य हुनुभएकी उमा २०६० सालमा नेकपा (माओवादी)को एरिया कमिटी सदस्य र २०६० सालमा तत्कालीन नेकपा (माओवादी) पार्टीको पूर्णकालीन सदस्य बन्नुभयो ।

उमाका लागि विगतमा एनेकपा (माओवादी)मा आबद्ध भएर राजनीति गर्ने कुरा त्यति सहज थिएन । राजनीतिमा आबद्ध हुन घर परिवारबाट अवरोध नभए पनि माओवादी पार्टीमा नलागोस् भनेर परिवारमा उहाँलाई रोक्ने प्रयास धेरै भएका थिए । यस काममा परिवार मात्र नभई विद्यालयका शिक्षक पनि संलग्न थिए । कक्षा ७ देखि नै सङ्गठितरूपमा अर्धभूमिगत क्रियाकलापमा संलग्न भएको थाहा पाएपछि शिक्षकले उहाँलाई सजायस्वरूप विद्यालयका विभिन्न अतिरिक्त क्रियाकलापमा संलग्न गराउँथे । यो उमालाई दिइएको सजाय विद्यार्थी राजनीतिमा संलग्न भएका कारण नभई शिक्षकको समर्थनको पार्टीमा जाओस् भन्ने चाहनाले थियो । यो विषयलाई लिएर उहाँको शिक्षकसँग लामै मतभेद भएको थियो ।

राजनीति बाहेक अर्को विकल्प छैन भन्ने मान्यताले राजनीतिमा लाग्नुभएकी उमाले सुरूमा काभ्रेमा करिब तीन महिना पार्टीको पूर्णकालीन सदस्य भएर जनमुक्ति सेनामा काम गर्नुभयो । त्यो दिनको काम गराइ सम्झदा अझै रोमाञ्चित भएको उहाँ महसुस गर्नुहुन्छ । 'जनयुद्ध'का क्रममा आफूलाई दिइएका जिम्मेवारी पूरा गर्ने नै मुख्य ध्यान हुने हुँदा अरू कुरा सोच्ने फुर्सद नै नहुने उहाँ बताउनुहुन्छ । भक्तपुरजस्तो सुविधासम्पन्न ठाउँबाट विकट स्थानमा जानुपर्दा केही अप्ठ्यारो भए पनि राजनीतिमा लागेपछि आफ्नो घरपरिवार तथा समाजमै आएको परिवर्तनले उहाँ निकै खुशी हुनुहुन्छ ।

शिक्षित परिवार भएर पनि देशको अवस्था बुझ्न समाचारसम्म नसुन्ने, नहेर्ने उमाको परिवार उहाँको एनेकपा (माओवादी)सँगको संलग्नताले दिनहुँ समाचार पढ्ने र हेर्ने भएको छ । उहाँ भन्नुहुन्छ, 'म पार्टीमा लागेपछि मेरो परिवारमा राजनीतिक खबर हेर्ने, समाचार हेर्ने चासो बढेको छ, घरबाट पछिल्लो समयमा मलाई धेरै सहयोग पनि भएको छ ।' परिवार र समाजमा देखा परेको चेतना र परिवर्तनले पनि उहाँलाई 'गर्न नहुने राजनीति गरेको जस्तो' लागेन । 'जनयुद्ध'का क्रममा धेरै साथीले सहादत प्राप्त गरे पनि आफ्नो टिमका तीन जना सहिद भएको कुरालाई भने उहाँले नमीठो अनुभवका रूपमा लिनुभएको छ ।

पार्टीले आफूलाई सुम्पिएका जिम्मेवारीअनुसार नै काम गर्दै आएको र भविष्यमा पनि यसरी नै निरन्तर रूपमा अगाडि बढ्ने उमाले सोच बनाउनुभएको छ । संविधानसभा र स्थानीय स्तरमा पार्टीको काममा संलग्न भएकाले पछि राजनीतिक रूपमा अगाडि बढ्न अझै सजिलो हुने उमा विश्वास व्यक्त गर्नुहुन्छ ।

संविधानसभा अन्तर्गतको संवैधानिक निकायको संरचना निर्धारण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत विधायन समितिमा उमा सदस्य हुनुहुन्छ । ती ११ वटा आयोगहरूमा महिला आयोग पनि पर्दछ । समितिमा मधेसी र मुस्लिम समुदाय समेतका गरी ११ वटा आयोग हुने सर्वसम्मतिले पारित भएको छ । महिला आयोग संवैधानिक आयोगको रूपमा पारित हुनु नै महिला क्षेत्रका लागि ठूलो उपलब्धि भएको बताउने उमा आफूले उठाएको कुरा समितिबाट पारित भएकाले फरक मत राख्नु नपरेको बताउनुहुन्छ ।

उमालाई संविधानसभाको विषयगत समितिका मस्यौदा प्रतिवेदनमा अझै पनि महिलाका केही मुद्दाहरू छुटेका छन् भन्ने लाग्छ । तर छुटेका मुद्दा समेट्न ककसले सुझाव दिएको र सुझावहरू एकत्रित गरेर ज्ञापनपत्र दिइएकाले सही ठाउँमा पुग्छ भन्ने उमालाई लाग्छ । उमा ११ वटा समितिले दिएका मस्यौदा प्रतिवेदनको 'जिम्मेवारी पूरा

भए पनि मूर्त रूप दिन बाँकी भएकाले संविधानसभामा आफूले गरेको कामलाई अहिले नै योगदान भन्न मिल्दैन' भन्ने ठान्नुहुन्छ । साथै महिला सदस्य भएकै कारण आफूले संविधानसभा र व्यवस्थापिका संसद्मा खासै समस्या भोग्नु नपरेको पनि उहाँ बताउनुहुन्छ ।

सुत्केरी भएका कारण महिला सदस्यहरूलाई लक्षित गरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाले आयोजना गरेका गोष्ठी, सम्मेलन र तालिमहरूमा भाग लिने मौका उमाले त्यति पाउनु भएन । साथै संविधानसभामा पनि शिशु स्याहार केन्द्र नहुँदा निकै अप्ठेरो परेको उमा तथा अन्य स-साना काखे छोराछोरी भएका महिला सभासद्ले महसुस गरेका छन् । संविधानसभाको हलमा शिशु लैजान नमिल्ने र रातिराति बस्नुपर्ने अवस्थाले सभासद् आमाहरूलाई निकै अप्ठेरो पारेको उमाको भनाइ छ । उमा भन्नुहुन्छ, 'यो भन्दा अघि संसद्मा शिशु स्याहार केन्द्रको आवश्यकता महसुस भएन होला । तर हामिले संविधानसभाका अध्यक्षलाई चिठी लेखेपछि कोठाको व्यवस्था गरियो तर बच्चा हेर्ने मान्छे थिएन । त्यसैले दुःख हामी नै भोगौंला भनेर भर्खर जन्मिएको शिशुलाई पनि घरमै छाडेर आयौं । संविधानसभाजस्तो ठाउँमै महिलाले पूर्णरूपमा काम गर्ने वातावरण छैन भने अन्यत्र कसरी हुन्छ, यो सोच्नै पर्ने विषय हो ।'

महिला सदस्य भएकै कारण संविधानसभा र व्यवस्थापिका संसद्मा भोग्नु पर्ने विशेष चुनौती तथा परिस्थितिहरूको ज्वलन्त उदाहरण हो उमा आमा बन्दाको अवस्था । यद्यपि उहाँ विषयवस्तु राख्ने सवालमा संविधानसभामा महिला भएकै कारण समस्या नभएको बताउनुहुन्छ ।

उमालाई संविधानसभाका संवैधानिक विधि र प्रक्रिया असाध्यै पुरानो र प्रक्रिया परम्परागत लाग्दछ । जस्तो १७ पटक प्रधानमन्त्रीको चुनाव हुँदा पनि प्रधानमन्त्री निर्वाचित हुन नसक्नुजस्ता कमजोरी संशोधन हुनुपर्ने राय उहाँको छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : उमा भुजेल |
| ठेगाना स्थायी | : काफल डाँडा गाउँ, गोरखा, गण्डकी |
| अस्थायी | : शान्तिनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१५८७०६६ (मो) |
| जन्म मिति | : २०३६/४/७ |
| जन्म स्थान | : हंसपुर काफल डाँडा, गोरखा |
| आमाको नाम | : गर्भकुमारी भुजेल |
| बुबाको नाम | : कमानसिंह भुजेल |
| श्रीमान्को नाम | : वसन्तकुमार श्रेष्ठ |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जेल तोड्ने इतिहास बनाउनु भएकी नायिका

**'हातैमा साङ्लो, गोडामा नेल कसे नि,**
**निराश छैनौं, जेलैमा बसे नि**
**एकदिन पक्कै जेल हाम्रो तोडिन्छ,**
**पर्खी बस, मैदानमा भेट हुन्छ ।'**

२०५७ सालको पुसतिर गोरखा जेलमा सधैँ जसो यो गीत बज्ने गर्थ्यो । जेलमा थुनिएका माओवादी बन्दीहरू यो गीत गाएर नाचगान गरिरहन्थे । जेलभित्र झैझगडाको सट्टा नाचगान भइरहेकाले जेलका प्रहरी र जेलरको ध्यान पनि नाचगानतिरै तानिन्थ्यो । जेल प्रशासनलाई अलिकति पनि शङ्का थिएन कि जेलमा एकातिर यस्तो नाचगान चलिरहँदा अर्कोतिर जेल तोडेर भाग्ने सुरूङ पनि खनिँदैछ भनेर ।

जेलमा थुनिएका एक हुल माओवादी महिला बन्दीले २०५७ साल पुस ११ गते माओ दिवसकै दिनदेखि जेलमा सुरूङ खन्न थालेका थिए । त्यसको नेतृत्व उमा भुजेलले गर्नु भएको थियो । सो कामका लागि उहाँलाई साथ दिनुभएको थियो कमला नहर्की, सञ्जु अर्याल र मीना मरहट्टाले । उहाँहरूको टोलीमा पछि जेलमा ल्याइएका एञ्जिला विक पनि सामेल हुनुभयो । सुरूङ बनाउन फलामको सानो रडले जमिन खन्ने र दाउराको खन्तीले माटो फाल्ने काम हुन्थ्यो । सुरूङ खनिरहेको थाहा नहोस् भनेर बन्दीहरू गीत गाएर प्रहरीको ध्यान अन्तैतिर मोडिरहन्थे । यसो गर्दा गर्दै तीन महिना बित्यो र प्रहरीको आँखा छल्दै बनाइरहेको सुरूङ तयार भयो । अन्तिम तयारीस्वरूप सुरूङमा बाँस ओछ्याउने काम भयो र सुरूङबाट भाग्ने दिन तोकियो, २०५७ चैत १७ गते ।

रातको १ बज्न लागेको थियो, जेल तोडेर भाग्न तयार भएका महिला बन्दीहरू एकै ठाउँ भेला भए । सुरूङमा एकपटकमा एक जना मात्रै छिर्न सकिन्थ्यो । त्यसैले लहरै एकएक जना जानेगरी छ जना लाइन बसे-पहिलो उमा, दोस्रो कमला, तेस्रो एञ्जिला, चौथो सञ्जु, पाँचौं रीता र छैठौंमा मीना । सफलता हासिल हुने दृढ

विश्वासका साथ उहाँहरू सुरूङबाट घस्रँदै अघि बढ्नु भयो । सुरूङबाट बाहिर निस्केर दुईवटा सेन्ट्री पार गरिसकेपछि जेलको पर्खालबाट बाहिर हाम्फादा आवाज आयो र पहरेदारहरूले चाल पाएर फायरिङ गरे, तर उहाँहरूले फायरिङतिर ध्यानै नदिई आफ्नो योजना अनुसारको लक्ष्यतर्फ दौड्नु भयो ।

सुरूङबाट निस्केर अर्को २५/३० मिनेट दौडिसकेपछि उहाँहरूलाई लाग्यो पिंजडा तोडिइसकेको छ । त्यसपछि पनि फेरि कतै नरोकी उहाँहरू लगातार चार पाँच घण्टासम्म एउटै गतिमा दौडेको दौडै गर्नुभयो र उहाँहरू प्रहरीको हातबाट पूर्ण रूपले मुक्त हुनुभयो । जेलबाट भागेको भोलिपल्टै उहाँहरू पार्टीको सम्पर्कमा आउनुभयो । दश वर्ष लामो माओवादी 'जनयुद्ध'मा उहाँहरूले गर्नुभएको यो साहसिक कारनामालाई एउटा छुट्टै अध्यायको रूपमा स्मरण गर्न सकिन्छ । जेल तोडेको यो रोमाञ्चकारी घटनाको विवरण उमा भुजेलले बन्द पर्खालदेखि खुला आकाससम्म, गोरखा जेलब्रेक नामक आफ्नो पुस्तकमा बिस्तारपूर्वक बयान गर्नुभएको छ । एउटा फौजी कारबाहीमा संलग्न हुन २०५६ सालको कार्तिक १२ गते विवेक, सुनिल र सिर्जनाका साथमा उहाँ गोरखाको तान्द्राङ जानुभएको थियो । त्यसको भोलिपल्टै उहाँ पक्राउमा पर्नुभयो र गोरखा जेल चलान गरियो । यही जेल जीवनलाई उहाँले जेल तोड्ने अवसरका रूपमा प्रयोग गर्नुभयो ।

उमा तत्कालीन नेकपा (माओवादी)को एरिया कमिटी सदस्य, जिल्ला कमिटी सदस्य हुँदै २०५९ सालमा क्षेत्रीय ब्यूरो सदस्य बन्नुभयो । त्यसको ६ महिनापछि उहाँ अर्घाखाँची जिल्ला सेक्रेटरी र जिल्ला इन्चार्ज पनि हुनुभयो । २०६१ सालसम्म आईपुग्दा उहाँ पार्टीको केन्द्रीय कमिटी सदस्य र कपिलवस्तु तथा अर्घाखाँची जिल्लाको इन्चार्ज हुनुभयो । २०६२ सालको चुनवाङ बैठकपछि उहाँ क्षेत्रीय ब्युरो सदस्य बन्नुभयो ।

'जनयुद्ध'मा उमाले खेल्नुभएको भूमिका अहिले लेख्दा सिनेमाको कहानीजस्तै रोमााञ्चक लाग्छ । गोरखाको देउरालीमा तत्कालीन शाही सेनामाथिको पहिलो एम्बुस थाप्ने काम उमा प्लाटुन कमाण्डर छँदा भएको थियो । सङ्कटकालपछिको त्यो पहिलो फौजी कारबाही थियो जसमा नेपाली सेनातर्फ दुई जनाको मृत्यु र तीन जना घाइते भएका थिए । त्यसैगरि तनहुँको कालिकाटारमा स्थानीय चौकी कब्जा गर्ने क्रममा उहाँ विद्यार्थीको भेषमा चौकी पुगी एकजना पुलिससँग पाँच घण्टा छलफल गरी त्यहाँ कति पुलिस छन्, हतियार कहाँ राख्छन्, कुन बेला खान्छन्, कुन बेला घुम्छन् भन्नेजस्ता सूचना सङ्कलन गर्नुभयो र त्यही बेलुकी खानाखाने बेलामा चौकिमाथि आक्रमण गरियो ।

गोरखाको हंसपुर गाविस-४ को काफल डाँडामा २०३४ साउन ७ गते जन्मनुभएकी उमा परिवारका सात छोराछोरीमध्ये कान्छी हुनुहुन्छ । वामपन्थी पृष्ठभूमि भएको परिवारमा हुर्कनुभएकी उमाले पाँच छ कक्षा पढ्दादेखि नै जनवादी गीत सङ्गीतको माध्यमबाट राजनीतिमा प्रवेश गर्नुभएको थियो । उहाँ २०४८ सालमा विद्यार्थी राजनीतिमा सक्रिय हुनुभयो । २०५१ सालमा गोरखा क्याम्पसमा भर्ना भएपछि अनेरास्ववियु सदस्यमा निर्वाचित हुनुभयो । उहाँले २०५१ सालमै पार्टी सदस्यता पनि प्राप्त गर्नुभयो ।

माओवादी 'जनयुद्ध'को सुरूदेखि नै उमा महिला जनसेनाका रूपमा युद्ध मोर्चाहरूमा सक्रिय हुनुहुन्थ्यो । २०५२ साल फागुन १ गते गोरखाको च्याङ्लीको साना किसान बैंक कब्जा गर्ने काममा पनि उहाँ सहभागी हुनुभएको थियो । सो कारबाहीमा उहाँको साहस देखेर पार्टीले उहाँलाई पूर्णकालीन सदस्य बनाएको थियो । पूर्णकालीन

सदस्य भएपछि उहाँ पनि भूमिगत हुनुभयो । महिलाले केही गर्न सक्दैनन् भन्ने पितृसत्तावादी सोच र पुरूष नै सर्वेसवा हो भन्ने नेपाली समाजमा वर्गीय मुक्ति सँगसँगै महिला मुक्ति पनि गरेरै छाड्नु पर्छ भन्ने जोश जाँगरका साथ उमाले माओवादी 'जनयुद्ध'मा भाग लिनु भएको थियो । त्यतिबेला महिलाले जनसेनामा सहभागी भएर युद्ध लड्नु निकै नै नौलो कुरा थियो र किनभने २०५८ सालसम्म पनि तत्काली शाही सेनामा महिला सेना थिएनन् ।

१० वर्षे 'जनयुद्ध'को ७ वर्ष उमा फौजी कारबाहीमा जुट्नुभयो । प्लाटुन कमाण्डर हुँदै तत्कालीन माओवादी पार्टी शुद्धीकरण योजना अन्तर्गत 'ढाडमा टेकेर टाउकामा हान्ने' फौजी रणनीतिपछि उहाँ चौथो डिभिजन परिवर्तन स्मृति ब्रिगेडको कमिसार हुनुभयो जुन जनसेनाभित्र महिलालाई प्राप्त अहिलेसम्मकै उच्च पद थियो । यसरी १० वर्षको अन्तरालमा दुई दर्जनभन्दा बढी फौजी कारबाहीमा सहभागी हुनु भएका उमा गौरवका साथ भन्नुहुन्छ, 'सबैभन्दा बढी युद्धमा काम गर्ने महिला सम्भवतः हाम्रो पार्टीमा म नै हुँला ।'

'जनयुद्ध'कै क्रममा उमाले २०५३ सालमा भीमसेन पोखरेलसँग विवाह गर्नुभएको थियो । तर विवाह गरेको दुईवर्ष पछि नै सुरक्षा फौजबाट उहाँका श्रीमान्को हत्या भएकाले २०५७ सालमा उहाँले वसन्तकुमार श्रेष्ठसँग दोस्रो विवाह गर्नुभयो । नेकपा (माओवादी) पार्टी शान्ति प्रक्रियामा आएपछि उमालाई पनि अन्तरिम व्यवस्थापिकामा संसद् बनाइएको थियो । हाल उहाँ योङ कम्युनिष्ट लिग (वाइसिएल)को केन्द्रीय उपाध्यक्ष, समानुपातिक प्रतिनिधिको रूपमा संविधानसभा सदस्य र पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ ।

एनेकपा (माओवादी) महिलाहरूको हकहितका लागि लड्ने पार्टी भए पनि त्यहाँका औसत पुरूषहरूको महिलालाई हेर्ने दृष्टिकोणप्रति उमा सन्तुष्ट हुनुहुन्न । उहाँ भन्नुहुन्छ, 'स्वाभाविक रूपमा हाम्रो पार्टीभित्र पनि पितृसत्तावादी सोच छ तर, अन्य पार्टीको तुलनामा यो पार्टी महिलाको हक अधिकारका सवालमा अग्रगामी छ र म यो कुरामा गर्व गर्छु । उहाँ थप्नुहुन्छ । 'जनयुद्ध'का क्रममा जनसेनामा झण्डै ४० प्रतिशत महिलाको उपस्थिति भएबाटै पनि महिला कमजोर छैनन्, बरू उनीहरूलाई कमजोर बनाइएको हो भन्ने प्रमाणित भएको छ ।'

समाजका हरेक महिलाले पुरूषको पितृसत्तावादी सोच र प्रवृतिको विरूद्ध पनि युद्ध गर्नुपर्छ । जो महिलाहरूले निरन्तर रुपले पुरूषका यस्ता सोच र प्रवृत्ति विरूद्ध सङ्घर्ष गरिरहेका छन् त्यो समतामूलक समाज निमार्णका लागि अन्त्यन्त महत्वपूर्ण छ भन्ने उमाको भनाइ छ । त्यसैले उमा पितृसत्तावादी सोचका विरूद्ध लड्ने कुरा आफैँमा महत्वपूर्ण सङ्घर्ष हो भन्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | उर्मिलादेवी साह |
| ठेगाना स्थायी | : | रम्दैया भवाती-४, धनुषा, जनकपुर |
| अस्थायी | : | जडिबुटी, नरेफाँट-३५, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१–६६३६६२८ (घर), ९७४११८२३२४ (मो) |
| जन्म मिति | : | २०२५/११/१० |
| जन्म स्थान | : | सपही गाविस-२, बनिगमा टोल, धनुषा |
| आमाको नाम | : | बिल्टीदेवी साह |
| बुबाको नाम | : | अनुप साह |
| श्रीमान्‌को नाम | : | खेदरू साह |
| शिक्षा | : | माध्यमिक तह |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# समानताको लागि समाज परिवर्तन गर्ने

मधेसी समाजमा संस्कृतिका नाममा महिलाले भोग्नुपर्ने पीडा र अपमान हटाउने र महिलाको उत्थान गर्ने उद्देश्य बोकेर उर्मिलादेवी साह राजनीतिमा अग्रसर हुनुभएको थियो । समाजसेवाबाट राजनीतिमा प्रवेश गर्नुभएकी उर्मिलादेवी समाज परिवर्तन गर्न र आफ्ना तथा अरूका अधिकार सुनिश्चित गर्न समाजसेवा र राजनीतिमा लाग्नुपर्ने धारणा व्यक्त गर्नुहुन्छ । तर, राजनीतिले सकारात्मक भूमिका खेल्न नसकेका कारण समाजमा व्याप्त कुरीति र विसङ्‌गति हट्न नसकेको पनि उर्मिलादेवीको भनाइ छ ।

आमाबुबाका छैठौं सन्तान उर्मिलादेवीले माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्नुभएको छ । विगतका दिन सम्झँदै उर्मिलादेवी भन्नुहुन्छ, 'सुरूमा म राजनीतिमा लाग्दा यसले के गर्न सक्छे र, यसले के बुझ्छे र भन्नेहरू धेरै थिए । तर, मैले गाउँका महिलाहरूलाई बिस्तारै सङ्गठित पार्दै लगेँ । साथै पार्टीमा पनि सङ्गठित हुँदै जाँदा मलाई काम गर्न सजिलो भयो र मैले महिला सङ्गठन पनि खोलेँ ।' महिला सङ्गठनमार्फत् उर्मिलादेवीले महिलाका लागि बचत तथा राजनीतिक चेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुभयो । पहिलेको तुलनामा अहिले गाउँका स्थानीय महिलाहरू आर्थिक र राजनैतिक चेतनाका हिसाबले निकै नै अघि बढेको उर्मिलादेवी बताउनुहुन्छ ।

उर्मिलादेवीको विवाह १५ वर्षको उमेरमै खेदरू साहसँग भएको थियो । श्रीमान्‌ले नै उहाँलाई राजनीतिमा लाग्न सहयोग गर्नुभएको थियो । साथै परिवारले पनि राजनीतिमा लाग्न उहाँलाई सहयोग गरेका थिए । तर, उहाँको परिवारमा उहाँ बाहेक अरू सदस्यहरू राजनीतिमा सक्रिय छैनन् । अहिले उहाँका छोरीहरू रिता साह र रेखा साहको विवाह भइसकेको छ र उहाँको श्रीमान् दुबईमा कार्यरत हुनुहुन्छ ।

सामाजिक र राजनीतिक काम गर्दा पार्टीको पनि साथ भएकाले र पार्टीमा पनि आफूलाई समान व्यवहार गरिएकाले उर्मिलादेवीले राजनीतिक जीवनमा त्यति धेरै उतारचढाव र सङ्घर्ष गर्नु परेन । यद्यपि, सामान्य सङ्घर्षहरू

त छँदैथिए । राजनीतिमा लाग्दा लाग्दै उहाँलाई अहिले राजनैतिक जीवन सहज लाग्न थालेको छ । तर सुरूका दिनहरूमा राजनीतिमा लाग्दा उहाँलाई होच्याउनेहरू धेरै थिए । त्यसमाथि वडाध्यक्ष पदमा लड्दा उर्मिलादेवीलाई खिसि गर्नेहरूको पनि कमी थिएन । गाउँलेहरू उहाँलाई सुनाउँथे, 'यसले पनि चुनाव जित्छे र ?'

उर्मिलादेवीले वडा अध्यक्ष पदका लागि चुनाव लड्ने निर्णय गरेर महिलाले पनि चुनाव जित्न सक्छन् र महिलाले पनि केही गर्न सक्छन् भन्ने कुरा देखाउन चाहनु भएको थियो । गाउँका महिलालाई सङ्गठित गरेर समाजसेवामा लाग्नुभएकोले चुनावमा पक्कै पनि जितिन्छ भन्ने उहाँलाई विश्वास थियो । नभन्दै उहाँको जित पनि भयो । स्पष्ट उद्देश्य बोकेर अगाडि बढेपछि एकदिन अवश्य सफलता मिल्छ, चाँडै नमिले ढिलै भए पनि फल पाइन्छ भन्ने उहाँले अनुभव गर्नुभएको छ ।

राजनीतिलाई आफ्नो स्वार्थपूर्ति वा पद प्राप्तिका लागि नभइ समाजसेवाको रूपमा लिनुभएकोले उर्मिलादेवीले संविधानसभाको सदस्य बन्छु भन्ने आशा पनि राख्नुभएको थिएन । तर, पार्टीले संविधानसभा सदस्यको रूपमा चुन्दा उहाँलाई निकै नै अनौठो महसुस भएको थियो । आर्थिक र शैक्षिक हैसियत बलियो नभए पनि संविधानसभा सदस्य भएर तीन करोड जनताको हकहितमा बोल्न पाउँदा आफूलाई निकै नै गर्व महसुस भएको उर्मिलादेवी बताउनुहुन्छ । देशको संविधान लेख्ने यो ऐतिहासिक क्षणमा आफू पनि संलग्न हुन पाउँदा र मधेसी महिलाको मुद्दाहरू संविधानसभामा उठाउन पाउँदा उहाँ खुशी व्यक्त गर्नुहुन्छ ।

उर्मिलादेवी नेकपा (एमाले)का तर्फबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत संविधानसभा सदस्य चुनिनु भएको हो । संविधानसभाका सुरूका दिनहरूमा उहाँ संविधानसभामा उपस्थित भई अरूले बोलेका कुराहरू सुनेर मात्र फर्कने गर्नुहुन्थ्यो तर पछि गएर संविधानसभामा आफूले पनि केही कुराहरू बोल्न र राख्न सकेको उहाँ बताउनुहुन्छ । साथै महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिमलगायतका समुदायले उठाइरहेका सामाजिक, आर्थिक र राजनैतिक मुद्दाहरूलाई संविधानको अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन समेत आफूले भूमिका निभाउन पाएकोमा उहाँ गर्व गर्नुहुन्छ ।

उर्मिलादेवी संविधानसभातर्फ मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र व्यवस्थापिका संसद्तर्फ विधायन समिति सदस्य हुनुहुन्छ । नागरिकताको विषयमा उहाँले फरक मत राख्नुभएको छ । मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले मस्यौदा प्रतिवेदनमा नेपाली पुरूषसँग बिहे गर्ने विदेशी चेली होस् वा नेपाली चेलीसँग बिहे गर्ने विदेशी पुरूष दुबैले बिहे गरेको १५ वर्षपछि मात्र अङ्गीकृत नागरिकता पाउने व्यवस्था प्रस्ताव गरेको छ । तर यो व्यवस्था कायम गरिएका मधेसी महिलालाई धेरै समस्या पर्ने उर्मिलादेवीको धारणा छ । नेपाल भारतको परम्परागत सम्बन्धका कारण नेपालको मधेसमा भारतीय गाउँका धेरै चेलीको बिहे हुने गरेको छ । विद्यमान नागरिकता सम्बन्धी कानुनले नेपाली पुरूषसँग बिहे गर्ने विदेशी महिलालाई तत्कालै वंशजको नागरिकता दिने प्रावधान छ । त्यसैले उहाँले समितिमा फरक मत राख्नुभएको छ ।

महिलालाई राज्यको हरेक अंगमा ५० प्रतिशत आरक्षण हुनुपर्ने, सबैलाई बराबर र अनिवार्य शिक्षा दिइनुपर्ने कुरामा पनि उहाँले जोड दिनुभएको छ । मुस्लिम समुदायमा रहेको तलाक दिने परम्पराले धेरै मुस्लिम महिलाहरू पीडित भएकाले सो परम्परा नेपालको वर्तमान कानुनअनुसार हुनुपर्ने या त्यस्तो परम्पराको अन्त्य गर्नुपर्ने

आवाज उर्मिलादेवीले उठाउनुभएको छ । धर्मका नाममा पनि महिला हिंसा बढिरहेकाले धर्म र परम्पराका नाममा महिलालाई शोषण गर्न नहुने उहाँको भनाइ छ ।

महिलालाई समाज र परिवारले मात्र विश्वास नगर्ने र भेदभाव गर्ने होइन कतिपय अवस्थामा महिलाहरूले नै पनि महिलालाई नगन्ने र हेप्ने प्रवृत्ति रहेको उर्मिलादेवी बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हामी मधेसी महिलाको भाषा, भेषभूषा र आर्थिक कारणले गर्दा पनि होला हामीलाई अन्य समुदायका महिलाले पनि केही भिन्न दृष्टिले हेर्छन् । यहाँ धनको र पढाइको घमण्ड गर्ने महिलाहरू पनि धेरै छन् ।'

संविधानसभामा सदस्य भएपछि उर्मिलादेवीले अहिलेसम्म अन्तर्राष्ट्रिय सभा, सम्मेलन, तालिम र गोष्ठीहरूमा भाग लिन विदेश जाने मौका पाउनु भएको छैन । तर, अरू कतिपय महिला सदस्यहरूले त्यस्ता कार्यक्रमहरूमा भाग लिने मौका पाएको देख्दा चाहिँ आफू मधेसी महिला भएकै कारणले पनि यसो भएको हुनसक्ने उहाँ अनुमान लगाउनुहुन्छ । तर, विभिन्न सङ्घसंस्थाले नेपालमै आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा भने उहाँले भाग लिने मौका पाउनुभएको छ र ती कार्यक्रमहरू उहाँलाई उपलब्धिमूलक लागेका छन् ।



**व्यक्तिगत विवरण**

नाम : उर्मिला महतो कोइरी
ठेगाना स्थायी : लक्ष्मीपुर गाविस-५, सुखचैना, सर्लाही, जनकपुर
अस्थायी : कोटेश्वर, काठमाण्डौं-३५
सम्पर्क ठेगाना : ९७४११७५०९७, ९७५१००४८१३ (मो)
जन्म मिति : २०२०/०७/३०
जन्म स्थान : मटियारकला, सीतामढी, बिहार, भारत
आमाको नाम : स्व. सीतलीदेवी महतो
बुबाको नाम : स्व. टुनो महतो
श्रीमान्को नाम : ध्रुवनारायण महतो
शिक्षा : निम्न माध्यमिक तह
राजनीतिक दल : तराई मधेस लोकतान्त्रिक पार्टी नेपाल
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# नेपाली चेलीको बेचबिखन रोकिनु पर्‍यो

भारतको विहार राज्यको सीतामढी जिल्लाको मटियारकला ग्राममा जन्मनु भएकी उर्मिला महतो कोइरीको १३ वर्षको उमेरमा नै सर्लाही सुखचैनाका ध्रुवनारायण महतोसँग विवाह भएको थियो । त्यसबखत उर्मिलाले कक्षा ८ को पढाइ भर्खरै सिध्याउनुभएको थियो र ध्रुवनारायण चाहिँ कक्षा ९ मा पढ्दै हुनुहुन्थ्यो । विवाहपछि उर्मिलाको पढाइ रोकियो । तर, ध्रुवनारायणले पढ्न छाड्नु भएन । अहिले ध्रुवनारायण खानेपानी विभागका इन्जिनियर हुनुहुन्छ । श्रीमान्को सहयोगले उर्मिलाले चाहिँ पछि राजनीतिको बाटो रोज्नुभयो ।

उर्मिलाको आमाको उहाँको बिहेभन्दा एक वर्ष अघि र बुबाको १६ वर्षपछि निधन भएको थियो । सानै उमेरमा बिहे भएकाले बिहेपछि श्रीमान्को घरमा उहाँलाई राम्ररी खाना पकाउन र घरको अरू काम गर्न आउँदैनथ्यो । सासुको हप्की र गालीले उहाँलाई श्रीमान्को घर जेल जस्तो लाग्थ्यो । घरमा दुई सासु र उहाँहरूका ६ छोरा, ३ छोरी र ससुरासमेत गरी ठूलो परिवार थियो । उर्मिला जेठी बुहारी भएकाले उहाँले घरका सबै काम हेर्नुपर्थ्यो । खाना पकाउनु, लुगा धुनु, गाईवस्तु हेर्नु, खेतीपाती सम्हाल्नु, इत्यादि काममा उहाँलाई भ्याइनभ्याई हुन्थ्यो । तैपनि सासुहरूबाट उर्मिलाले कहिल्यै राम्रो गरिस् भनेर जस पाउनुभएन । तर, श्रीमान्ले भने उहाँलाई सँधै माया र साथ दिइरहनु भयो । श्रीमान्को माया र सहयोगले नै उहाँ आत्मबल बलियो पारेर बस्नु भएको थियो ।

उर्मिलाकुमारीको जाति 'कोइरी' तराईको पिछडा वर्गमा पर्छ । कोइरी तरकारी उब्जाउने, खेतीपाती गरी जीवनयापन गर्ने जाती हो । हरेक मानिसको जातअनुसारको पेशा हुन्छ र त्यो पेशालाई सम्मान गर्नुपर्छ भन्ने उर्मिलाको विचार छ । कुनै न कुनै पेशा नगरी मानिसको जीवन यापन संभव छैन । जुन मानिसमा जस्तो गुण हुन्छ, उसले उस्तै पेशा गरेर जीवन यापन गर्दछ । नेपाली समाजमा प्रायः पेशा अनुसारको जातहरू प्रचलनमा छन् । तर समाजमा जात र पेशाको आधारमा हुने भेदभावले उहाँलाई दुःखी तुल्याउँछ । उहाँ भन्नुहुन्छ, 'म

नेपालीहरूमा कामको सम्मान गर्ने सामाजिक संस्कार चाहन्छु र मलाई कसैलाई पनि जात र पेशाका आधारमा भेदभाव गरेको पटक्कै मन पर्दैन ।'

उर्मिलाका श्रीमान् विद्यार्थीकालदेखि नै काङ्ग्रेस राजनीतिमा लाग्नुभएको थियो । उहाँकै सहयोगले उर्मिलालाई पनि राजनीतिमा अगाडि बढ्न सजिलो भएको थियो, तर राजनीतिमा लाग्दा उर्मिलालाई समाजले चाहिँ राम्रो दृष्टिले हेरेनन् । उर्मिला भन्नुहुन्छ, 'म पार्टीको र समाजसेवाको काममा अथवा आन्दोलनमा हिँड्दा समाजले मलाई घर बाहिर जान्छे, केटाहरूसँग पनि बोल्छे भनेर कुरा काटे । तर मैले त्यस्तो कुरालाई ध्यानै नदिएर जनताको काममा लागिरहेँ । त्यसैले पनि म आज संविधानसभा सदस्य हुन सकेकी छु ।'

२०४६ सालमा उर्मिलाले नेपाली काङ्ग्रेसको साधारण सदस्यता ग्रहण गर्नुभयो । त्यसपछि क्रमशः उहाँ काङ्ग्रेसको सर्लाही जिल्ला कार्यसमिति सदस्य, कार्यसम्पादन समिति सदस्य, र राष्ट्रिय महिला सञ्जालको जिल्ला उपाध्यक्ष हुनुभएको थियो । उहाँ भन्नुहुन्छ, 'हामीले लोकतन्त्र र आजादीको आशा लिएर सङ्घर्ष सुरु गरेको हो । मधेस आन्दोलन सुरू भएपछि काङ्ग्रेस पार्टीका केही मधेसी नेताहरूले तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) को स्थापना गरेर काङ्ग्रेस पार्टी त्याग गरे ।' २०६२ सालदेखि २०६७ सालसम्म उर्मिला तमलोपाको महिला सङ्गठनको जिल्ला संयोजक हुनुहुन्थ्यो । अहिले उहाँ तमलोपा टुक्रेर नव गठित पार्टी तमलोपा नेपालको केन्द्रीय सदस्य हुनुहुन्छ ।

मधेस आन्दोलनमा लाग्दा उर्मिलाले कहिल्यै संविधानसभाको सदस्य बन्छु भनेर सोच्नुभएको थिएन । तर, तमलोपाले समानुपातिक तर्फबाट उहाँलाई संविधानसभा सदस्य बन्ने मौका प्रदान गऱ्यो । यसरी यो ऐतिहासिक संविधानसभाको सदस्य हुन पाउँदा आफूलाई अत्यन्त खुशी लागेको कुरा उर्मिला बताउनुहुन्छ । संविधानसभा सदस्य भएर सुरुसुरुमा बैठकमा जाँदा उर्मिलालाई भाषाको समस्या परेको थियो । नेपाली भाषा राम्ररी बोल्न नआउने कारणले उहाँलाई संसद् तथा संविधानसभाको प्रक्रिया, बैठकका नियम आदि बुझ्न अलि कठिन परेको थियो र यी सबै बुझ्न उहाँलाई लगभग ६ महिना लाग्यो । तर, अहिलेसम्ममा उहाँले व्यवस्थापिका संसद् र संविधानसभाकाबारेमा धेरै जानकारी हासिल गरिसक्नु भएको छ । अनुभव र आत्मविश्वास पनि बढेको छ ।

उर्मिला संविधानसभामा व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद्तर्फ महिला, बालबालिका तथा समाजकल्याण समितिको सदस्य हुनुहुन्थ्यो । पछि व्यवस्थापिका अङ्गको स्वरूप निर्धारण समितिले आफूले तैयार पारेको प्रतिवेदन बुझाएपछि उहाँ संविधानसभामा नागरिक सम्बन्ध समितिको सदस्य बन्नुभयो । उहाँले महिलाको बेचबिखन रोक्नुपर्ने, महिलालाई विदेशमा पठाउँदा परराष्ट्र मन्त्रालयबाट तालिम दिएर मात्र पठाउनुपर्ने, गाउँगाउँमा स्वास्थ्य सेवा पुऱ्याउनुपर्ने, बालबालिका र वृद्ध वृद्धाहरूका लागि विशेष व्यवस्था हुनुपर्ने कुरा समितिमा उठाउनुभएको छ । गाउँघरका महिलालाई परिवारले नबुझीकन भारत पठाउँदा धेरैले आत्महत्या गरेको, अलपत्र परेको, बेचिएको कुरामाथि विशेष ध्यान दिन समितिमा उहाँले विशेष आग्रह गर्नुभएको छ । साथै नेपाल र भारतको खुल्ला सीमा बन्द गर्नुपर्ने र यसो गर्दा धेरै महिलाहरूलाई भारतका वेश्यालयमा पुग्नबाट बचाउन सकिने उर्मिलाको भनाइ छ । उहाँले विशेष गरेर आरक्षणको विषयमा जोडदार ढङ्गले आवाज

उठाउनु भयो । उहाँ भन्नुहुन्छ, 'आरक्षण नै दिनु छ भने जातीय आधारमा जनजाति, दलित, मधेसी भनेर दिनुको साटो त्यस्तो मानिसलाई दिनुस् जो वास्तवमा गरिब छ ।' साना नानीहरू भएका महिला संविधानसभा सदस्यका नानीहरू राख्नका लागि हेरचाह गर्ने सहयोगी सहितको छुट्टै कोठाको बन्दोबस्त हुनुपर्ने आवाज उठाइएको भए पनि त्यस्तो सुविधा अझै पनि संविधानसभामा उपलब्ध नभएकोमा उहाँ गुनासो गर्नुहुन्छ ।

महिलाले राजनीति गर्दा घरको काम, बालबच्चा, परिवार, समाज र पार्टी, सबैतिर हेर्नुपर्ने तर पुरूषले राजनीतिमा मात्र ध्यान दिए पुग्ने भएकाले दुबैको बराबरी प्रगति र हैसियत हुन नसक्ने उर्मिला बताउनुहुन्छ । आफ्नो शैक्षिक योग्यता कम भएपनि हिम्मत, चाहना, इमान्दारिता र आत्मबलले गर्दा राजनीतिमा अगाडि बढ्न सकेको उहाँको भनाइ छ । उहाँका छोराछोरी र परिवार काठमाण्डौंमा नै बस्ने भएकाले उहाँलाई यहाँ बसेर काम गर्न त्यति समस्या छैन । जनताको काम गर्न उहाँ बेलाबेलामा जिल्लामा पुग्नुहुन्छ ।

उर्मिलालाई महिला भएकै कारणले संविधानसभाभित्र र बाहिर खासै विभेद छ भन्ने लाग्दैन । तर महिलाका मुद्दालाई लिएर सबै पुरूष सभासद्हरू एकै किसिमका नभएको उहाँको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा आफ्नो कुरा राख्न, बोल्न महिला र पुरूष सभासद्बीच कुनै विभेद छैन । सबैले स्वतन्त्ररूपमा बोल्न पाउँछन् ।'

उर्मिला राजनीतिमा अझ अगाडि बढेर जनताको सेवा गरिरहन चाहनुहुन्छ । आफूजस्तै समाजका अरू महिला दिदीबहिनीहरूलाई घर बाहिर निस्केर आफूले चाहेको क्षेत्रमा अघि बढ्न नदिने समाजको तगारो हिम्मतले पन्छाएर अगाडि बढ्न उहाँ सुझाव दिनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हामी सबै महिला एकजुट भएर अगाडि बढ्यौं भने समाजमा छुवाछुत, भेदभाव, शोषण, घृणा र दमन हटेर जान्छ र अहिले हाम्रो समाजमा यस्तो परिवर्तन देखिँदै पनि आएको छ ।'



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | उषा गुरूङ |
| ठेगाना स्थायी | : | मेची नगरपालिका-१०, झापा |
| अस्थायी | : | बानेश्वर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१-४११५७७५ (घर) |
| इमेल | : | ushagrg_2010@yahoo.com |
| जन्म मिति | : | २०२७/१०/०६ |
| जन्म स्थान | : | धनकुटा |
| आमाको नाम | : | नन्दकुमारी गुरूङ |
| बुबाको नाम | : | स्व. गणेशबहादुर गुरूङ |
| शिक्षा | : | प्रमाणपत्र तह |
| राजनीतिक दल | : | नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# राजनीतिमा युवाको खाँचो छ

बुबा सैनिक भएकाले होला उषा गुरूङ सानो छँदा घरको अनुशासन बढी नै कडा थियो । पिँजडा जस्तो लाग्ने आफ्नो घरको वातावरण र होस्टेलको बसाइले उषाको आत्तिएको मनमा स्वतन्त्रता प्रतिको आकर्षण बढ्दो थियो । त्यही चाहनाले नै सायद उहाँलाई समाजसेवा र राजनीतितर्फ पनि डोऱ्यायो ।

त्यसो त बिहेपछि मात्र उहाँ राजनीतिमा लाग्नु भएको हो । आफ्नो एक मात्र सन्तानको रूपमा रहेको छोरा बोल्न नसक्ने हुंदा उहाँलाई निकै पीडा हुन्थ्यो । तर जब सामाजिक सेवामा आउनुभयो, उहाँले संसार सोचे भन्दा भिन्न पाउनुभयो । छोराछोरी नभएका र हिँड्न, देख्न नसक्ने सन्तानका आमाहरूलाई देख्दा उहाँलाई लाग्थ्यो, म बाहेक अरू पनि धेरै समस्या भोग्ने आमाहरू रहेछन् यो संसारमा । यस्तो भावनाले पनि उहाँको समाजसेवा गर्ने चाहनालाई बढावा दियो ।

समाजसेवाको सुरूआत भयो युवा स्वयंसेवी संस्थाबाट । खुला सीमानाका कारण स्थानीय युवाहरू भारतीय सीमावर्ती बजारमा छ्याप्छ्याप्ती पाइने लागुऔषधीको कुलतमा नराम्ररी फस्न थालेपछि उहाँ लगायत करिब एक दर्जन जागरूक युवाहरू मिलेर २०४९ तिर झापामा नाइट चेस क्लब खोल्नुभयो र उहाँ त्यसको कोषाध्यक्ष हुनुभयो । उहाँहरूले सुरूमा लागु औषध किन्न सीमाना पारी जाने युवाहरूलाई एकछिन चेस खेलौ न भनेर संस्थामा बोलाउने र बिस्तारै परामर्श दिने गर्न थाल्नुभयो ।

संस्थामा त्यसरी आउनेहरूलाई भेला गरेर उहाँहरूले नगर स्तरीय ओपन चेस टुर्नामेन्टको पनि आयोजना गर्नुभयो । एचआईभी/एड्स, लागु औषध प्रयोग गर्नेहरूलाई सेवा प्रदान गर्न रिकभरी सेन्टर र सिरीन्जको व्यवस्था पनि उहाँ संलग्न क्लबले गर्न थाल्यो । चेसको माध्यमबाट मानसिक रूपमा लागु औषधबाट टाढा राखेर युवाहरूलाई जोगाउन सकेको उहाँको अनुभवले बताउँछ । यसरी बिस्तारै क्लबको लोकप्रियता बढ्दै गएपछि राजनीतिक

पार्टीहरूले उहाँ लगायत क्लबका अन्य सदस्यहरूलाई बोलाउन थाल्यो । केही गर्न कोसिस गरे सकिने रहेछ भनेर उहाँको आत्माविश्वास बढ्यो र राजनीतिको खुड्किलो उक्लन पनि उहाँलाई सजिलो भयो ।

उषालाई राजनीतिक दलले आयोजना गर्ने आमसभाहरूमा जान खुब मन लाग्थ्यो । आमसभा वा कुनै राजनीतिक भाषण छ भनेपछि उहाँ सबेरै उठेर घरको काम सकेर बच्चा च्यापेरै त्यहाँ पुग्नुहुन्थ्यो । यसरी नै राजनीतिप्रतिको उहाँको नशा नजानिँदो किसिमले बढिसकेको थियो । २०४८ तिरको कुरा हो, डेढ वर्षको बच्चा च्यापेर एउटा आमसभामा गएको बेला एमाले र काङ्ग्रेसबीच भिडन्त भयो । बेलुका घर आउँदा सासुले बच्चा खोस्नुभयो र 'नेतिनी बन्ने, तँ जतासुकै जा, मेरो बच्चा दिन्न' भनेर राख्नुभयो ।

राजनीतिमा लाग्नु सजिलो थिएन । बाहिर हिड्दा र कसैसित बोल्दा पनि उसैसँग लाग्यो कि भनेर शङ्का हुने । 'उमेरको हुन पनि नहुने, राम्रो हुन पनि नहुने', उहाँको अनुभव छ । पार्टीकै कतिपय मान्छेहरूले समेत उहाँको पछाडि कुरा काट्ने र घरमा नभएको कुरा लाइदिने गर्थे । यसरी राजनीतिमा लाग्दा र जनताको लागि काम गर्दा उहाँको वैवाहिक सम्बन्ध भने टिक्न सकेन । २०४६ तिर मागी बिहे गर्नुभएकी उषाको श्रीमान् एउटै पार्टीमा आस्था राख्ने भए पनि उहाँहरूको विचार नमिलेपछि विवाहको केही वर्षपछि उहाँ श्रीमान्‌बाट अलग्गिनु भयो ।

२०५९/६० तिर काठमाण्डौंमा काङ्ग्रेसको महाधिवेशनमा भाग लिन आउँदा माओवादीसँग अनुमति लिएर आउनु परेको कुरालाई पनि उहाँ बिर्सनु सक्नुहुन्न । पार्टीको कार्यक्रम छ जानुपर्छ भन्दा माओवादीले पैसा माग्ने र पार्टी छोड भनेर अनेक धम्की दिने गर्थ्यो । तर, त्यसलाई बेवास्ता गर्दै उहाँ कार्यक्रममा सरिक हुनुहुन्थ्यो । महाधिवेशन सकेर फर्कदा उहाँमाथि आक्रमण भयो र उहाँले दुईटा दाँत गुमाउनु पर्‍यो । २०६१ चैत २६ गते गिरफ्तारीमा पर्ने जिल्लामा उहाँ एक्लो हुनुहुन्थ्यो र करीब तीन महिनासम्म झापा कारागरमा बस्नुभयो । आफूले पार्टी र लोकतन्त्रका लागि दिएको योगदान देखेरै पार्टीले उहाँलाई समानुपातिक तर्फबाट संविधानसभामा ल्याएको जस्तो लाग्छ । यद्यपि, उहाँले त्यसको अपेक्षा गर्नु भएको थिएन ।

संविधानसभामा आईसकेपछि समयमा संविधानमा नबन्दा उषालाई खिन्न पनि लाग्छ । तर, आफूले निभाउनु पर्ने भूमिका र दायित्व सक्रिय रूपले निभाएको दाबी पनि उहाँ गर्नुहुन्छ । संविधानसभामा आफूले 'जनयुद्ध' कि 'सशस्त्र युद्ध' भन्ने विषयलाई छलफलमा ल्याउन ठूलो भूमिका खेलेको उषा बताउनुहुन्छ । 'यो मुद्दा मैले समितिमा पहिलो पटक छलफलमा ल्याएको थिएँ', उहाँको भनाइ छ, 'करिब २०/२२ दिनसम्मको बहसपछि मतदानबाट सशस्त्र द्वन्द्व भन्ने पक्षमा समितिले निर्णय लियो ।'

राज्य र पार्टीको संरचनामा उषाले सबैको सहभागिताका लागि समानुपातिक प्रणालीका लागि आवाज उठाउनुभयो । त्यसरी नै छाउपडी, गुफा, देवीदेवताको रूप, बोक्सी, दाइजो जस्ता सांस्कृतिक कुरीतिको विषयलाई दण्डनीय बनाउनुपर्छ साथै मानसिक सन्तुलन गुमाएकाहरूको निम्ति राज्यको दायित्व पर्दछ भनेर पनि आवाज उठाउनुभयो र कतिपय मुद्दाहरू संविधानसभाका मस्यौदा पत्रहरूमा समेटिएका छन् । आदिवासी/जनजाति सभासद्‌हरूको ककस गठन हुँदा पनि पुरूषकै बाहुल्यता भएपछि उहाँले 'समानताको कुरा गर्छौ भने महिलालाई पनि समानुपातिक ढङ्गले सहभागी बनाउने काम आफ्नै समुदायबाट सुरु गर्नुपर्छ भनेर एक महिला एक पुरूषको प्रस्ताव' ल्याउनुभयो र त्यसलाई सबैले स्वीकारे पनि ।

आदिवासी/जनजातिहरूको सवालमा आइएलओ १६९ को विषयलाई कार्यान्वयन तहमा लैजान र मधेसी र मुस्लिम सबैको समान अधिकार हुनुपर्छ भनेर पनि उहाँले कुरा राख्नुभयो । विषयगत समितिका प्रतिवेदन र मस्यौदा प्रतिवेदनहरू महिलालगायत पछाडि पारिएका वर्ग, लिङ्ग र समुदायका आवाज सम्बोधन गर्न धेरै उपलब्धिपूर्ण रहे पनि सीमित नेताहरूको सत्ता प्राप्तिको लडाईले संविधान निर्माण अवरूद्ध भएको वर्तमान अवस्थामा त्यसले मूर्त रूप पाउनेमा उहाँ आशङ्का व्यक्त गर्नुहुन्छ ।

संविधानसभाभित्र र समितिहरूमा लैङ्गिक विभेदको अनुभव उषालाई पनि हुने गरेको छ । खासगरी संविधानसभा र समितिहरूमा महिला सदस्यको विचार सुरूमा राख्न नपाइने समस्या छ । संसद्मा पनि शुन्य समयमा १ मिनेट मात्रै हुँदा धेरै कुरा राख्न पाइदैन । विशेष समयमा धेरै नेतृत्व तहमा रहेकाले बोल्छन् र त्यसमा बढीजसो पुरूष नै हुन्छन् । राष्ट्रिय मुद्दामा प्रभाव पार्ने विषयमा आफूले बोल्ने प्रयास गर्दा एक दुई चोटी पाए पनि शीर्ष नेता मात्रै बोल्ने हुँदा धेरै अवसर नपाएको उहाँ बताउनुहुन्छ । 'शीर्ष नेता मात्रै नभै अरू पनि ज्ञाता र रूची भएकालाई बोल्न दिनुपर्ने' उहाँको सुझाव छ । तर, महिला भएकै कारणले पार्टी र अरूबाट प्रत्यक्ष रूपमा हेपिनु परेको अनुभव भने उषासँग छैन ।

संविधानसभामा आफूले राखेको विषयले मतदानबाट विजय प्राप्त गरेको र बेरूजु फछ्र्यौट समितिको अध्यक्षको रूपमा दुई वर्षदेखि क्रियाशील हुनपाएकोमा यसलाई उहाँ महत्वपूर्ण उपलब्धी मान्नुहुन्छ । उहाँ आफूले संविधान निर्माणमा मात्रै हैन, विकास निर्माण र जनताको आवश्यकतामा पनि धेरै काम गर्न सकेको लाग्छ । खासगरी खानेपानी, स्कुल, बाटो, पुल र रोजगारीमा बढी सरोकार राख्ने सही माग भए जो सुकैले ल्याए पनि सहयोगका लागि पहल गर्ने पनि उहाँ बताउनुहुन्छ ।

यो साढे दुई वर्षको अवधिमा संविधानसभाका विभिन्न समितिमा रहेर काम गरेको उहाँको अनुभवले भन्छ, 'मुलुकको आर्थिक प्रशासन पटके र तदर्थवादमा चलेको रहेछ ।' लेखासमितिमा आइसकेपछि आर्थिक संरचनाको विषयमा प्रशासन र नेतृत्वको ध्यान नगएको पनि उहाँले पाउनुभयो । यसलाई पूर्ण रूपमा परिवर्तन गरेर लानुपर्छ भनेर प्रत्येक दिन तीन चार घण्टा लेखा समितिको बैठकमा काम गर्न थालेको उहाँ सुनाउनुहुन्छ ।

उषा युवा पुस्तालाई आर्थिक रूपमा सक्षम भएर राजनीतिमा लाग्न आग्रह गर्नुहुन्छ । राजनीति गरेर पनि मेहनत गरे आफ्नै व्यवसाय गर्न सकिन्छ भन्ने उहाँको ठहर छ । आर्थिक रूपमा सवल नभै राजनीतिमा लाग्दा त्यही कारण पछि धकेलिनु पर्ने उहाँको अनुभवले बताउँछ । उहाँ आफू पनि पर्यटन व्यवसायी हुनुहुन्छ । बुबाले जागिरबाट अवकाश पाएपछि धनकुटाबाट मेचीनगर झरेको उहाँको परिवार त्यसपछि पर्यटन व्यवसायमा लागेको हो । 'जीवनको लक्ष्य भनेको नै समाजमा भएको विकृतिहरूलाई पूर्ण रूपले न्यूनिकरण गरि सभ्य समाजको निर्माण गरि लोकतान्त्रिक व्यवस्था कायम गर्नु हो', उहाँ भन्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : उषाकला राई |
| ठेगाना स्थायी | : खाल्ले-५, सेरा, खोटाङ्, सगरमाथा |
| अस्थायी | : भक्तपुर |
| सम्पर्क ठेगाना | : ०१-०१६६१३४५३ (घर), ९८४१३१५०२९ (मो.) |
| इमेल | : raiushakala@hotmail.com |
| जन्म मिति | : २०२६/०४/२९ |
| जन्म स्थान | : खाल्ले-५, खोटाङ्ग |
| आमाको नाम | : लक्ष्मी राई |
| बुबाको नाम | : रूद्रकुमार राई |
| श्रीमान्को नाम | : शेरबहादुर तामाङ् |
| शिक्षा | : एमएस्सी (वनस्पतिशास्त्र), एमए (सामाजिकशास्त्र) |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# समानताका लागि अन्तिम क्षणसम्म लडिरहनेछु

संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिअन्तर्गतको लैङ्गिक उपसमितिमा संयोजकको हैसियतले पहिलोपल्ट महिलालाई वंशको अधिकार प्रस्ताव गर्दा उषाकला राईलाई पितृसत्तावादी सामन्तवादी संस्कारका विरूद्ध एउटा ठूलो युद्ध जितेको अनुभव भएको थियो ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको सदस्यका रूपमा पार्टीले आफ्नो नाम प्रस्ताव गरेको र त्यही थलो महिलाका मुख्य मौलिक अधिकारका लागि लड्न सजिलो भएको उषाको ठम्याइ छ । नयाँ संविधानमा महिलाका अधिकार सुनिश्चित गर्न तथा महिला आन्दोलनलाई सार्थक बनाउन जिम्मेवारीबोधका साथ उहाँले समितिमा निकै सङ्घर्ष गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'समितिका बैठकमा महिला अधिकारका सवाल जोडिएका हरेक बुँदामा लामो बहस हुन्थ्यो । महिला अधिकारका मुद्दाहरू सबैलाई बुझाउन निकै गाह्रो पर्थ्यो, विशेषगरी वंशको अधिकारकाबारेमा धेरैले बुझेका थिएनन् । महिलाको वंशका अधिकार बुझाउन सन्तान उत्पादनमा आमा र बाबुको समान जैविकीय भूमिका र मानिसमा हुने २३ जोडी क्रोमोजोमको अस्तित्व र सहभागिताबारेमा वैज्ञानिक पुष्टि भएको कुरा बताउन पनि बाध्य भएँ र अन्त्यमा पुरूष सभासद्को समेत सहमतिसहित मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिबाट महिला अधिकारका प्रस्तावमध्ये 'महिलालाई वंशको अधिकार' नै पहिलो बुँदाका रूपमा पारित हुँदा मलाई धेरै खुशी अनुभव भयो ।'

उषाले आफ्नो पार्टी नेकपा (एमाले)लाई पनि महिलालाई वंशको अधिकार सुनिश्चित गर्नुपर्छ भनेर विभिन्न तर्क र वैज्ञानिक तथ्यहरू पेश गरेर सहमत बनाउनुभयो । अर्कातिर महिला अधिकार सुनिश्चित गर्नका लागि संविधानसभाभित्रै गठित महिला सभासद् समूह (ककस) मा उहाँ त्यतिखेर पार्टीका तर्फबाट सदस्य हुनुभयो र नयाँ संविधानमा महिलाका अधिकार मस्यौदा समितिको संयोजक भएर महिलाका अधिकारलाई सूत्रबद्ध गर्ने काममा लाग्नुभयो । ती सूत्रबद्ध महिलाका अधिकारलाई महिला ककसका तर्फबाट सबै विषयगत समितिमा सुझाव पठाइएको थियो ।

महिलाको सहभागिताको अधिकारको सवालमा महिलालाई राज्यका हरेक निकायमा ३३ प्रतिशत सहभागी गराइनुपर्ने कुराले प्राथमिकता पाइरहेका सन्दर्भमा उषाले 'समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका हरेक निकायमा महिला सहभागिताका अधिकार' हुनुपर्ने कुरा समितिमा पहिलोपटक आवाज उठाउनुभएको थियो । त्यस अधिकारका

विषयमा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको पूर्ण बैठकमा व्यापक बहस भयो तर पारित हुन सकेन र यसलाई आ-आफ्ना दलमा फिर्ता पठाइ छलफल गरियो । यस अवस्थामा उषाले आफ्नो पार्टीमा पनि महिलाको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी बन्न पाउने अधिकारका लागि निकै लड्नु परेको थियो । उहाँले यो मुद्दा पारित गराउन निकै नै अन्तरपार्टी लबिङ्ग गर्नुपरेको थियो । अन्ततः यो मुद्दा आआफ्नो पार्टीबाट पारित भई समितिमा पनि पूर्ण बैठकले सर्वसम्मतिका साथ पारित भयो ।

खोटाङ्ग जिल्लाको खाल्लेमा जन्मनु भएकी उषा आमा लक्ष्मी राई र बुबा रूद्रकुमार राईको एक्ली सन्तान हुनुहुन्छ । छोरा नपाएको हुनाले उषाकी आमाले सामाजिक तथा पारिवारिक हिंसासमेत निकै खेप्नु परेको थियो । उषाका दाजुभाइ नभएकाले बुबालाई दोस्रो विवाह गर्ने र वंश परम्परा थाम्न लगाउने आफन्तहरूको सल्लाह र ढिपी हुन्थ्यो, र आमाको मौनतारूपी पीडा देखेर उषा सानैदेखि विद्रोही बन्नु भएको थियो । त्यसकारण उषा सानैदेखि के छोराले मात्र वंश थाम्न सक्छ ? छोरी सन्तान हैन ? भन्ने प्रश्न गर्दै समाजको कुसंस्कृतिका विरूद्ध लड्न प्रतिबद्ध हुनुहुन्थ्यो । छोरी हुनु पटक्कै अभिषाप होइन भन्ने अनुभूति उहाँलाई सानै उमेरदेखि भएको थियो ।

उषाका हजुरबुबा प्रजातन्त्र सेनानी स्व. सर्वधन राई नेपाली काङ्ग्रेसका प्रतिबद्ध तथा ऐतिहासिक नेता हुनुहुन्थ्यो । प्रजातन्त्रका लागि लड्ने क्रममा उहाँका हजुरबुबाको सर्वस्वहरण गरिनुका साथै उहाँलाई निर्वासित हुन बाध्य पारिएको थियो । उषालाई हजुरबुबाको निकटताले कलिलै उमेरमा धेरै कुरा सिक्ने मौका दियो । यता उषाका बुबाचाँहि वामपन्थी राजनीतितर्फ आकर्षित हुनुहुन्थ्यो । पछि गएर उहाँ खोटाङ्ग जिल्लाकै अगुवा कम्युनिष्टका रूपमा भूमिगत भएर कृयाशील हुनुभएको थियो । उहाँका घरमा तत्कालीन कम्युनिष्ट तथा काङ्ग्रेसका भूमिगत नेताहरूको जमघट भइरहन्थ्यो । परिवार र समाजबाट छोरी हुनुको तिरस्कार र पीडाले राजनीतितर्फ आकर्षित भइरहेका बेला यस्ता जमघट र राजनीतिक प्रशिक्षणले उहाँलाई विद्रोही बन्न थप प्रोत्साहन मिल्यो । समाजका सबै विभेद र हिंसाको अन्त गर्न राजनीतिबाट मात्र सम्भव छ भन्ने कुरा उषालाई सानैबाट लागेको थियो ।

उषालाई धेरै पढ्नुपर्छ भन्ने सानै उमेरमा लाग्दथ्यो र उहाँका आमाबुबाले पनि उषाको इच्छाअनुसार पढ्ने व्यवस्था मिलाउनुभयो । उहाँले जिल्लास्थित विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि धरानको हात्तिसार क्याम्पसबाट विज्ञान विषय लिएर प्रमाणपत्र तह उत्तीर्ण गर्नुभयो । उहाँ पढाइका साथै विद्यार्थी राजनीतिमा पनि सक्रिय हुन थाल्नुभयो । अन्याय र दमन विरूद्धको आक्रोश तथा युवा जोशले उहाँ २०४६ सालको जनआन्दोलनमा होमिनुभयो र उहाँले धरानबाट महिलाको कमाण्ड सम्हालेर आन्दोलनलाई सफल बनाउने अभिभारा लिनुभयो । राजनीतिक आन्दोलनमा उहाँको सक्रियता देखेर नेकपा (एमाले)ले उहाँलाई २०४७ सालमा नै सङ्गठित सदस्यता दियो । धरानको पढाइ सिध्याएर उहाँ २०४८ सालमा अमृत साइन्स, काठमाण्डौंमा विज्ञान विषय लिई स्नातक अध्ययन गर्न राजधानी आउनुभयो र विद्यार्थी राजनीतिलाई अझै निरन्तरता दिनुभयो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट वनस्पतिशास्त्रमा स्नातकोत्तर पनि गर्नुभयो । उहाँ विश्वविद्यालयको स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा कोषाध्यक्षको उम्मेद्वार बन्नुभएको थियो तर चुनावमा तीन मतले पराजित हुनुभयो । उहाँले यस चुनावबाट राजनीतिमा ठूलो पाठ सिक्नुभयो । उहाँ भन्नुहुन्छ, 'मेरो पराजयले राजनीतिमा अन्तर्घात पनि हुँदोरहेछ भन्ने मलाई सिकायो ।'

विद्यावारिधिका लागि उषालाई नेदरल्याण्ड जाने अवसर मिल्यो । तर २०५४ सालमा उहाँको पार्टी विभाजित भयो र परिवर्तित राजनीतिक माहौलल गर्दा एक वर्षको नेदरल्याण्ड बसाइपछि उहाँ नेपाल फर्किनुभयो र फेरि पार्टीमै सक्रिय हुनुभयो । प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घको केन्द्रीय सदस्यका रूपमा उहाँले पार्टीको जिम्मेवारी पाउनुभयो । यसै समयमा उहाँले अमृत साइन्स क्याम्पस र त्रिचन्द्र क्याम्पसमा अध्यापन थाल्नुभयो ।

२०५८ साल फागुन २३ गते राजनीतिक कार्यकर्ता शेरबहादुर तामाङ्गसँग उहाँले विवाह गर्नुभयो । हाल दुई छोराकी आमा उषालाई अध्यापन, अध्ययन, छोराहरूको हेरचाह तथा राजनीति एकैसाथ धान्न हम्मेहम्मे परेको छ । उहाँ भन्नुहुन्छ, 'तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनका समयमा रत्नपार्क केन्द्रित आन्दोलनमा म काखे छोरालाई घरमै

छाडेर पनि सक्रिय भएकी थिएँ ।' उहाँले यसै अवधिमा समाजशास्त्र/मानवशास्त्र विषयमा स्नातकोत्तर र कानुनमा स्नातक अध्ययन पूरा गर्नुभयो ।

संविधानसभामा उषाले महत्वपूर्ण स्थान र जिम्मेवारी पनि सम्हाल्नुभएको छ । उषाले संविधानसभामा पाएका जिम्मेवारीमा मौलिक अधिकार समिति सदस्य, विधायन समिति सदस्य, लैङ्गिक उपसमिति संयोजक, राष्ट्रिय विकास परिषद् सदस्य, महिला सभासद् समूह (ककस) संयोजक एवं सदस्य, महिला अधिकार मस्यौदा समिति संयोजक इत्यादि प्रमुख जिम्मेवारी हुन् । उहाँले विधायन समितिमा रहेर महिला हिंसा (कसुर र सजाय) ऐनका साथै धेरै ऐन कानुन निर्माणमा महत्वपूर्ण भूमिका खेल्नुभएको छ । यसैगरी उषाको संयोजकत्वमा महिला ककसमा धेरै काम भएका थिए । उहाँको कार्यकालमा 'नयाँ संविधानमा महिला अधिकार तथा सरोकारहरू' भन्ने अवधारणा पुस्तक प्रकाशन गरेर छरिएका महिला अधिकारलाई एकै ठाउँमा समेट्ने कार्य तथा विभिन्न जिल्लाका महिलासँग नयाँ संविधानका लागि सुझाव सङ्कलन गर्ने कार्य गरियो । साथै विभिन्न मन्त्रालयहरूसँग समन्वय गरेर महिलासम्बन्धी कार्यक्रमलाई अगाडि बढाउन र लैङ्गिक बजेटका सवालमा मन्त्रालयहरूका उच्च अधिकारीसँग परामर्श गर्दै लैङ्गिक समतामुखी बजेट निर्माण गर्न ककसका तर्फबाट दबाब दिने कार्य भयो । उहाँको कार्यकालमा अन्तिरिम संविधानको प्रावधान बमोजिम आमाको नामबाट नागरिकता दिलाउन दिइएको निर्देशन अनुसार राज्यका सबै जिल्ला प्रशासन कार्यालयलाई गृहमन्त्रालयले निर्देशन दिएको थियो ।

त्यस्तै, महिला तथा अन्य जोखिममा रहेका समूहहरूलाई बेवास्ता गरेर उच्चस्तरीय कार्यदलले नागरिकतासम्बन्धी ल्याएको विभेदपूर्ण सिफारिस विरूद्ध उहाँले अभियान नै चलाउनुभयो । उहाँ भन्नुहुन्छ, 'नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेका खण्डमा उसका श्रीमान्‌ले नेपाली नागरिकता लिन १५ वर्ष कुर्नुपर्ने तथा उनका छोराछोरीले अङ्गीकृत नागरिकता पाउने तर नेपाली पुरूषले विदेशी नागरिकसँग विवाह गर्दा श्रीमतीले भोलिपल्टै नागरिकता पाउने व्यवस्था तथा उनका छोराछारीले वंशजका आधारमा नागरिकता पाउने कसरी समान हुनसक्छ ? यो केवल राष्ट्रियताका नाममा नेपाली महिलामाथि कुठाराघात गर्न खोजिएको हो । नेपाली महिला दोस्रो दर्जाका नागरिक भएर बस्न चाहँदैनन् । त्यसैले उहाँ भन्नुहुन्छ, 'म समानताका लागि अन्तिम क्षणसम्म लडिरहनेछु ।'

उषा संविधानसभामा पुरूषभन्दा महिला सभासद्‌ले बढी चुनौती भोग्नु परेको बताउनुहुन्छ । संविधानसभाभित्र पनि पितृसत्तात्मक सोच हाबी रहेको उहाँको अनुभव छ । उहाँ संविधानसभाभित्र पनि सामाजिक, लैङ्गिक विभेद र पितृसत्तावादी चिन्तन हाबी रहेको स्वीकार्नुहुन्छ । यसैगरी सञ्चार माध्यमले पनि पुरूषलाई मात्र बढी स्थान दिने र संविधानसभाभित्र अघिल्ला पङ्क्तीमा पुरूष बस्ने तथा पछिल्ला पङ्क्तीमा मात्र महिला बस्ने प्रचलन उहाँलाई धेरै विभेदकारी लाग्छ ।

आफ्नो जिल्ला खोटाङ्गलाई कार्यक्षेत्र बनाउनुभएकी उषाले खोटाङ्गलाई सडक यातायातले जोड्ने तथा आफ्नो जिजुआमा मनमाया राईका नाममा बनेको 'मनमाया राई विमानस्थल, खानीडाँडा' को सञ्चालन गर्ने काममा महत्वपूर्ण कार्य गर्दै आउनुभएको छ । उक्त विमानस्थल उहाँको परिवारले दान गरेको जग्गामा मनमाया राईको समाधि हटाएर बनाइएको हो ।

भविष्यमा राजनीतिलाई नै सक्रियरूपमा निरन्तरता दिने उषाको योजना छ । महिला अधिकारका निम्ति निरन्तर लडिरहने उहाँ प्रतिबद्धता व्यक्त गर्नुहुन्छ । समय निकालेर किताब, कविता र लेख रचना लेख्ने उहाँका रूचि हुन् । केही उहाँका लैङ्गिक विभेद मुक्तिसम्बन्धी किताब र कविता प्रकाशोन्मुख छन् भने उहाँले विभिन्न पत्रपत्रिकामा लेख रचना नियमितरूपमा प्रकाशन गरिरहनुभएको छ । उहाँ भन्नुहुन्छ, 'संविधान लेखेर मात्र हुँदैन यसको कार्यान्वयन प्रभावकारी ढङ्गले हुनु जरूरी छ । त्यो काम पूरा गर्ने जिम्मेवारी पनि हाम्रै हो ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : कमला रोका |
| ठेगाना स्थायी | : प्वाँङ गाविस, रूकुम, राप्ती |
| अस्थायी | : काठमाण्डौं, वागमती |
| सम्पर्क ठेगाना | : ९८४१५८७०६१ |
| इमेल | : kmlrk2000@yahoo.com |
| जन्म मिति | : २०३२।९।२० |
| जन्म स्थान | : प्वाङ गाविस, रूकुम |
| आमाको नाम | : जोखीमाया रोक्का |
| बुबाको नाम | : अमरसिंह रोक्का |
| श्रीमान्को नाम | : गणेशमान पुन |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# देश र उत्पीडित जनता मेरो प्राथमिकतामा

आफू ११ वर्षको छँदा आमाबुबाले गाउँको रीतिथिति अनुसार १ हजार रूपैया र १ धार्नी रक्सीमा आफ्नो बिहेको कुरा छिनेपछि विवाह गर्दिन भनेर रूँदारूदै निदाएको र आमाले बोकेर लगेर सुताएको कमला रोकालाई अझै सम्झना छ । बिहे छिनिंदा सानै उमेरको भए पनि विद्रोह गरेरै उहाँले आफ्नो बिहे रोक्नुभयो । यसरी, आफूलाई विवाह गराउने परिवारको प्रयास नै राजनीतिमा लाग्ने उहाँको पहिलो पाइला बन्यो ।

कमलाको जन्म रूकुम जिल्लाको प्वाङ गाविसमा भएको थियो । उहाँ जन्मनु, हुर्किनुभएको समाजमा त्यतिबेला छोरीले पढ्नु हुन्न भन्ने सामाजिक मान्यता व्याप्त थियो । त्यसकारण, विवाहको कुरा छिनिंदासम्म उहाँले एक अक्षरसम्म पनि पढ्ने मौका पाउनुभएको थिएन । तर, त्यति नै बेला उहाँको दाजु भने पोखरामा आइएड पहिलो वर्षमा अध्ययनरत हुनुहुन्थ्यो । दाजुसँग आफूलाई दाँज्दा र विद्यालय जाने इच्छा हुँदाहुँदै पनि जान नपाउँदा आफू छोरी भएकै कारणले आफूमाथि धेरै विभेद भएको कमलालाई महसुस भयो । त्यसैले उहाँले घरमा विद्रोह गरेर भए पनि पढ्ने निर्णय गर्नुभयो, यो फागुन २०४६ सालतिरको कुरा हो । आफ्नो पढ्ने लेख्ने सपना पूरा गर्न उहाँले घरमा फुर्सतको समयमा दाजुसँग र गोठाला जाँदा साथीहरूसँग अलिअलि पढ्न, लेख्न सिक्न थाल्नुभयो ।

यसरी अनौपचारिक रूपमा अलिअलि लेखपढ् गर्न सिकेपछि उहाँले विद्यालयमा भर्ना हुने आँट पनि गर्नुभयो र विहान विहान ढुङ्गा बोकेर कमाएको एक हजार रूपैयाँले २०४७ सालमा उहाँ गाउँकै विद्यालयमा भर्ना हुनुभयो । तर, यो कुरा थाहा पाएपछि 'बिहे गर्ने बेलामा पढ्न गईस्' भन्दै आमाले उहाँलाई तीनचारवटा लट्ठी भाँचिने गरी कुट्नुभयो । रिसको झोंकमा आमाले कमलाले कानमा लगाएको सुनको मुन्द्री समेत फुकालेर लिनुभयो, 'जहाँसुकै जा, जेसुकै गर भन्दै' । त्यसपछि उहाँले घर छोडेर गाउँमै डेरा लिएर पढ्न थाल्नुभयो । त्यतिबेला सुर्खेत क्याम्पसमा पढाउने पूर्णबहादुर खड्काले उहाँलाई निकै सहयोग गर्नु भएको थियो । घरबाट बाहिर पाइला राख्दाको सङ्घर्षको दिन सम्झँदै उहाँले भन्नुभयो, 'पछि बुबा मलाई लिन आउनुभयो, सरले पनि बुबासँगै घर

जान भन्नुभयो र म घर फर्किएँ । घर गएपछि पनि घरायसी कामले पढाइमा बाधा पर्थ्यो, तर पनि मिहेनतले गर्दा म पाँच कक्षामा पहिलो भएँ ।'

२०४६ सालतिरकै कुरा हो, उहाँको गाउँमा गणेशमान पुन, कृष्णसेनजस्ता युवाले महिला पनि राजनीतिमा लाग्नुपर्छ भन्ने चेतना अभियान थालेका थिए । यही अभियानबाट प्रभावित भएर कमलाले पनि विद्यार्थी राजनीतिमा प्रवेश गर्नुभयो । यसरी, पाँच कक्षादेखि विद्यालय जान थाल्नुभएकी कमला छ कक्षादेखि नै विद्यार्थी राजनीतिमा संलग्न हुनुभयो र विद्यालय स्तरको जिल्ला सङ्गठनमा बसेर काम गर्न थाल्नुभयो । छ कक्षामा पढ्दा पढ्दै आमाको पक्षघात भएर मृत्यु भएपछि 'घरमा काम गर्ने कोही छैनन, त्यसैले घरमा काम गर्नुपर्छ' भनेर उहाँलाई पढाइ छोड्न दबाब आयो, तर उहाँले कुनै हालतमा पनि पढाइ छोड्नुभएन । २०३२ सालमा जन्मिनुभएकी कमलाको माओवादी नेता गणेशमान पुनसँग २०५३ सालमा विवाह भयो । गणेशमान पुन हाल वाइसीएलका अध्यक्ष हुनुहुन्छ ।

विवाह भएको १० महिनामै कमलाको श्रीमान् पक्राउमा परेर चारवर्ष जेल परे । कमला आफै भूमिगत राजनीतिमा संलग्न हुनुभएकोले चारवर्षसम्म श्रीमान्सँग उहाँको भेट भएन । त्यसमाथि, माओवादी राजनीतिमा संलग्न भएको आरोपमा उहाँको ससुराको पनि सुरक्षा फौजद्वारा हत्या भयो । युद्धकालीन अवस्थामा कमलाले अत्यन्त कठिन अवस्थाहरूसँग सामना गर्नु पर्‍यो । उहाँले धेरैजना साथी र प्रियजनहरू गुमाउनु भयो । राजनीतिक जीवनका दौरानमा भोगेका सङ्घर्षका दिनलाई उहाँ यसरी सम्झनुहुन्छ, 'आमूल परिवर्तनको लागि होमिएको कारण मार्ने र मर्ने कुराको कुनै चिन्ता हुन्नथ्यो । घरपरिवार र बच्चा भन्दा देश र उत्पीडित जनता मेरो प्राथमिकतामा थिए ।'

'जनयुद्ध'मा संलग्न छँदा कमलाले आफ्नो डेढ वर्षको छोरालाई एक्लै छोडेर माओवादी जनमुक्तिसेनाको ब्रिगेडियर कमिसारको जिम्मेवारी सम्हाल्नु भएको थियो । उहाँको भनाइ छ, 'प्रसव पीडा र बच्चा प्रतिको लगाव आमा भइसकेकालाई मात्र थाहा हुन्छ । आमा भइसकेपछि बच्चा छोडेर हिंड्न धेरै गाह्रो हुन्छ । तर बच्चाको मायाले तान्दा तान्दै पनि सिङ्गो समाज परिवर्तनका लागि मैले बच्चा छोडेर हिँड्नु पर्ने अवस्था आयो । यो देश र जनताका लागि मैले गरेको बलिदान हो ।' जनमुक्तिसेनाको उच्च तहमा पुग्ने तीनजना महिलाहरूमध्ये कमला पनि एक हुनुहुन्छ । आफू ब्रिगेडियर कमिसार छँदा भएका विभिन्न आक्रमणहरू मध्ये पाल्पाको सदरमुकाम तानसेनमा भएको आक्रमणलाई उहाँ महत्वपूर्ण मान्नुहुन्छ । कमलाले राजनीतिमा प्रवेश गर्दा परिवारका कुनै पनि सदस्य राजनीतिमा सक्रिय थिएनन् । पछि उहाँको बहिनीले पनि नेकपा माओवादीमा आबद्ध भएर भूमिगत जीवन बिताउनु भयो र हाल उहाँ चितवनको शक्तिखोर स्थित जनमुक्ति सेनाको तेस्रो डिभिजनमा हुनुहुन्छ । भाइ पनि राजनीतिमा सक्रिय छन् । अहिले आएर कमलाको बुबा भन्ने गर्नुहुन्छ, 'छोरीहरूले राम्रो गरे ।'

'जनयुद्ध'मा संलग्न हुँदा कमलाले कहिले पनि संविधानसभा सदस्य हुन्छु भनेर सोच्नुभएको थिएन । तर, उत्पीडित जनता र राज्यसत्ताद्वारा पछाडि पारिएका वर्गका लागि सङ्घर्ष गर्दा एकदिन कुनै न कुनै ठाउँमा पुग्छु भन्ने चाहिँ उहाँलाई लागेको थियो । सभासद् हुनपाउँदा आफूलाई केही खुशी लागेपनि अहिले संविधान नबन्दा उहाँलाई दुखः पनि लागिरहेको छ । उहाँ भन्नुहुन्छ, 'अहिलेको राजनीतिक अवस्थालाई हेर्दा सभासद् बन्दाको खुशी भन्दा पनि बरू बढी पीडा होला जस्तो छ, यदि संविधान बनेन भने ।'

उहाँ व्यवस्थापिका संसद् अन्तर्गतको संसदीय सुनुवाइ विशेष समिति तथा संविधानसभा अन्तर्गतको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिमा सदस्य हुनहुन्छ । उहाँले आफू संलग्न समितिमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका पछाडि पारिएका समुदायको आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरू सिँगो नेपाली जनताको समस्या भएकोले तिनको सम्बोधन हुनुपर्छ भन्ने अडान लिनुभएको छ ।

संविधानसभामा रहेका १९७ महिलाहरू सदस्यहरू बीचको आर्थिक, सामाजिक, राजनीतिक सांस्कृतिक, जातीय, भौगोलिक र शैक्षिक विविधताका कारणले गर्दा महिला सभासद्हरूलाई एकअर्कासँग सम्वाद गर्न र महिला लगायतका अन्य मुद्दामा एक हुन चुनौतीहरू आईपर्ने गरेको उहाँले अनुभव गर्नुभएको छ । कमलाको अनुभवमा महिला सदस्यहरू मध्ये कोही साक्षर मात्र छन् । तर, केही धेरै शिक्षित भएपनि उनीहरूको राजनीतिक पृष्ठभूमि छैन र उनीहरू आफूलाई उच्च वर्गका ठान्छन् । जसले गर्दा कतिपय मुद्दा तथा अवस्थामा सँगै काम गर्न अप्ठेरो पनि पर्छ । कतिपय महिला सदस्यहरूले चाहिँ चाहेर पनि आफ्ना मुद्दा उठाउन सक्दैनन् ।

त्यसरी नै, संविधानसभा भित्र र बाहिर महिला तथा पुरुष सदस्यको कानुनी हैसियतमा फरक नभएपनि व्यावहारिक रूपमा महिलालाई अविश्वास गर्ने, ठुलाबडा भनेर पुरूषलाई नै मान्ने, महिला सदस्यहरूले संविधानसभामा उठाएका मुद्दाहरूलाई पुरूषहरूले गम्भीर रूपमा नलिने र चासो कम दिने प्रवृत्ति रहेको पनि उहाँको अनुभव छ । राजनीतिमा जे कुरा पनि सम्भव हुन्छ भन्ने मान्यतालाई संविधानसभा भित्रको वातावरणले पनि पुष्टि गरेको उहाँको अर्को अनुभव छ । उहाँको भनाइ छ, 'हिजोका कतिपय हत्यारा त्यहीँ छन् । खुल्लमखुल्ला हिंडिरहेका छन् । त्यहाँ भित्रको वातावरण हेर्दा आपराधिक मानसिकता भएकाले पनि सज्जन बन्ने, राज्य सत्ताबाट हेपिएकाले दिल खोलेर कुरा राख्न नपाउने अवस्था छ । असत्य कुरालाई हजारौं पटक दोहऱ्याएर सत्य सावित गर्न खोज्ने प्रवृत्ति पनि त्यहाँ छ ।'

कमलाको विचारमा पितृसत्तात्मक नेपाली समाजमा महिलालाई हेर्ने दृष्टिकोण अझै राम्रो छैन । महिलालाई खेलौनाको र बच्चा उत्पादन गर्ने मिशिनको रूपमा हेर्ने प्रवृत्तिको शिकार आफू पनि भएको उहाँलाई महसुस हुन्छ । तर, बालविवाह गराउन दबाब दिने अँध्यारो समाजको मूल्य मान्यता तोडेर र राजतन्त्रका विरूद्ध लडेर गणतान्त्रिक नेपालको सभासद् बन्न पाउनु र उत्पीडित वर्गका पक्षमा वकालत गर्न पाउनुलाई कमला आफू 'अन्धकारबाट उज्यालो तर्फ निरन्तर अघि बढिरहेको' ठान्नु हुन्छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : कमला पन्त |
| ठेगाना स्थायी | : तांलीचोक गाविस-३, गोरखा |
| अस्थायी | : लोकन्थली, भक्तपुर |
| सम्पर्क ठेगाना | : ९८५१०९३०१६, |
| इमेल | : madhurya100@yahoo.com |
| जन्म मिति | : २०२१/६/१५ |
| जन्म स्थान | : गब्टार, तांलीचोक गाविस-३, गोरखा |
| आमाको नाम | : हरिमाया पन्त |
| बुबाको नाम | : भवानीप्रसाद पन्त |
| श्रीमान्को नाम | : मधु आचार्य |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : मन्त्रीपरिषद्बाट मनोनित |

# राज्यका सबै क्षेत्रमा ३३ प्रतिशत महिला हकदार

कमला पन्त पद्मकन्या कलेजको विद्यार्थी हुँदा कलेजको वातावरण राजनीतिमय थियो। विद्यार्थीहरू राजनीतिक रूपले सचेत भएकाले उनीहरूका गतिविधिले कलेज सधैँ चर्चामा आइरहन्थ्यो। २०४६ साल अघिको एउटा घटना हो, जसमा एउटा पत्रिकाले पद्मकन्या कलेजका विद्यार्थीले क्याम्पसमै बच्चा जन्माएर टुकुचामा फाले भनेर समाचार छाप्यो। त्यसैको विरोधमा आन्दोलन चर्कियो। त्यतिखेर नरेन्द्र चौधरी बाग्मती अञ्चलको अञ्चलाधीश थिए। पद्मकन्या क्याम्पसका विद्यार्थीहरूले उनलाई समेत ऱ्याखऱ्याख पार्नेगरी धर्ना गरे। पत्रिकाका सम्पादकलाई पनि ठेलामा हालेर सहर घुमाइयो।

एकपटक कलाकार हरिवंश आचार्यले पनि पद्मकन्या कलेज जनताको ससुराली हो भनेर बोल्नुभएछ। त्यो भनाइलाई लिएर पनि पद्मकन्याका विद्यार्थीले विरोध गरे। फलतः कलाकार आचार्यले माफी माग्नुपऱ्यो। पद्मकन्या क्याम्पसमा हुने यस्ता राजनीतिक क्रियाकलापहरूको अगुवाई अक्सर कमलाले गर्नुहुन्थ्यो। उहाँ २०३९ सालमा पद्मकन्या क्याम्पसमा भर्ना हुनुभएको थियो। त्यतिखेरै उहाँलाई २४ घण्टे राजनीतिमा खट्ने प्रेरणा भने मिना पाण्डे र समा शाहीले दिनुभएको थियो। वास्तवमा कमलाको सक्रिय राजनीतिक जीवन पद्मकन्याबाटै सुरू भएको हो भन्दा पनि हुन्छ।

२०४२ सालमा नेपाली काङ्ग्रेसले गरेको सत्याग्रहमा पनि कमला सक्रिय हुनुभयो तर, पक्राउमा भने पर्नुभएन। २०४५ सालमा उहाँ पद्मकन्या कलेजको स्वतन्त्र विद्यार्थी युनियन सभापति निर्वाचित हुनुभयो। त्यहीबेला विद्यार्थीका माग लिएर भिसी कार्यालय घेराउ गर्न जाँदा उहाँ पक्राउमा परी चार महिना जेल पर्नुभएको थियो।

२०४६ सालसम्ममा कमला चर्चित विद्यार्थी नेतामा गनिसक्नु भएको थियो। त्यहीबेला २०४६ सालको ऐतिहासिक जनआन्दोलनको तयारी पनि चल्दै थियो। कृष्णप्रसाद भट्टराइको संयोजकत्वमा गठित जनआन्दोलन केन्द्रीय

एक्सन कमिटीमा विद्यार्थीका तर्फबाट कमला सदस्य हुनुभयो । आन्दोलनताका ४९ दिनसम्म उहाँले भूमिगत भएर काम गर्नुभयो । चैत्र १६ गते थाल ठटाउँदै निकालिएको जुलुसमा पक्राउ पर्नैलाग्दा उहाँ लुगा फेरेर फुत्किन सफल हुनुभयो ।

काठमाण्डौं आएर विद्यार्थी राजनीतिमा सक्रिय हुनुभए पनि कमलाको राजनीतिक पृष्ठभूमि भने गाउँमै तयार भइसकेको थियो । जिमवाल परिवारको उहाँको बुबा पञ्चायतीकालमा गाउँको प्रधानपञ्च हुनुहुन्थ्यो । २०३६ सालको जनमत सङ्ग्रहमा काङ्ग्रेसका नेताहरू गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई कमलाको घरमा पुग्नुभएको थियो । उहाँ त्यतिबेला कक्षा ८ पढ्नुहुन्थ्यो ।

२०३६ सालको जनमत सङ्ग्रहमा बहुदलको पक्षमा प्रचार गर्दागर्दै उहाँ राजनीतिमा होमिनुभयो । उहाँका दाजु शंकरराज पन्त गाउँको विद्यालयमा प्रधानाध्यापक हुनुहुन्थ्यो र शिक्षण पेशाबाट राजीनामा दिएर २०३२ सालदेखि उहाँ पूर्णरूपले राजनीतिमा लाग्नुभयो । कमलाका अर्का दाजु पञ्चायतकालदेखि नै गणेशमान सिंहका घरमा आउजाऊ गर्नुहुन्थ्यो । यसरी १४ वर्षकै उमेरमा सुरू भएको उहाँको राजनीतिक यात्रा क्याम्पस जीवनमा अत्यन्त सक्रिय भयो भने २०४६ सालको जनआन्दोलनले उहाँलाई एक नेताका रूपमै स्थापित गरिदियो ।

२०५१ सालमा आमचुनाव भयो । त्यसमा पार्टीले कमलालाई पनि उम्मेद्वारको रूपमा टिकट दियो । उहाँ टिकट पाएर चुनाव लड्न आफ्नो गृहजिल्ला गोरखा जानुभयो । पूरा विद्यार्थी जीवन काठमाण्डौंमै बसेर राजनीति गरेका कारणले जिल्लाको बदलिएको सामाजिक तथा राजनीतिक परिस्थितिबारे उहाँलाई राम्ररी थाहा थिएन । जिल्लामा चुनाव प्रचारका लागि जाँदा सहर बसेर टिकट लिएर आएकी भनेर आफ्नै पार्टीका कार्यकर्ताहरूले समेत कमलालाई सहयोग गर्न मानेनन् । जिल्लाका नेताहरूले उहाँलाई टिकट छोड भनेर पनि दबाब दिए । आफ्नै जिल्ला सभापतिसमेत बागी बनेर चुनावमा उठे । जिल्ला सभापतिसमेत उहाँको पक्षमा थिएनन् । तर उहाँले हिम्मत हार्नुभएन । आफूले केही गरेकै कारणले पार्टीले टिकट दिएको हो भन्ने दृढ विश्वास बोकी उहाँ जनताका घरघर पुग्नुभयो । अन्ततः उहाँले चुनाव जित्नुभयो ।

२०५२ सालमा माओवादी 'जनयुद्ध' सुरू भएपछि कमलाको कष्ट अझ बढ्यो । गोरखामा माओवादीले उहाँकै क्षेत्रका दुईवटा साना किसान बैंक लुटेर 'जनयुद्ध' सुरू गरेका थिए । त्यतिबेला उहाँ गोरखाकै दुर्गम गाउँमा हुनुहुन्थ्यो । सशस्त्र समूहले बैंक लुटेको खबर आउने बित्तिकै उहाँलाई विशेष सुरक्षा दिइयो । तर, त्यसपछि माओवादी 'जनयुद्ध' मत्थर हुनुको साटो अझ चर्कंदै गयो । गोरखामा कमलाकै चुनाव क्षेत्र माओवादीको केन्द्रजस्तै बनेको थियो । यसले गर्दा उहाँलाई जिल्ला जान पनि गाह्रो पर्न थाल्यो । कमलाका अनुसार माओवादीले जिल्लामा राजनीतिक आस्थाका आधारमा व्यक्ति हिंसा थालेकाले स्थिति भयावह थियो । त्यसक्रममा माओवादीले जिल्लामा रहेका उहाँका धेरै साथी, अभिभावक र राजनीतिक गुरुहरूको समेत हत्या गरे ।

२०५६ सालमा अर्को चुनाव भयो । त्यतिबेला पनि कमलाले टिकट पाउनुभयो । तर, त्यतिबेलासम्म माओवादी 'जनयुद्ध' चर्किसकेको थियो । चुनाव प्रचार गर्न जिल्ला जान पनि डरलाग्दो स्थिति थियो । चुनाव प्रचारमा जाँदा अपुङ भन्ने ठाउँमा उहाँहरू पुग्नुभयो । त्यो ठाउँ त सुत्केरी भएका माओवादी कार्यकर्तालाई सुरक्षितपूर्वक

राख्ने सेल्टर पो रहेछ । उहाँ भन्नुहुन्छ, 'कमला आएको छ भन्ने खबर माओवादीले पायो भने त कुनै पनि बेला जे पनि हुनसक्छ भनेर जनताको एउटा घेरा र त्योभन्दा बाहिर प्रहरीको अर्को घेरा बनाएर रात काटियो । भोलिपल्ट त्यहाँबाट फर्कंदा मलाई त कालकै मुखबाट निस्केजस्तो लाग्यो ।' तर चुनावको नतिजा भने कमलाकै पक्षमा आयो । चुनाव जितेपछि कमलाले केही समय महिला, बालबालिका तथा समाजकल्याण राज्यमन्त्री भएर पनि काम गर्नुभयो ।

२०५७ असोजमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसद् भंग गर्नुभयो । पार्टीभित्र रडाको मचियो र, काङ्ग्रेस विभाजन भयो । त्यतिबेला उहाँ गोरखामै हुनुहुन्थ्यो । तत्कालै गोरखामा रहेका केही नेतासँग सल्लाह गरी उहाँले विघटन गरिएको संसद् पुनर्स्थापना गर्नुपर्छ भनेर आवाज उठाउनुभयो । जिल्लामा उहाँको माग सुनेर केही वरिष्ठ नेताहरूले 'मरिसकेको मान्छे पनि ब्युँझिन्छ र?' भनेर खिसी गरेका थिए । संसद् पुनर्स्थापना गरिनुपर्छ भनेर हस्ताक्षर सङ्कलन गर्दा पनि देउवापक्षीय कार्यकर्ताले हस्ताक्षर गर्न मानेनन् ।

तर २०६३ वैशाखमा राजाले बाध्य भएर संसद् पुनर्स्थापनाको घोषणा गरे । पुनर्स्थापित संसद्ले राजाका सम्पूर्ण अधिकार खोस्यो । संविधानसभाको चुनाव गर्ने प्रतिबद्धता पनि जनायो । त्यहीबेला महिला अधिकारका सवालमा पनि एउटा प्रस्ताव कमला र एमालेकी विद्या भण्डारी मिलेर तयार पार्नुभयो । संसद्मा एमालेकी विद्या भण्डारीले प्रस्ताव पेश गर्ने र त्यसलाई काङ्ग्रेसका कमलालगायत एनपी सावद र नवराज सुवेदीले समर्थन गर्ने कार्यक्रम थियो तर प्रस्तावमा के छ भन्ने कुरा कमला बाहेक नेपाली काङ्ग्रेसका अरू नेतालाई समेत जानकारी थिएन । यसलाई २०६३ जेष्ठ ८ गते सार्वजनिक महत्वको प्रस्तावको रूपमा संसद्मा प्रस्तुत गरिएको थियो । त्यसमा राज्यका हरेक अङ्गमा महिलालाई ३३ प्रतिशत अनिवार्य स्थान दिने र आमाको नामबाट पनि नागरिकता लिन पाइने कुरा उल्लेख गरिएको थियो र सभामुख सुभाषचन्द्र नेम्वाङले आफ्नो विशेष अधिकार प्रयोग गरी संसद्मा सो प्रस्ताव प्रस्तुत गर्नुभयो । पछि सबै पार्टीको समर्थनमा सो संकल्प प्रस्तावको रूपमा पारित भयो । प्रस्ताव पारित भएपछि आफ्नै पार्टीका कतिपय नेताहरूको उहाँले हप्काइ खानुपर्‍यो । तर महिलालाई राज्यको ३३ प्रतिशत हकदार बनाउने ऐतिहासिक काममा आफ्नो पनि भूमिका रहेकामा कमला सन्तुष्ट हुनुहुन्छ ।

कमलाको राजनीतिक योगदानलाई कदर गर्दै पार्टीले उहाँलाई संविधानसभाका लागि पनि मनोनित गरेको छ । संविधानसभाको राष्ट्रिय हितको संरक्षण समिति र व्यवस्थापिक संसद्को सार्वजनिक लेखा समितिमा उहाँ सदस्य हुनुहुन्छ । लेखा समितिमा आर्थिक अनियमितता, जनताका सरोकारका विषय, महँगीलगायतका विषयमा उहाँले कुरा उठाउनु भएको छ । राष्ट्रिय हितको संरक्षण समितिमा भने उहाँले १८ वर्ष उमेर पुगेका नागरिकलाई अनिवार्य सैनिक तालिम दिने विषयमा असहमति व्यक्त गर्नुभएको छ । महिला, जनजाति, दलित, मधेसी, मुस्लिमलगायतका समुदायको आन्दोलनले उठाएका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई सहीरूपमा सम्बोधन गर्न पार्टीभित्रै सम्बन्धित समिति चाहिन्छ भनेर उहाँले धेरै अघिदेखि नै कुरा राख्दै आउनु भएको छ ।

संसद् तथा संविधानसभामा महिलाका मुद्दा उठाउँदा कमलाले आफू अपमानित भएको महसुस गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'महिलाका विषयमा केही कुरा बोल्न उठ्ने बित्तिकै कतिपय पुरुष सदस्यहरू कहाँको आइमाइलाई के भएछ भनेर व्यङ्ग्य कसिहाल्छन् ।' तैपनि महिलालाई हेर्ने दृष्टिकोणमा अहिले केही परिवर्तन भएको र महिलाका कुरालाई गम्भीरतासाथ लिने पुरुषहरूको संख्या पनि बढ्दै गइरहेको कमलाको भनाइ छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : कमला शर्मा |
| ठेगाना स्थायी | : घोरेटा गाविस-२, रचेना, सुर्खेत |
| अस्थायी | : बुद्धनगर-३४, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४११५४२८६ (मो) |
| इमेल | : kamalasharma1@yahoo.com |
| जन्म मिति | : २०१९ असार |
| जन्म स्थान | : कट्टी गाविस-२, दैलेख |
| आमाको नाम | : मना शर्मा |
| बुबाको नाम | : धनीराम शर्मा |
| श्रीमान्को नाम | : स्व. ऋषिप्रसाद शर्मा |
| शिक्षा | : माध्यमिक शिक्षा |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# मैले आँफैले रातो टीका र अविर लगाएँ

कमला शर्माले ऋषिप्रसाद शर्माको जीवन साथी र राजनीतिक सहयात्री भएर खुशीले २७ वर्ष बिताइसक्नु भएको थियो । तर, संविधानसभा निर्वाचनको मुखैमा आएर २०६४ साल चैत्र २६ गते सुर्खेत क्षेत्र नं. १ बाट चुनावमा उठेका उहाँको श्रीमान् र एमालेका प्रत्यक्ष उम्मेद्वार ऋषिप्रसाद शर्माको गोली हानी हत्या गरियो । त्यसपछि एकाएक कमलाको काँधमा पारिवारिक र राजनीतिक जिम्मेवारी थपियो ।

ऋषिको हत्याका कारण सुर्खेत क्षेत्र नं. १ को संविधानसभाको चुनावी प्रक्रिया अबरूद्ध भएको थियो । त्यसपछि नेकपा (एमाले) ले ऋषिकी पत्नी कमला शर्मालाई सोही क्षेत्रबाट उम्मेद्वार बनायो । श्रीमान्को दाहसंस्कार गरेको तेस्रो दिन अर्थात् २०६४ साल चैत्र २९ गतेदेखि कमला चुनावी मैदानमा उत्रनुभयो । उहाँ भन्नुहुन्छ, 'चुनाव प्रचारप्रसारमा हिँड्दा जनताले भाषण गर्न आग्रह गर्थे, तर म भाषण गर्न जान्दिन, जनताका काम गर्न सक्छु भन्थेँ ।' उहाँ सम्झनुहुन्छ, 'त्यतिबेला मैले जनतासँग भोट पनि मागिँन, जनता आफैले मेरो दुःख बुझेर मलाई भोट दिन आउनुभयो ।'

श्रीमान्को हत्या भएको तेह्रौं दिन अघिको राति श्रीमान्को काजक्रियाका लागि कमला घर पुग्नुभयो । श्रीमान्को तेह्रौं दिनको काजक्रिया चलिरहेकै समयमा समर्थकहरूले कमलाको विजय जुलुस निकालिरहेका थिए । उहाँ भन्नुहुन्छ, 'रातो टीका र अविर ल्याएर जुलुसमा सहभागी साथीहरू मेरो अगाडि उभिनुभयो, उहाँहरूले मलाई अविर लगाउन सक्नु भएन । तर, मैले आँफैले रातो टीका र अविर लगाउँदै विजय जुलुसमा सहभागी भएकाहरूलाई तपाइँहरूको नेता बाँचिरहनुभएको छ र अमर हुनुहुन्छ भनेँ ।' कमला संविधानसभाको चुनावमा नेकपा (एमाले) कातर्फबाट प्रत्यक्ष निर्वाचनमा विजयी हुने एक मात्र महिला संविधानसभा सदस्य हुनुहुन्छ ।

श्रीमान्को हत्याले शोकविह्वल हुनुभएकी कमला हत्याको बदला लिएरै छाड्ने अठोटका साथ राजनीतिमा सक्रियतापूर्वक लाग्नुभयो । श्रीमान्को हत्याबाट स्तब्ध हुनुभएकी कमला त्यो सहनै नसकिने क्षणकाबारेमा यसरी

बताउनुहुन्छ, 'ऋषिको हत्याको लगत्तै मेरो मुखबाट मेरो श्रीमान्को ठाउँमा बस्न पाउनुपर्छ र हत्याको बदला लिन पाउनुपर्छ भन्ने शब्द मात्रै निस्किरहेको रहेछ ।'

संविधानसभा चुनावको मुखैमा सुर्खेतका लोकप्रिय नेता ऋषि शर्माको हत्याबाट भएपछि सिङ्गो सुर्खेत शोकमग्न भएको थियो । नेकपा (एमाले) का तत्कालीन महासचिव माधवकुमार नेपालले सुर्खेत पुगेर कमलालाई सान्त्वना दिनुभएको थियो । हत्यारामाथि कारबाही हुन्छ भनेर महासचिव माधवकुमार नेपालले कमलालाई आश्वस्त पनि पार्नुभएको थियो । तर संविधानसभा निर्वाचन भएको तीनवर्ष पूरा भइसक्दा पनि ऋषिका हत्याराहरूलाई कारबाही भएको छैन । उहाँ भन्नुहुन्छ, 'म जनताको अधिकार र उनीहरूका न्यायका लागि हिँडिरहेकी छु, तर म आफैले भने अझै पनि न्याय पाएकी छैन र मेरो श्रीमान्को हत्याराहरू नै अहिले देशको कानुन बनाउने ठाउँमा पुगेको देख्दा मलाई असाध्यै दुःख लाग्छ ।'

कमलाको जन्म सामान्य किसान परिवारमा भए पनि बुबाआमाको स्नेहका कारण 'छोरीले पढ्नु हुँदैन' भन्ने समाजमा पनि उहाँले पढ्ने अवसर पाउनुभएको थियो । 'तर, कक्षा १० सम्म पढेपछि मैले नै पढाइमा ध्यान दिइँन,' उहाँ स्वीकार्नुहुन्छ । सुर्खेत जिल्ला घोरेटाका ऋषिप्रसाद शर्मासँग कमलाको विवाह २०३७ सालमा १८ वर्षको उमेरमा भएको थियो । विवाहपछि श्रीमान् पढाइ र राजनीतिक गतिविधिमा संलग्न रहेका कारण उहाँ घरबाहिर बढी बस्नुहुन्थ्यो । कमला भने सासुससुराको हेरचाह गरेर र घरव्यवहार सम्हालेर घरैमा बस्नुहुन्थ्यो । त्यसबखत पढेलेखेका छोराछोरीले राजनीतिमा लाग्नुभन्दा जागिर खाइदिए हुन्थ्यो भन्ने चाहना जो कोही परिवारमा पनि हुन्थ्यो । 'तर, मलाई जागिर खाने चाहना कहिल्यै पनि भएन,' उहाँ भन्नुहुन्छ, 'मेरो श्रीमान् देश र जनताका लागि व्यस्त हुनुहुन्छ भन्ने लाग्थ्यो । त्यसैले बरू असल जीवनसाथी भएर श्रीमान्को राजनीतिक यात्रा सफल पार्न सहयोग गर्छु भनेर चाहिँ म लागेकी थिएँ ।'

विवाह गरेपछि श्रीमान्को साथ र सङ्गतले कमलाले पनि बिस्तारै राजनीति बुझ्न थाल्नुभयो, तर पञ्चायती निरङ्कुश शासन कालका दिनहरूमा श्रीमान्सँग कमलाको भेटघाट पनि निकै थोरै मात्र हुन्थ्यो । ती सङ्घर्षका दिन सम्झदै उहाँ भन्नुहुन्छ, 'छोरा तीन दिनको भएपछि मेरा श्रीमान्ले घर छाड्नु भयो । छोरा नौ दिनको हुँदा उहाँ पक्राउ परी दैलेख जेलमा पर्नुभयो । उहाँ ११ महिनापछि जेलबाट छुटेर घर आउँदा छोरो हिँड्न थालिसकेको थियो ।' कमलाका अनुसार ऋषि पञ्चायतकालमा तत्कालीन प्रशासनको तारो बन्नु परेकाले त्यसको प्रत्यक्ष पीडा कमला र घरपरिवाले पनि भोग्नु परेको थियो ।

कमलाले २०५२ सालमा नेकपा (एमाले) को सङ्गठित सदस्यता लिनुभएको थियो । २०५४ सालमा नेकपा (एमाले) बाट घोरेटो गाविसमा उहाँले मनोनित वडा सदस्यको जिम्मेवारी निभाउनुभएको थियो । उहाँ २०६५ सालदेखि नेकपा (एमाले) सुर्खेत जिल्ला कमिटीको सदस्य हुनुहुन्छ । श्रीमान् श्रीमती दुबैजना राजनीतिमा लागेकाले घरको आर्थिकस्थिति कमजोर थियो । उहाँ विगतका दुःख सम्झदै भन्नुहुन्छ, 'जाडो समयमा बच्चा र हामीलाई न्यानो कपडा नभएर आगो बालेरै रात कटाउँथ्यौं ।'

२०६२/६३ को १९ दिने जनआन्दोलनमा पनि ऋषि सक्रिय भएर लाग्नुभएको थियो । आन्दोलनका क्रममा उहाँले प्रहरीबाट धेरै पटक कुटाइ-पिटाई खानु भएको थियो । त्यतिमात्र होइन उहाँ नालीमा पनि फालिनुभएको थियो

र प्रहरीले कुटेर उहाँको हात समेत भाँचिदिएको थियो । आफैंले सङ्घर्ष गरेर ल्याएको प्रजातन्त्र पनि ऋषिका लागि कहिल्यै सुखद बनेन । प्रजातन्त्र प्राप्तिपछि पनि उहाँले निरन्तर सत्ताधारी काङ्ग्रेसको तारो बनिरहनुपर्‍यो । २०५१ सालको मध्यावधि निर्वाचनमा काङ्ग्रेसका नेता पूर्णबहादुर खड्काले धाँधली र बुथ क्याप्चर गरी थोरै मतले ऋषिलाई हराएको कमलाको भनाइ छ ।

संविधानसभाको चुनावमा निर्वाचित भएर संविधानसभाको पहिलो बैठकमा आउँदा कमलाले बैठकमा सबैका अगाडि पूर्वगृहमन्त्री तथा काङ्ग्रेसका सभासद् पूर्णबहादुर खड्कालाई दायाँ खुट्टाको चप्पलले हान्नुभएको थियो । यस सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'चुनावमा जनताले त्यही मागेका थिए र त्यो मैले पूरा गरेकी हुँ ।' यद्यपि, संसदीय अभ्यासको इतिहासमा आलोचित त्यस घटनाप्रति आफूलाई कुनै पश्चाताप नलागेको कमला बताउनुहुन्छ ।

कमलालाई जिल्लाको विकासप्रति निकै चासो र चिन्ता छ । सभासद् भएपछि उहाँले संसद् विकास कोषको रकम आफ्नो क्षेत्रका १७ वटै गाविसलाई बराबर वितरण गर्नुभएको छ । खानेपानी, बाटोघाटो, शौचालय, स्कुल, सिँचाइजस्ता विकास संरचना निर्माणमा कोषको रकम खर्च भएको छ ।

सभासद् भएपछि संविधानसभाका बैठकहरू बाहेक विभिन्न सङ्घसंस्थाले आयोजना गरेका तालिम, सम्मेलन र गोष्ठीमा भाग लिने मौका पाउँदा आफ्नो क्षमताको विकास भएको र आत्मविश्वास बढेको कमलाको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'पहिले आफूभन्दा माथिका सदस्यका सामुन्ने ठूलो स्वरले बोल्न सक्दैन थिएँ, तर अहिले नेतादेखि जनसमूहको अघिल्तिर माइक समातेर भाषण गर्न सक्ने भएकी छु ।'

कमला संविधानसभा अन्तर्गत सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत महिला, बालिबालिका तथा समाजकल्याण समितिको सदस्य हुनुहुन्छ । विभिन्न अप्ठ्याराहरू छिचोल्दै संविधानसभा र संसद्का काम उहाँले गरिरहनु भएको छ । जनताले चुनावमा जिताएर पठाएकाले जसरी भए पनि जनताको काम गर्नुपर्छ भन्ने उहाँको भावना छ । संविधानसभाको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा आफूले उठाएका विषयका सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'मैले समितिको मस्यौदामा जघन्य अपराधीलाई मृत्युदण्ड दिने प्रावधान हुनैपर्छ भनी जनताको सुझावअनुसार मत राखेकी थिएँ, तर त्यसमा मृत्युदण्ड स्वीकार गरिएन । आजीवन कारावास र सर्वस्वहरण भन्ने मात्र लेखियो ।' साथै उहाँले समितिको बैठकमा सहिद परिवार र एकल परिवारको परिभाषा फरक हुनुपर्ने र उनीहरूका लागि सेवासुविधा पनि फरक हुनुपर्ने माग गर्नु भए पनि त्यो पूरा हुन नसकेको कमलाको भनाइ छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | कमला थापा |
| ठेगाना स्थायी | : | पनौती नगरपालिका-८, काभ्रेपलाञ्चोक |
| अस्थायी | : | कुलेश्वर, काठमाण्डौं-१४ |
| सम्पर्क ठेगाना | : | ०१-४२७५४८९ (नि) ९८५१०२२२५३ (मो) |
| ईमेल | : | Kokil1980@ydhoo.com |
| जन्म मिति | : | २०१५/११/१५ |
| जन्म स्थान | : | सेतीदेवी गाविस, फर्पिङ, काठमाण्डौं |
| आमाको नाम | : | ज्ञानुमैया कुँवर |
| बुबाको नाम | : | स्व.विष्णुबहादुर कुँवर |
| श्रीमान्को नाम | : | कुमार थापा |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# राजनीतिबाट टाढिन धेरै गाह्रो छ

राजनीतिकरूपमा सचेत परिवारमा जन्मनुभएकी कमला थापा सामान्य परिवारबाट राजनीतिमा प्रवेश गर्नुभयो । उहाँका बुबा २०१३ सालदेखि नै नेपाली काङ्ग्रेसमा आबद्ध हुनुहुन्थ्यो । राजनीतिमा सहभागी हुनेक्रममा पञ्चायती व्यवस्थाको विरोधमा 'ब्ल्याक आउट' कार्यक्रम आयोजना गर्दा उहाँका बुबा पक्राउ परी जेल पर्नुभएको थियो । उहाँको बुबाको मान्यता मुलुकमा प्रजातन्त्र तथा संसदीय व्यवस्था हुनुपर्छ र जनता अधिकार सम्पन्न हुनुपर्छ भन्ने थियो ।

राजनीतिमा चासो भएका कारण बुबा र बुबाका साथीहरूबीच राजनीतिक कुराकानी हुँदा कमला पनि राजनीति बुझ्न लालायित हुनुहुन्थ्यो । २०३२ सालताका सिक्किम भारतमा विलय भएको घटनाले नेपाली राजनीतिमा तरङ्ग नै ल्याएको थियो । त्यसैको परिणामस्वरूप नेपालका विद्यार्थीहरूमा पनि राष्ट्रवादको भावना जाग्यो । त्यतिबेलादेखि नै उहाँमा पनि सक्रिय राजनीति गर्ने भावना आयो र विद्यार्थी अवस्थामा नै पारिवारिक पृष्ठभूमि तथा समाज बदल्ने चाहनाले उहाँ राजनीतिमा आउनुभयो ।

कमलाको परिवार छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्ने मान्यता राख्ने भएकाले शिक्षा आर्जनमा उहाँले कुनै कठिनाई व्यहोर्नु परेन । सक्रिय राजनीतिमा आउनेक्रममा २०३५ सालमा उहाँको विवाह भयो । यद्यपि राजनीतिक जीवनमा घरपरिवार र माइतीबाट पूरै सहयोग भएको उहाँ बताउनुहुन्छ । २०३२ सालबाटै राजनीतिमा सहभागी भए पनि कमला विवाहपछि राजनीतिमा बढी सक्रिय हुनुभयो । २०३८ सालको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा उहाँ नेपाल ल क्याम्पसमा कोषाध्यक्ष पदमा निर्वाचित हुनुभयो ।

औपचारिक शिक्षा एवम् राजनीतिलाई कमलाले सँगसँगै अगाडि बढाउनुभयो । उहाँको विचारमा राजनीतिमा अरूको निर्देशन मात्र पालना गरेमा सहज अनुभूति हुन्छ, तर नेतृत्वमा आउन थप सङ्घर्ष गर्नुपर्छ । विद्यार्थी

राजनीतिपश्चात् कमला महिला सङ्घको बिस्तारका लागि मुलुकका करिब ५३ जिल्लाहरूमा पुग्नुभयो । परिवारलाई केही समय दिनु परे पनि उहाँ राजनीतिबाट टाढिनु भएन । २०५६ सालमा उहाँ नेपाल महिला सङ्घको केन्द्रीय सदस्य र सङ्घको मध्यमाञ्चल संयोजक बन्नुभयो । २०५८ सालमा उहाँले नेपाल महिला सङ्घको महासचिवको जिम्मेवारी पाउनुभयो र ७५ वटै जिल्लामा महिला सङ्घको सङ्गठन निर्माण गर्न उहाँले विशेष भूमिका निर्वाह गर्नुभयो । उहाँले माओवादी सशस्त्र द्वन्द्व चरम अवस्थामा पुगेको अवस्थामा पनि महिला हकहितको वकालत गर्दै विभिन्न जिल्लाहरूमा प्रशिक्षण सञ्चालन गर्नुभयो । २०६२ सालमा उहाँ नेपाली काङ्ग्रेसको काभ्रे जिल्ला सदस्य हुनुभयो र आफ्नो जिम्मेवारी अनुसार २०६२/६३ को जनआन्दोलनमा सक्रिय सहभागी हुनुभयो ।

लामो राजनीतिक यात्रा र अनुभवको कारणले गर्दा नै उहाँले संविधानसभाको सदस्य बन्ने अवसर पाउनुभयो । उहाँ संविधानसभाअन्तर्गत न्यायप्रणाली समिति र व्यवस्थापिका संसद् अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिको सदस्य हुनुहुन्छ । संविधानमा जनताका आवाज समावेश गर्न उहाँ काभ्रेपलाञ्चोकका तीन नगरपालिका लगायत काभ्रे र सिन्धुपाल्चोकका करिब १५ इलाका पुग्नुभयो । उहाँले आफू संलग्न समितिमा न्यायालयको स्वतन्त्रता, न्यायाधीशमध्येबाट नै प्रधानन्यायाधीशको नियुक्ति, सर्वसुलभ र सहज न्याय, विकृति, विसङ्गति एवम् अनियमिततारहित न्यायालयलगायतका विषयमा आवाज उठाउनुभयो । त्यस्तै स्थानीय स्तरमा स्थानीय अदालत तथा मेलमिलाप केन्द्र स्थापना गरी स्थानीय तहका विवादहरू समाधान गर्ने अधिकार दिनुपर्ने विषयमा पनि उहाँले जोड दिनुभयो । उहाँले उठाउनुभएका कतिपय विषयले मस्यौदा प्रतिवेदनमा स्थान पाए भने कतिपयले स्थान पाउन सकेनन् । स्थान पाउन नसकेका विषयमा उहाँले आफ्ना दलका सदस्यहरूका साथमा फरक मत राख्नुभएको छ ।

संविधानसभाको पूर्ण बैठकमा पनि कमलाले शिक्षा र स्वास्थ्य अधिकार, सम्पत्तिलगायतका विषयमा महिला र पुरुषबीच समान अधिकार, मौलिक हकमा महिला अधिकारको सुनिश्चितता र राज्यको सबै निकायमा महिलाको समावेशी तथा समानुपातिक सहभागिता र महिला सशक्तिकरणलगायत विभिन्न मुद्दाहरूलाई प्राथमिकताका साथ उठाउनुभयो । महिलालाई सक्षम र क्रियाशील बनाइनुपर्छ, अन्यथा महिलाको सहभागिता भए पनि प्रभावकारी सहभागिता सुनिश्चित हुन सक्दैन भन्ने उहाँको बुझाइ छ । यद्यपि महिलाका मुद्दाहरूले संविधानसभामा पर्याप्त स्थान पाउन नसकेको उहाँको गुनासो छ । उहाँको विचारमा नयाँ संविधानमा महिलाका मुद्दाहरू समावेश गर्न पुरुष सदस्यको सहयोग राम्रै रहे पनि महिला बीच एकता नहुनु र विषयवस्तु जटील हुनु अहिलेको मुख्य चुनौतीहरू हुन् ।

कमलालाई संविधानसभाभित्र र बाहिर महिला सदस्यहरूलाई खासै भेदभाव भएको भन्ने त लाग्दैन, तर बोल्नेक्रममा महिलालाई दलले पनि प्राथमिकता नदिने र प्रभावशाली महिलाहरूलाई समेत ओझेलमा पार्नेजस्ता प्रवृत्तिले अवसरका सवालमा महिलामाथि केही भेदभाव भएको भने उहाँलाई महसुस भएको छ । उहाँको विचारमा महिलाका लागि राजनीति आफैमा चुनौतीपूर्ण छ । त्यसैले महिलालगायत समाजमा पछाडि पारिएका वर्ग र समुदायको उत्थानका लागि राज्यले विशेष ध्यान दिनुपर्ने र त्यसका लागि सबैले आवाज उठाउनुपर्ने उहाँ बताउनुहुन्छ । तर समावेशीको नाममा अयोग्य मानिसलाई नियुक्ति गर्न नहुने उहाँको मत रहेको छ । उहाँ

भन्नुहुन्छ, 'समावेशीका नाममा सहभागिता गराउनुभन्दा राज्यले त्यसका लागि आवश्यक दक्षता विकास गर्ने विषयमा चाहिँ ध्यान दिनुपर्छ ।'

कमलालाई संविधानसभामा प्रस्तुत गरिएका मस्यौदा प्रतिवेदनहरू समग्रमा उपलब्धिपूर्ण रहेको लागेको छ । तर महिलाका मुद्दाहरू अझै सशक्तरूपमा उठाउनका लागि महिलाबीच अझै दरिलो एकता आवश्यकता रहेको पनि उहाँ बताउनुहुन्छ । महिलाका मुद्दा उठाउन महिला सदस्य हुनु नै पर्याप्त भए पनि महिला सदस्यहरूले संविधानसभामा विभिन्न दलहरूबाट प्रतिनिधित्व गरेको हुँदा साझा र बलियो आवाज उठाउनका लागि महिला ककस चाहिएको हो । महिला ककसलाई औपचारिक रूपमा गठन गर्न सकिएको भए अझै राम्रो हुन्थ्यो भन्ने उहाँलाई लागेको छ । महिला ककस गठनमा पदीय विवाद तथा स्वार्थ हावी भएकाले यो त्यति सबल बन्न नसकेको उहाँको ठम्याइ छ । उहाँ भन्नुहुन्छ, 'यसलाई सबल बनाउन सबैले अपनत्व महसुस गर्नुपर्छ, व्यक्तिगत स्वार्थलाई टाढा राख्नुपर्छ र ककसलाई सबै महिला सदस्यको साझा मञ्चको रूपमा विकास गर्नुपर्छ ।'

संविधानसभा सदस्य भएपछि आफूले संविधान र कानुनले दिएको सबै जिम्मेवारी पूरा गरिरहेको भन्ने कमलालाई लागेको छ । संविधान निर्माणका करिब ८० प्रतिशत कामहरू सकिएको र बाँकी कामहरू राजनीतिक सहमतिबिना सम्भव नभएको उहाँ बताउनुहुन्छ । अहिले समयमै संविधान नबन्नुमा सिँगोरूपमा संविधानसभाका सदस्यहरूलाई मात्र दोष लगाउन नमिल्ने उहाँको भनाइ छ । समयमा संविधान बनाउन सकियोस् भनेर नै संविधानसभा अन्गर्तगतका विभिन्न समितिहरूले मस्यौदा प्रतिवेदन तयार गरेर त्यसलाई संविधानसभाको पूर्ण बैठकमा लगेर छलफल गरेको र अब बाँकी काम सम्पन्न गर्न सबै दलले आ–आफ्नो हठ त्याग्नुपर्ने कमलालाई लागेको छ ।

कमलाको विचारमा ठूला दलको गैरजिम्मेवारपूर्ण व्यवहार नै विद्यमान समस्याको प्रमुख कारण हो । उहाँ भन्नुहुन्छ, 'दलहरूले आफ्नो जिम्मेवारी बोध गर्न र जनताप्रतिको दायित्व पूरा गर्न नसकेका कारण नै राजनीतिक प्रक्रिया असफल हुने अवस्थामा पुगेको हो ।'

राजनीति पनि एक प्रकारको समाजसेवा हो र समाजमा रहेका विकृति र विसङ्गति हटाउन राजनीतिले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ भन्ने कमलाको विचार छ । यसका लागि राजनीति गर्नेहरूमा इमान्दारीता र प्रतिबद्धता चाहिन्छ र छलकपट र जनताप्रति बेइमानी गर्नेले राजनीतिमा स्थान पाउनु हुँदैन भन्ने उहाँको मान्यता छ । उहाँ भन्नुहुन्छ, 'राजनीतिमा दुःख र सुख दुबै हुन्छ । नेताहरूमा इमान्दारीता र निष्ठा दुबै हुनुपर्छ । एकपटक राजनीतिक जीवनमा सहभागी भएपछि त्यसबाट टाढिन धेरै गाह्रो हुन्छ । त्यसैले भविष्यमा पनि यही क्षेत्रमा रहेर जनताको सेवा गर्ने मेरो योजना छ ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | कल्पनादेवी सुवेदी |
| ठेगाना स्थायी | : | कमलामाई नगरपालिका-१४, सिन्धुली, जनकपुर |
| अस्थायी | : | शङ्खमुल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१-४७८४६५३ (नि) ९८४११५३४८५ (मो) |
| जन्म मिति | : | २०१७/३/१० |
| जन्म स्थान | : | बाजेश्वर गाविस-७, छेपा, सिन्धुली |
| आमाको नाम | : | गीता बराल |
| बुबाको नाम | : | रत्नप्रसाद बराल |
| श्रीमान्को नाम | : | स्व दुर्गाराज सुवेदी |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# वर्गीय मुक्ति नभई जातीय मुक्ति सम्भव छैन

कल्पनादेवी सुवेदीको बाल्यकाल घरभित्रका काममा आमालाई सघाएरै बित्यो । पढ्ने चाहना तीव्र भए पनि उहाँलाई कहिल्यै स्कुल पठाइएन । उहाँका दाजुहरूले भने विद्यालय जाने अवसर पाउनु भएको थियो । यसो हुनुमा केवल बुबाआमाको मात्र गल्ती नभएर समाज र सामाजिक संरचना पनि दोषी रहेको उहाँको ठम्याइ छ । 'किनभने समाजले नै व्यक्तिगत व्यवहारमा प्रभाव पारिरहेको हुन्छ,' उहाँ भन्नुहुन्छ ।

कल्पनादेवीको विवाह १४ वर्षको कलिलो उमेरमा दुर्गाराज सुवेदीसँग भएको थियो । त्यसबखत दुर्गा सुवेदी उहाँभन्दा १५ वर्ष जेठो हुनुहुन्थ्यो । यस विवाहबाट कल्पनादेवी त्यति खुशी नभए पनि उहाँले विवाहको विरोध भने गर्न सक्नुभएन । 'त्यसबेला मेरो अस्वीकृतिको केही अर्थ थिएन । मैले विरोध गरेको भए पनि केही परिवर्तन हुने स्थिति थिएन,' उहाँ भन्नुहुन्छ, 'मेरा श्रीमान् ज्यादै शान्त स्वभावका हुनुहुन्थ्यो र मसँग राम्रो व्यवहार गर्नुहुन्थ्यो । तथापि, हाम्रो उमेरको फरकका कारण उहाँलाई मैले कहिल्यै साझेदारको रूपमा पूर्णरूपले पाउन सकिन ।'

कल्पनादेवीका श्रीमान् २०२५ सालदेखि शिक्षक सङ्गठनमा आबद्ध हुनुहुन्थ्यो र उहाँ माओको विचार तथा दर्शनबाट प्रभावित हुनुहुन्थ्यो । कल्पनादेवीलाई विवाह भएपछिका धेरै वर्षसम्म पनि श्रीमान्को राजनीतिक संलग्नताकाबारेमा राम्रो जानकारी थिएन । २०३४ सालमा कल्पनादेवी श्रीमान्सँगै पार्टीको अयोध्या भेलामा सहभागी हुनुभयो । यही बैठकबाट नै श्रीमान्को वामपन्थी राजनीतिक विचारधारा र धारणा बुझ्ने उहाँले अवसर पाउनुभयो । 'श्रीमान्को संलग्नता र काम बुझेपछि उहाँ सही मार्गमा हुनुहुँदो रहेछ भन्ने लागेर म खुशी भएँ । मेरो श्रीमान् शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा सँधै केही गर्ने व्यग्र चाहना राख्नुहुन्थ्यो ।'

राजनीतिक यात्राका क्रममा श्रीमान्ले सामन्तहरूसँग सङ्घर्ष गर्नुपरेको थियो । विद्यालयको प्रधानाध्यापक पद त्याग्न उहाँलाई बाध्य पारिएको थियो । २०३५ सालमा कल्पनादेवीको श्रीमान् भूमिगत हुनुभयो । २०३६ साल

कात्तिकमा उहाँ महोत्तरीमा पक्राउमा पर्नुभयो । पञ्चायती शासन व्यवस्थालाई अस्वीकार गरेकाले र त्यसको विरुद्धमा लागेकोले तत्कालीन सरकारले सिन्धुलीको भिमानमा कल्पनाको श्रीमान्को हत्या गर्‍यो ।

श्रीमान्को हत्या हुँदा कल्पनादेवीको उमेर १९ वर्षको मात्र थियो । दुई छोराकी आमा र नौ महिनाकी गर्भवती अवस्थामा श्रीमान्बाट बिछोडिनु परेको क्षण उहाँका लागि अत्यन्त पीडादायी थियो । तर, सासु र देवरहरूको माया तथा सहयोगले त्यो अपूरणीय क्षतिमा केही मल्हम लगायो । सरकारबाट उहाँले रू १,००,००० आर्थिक सहयोग प्राप्त गरे पनि यो पर्याप्त थिएन । मानवअधिकार संरक्षण मञ्चले केटाकेटीको पढाइका लागि निःशुल्क स्टेशनरीको व्यवस्था गरिदिएको थियो । अहिले उहाँकी छोरी बन्दना सुवेदी पार्टीको राज्य समिति सदस्य र ज्वाइँ गंगानारायण श्रेष्ठ केन्द्रीय कमिटी सदस्य हुनुहुन्छ ।

श्रीमान्को मृत्युपश्चात् उहाँ नेकपा माओवादीको पार्टी कार्यालय सिन्धुलीको सम्पर्कमा आउनुभयो र पार्टीका नेताहरू सिपी गजुरेल र दीनानाथ शर्माको सहयोगले राजनीतिमा अगाडि बढ्नु भयो । पार्टीको इलाका सदस्यता लिए पनि २०४७ सालसम्म उहाँ पार्टीमा त्यति धेरै सक्रिय हुनुहुन्थेन । उहाँले २०४८ सालमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को जिल्ला उपाध्यक्षका रूपमा काम गर्नुभयो । त्यसपछि उहाँ २०४९–५१ सम्म सङ्घको केन्द्रीय उपाध्यक्ष र २०५१ देखि २०५५ सम्म सल्लाहकार रहनुभयो । पाँचौं राष्ट्रिय अधिवेशनबाट कल्पनादेवी अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को उपाध्यक्षमा निर्वाचित हुनुभयो । हाल उहाँ पार्टीका साथै अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को पनि केन्द्रीय सल्लाहकार हुनुहुन्छ ।

'जनयुद्ध' सुरू भएकै वर्ष २०५२ माघ २८ गते कल्पनादेवी भूमिगत हुनुभयो । उहाँ २०५३ वैशाख २४ गते पक्राउमा पर्नुभयो र ३५ दिनसम्म सिन्धुलीस्थित जिल्ला प्रहरी कार्यालयमा उहाँलाई थुनियो । त्यसपछि पनि उहाँलाई अर्को ११ महिनासम्म कारागारमा राखेर ७२,००० रूपैया धरौटी लिएर मात्र छाडियो ।

अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)को उपाध्यक्ष रहेकै अवस्थामा कल्पनादेवी पुनः पक्राउमा पर्नुभयो । २०५५ साल असोज १२ गते माओवादी नियन्त्रित क्षेत्रमा स्वर्गीय गिरिजाप्रसाद कोइरालाले भ्रमण गरी अपरेसन किलोसेरा टु अभियान सञ्चालन गरेपछि जिल्लामा व्यापकरूपमा प्रहरी परिचालन गरिएको थियो । खासगरी, यो अभियान सिन्धुली, काभ्रे, गोरखा, तनहुँ, प्युठान, रोल्पा, सल्यान, रुकुम, जाजरकोट र सुर्खेतमा सञ्चालित थियो । सरकारी फौजले हत्या, पक्राउ र यातना व्यापक बनाएको थियो । कल्पनादेवी पनि २०५५ भदौ १६ गते यही अभियानअन्तर्गत पक्राउमा पर्नुभयो । त्यसपछि उहाँलाई साढे तीन वर्षसम्म विभिन्न जेलमा स्थानान्तरित गर्दै थुनामै राखियो । उहाँलाई सुरूमा वीरगन्जमा २७ महिना थुनियो । त्यसपछि सिन्धुलीमा २० महिना, राजपुर इलाका प्रहरी कार्यालय रौतहटमा ३७ दिन, गौर जेलमा १ महिना, वीरगन्ज जेलमा पुनः १ वर्ष, मकवानपुर जेलमा ६ महिना र पोखरा जेलमा ४ महिना राखियो । जेलमा रहँदा उहाँले अति कठिन दिनहरू बिताउनु परेको थियो । जेलमा प्रहरीद्वारा अत्यधिक यातना दिइन्थ्यो । '२०६० सालमा मेरो घर सुरक्षाफौजले आगो लगाएर ध्वस्त पारिदिएका थिए । आज, घर भनेर मेरो कुनै स्थायी बसोबास छैन ।' कल्पना आफ्नो कथा सुनाउनुहुन्छ ।

संविधानसभा सदस्य भएपछि संविधानसभाको जनमत सङ्कलन तथा समन्वय समितिमा रहेर कल्पनादेवीले जनमत सङ्कलनलाई उच्च प्राथमिकता दिनुका साथै जनताका धारणालाई संविधानको मस्यौदामा समावेश गराउन पहल गरिरहनु भएको छ । अन्य विषयगत समितिमा समेत महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी, पैतृक सम्पत्तिका अधिकार दिलाउन उहाँले निरन्तर आवाज उठाइरहनुभएको छ ।

प्रत्येक व्यक्ति जाति र जातीयताका कुराभन्दा माथि उठ्नुपर्छ भन्ने कल्पनादेवीको धारणा छ । 'वर्गीय मुक्ति नभई जातीय मुक्ति सम्भव छैन,' उहाँ भन्नुहुन्छ । यस्ता वर्गीय विभेद संविधानसभामा समेत रहेको उहाँको बुझाइ छ । 'पार्टी र महिला सङ्घमा रहेका कारण मैले व्यक्तिगतरूपमा यस्ता विभेद खेप्नु परेको छैन । संविधानसभामा धेरै महिलाहरू हुनुहुन्छ जसले यस्ता विभेदको अनुभव गरिरहनुभएको छ,' उहाँ थप्नुहुन्छ, 'महिलाले नेतृत्व लिनु महत्वपूर्ण छ । पुरूषले मौका पाउनासाथ महिलालाई होच्याउँछन् । त्यसैले महिलाले पुरूषलाई यस्तो मौका दिनु नै हुँदैन ।'

एकदशक लामो 'जनयुद्ध'मा कल्पनादेवीजस्ता महिलाले ठूलो बलिदान गरेका छन् र आफ्ना निकट प्रियजनलाई गुमाएका छन् । उहाँ भन्नुहुन्छ, 'जनयुद्ध सकिने क्रमसँग हामीले धेरै मित्र र नेतालाई गुमायौं तर, राष्ट्रका लागि जीवन उत्सर्ग गर्ने परिवारको सदस्य हुन पाएकोमा मलाई गर्व छ ।' परिपक्व र प्रतिबद्ध महिलाले गर्न नसक्ने कुनै काम छैन भन्ने उहाँको धारणा छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा राष्ट्रका लागि बलिदान गर्ने महिलाहरू सहभागी भएको देख्दा मलाई गर्व लाग्दछ । उनीहरू यहाँ नभएका भए महिलाका आवाजलाई कसैले सुन्ने थिएनन् ।'



**व्यक्तिगत विवरण**

नाम : कल्पना धमला
ठेगानाः स्थायी : ज्याम्रूङ गाविस-९, धादिङ
अस्थायी : कार्कीटोल, तीनथाना-५, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४३१२८५९ (नि) ९८५१०२०६५३ (मो)
इमेल : dhamala100@gmail.com
जन्म मिति : २०३१/१०/१०
जन्म स्थान : ज्याम्रूङ-९, धादिङ
आमाको नाम : लक्ष्मी धमला
बुबाको नाम : दुर्गाप्रसाद धमला
श्रीमान्को नाम : देवेन्द्र पराजुली
शिक्षा : स्नातक
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : प्रत्यक्ष निर्वाचन

# महिला अधिकारका लागि लेखन र सङ्घर्ष

'शासित वर्गलाई मुक्ति दिने विचारले मैले राजनीतिमा प्रवेश गरेकी हुं,' कल्पना धमला भन्नुहुन्छ । उहाँ धादिङ जिल्लाबाट प्रत्यक्ष निर्वाचनमा प्रणालीबाट चुनिएर आउनु भएको हो ।

कल्पनालाई वर्गीय विभेदले सदैव चिन्तित बनाउँथ्यो । उहाँ भन्नुहुन्छ, 'हाम्रो मुलुकमा सामन्ती सोच हावी छ, र पुँजीवाद विकसित हुन बाँकी नै छ । माथिल्लो तहका पहुँचवाला १० प्रतिशतले ९० प्रतिशत जनसङ्ख्यालाई शासन गरिरहेको छ ।' यस्तो अवस्थामा पुरूष र महिला दुबैलाई राजनीतिमा निरन्तर रूपले सहभागी हुन गम्भीर चुनौती सिर्जना भएको छ । महिलालाई राजनीतिमा संलग्न हुन कठिनाइ छ । 'पुरूषहरूले वर्गीय मुक्तिका लागि आन्दोलन गर्दा पुग्छ भने महिलाले वर्गीय र लैङ्गिक मुक्ति दुबै मोर्चामा लड्नु पर्दछ ।' उहाँ थप्नुहुन्छ, 'त्यसैले सामन्ती वर्गलाई विस्थापित गरी उत्पीडित वर्गलाई शक्तिमा ल्याउनु जरूरी छ ।'

कल्पनाका एक दाजु, एक दिदी र दुई बहिनी हुनुहुन्छ । विद्यार्थी सङ्गठनमा आबद्ध दाजु दीपक धमलाले कल्पनालाई राजनीतिमा सक्रिय हुन प्रेरित गर्नुभएको थियो । विद्यार्थी सङ्गठनको सदस्य हुनुअघि नै उहाँ राजनीतिक आन्दोलनमा सहभागी हुन थाल्नुभएको थियो । २०४५ सालमा मुलुकमा प्रजातान्त्रिक आन्दोलन आरम्भ भएलगत्तै कल्पनाले विद्यार्थी सङ्गठनमा प्रवेश गर्नुभयो र २०४६ सालको जनआन्दोलनमा उहाँ सक्रियरूपले सहभागी हुनुभयो । कल्पना 'जनयुद्ध'कालमा नेकपा माओवादी पार्टीमा सक्रिय भएपछि सेनाले दाजु दीपकलाई यातना दिन थाल्यो, यसले गर्दा राम्ररी चलिरहेको पर्यटन व्यवसाय बन्द गर्न दाजु बाध्य हुनुभयो र त्यसपछि उहाँ विदेशिनु भयो ।

राजधानीको सरस्वती क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको कोषाध्यक्षको जिम्मेवारी निर्वाह गर्नुभएकी कल्पना २०५६ मा अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) को केन्द्रीय सदस्य चुनिनु भएको थियो ।

कल्पनाले २०५७, २०५९ र २०६३ सालमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को केन्द्रीय सचिवको जिम्मेवारी निर्वाह गर्नुभएको थियो । २०६० सालमा पार्टीको ललितपुर जिल्ला सचिव बन्नुका साथै उहाँ जनमुक्ति सेनाको कम्पनी सहकमान्डर पनि हुनुभयो । हाल उहाँ अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)को सम्मेलन आयोजक समितिको केन्द्रीय सचिवालय सदस्य, पार्टीको ताम्सालिङ राज्य समितिको सचिवालय सदस्य र धादिङ जिल्ला सहइन्चार्ज हुनुहुन्छ ।

कल्पनाले २०५०/२०५१ मा ललितपुरको श्रमिक शान्ति विद्यालय, च्यासलमा पढाउनु पनि भयो । तर, 'जनयुद्ध' चर्केकोले उहाँले अध्यापन पेशा छाड्नुभयो । उहाँको विवाह २०५३ सालमा देवेन्द्र पराजुलीसँग भयो । विवाहपश्चात् डेढ वर्षजति अध्यापन गरे पनि २०५४ सालको स्थानीय चुनावका क्रममा हिरासतमा परेपछि उहाँले अध्यापन पूर्णरूपमा छाड्नुभयो । उहाँ भन्नुहुन्छ, 'युद्धमा लडिरहेको अवस्थामा जनताको मुक्तिभन्दा अन्य कुरामा मेरो ध्यानै थिएन । युद्ध जित्यौं भने संसार हाम्रो हुन्छ त्यसैले 'जिते संसार, गए ज्यान' भन्ने विचार हामीमा थियो । मजस्तै हजारौं योद्धाले बलिदान गरेपछि मात्र मुलुक मुक्त हुन्छ भन्ने सोचाइ मेरो थियो ।' युद्धका क्रममा उहाँले साथी, शिक्षक र परिवारका सदस्यहरू गुमाउनु पर्‍यो । विगतका ती पीडादायी क्षण सम्झदै उहाँ भन्नुहुन्छ, 'साथीहरूका मृत शरीर त्यतिकै छाडेर हिँड्नु पर्दथ्यो, र सेनाका गोलीबाट बच्न भाग्नु पर्दथ्यो ।' २०५८ सालमा सङ्कटकाल घोषणा हुँदा उहाँले राज्यविरूद्धको अपराध मुद्दा खेप्नुपर्‍यो र उहाँको टाउकोको ३० लाख मूल्य तो कियो । इन्टरपोलमा उहाँमाथिको त्यो मुद्दा अझै पनि चलिरहेको छ ।

महिला भएकै कारण कल्पनाले पनि राजनीतिक यात्राका क्रममा धेरै किसिमका कठिनाइहरूसँग सामना गर्नुपरेको थियो । उहाँको अनुभव छ, 'बलिदानको भावनाबाटै मुलुकको स्वतन्त्रता र मुक्ति सुनिश्चित गर्न सकिन्छ । हाम्रै जस्तो युद्ध अर्को पुस्ताले लड्नु नपरोस् भन्ने म चाहन्छु । त्यसकारण नयाँ संविधानले सबै वर्ग र समूहका सवाललाई सम्बोधन गर्नुपर्छ ।'

संविधानसभामा व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको सदस्यका हैसियतले कल्पनाले सङ्घीयता, व्यवस्थापकीय अङ्गको स्वरूप र जिम्मेवारी समेतका धेरैवटा सवालमा आफ्ना भनाइ राख्नुभएको छ, 'जुनसुकै स्वरूपको सङ्घीयता भए पनि महिलाका निम्ति आरक्षण होइन समान अधिकार चाहिन्छ । उनीहरूलाई संवैधानिक निकायहरू, कुटनीतिक नियोगहरू र अन्य ठाउँमा समान स्थान दिइनुपर्दछ ।'

समसामयिक विषयमा पत्रपत्रिका र अन्य प्रकाशनमा नियमित लेखहरू लेख्दै आउनुभएकी कल्पनाले २०५४ सालदेखि महिला अधिकारका विषयमा कलम चलाउन थाल्नुभएको हो । उहाँले 'जनयुद्ध र महिला मुक्ति आन्दोलन' शीर्षकको पुस्तक समेत प्रकाशन गर्नुभएको छ जसमा विभिन्न समयमा उहाँले लेख्नुभएका लेखरचनाहरू सङ्कलित छन् । उहाँको विचारमा महिलाले गर्ने घरायसी कामको उचित मूल्याङ्कन हुनुपर्दछ र यसलाई कुल राष्ट्रिय आम्दानीमा जोडिनुपर्दछ । महिला अधिकार सम्बन्धमा उहाँ पाँचवटा 'स' को पक्षमा हुनुहुन्छ : शरीरमाथिको अधिकार, सम्पत्तिमाथिको अधिकार, श्रममाथिको अधिकार, सेनामाथिको अधिकार, सत्तामाथिको अधिकार । उहाँ भन्नुहुन्छ, 'महिलाको यी अधिकार सुनिश्चित गर्नु संविधानसभाको जिम्मेवारी हो ।'

मस्यौदा संविधानले धेरैवटा महत्वपूर्ण विषयलाई सम्बोधन गरेको भए पनि संविधानको मस्यौदामा राखिएका शर्तहरूले विषयलाई अझै जटिल बनाएका छन् भन्ने उहाँको धारणा छ । खासगरी, नेपाली नागरिकता प्राप्त गरेका आमाबाबुबाट जन्मने सन्तानले मात्र नागरिकता प्राप्त गर्ने व्यवस्थाले विषयलाई अझ जटिल बनाइरहेको छ । 'यो व्यवस्था भनेको एक हातले दिने र अर्को हातले लिनेजस्तो हो । यस्तो किसिमको संविधान हामीलाई चाहिएको होइन ।' उहाँ भन्नुहुन्छ । उहाँको विचारमा महिला सदस्यहरूबीच बुझाइमा एकरूपताको कमी रहेका कारणले पनि महिलाका धेरैवटा मुद्दाहरू कमजोर भइरहेका छन् । उहाँका अनुसार, संविधानसभामा रहेका सम्पूर्ण महिला सदस्यहरूका आआफ्ना निश्चित राजनीतिक, आर्थिक र सामाजिक पृष्ठभूमि र फरक राजनीतिक विचार धाराहरू छन् । यसका वावजुद पनि महिला समानता र महिला अधिकारका लागि महिलाहरू सदस्यहरू सङ्घर्षरत नै छन् । उहाँको भनाइ छ, 'तर हामी एकबद्ध हुन सकिरहेका छैनौं । संविधानसभामा रहेका सबै १९७ जना महिला एकै थलोमा आउने हो भने हामीले जस्तो काम गर्ने पनि सामर्थ्य राख्नसक्छौं ।'

कल्पनाको विचारमा पुरानो सामाजिक संरचनाका कारण आज पनि संविधानसभा जस्तो ठाउँमा महिलालाई पुरूष सदस्यहरूले खासै महत्व दिइरहेका छैनन् । उहाँ भन्नुहुन्छ, 'संविधानसभाको विशेष समयमा धेरैपटक मलाई बोल्न पर्याप्त समय दिइएको छैन र पुरूषको तुलनामा हामीलाई अपहेलना गरिएको महसुस गरेकी छु । यसबाहेक, महिलाबीचमा पनि केही प्रभावशाली महिलालाई मात्र विभिन्न अवसर दिइन्छ । जस्तो, गोष्ठी र तालिमहरूमा सहभागीको छनौट पक्षपातपूर्ण हुने गर्दछ । छनौटको निश्चित आधार हुनुपर्दछ र सबै महिला सदस्यलाई समान मौका दिइनुपर्दछ ।'

पद्मकन्या क्याम्पसबाट राजनीति र सामाजिक विज्ञान विषयमा स्नातक गर्नुभएकी कल्पना भविष्यमा महिलाका मुद्दा सम्बन्धी विश्लेषक बन्ने सोचाइमा हुनुहुन्छ । संविधानसभामा आएर जनताका आकाङ्क्षा पूरा गर्न नसकेकोमा पीडाबोध महसुस भए पनि समितिका प्रारम्भिक मस्यौदा तयार भएकोमा कल्पना सानै भए पनि उपलब्धि भएको ठान्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : कल्पना राणा |
| ठेगाना स्थायी | : ठमेल, काठमाण्डौं |
| अस्थायी | : कलंकी-१४, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४२३२०१२ (घर), ९७४११८२७०१ (मो) |
| जन्म मिति | : २०१२/०३/३० |
| जन्म स्थान | : माल्नेटा, सल्यान |
| आमाको नाम | : स्व. चित्रा शाह |
| बुबाको नाम | : स्व. नृपजङ्ग शाह |
| श्रीमान्को नाम | : दिवाकर नरसिंह राणा |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिला मुक्ति बिना राष्ट्रिय मुक्ति सम्भव छैन

२०२८ सालदेखि विद्यार्थी राजनीतिमा प्रवेश गर्नु भएकी कल्पना राणा २०४७ सालमा नेकपा (प्रजातान्त्रिक) मा संलग्न हुनुभयो । महिलालाई हेप्ने कुट्ने र गरीब तथा असहायलाई अपमान गर्ने प्रवृत्ति देख्दा सानै उमेरदेखि उहाँको मन आक्रान्त हुन्थ्यो । त्यसैगरी देशको पछौटेपन, गरिबी र परनिर्भरताले पनि उहाँलाई असन्तुष्ट तुल्याइरहन्थ्यो । यी नै अन्याय अत्याचार सहन नसक्ने र समाज परिवर्तन गर्न चाहने सोच तथा स्वभावले नै कल्पनालाई राजनीतिमा लाग्न प्रेरित गर्‍यो ।

सल्यानमा जन्मनु भएकी कल्पना नेपालगन्जमा हुर्कनु भयो र स्कुलस्तरसम्मको शिक्षा पनि उहाँले नेपालगन्जबाटै पूरा गर्नुभयो । समाजशास्त्र विषयमा स्नातकोत्तर चाहिँ उहाँले गोरखपुर विश्वविद्यालयबाट गर्नु भएको थियो । शिक्षा र आत्मनिर्भरता विना आफ्नो आत्मसम्मानको रक्षा गर्न सकिँदैन भन्ने बुझाइका कारणले गर्दा उहाँले स्नातकोत्तर तहसम्मको पढाइ पूरा नहुन्जेल घरपरिवार र समाजको दबाबका वावजुद पनि विवाह गर्न अस्वीकार गर्नुभयो । त्यतिबेलाको नेपाली समाज अहिलेको तुलनामा धेरै नै पछाडि थियो । देशमा लोकतन्त्र थिएन र समाज रूढिवादी थियो । कल्पना भन्नुहुन्छ, 'मैले भारतको गोरखपुरमा पढ्ने बेलामा नेपालको तुलनामा भारत र चीन धेरै नै विकसित थिए । यो देखेर मेरो मनमा हामी चाहिँ किन पछाडि पर्‍यौं भन्ने प्रश्न उठिरहन्थ्यो । यही जिज्ञासाले नै मलाई राजनीतितर्फ डोर्‍यायो ।'

ठकुरी र जमिन्दार परिवारमा जन्मनु हुर्कनु भएकी कल्पनाले राजनीतिमा लागेकाले विवाह अघि र पछिको दुबै अवस्थामा विभिन्न किसिमका सामाजिक उपहास, लाञ्छना, चरित्र हत्या जस्तो चुनौतीहरूसँग सामना गर्नुपर्‍यो । २०४५/४६ सालतिरसम्म कल्पना डब्लु एच ओ मा जागीरे हुनुहुन्थ्यो । तर, जागीर खाँदै पार्टीको काममा पनि हिँड्न समय र परिस्थितिले नदिएकाले उहाँले जागीर छोड्नु पर्ने अवस्था आयो । राम्रो तलव र सुविधा भएको जागीर छोडेर राजनीतिमा पूर्ण रूपले लाग्दा एकातिर उहाँले परिवारबाट आलोचना खप्नु पर्‍यो भने अर्कोतिर

परिवारको आर्थिक जिम्मेवारी निभाउन पनि उहाँलाई निकै नै गाह्रो भयो । उहाँ भन्नुहुन्छ, '२०४६ सालको जनआन्दोलनमा मैले डब्लु.एच.ओ. को जागीर छोडेँ । जागीर छोड्दा पार्टीका लागि जागीर छोडी भनेर म परिवारबाट आलोचित भएँ । राणा ठकुरी परिवारकी बुहारीले चप्पल र साधारण कपडा लगाएर पार्टीको काममा हिँड्दा यो त बहुला जस्तो हिँडी, परिवार बिगारी, राम्रो लुगा लगाइन भन्ने जस्ता आरोपहरू पनि मैले खेपेँ ।' कल्पना थप्नुहुन्छ, 'मलाई मान्छेको मूल्य र विचारलाई भन्दा पनि पैसालाई बढी मान्यता दिने हाम्रो समाजको चलन निकै नै नराम्रो लाग्छ र जे पनि व्यापारको दृष्टिले मात्र हेर्ने प्रवृत्ति पनि मलाई गलत लाग्छ ।'

कल्पना अहिले नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)को केन्द्रीय सचिवालय सदस्य, अर्थ विभाग प्रमुख, बाग्मती अञ्चल इन्चार्ज र संसदीय दलको प्रमुख सचेतक हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पार्टीसँग सम्बन्धित यी सबै कामहरू मैले सित्तैमा गर्नुपर्छ र सङ्गठनलाई पैसा जुटाउन पनि कुद्नुपर्छ । तर यसरी कुद्दा आफूलाई भने आर्थिक रूपमा निकै नै गाह्रो पर्छ । त्यसैले जसरी विद्यार्थीले बस वा सार्वजनिक सवारी चढ्दा केही प्रतिशत छुट् पाउँछन् । त्यसरी नै विभिन्न राजनीतिक पार्टीमा कार्यरत महिलाहरूले सार्वजनिक यातायातमा यात्रा गर्दा पनि छुट् हुनुपर्छ भनेर मैले मेरो पार्टी भित्र र बाहिर पनि आवाज उठाएकी छु, तर सुनुवाइ भएको छैन ।'

पार्टीको काममा व्यस्त भएर दशै, तिहार र तीज जस्ता चाडपर्वहरूमा आफन्तहरूलाई उपहार दिन नसक्दा, उनीहरूसँगै बसेर ती चाडपर्वहरू मनाउन नपाउँदा र पारिवारिक भेलामा उपस्थित हुन नसक्दा पनि कल्पनाले परिवारबाट आलोचित हुनुपरेको छ । उहाँ भन्नुहुन्छ, 'पार्टीको काममा हिँड्नु पर्ने भएकोले र विभिन्न सङ्घसंस्थाले बोलाउँदा जानुपर्ने भएकोले समय व्यवस्थापन गर्न मलाई सबैभन्दा गाह्रो पर्छ । यसले गर्दा परिवारलाई चाहे जति समय दिन नसक्ने अवस्था छ ।' तर यति दुःख गर्दा पनि पाार्टीभित्र महिला भएकै कारणले महिला फ्रन्ट बाहेक अरू महत्वपूर्ण जिम्मेवारी नदिने पितृसत्तावादी सोच रहेको उहाँको भनाइ छ, 'पार्टीभित्र महिलाहरूले हत्पति महत्वपूर्ण पद र जिम्मेवारी पनि पाउँदैनन् । तर मैले चाहिँ पार्टीमा आफ्नो स्थान बनाउन सफल भएकी छु र पुरूष सरह महत्वपूर्ण पद तथा जिम्मेवारीहरू पनि पाएकी छु ।'

कल्पना संवैधानिक समितिको सदस्य हुनुहुन्छ । साथै उहाँ व्यवस्थापिका संसद्को अर्थ र श्रम समितिको सदस्य तथा कार्यव्यवस्था परामर्श समितिको सदस्य पनि हुनुहुन्छ । आफू संलग्न समितिहरूमा कल्पनाले राज्यको हरेक तह तथा तप्कामा महिलाको ५० प्रतिशत सहभागिता हुनुपर्ने, नेतृत्वमा महिला पनि भएको राजनीतिक दललाई मात्र दलको रूपमा मान्यता दिइने प्रावधान हुनुपर्ने र महिलालाई पनि अनिवार्य रूपमा संवैधानिक अङ्ग तथा विभिन्न आयोगहरूको मुख्य जिम्मेवारी दिइनुपर्ने आवाज उठाउनु भएको छ । आफूले उठाएका मुद्दाबारे कल्पना भन्नुहुन्छ, 'मैले नयाँ संविधानमा प्रस्तावित राष्ट्रिय गानमा वीरहरूका साथमा विरांगना शब्द र प्रस्तावनामा उल्लेखित मानवअधिकार शब्द पछि महिला अधिकार पनि थप्नुपर्छ भनेर कुरा उठाएँ । साथै महिलाको पहिचान र आत्मसम्मानका कुरा पनि उठाएँ । किनभने महिला मुक्ति नभएसम्म राष्ट्रिय मुक्ति हुन सक्दैन र महिला सशक्तिकरण विना राष्ट्र सशक्त हुन सक्दैन न त समाज नै अघि बढ्न सक्छ ।'

संविधानसभाको सुझाव सङ्कलन गर्ने क्रममा कल्पना बाँके जिल्लामा जानु भएको थियो । उहाँका अनुसार सुझाव सङ्कलन प्रक्रिया राम्रो भएपनि यसको व्यवस्थापन पक्ष भने कमजोर थियो । गाविसहरू परिचालन हुन सकेका

थिएनन् र कहीं काङ्ग्रेस मात्र त कहीं कम्युनिष्ट मात्र सहभागीहरू थिए । सुझाव संकलन गर्न जाँदा उहाँले शिक्षित तथा उच्च वर्गका महिलाको उपस्थिति, दृष्टिकोण र विचारको कमी रहेको अनुभव गर्नुभयो । साथै प्रश्नावली लामो थियो र सरल भाषामा थिएन ।

छोरीलाई पनि छोरा समान पैतृक सम्पत्ति र वंशको अधिकार दिइनुपर्छ भन्ने कल्पनाको धारणा छ । २०५२/२०५३ सालतिर संसद् चलिरहेको बेलामा दर्शकका रूपमा संसद्भित्र पसेर पैतृक सम्पत्तिमा छोरीलाई पनि समान अधिकार दिइनुपर्ने माग गर्दै उहाँ लगायत अरू करिब २० जना महिला अधिकारकर्मीहरूले नारा लगाउनु भएको थियो । २०४८ सालको स्थानीय निर्वाचनमा उहाँ उपमेयर पदका लागि चुनावमा पनि उठ्नु भएको थियो ।

संविधानसभाका बैठकहरूका कुरा गर्दा कल्पना बढी भन्दा बढी अध्यक्षता ग्रहण गर्ने संविधानसभा सदस्यमा पर्नु हुन्छ । सदन चलिरहँदा अध्यक्षता गर्नका लागि १० जना अध्यक्ष मण्डल छानेको छ र कल्पना ती १० जना मध्ये एक हुनुहुन्छ । संविधानसभामा उहाँ बढीजसो समाजका उत्पीडित वर्ग जस्तो महिला, तेस्रो लिङ्गी, बहिरा, अपाङ्ग र दुर्गम क्षेत्रका नागरिकका मुद्दा उठाउने गर्नुहुन्छ । संविधानसभाको विषयगत समिति अन्तर्गत महिला समिति पनि बनाइनुपर्छ भनेर कल्पनाले पनि पैरवी गर्नुभएको थियो । तर महिला समिति बनाएपछि दलित, जनजाति, मधेसी समिति पनि बनाउनु पर्ने अवस्था आउँछ भनेर महिला समिति बनाउन दिइएन । यस सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'महिला समिति बनाउने विषयलाई लिएर महिला सभासद्हरूले जुन रूपले लड्नुपर्थ्यो र महिला सभासद्हरू जुनरूपले एकजुट हुनुपर्थ्यो त्यो हुन सकेन । महिला समिति बनाउनुपर्छ भनेर संविधानसभामा दबाब दिन महिलाहरूलाई पार्टीको अनुशासनले छेक्यो ।' तर, महिला समिति नबने पनि महिला ककसको स्थापना गर्न कल्पना पनि सक्रिय रूपले लाग्नुभयो र ककस स्थापना गर्न महिला सदस्यहरू सफल भए । ककसले महिलाका छुटेका मुद्दाहरूलाई नयाँ संविधानमा समेट्नका लागि सभामुख र संवैधानिक समितिका सभापतिलाई ज्ञापन पत्र पनि बुझाएको थियो ।

कार्यव्यवस्था समितिको बैठकले निर्णय गरे अनुसार संविधानसभा तथा व्यवस्थापिका संसद्मा बोल्नका लागि पार्टीको सदस्य संख्याको आधारमा समय छुट्याइन्छ । कल्पनाले प्रतिनिधित्व गर्नुभएको पार्टीको भागमा व्यवस्थापिका संसद्मा ३ मिनेट र संविधानसभामा करिब १५ मिनेट पर्छ । यसरी संविधानसभामा बोल्न पाइने १५ मिनेट पार्टीको कूल ५ जना प्रतिनिधिलाई बराबरी बाँड्दा प्रतिव्यक्ति ३ मिनेटका दरले पर्छ । एक त संविधानसभामा पर्याप्त मात्रामा बोल्ने समय नपाइने र अर्को महिलाले बोलेका विषयवस्तुहरूलाई दलहरूले गम्भीर रूपले नलिने अनुभव कल्पनाले पनि गर्नु भएको छ । उहाँ भन्नुहुन्छ, 'पार्टीहरू पुरूषप्रधान छन् र महिलाका मुद्दाप्रति पुरूषहरू असम्वेदनशील छन् । महिलाले महिला बाहेकका अरू मुद्दा उठाउँदा महिलाले पनि किन यस्ता विषयमा बोल्नुपर्ने भन्ने पुरूषहरू धारणा राख्छन् । त्यस्तै साना पार्टीका आवाजलाई ठूला पार्टीले बेवास्ता गर्ने पनि प्रवृत्ति छ ।' नयाँ संविधान महिला मैत्री हुनुपर्ने विचार राख्नु हुने कल्पना राजनीतिमा भएका त्रुटिहरू हटाउन र महिलाका हक अधिकार स्थापना गर्न भविष्यमा पनि राजनीतिमा नै लागिरहने प्रतिबद्धता जनाउनुहुन्छ ।



### व्यक्तिगत विवरण

नाम : कल्पना सोब
ठेगाना स्थायी : सरस्वती टोल, दिपायल नगरपालिका-३, डोटी, सेती
अस्थायी : बानेश्वर, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४४६१२८० (घर), ९८४८४३१४०२ (मो)
जन्म मिति : २०२९/१/५
जन्म स्थान : डोटी
आमाको नाम : दुर्गा घिमिरे
बुबाको नाम : पदमबहादुर घिमिरे
श्रीमान्‌को नाम : चित्रबहादुर सोब
शिक्षा : साधारण लेखपढ
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# दलितको रगत निलो हुन्छ र ?

विकट जिल्ला डोटीमा जन्मनु भएकी कल्पना सोवसँग दलित हुनुका धेरै पीडाहरू छन् । नेपाली समाजमा दलितलाई अमानवीय ढङ्गले जातीय आधारमा छुवाछुत र अपहेलना गर्ने चलन अझै हटिसकेको छैन । दलित भएकै कारण कल्पनाले पनि धेरै यस्ता भेदभाव र अपहेलना खप्नु पर्‍यो । यस्तै अनुभवहरूले उहाँलाई राजनीतिमा फलस्वस्वरू लाग्न सधैं घच्घच्याइरह्यो ।

१८-१९ वर्षको उमेरदेखि नेपाली काङ्ग्रेस पार्टीको चिठ्ठीपत्रहरू बाँड्ने, महिला र दलितका विषयमा हुने छलफलमा भाग लिने र पार्टीको सङ्गठन बिस्तार गर्ने काममा लाग्दालाग्दै कल्पना नेपाली काङ्ग्रेसको राजनीतिमा सक्रिय हुनुभयो । २०४८ सालतिरको आन्दोलनमा सहभागी हुँदा प्रहरीसँगको झडपमा प्रहरीको लठ्ठीले उहाँको टाउको फुट्यो । त्यसपछि राजनीतिमा लाग्न उहाँको जोश र जाँगर अझ बढ्यो । २०५१ सालदेखि उहाँ पूर्ण रूपले नै राजनीतिमा सक्रिय हुनुभयो ।

कल्पनालाई राजनीतिमा लाग्न उहाँको माइतीमा नै वातावरण तयार भइसकेको थियो । उहाँको बुबा राजनीतिक कार्यकर्ता हुनुहुन्थ्यो । कल्पनाको बिहे हुनु अघि बुबाले उहाँलाई राजनीतिमा लागेपछि धेरै कुरा सुनिन्छ, सिकिन्छ र जानिन्छ भनेर बारम्बार भनिरहनु हुन्थ्यो । तर राजनीतिमा सक्रिय हुन चाहिँ उहाँलाई दलितले भोग्ने गरेका अपमान र पीडाले नै प्रेरित गर्‍यो । दलितहरू अगाडि बढ्नुहुन्न । उनीहरूले आफ्नो परम्परागत पेशा बाहेक अरू पेशा अपनाउनु हुँदैन भन्ने जस्ता समाजको सङ्कुचित सोचलाई हटाउन पनि राजनीतिमा लाग्नुपर्छ भन्ने कल्पनालाई लाग्यो । उहाँ प्रश्न गर्नुहुन्छ, 'आखिर दलित र गैर दलित जसलाई काटे पनि रगत त दुबैको रातै हुन्छ । तर, दलितलाई यसरी छुवाछुत र अपमान किन गरिन्छ? दलितको रगत मात्र नीलो हुन्छ र?'

१६ वर्षको उमेरमा नै कल्पनाको विवाह भएको थियो । विवाह भएपछि माइतीमा जस्तो स्वतन्त्र भएर हिँड्न नमिले पनि उहाँको श्रीमान् चित्रबहादुर सोबले उहाँलाई राजनीतिमा अघि बढ्न निकै नै सहयोग र साथ दिनुभएकोले

उहाँलाई सजिलो भयो । सामान्यतया, नेपाली समाजमा श्रीमान्ले राजनीतिमा लाग्ने र श्रीमतीले घरको काम गर्ने र छोराछोरी तथा परिवारको हेरचाह गर्ने चलन छ । तर कल्पनाको मामिलामा भने श्रीमान्ले घर हेर्नुभयो र उहाँले राजनीति गर्नुभयो । त्यसैले पार्टीका काममा पुरूष कार्यकर्ताहरू सरह परेकोबेलामा रातदिन भोकभोकै वसेर पनि उहाँ काम गर्न समर्थ हुनुभयो । त्यसैको फलस्वरूप अहिले उहाँ नेपाली काङ्ग्रेस पार्टीका तर्फबाट संविधानसभा सदस्य चुनिनु भएको छ । डोटी जिल्लाबाट अरू ठूला पार्टीले दलितलाई संविधानसभा सदस्य बनाएनन् तर, नेपाली काङ्ग्रेसले उहाँलाई यो मौका दिएकोमा उहाँ अत्यन्त खुशी हुनुहुन्छ ।

कल्पना गाउँमा घटेको घटनाकाबारेमा सुनाउनुहुन्छ, 'एकजना दलितले मुकुट लगाएर नाच्दा अरू बच्चाहरू तर्सेर लडेछन् । त्यसपछि उनलाई तँ दलितले यस्तो काम गरेकैले बच्चाहरू लडेका हुन् भनेर गैर दलितहरूले कुटपिट गर्न थाले । यतिसम्म कि उसकी गर्भवती श्रीमतीलाई समेत उनीहरूले छाडेनन् । त्यो घटना विरूद्ध म आफै लागेँ र कुटपिटमा परेकी श्रीमतीलाई न्याय दिलाएँ । उनीहरूको उपचार पनि गराएरै छाडेँ ।'

दलितलाई गरिएको दुर्व्यवहारको अर्को एउटा घटना पनि कल्पना सम्फनु हुन्छ । एउटा कार्यक्रममा जाँदा सुरूमै कल्पनाले खाना लिएर खानुभयो । त्यसपछि दलितले छोएको भनेर कसैले पनि खाना खाएनन् । होटेलवालाले सबै खानाको पैसा जबरजस्ती कल्पनासँगै असुले । त्यो घटनापछि अरू विभिन्न कार्यक्रमहरूमा जाँदा अरूले खाएपछि मात्र बल्ल उहाँको पालो आउने चलन बस्यो । यस्तो अमानवीय भेदभावको विरूद्ध उहाँले धेरै ठाउँमा प्रतिकार गर्नुभयो । उहाँले त्यसरी प्रतिकार गर्ने भएकाले कतिपय साथीहरूले त कल्पना छुच्ची छ र कराइहाल्छे भनेर कार्यक्रमहरूमा नबोलाउने गर्न थालेको पनि उहाँको अनुभव छ ।

एकपटक डोटीको शैलेश्वरी मन्दिरमा मेला लागेको थियो । भक्तजनहरू पूजा सामग्री लिएर मन्दिरमा जाँदै थिए । कल्पना सोब पनि पूजाको थाली लिएर मन्दिर जानुभयो । तर उहाँले मन्दिर भित्र प्रवेश गर्ने लाग्दा गाउँकै एकजना गैर दलितले उहाँको बाटो छेके । उहाँ एकछिन त्यहीं रोकिनुभयो र एकछिन उभिएपछि उहाँलाई थाहाभयो कि त्यो व्यक्तिले बाहुन क्षेत्रीहरू मन्दिरतर्फ आइरहेको देखेर उनीहरूलाई बाटो छोड्न दलितहरूलाई रोक्ने गरिरहेको रहेछ । यो कुरा चाल पाएपछि कल्पना यसको विरोधमा उत्रनुभयो र पछि बल्ल मन्दिर प्रवेश गरी पूजा गर्ने पालो पाउनुभयो । २०५५ सालमा दलितमाथि मन्दिरमा हुने भेदभाव हटाउन कल्पना सोव र अन्य दलित अधिकारकर्मीहरूले जिल्लामा आन्दोलन सुरू गर्नुभयो । त्यसपश्चात मन्दिरमा एउटा टेबुल राख्ने चलन सुरू भयो । दलित र गैरदलित सबैले पूजाको थाली त्यही टेबुलमा राख्ने र पुजारीले थाली लिएर पूजा गरी थाली फर्काउने नियम बन्यो ।

कल्पना संविधानसभा सदस्य भइसकेपछि स्थानीय दाजुभाइहरूले उहाँलाई मन्दिरमा पैसा दान दिन आग्रह गरेका थिए, तर उहाँले मान्नुभएन । उनीहरूले मन्दिरका लागि किन दान नदिने भनेर सोधे । उहाँको जवाफ थियो, जुन मन्दिरमा दलितलाई प्रवेश नै गर्न दिइँदैन त्यस्तो मन्दिरमा किन पैसा हाल्ने ? त्यसको सट्टा उहाँले विद्यालय बनाउन पैसा खर्च गर्नुभयो । उहाँको विश्वास छ, सबै बालबालिकाले पढ्न पाए उनीहरू शिक्षित हुनेछन्, र शिक्षाले दलित र गैर दलितको विभेद हटाउनेछ ।

अचेल गाउँघरमा दलितमाथि हुने छुवाछुत र दुर्व्यवहार विरूद्ध जनचेतना जगाउन विभिन्न सङ्घसंस्थाहरू सक्रिय छन् । त्यसैले दलितलाई हेर्ने दृष्टिकोण र उनीहरूलाई गर्ने व्यवहारमा केही सकारात्मक परिवर्तनहरू देखापरेको कल्पनाको भनाइ छ । उहाँले गत संविधानसभाको चुनावमा पार्टीको प्रचारप्रसार गर्न जाँदा पनि 'म सुनारकी छोरी' भनेरै पार्टीलाई भोट माग्नुभएको थियो । सबैले राम्रै व्यवहार गरे । तर संविधानसभा सदस्य भएर काठमाण्डौं आइसकेपछि यतातिर पनि दलितलाई हेप्ने चलन अझै हटिनसकेको उहाँले अनुभव गर्नुभएको छ ।

कल्पना संविधानसभा अन्तर्गत क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिको सदस्य हुनुहुन्छ । संविधानसभामा महिला सदस्यहरूले उठाउने आवाजको खासै सुनुवाइ नभएको कल्पनाको पनि अनुभव छ । उहाँ भन्नुहुन्छ, 'एक त सदनमा पुरूषले जति महिलाले बोल्ने अवसरै पाउँदैनन्, पाइहाले पनि त्यसलाई कसैले सुन्दैनन् । अरू त अरू, समानताका पक्षधर सञ्चार माध्यमहरूले समेत पुरूष सभासद्हरूलाई मात्र खोजीखोजी अन्तर्वार्ता लिने र महिलालाई नदेखे झैं गर्छन् ।'

'सभासद्हरू भत्ता खाएर सुतिरहेका छन्' भन्ने जनताको आरोप सुन्दा दलित आन्दोलनबाट संविधानसभासम्म आइपुग्नु भएकी कल्पना सोवको मुटु चिसो हुन्छ । जनताले आशा गरे अनुरूप संविधान निर्माणको काम अघि नबढ्दा उहाँलाई थकथकी लाग्छ । अनि संविधान समयमै नलेखिएकोले जनताले सभासद्हरूलाई गाली गर्नुपनि स्वाभाविकै हो भन्न पनि ठान्नुहुन्छ ।

संविधान लेख्ने कार्यमा कल्पना आफूले सकेसम्म समय दिएको बताउनुहुन्छ । संविधान लेखनका लागि सुझाव सङ्कलन गर्न उहाँ गाउँगाउँमा पनि जानुभएको थियो । आफू संलग्न समितका बैठकहरूमा पनि सक्रिए भएर आफ्ना मतहरू दिनुभएको थियो । तर, यति हुँदा हुँदै पनि समयमै संविधान तयार हुन नसकेकोमा उहाँलाई पनि अरूलाई जस्तै पीर लागेको छ । कल्पना चिन्ता व्यक्त गर्दै भन्नुहुन्छ, 'मस्यौदा संविधान कहिले तयार हुने? मस्यौदा संविधान तयार भइसके पछि पनि त्यो ठीक छ कि छैन भनेर सोध्न फेरि गाउँ कहिले जाने?'



## व्यक्तिगत विवरण

नाम : कविताकुमारी सरदार
ठेगानाः स्थायी : झोराहाट गाविस-३, मोरङ, कोशी
अस्थायी : बत्तीसपुतली-२०, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४४८४८८४ (नि) ९८४१९५३७७५ (मो)
जन्म मिति : २०२१/१०/३
जन्म स्थान : झोराहाट-१, मोरङ
आमाको नाम : स्व. फुलेश्वरीदेवी सरदार
बुबाको नाम : स्व पदमकुमार सरदार
श्रीमान्को नाम : केशरकुमार सरदार
शिक्षा : प्रविणता प्रमाणपत्र तह
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# म बाँतर समुदायको पहिलो प्रतिनिधि हुँ

कविताकुमारी सरदार ६०१ सदस्यीय संविधानसभामा बाँतर समुदायबाट प्रतिनिधित्व गर्ने एकमात्र सदस्य हुनुहुन्छ । बाँतर समुदायकी एकमात्र सदस्य भएका कारण उहाँले आफ्नो समुदायका एजेन्डा र सवाललाई संविधानसभामा जोडदार रूपमा उठाउनुभएको छ । नेपाली काङ्ग्रेस पार्टीको सदस्य रहनुभएकी उहाँ मोरङ जिल्लाबाट संविधानसभामा मनोनित हुनुभएको हो ।

कविताकुमारी स्व. बिपी कोइरालाको वैचारिक स्पष्टताबाट प्रभावित र उत्प्रेरित हुनुभएको थियो । साथै, हजुर बुबाको किसान सङ्घमा संलग्नता, काका सरयुग सरदारको राजनीतिक इच्छा र बुबाको उच्च व्यक्तित्व पनि उहाँका लागि प्रेरणाका स्रोत थिए । यी व्यक्तिहरूले नै उहाँलाई प्रजातान्त्रिक आन्दोलनमा सहभागी हुन निरन्तर प्रेरित गरिरहे र २०४६ सालको जनआन्दोलनपछि उहाँ पूर्णरूपले राजनीतिमा सक्रिय हुनुभयो ।

गाउँमा प्रधानपञ्च भनेर चिनिनुभएका जिल्ला पञ्चायत सदस्य बुबाबाट खासरूपमा कविताकुमारी ज्यादै प्रभावित हुनुहुन्थ्यो । बुबाले उहाँ समेतका चारजना छोरीलाई दुई छोराभन्दा कहिल्यै असमान व्यवहार गर्नुभएन । समानता बुबाको अनुकरणीय विचार दर्शन थियो । बुबाले नै सबैलाई शिक्षित तुल्याउने ठूलो प्रयत्न गर्नुभएको थियो र कवितालाई चाहिँ उहाँले नर्स पढाउने सोचाइ राख्नुभएको थियो । कविता भन्नुहुन्छ, 'उहाँ अग्रसोच राख्ने र आफ्नो समयकालभन्दा अग्रगामी हुनुहुन्थ्यो ।' कविताकुमारी पहिले प्यान्ट लगाउनुहुन्थ्यो र यही कारण झोराहाटका गाउँलेले उहाँमाथि नकारात्मक टिप्पणी गर्दथे । झोराहाट विराटनगरबाट पाँच किलोमिटरको दूरीमा रहेको सानो गाउँ हो । यहाँ करिब ५,००० मानिसको बसोबास छ । तर उहाँलाई यस्ता टिप्पणीप्रति कुनै चिन्ता लाग्दैनथ्यो किनभने उहाँलाई बुबाको पूर्ण समर्थन थियो । 'कसैले औंला ठड्याएमा हरेक पटक बुबाले नै मेरो प्रतिरक्षा गर्नुहुन्थ्यो ।'

अल्पसङ्ख्यक दलित समूहभित्र पर्ने बाँतर समुदायको जनसङ्ख्या न्यून छ । बाँतर समुदायको बसोवास मोरङ, सुनसरी र सप्तरी जिल्लामा छ । बाँतर समुदायको तथ्याङ्क पर्याप्तरूपमा उपलब्ध छैन । २०५८ सालको जनगणना अनुसार यो समुदायको साक्षरता दर २६.१ प्रतिशत छ । यो समुदायका धेरै विद्यार्थीहरूले एसएलसी परीक्षामा सामेल हुनुअघि नै विद्यालय छाड्ने गरेका छन् । तर, कविताकुमारी भने अपवादमा पर्नुहुन्छ र स्थानीय बाँतर समुदायबाट एसएलसी उत्तीर्ण हुने उहाँ पहिलो व्यक्ति हुनुहुन्छ ।

आफ्नो समुदायका समस्यालाई राम्ररी बुझेको कारणले कविताकुमारीले संविधानसभामा बाँतर समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी र नीति निर्माण तहमा उनीहरूको प्रतिनिधित्वको माग गरिरहनुभएको छ । संविधानसभामा अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको सदस्य रहनुभएकी कविताकुमारीले दलित समुदायलाई सरकारले कम्तीमा उच्च शिक्षासम्म निःशुल्क उपलब्ध गराउनुपर्ने र अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको पहिचान दिलाउनु पर्ने आवाज उठाउँदै आउनुभएको छ । 'अल्पसङ्ख्यकमध्ये पनि बाँतरजस्ता अवसरविहीन समुदायलाई उचित पहिचान र अवसर दिन आवश्यक छ,' उहाँ भन्नुहुन्छ ।

कविताकुमारीका अनुसार उहाँ सानो छँदा ब्राह्मण र क्षेत्री साथीहरूले उहाँलाई मधेसी भनेर जिस्क्याउँथे । समाजका तथाकथित उपल्लो जात भन्नेहरूले उहाँलाई दलित भनेर घर तथा मन्दिरमा पस्न दिँदैनथे । 'म माथि भएका यस्तो व्यवहार सम्झिँदा म चकित हुन्छु । ब्राह्मण र क्षेत्रीहरूले भगवानलाई चढाउने फूल र माला पनि कुनै दलितले टिपेर उनेको हो भन्ने कुरा उनीहरू विचारै गर्दैनन्,' कविता भन्नुहुन्छ ।

कक्षा ९ मा अध्ययन छँदा उहाँको विवाह केशरकुमार सरदारसँग भयो । केशरकुमार अहिले मोरङको रवि माध्यमिक विद्यालयमा प्रधानाध्यापक र शिक्षक सङ्घको सदस्य पनि हुनुहुन्छ । विवाहपछि पनि सासुससुराको मद्दतका कारण उहाँले पढाइलाई निरन्तरता दिनुभयो र प्रविणता प्रमाणपत्र तहसम्मको पढाइ पूरा गर्नुभयो । यसबाहेक उहाँको सासु नै गाउँमा गठन भएको महिला समूहको सदस्य हुनुहुन्थ्यो र सासुले कविताकुमारीको राजनीतिप्रतिको रूचि बुझेर उहाँलाई सहयोग तथा समर्थन गर्नुहुन्थ्यो । उहाँ सुनाउनुहुन्छ, 'मेरा श्रीमान् र सासुले मलाई जहिल्यै पनि प्रोत्साहित गर्नुभयो र उहाँहरूको समर्थन नपाएको भए म आज संविधानसभाको जिम्मेवारी लिने सक्ने अवस्थामा पक्कै हुने थिइँन ।'

कविताकुमारीले मोरङको सुन्दर निम्नमाध्यमिक विद्यालयमा प्राथमिक तहको शिक्षिकाको रूपमा पनि काम गर्नुभयो । २०५० सालदेखि अध्यापन आरम्भ गरे पनि संविधानसभाको सदस्य चुनिएपछि उहाँले अध्यापनबाट राजीनामा दिनुभयो । विद्यालयमा अध्यापन आरम्भ गर्नुअघि उहाँले गाउँमा प्रौढ शिक्षाका कक्षाहरू चलाउनुहुन्थ्यो र यसक्रममा पनि उहाँले धेरै किसिमका चुनौतीसँग सामना गर्नुपर्‍यो । गाउँमा प्रौढ शिक्षाको नाममा राजनीतिक विचारको वीजारोपण गरेको आरोपमा उहाँलाई बदनाम गराउने काम पनि भयो तर उहाँले जनताकै सहयोगमा त्यस्ता कक्षाहरूलाई निरन्तरता दिनुभयो । विद्यालयमा अध्यापन गराउँदा पनि उहाँको राजनीतिक आबद्धताका विषयमा विद्यालय व्यवस्थापनबाट प्रश्न गरिने, समयमा तलब नदिइने तथा विद्यालयमा केही मिनेटमात्र ढिलो पुगेमा गयल गरिदिनेजस्ता समस्याहरू उहाँले झेल्नु पर्दथ्यो ।

यी यावत् समस्याका बाबजुद पनि कविताकुमारीले राजनीतिक आबद्धतालाई निरन्तरता दिनुभयो र नेपाली काङ्ग्रेस तथा यसको भ्रातृसंस्था नेपाल महिला सङ्घ दुबैमा जिम्मेवार भूमिका निभाउनु भयो । गाविस तहमा २०४८ र २०५५ मा नेपाल महिला सङ्घको गाउँस्तरीय सभापति हुनुभएकी उहाँ २०५५ मा महाधिवेशनमा जिल्ला सदस्यमा निर्वाचित हुनुभयो । २०५७ र २०६१ सालमा भने उहाँ शिक्षक सङ्घको क्षेत्रीय सदस्य बन्नुभयो । हाल कविताकुमारी नेपाल महिला सङ्घको आमन्त्रित केन्द्रीय सदस्य, बाह्रौं महाधिवेशनबाट पार्टीको निर्वाचित केन्द्रीय सदस्य र दलित सङ्घको केन्द्रीय सदस्य हुनुहुन्छ । नेपाल महिला सङ्घको गाउँ उपसमितिको सल्लाहकारका रूपमा समेत उहाँले सेवा पुऱ्याइरहनुभएको छ ।

लैङ्गिक र जातीय आधारमा आफूलाई सधैं सीमान्तकृत अनुभव गर्नुभएकी कविताकुमारीले संविधानसभामा निर्वाचित हुन पाउँदा आफ्नो समुदायका लागि केही पृथक काम गरेर देखाउने सुनौलो अवसर पाउनुभएको महसुस गर्नुभएको छ । 'समावेशीकरणको वर्तमान व्यवस्थाकै कारण यो अवसर मैले प्राप्त गरेकी हुँ । नत्र, म जस्तो महिलाले चुनाव लडेर यहाँ आइपुग्ने सम्भावना कमै छ ।' उहाँ भन्नुहुन्छ ।

संविधानसभामा बाँतर समुदायबाट प्रतिनिधित्व गरेपनि कविताकुमारीले दलित र अन्य सीमान्तकृत समूहको अधिकारका लागि पनि जोडदार रूपमा आवाज उठाउँदै आउनु भएको छ । 'मैले उठाएका अधिकांश मुद्दाहरूलाई संविधानको प्रारम्भिक मस्यौदामा समावेश गरिएका छन् र यी विषय महिला तथा अन्य अवसरविहीन समूहका दृष्टिबाट निकै सकारात्मक छन् ।' उहाँ भन्नुहुन्छ, तथापि अहिले संविधानसभामा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व राम्रै भए पनि महिलाका लागि समावेशी र समानुपातिक प्रतिनिधित्वको प्रत्याभूति गरिनुपर्छ भन्ने पक्षमा उहाँ हुनुहुन्छ । संविधानका प्रारम्भिक मस्यौदा तयारीका सिलसिलामा महिलाका विभिन्न मुद्दालाई समावेश गराउन महिला सदस्यहरूबीच अन्तर-पार्टी संयोजनको कमी रहेको उहाँ पनि स्वीकार गर्नुहुन्छ । साथै, महिलाका सवाललाई प्रारम्भिक मस्यौदामा समावेश गर्नका लागि पुरूष सदस्यहरूको सहयोगमा कमी रहेको पनि उहाँको ठम्याइ छ । यसबाहेक, महिला सदस्यहरूबीचको आर्थिक, शैक्षिक, भौगोलिक तथा राजनीतिक भिन्नता पनि केही हदसम्म सहमति निर्माणको बाधक वनेको उहाँको अनुभव छ ।

कविताकुमारीका लागि संविधानसभाका प्रत्येक दिन र क्षणहरू विशेष रहने गरेको छ । उहाँका अनुसार, धादिङ र गोरखामा जनमत सङ्कलनमा जाँदा त्यहाँका स्थानीय जनताहरूले संविधानसभाप्रति तीव्र अविश्वास र आशङ्का व्यक्त गरेका थिए । तर, उहाँले स्थानीय जनतालाई विश्वस्त तुल्याउनुका साथै प्रश्नावलीमा समाविष्ट नभएका मुद्दाहरूलाई समेत सुझावका रूपमा सङ्कलन गरेर संविधानसभासम्म ल्याउनुभएको थियो । उहाँ भन्नुहुन्छ, 'संविधानसभाले मेरो जीवनमा सधैँ विशेष स्थान ओगट्नेछ । म बाँतर समुदायबाट संविधानसभाबाट प्रतिनिधित्व गर्ने एकमात्र व्यक्ति हुँ । अहिले, म कविता सरदार मात्र होइन, म आफ्नो समुदायको प्रतिनिधि पनि हुँ । भविष्यमा पनि म देश र जनताप्रति उत्तरदायी रही काम गर्न चाहन्छु ।'



## व्यक्तिगत विवरण

नाम : कलावती देवी दुसाध
ठेगाना स्थायी : धरमनगर गाविस–१, शितलपुर, बारा,
अस्थायी : नयाँ बानेश्वर, काठमाण्डौं
सम्पर्क ठेगाना : ९८४९४८०९४२, ९८०६८५७६०६ (मो)
जन्म मिति : २०१८/०१/१
जन्म स्थान : पूर्वी चम्पारन, मोतिहारी, भारत
आमाको नाम : पतियादेवी पासवान
बुबाको नाम : गोपीचन्द पासवान
श्रीमान्‌को नाम : असर्फी पासवान
शिक्षा : माध्यमिक तह
राजनीतिक दल : मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# आफूलाई चिनाउन घुम्टो हटाउनैपर्छ ।

संविधानसभाको चुनाव अघिसम्म राजनीतिको क्षेत्रमा कहिल्यै नाम नसुनिएका महिलाहरू अब राजनीति छाड्न नसकिने बताउन थालेका छन् । मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) बाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत संविधानसभामा प्रतिनिधित्व गर्नुहुने कलावती देवी दुसाध यिनै महिलाहरूमा पर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म जीवनभर राजनीतिमै लाग्छु र मबाट अब राजनीति बाहेक अर्को काम हुन्न ।' महिला आन्दोलनका दृष्टिकोणले यो शुभ सङ्केत हो ।

कलावतीको जन्म २०१८ सालमा भारतको पूर्वी चम्पारन, मोतीहारी जिल्लामा भएको हो । दलितलाई गरिने छुवाछुत र अमानवीय व्यवहारले सानै उमेरदेखि कलावतीलाई निकै आक्रोशित तुल्याउँथ्यो । त्यसैले पनि दलित र महिला माथि हुने भेदभाव तथा हिंसा विरुद्ध सङ्घर्ष गर्न उहाँले महिला अधिकारको क्षेत्र र राजनीतिलाई रोज्नुभयो । मधेस आन्दोलन चर्किएपछि उहाँ राजनीतिक नेताको रूपमा अगाडि आउनुभयो ।

महिला अधिकार मञ्च नामक गैरसरकारी संस्था हुँदै संविधानसभाको सदस्य बन्नुभएकी कलावती २०६७ साल भदौमा भौतिक योजना तथा निर्माण सहायकमन्त्री हुनुभयो । सहायकमन्त्री हुँदा आफूले स्कुल, मन्दिर, बाटोघाटो, खानेपानीजस्ता निर्माण कार्यमा ध्यान दिएको कलावती बताउनुहुन्छ । महिलाले महिला मन्त्रालय बाहेक अरू मन्त्रालयहरू सम्हाल्न सक्दैनन् भन्ने पुरुषहरूको सोच छ । तर महिला मन्त्रालयबाहेकका अरू मन्त्रालयहरू पनि महिलाले चलाउन सक्छन् भनेर कलावती देवीको अनुभवले भन्छ, 'जिम्मेवारी दिँदा काम गरेर देखाइदियौं, अवसर दिए पो महिलाले गर्छन् ।'

महिलाले घरबाट बाहिर निस्कनु हुँदैन र घुम्टोले मुख छोपेर घरभित्रै बस्नुपर्छ भन्ने मधेसी समाजको मूल्य मान्यतालाई चुनौती दिँदै कलावतीले महिला अधिकारको क्षेत्रमा काम गर्न थाल्नुभएको थियो । अहिले मधेसी समुदायका कतिपय महिलाहरूले पनि उहाँको अनुशरण गर्न थालेका छन् । कलावती भन्नुहुन्छ, 'महिला

अधिकारका लागि काम गर्न थालेपछि मैले घुम्टो छाडेँ । टाउको र अनुहारबाट घुम्टो ननिकालेको भए हामीलाई कसले चिन्ने ? हामीले पनि त आफूलाई चिनाउन जरूरी छ र त्यसको लागि त घुम्टो फाल्नै पर्छ ।'

घुम्टो फालेर महिला अधिकारका कुरा गर्दै गाउँमा हिँड्दा 'महिला भएर त्यसरी हिँड्नु हुँदैन भनेर समाजले उहाँलाई निरूत्साहित पार्न नखोजेको पनि होइन । तर उहाँको पाइला थामिएन । उहाँको श्रीमान् असर्फी पासवानले पनि घर बाहिर निस्केर काम गर्न कलावतीलाई साथ दिनुभयो । श्रीमान्ले साथ दिएकाले पनि समाजले उहाँको पाइलामा चाहेर पनि अङ्कुश लगाउन सकेन । श्रीमान् र घरपरिवारको साथ पाएपछि चार छोरी र दुई छोराकी आमा कलावतीले घर बाहिरको संसारमा राम्रो स्थान बनाउन सक्नुभयो ।

कलावतीको पारिवारिक पृष्ठभूमि राजनीतिक भएका कारणले पनि उहाँलाई राजनीतिमा आउन सजिलो भयो । उहाँका जेठाजु गाविस वडाअध्यक्ष र श्रीमान् गाविस सदस्य हुनुहुन्थ्यो । मधेसी जनअधिकार फोरम नेपालमा केन्द्रीय महिला विभागको उपाध्यक्षको रूपमा कलावतीले २०६२ सालमा प्रवेश गर्नुभएको हो । पार्टी विभाजन भएपछि उहाँले मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) मा प्रवेश गर्नुभयो र २०६७ सालमा उहाँ केन्द्रीय सङ्गठन विभागको सदस्य बन्नुभयो ।

२०६३ सालमा बारा जिल्लाका ठूला जातिका वासिन्दाले दलितहरूलाई स्थानीय बलिरामपुर मन्दिरमा सात-आठ दिनसम्म पूजा गर्न, कलधारामा पानी थाप्न र धान-गहुँको मिलमा कुटानी पिसानी गर्न दिएनन् । दलितहरूले पनि ठूला जातिले आफूहरूलाई गरेको अन्याय र अत्याचारको विरोध जनाउन परम्परागत रूपले दलितहरूले गर्दै आएको सिनो फ्याँक्ने, बच्चाको नाल काट्ने आदि काम रोके । उनीहरूले ठूला जातिकाहरूले आफूहरूमाथि लगाएको नाकाबन्दीको विरोध गर्दै स्थानीय प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा गएर पनि विरोध जनाए । तर यो विवादलाई सुल्झाउन आफूले सशक्त भूमिका निर्वाह गरेको कलावती बताउनुहुन्छ ।

संविधानसभा सदस्य हुन पाएकोमा र दलित, मधेसी तथा महिलाका मुद्दा संविधानको मस्यौदा प्रतिवेदनमा राख्न पाएकामा कलावती खुशी व्यक्त गर्नुहुन्छ । सुरूमा संविधानसभाका नियम लगायतका विषयहरू बुझ्न उहाँलाई धेरै गाह्रो भयो, तर अहिले त्यो समस्या छैन । माध्यमिक शिक्षा उत्तीर्ण कलावती भन्नुहुन्छ, 'पढेर भन्दा परेर जानिँदो रहेछ ।'

संविधानसभा अन्तर्गतको अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हकअधिकार समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको महिला, बालबालिका र समाजकल्याण समितिकी सदस्य कलावतीले समितिको वैठकमा खासगरी तराईका महिलाहरूले बोक्सीको आरोपमा हिंसा खप्नुपर्ने र दहेज प्रथाले महिलाहरूले कुटपिट तथा अपमान सहनुपर्ने जस्ता कुराहरूलाई प्राथमिकताका साथ उठाउनुभयो । कलावती भन्नुहुन्छ, 'संविधानसभामा मधेसी महिलाहरूको संख्या कम छ । तर, म लगायत अरू मधेसी महिला सभासद्हरूले मधेसी महिलाका अधिकार र उनीहरूले भोग्ने विशेष प्रकारका समस्यालाई पनि नयाँ बन्ने संविधानले सम्बोधन गर्नुपर्छ भनेर प्रस्ताव राखेका छौं ।'

भारतबाट सोह्र वर्षको उमेरमा विवाह गरेर नेपाल भित्रनु भएकी कलावतीले विवाह लगत्तै नेपाली नागरिकताको प्रमाणपत्र पाउनुभएको थियो । तर अहिले संविधानसभाको विषयगत समिति अन्तर्गत रहेको मौलिकताको हक

सम्बन्धी समितिको प्रतिवेदनमा विदेशी पुरूष तथा महिला दुबैले नेपाली नागरिकसँग विहे गरेर आएपछि नागरिकता लिन १५ वर्ष कुर्नुपर्ने प्रावधान राखेको छ । संविधानको मस्यौदा प्रतिवेदनले गरेको यस्तो व्यवस्था ठीक नभएको उहाँको भनाइ छ । समानताका नाममा महिलाले खाइपाइ आएको सुविधा समेत काट्न लागेको उहाँ बताउनुहुन्छ । संविधानको मस्यौदा प्रतिवेदनमा परेको यो बुँदा खारेज हुनुपर्ने र भारतीय महिलाले नेपाली पुरूषसँग विवाह गरेर आउने वित्तिकै पहिले झैँ तुरून्तै विवाह दर्ता गराउन पाउनुपर्ने कलावतीको माग छ । नेपाल भारत बीचको सीमा क्षेत्रमा नेपाली र भारतीय नागरिकहरू बीच बिहावारी चल्ने हुँदा नागरिकताको विषयलाई जटिल बनाउन नहुने उहाँको तर्क छ । नागरिकताका विषयमा देखिएका विवादका सम्बन्धमा कलावती भन्नुहुन्छ, 'नेपाल भारतका जनताहरू बीच विवाह त धेरै पहिलेदेखि नै हुन्छ नि, हामी एकअर्का छिमेकी जो पर्‍यौँ । पुरूष अधिकारका लागि पुरूष एक हुन्छन् तर महिलाको पीडामा महिला मिल्न सकेका छैनन् ।'

मधेसी आन्दोलनको उपलब्धी स्वरूप सरकार र मधेसी समुदाय बीच भएको १६ वुँदे तथा ८ बुँदे सहमती कार्यान्वयन गराउन पनि आफू लागिपरेको कलावती बताउनुहुन्छ । १६ बुँदे सहमतीमा मधेसी समुदायले भोग्दै आएको बेरोजगारी, मधेसीको बहुमत भएको ठाउँमा मधेस राज्यको विषय र जनसंख्याको आधारमा क्षेत्र छुट्याउनु पर्ने जस्ता कुराहरू परेका छन् । मधेसीहरू प्रहरी, सेना, निजामती सेवाजस्ता क्षेत्रमा धेरै पछाडि परेको र उनीहरूले हरेक क्षेत्रमा प्रवेश गर्ने ढोकाहरू पनि बन्द भएको कलावतीको ठम्याइ छ । उहाँ राज्यको हरेक तह र तप्कामा मधेसीको जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने बताउनुहुन्छ । सङ्घीय राज्यमा दलितलाई छुट्टै क्षेत्र दिइनुपर्ने पनि कलावतीको भनाइ छ । दलितलाई छुट्टै क्षेत्र दिंदा राज्यको संयन्त्रहरूमा दलित समुदायको प्रतिनिधित्व बढ्ने हुँदा पनि यो प्रणालीमा जाँदा दलितका दृष्टिले उपयुक्त हुने कलावतीको भनाइ छ ।



## व्यक्तिगत विवरण

नाम : कल्याणी रिजाल

ठेगाना : शङ्खमूल, वडा नं ३४, काठमाण्डौ

सम्पर्क ठेगाना : ०१-४३११६३४ (घर) ९८४१५११७८२ (मो)

जन्म मिति : २०१८/१०/०५

जन्म स्थान : मातातीर्थ गाविस, वडा नं ४, काठमाण्डौ

आमाको नाम : रूकमिणी रिजाल

बुबाको नाम : शिवगोपाल रिजाल

शिक्षा : प्रमाणपत्र तह

राजनीतिक दल : नेपाली काङ्ग्रेस

निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# काङ्ग्रेसी छोरी

कल्याणी रिजालका अनुसार उहाँले बोल्न जानेदेखि नै उहाँले नेपाली काङ्ग्रेसको चारतारे झण्डा उठाएर हिंड्नुभयो । त्यसैले तत्कालीन पञ्चहरूले खिसि गरेर उहाँलाई 'काङ्ग्रेसी छोरी' भन्थे ।

मुलुकका लागि केही गर्छु भनेर राजनीतिमा लाग्दै जाँदा जनताले कल्याणीलाई संविधानसभामा प्रतिनिधिको रूपमा पुऱ्याए । तर तोकिएको समयभित्रै संविधान बनाउन नसक्दा उहाँलाई दु:ख लाग्छ । समयमै संविधान नबन्नुमा उहाँ सभासद्हरू भन्दा पार्टीका नेताहरू बढी जिम्मेवार रहेको ठान्नुहुन्छ । पार्टीका नेताहरूले देशका लागि त्याग र सम्झौता गर्न तयार भए संविधान छिटै जारी हुने उहाँको भनाइ छ ।

कल्याणीका बुबा शिव गोपाल रिजाल राणा शासन र पञ्चायत व्यवस्था विरूद्ध सक्रिय हुनुहुन्थ्यो । २०१८ सालतिर पञ्चायती व्यवस्थाको विरोध गरेकाले तत्कालीन सरकारले शिव गोपालको सर्वस्व हरण गरी जन्मकैद र चारपाटे मुड्वाको[६६] सजाय दियो । तर करिब १० वर्षपछि शिव गोपाल जेलमुक्त भए तापनि सम्पत्ति फिर्ता भएन । कल्याणीका मामाघरतर्फका हजुरबुबा र मामाहरू पनि राजनीतिमा सक्रिय थिए । राजनीतिक पृष्ठभूमि भएको परिवारमा हुर्केकाले उहाँको मनमा सानै उमेरदेखि अन्याय अत्याचार र तानाशाह विरूद्ध लड्नुपर्छ भन्ने भावना थियो ।

२०४६ सालअघि पञ्चायती व्यवस्था नस्वीकार्नेहरूलाई अ-राष्ट्रिय तत्व मानिन्थ्यो । पञ्चायती एकदलीय शासनका विरोध गर्नेहरूले कारावासको सजायँ भोग्थे र उनीहरूको धनसम्पत्ति जफत हुन्थ्यो । तर पञ्चायती व्यवस्थाको अन्त गरी देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था ल्याउनुपर्छ, धनी गरीब निमुखा, अपाङ्ग सबैको न्यायमा समान अधिकार हुनुपर्छ र नागरिकले समान अधिकार पाउनुपर्छ भन्ने कल्याणीको सोच थियो । तसर्थ उहाँले आफ्ना

---

[६६] अपमान र बेइज्जत गर्ने उद्देश्यले सार्वजनिक स्थलमा राखेर चारपाटे गरी कपाल खौरेने

जीवनका महत्वपूर्ण समय र क्षणहरूलाई राजनीतिमा नै समर्पण गर्नुभयो । उहाँ अविवाहित हुनुहुन्छ र विवाह नै सबैभन्दा महत्वपूर्ण कुरा हो भन्ने पनि उहाँलाई लाग्दैन । उहाँ भन्नुहुन्छ, 'विवाह पनि गरिनँ । मुलुकको लागि जुन सङ्घर्ष गरें त्यही नै मेरो जीवनी हो । जीवनभरि यही यात्रामा हिंड्ने हो भोली संविधान लेख्न नसकेर अर्को सङ्घर्ष गर्नुपर्ने दिन पनि आउन सक्छ त्यसका लागि पनि म तयार छु ।'

राजनीतिक तथा सामाजिक परिवर्तनका लागि कल्याणीले दिनुभएको योगदानलाई केलाउँदा, २०३६ सालदेखि उहाँले सक्रिय राजनीतिमा प्रवेश गर्नु भयो । २०३६ सालको जनमत सँग्रहमा पनि उहाँ क्रियाशील हुनुभयो । त्यतिबेला प्रहरी र प्रशासनको डरले बुबा शिवगोपाल रिजालको नेतृत्वमा उहाँ राती-राती सङ्गठनको काममा हिँड्नुहुन्थ्यो । प्रहरी र प्रशासनको डरले आफन्त र नातागोता समेत उहाँको परिवारलाई घरमा भेट्न आउन डर मान्थे । बाबु राजनीतिमा लागेकाले घरको आर्थिक अवस्था पनि कमजोर थियो । स्कुलको मासिक शुल्क तिर्न नसकेकोले स्कुलबाट निष्कासन भएको कुरा सम्झिँदा अझै पनि उहाँलाई दुःख लाग्छ । पुरानो कुरा सम्झिँदै उहाँले भन्नुभयो, 'घरमा प्रहरी आउने हामीलाई खोज्न । निकै मानसिक तनावबाट गुज्रनुपर्थ्यो । तर कुनै न कुनै बेला मुलुकमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था आउँछ भन्ने अठोटले हामी राती राती हिंड्ने र पर्चा बाँड्ने गर्थ्यौं ।'

२०४२ सालमा पञ्चायती व्यवस्थाको अन्त गर्ने उद्देश्यले गणेशमान सिंहको नेतृत्वमा सत्याग्रह आन्दोलन भयो । पार्टीले उहाँलाई त्यसबेला काठमाण्डौं वरपरका गाउँहरू सतुङ्गल, मातातीर्थ आदिमा गएर सङ्गठन गर्ने जिम्मा सुम्पिएको थियो । कल्याणी त्यतिबेला दुई हप्ता भूमिगत पनि हुनुभयो । त्यसरी नै २०४६ सालको प्रथम जनआन्दोलन र २०६५ को दोस्रो जनआन्दोलनमा पनि उहाँको सक्रिय भूमिका रहयो । २०६५ सालमा त उहाँ केही दिन जेल पनि पर्नुभयो । साथै नेपाली काङ्ग्रेसको चार वर्ष क्षेत्र नं १ को क्षेत्रीय सदस्य र सात वर्ष काठमाण्डौंको वडा नम्बर ३४ मा इकाइ सभापतिका रूपमा कार्यरत रहनुभयो । उहाँले नेपाल तरूण दलमा चार वर्ष केन्द्रीय सदस्य र पाँच वर्ष काठमाण्डौं जिल्ला अध्यक्षको भूमिका पनि निर्वाह गर्नुभयो । हाल उहाँ नेपाल महिला सङ्घको केन्द्रीय सदस्य, नेपाली काङ्ग्रेस संसदीय दलको कोषाध्यक्ष र पार्टीको महासमिति सदस्य हुनुहुन्छ ।

२०४६ साल अघि राजनीतिमा लाग्ने महिलाहरूलाई हेर्ने दृष्टिकोण अहिलेको तुलनामा धेरै साँघुरो र नकारात्मक थियो । त्यतिबेला राजनीतिमा लाग्न उहाँलाई घरबाट पूर्ण सहयोग भए तापनि घरबाहिर राजनीतिमा लाग्ने महिलाहरू छाडा हुन्छन् र महिलाले राजनीति गर्नु राम्रो होइन भन्ने धारणाले गर्दा काम गर्ने वातावरण सहज थिएन । तर, आज त्यो अवस्थामा केही परिवर्तन आए तापनि अझै पार्टी लगायत मुलुकका निर्णय गर्ने सम्पूर्ण ठाउँमा पुरूषकै वर्चश्व रहेको उहाँको ठम्याइ छ । पार्टीका जिम्मेवार पुरूषहरूले महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा पनि खासै सुधार नआएको उहाँको अनुभव छ । साथै, महिलाको योगदानको मूल्याङ्कन नहुँदा उहाँलाई निकै दुःख लाग्छ । तर, पार्टीले कल्याणी र उहाँको परिवारको त्याग तथा योगदानलाई कदर गरेर समानुपातिकतर्फबाट संविधानसभा सदस्य बन्ने मौका दिँदा उहाँलाई खुशी पनि लागेको छ । पार्टीले अझै पनि उहाँको परिवारको त्यागको राम्रो मूल्याङ्कन गरेको छैन भन्ने उहाँलाई लाग्छ । पार्टीले उहाँ र उहाँको परिवारको

योगदानको राम्रो मूल्याङ्कन गर्ने हो भने पार्टीको माथिल्लो तहसम्म पुग्न उहाँलाई केहीले पनि रोक्न नसक्ने उहाँको भनाइ छ । पार्टीले दुःख गर्ने महिलाहरूको राम्रो मूल्याङ्कन गर्न सके मात्र महिलालाई पार्टीमा आउन प्रेरणा मिल्ने विचार उहाँ व्यक्त गर्नु हुन्छ ।

नेपाली काङ्ग्रेस जस्तो सबैभन्दा लामो इतिहास बोकेको पार्टीमा समेत इकाइदेखि माथिल्लो तहसम्म १८ प्रतिशत मात्र महिला रहेको अवस्थालाई औँल्याउँदै कल्याणीले नयाँ संविधान नबनेसम्म महिलाहरू तयारीका साथ बस्नुपर्ने र जुनसुकै पार्टीका भए तापनि आफ्ना मुद्दामा महिलाहरू एकजुट हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'पार्टीको सम्पूर्ण निर्णय गर्ने अधिकार शक्ति अझै पुरूषमा नै छ । त्यसैले पार्टीहरूका निर्णायक तहमा ३३ प्रतिशत महिलाको स्थान सुनिश्चित गर्न हामीले अझै धेरै सङ्घर्ष गर्नुछ । ५० प्रतिशतको कुरा त धेरै टाढा छ ।' अब बन्ने संविधानमा कमसे कम ३३ प्रतिशत महिलाको सिट व्यवस्थापिका संसद् लगायत राज्यका हरेक अङ्गमा सुनिश्चित हुनैपर्ने उहाँको माग छ । तर, आफ्नो विचार तथा माग स्पष्टसँग राख्न सक्ने र अडानमा बस्ने महिलाले पार्टीको चुनाव हारेका छन् र उहाँको पनि यही अवस्था छ । गत २०६७ सालमा नेपाली काङ्ग्रेसको महाधिवेशनमा उहाँले पार्टीको केन्द्रीय सदस्य पदका लागि चुनाव लड्नु भएको थियो तर उहाँले सो चुनाव जित्न सक्नु भएन ।

सानैदेखि राजनीतिमा होमिएकाले संविधानसभाको सदस्य भएपछि उहाँलाई संविधानसभाको नीति नियम आदि बुझ्न खासै कठिन भएन । उहाँ संविधानसभाको विषयगत समिति अर्न्तगतको न्यायप्रणाली सम्बन्धी समितिको सदस्य हुनुहुन्छ । आफू संलग्न रहेको समितिमा मुख्यतया उहाँले नयाँ बन्ने संविधानमा महिलाको मात्र मुद्दा हेर्नका लागि पारिवारिक अदालतको व्यवस्था हुनुपर्छ भन्ने माग गर्नु भएको थियो । तर समितिमा यो विषयमाथि छलफल हुँदा महिला अदालत आए जनजाति, दलित, मधेसी, अपाङ्ग आदि अदालत पनि आउँछन् र मुलुकले यो धान्न सक्दैन भनेर त्यसलाई पन्छाइयो ।

कल्याणीको अनुभवमा संविधानसभाभित्र महिला र पुरूष सभासद्को हैसियत बराबर छैन । महिलाहरू जतिसुकै पढेलेखेको र अनुभवी भएतापनि महिलाले पार्टी, संविधानसभा र मुलुक चलाउन सक्दैनन् भन्ने धेरै पुरूषहरूको धारणा छ । तर हिजोआज महिलाहरू आफ्ना अधिकारप्रति सचेत हुँदै गएकाले पुरूष सभासद्हरूले महिलाको खुलेर विरोध गर्न चाहिँ सक्दैनन् । संविधानसभामा महिलाको हक अधिकारका मुद्दा उठ्दा पुरूषहरू मुखले हुँदैन भन्दैनन्, बरू हामी सहयोग गर्छौं चाहिँ भन्छन्, तर कार्यान्वयन भने फितलो छ । संविधानसभाभित्र एकजनाले बढीमा ३-४ मिनटभन्दा बढी बोल्ने समय नपाउने भएकोले सामान्यतया महिलाले महिलाकै मुद्दामा बोल्ने र पुरूषले राष्ट्रिय मुद्दामा बोल्ने प्रवृत्ति छ । राष्ट्रिय मुद्दामा महिलालाई बोल्ने अवसर पुरूषको तुलनामा कम मिल्छ । तर महिलाले अब महिलाको मात्र कुरा नगरी राष्ट्र र राष्ट्रियताको पनि कुरा उठाउनु पर्ने उहाँको धारणा छ ।



**व्यक्तिगत विवरण**

नाम : करिमा बेगम
ठेगाना स्थायी : राधेमाइ टोल, विरगञ्ज उपमहानगरपालिका-१६, पर्सा, नारायणी
अस्थायी : कुपण्डोल, ललितपुर
सम्पर्क ठेगाना : ९८५१११५९६९ (मो)
जन्म मिति : २०३२/१२/१०
जन्म स्थान : विरगञ्ज, पर्सा
आमाको नाम : सकिना खातुन
बुबाको नाम : सैयल अब्दुल हादी
श्रीमान्को नाम : मोहम्मद सलाहुद्दिन
शिक्षा : माध्यमिक तह
राजनीतिक दल : मधेसी जनाधिकार फोरम नेपाल लोकतान्त्रिक
निर्वाचन प्रणाली : प्रत्यक्ष निर्वाचन

# मैले नडराइकन थुप्रै चुनौतिको सामना गरें

करिमा बेगमको राजनीतिक यात्रा २०६१ सालदेखि सुरू भएको हो । २०६२/६३ को मधेस आन्दोलनमा उहाँले सक्रिय रूपले भाग लिनु भएको थियो । सुरुमा सद्भावना पार्टीबाट राजनीतिमा प्रवेश गर्नु भएकी करिमा मधेस आन्दोलनपछि मधेसी जनाधिकार फोरम नेपालमा आबद्ध हुनुभयो । उक्त पार्टी विभाजन भएपछि उहाँ हाल मधेसी जनाधिकार फोरम, लोकतान्त्रिकमा हुनुहुन्छ । मधेस आन्दोलनकाबारेमा उहाँ भन्नुहुन्छ, 'उपेन्द्र यादवको नेतृत्वमा मधेसमा आन्दोलन अघि बढिरहेको थियो । आन्दोलनलाई दबाउन प्रहरी प्रशासन पनि सक्रिय भएर लागेको थियो । मैले गोली लागेका आन्दोलनकारीलाई पिठ्युँमा बोकेरै भए पनि अस्पताल पुऱ्याएँ । मेरो काम देखेर म सद्भावना पार्टीको कार्यकर्ता भए पनि सबैले मलाई फोरमको कार्यकर्ताको रूपमा चिन्न थाले । त्यसपछि फोरमले मलाई महिला फोरम नेपालको जिल्ला अध्यक्ष बनायो र आन्दोलनको अगुवाई गर्न लगायो ।'

कृषि राज्यमन्त्री भएपछि करिमासँग जोडिएको एउटा घटना निकै चर्चामा रह्यो । करिमाले पर्साका प्रमुख जिल्ला अधिकारी दुर्गा अधिकारीलाई थप्पड हानेको घटनाले सडकदेखि सदनसम्म हलचल मच्चायो । त्यो घटनामा सिडीओ दुर्गा अधिकारीलाई थप्पड हान्नु आफ्नो बाध्यता भएको र मिडियाले त्यसलाई अतिरञ्जित गरी गलत प्रचार गरेको करिमाको दाबी छ ।

करिमालाई सानैदेखि समाजसेवा गर्ने चाहना थियो । आफ्नो घरमा चोरेर भएपनि दुःख पाएका अरू मानिसहरूलाई खुवाउने उहाँको बानी थियो । गाउँघरमा कसैलाई केही समस्या परे वा भैँ झगडा भए पीडितलाई सहयोग गर्न उहाँ अदालत, जिल्ला प्रशासन र प्रहरी कार्यालयमा कुदी हाल्नु हुन्थ्यो । बिरामी भएकालाई अस्पताल लैजानु हुन्थ्यो । यसरी समाजसेवा गर्ने क्रममा उहाँले समाजबाट अनेक किसिमका आरोपहरू पनि खेप्नु पऱ्यो । करिमा भन्नुहुन्छ, 'एकपटक एकजना गाउँको महिला सुत्केरी हुन नसक्दा राती २ बजे हस्पिटल लैजान सहयोग गरेँ र अस्पताल पुगेपछि थाहाभयो बच्चा पेटमा मरिसकेको रहेछ ।'

ठूला नेताले जनतालाई यो गर्छु र त्यो गर्छु भनेर आश्वासन बाँडे पनि आवश्यक पर्दा केही नगर्ने प्रवृत्तिबाट वाक्क दिक्क हुनुभएकी करिमालाई केही काम गरेर देखाउन राजनीति नै चाँहिदो रहेछ भन्ने महसुस भयो । तर, मुस्लिम परिवारमा जन्मिनु भएकी करिमाका लागि राजनीतिको यात्रा त्यति सहज थिएन । त्यसमाथि उहाँको पारिवारिक पृष्ठभूमि पनि राजनीतिक थिएन । बुबा मुस्लिम समुदायको धर्म गुरू मौलाना हुनुहुन्थ्यो । करिमाको आफूभन्दा दोब्बर उमेरको व्यक्तिसँग बिहे भएको थियो र श्रीमान्सँग राम्रो सम्बन्ध नभएपछि सम्बन्ध विच्छेद गरेर उहाँले दोस्रो बिहे गर्नु भएको थियो । पहिलो श्रीमान्सँग सम्बन्ध विच्छेद गरेर दोस्रो बिहे गर्दा समाजले उहाँलाई अनेक चारित्रिक विचलनको आरोप लगाएको थियो र उहाँले ती सबैसँग सामना गर्नुभयो । बिहेपछि पनि करिमाले अनेक बाधाहरूसँग लड्दै समाजसेवाको काममा निरन्तर रूपले लागिरहनुभयो ।

एउटा घटनामा एकजना निर्दोष व्यक्तिलाई फसाएर १२ करोड घोटाला गरेको आरोपमा २५ दिनसम्म थुनामा राखेको थियो । तर आफूले अदालतमा गएर सो व्यक्तिको पक्षमा बयान दिँदा उसले न्याय पाएको करिमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, '१२ करोड घोटाला गर्ने मान्छेको आङमा ढाक्ने गतिलो लुगासमेत छैन र उसले त्यत्रो रकम घोटाला गरेको भए ऊ यसरी नेपालमै बसी राख्दैन भनेर मैले बयान दिएपछि न्यायाधीशले पनि उसलाई निर्दोष साबित गरेको थियो । यसपछि स्थानीय पत्रपत्रिकामा मेरोबारेमा समाचार र मेरो तस्वीर छापियो । यो घटनापछि राजनीतिक पार्टीहरूले मलाई पार्टीमा आबद्ध हुन प्रस्ताव गर्न थाले ।'

मधेस आन्दोलनमा निभाउनु भएको भूमिकाको मूल्याङ्कन गरेर पार्टीले वीरगञ्ज क्षेत्र नं १ बाट करिमालाई चुनावको टिकट दियो । उहाँलाई पार्टीले चुनाव दिएको क्षेत्र काङ्ग्रेस र पहाडी मूलका मानिसको गढ थियो । काङ्ग्रेसका राजेन्द्र अमात्य र राप्रपाका विमल श्रीवास्तवजस्ता पुराना खेलाडीहसँगको चुनावी प्रतिस्पर्धा उहाँका लागि निकै कडा सावित भयो । त्यसैले पार्टीले आफूलाई चुनाव हार्ने ठाउँमा टिकट दिएको भन्ने पनि उहाँलाई लाग्यो । टिकट पाइसकेपछि चुनावमा भाग नलिन करिमालाई अनेक धम्की आए र चुनावकाबेला उहाँ आफ्नो गाडीमाथि गोली समेत प्रहार भएको दाबी गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'चुनावका बेला मेरो बच्चालाई अपहरण गर्छु, श्रीमान्लाई मारिदिन्छु र घर उडाइ दिन्छु भन्ने जस्ता धम्कीहरू मैले बेहोर्नु पऱ्यो । कतिले चाहिँ मैले चुनाव लड्न सक्दिन र पैसा लिएर म चुपचाप लागेर बस्छु र चुनावमा उठ्दिन भन्ने हल्ला पनि चलाए ।' उहाँ ती दिनहरू सम्झिनुहुन्छ, 'कतिले मलाई तिमीले चुनाव लड्न सक्दैनौ त्यसैले बरू चुनाव नलडेर भाग पनि भने, तर मैले नडराईकन थुप्रै चुनौतिको सामना गर्दै चुनाव लडेँ ।' अन्ततः १८ हजार भोट ल्याएर करिमाले चुनाव जित्नुभयो ।

जीवनमा धेरै उतारचढाव सहेर र कडा सङ्घर्ष गरेर आफू आज संविधानसभासम्म आइपुग्न सफल भएको करिमा बताउनुहुन्छ । संविधानसभा सदस्य भएपछि आफू संलग्न सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा र संविधानसभामा करिमाले मधेस र महिलाका मुद्दा विशेष रूपले उठाउदै आउनु भएको छ । खासगरी महिला विरूद्ध हुने घरेलु हिंसा, महिलाको शिक्षा र स्वास्थ्यका साथै जनसंख्याको आधारमा राज्यको हरेक निकायमा महिलाको कम्तिमा ५० प्रतिशत सहभागिता हुनुपर्ने कुरामा उहाँले जोड दिनु भएको छ । नेपाली महिलाभित्र पनि मधेसी महिला, दलित, आदिवासी/जनजाति र मुस्लिम महिला सबैका लागि छुट्टै आरक्षण हुनुपर्छ भनेर पनि करिमाले फरक मत राख्नु भएको छ । साथै सङ्घीय राज्यको न्यायालय र प्रान्तमा अधिकारको बाँडफाँड जातीय आधार हुनुपर्छ भनेर पनि उहाँले कुरा राख्नु भएको छ ।

महिलाका मुद्दा सशक्त रूपले उठाउन महिलाहरू बीच आपसी सहयोगको अभाव रहेको करिमा देख्नु हुन्छ । अरू समुदायका कमहिलाहरूले मधेसी महिलाका मुद्दालाई साथ नदिने प्रवृति रहेको पनि उहाँको आरोप छ । व्यावहारिक रूपमा पनि महिलाले समेत पुरूषलाई बढी विश्वास गर्ने समस्या रहेको पनि उहाँले अनुभव गर्नु भएको छ । सुरक्षागार्ड र प्रशासनले समेत महिला सदस्यहरूलाई त्यति वास्ता नगर्ने र अर्थमन्त्रालयजस्ता निकायले पनि महिला मन्त्री र महिला संविधानसभा सदस्यहरूले माग गरेका विकासका योजनाहरूलाई प्राथमिकतामा नपार्ने गरेको उहाँ बताउनुहुन्छ । यसका साथै संविधानसभाभित्र बोल्ने कुरामा पनि महिला सदस्यले पुरूष सदस्य सरह समय नपाउने गरेको र महिलाले विकास, हिंसा र महंगी वा जुनसुकै विषयमा बोल्दा पनि पुरूष सदस्यले गम्भीरतापूर्वक नलिने गरेको पनि उहाँको अनुभव छ ।

छुवाछुतको अन्त्य, मुस्लिम आयोग गठन, मदरसा बोर्ड, मुस्लिमलाई उच्च शिक्षाको व्यवस्था, मुस्लिम समुदायको जनसंख्याको आधारमा राज्यको हरेक निकायमा आरक्षण लगायतका मुद्दाहरू पनि उहाँले संविधानसभामा उठाउँदै आउनु भएको छ । तराई क्षेत्रमा भोजपुरी, मैथिली र अबधी भाषालाई पनि सरकारी कामकाजको भाषा बनाउनु पर्छ भन्ने पनि उहाँको माग छ । यस्तै, हिन्दी भाषालाई राष्ट्रिय भाषाको रूपमा मान्यता दिनुपर्छ भनेर फरक मत राखेको पनि करिमा बताउनुहुन्छ ।

छिटै नयाँ संविधान दिएर गरिबी, हिंसा र पछौटेपनबाट देशलाई मुक्त गर्ने सोचले संविधानसभामा आए पनि मुख्य दलहरूको खिचातानी र उग्रपन्थी धारले गर्दा देश ओरालो लागिरहेको करिमाको भनाइ छ । अन्य संविधानसभा सदस्यलाई जस्तै करिमालाई पनि समयमा संविधान बनेन भने कुन अनुहार लिएर जनता सामु जाने र के जवाफ दिने भन्ने पिरलो छ । आखिर जनता भन्ने गर्छन्, 'सभासद्ले भत्ता खाएर केही गरेनन् ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : काशीदेवी झा |
| ठेगाना स्थायी | : नगराइन गाविस-६, जटही टोल, धनुषा, जनकपुर |
| अस्थायी | : बागडोल, ललितपुर |
| सम्पर्क ठेगाना | : ९८०६२०५२६८ (मो) |
| जन्म मिति | : २००३/५/८ |
| जन्म स्थान | : लक्ष्मीनिया गाविस, कुम्हरारा टोल, धनुषा |
| आमाको नाम | : भुल्लरदेवी ठाकुर |
| बुबाको नाम | : अमुल ठाकुर |
| श्रीमान्को नाम | : स्व. दुर्गानन्द झा |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : तराई मधेस लोकतान्त्रिक पार्टी |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीतिक जीवन अप्ठेरो लाग्यो

काशीदेवी झा आफू संविधानसभा सदस्य बन्नुमा आफ्नो व्यक्तिगत प्रयासभन्दा पनि श्रीमान् दुर्गानन्द झाको योगदान देख्नुहुन्छ । सहिदपत्नी भएकै कारण काशीदेवीलाई तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) ले समानुपातिक तर्फबाट संविधानसभा सदस्य चुनेको थियो । नेपाली काङ्ग्रेसका कार्यकर्ता दुर्गानन्द झा तथा काङ्ग्रेस परित्याग गर्नुभएका तमलोपाका अध्यक्ष महन्थ ठाकुरको विगतको कार्यगत एकता नै काशीदेवीले संविधानसभा सदस्य बन्ने कडी बन्न पुग्यो ।

पन्ध्र वर्षको उमेरमा विवाह गरेर १६ वर्षसम्म माइतमै बसेका कारण श्रीमान् दुर्गानन्दसँग काशीदेवीको खासै सम्पर्क तथा कुराकानी हुन पाएको थिएन । श्रीमान् राजनीतिमा संलग्न भएको कुरा सुनेपनि उहाँ कुन पार्टीमा कसरी संलग्न हुनुहुन्थ्यो भन्ने कुरा पनि काशीदेवीलाई जानकारी थिएन । काशीदेवी र दुर्गानन्दको कुनै सन्तान पनि भएनन् ।

दुर्गानन्द एक्लो छोरा हुनुहुन्थ्यो । काशीदेवीकी सासु सुकमारीदेवी झाले यसरी एक्लो छोरा दुर्गानन्दको राजनीतिक सक्रियता राम्ररी थाहा पाएको भए विवाहका लागि जोड दिँदैनथे भन्ने गर्नुहुन्थ्यो । दुर्गानन्द जन्मिएको चार महिनामै दुर्गानन्दका पिता देवनारायणको मृत्यु भएको थियो । सुकमारीदेवीको इच्छा दुर्गानन्दलाई धेरै पढाएर ठूलो मान्छे बनाउने थियो । यसैका लागि उहाँले धेरै दुःख पनि गर्नुभयो ।

काशीदेवीका अनुसार सहिद दुर्गानन्द झा सानै उमेरदेखि राजनीतिमा चाख राख्ने अत्यन्त सक्रिय, जुझारू र विद्रोही नेता हुनुहुन्थ्यो । तत्कालीन निरङ्कुश एकदलीय पञ्चायती व्यवस्था विरूद्ध लाग्नु भएका दुर्गानन्द तत्कालीन प्रहरी प्रशासनबाट बच्न आवश्यकताअनुसार भेष बदलेर पनि हिँड्ने गर्नुहुन्थ्यो । २०१८ साल माघ ९ गते धनुषा जिल्लाको जनकपुरस्थित जानकी मन्दिरमा तत्कालीन राजा महेन्द्रको भ्रमण थियो । राजा महेन्द्र

चढेको गाडीमा काङ्ग्रेस पार्टीकै निर्देशनअनुसार जोशिला दुर्गानन्दले बम हान्नुभयो । जनकपुर मन्दिर परिसरमा राजा महेन्द्र चढेको गाडीमा बम हानेपछि उहाँ भागेर भारत जानुभयो । तर उहाँका अन्य छजना साथीहरू भने पक्राउ परे ।

साथीहरू पक्राउ परेपछि बमकाण्डको जिम्मेवारी आफूले लिन दुर्गानन्द नेपाल फर्कनुभयो र २०१९ साल असारमा उहाँ पक्राउमा पर्नुभयो । पक्राउ परेका दुर्गानन्दलाई तत्कालीन सरकारले माफी मागे छाडिदिने शर्त राखेको थियो । तर प्रजातन्त्रका लागि जीवन दिन तयार दुर्गानन्दले तानाशाही सरकार अगाडि झुक्न चाहनुभएन र उहाँलाई फाँसीको सजायँ सुनाइयो । अन्ततः २०२० साल माघ १५ गते मध्यरात दुर्गानन्दलाई काठमाण्डौंमा फाँसी दिने तयारी गरियो ।

फाँसी दिने निश्चित भएपछि दुर्गानन्दकी आमा र श्रीमती काशीदेवीलाई अन्तिम भेटका लागि काठमाण्डौं बोलाइयो । तर श्रीमान्लाई फाँसी दिइने सम्बन्धमा काशीदेवीलाई केही थाहा थिएन । उहाँले त्यतिबेला अरूबेला जस्तै श्रीमान्सँग जेलमा सामान्य भेटघाट गर्न बोलाइएको होला भन्ने ठान्नुभएको थियो । काशीदेवीलाई भेटेर दुर्गानन्दले 'यो हाम्रो अन्तिम भेट हो, मेरा कारणले तिमीहरूको नाम देशभर चल्छ' भन्नुभएको थियो । काशीदेवीले त्यतिबेला श्रीमान्ले किन त्यसो भनिरहनु भएको हो भन्ने बुझ्न सक्नु भएन । काशीदेवी भन्नुहुन्छ, 'मेरो श्रीमान्ले आमासँग कुरा गर्नुभयो र उहाँले छुट्नु अघि यो हाम्रो अन्तिम भेट हो भन्नुभयो । तर उहाँले किन त्यसो भन्नुभयो भन्ने कुरा मैले कल्पना सम्म पनि गर्न सकिँन ।'

दुर्गानन्दलाई जेलमा भेटेर काशीदेवी र उहाँकी सासु दुबैजना लजमा गएर बस्नुभयो । तर रातको १ बजे लजमा उहाँहरूलाई जेलबाट मान्छे बोलाउन आए । सासु बुहारी दुबैजना बोलाउन आएको मान्छेसँगै जेलमा जानुभयो र जेलमा पुगेर काशीदेवीलाई एउटा कागजमा ल्याप्चे लगाउन भनियो । त्यसपछि उहाँले कागज सही गराउने व्यक्तिलाई यो के कागज हो भनेर सोध्दा सो व्यक्तिले दुर्गानन्दलाई फाँसी भयो भन्ने जानकारी दिए । श्रीमान्लाई फाँसी दिइएको कुरा सुन्नेबित्तिकै काशीदेवी त्यहीँ बेहोस हुनुभएको थियो । त्यसपछि उहाँकी सासुले छोरा दुर्गानन्दको लाश माग्नुभयो तर दुईजना महिलाले मात्र कसरी लाश सम्हाल्छन् भनेर लाश दिइएन । पछि कुशको लाश बनाएर दुर्गानन्दको भारतको गयामा अन्तिम संस्कार गरियो ।

दुर्गानन्दलाई फाँसी दिइएको भोलिपल्ट काशीदेवी र उहाँकी सासु दुबैलाई एउटा ट्रकमा हालेर वीरगन्ज पठाइयो र वीरगन्जबाट उहाँहरू भारतको भिठ्ठामोड हुँदै धनुषा पुग्नुभयो । त्यतिबेला भारतको बाटो भएर नेपालको तराईका कतिपय ठाउँहरूमा पस्नु पर्थ्यो । दुर्गानन्दलाई फाँसी दिइएपछिका समयमा काशीदेवी र उहाँकी सासुले दुःख गरी जीवन बिताउँदै आउनुभयो । तर ६ वर्षअघि सासुको मृत्यु भएपछि काशीदेवी अझ एक्लो हुनुभयो । अहिले आफ्ना भाइ, नेता महन्थ ठाकुर तथा अन्य केहीका सहयोगले संविधानसभाको सदस्य बन्नुभएकी काशीदेवी भन्नुहुन्छ, 'राजनीतिमा आउन मन त थिएन । तर, श्रीमान्को योगदान सम्झेर मैले पनि केही गर्न सक्छु कि भनेर यो क्षेत्रमा आएँ ।'

काशीदेवीले २०६५ सालमा तमलोपाको महिला सङ्गठनको जिल्ला सदस्यता लिनुभएको थियो । यसअघि उहाँ खेतीपाती र घरको काममै व्यस्त हुने गर्नुहुन्थ्यो । राजनीतिमा प्रवेश गरेपछिको जीवन र भविष्यमा राजनीतिक

जीवनका सम्बन्धमा काशीदेवी भन्नुहुन्छ, 'राजनीतिक जीवन चुनौतीपूर्ण र अप्ठेरो छ । तैपनि यो क्षेत्रमा लागेर समाजलाई केही योगदान दिन सक्छु भन्ने लागेको छ ।' सहिद दुर्गानन्दकी श्रीमतीका नामबाट चिनिन पाउँदा र संविधानसभामा सहिद परिवारका मुद्दा उठाउन पाउँदा काशीदेवी निकै गौरवान्वित भएको बताउनुहुन्छ ।

'सहिद दुर्गानन्द झालाई राष्ट्रिय सहिद घोषणा गरिनुपर्छ' भन्नुहुने काशीदेवीले सहिद दुर्गानन्दका नाममा आफ्नो क्षेत्र जटही गाउँमा १० शैयाको प्रसूति अस्पताल निर्माणको प्रक्रिया आरम्भ गर्नुभएको छ । अस्पताल निर्माणका लागि निर्णय तथा स्वीकृति प्राप्त भए पनि बजेट विनियोजन नहुँदा काम रोकिएको काशीदेवी बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | किरणकुमारी राय |
| ठेगाना स्थायी | : | मानपुर–८, सर्लाही, जनकपुर |
| अस्थायी | : | सुविधानगर-३५, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९७४११५८५७६ (मो) |
| जन्म मिति | : | २०२४ |
| जन्म स्थान | : | रौतहट |
| आमाको नाम | : | गंगादेवी यादव |
| बुबाको नाम | : | रामविलास यादव |
| श्रीमान्को नाम | : | स्व. रामनिरञ्जन यादव |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# महिला सभासद्का काम भनेपछि नाक खुम्च्याउँछन्

श्रीमान्को हत्यापछि राजनीतिमा सक्रियरूपमा लाग्नुभएकी किरणकुमारी रायले घरबाट निस्केर राजनीतिको क्षेत्रमा आफ्नो स्थान बनाउन थुप्रै सङ्घर्ष गर्नुभएको छ । उहाँ सानो छँदा गाउँमा प्राथमिक विद्यालय मात्र थियो र किरणका परिवार छोरीलाई गाउँ बाहिर पढ्न पठाउन चाहँदैन थिए । तर, उहाँका दाजु र भाइले भने गाउँ भन्दा टाढाको स्कुलमा गएर पनि पढ्ने मौका पाउनुभयो । यस्तो हुँदाहुँदै पनि किरणले सङ्घर्ष गरेर भए पनि कक्षा १० सम्म पढ्नुभयो ।

किरणको परिवारमा काका नेपाली काङ्ग्रेसका तर्फबाट गाविस अध्यक्ष र दाजु नेपाली काङ्ग्रेसकै क्षेत्रीय सदस्य हुनुहुन्थ्यो । राजनीतिक परिवारमा हुर्कनु भएकोले किरणमा राजनीतिक प्रभाव थियो । साथै उहाँको विवाह पनि राजनीतिप्रति चासो राख्ने व्यक्तिसँगै भएकाले समसामयिक राजनीतिक विषयमा अझ राम्ररी बुझ्ने अवसर उहाँले पाउनुभयो । श्रीमान्को घरमा छोरा र छोरीबीच खासै ठूलो विभेद नभए पनि अन्य मधेसी महिलाले झैं किरणले पनि घरव्यवहारमा बाँधिनु पर्‍यो । राजनीतिक कार्यकर्ताहरू घरमा आउँदा, घरमा भेला र बैठक बस्दा किरणले पार्टीका कार्यकर्ताहरूका लागि खानेबस्ने व्यवस्था मिलाउनुपर्थ्यो ।

किरणका श्रीमान् २०४६ सालअघि नेपाल सद्भावना पार्टीमा आबद्ध हुनुहुन्थ्यो । २०४६ सालपछि किरण र उहाँका श्रीमान् दुबैले नेकपा (एमाले) पार्टीमा प्रवेश गर्नुभयो । श्रीमान् पार्टीको सक्रिय सदस्य हुनुहुन्थ्यो भने किरण साधारण सदस्य । २०५४ साल वैशाख १ गते नयाँ वर्षका दिन पार्टीकै कार्यकर्ता घरमा आएर श्रीमान्लाई गाउँतर्फ लगे, तर बाटैमा श्रीमान्को हत्या भयो । त्यसबेला श्रीमान्ले स्थानीय चुनावमा नेकपा (एमाले) का तर्फबाट गाविस अध्यक्ष पदका लागि उम्मेद्वारी पाउनुभएको थियो । चुनाव आउन १५ दिन बाँकी रहँदा श्रीमान्को हत्या भएको स्मरण गर्दै उहाँ भन्नुहुन्छ, 'मेरो श्रीमान्को हत्या प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका उम्मेद्वार र कार्यकर्ताबाट भएको हो ।'

किरणका अनुसार श्रीमान्को हत्या भएको १३ दिनको दिन घरमा धार्मिक नियमअनुसार काजक्रिया भइरहँदा हजारभन्दा बढी स्थानीय जनतासहित नेकपा (एमाले) का तत्कालीन महासचिव माधवकुमार नेपाल र भरतमोहन अधिकारी पनि उपस्थित हुनुभएको थियो । किरणका लागि पार्टीका युवा कार्यकर्ताले एउटा सानो वक्तव्य लेखिदिएका थिए र ती कार्यकर्ताहरूले त्यहाँ आयोजित कार्यक्रममा सो वक्तव्य पढ्न अनुरोध पनि गरे । तर, डर, त्रास र बालबच्चाको भविष्य सम्झेर उहाँ सबैका अगाडि उभिएर बोल्न डराउनुभयो । श्रीमान्को झैं आफ्नो पनि हत्या भयो भने बालबच्चाको भविष्य के होला भन्ने डरले उहाँ चुप लाग्न चाहनुभयो । तर, सबैको अनुरोध गरेपछि अन्ततः उहाँले श्रीमान्का अधुरा कामलाई पूरा गर्ने दायित्व र जिम्मेवारी सम्झेर सबैका सामु बोल्नुभयो । उहाँको कुराबाट महासचिव माधवकुमार नेपाल र भरतमोहन अधिकारी प्रभावित हुनुभयो । शोकको विषम परिस्थितिमा पनि बोल्न सक्ने मधेसी महिला भन्दै माधवकुमार नेपालले पार्टीका तर्फबाट श्रीमान्को ठाउँमा किरणलाई उम्मेद्वार बनाइएको पनि त्यही मञ्चबाटै घोषणा गर्नुभयो । चुनावमा जनताले पनि किरणलाई जिताए । चुनावमा विजयी भएपछि किरणको आत्मविश्वास अझ बढ्यो, र उहाँ निरन्तर जनता र पार्टीको काममा लाग्नुभयो ।



किरणले राजनीतिमा प्रवेश गरेपछिका सुरूका दिनहरूमा धेरै दुःख, सामाजिक हिंसा सहनुपरेको थियो । यातायातको सुविधा राम्रो नभएका कारण जिल्लाका अधिकांश ठाउँमा गाडा चढेर र हिँडेरै पुग्नुपर्ने बाध्यता थियो । जिल्लाका विभिन्न ठाउँहरूमा घुम्दा उहाँले जिल्लाको दुरावस्था देख्नुभयो । यो देखेर उहाँलाई चिन्ता लाग्थ्यो । उहाँ भन्नुहुन्छ, 'विकासका दृष्टिले रौतहट जिल्ला ओझेलमा पर्नुको मुख्य कारण चाहिँ यहाँको राजनीतिक नेतृत्वको असक्षमता नै हो भन्ने मलाई लाग्छ । यही कारणले नै मैले राजनीतिलाई पहिलो प्राथमिकतामा राखेँ । केही गर्ने जोश, जाँगर तथा हौसला बढाएँ र आफ्नो ज्ञान र क्षमता पनि बढाउँदै लगेँ ।'

किरणले पार्टीको गाविस कमिटी, जिल्ला कमिटी तथा अखिल नेपाल महिला सङ्घको केन्द्रीय कमिटीमा निरन्तर रूपले जिम्मेवारी पाउँदै आएनु भएको छ । तर, मधेसी महिला त्यसमाथि एकल महिलाका पीडा बुझाउँदै उहाँ भन्नुहुन्छ, 'म जस्तो मधेसी एकल महिलाले पार्टीको र अरू विभिन्न कार्यक्रमहरूमा भाग लिन जाँदा समाजको भनाइ र आलोचनाहरूको सामना गर्नुपर्थ्यो । त्यतिबेला त झन समाजलाई चित्त बुझाएर हिँड्न पनि असाध्यै चुनौतीपूर्ण हुन्थ्यो । त्यसैले मैले कार्यक्रमहरूमा जाँदा कुनै न कुनै महिला साथीलाई पनि साथै लिएर जाने गर्थें ।'

पार्टीले किरणलाई संविधानसभा सदस्य मनोनयन गरेपछि उहाँ बालबच्चासहित काठमाण्डौं आउनुभयो । काठमाण्डौं आएपछि संविधानसभाका नियमित बैठक बाहेक राजधानीमा आयोजना हुने विभिन्न तालिम, गोष्ठी र अन्तर्क्रिया कार्यक्रमहरूमा पनि उहाँले सहभागी हुने मौका पाउनुभयो । यी कार्यक्रमहरूले आफ्नो व्यक्तित्व र क्षमता विकासमा थप योगदान पुऱ्याएको किरणको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'काठमाण्डौं आएपछि संविधानसभाका नियम, विधि र प्रक्रियाका साथै महिला, आदिवासी/जनजाति, मधेसी, दलित आदि समुदाय समस्याका विषयमा पनि थप जानकारी प्राप्त भयो ।'

संविधानसभा सदस्य भइसकेपछि पनि किरणले अनेकन चुनौतीहरूसँग सामना गर्नुपऱ्यो । महिला सदस्यलाई वर्तमान राज्यसंयन्त्रले समान व्यवहार नगरेको उहाँको धारणा छ । उहाँको गुनासो छ, 'सबैजसो मन्त्रालयका

सचिवहरू महिला सभासद्ले ल्याएका मुद्दा भन्नासाथ चासो दिँदैनन्, नाक खुम्च्याउँछन्, तर त्यही मुद्दा पुरूष सभासद्ले लगेमा विशेष चासो दिन्छन् । महिला सभासद्का कामलाई बेवास्ता गरिन्छ । यो दुर्भाग्यपूर्ण हो र यस्तो अवस्था रहेसम्म महिला सभासद्ले आफ्नो प्रतिभा र क्षमता विकास गर्न सक्ने छैनन् । उनीहरू समाज र जनताका सामुन्ने अझ अलोकप्रिय बन्नेछन् ।' यद्यपि, उहाँलाई आफ्नो काम, लगन र इमान्दारीतालाई अहिलेसम्म जनता र पार्टीले सही मूल्याङ्कन गरेको लागेको छ ।

जनताका हरेक समस्या उठाउने उपयुक्त थलो संविधानसभा र व्यवस्थापिका संसद नै रहेछ भन्ने अनुभूति भएको सुनाउँदै किरण भन्नुहुन्छ, 'संविधानसभा सदस्य भएपछि हामीहरू जनताका अभिभावक रहेछौं र जनताका काममा हामी अझ जिम्मेवार हुनुपर्ने रहेछ भन्ने महसुस भएको छ ।' नयाँ बन्ने संविधानमा महिलालाई राज्यका हरेक निकायमा ५० प्रतिशत स्थान दिनुपर्ने, सबै महिलालाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने र विदेशीलाई नागरिकता दिने विषयमा समव्यवहार गर्नेलगायतका व्यवस्था हुनुपर्ने उहाँको भनाइ छ । साथै जातीय विभेद हटाउन पनि राज्य पक्षबाट केही पहल हुनुपर्छ भन्ने कुरा पनि किरणले उठाउनुभयो ।

मधेसी समाजमा महिलालाई घुम्टोभित्र सीमित राख्ने परम्परा गलत भएको किरण बताउनुहुन्छ । तर घुम्टो प्रथालाई तोडेर उहाँले मधेसी महिलाहरू पनि साहसी, निडर र असल राजनैतिक नेता हुन सक्छन् भनेर प्रमाणित गरेर देखाइसक्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'जनताको दुःख नै आफ्नो दुःख सम्झेर म कर्मक्षेत्रमा क्रियाशील छु । मेरो यही लगनशीलताले र इमान्दारिताले नै मलाई भविष्यमा मन्त्रीपद्सम्म पनि दिलाउँछ भन्ने आशा लागेको छ ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : किरण यादव |
| ठेगाना स्थायी | : बलवा-८, पुरवारी टोल, महोत्तरी |
| अस्थायी | : सैंबु, भैंसेपाटी ललितपुर |
| सम्पर्क ठेगाना | : ०१-५५९२६७८ (नि) ९८४१३२८७०२, ९८५१११७५३७ (मो) |
| इमेल | : kiranyadav03@hotmail.com |
| जन्म मिति | : २०२४/५/५ |
| जन्म स्थान | : जनकपुर |
| आमाको नाम | : सज्ञान यादव |
| बुबाको नाम | : रामलगन यादव |
| श्रीमान्को नाम | : मुनिलाल यादव |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# ठूलोबुबाको राजनीतिक दर्शनबाट प्रभावित

परिवारका प्रत्येक सदस्यले मुलुकको राजनीतिक इतिहासमा छाप छाडेकाले किरण यादवले पनि आफैं इतिहास निर्माण गर्नु कुनै आश्चर्यको कुरा थिएन । किरण राजनीतिक वातावरणमा हुर्कनुभएको थियो । निरङ्कुश पञ्चायती शासनकालमा नेपाली काङ्ग्रेसमा आबद्ध बुबा तथा २०६५ साउन ६ गते मुलुककै पहिलो राष्ट्रपति बन्नुभएका ठूलोबुबा डा. रामवरण यादवको उहाँले मार्गनिर्देशन र सान्निध्य प्राप्त गर्नुभयो ।

किरणको राजनीतिक ध्रुवीकरण नेपालको प्रजातान्त्रिक स्वतन्त्रताका निम्ति आजीवन सङ्घर्ष गर्नुभएका नेपाली काङ्ग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाको जनकपुर भ्रमणपश्चात् अझ बलियो भयो । कोइरालाले जनकपुरको ब्रह्मपुरीमा केही दिन बसेर विभिन्न सम्बोधनको क्रममा खासरूपमा राष्ट्रवाद, प्रजातन्त्र र समाजवादका पक्षमा वकालत गर्नुभएको थियो । उहाँको राजनीतिक र सामाजिक मूल्यमान्यताले किरणलाई उत्प्रेरित गऱ्यो । एसएलसी परीक्षा उत्तीर्ण गरेपछि उहाँले राजनीतिक दर्शनलाई बुझ्ने र आत्मसात गर्नेतर्फ ध्यान दिनुभयो । उहाँले बिपी कोइरालाले लेख्नुभएका पुस्तक समेतका राजनीतिक विषयका अखबार र प्रकाशनहरू पढ्न थाल्नुभयो ।

उहाँका बुबा पढेलेखेका र सामाजिक विसङ्गतिका विरूद्ध आजीवन सङ्घर्ष गर्नु भएता पनि किरणको विवाह आश्चर्यपूर्ण तरिकाले चाँडै गरिदिनुभयो । उहाँहरू तीन दिदीबहिनी हुनुहुन्थ्यो र बुबा छोरीको चाँडै विवाह गरि दिनुपर्ने सायद दबाबमा पर्नुभएको थियो । यही कारण किरणको विवाह एसएलसी उत्तीर्ण गर्नासाथ भएको थियो । पढाइ छाडेर विवाह गर्नुपर्दा उहाँ त्यति खुशी हुनुहुन्थेन तर विवाहपश्चात् पनि पढ्न पाउने आश्वासन पाएकाले उहाँ विवाह गर्न राजी हुनुभयो । एक छोरा र एक छोरीकी आमा किरणको ससुराली राजनीतिक रूपले चेतनशील भएको कारणले उहाँले आफ्नो पढाइ र राजनीति सक्रियतालाई निरन्तरता दिनुभयो ।

विवाहपश्चात् किरण कलेज भर्ना हुनुभयो । तर, रोजगारीको सिलसिलामा सिभिल इन्जिनियर श्रीमान्को वीरगञ्ज सरूवा भयो, उहाँ पनि पढाइ छाडेर त्यतै लाग्नुभयो । वीरगञ्जमा उहाँ विद्यार्थी युनियनमा सक्रिय

हुनुभयो तर यही समयमा छोरा जन्मिएकाले कुनै पदमा बस्नु भएको थिएन । उहाँले पार्टीका कार्यक्रमहरू र प्रवर्द्धनात्मक अभियानहरूमा निरन्तर सहभागी हुनुभयो र पार्टीको साधारण सदस्यता लिनुभयो । २०४६ सालको जनआन्दोलनका क्रममा उहाँ र उहाँका श्रीमान्ले सम्भव भएसम्मका ऱ्यालीमा सहभागिता जनाउनुभयो । उहाँका श्रीमान् नेपाली काङ्ग्रेसको साधारण सदस्य हुनुका साथै लोकतान्त्रिक इन्जिनियर्स समाजको उपाध्यक्ष हुनुहुन्छ । श्रीमान्ले इन्जिनियर्स एसोसिएसनको कार्यकारी सदस्यको रूपमा समेत काम गर्नुभएको छ ।

पार्टीमा सक्रिय हुनुअघि उहाँले मधेसीको अधिकारका लागि विभिन्न संस्थाहरूले आयोजना गरेका धेरैवटा ठूलठूला प्रदर्शनमा सहभागी हुनुभएको थियो । त्यही सिलसिलामा उहाँ पटक-पटक प्रहरीको कुटपिट र झडपमा समेत पर्नुभएको थियो । त्यतिबेला उहाँका ठूलोबुबा डा. रामवरण यादव नेपाली काङ्ग्रेसको महामन्त्री हुनुहुन्थ्यो र उहाँले सधैं पार्टीको सिद्धान्त र मूल्यमान्यताको कुरा गर्नुहुन्थ्यो । उहाँकै दर्शनबाट प्रभावित भएर किरण सक्रिय राजनीतिमा सहभागी हुन थाल्नुभयो ।

२०६४ मा सम्पन्न नेपाल महिला सङ्घको महाधिवेशनमा उहाँ आमन्त्रित केन्द्रीय सदस्य हुनुभयो । २०६७ असोजमा उहाँ पार्टीको १२औं महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिमा चुनिनुभयो । पार्टीमा उहाँको योगदान र महिला सङ्घमा गरेको नेतृत्वको कदर गर्दै उहाँलाई जिल्लाबाट समानुपातिक प्रतिनिधिको रूपमा संविधानसभा सदस्यमा चयन गरियो । मधेसी महिलाका सवाललाई अगाडि ल्याउन उहाँका लागि यो स्वर्णिम अवसर थियो ।

'संविधान लेखन शताब्दीमा एकपटक प्राप्त हुने अवसर हो, र यो अवसर पाएकामा मैले आफूलाई भाग्यशाली ठानेकी छु,' उहाँ भन्नुहुन्छ । संविधानसभाको म्याद बढाइएपछि सभासद्भित्र रहेको केही गरौं भन्ने भावना बिस्तारै ओइलाउन थालेको उहाँ बताउनुहुन्छ । 'समयमै जनतालाई संविधान दिन सकेको भए म औधि खुशी हुने थिएँ ।'

किरण संविधानसभामा संवैधानिक निकायको संरचना निर्धारण समिति तथा व्यवस्थापिका संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिमा सदस्य हुनुहुन्छ । विषयगत समितिमा समितिकै म्यान्डेट बमोजिम आफ्ना धारणा राख्न पाइन्छ । समितिमा आयोगको गठनका सन्दर्भमा कुरा उठाउन उहाँले विगतका व्यवस्थाको अध्ययन गर्नुका साथै सम्भावित नयाँ व्यवस्थाकाबारेमा विश्लेषण गर्नुभयो । आफूले बुझेका र अनुभव गरेका कुरा उहाँले समितिमा राख्नुभएको छ । 'महिला आयोगलाई संवैधानिक मान्यता दिलाउन हामीले निकै ठूलो सङ्घर्ष गर्नुपऱ्यो । यो ज्यादै सकारात्मक कार्य हो र यसै आयोग मार्फत आउँदा दिनमा महिलाका धेरै विषय उठान गर्न र त्यसको समाधान निकाल्न अझ सजिलो हुनेछ,' उहाँ भन्नुहुन्छ ।

संविधानसभामा उहाँले खासगरी युवा र महिलाको सहभागिताका विषयमा कुरा राख्नुभयो । महिलाका अधिकार र उनीहरूलाई समान अवसर दिनुपर्ने कुरामा उहाँले पटकपटक आवाज उठाउनुभयो । यसैले महिलालाई सशक्तिकृत गर्ने कुरामा उहाँ विश्वास गर्नुहुन्छ । तर, सबैजसो समितिमा महिलाभन्दा पुरूषको सङ्ख्या बढी रहेकाले महिलाका सवालले चाहेजति स्थान प्राप्त गर्न सकेका छैनन् । यसबाहेक, मधेसी, दलित, जनजाति, मुस्लिम महिलाको समानुपातिक र समावेशी प्रतिनिधित्वको सवाल समेत उठाउनुभएको छ । उहाँको विचारमा

निरन्तरको सङ्घर्षकै परिणामस्वरूप मात्र महिला र अन्य पछाडि पारिएमा समूहको प्रतिनिधित्व संविधानमै सुनिश्चित हुनेछ । भारतसँगको सीमा व्यवस्थापन गरी सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न दुबै देशबीच राम्रो समझदारी हुनुपर्ने पनि उहाँको धारणा रहेको छ ।

जनप्रतिनिधिको रूपमा उहाँको धरणा रहेको छ संविधान लेखन र आफ्नो जिल्लाको दोहोरो जिम्मेवारी निर्वाह गर्नुपरेको छ । उहाँले व्यक्तिगत जीवन र राजनीतिक दायित्वलाई सन्तुलित राख्नुभएको छ । संविधानसभामा प्राप्त भएको अनुभवले उहाँलाई धेरै सिकाएको छ र यसले आउँदा दिनमा अझ बढी मद्दत गर्नेछ । उहाँ आफ्नो गृह जिल्ला गइरहनुहुन्छ र विद्यालय, सडक, मन्दिर, सिँचाइ योजना निर्माणजस्ता कार्यमा उहाँले संसद् विकास कोषको रकम खर्च गर्नुभएको छ ।

उहाँको राजनीतिक यात्रा राम्रैसँग अगाडि बढेको छ र पछाडि फर्केर हेर्दा उहाँ आफैलाई गर्वको अनुभूति भएको बताउनु हुन्छ । भविष्यमा पनि उहाँ राजनीतिलाई निरन्तरता दिन चाहनुहुन्छ र राजनीतिक क्षेत्रमा व्याप्त फोहोरी प्रवृत्ति हटाउन सकिएमा र यसलाई व्यवस्थापन गर्न सकिएमा देश विकासमा फड्को मार्नेमा उहाँ ढुक्क हुनुहुन्छ । यस यात्रामा उहाँ आफ्ना बुबाको पथलाई निरन्तर आत्मसात गर्ने सोचाइमा हुनुहुन्छ जसले पार्टीमा त्यति धेरै त्याग गरे पनि कहिल्यै कुनै पद लिन चाहनु भएन । उच्चतहको राजनीतिक परिवारमा हुर्केबढे पनि आफूले यस सम्बन्धलाई कहिल्यै उपयोग नगरेको किरणको भनाइ छ । यही नै उहाँको जीवनको दर्शन पनि हो । उहाँ आफ्नै बलबुतामा राजनीति गर्न रूचाउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | कृष्णा ठाकुर |
| ठेगाना स्थायी | : | धनुषा नगरपालिका, जानकीपथ, धनुषा |
| अस्थायी | : | नयाँ ठिमी, भक्तपुर |
| सम्पर्क ठेगाना | : | ९७४११७५०९२ (मो) |
| जन्म मिति | : | २०१०/५/२ |
| जन्म स्थान | : | समस्तीपुर, बिहार, भारत |
| आमाको नाम | : | शिया ठाकुर |
| बुबाको नाम | : | जयराम ठाकुर |
| श्रीमान्को नाम | : | डा. बुद्धिराम ठाकुर |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# मैथिली भाषालाई पनि सरकारी कामकाजको भाषा बनाइनुपर्दछ

कृष्णा ठाकुरका ससुरा रामविलास ठाकुर, श्रीमान् डा. बुद्धिराम ठाकुर र परिवारका अन्य सदस्य पनि राजनीतिमा सक्रिय भएकाले उहाँको घरको वातावरण राजनीतिक नै छ । पञ्चायतकालमा नेपाली काङ्ग्रेसका शीर्ष नेताहरू बी पी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, गिरिजाप्रसाद कोइराला, सरोज कोइराला, महेन्द्र नारायण निधि, श्रीमती लीला कोइराला लगायतका नेताहरू गोप्य बैठकहरू गर्न उहाँको घरमा आउनेजाने गरिरहनुहुन्थ्यो । ससुरा रामविलास ठाकुर, श्रीमान् बुद्धिराम ठाकुर लगायत परिवारका अन्य सदस्य र नेताहरूबीचको कुराकानी सुन्दा सुन्दै कृष्णालाई पनि राजनीतिमा चासो बढेको थियो । नेपाली काङ्ग्रेसका नेताहरूकै पहलमा नेपाल महिला सङ्घको सदस्यता लिएर राजनीतिमा क्रियाशील हुन थालेको कृष्णा स्मरण गर्नुहुन्छ ।

२०३६ सालमा नेपाली काङ्ग्रेसको जिल्ला तहको क्रियाशील सदस्यता लिएदेखि नै कृष्णा राजनीतिमा लाग्दै आउनु भएको छ । उहाँ २०३७ सालमा नेपाली काङ्ग्रेस वडा समितिको सचिव हुनुभयो । साथै उहाँले नेपाल महिला सङ्घको सदस्य र महाधिवेशन प्रतिनिधि समेत भएर काम गर्नुभयो । राजनीति गर्ने क्रममा गाउँघर डुल्दा नेपाली समाज धेरै पिछडिएको पाएपछि राजनीतिमा लाग्न उहाँ अझ प्रेरित हुनुभएको कृष्णाको भनाइ छ । उहाँ २०४६ सालको जनआन्दोलनमा पक्राउ परेर १५/२० दिन जेल पनि पर्नुभएको थियो ।

भारतमा जन्मनुभएकी कृष्णाले सुरुका दिनमा नेपालको राजनीतिमा लाग्छु भन्ने कुराको कल्पनासम्म पनि गर्नुभएको थिएन । आमा शिया ठाकुर तथा बुबा जयराम ठाकुरकी पाँचौं तथा कान्छी छोरी कृष्णा १३ वर्षकै उमेरमा विवाह गरेर नेपाल भित्रिनु भएको थियो । एक छोरी र दुई छोराकी आमा कृष्णा अब छोराछोरी ठूला भइसकेका कारणले पनि राजनीति गर्न कुनै अवरोध नरहेको बताउनुहुन्छ । पारिवारिक सहयोग पनि पाउनु

भएकोले उहाँ संविधानसभाको चुनावताका आफ्नो जिल्लाको गाउँ गाउँमा डुल्नुभयो । गाउँमा जाँदा उहाँको जात स्वर्णकार भन्ने थाहा पाउनेबित्तिकै उहाँलाई पिछडिएको जाति भनेर कतिपयले विभेद गर्थे तर यी कुरालाई उहाँले त्यति वास्ता गर्नुभएन । उहाँ भन्नुहुन्छ, 'श्रीमान्ले साथ दिएर अगाडि बढ्न सकें । गाउँकाहरू पनि अहिले मसँग धेरै खुशी छन् ।'

धनुषाबाट समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत संविधानसभा सदस्य बन्नुभएकी कृष्णा यतिबेला नेतृ श्रीमती लीला कोइरालाको सहयोगलाई बिर्सन चाहनुहुन्न । उहाँ राजनीतिमा आउनुमा लीला कोइरालाको पनि विशेष हात थियो । स्थानीय महिला पनि राजनीतिमा आउन पर्छ भनेर महिलालाई एकिकृत गर्ने सवालमा लीला अग्रणी हुनुन्थ्यो । नेपाली काङ्ग्रेसको मधेसी कोटामा परेर संविधानसभा सदस्य बन्नुभएकी कृष्णा आफूलाई संविधानसभाको वा संसद्को प्रक्रिया र बैठकका नियमलगायतका कुरा बुझ्न कुनै समस्या नभएको बताउनुहुन्छ । तर, संविधान निर्माण प्रक्रियामा केही चुनौतीको सामना गर्नुपरेको उहाँको अनुभव छ । उहाँले सामना गर्नुभएको प्रमुख चुनौतिहरूमा पुरूष सदस्यहरूबाट असहयोग, सम्पूर्ण महिला सदस्यहरूमा एकताको अभाव, महिलाको मुद्दाले व्यवस्थापिका संसद् तथा संविधानसभामा महत्व नपाउने आदि छन् । उहाँ महिला सहभागिता समानुपातिक भनिए पनि ५० प्रतिशत हुन नसकेको, पिछडिएका जातिलाई हरेक क्षेत्रमा पछाडि नै पार्ने प्रवृत्ति रहेकोमा असन्तुष्टि व्यक्त गर्नुहुन्छ ।

कृष्णा व्यवस्थापिका संसद्को विधायन समिति तथा संविधानसभा अन्तर्गतको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको सदस्य हुनुहुन्छ । उहाँले आफू संलग्न समितिमा मैथिली भाषा तथा मैथिली जातिका समस्या तथा चुनौतीलाई प्राथमिकता दिएर उठाउनुभयो । मैथिली भाषा बोल्ने जनताहरूको बाहुल्यता रहेको पूर्वी तराईका सरकारी कार्यालयहरूमा मैथिली भाषालाई पनि सरकारी काम काजको भाषा बनाइनुपर्ने माग उठेको लामो समय भइसकेको छ । तसर्थ, धनुषा जिल्लामा नेपाली भाषाका साथमा मैथिली भाषालाई पनि सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिइनुपर्ने मुद्दालाई कृष्णाले आफू संलग्न समितिमा जोडदार ढङ्गले उठाउनुभएको छ ।

संविधानसभामा उपस्थिति १९७ जना महिलाहरूबीच पार्टीगत, आर्थिक, सामाजिक, सांस्कृतिक, र भौगोलिक विविधता भएपनि महिला सदस्यहरूलाई एकअर्कासँग सम्वाद गर्न र महिलालगायतका अन्य मुद्दामा एक हुन खासै समस्या नभएको कृष्णाको अनुभव छ । तर महिला सदस्य भएकै कारणले कृष्णाले संविधानसभा र व्यवस्थापिका संसद्मा विशेष चुनौती तथा परिस्थितिको सामना गर्नुपरेको छ । व्यावहारिक रूपमा संविधानसभा भित्र र बाहिर महिला र पुरूष सदस्यको हैसियतमा केही भिन्नता रहेको उहाँले महसुस गर्नु भएको छ । साथै व्यावहारिक रूपमा संविधानसभा भित्र र बाहिर महिला र पुरूष सदस्यको असमान सहभागिताले उनीहरूका हैसियतमा केही भिन्नता देखाएको पनि उहाँले अनुभव गर्नु भएको छ । तर, व्यावहारिक रूपमा हुने भिन्नतामा उहाँ महिलाकै बढी कमजोरी देख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाहरू कोही सल्लाह-कुराकानी गर्दैनन् । गुट गुटमा विभाजित हुन्छन्, यो किन हुन्छ भन्ने कुरा मैले बुझ्न सकेको छैन । हुनत महिला सभासद्हरूले ककसमा छलफल गरेर आफ्ना मुद्दा अगाडि बढाउँदै पनि आएका छन् । यी छलफलहरूमा म बोलाएको बेला मात्र जाने गरेको छु ।'

कृष्णालाई संविधानसभा भित्रको माहौल पनि त्यति मर्यादित लागेको छैन । संविधानसभाभित्रै संविधानसभा सदस्यलाई कुट्ने-पिट्ने, गाली गर्ने व्यवहार उहाँलाई नराम्रो लागेको छ । संविधानसभा सदस्य भएपछि संविधानसभाभित्रको अनुभव बताउँदै उहाँ भन्नुहुन्छ, 'संविधानसभा भित्र गलत व्यवहार भएका छन्, यस्ता व्यवहार देखेर विदेशी पनि हाँसिरहेका छन् ।'

अधिकांश संविधानसभा सदस्यहरू र नेपाली जनताजस्तै कृष्णा पनि संविधान बन्छ कि बन्दैन भन्ने कुरामा सशङ्कित हुनुहुन्छ । निर्धारित समय सकिएर थप समय सकिदाँ पनि नेताहरू बीच कुर्सीको लडाईं चलिरहेको देख्दा उहाँ दु:ख र चिन्ता दुबै व्यक्त गर्नुहन्छ, 'जनतालाई दु:ख दिने काम भइरहेछ, नेपाली जनता साँच्चिकै सोझा छन् । यसैको फाइदा नेताहरूले उठाइरहेका छन् ।'

यस्तै नेपाली काङ्ग्रेस पार्टीमा देखिएको गुट र उपगुटले पनि पार्टीमा फुट ल्याउने होकी भनेर कृष्णा चिन्ता व्यक्त गर्नुहुन्छ । पार्टीलाई बलियो तुल्याउने भए यस्ता गुट र उपगुटहरू नहुनु नै बेस हुने उहाँ ठान्नुहुन्छ । देउवा गुट र कोइराला गुटले पार्टी फुटाएर फेरि पार्टी एकिकरण गरेपनि यसबाट कार्यकर्तामा नराम्रो सन्देश गइसकेको उहाँ बताउनुहुन्छ । केन्द्रमा देखिने गुट उपगुटले स्थानीय तहसम्म असर पार्ने हुँदा स्थानीय तहमा पार्टीका कार्यकर्ताहरूलाई मिलाएर लैजान पनि त्यत्तिकै अप्ठेरो पर्ने उहाँको भनाइ छ ।

संविधानसभाले बनाउने नयाँ संविधान 'सबैको अधिकार सहितको बनोस्' भन्ने कृष्णा चाहनुहुन्छ । संविधान बनेन भने 'के मुख लिएर जिल्ला जाने' भन्ने चिन्ताले पनि उहाँलाई सताउने गर्दछ । त्यसैले जसरी भएपनि संविधानसभाले सबै जनताको भावना समेट्ने संविधान बनाउनुपर्छ भन्ने कुरामा उहाँ जोड दिनुहुन्छ ।

कृष्णा आफ्नो राजनीतिक जीवनको अनुभव, भूमिका तथा योगदान केलाउने क्रममा आफूले राम्रै गरेको महसुस गर्नुहुन्छ । राजनीतिमा लागेपछि विभिन्न ठाउँमा जानुपर्ने र नयाँ मानिसहरूसँग अर्न्तक्रिया गर्न पाउने हुँदा यसबाट उहाँको मन मष्तिष्क सँधै ताजा रहने पनि कृष्णा बताउनुहुन्छ । भविष्यको राजनीतिक जीवनका सम्बन्धमा उहाँको भनाइ छ, 'सोचेको कुरा कहाँ पुग्छ र ? त्यसैले भविष्यकोबारेमा केही नबोलौँ । पहिले संविधान नै बन्न दिउँ न ।'



### व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | कृष्णकुमारी परियार |
| ठेगाना स्थायी | : | निलगिरी, पोखरा-३, कास्की, गण्डकी |
| अस्थायी | : | छक्कु मार्ग, नयाँ बानेश्वर-१० |
| सम्पर्क ठेगाना | : | ०१-४४८४५३६ (घर) ९८०४१९८३१५ (मो) |
| जन्म मिति | : | २०२३/०४/०८ |
| जन्म स्थान | : | माटिपानी, वडा नं. १३, गौडामुख |
| आमाको नाम | : | गौंथली परियार |
| बुबाको नाम | : | गणेश परियार |
| वैवाहिक स्थिती | : | विवाहित |
| श्रीमान्को नाम | : | इन्द्रबहादुर परियार |
| शिक्षा | : | माध्यमिक तह |
| राजनीतिक दल | : | नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : | समानुपातिक |

# जन्मसिद्ध काङ्ग्रेस

कृष्णकुमारी परियारको हजुरबुबा दिलबहादुर परियार, बुबा गणेश परियार पोखरामा काङ्ग्रेसको झण्डा सिलाउने काम गर्नुहुन्थ्यो र पञ्चायत विरोधी आन्दोलनमा पनि सक्रिय हुनुहुन्थ्यो । १२/१३ वर्षको उमेरदेखि नै कृष्णकुमारी पनि हजुर बुबासँगसँगै पार्टीको काममा हिँड्नुहुन्थ्यो । कृष्णकुमारी भन्नुहुन्छ, 'मेरो हजुरबुबा, बुबा, दुई फुफु, पाँच दिदीबहिनी र दाजुभाइ सबै काङ्ग्रेस र हाम्रो परिवारै जन्मसिद्ध काङ्ग्रेस । बुबा दलित सङ्घमा संलग्न हुनुहुन्थ्यो । बुबाले राजनीतिमा लागेर २०० मुरी थान फल्ने खेत समेत बेच्नुभयो ।'

कृष्णकुमारी सानो छँदाको समाजमा जातीय भेदभाव र छुवाछुत चर्को थियो । दलितले होटल वा गैरदलितको घरमा चिया खाजा खाँदा समेत आफूले खाएको भाँडा आफैले माझ्नु पर्थ्यो । होटल र गैरदलितको घरमा चिया खाजा खाएपछि आफलै भाँडा माझ्नु परेका दिनहरूको सम्झना कृष्णकुमारी अझै गर्नुहुन्छ । पोखरामा जन्मनु हुर्कनु भएकी कृष्णकुमारी र अन्य दलितहरूले त्यहाँको प्रख्यात विन्दवासिनी मन्दिरमा पस्न पाउँदैनथे । स्कुल पढ्न जाँदा साथीहरूले समेत 'हे दमाइ भित्र नपस्' भनेर कक्षामा सँगै बसेर पढ्न मान्दैनथे । तर, सानैदेखि विद्रोही स्वभावकी कृष्णकुमारी आफूलाई दलित भनेर हेप्नेहरूलाई 'तिम्रो निधारमा बाहुन भनेर लेखेको छ र?' भनेर प्रतिवाद गर्नुहुन्थ्यो, उहाँ भन्नुहुन्छ, 'जे होस् राजनीतिमा आउनु रहेछ, त्यसैले सानैदेखि त्यति बोल्न सकेकी रहेछु ।'

कृष्णकुमारीलाई पढाइ र खेलकुदमा असाध्यै रूचि थियो । तर, उहाँको हजुरबुबाले भने अर्काको घर जाने त हो नि, त्यसैले छोरीले ५/६ कक्षा पढे पुग्छ भनेर ७ कक्षा पास गरेपछि उहाँलाई स्कुल पठाएनन् । १५ वर्षको उमेरमा नै कृष्णकुमारीलाई उहाँभन्दा १५ वर्ष जेठो केटोसँग बिहे गरिदिए । तर, पार्टीको काममा हिँड्न भने कृष्णकुमारीले बिहेपछि पनि छोड्नुभएन । पार्टीको काममा हिँड्को उहाँको श्रीमान् र श्रीमान्को परिवारलाई

पटक्कै मन पर्दैनथ्यो । त्यही निहुँमा श्रीमान्सँग उहाँको झगडा परिरहन्थ्यो । त्यसैले चारजना छोराछोरी भइसकेपछि पनि श्रीमान्ले 'कि मलाई छोड कि तेरो राजनीतिलाई', भनेपछि कृष्णकुमारीले यो मेरो तीन पुस्ते राजनीति हो, म कुनै हालतमा पनि छोड्दिन भनेर चारैजना बच्चा लिएर उहाँ छुट्टै डेरामा बस्न थाल्नुभयो । विगत सात वर्षदेखि उहाँ श्रीमान्सँग छुटेर बस्नु भएको छ । श्रीमान्को घरबाट निस्केपछि छोराछोरी पाल्न उहाँले अरूको लुगा सिलाउन थाल्नुभयो । पोखराको लेकसाइडमा उहाँले पोखरा घुम्न आउने पर्यटकका लागि रेडिमेड कपडा पसल र उनीहरूको लुगा धुने 'लण्ड्री' पनि खोल्नुभयो । तर, सभासद् भएपछि चलाउने कोही नभएकोले पसल बन्द गरेर उहाँले काठमाण्डौं आउनुपर्‍यो । उहाँ भन्नुहुन्छ, 'वैवाहिक जीवनमा धेरै दुःख भयो । सभासद् हुनुअघिसम्म पनि म लुगा सिलाउने काम गर्थें, पसल चलाउँथे र पार्टीको काम पनि गर्थें ।' ग्राहकले भने जस्तो लुगा सिलाएर उनीहरूले भनेकै समयमै दिने कारणले कृष्णकुमारीका धेरै ग्राहकहरू थिए । त्यसैले उहाँ काठमाण्डौं आउनु अघि कतिपय उहाँका ग्राहकहरूले अब 'हाम्रो कपडा कसले सिलाउँछ' भनेर दुःख व्यक्त गरेको कृष्णकुमारी सम्झनुहुन्छ ।

आफ्ना छोराछोरी पनि राजनीतिमा सक्रिय होस भन्ने कृष्णकुमारीको ठूलो इच्छा छ । त्यसैले उहाँका छोराछोरीहरूले पनि नेपाली काङ्ग्रेसको सदस्यता लिइसकेका छन् । जेठी छोरी अहिले जिल्ला इकाइमा छिन् । उहाँ भन्नुहुन्छ, 'मेरो बुबाको तीनवटै छोराहरूले राजनीति गरेनन् र मैले परिवारको राजनीति धानें । र, म पछिका मेरा छोराछोरीहरूले पनि मेरो राजनीति धानोस् भन्ने इच्छा छ ।' उहाँको २४ वर्षको एक छोरा र १५, १८ र २१ वर्षका तीन छोरीहरू छन् । छोरोले ट्रेकिंगको काम गर्छ भने तीन छोरीहरू पढ्दैछन् । जेठी छोरीले १२ कक्षा पास गरिसकेकी छिन् र उनले पढ्छु भनेसम्म दुःख गरेरै भएपनि पढाउने कृष्णकुमारीको धोको छ । उहाँ भन्नुहुन्छ, 'मैले सुत्केरी हुँदा पनि राम्रो खान पाइँन । सुत्केरी भएको ९ दिनदेखि भान्छाको कामदेखि लुगा सिलाउने सबै काम गरें । त्यसैले आफ्नो त्यही दुःख सम्झेर मेरो छोरीहरूको बिहे छिटो गर्दिन । बरू उनीहरूलाई पहिले आफ्नै खुट्टामा उभिन भन्छु ।'

कृष्णकुमारी पार्टीले अह्राएको जुनसुकै काम पनि दिलोज्यानले गर्ने र पार्टीले खटाएपछि जहाँ पनि जानुहुन्थ्यो । ०६२/६३ का आन्दोलनमा सकेसम्म गिरफ्तार नहुने पार्टीको निर्देशन भएकोले प्रहरीबाट बच्न ट्वाइलेट भित्र लुकेको र प्रहरीले लखेटेर लुक्न खोज्दा पसलको सटरले लागेर टाउको फुटेको, टियर ग्यास खाएको कुरा उहाँ स्मरण गर्नुहुन्छ । ०६२/६३ को १९ दिने आन्दोलनमा उहाँ सातदिन थुनामा पर्नुभएको थियो । त्यसरी नै २०४६ सालको आन्दोलनमा पनि उहाँले सक्रिय रूपले भाग लिनुभएको थियो । यसरी आफ्नो कामको मूल्याङ्कन गरी नेपाली काङ्ग्रेसले संविधानसभामा आउने मौका दिएकोमा पार्टीको यो गुण कृष्णकुमारी कहिले नबिर्सने बताउनुहुन्छ । संविधानसभा सदस्य बन्ने कुरा उहाँले सपनामा पनि सोच्नुभएको थिएन । त्यसैले जीवनमा पाएको यो ठूलो मौकाले उहाँलाई असाध्यै खुशी तुल्याएको छ ।

कृष्णकुमारीले उहाँ संलग्न संविधानसभा अन्तर्गतको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिमा विशेषगरी जातीय छुवाछुतको अन्त्य हुनुपर्ने, महिलाको आर्थिक विकासका लागि नीति तथा कार्यक्रम ल्याइनुपर्ने र दलित तथा अन्य पछाडि पारिएका समुदायका लागि आरक्षणको व्यवस्था हुनुपर्ने माग

राख्नुभयो । दलित सभासद्हरूलाई काठमाण्डौंमा डेरा पाउन गाह्रो परेको विषयमा पनि संविधानसभामा उहाँले बलियो ढङ्गले कुरा उठाउनुभयो । उहाँ भन्नुहुन्छ, 'कस्तो बिडम्बना, हामी दलितले सभासद् भएर पनि कुकुर वा पशुको जुनी सरह बाँच्नुपर्ने । कोठा माग्न जाँदा, म सभासद् कृष्णकुमारी भनेपछि देखाइसकेको कोठा समेत थर बताएपछि घरधनीले कोठा त अरूलाई नै दिएँ भन्छ । म दलित भएकै कारणले तीन ठाउँमा कोठा सर्नुपऱ्यो ।'

अरूले हेप्छन् भनेर कृष्णकुमारीले कहिले पनि आफ्नो जात लुकाउनु भएन र अरू दलितलाई पनि आफ्नो जात नलुकाउन भन्नुहुन्छ । साथै दलितहरूलाई घर आँगन, भान्छा सफा गर्नुपर्छ र सफा भए सबैले सँगै बसेर खान्छन् भनेर पनि उहाँ सल्लाह दिनुहुन्छ । आफ्नो जिल्लामा जातभात र छुवाछुत क्रिश्चियनले नमान्ने तर हिन्दुले भने असाध्यै मान्ने कृष्णकुमारीको भनाइ छ । सभासद् भइसकेपछिको उहाँको अनुभवले भन्छ, 'म अहिले जिल्लामा जाँदा गैर दलितले पनि मसँगै बस्ने खाने गर्छन् । तर अझै पनि उनीहरू मलाई भान्छामा लान चाहिँ हिच्किचाउँछन् । म सानो हुँदा मेरो बुबाले सिलाएको लुगा समेत हामीले छोएको भनेर लगाउनु अघि धोएर सुकाउँथे तर अहिले जे जति परिवर्तन आएको छ त्यो पनि ठूलै हो ।' अहिले संविधानसभामा २१ जना दलित संविधानसभा सदस्यहरू छन् ।

सभासद् भएपछि चाहिँ उहाँलाई अरूले गर्ने व्यवहारमा परिवर्तन भएको र दुःख पर्दा दलित र गैरदलित सबैले सम्झने गरेको बताउनुहुन्छ । सभासद् भइसकेपछिको एउटा घटना सम्झँदै उहाँले भन्नुभयो, 'मेरो दलित साथीले फोन गऱ्यो, सम्धी जेल पऱ्यो भनेर । मैले के रहेछ भनेर प्रहरीलाई फोन गरेँ र त्यो व्यक्तिलाई छुटाएँ । मैले दलितको मात्र होइन जसको काम परे पनि गर्छु ।' आफूले धेरै दुःख पाएको हुनाले कृष्णकुमारी महिलाहरूले दुःख पऱ्यो भनेर जहाँ बोलाए पनि जाने बताउनुहुन्छ । जिल्ला पुग्ने उहाँलाई कसैले नागरिकता बनाउन जाउँ, कसैले पासपोर्ट बनाउन जाउँ र कोही मेरो यस्तो समस्या पऱ्यो भनेर लिन आउँछन् र उहाँ भ्याएसम्म जनताका काम गर्न गइदिनुहुन्छ ।

संविधानसभा सदस्य भएपछि कृष्णकुमारीले काठमाण्डौंमा बसेर कम्प्यूटर र अंग्रेजी भाषाको ज्ञान पनि लिनुभयो । यसले उहाँलाई विदेशीसँग कुराकानी गर्न र परिआए आफ्नो व्यापार व्यवसायमा पनि मद्दत मिल्ने विश्वास छ । आफूले पोखरामा छँदा पर्यटन व्यवसाय गरेकोले भविष्यमा पनि जिविकोपार्जनका लागि सोही काम अपनाउन सक्ने कुरा पनि उहाँले बताउनुभयो । पार्टीले टिकट दिए आफ्नो जिल्लाबाट भविष्यमा चुनाव लड्ने इच्छा र आँट दुबै भएको कृष्णकुमारी भोली सभासद् नभए पनि पार्टीको काममा भने निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | कृष्णा अमात्य |
| ठेगाना स्थायी | : | मखन महादेव गल्ली-२५, काठमाण्डौं |
| अस्थायी | : | भावना मार्ग १९, काठमाण्डौं-१० |
| सम्पर्क ठेगाना | : | ९८०३१७३६६३ (मो), |
| इमेल | : | amatyakrishna@hotmail.com |
| जन्म मिति | : | २०२२/६/२२ |
| जन्म स्थान | : | मखन महादेव गल्ली, काठमाण्डौं |
| आमाको नाम | : | हरिदेवी सैंजु |
| बुबाको नाम | : | कृष्णगोपाल अमात्य |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# ज्यान गए पनि राजनीति नछाड्ने अठोट

काठमाण्डौंको तलेजु भवानीको मन्दिरसँगै मखनटोलको परम्परागत नेवार परिवारमा जन्मनु हुर्कनु भएकी कृष्णा अमात्यको आमा हरिदेवी सैंजु र बुबा हरिगोपाल अमात्यले प्रायः हरेक रात खाना खाएपछि गणेशमान सिंहको राजनीतिक जीवन र गतिविधिकाबारेमा गर्नुहुने कुराकानीबाट बाल्यकालदेखि नै प्रभावित हुनुहुन्थ्यो । अभिभावकको राजनीतिप्रतिको चाख नै कृष्णाका लागि प्रेरणाको स्रोत बन्न पुग्यो र बढ्दो उमेरसँगै उहाँ नेपाली काङ्ग्रेसप्रति आकर्षित हुनुभयो । गणेशमान सिंह र मङ्गलादेवी सिंहलाई आफ्नो कर्मको मातापिता मान्ने कृष्णा उहाँहरूबाट असाध्यै प्रभावित हुनुहुन्छ ।

पञ्चायती शासनकालमा कृष्णाको टोलमा पनि पञ्चहरूको सक्रियता हुनु स्वाभाविकै थियो । शक्तिसम्पन्न पञ्चहरूले निर्दोष जनतालाई गर्ने दमन र ज्यादतीले कृष्णामा क्रोध उत्पन्न हुन्थ्यो । त्यस्ता दमनको प्रतिकार गर्नुपर्छ भन्ने भावनाले उहाँलाई सक्रिय राजनीतिमा लाग्न प्रेरित गर्‍यो ।

प्याफलको कान्ति ईश्वरी विद्यालयमा कक्षा ८ मा पढ्दापढ्दै उहाँले नेवि सङ्घको कोषाध्यक्षको जिम्मेवारी पाउनुभयो । बुबाको इन्द्रचोकमा रहेको रेडिमेड कपडा पसलमा बसेर बुबालाई व्यापार गर्न सहयोग गर्नु परे पनि बेलाबेलामा कृष्णा जुलुस र धर्ना कार्यक्रमहरूमा सहभागी हुन भने छुटाउनुहुन्नथ्यो । यसरी नेपाल विद्यार्थी सङ्घ हुँदै नेपाल महिला सङ्घ तथा पार्टीको महासमिति सदस्यसम्म हुनुभयो ।

हालसम्म अविवाहिता कृष्णालाई १५ वर्षको उमेरमा बुबाआमाले बिहे गरिदिन खोज्नु भएको थियो । बिहेको प्रस्ताव ठाडै अस्वीकार गरेपछि कृष्णालाई घरमा झन्झन् कडाइ गर्न थालियो । झन् त्यस घटनापछि त पढाइमा सहयोग गर्ने आमाबाट पनि कृष्णाले चित्त दुखाई सहनु पर्‍यो । उहाँमाथि आर्थिक नाकाबन्दी पनि सुरूभयो । उहाँ सम्झनुहुन्छ, 'घरबाट खर्च रोकेपछि, स्कुलको मासिक शुल्क एकजना पसले साथीले तिरिदिन्थ्यो । मैले आफूसँग भएको एकदुई सय रूपैयाँले ढाकाको कपडा किनेर रातिराति चोलो-भोटो सिउँदै त्यही साथीको पसलमा राखी

बेच्न थालें । त्यही पेशाबाट आफ्नो खर्च धान्नुपर्थ्यो ।' दिनभर राजनीति गर्ने र रातभर कल चलाउँदै लुगा सिउने गरेको देखेर उहाँलाई आमाले कम्युनिष्ट बन्नुपर्ने मान्छे कसरी काङ्ग्रेस भइस् भनेर व्यङ्ग्य पनि गर्नुहुन्थ्यो ।

हुनत, कृष्णालाई राजनीतिमा सक्रिय रहनका लागि सहयोगी हातहरू बहिनी र आमाकै थियो । कृष्णाले बिहे नगरेको चित्त दुखाई आमाको जीवनको अन्तिम अवस्थासम्म रहे पनि कृष्णालाई उहाँ सधैं प्रोत्साहन गर्नुहुन्थ्यो । सानो छँदा छोरा र छोरी एउटै हुन् भनी बराबर माया र अवसर दिनुभएकी आमाले गर्दा नै कृष्णालाई आफू छोरी हुँ भन्ने भावना कहिल्यै नआएको बताउनुहुन्छ । उहाँ सम्झनुहुन्छ, 'आमाले हौसला दिनुहुन्थ्यो । बहिनी श्यामदेवीले चाहिँ घरको सम्पूर्ण जिम्मेवारी लिएकाले मलाई स्वतन्त्ररूपमा राजनीतिमा लाग्न सहयोग भयो ।'

२०३८ सालमा पोखरामा घटेको दुई दिदीबहिनी नमिता–सुनिता हत्याकाण्डले देशमा हलचल मच्चायो । तत्कालीन राजपरिवारका जिम्मेवार व्यक्तिले नै ती निर्दोष युवतीहरूलाई बलात्कार र हत्या गरेको भनेर जनता सशङ्कित थिए । त्यस घटनाले कृष्णालाई पनि झक्झकायो र वास्तविकतालाई अगाडि ल्याउनुपर्छ भनेर उहाँले राजधानीमा पोस्टर अभियान चलाउनुभयो । कृष्णाले आफ्नै हातले मसी र कुचोको डाँठले लेखेर सो हत्या काण्डको विरोधमा पोस्टर तयार गर्नुभयो र केही साथीको सहयोगमा भऱ्याङ बोकी असन, इन्द्रचोक, न्युरोडका गल्लीगल्लीका भित्ताहरूमा पोस्टर टाँस्दै हिँड्नुभयो । उहाँका गतिविधि देखेर धेरैले त्यसो नगर्न सम्झाए र भनेको नमान्ने भए राजदरबारको कारबाही सहनका लागि तयार हुन पनि भने । किनभने सो घटनामा राजदरबारसँग सम्बन्धित व्यक्तिहरूको संलग्नता भएको कुरा बाहिर आएको थियो । तर, उहाँले कसैको कुरा नसुनी आफ्नो काम गरिरहनु भयो ।

किशोरी कृष्णाको राजनीतिक गतिविधि बढ्दै थियो । कहिले जुलुस त कहिले शोकसभा उहाँलाई भ्याइनभ्याई हुन्थ्यो । एकदिन भक्तपुरको एउटा कार्यक्रम सकेर घर फर्कदा बुबाले उहाँलाई राजनीति छोड्न चेतावनी दिनुभयो । कृष्णाले राजनीति ज्यान गए पनि नछोड्ने भनेर जवाफ दिएपछि बुबाले उहाँको हातखुट्टा बाँधि केश काटेर मुडुलो बनाइदिंदा समेत राजनीति कहिले छोड्दिन भनेर रूँदै बुबालाई चुनौती दिनुभयो । त्यति नै बेला बिपी कोइरालाको मृत्यु भएकोले शोकसभाको आयोजना गरिएको थियो । उहाँ भन्नुहुन्छ, 'म बिपी कोइरालाको शोकसभामा जानका लागि छट्पटाएकी थिएँ । मेरो कपाल टाटेपाटे गरी काटिएको थियो । बल्लबल्ल आमालाई फकाएर घरमा हजामलाई बोलाइ कपाल मिलाएँ, पाइन्ट र ह्याट लगाएर भारतीय १० रूपैयाँ लिएर म एयर पोर्ट गएँ ।' बिपीको श्रद्धाञ्जलिका लागि महिलाहरूको लाइनमा उभिँदा नोना कोइराला (बिपीकी भाउजु) ले कृष्णालाई चिन्न सक्नुभएन । कृष्णा भन्नुहुन्छ, मैले 'कृष्णा भनेर चिनाउनु पऱ्यो ।'

२०४२ साल र २०४५ साल गरी कृष्णा दुईपटक जेल पर्नुभएको थियो । २०४२ सालमा सत्याग्रहमा भाग लिएको कारणले उहाँ एक करिब वर्ष जेल पर्नुभएको थियो । त्यतिखेर उहाँसँगै शैलजा आचार्य, सहाना प्रधान, कल्याणी शाह, समा शाही, समिता शाहीलगायत अरू २२ जना महिलाहरू पनि जेल परेका थिए । जेलमा बस्दा शैलजा आचार्यको अनुरोधमा कृष्णाले खाना पकाउने गरेको सम्झनुहुन्छ ।

पार्टीहरू प्रतिबन्धित रहेकै अवस्थाको एउटा घटना कृष्णा अझै सम्झनुहुन्छ । २०४४ सालमा हरिबोल भट्टराई र तीर्थराम डङ्गोलले काठमाण्डौं महानगरपालिकाको प्रधानपञ्च र उपप्रधानपञ्चका लागि मनोनयन दाखिला गर्न

कृष्णा पनि सँगसँगै जानुभएको थियो । मनोनयन दाखिला जाँदा प्रहरीसँग झडप भयो । कृष्णाले त्यस घटनामा शरीरभर निलडाम हुनेगरी प्रहरीको पिटाई खानुभयो । त्यसबेला मङ्गलादेवी सिंहले उहाँलाई सम्झाउँदै हौसला दिनुभएको थियो ।

२०५४/५५ सालमा नेपाली काङ्ग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले पार्टीभित्र कुनै परामर्श नगरी १६ वटा जिल्ला समिति विघटन गर्नुभएको थियो । अचानक गरिएको पार्टीको निर्णयप्रति असन्तुष्ट कृष्णाले कोइरालालाई भेट्न खोज्नुभयो, तर सक्नुभएन । त्यसपछि निराश र असह्य भएर उहाँले पार्टीको टेकुस्थित कार्यालयमा गिरिजाप्रसाद कोइरालाको सो निर्णयको स्पष्टीकरण माग राख्दै आफैमाथि पेट्रोल छर्केर आत्मदाहको प्रयास गर्नुभएको थियो । तर, साथीहरूले उहाँलाई आगो लगाउनबाट रोकेका थिए । आत्मदाह गर्न रोकेपछि उहाँ सो निर्णयको विरोधमा अनसन बस्नुभयो र पछि पार्टीले स्पष्टीकरण दिने र तथा छानबिन गर्ने शर्तमा उहाँको अनसन फिर्ता भयो । तर अहिले पार्टीको गैरजिम्मेवार व्यवहार बढ्दै गएको देखेर उहाँ निकै नै दुःखित हुनुभएको छ ।



पञ्चायतकाल विरूद्ध लड्ने दिनहरूमा कृष्णा सधैं आफ्नो झोलामा एउटा काइँयो, बुरूस, नेपाली काङ्ग्रेसको झण्डा र रेडियोको एरियल राख्ने गर्नुहुन्थ्यो । त्यो किनभने, रेडियोको एरियलमा झण्डा झुण्ड्याएर पञ्चायतविरूद्धको जुलुसमा विरोध प्रदर्शन गर्न र कथंकदाचित पत्राउन परिहाले बाँकी सामग्रीहरू हिरासत वा जेलमा प्रयोग गर्न ।

समानुपातिक तर्फबाट संविधानसभा सदस्य बन्नु भएकी कृष्णा संविधानसभा अन्तर्गत व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिको सदस्य हुनुहुन्छ । महिला र पुरूषलाई समान नागरिकताको अधिकार हुनुपर्छ भन्ने उहाँको स्पष्ट धारणा छ । यो विषयमा उहाँले आफ्नै पार्टीको धारणा विरूद्ध फरकमत राखेर वकालत गर्दै आउनुभएको छ । नेपाली महिला दोस्रो दर्जाका नागरिक होइनन् भन्दै उहाँ महिलाका समान हक र हैसियतका लागि लडिरहेको बताउनुहुन्छ । विवादित विषयहरू समाधान गर्नका लागि गठित उच्चस्तरीय आयोगले नागरिकतासम्बन्धी गरेको निर्णयले आफूलाई विचलित बनाएको उहाँ बताउनुहुन्छ । उहाँ प्रतिपश्न गर्नुहुन्छ, 'हामी नारा लगाउँछौं: जोत्नेको खेत, मिल मजदुरको, तर किन जन्म दिने जननीलाई पहिचान नदिने ? के आमा ज्यामी वा कर्मी मात्र हो ?'

संविधानसभामा सचेतक तथा उपसचेतकको नाम सिफारिस गर्दा पनि आफ्नै पार्टी नेपाली काङ्ग्रेस लगायत कुनै पनि पार्टीहरूले महिलाको नाम सिफारिस गरेन । पार्टीहरूको प्रवृत्तिबाट असह्य भएर कृष्णाले हस्ताक्षर सङ्कलन अभियान नै चलाएर सचेतक र उपसचेतक दुईजनामध्ये एकजना महिला राख्न आफ्नो पार्टीलाई बाध्य पार्नुभयो । हाल संविधानसभामा दलहरूका तर्फबाट महिला सचेतकहरू रहेका छन् ।

महिला सदस्यहरूकै दबाबले संविधानसभामा महिला ककसको स्थापना अनौपचारिक रूपमा भएपनि अझै यसले कानुनी मान्यता प्राप्त गर्न नसक्दा कृष्णलाई आत्मग्लानी हुन्छ । तर पनि ककस गठन गरेर महिला अधिकारका लागि महिला सदस्यहरू सामुहिकरूपले लागिरहेको देख्दा उहाँ केही हदसम्म चित्त बुझेको बताउनुहुन्छ ।

राजनीतिमा लगानी गरेका आफ्ना यौवनका सुनौला दिनहरूप्रति गर्व गर्दै कृष्णा आगामी दिनहरूमा पनि समानताका लागि पूर्णरूपल लडिरहने बताउनुहुन्छ । साथै महिलाका समान अधिकारका लागि पार्टी भित्रै फरकमत राखेर भए पनि सङ्घर्षलाई निरन्तरता दिइरहने उहाँको अठोट छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : कुन्ती कुमारी शाही |
| ठेगाना स्थायी | : बडा भैरब गाविस-२, खोर गाउँ, दैलेख |
| अस्थायी | : नारायणेश्वर टोल, वानेश्वर-१० |
| सम्पर्क ठेगाना | : ९८५१०४०७७६(मो) |
| जन्म मिति | : २०३३/७/१२ |
| जन्म स्थान | : दैलेख |
| आमाको नाम | : कर्णदेवी शाही |
| बुबाको नाम | : भक्तबहादुर शाही |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जीवनको एउटै लक्ष्य राजनीति

राजनीतिक परिवारमा हुर्कनुभएकी कुन्ती शाहीको सानै उमेरदेखि एउटै लक्ष्य थियो- राजनीतिमा लाग्ने । त्यसैले उहाँले स्कूले जीवनदेखि नै राजनीतिमा प्रवेश गर्नुभयो । परिवारलाई राजनीतिमा लाग्ने प्रेरणाको श्रोत भन्ने शाहीका बुबा पञ्चायत कालमा इतर राजनीतिका पक्षधर मानिनुहुन्थ्यो भने २०३६ को जनमत सङ्ग्रहमा बहुदलवादीको नेतृत्व समेत गर्नुभएको थियो ।

'कुन्तीका अनुसार, बुबा भक्तबहादुर शाही पञ्चायत कालमा जिल्ला पञ्चायत समितिको चुनावमा निरन्तर सभापति पदमा निर्वाचित हुन्थे । उहाँको बुबा जनताको तर्फबाट उम्मेद्वारी दिनुहुन्थ्यो । उहाँको परिवार 'जनताको सेवा' गर्ने र सामन्ती सोच विरूद्ध लड्ने परिवारमा गनिएको थियो । पञ्चायती कालमा राजनीतिक पार्टी र पार्टीका गतिविधिहरूमाथि बन्देज लगाइएकोले उहाँको घरमा तत्कालीन इतर पक्षका नेताहरूलाई संरक्षण दिइन्थ्यो । घरमा धेरै मान्छे आवतजावत गर्थे र कुन्तीको उनीहरूहसँग सम्पर्क र अन्तरक्रिया हुन्थ्यो । रातविरात घरमा राजनीतिक बैठक हुन्थ्यो र राजनीतिक योजनाहरू बन्थे । घरमा मान्छेको आवतजावत र बैठकहरू हुँदाहुँदैको अवस्थामा उहाँको पढाइ पनि चल्थ्यो । यस्तो वातावरणमा हुर्कनुभएकी कुन्तीको मनमा बच्चैदेखि समाजको विसङ्गति र विकृति हटाउन राजनीतिमा नै लाग्नुपर्छ भन्ने छाप बसेको थियो ।

कुन्ती गाउँमै जन्मनु र हुर्कनु भएपनि उहाँको परिवारले छोरा र छोरीलाई विभेद नगरेकोले उहाँलाई राजनीतिमा अघि बढ्न गाह्रो भएन । निडर र बोल्न नहिच्किचाउने कुन्ती विद्यार्थी जीवनमा वक्तृत्वकला प्रतियोगिताहरूमा भाग लिने गर्नु हुन्थ्यो । २०४६ सालमा उहाँ नेकपा (माले) को अनेरास्ववियु पाँचौंको जिल्ला सचिव हुनुभएको थियो, त्यतिबेला उहाँ कक्षा आठमा पढ्ने १३ वर्षको विद्यार्थी हुनुहुन्थ्यो । तर कुन्तीका अनुसार, नेकपा (माले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बीच कतिपय राजनीतिक बुँदाहरूमा सहमति भएपनि ती कार्यान्वयन गर्दा नेकपा (माले) ले धोका दिएकोले उहाँलाई कम्युनिष्ट विचारधारा वास्तवमा वर्गीय अवधारणा रहेनछ भन्ने लाग्यो ।

सम्भ्रान्त वर्गका मान्छे मात्र होइन पछाडि परेकाहरू पनि अगाडि आउनुपर्छ र महिलामाथि हुने विभेदको अन्त्य हुनुपर्छ भन्ने मान्यता राख्नुहुने कुन्तीलाई नेकपा (माले) कम्युनिष्ट पार्टी भएपनि 'वर्गीय सङ्घर्ष'का कुरा गर्ने पार्टी रहेनछ भन्ने लागेपछि उहाँले २०४८ सालमा राप्रपा विद्यार्थी सङ्गठनको इकाइ सदस्यको रूपमा राप्रपामा प्रवेश गर्नुभयो ।

२०६१ सालदेखि हालसम्म कुन्ती राप्रपा नेपाल महिला सङ्गठनको अध्यक्ष र २०६६सालदेखि हालसम्म पार्टीको केन्द्रिय सदस्य हुनुहुन्छ । २०४६ साल अघिको पञ्चायत व्यवस्थामा संलग्न नेता तथा व्यक्तिहरूले नै २०४६ सालको जनआन्दोलनपछि राप्रपा पार्टीको स्थापना गरी राजनीति गर्न थालेकोले सुरूका दिनहरूमा राप्रपाका नेता तथा कार्यकर्ताहरूलाई अरू पार्टी तथा जनताले हेर्ने दृष्टिकोण फरक थियो । यस्तो अवस्थामा गाउँ सहरमा काम गर्नु राप्रपामा लाग्नेहरूका लागि चुनौतिपूर्ण पनि थियो । कुन्ती पनि यस्तै पृष्ठभूमिबाट आउनुभएकोले संविधानसभाको चुनावमा गाउँमा कार्यरत रहँदा पार्टीले धेरै सिट ल्याउने कुरामा उहाँलाई न्यून आशा थियो । कुन्ती भन्नुहुन्छ, 'राप्रपाले जस्तो अरू पार्टीले खासगरी चुनावकाबेला अप्ठेरोस्थितिसँग सामना गर्नुपरेन । प्रतिकूल अवस्थामा गाउँमा चुनाव प्रचारप्रसार गर्न र पार्टीको अरू काम गर्न घरबाट निस्केपछि भरे घर फर्किन्छु भन्ने आशा कम हुन्थ्यो ।' २०४६ सालदेखिको राजनीतिक यात्रामा उहाँले सबैभन्दा बढी मनन गर्नुभएको कुरा हो, राजनीतिमा लाग्नेले आफ्नो व्यक्तिगत स्वार्थ र जीवन बिर्सनुपर्छ । तर, उहाँ आफ्नो पारिवारको सहयोग र प्रोत्साहनकै कारणले आफू ग्रामिण क्षेत्रको महिला भएर पनि आजको स्थितिमा पुग्न सकेको कुरालाई नकार्नुहुन्न । राजनीतिमा लाग्दा महिलाले धेरै किसिमका चुनौतीहरूसँग सामना गर्नुपर्ने रहेछ भन्ने कुरा उहाँले पनि अनुभव गर्नुभएको छ । सामाजिक लाञ्छना र दबाब मात्र होइन कति दिन भोकभोकै बसेको पनि उहाँ सम्झनुहुन्छ । महिलाले विवाह नगरी राजनीति गर्नु पनि अर्को सामाजिक चुनौती भएको उहाँ बताउनुहुन्छ । तर यी सबै चुनौतीहरूबाट आफू विचलित नभएको र अब यी भन्दा ठूला चुनौति आउला भन्ने पनि नलागेको कुन्ती बताउनुहुन्छ ।

कानुन विषयमा स्नातक गर्नु भएकी कुन्ती संविधानसभा अन्तर्गतको न्यायप्रणाली समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको विधान समितिको सदस्य हुनुहुन्छ । उहाँले आफू संलग्न समितिमा शक्ति पृथकीकरणको सिद्धान्त अलग्गै र स्वतन्त्र हुनुपर्ने माग राख्नुभएको थियो । यस्तै महिलाका लागि महिला बेन्च हुनुपर्ने, महिला मुद्दा छुट्टै प्रकृयाबाट अगाडि बढाउनेपर्ने र ती मुद्दा छोटो समयमा टुङ्ग्याउनु पर्ने, स्थानीय निकायमा पनि ससाना अर्धन्यायिक संरचना हुनुपर्ने विचार राख्नुभएको थियो । उहाँले स्वतन्त्र न्यायपालिका, न्यायाधीश नियुक्ति तथा प्रशासनिक संवैधानिक पक्षका कुरामा फरक मत राख्नुपरेको राख्नुभएको थियो । महिलाका मुद्दा असाध्यै चनाखो भएर उठाउनुपर्छ भन्नुहुने कुन्ती अहिले महिलाका लागि अन्तरीम संविधानले ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था गरेपनि न्यायोचित रूपमा राज्यको हरेक निकायमा उनीहरूको सहभागिता हुननसकेको र महिलाको न्यायोचित र समानुपातिक सहभागिताका लागि महिला शिक्षामा विशेष जोड दिनुपर्ने उहाँको भनाइ छ ।

महिला, जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका समुदायहरूका आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश पनि आफूले सक्रिय भूमिका निभाएको कुन्ती बताउनुहुन्छ । तर महिला, जनजाति, दलित आदि समुदायका नाममा फेरि सम्भ्रान्त वर्गका मान्छेहरू मात्र

अगाडि आएकोमा उहाँ असन्तुष्टि जनाउँदै उहाँ भन्नुहुन्छ, 'राज्यले लक्षित वर्गमा सुविधा पुऱ्याउनुपऱ्यो । नारा अनुसार काम कार्यान्वयन भएन ।'

संविधानसभा सदस्य भएपछि आफ्नो घरपरिवारबाट टाढा रहेर काठमाण्डौंमा आई काम गर्नु सजिलो अवस्था होइन भन्ने उहाँको अनुभव छ । त्यसमाथि कुन्तीको पार्टी सत्तामा नभएकोले आफ्नो जिल्ला र गाउँको विकास निर्माणका विषयमा उहाँले संसद्मा आवाज उठाउँदा उहाँको कुरालाई नसुनिएको र सत्ता पक्षका सभासद्का सिफारिसमा जिल्लाको विकासका लागि बजेट विनियोजन हुने गरेको उहाँको भनाइ छ । सरकार भनेपछि सबैको हुनुपर्नेमा पार्टी विशेषको मात्र सरकार बनाउने प्रवृत्ति र सवे पार्टीलाई समान अधिकार नदिइएको अवस्थाप्रति पनि उहाँ दु:ख व्यक्त गर्नुहुन्छ ।

महिला सदस्य भएकै कारणले कुन्तीले संविधानसभा र व्यवस्थापिका संसद्मा व्यक्तिगत रूपमा विशेष किसिमका समस्याहरू भोग्नु परेन । उहाँ भन्नुहुन्छ, 'महिलालाई महत्व नदिने प्रवृत्ति प्रत्येकले महिलाले संविधानसभा भित्र र बाहिर भोगेको साझा समस्या हो । पार्टी भित्र र बाहिर पनि विभिन्न सवालहरूमा महिलाले आफ्ना भनाइ तथा विचार राखेका छन, तर महिलाले बोलेका कुरा मिडियामा देखाइन्न ।' संविधानसभामा विशेष गरी राष्ट्रिय मुद्दाहरूमा बोल्नका लागि विशेष समय लिएर बोल्नुपर्ने हुनाले यस्ता विषयहरूमा पुरूषले नै बढी बोल्ने गरेको उहाँ बताउनुहुन्छ । उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ, 'महिलाले शून्य समयमा बोल्नका लागि दिइने १ मिनेटमा के बोल्ने ? विशेष समयमा पार्टीको हिसाबले ३ मिनेट पाउँछ तर, विशेष समयमा कम महिलाले मात्र बोल्न पाउँछन र पार्टी हस्तक्षेप बढी हुन्छ ।' महिला सदस्यहरूले संविधानसभामा उठाएका मुद्दाहरूलाई अन्य (पुरूष) सदस्यहरूले गम्भीर ढङ्गले लिने नगरेको अनुभव कुन्तीको पनि छ । महिलाका मुद्दा उठाउँदा ती जरूरी नै छैनन् भनेर पन्छाउन खोजिने प्रवृत्ति पनि बलियो रहेको उहाँ बताउनुहुन्छ ।

संविधानसभामा आफ्नो क्षमता र भूमिका सशक्त हुँदाहुँदै पनि 'ठूला दलले साना दलका कुरालाई वास्ता नगर्ने प्रवृत्तिले आफ्ना भनाइ तथा विचार राख्न र ती कार्यान्वयन गराउन अप्ठेरो परेको कुन्तीले महसुस गर्नुभएको छ । समयको पावन्दीले गर्दा पनि संविधानसभा सदस्यहरूले उठाएका मुद्दा र मागहरूको हत्पति सुनुवाइ नहुने हुनाले सो ठाउँ कार्यान्वयन गर्ने होइन सुनाउने मात्र थलोको रूपमा विकास भएको र यस्तो अवस्थाको अन्त्य हुनुपर्ने उहाँको विचार छ । जीवनमा जे जस्तो समस्या र उतारचढाव आएपनि आफ्नो विचारमा दृढ भएर निरन्तर अघि बढे लक्ष्यमा पुगिन्छ भन्ने कुन्तीले विश्वास गर्नुभएको छ । आफ्नो पार्टी भित्र महिलाका लागि दिइने आरक्षण प्राप्त गर्न होइन पुरुषसँग प्रतिस्पर्धा गर्न रूचाउनुहुने कुन्ती भन्नुहुन्छ, 'महिलाले आफूलाई कमजोर ठानी महिलासँग मात्र प्रतिस्पर्धा गर्ने मनस्थिति त्याग्नुपर्छ ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : कुमारी मोक्तान |
| ठेगाना स्थायी | : पदमपोखरी गाविस २, ठुलोथली, मकवानपुर, नारायणी |
| अस्थायी | : पेप्सीकोला, भक्तपुर |
| सम्पर्क ठेगाना | : ९८४१५९२६७३ (मो) |
| जन्म मिति | : २०३६/७/२८ |
| जन्म स्थान | : पदमपोखरी |
| आमाको नाम | : तीर्थामाया मोक्तान |
| बुबाको नाम | : सानुकान्छा मोक्तान |
| श्रीमान्को नाम | : दावा तामाङ |
| शिक्षा | : माध्यमिक शिक्षा |
| राजनीतिक दल | : एनेकपा माओवादी |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# ढिलै भए पनि संविधान निर्माण हुने कुरामा विश्वस्त छु

मकवानपुर, पदमपोखरीमा जन्मनुभएकी कुमारी मोक्तानले २०५३ सालमा नेकपा (माओवादी)को सदस्यता लिँदा उहाँका कतिपय साथीहरूले उहाँलाई अलि घृणाको दृष्टिले हेर्दथे । उनीहरू सकेसम्म कुमारीबाट पर पर हुन्थे, सायद राजनीतिमा लागेकी महिला भनेर । तर, महिलामाथि हुने हिंसा र भेदभावप्रति उहाँ सचेत हुनुहुन्थ्यो र महिला मुक्ति राजनीतिबाट मात्र सम्भव छ भन्ने उहाँलाई लाग्थ्यो त्यसैले पनि उहाँ राजनीतिमा अघि बढ्नुभयो ।

कुमारीकी आमा तिर्थामाया मोक्तान पहिला नेकपा (एमाले)मा हुनुहुन्थ्यो र पछि उहाँ एकता केन्द्र (मशाल)मा संलग्न हुनुभयो । आमाको राजनीतिक सक्रियताले पनि कुमारीलाई राजनीतिमा लाग्न प्रेरित गरेको थियो । त्यसरी नै कुमारीको छिमेकी दाजु रूद्र पाखिनले पनि उहाँलाई राजनीतिमा लाग्न सहयोग गर्नुभएको थियो । परिवारको चाहना र आफ्नो पनि चाहना एकै भएको कारणले कुमारीलाई राजनीतिमा लाग्न त्यति अप्ठेरो भएन । तर, घरबाट बाहिर निस्केपछि चाहिँ समाजले महिलालाई राम्रो दृष्टिले नहेर्ने, माओवादी पार्टीमा लागेपछि समाजले अस्वीकार गर्ने, कुरा काट्ने असहयोग गर्ने जस्ता चुनौतीहरूसँग उहाँले सामना गर्नुभयो ।

राजनीतक जीवनको दौरानमा दाजु रूद्रलाई सुरक्षाफौजले गोली हानेर हत्या गरेको घटना कुमारीको जीवनको सबैभन्दा दुःखद घटना हो । तर मुक्तिका लागि दुःखकष्टहरू पनि सहायक बन्ने उहाँको सोच छ । २०५७ सालमा माओवादी गतिविधिमा लागेर शान्ति सुरक्षामा खलल पुर्‍याएको आरोपमा कुमारी झण्डै एकवर्ष जेल पर्नुभयो । त्यतिबेलाको कुरा सम्झँदै उहाँ भन्नुहुन्छ, 'सङ्कटकाल लागेको त्यस्तोबेलामा बाँच्नु नै सबैभन्दा ठुलो कुरो भयो ।'

२०५५ सालमा नेकपा (माओवादी) पार्टी अन्तर्गत रहेको जिल्ला अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को कुमारी अध्यक्ष हुनुभएको थियो । यस्तै गरी उहाँ २०५७ सालमा माओवादी तामाङ मुक्ति मोर्चाको केन्द्रिय सदस्य

र २०५९ सालमा मकवानपुर जिल्ला पार्टी सचिव हुनुभयो । यसैगरी उहाँ २०६१ सालमा तामाङ मुक्ति मोर्चाको केन्द्रिय उपाध्यक्ष तथा माओवादी क्षेत्रीय तामाङ स्वायत्त प्रदेशको क्षेत्रीय उपाध्यक्ष तथा क्षेत्रीय ब्युरो सदस्य बन्नुभयो । संविधानसभा निर्वाचनमा मकवानपुर क्षेत्र नं ४ बाट कुमारी निर्वाचित हुनुभएको थियो भने उहाँ २०६३ सालको अन्तरिम व्यवस्थापिका संसद्को सदस्य पनि हुनुहुन्थ्यो ।

राजनीतिक जीवनमा प्रवेश प्रवेश गर्नुअघि र प्रवेश गरेपछिका दिनहरूमा कुमारीले यति छिटै संविधानसभाको सदस्य बन्नेछु भनेर सोच्नुभएको थिएन । उहाँ भन्नुहुन्छ, 'राजनीति गर्दैजाँदा कुन स्थितिमा पुगिन्छ भन्न सकिँदैन ।' तर उहाँले जीवनमा राजनीति बाहेक अर्को विकल्प सोच्नु भएको छैन । 'जीवनमा प्रशस्त चुनौतीहरू आए पनि असफलताको अनुभूति भएको छैन' भन्नुहुने कुमारीको राजनीतिक जीवनले उहाँलाई अहिलेसम्म सन्तुष्ट भने तुल्याउन सकेको छैन । अझ उहाँले सोचे जस्तो सामाजिक र राजनीतिक परिवर्तन अझै आएको छैन । पटक–पटक संविधानसभाको समय थप्ने विषयले नि उहाँलाई नमीठो अनुभूति दिलाउँछ । संविधान लेख्न जनताको 'म्यान्डेट' लिएर आएपनि संविधान समयमा लेख्न नसक्दा नराम्रो अनुभव भइरहेको कुमारी बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'ढिलो या चांडो जनताको संविधान नलेखी सुखै छैन । जनतालाई कसरी टार्न सकिन्छ ? संविधान दिनै सक्दैनौं भनेर जनतालाई अन्धकारमा राख्न मिल्दैन । त्यसैले ढिलै भए पनि संविधान निर्माण हुने कुरामा म विश्वस्त छु ।' नयाँ संविधानमा सङ्घीय राज्य, दलित, आदिवासी/जनजाति, मधेसी र अन्य पछाडि पारिएका जाति र वर्गका मुद्दालाई सम्बोधन गर्न सके मात्र नेपाली जनताले राहत पाउने उहाँको भनाइ छ ।

आफू संलग्न शासकीय स्वरूपको निर्धारण समितिमा सङ्घीय राज्यको स्वरूप कस्तो हुने र राज्यको शासन प्रणाली कस्तो बनाउने हुने भन्ने कुरामा कुमारीले आफ्नो मत व्यक्त गरेको र यी विषयहरूमा अझै छलफल र बहस हुनुपर्ने उहाँको विचार छ । साथै राज्यको हरेक तहमा महिला, अल्पसंख्यक, आदिवासी/जनजाति, आदिको पूर्ण समानुपातिक कसरी गराउने भन्ने सवालमा पनि अझै छलफल हुनुपर्ने उहाँ बताउनुहुन्छ । उहाँले भविष्यमा कस्तो चुनाव प्रणाली अपनाउँदा महिलाका समावेशी तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनसक्छ भन्ने विषयमा पनि कुरा उठाउनुभयो । यस्तै अन्तरिम संविधानमा ३३ प्रतिशत महिलाको स्थान सुनिश्चित गरिएपनि पटकपटक गठित मन्त्रिमण्डल, विभिन्न आयोग, कार्यदल तथा समिति आदिमा महिलाको सहभागिता अत्यन्त न्यून भएको हुँदा आगामी संविधानमा नै महिलाको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने उहाँको भनाइ छ । संविधानसभा सदस्य र संविधानसभा अन्तर्गतको शासकीय स्वरूप निर्धारण समिति तथा व्यवस्थापिका संसद्को सुरक्षा विशेष समिति सदस्यको हैसियतले आफूले पछाडि पारिएको वर्ग, जाति र लिङ्गको हितमा बोल्न सकेको अनुभूति भएको कुमारी बताउनुहुन्छ । संविधानसभा सदस्यहरूले उठाएका मुद्दाहरूको अन्तिम टुंगो संवैधानिक समितिले लगाउने भए पनि जनताले चाहेजस्तो संविधान नआएको खण्डमा संविधान जारी भएको भोलिपल्टै सो जलाउनु पर्ने स्थिति आउन नदिन संविधानसभा सदस्य र प्रमुख दलहरू सचेत रहनुपर्ने उहाँको भनाइ छ ।

कुमारीले संविधानसभा भित्र र बाहिर महिला र पुरुष सदस्यको हैसियतमा खासै फरक महसुस नगर्नु भएपनि संविधानसभामा महिला सदस्यले बोलेका कुरालाई पुरुष सदस्यहरूले गम्भीर रूपमा नलिने महसुस भने गर्नुभएको छ । महिलाले राजनीति गर्दा 'पोथी बास्यो' भन्ने र महिलाले अगाडि बढेको पचाउन नसक्ने सामन्तवादी

संस्कारको अबशेष अझै बाँकी रहेको छ । यसलाई उहाँ हजारौं वर्षदेखिको एकात्मक र पितृसत्तात्मक शासन प्रणालीको उपजका रूपमा लिनुहुन्छ । महिला सदस्यहरूले पनि संविधानसभामा पुरूष सदस्यहरूले जतिकै विभिन्न राष्ट्रिय मुद्दाहरूमा बोल्ने वा आफ्ना विचारहरू प्रस्तुत गर्ने गरेको सुनाउँदै कुमारी भन्नुहुन्छ, 'महिलाले महिलाका बाहेक अन्य विषय तथा मुद्दामा विचार राख्न र बोल्न सक्दैनन् भन्नु महिलालाई पाखा पार्ने प्रयास मात्र हो । संविधानसभामा आफ्ना आवाज उठाउन सक्ने थुप्रै महिलाहरू छन् । हामी हाम्रा भनाइ तथा विचारहरू सशक्त ढङ्गले राख्न सक्छौं र सकिरहेका पनि छौं ।'

कुमारीका अनुसार, उहाँ आदिवासी/जनजाति, अल्पसंख्यक र पछाडि पारिएका जनता तथा क्षेत्रको प्रतिनिधि भएकोले उहाँले नयाँ संविधानमा ती समुदाय र क्षेत्रका जनताको अधिकार सुनिश्चित गराउन सक्दो भूमिका निर्वाह गर्नुभएको छ । आदिवासी/जनजातिको हक अधिकार सुनिश्चित गर्नका लागि सङ्घीय राज्यको घोषणा हुनुपर्ने र सङ्घीय राज्यको क्षेत्रफल विभाजन गर्दा जातीय कुरालाई पनि विशेष रूपले ध्यान दिनुपर्ने उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'अल्पसंख्यकको सम्मान हुनुपर्‍यो । जस्तो, मैले तामाङ समुदायको पनि प्रतिनिधित्व गर्ने भएकोले तामाङ राज्य घोषणा हुनुपर्‍यो भन्ने मेरो पनि माग छ । सङ्घीय राज्यको सीमाना बाँडफाँड गर्दा जातीय कुरालाई राम्ररी ध्यान दिइएको छैन जस्तो, चेपाङ समुदायलाई पनि सुनकोसी र ताम्सालिङभित्र पारिएको छ । यसरी तामाङ समुदायको भूमि ताम्सालिङ राज्य खण्डित गर्नु भएन ।'



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | खुमा सुवेदी |
| ठेगाना स्थायी | : | पानीपोखरा, गजुल गाविस-४, रोल्पा |
| अस्थायी | : | शंखमूल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९८४१५४०३७४, ९७४१०९५७६२ (मो) |
| जन्म मिति | : | २०३०/८/९ |
| जन्म स्थान | : | गजुल-४, रोल्पा |
| आमाको नाम | : | देवा सुवेदी |
| बुबाको नाम | : | भक्तिराम सुवेदी |
| श्रीमान्को नाम | : | स्व. नन्दप्रसाद न्यौपाने |
| शिक्षा | : | प्रमाणपत्र तह (अध्ययनरत) |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# पाइलैपाइलामा पीडा

'सभासद्हरू भत्ता खाँदै रमाइरहेका छन् र, संविधान बन्ने कुरा एकादेशको कथा भइरहेको छ', थपिएको समयमा समेत संविधान बन्ने सम्भावना क्षीण हुदै गएपछि आक्रोशित जनताबाट बेलाबखत प्रहार हुने यस्ता शब्दबाणले सभासद् खुमा सुवेदीको मन चसक्क घोच्छ ।

केही ठूला दलका सीमित नेताहरूका स्वार्थका कारणले तोकिएको समयमा संविधान बन्न नसक्दा त्यसको अपजस आफूमाथि पनि आइपर्दा खुमालाई अत्यन्त नमीठो लाग्छ । जनताका लागि उत्कृष्ट संविधान बनाउँछु भन्ने उत्साह बोकेर संविधानसभामा आउनु भएकी उहाँ जस्ता सभासद्का लागि 'आत्तिनु पर्ने ठाउँ बनेको छ त्यही संविधानसभा ।' नहोस् पनि किन, आखिर यहाँसम्म आइपुग्ने उहाँको राजनीतिक यात्रा सजिलो कहाँ थियो र ? खुमादेवीका बुबा गाउँकै स्थानीय विद्यालयमा शिक्षक हुनुहुन्थ्यो । तर, केही समय पढाएपछि उहाँलाई गाउँभन्दा टाढा सरूवा गरियो, त्यसपछि उहाँ पढाउने काम छोडेर खेती किसानीमा लाग्नु भयो । परिवारले राजनीति बुझेकोले यस क्षेत्रमा लाग्न खुमालाई निषेध भएन ।

घरमा काका (झक्कुप्रसाद सुवेदी) र विद्यालयमा गुरू किमबहादुर थापा (सुनिल)का प्रेरणाले राजनीतितर्फ डोरिनु भएकी खुमालाई समाजमा रहेका अन्याय अत्याचार र छोरा र छोरी बीचको विभेद अन्त्य गर्ने उपयुक्त माध्यम र थलो नै राजनीति हो भन्ने लाग्यो । राजनीतिमा उहाँले कम्युनिष्ट सिद्धान्त रोज्नुभयो । किनभने, कम्युनिष्ट नै सबै विभेद हटाउने र सम्मान दिने पार्टी हो, र यसैले सबैलाई समान अधिकार र न्याय दिलाउँछ भन्ने सोचले उहाँलाई माओवादीसँग आबद्ध गरायो ।

उहाँले महिला सङ्गठनको केन्द्रिय सदस्यका रूपमा जाजरकोट, रोल्पा र सल्यानको इन्चार्जसीप लिएकै बेला 'जनयुद्ध' सुरू भयो । त्यतिबेला १ सय जनाको टोलीमा उहाँसहित जम्मा दुई जना मात्रै महिलाहरू थिए ।

राती ओडार र जङ्गलमा बास बस्नु पर्थ्यो । अघिपछि त्यस्तो अप्ठेरो नभए पनि राती बास बस्दा र नुहाउने समयमा उहाँहरूलाई केही समस्या पर्थ्यो ।

खुमाको राजनीतिक यात्रा २०४६ सालपछि सुरू भएपनि २०५१ देखि मात्र उहाँ पार्टीको पूर्णकालीन कार्यकर्ता बन्नु भयो । विसं २०५२ देखि २०५७ सम्म अखिल नेपाल महिला सङ्गठन क्रान्तिकारीको जिल्ला अध्यक्ष र केन्द्रिय सदस्य हुदै उहाँले जनमुक्ति सेनाको बटालियन कमिसारको जिम्मेवारी सम्हाल्नु भयो । विस्तृत शान्ति सम्झौतापछि चाहिँ उहाँले वाइसिएलको कार्यालय सचिव भएर पनि काम गर्नुभयो । हाल उहाँ वाईसिएलको केन्द्रिय सचिवालय सदस्य, पार्टी राज्य कमिटी (भेरी र कर्णाली) को सचिवालय सदस्य र संविधानसभाको सदस्यका रूपमा सक्रिय हुनुहुन्छ ।

राजनीतिक जीवनको दौरानमा उहाँले बिर्सीनसक्नु पीडाहरू भोग्नु भएको छ । उहाँ भन्नुहुन्छ, 'दुश्मनसँग लड्दालड्दै सँगै हिडेका साथीभाइ गुमाउनुको पीडाले अहिले पनि छाती पोल्छ झ्झ्ती । बिहे भएको दुईवर्ष पनि नहुँदै जीवनसाथी गुमाउनुको पीडा झनै गहिरो हुने नै भयो ।' खुमाको विवाह वि.सं. २०५३ सालमा नन्दप्रसाद न्यौपानेसँग भएको थियो तर, बिहे पछि राजनीतिक उद्देश्य प्राप्तिका लागि उहाँ र उहाँको श्रीमान्ले छुट्टा-छुट्टै ठाउँमा रहेर काम गर्नु पऱ्यो । विवाह गरेको दुई वर्षपछि प्रहरीले माओवादी 'जनयुद्ध' दवाउन सञ्चालन गरेको किलो शेरा टु अप्रेशनमा उहाँको श्रीमान् मारिनुभयो, जतिबेला उहाँ सुत्केरी अवस्थामा हुनुहुन्थ्यो । 'श्रीमान् मारिनुहुँदा उहाँसँग भेट नभएको पनि १० महिना भएको थियो । म सुर्खेतमा थिएँ, उहाँ जाजरकोटमा हुनुहुन्थ्यो ।' विगतका सम्झना गर्दै खुमाले भन्नुभयो । उहाँको श्रीमान् सुरूमा शिक्षण पेशामा हुनुहुन्थ्यो । २०५० मा राजिनामा दिएर उहाँ पार्टीमा लाग्नुभएको थियो । खुमाकै शब्दमा, 'सहिद हुने बेला उहाँ डोल्पाको जिल्ला सचिव हुनुहन्थ्यो ।'

सुत्केरी भएपछि दुध खाँदै गरेको छोरा काँधमा बोकेर हिड्नु सजिलो थिएन । सबैभन्दा नजिकको मान्छे आफ्नो श्रीमान्लाई नै गुमाई सकेकोले आफ्नो छोरालाई पनि केही हुन्छ कि भनेर आमाको मनमा एक किसिमको त्रास आइरहनु स्वाभाविक थियो । तर, जुन उद्देश्य प्राप्तिका लागि जिन्दगीलाई हत्केलामा राखेर यात्रा सुरू गर्नु भएको थियो, त्यसका लागि आफूभित्रको आमा मनलाई कठोर पार्दै उहाँले आफ्नो राजनीतिक यात्रालाई कायमै राख्नुभयो । कतिपय अवस्थामा प्रहरीले लखेट्दा बच्चा बोकेरै काँडाको बीचबाट दौडिनु पर्थ्यो । पुलिसका बन्दुकका पर्रासँगै बच्चा बोकेरै फायरिङ गर्दै 'दुश्मनको घेरा' तोड्दै कुद्नु पर्थ्यो । जङ्गलमा काँडाले घोचेर लड्दा आफूले च्यापेको सानो छोराले तोते बोलीमा डराउँदै 'दगुर् मम्मी' भन्दा मातृ वात्सल्यले उहाँको मन कुटुकुटु खान्थ्यो । समयमा खाना खान नपाउनु त सामान्य जस्तै थियो ।

२०५७ सालतिरको घटना हो । उहाँको बच्चा पार्टीकै एक जना भाइले बोकेर हिडी रहेका बेला अचानक प्रहरी आएपछि उहाँहरू तितरबितर भएर छुट्टाछुट्टै बाटो लाग्नु भयो । रातभरी बच्चा र बच्चा बोक्ने भाइलाई गोली लाग्यो कि भनेर उहाँलाई ठूलो पीडाले सताईरह्यो । त्यतिबेला बच्चासँग १५ घण्टासम्म सम्पर्क हुनसकेन । भोलिपल्ट बिहान मात्र उहाँलाई थाहा भयो उहाँको बच्चा बोक्ने भाइ प्रहरीको गोली लागेर सहिद भएछ । तर त्यो भाइले बच्चालाई गाउँलेको घरमा छोडेर गएकोले बच्चालाई बचाउन सकिएछ । यसरी दुई वर्ष पनि नपुगेको

बच्चा बोकेर युद्धमा होमिनु कम्ति चुनौतिपूर्ण थिएन । जहाँ पायो, त्यही छोड्न पनि नमिल्ने । खास्टोले पिठ्युमा बच्चा कस्दै हिड्नु पर्ने । बच्चा र आमा दुबैले निकै नै दुखः पाएको देखेर खुमाकी आमाले 'यो सानो बच्चा घरमा राखेकै कारणले म मर्नुपर्छ भने तयार छु' भनेर बच्चालाई घरमै आफूसँग राखेपछि उहाँ बच्चा छोडेर पार्टीको काममा लाग्नुभयो । दुधे बालकसँग बिछोडिएर पार्टीको काममा त लाग्नुभयो तर बेलाबेलामा उहाँलाई मातृवात्सल्यले नमीठो गरी छोराको सम्झना दिलाउथ्यो । खासगरी छोरालाई दुध खुवाउन नपाएर दुध निचोरेर फाल्नु पर्दा उहाँलाई साह्रै पीडा हुन्थ्यो । अरूको अगाडि सँधै बलियो देखिए पनि आखिर आमाको मन नै हो, छोराको सम्झनाले भक्कानिएको मनलाई थाम्न नसकेर उहाँ कहिलेकाहीँ एक्लै रूनुहुन्थ्यो । छोरालाई माइतीमा छोडेको झण्डै छ महिनापछि मात्रै उहाँले छोरालाई भेट्न पाउनुभयो र लामो अन्तरालपछि भेटदा छोराले सुरूमा आमा चिनेन ।

माओवादी 'जनयुद्ध'ले विस्तृत शान्ति सम्झौता र संविधानसभाको चुनावपछि बाटो फेर्‍यो । र, संविधानसभाको निर्वाचनमा समानुपातिक प्रतिनिधित्वअन्तरगत खुमा संविधानसभाको सदस्य बन्नुभयो । संविधानसभामा आफू सम्बद्ध समितिमा उहाँले विशेष गरी महिला, जनजाति, दलित, मधेसी आदिका सवालका साथै न्यायाधीश नियुक्ति गर्दा लैङ्गिक दृष्टिले समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भनेर जोड दिनु भयो ।

आफू महिला भएकै कारणले संसद् र संविधानसभामा खासै समस्या भोग्नु नपरे पनि लिङ्गीय रूपमा महिलालाई स्वीकार्ने समस्या अझै त्यहाँ रहेको महसुस हुन्छ खुमालाई । उहाँको अनुभवमा महिलाले उठाएका मुद्दाहरूलाई पुरूष सभासद्हरूले त्यति गम्भीर ढङ्गले लिएको पनि देखिँदैन । नयाँ संविधानले जनताका हरेक समस्यालाई सम्बोधन गर्नु पर्छ भन्ने उहाँको मान्यता छ । तर, संविधान निर्माण प्रक्रियामा मरिमेटेर लाग्दा पनि संविधान बन्न ढिलो हुँदा र चाहे जस्तो संविधान नबन्दा उहाँलाई खिन्न लागिरहन्छ ।

अन्तरसङ्घर्ष र वर्गसङ्घर्ष बीच हेलिँदै आफू यहाँसम्म आइपुगेकोमा खुमालाई गर्व लाग्छ । राजनीतिमा बुझेर लागेकाले जे जस्तो अवस्थाबाट गुज्रिनु परे पनि उहाँ सन्तुष्टै हुनुहुन्छ । जनताको काम निरन्तर रूपमा जनताकै बीचमा रहेर गर्ने उहाँको सोचाइ र योजना छ । व्यक्तिगत आकांक्षा र चाहनाभन्दा सामुहिक आकांक्षा र चाहनाका लागि बाच्नुपर्छ भन्ने खुमाको भनाइ छ ।



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | गायत्री साह |
| ठेगाना स्थायी | : | अनार्हा-२, सर्लाही, जनकपुर |
| अस्थायी | : | सँगम गल्ली वडा नं. ३२, काठमाण्डौ |
| सम्पर्क ठेगाना | : | ०१-४७७१७२० (घर) |
| इमेल | : | onlinegayatri@hotmail.com |
| जन्म मिति | : | २०३९/०८/११ |
| जन्म स्थान | : | सर्लाही |
| आमाको नाम | : | जीनसदेवी साह |
| बुबाको नाम | : | हरिचरण साह |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | नेपाली जनता दल |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# कान्छी सभासद्

वि.सं. २०५१ सालमा स्थापित जनता दलका तर्फबाट संविधानसभामा नेतृत्व गर्दै हुनुहुन्छ, गायत्री साह – संविधानसभाकै कान्छी सभासद्को रूपमा ।

गायत्रीलाई बाल्यकालदेखि नै कसैलाई केही गर्न पाए हुन्थ्यो भन्ने मनमा लागि रहन्थ्यो । सडकमा हिँड्दा बालबालिका र बुढाबुढीलाई देख्दा पनि उहाँको मनमा सहयोगको भावना जाग्थ्यो । खासभन्ने हो भने उहाँलाई समाजसेवामै बढी रूचि थियो र राजनीति चाहिँ अलि पछि मात्र गर्छु भन्ने सोच्नु भएको थियो । तर, पछिल्लो समयमा आएर राजनीतिबाटै समाजमा छिटो परिवर्तन ल्याउन सकिन्छ भन्ने लागेपछि उहाँ राजनीतिमा सक्रिय हुनुभयो ।

बाल्यावस्थामा हुँदा राजनीतिमा लागेकै कारणले गायत्रीका बुबा आमा जेल पर्नु भएको थियो । उहाँका अनुसार, २०५६ सालतिर राजनीतिक कारणले गर्दा नै उहाँहरूको काठमाण्डौंमा भएको घर अदालतले नभत्काउन अन्तरिम आदेश जारी गर्दा समेत भत्काइयो । घर भत्काइएको घटनाले पनि गायत्रीलाई राजनीतितर्फ अग्रसर हुन घच्घच्यायो र त्यहीबेलादेखि नै शिक्षित र युवाहरूले केही गर्नुपर्छ भन्ने पनि उहाँको मनमा पर्न थाल्यो । तर, राजनीतिमा अझै पनि युवाहरूले आवश्यक स्थान र जिम्मेवारी नपाएको र विशेष गरी राजनीतिक दलहरूले बढीजसो उनीहरूलाई प्रयोग मात्रै गरेको पनि उहाँलाई लाग्छ । त्यसैले राजनीतिमा र दलहरूको निर्णायक तहमा उमेरलाई मात्र नभै काम गर्ने क्षमता र बुझाईलाई पनि महत्व तथा अवसर दिइनुपर्छ भन्ने उहाँको धारणा छ ।

संविधानसभाको सदस्य हुँदा गायत्री २५ वर्षको मात्रै हुनुहुन्थ्यो । २५ वर्षको उमेरमा नै संविधानसभाको सदस्य

बन्न सकेको विषयलाई उहाँ सामान्य रूपमै लिनुहुन्छ । चुनावका बेला पार्टीका तर्फबाट बन्दसूचीमा आफ्नो नाम परेको र चुनावताका गाउँगाउँमा गएर पार्टीका लागि भोट मागेकोले उहाँका लागि संविधानसभाको सदस्य बन्नु अचम्मको कुरा भएन । तर, संविधानसभामा आएपछि भने उहाँले धेरै नयाँ कुराहरू सिक्ने र अनुभव गर्ने मौका पाउनु भयो । जस्तो अघिपछि टिभीमा मात्रै देखिने वरिष्ठ नेताहरूसँगै बसेर काम गर्ने अवसर पाउनु भयो । जनता दल अरू दलका तुलनामा सानै भएपनि आफू यसको नेता भएकाले र युवा नेताको हैसियतले पनि उहाँले विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कार्यक्रमहरूमा भाग लिने मौका पाउनुभयो ।

गायत्रीलाई सुरूमा त संविधानसभा भनेकै के हो भन्ने उत्सुकता पनि थियो । संविधानसभा बैठकको नियम र प्रक्रिया सिक्न पनि केही गाह्रो लागेको थियो । 'तर, शिक्षित भएकोले संविधानसभाका विधि र प्रक्रिया सिक्न सजिलो भयो', उहाँ भन्नुहुन्छ ।

पहिलोचोटी हाउसमा बोल्दाको क्षण सम्झिँदै गायत्रीले भन्नुभयो, 'महिला राष्ट्रपति भए पुरूष उपराष्ट्रपति र पुरूष राष्ट्रपति भए महिला उपराष्ट्रपति हुनुपर्ने व्यवस्था हुनुपर्छ भनेर मैले मुद्दा उठाउँदा सबैले ताली बजाएर स्वागत गरेका थिए ।' जनता दलको विधानमै ५० प्रतिशत महिला सहभागिता हुनुपर्ने प्रावधान रहेकोले यो विषयलाई संविधानसभा र समितिहरूमा पनि उच्च प्राथमिकताका साथ आफूले राखेको गायत्रीको भनाइ छ । तर, जनता दल सानो भएकाले संविधानसभामा बोल्ने समय थोरै (३ मिनेट) मात्र पाउने गरेकोले चाहेर पनि सबै मुद्दा उठाउन उहाँलाई समय अपुग हुन्छ । साथै राष्ट्रिय मुद्दामा बोल्न सबै दलहरूले समान समय नपाउने पनि उहाँको गुनासो छ, 'सबै जेठा, पाका नेताले बोल्ने र तीनमा पनि पुरूषै हुने । संविधानसभामा कुनै पनि महिला सदस्यले आधा घण्टा बोल्न पाएको बिरलै होला र महिलाले महिलाकै मुद्दामा मात्रै बोल्नु पर्ने र राष्ट्रियताको मुद्दामा बोल्नै नहुने जस्तो पनि गरिन्छ ।' तर आफू दलको नेता भएकोले संविधानसभामा लिङ्गीय रूपमा हुने विभेदको खासै अनुभूति गर्नु नपरेको उहाँको अनुभव छ । संविधानसभामा १९७ जना महिलाको उपस्थिति आफैमा सकारात्मक कुरा हो । तर, व्यावहारिक रूपमा अझै पनि पुरूष महिलाभन्दा जान्ने हुन्छन् भन्ने सोचाइले जरा गाडेको गायत्री बताउनु हुन्छ । महिलाले उठाएका कतिपय मुद्दालाई पुरूषहरूले हाँसोको रूपमा लिने गरेको पनि उहाँले पाउनु भएको छ ।

संविधानसभा र यस अन्तर्गतका समितिहरूमा साना दलका प्रतिनिधिहरूले पनि विभिन्न सवालमा महत्वपूर्ण कुरा राखे तापनि ती चर्चामा नआउने र मुख्यतः माओवादी, काङ्ग्रेस, एमाले र केही मधेसवादी दलहरूको नै बोलबाला रहेको पनि गायत्रीले बताउनु भयो । उहाँको विचारमा सङ्घीयता देश टुक्र्याउने भन्दा पनि विकेन्द्रीकरणलाई सहयोग गर्ने हुनुपर्छ । एक मधेस एक प्रदेश, लिम्बुवान, थारूवान आदिका मागहरू शक्ति विकेन्द्रिकरण गर्नका लागि सहयोग पुऱ्याउने भन्दा राष्ट्रिय विखण्डन ल्याउने किसिमका छन् ।

आफू युवा भएकोले र राजनीति तथा अरू कतिपय विषयवस्तुहरू भर्खरै सिक्दै गरेकोले कहिलेकाहीँ आफूले राम्रै कुरा बोल्दा पनि अरूले सकारात्मक रूपमा नलिने हो कि भन्ने पनि लाग्छ गायत्रीलाई । अझ कसले के कस्ता

विषयमा महत्वपूर्ण कुरा बोल्यो भन्दा पनि कुन चाहिँ नेताले के बोल्यो भन्ने कुरालाई प्राथमिकता दिने मिडीयाको प्रवृत्तिले पनि समस्या पार्ने उहाँले महसुस गर्नु भएको छ ।

आफू मधेसी समुदायको भए पनि आफूले मधेसी समुदायको लागि मात्र नसोचेर राष्ट्रिय रूपमा नै सोच्ने गरेको र सञ्चारमाध्यमले पनि आफूलाई साथ दिएको गायत्री बताउनु हुन्छ । साथै आफ्नो संविधानसभाको अनुभवबाट अरूलाई पनि प्रेरित गर्ने उहाँको लक्ष छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | गीता ठगुन्ना |
| ठेगाना स्थायी | : | सल्ला गाउँ, इयरकोट गाविस-१, दार्चुला, महाकाली |
| अस्थायी | : | अनामनगर-थापागाउँ, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९७४११९७३३९ (मो) |
| जन्म मिति | : | २०३९/५/१ |
| जन्म स्थान | : | खार गाविस, दार्चुला |
| आमाको नाम | : | रतना देवी ठगुन्ना |
| बुबाको नाम | : | हरक सिंह ठगुन्ना |
| श्रीमान्को नाम | : | ललितसिंह ठगुन्ना |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक पार्टी | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# आँशु बगाएर होइन आँशुलाई आगोमा परिणत गरेर अगाडि बढ्नुपर्छ

नेपालको अत्यन्तै दुर्गम जिल्ला दार्चुलाका जनताले काठमाण्डौंलाई आफ्नो देशको राजधानीका रूपमा स्वतस्फूर्तरूपमा स्वीकार्न सक्ने स्थिति अझै पनि आइसकेको छैन । राजधानी काठमाण्डौं र दार्चुलाको बीचमा ठूलो दूरी र असमानता छ । दार्चुलाका जनताले बाटोघाटो र भौतिक सुविधा नपाएका मात्र होइन शिक्षा, स्वास्थ्य, रोजगारी र अन्य अवसरहरूमा पनि उनीहरूको पहुँच नगन्य छ । यहाँका महिलाहरू सामाजिक, सांस्कृतिक र आर्थिक उत्पीडनमा परेका छन । यस्तै अवस्थाहरूले गीता ठगुन्नाको मनमा विद्रोहको भावना जन्मायो ।

२०३९ सालमा दार्चुलाको खार गाविसमा जन्मनुभएकी गीताले नेपाली कांग्रेसमा प्रवेश गरी आफ्नो राजनीतिक यात्रा सुरू गर्नु भएको हो । बुबा हरकसिंह ठगुन्ना तथा आमा रतनादेवी ठगुन्नाकी जेठी छोरी गीता नेपाली काङ्ग्रेसमा लाग्दा ७/८ कक्षामा पढ्ने विद्यार्थी हुनुहुन्थ्यो । एसएलसी परीक्षा उत्तीर्ण भइसकेपछि पनि उहाँले नेपाली काङ्ग्रेसमा ४/५ वर्ष सक्रिय रूपले काम गर्नुभयो । पार्टीको गतिविधि प्रचारप्रसार गर्न उहाँ पोष्टर, पाम्पलेट लेख्ने काम पनि गर्नुहुन्थ्यो । तर, नेपाली काङ्ग्रेसले लामो समयसम्म सत्तामा बसेर पनि जनताको लागि केही नगरेको भन्ने लागेपछि गीताले २०५७ सालमा तत्कालीन नेकपा माओवादी पार्टीमा प्रवेश गर्नुभयो र भूमिगत हुनुभयो । नेकपा माओवादी, क्षेत्रीय तहको अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीमा २०६० सालदेखि हालसम्म उहाँ संलग्न हुनुहुन्छ । गीताको परिवारबाट राजनीतिमा प्रवेश गर्ने उहाँ पहिलो व्यक्ति हुनुहुन्छ ।

माओवादी पार्टीमा संलग्न भएर सैनिक तालिम लिँदा आफ्नो क्षेत्रको सङ्गठनमा दुईजना मात्र महिला सदस्य रहेको गीता स्मरण गर्नुहुन्छ । उहाँको विवाह माओवादी 'जनयुद्ध'का सहकर्मी ललितसिंह ठगुन्नासँग २०५८ सालमा भएको थियो । विवाहपछि पेट र पिठ्युँमा बच्चा मात्र होइन शरीरमा ग्रिनेड समेत बोकेर 'जनयुद्ध'मा

होमिएका दिनहरू आज पनि उहाँ सम्फनुहुन्छ । 'कि गर्नुपर्छ, कि मर्नुपर्छ' भन्ने कुरालाई मनमा गाँठो पारेर अगाडि बढ्नुभएकी गीताले आत्मसङ्घर्ष, अन्तरसङ्घर्ष र वर्गसङ्घर्ष गरेर समाजमा सकारात्मक परिवर्तन ल्याउँछु भनेर सोच्नु भएको थियो । गीता भन्नुहुन्छ, 'आँशु बगाएर होइन आँशुलाई आगोमा परिणत गरेर अगाडि बढ्नुपर्छ भन्ने मेरो विश्वास र अठोट थियो र यस्तो कठिन बाटोमा हिँड्दा थुप्रै कठिनाइ र हृदयविदारक घटनाहरूसँग पनि सामना गर्नुपर्‍यो ।'

गीताका अनुसार, दार्चुलाको सिफ्टी गाविसमा सुरक्षाफौजको घेरामा पर्दा गीता र अन्य बिद्रोहीहरू घेरा तोडेर भाग्न सफल भएपनि उहाँका दुईजना साथीहरूले सेनाको घेरा तोड्न सकेनन् र उनीहरू सेनाद्वारा बलात्कृत भएर मारिए । युद्धका क्रममा धेरै साथीहरू गुमाउनु परेको र १० दिनसम्म पनि सेनाको घेरामा परेका घटनाले उहाँलाई अझै पनि दुःखित तुल्याउँछ । माओवादी 'जनयुद्ध'मा लाग्नुको कारण खोतल्दै उहाँ भन्नुहुन्छ, 'हाम्रो समाजमा हुनेखाने र ठूला जातिकाले साना जाति र गरिबलाई धेरै शोषण गर्ने चलन छ । महिलाले भोग्नुपर्ने पीडा पनि उत्तिकै छन् । त्यसैले यस्ता सामाजिक विभेदहरू अन्त गर्नुपर्छ भनेर युद्धमा लड्यौं, मर्‍यौं, आँशु र पसिना खर्च गर्‍यौं र आज 'जनयुद्ध'कै परिणामले देश यहाँसम्म आइपुगेको छ ।'

अन्याय र अत्याचारका विरूद्ध सङ्घर्ष गरेर आजको यो स्थितिमा आएपनि महिलाले अझै पूर्ण अधिकार नपाएको कारण संविधानसभा सदस्य बन्नुलाई नै गीता ठूलो मान्नु हुन्न । उहाँ भन्नुहुन्छ, 'देश उज्यालो पार्नुपर्छ भनेर लडियो । अहिले धेरै महिलाहरूले सभासद् बन्ने मौका पाएपनि उत्पीडित महिलाहरूले न्याय र पूर्णअधिकार पाउन सकेका छैनन् । त्यसैले सभासद् भएपनि रमाइलो मान्नुपर्ने अवस्था आइसकेको छैन । उहाँ थप्नुहुन्छ, 'अहिले आएर महिलाले बोल्न पाएका त छन्, तर उनीहरूले पूर्ण अधिकार पाएका छैनन् ।'

शान्ति प्रक्रियापछि महिलाका थुप्रै मुद्दाहरू संविधानसभामा र यस अन्तर्गतका समितिहरूमा उठाए पनि सुनुवाइ नभएको उहाँको भनाइ छ । समाजमा घट्ने धेरैजसो नकारात्मक घटनाहरूमा सबैभन्दा पहिले महिलालाई नै दोष लगाउने र महिलाकै मात्र गल्ती देख्ने प्रवृत्तिको गीता विरोध र आलोचना गर्नुहुन्छ । जस्तो, आफ्नो सहपाठी सुन्तली धामीलाई प्रहरीले सामुहिक बलात्कार गरेको स्पष्ट प्रमाणहरू हुँदाहुँदै पनि पीडित सुन्तलीलाई न्याय दिन नसकिएको उहाँले महसुस गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'सुन्तली धामीको मुद्दा मिलोमतोमा टुङ्गिएको हो तर, सङ्घर्ष अझै नटुङ्गिएको मेरो विचार छ ।'

माओवादी 'जनयुद्ध'ले गर्दा गाउँघरबाट सदरमुकामसम्म जान डराउने महिलाहरू अहिले हरेक क्षेत्रमा सक्रिय हुन थालेको र आम जनताहरूमा राजनैतिक सचेतता बढेको जस्ता सकारात्मक परिवर्तनहरू समाजमा देखिए पनि सामाजिक उत्पीडन विरूद्ध अझै सङ्घर्ष गर्नुपर्ने गीताको ठम्याइ छ । वर्गीय मुक्तिबिना महिलामुक्ति सम्भव छैन र महिला मुक्तिविना वर्गीयमुक्ति हुनै सक्दैन भन्ने उहाँको विचार छ ।

संविधानसभाको जनमत सङ्कलन तथा समन्वय समिति तथा व्यवस्थापिका संसद्को सुरक्षा विशेष समितिको सदस्य गीता आफूले चाहेर पनि समितिहरूमा महत्वपूर्ण काम गर्न नसकेकोमा असन्तुष्टी व्यक्त गर्नुहुन्छ । जनताको बीचमा गएर काम गनुपर्ने जिम्मेवारी समितिको भए पनि त्यस्तो हुन नसकेको भन्दै उहाँ टिप्पणी

गर्नुहुन्छ, 'काम गर्ने प्रभावकारी समिति थिएन । समितिमा मलाई चित्त बुझेन । फरक मत राख्ने खालको समिति पनि थिएन ।' तर, संविधान लेखन प्रक्रियामा पार्टीका तर्फबाट विभिन्न समितिमा फरक मत दर्ता गराएको उहाँ उल्लेख गर्नुहुन्छ ।

संविधानको प्रस्तावनामा नै 'जनयुद्ध' शब्द राख्ने कि नराख्ने भन्ने विषयमा विभिन्न पार्टीका सभासद्हरू बीच मतभेद हुँदा 'जनयुद्ध' शब्द नराख्ने कुरा भएकोमा पनि उहाँ असन्तुष्ट व्यक्त गर्नुहुन्छ । विभिन्न किसिमका राजनीतिक खिचातानीका कारण उहाँलाई समयमै संविधान बन्छ भन्ने लाग्दैन । यद्यपि आफूहरूले 'प्रगतिशील' संविधान चाहेको र त्यस्तो संविधान छिटै ल्याउन सङ्घर्ष गर्नुबाहेक अर्को विकल्प नरहेको पनि उहाँ बताउनुहुन्छ ।

गीताले संविधानसभाका अध्यक्ष, समितिका सभापति तथा दलका नेताहरूबाट संविधान निर्माण प्रक्रियामा असहयोग भएको महसुस गर्नुभएको छ । उहाँले संविधानसभामा महिलाका मुद्दाले महत्व नपाउने गरेको यथार्थतालाई पनि राम्ररी अनुभव गर्नुभएको छ । संविधानसभामा प्रक्रियागत रूपमा आफ्ना कुराहरू राख्न समय नै नपुग्ने पनि उहाँको भनाइ छ । यस्तै महिलाका कतिपय मुद्दामा महिलाहरू एक मत भएको देखिए पनि महिलाका विशेष मुद्दाहरूमा भने उनीहरू विभक्त हुने गरेको उहाँ बताउनुहुन्छ । साथै कानुनी रूपमा महिला र पुरूष संविधानसभा सदस्यहरूको हैसियत बराबर भएपनि व्यावहारिक रूपमा महिला र पुरूष सदस्यहरूको हैसियतमा भिन्नता रहेको गीताको भनाइ छ । त्यसरी नै महिलाका मुद्दामा पुरूषहरू त्यति गम्भीर नभएको पनि उहाँ बताउनुहुन्छ । देशमा विद्यमान कानुनी विभेद केलाउँदै गीता भन्नुहुन्छ, 'महिलाको पक्षमा कानुन छैन । महिलालाई हिजो पनि विभेद थियो, आज पनि छ र यस्तै हुने हो भने भोलि पनि रहन्छ ।' त्यसैले सङ्घर्ष जारी राख्नुपर्दछ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : गोमा पाठक |
| ठेगाना स्थायी | : सेखाम गाविस-३, झरूङसिङ्ग, स्याङ्जा, गण्डकी |
| अस्थायी | : गोंगबु, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४११७४७२७ (मो) |
| इमेल | : missgomapathak@gmail.com |
| जन्म मिति | : २०३९/१/१० |
| जन्म स्थान | : स्याङ्जा |
| आमाको नाम | : बुद्धिसरा पाठक |
| बुबाको नाम | : टोपलाल पाठक |
| श्रीमान्को नाम | : स्व. बुद्धि योन्जन |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जीवनसाथीको बलिदान

परिवारका सबै सदस्यहरू नेकपा एमालेतिर भने गोमा पाठक एक्लै माओवादीतिर । नेपाली राजनीतिमा माओवादीको उदय भएपछि धेरै परिवारमा देखापरेको नयाँ प्रवृत्ति हो यो । गोमाका बुबा, दाइ र दिदीहरू एमाले समर्थक हुनुहुन्थ्यो । तर गोमालाई चाहिँ एमालेको राजनीतिले तान्न सकेन । किनभने, उहाँ मुलुकमा विद्यमान सम्पूर्ण विकृतिलाई एकमुष्ठ रूपमा फाल्नुछ भन्ने क्रान्तिकारी सोचबाट प्रेरित हुनुहुन्थ्यो । त्यसैले उहाँले तत्कालीन नेकपा माओवादी पार्टीलाई छान्नुभयो ।

समाज र मुलुक बदल्ने बलियो चाहना बोक्नु भएकी गोमालाई सैद्धान्तिकरूपमा एमाले ठीकै लागेपनि व्यवहारमा यो पार्टीले कुनै ठोस काम गर्न नसकेकोमा खिन्न लागिरहेको थियो । स्याङ्जा जिल्लाको सेखाम गाविस-३ झरूङसिङ्गमा जन्मनुभएकी गोमाले २०५५ सालमा विद्यार्थी छँदै परिवारको राजनीतिक विचारधाराको विपरित गएर उहाँले माओवादी पार्टीमा प्रवेश गर्नुभयो । त्यसैले २०५७ सालमा उहाँ माओवादीको भ्रातृ सङ्गठन अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को सदस्य बन्नुभएपछि उहाँका बुबाले पनि नेकपा (एमाले) परित्याग गरी माओवादीमा प्रवेश गर्नुभयो र पछि गोमाले परिवारलाई नै माओवादीमा प्रवेश गराउनुभयो ।

२०५८ सालदेखि गोमा पूर्णकालीन माओवादी कार्यकर्ता भएर भूमिगत हुनुभयो । त्यसै वर्ष उहाँ महिला सङ्घको जिल्ला अध्यक्ष बन्नुभयो । त्यसपछि जनमुक्ति सेनामा प्रवेश गरेर उहाँ धेरैवटा युद्धमोर्चाहरूमा सहभागी हुनुभयो र पार्टीको एरिया इन्चार्ज हुँदै तत्कालीन नेकपा (माओवादी) को राज्य समिति सदस्य पनि हुनुभयो । गोमाको बुझाइमा नेपाली समाज पूर्णतयाः असमानताको जगमा खडा भएको छ । विगत २५० वर्षदेखि नेपाली जनताले असमानता, अन्याय र अत्याचार भोग्दै आइरहेका छन् । गोमा त्यही समाजको भोगाइबाट जन्मिनु भएकी एक क्रान्तिकारी हुनुहुन्छ । गोमा जुन समाजमा जन्मनुभयो त्यो समाजको व्यवहार असमान थियो र सोचहरू रूढीग्रस्त

थिए । तर, यस्ता नकारात्मक कुराहरूलाई राजनीतिक चेतनाले सम्याउन सकिन्छ भन्ने लागेपछि उहाँको राजनीतिप्रतिको झुकाव बढेको थियो ।

आफ्ना कार्यकर्ताहरूलाई पार्टीको आवश्यकता र क्षमताअनुसार विभिन्न क्षेत्रमा खटाउने पार्टीको नीति थियो । त्यसैले आवश्यकता अनुसार गोमा पनि कहिले कलाकार, कहिले महिला कार्यकर्ता त कहिले जनसेना भएर पार्टीमा सक्रिय हुनुभयो । पार्टीले जहाँ खटाए पनि इमान्दार भएर कुशलतासाथ काम गर्ने उहाँको शैली पार्टी नेताहरूलाई पनि राम्रो लाग्थ्यो । उहाँ भन्नुहुन्छ, 'युद्धमोर्चामा अगाडि बढ्नु सडकमा नारा लगाउनुजस्तो होइन । युद्धको मोर्चा मुलतः मृत्युलाई जित्ने मोर्चा हो । त्यहाँ गएपछि जसरी भए पनि युद्ध जित्नैपर्ने बाध्यता हुन्छ । मोर्चामा हार्नुको अर्थ जीवन गुमाउनु पनि हुनसक्छ । मोर्चामा संलग्न लडाकुहरूलाई आफ्नो जीवन गुम्नेभन्दा पनि युद्ध हारिने चिन्ताले बढी सताउँछ । त्यसैले युद्धका क्षण मनबाट मृत्युको डर पूर्णतयाः भागिसकेको हुन्छ ।'

मृत्युलाई अङ्गाल्ने साहस मनभित्र पलाएपछि जीवन, परिवार र समाजलाई त्याग्न सक्नु कुनै ठूलो कुरा नभएको गोमा बताउनुहुन्छ । गोमाले पनि ती सबैलाई त्यागेर युद्धको मोर्चामा होमिनुभएको थियो । युद्धकै क्रममा सङ्खुवासभाका एक तामाङ कमरेड बुद्धि योन्जनसँग उहाँको विवाह भएको थियो । भौगोलिक दूरी र जातभातको परम्परागत मान्यतालाई पन्छाएर विचारको आधारमा उहाँहरूको विवाह भएको थियो । तर त्यो विवाह धेरै समय टिक्न सकेन । युद्धकै क्रममा उहाँको जीवनसाथी मारिनुभयो । श्रीमान् मारिएपछि सानै उमेरमा घर परिवार त्यागेर सुरू गरेको उहाँको फौजी जीवनमा शून्यता छायो । उहाँ भन्नुहुन्छ, 'युद्ध मैदानमा जीवनसाथी गुमाएका सम्पूर्णले आँसु खसालेर निराश हुनुभन्दा पनि आँसु र पीडालाई शक्तिमा बदल्दै निरन्तर क्रान्तिमा लाग्न आवश्यक हुन्छ । त्यसैले मैले पनि शोकलाई शक्तिमा बदल्दै युद्धमोर्चामा अझ जुझारू भई लागि रहेँ । श्रीमान् सहिद भएपछि मैले आफूलाई पूर्णरूपमा पार्टी र देशका लागि लगाएँ । मैले मेरो जीवन देश र जनताका लागि समर्पण गरिसकेकोले त्यति निराश हुनुपरेन । देश र जनताप्रतिको मेरो समर्पणले जीवनसाथीको कमीलाई अझ पूरा गर्‍यो ।'

आफ्नो निजी जीवनबारे गोमाको विश्लेषण छ, 'हाम्रो जीवन सङ्घर्षशील रह्यो । भूमिगत हुँदा पनि र 'जनयुद्ध' लड्दा पनि । एउटी महिला घर छाडेर पूर्णकालीन भूमिगत कार्यकर्ता हुनु आँफैमा सङ्घर्ष हो । केही अप्ठ्यारो पक्कै भयो । तर सङ्घर्ष गर्न सफल भएकोमा म खुसी छु ।' 'जनयुद्ध'काबेला अनेक चुनौती र कष्ट व्यहोर्दै गोमा अहिले खुल्ला अवस्थाको राजनीतिसम्म आइपुग्नुभएको छ । तर, भूमिगत छँदा देखेका परिवर्तनका सपनाहरू अहिले आएर पूरा नहोलाजस्तो हुँदा उहाँको मन कुँडिएको छ । संविधानसभाको चुनाव पश्चात संविधान लेखन आरम्भ भइसक्दा पनि शान्तिप्रक्रिया अल्झेको देख्दा उहाँलाई नमीठो लागिरहेको छ ।

गोमा संविधानसभाको क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति र व्यवस्थापिका संसद्को सार्वजनिक लेखा समितिको सदस्य हुनुहुन्छ । समितिका बैठकहरूमा उहाँले महिलाका विभिन्न मुद्दाहरूमा अरू महिला सदस्यहरूसँग ऐक्यबद्धता जनाउनुभएको छ । गोमाको विचारमा कतिपय महिलाहरू अरूभन्दा आफ्नै कारणले पनि समस्यामा परेका छन् । कतिपय महिलाहरू असहज परिस्थितिमा पनि आफ्ना कुराहरू सहजरूपमा राख्नसक्ने हुन्छन् भने कतिपय सामान्य छलफलमा पनि सहजरूपमा प्रस्तुत हुन सकिरहेका हुँदैनन् । समाजको पितृसत्तात्मक राज्य व्यवस्थाले कहिले पनि महिलाहरूले अगाडि बढेर कुरा गरेको नरूचाउने भएकाले पनि यस्तो भएको हुनुपर्छ

भन्ने गोमाको ठम्याइ छ । त्यसैले विभिन्न महिलावादी सङ्घसंस्थाहरूले ठूला होटलहरूमा सञ्चालन गर्ने कतिपय महिला अधिकार सम्बन्धी गोष्ठी तथा सेमिनारले समाजका यी कमी कमजोरी हटाउन फलदायी भएजस्तो पनि उहाँलाई लाग्दैन ।

समान सहभागिता र समानुपातिक प्रतिनिधित्व भए पनि संविधानसभामा महिला सदस्यले सहजै आफ्ना कुरा राख्न नपाएको गोमाको अनुभव छ । गोमा भन्नुहुन्छ, 'हाम्रो समाज यस्तो छ कि यहाँ नेता भनेपछि पुरूषै हुनुपर्छ र मोटोघाटै हुनुपर्छ भन्ने छाप परेको छ । संविधानसभामा महिलाहरू भनेपछि पत्याउनसमेत अप्ठेरो मान्ने पुरूष सभासद्हरू मैले भेट्टाएकी छु ।'

संविधानसभामा आफूले अहिलेसम्म गरेका कामकाबारेमा गोमा भन्नुहुन्छ, 'अमिलो अमिलो, तीतो तीतो र मीठो मीठो भएको छ । प्रायः बहस हुन्छ तर सहमति हुँदैन । कहिलेकाहीँ बिनासहमति निस्केर हिँड्नु पर्दा राम्रो लाग्दैन ।'

संविधानसभाको काममा व्यस्त नभएका समयमा गोमा आफ्नै जिल्लामा बस्नुहुन्छ । जिल्लाका स्थानीय विकासमा सक्दो सहयोग गर्नुहुन्छ । 'अहिलेका जनता २०४७ सालको जस्तो होइन बरू पूर्णरूपमा परिवर्तनकारी संविधान चाहिन्छ भनिरहेका छन्, अब त्यस्तो संविधान नबनाइ सुखै छैन,' उहाँ भन्नुहुन्छ ।

नयाँ संविधान निर्माण आफ्नो र सम्पूर्ण मुलुकको धोको भए पनि हाल चलिरहेको संविधान बनाउने प्रक्रियादेखि भने गोमा सन्तुष्ट हुनुहुन्न । यो कार्य बिरालो बाँधेर श्राद्ध गरेजस्तो लाग्छ उहाँलाई । विधिमा केही परिवर्तन हुनुपर्ने तर संविधान भने सबै वर्ग, जाति, क्षेत्र, लिङ्गले चाहेजस्तो नै बनाउनुपर्ने उहाँको जिकिर छ ।

जीवनको आधा भाग राजनीतिमै बितिसक्यो । बाँकी रहेको आधा पनि राजनीतिमै समर्पण गर्ने गोमाको लक्ष्य छ । मानिसहरू राजनीतिलाई फोहोरी खेल हो भन्छन् । त्यसैले अहिलेका युवाहरू राजनीतिसँग नजिक हुन चाहँदैनन् । गोमा भन्नुहुन्छ, 'त्यसैले जसरी हुन्छ राजनीतिक फोहोरी खेल हो भन्ने भ्रमलाई हटाउनु जरूरी छ । राजनीति फोहोरी खेल होइन बरू मुलुकलाई फोहरबाट मुक्त गर्ने विधि हो भन्ने सन्देश दिई युवाशक्तिलाई राजनीतिको सकारात्मक दिशातिर लैजानुपर्छ ।' अबको नेपाल युवाशक्तिकै काँधमा छ । त्यसैले उहाँ भन्नुहुन्छ, 'म युवाकाबारेमा सोच्छु । युवाकाबारेमा सोच्नु भनेकै मुलुकककाबारेमा सोच्नु हो ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : गौरी महतो कोइरी |
| ठेगाना स्थायी | : पशुपति टोल, इनरूवा नगरपालिका-७, सुनसरी, कोशी |
| अस्थायी | : बानेश्वर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१०८०३८८ (मो) |
| जन्म मिति | : २०१६/६/१६ |
| जन्म स्थान | : इनरवा |
| आमाको नाम | : राजकुमारी महतो |
| बुबाको नाम | : गोसाइ महतो |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : सद्भावना पार्टी |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# पीडित महिलाका साथी तथा सहयोगी

कतिपय महिलाहरूले आफ्नो राजनीतिक जीवन बुबा, दाजु र श्रीमान्को प्रेरणा पाएर सुरू गर्छन् । तर गौरी महतोको कथा भने बेग्लै छ । श्रीमान्को प्रेरणा पाएर होइन बरू श्रीमान्ले दिएको क्रुर यातना सहन नसकेर गौरीले राजनीतिमा प्रवेश गर्नुभएको हो । त्यसैले पनि श्रीमान्द्वारा पीडित महिलाहरूलाई यातनाबाट मुक्ति दिलाउने गौरीको राजनीतिको मूल लक्ष्य रहेको छ ।

डेढ वर्षकी हुँदा बुबा र तीन वर्षकी हुँदा आमा बित्नुभएका गौरीको लालनपालन मावलीतिरका हजुरआमाले गर्नुभयो । हजुरआमा पनि बित्नु भएपछि मावलीमा गौरी र उहाँकी दिदीको अत्यन्त दुःखदायी दिनहरू सुरू भयो । इनरूवामा रहेको उहाँको बुबाआमाको जमिन मावलीतिरका दाजुभाइले लिए । सुनसरीमा रहेको अर्को जमिन पनि लिने प्रयास गर्दा उहाँले प्रतिवाद गर्नुभयो । फलस्वरूप मावली दाजु रामजी महतोले गौरीको नाममा रहेको सम्पत्ति आफ्नो नाममा पार्न उहाँलाई कुटपिट गर्ने, बाँधेर राख्ने, झुण्ड्याएर राख्ने समेत गरे । एकपटक मावलीका दाजुभाइहरूले दुबै दिदीबहिनीलाई मारेर कोशीमा फाल्ने योजना बनाएको सुनेर उहाँहरूले मावली घर छाडेर भाग्नुभयो । तर त्यतिबेला उहाँहरू १३-१४ वर्षको मात्र हुनुहुन्थ्यो । आफन्त र जाने ठाउँ कतै नभएका ती किशोरीलाई हेर्ने समाजको आँखा पनि त्यति चोखो थिएन । त्यसैले त्यो अवस्थाबाट बच्न गौरीले सानै उमेरमा एक युवकसँग विवाह गर्नुभयो ।

तर, बिहे गरेर पनि गौरीले सुख पाउनु भएन । एकदिन श्रीमान्ले गौरीको जमिन बेचेर मोटरसाइकल किन्ने प्रस्ताव राखे । जमिन बेचेको पैसाले मोटरसाइकल पाएपछि श्रीमान् अर्कै केटीसँग नजिक हुन थाले । आफू चौथो पटक गर्भवती हुँदा गौरीलाई श्रीमान्की बाहिरिया केटी पनि गर्भवती भएको थाहा भयो । यसले गर्दा श्रीमान्सँग गौरीको सम्बन्ध चिसिन थाल्यो । पाँचौ सन्तानको जन्म हुँदासम्म उहाँका श्रीमान् पराई भइसकेका थिए र गौरी आफैँले २०५० सालमा श्रीमान्सँग सम्बन्ध बिच्छेद गर्नुभयो ।

२०४५ सालमा राजनीतिक आन्दोलनको कुरा हुँदै थियो । यसै बीच गौरीको विभिन्न नेताहरूसँग सम्पर्क हुन थाल्यो । विभिन्न गोष्ठी तथा कार्यक्रमहरूमा उहाँले भाग लिन थाल्नुभयो । यति मात्र होइन कुनै महिलालाई अन्याय परे प्रहरीमा गएर उहाँले पीडित महिलालाई सहयोग पनि गर्न थाल्नुभयो । यसरी बिस्तारै स्थानीय महिलाबीच गौरी अगुवाको रूपमा चिनिन थाल्नुभयो । २०४७ सालमा नेपाल सद्भावना पार्टी दर्ता भएपछि उहाँको राजनीतिक सक्रियता बढ्यो । उहाँले २०४६ सालको जनआन्दोलनमा पनि भाग लिनुभयो । २०५० सालमा श्रीमान्सँग छुट्टिएपछि गौरी पूर्ण रूपमै राजनीतिमा लाग्नुभयो । संविधानसभाको चुनाव हुँदा समानुपातिक सूचीमा गौरीको नाम सद्भावना पार्टीका तत्कालीन नेताहरू हृदयेश त्रिपाठी र राजेन्द्र महतो दुबैले आ–आफ्नो पक्षमा राख्नुभएको थियो । नेपाली काङ्ग्रेस छाडेर महन्त ठाकुरले तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) स्थापना गरेपछि हृदयेश त्रिपाठी तमलोपामा जानुभयो । तर, गौरी भने राजेन्द्र महतोसँगै सद्भावना पार्टीमा नै रहनुभयो ।

पार्टीले दिएको इकाइदेखि केन्द्रसम्मका निर्देशनहरू गौरीले सफलतापूर्वक पूरा गर्नुभएको छ । हाल उहाँ राष्ट्रिय महिला विभाग प्रमुख र राष्ट्रिय समितिको सल्लाहकार हुनुहुन्छ । गौरीको जुझारूपन, अरूलाई सहयोग गर्ने स्वभाव र पार्टीले दिएको जिम्मेवारी पूरा गर्ने बानीले गर्दा नै आज उहाँलाई संविधानसभासम्म ल्याइपुऱ्याएको छ । श्रीमान्बाट पीडित महिलालाई न्याय दिलाउन र महिलालाई कुटपिट गर्ने जोकोहीलाई पनि कारबाही गर्न गौरी दिलोज्यान दिएर लाग्नुहुन्छ । पेटमा छोरी भएको थाहा पाउनेबित्तिकै छोरी बुहारीलाई गर्भपतन गराउन दबाब दिने परिवारलाई रोक्ने अभियानमा पनि उहाँ संलग्न हुनुहुन्छ । यसरी गौरी जिल्लाभरिकै पीडित महिलाका सहयोगी बन्नुभएको थियो । संविधानसभा सदस्य तथा सभासद् भएपछि लामो समयका लागि जिल्ला छोडेर राजधानी आउँदा जिल्लाका पीडित महिलाहरूले रूवावास गरेको क्षण गौरी सम्झनुहुन्छ । सभासद् भएर विभिन्न जिल्ला घुम्दा उहाँले धेरै महिलाहरूको अवस्था आफ्नोभन्दा कहालीलाग्दो देख्नुभयो । त्यसैले दुःख, गरिबी, हिंसा र विभेदमा परेका ती महिलाहरूका लागि भए पनि केही गर्नैपर्छ भन्ने भावना जिल्ला भ्रमणपछि उहाँको मनमा अझ गाढा भएको गौरी बताउनुहुन्छ ।

गौरी संविधानसभा अन्तर्गतको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको सदस्य हुनुहुन्छ । समितिमा उहाँले महिला, आदिवासी/जनजाति, दलित, मधेसी र अन्य समुदायमाथि हुने सबै प्रकारका भेदभावहरूको अन्त्य हुनुपर्ने र कमैया, बादी, कम्लरी जस्ता प्रथाहरू उन्मूलन गर्नुपर्ने माग गर्नुभयो । नेपालमा हालसम्म एउटै खस नेपाली भाषाले मात्र प्राथमिकता पाएको छ । यो भाषाले अरू जातिका सयभन्दा बढी भाषाहरूलाई फल्ने फुल्ने अवसर नदिएर थिचेर राखेको अवस्था छ । धेरैले आफ्ना मातृभाषाहरूलाई बिस्तारै बिर्सदै गएको अवस्था छ । नेपालमा बोलिने सबै भाषालाई बाँच्ने मौका दिन सबै मातृभाषामा शिक्षा दिइने राज्यको नीति र कार्यक्रम हुनुपर्दछ र मधेसमा हिन्दी भाषालाई पनि सम्पर्क भाषा बनाइनुपर्छ भनेर पनि समितिमा उहाँले कुरा उठाउनु भयो । महिलाका सवालमा चाहिँ अहिले ३३ प्रतिशत महिलाहरूले संविधानसभामा सहभागिता जनाउने अवसर पाएपनि अब बन्ने संविधानमा राज्यको हरेक निकायमा ५० प्रतिशत महिलाको स्थान सुरक्षित हुनुपर्छ भनेर लेखिनु पर्ने कुरामा गौरीले जोड दिनुभयो ।

गौरी सम्पूर्ण महिलाका लागि आवाज उठाउनुहुन्छ, तर संविधानसभाभित्र महिला महिलाबीच नै हुने विभेदले भने उहाँलाई दुःखी बनाउँछ । दाजुभाइ वा श्रीमान् उच्चपदमा हुने महिलाहरूले संविधानसभा भित्र र बाहिर बेग्लै खालको व्यवहार देखाउने गरेको उहाँको अनुभव छ । राजनीतिक आस्थाका आधारमा पनि महिलामाथि विभेद हुने गरेको गौरी बताउनुहुन्छ । संविधानसभामा मात्र होइन सञ्चारमाध्यमहरूमा पनि लिङ्गका हिसाबले पक्षपात भइरहेको उहाँको भनाइ छ, 'महिला सभासद्ले उठाएका मुद्दा र उनीहरूले गरेका कामलाई सञ्चार माध्यमले स्थान दिँदैनन्, तर पुरूष सभासद्ले बोलेका धेरै कुरालाई भने प्राथमिकतासाथ प्रचार गर्छन् ।'

अभिभावकविहीन सन्तान हुनुको पीडा कस्तो हुन्छ, त्यो गौरीले प्रत्यक्ष भोग्नुभएको छ । आफ्नो भन्ने कोही नभएका कारणले अस्मितासमेत बचाउन मुस्किल परेको अवस्थादेखि सङ्घर्ष गर्दै यहाँसम्म आइपुग्नुभएकी गौरी आफूलाई धोका दिने श्रीमान्लाई ससुराले एकदिन भनेको कुरा सधैँ सम्झनुहुन्छ । 'श्रीमान्ले मलाई धेरै दुःख दिएको देखेर ससुराले एउटा ढुङ्गा टिपेर फ्याँक्दै श्रीमान्लाई भन्नुभएको थियो, हेर छोरा, यो फ्याँकिएको ढुङ्गाले त पर गएर ठाउँ पायो, गौरी त मान्छे हो, यसले पनि कतै न कतै एकदिन ठाउँ पाउँछे ।' नभन्दै ससुराको भनाइ साँचो सावित भयो र कुनै बेला आफैँ पीडित गौरी आज सम्पूर्ण पीडित महिलाकी सहयोगी बन्नु भएको छ । संविधानसभाको सदस्य हुनुभएको छ । त्यसैले उहाँ चाहनुहुन्छ, 'संविधानसभाका सदस्य दाजुभाइहरूले यी पीडित दिदीबहिनीका पक्षमा केही अक्षर लेखिदेउन् ताकि भोलि फेरि अर्को गौरी पीडित हुनु नपरोस् ।'

संविधानसभाका ठूला नेताहरूले दुई अक्षर बढी लेखेर महिलालगायत दलित, सीमान्तकृत पिछडा वर्ग, बहिष्करणमा परेका समुदायका समस्यालाई पनि सम्बोधन गरिदिए आफूले संविधानसभामा बसेर केही मीठो अनुभव हासिल गर्न पाउने गौरी आशा राख्नुहुन्छ । समग्रमा आफ्नो राजनीतिक यात्राको सार खिच्दै उहाँ भन्नुहुन्छ, 'कुनै बेलाकी टुहुरी केटी मैले आज संविधानसभामा बसेर सम्पूर्ण नेपाली महिलाकै पक्षमा संविधान लेख्ने कार्यमा सक्रिय हुन पाउँदा मलाई असाध्यै खुशी लागेको छ, ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : गङ्गा पराजुली |
| ठेगाना स्थायी | : चिलाथुम्का, इकुडोल, वडा नं ६, ललितपुर |
| अस्थायी | : कुसुन्ती, वडा नं १३, ललितपुर |
| सम्पर्क ठेगाना | : ०१-६२२७६०३ (घर), ९८५१०६७८१२ (मो) |
| जन्म मिति | : २०३२/०४/१० |
| जन्म स्थान | : साङ्गाचोक-९, सिन्धुपालचोक |
| आमाको नाम | : भगवती पराजुली |
| बुबाको नाम | : मिननाथ पराजुली |
| श्रीमान्को नाम | : हरि दाहाल |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनकेपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# श्रीमान्को बलिदानलाई ऊर्जाको रूपमा लिएँ

गङ्गा पराजुलीको काका राजनीतिमा लाग्नुभएकोले घरमा मान्छेहरूको आवतजावत भइरहन्थ्यो र परिवारको वातावरण राजनीतिक थियो । घरमा काका र स्कूलमा शिक्षकहरूबाट प्रेरित भएर गङ्गाले पनि ५/६ कक्षादेखि नै जनमोर्चाको भ्रातृ सङ्गठनमा रहेर काम गर्न थाल्नुभयो ।

२०५० सालमा एसएलसी परीक्षा दिएकै वर्ष गङ्गाको बिहे काभ्रे जिल्लाका नारायण अधिकारीसँग भयो । माओवादी 'जनयुद्ध' सुरूभएदेखि नै सक्रिय रूपले माओवादी पार्टीमा लाग्नु भएकी गङ्गाले २०५४ सालको चैत्र महिनादेखि पार्टीको होलटाइमर भएर काम गर्न थाल्नुभयो, अर्थात उहाँ पूर्ण रूपले भूमिगत हुनुभयो ।

गङ्गाको श्रीमान् पहिले काठमाण्डौंको एभरेष्ट होटलमा कुक काम गर्नुहुन्थ्यो र उहाँ पनि माओवादी कार्यकर्ता हुनुहुन्थ्यो । गङ्गासँग बिहे भएको केही समयपछि श्रीमान्ले पनि जागीर छोडेर पार्टीको होल टाइमर भएर काम गर्न थाल्नुभयो । स्कूलको पढाइ सकिएपछि गङ्गाले दुईवर्ष काभ्रे जिल्लाको सेतीदेवी माविमा शिक्षिका भएर पनि काम गर्नुभएको थियो ।

प्रहरीले माओवादी विरूद्ध चलाएको 'किलो सेरा टु' अपरेशनकाबेला गङ्गा पक्राउ पर्नुभयो । २०५५ सालको जेठ १ गते पक्राउमा पर्नुभएको उहाँ १३ दिन प्रहरी हिरासतमा परेर जसोतसो मुक्त हुनुभयो । जेल मुक्त भएपछि घर फर्किने वातावरण नभएकोले उहाँ फेरि भूमिगत हुनुभयो । २०५५ सालकै असार छ गते प्रहरीले सुतिरहेको ठाउँबाट बिहान ५ बजे उहाँको श्रीमान्लाई उठाएर चौवासको जङ्गलमा लगेर हत्या गर्‍यो । त्यसै दिन गङ्गाको श्रीमान्को एक्ली बहिनीको पनि बच्चा जन्माउन नसकी काठमाण्डौंको एउटा अस्पतालमा मृत्यु भयो ।

श्रीमान्को मृत्यु हुँदा गङ्गा २२ वर्षकी मात्र हुनुहुन्थ्यो र उहाँको दुईवर्षको एउटा छोरा थियो । समाजमा श्रीमान् मरेको महिलालाई बोक्सीको आरोप लगाउने र त्यस्ता महिलाले जीवनभर सबैको तिरस्कार सहेर बस्नुपर्ने

परम्परालाई गङ्गा घृणा गर्नुहुन्थ्यो । यस्ता परम्पराहरू तोडिनुपर्छ भन्ने उहाँको मान्यता थियो । गङ्गाका अनुसार, श्रीमान्को बलिदानलाई उहाँले ऊर्जाको रूपमा लिनुभयो र श्रीमान्को काजक्रिया गर्ने, जुठोबार्ने र सेतो फरिया लगाउने काम पनि उहाँले गर्नुभएन । उहाँ भन्नुहुन्छ, 'बरू, श्रीमान्को सपना पीडा र आक्रोशलाई एकै ठाउँमा राखेर अघि बढेँ । श्रीमान् बितेपछि उहाँको सतमा घर बस्नु भन्दा त्यो भन्दा माथि उठेर अरूको समेत प्रेरणाको स्रोत बनें ।'

श्रीमान् र नन्द बितेको खबर पाएर पनि गङ्गा घर फर्किन सक्नु भएन । पार्टीका साथीहरूले पनि गङ्गालाई 'नारायणजी गुमे पनि हामी तपाईँलाई गुमाउन चाहन्नौ' भनेर घर नजाने सल्लाह दिए । गङ्गा त्यसबेलाको घटना सुनाउनुहुन्छ, 'श्रीमान्लाई मारेको थाहा पाएपछि मैले घरमा सासुससुरालाई उहाँको काजक्रिया गर्नु पर्दैन भनेर खबर पठाएँ । मनमा असह्य पीडा भए पनि श्रीमान् गुमाएँ भनेर म चिन्तित भएर बसिँन, बरू पूर्ण रूपमा क्रान्तिमै लागे । मैले श्रीमान्ले छोडेको बन्दुक बोकेर हिड्नुपर्छ र घर बसीबसी पत्राउमा पर्नु भन्दा आन्दोलनमा जीवन दिनु नै ठीक हुन्छ भन्ने सोचेँ । त्यस्तो अवस्थामा पनि मेरो सासु ससुराले तिम्रो इच्छा पूरा गर बच्चा हामी हेर्छौं भन्नुभयो ।' त्यसपछि सुरक्षाको कारणले गर्दा गङ्गा एकवर्षसम्म घर जान सक्नु भएन र बच्चासँग पनि एकवर्षसम्म भेट भएन । प्रहरीहरू बेलाबेलामा गङ्गालाई खोज्न घरमा आइरहन्थे र उहाँको सासुससुरालाई 'तेरी बुहारी खोइ' भन्दै सोधखोज गर्थे ।

विभिन्न चुनौती र समस्याहरूको सामना गर्दै गङ्गाले २०६२ सालसम्म भूमिगत जीवन बिताउनुभयो । भूमिगत छँदा २०५५ देखि २०६३ सालसम्म उहाँले अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को केन्द्रीय कोषाध्यक्ष भएर काम गर्नु भएको थियो । २०६६ देखि हालसम्म उहाँ नेवा राज्य समितिको सचिवालय सदस्य हुनुहुन्छ ।

माओवादी पार्टीले सांस्कृतिक रूपान्तरका लागि बहुविवाहको विरोध गर्ने र एकल विवाहको पक्षमा उभिने नीति लिएकोले पार्टीकै सहयोगमा गङ्गाले २०६१ सालमा पार्टी नीति अन्तर्गत रहेर जिल्ला इन्चार्ज हरि दहालसँग सिन्धुलीमा ठूलो कार्यक्रमको बीचमा दोस्रो विवाह गर्नुभयो । हरि दहालका पहिलो श्रीमती अम्बिका दाहाल रामेछापको दोरम्भामा सेनासँग भएको भिडन्तमा परेर मारिनु भएको थियो । हरिको अम्बिकापट्टिबाट एक छोरी छिन् । गङ्गा र हरि दुबैका जीवन साथीहरूले 'जनयुद्ध' लड्ने क्रममा जीवन गुमाउनु भएको थियो । गङ्गा र हरि दुबैको पीडा उस्तै थियो त्यसैले एकले अर्कालाई बुझ्न, स्वीकार्न, एक अर्काका छोराछोरी तथा घर परिवार अपनाउन र दुबै परिवारलाई मिलाएर राख्न उहाँहरूलाई गाह्रो परेन । नेपाली समाजमा नमूनाकै रूपमा गङ्गाले पहिलेको श्रीमान्को परिवार र हरिले पहिलो श्रीमतीको परिवारसँग सम्बन्ध टुटाउनु भएको छैन । बरू सम्बन्ध अझ गाढा बनाउनु भएको छ । गङ्गाले दोस्रो विवाह गर्नु भएपनि पहिलो श्रीमान्को परिवारसँग नजिकको सम्बन्ध कायमै राख्नुभएको छ र सो परिवारको आर्थिक, सामाजिक र अन्य कतिपय कुराको चाँजोपाँजो मिलाउने जिम्मा पनि उहाँले सम्हाल्नु भएको छ ।

गङ्गाका पुरानो घरका परिवार र नयाँ घरका परिवार बीच राम्रो सम्बन्ध कायम गर्न पनि गङ्गा सफल हुनुभएको छ । गङ्गा भन्नुहुन्छ, 'मेरो अहिलेको श्रीमान् पनि मेरो पुरानो घरमा जानुहुन्छ । मैले अन्त विहे गरेँ भन्ने महसुसै

भएको छैन । मेरो दोस्रो श्रीमान् पनि सहिद परिवार हुनुहुन्छ । उहाँको पहिलो श्रीमती अम्बिका दाहालको माइतीसँग पनि मेरो राम्रो सम्बन्ध छ । दुई माइती र दुई घर गरी मैले चारवटा परिवार मिलाएकी छु र सबै राम्रो छ ।' गङ्गाले गत वर्ष उहाँको पुरानो घर र नयाँ घरका दुईजना सासु, सासुका दिदीबहिनीहरू, अम्बिकाको आमा र आफ्नो आमालगायत चारवटै परिवारका गरी पन्ध्र सोह्रजनालाई पिकनिकको आयोजना गरी भेटघाट गराउनु भयो । अहिले उहाँहरूको छोरा ९ मा र छोरी ८ कक्षामा पढ्दैछन् ।

सानै उमेरमा प्रशस्त चुनौतीहरूसँग सामना गरिसक्नु भएकी गङ्गाको जीवनमा बिर्सनै नसक्ने धेरै घटनाहरू छन् । तीमध्ये, एउटा बिर्सनै नसकिने घटना उहाँको कमान्डमा पर्ने काभ्रे जिल्लाको अनेकोट गाविसमा घटेको घटना हो । २०५५ चैत्र ५ गते भर्खरै ८/९ कक्षा पढ्दै गरेका कलाकारहरूले नजिकको गाउँमै सांस्कृतिक कार्यक्रम गरेर एउटा घरमा सेल्टर लिएर बसेका थिए । तर, जुनघरमा सेल्टर लिएर बसेको हो त्यही घरको सुराकीले प्रहरी बोलाइदिए र प्रहरीले घरभित्र रमाइलो गर्दै, नाच्दै गाउँदै गरेका ७ जना कलाकारहरूमध्ये दुईजनालाई गोली हानेर र ५ जनालाई घरभित्रै जलाएर मार्‍यो । त्यो घटना घट्दा उहाँ त्यहाँ हुनुहुन्नथ्यो ।

शान्ति प्रक्रिया सुरु भएपछि र संविधानसभाको चुनाव घोषणा भएपछि पार्टीले समानुपातिकतर्फबाट गङ्गालाई संविधानसभा सदस्य बन्ने अवसर दियो । उहाँ भन्नुहुन्छ, 'म धेरै खुशी छु । मान सम्मान पाए भनेर होइन लामो सङ्घर्षपछि जनताको संविधान बनाउने ठाउँसम्म आइपुग्न सकेँ भनेर ।'

गङ्गा संविधानसभाको विषयगत समिति अन्तर्गत जनमत सङ्कलन तथा समन्वय समिति र व्यवस्थापिक संसद् अन्तर्गत सार्वजनिक लेखा समितिको सदस्य हुनुहुन्छ । उहाँले आफू संलग्न समितिहरूमा संविधान निर्माण गर्दा जनताले दिएको सुझावलाई आधार मान्नुपर्छ, वर्गीय समाजमा वर्गको हित हुने कुरा संविधानमा उल्लेख हुनुपर्छ, राज्यका हरेक संरचनामा महिलाको समान सहभागिता हुनुपर्छ र दलित तथा पछाडि पारिएका जनतालाई विशेष अधिकार दिनुपर्छ भनेर आवाज उठाउनुभयो । महिलालाई आरक्षण होइन विशेष अधिकार दिनुपर्छ भन्ने उहाँको माग छ । तर संविधान बनाउन दिइएको अवधि दुई वर्षबाट तीन वर्ष पुग्दा पनि संविधान नबन्दा उहाँलाई दुःख लागेको छ, जनताले दिएको जनादेश पूरा गर्न नसकेको भनेर । उहाँ भन्नुहुन्छ, 'सभासद्‌भएपछि केही काम त गरियो । विगतमा पाँचजना एकठाउँमा बसेर संविधान बनाइन्थ्यो, त्यो भन्दा धेरै फरक भयो अहिले । तर संविधान समयमै बनाउन सकिएन ।'

संविधानसभामा महिला सदस्यहरूले महिलाका कुरा उठाउँदा कतिपय पुरूषहरूले हल्का ढङ्गले लिने र महिलाको कुरा उठाउँदा 'तिमीहरू महिलावादी हौ' भन्ने गरेको गङ्गाले पनि अनुभव गर्नुभयो । तर संविधानसभाभित्र महिलाहरू अघि बढेको देख्न चाहने पुरूषहरू पनि छन्, तर उनीहरूको संख्या धेरै सानो रहेको गङ्गा बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

नाम : चन्दन साह
ठेगाना स्थायी : कोपवा-६, रौतहट, नारायणी
अस्थायी : मेन रोड, वडा नं १, रौतहट, गौर
सम्पर्क ठेगाना : ०५५-५२१०४६ (घर), ९८४९१५५४५१, ९७४११५८८०१ (मो)
जन्म मिति : २०३१/१२/२२
जन्म स्थान : डुमखाना, बैरगनीया, सितामढी, बिहार, भारत
आमाको नाम : कृष्णा देवी साह
बुबाको नाम : स्व. राम प्रसाद साह
श्रीमान्को नाम : धर्मेन्द्र साह
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : तराई मधेस लोकतान्त्रिक पार्टी नेपाल
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# आन्दोलनले जन्माएकी नेतृ

२०६२/६३ मा भएको मधेस आन्दोलनलाई अनेक आयाममा बुझ्न सकिन्छ । मधेस आन्दोलनले नै अन्तरिम संविधानमा 'सङ्घीय' शब्द थप्न लगाई सङ्घीय व्यवस्थाको ग्यारेन्टी गर्न सहयोग गरेको थियो । त्यही आन्दोलनकै कारणले मधेसी समुदायले आफूमाथि भएका उत्पीडनकाबारेमा बुझ्न र त्यसबाट मुक्ति पाउन राज्यसँग खुलेरै राजनीतिक अधिकार माग्न सक्ने भएका थिए । यति मात्र होइन यो आन्दोलनले घुम्टो प्रथाभित्र जकडिएका मधेसी महिलाहरूलाई घरभित्रबाट बाहिर ल्याउने र नेतृत्व गर्ने अवसर पनि दियो ।

यसरी आन्दोलनमा लाग्दालाग्दै आन्दोलनले नै तयार गरेको एक जुझारू मधेसी महिला नेता हुनुहुन्छ चन्दन साह । राज्यको कुनै पनि अङ्ग, तह र निकायहरूमा मधेसी समुदायको सहभागिता तथा पहुँच नदेखिनु र ठूलासाना राजनीतिक दलहरूमा पनि उनीहरूको पहुँच तथा पकड नहुनुलाई चन्दन राज्यद्वारा मधेसी समुदायलाई गरेको विभेदपूर्ण व्यवहार ठान्नुहुन्छ । त्यसकारण, राज्यले मधेसी समुदायलाई गरेको विभेदपूर्ण व्यवहारका विरूद्ध सङ्घर्ष गरी मधेसीलगायत आम नेपाली जनतालाई समेत अधिकार सम्पन्न बनाउने उद्देश्य लिएर उहाँ राजनीतिमा सक्रिए हुनु भएको हो ।

चन्दनको परिवारका केही सदस्यहरू राजनीतिमा संलग्न भएकोले पनि उहाँले राजनीतिलाई नजिकबाट देख्न र बुझ्न पाउनु भयो । वास्तवमा भन्ने हो भने परिवारका सदस्यहरू नै राजनीतिको क्षेत्रमा लाग्ने उहाँको प्रेरणा बन्यो । २०६३ सालमा तराईबाट सुरु भएको मधेस आन्दोलनमा उहाँ दिनरात सक्रिय रूपले खट्नुभएको थियो । आन्दोलनमा उहाँले सक्रिय भूमिका निभाउनु भएकोले नै उहाँलाई तराई मधेस लोकतान्त्रिक पार्टीले संविधानसभाको सदस्य बन्ने मौका दियो ।

संविधानसभा सदस्य भएपछि मधेस आन्दोलनताका सरकारसँग माग गरेका विषयहरू नयाँ संविधानमा लिपिबद्ध गर्ने ऐतिहासिक जिम्मेवारी आफू माथि पनि आएको उहाँले महसुस गर्नुभएको छ । चन्दनको भनाइ अनुसार, आफू तराईका मधेसी जनताको मुद्दालाई सम्बोधन गर्न, मधेसी महिलाका समस्या तथा चुनौतीलाई उजागर गर्न र राज्यद्वारा पछाडि पारिएका पिछडावर्ग, आदिवासी/जनजाति, दलित, अल्पसङ्ख्यक मुस्लिम आदि समुदायहरूको हक अधिकार स्थापित गराउन संविधानसभामा आएको हुनाले आफ्नो दायित्व अरूको भन्दा भिन्न र विस्तृत छ ।

चन्दन संविधानसभा अर्न्तगतको राज्यको शासकीय स्वरूप निर्धारण समिति र सुरक्षा विशेष समितिमा हुनुहुन्छ । आफू संलग्न समितिमा उहाँले राज्यको शासन प्रशासन लगायत अन्य निकायहरूमा महिला र पुरूषको समान सहभागिता हुनुपर्ने आवाज उठाउनुभएको छ । राज्यको हरेक अङ्गमा महिलालाई ५० प्रतिशत हिस्सेदार बनाउनुपर्ने मागलाई उहाँले संविधानसभामा बारम्बार उठाउँदै आउनु भएको छ । तर मस्यौदा संविधानमा ३३ प्रतिशत महिलाको सहभागिता मात्रै सुनिश्चित गरिएको छ र उहाँ यो कुरासँग सहमत हुनुहुन्न । अझै पनि उहाँ ३३ प्रतिशत महिला सहभागितालाई संशोधन गरी ५० प्रतिशत पुऱ्याउनु पर्छ भनेर जोड दिनुहुन्छ । तर उहाँको यो मागलाई कतिपय महिला सभासद्हरूले समेत समर्थन गरेका छैनन् । हरेक पार्टीका नीति र उद्देश्य फरक भएकाले पनि पार्टीहरूमा आबद्ध महिलाहरूलाई महिलाका मुद्दामा एउटै मत बनाइ एकै ठाउँमा आउन चुनौतीहरू देखा परेका छन् भन्ने उहाँको भनाइ छ । तर महिलाका मुद्दालाई जोडदार ढङ्गले उठाउन र सभासद् महिलाहरू एक हुन सबैजना मिलेर महिला सभासद्हरूको समूह महिला ककसलाई सशक्त बनाउनुपर्ने उहाँको सुझाव छ ।

धेरैजसो महिला सभासद्हरूले संविधानसभा भित्रै पनि पुरूष सभासद्हरूद्धारा भेदभाव भएको महसुस गरेका छन् । तर चन्दनलाई भने त्यस्तो महसुस भएको छैन । सबैले आफूलाई सहयोग नै गरेको बताउनुहुन्छ । संविधानसभामा आफ्नो कुरा सबै समक्ष राख्न समय र सहयोग दुबै मिलेको उहाँको अनुभव छ ।

समयमा नै संविधान निर्माण नभएकोमा सभासद्हरू जनताद्धारा आलोचित भएका छन् । तर चन्दन भने आफू लगायत अरू सभासद्हरूले संविधान बनाउने काममा दत्तचित्त भएर लागिरहेको दावी गर्नुहुन्छ । यद्यपि केही उपल्ला तहका नेताहरूका सत्ता मोहका कारण संविधान बनाउने काममा ढिलाई भइरहेको कुरालाई पनि उहाँ स्वीकार्नु हुन्छ । नेताहरूको कुर्सी र सत्ताको खेलले समयमै संविधान नआउने मात्र होइन, संविधान बनाउन आफू र आफू जस्तै कतिपय सभासद्हरूले अहिलेसम्म गरेको मेहनत खेर जाने र मधेसी मुद्दाले संवैधानिक मान्यता प्राप्त नगर्ने खतरा समेत रहेको उहाँ बताउनुहुन्छ । व्यक्तिका लागि होइन, जनताका लागि संविधान बनाउने उद्देश्य लिएर आएका कारण यदि समयमै संविधान बनेन भने, उहाँ भन्नुहुन्छ, 'त्यसले मधेस आन्दोलनलाई मात्र होइन, जनताको बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थामाथि नै आघात पार्ने डर पैदा भएको छ ।'

चन्दनले राजनीतिमा लागेर अनेक प्रकारका अनुभवहरू सँगाल्नु भएको छ । दुःख र सुख दुबै भोग्नु भएको छ । सभासद् भए पछि उहाँको अनुभवको दायरा अझ फराकिलो भएको छ । अनुभवले खारिदैँ गएपछि उहाँमा

जिम्मेवारी र दायित्वबोधको भावना अझ स्पष्ट र बलियो हुँदै गएको कारणले नै उहाँलाई पार्टीको केन्द्रीय सदस्य, पोलिटब्यूरो सदस्य र अनुगमन विभागको प्रमुख समेतको जिम्मेवारी दिइएको छ । अब उहाँको जीवनको लक्ष्य भनेकै देश र समाजको हितमा काम गर्ने हो । यहाँबाट फर्किने अरू बाटो उहाँ देख्नुहुन्न ।



**व्यक्तिगत विवरण**

नाम : चन्दादेवी राम
ठेगाना स्थायी : जितपुर गाविस-६, जितपुर, पर्सा, नारायणी
अस्थायी : जडिबुटी, काठमाण्डौं
सम्पर्क ठेगाना : ९७४११९३८८१ (मो)
जन्म मिति : २०३६-५-७
जन्म स्थान : शंकर सरैया गाविस-१, पर्सा
आमाको नाम : पछिया देवी
बुबाको नाम : ठाकुर राम
श्रीमान्को नाम : रामेश्वर राम
शिक्षा : साधारण लेखपढ
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# शिक्षा नहुँदा अप्ठ्यारो पर्‍यो

खेती किसानी गर्दागर्दै राजनीतिमा लाग्नुभएकी चन्दादेवी रामलाई आफू राजनीतिमा लागेकाले नै अहिले संविधानसभासभाको सदस्य बन्न सकेको हो भन्ने लाग्छ । साक्षर मात्र भएकाले संविधानसभाका विधि, नियम र परम्परा बुझ्न उहाँलाई गाह्रो परेको छ ।

संविधानसभा अन्तर्गत राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको मस्यौदा प्रतिवेदनमा समावेश गरिएका विषय थाहा पाउन प्रतिवेदन अध्ययन गर्नुपर्छ, तर चन्दादेवी त्यो प्रतिवेदन पढ्नसक्ने अवस्थामा हुनुहुन्न । उहाँ स्पष्ट शब्दमा भन्नुहुन्छ, 'साधारण लेखपढ मात्र गर्नसक्ने भएकाले मस्यौदा प्रतिवेदनमा के के लेखिएको छ थाहा पाउन गाह्रो पदर्छ ।' पढेलेखेको नभए तापनि गरिब जनतामाथि हुने शोषण, दमन भोगेको र गरिबले कुनै पनि क्षेत्रमा अवसर नपाउने प्रवृत्ति देखेकोले ती विरूद्ध आवाज उठाउनुपर्छ भन्ने लागेर नै २०५७ सालदेखि उहाँ राजनीतिमा आउनु भएको हो । सामन्तहरूले गाउँमा गरिबहरूलाई एकदुई किलो चामल दिएर उनीहरूका एकदुई कट्ठा जमिन नै हडप्ने चलन अझै पनि कायमै रहेको उहाँ बताउनुहुन्छ । उहाँको विचारमा सहरबाट राणा शासन हटे पनि गाउँमा त्यस्तो शासन अझै चलिरहेकै छ ।

बाग्लुङको एउटा फर्निचर कारखानामा काम गर्ने चन्दादेवीका श्रीमान् रामेश्वर राम नेकपा (माओवादी) पार्टीको गतिविधिमा संलग्न भएकै आरोपमा पक्राउ पर्नुभएको थियो । चन्दादेवीका अनुसार आजभन्दा करिब आठ वर्षअघि श्रीमान्लाई सेनाले गिरफ्तार गरेर पर्सा जिल्लाको जितपुर-८ मा घेराबन्दी गरी हत्या गरेको थियो । चन्दाका शब्दमा श्रीमान्को हत्या 'दुश्मनले घटाएका' हुन् । पार्टीमा लागेको दुईतीन वर्षपछि नै रामेश्वरको हत्या भएको सम्झँदै चन्दा भन्नुहुन्छ, 'देशका लागि जसले ज्यानै गुमायो त्योभन्दा ठूलो योगदान के हुन्छ ? देशकै लागि मेरा श्रीमान् सहिद हुनुभएको छ ।'

सेनाले पक्राउ गरेपछि मात्र रामेश्वर माओवादी पार्टीमा संलग्न हुनुहुन्छ भन्ने चन्दादेवीले थाहा पाउनुभएको थियो । श्रीमान् पक्राउ परेपछि चन्दादेवी पनि पार्टीको गतिविधिमा सहभागी हुन थाल्नुभयो । घरव्यवहार छाडेर पूर्णरूपले पार्टीमा लाग्दा र पार्टीकै लागि श्रीमान् समेतलाई गुमाउँदा पनि आफ्नो र आफ्नो श्रीमान्को त्यागको राम्रो कदर पार्टी र सरकारबाट नभएको उहाँको गुनासो छ । आफूले पाउनुपर्ने जति सेवा, सुविधा, सहयोग नपाएको पनि उहाँको भनाइ छ । 'छोराछोरी छाडेर पार्टीमा भूमिका निर्वाह गरिरहेका छौं तर पाउनुपर्ने पाइएको छैन' भन्नुहुने चन्दादेवी श्रीमान् सहिद हुँदा दिइएको १ लाख रूपैयाँले खासै सहयोग हुन नसकेको बताउनुहुन्छ । दुई छोराकी आमा चन्दादेवी यसरी असन्तुष्टि व्यक्त गर्नुहुन्छ, 'सवारी दुर्घटना भएर कसैको मृत्यु भएमा ७/८ लाख रूपैयाँ पीडितका परिवारले पाउँछन् तर श्रीमान् सहिद हुँदा मैले १ लाख रूपैयाँ मात्र सहयोग पाएँ, यो ज्यादती हो ।'

श्रीमान्को मृत्युपश्चात् राजनीतिमा सक्रिय चन्दादेवीले माओवादी 'जनयुद्ध'का क्रममा धेरै सङ्घर्ष गरेको स्मरण गर्नुहुन्छ । एकपटक जनमुक्ति सेनाको एकजना साथीलाई गोली लागेपछि उपचार गराउन उहाँ भारतको बेतिया पुग्नुभयो । डाक्टरले घाइतेलाई उपचार गर्न सहयोग गरे । तर उहाँहरूलाई सहयोग गर्ने भारतीय डाक्टर भारतीय प्रहरीद्वारा पक्राउमा परे । उहाँहरू पनि प्रहरीको घेरामा पर्नुभयो । बिरामी साथीको उपचार भइसकेको थियो, तर उनी पूर्णरूपले निको भइसकेका थिएनन् । चन्दादेवीका साथमा सात वर्षको कान्छो छोरा पनि थियो । प्रहरीको घेरामा परेकाले घाइतेका लागि औषधि किन्न जान सक्ने अवस्थासम्म पनि थिएन । त्यसैले, सारीले मुख छोपी छोरो च्यापेर सामान्य गृहिणी जस्तो भएर बिरामीलाई पनि साथै लिएर उहाँ त्यहाँबाट उम्कनुभयो ।

त्यसैगरी उहाँ पहिलोपटक वीरगञ्ज जाने क्रममा पैसा तथा जानकारीको अभावमा प्रहरीले नै झण्डै उहाँलाई देहव्यापारमा धकेल्न लागेको घटना पनि उहाँ सम्झनुहुन्छ । उहाँले बाटोमा उभिएका ट्राफिक प्रहरीसँग बाग्लुङबाट वीरगन्ज जाने गाडीकाबारेमा जानकारी माग्नुभयो । तर, प्रहरीले वीरगन्ज जाने गाडी गइसकेकाले एक रात बाग्लुङमा बास बस्नुपर्छ र पैसा नभए निःशुल्क होटलको व्यवस्था मिलाइदिन्छु भनेर आफूलाई फसाउन खोजेको चन्दादेवी बताउनुहुन्छ । उहाँका अनुसार ट्राफिक प्रहरीले उहाँलाई बहिनीकहाँ लैजान्छु भनेर एउटा घरमा लिएर गयो । त्यहाँ गएपछि बहिनी भन्ने महिलाले उहाँलाई चिया खान पनि दियो । यतिञ्जेल ट्राफिक प्रहरीले कपडा फेरेर आयो र उहाँलाई बहिनीकै घरमा सुत्न पनि आग्रह गर्‍यो । ती ट्राफिक प्रहरी चन्दादेवीलाई कहिले बहिनी भन्थे, कहिले छोरी । तर, बहिनी भनिएकी महिला र ती ट्राफिक प्रहरीको व्यवहारले चन्दालाई सशंकित बनायो । चन्दादेवी भन्नुहन्छ, 'उनीहरू मिलेजस्तो लाग्यो, घुमाई घुमाई कुरा गरे, गलत व्यवहार गर्नका लागि । तर केही बेरपछि ती बहिनी भनिएकी महिलाका श्रीमान् आएर उनीहरूलाई गाली गरेपछि ट्राफिक प्रहरी बाहिर गयो र नराम्रो घटना हुन पाएन ।'

शिक्षाको कमीले जीवनमा धेरै समस्या भोगेको र संविधानसभा सदस्य भएपछि पनि यही कारणले संविधानसभाको नियम तथा प्रक्रिया बुझ्न धेरै समय लागेकाले चन्दादेवीलाई दुःख लाग्छ । तर, पार्टीले जिम्मेवारी दिएपछि मन लगाएर जिम्मेवारी सम्हाल्नुपर्छ भन्नुहुने चन्दादेवीले आफू संलग्न संविधानसभा र व्यवस्थापिका संसद् अन्तर्गतका समितिहरूमा विशेषगरी दलित र महिलाहरूको हककहितका कुरा उठाएको बताउनुहुन्छ ।

चन्दादेवीलाई काठमाण्डौंमा मुख्यतः भाषाको समस्या परेको छ । उहाँको मातृभाषा भोजपुरी हो । काठमाण्डौंमा भोजपुरी भाषा नबोलिने र नेपाली भाषामा उहाँलाई फरर कुराकानी गर्न अप्ठेरो पर्ने हुनाले कतिपय कुराहरू चाहेर पनि स्पष्टसँग राख्न गाह्रो परेको उहाँको अनुभव छ ।

अहिलेसम्मको राजनीतिक जीवनमा दुईवटा कुरालाई चन्दादेवी उपलब्धिका रूपमा लिनुहुन्छ । एउटा, आफू निकै पिछडिएको क्षेत्र र समुदायबाट आएर पनि संविधानसभा सदस्य तथा सभासद् बन्नसक्नु र अर्को, मधेसी तथा दलित समुदायको अधिकारका लागि लडेर सहिद बनेका श्रीमान् रामेश्वरको नाममा आफ्नै गाउँमा विद्यालय खोल्न सफल हुनु । शिक्षाको अभावले आफूले जीवनमा धेरै समस्या भेलेकाले आफ्ना भावी सन्तान र गाउँका गरिब दलित विद्यार्थीले शिक्षाबाट टाढा रहनु नपरोस् भनेर गाउँमा विद्यालय खोल्न उहाँले विशेष जोड दिनुभएको हो । उहाँले संसद् विकास कोषबाट विद्यालय खोल्न पहल गर्नुभएको थियो । उहाँले संविधानसभा सदस्य भएपछि आफ्नो निर्वाचन क्षेत्रमा तीनवटा विद्यालय सञ्चालनको व्यवस्था मिलाउनुभएको छ । गाउँमा विद्यालयलाई प्राथमिकता दिइएका सम्बन्धमा उहाँ भन्नहुन्छ, 'मेरो समयमा गाउँका दलित समुदायमा चेतनाको कमीले र उनीहरूको आर्थिक स्थिति कमजोर भएकाले उनीहरूका छोराछोरीले पढ्न पाएनन् । त्यसैले दलितका छोराछोरी अगाडि बढुन् भनेर नै मैले गाउँमा विद्यालय खोल्न जोड दिएकी हुँ ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | छियामा राई |
| ठेगाना स्थायी | : | सभागृह लाइन, धरान, सुनसरी-८, कोशी |
| अस्थायी | : | सभागृह लाइन, धरान, सुनसरी-८, कोशी |
| सम्पर्क ठेगाना | : | ९७४११५८५२८ (मो) |
| जन्म मिति | : | २०००/८/२९ |
| जन्म स्थान | : | ठूलो डुंमा, भोजपुर |
| आमाको नाम | : | रामशोभा राई |
| बुबाको नाम | : | जमानबहादुर राई |
| श्रीमान्को नाम | : | स्व. बागधन राई |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | राष्ट्रिय जनमुक्ति पार्टी |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# राजतन्त्रदेखि गणतन्त्रसम्म

बहुदल कि निर्दलीय पञ्चायत व्यवस्था भनेर २०३६ सालमा भएको जनमतसङ्ग्रहमा बहुदलवादीको हार भए पनि त्यसले अझ धेरै बहुदल समर्थक कार्यकर्ता जन्माएको थियो । त्यतिबेला निर्दलीय पञ्चायती व्यवस्थालाई समर्थन गर्ने धेरै युवाहरू देखा परेका थिए । जनमतसङ्ग्रहमा निर्दलीय पञ्चायती व्यवस्थाको प्रचार गर्दागर्दै राजनीतिमा होमिएका त्यस्तै युवाहरू मध्येकी छियामा राई पनि हुनुहुन्थ्यो । त्यतिबेला राजतन्त्र र निर्दलीय व्यवस्थाको प्रचार प्रसार गर्दै राजनीतिमा आउनु भएकी छियामा यतिबेला गणतन्त्र र बहुदलीय व्यवस्थाको संविधान लेख्ने थलो संविधानसभामा पुग्नुभएको छ ।

छियामाले कसैको करकापमा राजनीतिलाई चुन्नु भएको होइन । उहाँ भन्नुहुन्छ, 'मलाई राजनीतिमा लाग्ने इच्छा लाग्यो, लागेँ ।' उहाँका कुरा सिधा छन् । दक्षिण अफ्रिकी नेता एवम् पूर्व राष्ट्रपति नेल्सन मण्डेलाले बहुसङ्ख्यक अफ्रिकी काला जातिको अधिकार र पहिचान स्थापित गराउन वर्षौं जेल बस्नुभएको थियो । वास्तवमा उहाँ मण्डेलाकै सङ्घर्ष र आदर्शबाट प्रभावित हुनुहुन्थ्यो । त्यसबाहेक राजा महेन्द्रको 'म मरे पनि मेरो देश बाँचिरहोस्' भन्ने विचारले पनि उहाँमा गहिरो छाप परेको थियो । यही विचारलाई मनन गरेर उहाँ पञ्चायतको झण्डा बोकी गाउँका पाखा पर्वत घुम्नुभएको थियो ।

छियामाका बुबाबाजे गाउँका जिम्वाल हुनुहुन्थ्यो । घरमा कमाराकमारी राख्ने चलन थियो । तर राजनीतिमा लाग्ने उहाँ नै परिवारको पहिलो र एक्लो सदस्य हुनुभयो । जनमतसङ्ग्रहको प्रचारमा लागिरहेकै बेला बेलायती सेनामा कार्यरत बागधन राईसँग उहाँको विवाह भयो । श्रीमान्ले उहाँलाई निर्दलमा नलाग, बहुदलले जनताको हित गर्छ भनेर सम्झाउनुभएको थियो । तर उहाँले श्रीमान्लाई 'तपाइँलाई मन लाग्दैन भने बहुदलमा पनि नलाग्नुस्, निर्दलमा पनि नलाग्नुस्, तर मेरो राजनीतिक काममा भने दख्खल नदिनुस्' भनेर श्रीमान्लाई जवाफ दिनुभएको थियो । छियामा जस्ता व्यक्तिले साथ दिएको पञ्चायती व्यवस्था त्यसपछिको दश वर्ष पनि चल्न सकेन ।

जनबलका आधारमा देशमा बहुदलीय व्यवस्था स्थापना भयो । फेरिएको राजनीतिक परिस्थिति सँगसँगै २०४८ सालमा उहाँले आदिवासी/जनजातिको अधिकारका लागि लड्ने राष्ट्रिय जनमुक्ति पार्टीमा प्रवेश गर्नुभयो । उहाँ हाल राष्ट्रिय जनमुक्ति पार्टीका तर्फबाट संविधानसभाको सदस्य हुनुहुन्छ ।

राष्ट्रिय जनमुक्ति पार्टीमा प्रवेश गरिसकेपछि छियामालाई पञ्चायती पृष्ठभूमिको मान्छे, किन जनमुक्ति पार्टीमा लागेको भनेर धेरैले सोधिरहन्थे । त्यतिबेला उहाँको जवाफ हुन्थ्यो, 'देशको कुनै पनि निकायमा जनजातिले ठाउँ पाएनन्, जता हेरे पनि बाहुन क्षेत्री मात्रै । त्यसैले जनजाति अधिकारका लागि काम गरौं भनेर म यो पार्टीमा लागेकी हुँ ।'



साधारण लेखपढ मात्र गर्न सक्ने छियामाले पार्टीमा लागेर ठूलै पदमा पुगिएला भनेर सोच्नु भएको पनि थिएन । पार्टीको असल कामलाई सघाउँछु भन्ने नै उहाँको मुख्य उद्देश्य थियो । २०४८ सालको स्थानीय चुनावमा उहाँ वडा सदस्य पदमा उठ्नुभएको थियो, तर हार्नुभयो । चुनाव प्रचारका लागि डुल्न जाँदा उहाँलाई लाग्यो, जनताको घरदैलो पुग्ने त कार्यकर्ता पो रहेछन्, नेताहरू त घरमै आराम गरी बस्दा रहेछन् । त्यसैले संविधानसभाको चुनावमा उहाँले आफू जनताको घरदैलो पुगिरहने कार्यकर्ता भएकाले समानुपातिकको सूचीमा नेताको मात्र होइन आफ्नो नाम पनि राख्नुपर्छ भनेर सङ्घर्ष गर्नुभयो र आफ्नो नाम सूचीमा राख्न लगाउनुभयो । त्यसैले संविधानसभासम्म आइपुग्नुको पहिलो श्रेय उहाँ आफ्नै मेहनत र सङ्घर्षलाई दिनुहुन्छ । तर, समयमै संविधान नबन्दा छियामाको जोश र हौसलामा केही कमी आएको छ र उहाँलाई चिन्ता पनि लागिरहेको छ । उहाँ भन्नुहुन्छ, 'समय धेरै गइसक्यो । आफू त बूढो पनि भइयो । समय मै संविधान बनेको देख्न पाए हुन्थ्यो ।'

छियामा संविधानसभा अन्तर्गत न्याय प्रणाली समितिको सदस्य हुनुहुन्छ । समितिमा उहाँले व्यवस्थापिका संसद्ले पनि न्यायाधीश मनोनित गर्न सक्नुपर्ने र जनजातिलाई पनि प्राथमिकता दिइनुपर्ने जस्ता अरू संविधानसभा सदस्यहरूको सुझावलाई समर्थन गर्नुभएको थियो । महिलालाई बोक्सीको आरोप लगाइ यातना दिनेमाथि व्यक्तिहरूलाई कानुनी सजाय हुनुपर्ने, आफ्नै हाडनाताबीचको विवाह उन्मूलन गर्नुपर्ने लगायतका कुरा पनि समितिमा उहाँले उठाउनुभएको थियो । साथै महिला, जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका सामाजिक, आर्थिक, राजनीतिक मुद्दाहरूलाई अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन आफूले सक्दो पहल गरेको पनि उहाँको भनाइ ।

महिला र पुरूषको हैसियतमा के कस्ता भिन्नता छन् भनेर छियामाले अरू क्षेत्रमा मात्र होइन संविधानसभाभित्रै पनि महसुस गर्नु भएको छ । त्यसमाथि उहाँ पढाइलेखाई नभएको सदस्य । त्यसैले कतिपय प्रसङ्ग उहाँलाई बुझ्नै पनि गाऱ्हो छ । बुझ्न गाऱ्हो भएकाले कहिलेकाँही जवाफ फर्काउन कठिन हुने पनि उहाँको अनुभव छ । तर संविधानसभाभित्र समेत मानिसहरू अक्सर पुरूष सदस्यकै पछिपछि लागेको उहाँ देख्नुहुन्छ । उहाँ ठान्नुहुन्छ, 'सायद पुरूष नेताहरूले जागिर लाइदिन्छन् भनेर पछि लागेका होलान् ।' सदनमा महिलाले बोलेका कुरालाई गम्भीरतापूर्वक नलिइने भएकाले अब त आफूले बोल्न पनि छाडेको उहाँ सुनाउनुहुन्छ, 'एक मिनेट बोल्न दिन्छन् । त्यो पनि कसैले सुन्दैनन् । अनि के बोल्नु ?'

महिलाले बोलेका कुरा संविधानसभाका सबैलाई सुनाउन नै महिला ककसको आवश्यकता परेको छियामाको ठम्याइ छ । ककस गठनबारे उहाँलाई खासै जानकारी त छैन, तर यो निकायले संविधानसभाका जाने-बुझेका महिलाले आफू जस्ता नजानेकालाई सिकाउनु पर्ने र महिलाका समस्या बुझ्ने हो भने गाउँगाउँ नै पुग्नुपर्ने उहाँको सुझाव छ । त्यसैले विभिन्न गैरसरकारी संस्थाहरूले महिलाका अधिकार र दुःखसुखका कुरा गर्न तारे होटेलहरूमा आयोजना गर्ने कार्यक्रमहरूप्रति उहाँको गुनासो छ, 'महिलाको दुःख बुझ्न तारे होटल होइन गाउँ जानुपर्छ । होटेलमा गरिने खर्च गाउँका महिलाका लागि गरेको भए बरू केही गर्न सकिन्थ्यो ।'

संविधानसभामा हाल भइरहेका काम कारबाहीप्रति छियामा त्यति सन्तुष्ट हुनुहुन्न । तैपनि आदिवासी/जनजातिले समान अधिकार र न्याय पाउनुपर्ने र महिला तथा पुरूषले बराबरी न्याय र बराबरी अधिकार पाउनुपर्ने कुराहरू संविधानमा लेखाउन उहाँ सक्रिय हुनुहुन्छ । संविधानसभालाई राम्ररी काम गर्न दिएको भए अहिलेसम्ममा संविधान लेखेर लागू पनि गराइसक्थ्यो भन्ने उहाँको अनुमान छ । उहाँ भन्नुहुन्छ, 'नेताहरू जम्मै कुर्सीका लागि झगडा गरिरहेकै कारण संविधान लेख्न नसकिएको हो ।' नेताहरूकै झगडाका कारण संविधानसभाका ६०१ सदस्यको कुनै अर्थ नभएको पनि उहाँ बताउनुहुन्छ । त्यसैले छियामाका लागि संविधानसभाका बैठकमा जानु समय खेर फाल्नु जत्तिकै भइरहेको छ । तैपनि आफ्नो जिल्लाका कार्यकर्तासँग उहाँको सम्पर्क भइरहन्छ र जिल्लाको विकासको काममा पनि खटिरहनुहुन्छ ।

राजनीतिमा लागेपछि धेरै कुरा सिकिन्छ, विभिन्न किसिमका मानिससँग चिनजान हुन्छ, विज्ञ र विद्वानको सङ्गत मिल्छ । यही नै उहाँको आजसम्मको राजनीतिक जीवनको अनुभव हो । तैपनि राजनीतिमा इमान्दारीपूर्वक लाग्न सके समाजले पछाडि पारिएका सबै वर्ग, लिङ्ग, जातिका मानिसलाई उकास्न सकिन्छ भन्ने उहाँको विश्वास छ । तर, अहिलेलाई भने उहाँको एउटै मात्र इच्छा छ, 'मर्नु अगाडि नयाँ संविधान बनाएर जान पाए हुन्थ्यो ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : ज्वालाकुमारी साह |
| ठेगाना स्थायी | : सिहोर्वा-६ लौतन, बारा, नारायणी |
| अस्थायी | : गंगालक्ष्मी मार्ग, गौशाला, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१५४२२५० (मो) |
| इमेल | : sahawala@yahoo.com |
| जन्म मिति | : २०३८/७/११ |
| जन्म स्थान | : सिहोर्वा-६, लौतन |
| आमाको नाम | : श्रीपतिदेवी साह कानु |
| बुबाको नाम | : खेदु साह कानु |
| श्रीमान्को नाम | : अमृत शर्मा बजगाइँ |
| शिक्षा | : उच्च माध्यमिक तह |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# 'जनयुद्ध'ले गर्दा नै महिलाको भूमिका पुनः परिभाषित भएको छ

ज्वालाकुमारी साह सानै उमेरदेखि निडर र विद्रोही स्वभावकी हुनुहुन्थ्यो । विद्यालय र छरछिमेकमा उहाँको साहसको चर्चा चल्थ्यो । केटीलाई जिस्क्याउने केटामाथि जाइलाग्नु तथा छोरीका निम्ति समान शिक्षा र अभिव्यक्तिको अधिकारका लागि लड्नु उहाँको दिनचर्या झैं बनेको थियो ।

राजनीतिमा सक्रिय बुबाआमाको राजनीतिक विचारको प्रभाव सानै उमेरमा ज्वालाकुमारीमा परेको थियो । त्यसैले अध्ययन बाहेक अरू पनि केही गर्नुपर्छ भन्ने छाप उहाँमा परेको थियो । आफ्नै छिमेकमा एकजना महिलालाई दाइजो नल्याएको निहुँमा जिउँदै जलाइएको घटना ज्वालाकुमारीको स्मृतिमा अहिले पनि झल्झली आउने गर्दछ । यो घटना देख्नुभएकी ज्वालाकुमारीको मनमा दाइजो प्रथा, बहुविवाह र बालविवाहजस्ता अन्य सामाजिक विकृतिमाथि घृणा लाग्न थाल्यो । त्यसैले उहाँले गाउँका महिलालाई सङ्गठित गरी समूह निर्माण गर्नुका साथै जिल्लाका विभिन्न स्थानामा सचेतना कार्यक्रमहरू सञ्चालन गर्नुभयो । ज्वालाकुमारीले सञ्चालन गर्नुभएको रक्सी विरोधी आन्दोलन जिल्लामा धेरै सफल भएको थियो । अभियानका क्रममा रक्सी भट्टी नष्ट गरिएका थिए । रक्सीले पुरूषहरूलाई उग्र बनाउनुका साथै महिलाविरूद्ध हिंसा गर्न उक्साउँछ भन्ने उहाँको धारणा छ ।

ज्वालाकुमारीको साहसिक व्यवहारलाई देखेर उहाँको बुबाआमालाई पार्टीका नेताहरूले भेटी छोरीलाई मूलधारको राजनीतिमा ल्याउन सल्लाह दिने गर्दथे । बुबाले पनि ज्वालाकुमारीलाई राजनीतिक प्रशिक्षण दिनुका साथै आफूसँग भएका वामपन्थी विचारधारा सम्बन्धी पुस्तकहरू पढ्न दिनुहुन्थ्यो । ज्वालाकुमारीले ती पुस्तकहरू अक्षरशः पढ्नुका साथै राजनीतिप्रति पनि अझ बढी समर्पित भएर लाग्नुभयो ।

१७ वर्षको उमेरमै नेकपा (माओवादीको) भ्रातृ संस्था अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) को कोषाध्यक्ष हुनुभएकी ज्वालाकुमारी २०५३ सालमा भूमिगत हुनुभयो । उहाँ २०५६ र २०६० सालमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को जिल्ला अध्यक्ष र २०५८ सालमा पार्टीको जिल्ला कमिटी सदस्य बन्नु भएको थियो । २०६४ सालमा उहाँ जनवर्गीय सङ्गठनको जिल्ला सचिव र संयुक्त क्रान्तिकारी जनपरिषद्को केन्द्रीय सदस्य बन्नुभयो । साथै उहाँ महिला सङ्घ को केन्द्रीय कमिटी सदस्य र सचिवालय सदस्यका साथै भोजपुरा महिला विभागको सह-संयोजक बन्न पनि सफल हुनुभएको थियो । हाल उहाँ पार्टीको भोजपुरा सचिवालय सदस्य हुनुहुन्छ ।

भूमिगत छँदै ज्वालाकुमारीलाई विवाहका लागि धेरैवटा प्रस्तावहरू आए । तर, उहाँले २०६० सालमा अमृत शर्मा बजगाईंको प्रस्तावलाई स्वीकार गर्नुभयो । त्यसबखत अमृत बजगाईं बारा जिल्लाको क्षेत्रीय इन्चार्ज हुनुहुन्थ्यो । राजनीतिमा लागेको भएपनि एकजना मधेसी केटीले पहाडे मूलका ब्राह्मण केटासँग विवाह गर्नु सामान्य घटना थिएन र यस विवाहले परिवार तथा समाजमा केही समय तनाव उत्पन्न गरायो । तर, यही विवाहपछि पहाडे मूलका मानिसहरू बसोबास गर्ने नयाँ बस्ती र मधेसी मूलका मानिस बसोबास गर्ने मधुवन बस्तीका मानिसबीच बिहाबारी चल्न थाल्यो । ज्वालाकुमारीको पहिलो छोरा 'जनयुद्ध'कै समयमा २०६१ सालमा जन्मियो । तर, सुरक्षाको कारणले उहाँ प्रसूति भएको अस्पतालबाट दुई दिनमै भाग्नु परेको थियो । २०६३ सालमा उहाँका जुम्ल्याहा छोरा जन्मिए ।

युद्धका क्रममा आफ्ना साथीहरू गुमेको, धेरै महिलाहरूले आफ्ना श्रीमान्हरू गुमाएको र कतिपय जनताले आफ्ना घरखेत गुमाएको घटनाहरूलाई उहाँ कहिल्यै बिर्सन सक्नुहुन्न । उहाँ भन्नुहुन्छ, 'तर यही युद्धले गर्दा नै महिलाको भूमिकालाई पुनः परिभाषित गरेको छ र यो कुरा संविधानसभामा प्रष्ट प्रतिविम्बित भएको देख्न सकिन्छ ।'

भूमिगत रहेकै अवस्थामा ज्वालाकुमारीकी साथी र पार्टीको पूर्णकालीन सदस्य बबिता मण्डल सुरक्षाकर्मीद्वारा बलात्कृत हुनुका साथै वीरगन्ज जेलमा एक वर्षभन्दा बढी थुनिनु भएको थियो । जेलबाट छुटेको तीन महिनापछि छापा मार्ने क्रममा बबितालाई सुरक्षाफौजले घर बाहिर निकालेर छाती, ढाड, टाउको र खुट्टामा गोली हानेर हत्या गर्‍यो । हत्यापछि सुरक्षा फौजले सो घटनाका सम्बन्धमा कसैलाई केही नबताउन गाउँलेहरूलाई धम्की दिएको थियो । तर, एकजनाले यस घटनाकाबारेमा जानकारी दिए र बबिताको अन्तिम दाहसंस्कार गरियो । बबिताको हत्याको घटना ज्वालाकुमारीको राजनीतिक जीवनमा घटेको सबैभन्दा विभत्स र दुःखपूर्ण घटना थियो ।

एक दशकभन्दा बढी समय छापामार जीवन बिताउनु भएकी ज्वालाकुमारीले देशमा शान्ति प्रक्रिया सुरूभएपछि संविधानसभाको सदस्य हुने मौका पाउँदा उहाँलाई सपनाजस्तै लागेको थियो । संविधानसभाको पहिलो वर्ष उहाँका लागि निकै चुनौतीपूर्ण रह्यो । किनभने उहाँलाई भोजपुरी बाहेक अन्य भाषा राम्ररी बोल्न आउँदैनथ्यो । भाषाकै कारण उहाँलाई आफूले संविधानसभा बैठकमा उठाउन चाहेका विषय र एजेन्डामा बोल्न अप्ठेरो पर्थ्यो । तापनि, संविधानसभा सदस्य हुँदाका सुरूका दिनमा ज्वालाकुमारी निकै उत्साहित हुनुहुन्थ्यो र उहाँका धेरै

योजनाहरू थिए । तर संविधानसभामा भएको ढिलासुस्तीले उहाँको उत्साह बिस्तारै घट्दै गएको छ । 'नेताहरू र सबै सदस्यहरू एक भएमा हामीले जनतालाई तीन महिनाभित्रै संविधान दिन सक्छौं, जुन हुन सकिरहेको छैन । तर संविधानसभा सदस्य भएका नाताले हामीले आशा मार्नु हुँदैन । हामीले पनि आशा गर्न छाड्यौं भने जनताले हामीलाई र नयाँ संविधानलाई पनि विश्वास गर्ने छैनन्' उहाँ भन्नुहुन्छ ।

संविधानसभाको संवैधानिक समिति र व्यवस्थापिका संसद्को सुरक्षा विशेष समितिको सदस्यको हैसियतले ज्वालाकुमारीले आमाको नामबाट छोराछोरीलाई नागरिकता दिन पाउनुपर्छ र दलित, मुस्लिम, अनाथ, एकल महिलालाई विशेष अधिकार दिनुपर्छ भनेर आवाज उठाउनुभएको छ । उहाँले अपाङ्गता भएकाहरूलाई शिक्षाको अधिकार प्रत्याभूत गर्न उनीहरूलाई पुस्तक, कापी, ह्वीलचेयर र शिक्षा पूरा गर्न चाहिने अन्य सुविधाहरू राज्यले उपलब्ध गराउनुपर्दछ भनेर पनि निरन्तर आवाज उठाउँदै आउनु भएको छ ।

जातीय आधारमा छुवाछुत गर्ने चलन तराईमा अझै कायमै छ र यसले हिंसालाई प्रश्रय दिइरहेको भनाइ ज्वालाकुमारीको छ । त्यसैले यस्तो कुरीति हटाउन दलितका लागि शिक्षा र सम्मानजनक रोजगारीको व्यवस्था संविधानमै सुनिश्चित हुनुपर्ने विषयमा पनि उहाँले सशक्त आवाज उठाइ रहनुभएको छ । भोजपुरी, अवधी, थारू र मैथिली समेतका तराईमा बोलिने भाषालाई राष्ट्रिय र सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गर्न पनि उहाँले माग गर्नुभएको छ । तराईमा खासगरी मधेसी महिलाहरूले अहिले पनि आफ्ना विचार स्वतन्त्ररूपमा राख्न पाउँदैनन् त्यसकारण महिलालाई घर बाहिर काम गर्ने र बोल्ने जस्ता कार्यमा सहभागी गराउन राजनीतिक दलहरूले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ भन्ने पनि उहाँको विचार छ । आर्थिकरूपमा महिलाहरू सक्षम भएमा मात्र उनीहरूका लागि सबै ढोका खुल्ने उहाँको विश्वास छ ।

ज्वाला कुमारीले सभासद् भएपछि जिल्लामा बाटो, पुल तथा विद्यालय निर्माण गर्नुभयो, पोखरी खन्नुभयो, धेरैवटा अन्तर्क्रिया कार्यक्रमहरू आयोजना गर्नुभयो र सचेतना कार्यक्रम सञ्चालन गर्नुभयो । हाल हरेक गाविसमा एउटा एम्बुलेन्स प्रदान गर्ने अभियानमा उहाँ खटिनु भएको छ । यातायातको अभावमा खासगरी दूरदराजका महिलाको अकालमा ज्यान जाने गरेकाले एम्बुलेन्स जोड्ने अभियान चलाइएको हो । उहाँ अनाथ र असहाय बालबालिकाका लागि बालगृह सञ्चालन गर्ने तयारीमा पनि हुनुहुन्छ ।

राजनीतिक आबद्धता र संविधानसभाको सदस्यको हैसियतले उहाँ अहिले मधेसी समुदायको नेताको रूपमा स्थापित हुनुभएको छ । विगतका केही कमीकमजोरी र सङ्घर्षका बाबजुद पनि आफ्नो जीवनको राजनीतिक यात्राबाट ज्वालाकुमारी खुशी नै हुनुहुन्छ । भविष्यमा उहाँ शान्तिपूर्णरूपमा बाँच्न चाहनुहुन्छ, र मुलुकको राजनीतिक वातावरण अनुरूप आफ्नो राजनीतिक संलग्नतालाई निरन्तरता दिने पनि उहाँ चाहना व्यक्त गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : जनककुमारी चालिसे |
| ठेगाना स्थायी | : बडीखेल गाविस-३, चालिसेडाँडा ललितपुर, बाग्मती |
| अस्थायी | : सातदोबाटो, ललितपुर उ.न.म.पा.-१५ |
| सम्पर्क ठेगाना | : ०१-५५४५०३१ (नि) ९८४१८५१५०० (मो) |
| इमेल | : janakchalise@gmail.com |
| जन्म मिति | : २०१७/१/१ |
| जन्म स्थान | : सिन्धुलीमाडी, राममाडी, सिन्धुली |
| आमाको नाम | : स्व. हेमकुमारी गजुरेल |
| बुबाको नाम | : स्व. बालकृष्ण गजुरेल |
| श्रीमान्को नाम | : डा. मुकेशकुमार चालिसे |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : नेकपा (माले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीतिमा शुद्धिकरण चाहिएको छ

सामाजिक परिवर्तन तथा आम जनताको स्तर उन्नतिकालागि राजनीति गर्नुपर्छ भन्ने मान्यता बोक्नुभएकी जनककुमारी चालिसे २०२८ सालको झापा विद्रोहबाट प्रभावित हुनुभएको थियो । शिक्षित र राजनीतिक परिवारमा जन्मनु हुर्कनु भएकी जनककुमारीलाई सानैदेखि घरपरिवारमा हुने राजनीतिक छलफलले राजनीतितर्फ आकर्षित तुल्याएको थियो ।

जनककुमारीले राजनीतिमा प्रवेश गर्ने समयमा महिलामाथि सामाजिक तथा सांस्कृतिक शोषण निकै बढी थियो । उहाँले घरमा धेरै माया र प्रोत्साहन पाए पनि दाजुभाइसरह घरबाहिर बसेर पढ्ने अवसर भने कम पाउनु भयो । उहाँले घरका सबैजसो काम गर्ने तर दाजुभाइले काम गर्नुनपर्ने भएकाले महिलाहरू कसरी अवसरबाट वञ्चित हुँदारहेछन् भन्ने कुरामा उहाँले सानै उमेरमा महसुस गर्न थाल्नुभयो । समाजमा जातीय आधारमा किन छोइछिटो हुन्छ भन्ने जिज्ञासा पनि उहाँलाई सानै उमेरदेखि नै लाग्थ्यो । त्यसैले पनि गरिब र धनीहरू बीचको असमानता हटाउन राजनीति गर्नु पर्छ भन्ने उहाँको सोचाइ थियो ।

समाजमा आमरूपमा महिलाविरूद्ध हुने हिंसा, भेदभाव, वर्गीय तथा जातीय भेदभाव देखिएकोले त्यसको अन्त्य गर्ने भावनाले नै उहाँलाई राजनीतितर्फ डोहोऱ्याएको हो । परिवारमा उपलब्ध राजनीतिक वातावरणले गर्दा समाजवादी राजनीतिसम्बन्धी पुस्तकहरू अध्ययन गर्ने अवसर पनि उहाँले प्राप्त गर्नुभयो । पारिवारिक पृष्ठभूमि, समाज बदल्ने चाहना र अन्याय विरूद्ध जुध्ने स्वभावले उहाँलाई विद्यार्थी जीवनदेखि नै राजनीतिमा लाग्न उत्प्रेरित गरायो ।

जनककुमारीले २०३५ सालदेखि नेकपा (माले) मा आबद्ध रही राजनीतिक यात्रा आरम्भ गर्नुभएको थियो । प्रारम्भमा उहाँ दल तथा भ्रातृसंस्थाको नेतृत्वमा २०३६ सालको आन्दोलनमा सरिक भई सङ्गठन बिस्तारमा लाग्नुभयो । उहाँले २०३७ सालमा नेकपा (माले) आबद्ध शिक्षक सङ्गठनमा सङ्गठित भई सिन्धुली जिल्लाबाट

शिक्षक आन्दोलनमा सकृयताका साथ भाग लिनु भयो । २०३८ सालमा विवाह भएपछि घरपरिवार, अध्ययन र राजनीतिलाई सँगै लैजानुपर्ने जिम्मेवारी उहाँको काँधमा आयो, तर उहाँ विचलित हुनुभएन । विवाह गर्दा उहाँले एसएलसी मात्र उत्तीर्ण गर्नुभएको थियो । विवाहपछि राजनीति र अध्ययनलाई निरन्तरता दिन उहाँले घरपरिवारबाट पनि केहि सहयोग पाउनुभयो । काठमाण्डौं आएपछि २०३८ सालमा पद्मकन्या क्याम्पसमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (पाँचौं) को क्याम्पस प्रारम्भिक कमिटीको अध्यक्षको जिम्मेवारी वहन गर्नुभयो तथा २०३९ सालमा भएको स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा उपसभापति पदको प्रत्यासी हुनुभयो । यसबीचमा जन चेतना नबढाइ समाजमा परिवर्तन नआउने ठम्मयाएर उहाँले वरिष्ठ प्रगतिशील चिन्तक, साहित्यकार तथा पत्रकार श्री श्यामप्रसाद शर्माका दर्जनौ पुस्तकहरू प्रकाशन गर्न थाल्नु भयो । सङ्गठितरूपमा २०५१ सालमा नेकपा (एमाले) आबद्ध अखिल नेपाल महिला सङ्घको जिल्ला कमिटी सचिव र २०५४ सालमा नेकपा (माले) आबद्ध अखिल नेपाल महिला सङ्घको जिल्ला कमिटी अध्यक्ष तथा पार्टी जिल्ला कमिटी सदस्यको भूमिका निर्वाह गर्नुभयो । हाल उहाँ नेकपा (माले) को केन्द्रीय सदस्य तथा अखिल नेपाल प्रगतिशील महिला सङ्घको केन्द्रिय महासचिव हुनुहुन्छ ।

कम्युनिष्ट विचारधारा आत्मसात गर्नुभएकी जनककुमारीले २०३७ सालको जनमत सङ्ग्रहमा खुलेर बहुदलको पक्षमा प्रचारप्रसार गर्नुभएको थियो । २०४२ सालमा नेपाली काङ्ग्रेसको आयोजनामा भएको सत्याग्रह आन्दोलनलाई पनि पञ्चायत विरूद्धको 'जनआन्दोलन' सम्झेर उहाँले सहयोग गर्नुभयो । पञ्चायतकालमा सामान्य आन्दोलन हुँदा पनि प्रहरी प्रशासनले उहाँहरूको घर घेर्ने र खानतलासी गर्नेगर्थ्यो । २०४६ सालको संयुक्त जनआन्दोलनमा उहाँले ललितपुरबाट वाममोर्चाको तर्फबाट भाग लिनु भयो । त्यसरी नै २०५९ सालको तत्कालिन राजाको प्रतिगमनविरूद्धको आन्दोलनमा उहाँले वाममोर्चाको तर्फबाट संयुक्त महिला आन्दोलनको अग्रपंक्तिमा रहि काम गर्नुभयो । नेकपा (एमाले) र तत्कालीन नेकपा (माले)का बीच एकीकरण भए पनि उहाँ मूल सङ्गठक श्री चन्द्रप्रकाश मैनालीको नेतृत्वमा रही पुनर्गठित नेकपा (माले) पार्टीको केन्द्रीय सदस्य बन्नुभयो ।

जनककुमारीले राजनीतिका साथसाथै समाजसेवामा पनि सक्रियता देखाउनुभएको छ । उहाँ वयश्क महिलाहरूकालागि ललितपुरको सातदोबाटोमा नेपालमै पहिलो पटक २०५५ सालमा स्थापना गरिएको प्रेरणा महिला माध्यमिक विद्यालयको संस्थापक हुनुहुन्छ तथा त्यस विद्यालयमा दश वर्षसम्म प्रिन्सिपल पदमा रहि सेवा पनि गर्नुभएको छ ।

राजनीतिक क्रियाकलापमा निरन्तर संलग्न रहेकै कारणले जनककुमारीले अपेक्षा अनुसार संविधानसभामा प्रतिनिधित्व गर्ने अवसर पाउनुभयो । उहाँ संविधानसभा अन्तर्गत राष्ट्रिय हितको संरक्षण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत प्राकृतिक स्रोतसाधन समितिको सदस्य हुनुहुन्छ । संविधानसभाको पूर्ण बैठकमा उहाँले राज्यका सबै तहमा महिलाको सहभागिता पचास प्रतिशत हुनुपर्ने र एउटा मात्र रहेको पदमा आलोपालो प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने, नागरिकता सवालमा महिलालाई गरिने विभेदको अन्त्य हुनुपर्ने, महिला आयोगलाई अधिकार सम्पन्न बनाउनुपर्ने, महिला हिंसाका सम्बन्धमा छुट्टै अदालत गठन हुनुपर्ने, प्राकृतिक स्रोत परिचालनमा महिलाको समान पहुँच कायम हुनुपर्ने र सम्पत्तिमा महिला र पुरूषको समान हक कायम हुनुपर्ने विषयलाई प्राथमिकताका साथ उठाउनुभएको थियो ।

संविधानसभामा महिलाका मुद्दाहरू उठाउँदा पुरूष सदस्यहरूबाट भरपर्दो सहयोग नहुने, महिलाका मुद्दालाई जटिल बनाइने तथा यथोचित स्थान नदिइने प्रवृत्ति महिलाकालागि मुख्य चुनौतीका रूपमा रहेको उहाँको बुझाइ छ । उहाँ भन्नुहुन्छ, 'मिडियाले पनि महिलाका मुद्दा, विचार र भनाइहरूलाई खासै महत्व दिएको पाइँदैन । महिला सभासद्ले उठाएका तथा बोलेका कुरालाई हत्पति राष्ट्रिय महत्वक साथ स्थान नदिने वा नकारात्मक हिसाबले सम्प्रेषण गर्ने मिडियाहरू अझै बाँकि रहेको कारणले गर्दा मिडियाले समेत महिलालाई भेदभाव गर्ने सामन्ती सोच रहेको मैले महसुस गरेकी छु ।' महिलाका मुद्दाहरू उठाउन संविधान सभामा महिलाहरूको साझा मञ्चका रूपमा महिला ककस गठन गरिएको र ककसको कामलाई प्रभावकारी बनाउनका लागि यसको भूमिका स्पष्ट हुनुपर्छ, अधिकार र स्रोतसाधन सम्पन्न बनाइनुपर्छ भन्ने जनककुमारीको विचार छ ।

जनककुमारीको विचारमा नयाँ संविधानले सबैको भावना समेट्नुपर्छ, संविधान 'मेरो' होइन, 'हाम्रो' बन्नुपर्छ । उहाँ भन्नुहुन्छ, 'नयाँ सविधानमा सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका वर्ग र समुदायका भावना समावेश गर्नुपर्छ, तर कतिपय कुराहरूमा निर्णय गर्दा विचार पुऱ्याउनु पर्ने देखिन्छ । जस्तो, एक मधेस एक प्रदेश र जातीय राज्य तथा अग्राधिकारको विषयमा निर्णय गर्दा त्यसको असर र प्रभावकाबारेमा व्यापकरूपमा छलफल गर्नुपर्छ ।'

अहिले प्रमुख राजनीतिक दलहरूको अदूरदर्शिताका कारणले नै समयमा संविधान बन्न नसकेको र शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि सहमतीय सरकार निर्माण गर्ने कार्य हुन नसकेको उहाँको बुझाइ छ । उहाँ भन्नुहुन्छ, 'संविधान लेखन कार्य सामान्य विषय होइन, यसले राज्य पुनर्संरचना, लोकतान्त्रिक गणतन्त्रको संस्थागत गरिनु लगायत समाजका विभिन्न पक्षको सम्बोधन गर्नुपर्ने भएकाले दुई वर्षको समय निकै कम हो भन्ने मलाई लागेको थियो । समयमै काम सम्पन्न गर्न हामीले धेरै प्रयत्न गऱ्यौँ, तर समयमा काम नसक्दा आत्मग्लानी भएको छ ।' वर्तमान अवस्थामा नियम कानुनको समस्याभन्दा पनि धेरै कुराहरू राजनीतिक सहमतिका नाममा वा राजनीतिक निर्णयबाट गर्ने परिपाटीको विकास भएकाले यो समस्या आएको उहाँको बुझाइ छ । 'नेतृत्व आफैँले कानुन र नियमलाई थप अस्पष्ट बनाई जानाजान जटिल परिस्थितिको सिर्जना गर्न खोजिएको मात्र हो । यो तत्कालीन नेतृत्व तहको जनताप्रतिको बेइमानी हो ।' राज्यको पुनर्संरचनाको विस्तृत रूपरेखा तयार गर्नका लागि राज्य पुनर्संरचना आयोग बन्नुपर्छ भन्ने उहाँको माग रहेको छ । तर दलहरूको नबुझ्ने प्रवृत्ति तथा बेइमानीले सो काम हुन नसकेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'दलीय सहमतिका नाममा दलहरू कानुन मिचेर अगाडि बढ्न खोजेका मात्र हुन् । विधि र प्रक्रियामा कुनै जटिल समस्या आएको होइन । आमरूपमा "सहमती"को घोकाई गरिरहने भित्रीरूपमा आफू र आफ्नो गुट तथा स्वार्थलाई केन्द्रबिन्दु बनाउने प्रमुख दलका नेतृत्वका कारण सङ्क्रमण काल लम्बिएको, शान्ति प्रक्रिया नटुङ्गिने र संविधान समयमा नबन्ने खतरा बढेको हो । तर यस्तो समयमा सामान्य जटिलता आउनुलाई अन्यथा मान्नु हुँदैन ।' त्यसैले वर्तमान समस्याबाट पार पाउनका लागि राजनीतिमा शुद्धिकरण हुनैपर्छ भन्ने उहाँको धारणा छ ।

संविधानसभामा प्रवेश गर्दा मुलुकको कायापलट गर्न सकिन्छ र त्यो अवसर प्राप्त भएको छ भन्ने लागेको भए पनि वास्तविकता धेरै फरक भएको उहाँलाई अहिले अनुभूति भएको छ । यद्यपि संविधानसभाबाट संविधान बनाएरै छाड्ने र त्यसलाई कार्यान्वयन गर्न निरन्तर लागिरहने उहाँको प्रतिबद्धता भने कायमै छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | जयपुरी घर्ति |
| ठेगाना स्थायी | : | राङ्सी गाविस-७, डाँडा गाउँ, रोल्पा |
| अस्थायी | : | धापाखेल, ललितपुर |
| सम्पर्क ठेगाना | : | ९८४१४१९४९५ (मो), |
| इमेल | : | com.jayapuri@gmail.com |
| जन्म मिति | : | २०२८/८/२८ |
| जन्म स्थान | : | रोल्पा |
| आमाको नाम | : | धनसरी घर्ति मगर |
| बुबाको नाम | : | कृष्ण बहादुर घर्ति मगर |
| श्रीमान्‌को नाम | : | स्व. विवेक के.सी |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | प्रत्यक्ष निर्वाचन |

# राजनीतिमा सफल हुन चुनौतिको सामना गर्नु पर्दछ

गरिबी र मानव विकास सूचाङ्कमा धेरै पछाडि परेको जिल्ला रोल्पाको विकट राङ्सी गाविसको एक मगर जोडीले झण्डै चार दशकअघि छोराको प्रतिक्षामा नौ छोरी र दुई छोरा जन्माएका थिए । त्यही जोडीको आठौ सन्तानका रूपमा ४० वर्षअघि जन्मनु भएकी एउटी बालिका यतिबेला सबै वर्ग, क्षेत्र, जाति, धर्म र लिङ्गको अधिकार सुनिश्चित हुने गरी देशको मूल कानुन कोर्न व्यस्त हुनुहुन्छ । छोराको मोहले परिवारमा सन्तानको थुप्रो लागे पछि गरिबी र अभाव झेल्दै हुर्किएकी ती बालिकाको सबैले चिन्ने नाम हो- जयपुरी घर्ती ।

छोरीले पढ्न र राजनीति गर्न हुन्न भन्ने मान्यताले जरो गाडेको त्यो समाजमा उहाँले ती दुबै मान्यतालाई चुनौति दिनुभयो । त्यसैले, त्यतिबेला विद्यालय जाने औँलामा गन्न सकिने छोरीहरूमध्ये पर्नुहुन्छ जयपुरी पनि । समाजमा विद्यमान उत्पीडन र शोषणबाट आफू र अरूले पनि मुक्ति पाउनु पर्छ भन्ने प्रेरणा उहाँलाई आफ्नै पारिवारीक पृष्ठभूमि र नेताहरू कृष्णबहादुर महरा तथा पासाङबाट मिलेको हो ।

जयपुरीका काका पञ्चायतकालीन राजनीतिमा हुनुहुन्थ्यो । तर, जयपुरीको राजनीतिक दर्शन काकाको भन्दा फरक थियो र भतिजी संलग्न क्रान्तिको अगाडि २५ वर्षसम्म प्रधानपञ्च चलाएका काकाले समेत आफ्नो पद छोड्नुपर्‍यो । 'पञ्चायत ढाल्ने पनि हामी भयौं, काकाको पद खाने पनि हामी भयौं', जयपुरी घर्ती ती दिनहरू सम्झिदै भन्नुहुन्छ । त्यसो त उहाँको बुबा पनि गाउँको मुखिया हुनुहुन्थ्यो । बुबा र काकाको राजनीतिक संलग्नताले पनि उहाँलाई तत्कालीन राजनीति बुझ्न र उनीहरूका भन्दा फरक धारको राजनीति गर्न केही सजिलो पार्‍यो । जयपुरीका ठूला बुबाका छोराहरू उहाँले राजनीति गरेको मनपराउँदैनथे र उनीहरूले यो काममा अघि बढ्न उहाँलाई असहयोग गरे । तर जयपुरीको राजनीतिप्रतिको लगाव त्यसले कम भएन बरू घरमा थाहै नदिई र घरबाट भागेर पनि उहाँले राजनीति गर्नुभयो । उहाँले २०४६ देखि विद्यार्थी सङ्गठनबाट औपचारिक राजनीति सुरू गर्नुभएको हो ।

एसएलसी परीक्षा दिएपछि दिउँसो उहाँ स्कूलमा स्वयंसेवकको काम गर्नु हुन्थ्यो र राती सङ्गठन बिस्तार गर्न गाउँमा हिँड्नुहुन्थ्यो । माओवादी 'जनयुद्ध' सुरू हुनु अघि विचार तथा सङ्गठन बिस्तारका लागि गीत गाउने

र नाच्ने गर्दै विद्यार्थी र महिला सङ्गठन बिस्तार गर्न पनि उहाँ सक्रिय हुनुभयो । मगर गाउँमा तीज मनाउने चलन खासै नभए पनि राजनीतिक उद्देश्यका लागि तिज पर्वमा पिङ हाल्ने, मेला आयोजना गरेर त्यहाँ आउने जनताहरूलाई उनीहरूका हक हित र अधिकारका कुरा गरेर आकर्षित गर्ने काम पनि उहाँले गर्नुभयो । यसरी नै उहाँले बिस्तारै रोल्पाको राङ्सी गाविसका सबै महिलालाई आफ्नो सङ्गठनमा आबद्ध गर्दै लानुभयो ।

जयपुरीका अनुसार २०५० तिर माओवादी 'जनयुद्ध' सुरु हुनु अघि प्रहरीले एउटा मेलामा उहाँको दुई जना साथीहरूको हत्या गरी उहाँ र उहाँको साथीहरू विरूद्ध झुटो सार्वजनिक मुद्दा लगायो । सुरक्षाकर्मीको डरले गाउँमा लास उठाउने मानिस पनि पाइएन त्यसैले, 'सार्वजनिक मुद्दा लागे पनि लागोस् भनेर झक्कु सुवेदीजी र हामीले डिएसपीसँग सम्झौता गरी शव लिएर रोल्पाको सदरमुकाम लिवांग गयौं', उहाँ सम्झनुहुन्छ । यस्तै घटनाहरूले गर्दा उहाँ बेलाबेलामा भूमिगत हुन थाल्नुभयो । २०५२ मा माओवादी 'जनयुद्ध' सुरू भएपछि त उहाँ पूर्ण रूपमै भूमिगत हुनुभयो । त्यो अवस्थामा प्रशासन र सुरक्षाकर्मीबाट बच्न राती हिड्नु पर्थ्यो । उहाँ भन्नुहुन्छ, 'सधैभरी राती हिँड्दा घाम नपाएको जमरा जस्तो पहेलो भएको थियो मेरो अनुहार । कहिलेकाहीँ त लाग्थ्यो, जीवनमा अब रात मात्रै हुने होकी ? तर बेलाबेलामा नेताहरू गाउँमा जान्थे र 'रातपछि दिन आउँछ' भन्दै हामीलाई उत्साहित बनाउँथे, त्यो सुनेर आनन्द लाग्थ्यो र आशा पनि जाग्थ्यो ।'

भूमिगत छँदा जयपुरीले दुई वर्षसम्म रातीमात्रै हिडेर काम गर्नुभयो । रातीको हिडाई यस्तो सम्म भयो कि दिउँसो हिँड्न पनि लाज लाग्न थाल्यो उहाँलाई । यो अवधिमा उहाँ पटक-पटक सुरक्षाकर्मीको घेरा र छापामा पर्नुभयो । २०५४ तिर रोल्पाको पाछाबाङ गाविसमा उहाँ नौ तिरबाट सुरक्षाकर्मीको घेरा बन्दीमा पर्नुभएको थियो । त्यसरी नै जाडो महिनामा हिउँ परेका बेला माओवादी जङ्गलबाट गाउँ पसे होलान् भनेर सुरक्षाकर्मीले गाउँमा घेरा हाल्न आउँथे । यस्तो अवस्थामा उहाँ प्राय बलले भन्दा जुक्ति लगाएर बच्नु हुन्थ्यो । उहाँ भन्नुहुन्छ, 'एक पटक सुरक्षाकर्मीलाई छल्न एकजना दलितको घरमा गएँ, त्यहाँ बुढा बा आमा हुनुहुँदो रहेछ । त्यहाँबाट म परम्परागत पोशाक घलेक र चोलो लगाएर घाँस काट्ने बहानामा डोको नाम्लो भिरेर जङ्गलतिर छिरें ।'

जयपुरीले २०५५ वैशाखमा विवेक केसीसँग जनवादी बिहे गर्नु भयो । विवेक केसी त्यतिबेला दाङका सेक्रेटरी थिए । बिहे गरेको केही समयपछि उहाँ गर्भवती हुनुभयो तर, उहाँ मानसिक रूपले आमा बन्न तयार हुनुहुन्नथ्यो र गर्भपतन गराउन चाहनु हुन्थ्यो । त्यसैले एकदिन श्रीमान् भेट्ने र गर्भपतन गराउने विचारले उहाँ रोल्पाबाट दाङ झर्नुभयो । तर, साँझसम्म कुर्दा पनि नर्स नआएपछि श्रीमान्ले जयपुरीलाई गर्भपतन नगर्न जोड गर्नुभयो । यसै विषयमा उहाँहरू बीच हल्का ठाकठुक पनि पर्‍यो । आफूले चाहेर पनि गर्भपतन गराउन नपाएपछि उहाँ श्रीमान्सँग रिसाएर फेरि रोल्पा लाग्नुभयो । त्यतिबेला रोल्पाको पाखापानी गाविसमा माओवादी विरूद्ध प्रहरीले किलो शेरा टु अप्रेसन चलाइरहेको थियो । रात परेपछि उहाँले त्यही गाविसको एउटा पसलमा बास माग्नु भयो र पसलेलाई आफ्नोबारेमा सबै कुरा बताउनुभयो । बिहान ४ बजे तिर सुरक्षाकर्मीले त्यस ठाउँमा नियमित कार्यक्रम अर्न्तगत छापा मार्न आए । पसले डरले थरथरी काम्न थाले । तर, उहाँ भने विरामी भएको बहाना गर्दै सारी, चुरा लगाएर सुतीरहनु भयो । प्रहरीले उहाँको झोला खोतले र त्योभित्र रहेको उहाँको पेटीकोट दुई पल्टसम्म टकटक्याएर साथमा रहेको ११ सय रूपैया लिएर गए ।

माओवादी 'जनयुद्ध'मा जयपुरीले आफ्नो ज्यान त हत्केलामा राखेर हिँड्नु भएकै थियो, भर्खरै जन्मिएकी उहाँकी छोरीको जिन्दगी पनि उत्तिकै जोखिममा थियो । यस्तै एउटा घटना अहिले पनि ताजे छ उहाँको मनमा । दुई

महिनाको छोरी छातीमा च्यापेर दाङको उकालो काट्दा पसिनाले निथ्रुक्क भिजेर छोरीलाई निमोनिया भयो र उसले सास फेर्न समेत छोड्यो र उहाँले छोरी बाँच्ने आशै मार्नुभयो । तर, छोरीलाई उपचार गरेर बस्ने समय र अवस्था पनि नभएकोले नजिकै गाउमा रहेको महिला सङ्गठनलाई छोरी 'मरे फाल, बाँचे पाल' भनेर दिनु भयो । त्यसबेला उहाँ आफै पनि बिरामी पर्नु भएकोले सहृदयीहरूले उहाँलाई भाले काटेर खान दिए र उहाँको स्याहार गरे । छोरीलाई पनि स्थानीय विधिबाट उपचार गरी मृत्युको मुखबाट बचाए । तर, माओवादीको पोलिटिकल कमिसार रहेका श्रीमान् विवेक केसी २०६० सालमा सुरक्षाकर्मीबाट मारिनुभयो र उहाँले आफ्नो जीवनसाथीलाई सदाका लागि गुमाउनु पऱ्यो ।

जिन्दगीका ती आरोह–अबरोह पार गर्दै कुनै दिन संविधानसभाको सदस्य बन्छु भन्ने उहाँले कल्पना पनि गर्नु भएको थिएन । शान्ति प्रक्रियापछि संविधान बन्ने बेलामा उम्मेद्वारको सूचीमासम्म परिन्छ कि भन्ने चाहिँ उहाँलाई लागेको थियो । तर, संविधानसभा सदस्य भएपछि जुन उत्साहका साथ जनताका सबै मुद्दा हल गर्न सक्छौँ भन्ने लागेको थियो, अहिले त्यो पूरा नहुँदा चिन्ता लागेको छ उहाँलाई । 'जनयुद्ध' सुरू गरेर संविधानसभाको चुनाव, राजतन्त्र उन्मूलन, गणतन्त्र घोषणा गर्दासम्म सन्तुष्ट रहे पनि यतिबेलाको राजनीति सन्तोषजनक छैन उहाँका लागि । परिवर्तनबाट प्राप्त उपलब्धिबाट उत्पीडित जाति, वर्ग, लिङ्गले जे अपेक्षा गरेका थिए, त्यो माथि तुषारापात हुन थालेको महसुस भएको छ उहाँलाई ।

जनताले समयमै संविधान बनेन भनेर छ सय एकजना सभासद्लाई गाली गर्छन् तर उहाँलाई समस्याको हलो चाहिँ पार्टीका सीमित नेताले अड्काए जस्तो लाग्छ । सभासद्लाई पार्टीको निर्णय अनुसार चल्नु पर्ने बाध्यता छ । नभए कारबाहीमा परिने डर । पार्टीभित्र अंकुश लगाउने चलनलाई सभासद्हरूले नाघ्न सकेका छैनन् । यी चुनौतिका बाबजुद पनि संविधानसभा अर्न्तगत रहेको संवैधानिक समितिमा उहाँले विशेष गरी महिला, उत्पीडित वर्ग, मजदुर किसान, दलित तथा उपेक्षित वर्ग र क्षेत्रको मुद्दा उठाउनु भयो । साथै राज्य सत्ताभित्र ती पछाडि पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व होस् र उनीहरूले पनि यो हाम्रो राज्य सत्ता हो भन्ने महसुस गर्न सक्ने खालको संविधान बनोस् भन्नेमा जोड दिनुभयो । साथै एनेकपा (माओवादी) संसदीय सचेतक हुँदै उहाँ महिला बालबालिका तथा समाजकल्याण मन्त्री समेत बन्नुभयो ।

उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रको मुद्दा संविधानसभामा उठाउँदा कतिपय नेतृत्वमा रहेका सभासद्हरू पूर्वाग्रही भएको उहाँको अनुभव छ । महिला, जनजाति, दलितको कुरा उठाउने बित्तिकै एकथरी सभासद्हरूले आक्रमण गरी हाल्ने प्रवृत्ति उहाँलाई पुरानो एकात्मक राज्यसत्ताको सोच चिन्तन हावी रहेको हो भन्ने लाग्छ । महिलाहरू राजनीति पार्टीमा नभै सत्तामा जान नसक्ने हुदा त्यहा पनि समानुपातिक प्रतिनिधित्व चाहिने उहाँको ठहर छ । नागरिकता र पैतृक सम्पत्तिमा महिलाको समान सहभागिता र समान अधिकार हुनु पर्ने पनि उहाँको भनाइ छ ।

राजनीतिको क्षेत्रमा महिला भएकै कारण जयपुरीले प्रत्यक्ष विभेद खेप्न नपरे पनि कहिलेकाहीँ अप्रत्यक्ष रूपमा त्यस्तो विभेद भएको अनुभव उहाँलाई पनि हुन्छ । तर पितृसत्तात्मक सोचको अन्त्य नभएसम्म यस्तो विभेद चलिरहन्छ भन्ने उहाँलाई लाग्छ । त्यसैले, जयपुरी स्वाभिमान सहित आफ्नो क्षमता र योग्यताले राजनीतिमा अघि बढ्ने महिलाका लागि धेरै चुनौति देख्नुहुन्छ । तर यस्ता चुनौतीहरूसँग सामना गर्दै अघि बढ्ने अठोट गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : जया घिमिरे |
| ठेगाना स्थायी | : विष्णुपुरकट्टी-६, सिराहा, सगरमाथा |
| अस्थायी | : नयाँ वानेश्वर-३६, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४११७७२४ (नि) ९८४१४४१३२२ (मो) |
| इमेल | : camemberjaya@gmail.com |
| जन्म मिति | : २०१६/९/१८ |
| जन्म स्थान | : बाटेश्वर, धनुषा |
| आमाको नाम | : स्व खिलेश्वरीदेवी घिमिरे |
| श्रीमान्को नाम | : नरेन्द्रराज पोखरेल |
| शिक्षा | : प्रवीणता प्रमाणपत्र तह |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# मेरो विवाह प्रहरी घेरा भित्र भएको थियो

दूरदृष्टि र आदर्शवादी विचार भएका बुबाको साथ पाउनु भएकी जया घिमिरेले सानै उमेरमा नै भविष्यमा आफू के बन्ने भनेर मनमा राखिसक्नु भएको थियो। त्यसैले १२ वर्षको कलिलो उमेरमा नै उहाँले नयाँ शिक्षा प्रणालीको विरोधमा भएको आन्दोलन र सुस्ता बचाऊ आन्दोलनमा सहभागिता जनाउनु भएको थियो ।

जयाको राजनीतिक यात्रा भने २०३२ सालमा तत्कालीन कोअर्डिनेशन केन्द्रका भूमिगत कार्यकर्ताको रूपमा प्रारम्भ भयो। भूमिगत कार्यको सिलसिलामा उहाँ २०३४ सालमा जेल पर्नुभयो। १८ महिनाको जेल बसाइ पछि २०३६/३७ मा उहाँ नेकपा (एमाले) को भ्रातृ संस्था अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनको केन्द्रीय सचिवालय सदस्य बन्नुभयो। जया २०३७ सालमा पुनर्गठित अखिल नेपाल महिला सङ्घको संस्थापक सदस्य समेत हुनुभयो र सङ्घमा उहाँले केन्द्रीय समितिको सचिव र सहकारी विभागको संयोजकको जिम्मेवारी पनि निभाउनु भयो ।

जयाका बुबाको राजनीतिक संलग्नता नै उहाँका लागि प्रेरणाको स्रोत बनेको हो । उहाँको परिवार समानतामा विश्वास गर्दथ्यो । जाति र वर्गमा आधारित त्यो बेलाको समाजमा चरम जातीय विभेद छँदा पनि उहाँलाई परिवारबाट दलितको घरमा सँगै बस्ने र खाने छुट थियो । उहाँका बुबा स्व पाण्डवराज घिमिरे वामपन्थी आन्दोलनका अग्रणी व्यक्तित्व हुनुहुन्थ्यो र उहाँले किसानको हकहितका लागि आजीवन सङ्घर्ष गर्नुभएको थियो। 'कम्युनिष्ट सेल्टर' का रूपमा चिनिने उहाँको घरमा वाम विचारधाराका धेरै प्रकाशनहरू प्राप्त हुन्थे र जया ती सामग्रीहरू पढ्ने र त्यसमाथि छलफल गर्ने गर्नुहुन्थ्यो ।

जयाका बुबा शिक्षाका बलिया हिमायती र पक्षधर हुनुहुन्थ्यो । राजनीतिका लागि जयाले पढाइ छाड्न लाग्दा बुबाले नै उहाँलाई अध्ययन पूरा गर्न आग्रह गर्नुभएको थियो, किनभने शिक्षा नभएको व्यक्ति अपूर्ण हुन्छ भन्ने उहाँको विचार थियो । तर, गरिबलाई मद्दत गर्ने, उनीहरूमाथि भएका अन्यायका विरूद्ध सङ्घर्ष गर्ने, विभेदमा

पारिएका महिलाको जीवन सुधार्ने, समानताको समाज स्थापनामा योगदान पुऱ्याउने जस्ता तीव्र चाहना तथा महत्वाकांक्षाका कारण बुबाको निरन्तरको जोडलाई पन्छाएर र पढाइलाई बीचमै त्यागेर २०३२ सालमा उहाँ भूमिगत हुनुभयो । यद्यपि, यो निर्णयप्रति आज उहाँलाई पछुतो लागेको छ ।

भूमिगत हुने क्रममा जयाले आफूले लगाएका गहना महिलाका लागि बन्धनका प्रतिक हुन् भन्दै त्याग्नुभयो । त्यसपछि उहाँले मुसहर र चमार समुदायका घरमा सेल्टर लिएर बस्न थाल्नुभयो । भूमिगत हुँदा उहाँले धेरै किसिमका समस्यासँग जुध्नुपऱ्यो । सेल्टर लिएर बसेको घरमा प्रायः ढोका हुँदैनथे र पुरूषहरू ज्यादै रक्सी पिएर साँझ घर फर्कन्थे । उहाँले प्रयोग गर्नु भएको एउटा सेल्टरमा २०३३ सालमा आगलागी भयो र उहाँले त्यहाँबाट विस्थापित हुनुपऱ्यो । त्यसपछि उहाँले तीन दिनसम्म केही खान पाउनु भएन । अर्को सेल्टरमा बस्न जाँदा गाउँलेहरूले आफूहरू नै पक्राउमा परिने हो कि भन्ने डरले उहाँलाई गाउँ छाड्न आग्रह गरे । यस बाहेक उहाँले सेल्टर फेरिरहनुपर्ने, घण्टौ हिंड्नुपर्ने, चोरडाँकासँग जम्काभेट हुने, सातदिन सम्म माटोको भाँडामा राखेको खाना खानुपर्ने अवस्था थियो ।

भूमिगत अवस्थामै २०३६ साल असोज २५ गते जया नरेन्द्रराज पोखरेलसँग विवाह बन्धनमा बाँधिनुभएको थियो । जया र नरेन्द्रराजको विवाहले हिन्दु परम्पराका धेरैवटा प्रचलित मान्यतालाई तोडेको थियो । पहिलो, जयाले विवाहको कुनै साइत र तिथि हेर्नु भएन । उहाँहरूको विवाह असोजमा दशैंको पूर्णिमाका दिन भएको थियो जुन महिना विवाहका लागि उपयुक्त मानिदैन । दोस्रो, बेहुली बन्ने दिन उहाँले रातो साडी नलगाएर सेतो बुट्टेदार साडी लगाउनुभएको थियो । तेस्रो, उहाँले सिन्दुर लगाउनुभएन । यसबाहेक उहाँको श्रृङ्गारको समान राख्ने बाकसमा सौन्दर्य प्रशाधनका सामग्रीको सट्टा चिठी, पम्प्लेट, पोस्टर लगायतका पार्टीसँग सम्बन्धित महत्वपूर्ण र गोप्य कागजातहरू थिए । विवाह भइरहँदा बुबाआमा लगायत परिवारका पाँच जना सदस्यलाई प्रहरीले गिरफ्तार गरेको थियो र विवाह स्थलमा घेरा हालिएको थियो । विवाह गर्दा परम्परागत नियमहरू तोडिए पनि उहाँको वैवाहिक जीवन राम्रोसँग चलिरहेको छ । उहाँ अहिले १ छोरी र २ छोराकी आमा हुनुहुन्छ ।

विवाह पश्चात् जयाका सामाजिक र आर्थिक जिम्मेवारीहरू बढे । परिवारको हेरविचार गर्नुपर्ने, र पार्टीको जिम्मेवारी पनि पूरा गर्नुपर्ने भएकोले उहाँले सिराहाको एउटा स्कुलमा पढाउन पनि थाल्नुभयो । यस अवधिमा उहाँ नेकपा (एमाले) को जिल्ला समिति सदस्य, अञ्चल समिति सदस्य रहँदै सिराहा, सप्तरी, उदयपुर लगायतका जिल्लाहरूमा महिला हकहितका लागि कार्यरत रहनु भयो । २०५६ सालमा पार्टीले सिराहा जिल्लाबाट प्रतिनिधिसभा सदस्यको चुनावको टिकट दिएपछि उहाँले अध्यापनको काम छाड्नुभयो । तर उहाँले चुनाव हार्नुभयो । चुनावमा पराजित भए पनि उहाँको उत्साहमा कहिल्यै कमी आएन र शोषित पीडित जनताको न्यायका लागि उहाँले निरन्तर सङ्घर्ष गरि नै रहनुभयो । मुलुक र जनतालाई नयाँ मार्गनिर्देश गर्न सिराहाबाट नेकपा (एमाले)ले उहाँलाई ६०१ सदस्यीय संविधानसभामा समानुपातिक प्रतिनिधिको रूपमा चुनेर पठायो ।

राष्ट्रिय हित संरक्षण समितिकी सदस्य रहनुभएकी जयाले समितिमा छिमेकी मुलुकसँगको सीमालाई व्यवस्थित गर्नुपर्ने आवाज उठाउनु भएको छ । यसबाहेक राज्यका प्रमुख अङ्गहरू – कार्यपालिका, व्यवस्थापिका र

न्यायपालिका-समेत राज्यका हरेक क्षेत्रमा महिलाको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्ने माग उहाँले गर्नुभयो । जयाका अनुसार, यो विषय संविधानसभामा निरन्तर छलफल भएपनि सबै समितिहरूको प्रारम्भिक मस्यौदा प्रतिवेदनमा समावेश हुन सकेको छैन । स्वास्थ्य, शिक्षा र रोजगारको अधिकारलाई मौलिक हकको रूपमा राख्नुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो । यसैगरी उहाँले पैतृक सम्पत्तिमा छोरा र छोरीबीच समान अधिकार सुनिश्चित गर्नुपर्ने तथा राज्यका स्रोतहरूमा पुरुष र महिलाको समान पहुँच, स्वामित्व र सहभागिता हुनुपर्ने आवाज उठाउनु भयो । वहिष्करणमा पारिएका समुदायका महिला र गरिब पृष्ठभूमि भएकाहरूको संरक्षणका लागि कानुनमै व्यवस्था गरिनुपर्ने पनि उहाँको माग छ ।

तराईमा जन्मनु हुर्कनु भएकी जयाले संविधानसभामा तराई क्षेत्रबाट प्रतिनिधित्व गरिरहनुभएको छ र तराईमा दाइजो र बोक्सीको नाममा महिलामाथि हुने हिंसाबारे उहाँलाई राम्रो ज्ञान छ । यस्तो सामाजिक विकृतिको अन्त्य गरी अपराधीलाई हदैसम्मको दण्ड दिनुपर्ने पक्षमा उहाँ हुनुहुन्छ । महिलाविरूद्ध हुने घरेलु हिंसाको अन्त्यका लागि सबै महिला सभासद्को प्रयत्नबाट छुट्टै कानुन निर्माणका लागि पहल गरे अनुरूप हाल घरेलु हिंसा नियन्त्रण ऐन संसद्बाट पारित भएको छ । उहाँले पछाडि पारिएका समुदाय आदिवासी/जनजाति, दलित र मुस्लिमका विभिन्न विषयलाई संविधानसभामा उठाउनुभएको छ । भूमिगत हुँदा ती समुदायकै घरमा बसेकाले उनीहरूका समस्या राम्ररी बुझेको जया बताउनुहुन्छ ।

संविधानसभामा धेरै कुरा सिक्ने अवसर पाए पनि प्रायजसो संविधानसभा अन्तर्गतको आफू संलग्न समितिमा नै बढी केन्द्रित रहनुपर्ने हुँदा अरू विषयमा राम्ररी ध्यान दिन नपाइने समस्या रहेको उहाँको भनाइ छ । संविधानसभाका नियम बुझ्न, भिन्न राजनीतिक दृष्टिकोण र विचारधारा भएका दलसँग आबद्ध महिला सदस्यसँग अन्तर्क्रिया गर्न, पार्टी-पार्टीबीच सन्तुलन कायम गर्न, जिल्लाका दायित्वहरू निर्वाह गर्न, अनेमसङ्घमा निर्वाह गर्नुपर्ने भूमिकाका कारणले जयालाई यथार्थमा एक राजनीतिज्ञका रूपमा उभ्याएको छ ।

संविधानसभामा कुनै सदस्यले छुट्याइएको भन्दा बढी समय बोल्ने र कसैले बोल्ने समय नै नपाउने अवस्था देखेर र संविधानसभाका बैठकहरू डाकिएकै समयमा सदस्यहरू अनुपस्थित रहने कुराले जयामा तीव्र निराशा छाउने गर्दछ । खासगरी पुरुष सदस्यहरूले मात्र राष्ट्रिय महत्वका विषयमा कुरा राख्ने गरेका छन् । महिलाहरूलाई पनि यस्ता विषयमा बोल्ने अवसर दिनुपर्छ भन्ने जयाको भनाइ छ । संविधान जारी गर्न ढिलाइ भएकोमा जनताले आफूमाथि औंला ठड्याउँछन् भन्ने चिन्ता पनि जयालाई उतिकै छ । यी परिस्थितिका बाबजुद पनि आफूले संविधान निर्माणमा पुऱ्याएको योगदानबाट जया सन्तुष्टै हुनुहुन्छ । उहाँ आफूले अवसरविहीन समुदायको जीवन सुधार्ने आवाज उठाएको, सिराहा र उदयपुरबाट सफलतापूर्वक जनमत सङ्कलन गरेको र जिल्लामा विकास कार्यहरू तथा महिला सशक्तीकरणका कार्यहरू गरेकोमा गर्व गर्नुहुन्छ ।

जया भविष्यमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्ने विचारमा दृढ हुनुहुन्छ । उहाँ महिला, ज्येष्ठ नागरिक र दलितहरूलाई केन्द्रित गरेर कार्यक्रम सञ्चालन गर्ने सोचाइमा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'विकृति र खुट्टा तान्ने प्रवृत्तिको अन्त्य र सबै नागरिकले समान अधिकार पाएका दिन म मेरो राजनीतिक जीवन पनि सफल भएको ठान्नेछु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : जुनकुमारी रोका |
| ठेगाना स्थायी | : कांत्री गाविस-४, लुकुम, रूकुम, राप्ती |
| अस्थायी | : कपन, सरस्वती नगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४८२२४२९ (नि), ९७५१००४९३४ (मो) |
| जन्म मिति | : २०३४/१०/२१ |
| जन्म स्थान | : रूकुम |
| आमाको नाम | : जानी रोका |
| बुबाको नाम | : हितबहादुर रोका |
| श्रीमान्को नाम | : तेजबहादुर ओली |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# महिला सभासद्बीच तालमेल आवश्यक छ

आमाबुबाका चार छोरा र तीन छोरीमध्ये सबैभन्दा कान्छी जुनकुमारी रोका रूकुम जिल्लाबाट संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ चुनाव लडेर संविधानसभा सदस्य हुनुभएको हो । उहाँ २०४६ सालदेखि नै विद्यार्थी राजनीतिमा संलग्न हुनुहुन्थ्यो । समाजमा व्याप्त कुरीति, दमन र अन्यायको अन्त्य गर्ने चाहनाले नै उहाँलाई राजनीतितर्फ डोहोऱ्याएको थियो ।

जुनकुमारीका परिवारका अरू सदस्यहरू अरू विभिन्न पेशा तथा व्यवसायमा व्यस्त रहेका र परिवारमा आफूमात्र राजनीतिमा लागेको उहाँ बताउनुहुन्छ । २०२८ सालमा उहाँको एकजना दाजु कम्युनिष्ट भएको भन्नेसम्म उहाँले सुन्नु भएको छ । पार्टीमा लाग्न प्रेरणा चाहिन्छ भन्ने मान्यता राख्ने जुनकुमारीलाई २०४६ सालमा स्थानीय भूमे पूजामा पार्टीका नेताहरू गणेशमान पुन र लोकेन्द्र विष्टले महिला अधिकार र महिला मुक्तिका विषयमा दिएको भाषणले निकै नै प्रभावित तुल्याएको थियो । उहाँको भाषण सुनेर पनि राजनीतिमा लाग्न प्रेरणा मिलेको जुनकुमारी बताउनुहुन्छ ।

जुनकुमारीका बुबा भेडापालन व्यवसायमा संलग्नु हुनुहुन्थ्यो । उहाँका दाजु भारतीय सेनामा कर्णेल हुनुहुन्थ्यो । उहाँको मावली गाउँका मुखिया खान्दानका थिए । घरमा खानलाउन दुःख थिएन । तर, गाउँमा पञ्चहरूको रजाइँ र ज्यादती देखेर जुनकुमारीलाई असह्य हुन्थ्यो । यसका विरूद्ध लाग्न मन लाग्थ्यो । तर, उहाँको परिवारको चाहना चाहिँ छोरी मान्छेले राजनीति नगरोस् र गरे पनि कम्युनिष्ट राजनीति चाहिँ नगरोस् भन्ने थियो । परिवारको चाहना विपरितको राजनीतिमा लागेकै कारणले मुखिया खान्दानी मावलीको समेत उहाँले चित्त दुखाउनु परेको थियो ।

राजनीतिमा लागेपछि स्वाभाविक रूपमै दुःख हुने र त्यसलाई कसैगरी पनि सामना गर्नुपर्ने जुनकुमारीको भनाइ छ । युद्धको समयमा जीवनलाई हत्केलामा राखेर हिंड्नु परेको र आफ्ना धेरै साथीहरू सहिद बनेको

आफ्नै आँखाले देख्नुपरेको सम्झनाहरू उहाँसँग अझै पनि ताजै छन् । उहाँ भन्नुहुन्छ, 'रूकुमको त्रिवेणी चौकी आक्रमणमा आदरणीय कमरेड दौलत राम घर्ती र बर्दिया गणेशपुर घटनामा कमाण्डर जीतलाई गुमाउनुपर्दा मलाई अत्यन्तै दुःख लागेको थियो ।'

पार्टीभित्र जुनकुमारीको मुख्य जिम्मेवारी पार्टीले खटाएको ठाउँमा गएर सङ्गठन बिस्तार गर्ने हुन्थ्यो । उहाँको अधिकांश राजनीतिक समय ग्रामीण परिवेशमै व्यतित भएको थियो । जुनकुमारीले २०४६ देखि २०५२ सालसम्म संयुक्त जनमोर्चा नेपालसँग आबद्ध अखिल अनेरास्ववियुको स्थानीय तथा जिल्ला स्तरका विभिन्न कमिटीमा रही काम गर्नुभयो । तत्कालीन नेकपा (माओवादी)मा आबद्ध हुनुअघि उहाँले २०५२ सालको कार्तिक महिनामा 'जनयुद्ध'को तयारी स्वरूप एक हप्ते भौतिक र हतियार सम्बन्धी तालिम समेत लिनुभएको थियो । २०५३ सालमा उहाँ नेकपा (माओवादी)को रूकुम एरिया कमिटी सदस्य रहनुका साथै उहाँले सल्यान, जुम्ला, कालिकोट, मुगु, भेरी, कर्णाली, सेती र महाकालीमा रही पार्टी तथा सङ्गठनको जिम्मेवारी पनि पूरा गर्नुभयो ।

जुनकुमारीले २०५३ सालमा आफ्नै पार्टीका सहकर्मी तेजबहादुर ओलीसँग विवाह गर्नुभयो । तेजबहादुर हाल माओवादी जनसेना चौथो डिभिजनका कमान्डर तथा पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँ २०५९ सालमा नेकपा (माओवादी) भेरी-कर्णाली क्षेत्रीय ब्युरो सदस्य र अनेमसङ्घ (क्रान्तिकारी) को भेरी-कर्णालीको संयोजक र २०६१ सालमा अनेमसङ्घ (क्रान्तिकारी) को पश्चिम कमाण्डको संयोजक हुनुभयो । २०६३ सालमा जुनकुमारी जनमुक्ति सेनाको ब्रिगेडियर कमिसार पदमा पुग्नुभयो । माओवादी जनसेनामा महिलाहरूलाई दिइएको यो सबैभन्दा ठूलो पद तथा जिम्मेवारी हो र माओवादी 'जनयुद्ध'का समयमा जम्मा ३ जना महिलाहरू मात्र यो पदमा पुगेका थिए । उहाँ २०६४ सालदेखि हालसम्म एनेकपा (माओवादी) मगरात राज्य समिति सचिवालय सदस्यको रूपमा पनि क्रियाशील हुनुहुन्छ ।

पार्टीले दिएको जिम्मेवारी पूरा गरिरहेकै अवस्थामा अन्य चारजना पूर्णकालीन महिला सहकर्मी सहित जुनकुमारी रूकुमकोट चौकीको गस्ती टोलीबाट २०५३ सालमा पक्राउ पर्नुभयो । तर, त्यसको केही दिनपछि स्थानीय बुद्धिजीवीहरूको जमानतमा उहाँ हिरासत मुक्त हुन सफल हुनुभयो । पक्राउ परेपछि प्रहरीले नाङ्गै बनाएर सिस्नुपानीले शरीरमा हिर्काउने, र पोलिथिन पाइपले पैतालामा हिर्काउने जस्ता यातना दिएको जुनकुमारी बताउनुहुन्छ । त्योबेला प्रहरीले दिएको शारीरिक तथा मानसिक यातनाको असर अहिलेसम्म पनि उहाँको शरीर र मनमा रहेको पनि उहाँ बताउनुहुन्छ ।

संविधानसभा निर्वाचनमा पार्टीले जुनकुमारीलाई रूकुमबाट चुनाव लड्नका लागि टिकट दियो । चुनावमा उहाँको जीत पनि भयो । उहाँ अहिले संविधानसभा अन्तर्गतको अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हकअधिकार समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको सार्वजनिक लेखा समितिको सदस्य हुनुहुन्छ । संविधानमा जनताका आवाज समावेश गर्नका लागि जनमत सङ्कलनको सिलसिलामा उहाँ डोल्पा जिल्लाका ६ गाविस पुग्नुभयो । उहाँले संविधानसभा बैठक तथा संसद्मा विद्यार्थीलाई मातृभाषामा शिक्षा दिइनुपर्ने र नेपाली भाषा बाहेक नेपालमा बोलिने सबै भाषाहरूलाई पनि राष्ट्रिय भाषाको मान्यता दिइनुपर्ने विषयलाई प्राथमिकताका साथ उठाउनुभयो ।

संविधान लेखन कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन जरूरी रहेको अवस्थामा संविधानसभामा समयको उचित पालना हुन नसकेका कारणले पनि संविधान लेखन प्रक्रियाले गति पाउन नसकेको उहाँको भनाइ छ । जनताको मुक्ति सहितको संविधान लेखन कार्य कठिन भए पनि दल एवम् नेताहरू संवेदनशील भएर लागेमा र राष्ट्र एवम् जनतालाई केन्द्रमा राखेर काम गरेमा संविधान लेखन कार्य सहज हुने उहाँको ठम्याइ छ । यसका लागि नेताहरूमा राष्ट्रिय स्वाभिमान हुनुपर्ने, वैदेशिक हस्तक्षेपको खुलेर विरोध गर्नुपर्ने उहाँको भनाइ छ । संविधान लेखनमा जनसहभागिताको सम्मान गर्नुपर्छ, दल, जनता एवम् समाजप्रति जवाफदेही हुनुपर्छ । नेतृत्वमा क्षमता, धैर्य, अनुशासन हुनुपर्छ भन्ने पनि जुनकुमारीको मान्यता रहेको छ ।

अहिले सबै महिला संविधानसभा सदस्यहरूको मुख्य मुद्दा नै महिलामैत्री संविधान बनाउनु हो । यसका लागि सम्पूर्ण महिला सदस्यहरू एकजुट हुनु आवश्यक छ । साथै राजनीतिक विचारधारा एवम् दलीय नीतिअनुसार महिला सदस्यहरूबीच तालमेल हुन पनि आवश्यक रहेको जुनकुमारी बताउनुहुन्छ । महिलाहरू स्वयंले पनि आफ्नो क्षमता विकास गर्नुपर्ने र अवसरको भरपुर उपयोग गर्नुपर्ने उहाँको बुझाइ छ ।

जुनकुमारीको विचारमा पैतृक सम्पत्तिमा समान अधिकार, राज्यका हरेक निकायमा महिलाको समावेशी तथा समानुपातिक प्रतिनिधित्व र महिलाको नेतृत्व विकास नै अहिलेका महिलाका मुख्य चासो र सरोकारका विषयहरू हुन् । यसका लागि दलबाट संविधानसभामा प्रतिनिधित्व गर्ने महिला सदस्यहरू तथा संविधानसभा अन्तर्गत गठन भएका महिला सभासद् समूह (महिला ककस) सक्रिय हुनुपर्ने जुनकुमारी बताउनु हुन्छ । साथै पुरूषसँगै सहकार्य गर्दै अगाडि बढ्ने हो भने लक्ष्य टाढा छैन भन्ने पनि उहाँको मान्यता छ । उहाँ भन्नुहुन्छ, 'समतामूलक समाज बनाउन विभिन्न वर्ग, समुदाय र क्षेत्रका मानिसका आवाजलाई सम्बोधन गर्नुपर्छ । यसका लागि म आफूले सकेसम्म लागिरहन्छु र भविष्यमा पनि राजनीतिक क्षेत्रमा नै रहेर देश, जनता र समाजको सेवा गर्नेछु ।'



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | जुब्बा सोरेन |
| ठेगाना स्थायी | : | गोविन्दपुर गाविस-७, मुखीयाटोल, मोरङ |
| अस्थायी | : | भिमसेनगोला, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९८४९१५६५१५(मो) |
| जन्म मिति | : | २०३३/१/२२ |
| जन्म स्थान | : | मोरङ |
| आमाको नाम | : | लख्खी हेमरम |
| बुबाको नाम | : | रतनलाल हेमरम |
| श्रीमान्‌को नाम | : | स्व रामचन्द्र सोरेन |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# सन्थालका प्रतिनिधि

कक्षा ३ मा पढ्दा जुब्बा सोरेनले एक जना कटवालका छोरीसँग मित लगाउनु भएको थियो । एक दिन मितिनी सँगै मितिनी दिदीको घरमा जाँदा दिदीले मितिनीलाई चाहिँ घरभित्रै लगेर उसिनेको आलु खुवाए र जुब्बालाई चाहिँ घर बाहिरै राखेर खान दिए । आफ्नै मितिनी दिदीको घरमा आफूलाई किन त्यस्तो व्यवहार गरिएको होला भन्ने प्रश्न उहाँको मनमा उठ्यो र त्यो घटनाबाट उहाँ अत्यन्तै दुःखी पनि हुनुभयो । त्यतिबेलाको उहाँको निर्दोष बाल मस्तिष्कमा त्यो घटनाको छाप कहिल्यै नमेटिने गरी बस्यो ।

गाउँमा जातीय भेदभाव कतिसम्म थियो भने धारामा पानी लिन जाँदा पनि गाउँका राजपुतहरूले उहाँको समुदायका मानिसहरूलाई नजिक आउन सम्म पनि दिँदनैथे । उहाँ सानो छँदा गाउँलेहरूले आफूहरूलाई किन त्यस्तो व्यवहार गरेको होला भन्ने लाग्थ्यो । पछि बुझ्दै जाँदा उहाँले थाहा पाउनुभयो, आफूहरू मधेसको अत्यन्तै सीमान्तकृत आदिवासी/जनजाति सन्थाल भएकै कारणले त्यो भेदभाव भोग्नु परेको रहेछ । तर कतिसम्म भने गाउँमा कतिले सन्थालहरूलाई दलित भनेर पनि हेप्थे ।

जुब्बाको बाल्यकाल अभाव र दुःखमै बित्यो । उहाँ डेढ वर्षको हुँदा उहाँकी आमा र सात/आठ वर्षको हुँदा बुबा बित्नुभयो । बुबाआमा बितेपछि हजुरबा र हजुरआमाले नै उहाँलाई हुर्काउनुभयो । छ कक्षासम्म पढेपछि परिस्थितिले गर्दा उहाँले आफ्नो पढाइलाई निरन्तरता दिन सक्नुभएन । छोरीलाई पढाउन नचाहने सामाजिक संस्कार र आर्थिक विपन्नता दुबैले उहाँलाई शिक्षाको उज्यालोबाट वञ्चित गरायो ।

२०५९ मा जुब्बाको रामचन्द्र सोरेनसँग प्रेम विवाह भयो । उहाँको श्रीमान् नेकपा (माओवादी) पार्टीको जिल्ला समिति सदस्य (डिसीएम) हुनुहुन्थ्यो र उहाँ किसान सङ्घमा पनि आबद्ध हुनुहुन्थ्यो । उहाँको परिवार कृषिमा आश्रित थियो । तर, घरमा सासु ससुरा कोही नभएकाले विवाहपछि जुब्बा आफैँले घर व्यवहार चलाउनु पर्‍यो ।

जुब्बाका अनुसार २०६१ सालमा विराटनगरको सिस्नुनीजदा भन्ने ठाउँमा उहाँको श्रीमान्लाई सुरक्षाकर्मीले सुराकीको आधारमा घेरा हाली मारे । श्रीमान् 'सहिद' भएपछि समाजमा विद्यमान जातीय र अन्य विभेद विरूद्ध लड्न र सर्वहारा जनताका लागि केही गर्न भनेर आफूले पनि श्रीमान्कै बाटो पछ्याउँदै राजनीतिमा लागेको जुब्बा बताउनुहुन्छ । 'त्यसअघि मेरो पनि माओवादी पार्टीप्रति लगाव थियो, तर घर व्यवहारले गर्दा पार्टीको काममा समय दिन सकेको थिइनँ,' उहाँले भन्नुभयो । पार्टीमा पूर्ण रूपले लाग्नका लागि उहाँले तीन वर्षकी छोरीलाई पनि साथै लिएर घर छोड्नुभयो । उहाँको कार्यक्षेत्र प्राय मोरङ जिल्लामै पर्थ्यो ।

संविधानसभा निर्वाचन हुने घोषणा भएपछि पार्टीले आफूलाई पनि कुनै पद तथा जिम्मेवारी दिन्छ कि र आफू पनि केही बनिन्छ कि भन्ने जुब्बालाई लागेको थियो । तर आफू विषम् परिस्थितिबाट गुज्रिएर आएको सामान्य महिला भएकोले संविधानसभा सदस्य बन्छु भनेर चाहिँ उहाँले कल्पनासम्म पनि गर्नुभएको थिएन । गरिब र पछाडि पारिएको वर्गको महिलाले पनि यस्तो अवसर पाउला भनेर आफूले कहिले पनि नसोचेको जुब्बा बताउनु हुन्छ । त्यसकारण पनि संविधानसभामा आउँदाका सुरूका दिनहरूमा उहाँ निकै प्रोत्साहित हुनुहुन्थ्यो, नयाँ संविधान समयमै बनाएर देशमा ठूलै सामाजिक र आर्थिक परिवर्तन गर्न सकिन्छ भन्ने आशा र उमङ्ग हर्षित हुनुभएको थियो । तर समय बित्दै जाँदा जनताले दिएको संविधान बनाउने जिम्मेवारी समेत पूरा गर्न नसकेकोले अहिले निराश हुनु पर्ने स्थिति आएको उहाँको भनाइ छ ।

संविधानसभामा आफूले दिएको योगदानप्रति जुब्बा खासै सन्तुष्ट हुनसक्नु भएको छैन । आफू संलग्न संविधानसभाको महिला तथा आदिवासी/जनजाति, दलित, मधेसी र पछाडि पारिएका अन्य समुदायका मुद्दाहरूलाई प्रभावकारी रूपमा उठाउन आफैमा पनि केही कमीकमजोरी रहेको उहाँलाई अनुभूति हुन्छ । 'संविधानसभामा मैले खासै एजेण्डा उठाउन सकिँन', सरल जुब्बाको इमान्दारिता बोल्छ, 'मैले उठाउन खोजेका कुरा पहिले नै साथीहरूले उठाउने भएकाले त्यसैमा समर्थन गर्थें ।' तर, संविधानसभामा उहाँले आफ्नो जाति (सन्थाल)लाई सतार भनेर हेप्ने चलनको अन्त्य गर्न माग गर्नुभयो । समितिको प्रतिवेदनमा समेत उहाँको समुदायलाई सतार भनेर लेखिएपछि उहाँले हेपेर सतार लेख्ने चलन सच्याउन आग्रह गर्नुभयो र संविधानसभामा अहिले त्यो समस्या नरहेको जुब्बा बताउनुहुन्छ ।

राजनीतिक, आर्थिक र सामाजिक कारणले पहिलेदेखि नै पछाडि पारिएकाहरूको प्रतिनिधिहरूले संविधानसभाभित्र बोल्ने अवसर पनि कम पाउने जुब्बाको अनुभव छ । त्यसरी नै महिला र पुरूष सदस्यहरू बीच पनि फरक व्यवहार गरिने उहाँको अनुभवले बताउँछ । खासगरी संविधानसभा सदस्य भएर काठमाण्डौंबाट जिल्लामा जाँदा जिल्लाका प्रहरी, प्रशासन र राजनीतिक दलका नेताहरूले समेत पुरूष र महिलालाई फरक व्यवहार गर्ने उहाँको अनुभव छ । त्यसमा पनि कम पढेलेखेका र सोझा सिधा महिला सदस्यहरूलाई त अलि पढेलेखेका र टाठाबाठा महिला सदस्यहरूले समेत फरक व्यवहार गर्ने उहाँ बताउनु हुन्छ । कम बोल्नेहरूलाई जान्ने सुन्नेहरूले बेवास्ता गर्ने पनि उहाँको अनुभव छ ।

संविधानसभा र व्यवस्थापिका संसद्मा झण्डै तीन वर्ष बिताइसक्नु भएकी जुब्बा त्यो ठाउँ आफूजस्ता 'सोझो सिधा मान्छे'का लागि होइन रहेछ भन्ने निचोडमा पुग्नु भएको छ । बाठो, लड्नभिड्न सक्ने र तीतामीठा दुबै

कुरा गर्न जान्नेहरू मात्र त्यहाँ भित्र टिक्न सक्ने उहाँको भनाइ छ । 'सदन नहुँदाको खाली समयमा पनि त्यहाँ गफ गरेर समय बिताउन जान्नु पर्छ, नत्र गाह्रो हुन्छ', उहाँ भन्नुहुन्छ, 'म त पहिलादेखि नै ज्यादै कम बोल्छु त्यसैले कहिलेकाहीँ त मलाई कस्तो ठाउँमा ल्याएछन् भने जस्तो पनि लाग्छ ।'

संविधानसभामा आएपछि बैठकका नियम र प्रक्रिया बुझ्न जुब्बालाई झण्डै ६ महिना लाग्यो । सुरुमा आउँदा संविधानसभामा के हुन्छ र त्यहाँ के के बोल्ने भनेर उहाँ अलमलमा पर्नुभयो । तर बिस्तारै काम गर्दै जाँदा संविधान निर्माण सम्बन्धी कतिपय विधि तथा प्रक्रियाहरू नबुझिने खालको भएको उहाँलाई महसुस भएको छ । संविधानसभाका नियम तथा विधिहरू जटिल शब्द तथा भाषा प्रयोग गरेर लेखिएकाले त्यस्ता शब्द तथा वाक्य बुझ्न उहाँलाई गाह्रो पर्दछ । त्यसैले भन्न खोजेको कुरा छर्लङ्ग हुने खालका शब्द तथा भाषाको प्रयोग भइदिए आफूजस्ता कम पढेलेखेका महिलालाई पनि ती कुरा बुझ्न सजिलो पर्थ्यो भन्ने उहाँको भावना छ ।

संविधानसभा सदस्य भएपछि जुब्बा पार्टीकै अन्य सभासद्हरूसँग मिलेर सामुहिक रूपमा काठमाण्डौं बस्दै आउनु भएको छ । काठमाण्डौं बस्दा मोरङको घर व्यवहार हेर्न समस्या परेकोले उहाँले गाउँको खेतीपाती अरूलाई नै कमाउन दिनुभएको छ । उहाँकी छोरी अहिले सात वर्षकी भएकी छिन् र दुईजना देवरहरू पनि उहाँसँगै बस्छन् । छोरी र एकजना देवरलाई पढाउने र देवरहरूको बिहेवारी गरिदिने पनि जिम्मेवारी उहाँकै काँधमा छ ।

अति सामान्य पृष्ठभूमिबाट आएपनि राजनीतिमा लागेर धेरै कुरा सिक्न र ज्ञान हासिल गर्न पाएको जुब्बाको भनाइ छ । 'गाउँमा हुँदा म केही थाहा नभएको सोझो मान्छे थिएँ, राम्रोसँग बोल्न पनि सक्दिनथें मान्छेको छेउमा आउन पनि डर लाग्थ्यो । अहिले सबैको अगाडि बोल्न सक्ने भएको छु । यो उपलब्धि राजनीतिबाटै पाएको हुँ र अबका बाँकी दिनहरू पनि राजनीतिमै लागेर बिताउँछु ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | जुलीकुमारी महतो (महासेठ) |
| ठेगाना स्थायी | : | जनकपुर नगरपालिका-९, धनुषा, जनकपुर |
| अस्थायी | : | सैंबु गाविस-४, भैंसेपाटी, नख्खु, ललितपुर |
| सम्पर्क ठेगाना | : | ०१–५५९०४८३ (घर), ९८०१०३६१६६ (मो) |
| इमेल | : | juli_zerish@yahoo.com |
| जन्म मिति | : | २०३३/०२/१३ |
| जन्म स्थान | : | सिराहा, करजन्हा |
| आमाको नाम | : | स्व. फूलकुमारी महतो |
| बुबाको नाम | : | रामआशिष साह |
| श्रीमान्को नाम | : | रघुवीर महासेठ |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# बहुदल र निर्दल शब्दबाटै राजनीतिमा प्रेरित भएँ

नेकपा (एमाले) का प्रभावशाली नेता मदन भण्डारीको बहुदल र निर्दल सम्बन्धी भाषण सुनेर जुलीकुमारी महतो निकै नै प्रभावित हुनुभएको थियो । मदन भण्डारीको भाषणको गहिरो छाप परेको जुलीकुमारीले अधिकारका लागि राजनीतिमा लाग्नुपर्दो रहेछ भनेर महसुस गरेर आन्दोलनमा लाग्दालाग्दै उहाँको वामदेव गौतम समेतका पार्टीका शीर्ष नेताहरूसँग पनि सम्बन्ध बढ्यो । बहुदलको आवश्यकता र निर्दलीय व्यवस्थाको ज्यादतीकाबारेमा गाउँघरका मानिसलाई बुझाउँदा बुझाउँदै जुलीकुमारीले पार्टीभित्र आफूलाई स्थापित पनि गराउन सक्नुभयो ।

जुलीकुमारीको बुबा रामआशिष गाउँमा प्रधानपञ्चको उम्मेद्वार रहनु भएको थियो । जुलीकुमारीले चाहिँ २०४६ सालमा एमाले समर्थित विद्यार्थी सङ्गठन अनेरास्ववियुमा सङ्गठित भएर काम गर्नुभयो । २०५२ सालमा उहाँको विवाह नेकपा (एमाले) का नेता रघुवीर महासेठसँग भयो । श्रीमान्को निरन्तरको प्रेरणाले राजनीतिमा सक्रिय हुन जुलीकुमारीलाई थप ऊर्जा मिल्यो । एमालेका नेताहरू वामदेव गौतम, माधवकुमार नेपाल, केपी शर्मा ओलीसँगको निकटता र साथले उहाँलाई राजनीतिक रूपमा अघि बढ्न मद्दत पुऱ्यायो । जुलीकुमारी संविधानसभामा समानुपातिक तर्फबाट सदस्य हुनुहुन्छ भने रघुवीर संविधानसभाको निर्वाचनमा धनुषाबाट विजयी सदस्य हुनुहुन्छ ।

जुलीकुमारी विद्यार्थीकालमा सङ्गठनमा लाग्दा उहाँको वामपन्थी विचारधाराका साथीहरू ज्यादै कम थिए । गाउँमा पत्रिका, टिभी, बत्ती, सञ्चार र अन्य सुविधा पनि थिएन । सञ्चार सुविधा नभए पनि उहाँ बहुदलीय व्यवस्थामा दमन र थिचोमिचो नहुने, सबैले बराबर सुख पाउने र आफ्नो हक तथा अधिकारकाबारेमा आफूलाई लागेको कुरा बोल्न पाउने जस्ता कुराहरू गाउँमा प्रचारप्रसार गर्नुहुन्थ्यो । गाउँमा भाषण गर्दै र आन्दोलनका कार्यक्रमहरू आयोजना गर्दै उहाँ हिँड्नुहुन्थ्यो । तर, तराईजस्तो ठाउँमा महिलाले राजनीतिको काम गर्दा र समाजले

महिलालाई घर बाहिर हिँडेको देख्न नसक्ने अवस्थाले गर्दा उहाँका ती दिनहरू निकै नै चुनौतीपूर्ण थिए । त्यसरी नै त्यहाँ महिलाका अधिकार, शिक्षा र स्वास्थ्यकाबारेमा चेतना फैलाउनु पनि सजिलो कुरा थिएन ।

उहाँ २०६६ सालमा पार्टीको जिल्ला कमिटी सदस्य बन्नुभयो । तर, उहाँले पार्टीलाई दिएको योगदानको सही र पूर्ण मूल्याङ्कन नभएको उहाँको गुनासो छ । उहाँको भनाइ अनुसार पार्टीभित्र महिला सदस्यलाई अझै पनि नगन्ने प्रवृत्ति छ । दुःख गरेकालाई किनारा लगाउने र नेताका नजिक रहेकालाई अगाडि बढाउने प्रवृत्तिले गर्दा पार्टीको लाइन के हो भन्ने स्पष्ट नभएको उहाँको दुःखेसो छ ।

२०६८ साल असार २१ गते जुलीकुमारी राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य बन्नुभएको थियो । अहिले उहाँ नेकपा (एमाले) को तर्फबाट संविधानसभा सदस्य हुनुहुन्छ । उहाँ संविधानसभातर्फ व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद्तर्फ प्राकृतिक स्रोतसाधन समितिको सदस्य हुनुहुन्छ । उहाँले राज्यका हरेक अङ्ग र निकायमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनुपर्ने तथा राज्यका मुख्यमुख्य पदहरूमा पनि महिलालाई नियुक्त गर्नुपर्ने धारणा पनि अघि सार्नु भएको छ । ती मुद्दाहरू संविधानको प्रारम्भिक मस्यौदामा परेकाले कार्यान्वयन हुने उहाँको विश्वास छ । उहाँ भन्नुहुन्छ, 'मधेस र सीमावर्ती क्षेत्रमा गैर–नेपालीलाई नागरिकता बाँडिएको सुनिन्छ तर हाम्रै छोरी बुहारीलाई आमाको नामबाट नागरिकता दिइन्न ।' तराईमा बुहारीले वा छोरीले नागरिकता पायो भने अंश दाबी गर्छे भन्ने सोचले परिवारले उनीहरूलाई नागरिकता नदिने प्रवृत्ति रहेको, तर संविधानसभामा यो विषयमा छलफल हुन नसकेकोमा उहाँले दुःख व्यक्त गर्नुभयो ।

जनसङ्ख्याका आधारमा महिलालाई राज्यका हरेक तह र क्षेत्रमा समावेश गर्नुपर्ने जुलीकुमारीको माग छ । मधेस, तराई, पहाड, हिमाल, सहर कोही पनि नछुटून् भन्ने उहाँको चाहना छ । तर, मधेसी, दलित, जनजाति, मुस्लिम समुदायका महिलाहरूको राजनीतिक सहभागिता कम भएको र समाजका हरेक क्षेत्रमा पनि उनीहरूको प्रतिनिधित्व हुननसकेकोमा उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ ।

पहिलेदेखि काठमाण्डौं बस्ने र आफ्नो गृह जिल्ला धनुषा जाने आउने भइरहेको कारणले सभासद् भएपछि जुलीकुमारीलाई काठमाण्डौंको बसाइ असहज लागेको छैन । निजी खर्चमा लन्डन, अमेरिका, अस्ट्रेलिया, जर्मनी, बेलारूस, सिँगापुर, कतार लगायतका देश पुग्नुभएकी जुलीकुमारीले सभासद् भएपछि भने बाहिरी देशको भ्रमण, तालिम वा गोष्ठीमा सहभागी हुने मौका पाउनु भएको छैन । तर, काठमाण्डौंमा सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूले आयोजना गर्ने विभिन्न कार्यक्रम तथा तालिमहरूमा भने उहाँ पुग्ने गर्नुहुन्छ ।

महिलालाई महिला भएकै कारणले भन्दा पनि उनीहरूको पहुँच नपुगेकोले महिलालाई पाखा लगाउने गरिएको जुलीकुमारकिो भनाइ छ । त्यही पहुँच नपुगेकोले नै महिला दिदीबहिनीहरू एकत्रित र एकजुट हुन नसकेर महिलाका मुद्दा अघि बढाउन पनि समस्या परेको उहाँ बताउनुहुन्छ ।

जुलीकुमारीको विचारमा पुरूष र महिला सभासद्बीच हैसियतमा कुनै फरक छैन । तर, संविधानसभा र व्यवस्थापिका संसद्मा पुरुष सभासद्हरूले महिला सभासद्हरूले उठाएका मुद्दाको प्रकृति हेरेर ती मुद्दाहरूलाई

कहिले गम्भीर रूपमा लिने र कहिले नलिने गरेको उहाँको अनुभव छ । संविधानसभाका बैठकहरूमा छलफलहरू चल्दा उहाँले आफूलाई लागेका कुरा खुल्ला रूपमा राख्न पाउनुभएको उहाँको भनाइ छ । तर, उहाँ भन्नुहुन्छ, 'विशेष मुद्दाहरूमा भने कसले कहिले बोल्ने भन्ने कुरा पार्टीले नै तय गर्ने हुँदा र संविधानसभामा पुरूष सभासद्हरूको संख्या बढी भएकाले स्वतः पुरूष सभासद्ले नै त्यस्ता मुद्दाहरूमा बढी मौका पाउँछन् । उमेरको हिसाबले पनि पुरूष सभासद् प्राथमिकतामा परेका देखिन्छन् ।'

जुलीकुमारी आफ्नो निर्वाचन क्षेत्रका जनतासँग निरन्तर सम्पर्कमा हुनुहुन्छ । उहाँ बेलाबेलामा आफ्नो जिल्लामा जाने, जनतासँग छलफल गर्ने र उनीहरूका माग तथा सुझावहरूलाई संविधानसभामा र सम्बन्धित निकायसम्म ल्याएर राख्ने गर्नु हुन्छ । जिल्लामा जाँदा जनताले बिजुली छैन, खानेपानी छैन, रोजगारी छैन र महङ्गी बढेको छ भनेर आफूसँग दुःख पोख्छन् ।

जुलीकुमारी निरन्तर जनताको बीचमै रहेर काम गर्ने र जनताको सुखदुःखमा साथ रहने चाहना राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'राजनीतिको क्षेत्रमा रहेर जनताको दुःख, पीडामा मल्हमपट्टी लगाउन सक्छु कि भन्ने मलाई आशा छ र मैले पूर्ण मानवअधिकार बहाल भएको समृद्ध नेपालको परिकल्पना गरेकी छु ।'



| व्यक्तिगत विवरण | |
|---|---|
| नाम | : टसी स्हाङमो गुरूङसेनी |
| ठेगाना स्थायी | : मुक्तिनाथ गाविस वडा नं. ८ खिङ्गा, मुस्ताङ्ग, धौलागिरी |
| अस्थायी | : डल्लु वडा नं.१५, काठमाडौं |
| सम्पर्क ठेगाना | : ९८५११००७५४ (मो) |
| जन्म मिति | : २०२२/०३/६ |
| जन्म स्थान | : मुक्तिनाथ गाविस वडा नं. ८ |
| आमाको नाम | : सिन्चोक्वा गुरूङ |
| बुबाको नाम | : भर्ब गुरूङ |
| श्रीमान्को नाम | : सेरा साङपो गुरूङ |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# सहयोगी टसी

दुई दशकदेखि समाजसेवामा संलग्न टसी स्हाङमो गुरूङसेनी हाल मुस्ताङ्ग जिल्लाको आदिवासी/जनजाति समुदाय बाह्रगाउँलेको प्रतिनिधिको रूपमा नेकपा एमालेकातर्फबाट संविधानसभामा प्रतिनिधित्व गर्नुहुन्छ । मुस्ताङमा सानो जनसंख्या भएको आदिवासी/जनजाति बाह्रगाउँलेहरू अझै ओझेलमा परेका छन् । बाह्र गाउँले मुस्ताङ्ग जिल्लाकै पछाडि परेको जाति हो । लगभग ४००० जनसंख्या रहेको बाह्रगाउँले जातिको शिक्षा, स्वास्थ्य र रोजगारीमा अत्यन्त न्यून पहुँच छ ।

टसीको बुबाको परिवार केही हुने खाने भएता पनि विवाहपछि उहाँले आफ्नो घर छोडेर ससुरालीमा बस्नु भएको थियो । ससुराली गरीब भएकाले उहाँले सबै कुरा आफैले जोडनु पर्‍यो । बाह्रगाउँलेको चलन अनुसार ससुरालीमा बसेपछि छोराले आफ्नो आमाबुबाको सम्पत्ति पाउँदैन । टसी आमाबुबाको १० मध्ये कान्छी सन्तान हुनुहुन्छ । टसीका दुई छोरा र दुई छोरी छन् । उहाँको श्रीमान् व्यापारमा संलग्न हुनुहुन्छ ।

टसीको बुबासँग धन सम्पत्ति नभएपनि उहाँ गाउँको टाठो बाठो मानिनु हुन्थ्यो र उहाँमा समाजसेवाको भावना पनि थियो । त्यसैले ससुराली गाउँमा आएपछि मुक्तिनाथ गाविसका बाह्रगाउँले समाजले उहाँलाई मुखियाको रूपमा चुने । मुखिया भएपछि गाउँलेले मानसम्मान गरे तापनि घरको कामकाज छोडेर पैसा नआउने समाजसेवाको काममा दिनरात खट्नुपर्थ्यो । गाउँमा वर्षको एक पटक मुखिया चुनिन्थ्यो । उनी केही पटक गाउँको मुखिया चुनिए । घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले टसी उनका दिदी र दाइहरू बुबा मुखिया पदमा चुनिँदा रून्थे किनभने मुखियाले गाउँ छोडेर जान पाउँदैनथे ।

बाल्यकाल टसीले मुक्तिनाथको सेरोफेरोमा रहेको आफन्तको घरमा बिताउनु पर्‍यो । उहाँले आफन्तको घरमा रहरले भन्दा करले बस्नु परेको थियो । किनभने, उहाँको परिवार ठूलो भएकोले सबैलाई खान पुग्दैनथ्यो त्यसैले आमाले नै उहाँलाई आफन्तको घरमा राखिदिएका थिए । त्यसमाथि टसी चारपाँच वर्षको छँदा उहाँको

बुबाको मृत्यु भयो यसले पनि परिवारमा ठूलो आर्थिक सङ्कट आइपऱ्यो । बाल्यकाल अर्काको घरमा काम गरेर बिताउनुपर्दा उहाँले स्कुल जान पाउनुभएन । त्यतिबेला गाउँमा नजिक स्कूल पनि थिएन र छोरी मात्र होइन छोराहरू पनि स्कुल जाँदैनथे । टसीलाई पढ्ने लेख्ने असाध्यै रहर थियो । त्यसैले २०-२१ वर्षको उमेरमा भएपनि उहाँले घरमै बसी अक्षर चिन्ने र पढ्ने गर्न थाल्नु भयो ।

१६ वर्षको उमेरदेखि टसीले आफ्ना दाजुहरूसँग भारतमा गई स्वीटर व्यापार गर्न थाल्नुभयो । उहाँले पञ्जाबको लुधियानामा स्वीटर किनी आसामको गोहाटीमा ल्याएर बिक्री गर्नु हुन्थ्यो । व्यापारकै सिलसिलामा उहाँको भेट मुस्ताङकै सेरा साङ्पो गुरूङसँग भयो र १९ वर्षको उमेरमा उहाँले सेरा साङ्पोसँग प्रेम विवाह गर्नु भयो । टसी र उहाँको श्रीमान्ले विवाहपछि अर्को दुईतीन वर्ष सँगसँगै भारतमा स्विटरको व्यापार गरे । त्यसपछि उहाँले मुस्ताङ्ग जिल्लाको सदरमुकाम जोमसोममा बसी गाउँलेहरूलाई सरकारी कामकाज जस्तो नागरिकता र राहदानी बनाउन, जिल्ला प्रशासनमा गई लोपा र बाह्रगाउँलेहरूको मुद्दामामिला सहयोग गर्न थाल्नुभयो । मुस्ताङ्गका अधिकांश बाह्रगाउँले र लोपाहरूले अझै पनि नेपाली भाषा राम्ररी बोल्न जान्दैनन् । त्यसैले टसीले सरकारी कार्यालयहरूमा उनीहरूलाई कर्मचारीसँग कुराकानी गर्न अप्ठेरो परेकोबेलामा दोभाषेको काम गरेर सहयोग गर्ने काम पनि गर्नु भयो । उहाँ भन्नु हुन्छ, 'मलाई सानैदेखि अरूलाई सहयोग गर्न मन लाग्थ्यो त्यसैले मलाई गाउँलेको काममा सहयोग गर्न रमाइलो लाग्न थाल्यो । मलाई पनि मेरो बुबाको गुण सरेको होला ।'

गाउँलेलाई सघाउने काममा लाग्दा लाग्दै २०५५ सालमा उहाँ जोम्सोम महिला समूहको अध्यक्ष हुनु भयो । अध्यक्ष हुँदा उहाँले कास्कीको घान्द्रुक र चितवनको विभिन्न आमा समूह र संस्थाहरूसँग भेटघाट गर्ने र गोष्ठीहरूमा भाग लिने मौका पाउनु भयो । त्यसपछि उहाँले २०५८ सालमा स्थानीय विकास ट्रष्ट कोषको अध्यक्ष भएर काम गर्ने मौका पाउनु भयो । गाउँमा उहाँले वृक्षारोपण गर्ने मैका पाउनु भयो, माछापालन र सरसफाइ अभियान चलाउनुका साथै लुम्बिनी, पाल्पा, चितवन, लगायतका विभिन्न ठाउँमा भ्रमण र भ्रमणबाट फर्किएपछि गाउँमा अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्नुभयो ।

२०५८ सालमा बाह्रगाउँले जातिको जातीय संस्था दर्ता गर्न पनि उहाँ सक्रिय रूपले लाग्नु भयो र उहाँ सो संस्थाको केन्द्रीय सदस्य हुनुभयो । उहाँ आफ्नो जातीय संस्थामा अहिले पनि केन्द्रीय कोषाध्यक्षको रूपमा क्रियाशील हुनुहुन्छ । उहाँ २०६४ सालमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषद्को सदस्य हुनुभयो । २०६६ सालको नेपाल जनजाति महासङ्घको चुनावमा उपाध्यक्ष पदमा विजयी हुनु भएपछि हाल उहाँलाई केन्द्र र जिल्लामा सम्पर्क बढाउन र विकास निर्माणका केही योजनाहरू गाउँमा लैजान पनि मद्दत मिल्यो । उहाँले मुस्ताङ्गको मुक्तिनाथ गाविसमा वृद्धाश्रम बनाउँदै हुनुहुन्छ ।

टसीको परिवारमा सामाजिक कार्यबाट राजनीतिमा लाग्ने हालसम्म उहाँ एक्लो हुनुहुन्छ । २०४५ सालदेखि राजनीतिमा चासो राख्दै आउनु भएकी टसी २०४८ सालको संसदीय चुनावदेखि नै एमालेमा सक्रिय हुनुहुन्छ । २०६४ सालमा टसीको सक्रियतामा मुस्ताङका झण्डै १०० भन्दा बढी बाह्रगाउँलेहरूले एमाले पार्टी कार्यालयबाट माधवकुमार नेपालको हातबाट पार्टीको सदस्यता लिए । त्यसपश्चात् पार्टी केन्द्रले विश्वास गरी उहाँलाई थप जिम्मेवारीहरू दियो । कामको सिलसिलामा काठमाण्डौं जानेआउने मौका पनि पाउनुभयो र काठमाण्डौंमा सम्पर्क बढ्यो । टसी भन्नुहुन्छ, 'यस्तो हेपिएको र पिछडिएको समाज र समुदायबाट आएको एकजना सक्रिय महिलाले

समाज र पार्टीलाई केही दिन सक्छ भनी मलाई पार्टीले संविधानसभाको चुनावमा चुन्यो । जिल्ला र केन्द्रका नेताहरूले मेरो कामको मूल्याकन गऱ्यो ।'

राजनीतिमा लागेर टसीलाई आफूले ठीक गरेजस्तो लाग्छ । उहाँ भन्नुहुन्छ, 'म समाजसेवाबाट राजनीतिमा आएको मान्छे हुँ । म पहिले जिल्लामा मात्र हुन्थेँ । तर राजनीतिमा लागेपछि गाउँका जनताका कामहरू केन्द्रमा ल्याउन र छलफलमा राख्न मलाई सजिलो भएको छ । मुस्ताङ्गमा टसीको क्षेत्रमा बढी काङ्ग्रेसहरू थिए । उहाँको क्षेत्रबाट एमालेबाट प्रत्यक्षतर्फ चन्द्रबहादुर गुरूङ चुनावमा उठेका थिए । उहाँले चन्द्रबहादुर गुरूङलाई जिताउन पनि निकै सहयोग गर्नु भयो । उहाँले बाह्रगाउँले समाजको बैठक बोलाएर चन्द्रबहादुर जित्नु उहाँ आफै जित्नु हो त्यसैले उहाँलाई भोट दिनु भनेर चुनावी अभियान चलाउनु भयो । उहाँ भन्नुहुन्छ, 'गाउँलेहरू एमाले पार्टीले जित्दैन कि भनेर डराएका थिए । तर अगाडि बढौं हामी जित्छौं र हाम्रो पार्टीले जित्नु भनेको मैले नै जित्नु हो भनेर गाउँलेलाई भनेँ । त्यसैले, यदि मलाई नजिताए म गाउँमा फर्केर आउदिन भनेर चन्द्र बहादुर गुरूङका लागि भोट माग्दा मैले मेरै लागि भनेर मागेर हिडे ।'

बाह्रगाउँले समाजको परम्परागत संस्थाका बैठकहरूमा अझै पनि महिलालाई सहभागी गराईदैन । त्यहाँ पुरुष मात्र जान पाउँछन् र यदि पुरुष सदस्यले कारणवस सहभागी हुन नसकेकमा एकपटकको १०० रूपैयाँ जरिवाना तिर्नुपर्ने नियम छ । मुक्तिनाथ आसपासका गाउँहरूमा अझै पनि सामाजिक, आर्थिक तथा शैक्षिक सङ्घसंस्थाहरूमा महिलाहरूलाई सहभागी गराउनु हुन्न भन्ने जस्ता पुरातन र पुरुषवादी सोच छ । साथै बाह्रगाउँले समाजमा अझै पनि केटी चोर्ने प्रथा कायमै छ, जसमा केटीको इच्छा विपरित विवाह गरिन्छ । तर टसीलाई यस्ता परम्परा र विचारहरू गलत लाग्छ । त्यसैले यस्ता सोचहरूमा परिवर्तन ल्याउनका लागि उहाँले निरन्तर आवाज उठाउँदै आउनु भएको छ ।

सभासद् भएर काठमाण्डौमा लामो समयका लागि आएपछि सुरू सुरूमा सभा, सम्मेलन, भेला बैठक आदि कार्यक्रमहरूमा सहभागी हुन जानुपर्दा पर्दा ठाउँ थाहा नपाएर समस्या परेको र ट्याक्सीले धेरै पैसा लिएको कुरा टसीको अनुभव छ । त्यसरी नै पत्रकारसँग भेटघाट हुँदा उनीहरूको भाषा बुझ्न र उनीहरूसँग कुरा गर्न पनि उहाँलाई गाह्रो परेको थियो । त्यसैले आफू संलग्न क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति तथा संसदीय सुनुवाइ विशेष समितिमा उहाँले विशेष गरी महिला सभासद्हरूका लागि क्षमता विकासका कार्यक्रमहरू हुनुपर्ने कुरा उठाउनु भयो ।

महिला सभासद्ले सिहंदरबारको गेटबाटै भेदभाव भोग्नु पर्ने टसीको अनुभव छ । जस्तो, सिंहदरवार भित्र पस्दा पुरूष सभासद्लाई त्यहाँ सुरक्षामा खटिएका कर्मचारी प्रहरीले सलाम गर्छन् भने महिला सभासद्ले भित्र पस्न पनि आफ्नो परिचय पत्र देखाउनु पर्छ । त्यसमाथि हिमाली भेगबाट प्रतिनिधित्व गर्ने र नेपाली भाषा राम्ररी नबोल्ने टसी जस्ता सभासद्को त पहिरन हेर्दै बक्खु लगाउने पनि सभासद् हुन्छ र? भनी सोध्ने र गेटमा रोक्ने गर्छन् । सभासद्को लोगो देखेर पनि वास्तै गर्दैनन् । यस्तो समस्या सिंहदरवारको पूर्व गेटमा बढी हुने टसी बताउनु हुन्छ । त्यसरी नै विभिन्न कार्यालयहरूमा पनि महिला सभासद्हरूलाई नमस्कार गरिँदैन भने पुरूष सभासद्हरूलाई नमस्कार गरी सर भनी बोलाउने गरिन्छ । महिला सभासद्लाई चाहिँ बहिनी वा दिदी भनेर बोलाउने गरिन्छ । त्यति मात्र होइन, प्रहरीले समेत महिला सभासद्ले भनेको कुरा नसुनेको जस्तो गर्ने र पुरूष सभासद्ले भनेको कुरा चाहिँ मानी हाल्ने गरेको पनि उहाँको अनुभव छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : डोल्मा तामाङ |
| ठेगाना स्थायी | : डाँडाथोक, वडा नं. २, सिन्धुपाल्चोक, |
| अस्थायी | : चाबहिल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१५११३२३, ९७५१०१९४०४ (मो) |
| इमेल | : dtamang63@yahoo.com |
| जन्म मिति | : २०२९/०८/१५ |
| जन्म स्थान | : डाँडाथोक, वडा नं. २, सिन्धुपाल्चोक |
| आमाको नाम | : धनसाङ तामाङ |
| बुबाको नाम | : नेमा तामाङ |
| श्रीमान्को नाम | : स्व. कार्पु तामाङ |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# चेलीबेटी बेचबिखन विरूद्ध अभियानबाट संविधानसभासम्म

मीठो खाने, राम्रो लाउने र नयाँ ठाउँमा घुम्ने रहरले दलालको फन्दामा परेर सिन्धुपाल्चोक जिल्लाका सयौँ चेलीहरू भारतको वेश्यालयहरूमा बेचिएका छन् । यसरी बेचिनेहरूमध्ये तामाङ समुदायका चेलीहरू बढी छन् । डोल्माकै आफन्त चेलीहरू पनि भारतमा बेचिएका थिए र तीमध्ये कोही गाउँ फर्किए र कोही फर्किएर पनि मरिसके । यी सबै देखेर डोल्मा चेलीबेटी बेचबिखन विरूद्ध अभियानमा लाग्नुभयो । जसले गर्दा उहाँले ९ वर्ष गाउँबाट विस्थापित हुनुपर्‍यो ।

२०२९ सालमा सिन्धुपाल्चोकको इचोक-२ मा जन्मनु भएकी डोल्माको १८ वर्षकै उमेरमा गाउँकै कार्पु तामाङसँग विवाह भएको थियो । चाँडै विवाह भएकोले उहाँले एसएलसी सम्म मात्र पढ्ने मौका पाउनु भयो । २०४६ सालपछि गाउँमा एमालेका कार्यकर्ताहरूले डटेर चेलीबेटी बेचबिखन विरूद्ध अभियान चलाएपछि उहाँ पनि सो अभियानमा संलग्न हुनुभयो । उहाँ भन्नुहुन्छ, 'बेचबिखनमा परेर गाउँ फर्केका चेलीबेटीबाट समेत दलालले ५० प्रतिशत पैसा माग्ने र दिएन भने मानसिक र शारीरिक यातना दिने गर्थे । तर, गाउँमा एमालेका कार्यकर्ताहरूले चेलीबेटी बेचबिखन गर्नु हुन्न भनेर सम्झाउन आएपछि मलाई उनीहरूको कुरो निकै चित्त बुझ्यो र म चेलीबेटी बेचबिखन विरूद्ध अभियान र एमाले दुबैमा लागें ।'

डोल्माको श्रीमान् र उनका परिवार तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का समर्थक थिए । उहाँको परिवार मात्र होइन सिँगै गाउँलेले नै राप्रपालाई समर्थन गर्थ्यो । त्यसैले डोल्माले एमालेमा प्रवेश गरेपछि एमाले छोड्न र राप्रपामा लाग्न श्रीमान् र उनका परिवारले उहाँलाई निकै नै दबाब दिए । तर डोल्माले एमाले छोड्न मान्नु भएन । २०५४ सालको स्थानीय चुनावमा उहाँको गाउँमा एमालेलाई एउटा मात्र भोट खस्यो र त्यो भोट डोल्माको थियो । यसरी डोल्मा एक्लैले एमालेलाई भोट दिएको थाहा पाएपछि परिवार लगायत अरू गाउँलेले समेत उहाँलाई गाउँमा टिक्न दिएनन् । श्रीमान्ले उहाँलाई घरबाट निकाली दिए । उहाँ भन्नुहुन्छ, 'उ बेला राप्रपाका

नेताहरू भनेर चिनिनेहरू नै चेलीबेटी बेचबिखनमा लागेका थिए । मैले एमाले प्रवेश गर्दा सबैले मलाई घृणा गरे । एमाले कम्युनिष्ट हो र कम्युनिष्टहरूले ५०/६० वर्ष उमेर पुगेका सबै मान्छेलाई मार्छ भनेर पनि मलाई डर त्रास देखाए । तर मैले एमाले नछोड्ने अडान लिएपछि मेरो श्रीमान्ले मलाई गाउँ निकाला गरे र म ९ वर्ष गाउँबाट विस्थापित भएँ र मैले जीवनमा धेरै दुःख पीडा र अपमान भोगेँ ।'

डोल्मालाई गाउँ निकाला गरेपछि श्रीमान्ले अर्की श्रीमती बिहे गरे । घरबाट निक्लँदा डोल्माले ५ वर्षका छोरा र ५ महिनाकी छोरी पनि साथै लिएर जानु भएको थियो । माइती र पार्टीका साथीहरूको सहयोगमा छोराछोरी हुर्काउँदै उहाँले सिन्धुपाल्चोककै चनौटे भन्ने ठाउँको स्वास्थ्य केन्द्रमा दुई वर्ष काम गर्नुभयो । त्यसपछि स्थानीय गैरसरकारी संस्था महिला आत्मनिर्भरता केन्द्र, अष्ट्रेलिया सामुदायिक श्रोत व्यवस्थापन तथा जिविकोपार्जन परियोजना नेपाल, र एक्सन एड नेपालमा काम गर्दा गर्दै उहाँले संविधानसभा सदस्य बन्ने अवसर पाउनुभयो । उहाँ भन्नुहुन्छ, 'मेरा श्रीमान्लाई पछि पक्षघात भयो र मैले उपचार गर्न पनि मद्दत गरेँ तर, उहाँ बित्नुभयो । ९ वर्षको सङ्घर्षको दौरानमा मैले धेरै कुरा सिकेँ । खासगरी के को लागि सङ्घर्ष गर्ने र कसरी गर्ने भन्ने कुरा सिकेँ । अहिले मेरो छोरी मेलम्चीमै कक्षा ८ मा र छोरा काठमाण्डौंमा कक्षा १२ मा पढ्दैछन् ।'

संविधानसभा सदस्य हुनु अघि डोल्मा राजनीतिक तथा सामाजिक दुबै क्षेत्रमा संलग्न हुनुहुन्थ्यो । जिल्लामा छँदा उहाँले अखिल नेपाल महिला सङ्घको जिल्ला संयोजक र नेकपा (एमाले)को जिल्ला उप सचिव भएर काम गर्नुभयो । हाल उहाँ अखिल नेपाल महिला सङ्घको केन्द्रीय सदस्य हुनुहुन्छ ।

सिन्धुपाल्चोक जिल्लाबाट संविधानसभामा प्रतिनिधित्व गर्ने ७ जना संविधानसभा सदस्यहरूमध्ये डोल्मा एक्लो महिला हुनुहुन्छ । एकदिन संविधानसभा सदस्य हुन्छु भनेर नसोचे पनि चेलीबेटी बेचबिखन विरूद्धको अभियानमा लाग्दा डोल्मालाई आफू कानुन बनाउने ठाउँमा पुग्न पाएको भए पीडितलाई न्याय दिलाउन सक्थें भन्ने चाहिँ लागिरहन्थ्यो । नभन्दै एमालेले उहाँलाई संविधानसभा निर्वाचनमा समानुपातिक तर्फबाट संविधानसभा सदस्य बनायो । उहाँ संविधानसभा अन्तर्गत जनमत सङ्कलन समिति र व्यवस्थापिका संसद् अन्तर्गत विधायन समितिका सदस्य हुनुहुन्छ । तर, ती समितिहरूमा चेलीबेटी बेचबिखन र महिला हिंसाका कुराहरू उठ्दैनन् र अहिले डोल्माले चाहेर पनि यो मुद्दामा खासै केही गर्न पाउनु भएको छैन । उहाँ भन्नुहुन्छ, 'मैले चेलीबेटी बेचबिखन विरूद्ध लामो समय काम गरेँ । संविधानसभा सदस्य भएपछि पनि यो विषयमा धेरै काम गरौँला भन्ने लागेको थियो । तर म चेलीबेटी बेचबिखन सम्बन्धी कुरा गर्नुपर्ने समितिमा म परिँन । उहाँ थप्नुहुन्छ, 'तर, संविधान निर्माणका लागि जनमत सङ्कलन गर्न जाँदा विदेशबाट फर्केका र बेचबिखनमा परेका महिलाहरूलाई छुट्टै कोठामा राखेर हामीले उनीहरूसँग विशेष रूपले छलफल गऱ्यौं । हामीले उमेर नपुगेका केटीहरूले नागरिकता बनाउन हुन्न र के प्रयोजनको लागि विदेश जान लागेको हो राम्ररी थाहा पाउनुपर्छ भनेर पनि उनीहरूलाई सम्झायौँ ।' डोल्माले व्यवस्थापिका संसद् चल्दा बेचबिखन र हिंसाबाट प्रभावित महिलाका लागि छोटो समयका लागि भएपनि सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने र पुनर्स्थापना केन्द्र बनाउनुपर्ने कुरा उठाउनुभएको छ । गैरसरकारी संस्थाहरूले भन्दा सरकारले नै पुनर्स्थापना केन्द्र निर्माण गर्नुपर्ने कुरामा पनि उहाँले जोड दिनुभएको छ ।

नेपाल विविध भाषा, संस्कृति र धर्म भएको देश हुनाले महिलाको मुद्दा उठाउँदा नेपाली महिला भनेर मात्र नपुग्ने डोल्माको विचार छ । उहाँ भन्नुहुन्छ, 'नेपाली महिलाको मुद्दा उठाउँदा आदिवासी/जनजाति, दलित,

मधेसी, मुस्लिम आदि पछाडि पारिएका समुदायका महिलाका पनि कुरा उठाउनुपर्छ । किनभने यी समुदायका महिलाहरूका अझै पनि शिक्षा, रोजगारी र अवसरमा पहुँच छैन ।' उहाँ थप्नुहुन्छ, 'पहिले नेपाली महिलाको मुद्दा भन्ने बित्तिकै पुग्थ्यो तर अहिले महिलाभित्रका विविध समुदाय र वर्गका महिलाका छुट्टा छुट्टै मुद्दाहरू पनि उठाउनुपर्छ भन्ने आवाज चारैतिरबाट उठेको छ । नेपाली महिला आन्दोलनभित्रै पनि महिलाको समानुपातिक समावेशी सहभागिता हुनुपर्छ । यसो भएन भने पहिलादेखि जो महिला अगाडि छन् उनीहरूले मात्र अवसर पाइरहन्छन् । त्यसैले अहिले हामी पछाडि पारिएका महिलाहरूले पुरूषसँग मात्र होइन महिलासँग पनि लड्नु पर्ने अवस्था छ ।'

डोल्माका अनुसार अहिले संविधानसभामा महिला आदिवासी/जनजाति, दलित र मधेसी आदिका मुद्दाहरूले पनि केही प्राथमिकता पाएका छन् । तर डोल्माले पछाडि पारिएका समुदायको कुरा उठाउँदा संविधानसभामा तीतो अनुभवहरू पनि गर्नुभएको छ । उहाँ सुनाउनुहुन्छ, 'एउटा राजनीतिक दलको सचेतकले मलाई अनौपचारिक रूपमा तिमीहरू खुब महिला र जनजाति भनेर उफ्रन्थ्यौ नि तर, अब त संविधानसभा नै विघटन हुने भो, खायौ नि अब । तिमीहरूको हेरौंला नि अब भनेका थिए । यसले संविधानसभाभित्र महिला र पछाडि पारिएका समुदायलाई अधिकार दिन नचाहनेहरूको पनि एउटा जमात रहेको कुरालाई पुष्टि गर्दछ ।'

संविधानसभामा महिलाको अधिकार माग्दा पुरूषले दिने जस्तो र महिला भित्रको विविधताका कुरा गर्दा अग्र पंक्तिमा रहेका उच्च जाति र वर्गका महिलाले पछाडि पारिएका महिलालाई दिने जस्तो डोल्माले अनुभव गर्नुभएको छ । साथै भर्खरै पहिलो पटक संविधानसभा सदस्य भएका महिलाहरूले आफ्नो जिल्ला र क्षेत्रका विकासका लागि मन्त्रालयहरूमा बजेट माग्न जाँदा धेरैजसो बजेट नै छैन भन्ने जवाफ पाउने र पहिले मन्त्री तथा सांसद् भइसकेकाहरूले थोरै मात्र भएपनि बजेट प्राप्त गर्न सक्ने हैसियत राख्ने पनि डोल्माको भनाइ छ । व्यवस्थापिका संसद्मा सूचनाको प्रवाह कम छ र विकास निर्माणका सम्बन्धमा कुन ठाँउमा कति र कसरी बजेट विनियोजन हुन्छ भन्ने पनि थाहा पाउन गाह्रो परेको डोल्मा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'विकास निर्माणको योजना तर्जुमा गर्दा महिला छुट्ने गरेका छन् । महिलालाई केन्द्रबाट जिल्लामा विकास निमार्णका लागि बजेट लान धेरै गाह्रो छ । कुन मन्त्रालयमा कति रकम छ भन्ने कुरा पुरूषलाई बढी थाहा हुन्छ । जस्तो मैले सिन्धुपाल्चोकका लागि बजेट बुझ्न जाँदा एक ठाउँबाट अर्को ठाउँ गर्दा गर्दै बल्ल बल्ल ठाउँमा पुगेँ । तर त्यहाँ पुग्दा त बजेटै सकिसकेको रहेछ । तर यसपाली कमसेकम केही कुरा त थाहा भयो अर्को पटकका लागि राम्ररी तयार हुन सक्छु भन्ने मलाई लागेको छ ।'

डोल्मालाई सुरू सुरूमा संविधानसभाको विधि र प्रक्रिया बुझ्न निकै गाह्रो परेको थियो । अहिले सिक्दै र बुझ्दै जाँदा उहाँले धेरै नयाँ कुराहरू थाहा पाउनु भएको छ । डोल्मा आफ्नो गृह जिल्ला सिन्धुपाल्चोकसँगको आफ्नो अर्न्तक्रिया राम्रो रहेको बताउनुहुन्छ । जिल्ला र जिल्लाका सहकर्मीहरूसँग पनि उहाँ निरन्तर सम्पर्कमा हुनुहुन्छ । आफ्नो गाउँ इचोकमा पनि उहाँ पुगिरहनुहुन्छ । पार्टीको जिल्ला स्तरको हरेक निकायको बैठक उहाँ सकेसम्म छुटाउनुहुन्न । जिल्लामा महिला अधिकारका लागि काम गर्ने सङ्घसंस्थाका सहकर्मीहरूले पनि नयाँ संविधानमा महिलाका मुद्दा सम्बोधन हुन्छ कि हुन्न भनेर उहाँसँग बेलाबेलामा बुझ्ने गरिहन्छन् । डोल्मा जिल्लाका सरकारी कार्यालयहरू र महिला विकास कार्यालयसँग सम्पर्क र समन्वय गरेर जिल्लाको विकासमा सक्दो जुटिरहनु हुन्छ ।



## व्यक्तिगत विवरण

नाम : ताराकुमारी घर्ती मगर
ठेगानाः स्थायी : राङ्सी-९ (भनभने), रोल्पा, राप्ती
अस्थायी : शान्तिनगर-३४, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४१०८१८२ (नि) ९७५१०१२९६६ (मो)
जन्म मिति : २०३२/५/२५
जन्म स्थान : राङ्सी, रोल्पा
आमाको नाम : शर्मा घर्ती मगर
बुबाको नाम : ढोली घर्ती मगर
श्रीमान्को नाम : कुलप्रसाद केसी (सोनाम)
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# मेरो उत्सर्ग र सङ्घर्षलाई त्यत्तिकै ध्वस्त हुन दिन्न

ताराकुमारी घर्ती मगर आफ्नो बाल्यावस्थाका दिनहरूमा घरमा आइरहने पाहुनाहरू र आफ्नी दिदीलाई सम्झनुहुन्छ । घरमा आएका पाहुनासँग कुराकानी गरेको निहुँमा एकदिन बुबाले दिदीलाई तातो चिम्टाले पिट्नु भएको ताराकुमारीलाई अझै पनि सम्झना छ । उहाँ भन्नुहुन्छ, 'मेरी दिदी छोरी माथि लगाइने घरका नियमहरू तोड्न चाहनुहुन्थ्यो, त्यसैले उहाँले सजाय पाउनुभयो ।' बुबाको त्यो पिटाइबाट ताराकुमारीको दिदीलाई ठूलो आघात पर्‍यो भने उहाँको मनमा पनि विद्रोहको भावना पलायो ।

माथिको घटना बाहेक समाजमा सम्पत्तिको वितरणमा हुने विभेदले पनि ताराकुमारीमा परिवर्तन ल्याउन प्रेरित गरेको थियो। उहाँ भन्नुहुन्छ, 'गाउँका धेरै जसो मानिस श्रमिक थिए, ती दुःखी गरीब थिए। तर थोरै धनी मानिस जस्तै गाउँका प्रधानपञ्च, मुखिया र अन्य व्यापारीका लागि सबै कुरा सजिलो थियो,' गाउँघरमा व्याप्त यस्ता अन्यायका विरूद्धमा सङ्घर्ष गर्ने उपयुक्त अवसरको खोजीमा रहेकै अवस्थामा दाजुले उहाँलाई राजनीतिक प्रशिक्षण दिनुभयो । 'दाजुले प्रशिक्षण नदिनुभएको भए राजनीतिको मार्गमा म कहिल्यै हिंड्ने थिइनँ होला,' उहाँको भनाइ छ । बीस वर्षसम्म शिक्षण पेशा अपनाउनु भएका उहाँका दाजु जयबहादुर घर्ती (तुफान)ले नेकपा (माओवादी)मा प्रवेश गर्नुभएको थियो । २०५८ सालमा जयबहादुरलाई सेनाले पक्राउ गरेर नौ महिना बेपत्ता पारेको थियो ।

दाजुको प्रेरणाबाट ताराकुमारीले पनि २०४९ सालमा नेकपा (माओवादी) पार्टीमा प्रवेश गर्नुभयो । उहाँले पार्टीको भेरी-कर्णाली उपसमितिको सदस्य र बाग्मती रिङ ब्युरोको सदस्य समेतका धेरैवटा पदीय जिम्मेवारी सम्हाल्नु भयो । उहाँले अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) मा गाउँ, इलाका र जिल्लाको संयोजकको भूमिका निर्वाह गर्नुभयो । २०५२ साल फागुन १ गते 'जनयुद्ध'को आरम्भसँगै श्रीमान् कुलप्रसाद केसी (सोनाम)का साथ उहाँ पनि भूमिगत हुनुभएको थियो । भूमिगत हुनुअघि नै उहाँहरूको विवाह भएको थियो । अहिले उहाँ एनेकपा

(माओवादी) को राज्य समिति सदस्य, अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को केन्द्रीय सचिवालय सदस्य र नेवाः राज्यको संयोजक हुनुहुन्छ ।

अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को इलाका संयोजक रहँदा ताराकुमारीले महिला चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुभएको थियो । उहाँले महिलाका लागि सीपमूलक तालिम र प्रौढ शिक्षा कार्यक्रमसमेत सङ्घकै पहलमा सञ्चालन गर्नुभएको थियो । तीजजस्ता चाडपर्वमा प्रगतिशील गीत र नृत्यको प्रयोग गरी महिलामा राजनीतिक चेतना फैलाउन सङ्घले सक्रियतापूर्वक काम गरेको थियो ।

राजनीतिक यात्राका क्रममा ताराकुमारीले धेरै किसिमका समस्या र अवरोधसँग जुध्नु पर्‍यो, तर आफूले रोजेको बाटोमा हिँड्नबाट उहाँलाई कसैले र केहीले पनि रोक्न सकेन । उहाँको भनाइ छ, 'जीवन आफैंमा सङ्घर्षमय छ । एउटा निश्चित राजनीतिक विचार स्वीकार गरिसकेपछि प्रत्येक व्यक्तिले यो वा त्यो ढङ्गबाट सङ्घर्षमा होमिनै पर्दछ ।' २०५१ सालको आमनिर्वाचनमा नेपाली काङ्ग्रेस र नेकपा (माओवादी)का कार्यकर्ताबीच भएको झडपमा संलग्न रहेको आरोपमा उहाँले मुद्दा खेप्नु पर्‍यो । नेकपा (माओवादी) पार्टीमा संलग्न रहेको आरोपमा उहाँमाथि व्यभिचारिणीका आरोप समेत लगाइयो र भूमिगत हुँदा समेत धम्की र अनिश्चितताको जीवन जिउनु पर्‍यो । राज्यद्रोहको आरोपमा श्रीमान् सहित २०६१ देखि २०६३ सालसम्म भारतको पटनामा थुनामा रहँदा उहाँले ठूलो मनोवैज्ञानिक हिंसा सहनु परेको थियो । 'मेरै सामुन्ने श्रीमान्माथि निर्घात कुटपिट गरिन्थ्यो र उनीहरूको माग पूरा नगर्ने हो भने उहाँलाई मार्नेसम्मको धम्की दिइन्थ्यो,' उहाँ भन्नुहुन्छ । भूमिगत छँदा रोल्पा जिल्लाका युवा कमरेड चोपबहादुर डाँगी र अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) का उपाध्यक्ष लली रोकाको सुरक्षाफौजद्वारा गरिएको हत्याले पनि उहाँलाई असाध्यै मर्माहत बनाएको थियो ।

भूमिगत रहेकै अवस्थामा २०५६ सालमा ताराकुमारीले दाङमा छोरी जन्माउनुभयो । त्यसपछिका दिनहरूमा उहाँ एक हातमा छोरी र अर्को हातमा झोला बोकेरै कालिकोटसम्म हिँडेर पुग्नुभएको थियो । त्यसबखतको समय सम्झदै उहाँ भन्नुहुन्छ, 'छोरीलाई खुवाउने खानेकुरा थिएन । म कमजोर थिएँ । अरूले खाएको देखेर मेरी छोरी रून्थी । छोरी रोएको देखेर मेरो मुटु छियाछिया हुन्थ्यो ।' त्यसपछि ठूलो प्रयास र गह्रुँगो मन बनाएर छोरीलाई उहाँले दिदी बाग्मती घर्ती र बहिनीको जिम्मामा छाडिदिनुभयो । 'आमाका लागि आफ्ना छोराछोरी छोड्नु जस्तो कठिन निर्णय केही हुन सक्दैन । यो मेरो विवशता थियो । यो मेरो जीवनको बिर्सनै नसकिने स्मृति हो, तर यस्ता घटनाले मलाई आफ्नो लक्ष्यमा अघि बढ्न निरन्तर प्रेरित गरिरहे । त्यो उत्सर्ग र सङ्घर्षलाई म त्यतिकै ध्वस्त पार्न चाहन्न । म जनताको पक्षमा संविधान दिन प्रतिबद्ध छुँ ।'

सामाजिक र राजनीतिक रूपान्तरणमा विश्वास राख्ने ताराकुमारीले आफूले चाहेका धेरैवटा विषयहरू उठाउका लागि संविधानसभालाई एउटा ठूलो अवसरको रूपमा लिनुभएको छ । संविधानसभा अर्न्तगतको सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा रहेर उहाँले १ प्रतिशत भन्दा बढी जनसङ्ख्याले बोल्ने नेपालका सबै भाषाभाषीलाई पनि आधिकारिक भाषाको मान्यता दिनुपर्ने र मुलुकभित्र बोलिने करिब १०७ वटा भाषालाई राष्ट्रिय भाषाको रूपमा मान्यता दिइनुपर्ने धारणा ब्यक्त गर्नुभएको छ ।

वर्ग, लिङ्ग, धर्म र जातीयताका आधारमा हुने सबै प्रकारका भेदभाव तथा हिंसा अन्त गर्ने कानुन निर्माण हुनुपर्नेमा ताराकुमारीले बलियो आवाज उठाउँदै आउनुभएको छ । राज्यको पुनर्संरचना अवसरविहीन महिला, आदिवासी/जनजाति, दलत, मधेसी लगायतका समुदायहरूलाई अधिकार प्रत्यायोजन गर्ने किसिमको हुनुपर्दछ भन्ने उहाँको धारणा छ । पछाडि पारिएका र सीमान्तकृत समूह समेतका स्थानीय जनताको वन, खोलानाला तथा अन्य प्राकृतिक स्रोतसाधनमाथि विशेष अधिकार हुनुपर्ने पनि उहाँको धारणा छ । साथै तेस्रोलिङ्गी समेतका सीमान्तकृत र अल्पसङ्ख्यकका धेरै सवालहरू अझै पनि ओझेलमा परेकाले ती पनि सम्बोधन हुनुपर्ने उहाँको विचार छ ।

ताराकुमारीले रोल्पा बाहेक दाङ, भेरी कर्णाली, बाग्मती नारायणी समेतका धेरै स्थानमा रहेर पार्टीका लागि काम गर्नुभयो । 'जनयुद्ध'का क्रममा रोल्पाका विकास निर्माणका पूर्वाधार र जीवनयापनका धेरै अवसरहरूमा ठूलो क्षति भयो । जिल्लाको त्यही अवस्थामा सुधार ल्याउन आजभोलि ताराकुमारीले संविधानसभा र व्यवस्थापिका संसद् बीच संयोजनकारी भूमिका निर्वाह गरिरहनु भएको छ । खासगरी उहाँले रोल्पा जिल्लामा सडक निर्माण, खानेपानी, वैकल्पिक ऊर्जा, स्वास्थ्य केन्द्र, विद्यालय निर्माण जस्ता काममा जोड दिनुभएको छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | थममाया थापामगर |
| ठेगानाः स्थायी | : | बेनीबजार, अर्थुङ्गे गाविस-१, म्याग्दी |
| अस्थायी | : | बागबजार, काठमाण्डौं-३१ |
| सम्पर्क ठेगाना | : | ०१-४२२३०१४ (नि), ९८४१६१८४१९ (मो) |
| जन्म मिति | : | २०१५/११/२७ |
| जन्म स्थान | : | गौडामुनी, चिमखोला गाविस-१, म्याग्दी |
| आमाको नाम | : | स्व गजामती पुर्जा |
| बुबाको नाम | : | स्व नरबहादुर थापा |
| श्रीमान्को नाम | : | रेशमान राई |
| शिक्षा | : | प्रविणता प्रमाणपत्र तह |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# राजनीतिक जीवन र सङ्घर्ष पर्यायवाची हुन्

थममाया मगरका बुबा स्व. नरबहादुर थापाले भारतीय सेनाको जमदार पदबाट अवकाश प्राप्त गर्नुभएको थियो। सामाजिक कार्यकर्ता समेत रहनुभएका बुबाबाटै थममायाले राजनीतिमा लाग्ने प्रेरणा लिनु भएको हो। २०११ सालमा चिमखोलामा पहिलो विद्यालय खोल्नुभएका उहाँका बुबाले गाउँका सबैसँग केटाकेटीलाई विद्यालय पठाउन आग्रह गर्नुहुन्थ्यो। तर, समाजसेवी बुबाको चाँडै निधन भयो। बुबाको धरोहरलाई थममायाले पूर्णरूपमा आत्मसात गर्नुभयो र उहाँ गाउँका स्थानीय जनताको सुखदुःखको साथी बन्नुभयो। जिल्लाका अवसरविहीन जनताका निम्ति जनकल्याणका कार्यमा सरिक हुनुभयो। बुबाको मृत्युपछि थममायाले बुबाले खोलेकै स्कुलमा पढाउन तथा स्कुल सञ्चालन गर्न थाल्नुभयो।

समाजमा सकारात्मक परिवर्तन ल्याउने तीव्र चाहनाले गर्दा नै थममायाले २०४० सालमा नेकपा (एमाले) मा प्रवेश गर्नुभयो। चिमखोलामा शिक्षक हुँदा व्यहोरेको एउटा घटनाले थममायाको जीवनमा परिवर्तन ल्यायो। २०४३ वैशाख २९ गते राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन थियो। त्यसबखत पञ्चायत समर्थक भीमप्रसाद गौचनका विरूद्ध जनताको तर्फबाट हरिबहादुर पुनले प्रतिस्पर्धा गर्नुभएको थियो। एमाले पार्टीले त्यसबखत हरिबहादुर पुनका पक्षमा व्यापक प्रचारप्रसार गरिरहेको थियो र थममाया पनि त्यसमा संलग्नु हुनुहुन्थ्यो। पराजित हुने भयले विपक्षीहरूले विभिन्न स्थानमा तोडफोड गर्न थाले, स्थानीय जनता र विद्यार्थीलाई कुटपिट गरे, र पार्टीका सदस्यहरूमाथि आक्रमण गरे। चुनाव प्रचार कार्यालयमा २०४३ साल वैशाख २५ गते भएको एउटा प्रशिक्षणका क्रममा विपक्षीहरूले आक्रमण गर्दा उहाँलाई पनि चोट लाग्यो। आक्रमणकारीले थममायालाई आँखामा हिर्काउनुका साथै लछारपछार गरेर भूईंमा बजारे। २०४३ वैशाख ३० गते २५ वटा गाविसका मतपेटिका बोकेर सदरमुकाम आइरहेका करिब ४०० जनामाथि विपक्षीहरूले आक्रमण गरी ती मतपेटीकामा क्षति पुऱ्याए र गुण्डाहरूको आक्रमणबाट हरिबहादुर पुनको हत्या भयो।

त्यस दु:खद घटनापछि थममायाले अध्यापन पेशा छाड्नुभयो । दण्डहीनताका विरूद्धमा केही गर्नुपर्छ भन्ने सोचाइ उहाँमा जाग्यो । त्यहीक्रममा उहाँ पृथ्वीनारायण क्याम्पस, पोखराको स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनमा नेकपा (एमाले)को विद्यार्थी सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वयवियु) का तर्फबाट कोषाध्यक्षमा निर्वाचित हुनुभयो । त्यसपछि पृथ्वीनारायण क्याम्पसको अनेरास्ववियुको प्रारम्भिक कमिटीको सभापति बन्न समेत उहाँ सफल हुनुभयो ।

२०४४ साल मङ्सिर १३ गते पञ्चायती मण्डलेहरूले कलेज हातामा आक्रमण गरी अनेरास्ववियुका सभापति र सचिव समेत तीनजनालाई अपहरण गरे । उपसभापतिलाई चाहिँ राजकाज मुद्दामा पक्राउ गरियो । कोषाध्यक्ष रहनु भएकी थममाया मात्र पक्राउ पर्नबाट उम्कनु भयो । अपहरणमा परेका साथीहरूको मुक्तिको माग गर्दै उहाँले नै विद्यार्थी आन्दोलन र प्रदर्शनको नेतृत्व गर्नु भएको थियो । प्रदर्शन र मुठभेड पछि पनि तत्कालीन अञ्चलाधीशले उहाँका साथीहरूलाई मुक्त नगरेपछि अनेरास्ववियुका एकजना सदस्यले भोक हड्ताल सुरू गर्नुभएको थियो । उहाँहरूको धेरै दिनसम्मको सङ्घर्ष पश्चात क्याम्पसका नेताहरूलाई छाडियो र यो घटना पृथ्वीनारायण क्याम्पसको इतिहासमा सबैभन्दा स्मरणीय दिन रह्यो । २०४४ सालमा अनेरास्ववियु कास्कीको सदस्य बनेपछि थममायामाथि विद्रोहीको आरोप लगाउँदै क्याम्पस प्रशासनले क्याम्पस प्रवेशमा बन्देज लगाइयो । यसैका कारण उहाँले नचाहँदा नचाहँदै पनि पढाइ छाड्नुपर्‍यो । त्यसै बेला उहाँ भूमिगत हुनुभयो ।

२०४५ सालमा भूमिगत रहेकै अवस्थामा थममायाले रेशमान राईसँग अन्तरजातीय विवाह गर्नुभयो र २०४६ सालमा उहाँहरूकी छोरीको जन्म भयो । २०४७ सालमा उहाँ म्याग्दी फर्केर एमाले पार्टी कार्यालय खोल्नुभयो र उहाँले पार्टीको जिल्ला सचिवको भूमिका निर्वाह गर्नुभयो । हालसम्म पनि उहाँले अखिल नेपाल महिला सङ्घको केन्द्रीय समितिमा विभिन्न पदीय हैसियतमा कार्य गरिरहनुभएको छ ।

थममाया संविधानसभा अन्तर्गत संवैधानिक निकायको संरचना निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गत राज्य व्यवस्था समितिको सदस्य हुनुहुन्छ । संवैधानिक निकायको संरचना निर्धारण समितिमा जनमैत्री योजना र नीतिहरूका साथै जनअधिकारलाई सम्बोधन गर्न समावेशी आयोगको निर्माण हुनुपर्ने विषयमा जोड दिनुभएको थियो । सभासद्हरूले महिला आयोग, आदिवासी/जनजाति आयोग, मधेसी आयोग, मुस्लिम आयोग, अल्पसंख्यक तथा सीमान्तकृत आयोग र दलित आयोग स्थापनाका निम्ति पहल गरेका छन् । यी समुदायलाई राज्यका हरेक क्षेत्रमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व गराइनुपर्ने माग गरिएको छ । आदिवासी/जनजाति आयोग गठनका लागि आदिवासी/जनजाति सभासद्हरूले निकै सङ्घर्ष गर्नु परेको थममायाको भनाइ छ ।

महिला र पुरूष दुबैमा गहिरोरूपमा जरा गाडेको सामन्ती मनोवृत्ति र चिन्तनले गर्दा संविधानसभामा अभिव्यक्तिमा फरक आएको उहाँलाई अनुभूति हुन्छ । उहाँ भन्नुहुन्छ, 'ठूला नेताहरूले महिला सदस्यहरूलाई बराबरी सम्झदैनन् भने सञ्चारमाध्यमले पनि महिलालाई सकारात्मक रूपले प्रस्तुत गर्दैनन् । सञ्चारमाध्यमहरू पक्षपाती छन् र महिलाका भनाइहरू उनीहरू बाहिर ल्याउन चाहँदैनन् । महिला आन्दोलनको यो प्रमुख चुनौती र बाधा हो ।' थममाया नेकपा (एमाले) को पोलिटब्युरो सदस्य र सचेतक भए पनि महिला भएकै नाताले उहाँलाई प्रमुख

जिम्मेवारी दिइएको छैन । महिलाले उठाएका विषयहरूलाई पुरूषहरूले 'राम्रो छ, ठीक छ' भन्दै मुखले ठिक्क पार्ने तर कार्यान्वयनमा कुनै किसिमको गम्भीरता नदेखाउने समस्या रहेको थममायाको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'विषयगत समितिमा उठेका विवादित विषयलाई टुङ्ग्याउन गठित उच्चस्तरीय आयोगमा समेत रूक्मिणी चौधरी एकजना मात्र महिला हुनुहुन्छ ।'

पार्टी तथा नेताहरूका फरकफरक उद्देश्यका कारणले समयमै संविधान बनाउन नपाएकामा थममायालाई निराशा लागेको छ । संविधान निर्माण गर्न जनमत सङ्कलन गर्न जिल्लाहरू पुगेको क्षण उहाँलाई सबैभन्दा रोचक समय लागेको थियो । जनमत सङ्कलन गर्न उहाँले म्याग्दी र मुस्ताङका निकै दुर्गम क्षेत्रका मानिसहरूसँग भेटघाट गर्नुभयो र जनताको दृष्टिकोण एवम् चाहनालाई बुझ्ने अवसर पाउनुभयो । म्याग्दी जिल्लालाई प्रतिनिधित्व गर्नुहुने थममायाले म्याग्दीको विकास निर्माणका धेरै प्रस्तावहरू लिएर मन्त्रालयहरूमा धाउनु भएको छ, र केही कामहरू भइरहेका पनि छन् । तर, जिल्लाका लागि विद्युत्, खानेपानी, सडकजस्ता केही कार्यक्रमहरू अझै कार्यान्वयनकै क्रममा छन् ।

'राजनीतिक जीवन र सङ्घर्ष पर्यायवाची हुन्,' थममाया गहिरो स्वास लिँदै भन्नुहुन्छ । राजनीतिमा लागेकै कारणले उहाँले छोरी, बुहारी र आमा भएर एकजना महिलाले जीवनमा गर्ने अनुभूतिको मौका गुमाएको पनि उहाँलाई अनुभव हुन्छ । आमाको २०५६ सालमा दमको रोगबाट र ससुराको ८४ वर्षको उमेरमा निधन हुँदा थममाया उहाँहरूका साथमा हुनुहुन्थेन । आफ्नो एक वर्षे छोराको मुटुरोगको उपचारका क्रममा श्रीमान्सँग उहाँ बस्न पाउनु भएन । छोराको त्यही मुटुरोगका कारण मृत्यु भएको थियो । राजनीतिले गर्दा यस्तो समयमा पनि परिवारलाई समय नदिएकोमा उहाँलाई ग्लानिको अनुभूति हुन्छ ।

सामाजिक र राजनीतिक परिवर्तनका लागि जीवनमा थममायाले धेरै नै सङ्घर्ष र त्याग गरे पनि मुलुकको अवस्था निरन्तर खस्केको देख्दा उहाँलाई असफल भएझैं अनुभूति हुन्छ । देश प्रगतितर्फ अग्रसर भएपछि मात्र आफ्नो राजनीतिक जीवन सफल हुने उहाँको धारणा छ । थममाया कठिन घडिमा पनि नडराउने महिला भनेर चिनिनुहुन्छ । थममायाले आफ्नो जीवन पार्टीकै काममा समर्पित गर्नुभयो र पार्टीप्रतिको योगदान, इमान्दारीता र प्रतिबद्धताप्रति उहाँले गर्व गर्नुपर्ने धेरैवटा कारणहरू छन् ।



## व्यक्तिगत विवरण

नाम : दामा शर्मा
ठेगाना स्थायी : गोबिडिहा गाविस-७, धैरेनी, दाङ
अस्थायी : कुलेश्वर, काठमाण्डौं- १४
सम्पर्क ठेगाना : ०१-४२८४९६५ (नि) ९८४१५९२२६७ (मो),
ईमेल : sharmadama@yahoo.com
जन्म मिति : २०२८/१/१४
जन्म स्थान : देउखुरी, दाङ
आमाको नाम : कुन्तादेवी शर्मा
बुबाको नाम : डिल्लीराज शर्मा
श्रीमान्को नाम : सहिद यज्ञेश्वर शर्मा
शिक्षा : प्रवीणता प्रमाणपत्र तह
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : प्रत्यक्ष निर्वाचन

# मुलुक पछाडि धकेलिएको देख्दा निकै पीडा हुन्छ

दामा शर्माको जन्म दाङको देउखुरीमा सामान्य श्रमिक परिवारमा भएको थियो । सामान्य परिवार भएकै कारण उहाँहरूले आफ्ना आवश्यकता पूरा गर्न निकै कठिनाइको सामना गर्नुपर्दथ्यो । आर्थिक समस्याका कारण उहाँले कक्षा ७ पढिसकेपछि दुई वर्ष त्यत्तिकै पढाइ छाडेर घरमा बस्नुपर्‍यो । पढाइमा अत्यन्त रूचि राख्ने दामालाई आफ्नो पढाइ छुटेको घटनाले निकै नै पिरल्यो । उहाँ भन्नुहुन्छ, 'मलाई त्यतिबेला, मेरो ठाउँमा छोराको पढाइ छुटेको भए मेरो आमाबुबाले ऋण काढेरै भए उसलाई पढाउनुहुन्थ्यो होला भन्ने पनि लाग्यो । अहिले पनि जब म मेरो परिवार र समाजमा म यस्ता लैङ्गिक विभेदहरू देख्दछु यस्तो अवस्थालाई परिवर्तन गर्ने एउटै अचुक साधन राजनीतिक क्रान्ति नै हुनसक्ने म देख्छु ।'

दुईवर्ष पढाइ छुटेपनि दामाले फेरि पढाइलाई निरन्तरता दिनुभयो । एसएलसी उत्तीर्ण गरिसकेपछि सँगै एसएलसी गरेका उहाँका साथीहरूको धमाधम विवाह भइरहेको थियो । कतिपय विवाह नभएकाहरूलाई पनि थप अध्ययनको अवसर प्राप्त भइरहेको थिएन । तर, सामाजिक दबाब र आलोचनासँग सामना गरेरै भए पनि उहाँले उच्च शिक्षालाई निरन्तरता दिनुभयो । २०५१ सालमा बि.एड प्रथम वर्षको परीक्षा दिएर २०५२ मा दोस्रो वर्षको पढाइको तयारी गरिरहनु भएको बेलामै 'जनयुद्ध' सुरू भएपछि उहाँको पढाइ फेरी अवरूद्ध भयो ।

दामाले पढाइ र राजनीतिक क्षेत्रको संलग्नतालाई सँगसँगै डोहोर्‍याउनु भएको थियो । २०४६ सालको जनआन्दोलनले राजनीतिक क्षेत्रमा ल्याएको जागरण र परिवर्तन सँगै दिदीको राजनीतिक सक्रियताले दामालाई पनि राजनीतिमा लाग्न प्रेरित गरेको थियो । २०४७ सालमा उहाँ अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को गाउँ इकाइमा सङ्गठित हुनुभयो । २०४६ देखि २०४९ सम्म दाङस्थित महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत रहँदा क्याम्पस इकाइमा रहेर काम गर्नुभयो । २०५० सालमा उहाँ अनेमसङ्घको रूकुम जिल्ला सदस्य हुनुभयो ।

दामाको विवाह यज्ञेश्वर शर्मासँग २०४९ सालमा भएको थियो । विवाहपछि दामाले रूकुम जिल्ला सदस्य भएर काम गर्न थाल्नुभयो र २०५१ मा उहाँले रूकुमबाट तत्कालीन नेकपा (माओवादी) को सदस्यता लिनुभयो । दामाका श्रीमान् यज्ञेश्वर शर्मा स्थायी सरकारी जागिरे हुनुहुन्थ्यो । तर उहाँले सरकारी जागीरबाट राजीनामा दिएर नेकपा (माओवादी) पार्टीको पूर्णकालीन सदस्य भएको घोषणा गर्नुभयो । उहाँ रूकुममा निकै लोकप्रिय नेताको रूपमा स्थापित हुनुहुन्थ्यो । उहाँमाथि २०५० सालमा एउटा मुद्दा पनि परेको थियो र यसैका कारण उहाँ ६ महिना थुनामा पर्नुभयो । थुनाबाट छुटेपछि उहाँ भूमिगत हुनुभयो ।

२०५३ साल मङ्सिरमा दामा पनि भूमिगत हुनुभयो र श्रीमान्को स्थानान्तरण कैलालीमा भएपछि उहाँ पनि त्यहीँ जानुभयो । दामा २०५५ कार्तिकमा काखको छोरा सहित जेल पर्नुभयो । यसक्रममा उहाँले निकै कठिनाइपूर्ण समय गुजार्नु परेको थियो । हिरासतमा छोरा विरामी पर्दा जेल प्रशासनले विरामी छोरालाई औषधिसम्म खुवाउन नदिएकोले उहाँले जेलभित्र निकै सङ्घर्ष गर्नुपऱ्यो । उहाँलाई प्रहरी अधिकारीहरूले शारीरिक र मानसिकरूपमा निकै यातना दिए । त्यसबेला बच्चालाई छेउमा राखेर प्रहरीले आफूमाथि निर्घात कुटपिट गरेको घटना दामा अझै सम्झनुहुन्छ । उहाँका निम्ति यी निकै कठिनाइपूर्ण क्षणहरू थिए । उहाँ भन्नुहुन्छ, 'उनीहरूले अन्य धेरै साथीहरूलाई झैं मलाई पनि बेपत्ता बनाउने षड्यन्त्र गरिरहेका थिए, तर काखमा छोरा भएका कारण उनीहरूले त्यस्तो काम गर्न सकिरहेका थिएनन् ।'

२०५५ सालमा प्रहरीले दामाका श्रीमान्लाई कैलालीको कौवापुरस्थित एउटा घरबाट पक्राउ गरी निकै यातना दिएर हत्या गऱ्यो । श्रीमान्को हत्याले उहाँको जीवनमा अपूरणीय क्षति भएपनि यो घटनाले उहाँलाई आफ्नो जिम्मेवारी बहन गर्नबाट नरोकेको उहाँ बताउनुहुन्छ । उहाँ गर्व गर्नुहुन्छ, 'मैले निकै नै मूल्यवान् चिज गुमाएकी थिएँ । मेरा श्रीमान्ले पूर्ण मानव मुक्ति र स्वतन्त्रताका निम्ति आफ्नो जीवन उत्सर्ग गर्नुभयो, र यस घटनाले आज पार्यन्त मलाई उदास र बेचैन बनाउनुको साटो गर्वको अनुभूति दिलाउँछ । यस यात्रामा हामीहरू जस्तोसुकै बलिदानका निम्ति पनि तयार थियौं । यसले अरू धेरैलाई पनि अघि बढ्ने प्रेरणा दिएको छ र हाम्रा परिवारका धेरै सदस्यहरू पनि यसबाट प्रेरित छन् ।' युद्ध बढ्दै जाँदा दामाको नन्दको पनि युद्धकै क्रममा मृत्यु भयो ।

श्रीमान्को हत्यापछि पनि दामाले आफ्नो राजनीतिक जीवनलाई निरन्तरता दिइरहनुभयो र श्रीमान्को हत्या भएकै वर्ष तेस्रो राष्ट्रिय सम्मेलन मार्फत उहाँ अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को केन्द्रीय समिति सदस्य बन्नुभयो । हाल उहाँले थारूवान राज्य समितिको सचिवालय सदस्यका साथै सङ्घको उपाध्यक्षको पनि भूमिका निभाइरहनु भएको छ । साथै उहाँले सङ्घको प्रकाशन विभागको नेतृत्व समेत सम्हाल्नु भएको छ । यी बाहेक, संविधानसभा निर्वाचन अघि उहाँ २०६३ सालमा अन्तरिम व्यवस्थापिका संसद्को सांसद् पनि हुनुभएको थियो ।

परिवारका सदस्य गुमाउनु, प्रहरीसँगको मुठभेडमा संलग्न हुनु, जेल जीवन बिताउनु जस्ता सबै घटनाक्रम दामाको राजनीतिक जीवनका अभिन्न हिस्साहरू हुन् । यी नै योगदान, बलिदान र पीडाको मूल्य स्वरूप दामालाई दाङ जिल्ला क्षेत्र नं. २ का जनताले २०६४ को संविधानसभाको प्रत्यक्ष निर्वाचनमा विजयी बनाए । उहाँ सुनाउनुहुन्छ, 'हाम्रो पार्टीले नै संविधानसभा निर्वाचनको विषयलाई जोडदाररूपमा उठाएको थियो, तर संविधानसभाको सदस्यको रूपमा यो अवस्थामा आइपुग्छु होला भन्ने चाँहि मैले कल्पना कहिल्यै गरेकी थिइनँ ।'

दामा संविधानसभा अर्न्तगतको राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको सदस्य हुनुहुन्छ । साथै उहाँ व्यवस्थापिका संसद् अन्तर्गतको सुरक्षा विशेष समितिको पनि सदस्य हुनुहुन्छ । राज्यका सबै क्षेत्रमा जनसङ्ख्याका आधारमा महिलाको समानुपातिक प्रतिनिधित्व हुनुपर्छ र नेतृत्व तहमा महिलालाई ल्याउनुपर्छ भन्ने विषयलाई दामाले निरन्तर उठाइरहनुभएको छ । प्रधानमन्त्री पुरूष रहेको अवस्थामा राष्ट्रपति महिला हुनुपर्छ, र प्रधानमन्त्री महिला भए राष्ट्रपति पुरूष हुनुपर्छ भन्ने पनि उहाँको माग छ । संविधानसभा अर्न्तगतका ११ वटा विषयगत समितिहरूमध्ये धेरै वटा समितिले प्रारम्भिक मस्यौदामा महिलाको समानुपातिक प्रतिनिधित्वको प्रावधान राखेकोमा उहाँ खुसी हुनुहुन्छ ।

पैतृक सम्पत्तिमा महिलाले समान अधिकार पाउनुपर्छ र आर्थिक रूपमा सक्षम हुनका लागि महिलाले शिक्षामा विशेष अवसर पाउनुपर्दछ भन्ने पनि उहाँको धारणा छ । नयाँ संविधान निर्माण गर्न जनमत सङ्कलन गर्ने क्रममा स्थानीय जनतासँग प्रत्यक्ष अन्तर्क्रिया गर्न पाएका कारण थारू, मधेसी, मुस्लिम, दलित, विस्थापित लगायत विभिन्न समूहको दृष्टिकोणलाई उहाँले राम्रोसँग बुझ्ने मौका पाउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'महिला समेतका अवसरविहीन समूहले अधिकार पाएको अवस्थामा मात्र संविधानले जनताको भावनालाई सम्बोधन गरेको ठहर्छ । उनीहरूका निम्ति स्वास्थ्य, शिक्षा र रोजगारीमा विशेष अधिकार प्रदान गरिनुपर्दछ ।' साथै सङ्घीयताका सम्बन्धमा उहाँको भनाइ यस्तो छ, 'हामीलाई यस्तो सङ्घीयता चाहियो जसले सबै वर्ग, जाति, लिङ्ग र क्षेत्रको प्रतिनिधित्वलाई सुनिश्चित गर्छ ।'

हाल दामा महिला ककसको २४ सदस्यीय कार्यसमितिमा रहनुका साथै उहाँ ककसको पहिलो संयोजकसमेत हुनुभएको थियो । महिलाका विविध सवालमा एकत्रित आवाज उठाउँदै आएको महिला ककसको निर्माणमा उहाँको निकै महत्वपूर्ण भूमिका रहेको थियो । उहाँलाई आजको अवस्थासम्म ल्याइ पुऱ्याउन सहयोग गर्ने जनताका पक्षमा काम गर्न पनि उहाँ उत्तिकै खट्नु हुन्छ । उहाँले दाङमा सडक र विद्यालय निर्माण गर्न, सुरक्षित खानेपानी उपलब्ध गराउन र अन्य विकास निर्माणका काम गर्न निरन्तर सहयोग पुऱ्याउँदै आइरहनुभएको छ ।

विभिन्न उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रका जनताका अधिकार सुनिश्चित गर्नका निम्ति बनेको सर्वोच्च संस्था संविधानसभाको बैठक बस्ने समय लैङ्गिक दृष्टिकोणबाट त्यति व्यवहारिक नदेखिनु बिडम्बना हो भन्ने उहाँको विचार छ । उहाँका अनुसार, संविधानसभाभित्र महिला सदस्यहरूले उठाएका विषयलाई खासै गम्भीरतापूर्वक लिइँदैन । महिला सदस्यका निम्ति विशेष व्यवस्थाहरूको पनि अभाव छ । जस्तो स-साना बच्चाहरू भएका महिला सदस्यहरूका लागि त्यहाँ बच्चा राख्ने व्यवस्थित ठाउँ छैन । यसबाहेक संविधान निर्माणमा भएको ढिलाइ र दलहरूभित्रको खिचातानीले पनि दामालाई खिन्न बनाएको छ । उहाँ पीडा व्यक्त गर्नुहुन्छ, 'मेरो श्रीमान्को सहादत हुँदा पनि म विह्वल भइँन किनभने राष्ट्र र जनताका लागि उहाँले बलिदान गर्नुभएको थियो । तर अहिले, मुलुक निरन्तर रूपमा पछाडि धकेलिएको देख्दा मलाई निकै पीडा हुन्छ ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : दालकुमारी सुनुवार |
| ठेगाना स्थायी | : मुक्तेश्वर-३, रामेछाप |
| अस्थायी | : सिनामंगल-९, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४४८३५२७ (घर) ९८५१०१३१७५ (मो) |
| जन्म मिति | : १९९८/११/२९ |
| जन्म स्थान | : भुजे गाविस-४, खसगाउ, रामेछाप |
| आमाको नाम | : हृद कुमारी सुनुवार |
| बुबाको नाम | : जंग बहादुर सुनुवार |
| श्रीमान्को नाम | : मान बहादुर सुनुवार |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : राष्ट्रिय प्रजातन्त्र पार्टी |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# पढेर भन्दा परेर जानिन्छ

पढेरभन्दा परेर जानिन्छ भन्ने उक्तिलाई दालकुमारी सुनुवारको जीवनकथाले साँचो प्रमाणित गर्दछ । सामान्य लेखापढी भए पनि राजनीति र समाजसेवामा उहाँले दिनुभएको योगदानले उहाँलाई देशकै कानुन निर्माण गर्ने थलोसम्म ल्याइपुऱ्याएको छ । आफ्नो जीवन यात्रालाई फर्केर हेर्दा उहाँलाई त्यो एउटा दन्तकथा जस्तै लाग्छ ।

उहाँ सानो छँदाको समाजमा महिलाहरू बढी नै पीडित थिए । छोरीलाई नपढाउने र घर बाहिर पनि नपठाउने चलन थियो । त्यतिबेला गाउँघरमा विद्यालय पनि थिएन त्यसैले उहाँले शिक्षा प्राप्त गर्ने अवसर पाउनु भएन । कोहीकोही काठमाण्डौंसम्म पढ्न आउँथे । विसं १९९८ फागुन २९ गते रामेछापको भुजि गाविसमा जन्मिनु भएकी दालकुमारीको १५ वर्षको उमेरमा ब्रिटीश लाहुरे मानबहादुर सुनुवारसग बिहे भयो । बिहेपछि २०१४ देखि २०३० सालसम्म उहाँ श्रीमान्सँगै हङकङ, सिँगापुरलगायतका मुलुकमा जाने र बेलाबेलामा नेपाल आउने गर्नुभयो । ती मुलुकका महिला र पुरूषले समान काम गरेको देखेर उहाँ निकै नै प्रभावित हुनुभयो । नेपाल फर्केर महिलाको बोल्नेदेखि अरू धेरै सीप विकास गर्ने कार्यक्रममा लाग्छु भन्ने अठोट पनि मनमा लिनुभयो । यही अठोटले नै उहाँलाई बिस्तारै समाजसेवातर्फ आकर्षित गरायो र समाजसेवाले उहाँलाई राजनीतितर्फ डोहोऱ्यायो ।

भारतीय सेनामा कार्यरत बुबाले गाउँमा झगडा मिलाउने गरेको सानै उमेरदेखि देख्नुभएकी दालकुमारीलाई बुबाको कामबाट पनि समाजसेवामा लाग्न प्रेरणा मिल्यो । विसं २०३० सालमा राजनीतिमा प्रवेश गर्नु भएकी दालकुमारीले २०३८ सालको जेठ महिनासम्म गुप्तेश्वर गाउँ पञ्चायतमा नेपाल महिला सङ्गठन प्रारम्भिक कार्य समितिको सभापति रही काम गर्नुभयो । उहाँको राजनीति प्रवेशको पनि आफ्नै कथा छ । सिन्धुलीमा राजारानी सवारी हुँदा उहाँलगायत दुई जना महिलालाई सर्वसाधारणलाई व्यवस्थित गर्ने जिम्मा दिइएको थियो । राजारानीलाई हेर्न आएका भीडलाई फकाई फुल्याई ठाउँमा बसाउन सकेको देखेर त्यतिबेलाका नेताहरूले उहाँलाई महिला

सङ्गठनमा लागेर राजनीति गर भनेर प्रोत्साहन दिएका थिए । २०३४/३५ साल तिर गाविसको चुनाव आयो । उहाँको श्रीमान् सिन्धुली सिद्धेश्वर गाविसमा वडा सदस्यमा उठ्नुभयो । दालकुमारी लगायत अरू १०/१२ जना महिलाहरू उहाँको श्रीमान्का लागि भोट माग्न गाउँमा हिँड्नुभयो । श्रीमान्को चुनाव चिन्ह कमलको फूल थियो । श्रीमान्ले सबैभन्दा बढी मत ल्याएर चुनाव जितेपछि दुबै जना दम्पत्तिलाई १०/१२ दिनसम्म गाउँलेले अभिनन्दन गरेको दालकुमारी सम्झनु हुन्छ ।

दालकुमारीको सक्रियता देखेर जिल्लास्तरीय चुनावमा समेत नेताहरू प्रचारप्रसारका लागि सहयोग गर्नु पर्‍यो भनेर रामेछापबाट सिन्धुलीसम्म आई उहाँलाई लिन आउँथे । आफूले सघाएका उम्मेद्वारले राष्ट्रिय पञ्चायत सदस्यमा जितेको उहाँ बताउनुहुन्छ ।

राजनीतिक सक्रियताकै कारण गाविसको महिला सभापतिमा उहाँ निर्विरोध चुनिनु पनि भयो । उहाँ गाउँका पीडित महिलालाई सहयोग गर्ने, लोग्ने बेपत्ता भएका र बहुविवाह गर्नेहरूलाई कानुनी उपचारका लागि सम्बन्धित ठाउँसम्म पुर्‍याउने गर्नुहुन्थ्यो । महिलालाई आत्मनिर्भर बनाउन महिला विकास तालिमको पनि आयोजना गर्नुभयो र यस्ता तालिम पाएर कतिपय महिलाहरूले आफ्नै कमाईमा घरघडेरी जोडेको पनि उहाँको भनाइ छ । यसरी समाजसेवा र राजनीति दुबै गर्दै उहाँ राजपरिषद् सदस्य पनि हुनुभयो । तत्कालीन राजाबाट उहाँले प्रसिद्ध सुप्रबल गोर्खा दक्षिण बाहु तेस्रो पनि पाउनुभयो ।

२०४६ मा प्रजातन्त्र आएपछि पञ्चायतका सक्रिय मान्छेहरू घर छोडेर भाग्न थाले । उहाँलाई पनि घर छोड्न शुभचिन्तकहरूले सुझाव दिए । तर, निडर दालकुमारी 'व्यवस्था गए पनि मान्छे यी नै हुन्' भनेर गाउँमै बस्ने निर्णय गर्नुभयो । पञ्चायत कालमा उहाँले रामेछापमा सीप विकास कार्यालय खोल्नुभएको थियो । भूकम्पले पुरानो भवन भत्काएपछि मन्थलीमा नयाँ भवन बनाएर २०४७ वैशाख १ गते सिडीओबाट उद्घाटन गर्न लगाउनुभयो । त्यसको छ महिनापछि त्यो भवन महिला विकास कार्यालयलाइ दिनु पर्‍यो भनेर चिठी आयो । 'मैले व्यक्तिगत खर्चमा बनाएकाले दिन्न भनें । तर, दुई दुई पटकपत्र आएपछि श्रीमान्ले पनि देऊ भनेकाले जिविसलाई दिएँ', उहाँ भन्नुहुन्छ, 'मेसिन घर सबै दिएँ । पछि त्यो नगर विकासले आफ्नो नाममा दर्ता गरेछ ।'

देशमा गणतन्त्र आएपछि राजाको मान्छे भनेर अवसर नदेलान् भन्ने दालकुमारीलाई लागेको थियो । तर, 'गरिबको सेवा गर्ने भएर होला पार्टीले मलाई संविधानसभामा समानुपातिकमा मनोनित गर्‍यो', उहाँ भन्नुहुन्छ, 'गाउँमा मसला पिनेर भात पकाउने हातहरूले अहिले संविधान लेख्न पाएको छौं, खुसी लागेको छ ।'

आफू संलग्न मौलिक अधिकार तथा निर्देशन सिद्धान्त समिति र संविधानसभामा आफूले महिला, दलित, जनजातिलगायत सबैको समान हक र अधिकारका लागि आवाज उठाएको उहाँको भनाइ छ । राजनीतिदेखि हरेक क्षेत्रमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व हुनुपर्ने मुद्दा पनि उठाएको उहाँ बताउनुहुन्छ । सन्तानले बाबु र आमा दुबैको नामबाट नागरिकता पाउनुपर्ने कुरालाई उहाँले पनि महत्वका साथ उठाउनुभयो । यद्यपि, उठाएकामध्ये थोरैले मात्रै मस्यौदा प्रतिवेदनमा ठाउँ पाए । संविधानसभाको मौलिक अधिकार र निर्देशन सिद्धान्त समितिमा सभापतिका चुनाव नभइन्जेल जेष्ठ नागरिकको आधारमा केही समय सभापतिको भूमिकासमेत निभाउनु

भएकी दालकुमारीले त्यहाँ धेरै कुरा सिकेको बताउनुहुन्छ । कम पढेलेखे पनि जनताको सेवा बढी गाउँबाट आउनेले गर्ने उहाँको अनुभव छ ।

संविधानसभाको सदस्य भएपछि राजधानी बसेर काम गर्नु पर्दा पारिवारिक रूपमा खासै समस्या भोग्नु नपरेको उहाँको अनुभव छ । उहाँका छोराछोरी सबै आ–आफ्नो बाटा लागिसकेका छन् । श्रीमान् ब्रिटीश आर्मीको रिटायर्ड लेफ्टीनेन्ट हुनुहुन्छ । जनतासमक्ष प्रत्यक्ष रूपमा जान नसकेपनि राजधानीमा बसेरै पनि जनताका कुरा उठाउने गरेको दालकुमारी बताउनुहुन्छ । सांसद् मात्रै हुँदा त आफ्नो जिल्ला र क्षेत्रको विकासकोबारेमा मात्र ध्यान दिँदा हुन्थ्यो । तर अहिले संविधानको सदस्य पनि भएपछि त संविधान निर्माणको कामले राजधानी छोड्न सजिलो नभएको उहाँ बताउनुहुन्छ । संविधानसभाको काममा व्यस्त हुनु परेकाले गाउँमा आउन नभ्याएको कुरा उहाँ जनतालाई समेत खुलस्त भन्नुहुन्छ, 'कानुन लेख्ने माननीय भएकोले म तपाईहरूको काम काठमाण्डौंमा बसेर पनि गर्छु, नरिसाउनु भनेर जनतालाई सम्झाउँछु । कसैकसैले तलव भत्ता खान्छौ भन्यो भने घरभित्र एक पैसा पस्दैन, चन्दा दिँदा र पार्टीलाई लेवी तिर्दैमा सबै सकिन्छ र कार्यकर्तालाई पनि खुवाउनै पर्‍यो भनेर बुझाउँछु ।' उहाँले रामेछापको गुप्तेश्वर गाविस स्थित एउटा हेल्थपोष्ट र विद्यालयको लागि आर्थिक सहयोग तथा जग्गा प्रदान गर्नुभएको छ ।

विभिन्न गैर सरकारी संस्थाहरूले महिला संविधानसभा सदस्यहरूलाई लक्षित गरी आयोजना गरेका कार्यक्रममा दालकुमारीले पनि सहभागी हुने अवसर पाउनुभयो । उहाँ संविधानदेखि दलित महिलाका मुद्दासम्मका कार्यक्रममा जानुभयो । उहाँले भागलिनु भएको कार्यक्रमहरू राम्रै लागे पनि धेरैजसो कार्यक्रम अंग्रेजीमा प्रस्तुत हुँदा आफू जस्ता अंग्रेजी भाषा नबुझ्नेहरूलाई अप्ठेरो परेको उहाँको अनुभव छ । अझ कार्यपत्र र अवधारणासमेत अंग्रेजीमा हुँदा त गाउँबाट आएका र अंग्रेजी नबुझ्नेहरूका लागि त ती कार्यक्रमहरूको खासै अर्थ नरहने समेत उहाँको भनाइ छ ।

संविधानसभामा दालकुमारीलाई लैङ्गिक हिसाबले खासै विभेद भए जस्तो लाग्दैन तर, महिलाले बोल्ने मौका र समय भने कम पाउने गरेको उहाँ पनि बताउनुहुन्छ । महिला ककसको कार्यसमितिमा समेत रहनु भएकी दालकुमारी मस्यौदा संविधानमा महिलाका छुटेका मुद्दाहरू उठाउन यसको आवश्यकता परेको ठान्नुहुन्छ । सुरूमा पुरूषहरूले महिला ककस गठन गर्न नदिएकाले सङ्घर्ष गर्नु परेको पनि उहाँ सम्झनु हुन्छ । बोक्सी, घरेलु हिंसा र बलात्कारको मुद्दामा स्थलगत अध्ययन गर्ने, पीडितको न्यायका लागि आवाज उठाउने, संविधानका मस्यौदा समितिमा छुटेका कुरा छलफल र विज्ञप्ति जारी गर्नेलगायतका गतिविधि ककसले गरेको पनि उहाँ बताउनुहुन्छ । तर, बजेट अभावमा ककसले पर्याप्त काम गर्न नसकेको उहाँको भनाइ छ । सुन्तली धामी माथि भएको घटनाको स्थलगत अध्ययन गर्ने क्रममा लगातार ८ घण्टा हिंडेर अछाम पुगेको र दोषीहरूलाई कारबाही गर्न सरकारलाई प्रतिवेदन पेश गरेको उहाँ बताउनुहुन्छ ।

संविधानसभामा आफ्नो भूमिकाप्रति दालकुमारी सन्तुष्टै हुनुहुन्छ । संविधान लेख्ने अवसरमा संलग्न हुन पाउनुलाई उहाँ सकारात्मक मान्नुहुन्छ । तर, नेताहरू बीच तालमेल नभएका कारणले संविधान बन्न ढिलो भइरहेको र यस्तै परिस्थिति रहे कतै संविधान नै नबन्ने हो कि भन्ने चिन्ताले सताउने गरेको पनि दालकुमारी बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : दुर्गा परियार |
| ठेगाना स्थायी | : घले टोल, त्रियुगा नगरपालिका-१, उदयपुर, सगरमाथा |
| अस्थायी | : शान्तिनगर, काठमाण्डौं-३४ |
| सम्पर्क ठेगाना | : ०१-४६२०४०५ (घर), ९७४११५८२६३ (मो), |
| इमेल | : durga_shiva11@yahoo.com |
| जन्म मिति | : २०२५/९/१२ |
| जन्म स्थान | : मोरङ |
| आमाको नाम | : गोमा शिवा |
| बुबाको नाम | : रत्नबहादुर शिवा |
| श्रीमान्को नाम | : विष्णुलाल परियार |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जिल्लाकै सफल उद्यमी मध्ये एक

गरीब दलित परिवारमा जन्मे पनि दुर्गा परियार प्रतिभा सम्पन्न र सक्रिय सामाजिक कार्यकर्ता हुनुहुन्छ । दलित समुदायमाथि हुने गरेका सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्न र महिलालाई आर्थिकरूपमा स्वावलम्बी बनाउन दुर्गाले अगाडि बढाउनुभएको अभियान उदयपुर जिल्लामा निकै प्रशंसनीय बनेका छन् ।

आर्थिक स्थिति कमजोर भएकाले दुर्गाले मोरङको साजीलाल उच्चमावि सुन्दरपुरबाट कक्षा ९ सम्म मात्र पढ्ने अवसर पाउनु भयो । तर २०४५ सालमा विवाह गरेर उदयपुर जानुभएकी दुर्गाले विवाहपछि श्री पञ्चावती मावि, उदयपुरबाट एसएलसीसम्मको पढाइ पूरा गर्नुभएको थियो । दाजु नेकपा (एमाले) निकट जनसांस्कृतिक मञ्चमा आबद्ध रहेका कारणले दुर्गा राजनीतितर्फ आकर्षित हुनुभएको थियो । २०४६ सालको खुला राजनीतिक वातावरणको फाइदा उठाउँदै उहाँले पनि दाजुसँगै विभिन्न कार्यक्रमहरूमा सर्वहारावर्गका प्रगतिशील गीतहरू गाउन थाल्नुभयो । कम्युनिष्ट विचारधाराका किताबहरूको अध्ययनबाट उहाँलाई नेकपा (एमाले) सर्वहारावर्गको नेतृत्व गर्ने पार्टी हो भन्ने लाग्थ्यो । विवाह गरेपछि पनि राजनीतिमा सक्रिय रहेकोले उहाँ नेकपा (एमाले) उदयपुरको जिल्ला सदस्य बन्नुभयो । हाल उहाँ उत्पीडित जातीय मुक्ति समाजको केन्द्रीय सदस्य हुनुहुन्छ ।

राजनीतिका साथै महिलालाई आर्थिकरूपमा स्वावलम्बी बनाउने अभियानमा पनि दुर्गा संलग्न हुनुभयो । विवाहपछि पनि परिवारबाट राम्रो सहयोग पाएकाले सामाजिक काममा लागिरहन हौसला मिलेको उहाँ बताउनुहुन्छ । घरेलु तथा साना उद्योग विकास समिति उदयपुरबाट २०५२ सालमा सिलाइकटाई तालिम लिएपछि दुर्गा दक्ष प्रशिक्षकसमेत बन्नुभएको थियो । उदयपुरमा सिलाइकटाई तालिम केन्द्र खोलेर उहाँले १,५०० भन्दा बढी महिलालाई प्रशिक्षण दिनुभयो । उहाँको मेहनतलाई घरेलु उद्योग समितिले मूल्याङ्कन गरी धेरै पटक पुरस्कृत गरिसकेको छ । दुर्गा भन्नुहुन्छ, 'म त्यतिबेला जिल्लाकै सफल उद्यमीमध्ये एक थिएँ ।'

दुर्गा दलित अधिकारकर्मीका रूपमा पछिल्लो समयमा बढी नै चिनिनुभएको छ । रूढीवादी र परम्परावादी सामाजिक संरचनाले दलित समुदायमाथि गरेको अनेक प्रकारका विभेद र हिंसाको अन्त नगरी सामाजिक सद्भाव फैलन नसक्ने उहाँको धारणा छ । यही मेसोमा २०५३ सालदेखि दलित महिला सङ्घ (फेडो) को जिल्ला अध्यक्ष रही दुर्गाले ११ वर्षसम्म निरन्तर लैङ्गिक विभेद र जातीय छुवाछुतका मुद्दालाई उठाउनुभएको थियो । सार्वजनिक स्थलमा दलितहरूमाथि हुने छुवाछुत, दलितले मन्दिर पस्न नपाउने विभेद, अन्तरजातीय विवाह, बालविवाह, अनमेल विवाहजस्ता दलित समुदायसँग जोडिएका मुद्दाहरू उहाँका सरोकारका विषयहरू हुन् ।

उदयपुरकै दलित अधिकारकर्मी जानुका नेपालीको मृत्यु भएपछि मृतक जानुकाका परिवारले 'जिउँदो जानुका र न्याय चाहियो' भनेर आवाज उठाएका थिए । उक्त घटनाको विरोधमा आवाज उठाएको निहुँमा थुनामा परेका पीडकले थुनाबाट निस्केर समेत दुर्गालाई ज्यान मार्ने धम्की दिए । त्यही कारणले गर्दा भर्खरै उहाँले आरम्भ गर्नुभएको प्रौढकक्षा नै बन्द गर्नुपरेको थियो । त्यतिबेला दुर्गालाई दिइएको ज्यान मार्ने धम्की र समाजले उहाँलाई सहयोग र समर्थन नगरेको अवस्थाका कारण उहाँ र उहाँका बालबच्चा समेत त्रसित थिए । बच्चा र सासु दुर्गालाई बाहिर नजानू भन्दै रून्थे, तर उहाँले जानुका नेपालीको घटनालाई राष्ट्रियस्तरसम्म प्रचार गर्नुका साथै जानुकाका बालबच्चाका लागि दलित महिला सङ्घका तर्फबाट पढाउने व्यवस्था समेत मिलाइ सहयोग गर्नुभयो ।

दलित र गैरदलित बीचको अन्तरजातीय विवाह पनि समाजमा तनाव सिर्जना गर्ने विषय हो । जस्तै, गैर दलित राजकुमार दनुवारले दलित सीता परियारलाई गर्भवती बनाएका थिए, तर राजकुमारलाई स्थानीय व्यक्तिहरूले भगाइदिए । प्रशासनले राजकुमारलाई खोज्न कुनै पहल नगरेकाले दुर्गा समेतले उनलाई पक्राउ गरी प्रहरी प्रशासनमा बुझाउनुभएको थियो । त्यसपछि राजकुमार र सीताको विवाह दर्ता, सीताको नागरिकता बनाउने र बच्चाको जन्मदर्ता गर्ने काम दुर्गाकै अगुवाइमा भएको थियो । ती महिलाको सुत्केरी लगायत सम्पूर्ण खर्च दुर्गा आफैँले बेहोर्नु भएको थियो । यस घटनामा पनि दुर्गालाई परम्परावादी समाजबाट धेरै धम्की आएका थिए । यसरी नै सामूहिक बलात्कार भएको एउटा घटनामा पीडकलाई समातेर प्रहरी प्रशासनलाई बुझाउने काममा पनि उहाँ संलग्न हुनुहुन्थ्यो ।

त्रियुगा नगरपालिका वडा नं. १ स्थित बोक्सेस्थित जिल्ला प्रशासन कार्यालय अगाडि सार्वजनिक स्थलमा एकजना दलित महिलामाथि एकजना पुरेत थरका व्यक्तिले गरेको अपमानको घटनामा दुर्गाले सोही स्थानमा पत्रकार, मानवअधिकारकर्मी, दलित अधिकारकर्मी र राज्यसमेतको उपस्थितिमा बृहत् छलफल गराइ पीडक पुरेतलाई माफी माग्न लगाउनु भएको थियो । आफ्नै पहलमा भएको उक्त कार्यका सम्बन्धमा दुर्गा भन्नुहुन्छ, 'केहीले मेरो त्यो कार्यलाई कसैको अपमान गरेको भनेका थिए भने कसैले मलाई स्यावासी पनि दिए ।'

पार्टी र समाजको काम गर्दागर्दै दुर्गा एमालेको जिल्ला कमिटी सदस्य बन्नुभयो । संविधानसभाको चुनावमा प्रत्यक्ष निर्वाचनका लागि पार्टीले सिफारिस गरे पनि उहाँले अस्वीकार गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ, 'म दलित महिला, आर्थिक स्थिति कमजोर भएका कारण चुनावमा जित्न गाह्रो हुन्छ । मैले समानुपातिकमा भए मञ्जुर छ

भन्ने कुरा पार्टीमा राखेकी थिएँ । पार्टीले पनि समानुपातिकमा नै मेरो नाम प्रस्ताव गऱ्यो ।' तर, दुर्गा चुनाव प्रचारका लागि अरू उम्मेद्वारहरूसँगै उदयपुरका विकट ठाउँहरूमा पुग्नुभएको थियो ।

दुर्गाले संविधानसभाको सदस्य हुन्छु भनेर कल्पना पनि गर्नु भएको थिएन । उहाँ सुनाउनुहुन्छ, 'सभासद् भएको सुन्दा मेरो आँखाबाट खुशीको आँशु झरेको थियो । हिजो म एउटा परिवार, समुदाय, जिल्लामा मात्र सीमित थिएँ, तर आज राष्ट्रको जिम्मेवारी बोकेकी छु ।' तर, संविधानसभाका नीति, नियम र प्रक्रियाहरू बुझ्न दुर्गालाई निकै समय लागेको थियो । संविधानसभा र व्यवस्थापिका संसद्का विधि तथा प्रक्रियाबारे उहाँलाई अझै पनि सबै कुरा बुझिसकेको जस्तो लाग्दैन । सभासद् भएपछि विभिन्न सङ्घसंस्थाहरूले आयोजना गरेका तालिम र गोष्ठीहरूले आफ्नो क्षमता विकासमा सहयोग पुऱ्याएको दुर्गाको भनाइ छ ।

सभासद् भइसकेपछि राज्यका कुन निकायले के काम गर्छन् र कहाँ के काम हुन्छ भन्ने राम्ररी जानकारी पाएको दुर्गा बताउनुहुन्छ । सभासद् हुँदाका तीतामीठा कुरा सम्झँदै उहाँ भन्नुहुन्छ, 'सभासद् भएपछि आफूले गर्न सक्ने काम मात्र बोल्नु पर्ने रहेछ, नीति नियममा रहेर बोल्नु पर्ने रहेछ । जनभावनालाई बुझेर काम नगर्दासम्म जनताको काम पूरा गरेको मानिदैन । जनताको चाहना र आवश्यकता पूरा गर्न सजिलो हुँदोरहेनछ भन्ने अनुभव भएको छ ।'

दुर्गा संविधानसभा अन्तर्गत राष्ट्रिय हितको संरक्षण समितिमा हुनुहुन्छ । उहाँले समितिमा राज्यका हरेक तह र निकायमा जनसङ्ख्याका आधारमा दलित लगायत पछाडि पारिएका अन्य समुदायहरूको समावेशी तथा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने, सीमा व्यवस्थापन गर्नुपर्ने, हरेक सरकारी निकायमा दलितका लागि आरक्षणको व्यवस्था हुनुपर्ने माग गर्नुभयो । साथै, महिलालाई निःशुल्क र उच्च शिक्षा, निशुल्क स्वास्थ्य, महिलाका लागि रोजगारी, महिलाभित्र पनि दलित आदिवासी/जनजाति, मधेसी, अपाङ्ग, जस्ता पछाडि पारिएका समुदायका महिलाहरूको सहभागितालाई विशेष जोड दिनुपर्ने मुद्दाहरू उहाँले उठाउनुभयो ।

महिला सभासद्हरूले वर्तमान राज्य संरचनाका कारण संविधानसभा भित्र र बाहिर निकै पीडा र भेदभाव खेप्नु परेको उहाँको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'महिलालाई संविधानसभामा बोल्नका लागि त्यति प्रोत्साहित गरिँदैन । पहिलो प्राथमिकता दलका नेतालाई दिइन्छ । समय रहेमा मात्र महिलाको पालो आउँछ । संविधानसभाको गेटमा पनि कर्मचारी र सुरक्षाकर्मीहरूबाट महिला भएकै कारणले पुरूष सभासद्सरह सम्मान पाइँदैन । विभिन्न मन्त्रालयमा प्रस्ताव लिएर जाँदा महिलाले लगेको कुरा भन्दै त्यति सुनुवाइ गरिन्न, ढिलाइ पनि गरिन्छ । महिला सभासद् त हो नि भनेर पार्टीभित्र पनि कम ठानिन्छ ।'

नयाँ संविधानमा दलितहरूका अधिकार सुनिश्चित गराउने दायित्व आफ्नो काँधमा विशेषरूपमा आएको दुर्गा बताउनुहुन्छ । त्यसकारण, जातीय छुवाछुतलाई निर्मूल गराउने र राज्यका हरेक निकायमा दलितको समानुपातिक प्रतिनिधित्व गराउने प्रावधान संविधानमै स्पष्ट उल्लेख गराउन दुर्गा संविधानसभामा र आफ्नो पार्टीभित्र सङ्घर्षरत हुनुहुन्छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : दुर्गाकुमारी विश्वकर्मा |
| ठेगाना स्थायी | : ढिकुरपोखरी गाविस–१, अधिकारी डाँडा, कास्की, गण्डकी |
| अस्थायी | : लाजिम्पाट, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४११५२६९५ (मो) |
| जन्म मिति | : २०३८/१०/९ |
| जन्म स्थान | : ढिकुरपोखरी गाविस–१, कास्की |
| आमाको नाम | : अम्बिका विश्वकर्मा |
| बुबाको नाम | : पदमसिंह विश्वकर्मा |
| श्रीमान्को नाम | : विनय थापा |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# माओवादीको नाम 'प्रयोग' गरें

सात कक्षामा पढ्ने एकजना विद्यार्थीले 'शिक्षकले पढाउनेबेलामा कक्षा छाडेर अन्त लाग्नु हुँदैन, सरकारी विद्यालयको शुल्क घटाउनुपर्छ, शिक्षकले जाँडरक्सी खान हुन्न' भनेर माग गर्नु पर्ने स्थिति आउनु भनेको विद्यालयमा कतिसम्मको अराजकता थियो र शिक्षकहरूले कतिसम्म अनुशासन पालना गरेका थिएनन् भनेर कल्पना गर्न सकिन्छ । तर, ती विद्यार्थीको कुरा शिक्षक तथा विद्यालय प्रशासनले नसुनेपछि बाध्य भएर उनले तत्कालीन नेकपा माओवादी पार्टीको नाम प्रयोग गरेर स्कुलमै सूचना टाँसे जसले गर्दा १० दिन विद्यालय बन्द भयो ।

आफू पढ्ने स्कुलका शिक्षकलाई अर्तिबुद्धि दिने र माओवादी नेताका नाममा सूचना टाँस्ने अरू कोही नभएर उत्साहित विद्यार्थी दुर्गा विक हुनुहुन्थ्यो । कास्की जिल्ला क्षेत्र नं. ४ बाट संविधानसभाको चुनाव जित्नु भएकी दुर्गा राजनीतिक क्षेत्रमा प्रवेश गर्ने आफ्नो प्रमुख आधार नै माथि उल्लेख गरिएको घटना भएको बताउनुहुन्छ ।

दुर्गा पढ्ने प्रशु प्राथमिक विद्यालयमा प्रायः सबैजसो कक्षामा पढाउने शिक्षक हुँदैनथे । तर उहाँले सो विद्यालयमा जेनतेन पाँच कक्षासम्म पढ्नुभयो । तर, घरको आर्थिक अवस्था कमजोर भएकोले त्यसपछि उहाँको पढाइ छुट्यो । आफूसँगसँगै पढेका साथीसँगी सबैले पढेको देखेर र आफू चाहिँ पढाइमा पछाडि परेको महसुस गरेर केही वर्षको अन्तरालपछि दुर्गाले पुनः पढ्ने निधो गर्नुभयो र उहाँ सिर्जना माध्यमिक विद्यालयमा छ कक्षामा भर्ना हुनुभयो । अलि ठूलै उमेर भएपछि सानो कक्षामा भर्ना भएकोले पढ्ने चाहना निकै गहिरो भएपनि विषयवस्तुहरू बुझ्न उहाँलाई गाह्रो परिरहेको थियो, घरमा पढ्नका लागि उहाँलाई सहयोग गर्ने कोही थिएनन् । तर, स्कुलमा शिक्षकले उहाँलाई प्रोत्साहन गर्नुको साटो 'अरू सबैले पढाएको बुझ्ने तिमीले चाहिँ नबुझ्ने' भनेर निरूत्साहित पार्ने काम भएपछि त्यसको उहाँले विरोध गर्नुभयो । शिक्षकले 'सानो मान्छेको ठूलो कुरा' भनेर उल्टै उहाँको कुरालाई दवाउन खोजे । तर, उहाँले २०५४ सालमा विद्यालय व्यवस्थापन र प्रधानाध्यापक समक्ष आफ्नो मागपत्र

पेश गर्नुभयो । मागपत्रमा पूरा समयमा पढाइ हुनुपर्ने, पढाउने शिक्षक विषय मिलाएर राख्नुपर्ने, शिक्षण व्यवस्थित र सर्वसुलभ हुनुपर्ने जस्ता मागहरू थिए । तर, विद्यालय व्यवस्थापनले दुर्गाको मागलाई वास्ता नगरेपछि उहाँले माओवादी पार्टीको नाम प्रयोग गरेर उक्त मागपत्र विद्यालयमा टाँस्नुभयो । विद्यालयमा सो सूचना साँच्चि नै माओवादीले टाँसेको ठानेर विद्यालय व्यवस्थापनमा तनाव उत्पन्न भयो ।

विद्यालयमा माओवादीको नाम प्रयोग गरेर सूचना टाँसेपछि विद्यालय प्रशासनले बाध्य भएर आफ्नो माग लागू गर्ला भन्ने दुर्गालाई लागेको थियो । तर, त्यतिबेलासम्म दुर्गाको माओवादी पार्टी तथा पार्टीका सदस्यसँग कुनै सम्पर्क थिएन । १० दिन विद्यालय बन्द भएपछि टोल तथा विद्यालय व्यवस्थापनको बैठक बस्यो । साथै यो कुरा माओवादीसम्म पनि पुग्यो र माओवादी पार्टीका स्थानीय नेता तथा कार्यकर्ताहरू बीच आफ्नो संलग्नता नभएको मुद्दामा कसरी नाम जोडियो भनेर खैलाबैला मच्चियो । तर पछि विद्यालयको बैठकमा दुर्गाले मैले गरेको माग बेठीक हो भने मलाई कारबाही होस्, ठीक हो भने पूरा गर्नुपर्‍यो भन्ने आशयको कुरा राख्नुभयो । उहाँ भन्नुहुन्छ, 'मैले भनेको कुराले मात्र विद्यालय प्रशासनले टेर्ने स्थिति थिएन, त्यसैले माओवादीको नाम प्रयोग गरें ।' यो घटनापछि स्थानीय माओवादी नेताहरू छवि अधिकारी, सञ्जय पौडेल र विजय गुरूङ विद्यालय प्रशासन तथा दुर्गाको सम्पर्कमा आएर उनीहरूले दुर्गालाई सहयोग पनि गरे । माओवादीसँगको यही सम्पर्क नै दुर्गाको नेकपा (माओवादी) प्रवेश गर्ने माध्यम बन्यो । त्यसपछि उहाँको पढाइ फेरि छुट्यो ।

२०५८ सालमा दुर्गा माओवादी पार्टीको पूर्णकालीन सदस्य बन्नुभयो । सोही साल देशमा सङ्कटकाल लागू गरिएपछि २०५८ साल मङ्सिर २२ गते उहाँ पक्राउमा पर्नुभयो । उहाँलाई पक्राउ गरेर कास्कीको फूलबारी ब्यारेकमा यातना दिएर राखियो । उहाँ भन्नुहुन्छ, 'हिरासतमा छँदा दिइएको शारीरिक र मानसिक यातनाले अहिलेसम्म मेरो छाती र मुटुमा खराबी देखिएको छ । मैले अहिले चिसो चलाउन हुँदैन, करङ फ्याक्चर भएकाले समस्या छ र अरू पनि थुप्रै स्वास्थ्य समस्याहरू देखिएका छन् ।' त्यतिबेला दुर्गालाई पक्राउ गरी ६ महिनासम्म बेपत्ता पारेर बाहिर चाँहि उहाँको मृत्युको खबर फैलाइएको थियो । छ महिनापछि उहाँलाई जेल चलान गरियो र २०६० साल वैशाख ७ गते पार्टीले धरौटी राखेपछि मात्र उहाँ जेल मुक्त हुनुभयो । तर, राज्यले उहाँलाई आतङ्ककारीको आरोप लगाएर २०६१ साल भदौदेखि कार्तिकसम्म पुनः गिरफ्तार गरि फेरि जेल चलान गर्‍यो ।

दुर्गाका बुबा पद्‌मसिंह विश्वकर्मा पनि वामपन्थी आन्दोलनमै हुनुहुन्थ्यो र आमा अम्बिका विश्वकर्मा र दाजु पनि राजनीतिमा अभिरूचि राख्नुहुन्थ्यो । त्यसैले परिवारकातर्फबाट दुर्गालाई राजनीतिमा लाग्न त्यति अप्ठेरो भने परेन । तर, घर बाहिरको वातावरण भने उहाँका लागि सहज थिएन । महिला त्यसमाथि दलित भएका कारण उहाँले विभिन्न किसिमका चुनौतीहरूसँग सामना गर्नुपर्‍यो । थुप्रै ठाउँमा महिलाले के गर्न सक्छन् र भन्ने खालको व्यवहार खप्नु पर्‍यो । कतिपयले उहाँलाई 'घरपरिवार स्याहारेर घरमा नबसेर किन राजनीतितिर लागेको' भनेर हतोत्साहित पनि गर्न खोजे ।

दुर्गाकी १३ वर्षीया बहिनी पनि माओवादीको जनवादी सांस्कृतिक टोलीमा सामेल थिइन् । २०६० साल माघ २४ गते ल्वाङ घलेल गाविसमा दुर्गालाई भेट्न आउने क्रममा दुर्गाकी बहिनीको सेनाद्वारा हत्या भयो । दुर्गा भन्नुहुन्छ, 'बहिनी मारिएको घटनाले आमा मानसिक रूपमा विक्षिप्त हुनुभएको छ । राजनीति गर्दा सर्वस्व गुमाएकी छु, तर

पनि पार्टीमा इमान्दारितापूर्वक लागेरहेकै छु ।' दुर्गाको गोर्खा जिल्लाका विनय थापासँग २०६४ असार १८ गते जनवादी विवाह भएको थियो ।

दुर्गा २०५६ सालमा अनेरास्ववियु (क्रान्तिकारी)को इलाका सदस्य बन्नुभएको थियो । उहाँ २०६०/६१ मा कास्की जिल्ला विद्यार्थी कोषाध्यक्ष हुनुभयो भने २०६१/६२ मा गण्डक विद्यार्थी सदस्य र २०६२ मा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) कास्कीको जिल्ला अध्यक्ष हुनुभयो । यस्तै २०६२/६३ सालमा पार्टीको इलाका इन्चार्ज हुनुभएकी दुर्गा २०६४ सालदेखि हालसम्म कास्की जिल्लाको सहिद परिवार समाजको अध्यक्ष हुनुहुन्छ ।

दुर्गाले आफू सभासद् हुन्छु भन्ने कहिल्यै कल्पना गर्नु भएको थिएन, तर काम गर्दै जाँदा सफल भइन्छ भन्ने कुरामा चाहिँ उहाँ निश्चिन्त हुनुहुन्थ्यो । उहाँ संविधान सभाअन्तर्गतको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको अर्थ र श्रम समितिका सदस्य हुनहुन्छ । उक्त समितिहरूमा उहाँले दलित महिलाका पक्षमा वास्तविक नीति हुनुपर्ने, जातीय छुवाछुतको अन्त्य गरिनुपर्ने र बलात्कार लगायतका दुर्व्यवहार गर्नेलाई कडा कारबाही गर्नुपर्नेजस्ता कुरा उठाउनुभएको छ । साथै लाखौं युवायुवती रोजगारीका लागि विदेश जानेक्रम रोकिनुपर्ने, सरकारले युवा रोजगारीका लागि व्यवस्थित र योजनाबद्ध रूपमा कार्यक्रम अगाडि बढाउनुपर्ने कुरालाई पनि उहाँले जोड दिनुभयो । श्रम र अर्थ समितिमा आफूले उठाएका मुद्दाहरूलाई स्थान नदिइएको र सीमित मान्छे बसेर बैठक गरिएकोमा उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ ।

बच्चा सानो भएका कारण संविधान निर्माणका लागि सुझाव सङ्कलन गर्न जान र संविधानसभाको बैठक लगायतका कार्यमा खट्न अप्ठेरो परेको उहाँको अनुभव छ । तैपनि आफ्ना जिम्मेवारीहरू पूरा गर्न पछि नहटेको दुर्गाको भनाइ छ । दुर्गालाई 'राजनीतिमा लागेर गलत गरें भन्ने लाग्दैन' । त्यसैले उहाँले राजनीतिक क्षेत्रलाई नै भविष्यमा पनि निरन्तररूपमा अङ्गाल्ने सोच बनाउनुभएको छ । दुर्गा भन्नुहुन्छ, 'राजनीतिमा लागेकै कारण स्वास्थ्यका हिसाबले मलाई र बच्चा दुबैलाई पीडा भयो तर राजनीतिमा बेकार लागेछु भन्ने कहिल्यै भएको छैन ।'



**व्यक्तिगत विवरण**

नाम : दुर्गा जयन्ती राई
ठेगाना स्थायी : नेर्पा गाविस, वडा नं ६, बेसी टोल, खोटाङ्ग, सगरमाथा
अस्थायी : गोठाटार गाविस, टाउन प्लानिंग, काठमाडौ
सम्पर्क ठेगाना : ९७४११३७०१३ (मो)
इमेल : durgajayanti@yahoo.com
जन्म मिति : २०३१/०७/०३
जन्म स्थान : खोटाङ्ग
आमाको नाम : स्व. लाखरानी राई
बुबाको नाम : स्व. सर्वधन राई
श्रीमान्को नाम : प्रकाश खतिवडा
शिक्षा : प्रमाणपत्र तह
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# म जनआन्दोलनको पृष्ठभूमिबाट आएकी हुँ

समाज वर्गमा विभाजित छ, समाजमा एउटा बसिखाने वर्ग र अर्को गरिखाने वर्ग छन् । बसिखाने वर्गले गरिखाने वर्गको श्रमले ऐस आराम गरेर उनीहरूलाई शोषण गर्छ । यस्तो वर्गमा विभाजित समाजको अन्त्य हुनुपर्छ र अन्याय तथा अत्याचारमा परेको वर्गका मुक्तिका लागि केही गर्नुपर्छ भन्ने बुझाइले गर्दा दुर्गा जयन्ती राई राजनीतिप्रति आर्कषित हुनुभयो । सबै मान्छेले सम्मानजनक ढङ्गले बाँच्न पाउने समाजको सिर्जना गर्ने उद्देश्य बोकेर उहाँ राजनीतिमा लाग्नुभयो ।

दुर्गा जयन्तीको पारिवारिक पृष्ठभूमि राजनीतिक थियो । उहाँको जेठो दाइ सुवासचन्द्र राई २०३५/३६ सालदेखि नै तत्कालीन नेकपा चौथो महाधिवेशन (चौ.म.) मा क्रियाशील हुनुहुन्थ्यो । घरमा राजनीतिकर्मीहरूको आवत-जावत भइरहन्थ्यो । दाजुको प्रेरणा, राजनीतिकर्मीहरूसँगको सरसङ्गत र उनीहरूसँगको अन्तर्क्रियाले उहाँले तत्कालीन संयुक्त जनमोर्चाको विद्यार्थी सङ्गठन र महिला सङ्गठनमा २०५२/५३ सालदेखि काम गर्नुभयो । खोटाङ्ग जिल्लाको नेर्पा गाविसमा जन्मनु भएकी दुर्गा जयन्तीले १७ वर्षको उमेरमा एसएलसी उर्त्तीण गरेर प्रमाणपत्र तहसम्मको अध्ययन पनि पूरा गर्नुभयो ।

दुर्गा जयन्तीले राजनीति सुरू गर्दा उहाँका बुबा भारतीय सेनाबाट पेन्सनमा आई अमेरिकन राजदुतावास काठमाण्डौंमा कार्यरत हुनुहुन्थ्यो र आमा खेती किसानी गर्नुहुन्थ्यो । अहिले उहाँका आमाबुबा बितिसक्नु भएको छ । संविधानसभा सदस्य भइसकेपछि २०६६ सालमा उहाँले प्रकाश खतिवडासँग अर्न्तजातीय विवाह गर्नु भयो । प्रकाश खतिवडा रेडियो पत्रकारिता गर्नुहुन्छ । दुर्गा जयन्ती भन्नुहुन्छ, 'वामपन्थी आन्दोलनमा लागेको र वर्गीय समाजको अन्त गर्छु भनेर हिँडेको मान्छेले यो जात त्यो जात र ठूलो वा सानो जात मान्दैन । हाम्रो विवाह पार्टी विचार र सिद्धान्त मिलेकै कारणले भएको हो । श्रीमान्को पारिवारिक पृष्ठभूमि पनि राजनीतिक भएकोले हामीलाई सजिलो भयो ।'

राजनीतिको बाटोमा हिँड्दा दुर्गा जयन्तीले प्रहरी हिरासतमा बस्नु परेको र केही समय जिल्ला बाहिर भूमिगत जीवन बिताउनु परेको थियो । २०५३ साल वैशाख ९ गते खोटाङ्ग जिल्ला नेर्पा गाविस वडा नं. ९ स्थित टंकनाथ आचार्यको घरमा माओवादीले आक्रमण गरेको घटनामा संलग्न भएको भनी प्रहरीले दुर्गा जयन्ती र उहाँका दुईजना दाजुहरूलाई पक्राउ गरी ६ दिनसम्म हिरासतमा राख्यो । त्यतिबेला माओवादीको आरोपमा खोटाङ्गबाट पक्राउ पर्ने उहाँ पहिलो महिला हुनुहुन्थ्यो । यद्यपि, उहाँ त्यतिबेला संयुक्त जनमोर्चा नेपालमा आबद्ध र क्रियाशील हुनुहुन्थ्यो ।

२०५५ सालदेखि २०६१ सालसम्म दुर्गा जयन्ती शिक्षण पेशामा हुनुहुन्थ्यो तर २०६१ सालमा उहाँले शिक्षण पेशाबाट राजिनामा दिनुभयो । २०६१ सालदेखि २०६४ सालसम्म उहाँले जनमोर्चा नेपालको पूर्णकालीन कार्यकर्ता भएर काम गर्नुभयो । साथै २०६४ देखि २०६५ सम्म पार्टीको केन्द्रीय सदस्य भएर पार्टीले दिएका जिम्मेवारीहरू पनि पूरा गर्नुभयो । जनमोर्चा नेपाल नेकपा (माओवादी) पार्टीमा एकिकृत भएपछि २०६५ सालदेखि हालसम्म उहाँ एनेकपा (माओवादी)को किराँत राज्य समिति, सचिवालय सदस्य र अनेमसङ्घ (क्रान्तिकारी)को केन्द्रीय सचिवालय सदस्य हुनुहुन्छ ।

संसदीय राजनीति पद धारण गर्ने उद्देश्य लिएर आफूले राजनीति सुरू नगरेको र संविधानसभा सदस्य हुन्छु भनेर पनि नसोचेको दुर्गा जयन्तीको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'मेरो राजनीतिक उद्देश्य ठूलो ठाउँमा पुगौँ शासन र हैकम चलाउँ भन्ने थिएन । समाजमा रहेको असमानता हटाउनुपर्छ र सबैले श्रम गरेर खान पाउनुपर्छ, र श्रमको मूल्याङ्कन हुनुपर्छ भन्ने बुझाइले म राजनीतिमा आएको हुँ । संविधानसभामा म जनआन्दोलनको पृष्ठभूमिबाट आएको हुँ । त्यसैले म अहिले जहाँ पुगेँ सन्तुष्ट नै छु ।'

संसदीय राजनीतिको अनुभव नभएकोले संविधानसभा सदस्य भएपछिका सुरूका दिनहरूमा संविधानसभा र व्यवस्थापिका संसद्का नियम र प्रक्रियाहरू नबुझेर दुर्गा जयन्ती केही अलमल्लमा पर्नु भएको थियो । उहाँ भन्नुहुन्छ, '२०६५ साल जेठ १५ गते संविधानसभाको पहिलो बैठकमा सहभागी भएँ । त्यसबेला संविधानसभा र व्यवस्थापिका संसद्को दुबै बैठक बसेको रहेछ । बैठक छुट्टा छुट्टै बसेको भएपनि कुन चाहिँ संविधानसभा र कुन व्यवस्थापिकाको बैठक थाहा भएन । संविधानसभाको बैठकले चाहिँ हामीलाई सपथ ग्रहण गराए जस्तो लाग्छ । त्यतिबेला त्यस्तो दुविधा म जस्तो धेरै नयाँ सभासद्हरूलाई पनि भयो होला भन्ने लाग्छ ।' तर उहाँले संविधानसभा र व्यवस्थापिकाको भिन्नता र बैठकका नियम, अनुशासन तथा प्रक्रियाहरू बिस्तारै बुझ्दै जानुभयो र अहिलेसम्म आइपुग्दा उहाँले संसदीय व्यवस्था सम्बन्धी धेरै अनुभव हासिल गरिसक्नु भएको छ ।

दुर्गा जयन्ती संविधानसभा अन्तर्गत अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति र व्यवस्थापिका संसद् अन्तर्गत प्राकृतिक स्रोत साधन समितिका सदस्य हुनुहुन्छ । उहाँले सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिमा सीमान्तकृत र अल्पसंख्यक समुदायको पहिचान, भाषा, आर्थिक, सांस्कृतिक र राजनीतिक अधिकार नयाँ बन्ने संविधानमा सुनिश्चित हुनुपर्छ भनेर आफ्ना भनाइहरू राख्नुभयो । उहाँको भनाइ छ, 'अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई संख्याको आधारमा मात्र परिभाषित गर्न हुँदैन । संख्या बाहेक राज्यको हरेक क्षेत्रमा पछाडि पारिएका जाति वर्ग र लिङ्गको उपस्थिति र पहुँचलाई पनि हेर्नुपर्छ ।' हिजोको व्यवस्थाले यी समुदायका हक अधिकारलाई वास्ता नगरेको तर अहिले बन्ने संविधानमा अरू जातिले पाए

सरह सम्पूर्ण अवसर उनीहरूले पनि पाउनुपर्ने दुर्गा जयन्तीको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'खासगरी उनीहरूको राजनीतिक, आर्थिक, भाषिक, सांस्कृतिक र धार्मिक अधिकार नयाँ संविधानमा सुनिश्चि हुनुपर्छ भनेर मैले समितिमा कुरा उठाएकी छु ।'

महिलाको अधिकारका कुरा गर्दा नयाँ संविधानमा नसमेटि नहुने सबै भन्दा महत्वपूर्ण मुद्दा महिलाको वंश र अंशको अधिकार भएको कुरा दुर्गा जयन्ती बताउनु हुन्छ । उहाँ भन्नुहुन्छ, 'नयाँ संविधानमा राख्नुपर्ने मुख्य एजेन्डा नै महिलाको वंश र अंशको अधिकार हो । त्यसपछि प्रजनन स्वास्थ्यको अधिकार र शैक्षिक अधिकार पनि एउटा मुख्य अधिकारभित्रै पर्छ । अंशको अधिकारसँग आर्थिक अधिकारको कुरा आइहाल्छ । समान कामका लागि समान ज्यालाको अधिकार पनि महिलाको अर्को मुख्य एजेन्डा हो र यी विषयमा मैले सक्दो कुरा उठाएकी छु ।'

दुर्गा जयन्तीका अनुसार, समितिका मस्यौदा प्रतिवेदनहरूमा महिलाका धेरै मुद्दाहरू समेटिएपनि ती प्रतिवेदनहरूमा राज्यको हरेक तह तथा तप्कामा महिलाको समानुपातिक समावेशी सहभागिता शब्द राख्न र राज्यको संवैधानिक अङ्गहरूमा यति प्रतिशत वा यतिजना महिला अनिवार्य हुनुपर्छ भनेर तोक्न कन्जुस्याँइ गरिएको छ । उदाहरणका लागि निर्वाचन आयोग कति सदस्यीय हुने र त्यसमा कम्तिमा कतिजना महिला हुनुपर्ने भन्ने स्पष्ट व्यवस्था नभएकोमा उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'जनसंख्याको हिसाबले हामी महिलाहरू ५० प्रतिशत छौँ । विगतका हरेक राजनीतिक आन्दोलन सफल पार्न हाम्रो पनि भूमिका महत्वपूर्ण छ । त्यसैले महिलाको संख्या संवैधानिक हिसाबले नै किन किटान नगर्ने? अधिकार दिने कुरामा किन कन्जुस्याइँ गरिन्छ? जस्तो राज्यको प्राकृतिक स्रोत साधन प्रयोग गर्दा महिलालाई अग्राधिकार किन नदिने? यी विषय पनि मस्यौदा प्रतिवेदनहरूमा छुटेको छ ।'

इतिहासको लामो कालखण्डदेखि नै महिलाहरू उत्पीडनमा परेकाले गर्दा महिलाहरूले पुरूषसँग प्रत्यक्ष प्रतिस्पर्धा गरेर अघि बढ्ने स्थिति बनिसकेको छैन । त्यसैले पनि महिलाका लागि अहिले विशेष अधिकारको व्यवस्था हुनुपर्ने दुर्गा जयन्ती बताउनुहुन्छ, 'संविधानसभा निर्वाचनको अनुभवलाई नै हेरौँ न, निर्वाचनमा ३३ प्रतिशत महिला उम्मेद्वार बनाउनुपर्ने संवैधानिक व्यवस्था भएकाले दलहरूले बाध्य भएर ३३ प्रतिशत महिला उम्मेद्वार त बनाए तर, उनीहरूलाई नजित्ने ठाउँमा सक्षम पुरूषसँग चुनावमा भिडाए । त्यसैले नयाँ संविधानमा अधिकारको मात्र व्यवस्था गरेर भएन क्षतिपूर्तिको कोटा समेत व्यस्था गरेर महिलाको समान सहभागिता र समान उपस्थितिको नीति नै बनाउनुपर्छ ।'

पितृसत्तात्मक समाजको राजनीतिक दलहरूभित्र पनि मधुरो ओझेल परेको र अहिले नेताहरूले नचाहेर केन्द्रीय तथा राज्य समितिमा महिलाको संख्या बढाउन बाध्य भएको दुर्गा जयन्ती बताउनुहुन्छ । तर दलहरूको पोलिटब्युरो र पदाधिकारीमा अझै पनि महिलाको उपस्थिति न्युन छ । संविधानसभा र सदनमा बोल्ने कुरामा पनि पुरूषहरू नै बढी छन् । उहाँ भन्नुहुन्छ, 'संविधानसभा र व्यवस्थापिका संसद्मा धेरैजसो महत्वपूर्ण राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विषयमा पुरूषहरूले नै बोल्ने मौका पाउँछन् किनभने दलका नेता र उपनेता जस्ता पदमा पुरूषहरू नै छन् । महिला सचेतकहरू भएपनि उनीहरूले बोलेको कमै मात्र सुनिन्छ । यसो हुनुमा उनीहरूले नसकेर होइन कि अवसरै नपाएको हो भन्ने मलाई लाग्छ ।'



**व्यक्तिगत विवरण**

नाम : दुर्गादेवी महतो
ठेगाना स्थायी : मुरली गाउँ, मुरली नपा-१५, पर्सा, नारायणी
अस्थायी : बानेश्वर, काठमाण्डौं
सम्पर्क ठेगाना : ९७४११७९७६९ (मो)
जन्म मिति : २०३२/२/५
जन्म स्थान : रक्सौल, भारत
आमाको नाम : सयलदेवी मण्डल
बुबाको नाम : अक्कुलु मण्डल
श्रीमान्‌को नाम : भीम महतो
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# देश र मधेसको प्रगतिका लागि लगानी गर्ने

मधेस आन्दोलनले जन्माएका केही जोशिला महिला नेतृहरूमध्ये दुर्गादेवी महतो पनि एक हुनुहुन्छ । दुर्गादेवीको राजनीतिक पृष्ठभूमि त्यति लामो नभएपनि उहाँले २०६३ सालको मधेस आन्दोलनमा देखाउनुभएको जोश, जाँगर र साहस भने सबैका निम्ति प्रेरणादायी छन् ।

मधेसी जनतामाथि भएका उत्पीडन देखेर उनीहरूको अधिकार स्थापित गर्न राजनीतिमा आएको दुर्गादेवीको भनाइ छ । मधेसी महिलाहरू समाजमा मात्र होइन आफ्नै घरभित्र पनि सासु ससुरा र पतिद्वारा पीडित छन् । त्यसैले उनीहरूका मुक्तिका लागि पनि केही गरौँ भन्ने भावना जागेको उहाँ बताउनुहुन्छ । तराईका मधेसी महिलाहरूले खासगरी घुम्टो र दाइजो प्रथाका नाममा धेरै अन्याय अत्याचार सहनुपर्ने दुर्गादेवीको भनाइ छ । महिलालाई अन्याय र अत्याचार भयो भनेर प्रहरीमा उजुरी दिन जाँदा प्रहरीले उजुरीसम्म लिन नमानेका घटनाहरू पनि तराईमा प्रशस्तै छन् । 'यो विकृति हो । महिलामाथि भएको भेदभाव र महिलाको अपमान हो' दुर्गादेवी भन्नुहुन्छ ।

प्रारम्भमा दुर्गादेवी नेपाली काङ्ग्रेस पार्टीमा हुनुहुन्थ्यो । उहाँको जेठाजु पनि नेपाली काङ्ग्रेसमा २० वर्षदेखि संलग्न हुनुहुन्थ्यो । जेठाजुले नै उहाँलाई काङ्ग्रेस पार्टीको मजदूर सङ्गठन डिकोन्टको उपाध्यक्ष बनाउन मद्दत गर्नुभयो । साथै जेठाजुले दुर्गादेवीलाई पार्टीका बैठकहरूमा लैजाने र जुलुस तथा ऱ्यालीहरूमा सहभागी गराउन थाल्नुभयो । दुर्गादेवीको राजनीतिक सक्रियता बढ्न थालेपछि उहाँलाई सहयोग गर्न उहाँको श्रीमान् भीम महतोले एक टेक्स्टाइल कम्पनीको जागिर पनि छाड्नुभयो । दुर्गादेवी काङ्ग्रेस पृष्ठभूमिका कार्यकर्ता भए पनि मधेस आन्दोलनपछि मधेसी जनअधिकार फोरममा लाग्नुभएको थियो । फोरम विभाजन भएपछि उहाँ मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) मा प्रवेश गर्नुभयो ।

२०६३ सालको मधेस आन्दोलनमा ज्यानको पर्वाह नगरी आफूले देखाएको साहसका कारण उहाँ नेताहरूका आँखामा पर्नुभएको दुर्गादेवीको भनाइ छ । त्यतिबेला मधेस आन्दोलनमा लाग्नेहरूमाथि प्रहरीले निकै चर्को दमन

गरेको थियो । एकपटक मुरलीटोलमा कर्फ्यु तोड्दै अगाडि बढेको जनसमूहलाई प्रहरीले रोक्यो । त्यही क्रममा प्रहरीले लाठीचार्ज गर्दा धेरैको टाउको फुट्यो, खुट्टा भाँचियो । दुर्गादेवीले त्यो घटनालाई आफ्नो कोठामा बसेर हेरिरहनुभएको थियो । प्रहरीले हानेको अश्रुग्याँस टोलभरि फैलियो । मुरलीटोलका जनता यो घटनाबाट आक्रोशित भए र केहीले दुर्गादेवीको घरमै आएर दमनको प्रतिकार गर्न आग्रह गरे । त्यसपछि उहाँ पनि ज्यानको बाजी लगाएर जुलुस सँगसँगै सडकमा पुग्नुभयो ।

सडकको बीचमा प्रहरी बन्दुक लिएर उभिएका थिए । कसैले पनि कर्फ्यु तोडेर अगाडि बढे गोली हान्ने आदेश थियो । प्रहरीले गोली हान्ने चेतावनी दिएपछि जुलुसले अगाडि बढ्ने हिम्मत गरेन । तर दुर्गादेवी भने 'गोली हान्ने भए हान' भन्दै सडकमा अगाडि बढ्नुभयो । प्रहरीको नजिकै पुगेर उहाँले प्रहरीलाई सोध्नुभयो, 'जनता आफ्नो अधिकारका लागि आवाज उठाइरहेका छन्, तपाईंहरू किन त्यस्ता जनतालाई कुटपिट गर्नुहुन्छ?' प्रहरीले उहाँलाई भने, 'दिदी, तपाईं आफ्नो अधिकार माग्नुस् तर ढुङ्गामुढा नगर्नुस् ।' उहाँले फेरि सोध्नुभयो, 'किन बाटो छेकेर बसिरहनुभएको त को हो तपाइँहरू ? जनताको बाटो छेकेपछि त जनताले ढुङ्गा हानिहाल्छ नि ।'

उहाँको कुरा सुनेपछि प्रहरीले बाटो छाडिदियो र पछाडि हटिसकेको जुलुस पनि फेरि अगाडि बढ्यो । तर त्यत्तिकैमा एउटा केटोले प्रहरीमाथि ढुङ्गा हानेपछि प्रहरीले तुरुन्तै अश्रुग्याँस प्रयोग गरेर लाठी चार्ज पनि सुरू गर्‍यो । आन्दोलनकारीहरू सडक छाडेर भागाभाग भए । त्यस्तो बेलामा पनि केही युवाहरू, दुर्गादेवी र उहाँकी सासु सडकबाट भाग्नुभएन । दुर्गादेवी र उहाँकी सासु दुबैलाई प्रहरीले कुटपिट गरे र उहाँहरू दुबै घाइते हुनुभयो । घाइते अवस्थामा दुबैलाई नारायणी उपक्षेत्रीय अस्पतालमा भर्ना गरियो । अस्पतालबाट फर्केपछि सबैले दुर्गादेवीको तारिफ गरे । कर्फ्युको समयमा प्रहरीसँग लड्न सक्ने निडर महिला हरेक पार्टीलाई चाहिएको छ, मधेस मुक्तिका लागि पनि यस्तै महिलाको जरूरत छ भन्दै सबै पार्टीले उहाँलाई निमन्त्रणा गरे । आन्दोलनमा पुर्‍याएको योगदान र साहसको कदर गर्दै मधेसी जनअधिकार फोरमले उहाँलाई संविधानसभाको निर्वाचनमा समानुपातिक तर्फको उम्मेद्वार बनायो । हाल उहाँ संविधानसभाका सदस्यका साथै मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) को बारा जिल्ला इन्चार्ज पनि हुनुहुन्छ ।

दुर्गादेवी संविधानसभा अन्तर्गतको राज्यको शासकीय स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद्को संसदीय सुनुवाइ विशेष समितिको सदस्य हुनुहुन्छ । समितिका बैठकहरूमा उहाँले खासगरी महिलालाई नागरिकताको अधिकार र राज्यको हरेक निकायमा महिलाको ५० प्रतिशत सहभागिता सुनिश्चित हुनुपर्ने र श्रीमान् बितेका जुनसुकै उमेरका एकल महिलालाई पनि भत्ताको व्यवस्था गरिनुपर्ने माग गर्नुभएको छ । दुर्गादेवीका अनुसार उहाँ लगायत मधेस आन्दोलनबाट आएका कुनै पनि सभासद्ले उठाएका मधेसी जनताको माग संविधानसभाले पूरा गरेको छैन । त्यसैले उहाँ भन्नुहुन्छ, 'हामी सङ्घर्ष गरेर यहाँसम्म आएका हौं । तर यहाँको अवस्था देखे र भोगेपछि अझ लामो र बलियो सङ्घर्ष गनुपर्छ भन्ने लागेको छ ।'

अधिकांश महिला सभासद्हरू संविधानसभामा आफूलाई भेदभाव गरिएको महसुस गर्छन् । तर उहाँलाई संविधानसभामा आफूमाथि भेदभावपूर्ण व्यवहार भएको लाग्दैन । महिलाहरूका मुद्दालाई एकमुष्ठ रूपमा उठाउन संविधानसभा भित्र महिला ककस गठन भएको छ र ककसले महिलाको लागि ५० प्रतिशत हक स्थापित गराउने अभियानमा सक्रिय रुपले जुट्नुपर्ने दुर्गादेवीको धारणा छ ।

राजनीतिमा खारिएका मानिसहरू संविधानसभा पुग्छन् । नेपालको संविधानसभामा पनि धेरै खारिएका नेताहरू आइपुगेका छन् । तर दुर्गादेवी संविधानसभाको यो यात्रालाई आफ्नो राजनीतिको सुरूआत मात्र भन्नुहुन्छ । संविधानसभामा पुगेर आफ्नो जोश, जाँगर र चेतना अझ बढेको उहाँको अनुभव छ । भविष्यमा आफूसँग भएको यो पुँजीलाई देश र मधेसको प्रगतिका लागि लगानी गर्ने दुर्गादेवी प्रतिवद्धता जनाउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : दुर्गीदेवी पासवान |
| ठेगाना | : तारापट्टी, जनकपुर नगरपालिका-७, धनुषा, जनकपुर |
| सम्पर्क ठेगाना | : ९८०४८९४९९७ (मो) |
| जन्म मिति | : २०२९ साल |
| जन्म स्थान | : सिँगयाही, धनुषा |
| आमाको नाम | : बचकनदेवी पासवान |
| बुबाको नाम | : असर्फी पासवान |
| श्रीमान्को नाम | : किसन पासवान |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# माओवादी कार्यकर्ताको सङ्गत गर्दागर्दै भूमिगत

दुर्गीदेवी पासवान राजनीतिमा खासै चासो नराख्ने सिधासाधा गृहिणी हुनुहुन्थ्यो । तर, माओवादी विद्रोह चर्किएको बेला तत्कालीन नेकपा (माओवादी)मा सक्रिय आफ्ना साथीहरू उहाँको घरमा लुक्न आउँथे । अर्थात उहाँको घर माओवादी विद्रोही लुक्ने एउटा सेल्टर बनेको थियो । प्रहरीले शंका गरेर उहाँको घरमा माओवादीहरूलाई खोज्न आउँदा उहाँ झुटो कथा सुनाएर प्रहरीलाई फर्काइदिनुहुन्थ्यो र लुक्न आएका साथीहरूलाई बचाउनुहुन्थ्यो । आफ्नो घरमा भूमिगत हुन आउने ती साथीहरूको सङ्गत गर्दागर्दै एकदिन दुर्गीदेवी पनि भूमिगत हुनुभयो ।

महिलाले राजनीति बुझ्दैनन् भन्ने आम धारणा छ । राजनीति नबुझ्नु भनेको आफ्नो अधिकार नबुझ्नु पनि हो । त्यसैले महिलाका अधिकारहरू खोसेर परिवार र समाजले समेत महिलाको शोषण गर्दछ । तर, दुर्गीदेवीको राजनीतिमा प्रवेशले र पार्टीमा उहाँले पुऱ्याउनु भएको योगदानले महिलाले चाहेमा र उनीहरूले अवसर पाएमा पुरूषले जत्तिकै वा कतिपय अवस्थामा पुरूषले भन्दा पनि धेरै गर्न सक्छन् भन्ने मान्यता स्थापित गरेको छ ।

किसन पासवानसँग १२ वर्षको उमेरमै दुर्गीदेवीको विवाह भएको थियो । किसन पासवान राजनीतिक कार्यकर्ता भएका कारण घरमा राजनीतिक कार्यकर्ताको नियमित आउजाउ चलिरहन्थ्यो । १५ वर्षको उमेरमा दुर्गीदेवी आमा बन्नुभयो । बच्चा हुर्काउने र घरको काम गर्न मै दुर्गादेवीको दिन कटिरहेको थियो । तर, माओवादी 'जनयुद्ध' चर्किएपछि घरमा लुक्न आउने माओवादी कार्यकर्तासँग उहाँको कुराकानी भइरहन्थ्यो । उनीहरू राजनीति, गरिबी, मुक्ति, सङ्घर्षका कुरा गर्थे । देशका लागि राजनीति गर्नुपर्ने कुरा उनीहरू दुर्गीदेवीलाई सुनाउँथे । माओवादी कार्यकर्ताहरूका कुरा सुन्दासुन्दै आफू पनि भित्रभित्रै राजनीतिक रूपले परिपक्व हुँदै गएको दुर्गीदेवी बताउनुहुन्छ ।

माओवादी कार्यकर्तासँगको सङ्गतले दुर्गीदेवीले पनि सानातिना राजनीतिक जिम्मेवारी पाउँदै जान थाल्नुभयो । जस्तो महिला सङ्गठनको बैठकमा बस्ने, सङ्गठन बिस्तार गर्ने, विद्यार्थी सङ्गठनलाई सहयोग गर्ने आदि । सुरुमा

यी कामहरू उहाँ खुल्लारूपमै गर्नुहुन्थ्यो, तर प्रहरीले थाहा पाएपछि उहाँलाई अप्ठ्यारो भयो । त्यसपछि उहाँ पनि २०५३ सालमा दुई बच्चालाई लिएर भूमिगत हुनुभयो । बच्चाहरूलाई चिनेको मानिसको भरमा छोडेर पार्टीको काममा हिँड्दा एक दिनका लागि भनेर छाडेर गएका बच्चा चार पाँच दिनपछि मात्रै लिन आउनुपर्ने स्थिति पनि आउँथ्यो । कहिलेकाँहीं त महिना दिन पनि लाग्ने गर्थ्यो । पार्टीले उहाँलाई महिला सङ्गठन बिस्तार गर्ने, महिलालाई राजनीतिक प्रशिक्षण दिने, घरघरमा गएर जनतालाई राजनीतिबारे बुझाउने जिम्मेवारी दिएको थियो । मधेसमा राजनीतिकरूपले जागृत महिला थोरै थिए । आफूमाथि भइरहेको अन्याय, अत्याचार नबुझेका ती महिलालाई जागरूक बनाउनु नै उहाँको प्रमुख काम भएकोले 'जनयुद्ध'मा उहाँले बन्दुक बोक्नु परेन ।

दुर्गीदेवीभन्दा अघि नै उहाँको श्रीमान् भूमिगत भइसक्नुभएको थियो र उहाँको श्रीमान् माओवादी पार्टीको धनुषा जिल्लाको कमिटी सदस्य भएर काम गर्नुहुन्थ्यो । २०६२/६३ सालको दोस्रो जनआन्दोलन सफल भएपछि मात्र उहाँहरू दुबैले भूमिगत जीवन त्याग्नुभएको थियो । भूमिगत जीवनमा धेरै पटक दुर्गीदेवी प्रहरीको घेरामा पर्नुभयो, तर जनताले उहाँलाई बचाए । सङ्कटकालका बेला धनुषाको पछेरवा गाविसमा उहाँहरू बसिरहेकै घरमा प्रहरीले छापा मार्दा भएको रोचक घटना उहाँ अहिले पनि सम्झिहुन्छ । घरलाई प्रहरीले घेरिसकेका थिए, तर प्रहरीले उहाँको अनुहार देखेका थिएनन् । उहाँ घुम्टो ओढेर बाहिर निस्कनुभयो । प्रहरीकै अगाडिबाट उहाँ फुत्कन सफल हुनुभयो । स्थानीय जनताले पनि उहाँलाई साथ दिए । यस्तै तरिकाबाट कैयौंपटक प्रहरीलाई झुक्याएर उहाँ भाग्न सफल हुनुभएको थियो ।

एकपटक सिन्धुलीमा दुर्गीदेवीको झण्डै ज्यान गएको थियो । केन्द्रीय नेताहरूको प्रशिक्षण कार्यक्रममा भाग लिन उहाँं तराईबाट पहाडतिर लाग्नुभएको थियो । तर यसअघि पहाडको बाटोमा कहिले नहिँडेको दुर्गीदेवी हिँड्दाहिँड्दै अचानक भीरबाट लडेर खोलामा पुग्नुभयो । बचाउने कोही थिएनन् । उहाँ रातभरि खोलामै पर्नुभयो, खुट्टा मर्कियो । भोलिपल्ट गस्तीमा आएका साथीहरूले थाहा पाएर उहाँलाई बचाए र भारतको दरभङ्गा लगेर उपचार गरे । बलियो राजनीतिक सङ्कल्प र इच्छाशक्ति भएकाले मात्र त्यो रात बाँच्न सफल भएको दुर्गीदेवी बताउनुहुन्छ ।

दुर्गीदेवी संविधानसभा अन्तर्गतको राज्यको शासकीय स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद्को विधायन समितिमा सदस्य हुनुहुन्छ । संविधानसभामा उहाँले मधेसको गाउँघरमा विद्यमान घुम्टो प्रथा, दाइजो प्रथा, मागेजति दाइजो नल्याएका कारणले महिलालाई विष ख्वाएर मार्ने चलन र दलितलाई जातीय आधारमा छुवाछुत र अपहेलना गर्ने प्रथा आदि विषयहरूमा आवाज उठाउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'मधेसी महिलाका समस्या पहाडी महिलाका भन्दा बेग्लै छन् । मधेसी महिलाले अरू महिलाले भन्दा बढी हिँसा र विभेद खप्नुपर्छ । मधेसी समाजमा छोरीबुहारीलाई कतै जान नदिई र केही गर्न नदिई घरमै बन्दी बनाएर राख्ने चलन छ । राजनीति गर्ने महिलाहरूलाई त अनेक लाञ्छना लगाएर दुरूत्साहित पारिन्छ ।'

दुर्गीदेवीका अनुसार, तराईका दलितहरूको समस्या पहाडका दलितका तुलनामा अझ विकराल छ । त्यसमाथि तराईका दलित महिलाहरूको व्यथा त झनै कहाली लाग्दो छ । देशमा जस्तोसुकै परिवर्तन आएपनि दलितका लागि अझै कुनै परिवर्तन आएको छैन । राज्यकातर्फबाट उनीहरूलाई परिवर्तनको आभास दिलाउने कुनै प्रयास पनि भएको छैन । तराईका महिला र दलितका यस्ता समस्याहरूलाई हटाउन आफूले संविधानसभाभित्र निरन्तर

आवाज उठाएको दुर्गीदेवी बताउनुहुन्छ । तर, संविधानसभामा आफूले उठाएका आवाजमाथि अझै पनि कुनै सुनुवाइ नभएको दुर्गीदेवीको गुनासो छ । संविधानसभामा महिलाका कुरा सुन्ने पुरूष सभासद् कमै छन् । उहाँ भन्नुहुन्छ, 'महिलाका मुद्दाहरूमा उनीहरू मुखले गम्भीर छु भन्छन्, तर कागजमा लेखिएको कुरा कार्यान्वयन गराउन तयार छैनन् ।'

अहिलेको यो ऐतिहासिक संविधानसभा सजिलै बनेको होइन र यसका लागि हजारौं सपुतहरूले बलिदान दिएको सत्यलाई बिर्सन हुँदैन भन्ने दुर्गीदेवीको भनाइ छ । आफूले पनि ज्यानकै परवाह नगरी आन्दोलनमा लागेको प्रसङ्ग कोट्याउँदै उहाँ भन्नहुन्छ, 'संविधानसभामा आइसेकपछि पनि मैले दिनरात नभनी संविधान बनाउने काममा सघाएको छु । संविधानसभाको बैठक कहिल्यै छुटाएको छैन । तर यति काम गर्दा पनि समयमै संविधान बन्न सकेन । यही दुःखको कुरा छ ।'

राजनीतिमा लागेको मान्छेले भविष्यमा कुनै न कुनै ठाउँमा पुग्छु भनेर कल्पना गर्नु स्वाभाविकै हो । दुर्गीदेवीले पनि त्यस्तो कल्पना गर्नुभएको थियो । तर, संविधानसभाकै सदस्य हुन्छु भनेर चाहिँ उहाँले सोच्नुसम्म भएको थिएन । ऐतिहासिक संविधानसभामा पुगेपछि मन त अत्यन्त हर्षित हुनुपर्ने हो तर, नयाँ संविधान बनाउने काम नटुंगुन्जेल आफू हर्षित हुन नसक्ने उहाँको भनाइ छ ।

गाउँमा घुम्टो ओढेर बस्ने एउटी सामान्य महिला आज संविधानसभा जस्तो खुल्ला र विराट ठाउँमा पुग्नु नै आफ्नो जीवनको ठूलो सफलता भएको दुर्गीदेवी मान्नुहुन्छ । तर, जतिसुकै ठूला र राम्रा काम गरे पनि राम्रो संविधान बनाउन सकिएन भने कोही ठूलो बन्न सक्दैन भन्दै उहाँ थप्नुहुन्छ, 'राम्रो संविधान बनाउन नसकुन्जेल खुशी हुने र खुलेर हाँस्ने कुरै आउँदैन ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : दुधकुमारी हमाल |
| ठेगाना स्थायी | : दुनै गाविस-४, उपल्लो दुनै, डोल्पा, कर्णाली |
| अस्थायी | : पुरानो बानेश्वर-३४, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४११६८१६९ (मो) |
| जन्म मिति | : २०१९/१०/५ |
| जन्म स्थान | : नर्कु, डोल्पा |
| आमाको नाम | : धनी शाही |
| बुबाको नाम | : ऐनबहादुर शाही |
| श्रीमान्‌को नाम | : भद्रबहादुर हमाल |
| शिक्षा | : माध्यमिक शिक्षा |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# क्षतिपूर्ति सहित महिलाको ६० प्रतिशत सहभागिता सुनिश्चित हुनुपर्छ

नेपालको अत्यन्तै पिछडिएको दुर्गम जिल्ला डोल्पामा जन्मनुभएकी दुधकुमारी हमाल महिलाले विवाहपछि धेरै किसिमका शोषण, दमन तथा दु:ख भोग्नुपर्ने बताउनुहुन्छ । उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ, 'महिला भएकै कारणले मैले समाजमा थिचोमिचो, भेदभाव, दमन लगायतका धेरै किसिमका दु:ख भोगेकी छु । मैलेजस्तो दु:ख अरूले भोग्न नपरोस् भन्नकै लागि पनि म राजनीतिमा आउन प्रेरित भएँ ।'

दुधकुमारीको कान्छो बुबा डिल्लीबहादुर सिंह तत्कालीन गाउँ पञ्चायतका प्रधानपञ्च हुनुहुन्थयो र उहाँको काका नाता पर्ने नजिकको आफन्त दीपबहादुर सिंह पञ्चायतकालीन राष्ट्रिय पञ्चायत सदस्य (रापस) हुनुहुन्थ्यो । राजनीतिक नेताको घर भएकाले दुधकुमारीका घरमा धेरैखाले मानिसको जमघट भइरहनु र खानपानमा धेरै खर्च हुनु स्वाभाविकै थियो । यो सबै देखेर पनि पहिले उहाँलाई राजनीतिमा लाग्ने चाहना र चासो थिएन । दुई छोराकी आमा दुधकुमारी विवाह हुँदासम्म पनि राजनीतिमा सक्रिय हुनुहुन्थेन । तर आफ्ना भोगाई र जीवन अनुभवहरूले गर्दा उहाँलाई यो क्षेत्रमा आउने इच्छा लाग्यो र उहाँले राजनीतिमा प्रवेश गर्नुभयो । दुधकुमारी २०३६ सालमा नेपाली काङ्ग्रेसको साधारण सदस्य, २०४३ सालमा क्रियाशील सदस्य, २०५३ सालमा जिल्ला समिति सदस्य हुनुभयो २०५८ सालदेखि हालसम्म उहाँ महासमिति सदस्य हुनुहुन्छ ।

राजनीतिमा लागेपछि समयमा नै घरमा फर्कन नपाइने र घरमा समयमा नआउँदा र परिवारलाई भने जति समय दिन नपाउँदा गाउँ समाजले कुरा काट्ने गरेको उहाँ सुनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाले राजनीति गरेपछि घर व्यवहार हेर्न धेरै समय पाउँदैनन् त्यसैले घरपरिवारले पनि महिलाले राजनीति गरेको राम्रो मान्दैनन् ।' दुधकुमारी राजनीतिमा संलग्न भएपछि घरपरिवारले राजनीतिमा लाग्ने वातावरण सहज बन्न नदिएको उहाँको भनाइ छ । महिला र पुरूष समान छ भनिए तापनि पुरूषले घरपरिवार छाडेर पूर्ण रूपले राजनीति गर्न पाउने

तर महिलाले राजनीति गर्दा घरपरिवारलाई समेत उत्तिकै समय दिनुपर्ने अवस्था रहेको दुधकुमारी बताउनुहुन्छ । यसैगरी पुरूषहरूले बिहान बेलुकीका अनौपचारिक भेटघाट, छलफल र चियापानमा पनि विभिन्न विषयमा कुराकानी गर्ने र छलफल गर्ने मौका पाउँछन् तर, महिलाले यस्ता अनौपचारिक कार्यक्रममा स्थान पाउँदैनन् । जसले गर्दा महिलाको राजनीतिक जीवन पुरूषको भन्दा बढी कठिन र चुनौतीपूर्ण हुने पनि उहाँको अनुभवले बताउँछ ।

घरपरिवार बाहेक अन्य पार्टीका कार्यकर्ताले समेत समयसमयमा धम्की दिने र उहाँका काममा अवरोध पुऱ्याउने गरेको दुधकुमारी बताउनुहुन्छ । यद्यपि, राजनीतिमा लाग्दा यस्तै हुन्छ भन्ने सोचेर निरन्तर अगाडि बढेको पनि उहाँको भनाइ छ । दुधकुमारी २०५६ सालमा स्थानीय महिला जागृति संस्थाको अध्यक्ष हुँदा सो बापत पाउने रू. ३,०००/– तलब माओवादीले मागेको र त्यसका लागि माओवादीले पत्राचारसमेत गरेको उहाँ सम्झनुहुन्छ । तर उहाँले माओवादीलाई रकम नदिएको, बरू गाउँगाउँमा महिला विकास र उत्थानका काममा अझ क्रियाशील हुँदै पार्टीको कामसमेत अगाडि बढाएको दुधकुमारी बताउनुहुन्छ । सोही क्रममा दुनैबाट माझफालमा कार्यक्रम सञ्चालन गर्न जाँदा हालका माओवादीका एकजना संविधानसभा सदस्यले कार्यक्रम सञ्चालनमा अवरोध पुऱ्याएको दुधकुमारीको भनाइ छ ।

समय परिस्थितिले आफूलाई राजनीतिमा संलग्न गराएको र हाल संविधानसभाको सदस्य हुन पाएकोमा गर्व अनुभूति भएको दुधकुमारी बताउनुहुन्छ । राजनीतिमा लागेपछि जनताका लागि दिलोज्यान दिएर काम गर्नुपर्नेमा सोचे जति गर्न नसकिएको चाहिँ उहाँ स्वीकार्नु हुन्छ । उहाँ संविधानसभा अन्तर्गत नागरिक सम्बन्ध समिति र व्यवस्थापिका संसद् अन्तर्गत अर्थ तथा श्रम समितिको सदस्य हुनुहुन्छ । संविधानमा जनताका आवाज सङ्कलन गर्ने सिलसिलामा जनमत सङ्कलनका लागि उहाँ आफ्नै गृहजिल्ला डोल्पा पुग्नुभयो । दुर्गम जिल्लाको प्रतिनिधि भएको र संविधान लेखनमा धेरैजसो समय काठमाण्डौंमा नै रहनुपर्ने भएकाले आफ्नो क्षेत्रका जनतालाई पर्याप्त समय दिन नसकेको तर यतैबाट भए पनि जनताका काम गरिरहेको उहाँ बताउनुहुन्छ ।

दुधकुमारीले संविधानसभा र विषयगत समितिको बैठकमा महिलालाई अधिकारसम्पन्न बनाउने, अचल सम्पत्तिमा महिलाको पहुँच बढाउने, श्रीमतीलाई पनि सम्मानजनक व्यवहार गर्ने अवस्था सिर्जना गर्ने र सामाजिक विकास तथा उत्थान गर्ने कुराहरू उठाउनुभयो । यसैगरी महिलाका हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुपर्ने र महिलाको शिक्षा सुनिश्चित हुनुपर्ने विषयमा पनि उहाँले विशेष जोड दिनुभयो । महिला लगायत समाजमा पछाडि पारिएका वर्ग, समुदाय तथा क्षेत्रका जायज कुराहरू संविधानमा समावेश हुनुपर्छ भन्ने मान्यता अनुरूप आफू अझै लडिरहेको पनि दुधकुमारीको भनाइ छ । यसै सन्दर्भमा उहाँ भन्नुहुन्छ, 'राज्यको हरेक अङ्गमा महिलाको समानुपातिक प्रतिनिधित्वमा पनि क्षतिपूर्ति थप गर्दै ६० प्रतिशत महिला सहभागिता सुनिश्चित हुनुपर्छ ।'

संविधानसभामा विषयगत समितिका तर्फबाट प्रस्तुत भएका प्रतिवेदनले महिलाका समसामयिक मुद्दाहरू सम्बोधन गरे पनि महिलाको विकास, सहभागिता, सशक्तिकरण लगायतका विषयहरू प्रभावकारीरूपमा अझै सम्बोधन हुन नसकेको दुधकुमारीलाई लागेको छ । साथै विकट जिल्लाका मानिसहरू स्वास्थ्य उपचारका लागि महङ्गो जहाज चढेर काठमाण्डौंमा नै आउनुपर्ने बाध्यता छ । दुर्गम जिल्लाका कुरा केन्द्रले सुन्दैन । तसर्थ यी विषयहरूमा पनि सुधार ल्याउन राज्यले विषय योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ भन्ने पनि उहाँको माग रहेको छ ।

संविधानमा महिलाका मुद्दाहरू चाहे अनुरूप समावेश गर्न नसक्नुमा पुरूष सदस्यहरूको असहयोग र महिला सभासद्बीच एकताको अभाव नै मुख्य कारण रहेको दुधकुमारीको बुझाइ छ । संविधानसभामा विभिन्न विषयमा छलफल हुँदा समयको पालना हुन नसकेको, एजेण्डाभन्दा बाहिर गई छलफल गर्ने गरेको र छलफलका लागि पर्याप्त समयको अभाव भएकोसमेत उहाँको गुनासो छ । संविधानसभाभित्र प्रत्यक्ष निर्वाचित र समानुपातिक निर्वाचित सदस्यबीच मनोवैज्ञानिक र अप्रत्यक्ष भेदभाव भए पनि त्यसैका आधारमा हतोत्साही हुनुपर्ने अवस्था भने नरहेको उहाँ बताउनुहुन्छ ।

संविधानसभाको प्रमुख दायित्व नै संविधान लेखन र शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु हो । संविधान लेखन कार्यमा धेरै प्रगति भए पनि केही मूलभूत विषयमा दलहरूबीच विवाद उत्पन्न भएकाले चाहेजति प्रगति हुन नसकेको दुधकुमारीको धारणा छ । उहाँको विचारमा दुई वर्षको अवधिमा संविधान लेख्न सम्भव थिएन किनकि धेरै दल र विचारहरूबीच संविधान लेख्ने कार्य निकै नै चुनौतीपूर्ण छ । तर, संविधान निर्माण कार्यलाई नै केन्द्रमा राख्नुपर्ने अवस्थामा सबै दलहरू सरकार बनाउनतिर बढी क्रियाशील रहेको देख्दा उहाँलाई दुःख लागेको छ । तसर्थ संविधान लेखन कार्य करिब ६० प्रतिशत मात्र पूरा भएको पनि उहाँको भनाइ छ । समयमा संविधान निर्माण गर्दै राजनीतिक स्थायित्व कायम गर्न उहाँको सुझाव छ, 'राजनीति गर्ने सबै इमान्दार हुनुपर्छ, हत्या, हिंसा रोकिनुपर्छ किनकि हत्या हिंसाबीचमा संविधान लेख्न सकिँदैन ।'

राजनीतिमा आएपछिका दुधकुमारीका दिनहरू चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ । कुनैबेला राजनीतिमा लागेकै कारणले उहाँले आफ्नो घरपरिवार तथा समाजको चाहना विपरितसमेत सङ्घर्ष गर्नुपऱ्यो र झण्डै परिवार नै त्याग्नुपर्ने अवस्था समेत आयो । तर, पछि सबैको सहयोगले उहाँ राजनीतिमा सफल हुनुभयो । उहाँको मान्यता छ 'कोही पनि सुख पाउँदा मात्तिनु हुँदैन र दुःख पाउँदा आत्तिनु हुँदैन ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : देवी खड्का |
| ठेगाना स्थायी | : जुगु गाविस- ६, कसेरी गाउँ, दोलखा, जनकपुर |
| अस्थायी | : जागृतीनगर-२८, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४१०८०३७७.(मो) |
| जन्म मिति | : २०३४/२/१५ |
| जन्म स्थान | : जुगु-६, दोलखा |
| आमाको नाम | : मनमाया खड्का |
| बुबाको नाम | : विर्खबहादुर खड्का |
| श्रीमान्को नाम | : राजकुमार श्रेष्ठ |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# समानतामा आधारित समाजको निर्माण होस्

महिलाले बन्दुक समाउनु हुँदैन, महिलाको रूद्रघण्टी नभएकाले उनीहरूमा गोपनीयता हुँदैन भन्नेजस्ता महिला विरोधी मान्यताहरूको बलियो जवाफ हुनुहुन्छ देवी खड्का । महिलाले पनि युद्ध हाँक्न सक्छन् भन्ने कुराको पुष्ट्याई देवीले नेतृत्व गरेका थुप्रै घटनाले गर्छन् । मुडे, मैनापोखरी, सिन्धुपाल्चोकको चेहेरेमा सुरक्षाफौजसँग भएका भिडन्तमा माओवादीका तर्फबाट कुशल नेतृत्व गरी देवीले नेपाली सेनाका अत्याधुनिक हतियार समेत कब्जामा लिनुभएको थियो ।

दोलखा क्षेत्र नं. १ बाट संविधानसभाको निर्वाचनमा देवी प्रत्यक्षतर्फबाट निर्वाचित हुनुभएको हो । गाउँका एक सामन्त दलबहादुर खड्काले गाउँमा मच्चाएको आतङ्कले देवीलाई राजनीतिमा लाग्न प्रेरित गरेको थियो । यो घटना २०३८ सालको हो, जतिबेला उहाँ ४ वर्षकी मात्र हुनुहुन्थ्यो । दलबहादुरले आफ्नै बुहारीलाई बलात्कार गर्न खोजेका थिए तर उसले उल्टै 'घरको बेइज्जत गरी' भन्ने आरोप लगाउँदै बुहारीलाई सिस्नोले पिट्दै माइतीमा लखेटे । यस विरूद्ध तत्कालीन प्रधानपञ्चसमेत सबै गाउँले लड्ने सामुहिक निर्णय भएपछि यसको अगुवाइ देवीका दाजु ज्ञानु खड्काले गर्नुभएको थियो ।

२०३८ साल कार्तिक २८ गते गाउँलेमाथि आक्रमण गर्न खुकुरी र गुण्डाहरूको दलबलसहित दलबहादुर आए तर गाउँलेको प्रत्याक्रमणमा दलबहादुरको मृत्यु भयो र देवीको घरबाट मात्रै चारजना आमा, बुबा, दाजु र माइली दिदी जेलमा परे । जेल परेको पाँच वर्षपछि दाइबाहेक घरका सबै छुटे । तर दाइको चाहिँ पाँचवर्षपछि जेलमै मृत्यु भयो । दाजुको मृत्युले देवीको मनमा ठूलो चोट पर्नुका साथै जिज्ञासा पनि पैदा गर्‍यो, 'समाजमा गरिबले पनि न्याय पाउने र मान्छे-मान्छेबीचमा समानता कायम हुने कुनै उपाय छैन?'

देवी आमाबाबुका १४ सन्तानमध्ये तेर्‍हौं हुनुहुन्थ्यो । छोरीलाई पढाउन हुन्न भन्ने सामाजिक मान्यताका कारण देवीले विद्यालयस्तरको औपचारिक शिक्षा पाउन सक्नु भएन । देवीले घरैमा पढेर प्राइभेट एसएलसी दिएर उत्तीर्ण

हुनुभयो । २०५२ सालमा एनेकपा (माओवादी) ले 'जनयुद्ध' प्रारम्भ गर्दा उहाँ १८ वर्षको उमेरमा टेक्दै हुनुहुन्थ्यो । अझ पढ्छु र केही गर्छु भन्ने सोच भएकी देवीलाई विवाहका लागि घरबाट निकै दबाब दिइयो र जबरजस्ती बिहेको मिति पनि तोकियो । इच्छा एकातिर, स्थिति अर्कातिर भएपछि भूमिगत रहेर जुनयुद्धमा आबद्ध भएका दाजुसँग देवीले भेट्नुभयो र विवाह 'रद्द' गर्ने कुरा भयो । त्यसपछि देवी आफैंले केटापक्षलाई 'यो बिहे जबर्जस्ती हो' भन्ने पत्र लेखेर पठाउनु भएपछि विवाह रोकियो ।

विवाह रोकिएपछि भूमिगत भएर देवी नेकपा (माओवादी)को स्थानीय सेल कमिटी सदस्य बन्नुभयो र २०५२ सालदेखि उहाँ सक्रिय राजनीतिमा लाग्नुभयो । त्यसपछि उहाँले अनेमसङ्घ (क्रान्तिकारी) दोलखाको प्रथम भेला गरी यसको संस्थापक अध्यक्ष बन्नुभयो । २०६३ सालदेखि हालसम्म उहाँ अनेमसङ्घ (क्रान्तिकारी)को केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ । देवी २०६३ सालमा व्यवस्थापिका संसद् प्रतिनिधिसभाको सदस्य पनि हुनुभएको थियो ।

२०५४ साल भदौमा तत्कालीन सरकारले विभिन्न अभियोग लगाएर देवीलाई पक्राउ गर्ने आदेश (वारेन्ट) जारी गर्‍यो र गाउँमै पक्राउ गरी उहाँलाई लगभग एक महिना बेपत्ता पार्‍यो । धुलिखेलको डिएसपी कार्यालय नजिक कार्तिक ११ देखि २० गतेसम्म प्रहरीले उहाँलाई निर्मम ढङ्गले शारीरिक तथा मानसिक यातना दियो । हिरासतमा छँदा डिएसपी माधव थापाको नेतृत्वमा देवीसँग नियमित बयान लिने गरिन्थ्यो । आफूलाई तीन किसिमको कागजमा १२ घण्टाभित्र सही गर्न दबाब दिइएको स्मरण गर्दै उहाँ भन्नुहुन्छ, 'एउटा, 'माओवादी पार्टीको आतङ्ककारी हुँ' भन्ने व्यहोराको कागज थियो । दोस्रो, काभ्रेका कृष्णप्रसाद सापकोटालाई मार्ने क्रममा 'देवीको पनि संलग्नता थियो' भन्ने कागज थियो जबकि त्यस घटनामा मेरो कुनै संलग्नता थिएन । तेस्रो, 'एउटा पुलिस सईसँग मैले स्वेच्छाले विवाह गरें' भन्ने कागज थियो । मैले यी कागजमा सही नगरेका खण्डमा उनीहरूले अरू प्रहरी बोलाएर बलात्कार गर्न लगाउने सम्मको पनि धम्की दिए ।' तर देवीले ती कागजमा 'सही गर्नुभन्दा मर्नु ठीक' भनेर सही गर्न मान्नुभएन । सही नगरेपछि २०५४ साल कार्तिक २१ गतेको राति उहाँलाई रक्सीले मातेका प्रहरीको जिम्मा लगाइयो । कात्तिक महिनाको चिसो रातमा हातखुट्टा बाँधेर भोगटेघारीमा प्रहरीले सेन्ट्रीको बीचमा उहाँलाई बलात्कार गर्न थाले । देवीले सकुञ्जेल प्रतिकार गर्नुभयो । त्यसपछि धुलिखेल थुनुवागृह नजिकैको मन्दिरमा कार्तिक २२ गते बिहान बजाइएको शङ्खको आवाजले मात्र बेहोस अवस्थामा रहनु भएकी देवीको होश खुल्यो र त्यसबेला देवीले कपडा च्यातिएको र शरीरबाट रगत बगेको अवस्थामा आफूलाई पाउनुभयो । उहाँले राजनीतिमा गर्नुभएको सङ्घर्ष र यसबाट पाउनुभएको यातना निकै कठिनमध्येको मानिन्छ । उहाँको अनुभव छ, 'यातना खप्नुभन्दा मर्न धेरै सजिलो हुन्छ होला ।'

देवी पक्राउ परेको थाहापाएर कात्तिक २४ गते धुलिखेलको हिरासतमा पद्‌मरत्न तुलाधर लगायतका मानवअधिकारवादीहरू उहाँकोबारेमा सोधखोज गर्न आएका थिए । हिरासतमा महिला थुनुवागृह नभएकाले उहाँलाई पुरुष कैदीहरूसँगै राखिएको थियो । यो कुरा मानवअधिकारवादीहरूले देख्लान् भनेर देवीलाई झ्यालबाट निकालेर जङ्गलमा लगेर लुकाइयो । त्यसपछि देवीलाई हतारहतार चरिकोट पुर्‍याइयो र २५ गते दिउँसो उहाँलाई अपर्झट मार्ने तयारी गरियो । देवीले पनि बाँच्ने आशा मारिसक्नु भएको थियो । तर संयोगवश देवीलाई थुनिएको ठाउँमा कार्यरत हवल्दार उहाँकै गाउँका थिए । चिनजान भएकाले हवल्दारले साँचो हरायो भनेर थुनिएको ठाउँबाट देवीलाई निकालेनन् र त्यो दिन उहाँ बच्नुभयो । हिरासतबाट मुक्त भएपछि पनि हिरासतमा भोगेका शारीरिक

तथा मानसिक यातनाको प्रभावबाट मुक्त हुन देवीलाई झण्डै दुई वर्ष लाग्यो । यातनाकै कारण बेलाबेलामा बेहोस हुने, मान्छे नचिन्ने, शरीर सुन्निनेजस्ता समस्याहरूबाट उहाँले गुज्रनुपरेको थियो ।

२०५६ सालमा केही समयका लागि देवी आफ्नो घर जाँदा उहाँको जेल जीवनको क्रममा भएको बलात्कारको कुरालाई लिएर टिकाटिप्पणी हुनथाल्यो । उहाँले आमाको मुखबाट 'बरू छोरा मर्नुको सट्टा छोरी देवी नै मरेको भए समाजले तिरस्कार गर्ने स्थिति त आउने थिएन' भन्ने कुरा सुनेपछि उहाँलाई असह्य भयो । उहाँ भन्नुहुन्छ, 'म पीडित थिएँ त्यसमाथि परिवारबाट माया र सहानुभूतिको साटो मैले उल्टै अपराधीजस्तो व्यवहारको सामना गर्नुपर्‍यो । मेरो अनुभूतिमा शारीरिक यातना ठूलो कुरा होइन तर यातना पछाडि समाजले गर्ने तिरस्कार चाहिँ धेरै डर लाग्दो हुने रहेछ ।' सामाजिक तिरस्कार सहन र पचाउन गाह्रो भएपछि देवीले झुण्डिएर आत्महत्या गर्ने सोच बनाउनुभयो । मर्ने कोशिस पनि गर्नुभयो । तर त्यहीबेला उहाँको मनमा अर्को सोच पनि आयो, 'मैले अपराध गरेको छैन भने म किन मर्ने? म राजनीतिमा लागेको मान्छेले आत्महत्या गर्नु हुँदैन, बरू समाज फेर्नलाइ अझ लड्नुपर्छ । आखिर म मरेपछि त म र म जस्ता अरूलाई दुःख दिने अपराधीहरूलाई त झन् सञ्चो हुन्छ ।' त्यसपछि उहाँले आत्महत्याको प्रयास त्याग्नुभयो र जनतालाई संरक्षण दिने निकायबाट आफू बलात्कृत हुनुमा आफ्नो कुनै दोष छैन भनेर समाजलाई बुझाउने प्रयास पनि गर्नुभयो ।

देवीलाई प्रहरीले दिएको यातना सम्झेर पुरूष भनेपछि घृणा लाग्ने भइसकेको थियो । तर, अभिभावकका रूपमा दाजु रित बहादुरले सान्त्वना दिँदै सम्झाउनु भएपछि दाजुकै साथी राजकुमार श्रेष्ठसँग २०५६ मङ्सिर ७ गते देवीको विवाह भयो । त्यसपछि 'बिस्तारै जीवन सन्तुलनमा आउन थालेको' देवीको अनुभव छ । अहिले उहाँको एउटा छोरी पनि छ ।

आफू संलग्न न्याय प्रणाली समितिमा महिला उत्पीडनको अन्त्य भनेको निजी सम्पत्तिसँग जोडिएको कुरा भएकाले महिलालाई सम्पत्तिमा समान अधिकार पैतृक सम्पत्तिबाटै दिनुपर्नेमा उहाँले जोड दिनुभएको छ । उहाँ स्पष्ट पार्नुहुन्छ, 'छोरीले बाबुआमाबाट अंश लिनुपर्छ, श्रीमान्को साइनोबाट होइन । जन्मिएको ठाउँबाट सम्पत्ति पाउँदा महिलाको आत्मबल बढ्छ ।'

अहिले सभासद् हुँदा देवीलाई 'ठूलो के के न भएँ जस्तो' लाग्दैन । देवी भन्नुहुन्छ, 'मेरो अभिलाषा सभासद् बन्ने होइन, समानतामा आधारित समाजको निर्माण होस् र मान्छेले मान्छेलाई उत्पीडनमा नपारोस् भन्ने हो ।' तर, संविधानसभाले समयमै संविधान बनाउन नसकेकामा देवीलाई दुःख लागेको छ, उहाँ भन्नुहुन्छ, 'प्रक्रियागत हिसाबले संविधानसभाको दुई वर्षसम्म धेरै सभासद् चुकेका छन्, म पनि चुकें ।' राजनीतिक जीवनमा पछिल्लो डेढ वर्षमा उहाँले आफूलाई संविधान नबनेका कारण 'निकै कमजोर' महसुस गर्नुभएको छ । उहाँ असन्तुष्टि पोख्नुहुन्छ, 'संविधानसभाको सदस्य भएपछि कमजोर भएकी छु । आफ्नो भूमिकाप्रति गौरव गर्ने स्थिति रहेन ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : धर्मशीला चापागाई |
| ठेगाना स्थायी | : खुदुनाबारी गाविस, वडा नं. १, सिस्ने, झापा, मेची |
| अस्थायी | : सुनारगाउँ, काठमाण्डौं-१४, |
| सम्पर्क ठेगाना | : ९७४११३९९९६ (मो) |
| जन्म मिति | : २०२९/१०/१ |
| जन्म स्थान | : बुधवारे-१, झापा |
| श्रीमान्को नाम | : स्व. शङ्कर घिमिरे |
| शिक्षा | : प्रमाणपत्र तह उत्तीर्ण |
| राजनीतिक दल | : एनकेपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# म गणतन्त्र घोषणा हुने दिन रोएँ

संविधानसभाको चुनावमा झापा जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट नेपाली काङ्ग्रेसका उम्मेद्वार चक्रप्रसाद बाँस्तोलालाई पराजित गरी निर्वाचित हुनु भएकी एनेकपा (माओवादी) की सभासद् धर्मशीला चापागाइँको बाल्यकाल निकै सङ्घर्षपूर्ण रह्यो । छोरा नजन्माएको निहुँमा बाबुले आमामाथि सौता हालेकोले र घरमा दिनरात झै झगडा हुने भएकोले उहाँको् मनमा सानैदेखि विद्रोहको भावना पलाएको थियो ।

स्कूल पढ्ने इच्छा तीव्र हुँदाहुँदै पनि धर्मशीलाले घरबाट कुनै सहयोग पाउनु भएन । त्यसैले बाबुले छुट्टाएर दिएको एक टुक्रा जग्गामा आफैंले हलो जोत्दै, कोदालो खन्दै उहाँले आफूलाई किताब, कपी र स्कूलको शुल्क तिर्ने खर्च जुटाउनु भयो । रातभरि आफ्नो खेतमा धान कुर्दै, बिहान एसएलसीको परीक्षा दिन गएको दिन उहाँले अझै बिर्सनु भएको छैन । परिवारबाट अपहेलना, उत्पीडन र शारिरीक हिंसाको चोट बारम्बार खप्दै पनि उहाँले जसोतसो प्रमाणपत्र तहसम्मको शिक्षा हासिल गर्न सफल हुनुभयो । हक्की र निडर स्वभावकी धर्मशीला पाँच दिदी बहिनी मध्येकी जेठी छोरी हुनुहुन्छ । महिलालाई पुरूषभन्दा कमजोर ठान्ने कुरा उहाँलाई पट्क्कै मन पर्दैन । त्यसैले महिलाले पनि चाहेमा पुरूष सरह शारीरिक रूपले बलियो हुन सकिन्छ भन्ने ध्येयले मार्सल आर्ट अन्तर्गतको जूडो खेल सिकेर उहाँ जूडोको राष्ट्रिय खेलाडी समेत बन्नु भयो ।

धर्मशीलाको राजनीतिक यात्रा २०४८ सालबाट सुरू भएको हो । स्कूले जीवनमा नै उहाँले नेपाल कम्युनिष्ट पार्टी चौथो महाधिवेशन (ने.क.पा.चौ.म.) स्कूल इकाइको अध्यक्ष पद सम्हालेर आफ्नो राजनीतिक यात्रा सुरू गर्नुभएको थियो । त्यसपछि एकताकेन्द्र जिल्ला कमिटी महिला सङ्गठनको सदस्य हुँदै तत्कालिन नेकपा (माओवादी) गठन भएदेखि हालसम्म उहाँले पार्टीसँग नजिक रहेर काम गरिरहनु भएको छ । २०५२ सालमा 'जनयुद्ध' सुरू हुँदा उहाँ नेकपा (माओवादी) पार्टीको एरिया कमिटी सदस्य हुनुहुन्थ्यो र २०५४ साल देखि नै उहाँ भूमिगत हुनुभयो ।

धर्मशीलाको विवाह २०५६ सालमा भूमिगत अवस्थामा नै नेकपा (माओवादी) जिल्ला कमिटि सचिवालय सदस्य शंकर घिमिरे (नन्दु) सँग भयो । २०५९ सालमा पार्टीको कार्यक्रममा सहभागी हुन झापाबाट इलाम जाने क्रममा उहाँको श्रीमान् शंकर घिमिरे पक्राउमा पर्नु भयो । तर, श्रीमान्लाई सेनाले पक्राउ गरी झापाको चारआली व्यारेकमा हत्या गरेको केही दिनपछि मात्र धर्मशीलाले थाहा पाउनु भयो ।

भूमिगत राजनीतिक जीवनको क्रममा उहाँ पहिलो पटक २०५४ सालको क्रान्तिकारी विद्यार्थी सम्मेलनमा पक्राउमा परी दुई महिना थुनामा पर्नु भयो । त्यसपछि सङ्कटकालका बेला २०५८ साल पुष २१ गते इलाम जिल्लाबाट उहाँलाई भूमिगत अवस्थामा नै सेनाले पक्राउ गऱ्यो । पक्राउ पर्दा उहाँ मोरङ्ग जिल्लाको इन्चार्ज हुनुहुन्थ्यो । त्यतिबेला उहाँ छ महिनाको सुत्केरी हुनुहुन्थ्यो र छ महिनाकी छोरी पनि साथै थिइन् । हिरासतमा उहाँबाट छोरीलाई अलग्ग राख्न सेनाले निकै मानसिक शारीरिक दबाब र यातना दियो । तर उहाँले कुनै हालतमा पनि आफ्नो दुधे बालिकालाई आफूबाट अलग हुन दिनु भएन । जसोतसो छोरीलाई साथमा राख्न सफल हुनु भए तापनि हिरासतमा उहाँले चरम यातना भोग्नु पऱ्यो ।

सेनाले हात खुट्टा बाँधी घोप्टो पारेर बेहोस हुञ्जेल पिट्दा, प्रसवको समयमा लगाएको उहाँको टाँका समेत फुटेको थियो । दाँत हल्लिने गरी मुखमा पिट्दाको क्षण सम्झिदैं उहाँले भन्नु भयो, 'हिरासतमा खाना खान दिन्थ्यो तर खान खोज्दा कुटपिट र यातनाले चपाउन नहुने गरी दाँत, मुख दुख्थ्यो र खान सकिँदैनथ्यो । खाना खान नसक्दा किन खाइनस् भन्दै पिटिहाल्थे । मेरी सानी छोरी पनि भोक भोकै हुन्थिन् । मलाई त बाँच्छु जस्तै लागेको थिएन ।' हिरासतमा छँदा भोगेको यातनाले गर्दा अहिले उहाँलाई स्वास प्रस्वासको समस्या भएको छ । हिरासतमा छोरीलाई बचाउन पनि उहाँले निकै कष्ट बेहोर्नु पऱ्यो । पुष माघको कठ्याङग्रिदो चिसोमा छोरीलाई चिसोबाट जोगाउन उहाँले आफ्नो छातीमा टाँसेर सुताउनुहुन्थ्यो । कारागारको कुरा सम्झिँदै उहाँ भन्नुहुन्छ, 'सायद, मेरी सानी छोरी म सँगै नभएको भए, मलाई सेनाले हिरासतमा नै मार्थे होलान् ।' अहिले उहाँकी छोरी दश वर्षकी भइसकेकी छिन् ।

धर्मशीलाका अनुसार २०५८ सालको सङ्कटकालमा पक्राउ परेपछि उहाँलाई ज्यान, डकैती तथा आगजनी जस्ता झूठा मुद्दाको अभियोग लगाइएको थियो । २०५८ देखि २०६३ सालसम्म गरी करिब पाँचवर्ष झापा, इलाम र विराटनगर आदिका जेलहरूमा सार्दै २०६३ को जनआन्दोलन भाग २ तथा विस्तृत शान्ति सम्झौतापछि बनेको नयाँ सरकारले उहाँलाई उहाँलाई जेल मुक्त गऱ्यो । २०६२ सालमा विराटनगर जेलमा छँदा त्यहाँका बन्दीहरूलाई टेलिभिजनबाट प्रसारण हुने समाचार हेर्न नदिएपछि उहाँको नेतृत्वमा जेल भित्रै तालाबन्दी गरी आन्दोलन गरेपछि मात्र जेलरले समाचार हेर्न दिएको थियो ।

संविधानसभाबाट गणतन्त्र घोषणा भएको दिनलाई धर्मशीला आफ्नो जीवनको अविस्मरणीय दिन ठान्नु हुन्छ । किनभने, उहाँले आफूनो जीवनलाई सामन्तवाद र निरकुंशता विरूद्ध होम्नु भएको थियो र आफ्नो जीवनको मुख्य लक्ष नै जनतालाई सार्वभौमसम्पन्न बनाई मुलुकलाई गणतन्त्र बनाउने रोज्नु भएको थियो । 'हाम्रो पार्टीको सिधै गणतन्त्र घोषणा गर्ने र अन्य पार्टीहरूको बहुमतीय प्रणालीमा गएर मात्र गणतन्त्र घोषणा गर्ने अडानले, गणतन्त्र

घोषणा हुन नसक्ने स्थिति देख्दा म गणतन्त्र घोषणा हुने दिन रोएकी थिएँ । हाम्रो त्याग र रगत खेर जान लाग्यो भनेर ।' तर, अन्तमा नेकपा (माओवादी) र अन्य पार्टीहरूबीच सहमति भएर गणतन्त्र घोषणा भएको क्षण उहाँ अत्यन्तै खुशी र उत्साहित हुनुभयो ।

राजनीतिमा लागेदेखि नै विभिन्न प्रकारका चुनौती भोग्दै आउनु भएकी धर्मशीलाले पहिलेको तुलनामा समाज अहिले केही फराकिलो हुँदै गएको महसुस गर्नुभएको छ । अवसर पाए भने, महिलाहरू पुरूषहरू भन्दा पनि अगाडि बढ्न सक्छन् भन्ने उहाँको अनुभव छ । 'जनयुद्ध' का बेला कतिपय महत्वपूर्ण सैन्य प्रशिक्षणहरूमा महिला लडाकुहरू दशौं स्थानसम्म नै अगाडि आएको स्मरण गर्दै, उहाँ एनेकपा माओवादीले नेपाली महिलाहरूलाई एउटा नयाँ दिशा र पहिचान प्रदान गरेको बताउनुहुन्छ । तर, पार्टी भित्र खुट्टा तान्ने प्रवृत्तिले विशेषगरी महिलालाई नै पछि पार्ने र त्यस्ता प्रवृत्ति भएकाहरू आफ्नै पार्टीमा समेत रहेको उहाँ स्वीकार्नु हुन्छ ।

संविधानसभा, संवैधानिक समितिको सदस्य रहनु भएकी धर्मशीला महिला र पुरुष बीच पूर्ण समानता हुनुपर्ने कुरामा विश्वास गर्नुहुन्छ । तर, निर्णायक तहमा महिलाहरूको अनुपस्थितिले गर्दा महिला सम्बधी मुद्दाहरूमाथि छलफल र निर्णय हुँदा धेरैजसो मुद्दाहरू अल्पमतमा पर्ने उहाँको भनाइ छ । नयाँ संविधानमा महिला अधिकार सुनिश्चित गर्नका लागि समानुपातिक तथा समान प्रतिनिधित्व र क्षतिपूर्ति सहितको विशेष अधिकारको व्यवस्था गरिनु पर्ने उहाँको माग छ । तर आफ्नो माग पूर्ण रूपले सम्बोधन नभएपछि उहाँले फरक मत राखेरै भए पनि संविधानसभामा ती विषयहरूमा वकालत गर्दै आउनु भएको छ । नयाँ संविधान महिलाको पक्षमा नआउला भन्ने त्रास र संविधान कार्यान्वयनमा थप चुनौती हुने उहाँ आशङ्का व्यक्त गर्नुहुन्छ । जस्तो, आमाको नामबाट नागरिकता पाउने प्रावधान अन्तरिम संविधानले व्यवस्था गरे तापनि त्यसको कार्यान्वयन जिल्ला प्रशासनका अधिकारीहरूको तजबीजमा भर पर्ने जस्ता कानुनी त्रुटिहरूले गर्दा महिलाहरू झन् उत्पीडित हुने उहाँको तर्क छ ।

संविधानसभाको दुई वर्षे कार्यकाल धर्मशीलालाई अत्यन्तै महत्वकांक्षी लाग्छ । देशको संविधान निर्माण गर्ने जस्तो विषयमा पनि हतारिएर कार्यसमय निर्धारण गर्नु गल्ति भएको उहाँ ठान्नु हुन्छ । उहाँको अनुभवमा संवैधानिक समितिहरूमा संविधानका विभिन्न विषयहरू माथि छलफल गर्न केही समय लाग्ने, तर समयको अभावले ती छलफललाई औपचारिकतामा मात्र सीमित राख्नुपर्ने बाध्यता छ ।



**व्यक्तिगत विवरण**

नाम : धीरेन्द्राकुमारी उपाध्याय
ठेगानाः स्थायी : फुकोट गाविस-४, साराकोट, कालिकोट, कर्णाली
अस्थायी : पेप्सीकोला, नगर योजना, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४९९१२८३ (नि) ९७४१०५४०३२ (मो)
जन्म मिति : २०३६/६/७
जन्म स्थान : साराकोट, फुकोट गाविस, कालिकोट
आमाको नाम : लच्छुदेवी उपाध्याय
बुबाको नाम : कविराज उपाध्याय
श्रीमान्को नाम : उपेन्द्रराज उपाध्याय
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# कर्णालीमा समस्या मात्र होइन सम्भावनाहरू पनि छन्

धीरेन्द्राकुमारी उपाध्यायको जन्म विकासको दृष्टिले नेपालकै सबैभन्दा पछाडि परेको क्षेत्र कर्णालीको कालिकोटमा भएको हो । कर्णालीमा ज्यादै न्यून विकास संरचना रहेको, खाद्यान्न आपूर्ति कम रहेको, सडकको पहुँचमा कमी रहेको तथा वासस्थानको उचित प्रबन्ध नभएको अवस्था छ । यसबाहेक त्यहाँका महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रूपमा अझ बढी शोषित पीडित छन् । किशोरी केटीको मासिक रक्तश्राव (रजश्वला) आरम्भ भएपछि उसको धर्म र संस्कृति समाप्त हुन्छ भन्ने धारणाले त्यहाँ अझै गहिरो जरा गाडेको छ ।

कर्णालीको अवस्था दर्शाउँदै धीरेन्द्राकुमारी भन्नुहुन्छ, 'यो क्षेत्रमा राम्रो अस्पताल छैन । केही स्वास्थ्यचौकी छन् तर सीमित सुविधा मात्र उपलब्ध छ । राम्रो उपचारको अभावमा धेरै मानिस, खासगरी महिलाको अकालमा मृत्यु हुने गरेको छ ।' तर, अन्याय, असमता र भौगोलिक विकटता जस्ता प्रशस्त चुनौतीहरू भएपनि धीरेन्द्राकुमारी कर्णालीमा धेरै सम्भावनाहरू पनि देख्नुहुन्छ, उहाँ भन्नुहुन्छ, 'कर्णालीमा विकासका सम्भावनाहरू पनि निकै छन् । हाम्रो क्षेत्रमा जलविद्युत् उत्पादन गर्न मिल्ने जलस्रोतको अथाह स्रोत छ । उपयुक्त प्रविधि र लगानीले कर्णालीको अनुहारलाई परिवर्तन गर्न सक्छ । तर, म यस्तो परिवर्तनका लागि राजनीतिभन्दा अर्को विकल्प देख्दिन ।'

चार भाइ र चार बहिनीमध्ये सबैभन्दा जेठी धीरेन्द्राकुमारीको विवाह ११ वर्षको उमेरमा १६ वर्षका उपेन्द्रराज उपाध्यायसँग भएको थियो र १७ वषको उमेरमा उहाँले राजनीतिको क्षेत्रमा प्रवेश गर्नुभएको थियो । अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को इकाइ समितिको सदस्यको रूपमा २०५३ वैशाखमा प्रवेश गर्नुभएकी धीरेन्द्राकुमारीको राजनीतिक यात्रा चुनौतीपूर्ण र सङ्घर्षपूर्ण छ । उहाँ २०५४ सालमा महिला को इलाका कमिटी सदस्य र २०५५ मा जिल्ला कमिटी सदस्य बन्नुभयो । सङ्घको भेरी-कर्णाली क्षेत्रको सदस्यको रूपमा सेवा गरिरहेकै समयमा उहाँ २०५६ साल साउन ४ गते भूमिगत हुनुभएको थियो । उहाँले २०५६ साल पुसमा नेकपा (माओवादी)को सदस्यता लिनुभयो । पार्टीमा आबद्ध रहेको निहुँमा २०५७ सालमा धीरेन्द्राकुमारीको मामा पुष्पराज

न्यौपानेलाई सेनाले अपहरण गरेर निर्मम ढङ्गले हत्या गरेपछि उहाँ राजनीतिमा अझ सक्रिय हुनुभयो । यातना दिने क्रममा प्राण नजाँदै उहाँका मामाका औंला काटिएका र आँखा झिकिएका थिए । सुरक्षाफौजको यस्तो क्रूर र निर्मम व्यवहारका कारण परिवर्तनका लागि केही गर्नैपर्छ भन्ने भावना उहाँमा जागेको थियो । त्यसैले उहाँ महिला सङ्घ र पार्टी दुबैमा अघि बढ्दै जानुभयो । २०५७ सालमा महिला सङ्घको बाजुरा जिल्ला अध्यक्ष र नेकपा (माओवादी)को कालीकोट, अछाम र बाजुरा जिल्लाको समिति सदस्य हुनुभयो । पार्टीमा र महिला सङ्घमा अगाडि बढ्दै हाल उहाँ पार्टीको राज्य समितिको सचिवालय सदस्य तथा महिला सङ्घको सचिवालय सदस्य हुनुहुन्छ ।

धीरेन्द्राकुमारीसँग राजनीतिक यात्राका प्रशस्त अविस्मरणीय क्षणहरू छन् । तीमध्ये एउटा हो २०५६ सालमा माओवादीले चलाएको कर्णाली जन हातेमालो आन्दोलन । अछाम जिल्लाको ढाकु गाविसमा दोस्रो चरणमा सम्पन्न उक्त कार्यक्रममा प्रहरीले अन्धाधुन्ध हवाइ फायर गरेको थियो । सो घटनामा उहाँ र पार्टीका अन्य सदस्यहरू त्यहाँबाट उम्कन सफल भए पनि हुम्ला र कालिकोटका चारजना स्थानीयको मृत्यु भएको थियो ।

२०६० सालमा आयोजित सेती-महाकाली महिला मार्च अभियान पनि धीरेन्द्राकुमारी कहिल्यै बिर्सन सक्नुहुन्न जहाँ महिला चुलोचौकोबाट बाहिर निस्कनु हुँदैन भन्ने मान्यता बोकेको समाजमा झोला र घ्याँरूका लठ्ठी बोकेर कालीकोट, अछाम र बाजुराका ६० को हाराहारीमा महिलाहरू सेती-महाकाली अभियानमा पुगे । अछामबाट डोटीको लेखमा दिपायल जाँदै गरेको २५० जना प्रहरी सँग दोहोरो मुठभेड भयो । त्यतिबेला उहाँ सात महिनाकी गर्भवती भएकोले साथीहरू सँगसँगै भाग्न सक्नुभएन र आफ्नो र बच्चाको जीवनलाई जोखिममा पारेरै उहाँ ठूलो पानीको छाँगोमा हाम फाल्नुभयो । तर, संयोगवस् उहाँ र बच्चा बाँच्न सफल हुनुभयो र रातभर उहाँ नजिकैको ओडारमा लुक्नुभयो । अर्को दिन डडेलधुरा पुगेर त्यहाँका जनतामा राजनैतिक चेतना अभिवृद्धि गर्दै सङ्गठन बिस्तार गरेर फिर्ता हुनुभयो । फर्किंदै गर्दा २०६१ साउन ११ गते अछाम जिल्लाको धमाली गाउँमा उहाँको छोरा जन्मियो । विभिन्न कठिनाइका बावजुद १९ दिनको छोरा च्यापेर उहाँले जङ्गलमा हिँड्नु परेको थियो । तर, जङ्गलमा छोरालाई हेरचाह गर्न र बेलाबेलामा खुवाउन कठिनाइ परेपछि उहाँले अन्ततः पाँच महिनाको छोरालाई सासुलाई सुम्पने निर्णय गर्नुभयो । त्यो निर्णय त्यति सजिलो नभएपनि त्यतिबेला छोराको हेरचाह भन्दा पार्टीप्रतिको बफादारिता र प्रतिबद्धता नै उहाँको प्राथमिकतामा परेको थियो ।

धीरेन्द्राकुमारी २०५८ फागुन ५ गते माओवादीले अछाम जिल्लाको मङ्गलसेनस्थित सेनाको ब्यारेकमा गरेको आक्रमणमा समेत सहभागी हुनुभएको थियो । माओवादीले २०५२ सालमा 'जनयुद्ध'को घोषणा गरेयताको सबै भन्दा ठूलो मानिने सो आक्रमणमा तत्कालीन शाही सेनातर्फ ठूलै क्षति भएको थियो भने माओवादीले पनि आफ्ना कार्यकर्ताहरू गुमाएका थियो । उहाँ सम्झनुहुन्छ, 'हो, त्यो आक्रमणमा धेरैजना सैनिक, प्रहरी र सरकारी पदाधिकारीहरू मारिएका थिए, तर हाम्रो पार्टीले पनि आफ्ना धेरै कार्यकर्ता गुमाउनु परेको थियो । कार्यकर्ताहरूको मृत्यु आक्रमणकै बेला र पछि पनि भएको थियो । ती दिनहरू विभत्स थिए ।'

भूमिगत रहँदा धीरेन्द्राकुमारीको धेरैपटक प्रहरीसँग जम्काभेट भएको थियो र आफ्नो जीवनलाई दाउमा राख्नुपर्ने अवस्थाहरू आएका थिए । यसैको परिणामस्वरूप आज उहाँले संविधानसभामा अर्थपूर्ण उपस्थिति जनाउने मौका पाउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'म यहाँ आउन पाउँदा ज्यादै खुशी छु, यहाँ इतिहास निर्माणको काम भइरहेको

छ । मेरो योगदान र मेरो सङ्घर्षका लागि यो ठूलो उपलब्धि हो । मेरो पार्टीले समानता र समतामा विश्वास गर्ने भएकाले आज म यहाँ छु ।' तर, संविधानसभाको यात्रा त्यति सहज नभएको पनि उहाँले महसुस गर्नु भएको छ । 'हामी सभासदहरूले गर्नुपर्ने काम सकेका छौं, तर, नेताहरूको शक्तिको लडाइँका कारण संविधान निर्माणमा ढिलाइ हुँदा जनताका आँखामा हामी पनि लज्जित हुनु परिरहेको छ,' उहाँको गुनासो गर्नुहुन्छ । यसबाहेक, संविधानसभा सदस्यहरूबीच खुट्टा तान्ने प्रवृत्ति पनि निकै निरूत्साहित गर्ने किसिमको भएको र इमान्दार तथा समर्पित सदस्यको कामलाई नगन्य बेइमानहरूले ओझेलमा पारिरहेको पनि उहाँ बताउनुहुन्छ ।

व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समितिको सदस्य रहनु भएकी धीरेन्द्राकुमारीले आगामी संसद्को माथिल्लो र तल्लो सदनमा कर्णाली तथा अन्य सुविधाविहीन क्षेत्रका लागि समानुपातिक प्रतिनिधित्वको व्यवस्थाका लागि माग गर्नुभएको छ । मस्यौदा प्रतिवेदनहरूमा उहाँले उठाउनु भएको यो मुद्दालाई समावेश नगरिएपछि उहाँले असहमति (नोट अफ डिसेन्ट) लेख्नुभयो । कर्णालीका जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउने सपना देख्नुभएकी धीरेन्द्राकुमारीले उहाँ संलग्न समितिमा पुरूष र महिला दुबैलाई शिक्षा र स्वास्थ्यमा समान अवसर दिनुपर्दछ भन्ने धारणा पनि राख्नुभएको छ ।

धेरै कमीकमजोरीका बाबजुद पनि मुलुकको विगतका संविधानहरूले बेवास्ता गरेका धेरै विषयलाई नयाँ संविधानको प्रारम्भिक मस्यौदाले सम्बोधन गरेको धीरेन्द्राकुमारीको विश्वास छ । उहाँको भनाइ छ, 'नयाँ संविधानमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व हुनुपर्ने माग गदै महिला सदस्यहरू लडिरहनु भएको छ र त्यसो हुन सकेमा पुरूषले प्रभुत्व जमाएको पुरूषप्रधान समाजमा महिलाको ठूलो उपलब्धि हासिल गर्नेछन्, किनभने विगतको संविधानले महिलाको ३३ प्रतिशत प्रतिनिधित्वलाई समेत स्वीकारेको थिएन ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | नवोदिता चौधरी |
| ठेगाना स्थायी | : | भसी, सुनसरी, कोशी |
| अस्थायी | : | भैंसीपाटी, ललितपुर |
| सम्पर्क ठेगाना | : | ९८४११६२२७२ (मो) |
| इमेल | : | chaudharynavodita@hotmail.com |
| जन्म मिति | : | २०३४/०९/१४ |
| जन्म स्थान | : | सुनसरी |
| आमाको नाम | : | सुनयना चौधरी |
| बुबाको नाम | : | नरेन्द्र चौधरी |
| श्रीमान्को नाम | : | डा. पशुपति चौधरी |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# बुबा र हजुरबुबाको पाइला पछ्याउँदै

नवोदिता चौधरीको परिवार राजनीतिक रूपमा सक्रिय छ । उहाँका हजुरबुबा र बुबा सामाजिक र राजनीतिक क्षेत्रमा संलग्न हुनुहुन्थ्यो । हजुरबुबा र बुबाकै बाटो पछ्याउँदै नवोदिताले पनि जातीय उत्थान, समाज र राष्ट्रको हितको निम्ति राजनीतिको क्षेत्र नै रोज्नुभयो ।

बुबा र हजुरबुबाले लड्नु भएको चुनावमा कार्यकर्ता भएर काम गर्दा नवोदिताले समाजका हरेक समस्याको समाधान राजनीतिले गर्न सक्छ भन्ने कुरा राम्रै बुझिसक्नुभएको थियो । त्यसैले उहाँको पाइला राजनीति बाहेक अन्ततिर मोडिन तयार पनि भएन । एकातिर राजनीतिक पृष्ठभूमि भएको परिवार, अर्कोतिर समाज बदल्न केही गर्न चाहन्छु भन्ने आफ्नो अठोट, यति भएपछि नवोदिता जस्तो सक्रिय महिला राजनीति छोडेर अन्त नलाग्नु स्वाभाविकै थियो । त्यसैले गर्दा पनि नवोदिता पारिवारिक पृष्ठभूमि कै कारणले राजनीतिमा लागेको हो भन्न हिच्किचाउनु हुन्न ।

वास्तवमा राजनीतिक जीवन कति सङ्घर्षमय हुन्छ भन्ने कुरा उहाँले राजनीति सुरू नगर्दै बुझिसक्नुभएको थियो । किनभने राजनीतिमा लागेर आफ्नो परिवारले गरेको सङ्घर्ष उहाँले देख्नु भएको मात्र होइन प्रत्यक्ष भोग्नु पनि भएको छ । राजनीति गर्ने मान्छेकाबारे समाजमा सकारात्मक मात्र होइन नकारात्मक टीका टिप्पणी पनि हुने गर्दछन् । आफ्नो परिवारलाई जोडेर गरिने यस्ता राम्रा नराम्रा टिप्पणीहरू पनि उहाँले धेरै सुन्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'त्यतिबेलै मैले बुझेँ राजनीतिमा नाफा नोक्सान हुँदैन मात्र देश र समाज बनाउने उद्देश्य हुन्छ । यो उद्देश्य प्राप्त गर्न जुन जोश र जाँगर मनमा आउँछ त्यो व्यक्त गरेर सकिन्न । त्यसरी नै राजनीतिमा न कुनै शत्रु हुन्छ, न कुनै मित्र । हिजो जो मित्र थियो त्यो आज शत्रु हुनसक्छ । आज जो शत्रु हो त्यो भोलि मित्र हुनसक्छ । यो सन्तुलन मिलाएर जानुलाई पनि म सङ्घर्ष र चुनौती नै ठान्छु ।'

सक्रिय राजनीतिमा लागे पछि एकदिन कुनै न कुनै महत्वपूर्ण ठाउँमा पुगिएला जस्तो त नवोदितालाई पनि लागेको थियो । तर, मुलुकको नयाँ संविधान बनाउने संविधानसभाको सदस्य नै हुन्छु भनेर चाहिँ उहाँले कहिल्यै सोच्नुभएको थिएन । उहाँ भन्नुहुन्छ, 'अहिले संविधानसभा सदस्य बन्न पाउनु मेरो लागि ठूलो अवसर हो र त्यतिकै ठूलो चुनौती पनि । देश र जनताको पक्षमा काम गरी यो अवसरलाई सदुपयोग गर्नु त छँदैछ साथै यो अवसरलाई म राजनीतिमा स्थापित हुने माध्यम पनि बनाउन चाहन्छु । राजनीतिमा म मेरो हजुरबुबा र बुबा जस्तै स्थापित हुन चाहन्छु । त्यसैले म यो अवसरलाई बडो जिम्मेवारीपूर्वक पूरा गर्न चाहनुहुन्छ ।'

मुलुकको नयाँ संविधान बनाउने ऐतिहासिक जिम्मेवारी पाएको संविधानसभाको सदस्य हुन पाउनुलाई नवोदिता आफ्नो राजनीतिक जीवन कै महत्वपूर्ण उपलब्धि ठान्नुहुन्छ । त्यति धेरै दलका नेताहरूसँग एकै ठाउँमा बसेर काम गर्न पाउनु र देशलाई नै हाँक्ने व्यक्तित्वहरूसँग प्रत्यक्ष अन्तर्क्रिया गर्न पाउनुलाई उहाँ ठूलो गौरवको विषय ठान्नुहुन्छ । त्यस्तो ठाउँमा आफ्नो क्षमता देखाउन सकेकोमा उहाँ धेरै सन्तुष्ट पनि हुनुहुन्छ । उहाँ संविधानसभाको सामाजिक सांस्कृतिक ऐक्यबद्धताको आधार निर्माण समितिको सभापति हुनुहुन्छ । संविधानसभाका विषयगत समितिहरू मध्ये छिटो प्रतिवेदन बुझाउने एउटा समिति यो पनि हो । यो समितिको सभापतिको रूपमा आफूले खेलेको भूमिकाप्रति उहाँ सन्तुष्ट र गौरवान्वित हुनुहुन्छ ।

आफ्नो समितिले सफलतापूर्वक प्रतिवेदन पठाउनु र त्यसलाई उच्चस्तरीय कार्यदलले जस्ताको तस्तै अनुमोदन गर्नुलाई उहाँ आफ्नो कामको सफलता मान्नुहुन्छ । यो समितिको कार्यक्षेत्र भित्र भाषा र संस्कृति परेको छ । यो समितिले मुलुकमा जतिवटा सङ्घात्मक राज्य बन्छ ती सबै बहुभाषिक हुनुपर्ने स्वरूप प्रस्ताव गरेको छ । यस सम्बन्धमा नवोदिता भन्नुहुन्छ, 'अहिले देशका सबै उत्पीडित जातिहरू आफ्नो पहिचान खोज्दै जुर्मुऱ्याएका छन् । यस्तो अवस्थामा भाषाको प्रयोग पनि केन्द्र, स्थानीय र प्रान्त गरी तीन तहमा गर्नुपर्ने मेरो समितिको सुझाव छ । समितिले पेश गरेको यो सुझावलाई उच्चस्तरीय कार्यदलले पनि अनुमोदन गरेको छ ।'

हाल राजनीतिक पार्टी र तिनका नेताहरूले संविधान बनाउने कार्यमा देखाइरहेका उदासिनताले नवोदितालाई कता कता डर पनि लाग्न थालेको छ, उहाँ प्रश्न गर्नुहुन्छ, 'कतै यो अवसर पूरा गर्न नपाई आफू असफल भइने त होइन ? म संविधानसभाको असफल सदस्य भएर बदनाम हुन चाहन्न । त्यसैले म र म जस्ता युवा सभासद्हरूको उज्ज्वल भविष्यको लागि पनि यो संविधानसभालाई सफल बनाउनै पर्छ भन्ने मेरो धारणा छ ।' उहाँले सफलतापूर्वक समितिको सभापतिको हैसियतले काम गर्नुभयो, तर संविधानसभा भित्र महिलाले पनि केही गर्न सक्छन् भनेर पत्याउने कुनै पुरूष सदस्य नभेटिएको अनुभव नवोदिताको छ । उहाँ भन्नुहुन्छ, 'मलाई लाग्छ, त्यहाँ महिलालाई हेर्ने दृष्टिकोण नै भिन्न छ । जसले गर्दा महिलाले आफूले पाएकै अवसरको पनि गतिलो फाइदा उठाउन सकिरहेका छैनन् । पुरूषहरूले जस्तै कतिपय महिलाहरूले पनि संविधानसभामा गम्भीर कुराहरू राखेका छन्, गहन विचार पोखेका छन् । तर पुरूष सभासद्हरू ती कुरालाई गम्भीर रूपमा लिँदैनन् ।'

महिला अधिकारकर्मीहरू महिलालाई हरेक क्षेत्रमा आरक्षण दिइनुपर्ने माग गरिरहेका छन् । तर नवोदिता अरू भन्दा पनि शिक्षा र स्वास्थ्यको क्षेत्रमा महिलालाई विशेष आरक्षण दिइनुपर्ने विचार राख्नुहुन्छ । साथै पैतृक सम्पत्तिमा

छोरीको पनि समान अधिकार हुनुपर्ने उहाँको पनि माग छ । संविधानसभामा यी कुराहरू उठे तापनि तिनलाई संविधानमै लेखिनु पर्ने उहाँ बताउनुहुन्छ । महिला संविधानसभा सदस्यहरू जाति, भाषा, भूगोल, संस्कृति आदिमा विभाजित भएपनि सबै महिलाका पीडा र समस्या भने उस्तै छन् भन्ने नवोदिताको भनाइ छ । तर, खासगरी उनीहरूलाई पार्टी र विचारले चाहिँ बलियो ढङ्गले नै विभाजित गरेको उहाँ बताउनुहुन्छ । त्यसैले महिला मुद्दाका कुरा गर्दा महिलाहरू पार्टी भन्दा अलिकति माथि उठ्नुपर्ने उहाँको सोचाइ छ ।

राजनीतिमा लागे पछि मीठो मात्र होइन तीतो अनुभव पनि उतिकै हुँदो रहेछ । उहाँ भन्नुहुन्छ, 'जस्तो चुनावमा मेरो बुबा हार्नुभयो । त्यस्तै संविधानसभा अन्तर्गतका सबै समितिहरूले आआफ्ना प्रतिवेदन बुझाइसके, तर पनि नेताहरूले संविधान जारी गर्ने कुने सङ्केत जनाएको छैन । समय धमाधम बितिरहेको छ तर काम भने बीच मै कतै अड्किएर बसेको छ । यस्ता कुरा मनन गर्दा मलाई कहिले काहीँ धेरै नमीठो लाग्छ ।'

संविधानसभाको सदस्य जस्तो पदमा पुगिसक्दा पनि पार्टी भित्र भने आफ्नो दऱ्हो पकड नभएको नवोदिता बताउनु हुन्छ । त्यसैले भविष्यमा पहिलो प्राथमिकता सामाजिक कार्यलाई दिने र त्यसपछि पार्टी भित्र आफूलाई मजबूत तुल्याउँदै जाने नवोदिताको योजना छ । उहाँ भन्नुहुन्छ, 'सक्ने हो भने राजनीतिमा राष्ट्र बनाउने अथाह अवसर छन् । म ती अवसरहरूलाई सकभर उपयोग गर्न चाहन्छु ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | नारायणी देवी घिमिरे (अर्याल) |
| ठेगाना स्थायी | : | तानसेन–४, पाल्पा, तानसेन |
| अस्थायी | : | थापागाउँ, काठमाण्डौं–१० |
| सम्पर्क ठेगाना | : | ०१४४६०७५० (घर), ९८४७०६९६३१ (मो) |
| जन्म मिति | : | २०२२/०२/१६ |
| जन्म स्थान | : | मदनपोखरा–१, पाल्पा, लुम्बिनी |
| आमाको नाम | : | वेदप्रभा अर्याल |
| बुबाको नाम | : | स्व. झपेन्द्रराज अर्याल |
| श्रीमान्‌को नाम | : | धनेन्द्रराज घिमिरे |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# भैली खेलेको पैसाले किताबहरू किन्थे

छोरी मान्छेले पढ्नु हुंदैन भन्ने धारणा रहेको समाजमा नारायणीदेवी घिमिरे (अर्याल)ले पढ्नका लागि परिवारमै पनि सङ्घर्ष गर्नुपऱ्यो। कठिन सङ्घर्ष गरेर उहाँले कानुन तथा व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण गर्नुका साथै राजनीतिको क्षेत्रमा पनि सक्रिय रहनुभयो। त्यसैको परिणाम स्वरूप उहाँ आज नीति निर्माण गर्ने र संविधान निर्माण गर्ने ठाउँ संविधानसभासम्म आइपुग्नु भएको छ।

नारायणीको जन्म स्थान पाल्पाको मदनपोखरा गाविस कम्युनिष्ट आन्दोलनको उर्वरभूमि मानिन्छ। त्यहाँ प्रायः कम्युनिष्ट नेता कार्यकर्ताहरूको आवतजावत, कार्यक्रम, भेला बैठकहरू भइरहन्थे। त्यस्तै कार्यक्रम मार्फत नै नारायणीदेवीले राजनीति बुझ्न थाल्नुभयो र आफ्ना अरूका अधिकारका लागि लड्न सिक्नुभयो। सानै उमेरदेखि खर्चमा मितव्ययीता अपनाउने र भैली खेलेको तथा जम्मा गरेको पैसाले चिनियाँ कम्युनिष्ट आन्दोलनका कथाका किताबहरू किनेर पढ्ने र सङ्ग्रह गर्ने उहाँको बानी थियो। पढाइ र राजनीतिलाई अगाडि बढाउन उहाँलाई दाइ विष्णुप्रभातको प्रेरणा मिल्यो। विष्णुप्रभात कम्युनिष्ट कार्यकर्ता हुनुहुन्थ्यो।

नारायणीदेवी २०३५/३६ सालको विद्यार्थी आनदोलनमा सहभागी हुनुभयो। उहाँ २०३९ सालमा पाल्पाको त्रिभुवन बहुमुखी क्याम्पसमा भर्ना भएपछि राजनीतिमा सँगठित भई अझ क्रियाशील हुन थाल्नुभयो। तत्कालीन मालेको युथ लिगमा सँगठीत हुँदै विद्यार्थी र महिला मोर्चाको सङ्गठन निर्माणमा जुट्नुभयो। त्यसपछि अनेरास्ववियुको जिल्ला र अञ्चल क्षेत्रीय कमिटिको जिम्मेवारी र अनेमसङ्घको जिल्ला संयोजकको भूमिका पनि निर्वाह गर्नुभयो। नारायणी २०६१ सालदेखि पाल्पा जिल्ला कमिटीमा सक्रिय हुनुहुन्छ। प्रारम्भमा उहाँले जिल्लामा दुईवटा फाँट 'महिला' र 'बुद्धिजीवी' हेर्नुहुन्थ्यो। उहाँ २०६४ सालमा अनेमसङ्घ राष्ट्रिय परिषद्को अध्यक्षका साथै राष्ट्रिय बुद्धिजीवी सङ्घको जिल्ला उपाध्यक्ष पनि हुनुभयो। उहाँ भन्नुहुन्छ, 'पञ्चायतकालमा कम्युनिष्टहरूले खुलेर

राजनीति गर्न पाउँदैनथे । तत्कालीन निरंकुश पञ्चायती सरकारले कम्युनिष्टहरूलाई खोजीखोजी जेलमा हाल्थे । कम्युनिष्ट नेता र कार्यकर्ताहरूले लुकिछिपी काम गर्न पर्थ्यो ।'

२०४१ सालमा पार्टीको सरसल्लाह र संयोजनमा पार्टीका सक्रिय कार्यकर्ता धनेन्द्रराज घिमिरेसँग नारायणीको प्रगतिशील विवाह भयो । पाल्पा जिल्लामा पार्टी निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका धनेन्द्रराज घिमिरे हाल केन्द्रीय लेखा परीक्षणको आयोगका सदस्य हुनुहुन्छ । विवाहपछि नारायणीलाई आर्थिक बोझले गाँज्यो र पारिवारिक दायित्व सम्हाल्दै र काम पनि गर्दै उहाँले दुई छोरालाई हुर्काउनुभयो । आर्थिक र पारिवारिक जिम्मेवारीका कारणले गर्दा उहाँले केही समय राजनीतिक जिम्मेवारी कम गर्नुभयो । तर, २०५० सालदेखि उहाँ जिल्ला कमिटी मार्फत पुनः पार्टीमा सक्रिय हुन थाल्नुभयो र उहाँले पार्टी जिल्ला कमिटिमा रही महिला फाँट र बुद्धिजिवी फाँट इन्चार्जको रूपमा कार्यरत रहनुभयो ।

संविधानसभामा नेकपा (एमाले)का तर्फबाट समानुपातिक सदस्य नारायणीदेवी व्यवस्थापिका संसद्तर्फ सार्वजनिक लेखा समिति तथा संविधानसभातर्फ न्याय प्रणाली समितिको सदस्य हुनुहुन्छ । उहाँले महिला हिंसासम्बन्धी मुद्दाहरू हेर्नका लागि प्रत्येक जिल्लामा बन्द इजलाश हुनुपर्ने, मुद्दाको फैसला छोटो समयमै गर्नुपर्ने, पारिवारिक अदालतको व्यवस्था गर्नुपर्ने, अदालतभित्र पनि समावेशीको नीति अबलम्वन गर्नुपर्ने र अदालतलाई स्वतन्त्र, सक्षम, प्रभावकारी र जवाफदेही बनाउनुपर्ने कुरामा विशेष जोड दिँदै आउनु भएको छ । महिला हिंसाका मुद्दाहरू सरकारका तर्फबाट लडिनुपर्छ र ती सामाजिक सुरक्षा प्रदान गर्ने र क्षतिपूर्ति सहितको हुनुपर्छ भन्ने पनि उहाँको माग छ । उहाँ भन्नुहुन्छ, 'हामीकहाँ बहुविवाह, जातीय छुवाछुत र घरेलु हिंसा सम्वन्धी विद्यमान कानुन र नियमको व्यावहारिक कार्यान्वयन अझै पनि हुन सकेको छैन ।'

अधिकारवाला उच्चपदस्थ व्यक्तिहरू नै घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेकाले उनीहरूलाई कारबाही हुनुपर्छ भन्ने पनि उहाँको धारणा छ । यी कुराहरू संविधानसभा समितिले तयार पारेको अवधारणापत्रमा आएका पनि छन् । उहाँ भन्नुहुन्छ, 'मौलिक हकमा पनि महिलाका विषयमा धेरै कुराहरू समेटिएका छन् तर निष्कर्ष के होला प्रतिक्षाको विषय बनेको छ ।' त्यस्तै घरेलु काम गर्ने महिलाको आर्थिक गणना हुनुपर्ने, राज्यको हरेक निकायमा महिलाको समानुपातिक र समावेशी सहभागिता हुनुपर्ने, शिक्षा, स्वास्थ्य, रोजगारीमा महिलालाई विशेष अधिकार दिइनुपर्ने कुरालाई नारायणीदेवीले संविधानसभामा जोड दिएर उठाउनु भएको छ । राष्ट्रिय महिला आयोगलाई संवैधानिक अङ्ग बनाएर यसलाई अधिकारसम्पन्न बनाउनुपर्ने, पनि उहाँको माग छ ।

राज्यले बादी, झुमा, देउकीलगायतका प्रथा चाहिँ कायम गर्ने तर ती प्रथाबाट पीडित महिलाहरूबाट जन्मिएका बच्चाहरूलाई नागरिकता नदिने राज्यको कानुन अन्यापूर्ण रहेको नारायणीदेवीको धारणा छ । बाबुको पहिचान नभए पनि आमाको नामबाट छोराछोरीले वंशजको नागरिकता पाउनुपर्छ भन्ने कुरा मस्यौदा प्रतिवेदनमा छुटेको भए पनि कार्यदलले यो कुरा समेटेको उहाँको विश्वास छ । उहाँ भन्नुहुन्छ, 'अहिलेको संविधानमा लैङ्गिक तटस्थ शब्द प्रयोग गरियोस् । विशेष अधिकारसहित महिला, दलित र अन्य पछाडी पारिएका वर्गलाई समानस्तरमा ल्याइयोस् । विदेशीसँग नेपाली नागरिकले विवाह गर्दा बुहारी र ज्वाइँलाई समान नियम लागू गरियोस । साथै

अब महिलालाई पनि वंशीय अधिकार दिनुपर्छ । महिलालाई वंशीय अधिकार प्राप्त भएमा यसले महिलाको पहिचान र सम्मान स्थापित गर्दछ ।' संविधानसभा सदस्यहरूले उठाएका मुद्दालाई मस्यौदा अध्ययन प्रतिवेदन समितिले विश्लेषण गर्छ । तर, सो समितिमा महिलाको प्रतिनिधित्व नभएकोले महिलाका कतिपय मुद्दाहरू छुटेको उहाँको भनाइ छ ।

सभासद् भएर काठमाण्डौंमा रहँदा अरू कतिपय सभासद्हरूलाई झैँ उहाँलाई पनि डेराको समस्या छ । घर धनीहरू कोठा दिने तर पानी नदिने, सभासद्का धेरै पाहुना आउने भएकाले कोठा खोज्न जाँदा कोठा दिन गाह्रो मान्ने समस्या नारायणीले पनि भोग्नु भएको छ । रातिसम्म संविधानसभा र संसद्का बैठक चल्दा गाडीले पुऱ्याउने कुरा भए पनि त्यो त्यति व्यवस्थित नभएको उहाँ बताउनुहुन्छ ।

महिला सदस्यहरूलाई सञ्चार माध्यमले पनि उत्साहित र उत्प्रेरित गर्नुपर्ने नारायणीको धारणा छ । उहाँ भन्नुहुन्छ, 'महिला संविधानसभा सदस्यहरूकाबारेमा सञ्चारमाध्यमहरूले घाँस काट्दाकाट्दै, चुरा बेच्दा बेच्दै, भाँडा माझ्दा माझ्दै जस्ता शीर्षक राखेर समाचारहरू छापे । यस्ता समाचारहरूले गर्दा जनताले महिला सदस्यका योगदान र राजनीतिक अनुभवलाई हलुका बनायो । यस्ता समाचारहरूले महिला सभासद्हरूलाई पनि खिन्न तुल्याएको ।' नीतिगतरूपमा हेर्ने हो भने त संविधानसभामा समाजको पछाडि परेको वर्ग र लिङ्गलाई पनि प्रतिनिधित्व गराएको देखिन्छ । तर पेशालाई लिएर महिलालाई हेपिन्छ भन्ने नारायणीको भनाइ छ, उहाँ गुनासो गर्नुहन्छ, 'पुरूषको मुद्दा मिडियाले प्रचार गर्छ तर महिलाका मुद्दाकाबारेमा मिडिया खासै वोल्दैन ।' उहाँको दुखेसो छ ।

संविधानसभाले दिएको जिम्मेवारी आफूलगायत अरू पनि धेरै संविधानसभा सदस्यहरूले दिन रात खटेर पूरा गर्दा पनि शीर्षस्थ नेताहरूको मत मतान्तरले गर्दा समयमै संविधान बन्न नसकेकोले नारायणी आफूलाई दुःख लागेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'समस्याको चुरो शीर्षस्थ नेतृत्व तहमा छ । राजनैतिक दलका शीर्षस्थ नेतृत्व तहले अब ढिला नगरी समस्याको गाँठो फुकाई देश र जनतालाई शान्ति र अग्रगामी संविधान दिन सक्नुपर्छ ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : निर्मला प्रसाई |
| ठेगाना स्थायी | : गोलबस्ती, इलाम नगरपालिका-३, मेची |
| अस्थायी | : बागडोल गाविस-४, ललितपुर |
| सम्पर्क ठेगाना | : ९८४१९४२६८१ (मो) |
| जन्म मिति | : २००५/९/१९ |
| जन्म स्थान | : सिक्किम |
| आमाको नाम | : विष्णु कुमारी खरेल |
| बुबाको नाम | : अविचन्द्र खरेल |
| श्रीमान्को नाम | : उमाराम प्रसाई |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# निडर महिलाहरूका कारणले देशमा गणतन्त्र घोषणा हुन सकेको हो

निर्मला प्रसाईंको परिवार राजनीतिमा सक्रिय थियो । बुबा भारतको सिक्किम राज्यमा प्रजातन्त्रको लडाइँमा अग्रसर हुनुहुन्थ्यो भने दुईजना दाजुहरू मन्त्री हुनुहुन्थ्यो । पारिवारिक वातावरण राजनीतिक भएकाले सानैदेखि निर्मला पनि राजनीतिक कार्यक्रमहरूमा सहभागी हुने गर्नुहुन्थ्यो । उहाँ सिक्किममा हुने निर्वाचनमा भोट माग्ने, चुनाव प्रचारप्रसारका काममा सहयोग गर्ने तथा घरैमा रहेका राजनीति सम्बन्धी किताबहरू पढ्ने गर्नुहुन्थ्यो । विगत सम्झदै निर्मला भन्नुहुन्छ, 'मैले बोल्न जानेदेखि नै म चुनावमा मेरा दाजुहरूका लागि भोट माग्न झण्डा बोकेर राजनीतिका गीत गाउँदै हिँड्थे ।'

निर्मलाका बुबाको घर ताप्लेजुङ्गको च्याङथापु गाविसमा भएपनि व्यापारको सिलसिलामा भारतको सिक्किम पुग्नुभएका बुबाले सिक्किममै घरजम गर्नुभएको थियो । निर्मलाको विवाह १५/१६ वर्षको उमेरमा इलाममा भएको थियो । विवाहपश्चात् उहाँले केही समय रेडक्रस र स्काउटजस्ता सामाजिक संस्थासँग आबद्ध भएर सामाजिक सेवा गर्नुभयो । २०३२ सालदेखि उहाँ नेपाली काङ्ग्रेस पार्टीमा आबद्ध हुनुभयो ।

नेपालमा २०४६ सालअघि एक दलीय पञ्चायती शासनको विरोध गर्नेहरूलाई सर्वस्व हरण गरेर जेल सजाय दिइन्थ्यो । पञ्चायती व्यवस्था विरूद्ध आवाज उठाउनेहरूलाई अराजक तत्व मानिन्थ्यो । सडक वा सार्वजनिक स्थलहरूमा दुई चार जना भेला भएर कुरा गर्दा मात्र पनि प्रहरी प्रशासनले शङ्का दृष्टिले हेर्थ्यो । पञ्चायती व्यवस्थाको विरूद्धमा लागेको शङ्का मात्र लागे पनि जेल हालिन्थ्यो । राजनीतिक पार्टीहरू प्रतिबन्धित थिए । यस्तो विषम परिस्थितिमा भूमिगत कुनै पनि पार्टीमा आबद्ध भएर काम गर्नु निकै नै चुनौतीपूर्ण थियो । निर्मला प्रजातान्त्रिक सिद्धान्तमा अडिग र स्वतन्त्रताका पक्षधर हुनुहुन्थ्यो । त्यसकारण, राजनीतिक चेतनाका कारणले कठिन परिस्थितिमा पनि उहाँ निडर भएर राजनीतिमा होमिनुभएको थियो ।

राजनीतिक परिवर्तनका लागि २०३६ सालमा बहुदल कि निर्दल भनेर जनमत सङ्ग्रह भएको थियो । जनमत सङ्ग्रहमा महिला प्रचारप्रसार समितिको अध्यक्ष भई अग्रणी भूमिका निभाउनुभएकी निर्मला त्यतिखेर आफ्नो काखको बच्चा छाडेर जनचेतनाका कार्यक्रम लिएर गाउँघरमा पुग्ने गर्नुहुन्थ्यो । गाउँघरमा घुम्दा 'के खोज्न हिडेकी यो आइमाई ?' भन्नेजस्ता शब्दहरू उहाँले सुन्नुपर्थ्यो । तर, त्यस्ता शब्दहरूलाई एक कानले सुनेर अर्को कानले उडाउँदै उहाँ आफ्नो लक्ष्यमा अडिग भएर लाग्नुहुन्थ्यो ।

२०३८ सालमा बहुदलमा विश्वास राख्ने पक्षका तर्फबाट इलाम जिल्लाको बाल सङ्गठनको अध्यक्ष पदमा निर्वाचित भई उहाँले सामाजिक सेवाका क्षेत्रमा पनि काम गर्नुभएको थियो । २०३८ सालमा महिला सङ्घको मनोनित अध्यक्ष हुनुभएकी निर्मला हालसम्म पनि सङ्घको निर्वाचित अध्यक्षका रूपमा कार्यरत हुनुहुन्छ ।

२०४६ सालको जनआन्दोलनमा निर्मला विभिन्न क्षेत्रको जिम्मा लिएर गाउँमा महिना दिनसम्म कार्यक्रममा हिँड्नुभएको थियो । ती दिन सम्झँदै उहाँ आफूले कुनै पनि पुरूषले भन्दा कम खटेजस्तो नलाग्ने बताउनुहुन्छ । आन्दोलनका ती दिन सम्झदै उहाँ भन्नुहुन्छ, 'बैठक भेलामा लठ्ठी, खुकुरीसहित विपक्षीहरू आक्रमण गर्न आउँदा मैले पुरूष साथीलाई घरभित्रै लुकाएर म एक्लै बाहिर निस्की 'तिमीहरूलाई म एक्लैले जे पनि गर्न सक्छु, ल छोउ त' भन्दै धम्क्याउँथे र उनीहरू त्यहाँबाट भाग्थे ।' यसरी दिनरात, मेहनत गरेर र भोकभोकै हिँडेर विभिन्न आन्दोलनहरूलाई सफल बनाउन आफूले पनि ठूलो योगदान दिएको निर्मला बताउनुहुन्छ । तर आफूभन्दा पछि राजनीतिमा लागेका पुरूष साथीहरूलाई नेपाली काङ्ग्रेसले अगाडि पारेको देख्दा उहाँलाई धेरै दुःख लाग्छ ।

पञ्चायतकालमा पञ्चायत विरूद्ध काम गर्दाका दुःख र सङ्घर्ष तथा आजको परिवर्तनलाई दाँज्दा दिन र रातको फरकजस्तो निर्मलालाई महसुस हुन्छ । त्यतिबेला प्रहरी प्रशासनले उहाँलाई मात्र नभई सम्पूर्ण घरपरिवारलाई नै दुःख दिन्थ्यो । प्रहरीले बेलाबेलामा घर घेरेर राख्थ्यो । राजनीतिक प्रतिशोधका कारण उहाँको श्रीमान्लाई इलाम क्याम्पसबाट दाङ सरूवा गरियो । तर पनि निर्मलाको राजनीतिक आस्थामा कुनै कमी आएन ।

त्यतिबेला गाउँगाउँमा हुने बैठक भेलामा हिँडेर जाँदा पाएका दुःख, सङ्घर्ष तथा प्रहरी प्रशासनले कार्यक्रमबाट लखेटेको, भागेर जिल्लामा लुकी बसेको र फेरि फर्केर कार्यक्रम सफल पारी फर्केको कुरा सम्झदाँ निर्मलालाई गौरवपूर्ण काम गरेजस्तो लाग्छ । राजनीतिक जीवनमा उहाँलाई धेरैपटक जेलमा पुऱ्याइएको पनि उहाँ स्मरण गर्नुहुन्छ ।

२०६२/६३ को जनआन्दोलनमा दिनहुँ जुलुसमा सक्रिय भूमिका निभाउनुभएकी निर्मलालाई प्रहरीले धेरै पटक ट्रकमा राखेर थुनामा पुऱ्याउँथ्यो । उहाँ त्यसबखत सात पटकसम्म थुनामा पर्नुभएको थियो । उहाँको श्रीमान्ले पनि प्राध्यापक सङ्घ र कानुन व्यवसायीका क्षेत्रबाट आन्दोलनकारीलाई सेवा, सहयोग गर्नुभएको थियो । ललितपुरको सातदोबाटो घेराउमा प्रहरी प्रशासनले अगाडिबाट डोजर ल्याई पेल्न खोज्दा पुरूष साथीभन्दा अगाडि उहाँ लगायत अन्य महिलाहरू ज्यानको पर्वाह नगरी डोजरको अगाडि तेर्सो परेर सडकको बीचमा सुत्नुभएको थियो । आधा घण्टाभन्दा बढी समय बाटोमा सुतेपछि डोजर फर्केको थियो । उहाँ भन्नुहुन्छ, 'त्यस अवस्थामा पुरूष साथीहरू चाहिँ बाटोमा तेर्सो पर्न सकेनन् । त्यसैले हामी महिलाहरूका निडर सङ्घर्षका कारणले नै देशमा गणतन्त्र घोषणा हुन सकेको हो भन्ने मलाई लाग्छ ।'

संविधानसभाको चुनावमा इलाम जिल्लामा निर्मलाले प्रत्यक्ष तर्फका उम्मेद्वारलाई जिताउन सक्रिय भूमिका निभाउनु भएको थियो । उहाँले संविधानसभाको चुनावमा अग्रणी भूमिका खेलेको र पार्टीमा सक्रिय भई निरन्तर काम गरेको हुँदा नेपाली काङ्ग्रेसका महामन्त्री के.बी. गुरूङले उहाँको नाम समानुपातिक उम्मेद्वारका रूपमा राख्न प्रस्ताव गर्नुभएको थियो । पार्टीले पनि उहाँको योगदानको सही मूल्याङ्कन गरी समानुपातिकबाट उहाँलाई संविधानसभा सदस्य बनायो ।

संविधानसभा सदस्य भए पश्चात् निर्मलाको अझ जोश र जाँगर बढेको छ । जनताका लागि केही गर्नसक्छु भन्ने उहाँमा विश्वास बढेको छ । साथै जनताका कुराहरू ठाउँमा पुऱ्याउन पाउँछु र केही गर्न सक्छु भन्ने आँट र हौसला बढेको पनि निर्मलाको भनाइ छ । उहाँले संविधान निर्माण प्रक्रियामा विशेषगरी महिलाका मुद्दाहरूलाई जोडतोडका साथ उठाउँदै आउनुभएको छ । राज्यको हरेक तहमा ५० प्रतिशत महिला सहभागिता हुनुपर्छ र महिलालाई निःशुल्क शिक्षा र स्वास्थ्य सुविधा उपलब्ध गराउनुपर्छ भन्ने उहाँको धारणा छ ।

निर्मला संविधानसभाको विषयगत समिति अन्तर्गत जनमत सङ्कलन समितिको सदस्य हुनुहुन्छ । यस समितिले जनताका धारणा सङ्कलन गर्नका लागि आवश्यक पहल गर्दछ । आफू संलग्न समितिमा संविधानमा राखिने विषयमा खासै छलफल नभए पनि निर्मलाले समयसमयमा आफ्नो क्षेत्रमा गई जनताका इच्छा र आवश्यकतालाई बुझेर उनीहरूका भावनालाई संविधानसभा र व्यवस्थापिका संसद्मा राख्दै आउनुभएको छ । तर, संसद्का मुख्यमुख्य पदमा पुरूष सदस्यहरू नै हाबी भएका कारणले महिलाका मुद्दामाथि कमै मात्र सुनुवाइ भएको उहाँको गुनासो छ ।

केन्द्रको राजनीतिमा देखिएको राजनीतिक खिचातानी, बेमेल र काममा भइरहेका ढिलासुस्तीले निर्मलाको मन खिन्न भएको छ । संविधानसभा र व्यवस्थापिका संसद्को बैठक बस्ने शैली पनि उहाँलाई चित्त बुझेको छैन । उहाँ भन्नुहुन्छ, 'संवैधानिक विधि र प्रक्रियाका नाममा सात घण्टा ढिलो बैठक बस्छ । रात परेपछि बैठक सुरू गरिन्छन् । त्यहाँका नियम पनि नेताहरू आफूखुशी परिवर्तन गरिरहन्छन् । पार्टीहरूबीचका अनमेलले संविधान लेख्न सकिएको छैन । त्यसले गर्दा जनताको काम पनि राम्ररी गर्न सकिएको छैन ।' राजनीतिकरणले समग्र मुलुकलाई नै तहसनहस पारेको दृष्टान्त दिँदै उहाँ थप्नुहुन्छ, 'जनताका सानातिना काम गर्नका लागि पनि अलि ठूलै र मुख्य पदमा पुग्नुपर्ने रहेछ भन्ने मलाई लाग्न थालेको छ । मलाई जनताका आकांक्षा राम्ररी पूरा गर्न नसकेकामा दुःख पनि लागेको छ ।'

नेपालको पछिल्लो राजनीतिक परिस्थिति निराशाजनक भए पनि निर्मला अझै पनि राजनीति र समाजसेवामा निरन्तर सक्रिय भइरहने बताउनुहुन्छ । उहाँ नयाँ नेपालको नयाँ संविधान लेखेरै छाड्ने पनि अठोट व्यक्त गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : निमा लामा भोटे |
| ठेगाना स्थायी | : बगरछाप, मनाङ, बाग्मती |
| अस्थायी | : सितापाइला, काठमाण्डौ |
| सम्पर्क ठेगाना | : ०१-४२७३३१०, ९८५११०८५१४ |
| जन्म मिति | : २०१९ |
| जन्म स्थान | : बगरछाप, मनाङ, बाग्मती |
| आमाको नाम | : साङमु लामा |
| बुबाको नाम | : छिरिङ दोरजे लामा |
| श्रीमान्को नाम | : पेम्बा लामा |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : मन्त्रीपरिषद्बाट मनोनित |

# सेनाको डरले कम्युनिष्ट विचारधाराका किताबहरू जमिनमुनि गाडेँ

भौगोलिकरूपमा विकट तर सुन्दर र मनोरम हिमाली जिल्ला मनाङमा २०१९ सालमा आमा बाबुको चौथो सन्तानका रूपमा साधारण परिवारमा जन्मनु भएकी निमा लामाको बाल्यजीवन त्यति सुखद् रहेन । छोरीलाई विद्यालय पठाइयो भने 'पोइल जान्छे' भन्ने धारणाले गर्दा निमाले औपचारिक शिक्षा प्राप्त गर्ने अवसर पाउनु भएन । तर उहाँका दाजुहरूले भने विद्यालय जाने मौका पाउनुभयो । छोरी भएकै कारणले आफूले विद्यालयको आँगन टेक्न नपाउँदा त्यतिबेला निमाको मन भित्रभित्रै निकै नै कुँडिन्थ्यो ।

पढ्न लेख्न साह्रै रहर गर्ने निमाले ठूलो दाजुको सहयोगमा साधारण लेखपढ गर्न सिक्नुभयो । यसरी साधारण लेखपढ गर्न सिक्ने अवसर पाउनुलाई पनि निमा जीवनको एउटा महत्वपूर्ण उपलब्धि नै मान्नुहुन्छ । त्यसैले पनि उहाँमा महिलाहरूका लागि सम्पत्तिभन्दा शिक्षा महत्वपूर्ण छ र शिक्षाबाट महिलाहरूलाई वञ्चित गर्नु हुँदैन भन्ने धारणाको विकास भयो ।

महिलालाई शिक्षाबाट वञ्चित गर्ने, महिलालाई बोल्न नदिने र श्रीमान्को पिटाई खाएर पनि सहेर बस्नुपर्ने घटनाहरू देख्दै र भोग्दै आउनु भएकी निमाले महिलामाथि हुने यस्ता थिचोमिचो र भेदभाव हटाउन राजनीतिले मात्र सक्ने महसुस गर्नुभयो । निमा भन्नुहुन्छ, 'आफ्नो हक स्थापित गर्दै समाजलाई परिवर्तन गर्न राजनीतिबाट मात्र सम्भव छ भन्ने कुरा मलाई लाग्यो । त्यसैले गर्दा नै राजनीतिप्रति मेरो चासो र रूचि बिस्तारै बढ्दै गयो ।'

तत्कालीन समयमा मनाङ जिल्लामा नेपाली काङ्ग्रेसको वर्चस्व थियो । तर निमाको परिवार चाहिँ कम्युनिष्ट विचारधाराबाट प्रभावित थियो । घरमा उहाँका दाजुले कम्युनिष्ट विचारधाराका किताबहरू अध्ययन गर्नुहुन्थ्यो ।

दाजुका किताबहरू पढ्दा पढ्दै निमाको कम्युनिष्ट विचारधाराप्रतिको झुकाव पनि बढ्दै गयो । तर २०४१ सालमा निमाको बिहे भएपछि मात्र वैवाहिक जीवनको सुरूआतसँगसँगै उहाँको राजनीतिक जीवनले पनि गति लिन थाल्यो । निमाको श्रीमान् पनि कम्युनिष्ट विचारधारामा आस्था राख्ने भएकाले निमालाई राजनीतिमा अगाडि बढ्न सजिलो भयो ।

२०४८ सालदेखि निमाले मनाङको बगरछापमा होटल व्यवसाय सञ्चालन गर्न थाल्नुभयो । उहाँको होटलमा कम्युनिष्ट नेताहरूको आउजाउ भइरहन्थ्यो । ती नेताहरूसँगको अन्तर्क्रिया र सङ्गतले गर्दा पनि उहाँलाई कम्युनिष्ट विचारधाराबारे अझै गहिरिएर बुझ्न र सक्रिय राजनीतिमा लाग्न उत्प्रेरित गऱ्यो ।

प्रत्यक्ष रूपमा कुनै पनि पार्टीको सदस्यता लिएर काम नगरे पनि २०४८ र २०५१ सालको आमचुनावमा आफ्ना दाजुले जनमोर्चाका तर्फबाट चुनाव लडेपछि दाजुका लागि चुनाव प्रचारप्रसार गर्न र भोट माग्न निमा गाउँ गाउँमा घुम्नुभयो । मनाङ जस्तो पहाडी र हिमाली भेगमा आफ्नो काखे बालकलाई च्यापेर चुनाव प्रचारप्रसारमा सहभागी हुनु निकै नै चुनौतीपूर्ण थियो । अर्कातर्फ लामो समयदेखि नेपाली काङ्ग्रेसले वर्चस्व जमाउँदै आएको मनाङमा जनमोर्चा वा अन्य पार्टीका पक्षमा चुनाव प्रचारप्रसार गर्नु पनि त्यति सजिलो काम थिएन । चुनाव प्रचार-प्रसारमा हिँड्दा विपक्षी पार्टीका नेता तथा कार्यकर्ताहरूबाट निमाले विभिन्न किसिमका धम्की व्यहोर्नुपऱ्यो ।

२०५४ सालको स्थानीय निर्वाचनमा चाहिँ निमाले नेकपा (एमाले)का पक्षमा चुनाव प्रचार-प्रसार गर्दै एमालेका लागि मत माग्नुभयो । कम्युनिष्टहरूलाई सहयोग गरेको निहुँमा काङ्ग्रेसहरूले उहाँलाई गाउँ निकाला गर्नेसम्मको धम्की दिए । तर उहाँले ती धम्कीहरूको वास्तै नगरी एमाले पार्टीका कार्यकर्ताहरूको सम्पूर्ण व्यवस्थापनको जिम्मा लिनुभएको थियो ।

२०५२ सालमा तत्कालीन नेकपा (माओवादी)ले 'जनयुद्ध' घोषणा गरी गरिब र सर्वहारावर्गको उत्थान गर्ने र सामन्तवादी शासन व्यवस्थाको अन्त्य गर्ने नारा गाउँ गाउँमा फैलायो । माओवादी पार्टीका नेता तथा कार्यकर्ताहरू पनि गाउँगाउँमा पुगे । कम्युनिष्टप्रति झुकाव राख्ने निमालाई माओवादीको विचार र नाराले निकै नै आकर्षित गऱ्यो । जनताको सच्चा पार्टी यही नै हो भन्ने पनि उहाँलाई लाग्यो । त्यसैले २०५६ सालदेखि उहाँले माओवादी पार्टीलाई विभिन्न किसिमले सहयोग गर्न थाल्नुभयो । पार्टीका नेता तथा कार्यकर्ताहरू ग्राहकका रूपमा उहाँको होटलमा आउने जाने गर्थे । प्रहरी, प्रशासन र तत्कालीन शाही नेपाली सेनाले निमामाथि नजर राखेको थियो । सेनाहरू आएर बेलाबेलामा उहाँको घर खानतलासी गरी दुःख दिइरहन्थे । निमा भन्नुहुन्छ, 'माओवादीलाई मेरो होटलमा राखेको थाहा पाए मलाई बेपत्ता पार्ने धम्की सेनाले दिन्थे । सेनाबाट बच्नका लागि मैले घरमा भएका सम्पूर्ण कम्युनिष्टसँग सम्बन्धित किताबहरू प्लाष्टिकको झोलामा हालेर खाल्टो खनी जमिन मुनि पुरेकी थिएँ । ती किताबहरू अहिलेसम्म पनि मसँग सुरक्षित छन् ।'

२०६२/६३ सालको जनआन्दोलनमा प्रत्यक्ष सहभागी हुन नसके पनि निमाले पार्टीका कार्यकर्ताहरूलाई आफ्नो होटलमा खानेबस्ने व्यवस्था गरी आर्थिक सहयोग पनि पुऱ्याउनुभएको थियो । यसैगरी २०६४ सालमा सम्पन्न संविधानसभाको निर्वाचनमा पनि उहाँले दिनरात गाउँगाउँमा पुगेर चुनाव प्रचारप्रसार गर्दै एनेकपा (माओवादी)का उम्मेद्वार देव गुरूङका पक्षमा मत माग्नुभयो । यसभन्दा अगाडिका चुनावहरूमा सँधै काङ्ग्रेसले जित्दै आएको मनाङमा संविधानसभा निर्वाचनमा पहिलो पटक माओवादीका देव गुरूङ विजयी हुनुभयो ।

पार्टीप्रतिको इमान्दारीता र पार्टीलाई पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै पार्टीले निमालाई संविधानसभामा मन्त्रि-परिषद्बाट मनोनित गऱ्यो । उहाँ भन्नुहुन्छ, 'निःस्वार्थ भावले मैले पार्टीमा समर्पित भएर लागेका कारण पार्टीले पनि मेरो सही मूल्याङ्कन गरेर मलाई सभासद् बनायो । यसरी सभासद् हुन पाउँदा मलाई एकदमै खुशी लागेको छ ।'

संविधानसभा सदस्य भएर काठमाण्डौं आएपछि नयाँ ठाउँ र नयाँ परिवेशमा घुलमिल हुन सुरूमा निमालाई निक्कै अप्ठ्यारो परेको थियो । बेलाबेलामा संविधानसभाको बैठक अबेर रातिसम्म सञ्चालन हुँदा र आफ्नो निजी सवारीसाधन नहुँदा आफ्नो निवाससम्म पुग्न पनि निक्कै कठिन परेको उहाँ बताउनुहुन्छ । सुरूका दिनहरूमा संविधानसभाको प्रक्रिया बुझ्न अलि गाह्रो भएता पनि जिज्ञासु स्वभावकी निमाले साथीहरूसँगको छलफल र सरसल्लाहले बिस्तारै धेरै कुरा बुझ्दै र सिक्दै जानुभयो । यसका साथै महिला सभासद्हरूलाई लक्षित गरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले सञ्चालन गरेका तालिम तथा गोष्ठीहरूबाट पनि धेरै कुराहरू सिकेको निमा बताउनु हुन्छ । यस किसिमका कार्यक्रमहरूबाट उहाँले आफ्नो कुरा अरू समक्ष राख्ने, संविधान निर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूबारे जानकारी प्राप्त गर्नेलगायतका क्षमता अभिवृद्धिको अवसर पाउनुभयो ।

महिला भएकै कारणले संविधानसभा र व्यवस्थापिका संसद्मा नीतिगत रूपमा चुनौतीको सामना गर्नु नपरे पनि कतिपय अवस्थामा पुरूष र महिला सदस्यलाई गरिने सम्मानमा भने निमाले विभेद महसुस गर्नुभएको छ । महिला सदस्यहरूले संविधानसभा र व्यवस्थापिका संसद्मा उठाएका मुद्दालाई पुरूष सदस्यहरूले त्यति गम्भीरताका साथ नलिने गरेको उहाँको पनि अनुभव छ ।

निमा अहिले संविधानसभा अन्तर्गतको व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गत सार्वजनिक लेखा समितिको सदस्य हुनुहुन्छ । ती समितिमा उहाँले आदिवासी/जनजाति, महिला, दलितलगायत पछाडि पारिएका समुदायका मुद्दा उठाउँदै आउनुभएको छ । त्यस्तै दलित, मुस्लिम, मधेसीलगायतका समुदायले उठाइरहेका सामाजिक, आर्थिक, राजनीतिक मुद्दाहरूलाई पनि नयाँ संविधानमा समावेश गर्नका लागि उहाँ जोड दिनुहुन्छ । सन्तानले नागरिकता लिँदा बुबाको नामबाट मात्र नभएर आमाको नामबाट पनि नागरिकता लिन पाउनुपर्ने र महिलाको प्रतिनिधित्व हरेक ठाउँमा ५० प्रतिशत हुनुपर्ने पनि उहाँको धारणा छ ।

निमा प्रत्येक तीनचार महिनामा आफ्नो जिल्लामा गई जनताका इच्छा र आवश्यकताबारेमा उनीहरूसँग छलफल र अर्न्तक्रिया गर्नुहुन्छ । जिल्लाको विकासका लागि संसद् विकास कोषबाट प्रत्येक सांसद्लाई प्रत्येक वर्ष प्राप्त हुने १० लाख रूपैयाँ र अन्य सहयोगसमेत जुटाइ जिल्लामा गुम्बा, स्कुल र बाटोघाटो निर्माणमा उहाँले सहयोग गर्दै आउनुभएको छ । मनाङ जिल्ला उब्जनीका दृष्टिले त्यति राम्रो नभएता पनि त्यहाँ यार्सागुम्बाजस्ता बहुमूल्य जडीबुटी पाइन्छन् र पर्यटनको दृष्टिले त्यहाँ ठूलो सम्भावना छ । तसर्थ, मनाङ जिल्लाको विकासका लागि सरकारले विशेष योजना लागू गर्नुपर्ने र जिल्लामा सडकको विकास तथा बिस्तार गर्नुपर्ने निमाको माग छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : नीलम के.सी. |
| ठेगाना स्थायी | : गारामनी गाविस-८, नडियाबारी गाउँ, झापा, मेची |
| अस्थायी | : मिर्मिरे टोल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४४८६२८० (घर), ९८४१५१८५९५ (मो) |
| जन्म मिति | : २०१५/९/१५ |
| जन्म स्थान | : झापा |
| आमाको नाम | : लक्ष्मुमाया खड्का |
| बुबाको नाम | : स्व भिमबहादुर खड्का |
| श्रीमान्को नाम | : चन्द्रप्रकाश मैनाली |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेकपा (माले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# १३ वर्षमै भूमिगत

२०२७/२८ सालतिरको झापाको कुरा अर्कै थियो। झापा तत्कालीन नेपालको सर्वाधिक चर्चित र क्रान्तिकारीहरूको प्रमुख केन्द्र थियो। सामन्ती जमिन्दारहरूलाई सफाया गर्ने अभियान स्वरूप चलाइएको झापा आन्दोलनले सिँगै देशमा हलचल मचाएको थियो। जतिबेला झापा आन्दोलन चर्कियो त्यति नै बेला निलम केसीले पनि आफ्नो राजनीतिक यात्रा सुरू गर्नु भएको थियो।

निलम केसीको परिवार पनि झापा आन्दोलनमा सहभागी थिए। झापास्थित उहाँको घर झापा आन्दोलनका भूमिगत नेता तथा कार्यकर्ताहरू बस्ने गोप्य सेल्टर थियो। परिवारमा राजनीतिक वातावरण त थियो नै, त्यसमाथि सहिद नेत्रप्रसाद घिमिरे जस्ता राजनीतिक गुरूको सरसङ्गतले निलमको किशोरी मनलाई पूरै विद्रोही बनाइसकेको थियो। अन्याय, अत्याचार, शोषण र निमुखा जनतामाथि गरिने बर्बर दमन विरूद्ध सङ्घर्ष गर्नु बाहेक अर्को विकल्प छैन भन्ने सोच निलमको मनमा उहाँ १२, १३ वर्षको छँदा नै पलाइसकेको थियो। फलतः १३ वर्ष कै उमेरमा उहाँ भूमिगत हुनुभयो। १४ वर्षको उमेरमा उहाँ पक्राउ पर्नुभयो। उहाँलाई गिरफ्तार गर्नुभन्दा एक वर्ष पहिला नै उहाँका बुबा, ठूला बुबा र काकालाई गिरफ्तार गरिसकिएको थियो। हिरासतमा प्रहरीले निलमलाई शारीरिक यातना दिए र लगातार एक महिनासम्म उहाँले प्रहरीको यातना खप्नुपर्‍यो।

२०२९ सालदेखि भूमिगत रहनु भएकी निलम एकैचोटी २०४६ सालको जनआन्दोलन पछि मात्रै खुल्ला हुनुभयो। करिब १८ वर्षको भूमिगत जीवनमा उहाँले अनेक उतारचढावहरू पार गर्नुभयो। तत्कालीन पञ्चायती व्यवस्थाका हिमायतीहरूको मुटु कमाउने क्रान्तिकारी नेता सीपी मैनालीसँग उहाँको यही अवधिमा नै विवाह भयो। तर विवाह पछिको यात्रा पनि कहाँ सुखद् थियो र ? छोराछोरी जन्मेपछि उहाँहरूको भूमिगत जीवन अझ चुनौतीपूर्ण बन्यो। उहाँसम्झनुहुन्छ, 'जनता र पार्टीको काममा लाग्दा पाँच महिनाकी छोरीलाई एउटा किसानको घरमा र आठ महिनाको छोरालाई आफ्नै घरमा छोडेर हामी हिँडेका थियौं। त्यो क्षण सम्झँदा आज पनि नरमाइलो लाग्छ।'

सानो उमेरको छँदादेखि नै बेलाबेलामा प्रहरीबाट पाएको शारीरिक र मानसिक यातना, आमालाई पटक-पटक प्रहरीले गिरफ्तार गरेको घटना, राजनीति क्षेत्रका आफ्ना गुरू नेत्रप्रसाद घिमिरे लगायत अरू चार जना योद्धाहरूलाई सुखानीको जङ्गलमा लगेर हत्या गरेको घटना र आफ्नो ठूलो बुबा हेमबहादुर खड्कालाई झापा जेलबाट वीरगञ्ज जेलमा सारेर यातना दिई मारिएको घटनाहरूलाई निलम जीवनमा कहिल्यै बिर्सन सक्नुहुन्न । यी नै वास्तवमा त्यस्ता घटनाहरू हुन् जसले उहाँको जीवनको मोड बदलिदिएको थियो । सङ्घर्षको मैदानमा उहाँले गुमाउनुभएका ती सबै योद्धाहरूको एउटै साझा सपना थियो, समाजको परिवर्तन, मुलुकको परिवर्तन । उहाँहरूको सपना पूरा गर्न पनि आफूले अझै धेरै गर्नुपर्ने उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'यसको लागि मुलुकको राजनीतिक परिस्थितिले जस्तो जिम्मेवारी सुम्पन्छ त्यो पूरा गर्न जीवनको अन्तिम क्षणसम्म पनि म तयार छु ।'

त्यतिबेला निलम संलग्न हुनभएको राजनीतिक सङ्गठन 'झापा जिल्ला कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेशन कमिटी' हो । सो कमिटी 'पूर्व कोशी प्रान्तीय कमिटी' भन्ने अर्को सङ्गठनबाट छुट्टिएर बनेको थियो । पछि यही सङ्गठन विभिन्न वाम घटकहरूसँग समन्वय भई तत्कालीन नेकपा (माले) को रूपमा गठन भयो । सामन्तवाद, राजतन्त्र र संसदीय व्यवस्था ध्वस्त गर्ने उद्देश्य लिएको सो पार्टीले पञ्चायती व्यवस्था र संसद्लाई मान्ने कुरै भएन । त्यसैले निलमले पनि त्यतिबेला आफू कुनै दिन देशको सांसद् वा सभासद् बनौंला भनेर सोच्नु पनि भएन । तर राजनीतिक घटनाक्रमले आज उहाँलाई देशको नयाँ संविधान बनाउने संविधानसभासम्म ल्याइपुऱ्याएको छ । उहाँ संविधानसभाको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको सदस्य हुनुहुन्छ । आफू संलग्न समितिमा उहाँले राज्यको नीति निर्माणलगायत राज्यको सम्पूर्ण निकायहरूमा महिलाहरूको बराबरी सहभागिता स्थापित गर्न उत्पादनका साधन र स्रोतहरूमाथि महिलाहरूको पहुँच पुऱ्याउन र महिलाहरूको पक्षमा भएका सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूको पालना गर्दै महिलाका पूर्ण हक अधिकारलाई संविधानको मौलिक हक मै लेखिनु पर्छ भनेर निलमले आवाज उठाउँदै आउनुभएको छ । साथै उहाँले महिला, जनजाति, दलित, मधेसी, मुस्लिम लगायत गरीब, निमुखा, अल्पसंख्यक र सीमान्तकृत वर्ग सबैको हक अधिकार नयाँ संविधानमा सुनिश्चित गर्न पनि पहल गर्नुभएको छ ।

तर महिलाका हक हितका विषयमा आवाज उठाएर मात्र नपुग्ने निलमको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'महिलाको आवाजलाई उठाउँदैमा मात्र त्यो पूर्ण हुन्न । जबसम्म नयाँ संविधानमा ती आवाजहरूलाई लिपिबद्ध गरिँदैन, तबसम्म ती सम्बोधन भए भन्न सकिन्न ।' साँच्चै भन्ने हो भने अब बन्ने संविधान महिलाका पक्षमा आउँछ की आउँदैन भन्ने कुरामा उहाँलाई ठूलो चिन्ता छ । संविधानलाई 'महिला मैत्री' बनाउन सकियोस् भनेरै संविधानसभामा महिला ककस निर्माण गर्नुपरेको उहाँ बताउनुहुन्छ । महिलाका लागि संविधानमा के कस्ता विषयहरू राखिनुपर्छ भनेर ककसले एउटा पुस्तिका नै तयार गरेको छ । 'यी बुँदाहरूलाई संविधानमा उल्लेख गराउन सके अब बन्ने संविधानलाई 'हामी महिलाहरूले पनि मेरो संविधान भन्नसक्ने थियौँ', उहाँ भन्नुहुन्छ । तर मस्यौदा प्रतिवेदनमा महिलाका केही मुद्दाहरू समेटिए तापनि ती पूर्ण नभएको उहाँको भनाइ छ ।

मस्यौदा प्रतिवेदनमा महिलाले चाहे जस्तो मुद्दाहरू समावेश गराउन नसक्नुमा पुरूष सभासद्हरूले महिलाका मुद्दालाई हल्काफुल्का रूपमा लिने त छँदैछ, तर निलम केही दोष महिलाहरूको पनि देख्नुहुन्छ । जब आफ्ना

कुरा राख्ने समय आउँछ तब आआफ्ना राजनीतिक दलका नीति र धारणाहरू नै महिलाहरूका लागि तगारा बनिदिन्छन् । जहाँसम्म महिला सदस्यको हैसियतको प्रश्न छ, उनीहरू संविधानसभा भित्र पनि दोस्रो दर्जाकै नागरिक बनिरहनु परेको उहाँको अनुभव छ । संविधानसभाभित्र यो विषय पनि महिलाका लागि एउटा ठूलो चुनौती नै हो । महिलाका मुद्दाहरू पुरूष सभासद्हरूले नउठाउने मात्र होइन महिला सदस्यहरूले उठाउँदा समेत त्यसलाई नसुनिदिने प्रवृत्ति छ । संविधानसभामा महिला सदस्यहरूलाई महिलाका मात्र होइन पूरा देश कै समस्याकाबारेमा पनि आफ्ना भनाइ तथा विचार राख्ने इच्छा हुँदा हुँदै पनि उनीहरूले त्यस्तो अवसर हत्पति नपाउने पनि उहाँ गुनासो गर्नुहुन्छ । किनभने संविधानसभामा सबै दलका नेता वा प्रमुख सचेतक पुरूषै छन् त्यसैले प्रमुख मुद्दाहरूमा उनीहरूले नै मात्र बोल्ने मौका पाउँछन् । महिलाको पालो कहिल्यै आउँदैन । निलमलाई यो अवस्थाले पनि संविधानसभामा महिला सदस्यको हैसियतबारे सोच्न बाध्य तुल्याएको छ ।

सुरूमा पार्टीले निलमलाई संविधानसभाको सदस्य छनौट गर्दा उहाँ अत्यन्त खुशी हुनुभएको थियो, पार्टीले आफ्नो योगदानको मूल्याङ्कन गरेछ भनेर । तर अहिले आएर संविधानसभाको जुन हविगत भएको छ, त्यसले भने उहाँलाई अत्यन्त दुःखी बनाएको छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाको यो कछुवा गतिले देशलाई दिनानुदिन अप्रिय दुर्घटनातिर धकेलिरहेको छ । यसले नेपाल र नेपालीहरूको अस्तित्वमा नै प्रश्न चिन्ह लगाइदिएको छ र संविधानसभाको एउटा सदस्यको हैसियतले यसको दोष स्वीकार्न म पनि बाध्य छु ।'

राजनीतिक जीवनको सुरूआतदेखि नै मुलुकको आमूल परिवर्तन उहाँको सपना थियो । त्यसैको लागि उहाँ ज्यानको पनि पर्वाह नगरी आन्दोलनमा होमिनुभयो । देशमा गणतन्त्र स्थापना पनि भयो । तर पनि सन्तोषजनक परिवर्तन अझै भएको छैन । उहाँ भन्नुहुन्छ, 'आमूल परिवर्तन हुन अझै धेरै समय लाग्छ । त्यसको लागि अझै नयाँ खाले सङ्घर्षहरू गर्नुपर्छ ।'



**व्यक्तिगत विवरण**

नाम : नीलम वर्मा
ठेगाना स्थायी : ब्रम्हपुरी गाविस–२, ब्रम्हपुरी, रौतहट, नारायणी
अस्थायी : लोकन्थली, भक्तपुर, बाग्मती
सम्पर्क ठेगाना : ९८५१०१३६४५ (मो)
जन्म मिति : २०१६/७/१७
जन्म स्थान : भारत
आमाको नाम : प्रभादेवी सिन्हा
बुबाको नाम : दिनेशप्रसाद सिन्हा
श्रीमान्को नाम : वीरेन्द्रकुमार वर्मा
शिक्षा : स्नातक
राजनीतिक दल : मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# म जनताको नेता बन्न चाहन्छु

नीलम वर्मालाई एकपटक पार्टीको महिला विभागको प्रमुख बन्ने प्रस्ताव आयो । तर उहाँले ठाडै अस्वीकार गर्नुभयो । कारण सोध्दा उहाँ भन्नुहुन्छ, 'म महिलाको मात्र प्रमुख र नेता बन्दिन । म जनताको नेता बन्न चाहन्छु ।' उहाँको तर्क छ, 'काम गर्दा मैले महिला पुरूष नभनी पार्टीमा समर्पित भएर काम गरेकी छु । देश बनाउने काममा मेरो भूमिका कुनै पुरूषको भन्दा कम छैन । तर मैले नेतृत्व चाहिँ महिलाको मात्र किन लिने ? वास्तवमा महिलालाई पछाडि राख्ने यस्तो पुरूष प्रवृत्तिले गर्दा नै देश पछाडि धकेलिँदै गइरहेको हो भन्ने मलाई लाग्छ ।'

नीलमको राजनीतिक प्रेरणा पनि समाजमा विद्यमान विभेद, उत्पीडन र शोषण नै हुन् । जस्तो मधेस र मधेसीलाई हेर्ने गैर मधेसीको दृष्टिकोण, मधेसमा व्याप्त दाइजो प्रथा, बोक्सीको आरोप, सासु-बुहारीको झगडा, छोरीभन्दा छोरालाई प्राथमिकता दिने र महिलालाई घर बाहिरको काममा संलग्न हुन नदिने जस्ता चलन र विकृतिहरूलाई देखेर र भोगेर नै राजनीतिमा आउन मन लागेको नीलम बताउनुहुन्छ ।

भारतमा जन्मनु भएकी नीलमको रौतहटका वीरेन्द्रकुमार वर्मासँग सन् १९७३ मा विवाह भएको हो । उहाँको श्रीमान्को परिवार राजनीतिक रूपमा सचेत थियो । सासु रत्नेश्वरीदेवी कायस्थ त्यतिबेला महिला सङ्घको तदर्थ समितिको अध्यक्ष र गाविसको वडा अध्यक्ष समेत हुनुहुन्थ्यो । सासुकै प्रेरणाले नीलमलाई राजनीतिमा आउन सहज भयो । नीलम भन्नुहुन्छ, 'सासुले मलाई बारम्बार म बुढी भइसकें अब तिमीहरू राजनीतिमा आउनुपर्छ, भनिरहनुहुन्थ्यो । मधेस र मधेसीका कुरा उठाउन पनि उहाँ मलाई प्रोत्साहित गरिरहनुहुन्थ्यो । ससुरा उमेश्वर प्रसाद वर्मा पनि गाविसको निर्विरोध वडाध्यक्ष हुनुहुन्थ्यो । काका-ससुरा नेपाली काङ्ग्रेसका मनोनित सांसद् नै हुनुहुन्थ्यो । मेरो सम्पूर्ण परिवार नै राजनीतिमा संलग्न भएका कारणले गर्दा म बुहारी भए पनि राजनीतिमा आउन मलाई गाह्रो भएन ।' बिहे अघि भारतमा कलेजमा पढ्दा पनि नीलमले विद्यार्थी चुनावमा भाग लिने गर्नुहुन्थ्यो ।

विवाहपछि नीलमले आफ्नै प्रयासबाट नेपाली भाषा सिक्नुभयो । नीलमका श्रीमान् गोरखाको गोरखा क्याम्पसमा प्राध्यापन गर्नुहुन्थ्यो र श्रीमान्सँगै उहाँ पनि दश बाह्र वर्ष जति गोरखामै बस्नुभयो । गोरखामा रहँदा उहाँले पनि स्थानीय महेन्द्र माध्यमिक विद्यालयमा पढाउन थाल्नुभयो । गोरखामा बस्दा उहाँले मधेसी र पहाडी बीचको ठूलो विभेद अनुभव गर्नुभयो । गोरखामा उहाँको परिवारलाई केही स्थानीय मानिसहरूले 'यिनीहरू मधेसिया हो' भनेर निकै हेप्ने गर्थे । विद्यालयमा पनि उहाँलाई 'धोतीनी मिस आयो' भनेर विद्यार्थीहरू खिसि गर्थे र उहाँलाई यस्तो व्यवहार अत्यन्त नरमाइलो लाग्थ्यो ।

यसै क्रममा २०४५ सालतिर नीलमले नेपाली काङ्ग्रेस समर्थित शिक्षक सङ्घको सदस्यता लिनुभयो । २०४६ सालको जनआन्दोलनमा उहाँ एकजना शिक्षकका हैसियतले सक्रिय भएर लाग्नुभयो । जनआन्दोलनको सफलतापछि २०४८ सालमा भएको पहिलो आमनिर्वाचनमा उहाँ नेपाली काङ्ग्रेसकै मैयाँदेवी श्रेष्ठ र चिनकाजी श्रेष्ठको चुनाव प्रचारमा सक्रिय हुनुभयो । साथै उहाँले गोरखाबाट उम्मेद्वार भएका नेपाली काङ्ग्रेसका चिरञ्जीवि वाग्लेलाई विजयी गराउन पनि निरन्तर क्रियाशील भएर काम गर्नुभयो ।

२०५० सालमा नीलमका श्रीमान् गोरखा क्याम्पसबाट सरूवा भई काठमाण्डौं आउनुभयो र नीलमले पनि नेपाली काङ्ग्रेस परित्याग गरेर नेपाल सद्भावना पार्टीमा प्रवेश गर्नुभयो । त्यसपछि उहाँ सद्भावनाको जिल्ला समिति सदस्य हुनभयो र केही समयपछि उहाँ विदेश विभाग सम्पर्क समितिको सदस्य पनि हुनुभयो । पार्टी अध्यक्ष गजेन्द्रनारायण सिंहले उहाँलाई पार्टीको केन्द्रीय समितिको पदेन सदस्य र महिला मञ्चको अध्यक्ष बनाउनुभयो । तर मञ्चमा आबद्ध हुँदा कुनै पनि पुरूष नेताको सहयोग नपाएको नीलमको गुनासो छ । त्यही अनुभवले गर्दा पनि उहाँले यदि आफू पार्टीको सक्रिय र इमान्दार कार्यकर्ता हो भने आफूले महिला मात्र होइन पुरूषको पनि नेतृत्व गर्न पाउनुपर्छ भन्ने सोच राख्न थाल्नुभयो ।

सुरूमा सद्भावना पार्टीको प्रमुख मुद्दा मधेसका नागरिकका नागरिकता र सङ्घीयता सम्बन्धी हुन्थ्यो । पार्टीले नेपाल अधिराज्यको संविधान २०४७ को नागरिकता सम्बन्धी संविधानको धारा ८ जलाउँदा सहिदगेटबाट नीलम पनि पक्राउमा पर्नुभएको थियो । पार्टीले आह्वान गर्ने नागरिकताका विषयक हरेक आन्दोलनमा उहाँ सक्रिय हुनुभयो र धेरैपटक पक्राउ पनि पर्नुभयो । तर, नेपाल सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहको निधनपछि पार्टीमा एकाएक कलह तीव्र भयो । पार्टी विभाजन हुनथाल्यो र पार्टीको यो अवस्थाले उहाँलाई निराश तुल्यायो । त्यहीबेला मधेसमा नयाँ जोश र नयाँ नारासहित मधेसी जनअधिकार फोरमको उदय भएको थियो । त्यसैले उहाँले सद्भावना पार्टी छाडेर मधेसी जनअधिकार फोरममा प्रवेश गर्नुभयो । उहाँ फोरमको केन्द्रीय सदस्य हुनुभयो र पछि पोलिटब्युरो सदस्य र महिला विभाग प्रमुख पनि बन्नुभयो । मधेस आन्दोलनको क्रममा उहाँ जेल पनि पर्नुभयो । आन्दोलनकै क्रममा संविधानसभाको चुनाव भयो र उहाँ फोरमका तर्फबाट समानुपातिकबाट संविधानसभा सदस्य चुनिनुभयो ।

चुनावपछि मधेसी जनअधिकार फोरममा पनि कलह सुरू भयो । पार्टी फुट्यो । फोरम अध्यक्ष उपेन्द्र यादव कम्युनिष्ट विचारधारा भएका नेता हुनुहुन्छ । नीलम प्रजातान्त्रिक खेमाबाट आउनुभएको नेता हुनुभयो । त्यसैले पार्टी विभाजन हुँदा उहाँ मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) मा लाग्नुभयो । पार्टी परिवर्तन गर्ने सम्बन्धमा

उहाँ भन्नुहुन्छ, 'राजनीतिक दल बदले पनि वा जुन पार्टीमा लागे पनि म महिला, मानव अधिकार र मधेसको लाइनबाट कहिल्यै पछि हटेको छैन । तर पार्टी फरक भए पनि पार्टीभित्र महिला नेता र कार्यकर्तालाई गरिने व्यवहार चाहिँ सबैतिर उस्तै भएको मैले पाएँ ।' पार्टीभित्र महिलाको सही मूल्याङ्कन नहुने, आफ्नै बराबरका पुरूष पार्टीको माथिल्लो पदमा पुग्ने र महिलालाई त्यसका लागि योग्य नठान्नेजस्ता भेदभावहरू मैले सहेकी छु ।' पार्टीको तल्लो तहदेखि काम गर्दै आएर आज संविधानसभाको सदस्य भइसक्दासम्म पनि महिला भएकै कारणले त्यस्तो भेदभावपूर्ण व्यवहार व्यहोर्नु परिरहेको पनि नीलम सुनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाभित्र महिला भएकै कारणले पनि म लगायत अरू महिला सदस्यहरूका कुरा राम्ररी सुनिँदैन । कुनै समिति वा आयोग बनायो भने त्यहाँ महिलालाई राखिँदैन । पुरूषै पुरूषको समिति र आयोगहरू बन्छन् ।' नीलम हाल महिला ककसको चौथो संयोजकको रूपमा कार्यरत हुनुहुन्छ । ककस मार्फत उहाँले राज्यको हरेक निकायमा महिलाको समानुपातिक समावेशी सहभागिताका लागि आवाज उठाउँदै आउनुभएको छ ।

उहाँ संवैधानिक समिति र राज्य व्यवस्था समितिको सदस्य हुनुहुन्छ । संवैधानिक समितिमा उहाँले महिलाका मानवअधिकारसँग जोडिएका महिला अधिकारका कुरा, महिला अधिकारको सुनिश्चितता, राजनीतिक दलमा महिलालाई विशेष स्थान, सबै क्षेत्र, वर्ग तथा जातिको जनसङ्ख्याका आधारमा समावेशी तथा समानुपातिक सहभागिता र आमाको नामबाट पनि नागरिकता जारी गर्नुपर्नेजस्ता थुप्रै मुद्दाहरू उठाउँदै आउनुभएको छ । तर उहाँले उठाउनुभएका धेरै मुद्दाहरू बहुमत नपुगेर त्यसै थन्किएका पनि छन् । उहाँ भन्नुहुन्छ, 'मैले उठाएका मुद्दाहरूले सदनमा पराजित हुनुपरे पनि तिनले सडकमा पराजित हुनु पर्ने छैन ।'

संविधानसभाका हरेक बैठकमा उपस्थित हुने गरेको र आफ्नो कुरा सुनियोस् वा नसुनियोस् निरन्तर राख्ने गरेको नीलमको भनाइ छ । उहाँ भन्नुहन्छ, 'समयमा हुनुपर्ने काम भइरहेको छैन । संविधान बनाउने नाममा जनतालाई ढाँट्ने काम मात्रै भइरहेको छ ।'

नयाँ संविधान निर्माण भएपछि पनि बढी भन्दा बढी महिलालाई राज्यको नीति निर्माण तहमा पुऱ्याउनु पर्ने नीलमको धारणा छ । यदि पुऱ्याइएन भने महिला समेत संलग्न भएर बनाएको संविधानले कसैको पनि हित नगर्ने पनि उहाँ बताउनुहुन्छ । अबका दिनहरूमा पार्टीको नीतिलाई शिरोपर गर्दै राज्यको नीतिनिर्माण तहमा पुगेर देश र जनताको सेवा गर्ने नीलमको आकाङ्क्षा छ । उहाँ भन्नुहुन्छ, 'देश र जनताका लागि काम गर्ने मेरो धित अझै मरेको छैन ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : नीरकुमारी कुँवर |
| ठेगाना स्थायी | : महादेवस्थान गाविस-४, सिन्धुली, जनकपुर |
| अस्थायी | : झम्सिखेल-२, ललितपुर |
| सम्पर्क ठेगाना | : ०१-५५४१४९१ (घर), ९८५१११८५५२ (मो) |
| जन्म मिति | : २०२६/१२/१४ |
| जन्म स्थान | : भलुवाही, हत्पते-५, सिन्धुली |
| आमाको नाम | : सानीमाया दर्लामी |
| बुबाको नाम | : रामबहादुर दर्लामी मगर |
| श्रीमान्को नाम | : शेरमान कुँवर |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# पार्टी पद्धति अप्ठेरो छ

तत्कालीन नेकपा (माओवादी)ले २०५२ साल फागुन १ गतेदेखि 'जनयुद्ध'को घोषणासहित रोल्पा रूकुम र सिन्धुली जिल्लाका केही ठाउँमा आक्रमण गर्दा सुरुमा धेरैलाई पत्याउन नै गाह्रो परेको थियो । कतिपय चाहिँ यो सानोतिनो घटना हो र चाँडै 'जनयुद्ध'का उद्घोषकहरू कारबाहीमा पर्नेछन् भनी ढुक्क भएर बसेका थिए । तर रोल्पा रूकुमबाट थालिएको 'जनयुद्ध'को सुरूआत सिन्धुलीबाट गर्नुपर्छ भनेर पनि पूरा तयारी गरिएको थियो । यसका लागि नीरकुमारी दर्लामी कुँवरका श्रीमान् शेरमान कुँवर भूमिगत भइसक्नु भएको थियो । श्रीमान्लाई साथ दिने क्रममा नीरकुमारी पनि बिस्तारै पूर्ण रूपले नै 'जनयुद्ध'मा होमिन पुग्नु भयो ।

आफू र श्रीमान् मात्र हुँदो हो त समस्या त्यति ठूलो हुँदैनथ्यो । तर, एक वर्षको सानो काखे बच्चा र अर्को दुई सन्तान र बिरामी सासु ससुरालाई घरमै छोडेर युद्धका मोर्चाहरूमा हिँड्नु चानचुने कुरा थिएन । प्रहरीले सिन्धुलीमा गरेको धरपकड र दमनको हिसाब किताब नै रहेन । त्यसमा पनि प्रहरीको निगरानी उहाँहरूकै घरमा बढी रह्यो । यस्तो अवस्थामा घरमै बसी बच्चाबच्चीलाई हुर्काउने र बुढाबुढी भइसकेका सासुससुरालाई सेवा गर्ने अवस्था रहेन । त्यसकारण, वर्ग सङ्घर्ष आफ्नै घरबाट थाल्न 'कि गरें कि मरें' भनेर नीरकुमारी राजनीतिमा लाग्नु भयो । उहाँ भन्नु हुन्छ, 'परेपछि टर्दो रहेछ । नडराएर लागेपछि व्यवहारिक समस्याहरू पनि बिस्तारै एकपछि अर्को गर्दै समाधान हुँदै जाँदो रहेछ ।''

नीरकुमारीले गाउँमै एसएलसी सम्मको मात्रै औपचारिक शिक्षा प्राप्त गर्नुभयो । उहाँ सानै छँदादेखि बुबा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको मार्क्सवादी विचारधाराबाट प्रभावित हुनुहुन्थ्यो र राजनीतिक कार्यकर्ताका रूपमा कार्यरत हुनुहुन्थ्यो । २०३६/३७ सालतिर उहाँको बुबा भूमिगत हुनुहुन्थ्यो । कुनै पनि बेला घरमा प्रहरीले छापा मार्न आउने संभावना थियो । बुबाले मार्क्सवादी साहित्यको अध्ययन गर्नुहुने भएकोले घरमा प्रशस्त मार्क्सवादी पुस्तकहरू थिए । त्यसमा चिनियाँ नेता माओत्से तुङ्को प्रसिद्ध 'रातो किताब' पनि थियो ।

घरमा प्रहरीले रातो किताब देख्यो भने त समातेर लान्छ भन्दै भए भरका पुस्तकहरू आमाले बारीमा पुर्नु भएको थियो ।

यसरी एकजना कम्युनिष्टको घरमा हुने यस्ता सानातिना घटनाहरूलाई नजिकबाट देख्नु भएकी नीरकुमारीको विवाह एकजना कम्युनिष्ट युवकसँग २०४६ सालमा भयो । श्रीमान्‌बाट उहाँलाई राजनीतिमा लाग्न एकप्रकारको प्रोत्साहन र दबाब दुबै थियो । रमाइलो कुरा त के भने, श्रीमान्‌ले दबाब र प्रोत्साहन दुबै दिइरहनुभएको बेला उहाँमा नजानिंदो रूपले राजनीतिमा रूचि बढिसकेको थियो । उहाँ भन्नुहुन्छ, 'शोषण र अन्याय अत्याचारका विरूद्ध लड्नु पर्छ भन्ने ज्ञान त मभित्र थियो, तर श्रीमान्‌ले प्रोत्साहन नदिएको भए त्यसैका लागि भनेर घरबार छाडेर हिँडिन्नथ्यो होला ।'

उहाँ २०५२ साल माघ महिनामा नेकपा (माओवादी) एरिया समिति सदस्य बन्नुभएको थियो । २०५४ सालमा जिल्ला समिति सदस्य, २०५६ सालमा क्षेत्रीय ब्युरो सदस्य, २०५८ सालमा जिल्ला जनसरकार उपप्रमुख हुँदै उहाँ २०६१ सालमा सिन्धुली जिल्लाको इन्चार्ज बन्नुभयो । त्यसरी नै उहाँ २०६२ सालमा ओखलढुङ्गा तथा रामेछापको जिल्ला इन्चार्ज र २०६३ सालमा सोलुखुम्बुको जिल्ला इन्चार्ज बन्नुभयो । २०६४ सालमा सिन्धुली क्षेत्र न ३ बाट उहाँ निर्वाचित संविधानसभा सदस्य बन्नुभयो ।

२०५२ देखि २०६२ सालसम्म नीरकुमारी भूमिगत राजनीति र जीवनमरणको दोसाँधमा सङ्घर्षरत रहनुभयो । २०५५ सालमा अनिकोटमा ८ जना कलाकारको समूह र अन्यको प्रहरीले हत्या गर्दा उहाँको जेठाजुकी १४ वर्षीय छोरी पनि मारिएकी थिइन् । आफूहरूकै प्रेरणाले 'जनयुद्ध'मा लागेको एक महिना पनि नपुग्दै भर्खरकी किशोरीको मृत्यु हुँदा नीरकुमारी निकै नै मर्माहत हुनुभएको थियो । त्यसबेला उहाँको जेठाजु जेलमा हुनुहुन्थ्यो । अनिकोट घटनाको लगत्तै प्रहरीसँग भएको अर्को भिडन्तमा उही जेठाजुकै अर्को छोरा भुवन कुँवर पनि मारिए । जेठाजुका दुबै सन्तानलाई 'जनयुद्ध'मा लाग्ने प्रेरणा आफूहरूले दिएको कारणले उनीहरूको मृत्युको कारण आफूहरू नै हो भन्ने ग्लानी नीरकुमारीलाई हुने गर्दछ । यसरी नै मामाघरमा हुर्कदै गरेकी नीरकुमारीकी ११ वर्षीय छोरी निरञ्जना लक्ष्मी कुँवरलाई पनि सेनाले पक्रेर लगी तत्कालै मारिदिएको थियो । यी ३ जना बच्चाहरूको सम्झना र पीडाबोधले नीरकुमारीलाई सँधै नै सताउने गरेको छ ।

२०६२ जेठमा नीरकुमारी ओखलढुङ्गाको इन्चार्ज छँदा पूर्वको एउटा जिल्लाको बन्दिपुरमा सेना र माओवादी बीच रातभरी भिडन्त भएको थियो । बिहान हुँदासम्म पनि गाउँमा सेनाको गस्ती र हेलिकप्टरबाट आक्रमण भइरहेको थियो । रातभरीको भिडन्त सफल हुन नसकेपछि आफ्नो टिमसहित नीरकुमारी पछि हट्न बाध्य हुनुभएको थियो । चारैतिर सेनाले घेरेको कारणले आक्रमणमा मारिएका साथीहरूको शव बोकेर आफ्नो ठाउँमा लाने अवस्था पनि थिएन । जसले गर्दा शवहरूको व्यवस्थित दाहसंस्कार पनि हुन पाएन । तीसजना माओवादी मारिएको उक्त घटनामा ६ जना कमान्डरको शवलाई लाइनै राखिएको दृष्य निकै नै असह्य भएको र त्यस भिडन्तमा धेरै राम्रा-राम्रा माओवादी कमाण्डरहरूले ज्यान गुमाएको उहाँ बताउनुहुन्छ ।

'जनयुद्ध'मा लागेदेखि नै पूर्णत पार्टीका लागि सर्मपित हुनु भएकी नीरकुमारीले संविधानसभाको निर्वाचनमा पार्टीले चुनाव लड्न टिकट दिने आशा गर्नुभएको थियो । तर आशा गरे अनुरूप टिकट पाउन सक्नु भएन । बरू

पार्टी एकीकरण गरेर आउनु भएका नेता लीलामणि पोखरेललाई चाहिँ पार्टीले सिन्धुली निर्वाचन क्षेत्र ३ बाट टिकट दियो । आफ्नो क्षेत्रमा आफै चुनाव लड्ने उहाँको निर्णय पार्टीलाई निको लागेन र यही कारण उहाँ पार्टी कारबाहीमा पर्नु भयो । पार्टीले कारबाहीका रूपमा उहाँलाई निलम्बन गऱ्यो । पार्टीबाट निलम्बित भएपनि उहाँले स्वतन्त्र रूपमा उम्मेद्वारी दिएर अत्यधिक मतले विजयी हुनु भयो । पछि पार्टीले उहाँमाथि लगाएको सो निलम्बन फुकुवा गऱ्यो ।

संविधानसभा सदस्य बन्न पाउँदा नीरकुमारी खुशी हुनुहुन्छ र आफूले गरेको सङ्घर्षको फल यति चाँडै प्राप्त होला भनेर उहाँलाई लागेको थिएन । उहाँ भन्नुहुन्छ, 'अब हामीले भन्दा पनि हाम्रो पिंढीले नयाँ भूमिका निर्वाह गर्लान्, हामीले बाटो खन्ने मजदुरको काम गऱ्यौं ।'

संविधानसभा अन्तर्गत रहेको न्यायप्रणाली समिति तथा व्यवस्थापिका अन्तर्गत राज्य व्यवस्था समितिकी सदस्य नीरकुमारीले उहाँ संलग्न समितिहरूमा अन्यायमा परेका महिलाहरूको न्यायमा सहज ढङ्गले पहुँच पुऱ्याउन पहुँचमा वृद्धि गर्नुपर्ने सोचलाई प्राथमिकता दिएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पार्टी पद्धति अप्ठेरो छ, पार्टीको दायरा भन्दा माथि सभासद्हरू उठ्न सकेका छैनन् । महिला प्रतिनिधित्वको मुद्दालाई गम्भीर ढङ्गले उठाइएको छैन । तर सम्पूर्ण महिला सदस्यको बुझाइमा एकरूपता भए महिला मुद्दा उठाउन पार्टीको ह्विपले फरक पार्दैन ।'

नीरकुमारीका अनुसार, संविधानसभामा उहाँले आफ्नो भूमिका निर्वाह पूरा गरे पनि संविधानसभालाई द्रुत गतिले लान नसकिएको उहाँको अनुभव छ । कतिपय अवस्थामा 'परजीवि भएर बसेको अवशेषले परजीवि नै भएर बस्नुपर्ने' जस्तो अनुभव उहाँले संविधानसभामा गर्नुभएको छ । संविधानसभाको बैठक भनेर बोलाइन्छ तर शीर्ष नेताको अनुपस्थितिका कारण ती रद्द गरिन्छन् र बोलाइएको समयमा बैठक हुँदैनन् भन्ने पनि उहाँको गुनासो छ ।

समग्रमा, अहिलेसम्मको राजनीतिक जीवनलाई नीरकुमारी मुक्ति र मृत्युको दुई पाटाका रूपमा लिनुहुन्छ । यी दुईमध्ये मुक्तिका लागि व्यक्तिगत जीवन र व्यक्तिगत स्वार्थलाई थाति राखेर अगाडि बढनुभएकी नीरकुमारी जीवनमा जतिसुकै उतारचढाव भएपनि भविष्यमा प्रेरणामूलक काम गर्न सकिनेछ भन्ने कुरामा विश्वस्त हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'आन्दोलनमा थुप्रै आफ्नो व्यक्तिगत खुशी गुमाएँ, रहर गुमाएँ, आफन्त र साथीहरू गुमाएँ । तर, गृहिणी बनेर बसेर मात्र ती सहिदका सपना पूरा हुँदैनन् त्यसैले उनीहरूका सपना पूरा गर्न जहाँ जे सक्छु, म गरिरहन्छु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : पद्माकुमारी अर्याल |
| ठेगाना स्थायी | : वालिङ नपा-८, त्रियासी टोल, स्याङ्जा, गण्डकी |
| अस्थायी | : मिनभवन, खरिबोट, काठमाण्डौ |
| सम्पर्क ठेगाना | : ९८४१४५८२२६ (मो), |
| इमेल | : aryalpdm_snj@yahoo.com |
| जन्म मिति | : २०२५/९/१८ |
| जन्म स्थान | : थुमपोखरा गाविस-७, स्याङ्जा |
| आमाको नाम | : तारादेवी अर्याल |
| बुबाको नाम | : गुप्तप्रसाद अर्याल |
| श्रीमान्को नाम | : लक्ष्मीपति पौडेल |
| शिक्षा | : स्नातक (अध्ययनरत) |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीतिमा लागेपछि जस्तोसुकै चुनौती पनि सामना गर्नुपर्छ

२०३९ सालमा पार्टी सम्पर्कमा रही राजनीतिमा क्रियाशील रहनुभएकी पद्माकुमारी अर्याल २०४१ सालको पिस्कर हत्याकाण्ड पछि अन्याय विरूद्ध केही गर्नुपर्छ भन्ने भावनाले सक्रिय राजनीतिमा आउनुभएको हो । समय र परिस्थितिले राजनीतिमा ल्याएको ठान्नुहुने पद्माकुमारीले २०३६ सालको जनमत सङ्ग्रहमा एक दलीय पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्थाका पक्षधरबीच भएको प्रतिस्पर्धा पनि नजिकबाट नियाल्ने मौका पाउनु भएको थियो ।

महिलालाई राजनीतिमा अघि बढ्न नदिने सामाजिक प्रवृत्तिलाई चिर्दै अघि बढ्ने अठोटका साथ पद्माकुमारीले विद्यार्थी जीवनमै राजनीतिमा प्रवेश गर्नुभएको थियो । उहाँ २०३९ सालदेखि राजनीतिमा सक्रिय हुन थाल्नुभएको हो । उहाँले २०३९ सालदेखि तत्कालीन नेकपा (माले) को विद्यार्थी सङ्गठनलगायत पार्टीका अरू पनि विभिन्न जिम्मेवारीहरू पूरा गर्नुभयो । २०४३ सालदेखि २०४६ सालको अवधिमा उहाँ विद्यार्थी क्षेत्रमा आबद्ध भएर पार्टीको अर्धभूमिगत कार्यकर्ताको रूपमा लाग्नुभयो । यसैगरी २०४७ सालपछि उहाँले नेकपा (एमाले)को जिल्ला कमिटी सदस्यको भूमिका निर्वाह गर्नुभयो । त्यसैक्रममा उहाँ नेकपा (एमाले) निकट अखिल नेपाल महिला सङ्घको केन्द्रीय सदस्य हुनुभयो । साथै तीन कार्यकालसम्म अखिल नेपाल महिला सङ्घको जिल्ला अध्यक्ष र अञ्चल अध्यक्ष समेतको कार्यकाल पूरा गरी हाल उहाँ उक्त सङ्गठनको केन्द्रीय सचिवालय सदस्य हुनुहुन्छ । त्यस्तै २०६० सालदेखि हालसम्म उहाँ नेकपा (एमाले) गण्डकी अञ्चल कमिटी सदस्य र साथै राष्ट्रिय प्रतिनिधि परिषद्को सदस्य पनि हुनुहुन्छ ।

२०४३ सालमा पद्माकुमारी विरूद्ध तत्कालीन सरकारले पक्राउ पूर्जी जारी गरेको थियो । २०४६ सालको जनआन्दोलनमा जेल पर्दा उहाँले प्रहरीबाट शारीरिक तथा मानसिक यातना पनि भोग्नुपऱ्यो । उहाँ २०४६ सालमा बहुदल घोषणा भएपछि मात्र जेल मुक्त हुनुभएको थियो । त्यस्तै २०६१ सालमा तत्कालीन राजा ज्ञानेन्द्रको शाही

कदमको विरोध गर्दा पनि उहाँ पक्राउमा पर्नुभयो । २०६२ सालमा देशमा लोकतन्त्रको बहाली भएपछि मात्र उहाँ जेल मुक्त हुनुभयो ।

संविधानसभाको सदस्य नै बन्छु भनेर नसोचे तापनि राजनीतिमा सक्रिय रहने क्रममा जीवनमा एक न एकपटक त केन्द्रीय नीति निर्माण तहमा पुग्छु भन्ने पद्माकुमारीलाई लागेको थियो । उहाँले २०५६ सालको संसदीय निर्वाचनमा पनि तत्कालीन माले पार्टीबाट उम्मेद्वार बन्ने अवसर पाउनु भएको थियो । अहिले संविधानसभा सदस्य बन्न पाउँदा उहाँ खुशी व्यक्त गर्नुहुन्छ । उहाँ संविधानसभाअन्तर्गत प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति र व्यवस्थापिका संसद् अन्तर्गत विकास समितिको सदस्य हुनुहुन्छ । जनताका सवालहरू संविधानमा समावेश गर्नका लागि जनमत सङ्कलनका सिलसिलामा धादिङ र गोरखा जिल्लाका करिब २२ वटा गाविसहरू पुग्नुभएको पद्माकुमारी बताउनुहुन्छ ।

पद्माकुमारीले आफू संलग्न समितिमा प्राकृतिक स्रोत र साधनको न्यायोचित ढङ्गले बाँडफाँड हुनुपर्ने, र ती साधनमाथि स्थानीय समुदायको पहुँच हुनुपर्ने र घरमा कमलरी राख्ने चलन बन्द गर्नुपर्ने जस्ता मुद्दाहरू उठाउनुभयो । यसैगरी नेपाल सङ्घीय राज्यमा प्रवेश गर्ने क्रममा राज्यशक्तिको बाँडफाँड गर्दा सङ्घ, प्रान्त र स्थानीय निकायलाई स्पष्टरूपमा अधिकार किटान गरि स्थानीय समुदायलाई बलियो बनाउनुपर्छ, प्राकृतिक स्रोतमा महिलाको पहुँचको बिस्तार गर्दै त्यसको परिचालनमा महिलाको सहभागिता हुनुपर्छ भनेर पनि उहाँले विशेष जोड दिनुभयो । आफूले संविधानसभामा उठाएका सबै विषयले मस्यौदा प्रतिवेदनहरूमा स्थान पाएकाले फरक मत राख्नु नपरेको पनि उहाँ बताउनुहुन्छ ।

पद्माकुमारीले संविधानसभामा सबै समितिको प्रतिवेदन उपर भएका छलफलमा सक्रियताका साथ सहभागिता जनाउनुभएको छ । उहाँले वैवाहिक कारणले महिला र पुरूषबीच नागरिकताको अधिकारमा कुनै प्रकारको भेदभाव हुन नहुने, महिलाले वंशीय अधिकार पाउनुपर्ने र महिलालाई प्रजनन् स्वास्थ्यको हक हुनुपर्ने आवाज पनि उठाउनुभएको छ । महिला आयोगलाई अधिकारसम्पन्न बनाउँदै संवैधानिक निकायको हैसियतमा स्थापना गर्ने तथा समानतामा आधारित समतामूलक समाज निर्माणका लागि आवश्यक ठाउँमा महिलालाई प्राथमिकता दिने विषयमा पनि उहाँले विशेष जोड दिनुभएको छ । उहाँ भन्नुहुन्छ, 'जाति, भाषा, लैङ्गिक क्षेत्रका आधारमा विभिन्न समुदायहरूले उठाएका मुद्दाहरू जायज भएकाले उनीहरूलाई अधिकार दिने विषयमा विवाद गर्नु हुँदैन ।'

संविधानसभामा विषयवस्तु उठाउने सन्दर्भमा महिला वा पुरूषको हैसियतले भन्दा पनि देशको नागरिकको हिसाबले सबै कुरा उठाउनु पर्दछ भन्ने पद्माकुमारीको धारणा छ । संविधानसभा र व्यवस्थापिका संसद्मा दलको नाममा समय विभाजन गरिएको हुन्छ । दलले समय पाउने भएकाले दलका वरिष्ठ सदस्यले बोल्ने समय नपाएसम्म कनिष्ठहरूले समय पाउँदैनन् । महिला र पुरूषमा पनि दलीय सहभागिता, एजेण्डा र प्रभावकारिताका आधारमा समय मिलाइने परम्परा छ । साथै महिला वा पुरूष भएकै कारणले संविधानसभामा बोल्न दिइने समयमा भेदभाव हुँदैन भन्ने पद्माकुमारीको अनुभव छ । उहाँलाई संविधानसभामा महिला र पुरूष भएकै कारणले भेदभाव भएको छ भन्ने पनि लाग्दैन । यद्यपि, महिलाका मुद्दाहरू ओझेलमा परेको छ भन्ने चाहिँ उहाँलाई महसुस भएको छ ।

महिलाका मुद्दाहरूलाई प्रभावकारी रूपमा समावेश गर्न र गराउन महिला ककस गठन गरिएको र ककसलाई नियमित र व्यवस्थित गर्नुपर्ने उहाँको मत रहेको छ ।

संविधान लेखन कार्यमा आफू सक्रियतापूर्वक लागेको र बिहानदेखि बेलुकासम्म विषयगत समितिको छलफलमा लागिरहँदा सन्तुष्टि महसुस भएको पद्माकुमारी बताउनुहुन्छ । उहाँको विचारमा संविधान लेखनका धेरै कामहरू भएका छन्, तर जनताले अनुभूति गर्न पाएका छैनन् । तैपनि जेजति काम भएको छ त्योभन्दा पनि धेरै गर्न सकिन्थ्यो भन्ने पनि उहाँलाई लागेको छ । पद्माकुमारीलाई दुई वर्षमा संविधान बनाउन गाह्रो हुन्छ भन्ने पहिला नै लागेको थियो । शान्तिप्रक्रिया, राज्यको पुनर्संरचना र राज्यको शासकीय स्वरूप निर्धारण जस्ता जटिल विषयहरूका लागि पनि दुई वर्षको अवधि अपर्याप्त थियो, जसको अभावमा काममा तालमेल हुन नसकेको उहाँको भनाइ छ । अब भएको समयलाई उपयोग गरेर अगाडि बढ्ने हो भने थपिएको समयमा संविधान बन्नसक्ने पनि उहाँको विश्वास छ । अन्य मुलुकको अध्ययन गर्दा अझै धेरै काम गर्नुपर्ने र गर्न सकिने रहेछ भन्ने पद्माकुमारीलाई लागेको छ । उहाँ भन्नुहुन्छ, 'संविधान लेखन, राज्य पुनर्संरचना र शाान्तिप्रक्रिया कसरी टुंङ्गोमा पुऱ्याउने भन्ने विषयका आधारहरू समयमै तय हुन नसकेका कारण संविधान लेखन कार्य नै पूरै प्रभावित भएको मलाई लागेको छ । यसका साथै विभिन्न समयमा भएका सहमति तथा त्यसका मर्महरू कार्यान्वयन हुन नसकेका कारण पनि यो जटिल परिस्थिति सिर्जना भएको हो ।' उहाँ थप्नुहुन्छ, 'संविधान लेखन प्राविधिक कार्य हो । कानुनले कुनै पनि विषयमा व्यवस्था गर्दा त्यसको समग्र पक्षलाई विचार गर्नुपर्ने हुन्छ । तर, अहिले सहमतीय र बहुमतीय विषयमा गहिरिएर ध्यान दिन नसकिएको र विशेष अवस्थामा सभामुखले विशेष अधिकार प्रयोग गर्नेबारे कुनै व्यवस्था हुन नसकेकाले पनि अप्ठेराहरू सिर्जना भएका छन् ।'

पद्माकुमारीको विचारमा जीवन र राजनीति दुबै सङ्घर्षशील हुन्छन् र हुनु पनि पर्छ । त्यसलाई सहजै स्वीकार गर्नुपर्छ । राजनीतिमा लागेपछि जस्तासुकै चुनौती पनि सामना गर्नुपर्छ । जसले चुनौती सामना गर्छ, राजनीतिमा उसैले नै सफलता हासिल गर्छ भन्ने उहाँको मान्यता छ । तसर्थ, पद्माकुमारीलाई राजनीतिक क्षेत्रमा लागेर भोग्नुपरेका कठिनाइप्रति कुनै पश्चाताप छैन । बरू भविष्यमा पनि राजनीतिक क्षेत्रमा नै रहेर जनताको सेवा गर्ने राजनीतिक विकृति हटाउने उहाँको प्रतिबद्धता छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : पम्फा भुसाल |
| ठेगाना स्थायी | : किम्डाँडा ९ (हाल सन्धिखर्क गाविस), अर्घाखाँची, लुम्बिनी |
| अस्थायी | : आदर्श गुर्सिँगाल, ललितपुर, सानेपा |
| जन्म मिति | : २०१९/४/४ |
| जन्म स्थान | : अर्घाखाँची |
| आमाको नाम | : इन्द्रकला भुसाल |
| बुबाको नाम | : स्व. गोविन्दप्रसाद भुसाल |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# घरैदेखि विद्रोही

'जनयुद्ध' सुरू गर्नुभन्दा करिब दश दिन अघि माओवादीले सरकारलाई ४० बुँदे मागपत्र पेश गरेको थियो । जसमा राजतन्त्र हटाएर गणतन्त्र स्थापना गर्ने, संविधानसभा मार्फत नयाँ संविधान लेख्ने, १९५० को नेपाल–भारत मैत्री सन्धी खारेज गरी समानताका आधारमा नयाँ सन्धी लागू गर्ने लगायतका सहित राष्ट्रियताका मागहरू संलग्न थिए । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई उक्त मागपत्र पेश गर्न पम्फा भुषाल र डा. बाबुराम भट्टराई जानुभएको थियो । डा. बाबुराम भट्टराई त्यतिबेला तत्कालीन संयुक्त जनमोर्चा पार्टीको अध्यक्ष हुनुहुन्थ्यो भने पम्फा भुषाल महासचिव । तर त्यतिबेला उहाँहरूले बुझाउनुभएको मागपत्रलाई सरकार, प्रमुख प्रतिपक्षी लगायत कुनै पनि राजनीतिक दलहरूले गम्भीर ढंगले लिएनन् ।

मुलुकबाट सामन्त र सामन्तवाद हटाउने उद्देश्यका साथ राजनीतिमा लाग्नुभएकी पम्फा आफैँ एक सम्पन्न परिवारकी छोरी हुनुहुन्थ्यो । पम्फाका आमा इन्द्रकला र बुबा गोविन्दका ५ छोरी र एक छोरा थिए । घरमा छोराको चाहना यति धेरै थियो कि एकपटक ज्योतिषले कुनै कन्या कुमारीलाई आमाबाबुले कन्यादान गरे छोरा जन्मन्छ भनेकै भरमा पम्फाकी नौ वर्षीया दिदीलाई बिहे गरी पठाउने निधो भयो । तर, पम्फालाई त्यो कुरो पटक्कै मन परेको थिएन । त्यस घटनाको उहाँले घरमा निरन्तर विरोध गरिरहनुभयो तर उहाँको कुरा सुनुवाइ भएन ।

त्यतिखेरको समाजमा छोरीलाई पढाउनु हुन्न भन्ने चलन थियो । त्यसैले धेरैले छोरीलाई पढाउँदैनथे । कसै कसैले छोरीलाई पढाइहाले पनि समाजले गिल्ला गर्थ्यो । यस्तो अवस्थामा पनि आमाको करले पम्फालाई स्कुल पठाइयो । प्राथमिक विद्यालयसम्म उहाँले आफ्नै घरमा बसेर पढ्नु भयो । पम्फाले पढ्नुभएको स्कूलमा मावि नभएको कारण त्यसपछि उहाँ मामाघरमा बसेर पढ्न थाल्नुभयो । तर पम्फा मामाघरबाट केही समयपछि घरै फर्कनुभयो । त्यसलगत्तै उहाँले आफ्नो घरबाट दुई घण्टा हिँडेर जानुपर्ने जनज्योति मावि सन्धीखर्क स्कूलमा

भर्ना हुनुभयो । स्कुलमा सँधै उहाँ अब्बल हुने गर्नुहुन्थ्यो । मानिसहरूले स्याबासी दिँदा पनि 'कस्तो छोराजस्तै पढ्ने छोरी हगि?' भन्थे । यसरी छोरीले राम्रो पढ्दा र राम्रो काम गर्दा पनि छोरीको गन्ती नै नगर्ने र छोरीले कुनै राम्रो गरे उसलाई छोरासँग दाँज्ने समाजको प्रवृत्ति देखेर पनि उहाँको मनमा असन्तुष्टि जाग्थ्यो ।

समाजमा छोरीलाई मात्र होइन, दलितलाई जातको आधारमा छुवाछुत गर्ने र धनीले गरिबलाई हेप्ने प्रवृत्ति पनि व्याप्त थियो । यी सबै देखेर र अनुभव गरेर यी किन र कसरी भए होलान भन्ने पम्फाको मनमा जिज्ञासा उठ्थ्यो । त्यही जिज्ञासाले नै उहाँलाई राजनीतितिर डोऱ्यायो । उहाँ पढ्नुभएको स्कुलमा वामपन्थी विचारधाराको बाहुल्यता थियो । त्यसैको प्रभावले पम्फाको झुकाव वामपन्थी राजनीतितर्फ मोडियो ।

२०३३ सालमा १४ वर्षको उमेरमै पम्फाले तत्कालीन अनेरास्ववियुको सदस्यता लिनुभयो । त्यसपछि क्रमशः अनेमसङ्घ हुँदै पार्टीको सम्पर्कमा पुग्नुभयो । २०३७ सालमा उहाँ तत्कालीन नेकपा (चौंथो महाधिवेशन) को सदस्य बन्नुभयो । त्यतिखेर मोहन विक्रम, निर्मल लामा, मोहन वैद्य, चित्रबहादुर केसी एउटै पार्टीमा हुनुहुन्थ्यो । २०३६ सालमा उहाँ एसएलसी परीक्षा सकेर काठमाडौंमा पढ्न आउनुभयो । मुलुकमा जनमत सङ्ग्रहको माहौल थियो । उहाँको पार्टीले जनमत सङ्ग्रह धोका हो भन्दै त्यसको भण्डाफोर गर्ने नीति लियो । पछि पार्टीले निर्दलभन्दा बहुदल ठीक हो भनेर नीति परिवर्तन गऱ्यो । उहाँ पनि बहुदलको पक्षमा देशव्यापी अभियानमा लाग्नुभयो । तर नतिजा पञ्चायतकै पक्षमा गएपछि आखिर जनमत सङ्ग्रह नाटक मात्रै रहेछ भन्ने उहाँलाई लाग्यो ।

जीवनमा पहिलो पटक २०३७ असोजतिर महङ्गी विरोधी कार्यक्रममा बोलेको विषयलाई लिएर पम्फा पक्राउमा पर्नुभएको थियो । आत्मसमर्पण गरे तुरून्त छाड्छौं भनेर जेलर र अञ्चलाधीशले उहाँलाई फकाए । तर उहाँले आफ्नो अडान छाड्नुभएन, बरू डेढ महिना जेल बस्न उहाँ तयार हुनुभयो । जेलबाट छुटेको लगत्तै मङ्सिरमा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता नरबहादुर कर्माचार्यले उहाँलाई पार्टी सदस्यता दिनुभयो । त्यसपछि उहाँ साहित्यकार पारिजात अध्यक्ष रहेको भूमिगत अनेमसङ्घको केन्द्रीय सचिव हुनुभयो । पार्टी काममा लाग्दा उहाँ हरेक वर्ष पक्राउमा पर्नुहुन्थ्यो । पक्राउको सम्वन्धमा उहाँ भन्नुहुन्छ, 'मलाई मरिचमानदेखि मनमोहनसम्म सबै सरकारले गिरफ्तार गरेका छन् ।'

पम्फा आबद्ध रहेको पार्टी कहिले टुट्ने र कहिले जुट्ने भइरह्यो । उहाँ भने नेकपा चौथो महाधिवेशन हुँदै मशाल मा आबद्ध रहनुभयो जसको नेता मोहन वैद्य हुनुहुन्थ्यो । पछि २०४५ सालमा मशालको नेतृत्वमा प्रचण्ड आउनुभयो । त्यसपछि फेरि एकीकरणको चरणमा पार्टी पुग्यो । केही वाम पार्टी एकता भएर नेकपा (एकता केन्द्र) स्थापना भयो । त्यसैको वैधानिक मोर्चाको रूपमा संयुक्त जनमोर्चा नेपाल स्थापना भयो । मोर्चामा डा. बाबुराम भट्टराई अध्यक्ष र पम्फा महासचिव हुनुभएको थियो ।

संयुक्त जनमोर्चाले २०४८ सालको चुनावमा भाग लियो र तेस्रो ठूलो पार्टी बन्यो । त्यही वर्ष पार्टीको एकता महाधिवेशन भयो । महाधिवेशनले 'जनयुद्ध'को कार्यदिशा पारित गऱ्यो । कार्यदिशा अनुरूप 'जनयुद्ध'को तयारी क्रममा पार्टीको नाम नेकपा (माओवादी) राखियो । २०५२ फागुन १ गतेदेखि 'जनयुद्ध' सुरू भयो । त्यस अगाडि केही समयका लागि संयुक्त जनमोर्चा नेपालको अध्यक्षता पम्फाले नै गर्नुभयो । उहाँ एकिकृत चौथो महाधिवेशन,

मशाल, एकता केन्द्र हुँदै माओवादीमा निरन्तर सक्रिय हुनुभयो र साथै माओवादीले थालेको 'जनयुद्ध'को सुरू देखि अन्त्यसम्मै उहाँ संलग्न हुनुभयो ।

माओवादी 'जनयुद्ध' सुरू हुँदा उहाँले पश्चिम सेती–महाकालीको जिम्मेवारी लिएर काम गर्नुभएको थियो । त्यसपछि केन्द्रीय आधार इलाका राप्तीमा आएर आफ्नो जिम्मेवारी सम्हाल्नुभयो । २०६२ मा पार्टीले ढाडमा टेकेर टाउकामा हान्ने फौजी रणनीति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक कार्यनीति बनाएपछि उहाँ सहर केन्द्रित आन्दोलनको कमाण्ड गरी गण्डक क्षेत्र आउनुभयो । जतिबेला माओवादी र सात दल बिच १२ बुँदा समझदारी भैसकेको थियो । २०६३ बैशाख १३ गते पार्टीले युद्धबिराम गरी शान्ति प्रकृयामा आए पछि पार्टीले गठन गरेको केन्द्रीय वार्ताटोलीमा उहाँ मात्र महिला सदस्य हुनुहुन्थ्यो । २०६१ मा उहाँ पार्टीको पोलिटब्युरो सदस्य हुनुभएको थियो ।

२०६२/६३ को जनआन्दोलन सफल भएपछि गठन गरिएको अन्तरिम सरकारमा पम्फा महिला, बालबालिका तथा समाजकल्याण मन्त्री हुनुभयो । त्यही सरकारको नेतृत्वमा भएको संविधानसभाको चुनावमा उहाँ ललितपुर क्षेत्र नं. ३ बाट निर्वाचित हुनुभयो । पहिलो गणतान्त्रिक सरकारमा उहाँ सामान्य प्रशासनमन्त्री बन्नुभयो र २०६८ मा उहाँ शान्ति तथा पुनर्निमार्ण मन्त्री बन्नु भयो ।

संविधानसभाको शासकीय स्वरूप निर्धारण समिति र संसद्को राज्य व्यवस्था समितिमा पम्फाले जनताले प्रत्यक्ष निर्वाचित गरेको कार्यकारी प्रमुख राष्ट्रप्रमुख र सरकार प्रमुख हुनुपर्छ भन्ने कुरा उठाउनुभएको छ । संविधानसभामा समाधान नभइसकेको एउटा महत्वपूर्ण बुँदा यो पनि हो ।

संविधानसभाले संविधान बनाइसकेपछि पनि 'जनयुद्ध' र जनआन्दोलनका उपलब्धिलाई जनताको तहसम्मै संस्थागत गर्दै लैजानुपर्ने दायित्व बाँकी रहेको पम्फाको धारणा छ । तैपनि आजका मितिसम्म आफूले भोगेको जीवनलाई व्यक्तिगत रूपमा मूल्याङ्कन गर्दा उहाँलाई लाग्छ, 'जीवन एउटा सङ्घर्ष हो । आफूले सत्य ठानेको कुरामा दृढतापूर्वक खडा हुने र निरन्तर लाग्ने हो भने सफलता अवश्य मिल्छ ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : पार्वती रसाइली |
| ठेगाना स्थायी | : खनियापानी–७, कटुञ्जे, रामेछाप |
| अस्थायी | : कौशलटार, भक्तपुर |
| सम्पर्क ठेगाना | : ९७४१०५१६२५ |
| जन्म मिति | : २०३९/३/१३ |
| जन्म स्थान | : रामेछाप, खनियापानी–७ |
| आमाको नाम | : मसीना बिक |
| बुबाको नाम | : मान ब. बिक |
| श्रीमान्को नाम | : भावनाथ बरैली |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# विभेद र शोषणबाट मुक्ति पाउन राजनीति

वर्गीय, जातीय, लैङ्गिक विभेदको अन्त्य गर्न र दलित माथि हुने छुवाछुत तथा महिलामाथि हुने लैङ्गिक विभेदबाट मुक्ति पाउने उपायको खोजीले नै पार्वती रसाइलीलाई राजनीतिको बाटोमा डोहऱ्यायो । बुझ्दै जाँदा सबै नीतिको मूल नीति नै राजनीति हो र यसले नै सबै कुराको समाधान गर्न सक्छ भन्ने गहिरो महसुस भएपछि पार्वतीले राजनीतिमा प्रवेश गर्नुभयो ।

पार्वतीका बुबा आमा पहिलेदेखि नै कम्युनिष्ट विचारधाराको हुनुहुन्थ्यो । माओवादी पार्टीमा लागेका साथीभाइको प्रेरणाले र माओवादी पार्टीले सामाजिक, वर्गीय तथा लिङ्गीय उत्पीडन जस्ता सबै समस्याको हल गर्न सक्छ भनेर विश्वस्त भएकोले पार्वती पनि यही पार्टीमा लाग्नुभयो । स्कुल पढ्दै गरेको बेलादेखि माओवादी पार्टीमा सामान्य रूपले काम गरे पनि २०५७ देखि पार्वतीले पार्टीको पूर्णकालीन कार्यकर्ताको रूपमा काम गर्न थाल्नुभयो । सुरूमा छापामार त्यसपछि महिला सङ्गठनको जिल्ला सचिव र पार्टीको एरिया सदस्य हुँदै अहिले उहाँ ताम्सालिङ राज्य समितिको सदस्य हुनुहुन्छ । साथै उहाँले महिला जिल्ला सचिव, अध्यक्ष र दलित उपाध्यक्षको जिम्मेवारी पनि सम्हालनुभयो ।

पार्वतीले युद्धकालका थुप्रै मोर्चाका अनुभव तथा सम्झनाहरू सँगाल्नु भएको छ । उहाँले धेरै पीडाको क्षणहरू पनि बेहोर्नु भएको छ । २०६० साल साउन ३२ गते दोस्रो शान्ति वार्ताका बेला रामेछाप जिल्लाको दोरम्भामा घटेको घटना उहाँको जीवनको सबैभन्दा पीडादायी घटना हो । सो घटनामा उहाँले आफ्नो जीवन साथी प्रदीप दोङलाई बिहे भएको चार महिनामै गुमाउनु परेको थियो । सो घटनापछि पनि विचलित नभईकन उहाँ पार्टीको काममा निरन्तर रूपले लागिरहनुभयो । पार्वतीले दोरम्भा घटनाको छ वर्षपछि पार्टीकै कार्यकर्ता भवनाथ बराइलीसँग दोस्रो बिहे गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'युद्धकालीन अवस्थामा बाँच्ने आशा एकदमै कम हुन्थ्यो र त्यो बेला काठमाण्डौंमा

आएर यसरी बसिन्छ भनेर कहिले सोचेको पनि थिइँन । तर, शान्ती सम्झौता भएपछि र संविधानसभाको चुनावी माहोल बनेपछि चाहिँ नयाँ सम्भावनाहरू देख्न थालेँ ।'

संविधानसभामा सुरुका दिनमा आउँदा पार्वतीको पनि निकै जोशजाँगर थियो र उहाँमा 'केही न केही गर्छौं' भन्ने जुझारूपन थियो । तर, यहाँ आइसकेपछि आफ्नो मात्रै हात हुने रहेनछ, मुख्यत पार्टीका नेतृत्वमा निर्भर रहेछ भन्ने उहाँको भोगाईले बताएको छ । उहाँ भन्नुहुन्छ, 'पार्टीबीच कुरा नमिलेपछि संक्रमणकालीन अवस्था लम्बियो र अझै संविधान बन्ने निश्चित नहुँदा जनताको नजरमा तिरस्कृत जस्तो हुनु परेको अवस्था आयो ।'

संविधानसभा र आफू संलग्न विषयगत समिति सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा दलित, महिला, उत्पीडित जातिहरूको विषयलाई आफूले जोडदार ढङ्गले उठाएको उहाँको भनाइ छ । दलितलाई छुवाछुत गर्ने प्रथालाई जघन्य अपराध मानेर कारबाही गर्नुपर्छ भन्ने उहाँको माग थियो । यस्तै, महिलाको पैतृक सम्पत्तिमाथिको अधिकार, महिला माथि हुने घरेलु हिंसा र अन्य उत्पीडनलाई सम्बोधन गर्न र नयाँ संविधान कुनै पनि हिसाबले चुक्न नहुने कुरामा पनि उहाँले जोड दिनुभयो । व्यवस्थापिका संसद् अर्न्तगत रहेको अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समितिमा पार्वतीले प्रहरीद्वारा बलात्कृत महिला प्रहरी सुन्तली धामीको विषय, बर्दियाका दलित महिलालाई गरिएको बलात्कार, ललितपुरको दलित महिला कल्ली कुमारी बिकलाई बोक्सीको नाउँमा गरेको दुर्व्यवहार लगायतका मुद्दाहरू पनि उठाउनु भएको थियो ।

आफूले संविधानसभामा उठाएका मुद्दाले मस्यौदा संविधानमा स्थान पाए पनि संविधानलाई अन्तिम रूप दिने बेलासम्म ती मुद्दाहरूले स्थान पाउँछन् कि पाउँदैनन् पर्खनुपर्ने उहाँको भनाइ छ । महिलाका अझै कतिपय मुद्दाहरू मस्यौदा संविधानमा छुटेका छन्, तर महिला ककस र अन्य महिला अधिकारवादी सङ्घसंस्थाहरूले ती मुद्दाहरूलाई फेरि पार्न कोशिश गरिरहेको पनि उहाँ बताउनुहुन्छ । महिला सदस्यहरू बीचको विविधताले गर्दा महिला लगायत कतिपय अन्य महत्वपूर्ण मुद्दाहरूमा समेत महिला बीच छलफल र अन्तरक्रिया गर्न केही चुनौतिको अनुभव पार्वतीले पनि गर्नुभएको छ । खासगरी मधेसवादी पार्टी र अन्य राजनीतिक पार्टीहरू बीच महिला र अन्य मुद्दालाई हेर्ने दृष्टिकोणमा उहाँले फरक पाउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'फरक विचारधाराले फरक मत ल्याउने रहेछ ।' महिलाको विशेषाधिकार र आरक्षणमा पनि पार्टीअनुसार महिलाहरूको दृष्टिकोण फरक आउने गरेको उहाँको अनुभव छ ।

पार्वतीका अनुसार, संविधानसभाभित्र पितृसत्तात्मक चिन्तन हावी हुँदा महिलाले पुरूष जतिकै मानसिक र शारिरीक श्रम गर्न सक्दैनन् भन्ने सोच रहेको छ । उहाँले कार्यालयहरूमा कर्मचारीले गर्ने व्यवहार समेत लैङ्गिक दृष्टिकोणले फरक पाउनु भएको छ । समानुपातिक र प्रत्यक्ष निर्वाचण प्रणालीबाट संविधानसभामा आएका संविधानसभा सदस्यहरू बीचको सोचाइ र बुझाइका फरक रहेको र त्यसमा पनि महिलालाई यसले अझ प्रभाव पारेको उहाँको अनुभव छ ।

संविधानसभामा आएपछि काठमाण्डौंको बसाइ उहाँका लागि मध्यम रहेको छ । भाडामा बस्नु पर्ने हुँदा कोठा पाउन गाह्रो पर्ने समस्या एकातिर छ भने विभिन्न कार्यक्रमहरूमा जानुपर्ने हुँदा यातायातको समस्या उस्तै छ ।

कतिपय दलित सदस्यहरूलाई दलित भएकाले डेरा पाउने समस्या रहे पनि उहाँ आफूले भने त्यस्तो भोग्नु नपरेको बताउनुहुन्छ । सुरुमा चार जना सदस्यहरू मिलेर बस्ने गरेकोमा अहिले छुटेर श्रीमान् सहित परिवारमा बस्ने गर्नुभएको छ ।

संविधानसभाको व्यस्तताले बच्चालाई समय दिन गाह्रो हुने पनि उहाँको अनुभव छ । बैठकमा ह्विप लाग्दा जस्तोसुकै परिस्थितिमा जानु पर्ने हुन्छ । प्रधानमन्त्रीको चुनाव हुँदा उहाँले २६ दिनको छोरीलाई कान्ति बाल अस्पतालमा भर्ना गर्नु भएको थियो । बच्चालाई आइसीयुमा छोडेर पार्वतीले प्रधानमन्त्रीको चुनावमा दुई चोटीसम्म भोट हाल्न आउनुभयो । त्यसपछि कैयौँपटक बच्चा बोकेर पनि चुनावमा आउनुभयो । त्यसरी सानो नानी काखी च्यापेर आउँदा पनि संविधानसभामा बच्चा राख्ने सुविधा नहुँदा ठूलै समस्या परेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'बिहान ११ बजे सुरू भएको बैठक बेलुका ११ बजेसम्म पनि नसकिने र बैठकमा नजाउँ भने धेरै कुरा छुट्ला भन्ने डरले बैठकमा जाँदा पनि बैठक हलसम्म बच्चा लैजान दिदैंनन् ।' संविधानसभामा डे केयरको सुविधा नहुँदा आफूजस्ता धेरै साना बच्चाका आमाहरूलाई समस्या भइरहेको उहाँ बताउनुहुन्छ ।

संविधान निर्माण प्रक्रियामा आफ्नो भूमिकाप्रति पार्वती त्यति सन्तुष्ट हुनुहुन्न । निश्चित समयमा संविधान बन्न नसकेकाले पनि त्यसका लागि आफ्नो भूमिका पुगेन कि भन्ने उहाँलाई लाग्छ, तर निरन्तर लागेर पूर्णता दिएरै छाड्नुपर्छ भन्ने उहाँले अठोट लिनु भएको छ । हालसम्मको अनुभवलाई हेर्दा संविधानसभामा समयको पालना हुन नसकेको उहाँलाई लाग्छ । त्यसो हुँदा निश्चित कार्यतालिका अनुसार काम अघि बढ्न सक्दैन 'त्यहाँ सबै उपस्थित भएर सुनिदिने अवस्था छैन', उहाँ भन्नुहुन्छ । संविधानसभाले प्रक्रिया थालेर झण्डै ८० प्रतिशत काम सक्नुलाई भने उहाँ सकारात्मक रूपमा लिनुहुन्छ । बाँकी काम दल बीचको सहमति र शीर्ष नेतामा भर पर्ने कुरा हो भन्ने उहाँको भनाइ छ । संविधानसभामा आएपछि संविधान र विभिन्न नियमकानुनबारे बुझेर निश्चित समयभित्र बोल्न सिक्न सक्नुलाई उहाँ आफ्नो व्यक्तिगत उपलब्धि मान्नुहुन्छ ।

राजनीतिक जीवनमा पार्वतीले दुई खाले अनुभव प्राप्त गर्नु भएको छ । एउटा युद्धकालमा भीषण सङ्घर्ष र लडाई अर्को भने शान्ति सम्झौतापछि संविधानसभाको यात्रा र त्यसपछिको शान्तिपूर्ण सङ्घर्ष । उहाँलाई ती दुबै अनुभव आआफ्ना ठाउमा सही थिए भन्ने लाग्छ । तर, सबैको अन्तिम चाहना शान्ति र सहमति नै भएकाले शान्तिपूर्ण सङ्घर्षको बाटोलाई पनि उहाँ गलत ठान्नुहुन्न । भविष्यमा आफ्नो राजनीतिलाई यही विचारधाराबाट निरन्तरता दिने पार्वतीले सोच राख्नु भएको छ ।



**व्यक्तिगत विवरण**

नाम : पार्वती थापामगर
ठेगाना स्थायी : अश्राङ्ग गाविस-५, मोहोरिया टोल, गोरखा, गण्डकी
अस्थायी : धोवीघाट, ललितपुर-३
सम्पर्क ठेगाना : ९८४१५४११५८ (मो)
जन्म मिति : २०३२/०३/०३
जन्म स्थान : गोरखा
आमाको नाम : रणकुमारी थापा
बुबाको नाम : जगतबहादुर थापा
श्रीमान्को नाम : चन्द्रमान श्रेष्ठ
शिक्षा : प्रविणता प्रमाणपत्र तह
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : प्रत्यक्ष निर्वाचन

# हनुमानढोकामा घाम देख्न पाइँदैनथ्यो

पटक-पटकको जेल सजायले जीवन र मृत्युको दोसाँधमा पुग्दा पनि पार्वती थापामगर आफ्नो आस्थामा अविचलित रहनुभयो । हनुमानढोकामा थुनामा रहँदा प्रहरीले आँखामा पट्टी बाँधेर पिट्ने गर्दथ्यो तर उहाँ ऐया, आत्थासम्म नभनी सहेर बस्नुहुन्थ्यो । सँगै रहेकी नाबालक छोरीकै सामुन्ने उहाँलाई दिइने ती शारीरिक र मानसिक यातना भयानक र क्रूर थिए ।

'जनयुद्ध' लडेको पार्टीको पक्षमा गत संविधानसभा निर्वाचनमा सकारात्मक नतिजा आउला भनेर पार्वतीले सोच्नु पनि भएको थिएन । गोरखा निर्वाचन क्षेत्र नं. १ बाट सभासद्मा निर्वाचित हुने अवसर प्राप्त गर्नुभएकी पार्वती पार्टी उपाध्यक्ष डा बाबुराम भट्टराईपछि सबैभन्दा बढी मत प्राप्त गर्ने सभासद् हुनुहुन्छ । उहाँ संविधानसभाको नागरिक सम्बन्ध समिति र व्यवस्थापिका संसद्तर्फ महिला बालबालिका तथा समाजकल्याण समितिको सदस्य हुनुहुन्छ ।

गोरखामा जन्मनु भएकी पार्वती थापामगरको आमाबुबा वामपन्थी विचारधाराका हुनुहुन्थ्यो । उहाँका बुबा २०४८ मा तत्कालीन नेकपा (मशाल) बाट स्थानीय निर्वाचनमा वडाध्यक्ष पदमा उठ्नु भएको थियो । तर, नेपाली काङ्ग्रेसका उम्मेद्वारले एक भोटले जिते र झडप भयो । धेरैजना घाइते भए । यो घटनालाई लिएर ज्यान मार्ने अभियोगमा काङ्ग्रेसले पार्वतीको बुबालाई मुद्दा दिएपछि उहाँ गिरफ्तारी नदिई भारततिर लाग्नुभयो । भारतबाट एक वर्षपछि बुबा फर्कनुभयो तर उहाँलाई रक्त क्यान्सर लागेको शङ्का गरियो । समयमै उपचार गर्न नसक्दा उहाँको अल्पायुमै मृत्यु भयो । बुबाको मृत्युपछि उहाँकै बाटो पछ्याउनुपर्छ, वर्गीय विभेद, जातीय छुवाछुतलगायतका असमानता, अन्यायले जकडिएको समाज रूपान्तरणकै बाटोमा हिँड्नुपर्छ भन्ने अठोटका साथ पार्वती थापामगर राजनीतिमा सक्रिय हुन थाल्नुभयो ।

तत्कालीन नेकपा (माओवादी) ले २०५२ सालमा 'जनयुद्ध' सुरू गरेपछि गाउँमा प्रहरीले व्यापक निगरानी थाल्यो। एसएलसी सिध्याए लगत्तै पार्वती माओवादी पार्टीको काममा हिँड्न थाल्नुभयो। २०५३ मा पद्मकन्या क्याम्पस भर्ना हुनुभएकी पार्वतीले अनेरास्ववियु (क्रान्तिकारी) क्याम्पस इकाइ अध्यक्षको जिम्मेवारी पाउनुभयो। २०५४ सालमा उहाँ अखिल (क्रान्तिकारी) को जिल्ला सदस्य, २०५६ सालमा जिल्ला सहसचिव र अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को जिल्ला उपाध्यक्ष बन्नुभयो। यही समयमा अनेमसङ्घ (क्रान्तिकारी) को केन्द्रीय गोष्ठी भइरहेको थापाथली इन्जिनियरिङ क्याम्पसबाट प्रहरीले उहाँलगायत सहभागी धेरैलाई गिरफ्तार गर्‍यो। त्यतिबेला पार्टीको जनवर्गीय सङ्गठनहरूमाथि प्रतिबन्ध नलगाइएका कारण मुद्दा लडेर दश दिनमै उहाँहरू छुट्नुभयो। पार्वतीले २०५६ सालमा चन्द्रमान श्रेष्ठसँग जनवादी विवाह गर्नुभएको हो। चन्द्रमान श्रेष्ठ हाल जनदिशा साप्ताहिकका सम्पादक हुनुहुन्छ।

२०५८ सालमा सङ्कटकाल लाग्नासाथ कलङ्कीबाट राति १२ बजे कोठा घेरेर एक वर्षकी छोरी र भाञ्जा दिनेश श्रेष्ठसहित प्रहरीले पार्वतीलाई पक्राउ गरेर हनुमानढोका प्रहरी कार्यालयमा थुन्यो। हनुमानढोका प्रहरीमा रहेका पीडादायी क्षण सम्झदै उहाँ भन्नुहुन्छ, 'हनुमानढोकामा घाम देख्न पाइँदैनथ्यो। त्यहाँ नुहाउने, खाना खाने सुविधा थिएन। मानसिक र शारीरिक यातनाले मरिने भइयो झैं हुन्थ्यो। यो नै जीवनको अन्तिम क्षण हो भन्ने लाग्थ्यो।' झण्डै दुईवर्ष थुनामा परेपछि २०६० मा उहाँ जेलमुक्त हुनुभयो। त्यसपछि पार्वतीलाई अनेमसङ्घ (क्रान्तिकारी) केन्द्रीय सचिवालय सदस्य भएर काम गर्ने मौका मिल्यो। त्यही समयमा उहाँको कार्यक्षेत्र उपत्यका बाहिर पर्‍यो र बच्चा अरूलाई (एकजना दिदीलाई मितिनी बनाएर) जिम्मा लगाएर गाउँ जानुभयो। २०६२/६३ को जनआन्दोलनमा उहाँ काठमाण्डौं, भक्तपुर र ललितपुरको अनेमसङ्घ (क्रान्तिकारी) संयोजक भएर आउनुभयो, तर हप्ता दिनमै फेरि पक्राउ पर्नुभयो। २०६३ साल जेठमा वातावरण केही खुकुलो भएपछि उहाँ छुट्नुभयो। त्यसपछि पार्टीले उहाँलाई तराईमा खटायो। अनेमसङ्घ (क्रान्तिकारी) नारायणी अञ्चलको संयोजक भएर कार्यरत रहेकै अवस्थामा गौर घटना भयो। उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरमसँगको भिडन्तमा माओवादीका २८ जना कार्यकर्ताको मृत्यु भयो। त्यस घटनापछि पार्टीको ब्युरो विघटन भयो र उहाँ काठमाण्डौं फर्कनुभयो। २०६४ सालदेखि नेवाः राज्यसमिति सदस्य भएर पार्वतीले काठमाण्डौं महानगरपालिका, निर्वाचन क्षेत्र नं. ५ को इन्चार्जका रूपमा कार्यरत रहनुभयो। संविधानसभाको चुनाव हुने भएपछि नाम दर्ता गराउन उहाँ गृह जिल्ला गोरखा जानुभयो। अहिले उहाँ माओवादीको तमुवान राज्य समितिमा पनि कार्यरत हुनुहुन्छ।

संविधानसभा सदस्य हुन पाउनु खुशीकै क्षण भए पनि पार्वती अपेक्षाकृत खुशी हुनुहुन्न। आन्दोलनपछि सबैप्रति समानताको व्यवहार हुन्छ, साना-ठूला सबैलाई समानरूपमा कानुन लाग्छ भन्नेजस्ता जनताका अपेक्षाहरू पूरा हुन्छन् वा हुँदैनन् उहाँमा चिन्ता थियो। तर ती पूरा हुन नसक्दा अझै पनि त्यो चिन्ताले उहाँलाई सताउँछ। जनताका माझमा जाँदा, र्‍यालीमा सहभागी हुँदा जनतामा देखिने उत्साह, आशा, अपेक्षा पूरा गर्न नसकिने हो कि भन्ने डरले उहाँलाई पोल्ने गर्छ।

संविधानसभामा जानुअघि पार्टीले कुनै अभिमुखीकरण कक्षा चलाएन। अन्यौलबीच हेर्दै, बुझ्दै, देख्दै जाँदा अन्य सभासद्ले झैं उहाँले पनि व्यवस्थापिका संसद् र संविधानसभाका नियम तथा प्रक्रियाकाबारेमा धेरै कुरा सिक्नुभयो। दलित, मुस्लिम, अल्पसङ्ख्यक, आदिवासी/जनजातिका अधिकारका कुरा उठाउने पार्वती एक जुझारू महिला हुनुहुन्छ। महिलाको अंश र वंशको अधिकार हुनुपर्ने कुरालाई उहाँले संविधानसभा बैठकहरूमा

निरन्तर उठाउँदै आउनु भएको छ । पैतृक सम्पत्तिमा छोरासरह छोरीलाई समान हक र आमाको नामबाट वंशजका आधारमा नागरिकता दिनुपर्ने उहाँको धारणा छ । त्यस्तै महिलाको शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका सवालमा पुरूषसँग प्रतिस्पर्धाको अवस्था सिर्जना नहुँदासम्म महिलालाई विशेष अधिकार र आरक्षण दिनुपर्ने उहाँको माग छ । घरभित्र काम गर्ने महिलाको श्रमको मूल्याङ्कन गर्ने सन्दर्भमा संविधानको मस्यौदा अपूर्ण रहेको उहाँको भनाइ छ । उहाँको विचारमा कृषि पेशा अपनाउने बहुसङ्ख्यक महिलाको समस्याका पहिचान गरी उनीहरूको उत्थान र विकास गर्ने विषयलाई पनि नयाँ संविधानमा लेखिनुपर्दछ ।

विदेशीको इशारामा नेपालमा सरकार चल्ने गरेको पार्वतीको ठम्याइ छ । समयको पालना नगर्दा र समयमै बैठक नबस्दा लेनिनले भनेजस्तो संविधानसभा पनि गफ गर्ने अखडा भए जस्तो उहाँलाई लाग्छ, उहाँ भन्नुहुन्छ, 'एकातिर राजनैतिक, वैचारिक उत्साह अपाङ्ग भयो भन्ने महसुस हुन्छ । अर्कातर्फ म जस्ता निम्न वर्गीय, यातायातको साधन नभएका महिला सभासद्लाई समाजमा रातिराति स्वतन्त्ररूपले हिँड्ने वातावरण छैन ।'

विगतमा राजतन्त्र र हिन्दुधर्मले एकछत्र शासन लादेर एउटै भाषा, एउटै भेष, एउटै संस्कृतिका नाममा राज्यले आदिवासी/जनजाति तथा अल्पसङ्ख्यक समुदायका भाषा, संस्कृति भेषभूषा सबै लोप गराउँदै लगेको र दलित, मधेसी र अन्य पछाडि पारिएका समुदायको अधिकार खोसेर जातीय छुवाछुतलाई निरन्तरता दिएको पार्वतीको बुझाइ छ । त्यसैले अहिले आदिवासी/जनजातिका लगायत अन्य समुदायका भाषा, धर्म र संस्कृतिको संरक्षण गर्नुपर्ने समय आएको उहाँ बताउनुहुन्छ । प्रत्येक व्यक्तिले स्वेच्छाले धर्म संस्कृति मान्न पाउनुपर्छ । राज्यले कुनै धर्म र भाषा लाद्नु हुँदैन । राज्य धर्मनिरपेक्ष भइसकेकाले सबै जातजातिले समान अधिकार उपभोग गर्न पाउनुपर्छ भन्ने मुद्दा पनि पार्वतीले संविधानसभामा उठाइरहनुभएको छ । पार्वती भन्नुहुन्छ, 'हिजोसम्म समाजमा महिलाले पड्काएको बन्दुक पड्कदैन भन्ने मान्यता थियो । तर, अहिले महिलाहरू हरेक क्षेत्रमा बढी स्वतन्त्र र सक्षम भएका छन् ।'

भूगोल र अरू संरचनाले भन्दा पनि फरक राजनीतिक पार्टी, राजनैतिक विचार र वर्गीय हिसाबले महिलाहरू एक ठाउँमा उभिने अवस्था छैन । यही कारण महिलाका आवाजहरू स्वभावैले कमजोर भएको उहाँको ठम्याइ छ । तर, सबै महिला एकजुट भएर आफ्ना आवाज उठाएको खण्डमा महिलाका मुद्दा कार्यान्वयनमा जानसक्छ भन्ने उहाँलाई लाग्दछ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : पार्वती महतो (कुमाल) |
| ठेगाना स्थायी | : रत्ननगर-६, लाल पर्सा, चितवन, नारायणी |
| अस्थायी | : पूजा प्रतिष्ठानमार्ग, काठमाण्डौं-१० |
| सम्पर्क ठेगाना | : ९७४११६८०४५, ९८४५०८४६१० (मो) |
| जन्म मिति | : २०३५/५/२ |
| जन्म स्थान | : चितवन |
| आमाको नाम | : सन्तमाया कुमाल |
| बुबाको नाम | : टेकबहादुर कुमाल |
| श्रीमान्को नाम | : भोजनारायण महतो |
| शिक्षा | : माध्यमिक शिक्षा |
| राजनीतिक दल | : नेकपा (माले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# थारू मधेसी होइनन्

चितवन जिल्लामा जन्मनु भएकी पार्वती महतो (कुमाल) समानुपातिक तर्फबाट संविधानसभा सदस्यको रूपमा चुनिनु भएपछि २०६५ वैशाखमा जीवनमा पहिलोपटक उहाँ राजधानी काठमाण्डौंमा आउनु भएको हो । लामो समयदेखि पार्टीप्रतिको प्रतिबद्धता र पार्वतीले गर्नु भएको जनपक्षीय कार्यको मूल्याङ्कन गरी पार्टीले उहाँलाई संविधानसभा सदस्य बन्ने अवसर दिएको हो ।

विद्यालयमा पढ्दा स-साना काम गर्न पनि पार्वतीले विद्यार्थी नेताहरूको सहयोग लिनुपर्दथ्यो । त्यही बखत नै उहाँको मनमा राजनीति नभइकन केही प्राप्त हुँदैन भन्ने लागिसकेको थियो । जिम्मेवारी बहन गर्नुपर्ने राजनीतिक पदमा पुग्दा के कस्तो अनुभव हुन्छ होला भनेर पनि उहाँ कल्पना गर्नुहुन्थ्यो । यही कल्पनाले नै उहाँलाई विद्यार्थी राजनीतिमा संलग्न गरायो ।

नेकपा (एमाले)मा सक्रिय रहनुभएका दाजु किरण कुमालको प्रेरणाबाट पार्वती २०५१ सालमा पार्टीको प्रतिनिधि बन्नुभएको थियो । उहाँका दाजु अहिले नेकपा (माले) सित आबद्ध हुनुहुन्छ । पार्वतीले नेकपा (माले) अन्तर्गतको अखिल नेपाल प्रगतिशील महिला सङ्गठनमा गाउँ सदस्यको रूपमा प्रवेशसँगै राजनीतिमा प्रवेश गर्नुभएको हो । उहाँ त्यही सङ्गठनको जिल्ला सदस्य र जिल्ला अध्यक्ष पनि बन्नुभयो । उहाँले गाउँमा यही सङ्गठन मार्फत धेरै वटा महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुभएको थियो र साथै सचेतना कार्यक्रम र तालिमका लागि केन्द्रीय कमिटीका सदस्यहरूलाई जिल्लामा आमन्त्रणसमेत गर्नुहुन्थ्यो । यस्ता कार्यक्रमहरू खासगरी महिलाको राजनीतिक र आर्थिक सशक्तिकरणमा केन्द्रित हुन्थे । जिल्लामा महिलाको अवस्थामा सकारात्मक परिवर्तन ल्याउन यी कार्यक्रमहरू निकै प्रभावशाली भएका थिए । ती कार्यक्रमहरूको सहयोगले गाउँका महिलाहरूले आफ्ना बालबच्चालाई विद्यालय पठाउन थाल्नुका साथै घरको सानोतिनो खर्चका लागि रकमको जोहो पनि गर्न थाले । यसले महिलाहरूको आत्मविश्वास पनि बढायो ।

हाल पार्वती अखिल नेपाल प्रगतिशील महिला सङ्गठनको केन्द्रीय कमिटीको सदस्य तथा पार्टीको जिल्ला सदस्य हुनुहुन्छ । पार्टीमा सक्रिय हुनुको साथै उहाँले चितवनकै लाल पर्सा बाल विकास केन्द्रमा सात वर्ष पढाउनुभयो । बुबा टेकबहादुर कुमालले पार्वतीलाई राजनीतिमा संलग्न हुनबाट रोक्ने प्रयत्न गर्नुभएको थियो । त्यसैले बुबाको क्रोधबाट बच्नका लागि पार्टीका कार्यक्रममा सहभागी हुन उहाँ राति लुकिछिपी घरबाहिर निस्कने गर्नुहुन्थ्यो ।

पार्वतीको विवाह २०५३ सालमा भोजनारायण महतोसँग भएको थियो । भोजनारायण हाल नेपाली काङ्ग्रेसको भ्रातृसंस्थामा हुनुहुन्छ । राजनीतिमा सचेत व्यक्तिसँग विवाह भए पनि उहाँको राजनीतिक यात्रा विवाहपश्चात् त्यति सहज भने भएन । सासुले उहाँको राजनीतिक संलग्नतालाई सीमित गर्न निरन्तर प्रयत्न गर्नुभयो । यसबाहेक, श्रीमान्को राजनीतिक विचारधारा आफ्नोभन्दा बिल्कुलै फरक भएकाले चुनौती अझ बढी थियो । विवाहपश्चात् आआफ्नो राजनीतिक आस्थामा प्रतिबद्ध रहनेगरी दुबै बीच सम्झौता भए पनि श्रीमान्ले उहाँलाई आफ्नो पार्टी नेपाली काङ्ग्रेसमा प्रवेश गर्न दबाब दिनुभयो । दुबैका निम्ति यी क्षणहरू औधि चुनौतीपूर्ण थिए, तर सम्बन्धको जग यी चुनौतीले पनि हल्लाउन नसकेकामा उहाँ प्रसन्न हुनुहुन्छ । उहाँका २०५४ र २०५५ सालमा जन्मिएका दुई छोरा अभिषेक र अभीव छन् ।

पार्टीले प्रतिनिधिको रूपमा संविधानसभामा पठाउन लायक सम्झनु नै पार्वतीका लागि गर्वको विषय थियो । 'यो गहन जिम्मेवारी थियो, र मैले यो अवस्थासम्म पुग्छु भन्ने न कहिल्यै सोचेकी थिइन । म आदिवासी/जनजाति महिला हुँ । पार्टीमा मभन्दा बढी शिक्षित, अनुभवी र जानकार थिए । जनताको प्रतिनिधि भएर यहाँ आउनु मेरा लागि ठूलो उपलब्धि हो,' उहाँ प्रसन्नता व्यक्त गर्नुहुन्छ ।

संविधानसभाको सदस्य बनेपछि पार्वतीको दृष्टिकोणमा चौतर्फी परिवर्तन आएको छ । आफ्नो समुदायका सरोकार तथा एजेन्डालाई संविधानसभामा प्रस्तुत गर्ने र ती सवाललाई नयाँ संविधानमा समावेश गराउन सङ्घर्ष गर्न हौसला मिलेको छ । संविधानसभाले गरेका कामलाई जनताले प्रशंसा गर्नुपर्छ र सञ्चारमाध्यमले पनि हौसला दिनुपर्छ भन्ने धारणा उहाँको छ । 'महिला सदस्यप्रति सञ्चारमाध्यमले गर्ने खिस्सीठट्टा र होच्याउने भाषाको प्रयोग धेरै नै निरूत्साहित पार्ने किसिमको छ । हाम्रो योगदानको कदर यो पक्कै होइन ।' उहाँ सञ्चार माध्यमहरूसँग गुनासो गर्नुहुन्छ ।

सुरूका दिनहरूमा पार्वती महतोले संविधानसभामा धेरै किसिमका असजिला क्षणहरूको अनुभव गर्नुपर्‍यो । उदाहरणका लागि, उहाँलाई शून्य समयकाबारेमा पनि केही थाहा थिएन । तर, समय क्रमसँगै संविधानसभाको निर्देशिका निकै मेहनतसाथ अध्ययन गरेपछि उहाँले यसका नियम र प्रक्रिया बुझ्नुभयो । अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको अधिकार संरक्षण समितिमा स्थानान्तरण हुनुअघि उहाँ संविधानसभाको राष्ट्रिय हितको संरक्षण समितिमा सदस्य हुनुहुन्थ्यो । पछिल्लो समितिमा धेरै ढिलो समावेश भएकाले उहाँले समितिको बैठकमा हुने छलफलमा धेरै सहभागी हुन पाउनु भएन । तैपनि पछिल्लो समितिमा पार्वतीले सीमा व्यवस्था, सुरक्षा, हातहतियार र राष्ट्रिय हितका धेरै सवालहरूलाई उठाउनुभयो । उहाँको विचारमा खासगरी भारतसँग जोडिएको नेपालका सीमामा स्थायी स्तम्भको व्यवस्था गर्नुपर्दछ र सीमा क्षेत्रमा तैनाथ सुरक्षाकर्मीको बस्ने व्यवस्था अत्यन्त

दयनीय भएकाले त्यसमा सुधार हुनुपर्दछ । 'सीमा क्षेत्रमा सेना परिचालन गर्नुपर्दछ र आपराधिक गतिविधिलाई नियन्त्रण गर्न मानिसको हिँड्डुललाई व्यवस्थित गर्नुपर्दछ,' उहाँले थप्नुभयो ।

संविधानसभामा धेरैवटा महत्वपूर्ण सवालहरूलाई सम्बोधन गरिएपनि थारू जातिका अधिकारलाई हालसम्म सम्बोधन गरिएको छैन । उहाँ भन्नुहुन्छ, 'थारूहरू मधेसी होइनन् र यस वर्गमा हामीलाई राख्नु हुँदैन । हामीहरू आदिवासी/जनजाति हौं । आदिवासी/जनजातिमा पनि हामीहरू अति पछाडि पारिएका समुदाय हौं ।' उहाँको विचारमा 'नेवार र गुरूङ जस्ता आदिवसी/जनजातिहरू धेरै सौभाग्यशाली छन् र उनीहरूले राम्रो अवसरहरू पनि पाएका छन् । तर, दराइ, चेपाङ र कुमाल जस्ता आदिवासी/जनजातिहरू अहिलेसम्म असाध्यै पछाडि छन् र उनीहरूले आफ्ना हक अधिकारहरू पाएका छैनन्, उनीहरूको आवाज हालसम्म सुनिएको छैन ।' पार्वती संविधान निर्माण गर्न जनमत सङ्कलनका लागि नवलपरासी पुग्दा थारू आन्दोलन उत्कर्षमा पुगेको थियो । जनमत सङ्कलनका प्रश्नावली कम भएको भन्दै नवलपरासीको प्रगतिनगर गाविसका जनताले पार्वती लगायतका सभासद्हरूको टोलीलाई तीन घण्टा गाविसमै थुनेका थिए । अतिरिक्त प्रश्नावलीको व्यवस्था गरेपछि मात्र उहाँहरूलाई छाडिएको थियो ।

स्तन क्यान्सरबाट पीडित पार्वती महतोको स्वास्थ्य स्थिति कमजोर भएपनि उहाँ आफ्नो जिम्मेवारी त्यतिकै छाड्ने पक्षमा हुनुहुन्न । उहाँ अहिले पनि लाल पर्सा बाल विकास केन्द्रको बिस्तारमा निरन्तर क्रियाशील हुनुहुन्छ । यही विद्यालयमा उहाँले केही वर्षअघि पढाउनु भएको थियो । यो विद्यालयको बिस्तारपछि उहाँ विद्यालयसँगै जोडिएको सामुदायिक वनलाई अझ व्यवस्थित गर्ने योजनामा हुनुहुन्छ । यस्तै किसिमका योजनासँगै पार्वती महतो आफ्नो राजनीतिक यात्रालाई निरन्तरता दिने र जनप्रतिनिधिको हैसियतमा आफ्ना जिम्मेवारी पूरा गर्ने क्रममा हुनुहुन्छ ।



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | पूजा खनाल |
| ठेगाना स्थायी | : | कदमगाछी गाउँ, सोनापुर गाविस-३, सुनसरी, कोशी |
| अस्थायी | : | काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१-४४७८९२० (घर), ९७४११९५९१० (मो) |
| जन्म मिति | : | २०३२/५/६ |
| जन्म स्थान | : | मोरङ |
| आमाको नाम | : | हिमा खनाल |
| बुबाको नाम | : | धनपति खनाल |
| श्रीमान्को नाम | : | चतुरमान राजवंशी |
| शिक्षा | : | प्रवीणता प्रमाणपत्र तह |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# संविधान कागजको टुक्रा मात्र नहोस्

धेरैलाई सम्झना होला, व्यवस्थापिका-संसद्मा २०६७ साल भाद्र २२ गते मा प्रधानमन्त्री छान्ने चुनाव भइरहँदा एकजना त्यस्ता सभासद् पनि भोट हाल्न आएको देखिएका थिए जो ह्वील चेयरमा सलाइनको बोटलसहित थिए । ज्यादै बिरामी भई अस्पताल भर्ना गरिनु भएका पूजा खनाललाई प्रधानमन्त्री चुनावको सातौं चरणमा भोट हाल्न त्यसरी ह्वील चेयरमा राखेर ल्याइएको थियो । तर त्यसरी भोट खसाल्दा पनि प्रधानमन्त्री चुन्न सकिएन ।

माओवादीले सञ्चालन गरेको दश वर्षे 'जनयुद्ध' कालमा तेह्रथुमको एउटा घटनामा नेकपा (माओवादी)का धेरै कार्यकर्ताले ज्यान गुमाएका थिए । त्यसैमा परी उहाँको पनि मृत्यु भइसक्यो भन्ने खबर घरमा पठाइएको थियो । छरछिमेकका केही मानिस त उहाँको घरमा गएर 'मर्ने मान्छे मरिसक्यो, अब काजक्रिया गरे पनि भयो' समेत भन्न गएका थिए । घरका मानिस चाहिँ लासै नदेखी कसरी काजक्रिया गर्नु भन्दै शोक मनाइरहेका थिए । तर साढे तीन वर्षपछि छोरो बोकेर पूजा घर पुग्दा अक्क न बक्क भएका मानिसहरू कोही रून थाले, कोही हाँस्न थाले । उहाँ फर्कनुभएको घटना सबैका लागि चमत्कारै थियो ।

माओवादी 'जनयुद्ध' कालमा पूजाले जीवन मरणका यस्ता धेरै घटना भोग्नु र देख्नु भएको छ । ती घटना सम्झँदा अहिले पनि उहाँ आफैँ रोमाञ्चित हुनुहुन्छ । तराई, पहाडका सहर र विकट उकाली ओराली छिचोलेर युद्धमा होमिन पाएकोमा उहाँ गर्वको अनुभूति गर्नुहुन्छ । नेपाली जनतामाथि सदियौंदेखि थोपरिएका सबै प्रकारका उत्पीडन, शोषणबाट मुक्त गर्ने महान कार्यमा सहभागी हुन पाएकामा आफू निकै खुशी रहेको पूजा बताउँनुहुन्छ । तसर्थ, राजनीतिक तहबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्ने अभिभाराबाट नेताहरू चुक्नु हुँदैन भन्ने उहाँलाई लागिरहेको छ ।

२०३६ सालमा पूजाका बुबाआमा राजनीतिक आन्दोलनमा सक्रिय भएर लाग्दा उहाँ ५-६ वर्षको मात्रै हुनुहुन्थ्यो । मोरङ्स्थित उहाँहरूको घरमा तत्कालीन नेकपा (माले) का नेता मदन भण्डारी प्रहरी र प्रशासनबाट बच्नका लागि बस्न आउने गर्नुहुन्थ्यो ।

२०४६ सालको जनआन्दोलनमा उहाँको सम्पूर्ण परिवार सक्रियतापूर्वक सहभागी भएको थियो । २०४६ सालपछि उहाँहरू नेकपा (एमाले) मा आबद्ध हुनुभयो । पूजाको गाउँमा चारैतिर नेपाली काङ्ग्रेसका कार्यकर्ता थिए, बीचमा उहाँहरूको घर मात्रै वामपन्थीको थियो । नेकपा (एमाले) विभाजित भएपछि अब यो पार्टीमा बसेर ठीक हुँदैन भनेर उहाँहरू नेकपा (माओवादी)मा प्रवेश गर्नुभयो । त्यसपछि उहाँको घरमा एनेकपा (माओवादी) का पोलिट्ब्यूरो सदस्य अग्नि सापकोटा लगायतका नेताहरू सेल्टर लिन आउने गर्थे । पूजा र उहाँको परिवार माथि प्रशासनको निगरानी बढेपछि २०५४ सालमा उहाँहरू भूमिगत हुन भयो ।

सङ्कटकाल लागेपछि पूजाको परिवारले कति दुःख पाए भनेर साध्य छैन । पूजाले २०५५ सालमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) गठन गरी मोरङ्/सुनसरीको पहिलो अध्यक्ष भएर काम गर्नुभयो । उहाँको कार्यक्षेत्रमा थोरै कार्यकर्ता भएकाले फौजी कारबाहीदेखि सङ्गठनको काम समेत उहाँले गर्नुपर्थ्यो । धर्मशीला चापागाइँ र उहाँ सङ्गठनका काममा सक्रियरूपमा लाग्नुहुन्थ्यो । तर धर्मशीला पक्राउमा परेपछि उहाँलाई निकै कठिन भयो ।

एकदिन इलामको चुलाचुली घुम्दै उहाँहरू प्रशिक्षणका लागि गाउँमा पुग्नुभएको थियो । सेना आएर घेरा हालिसकेको कुरा उहाँहरूले पत्तै पाउनु भएन । तर, गाउँका एकजना व्यक्तिले सूचना दिएपछि उहाँहरू रातारात भाग्नुभयो । भोलिपल्ट सोही ठाउँमा फेरि सेनाले घेरा हाली एकजना साथीको हत्या गरे । झापामा अझ नेतृत्व पङ्क्तिकै १३ जनालाई एकैचोटी पक्राउ गरियो । त्यसमध्ये केही सुरक्षफौजद्वारा मारिय । उहाँको समूहका अहिले चार जना मात्र बाँचेका छन् ।

यति मात्र होइन २०५९ पुसमा भारतबाट पूजाका श्रीमान् चतुरमान राजवंशी पनि पक्राउ पर्नुभयो । उहाँ कहाँ हुनुहुन्छ आजसम्म पनि पत्ता लाग्न सकेको छैन । चतुरमान तत्कालीन नेकपा (माओवादी) का ब्यूरो सदस्य तथा झापा इन्चार्ज हुनुहुन्थ्यो । नेपाली सेना, आइसिआरसी लगायतका धेरै ठाउँमा पटकपटक स्मरणपत्र दिँदा पनि आफ्ना श्रीमान् चतुरमानकोबारेमा जानकारी प्राप्त गर्न नसकिएको पूजा बताउनुहुन्छ । श्रीमान् पक्राउ पर्दा उहाँ सात दिनकी सुत्केरी हुनुहुन्थ्यो । २०५५ सालमा एउटा कोठाभित्र हात मिलाएर भाषण गरी उहाँहरूको जनवादी विवाह भएको थियो ।

'जनयुद्ध' चलिरहेकै बेला पूजाले केही समय गाउँकै एउटा बोर्डिङ स्कूलमा पढाउनुभयो । त्यतिखेर दिनभर स्कूलमा पढाउने र रातभर पार्टीका फौजी काममा संलग्न हुनुहुन्थ्यो । एक दिन उहाँ फौजी कारबाहीमा जानुभएको थियो । त्यतिखेर हातखुट्टामा केही घाउचोट पनि थियो । भोलिपल्ट स्कुल जाँदा प्रिन्सिपलले तपाइँ कहाँ जानुभएको थियो भनेर सोधे । उहाँले ढाँटेर अर्कै कुरा भन्नुभयो ।

त्यस्तै एक दिन झापाबाट प्रशिक्षण चलाएर २५ जनाको टोली इलाम जाँदै थियो । चुलाचुली भन्ने गाउँमा छरिएर बसिरहेका बखत सुरक्षाफौजले पूरै टोलीलाई घेरा हाल्यो । एउटी बहिनी आएर खबर गरेपछि उहाँहरूले

कोड भाषामा एउटा प्वाइन्टमा भेट्ने वाचा गरेर भाग्नुभयो । त्यस दिन उहाँको साथी सुशीला दुईवटा आँखा मात्र देखिनेगरी स्याउलाले छोपेर दिनभर लुकेर बस्नुभयो । रात परेपछि उहाँहरू एउटा घरमा सेल्टर लिन जानुभयो । 'त्यस घरकी आमाले भर्खर सेनाले छापा मारेर गएको छ भनेर भन्नुभयो तर उहाँले जनताप्रतिको हाम्रो त्याग र बलिदान सम्झँदै 'मरे सहिद, बाँचे महान्' भन्दै हामीलाई मकैको चाम्रे खुवाएर राख्नुभयो र भोलिपल्ट बिहान 'फेरी फेरी आउनु है नानी' भनेर हामीलाई बिदा गर्नुभयो ।'

इलामको त्यो विकट गाउँका जनता राम्ररी खान पनि पाउँदैनन् । त्यस्ता ठाउँमा सेल्टर माग्न आउनेलाई ख्वाउने कुरा केही पनि हुँदैन । त्यही ठाउँ भेट्ने भनेर आउनुभएका उहाँहरू कैयौं दिन केही नखाई भोकै बस्नुभयो । त्यहीबेला सुतिरहेको अवस्थामा सेनाको गोली लागेर दुई जनाको मृत्यु भयो । त्यो क्षण उहाँ कहिल्यै बिर्सन सक्नुहुन्न । त्यस्तै मनमाया विकलाई झापाको चारआली ब्यारेकमा सामुहिक बलात्कार गरी खाल्डोमा पुरेको घटना पनि उहाँ बिर्सन सक्नुहुन्न ।

प्रशस्त दुःखकष्ट भोगेर संविधानसभामा पुगिएको भए पनि आजभोलि सभासद्हरूलाई जनताले गाली मात्र गरेको देख्दा पूजालाई किन यस्तो ठाउँमा आएकी हुँला भन्ने पनि लाग्न थालेको छ । तर जनताका लागि संविधान लेख्न आएको भन्ने भावनाले भने अलिकति उहाँलाई राहत र सान्त्वना दिने गर्दछ ।

पूजा संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र व्यवस्थापिका संसद् अन्तर्गत विधायन समितिमा सदस्य हुनुहुन्छ । समितिमा उहाँले तराई क्षेत्रमा देखिएका विसङ्गति खासगरी दहेज प्रथा, घुम्टो प्रथा, र मुस्लिम समुदायको बुर्का लगाउने र तलाक प्रथा तथा सूदुरपश्चिमको छाउपडी प्रथाका विरूद्ध आवाज उठाउँदै आउनुभएको छ ।

विगतमा पूजाले जति पनि दुःखकष्ट भोग्नुभयो, त्यो यही संविधान लेख्न र समतामूलक समाज निर्माणका लागि हो । तर समयमै संविधान बनाउन नसकेकामा भने उहाँलाई पछुतो लागिरहेको छ । पूजाको एउटै मात्र चिन्ता छ, त्यत्रो कष्टले बनाएको संविधान जनताका लागि कागजको टुक्रा मात्र नबनोस् ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : पुष्पा भुसाल |
| ठेगाना स्थायी | : अर्घा-२, अर्घाखाँची, लुम्बिनी |
| अस्थायी | : महाराजगन्ज-४, काठमाडौँ, बाग्मती |
| सम्पर्क फोन | : ९८४१२५५५४५ (मो), |
| इमेल | : pushpa605@gmail.com |
| जन्म मिति | : २०१७/०१/११ |
| जन्म स्थान | : अर्घा-२, अर्घाखाँची |
| आमाको नाम | : शारदा गौतम |
| बुबाको नाम | : स्व. काशीनाथ गौतम |
| श्रीमान्को नाम | : प्रा. डा. चोपलाल भुसाल |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# लोकतन्त्र भनेको स्वतन्त्रता, समानता र आत्मसन्तुष्टि पाउने शासन हो

स्व. काशीनाथ गौतम तथा शारदा गौतमकी कान्छी छोरी पुष्पा भुसालको बाल्यकाल सङ्घर्षमय थियो । तर, राजनीतिक परिवारको पृष्ठभूमि भएकी उहाँलाई सानैदेखि राजनीतिक घटनाले आकर्षित गर्‍यो ।

पुष्पाका बुबा २०१६ सालमा तत्कालीन प्रधानमन्त्री स्व. विश्वेश्वरप्रसाद कोइरालाको मन्त्रिमण्डलमा स्वास्थ्य तथा स्थानीय स्वायत्तमन्त्री हुनुहुन्थ्यो । तत्कालीन राजा महेन्द्रले २०१७ साल पुस १ गते मन्त्रिमण्डल विघटन गरी सत्ता हातमा लिएपछि विघटित मन्त्रिमण्डलका धेरैजसो नेता तथा कार्यकर्ता भारत निर्वासित भए । निर्वासित हुने मध्ये पुष्पाका बुबा पनि एक हुनुहुन्थ्यो । यता घरमै बसेकी आमालाई पनि तत्कालीन प्रशासनले बारम्बार कष्ट, यातना र मुद्दा लगायो । त्यो यातना खप्न नसकेपछि आमासँगै पुष्पालगायत एक दिदी र दाजुले पनि भारत प्रस्थान गर्नुपर्‍यो ।

भारतको १३ वर्षको उहाँहरूको निर्वासित जीवन त्यति सहज थिएन । उहाँ सम्झनुहुन्छ, 'बन्द समाज भएकाले हामी आफूलाई असुरक्षित महसुस गर्थ्यौं । विद्यालय जाँदा पनि रिक्सामा पर्दा लगाएर बस्थ्यौं । एउटै रोटी तीन जनाले बाँडेर खान्थ्यौं । तर त्यही दुःखले हामीलाई आफ्नो देशका लागि केही गर्नुपर्छ भन्ने प्रेरणा दिइरहन्थ्यो ।' निर्वासनमा हुँदा अभावको पाठ सिक्नुभएकी पुष्पाका बुबाले वर्ष दिनमा दशैंमा एउटा सुतीको फ्रक किनिदिदाँको खुशीसँग केही तुलना गर्न नसकेको सम्झनुहुन्छ ।

बुबा नेपाली काङ्ग्रेसको नेता हुनु भएकोले र छेउछाउको राजनीतिक माहौलले उहाँ सानैदेखि नेपाली काङ्ग्रेसप्रति आकृष्ट हुनुभयो । भारतमा बसोबास गर्दा नेपालको राजनीतिक विषयमा आयोजना हुने विभिन्न कार्यक्रममा जानी नजानी उहाँ नेपाली काङ्ग्रेसको झण्डा बोक्न सधैं अगाडि हुनुहुन्थ्यो र नेपाली काङ्ग्रेसले लोकतान्त्रिक आन्दोलनको अगुवाई र नेतृत्व गरेको छ भन्ने गहिरो छाप उहाँमा परेको थियो । किशोरी अवस्थामा पुग्दा उहाँलाई लोकतन्त्र सुदृढ गर्न राजनीति बाहेकको विकल्प नरहेको आभाष भइसकेको थियो ।

पुष्पाले ऐ डि इन्टर कलेज गोरखपुर, भारतको इलाहवाद बोर्डबाट २०३२ सालमा हाईस्कुल (एसएलसी) उत्तीर्ण गर्नुभयो । त्यसपश्चात् सपरिवार नेपाल फर्किएपछि बुबाको इच्छाअनुसार पुष्पा कानुन पढ्नका लागि नेपाल कानुन क्याम्पस, काठमाण्डौंमा भर्ना हुनुभयो । आफ्ना दाइ र दिदी दुबै जना चिकित्साशास्त्र पढ्न विदेश गएका हुनाले एउटा सन्तान घरमै बसोस् भन्ने बुबाको इच्छा थियो । सुरुमा बुबाका लागि पढेको कानुनमा बिस्तारै पुष्पाको रूची बढ्दै गयो ।

उहाँले नेपाल कानुन क्याम्पसबाट कानुनमा प्रमाणपत्र तथा स्नातक तहको पढाइ पूरा गर्नुभयो । नेपाल कानुन क्याम्पसमा पढ्दा नै उहाँले नेपाली काङ्ग्रेससँग आबद्ध नेपाल विद्यार्थी सङ्घको सदस्यता लिनुभयो र २०३६ सालको विद्यार्थी आन्दोलनमा सक्रिय हुनुभयो । आफ्नो राजनीतिक सक्रियतालाई निरन्तरता दिँदै उहाँले राजनीतिशास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभयो ।

पुष्पाको विवाह लोकतान्त्रिक आन्दोलनमा सक्रिय प्रा. डा. चोपलाल भुसालसँग २०४४ सालमा भयो । संयोगवश श्रीमान् पनि राजनीतिक पृष्ठभूमि भएको पाउँदा पुष्पाको राजनीतिक जीवनमा अझ उत्साह र सहयोग थपियो । उहाँका श्रीमान्ले अध्ययनका क्रममा तत्कालिन सोभियत सङ्घमा पनि नेपाल विद्यार्थी सङ्घ स्थापना गर्नुभएको थियो ।

विवाह पश्चात् पुष्पाले २०४६ देखि २०५६ सालसम्म रत्नराज्य क्याम्पसमा प्राध्यापकको हैसियतमा अन्तर्राष्ट्रिय कानुनसम्बन्धी अध्यापन गर्न थाल्नुभयो । अध्यापनकै क्रममा उहाँ प्रजातन्त्रवादी समूहको प्रध्यापक सङ्घमा पनि सक्रिय भई रहनुभयो । साथै, नेपाल बार एशोसियसनमा प्रजान्त्रिक खेमाको तर्फबाट निरन्तर सक्रिय नेतृत्वदायी भूमिका निर्वाह गर्दै केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । त्यसैगरी उहाँ कानुन व्यवसायीका तर्फबाट पार्टीको केन्द्रीय कानुनी सल्लाहकार समिति र त्यसपछि केन्द्रीय महिला विभागसँग पनि आबद्ध हुनुभयो । यसका साथै उहाँले नेपाल ट्रेड युनियन (नेपाली काङ्ग्रेसको शुभेच्छुक संस्था)मा करिब १० वर्ष कानुनी सल्लाहकार भएर सहयोग पुऱ्याउनुभयो । पुष्पा नेपाल महिला सङ्घको केन्द्रीय कार्यसमितिमा महासचिवको हैसियतमा २०५८ सालदेखि हालसम्म कार्यरत हुनुहुन्छ । हाल उहाँ २०६७ सालको महाधिवेशनबाट निर्वाचित नेपाली काङ्ग्रेसको केन्द्रीय सदस्य हुनुहुन्छ ।

पुष्पासँग २०५६ सालको आम निर्वाचनमा प्रत्यक्ष भाग लिएको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'मेरो विगतको उम्मेद्वारीले मलाई संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फ लड्न धेरै सहयोग गऱ्यो । २०५६ सालको आम निर्वाचनमा पार्टीभित्रै मेरो उम्मेद्वारीलाई लिएर अन्तरविरोध भएकाले र जिल्लाबाट पाउनुपर्ने पूरा सहयोग नपाएकाले म झिनो मतले हारें ।'

अन्तरिम संविधान मस्यौदा समिति, २०६३ को मस्यौदाकारको रूपमा काम गरी उक्त अन्तरिम संविधानमा संविधानसभामा एकतिहाई महिला प्रतिनिधित्वको सुनिश्चितता, आमाको नामबाट नागरिकता दिने र महिलाको हक अधिकारलाई मौलिक हक अन्तर्गत व्यवस्थित गर्न पाएकोमा पुष्पा आत्म सन्तुष्टि व्यक्त गर्नुहुन्छ । त्यस्तै हाल उहाँ सङ्क्रमणकालीन न्यायसँग जोडिएको अहम मुद्दा बेपत्ता आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका मस्यौदा उप-समितिको संयोजकको रूपमा पनि कार्यरत हुनुहुन्छ । उहाँ संविधानसभामा नेपाली काङ्ग्रेसका तर्फबाट प्रत्यक्ष निर्वाचन जित्ने दुई महिला मध्ये एक हुनुहुन्छ । महिलाहरूले चुनाव सामना गर्नु चानचुने कुरा नभएको भन्दै उहाँ भन्नुहुन्छ, 'प्रत्यक्ष चुनावमा महिलाको जित हुन हाम्रो सामाजिक मूल्य मान्यताले धेरै अप्ठेरो

बनाएको छ । महिलाहरूले पुरुष उम्मेद्वारले जस्तै गरेर सामाजिक, राजनीतिक तथा आर्थिक रणनीतिहरू अपनाएर चुनाव जित्न सक्ने अवस्था अझै छैन ।'

उहाँ संविधानसभातर्फ राज्यको शासकीय स्वरूप निर्धारण समिति तथा व्यवस्थापिका संसद् तर्फ विधायन समितिको सदस्य हुनुहुन्छ । उहाँ विशेषगरी निर्वाचन प्रणाली मार्फत कसरी महिला र अन्य सीमान्तकृत समुदायलाई चुन्न सकिन्छ भन्नेबारे दखल राख्नुहुन्छ । त्यस्तैगरी विधायन समितिको सक्रिय सदस्य रहनुभएकी पुष्पा घरेलु हिंसासम्बन्धी उपसमितिको पनि सदस्य हुनुहुन्थ्यो । घरेलु हिंसाको विधयेक पारित हुँदा पुरुष सभासद्हरूको सकारात्मक सहयोग रहेको उहाँ बताउनुहुन्छ । समानुपातिक निर्वाचन प्रणालीमा मात्र नभई प्रत्यक्ष निर्वाचन प्रणाली तर्फ पनि महिला प्रतिनिधित्व सुनिश्चित गर्न महिला निर्वाचन क्षेत्र रोटेशनबाट प्रत्येक आवधिक निर्वाचनमा एकतिहाईबाट निर्धारण गरेमा महिला नेतृत्व स्थापित हुन्छ भनि संविधानसभा भित्र र बाहिरबाट वकालत गरिरहनुभएको छ ।

शान्ति प्रक्रिया र संविधान निर्माण प्रक्रियामा महिलाहरूको निर्णायक तहमा प्रतिनिधित्त्व नगण्य भएको कारणले राजनीतिक दलको नेतृत्व महिलाप्रति सङ्कुचित रहेको छ भनी असन्तुष्ट हुँदै उहाँ भन्नुहुन्छ 'संविधान निर्माण सम्बन्धी उच्चस्तरीय कार्यदलमा महिलाहरूको प्रतिनिधित्व एकदमै न्युन हुँदा निर्णयहरू महिलामैत्री भएनन् ।'

स्थानीय तहमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि प्रादेशिक सरकारमा प्रमुख, उपप्रमुख सहित महिलाहरूको सहभागितालाई ५० प्रतिशत बनाउनुपर्नेमा उहाँ जोड दिनुहुन्छ । त्यस्तै राष्ट्रपति, सभामुख तथा आयोगका प्रमुखमध्येमा महिला अनिवार्य हुनुपर्ने तथा उपप्रमुखहरू पनि महिला र पुरुष दुबै हुनुपर्ने उहाँको धारणा छ ।

पुष्पाले संविधानसभामा विभिन्न विषयहरूमा आफूलाई चित्त नबुझेका निर्णयहरूमा फरक मत राख्दै आउनुभएको छ । उहाँले आमाको नामबाट नागरिकता पाउनुपर्ने, राष्ट्रिय महिला आयोगलाई संवैधानिक बनाइनुपर्ने, प्रत्यक्ष निर्वाचनबाट निर्वाचित सदस्यमा ५० प्रतिशत महिला हुनुपर्ने जस्ता माग गर्दै फरक मत राख्दै आउनुभएको छ । साथै संविधानसभामा युवाका अधिकार, आर्थिक रूपान्तरणका अवसर र सामाजिक न्यायजस्ता मुद्दाहरू स्पष्ट ढङ्गले उठ्न नसकेको पनि पुष्पाको धारणा छ ।

महिलाहरूलाई संसद्का महत्वपूर्ण विषयहरूमा निर्णायक स्थान नदिइने गरेको उहाँको गुनासो छ । राष्ट्रिय मुद्दामा आफ्नो धारणा प्रस्तुत गर्न व्यवस्थापिका-संसद् होस् या कुनै सञ्चार माध्यममा महिलाहरूलाई बिरलै अवसर दिइएको उहाँको गुनासो छ ।

पुष्पाको विचारमा प्रजातान्त्रिक अभ्यासमा धेरै स्वतन्त्रता, जिम्मेवारी तथा अवसरहरू हुन्छन् । उहाँ भन्नुहुन्छ, ' लोकतन्त्र भनेको स्वतन्त्रता अनुभूति हो ।' अहिलेको राजनीतिमा योगदानको खाँचो रहेको छ जसको परिपूर्ति समाजका हरेक पेशाका व्यक्तिले गर्न सक्छन्, त्यसैले राजनीतिलाई सम्मानित बनाउनुपर्छ ।

प्रत्यक्ष चुनाव मार्फत निर्वाचित जनप्रतिनिधि र जनताबीच प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने गरेको पुष्पा बताउनुहुन्छ । एक छोराकी आमा पुष्पा यही कारण आफूमा दोहोरो दायित्व भएको जनाउनुहुन्छ । भविष्यमा राजनीतिमा थप सक्रिय रहने र आगामी चुनावमा प्रत्यक्ष उम्मेद्वारको हैसियतले भाग लिने उहाँको विचार छ । नेपाली काङ्ग्रेसलाई अझ प्रजातान्त्रिक र मुलुकको सक्षम पार्टी बनाउन भविष्यमा निरन्तर प्रतिबद्ध र सक्रिय रहने पनि उहाँ प्रतिबद्धता जाहेर गर्नुहुन्छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : पूर्णकुमारी सुवेदी |
| ठेगाना स्थायी | : कोहलपुर गाविस-३, बाँके, भेरी |
| अस्थायी | : हरिहर भवन, ललितपुर |
| सम्पर्क ठेगाना | : ९८४१५८४५२३ (मो) |
| जन्म मिति | : २०१५/५/२७ |
| जन्म स्थान | : लामाचौर, कास्की |
| आमाको नाम | : देवकी पौडेल |
| बुबाको नाम | : हरिप्रसाद पौडेल |
| शिक्षा | : १० कक्षा |
| श्रीमान्को नाम | : प्रकाश सुवेदी |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# सरकारले मेरो पनि टाउकोको मूल्य तोकेको थियो

नेपालका राजनीतिक पार्टीमध्ये एनेकपा (माओवादी)मा महिलाको सहभागिता बढी छ । पार्टीमा मात्र होइन, पार्टीको सैन्य विभागमा समेत प्रशस्त महिलाहरूलाई सहभागी गराइ माओवादी पार्टीले नेपाली महिलाको परम्परागत छवि र पहिचानलाई बदल्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । महिलालाई यो स्थान दिलाउने र महिलाका तर्फबाट पार्टीलाई टेवा दिने काममा पूर्णकुमारी सुवेदीको पनि ठूलो योगदान रहेको छ ।

संविधानसभाका उपाध्यक्ष पूर्णकुमारीको राजनीति पनि महिला सङ्गठनबाटै सुरु भएको थियो । २०३४ सालदेखि अखिल नेपाल महिला सङ्घको तल्लो इकाइदेखि उहाँले काम गर्न थाल्नुभएको हो । उहाँले २०३५ सालमा भूमिगत रहेको तत्कालीन नेकपा (चौम) पार्टीको सदस्यता लिनुभयो । सो पश्चात् अनेमसङ्घले गाउँमा जुवातास खेल्न नपाइने, बहुविवाह गर्न नपाइने र बालविवाह गर्न-गराउन नपाउने लगायतका प्रगतिशील कार्यक्रमहरूको अभियान नै सञ्चालन गरेको थियो ।

२०४३ सालमा चितवनको चम्पानगरबाट पूर्णकुमारीको परिवार बाँकेमा बसाइँ सऱ्यो । २०४६ सालको जनआन्दोलनमा बाँकेमा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो । २०४८ सालको निर्वाचनमा पनि उहाँ संयुक्त जनमोर्चाको तर्फबाट बाँकेमा उम्मेद्वार बन्नुभयो । २०४९ सालदेखि उहाँले तत्कालीन एकता केन्द्रको पूर्णकालीन सदस्य भएर काम गर्नुभयो । त्यतिबेला एकता केन्द्रको पूर्णकालीन सदस्य हुने उहाँ पहिलो महिला हुनुहुन्थ्यो ।

२०५१ सालमा चितवनमा भएको पार्टीको तेश्रो विस्तारित बैठकले पार्टीको नाम माओवादी राख्यो र पार्टीले 'जनयुद्ध'को लाइन लिएपछि उहाँ त्यसमा पनि डटेर लाग्नुभयो । 'जनयुद्ध' सुरु भएको वर्ष २०५२ सालमा पूर्णकुमारी जिल्ला सेक्रेटरीको रूपमा सुर्खेतमा कार्यरत हुनुहुन्थ्यो । दश वर्षसम्म चलेको माओवादी 'जनयुद्ध' अवधिभर उहाँले गरिबी, अभाव र उत्पीडनमा परेका जनतासँग निकट रहेर नै काम गर्नुभयो । 'जनयुद्ध'मा ४०

प्रतिशत महिलालाई सेनामा सहभागी गराएर माओवादीले विश्वमै एउटा नयाँ उदाहरण प्रस्तुत गरेको पूर्णकुमारीको भनाइ छ ।

२०५७ सालमा पूर्णकुमारी बाँके जिल्लाको माओवादी जनसरकार प्रमुख हुनुभयो । उहाँ माओवादीका थोरै मात्र महिला जनसरकार प्रमुखमध्ये एक हुनुहुन्थ्यो । यसै क्रममा २०६२/६३ सालमा दोस्रो जनआन्दोलन भयो । आन्दोलनमा गाउँगाउँबाट जनतालाई सदरमुकाममा उतार्ने अभियानमा उहाँ निरन्तर लाग्नुभयो । उहाँ भन्नुहुन्छ, 'पार्टीको एउटै आह्वानमा पनि हजारौं जनता हामीसँग गोलबद्ध भएर अगाडि आउँथे । जनआन्दोलन सफल भएपछि गठित अन्तरिम व्यवस्थापिका संसद्मा पनि उहाँले विधायिकाको भूमिका निभाउनु भएको थियो ।'

पूर्णकुमारी संविधानसभाको निर्वाचनमा बाँके जिल्लाको क्षेत्र नम्बर ४ बाट नेकपा (माओवादी)को तर्फबाट निर्वाचित हुनुभयो र हाल उहाँ संविधानसभाको गरिमामय उपाध्यक्षको जिम्मेवारी बहन गर्दै हुनुहुन्छ । संविधानसभाको उपाध्यक्षको हैसियतमा संविधानसभा र व्यवस्थापिका संसद् अर्न्तगतका कुनै पनि समितिमा सक्रिय भूमिकामा नरहे पनि संविधानसभाको उपाध्यक्ष पदमा रहेर आफ्नो भूमिकालाई जिम्मेवारी पूर्वक निर्वाह गरिरहेको उहाँ बताउनुहुन्छ ।

पूर्णकुमारीको १४ वर्षकै उमेरमै २०२८ सालमा प्रकाश सुवेदीसँग मागी विवाह भएको थियो । उहाँका श्रीमान् विद्यार्थीकालदेखि नै राजनीति गर्नुहुन्थ्यो । हाल उहाँ एनेकपा (माओवादी)को थारूवान राज्य समिति सदस्य तथा बाँके जिल्ला इन्चार्ज हुनुहुन्छ । २०५९ सालमा पूर्णकुमारीको देवर ईश्वर सुवेदीको 'जनयुद्ध'को क्रममा हत्या भएको थियो र उहाँको भाञ्जा देवीप्रसाद अधिकारीलाई राज्यद्वारा बेपत्ता पारियो । उहाँकी सासु ऋषिमाया सुवेदी पनि राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । परिवारका अरू सदस्यहरू पनि राजनीतिमै सक्रिय थिए । अरू कतिपय महिलाका हकमा राजनीतिमा लाग्ने कुरालाई लिएर सासु ससुरा बुहारीका बाधक बन्ने गरेका उदाहरणहरू छन् । तर पूर्णकुमारीको हकमा सासु नै उहाँको सबैभन्दा ठूलो सहयोगी र उत्प्रेरणाको श्रोत बन्नुभयो ।

राजनीतिमा प्रवेश गरेदेखि अहिलेसम्मको स्थितिसम्म आइपुग्न पूर्णकुमारीले तय गर्नुभएको बाटो निकै नै चुनौतीपूर्ण छ । विद्यार्थी हुँदा नै पूर्णकुमारी चितवनस्थित माडी स्कुललाई माध्यमिक विद्यालयको मान्यता दिलाउनुपर्छ भनेर भएको दुई महिने हड्तालमा सहभागी हुनुभएको थियो र त्यो माग पूरा पनि भयो । २०३८ सालमा महिला सङ्गठनको जिल्ला अधिवेशनमा भाग लिन उहाँले छ महिनाको बच्चालाई तीन दिनसम्म सासुसँग छाडेर जानुभएको थियो । सम्मेलनस्थलमा अरू साथीहरूका बच्चालाई आफ्नो दूध खुवाउनुभएको कुरा पूर्णकुमारी अहिले पनि सम्झनुहुन्छ ।

एक पटक चितवनको ध्रुवघाटबाट चितवन राष्ट्रिय निकुञ्ज भित्र घाँस काट्न गएका महिलाहरूलाई सेनाले पक्राउ गरी यातना दिएको घटनाको विरोधमा पूर्णकुमारी लगायत अन्य महिलाहरू पनि आन्दोलनमा उत्रनुभएको थियो र त्यसबेला सेनाको राइफल समेत खोसिएको थियो । त्यस्तै ४० बुँदे माग सहित २०५२ सालमा माओवादीले 'जनयुद्ध' सुरू भएपछि उहाँका दिनहरू अझ कठिन हुँदै गए । 'जनयुद्ध' चर्कँदै गएपछि सरकारले माओवादी नेतासँगै उहाँको टाउकोको मूल्य समेत तोकेको थियो र उहाँहरूलाई जहाँ भेट्यो, त्यहीं गोली ठोक्नेसम्मको

आदेश सुरक्षाकर्मीलाई दिइएको थियो । उहाँ भन्नुहुन्छ, 'त्यस्तो जीवन सहज थिएन । तर जनताले साथ दिए । जनताले माओवादीको एजेण्डालाई समर्थन गरेको मात्र होइन गाउँमा उनीहरूले हामीलाई संरक्षण समेत गरे । कसैले दुईचार दिन, कसैले दुईचार महिना पनि हामीलाई संरक्षणमा राखे ।'

२०५७ साल तिरको एउटा घटना सम्झँदै उहाँ भन्नुहुन्छ, 'कालिकोटमा किसान सङ्गठनको जिल्ला सम्मेलन हुँदै थियो र म पनि सो कार्यक्रममा सहभागी थिए । पानी परिरहेको थियो । जुविथा भन्ने ठाउँमा प्रहरी चौकी थियो । बीचमा तीला नदी बग्थ्यो । तर त्यो नदी तरेर प्रहरी कतिखेर कार्यक्रमस्थलमा आइपुग्यो हामीहरूलाई थाहै भएन । त्यतिबेला म मञ्चबाट बोल्दै थिए । एकजना भाइले प्रहरी आयो भन्ने बितिक्कै सबै चिज त्यहीँ छाडेर हामी भाग्यौँ । प्रहरीले पनि गोली चलाउन थाल्यो । हामीहरू गोली कहाँ लाग्यो भनेर हातखुट्टा छाम्दै भाग्यौँ । त्यस क्षणलाई म अहिले पनि सम्झिन्छु ।' यी र यस्ता घटनाहरू पछि पूर्णकुमारी जुम्ला र बर्दियाको रम्भापुर कारबाहीमा समेत सहभागी हुनुभयो । जुम्लाको सैनिक पोष्टमा गरेको कारबाहीमा धेरै माओवादी योद्धाहरूको मृत्यु भयो तर उहाँलगायतका साथीहरू बच्न सफल हुनुभएको थियो ।

लामो भूमिगत जीवन बिताउनु भएकी पूर्णकुमारी भूमिगत जीवनका सम्बन्धमा भन्नुहुन्छ, 'भूमिगत बस्ने भन्नासाथ आम मानिसको सोचाइ कसैले नदेख्ने ठाउँमा लुकेर बस्ने भन्ने हुन्छ, तर यथार्थ त्यस्तो होइन । हामी गाउँमा स्थानीय जनतासँगै बस्थ्यौँ । उनीहरूकै भाषा बोल्थ्यौँ । उनीहरूले दिएका खाना खान्थ्यौँ र उनीहरूका भेषभूषा पनि लगाउँथ्यौँ । स्थानीय जनतासँग बस्दा उनीहरूसँग आवश्यकता अनुसारको साइनो लगाइन्थ्यो ।' सुरुसुरुमा भूमिगत हुँदा उहाँहरू राति राती मात्र हिँड्नुहुन्थ्यो । प्रहरी कहाँ छन् र के गरिरहेका छन् भन्ने कुराको जानकारी स्थानीय जनतासँग लिनुहुन्थ्यो । उहाँहरू जुनेली रातमा भने कम हिँड्नु हुन्थ्यो र स्थानीय जस्तै देखिन पुराना सफा लुगा लगाएर बस्ने गर्नुहुन्थ्यो । खासगरी तरकारी, दूध किनबेच गर्न बजार जानेहरूले गाउँघर र बजारको स्थितिबारे उहाँहरूलाई जानकारी दिने गर्थे । बालबालिकाहरू पनि बाटोमा सेना प्रहरी देख्यो भने कापी लिन बिर्स्यो, कलम लिन बिर्स्यो भन्दै विभिन्न बहाना बनाई उहाँहरूलाई खबर दिन आउँथे । आन्दोलनकै क्रममा पूर्णकुमारी बाह्र पटक जति हिरासतमा पनि बस्नुभयो ।

'राजनीति अब मेरो जीवनकै प्रमुख अङ्ग बनिसकेको छ, आफ्नो लक्ष्य प्राप्त नगर्दासम्म म राजनीतिमै रहन्छु', उहाँ भन्नुहुन्छ । 'संविधानसभा त अस्थायी ठाउँ हो, आफ्नो जिम्मेवारी पूरा भएपछि स्थायी ठाउँ जान्छु, र पार्टीले जे जिम्मेवारी दिन्छ, त्यो पूरा गर्न लागिरहनेछु ।'


GOD
BLESS
OUR
HOME

**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : प्रतिभा राणा |
| ठेगाना स्थायी | : ढोढरी गाविस, वडा नं.७, बेलुवा, बर्दिया, भेरी |
| अस्थायी | : ललितपुर, वडा नं. ४, बाग्मती |
| सम्पर्क ठेगाना | : ९८५१०९१४७७ (मो) |
| जन्म मिति | : २००५/२/५ |
| जन्म स्थान | : काठमाण्डौं |
| आमाको नाम | : स्वं युवराज्यश्वरी मल्ल |
| बुबाको नाम | : स्व. शेरबहादुर मल्ल |
| श्रीमान्को नाम | : बिनोद शम्सेर ज.ब.रा |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : राष्ट्रिय प्रजातन्त्र पार्टी |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# 'राजनीतिमा सङ्घर्ष गरिन्छ'

मल्ल परिवारमा जन्मी हुर्की राणा परिवारमा विवाह गर्नुभएकी प्रतिभा राणाले राजनीतिमा लाग्छु भनेर कहिल्यै सोच्नुभएको थिएन । बुहारीले टाउको ढाक्नुपर्ने चलन भएको परिवारमा स्नातक पछि विशुद्ध गृहणी भएर उहाँले करिब १० वर्ष घरभित्रै बिताउनुभयो । तर, त्यसपछिका दिनहरूमा बिस्तारै घरबाट निस्केर उहाँ समाजसेवाका विभिन्न क्षेत्र हुँदै राजनीतिको केन्द्रीय तहमा पुग्नु भएको छ । आफ्नो राजनीतिक जीवनलाई मूल्याङ्कन गर्दै प्रतिभा भन्नुहुन्छ, 'मेरो राजनीतिक जीवन उत्साहजनक पनि होइन, निराशाजनक पनि होइन । जे भएपनि भाग्न मिलेन, सङ्घर्ष त गर्नै पर्‍यो । सामाजिक क्षेत्रभन्दा बढी सङ्घर्ष राजनीतिमा गर्नुपर्ने रहेछ ।'

प्रतिभा २०४६ सालमा प्रजातन्त्रको पुर्नबहालीपछि राजनीतिक क्षेत्रमा सक्रिय हुनुभएको हो । उहाँले आफ्ना चिनजानका व्यक्तिहरू समावेश भएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई नै आफ्नो राजनीतिक गन्तव्य मान्नुभयो । राप्रपामा प्रवेश गर्नुअघि प्रतिभाले राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दलाई निकटबाट चिन्नुहुन्थ्यो । विगतमा ५ वर्ष वीर अस्पतालमा 'स्वयम्सेवी'का रूपमा काम गर्दा नेता चन्दबाट उहाँले धेरै सहयोग पाउनुभएको थियो । प्रतिभाका अनुसार उहाँले चन्दलाई 'क्लिन म्यान' वा सफा व्यक्तिका रूपमा नजिकबाट चिन्नुभएको थियो । त्यसैले चन्दले राप्रपाको महिला सङ्गठन अगाडि बढाउन अनुरोध गरेपछि 'टार्न नसकेर राप्रपामा प्रवेश गरेको' प्रतिभा स्मरण गर्नुहुन्छ ।

तत्कालीन प्रधानमन्त्रीसमेत बनेका लोकेन्द्रबहादुर चन्दको आमन्त्रणमा पार्टी प्रवेश सजिलो भए पनि पार्टीभित्र कार्यरत रहन प्रतिभालाई त्यति सहज भएन । निर्वाचनका क्रममा पार्टीबाट आफूलाई पटकपटक असहयोग भएको उहाँ स्मरण गर्नुहुन्छ । प्रजातान्त्रिक महिला सङ्गठनमा २ वर्ष अध्यक्ष तथा ४ पटक पार्टीको केन्द्रीय सदस्य निर्वाचित प्रतिभाले पार्टीको दोस्रो महाधिवेशनमा सबैभन्दा बढी मत पाए पनि पार्टीमा उहाँले कुनै पद प्राप्त गर्न सक्नुभएन । यसलाई उहाँ आफू महिला भएकै कारणले पार्टीभित्र गर्नुपरेको सङ्घर्ष ठान्नुहुन्छ ।

तत्कालीन अवस्थामा पार्टीको विभिन्न विभागको प्रमुख रहनुभएकी प्रतिभालाई महामन्त्री दिने सवालमा होस् या राणा अध्यक्ष भएको पार्टीमा राणालाई पद दिनुहुन्न भन्ने कारण देखाएर उहाँको नाम पार्टी पदाधिकारीको सूचीबाटै हटाउने प्रयास गरेर होस् उहाँलाई हतोत्साहित गर्ने प्रयासहरू भएको प्रतिभा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'चुनावका दृष्टिकोणले असहज ठाउँ मानिएको बर्दियाबाट मलाई चुनाव टिकट दिने तर पार्टीबाट सहयोग नगर्ने देख्दा पनि चुनाव जित्छे भन्ने आशङ्कामा मलाई दुःख दिने प्रयास भएको हो ।' उहाँ वि.सं. २०५८ मा गठित महिला आयोगको संस्थापक उपाध्यक्ष नियुक्त हुनुभएको थियो र वि.स. २०६१ मा उहाँ विज्ञान तथा प्रविधि राज्यमन्त्री हुनुभएको थियो ।

संविधानसभाको सदस्यका साथै प्रमुख सचेतक हुन पाउँदा प्रतिभालाई सुरूमा निकै नै गौरव महसुस भएको थियो, ऐतिहासिक यो अवसरमा धेरै काम गर्न सकिन्छ भनेर र सबै वर्गको आवाज लिएर संविधान बनाउने ठाउँमा पुगियो भनेर । तर, उहाँ भन्नुहुन्छ, 'जुन वातावरणमा संविधानसभामा प्रवेश गरियो त्यो वातावरण अब रहेन । सत्तालिप्साले राजनीतिक क्षेत्र बर्बाद भइरहेको छ ।' राजनीतिक दलहरू अनुशासनमा नबस्दा गाह्रो हुने अनुभव सँगाल्नुभएकी प्रतिभा भन्नुहुन्छ, 'संविधानसभाको प्रगतिबाट म खुशीभन्दा बढी चिन्तित छु, काम गर्न सजिलो छैन ।'

संविधानसभामा समयको पालना नहुने, दिनको १२ बजे बैठक बोलाएर राति साढे १२ बजेसम्म कुर्नुपर्ने, निर्वाचन प्रक्रियाको अपमान हुनेगरी पटक-पटक प्रधानमन्त्रीको चुनाव भइरहने र निर्णयहरू बाहिर गरेर संविधानसभामा ती निर्णयहरू ल्याएर औपचारिकता मात्र दिलाउनेजस्ता संविधानसभाभित्रका प्रक्रिया सकारात्मक र उत्साहजनक नरहेको प्रतिभाको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभा लोकतान्त्रिक र गणतान्त्रिक निर्णय दिने थलो बन्न सकेको छैन ।'

प्रतिभा संविधानसभा अन्तर्गत राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत संसदीय सुनुवाइ समितिको सदस्य हुनुहुन्छ । साथै उहाँ व्यवस्थापिका संसद्को कार्य व्यवस्था परामर्श समितिको सदस्य, अन्तर पार्टी महिला सञ्जाल र महिला ककसको सल्लाहकार पनि हुनुहुन्छ । उहाँले राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिमा रहेर देश सङ्घीयतामा जाँदा र प्रदेशहरू विभाजन गर्दा दुई प्रतिशतभन्दा कम जनसङ्ख्या भएको अवस्थामा त्यो ठाउँमा छुट्टै प्रदेश दिन नहुने र सम्पूर्ण जनताको पहिचान र पहुँच हुने संविधान बनाउनुपर्छ भन्नेजस्ता कुराहरू उठाउनु भएको छ ।

नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएकोमा असन्तोष जनाउँदै प्रतिभा यहाँका अधिकांश जनता हिन्दु भएकाले यस्ता विषयको निर्णय जनमतसङ्ग्रहबाट गरिनुपर्ने धारणा राख्नुहुन्छ । आमा वा बाबुको नामबाट छोराछोरीले नागरिकता पाउनुपर्ने र महिला आयोग संवैधानिक हुनुपर्ने कुरा पनि उहाँले संविधानसभामा राख्नुभएको छ । 'अन्यायपूर्ण पहिचानले समाजमा समानता ल्याउन सक्दैन' भन्ने मान्यता राख्नुहुने प्रतिभा नागरिकताका सवालमा अन्यायपूर्ण निर्णय भएको बताउनुहुन्छ । विदेशी केटाकेटी जसले नेपाली नागरिकसँग विवाह गरी नेपालको नागरिक बन्न चाहे पनि दुबैलाई समान अधिकार हुनुपर्छ भन्ने उहाँको माग छ । यसो नभएमा महिला मात्र होइन, छोरीको सन्ततीलाई समेत अन्याय हुने मान्यता राख्नुहुन्छ ।

संविधानको मस्यौदा लेख्न देशका सबै जाति, वर्ग तथा क्षेत्रको प्रतिनिधित्व हुनु नै सबैभन्दा उल्लेखनीय उपलब्धि भएपनि उहाँ मस्यौदा प्रतिवेदनहरूमा महिलाका मुद्दाहरू अझै छुटेका छन् भन्नुहुन्छ । राज्यको हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता भनिए पनि महिला प्रतिनिधित्व कम हुनु र आमाको नामबाट नागरिकता पाउने भनिएपनि वास्तविकतामा नागरिकता नपाउनु जस्ता कारणले महिला अझै पछाडि पर्दै जाने उहाँको ठम्याइ छ । संविधानसभामा महिलाका मुद्दालाई लिएर सबै महिला सदस्य एक हुनुलाई प्रतिभा सकारात्मक रूपमा लिनुहुन्छ । तर, संविधानसभामा पार्टी र जातीयताको कुरा आउनासाथ महिलाहरू विभाजित हुने प्रवृत्ति पनि उहाँले अनुभव गर्नुभएको छ । त्यसैले उहाँलाई संविधानसभाले नेपालीलाई एक सूत्रमा बाँध्नुको सट्टा विविधताको विवादमा धकेलेको हो कि भन्ने पनि लाग्ने गरेको छ ।

संविधानसभाभित्र र बाहिर प्रतिभाले पनि महिला र पुरूषको हैसियतमा धेरै फरक पाउनुभएको छ । महत्वपूर्ण निर्णय गर्ने समितिमा महिला नभएको बताउँदै उहाँ भन्नुहुन्छ, 'उच्चस्तरीय वार्ता वा सम्झौता हुनेबेलामा महिलाहरू बाहिर हुन्छन् । त्यस्ता महत्वपूर्ण कार्यक्रमहरूमा महिलाको सहभागिता नै हुँदैन । म पार्टीको प्रमुख सचेतक छँदा विभिन्न राजनीतिक सरसल्लाह गर्ने क्रममा अरू पार्टीका सचेतकहरू सहभागी हुन्थे, तर सभामुखले मलाई व्यक्तिगत रूपमा बोलाउनु भएको मलाई थाहा छैन ।'

प्रतिभाका दृष्टिमा जो पीडित हुन्छन्, उनीहरूका विषयवस्तु बढी उठ्ने गर्दछन् । यही कारण तुलनात्मक रूपमा व्यवस्थापिका संसद् र संविधानसभामा महिलाका विषयवस्तु बढी उठेका हुन् । महिलाले महिलाका कुरा उठाउँदा 'महिलाले महिलाका मुद्दा मात्र उठाए' भन्ने हुन्छ । प्रतिभा भन्नुहुन्छ, 'हामीले अन्य विषयलाई पनि उठाएका छौं । तर, बोक्सीको आरोप लागेका नारकीय व्यवहार खप्नुपरेको महिलाको पीडालाई वा सुन्तली धामीको विषयलाई किन पुरूषले उठाएनन्? महिलाका विषयमा पुरूषले किन चासो नै दिँदैनन्? त्यसैले महिलाको काम हामीले नगरेर कसले गर्ने?'

समग्रमा, महिला र पछाडि पारिएका वर्गको आवाज सम्बोधन गर्ने सवालमा विषयगत समितिका मस्यौदा प्रतिवेदन निकै उपलब्धिमूलक रहेको प्रतिभा बताउनुहुन्छ । तर, आदिवासी/जनजातिले माग गरेको आत्मनिर्णयको अधिकारका सवालमा 'स्पष्ट नभइ दिन नहुने' उहाँले विचार व्यक्त गर्नु भएको छ । साथै राज्य विभाजनको सम्बन्धमा पनि उहाँले फरक मत राख्नुभएको छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : प्रमिला राई |
| ठेगाना स्थायी | : देउरी गाउँ, त्रियुगा नगरपालिका -१०, उदयपुर, सगरमाथा |
| अस्थायी | : अनामनगर, काठमाण्डौं-३२ |
| सम्पर्क ठेगाना | : ०१-४१०२६५२ (घर), ९८४१९८३०८७ (मो) |
| जन्म मिति | : २०२०/१/२९ |
| जन्म स्थान | : मोली गाविस ३, ओखलढुंगा |
| आमाको नाम | : पद्मशोभा राई |
| बुबाको नाम | : बल बहादुर राई |
| श्रीमान्को नाम | : मानबहादुर राई |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिलाले गर्नै सक्दैनन् भन्ने मानसिकता नेताहरूमा छ

प्रमिला राईलाई पारिवारिक राजनीतिक वातावरणले राजनीतिमा आउन बढी प्रेरित गरेको थियो । प्रमिलाका बुबा बलबहादुर राई नेपाली काङ्ग्रेस पार्टीको अग्रणी नेताहरू मध्ये पर्नुहुन्छ । करीब ८६ वर्षको उमेरमा पनि उहाँले २०६२/६३ को जनआन्दोलनको नेतृत्व गर्नु भएको थियो ।

जाहाँनिया निरंकुश राणा शासन र पञ्चायतकालमा निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध लड्नु भएका बलबहादुर भारत निर्वासित हुँदा उहाँको अनुपस्थितिमा उहाँका परिवारका सदस्यहरूलाई प्रहरी र प्रशासनले दु:ख दिन्थ्यो । बलबहादुर भारतमा हुँदा उहाँका छोरा र प्रमिलाका दाजु प्रेमराज राई पटक-पटक जेल पर्नुभयो । त्यो बेला प्रहरी प्रशासनले बलबहादुरको छोराछोरी या परिवारलाई मात्र नभई सम्पूर्ण नातागोतालाई समेत शारीरिक तथा मानसिक यातना दिने गर्थ्यो । बुबाको राजनीतिक पृष्ठभूमिका कारणले विद्यालयका शिक्षक र साथीहरूबाट समेत प्रमिलाले नकारात्मक व्यवहार भोग्नुभयो । समाज र प्रहरी प्रशासनले पनि उहाँहरूलाई दु:ख दिने कारणले पञ्चायतकालमा प्रमिला र उहाँको परिवारले शान्तिसँग बाँच्न पाउँदैनथे । तर अहिले आएर समय बदलिएको छ । उहाँ भन्नुहुन्छ, 'सङ्घर्ष नै जीवन हो, मैले जुन सङ्घर्ष गरें, सही ठाउँमा सङ्घर्ष गरें, मैले र मेरो परिवारले गरेको सङ्घर्षप्रति कुनै गुनासो छैन । त्यही सङ्घर्षले नै आज परिवर्तन सम्भव भएको छ ।'

विद्यार्थी राजनीतिबाट राजनीतिमा प्रवेश गर्नुभएकी प्रमिलाले २०३३ सालमा नेपाल विद्यार्थी सङ्घको साधारण सदस्यता लिनुभएको थियो । उहाँ २०५३ सालमा नेपाल महिला सङ्घ (नेमसङ्घ)को वडा संयोजक, २०५८ सालमा नेमसङ्घ महाधिवेशन जिल्ला केन्द्रिय प्रतिनिधि र २०५९ सालमा नेपाली काङ्ग्रेस पार्टीको केन्द्रिय महाधिवेशन प्रतिनिधि बन्नुभयो । हाल उहाँ नेपाली काङ्ग्रेसको महासमिति सदस्य हुनुहुन्छ ।

प्रमिला राईको परिवारका अधिकांश सदस्यहरू राजनीतिमा सक्रिय छन् । प्रमिलाको ठूलो दाजु प्रेमराज राई अहिले नेपाली काङ्ग्रेसको महासमिति सदस्य हुनुहुन्छ भने कान्छो भाइ इलामको स्थानीय विकास अधिकारी

हुनुहुन्छ र उहाँ कर्मचारी सङ्गठनमा पनि सक्रिय हुनुहुन्छ । कान्छी बहिनी खानेपानी संस्थामा कार्यरत हुनुहुन्छ । उहाँ ट्रेड युनियनमा सक्रिय रहनुका साथै महिला विभागको संयोजक पनि हुनुहुन्छ ।

परिवारका सबै सदस्यहरू राजनीतिमा सक्रिय रहेकाले परिवारको वातावरण नै राजनीतिमय रहेको प्रमिला बताउनुहुन्छ । आन्दोलनको बेला दाइ-भाउजुलगायत सबै भाइबहिनीहरू सडकमा उत्रंदा घरै खाली हुने गर्थ्यो । खेती नै राजनीति जस्तो हुन्थ्यो । परिवारका सदस्यहरू भेट्दा पनि कुन दलले के गऱ्यो, कुन दलको काम कस्तो भयो, राजनीतिक स्थिति के छ भन्ने खालको राजनीतिक कुराकानी नै बढी चल्ने गर्छ । परिवारका सबै सदस्यको एउटै भावना-विचार भएकोले र एकले अर्कोलाई सहयोग गर्ने वातावरण रहेकाले पनि माइतीका तर्फबाट राजनीतिमा अघि बढ्न सजिलो भएको प्रमिलाको अनुभव छ । तर, बिहे भएपछि श्रीमान्को घरबाट बाहिर निस्केर राजनीति गर्नलाई भने घरका परिवारलाई सम्झाइ बुझाइ गरेर कार्यक्षेत्रमा निस्कनु परेको उहाँ बताउनुहुन्छ । त्यसरी नै 'महिलाले गर्न सक्दैनन्' भन्ने पार्टी र पार्टीका पुरुषहरूका परम्परागत धारणा पनि राजनीतिमा लाग्ने महिलाका लागि चुनौतिको रूपमा खडा रहेको उहाँको भनाइ छ । उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ, 'राजनीति गर्ने क्रममा परिवारदेखि प्रशासनसम्मको यातना भोगियो ।'

२००७ सालदेखि नै नेपाली काङ्ग्रेसले संविधानसभाको माग गरेको भएपनि संविधान सभाको चुनाव होला र संविधानसभा सदस्य हुंला भनेर प्रमिला राजनीतिमा लाग्नुभएको थिएन । खासगरी प्रजातन्त्रलाई बलियो बनाउने, महिलालाई सम्पत्तिमा समान अधिकार दिलाउने, आदिवासी/जनजातिलाई सचेत तुल्याउने भावना लिएर उहाँ राजनीतिमा आउनु भएको थियो । संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फको चुनावमा उहाँको नाम आएको थियो, तर अन्तिम समयमा उहाँलाई पार्टीले टिकट दिएन र उहाँ समानुपातिकमा पर्नुभयो । उहाँ भन्नुहुन्छ, 'महिला भएको कारणले मलाई पार्टीले टिकट दिएन ।' जे भएपनि, संविधानसभाको सदस्य भएपछि उहाँले आफू सफल भएको अनुभूति गर्नुभएको छ । तर, ६०१ जना संविधानसभा सदस्यहरूमध्ये १५ देखि २५ जना बलिया र पहुँच भएका पुरुष सदस्यहरू बीचको सत्ता बाँड्फाँड र कुर्सीको राजनीतिले गर्दा संविधान बन्न ढिलो भएकोमा दुःख व्यक्त गर्दै उहाँ भन्नुहुन्छ, 'हाम्रो मुख्य काम त संविधान बनाउने हो, सत्ताका लागि झगडा गर्ने होइन ।'

प्रमिला संविधानसभा अन्तर्गतको व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति तथा व्यवस्थापिका संसद्को प्राकृतिक स्रोत र साधन समितिका सदस्य हुनुहुन्छ । उहाँले आफू संलग्न समितिमा राष्ट्रपति र उपराष्ट्रपति पदमा चक्रिय प्रणाली लागु गर्नुपर्ने, राष्ट्रिय सभा र संसद्मा महिला, आदिवासी/जनजाति, मधेसी, दलित आदि समुदायको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने कुरा उठाउनु भएको थियो । विशेष गरी नयाँ बन्ने संविधानमा आदिवासी/जनजातिको जनसंख्याको आधारमा राज्यको हरेक निकायमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने उहाँको माग थियो । तर, कतिपय सदस्यहरूले आफ्नो पार्टीको विरोध गर्नुहुन्न भन्ने मान्यताले र कतिले पार्टीले गर भनेको छैन भन्दै आदिवासी/जनजातिसँग सम्बन्धित कतिपय महत्वपूर्ण मुद्दामा साथ नदिएकाले ती मुद्दाहरू अवधारणा र मस्यौदापत्रमा पार्न समस्या परेको पनि उहाँले बताउनुभयो । महिलाको प्रतिनिधित्वको सवालमा पनि जातीय जनसंख्याको आधारमा हरेक जाति तथा समुदायका महिलाहरूको समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित भएको संविधान बन्नुपर्ने मुद्दा उहाँले उठाउनुभयो । प्रतिनिधित्वको सवालमा जातीय र भौगोलिक दुबै पक्षलाई ध्यान दिनु पर्ने पनि उहाँको भनाइ छ ।

संविधानसभा भित्रकै प्रमिलाको अर्को अनुभव चाहिँ महिला सदस्यहरूले पुरुष सदस्यहरूले जतिकै विभिन्न राष्ट्रिय मुद्दाहरूमा बोल्नका लागि समय नपाउनु हो । उहाँको अनुभव छ, 'मुख्य विषयमा पुरूषहरूले नै बोल्छन् र राष्ट्रिय एजेण्डामा महिलाले बोल्नै पाउँदैनन् । सामान्य र सानोतिनो विषयमा मात्र महिलालाई बोल्न भन्छन् । पुरूषले २०-२५ मिनेट बोल्छन् भने महिलाले ३-५ मिनेट मात्र । यस्तो छोटो समयमा के बोल्ने, महिलाले ठूलो कुरा उठाउनै सक्दैनन्, महिलाहरूले केही गर्नै सक्दैनन् भन्ने मानसिकता नेताहरूमा छ ।'

यसरी नै, प्रमिलालाई संविधानसभाको सुरूका दिनहरूमा त्यहाँभित्र सबै जाति, समुदाय र वर्ग र महिलाको पनि त्यति ठूलो उपस्थिति देख्दा निकै नै खुशी लागेको थियो । तर, बिस्तारै काम गर्दै जाँदा र विभिन्न किसिमका अनुभवहरू गर्दै जाँदा उहाँलाई कतिपय अवस्थामा निकै खल्लो पनि अनुभव भएको छ । जस्तो, एउटा पार्टीले सरकार बनाउँदा सरकार नबनाउने पार्टीले सरकारमा जानेलाई स्तरभन्दा धेरै तल झरेर गाली गरेको देख्दा उहाँलाई निकै नै नमीठो लाग्छ । उहाँ स्पष्ट पार्नुहुन्छ, 'विरोधी पक्षले सत्ता पक्षलाई गाली गर्न प्रयोग गर्ने शब्दहरू सुन्दा मलाई त हत्तेरीका जस्तो लाग्छ । मलाई त संविधानसभा र व्यवस्थापिका संसद्भित्र कुन स्तरसम्मको शब्द, भाव र वाक्य प्रयोग गर्न पाउने भन्ने कुराको निर्धारण हुनुपर्छ भन्ने लाग्छ ।'

सङ्घर्षलाई नै जीवन मान्नुभएकी प्रमिलाले भविष्यमा राजनीति बाहेक अरू कुनै क्षेत्रमा जाने कल्पना गर्नुभएको छैन । उहाँ भन्नुहुन्छ, 'मेरो क्षेत्र, चाहना र पेशा जे भन्नुस् त्यो सबै राजनीति नै हो । आज म संविधानसभाको सदस्य भएर राजधानीमा छु भोली गाउँस्तरका जनतासँग बसेर काम गर्नुपर्छ भन्ने कुरामा पनि म पूर्ण रूपले सचेत छु ।'



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | प्रमिलादेवी यादव |
| ठेगाना स्थायी | : | तेजनगर, धनुषाधाम गाविस-२, धनुषा |
| अस्थायी | : | काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९७४११५८१७४ (मो) |
| जन्म मिति | : | २०२८/७/२ |
| जन्म स्थान | : | धनुषाधाम-७, धनुषा |
| आमाको नाम | : | रामपरि यादव |
| बुबाको नाम | : | स्व चन्द्रदीप यादव |
| श्रीमान्को नाम | : | स्व रामपृत यादव |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# मुक्तिका लागि जीवन उत्सर्ग गर्नुको विशिष्ट महत्व छ

प्रमिलादेवी यादवले २०५८ देखि २०६२ सालको बीचमा परिवारका पाँचजना सदस्य गुमाउनु परेको पीडादायी अनुभव सङ्गाल्नु भएको छ । जनताको मुक्तिका लागि भनेर तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको 'जनयुद्ध'मा सामेल भएकै कारण उहाँले बुबा, तीन दाजु र श्रीमान्लाई चार वर्षको अन्तरालमा गुमाउनुभयो । परिवारभित्र यति ठूलो क्षति भए पनि उहाँ अझ प्रतिबद्ध र निडर भएर राजनीतिमा संलग्न हुनुहुन्छ ।

सामान्य कृषिपेशा अङ्गालेको मधेसी समुदायको परिवारमा चौथो सन्तानका रूपमा प्रमिलादेवीको जन्म भएको थियो । तराई क्षेत्रमा मधेसी समुदाय विगतदेखि नै राजनीतिक, आर्थिक र सामाजिक रूपबाट सीमान्तकृत रहँदै आएका छन् । मधेसी महिलाहरू खासरूपमा सामाजिक, राजनीतिक र आर्थिकरूपमा उत्पीडित छन् । उनीहरूलाई परम्परागतरूपमै राज्यबाट पछि पारिएका छन् ।

प्रमिलादेवीका अनुसार, संविधानसभाको निर्वाचनपछि मधेसी महिलाले राजनीतिक क्षेत्रमा अल्पसंख्यामा भए पनि स्वतन्त्रताको अनुभूति गर्न पाएका छन्, यद्यपि पेशागत, सामाजिक र निजी मामिलामा स्वतन्त्रता सीमित नै छ । सार्वजनिक क्षेत्रमा उनीहरूको सहभागितालाई परम्परा, धर्म र सामाजिक मान्यताले व्यवधान सिर्जना गरिरहेको छ । यसबाहेक, विवाह गरेर जाने महिलाले अनिवार्यरूपमा लैजानुपर्ने दाइजोजस्तो बाध्यात्मक परम्परा लाखौं मधेसीको नसा-नसामा बगेको छ । मधेसी महिलाहरूले सारीको घुम्टो नओढी घरभित्र र बाहिर हिंड्डुल गर्न पाउँदैनन् ।

प्रमिलादेवीको रामपृत यादवसँग १६ वर्षकै उमेरमा विवाह भएको थियो । छोरीहरूले आफ्नो जिन्दगीकाबारेमा निर्णय गर्न पाउँदैनन्, र यसैको परिणामस्वरूप उनीहरू उमेर नपुग्दै विवाह गर्न बाध्य हुन्छन् । उनीहरूले सानै

उमेरमा श्रीमान्को घरमा गएर सेवा गर्नुपर्ने र बच्चा जन्माउनुपर्ने विषम अवस्था अझै छ । महिलाले खेप्नुपर्ने यस किसिमको विभेदहरूले नै प्रमिलादेवीलाई समाजभित्रका यी कुरीतिहरू विरूद्ध उभिन प्रेरित गर्‍यो । सक्रिय विद्यार्थी नेताको रूपमा स्थापित भएका दाजुहरू उत्तिमलाल यादव, अजबलाल यादव र फकिरचन्द यादवको राजनीतिक संलग्नताले गर्दा पनि राजनीतिमा उहाँको रूचि बढेको थियो ।

एनेकपा (माओवादी)मा प्रवेश गर्नुअघि २०५० सालदेखि नै प्रमिलादेवी नेकपा (एमाले)को सदस्य हुनुहुन्थ्यो । तर, बुबा र दाजुहरूको माओवादी राजनीतिक पृष्ठभूमि भएका कारण एमालेमा रहेर काम गर्न उहाँलाई विश्वासको सङ्कट आइलाग्यो । तसर्थ, उहाँलेँ २०५३ सालमा नेकपा (माओवादी) मा प्रवेश गर्नुभयो । २०५६ सालसम्म उहाँले पार्टीभित्र साधारण सदस्यको रूपमा काम गर्नुभयो । द्वन्द्वकै क्रममा २०५७ सालमा उहाँ पार्टीको पूर्णकालीन सदस्य बन्नुभयो र श्रीमान्सँगै भूमिगत हुनुभयो । भूमिगत हुनुपर्दा आफ्ना बालबच्चाबाट अलग्गिनुका साथै अन्य धेरै किसिमका समस्याहरूसँग पनि उहाँले सामना गर्नुपर्‍यो । भूमिगत रहँदा उहाँले धनुषा, महोत्तरी, सिराहा, सर्लाही, सप्तरी, सिन्धुली, बारा, पर्सा समेतका जिल्लामा पार्टीको काम गर्नुभयो । २०६२ सालमा उहाँ जिल्ला कमिटीको सदस्य बन्नुका साथै २०६३ सालमा राज्य समितिको सदस्य चुनिनु भयो ।

'मेरो र मेरो परिवारले पार्टी र जनताको पक्षमा पुर्‍याएको योगदान स्वरूप आज म यहाँ पुग्न सफल भएकी छु,' उहाँ भन्नुहुन्छ । उहाँ अहिले संविधानसभामा धनुषा जिल्लाबाट प्रतिनिधित्व गर्दै हुनुहुन्छ । तर प्रमिलादेवीले कहिले पनि यो पद पाउँला भनेर सोच्नुभएको थिएन । 'हाम्रै पार्टीले संविधानसभा गर्नैपर्छ भन्ने धारणा अघि बढाएको भए पनि यो अवस्थामा पुग्छु होला भनेर मैले कहिल्यै सोचेकी थिइन,' उहाँ भन्नुहुन्छ ।

संविधानसभा यात्राको क्रममा प्रमिलादेवीका सामुन्ने धेरै किसिमका कठिनाइ उत्पन्न भएका थिए । उहाँलाई मैथिली बाहेक कुनै पनि भाषा बोल्न र लेख्न आउँदैनथ्यो । 'सुरूका दिनहरूमा मैले हीनताबोध महसुस गरेकी थिएँ किनभने म शिक्षित थिइँन, र म नेपाली भाषा बोल्न जान्दैनथें । अनुवादको सुविधा नभएका कारण संविधानसभा र व्यवस्थापिका संसद्का नियम र प्रक्रिया बुझ्न मलाई एक वर्ष लाग्यो,' उहाँ भन्नुहुन्छ । यही कारण पहिलो वर्ष प्रमिलादेवीले संविधानसभामा केही बोल्नु भएन र संविधानसभामा भइरहेका कार्यहरूलाई मूकदर्शक भएर हेर्नुभयो । तर, समयक्रमसँगै उहाँले नेपाली भाषा सिक्नुभयो र महिला तथा मधेसीका धेरै विषयलाई संसद् र संविधानसभा दुबै ठाउँमा उठाउन थाल्नुभयो । 'धेरै कार्यक्रममा मलाई छाड्ने गरेको मैले बुझें, निरक्षर भएकै कारण महिला ककसमा समेत मैले राम्रो स्थान नपाएको थाहा पाएँ । महिला ककसका बैठक हुने गरे पनि मलाई कहिल्यै बैठक र कार्यक्रममा बोलाइएन,' उहाँ दुःखेसो गर्नुहुन्छ ।

संविधानसभा अन्तर्गतको संवैधानिक निकायको संरचना निर्धारण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको सुरक्षा विशेष समितिमा सदस्य रहेको हैसियतमा प्रमिलादेवीले समितिमा दाइजो प्रथा, शिक्षामा केटा र केटीबीचको समानता तथा घुम्टो प्रथाका विरूद्ध निरन्तर आवाज उठाउनुभएको छ । यसबाहेक, उहाँले सार्वजनिक स्थलमा महिलामैत्री भाषाको प्रयोगलाई प्राथमिकता दिन आग्रह पनि गर्नुभयो । उदाहरणका लागि, राज्यको प्रमुखलाई राष्ट्रपति भन्नु सट्टा राष्ट्रिय अध्यक्ष भन्नुपर्ने प्रस्ताव उहाँले गर्नुभएको थियो ।

प्रमिलादेवी संविधानसभा सदस्यबाहेक जनप्रतिनिधि पनि हुनु भएकोले उहाँले जिल्लाको भौतिक विकास निर्माणका लागि पनि काम गर्नुभएको छ । उहाँले खानेपानी, सडक, विद्यालय भवन र फर्निचर, कम्प्युटर शिक्षा लगायतका विकास निर्माणमा जोड दिनुभएको छ । भविष्यमा उहाँ आफ्नै जिल्लामा गएर त्यहाँका जनताको निरन्तर रूपमा सेवा गर्ने चाहना राख्नुहुन्छ ।

प्रमिलादेवी र उहाँको परिवारका सदस्यहरूले नेकपा (माओवादी)मा आबद्ध रहेकै कारण सेनाबाट धेरै नै प्रताडित हुनुपरेको थियो । सशस्त्र विद्रोहका अवधिमा उहाँको घरमा सेनाहरू पटकपटक पुगेर महत्वपूर्ण सामग्रीहरू लुटेको उहाँको आरोप छ । सेनाले उहाँका परिवारका सदस्य र आफन्तहरूलाई समेत यातना दिएका थिए । उहाँका देवर जय नारायण यादवलाई विदेशबाट फर्कनासाथ अपहरण शैलीमा पक्राउ गरी एक वर्षसम्म महोत्तरी कारागारमा थुनिएको थियो ।

प्रमिलादेवीका अनुसार, सेनाले नै उहाँको परिवारका पाँच सदस्यको हत्या गरेको थियो । २०५८ सालमा उहाँका बुबा र कान्छो भाइ उत्तिमलाल यादवलाई एकै दिन टाउकामा गोली ठोकेर मारियो । यस घटनाले पार्टीमा जीवन समर्पित गरेर नयाँ नेपाल बनाउने जोश उहाँमा अझ उर्लेर आयो । उहाँका दुई दाजुहरू अजबलाल यादव र फकिरचन्द यादवलाई पनि दुईवटा फरक घटनासँग जोडेर २०६१ मा हत्या गरियो । उहाँका दाजु अजबलाल यादव पार्टीको केन्द्रीय सदस्य तथा प्रभावशाली नेता हुनुहुन्थ्यो । एकवर्ष नबित्दै २०६२ कात्तिक २६ गते धनुषा इलाका इन्चार्जको रूपमा कार्यरत उहाँका श्रीमान्को पनि हत्या गरियो ।

यी सबै घटनाका बाबजुद प्रमिलादेवी आफ्नो राजनीतिक यात्रामा सक्रिय हुनुहुन्छ । 'मैले परिवारका पाँच सदस्यलाई गुमाएँ तर मलाई दुःख लागेको छैन । एकदिन सबैले मर्नैपर्छ । तर, हामीले आफ्नो जीवन जनताका लागि समर्पित गरेकोले बलिदान र उत्सर्गको मूल्य अवश्य हुन्छ, र जनताको मुक्ति पनि हुन्छ' उहाँ भन्नुहुन्छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : फूलमति चौधरी |
| ठेगाना स्थायी | : रामपुर, दोधरा गाविस-४, टोलसेती, कैलाली |
| अस्थायी | : लोकन्थली, भक्तपुर |
| सम्पर्क ठेगाना | : ९७४११५८३६४ (मो) |
| जन्म मिति | : २००१ साल |
| जन्म स्थान | : बौनियाँ गाविस, बनकट्टा, कैलाली |
| आमाको नाम | : लाहुदेवी चौधरी |
| बुबाको नाम | : भिख्खुराम चौधरी |
| श्रीमान्‌को नाम | : ज्ञानबहादुर चौधरी |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : राष्ट्रिय जनशक्ति पार्टी |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# हामी पनि त चलाउन सक्छौँ सरकार

महिलाहरूले घरभित्र बसेर खाना पकाउने र झाडु लगाउनेजस्ता काममा मात्र अल्झिएर बस्नु हुंदैन र घरभित्रको कामलाई मिलाएर घर बाहिर पनि निस्कनुपर्छ भन्ने फूलमति चौधरीको विचार छ । महिलाले घर बाहिर निस्कन नसकेकोले पनि उनीहरू धेरै पछाडि परेको उहाँको भनाइ छ । तसर्थ, अबका दिनहरूमा महिलाहरूले आफ्ना हक अधिकारका लागि घर बाहिर पनि निस्कनु पर्ने फूलमति बताउनुहुन्छ ।

महिलाहरूले आत्मनिर्भर हुन, धेरै कुरा बुझ्न र सिक्न घरबाट बाहिर पाइला राख्नै पर्ने विचार राख्नुहुने फूलमति घर बाहिर पनि महिलाका लागि त्यति सजिलो वातावरण नभएको महसुस गर्नुहुन्छ । महिलाले महिला भएकै कारणले सामना गर्नुपर्ने अनेक समस्याहरू छन्, तर तीसँग लड्दै अघि बढ्नुपर्ने उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'घर बाहिर निस्केर राजनीति गर्ने महिलाहरूले पनि उनीहरूको कार्यक्षेत्रमा शोषण र दमन खप्नुपर्छ र महिलालाई जहिले पनि कम ठान्ने प्रवृत्ति छ । नारा लगाउने, आन्दोलन गर्ने बेलामा महिलालाई अगाडि सार्ने र अवसर दिने बेलामा महिलालाई पछाडि पार्ने पुरूषहरूको स्वभाव छ ।' मन्त्रिमण्डल गठन गर्दा महिलालाई अविश्वास गरेर महत्वपूर्ण ठानिने मन्त्रालयहरू नदिने र मन्त्री बनाइहाले पनि राज्यमन्त्री, सहायक मन्त्री बनाउने प्रवृत्ति पनि उहाँलाई मन परेको छैन । त्यसैले उहाँ थप्नुहुन्छ, 'महिलाहरूलाई पनि पूरा मन्त्री बनाउनुपर्छ र महत्वपूर्ण मन्त्रालयहरूको जिम्मेवारी दिनुपर्छ । अधिकार त महिलाको पनि बराबरै हो नि । महिलामा के कमी छ? हामी पनि त चलाउन सक्छौँ सरकार ।'

२०५४ सालदेखि राष्ट्रिय जनशक्ति पार्टीमा संलग्न हुनुभएकी फूलमतिले विभिन्न सामाजिक सङ्घसंस्थाहरू मार्फत राजनीतिमा प्रवेश गर्नुभएको हो । उहाँको काममा श्रीमान् ज्ञानबहादुर चौधरीले पनि सहयोग गर्दै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'सभासद् बनौंला भनेर कहिल्यै सोचेको थिईन, पार्टीले साथ दिएको कारण सभासद् बनें ।' राष्ट्रिय प्रजातन्त्र पार्टी टुक्रिएपछि फूलमतिले राष्ट्रिय जनशक्ति पार्टीमा प्रवेश गर्नुभयो । पार्टी टुक्रिंदा पनि आफू

पैसाको पछि नलागेको बताउनुहुने फूलमतिको भनाइ छ, 'मलाई पैसाको लोभलालच छैन र आजसम्म मैले पार्टी छोडेको पनि छैन । म राष्ट्रिय जनशक्ति पार्टी छोडेर अरू कसैको पार्टीमा लाग्दिन पनि ।' पार्टीमा प्रवेश गर्दाको क्षण संस्मरण गर्दै फूलमति भन्नुहुन्छ, 'पार्टीले गाउँको किसानलाई एक ठाउँमा भेला गराएर छलफल गऱ्यो । त्यसपछि कुराकानी गरेर मेरो नाम राख्यो ।'

फूलमति देशको भलोको लागि र जनतालाई सहयोग गर्नका लागि राजनीतिमा आएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा पार्टीले पठायो र पार्टीमा जनताले पठायो ।' त्यसैले संविधानसभाको काम र आफूले प्रतिनिधित्व गरेको जिल्ला तथा क्षेत्रको कामलाई पनि समन्वय गर्दै आएको फूलमति बताउनुहुन्छ । फूलमतिको शब्दमा 'संविधान बनाउनका लागि सुझाव सङ्कलन गर्न म तीन वटा जिल्लाका २ नगरपालिका र ५ वटा गाविसमा पुगेँ । त्यहाँका जनतासँग नयाँ संविधानकाबारेमा कुराकानी गरेँ । यो मेरो लागि नौलो अनुभव भयो ।'

फूलमतिले संविधान निर्माण प्रक्रियाका क्रममा प्रशस्तै 'राम्रो कुरा भईरहेको' अनुभव सँगाल्नुभएको छ । तर, साधारण लेखपढ मात्र गर्न सक्नुहुने फूलमतिलाई शिक्षाको कमीले गर्दा संविधानसभा र संविधानसँग सम्बन्धित कतिपय विषयवस्तुहरू राम्ररी बुझ्न र ती कुराहरू मनन गरेर आफ्ना विचारहरू व्यक्त गर्न अलि अप्ठेरो परेको महसुस भएको छ । तर, आफूले नपढेको भएपनि घरबाट बाहिर निस्केर, विभिन्न ठाउँमा घुमेर गरिब जनता र महिलाका लागि सङ्घर्ष गर्नु आफ्नो र अरूको लागि ठूलो कुरो भएको उहाँ ठान्नुहुन्छ । साथै उहाँ घरभित्रकै संसारमा अल्मलिरहने महिलाहरूलाई पनि घर बाहिर निस्केर आफ्ना अधिकारका लागि सङ्घर्ष गर्न प्रोत्साहित गर्नुहुन्छ ।

फूलमति समानुपातिक निर्वाचन प्रणाली मार्फत संविधानसभाको सदस्य हुनु भएको हो । पछाडि पारिएको जाति तथा क्षेत्रबाट संविधानसभामा प्रतिनिधित्व गर्न पाउँदा आफू निक्कै खुसी भएको उहाँ बताउनुहुन्छ । फूलमतिको भनाइमा 'पछाडि पारिएको जाति तथा क्षेत्रबाट संविधानसभाको सदस्य बन्नु नै सबैभन्दा ठूलो उपलब्धि हो, यो आफ्नो र अरूको लागि ठूलो गौरवको कुरा हो' । थारू समुदाय धेरै पछाडि परेकोले थारू समुदायको विकासको लागि विशेष अधिकार दिनुपर्ने उहाँ बताउनुहुन्छ । थारू मात्र होइन थारू जस्तै अरू धेरै पछाडि पारिएका वर्ग र समुदायका विकासमा पनि सरकारले विशेष ध्यान पुऱ्याउनुपर्ने पनि उहाँको भनाइ छ ।

फूलमति संविधानसभा अन्तर्गतको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको महिला, बालबालिका र समाजकल्याण समितिको सदस्य हुनुहुन्छ । आफू संलग्न समितिहरूमा थारू जस्तो पछाडि पारिएको समुदायको शिक्षा तथा रोजगारीको मुद्दा र गरीब जनताको हक अधिकारका कुरा उठाएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हाम्रो थारू समाज धेरै शोषित, अशिक्षित वर्ग हो । हरेक प्रकारका विकासका पूर्वाधारहरूबाट वञ्चित छन् । सरकारले थारू समाजको उत्थानको निम्ति ध्यान दिनुपर्छ ।' महिलाका मुद्दाका सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'महिलाको मुद्दा पटक पटक उठाउँदा कोही ध्यानै दिदैनन् । महिलाको हक अधिकारको कुरा गर्दा पुरूषहरू सुन्नै चाहँदैनन् । महिलाहरूले पनि आफ्नो अधिकारका लागि जोड्दार आवाज उठाउनु पऱ्यो । महिलाहरू चुप लागेर बस्नु भएन ।'

कैलाली जिल्लाको धनगढी नगरपालिकामा-८ स्थित प्रकाश बिष्टको घरमा कम्लहरी बसेकी उर्मिला रानाको प्रकाश बिष्टकै घरमा बलात्कारपछि हत्या भएको र उर्मिलाको परिवारले अहिलेसम्म कुनै क्षतिपूर्ति नपाएको सम्बन्धमा पनि महिला, बालबालिका र समाजकल्याण समितिमा फूलमतिले कुरा उठाउनु भयो । तर, समितिमा त्यसको कुनै सुनुवाइ नभएको उहाँको भनाइ छ । फूलमति भन्नुहुन्छ, 'गरिब थारूहरूको स-साना छोरीहरूलाई अरू जातिका मान्छेहरूले स्कुल नपठाएर घरमा काम गराउनका लागि कम्लहरी राख्ने र कम्लहरीको शोषण र हत्या गर्ने समस्या हाम्रो जिल्लाको मात्र होइन । अरू धेरै जिल्लाहरूमा पनि यस्ता घटनाहरू घटिरहेका छन् । तर यसमाथि कसैले ध्यान दिँदैनन् । हामी थारूहरू असाध्यै पछाडि परेकोले हो कि हाम्रो जातिको समस्याको कुरै सुनिँदैन । थारू समाज भित्र पनि शिक्षित व्यक्तिहरूको कमी छैन । त्यसैले हामीहरूलाई पनि राज्यको हरेक निकायमा सहभागी गराउनुपर्छ ।' महिला बालबालिका र समाजकल्याण समितिमा रहेका ६० जना सभासद्हरूमध्ये ९ जना विदेश भ्रमणमा जाने निर्णय भएको थियो तर, त्यो निर्णयमा उहाँ पर्नुभएन । उहाँ भन्नुहुन्छ, 'पैसा-भत्ताको लागि होइन तर, विदेशमा जान पाए ज्ञान बुद्धि पाइन्छ त्यसैले जान पाए हुन्थ्यो । तर अहिलेसम्म विदेश जाने मौका पाएको छैन ।'

फूलमतिले महिला सदस्य भएकै कारणले संविधानसभा र व्यवस्थापिका संसद्मा विशेष खालका समस्याको सामना गर्नु परेको छैन । तर, उहाँले संविधान निर्माण प्रक्रियामा महिला सदस्यहरूको एकताको अभाव, र सानो राजनीतिक दललाई ठूला राजनीतिक दलले बेवास्ता गर्ने अनुभव भने गर्नुभएको छ । तर समग्रमा, संविधानसभाको सदस्य भएपछि संविधानसभाभित्रको उहाँको अनुभव राम्रै भएको उहाँले मूल्याङ्कन गर्नुभएको छ । साथै संविधान निर्माण प्रक्रियामा आफ्नो भूमिका राम्रै भएको पनि फूलमति बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | बबिना मोक्तान लावती |
| ठेगाना स्थायी | : | यासोक, वडा नं. २, पाँचथर, मेची |
| अस्थायी | : | कुसुन्ती, वडा नं. १३, ललितपुर |
| सम्पर्क ठेगाना | : | ०१-५५४८१२१ (घर) ९८४१२७११७३ (मो) |
| इमेल | : | blawoti@yahoo.com |
| जन्म मिति | : | २०३२/०९/१४ |
| जन्म स्थान | : | राजविराज, सप्तरी |
| आमाको नाम | : | छाँया मोक्तान |
| बुबाको नाम | : | स्व. भरत मोक्तान |
| श्रीमान्को नाम | : | सगुन सुन्दर लावती |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# युवा ऊर्जालाई राजनीतिमा समावेश गर्न आवश्यक छ

राजनीतिमा नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने बबिना मोक्तान लावतीलाई राजनीतिक परिवेशमा समावेश हुन पारिवारिक वातावरणले प्रोत्साहन गरेको हो । उहाँले राजनीतिक प्रक्रिया एवं राजनीतिक संस्कृतिलाई नजिकबाट अनुभव गर्न पाएपछि र राजनीतिमा उहाँको रूचि बढ्न थालेको हो ।

विभिन्न मन्त्रालयका जिम्मेवारी समेत सम्हाल्नु भएका उहाँका ससुरा पद्मसुन्दर लावतीसँग राजनीतिको लामो अनुभव छ । पछिल्ला केही वर्षयता उहाँ राप्रपा नेपालको सह-अध्यक्ष हुनुहन्छ । २०५८ सालमा बबिनाले पनि राप्रपाको सक्रिय सदस्यता लिनुभएको हो । त्यसबेला पार्टी अध्यक्ष सूर्य बहादुर थापा हुनुहुन्थ्यो । संविधानसभाको सन्दर्भमा भने उहाँलाई अहिले राप्रपा नेपालले जनजाति महिलाको कोटामा समानुपातिक तर्फबाट सभासद् चयन गरेको हो । राजनीतिक रूपमा सक्रिय भएपनि बबिनाले यति चाँडै संविधानसभा सदस्य बन्छु भनेर चाहिँ सोच्नु भएको थिएन । राजनीतिमा क्रियाशील रहन पारिवारिक सहयोग पाउँदै आएको उहाँ बताउनुहुन्छ । राजनीतिमा आउनुअघि बबिना पत्रकारिता र शिक्षण पेशामा क्रियाशील हुनुहुन्थ्यो । पत्रकारिता पेशामा संलग्न रहँदा आफ्ना छोरीहरूलाई पूरा समय दिन नपाएको कारणले उहाँले प्रारम्भिक बाल शिक्षा केन्द्र (प्रिस्कुल)मा लगानी गर्नुभयो ।

संविधानसभा सदस्य भएपछि संविधानसभाको विधि र प्रक्रियाबारे जान्न मात्र उहाँलाई झण्डै एक महिना लाग्यो । नयाँ सभासद्हरूले एकै चोटी संसद् वा संविधानसभाका बैठकमा बस्नुपर्दा, सुन्य समय र विशेष समय भनेको के हो र ती समयमा के बोल्ने भन्ने प्रविधिक जानकारी नहुँदा अप्ठेरो पर्ने उहाँको भनाइ छ । त्यसैले संसद् वा संविधानसभाको विधी र प्रक्रियाबारे सभासद्हरूलाई अभिमुखीकरण गर्न आवश्यक पर्दछ भन्ने पनि उहाँको सुझाव छ । 'अमेरिकामा संसद् सदस्यलाई मात्र नभएर तिनका परिवारका सदस्यहरूलाई समेत यस्तो जानकारी दिइन्छ,' बबिना भन्नुहुन्छ ।

संविधानसभामा नेताहरूले समयको पालना नगर्ने समस्याले पनि उहाँलाई दिक्क लाग्छ । उहाँको गुनासो छ, 'दिउँसो १ बजे बोलाएर राती १ बजे बैठक बस्छन् । सरकारमा बस्ने र विधायकले नै त्यस्तो गरेपछि अरूको अवस्था के होला भन्ने ?' निजी संस्थामा भएको भए १० मिनेट ढिलो हुँदा पनि स्पष्टीकरण दिनुपर्ने हुन्छ । निजी क्षेत्रमा समेत काम गरेको उहाँको अनुभवले भन्छ, 'त्यही भएर सरकारी काममा ढिलासुस्ती भएको होला ।'

संविधानसभामा आएपछि धेरै कुरा जान्ने र बुझ्ने अवसर पाएको उहाँलाई अनुभूति हुन्छ । तर, संविधान निर्माणका लागि दुई वर्षको म्यान्डेट लिएर आए पनि तीन वर्षमा समेत संविधान बनाउन नसक्दा उहाँलाई नमीठो लाग्छ । यसमा केही दलका केही नेताका भूमिका बढी जिम्मेवार रहेको उहाँको ठहर छ । पूर्वतयारीको अभाव पनि जिम्मेवार रहेको उहाँ ठान्नुहुन्छ । सङ्घीयता, राज्य पुनर्संरचना र सेना समायोजन जस्ता मुख्य विषयमा सहमति कायम नगरीकनै दुई वर्षमा संविधान बनाउने भनेर समय तोकिनु व्यावहारिक थिएन भन्ने उहाँको विचार छ । संविधानको आधारभूत सिद्धान्तमा सहमति गरेर मात्रै संविधान निर्माणमा गएको भए देशले यति जटिल अवस्था भोग्नु पर्दैनथ्यो र समयको पनि वचत हुन्थ्यो भन्ने उहाँलाई लाग्छ ।

बबिनाले संविधानसभामा खासगरी जनजाति, दलित, मधेसी, मुस्लिम र अरू पिछडिएका वर्गका महिलाको मुद्दा उठाउनुभयो । युवा पुस्ताको अवस्था, चुनौती र सम्भावनाका विषय पनि उठाउनु भयो । नेपाली महिलाका मुद्दा उठाउँदा महिला भित्रका जातीय र भौगोलिक विविधतालाई पनि ध्यान दिनुपर्ने कुरामा उहाँ जोड दिनुहुन्छ । तर महिला सभासद्हरूले बोलेका कुरा सञ्चारमाध्यमले कत्ति पनि बाहिर नल्याइदिने हुँदा उनीहरूले भित्र के मुद्दा उठाए भन्ने सर्वसाधारणलाई जानकारी हुन नसकेको उहाँको भनाइ छ । सीमित दलका १०/१२ जना पुरुष नेताकै पछाडि मिडिया दौडने र उनीहरूले जे बोले पनि समाचारले प्राथमिकता पाउने प्रवृति अझै बलियो रहेको कुनै समय पत्रकारसमेत रहनु भएकी बबिनाको ठम्याइ छ । महिलाका मुद्दामा चाहिँ महिला सभासद्हरू एक हुन खोजेतापनि उनीहरूले पार्टी भन्दा माथि उठ्न नसक्दा अन्ततः अधिकांशले पार्टीकै लाइन अनुसार बोल्न बाध्य हुनुपर्ने अवस्थालाई पनि उहाँ चुनौतीको रूपमा लिनु हुन्छ ।

संविधानसभाभित्र र बाहिर महिला सभासद्हरूलाई हेर्ने दृष्टिकोण सकारात्मक नरहेको उहाँको अनुभव छ । पितृसत्तात्मक सोचका कारण जे काम पनि पुरुषले गरिहाल्छ वा गर्न सक्छ भन्ने ठान्ने र महिलाहरू खासगरी समानुपातिकबाट आएकाहरूले के नै गर्न सक्छन् र भन्ने मान्यताका कारण संविधानसभाभित्र महिलाले उठाएका मुद्दालाई पुरुष सदस्यले त्यति गम्भीरतापूर्वक नलिने उहाँले पाउनुभएको छ । व्यक्तिगत रूपमा महिलाका मुद्दाका विषयमा कुरा गर्दा पुरुषहरूले 'हुन्छ, अँ, मुद्दा उठाउनुस्, सहयोग गर्छौं' भने पनि जहाँ बोल्नु पर्ने हो, जुन बेला सहयोग गर्नुपर्ने हो, त्यसबेला सहयोग नपुऱ्याउने प्रवृत्ति रहेको उहाँको भनाइ छ । त्यसकारणले पनि नयाँ संविधानमा महिलाका मुद्दा सुनिश्चित गर्न उहाँ महिला ककसको भूमिका महत्वपूर्ण देख्नुहुन्छ । महिला ककसलाई संसद्को समितिले पाउने सरह अधिकार दिएको भए यसले महिलाका हरेक मुद्दा सशक्त ढङ्गले उठाउन सक्थ्यो भन्ने उहाँलाई लाग्छ ।

धेरैले राजनीतिक पारिवारिक पृष्ठभूमिबाट आएकालाई राजनीति गर्न सजिलो हुन्छ भन्ने ठान्छन् तर वास्तविकता त्यस्तो नरहेको उहाँको अनुभव छ । त्यहाँ पनि आफ्नै किसिमको चुनौतीहरू हुन्छन् । किनकी यस्तो पृष्ठभूमिबाट

आउने नयाँ सदस्यलाई पुरानाहरूसँग तुलना गरिने र उनीहरूबाट धेरै अपेक्षा राखिने गरिन्छ । पारिवारिक पृष्ठभूमिबाटै राजनीतिमा प्रवेश गरेको कारणले गर्दा कतिपयले त क्षमता नभइकनै पहुँचका आधारमा मात्र आएको भनेर सोच्ने गर्छन र यो सुन्दा बबिनालाई दुःख लाग्छ । 'राजनीतिमा लागेपछि देशको विकास र सुधारप्रतिको चाहना मनमा चाहिँ हुन्छ नै', उहाँ भन्नुहुन्छ ।

बालबच्चालाई समय दिन नसक्दा कहिलेकाही संविधानसभाको काम सकिएपछि राजनीति छोडुँ कि भन्ने पनि उहाँको मनमा आउँछ । तर जीवनलाई एकातिरबाट मात्रै सोचेर कहा हुँदोरहेछ ? अप्ठेराहरूसँग जुध्दै अघि बढ्नु नै जीवन हो भन्ने भावना पनि उहाँको मनमा आउने गरेको हुनाले राजनीतिमै सक्रिय रहेर पार्टीले दिएको जिम्मेवारी सम्हाल्दै समाज र राष्ट्रको विकासमा योगदान पुऱ्याउने उहाँको योजना छ । युवा पुस्तालाई राजनीतिमा आउनका लागि प्लेटफर्म नभएको बबिनाको बुझाइ छ । युवा ऊर्जा, जोश, शीप र आकांक्षालाई राष्ट्रिय जीवनमा समाहित गर्नुपर्ने उहाँको ठहर छ । 'युवाहरू नीति निर्माण तहमा हुँदा विचार पनि नयाँ खाले आउने भएकाले उनीहरूलाई अगाडि ल्याउनुपर्छ,' बबिना भन्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : बबितादेवी धोवी |
| ठेगाना स्थायी | : धकधई गाविस-४, कदमहवा, रूपन्देही |
| अस्थायी | : एयरपोर्ट, काठमाण्डौं-९ |
| सम्पर्क ठेगाना | : ९८०३८८४०४७, ९८४९०७३६१६ (मो) |
| जन्म मिति | : २०३७/०३/०१ |
| जन्म स्थान | : कदमहवा, रूपन्देही |
| आमाको नाम | : इश्रावती धोवी |
| बुबाको नाम | : राजाराम धोवी |
| श्रीमान्‌को नाम | : जयप्रकाश नारायण धोवी |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : राष्ट्रिय प्रजातन्त्र पार्टी |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# संविधानसभाको यात्रा सजिलो छैन

दलितहरूले भोग्नु पर्ने समस्याहरू धेरै छन् । अझै पनि जातीय आधारमा उनीहरूलाई छुवाछुत गरिन्छ । उनीहरूले मन्दिर छिर्न पाउँदैनन् । गाउँघरका कतिपय स्कूलहरूमा अझै पनि दलित र गैरदलितका बच्चाहरूलाई एकै ठाउमा बसेर पढ्न र खान दिइँदैन । तर, दलितहरूका यस्ता समस्यालाई 'राजनीतिले' मात्र हटाउन सक्छ भन्ने लागेपछि बबितादेवी धोवीले बिस्तारै राजनीतिमा प्रवेश गर्नुभयो । उहाँको घरपट्टी ससुरा पञ्चायतकालदेखि नै राजनीतिमा हुनुहुन्थ्यो । बहुदलीय व्यवस्था आएपछि उहाँले राष्ट्रिय प्रजातन्त्र पार्टीको सदस्य भएर काम गर्नुभयो । बबिताको श्रीमान् पनि माओवादी पार्टीको सदस्य हुनुहुन्थ्यो र बबिता पनि सो पार्टीको गतिविधिहरूमा संलग्न भइरहनु हुन्थ्यो ।

करिब १८ वर्षको उमेरमा बिहे गर्नुभएकी बबिताका तीन छोरी छन् । संविधानसभामा आउनु अघि मुख्यतया उहाँ खेती किसानी गर्नुहुन्थ्यो । फुर्सदको समयमा उहाँ श्रीमान्‌को कम्प्युटर सम्बन्धी व्यवसायमा पनि सघाउनु हुन्थ्यो । त्यसबाहेक उहाँ समाजसेवामा पनि संलग्न हुनुहुन्थ्यो । उहाँले निर्धन उत्थान बैंकको गरिबी निवारण कार्यक्रम अर्न्तगत रहेर महिला समुहहरूमा पनि काम गर्नुभयो । गाउँघरका कुनै महिलामाथि कुटपीट लगायतका हिंसा हुँदा उनीहरूलाई न्याय दिलाउन पनि उहाँ सहयोग गर्नुहुन्थ्यो ।

चुनावका बेला सुरुमा पार्टीले नाम माग्ने बेलामा के कारणले मागेको हो भनेर समेत राम्ररी थाहा थिएन बबितालाई । 'म त्यतिबेला दुई/तीन महिनाको सुत्केरी थिएँ । राप्रपाका दिपक बोहोराले बायोडाटा मागेर लग्नुभयो । पछि पार्टीले समानुपातिक कोटामा छानेछ । श्रीमान् कम्प्युटर इन्ष्टिच्युटकै कामले भैरहवा जानु भएको थियो । उहाँले टिभीमा समाचार आएपछि थाहा पाउनुभएछ । गाउँका सबै दलितहरूले पनि घरमा जम्मा भएर मलाई बधाई दिदै फूलमाला र अबिर पहिराए ।' उहाँ ती दिन सम्झनुहुन्छ ।

कुनै दिन संविधानसभाको सदस्य बन्नेछु भनेर बबिताले कल्पना समेत गर्नु भएको थिएन । तर, आज आफ्नो समुदाय र सिङ्गो देशका जनताको अधिकार सुनिश्चित गर्ने संविधान लेख्ने काममा संलग्न हुन पाउँदा उहाँ अत्यन्तै खुशी हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म त तराईको घुम्टो संस्कृतिमा जन्मे हुर्केको मान्छे, आज संविधानसभामा आएर महिलालगायत दलित र अरू समुदायको पनि मुद्दा उठाउन पाउँदा र जनताका कुरा राख्न पाउँदा खुसी नलाग्ने त कुरै भएन ।'

हालसम्मको संविधानसभाको यात्रालाई फर्केर हेर्दा बबिताका लागि यो सजिलो पक्कै रहेन । संविधानसभा सदस्य भएपछि उहाँलाई संविधानसभाको कानुनी विधि तथा प्रक्रिया थाहा पाउन निकै गाह्रो पर्‍यो । आफ्नो मातृभाषा नेपाली नभएकोले पनि संविधानसभामा आफूले चाहेको कुरा राख्न उहाँलाई समस्या परेको थियो । नेपाली भाषा राम्ररी बोल्न नसक्ने हुनाले संविधानसभा बैठकहरूमा उहाँले आफ्ना कुराहरू हिन्दी भाषामा नै राख्न थाल्नुभयो । संविधानसभाको बैठकका नियम र प्रक्रियाहरू बैठकमा गएर अभ्यास गर्दा गर्दै र अरू सदस्यहरूले के कसरी बोल्छन् र के गर्छन् भनेर हेर्दा हेर्दै पनि उहाँले धेरै कुरा सिक्दै जानुभयो । तर पछि आफ्नो पार्टी र युएनडिपीले संविधानसभा सम्बन्धी विषयमा प्रशिक्षण दिएपछि उहाँलाई बैठकका नियम, विधि र प्रक्रियाहरू बुझ्न अझ सजिलो भयो ।

बबिताले संविधानसभाको बैठकमा र संविधानसभा अन्तर्गतको आफू संलग्न अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको बैठक तथा छलफलमा महिला र दलितका नागरिकताको मुद्दामा बढी जोड दिनुभयो । साथै जातीय आधारमा दलितलाई गरिने छुवाछुत गर्न नहुने, उनीहरूलाई कुनै पनि मन्दिरमा प्रवेश गर्न रोक लगाउन नहुने र दाइजो तथा बोक्सी प्रथाहरू हटाउनु पर्ने मुद्दाहरू उठाउनु भयो । यस्तै, उहाँले राज्यको हरेक तहमा जनसंख्याको आधारमा मधेसी, मुस्लिम र दलितलगायत सबै समुदायको समानुपातिक सहभागिता हुनुपर्छ भनेर पनि कुरा राख्नु भएको थियो । दलितको कुरा गर्दा पहाड र तराईका दलितको पहिचान हुनुपर्ने र पहाडका दलितका तुलनामा मधेसका दलित अझ पीडित भएकाले उनीहरूलाई फरक ढङ्गले हेरिनु पर्ने उहाँको धारणा छ ।

बबिताको अनुभवमा संविधानको मस्यौदा प्रतिवेदनहरूमा महिला र पछाडि पारिएका समुदायको मुद्दा धेरै परे जस्तो लाग्दैन । त्यसरी नै संविधानसभामा महिला सदस्यबीच पनि भेदभावको समस्या देख्नुहुन्छ उहाँ । संविधानसभाका सदस्य महिलाहरू विभिन्न पारिवारिक, आर्थिक, राजनीति र जातीय परिवेश र पृष्ठभूमिबाट आएका हुनाले एकले अर्कालाई नटेर्ने र हेप्ने जस्ता समस्या रहेको उहाँको अनुभव छ ।

संविधान निर्माण गर्ने काममा जुट्न श्रीमान्, आठ वर्ष, चार वर्ष तथा डेढ वर्षकी तीनजना छोरीहरूलाई गाउँमै छोडेर बबिता काठमाण्डौंमा डेरा लिएर बस्नु भएको छ । काठमाण्डौंमा छोरीहरूलाई पढाउन महंगो पर्ने हुनाले र उनीहरूको हेरचाह गर्ने कोही नभएकाले छोरीहरूलाई गाउँमै छोड्नु पर्दा उहाँलाई दुखः पनि लाग्छ । 'कहिले काहीँ बच्चाहरू बिरामी पर्छन् । आफू जान नसक्दा चिन्ता लाग्छ', बबिता बच्चासँग बिछोडिएर बस्नु पर्दाको पीडा पोख्नुहुन्छ । 'श्रीमान्को उतै व्यवसाय भएकाले उहाँ धेरै यता आउन मिल्दैन त्यसैले म नै समय समयमा उता जाने गरेको छु', उहाँ भन्नुहुन्छ । तर संविधानसभाको बैठक नै छुटाएर आफू परिवारलाई भेट्न जाने नगरेको उहाँको भनाइ छ । लामो बाटो भएकोले उहाँलाई घर आउजाउ गर्न पनि त्यति सजिलो छैन । केही समयअघि

घर जाने बेलामा नवलपरासीको दुम्कीबासमा सासु र छोरीसहित उहाँ पनि गाडी दुर्घटनामा पर्नुभयो र उहाँको शरीरभरी चोट लाग्यो ।

सभासद् हुँदा मान्छेले धेरै तलवभत्ता खाए भने पनि कर तिरेर र पार्टीलाई लेभी बुझाएर बचेको पैसाले काठमाण्डौंमा घरभाडा तिरेर बस्न पनि मुश्किल रहेको उहाँको अनुभव छ । काठमाण्डौंमा एक्लै भएकोले डेरामा खाना पकाएर खान पनि नभ्याइने हुनाले प्राय उहाँ बाहिरै खाने गर्नुहुन्छ । संविधानसभाको बैठक बेलुकी अबेरसम्म चल्दा राती एक्लै डेरामा फर्किन गाह्रो पर्ने हुनाले संविधानसभाकै तर्फबाट यातायातको सुविधा भइदिए हुन्थ्यो भन्ने उहाँलाई लाग्छ ।

संविधानसभामा महिला सदस्यहरूलाई पुरूष सरह समान हैसियत र व्यवहार नहुने गरेको उहाँको पनि अनुभव छ । संविधानसभामा मात्र होइन जिल्लामा जाँदा सुरक्षाकर्मीबाट समेत पुरूष र महिला सदस्यलाई फरक व्यवहार हुने गरेको उहाँलाई महसुस हुन्छ । सायद कम पढेलेखेको र दलित महिला भएको होला जिल्लाका सरकारी कार्यालयहरूले समेत ठूला कार्यक्रमहरूमा उहाँलाई नबोलाउने गरेको उहाँको भनाइ छ । संविधानसभामा बोल्ने सम्बन्धमा भने त्यहाँ नाम टिपाएपछि आफूले बोल्न पाएको उहाँ बताउनुहुन्छ ।

संविधानसभामा महिला र अरू समुदायका लागि आफूले राम्रै काम गरेको ठान्नुहुने बबिता संविधान ढिलो बनेको विषयमा भने चिन्तित हुनुहुन्छ । 'यसले गर्दा जनताको नजरमा हामी नराम्रो हुन्छौं र जिल्लामा जान पनि गाह्रो हुन्छ', उहाँ भन्नुहुन्छ । अरू संविधान सदस्यहरूले जस्तै उहाँले पनि संविधान समयमा बनाउन नसकेको अपजस त पाउनु नै छ । त्यसमाथि, आफ्नो गृह जिल्लाका जनताका विकास निर्माणप्रतिका अपेक्षा पूरा गर्न पनि उहाँलाई उत्तिनै कठिन परेको छ । सांसद् विकास कोषबाट प्रत्येक वर्ष प्रत्येक सांसद्लाई दिइने १० लाख रूपैयाँबाट जिल्लामा सानोतिनो विकास निर्माणको काम गर्न उहाँ लागिपर्नु हुन्छ । तर, समयमै बजेट नआएर सो १० लाख रूपैयाँ पनि निकासा हुन ढिलो हुँदा र यो कुरा जनताले नबुझिदिँदा समस्या पर्ने गरेको उहाँको अनुभव छ ।

राजनीतिक तथा पारिवारिक जीवनमा जे जस्तो समस्या तथा चुनौती आइपरे पनि ती सँग लड्दै भविष्यमा पनि पार्टीमै क्रियाशील भएर राजनीतिमा सक्रिय रहने र पछाडि पारिएका महिलाहरूलाई जागरूक बनाइ अघि बढ्ने बबिताले सोच बनाउनु भएको छ ।



### व्यक्तिगत विवरण

नाम : बसन्ती झा
ठेगाना स्थायी : गैंढाभेटपुर गाविस, वडा नं. १, पछियारी टोल, महोत्तरी
अस्थायी : मीनभवन-प्रयागमार्ग, काठमाण्डौं
सम्पर्क ठेगाना : ९८४९०८९६९९ (मो)
जन्म मिति : २००५/१२/२१
जन्म स्थान : धरहवा, सीतामढी जिल्ला, विहार, भारत
आमाको नाम : पार्वती ठाकुर
बुबाको नाम : राजेश्वर ठाकुर
श्रीमान्को नाम : मधुकान्त झा
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : तराई मधेस लोकतान्त्रिक पार्टी
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# भोटबाट सुरू भएको राजनीति

भारतको सीतामढी जिल्लामा जन्मनु भएकी बसन्ती झाको विवाह २०१९ सालमा महोत्तरी जिल्लाको गैंढाभेटपुरका मधुकान्त झासँग भएको थियो । माइतीघर भारतमा महिलाले भोट खसाल्ने अधिकारको प्रयोग गर्दै आएको देख्नुभएकी बसन्तीले श्रीमान्को गाउँमा महिलाले भोट दिन नपाउने चलन देख्नुभयो । भोट दिन पाउने कानुनी अधिकार पाएर पनि सामाजिक प्रथा र बन्देजले गर्दा महिलाहरूले भोट दिन नपाउने कुरा उहाँलाई चित्त बुझेन र यसको विरोध उहाँले आफ्नो घरपरिवारबाटै थाल्नुभयो ।

श्रीमान्को घरको पृष्ठभूमि राजनीतिक थियो । उहाँको श्रीमान् २०२८ सालमा प्रधानपञ्चमा उठ्दा उहाँले पनि चुनावमा भोट खसाल्न चाहेको कुरा श्रीमान्सँग व्यक्त गर्नु भयो र त्यसका लागि ससुरासँग अनुमति दिलाई दिन पनि अनुरोध गर्नुभयो । तर, श्रीमान्ले चाहिँ 'बुबाले गाली गर्नुहुन्छ त्यसैले उहाँसँग म पनि सोध्न जान्न र तिमी पनि नजानू' भन्ने जवाफ पाउनु भयो । उहाँलाई भोट खसाल्न जान नदिने घरपरिवारको वातावरणले उहाँलाई निकै नै बिझायो । त्यसपछि उहाँले 'मेरो अधिकार हनन भइरहेछ, म जसरी पनि भोट खसाल्न जान्छु' भनेर अड्डी लिनुभयो ।

चुनावका दिन श्रीमान्सँग निर्वाचनको 'बुथ कता हो' भनेर सोध्दा श्रीमान्ले सहयोग गर्नुको साटो भोट खसाल्न जानु पर्दैन भने । तर, उहाँ श्रीमान्को पछि पछि लागेर चुनावको बुथसम्म पुग्नुभयो । चुनाव स्थलमा श्रीमान्बाट सहयोग पाउने नदेखेपछि उहाँले बुथमा बसिरहेको निवार्चन अधिकृतसँग भारतमा महिलाले भोट खसाल्न पाउँछन् नेपालमा पाइन्छ कि पाइँदैन भनेर सोध्नुभयो । निर्वाचन अधिकृतले 'पाइन्छ' भनेपछि उहाँले मतपत्र लिएर भोट खसाल्नुभयो । यसरी बसन्ती गैंढाभेटपुरमै पहिलो पटक भोट दिने महिलाको रूपमा चिनिनु भयो ।

विवाहित महिला हत्पति बाहिर ननिस्कने र कहिले महिलाले भोट नदिने गाउँमा बसन्तीले 'घुंघट' लगाएर भोट खसाले पछि 'महिलाले पनि भोट खसाल्यो' भन्ने कुराले गाउँमा हल्ला खल्ला फैलियो । तर, त्यो घटनापछि भने

उहाँको श्रीमान् र परिवारले उहाँको विचार र क्रियाकलापलाई खासै विरोध गरेनन् बरू समर्थन र सहयोग गर्न थाले । यसरी आफूले गाउँमा पहिलो पटक महिलाको भोट खसाल्ने अधिकार प्रयोग गर्नुलाई नै बसन्ती आफ्नो 'राजनीतिमा प्रवेशको पहिलो पाइला' मान्नुहुन्छ । कोसिस र सङ्घर्ष गरे महिलाले पनि भोट खसाल्न पाइँदो रहेछ भन्ने आत्मविश्वास भएपछि उहाँले २०३६ सालको जनमत सँग्रहको चुनावमा भारतबाट गैंढाभेटपुरमा विवाह गरेर आएका अर्का दुईजना महिलालाई लिएर चुनावमा भोट खसाल्न जानुभयो । यसरी सो गाउँमा २०४८ सालसम्ममा भोट खसाल्ने महिलाको संख्या पाँचजना पुगेको थियो भने २०५६ सालमा १२ जना । बसन्तीका अनुसार गत संविधानसभाको चुनावमा भोट खसाल्ने महिलाको संख्या बढेर ५६ जना पुगेको थियो । महिला मताधिकारको लडाईमा उहाँलाई इन्सेक भन्ने संस्थाले २०५८ सालको प्रकाश काफ्ले मानवअधिकार पुरस्कारबाट सम्मानित गरे पश्चात् आफ्नो अभियानमा हौसला बढेको बसन्ती बताउनुहुन्छ ।

यसरी गाउँका महिलालाई आफ्नो मताधिकार प्रयोग गर्ने काममा सहयोग गर्दा 'भारतबाट आएर गाउँ बिगार्न आई' भन्नेहरूको संख्या पनि गाउँमा कम थिएन, तर उहाँले यस्तो आलोचनालाई वास्तै नगरी आफ्नो काम अघि बढाइरहनु भयो । समाज र पुरूषले महिलामाथि गर्ने हिंसाको कारणले देशले दिएको अधिकार पनि आफ्ना गाउँ गैंढाभेटपुरका महिलाले प्रयोग गर्न नपाएको उहाँको ठम्याइ छ । महिलालाई विभेद गर्ने सवालमा आफ्ना गाउँका सबैजसो पार्टीका नेताहरू एक हुने गरेको उहाँको अनुभवले भन्छ, 'महिलालाई भोट खसाल्न नदिने सवालमा चुनाव अगाडि सबै राजनीतिक दलका व्यक्तिहरू गाउँमा बैठक बस्छन् ।'

गाउँका महिलालाई मताधिकार प्रयोग गर्ने काममा सघाउने बाहेक बसन्तीले सामाजिक रूपान्तरका लागि पनि काम गर्नुभयो । छोरी-बुहारीले सडक चोकमा बसेर कुराकानी गरे सामाजिक अपराध मानिने गाउँमा उहाँले सामाजिक रूपान्तरणका लागि छोरी-बुहारी घरबाट निस्कनु पर्छ भन्ने मान्यता राखेर चोकमा बसेर चिया खाने, चिनेजानेका मानिसहरूसँग त्यँही बसेर कुराकानी गर्ने पनि गर्नुभयो । बसन्तीको यो कृयाकलापलाई गाउँलेले राम्रो नमानेता पनि उहाँको पारिवारिक पृष्ठभूमि उच्च भएकोले उहाँको अगाडि बोल्ने र विरोध गर्ने हिम्मत कसैले गर्दैनथे । उहाँका सासुससुराले यसको पनि खासै विरोध गरेनन् । बरू, उहाँको ती कृयाकलापमा छोराहरू तथा श्रीमान्ले पनि साथ दिए । चुनावका बेला मानव अधिकारवादीहरू चुनाव अनुगमनका लागि गाउँमा आउँदा उहाँ उनीहरूलाई निकै सहयोग गर्नु हुन्थ्यो । गाउँ बाहिरको पुरूषहरूलाई उहाँले गर्नुभएको व्यवहार देखेर गाउँलेहरू उहाँको कुरा काट्थे । तर आफ्नो कुरा काट्ने र विरोध गर्नेहरूसँग उहाँ डराउनु भएन बरू सामाजिक आन्दोलनको प्रकृयालाई अझै तीब्र गर्दै लानुभयो ।

ग्रामीण राजनीति तथा समाजसेवामा लाग्दै आउनुभएकी बसन्तीका श्रीमान् तथा दुई छोराहरू पनि अहिले राजनीतिमा संलग्न छन् त्यसैले पनि उहाँलाई पार्टीगत राजनीतिमा प्रवेश गर्न गाह्रो भएन । बसन्ती झाको औपचारिक राजनीतिमा प्रवेश तराईमधेस लोकतान्त्रिक पार्टीबाट भयो । कुनै दिन भोट खसाल्न पनि सङ्घर्ष गर्नुभएकी बसन्तीले एकदिन सभासद् हुन्छु भनेर कहिल्यै सोच्नु भएको थिएन । उहाँमा आएको यो परिवर्तन देखेर पहिले उहाँको कुरा काट्नेहरू पनि अहिले बसन्तीले राम्रो गर्नुभयो भन्छन् । गाउँका अन्य महिलाका सोचमा आएको परिवर्तन देखेर खुशी हुन्छन् ।

संविधानसभाको क्षमता अभिवृद्धि समिति तथा व्यवस्थापिका संसद्को महिला, बालबालिका तथा समाजकल्याण समितिकी सदस्य बसन्तीले आफू संलग्न हुनभएको समिति तथा संविधानसभाका बैठकहरूमा विशेष गरी महिलासम्बन्धी मुद्दाहरू उठाउनुभयो । यद्यपि विषयगत समितिका मस्यौदा प्रतिवेदनहरू महिला र पछाडि पारिएका वर्ग एवं समुदायको आवाज सम्बोधन गर्न त्यति उपलब्धिमूलक र सन्तोषजनक हुन नसकेको उहाँको भनाइ छ । महिलाको जनसंख्या ५१ प्रतिशत भएता पनि संविधानसभा लगायत अन्य क्षेत्रमा उनीहरूको उपस्थिति र मुद्दाले यथोचित स्थान पाउन नसकेको कुरा उल्लेख गर्दै उहाँ नेताहरूसँग महिलाका हक अधिकार दयाका रूपमा माग्ने वस्तु होइन बरू यि त महिलाका जन्मसिद्ध अधिकार हो भन्नुहुन्छ । उहाँले संविधानसभाका बैठकहरूमा जोड दिनुभएका मुद्दामा महिला हिंसा, छात्रा शिक्षा, बलात्कार, महिलालाई लाग्ने बोक्सीको आरोप, दाइजो विरूद्धका कुरा र बालविवाह आदि प्रमुख हुन् । बसन्तीले सभासद् भएपछि खासगरी तराईका महिलाले भोग्दै आएको समस्या संसद् तथा संविधानसभामा राख्न पाएकोमा सन्तुष्ट व्यक्त गर्नुभयो ।

संविधानसभाभित्र आफ्नो मातृभाषा मैथिली बोल्नु हुने बसन्तीका अनुसार उहाँले संविधानसभाभित्र आफ्नो विचार राख्ने मौका तथा समय पर्याप्त पाउनु भएको छ । तथापि, संविधान नबनेकोले आफ्नो भूमिकामा रमाउने ठाउँ नभएको उहाँको भनाइ छ । बसन्तीले महिला सदस्य भएकै कारणले संविधान सभा तथा व्यवस्थापिका संसद्मा खासै चुनौतिहरूको सामना गर्नुभएको छैन, तर व्यवहारिक रूपमा महिला र पुरूषलाई भिन्न व्यवहार गरिएको भने उहाँलाई महसुस भएको छ । जस्तो, महिलाले कतिपय महिलाका मुद्दा उठाउँदा पुरूषले हाँसेर उडाउने प्रवृत्ति संविधान सभामा रहेको उल्लेख गर्दै उहाँ भन्नुहुन्छ, 'ठूला मिटिङहरूमा महिला राखिन्न । यो ठूलो दलको मात्र कुरा होइन, सानो दलको पनि यही हालत छ । तर म त मिटिङ्गहरूमा नबोलाएता पनि जर्बजस्ती जान्छु ।'

सभासद् भएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले विभिन्न मुद्दा तथा विषयमा आयोजना गरेका कार्यक्रमहरूमा बसन्तीलाई पनि बोलाइएको थियो । तर केही कार्यक्रमहरूमा भाग लिएपछि उहाँलाई ती कार्यक्रमहरू केही हदसम्म सूचनामूलक लागे तापनि सभासद्लाई भजाएर विभिन्न बहानामा सहयोग रकम कुम्ल्याउने ती संस्थाहरूको प्रवृत्ति चाहिँ चित्त बुझेन । त्यसैले हिजोआज राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना गर्ने अधिकांश कार्यक्रममा उहाँ जानुहुन्न ।

महिला मुद्दालाई सशक्त रूपमा अगाडि बढाउन संसद्भित्र सभासद् महिलाहरूको ककस गठन गरिएता पनि र ककसले महिलालाई थुप्रै मुद्दामा गतिविधि अगाडि बढाए तापनि ककसलाई प्रभावकारी बनाउन नसकिएको बसन्तीको ठम्याइ छ । कतिपय सभासद्हरूलाई महिला ककस र यसको उद्देश्यकाबारेमा राम्रो जानकारी नभएको हुनाले ककसकोबारेमा महिला सभासद्हरूलाई विस्तृत जानकारी दिइनुपर्ने, यसको आर्थिक पक्ष बलियो बनाईनुपर्ने धारणा उहाँ राख्नुहुन्छ ।

महोत्तरी, गैंढाभेटपुर घर भए पनि माओवादी 'जनयुद्ध'का कारण विस्थापित भई विगत ८ वर्षदेखि उहाँ महोत्तरी जिल्लाको जलेश्वरमा बस्दै आउनुभएको छ । यद्यपि सभासद् भएपछि घर परिवार र आफ्नो निर्वाचन क्षेत्रका जनताबीच तालमेल मिलाउन खासै अप्ठेरो नपरेको उहाँ बताउनुहुन्छ । उहाँले संसदीय कोषबाट सांसद्हरूले प्रत्येक वर्ष पाउने १० लाख रूपैयाँ परिचालन गरी महोत्तरीमा खानेपानी, शौचालय, स्कुलको भौतिक संरचना तथा मदरसा शिक्षा, महिला सशक्तिकरण, आदिको विकासमा मद्दत पुऱ्याउनु भएको छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | बिना झवाली |
| ठेगाना स्थायी | : | गुलरिया नगरपालिका-६, बर्दिया |
| अस्थायी | : | घट्टेकुलो, वडा नं. ३२, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९७४११५८०६५(मो), |
| इमेल | : | binajnawali@gmail.com |
| जन्म मिति | : | २०१६/१०/१५ |
| जन्म स्थान | : | गुल्मी |
| आमाको नाम | : | तुलसीदेवी गौतम |
| बुबाको नाम | : | लक्ष्मीधर गौतम |
| श्रीमान्को नाम | : | विनोद झवाली |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# चुनौतिहरू पनि मार्गदर्शन बने

रजस्वला नभएकी छोरीको कन्यादान गरिदिन पाए सोझै स्वर्ग जान पाइन्छ भन्ने अभिभावकको रुढीवादी सोचाइका कारण कक्षा तीनमा पढ्दै गर्नुभएकी १२ वर्षीय बिना झवालीले पराई घरमा भित्रिनु पर्‍यो । विवाह पश्चात स्कूल जाँदा 'विवाह भएकी नानी' पनि स्कूल आउँछे भनेर जिस्काउन थालेपछि उहाँले आफ्नो नियमित पढाइ छोड्न बाध्य हुनुभयो ।

हिम्मत बटुलेर कक्षा तीनमा छोडेको पढाइलाई उहाँले एकैचोटी १८ वर्षपछि फेरि थाल्नुभयो । तर, स्कूलमा गएर होइन घरैमा आफ्नै छोरा, जो त्यत्तिबेला नौ कक्षामा अध्ययनरत थिए, उनलाई गुरू मानेर । अरू धेरै छोरी मान्छे हरूले कलेज र विश्वविद्यालयसम्मको शिक्षा हासिल गरेको देखेर उत्साहित हुँदै फेरि आफ्नो छुटेको पढाइलाई निरन्तरता दिन खोज्दा समाजले 'बिनाले एसएलसी पास गरिन् भने त कुकुरले पनि पास गर्छ' भनी निरूत्साहित गरेको उहाँलाई अहिले पनि सम्झना छ । तर उहाँ भन्नुहुन्छ, 'तत्कालीन ती चुनौतीहरू पनि मार्गनिर्देशन बने मेरा लागि ।' तथापि उहाँलाई पढ्नका लागि दिदी गीता लक्ष्मी र श्रीमान्ले सहयोग गर्नुभएको थियो भने देवर ध्रुवले पढ्ने वातावरण मिलाइ दिनु भएको थियो । सामाजिक चुनौतीको सामना गर्दै उहाँले घरमै बसेर पढ्दै प्रवेशिका उत्तीर्ण गर्न सफल हुनुभयो । त्यसपछि क्रमशः प्रमाणपत्र तह, स्नातक तह गर्दै उहाँले राजनीति शास्त्रमा स्नातकोत्तर तहसम्म उत्तीर्ण गर्नुभयो ।

बिनाको जन्म २०१६ माघ १५ गते भएको थियो । तर उहाँको जन्म परिवारका लागि त्यति सुखद् रहेन । उहाँ तीन वर्षको हुँदा बुबा बित्नु भयो । त्यसकारण एक त छोरी त्यसमाथि 'मूल्या' परेको भनेर परिवारमा उहाँलाई सबैले हेला गर्थे । बुबाको मृत्यु पश्चात उहाँको पालन पोषण ठूली आमाको घरमा भयो र १२ वर्षको उमेरमा उहाँको बिहे विनोद झवालीसँग भयो । बुहारी भएर २२, २३ जनाको ठूलो परिवारमा भित्रिँदा उहाँलाई परिवारका सदस्यहरूसँगको नाता तथा जिम्मेवारी थाहा थिएन । उहाँको जेठाजु चाहिँ त्यतिखेर भूमिगत रुपमा नै कम्युनिष्ट

आन्दोलनमा लाग्नु भएको थियो र श्रीमान् पनि राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । श्रीमान् र जेठाजुको प्रेरणाले नै राजनीतिमा उहाँको पनि रूचि र संलग्नता बढ्दै गएको थियो भने २०३६ सालमा पाकिस्तानमा भएको जुल्फिकर भुट्टोलाई फाँसी दिँदा बेनेजीर भुट्टोले आफ्नो बुबालाई दिएको सल्लाह थाहा पाएपछि उहाँलाई स्वाभिमान र परिवर्तनका लागि पढ्न र राजनीतिमा लाग्न अभिप्रेरित गऱ्यो जसले उहाँलाई थप ऊर्जा प्रदान गरेको बिना बताउनुहुन्छ ।

पितृसत्तात्मक संरचनाका कारण त्यत्तिबेला महिलाले राजनीति गर्न अत्यन्त कठिन थियो । राजनीतिक क्षेत्रमा लागेका महिलालाई समाजले हेर्ने दृष्टिकोण साह्रै साँघुरो थियो । राजनीतिमा तथा सामाजिक परिवर्तनमा लाग्ने महिला पनि सही हुन्छन् भनेर घरपरिवार र समाजलाई बुझाउन निकै नै गाह्रो थियो । पार्टीमा पुरूष सदस्यहरूसँग प्रतिस्पर्धात्मक रूपमा काम गर्न, घरमा असल बुहारीको भूमिका निभाएर भान्छा तथा छोराछोरी हेर्न र साथमा आफ्नो पढाइलाई पनि निरन्तरता दिन निकै नै कठिन भएको थियो उहाँलाई त्यसबेला । त्यसमाथि परिवार र समाजले महिला भएर पार्टीको झोला बोकेर हिंड्ने, नेतागिरी गर्ने, छोराछोरीलाई अलपत्र पार्ने भनेर कुरा काट्दा उहाँको मन निकै दुख्थ्यो । 'तर चुनौतिलाई सामना गर्न सङ्घर्ष गर्दै जाँदा लक्ष्यमा पुग्न सकिँदो रहेछ,' उहाँ भन्नुहुन्छ ।

२०३७ सालको जनमत सँग्रहबाट सक्रिय राजनीतिमा प्रवेश गर्नुभएकी बिना ज्ञवालीले बहुदलीय प्रचार टोलीमा गाउँ तहको संयुक्त कमिटीमा बसेर काम गर्नुभयो । बहुदलीय प्रचार टोलीमा बसेर बहुदलको चिन्ह भएको नीलो लुगा लगाएर बहुदलको प्रचार गर्न जाँदा स्थानीयबासीले 'बहुदलीय टोली' आए भनेको कुरा उहाँ अहिले पनि सम्झनुहुन्छ ।

२०४६ सालको आन्दोलनमा सक्रिय भएर लाग्नु भएकी बिना नेकपा (मार्क्सवाद) मा आबद्ध हुनुहुन्थयो र २०४७ मा प्रगतिशील महिला सङ्घको जिल्ला अध्यक्ष हुनुभयो । २०४७ सालमा नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकरण भएपछि अखिल नेपाल महिला सङ्घको जिल्ला अध्यक्ष हुनुभयो । २०५० सालमा नेकपा (एमाले)को जिल्ला कमिटी सदस्य, सचिवालय सदस्य, क्षेत्रीय समन्वय समितिको सचिव हुँदै अहिले उहाँ नेकपा (एमाले)को जिल्ला समिति उप सचिव हुनुहुन्छ र अनेमसङ्घको केन्द्रीय सदस्य पनि । राजनीतिक जीवनमा उहाँले जेल यातना नभोगे तापनि जिल्ला तहको विभिन्न आन्दोलन जस्तो तत्कालीन धमिजा काण्ड, लाउडा काण्डको विरोध गर्दा पटक-पटक गिरफ्तार हुनुभयो । २०६२ को शाही शासनकालमा नगरपालिकाको चुनाव बहिष्कार आन्दोलनमा पनि पटक-पटक गिरफ्तार हुनुभयो । व्यक्तिगत काम, परिवारको जिम्मेवारी, आफ्ना सन्तान भन्दा पनि निरन्तर पार्टीको कामलाई बढी महत्व दिएर काम गर्नुभयो । उहाँको योगदानलाई मूल्याङ्कन गरेर पार्टीले संविधान सभामा पुऱ्याएकोमा उहाँ गर्व गर्नुहुन्छ ।

राजनीतिशास्त्र अध्ययन गरेको र पार्टीमा पनि लामो समय आबद्ध हुनाले उहाँलाई संविधान सभाको बैठकका विधि र प्रक्रिया बुझ्न गाह्रो परेन । तर उहाँ संविधान निर्माण प्रक्रियामा संलग्न हुनुभएपछि अध्ययन र छलफलबाट आफूले धेरै कुरा बुझेको बताउनुहुन्छ । सभासद् भएपछि संविधान, सङ्घीयता, शासनका विभिन्न स्वरूपहरू जस्ता विषयहरूमा अध्ययन गरेर थप ज्ञान आर्जन नगरी नहुने उहाँ बताउनुहुन्छ । अध्ययन पश्चात

मात्र उहाँले सङ्घीय राज्य, तिनका चुनौती, फाइदा तथा बेफाइदाकाबारेमा थाहा पाएको र सो ज्ञानले सङ्घीय राज्यकाबारेमा बोल्न र बहस गर्न आफूलाई सजिलो भएको उहाँको अनुभव छ ।

संविधानसभाका बैठकहरूमा महिलाका लागि राज्यले निःशुल्क शिक्षा र स्वास्थ्य उपलब्ध गराउनु पर्ने विषय मौलिक हक अन्तर्गत नै राखिनु पर्ने र राजनीतिक पार्टीदेखि राज्यको हरेक तहमा महिलाको समानुपातिक सहभागिता हुनुपर्छ भनेर उहाँले जोड दिनुभयो । साथै नयाँ बन्ने संविधानमा महिला, जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई समेत समेट्नु पर्छ भन्ने उहाँको धारणा छ ।

संविधान सभाको विषयगत समिति अन्तर्गत उहाँ सामाजिक र सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गत सुरक्षा विशेष समितिको सदस्य हुनुहुन्छ । तर संविधानसभामा आफूले उठाएका विषयहरू मस्यौदा प्रतिवेदनमा पर्छ वा पर्दैन, उहाँ प्रतिक्षारत हुनुहुन्छ । उहाँको बुझाइमा संविधानसभामा संख्यात्मक हिसाबले महिला सहभागिता राम्रै भए पनि सहभागिता र निर्णय प्रक्रियामा जति ऊर्जा हुनुपर्थ्यो, त्यति हुन सकेको छैन ।

निर्णय प्रक्रियामा पुरूषलाई नै विश्वास गर्ने र महिलाले जति महत्वपूर्ण विषय उठाए पनि सजिलै विश्वास नगर्ने व्यवहारप्रति उहाँलाई दुःख लाग्छ । उहाँ प्रश्न गर्नुहुन्छ, 'जस्तो भन्नुस् न सुरक्षा समिति, उच्चस्तरीय कार्यदल, शान्ति समिति जस्ता महत्वपूर्ण समितिहरूमा महिलाको सहभागिता नै छैन । यो त महिलाको अस्तित्वलाई स्वीकार नगरेको हो भन्ने मेरो ठम्याइ छ । अहिलेको परिवर्तित परिस्थितिले गर्दा होला पहिलेको तुलनामा महिलाले उठाएका मुद्दाहरूलाई पुरुष माननीयहरूले बाहिरी रूपमा स्वीकार्नु पर्ने अवस्था छ । तर, गम्भीर ढङ्गले लिने भए त सधैं समानताको लागि किन बहस गर्नुपर्थ्यो र ?'

बिनालाई तोकिएको समयमा संविधान निर्माण हुन नसकेकोमा दुःख लाग्छ । संविधान बनाउन नसकेको भनेर सभासद्लाई बाटोमा हिड्दा पनि व्यङ्ग्य गर्ने, सभासद्को पुत्ला जलाउने र कतै सभासद्को क्रिया गर्ने जस्ता कार्यहरू देख्दा सभासद्को परिचय दिने 'ब्याज' लगाएर हिंड्न कठिन भएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'तैपनि गौरवपूर्ण ब्याज भएकोले लगाएरै हिंड्छु ।' उहाँलाई घरमा समेत छोरा छोरीले संविधान छिटो बनाउन दबाब दिन थालेका छन् । त्यसैले जति सक्दो चाँडो जनताको संविधान बन्नुपर्ने नत्र घर बाहिर मात्र होइन घर भित्र पनि सभासद्हरूले दबाब झेल्नुपर्ने अवस्था दिनदिनै बढ्दै जाने उहाँको भनाइ छ । तर संसदीय व्यवस्था र पार्टी प्रणालीमा पार्टीहरू बढी जिम्मेवार हुँदा सभासद्हरूको कुनै कमजोरी नभएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'वास्तवमा संविधान निर्माणमा ढिलाइ भएको कारण संविधान निर्माणका मूलभूत विषयहरूमा खासगरि ठूला राजनीतिक दलहरूको साझा सहमति हुन नसक्नु हो । राजनीतिक दल, नेता, नेतृत्व गंभीर नहुनु र सहमति जुटाउन नसक्नु नै मूल समस्या हो । त्यसैले राजनीतिक दलहरू गंभीर र जवाफदेही भएर संविधान निर्माणमा लाग्नु जरूरी छ । अहिले बन्ने संविधान राजनीतिक सहमतिको साझा दस्तावेज पनि हो ।'



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | बिन्दा पाण्डे |
| ठेगाना स्थायी | : | रावलस्वरा, खानी गाउँ गाविस, वडा नं १, नुवाकोट, बाग्मती |
| अस्थायी | : | कोटेश्वर, कामनपा-३५, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१-४६००८५६ (घर), ९८४१२५५५९९ (मो) |
| इमेल | : | binda.pandey@gmail.com |
| जन्म मिति | : | २०२३/०९/१५ |
| जन्म स्थान | : | रावलस्वरा, नुवाकोट, बाग्मती |
| आमाको नाम | : | विष्णुमाया पाण्डे |
| बुबाको नाम | : | फत्त बहादुर पाण्डे |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# फरक सोचका फरक सभासद्

धेरै महिला सभासद्हरूलाई लाग्छ, संविधानसभामा पुरूष सभासद्हरूको हैकम छ, र उनीहरू महिलालाई टेर्दैनन् । तर बिन्दा पाण्डेको सोच भने फरक छ र उहाँ भन्नुहुन्छ, 'यो महिला र पुरूषको लैङ्गिक सचेतनामा निर्भर हुने कुरा हो । कतिपय पुरूषहरू महिला भन्दा पनि बढी महिलावादी छन्, कतिपय महिलाहरू महिला भएर पनि पितृसत्तात्मक प्रणालीका पक्षधर छन् । यसो हुनुको कारण लैङ्गिक दोष होइन, दृष्टिदोष हो ।' संविधानसभा भित्र पनि यही कुरा लागू हुने उहाँको विचार छ ।

संविधानसभामा विभिन्न क्षेत्र, वर्ग, संस्कृति, भाषा, धर्मका महिलाहरू छन् । जसले गर्दा उनीहरूबीच एक आपसमा संवाद गर्न चुनौती रहेको धेरैको अनुभव छ । तर बिन्दा यसलाई विविध भाषा, संस्कृति र संस्कारको दोष होइन बरू यो पनि व्यक्तिको पृष्ठभूमि, चेतना र स्वभावको दोष हो भन्नुहुन्छ । नेपाल बहुभाषिक र बहुसांस्कृतिक देश हो त्यसैले, यहाँ संवाद गर्न गाऱ्हो छ भन्नु केवल आफ्नै कमजोरी मात्र हो भन्ने उहाँको भनाइ छ ।

एक सामान्य किसान परिवारमा जन्मनु भएकी बिन्दा १२ जना दाजुभाइ दिदीबहिनी मध्ये ११ औं सन्तान हुनुहुन्छ । कतिपय परिवारमा जस्तै उहाँको परिवारमा पनि छोरीलाई पढाउनु पर्दैन भन्ने सोच थियो । त्यसैले उहाँका ४ जना दिदीहरू स्कुल जान पाउनु भएन । तर उहाँकी आमा छोराछोरीलाई पढाउनुपर्दछ भन्ने मान्यता राख्नुहुन्थ्यो । छोराछोरी जे भए पनि शिक्षा चाहिँ दिनै पर्छ भनेर आमा नै जागरूक भएपछि दाजुहरूले सुरुमा घरैमा गुरूकुल अन्तरगतको शिक्षा लिए पनि पछि आधुनिक शिक्षा हासिल गर्ने अवसर प्राप्त गर्नुभयो । आमाको कारण पहिला दाजुहरू विद्यालय जान पाए र पछि दाजुहरूसमेतको सहयोगमा बिन्दाले पनि पढ्न पाउनुभयो । घरमा छोराहरूले पढेको हेरेर नै उहाँकी आमाले पनि अक्षर चिन्नुभएको थियो ।

विद्यालय पढ्दै गर्दा २०३७ साल चैत्र १४ गते अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनले नेपाल बन्दको आह्वान गरेको थियो । त्यो दिनको नेपाल बन्द बिन्दाका लागि राजनीतिमा प्रवेश गर्ने बाटो खुलेको दिन

थियो । त्यतिबेला उहाँको कान्छो दाजुलाई पञ्चायती सरकारले पक्राउ गरेको थियो । त्यसैको आक्रोशमा उहाँले पनि त्यस दिनको बन्द प्रचारको जुलुसमा सहभागी हुनुभयो । दिनभरि जुलुसमा भाग लिएर बेलुकी घर आइपुग्दा बुबाले उहाँलाई गाली गर्नुभयो र आइन्दा यस्तो जुलुस-सुलुसमा नलाग्न सम्झाउनु भयो । तर बुबाको कुराले राजनीतितर्फ अघि बढेको उहाँको पाइलालाई रोक्न सकेन । बरू अझ तेज बनाइदियो । त्यसपछि, उहाँले विद्यालयमा भएको युनियनको चुनावमा भाग लिनुभयो र चुनावमा उहाँको प्यानलले जितेको थियो । तर प्रधानाध्यापकसँग विवाद भएकोले उहाँले विद्यालय छोड्नुपर्ने अवस्था आयो । त्यसपछि उहाँ गाउँ छोडी काठमाण्डौं आएर पढ्न थाल्नुभयो ।



गाउँको विद्यालयमा पढेको विद्यार्थी बिन्दालाई सुरूमा काठमाण्डौंको विद्यालयमा पढ्न निकै नै गाऱ्हो परेको थियो । विद्यालयको पढाइ सक्याएर कलेजमा विज्ञान विषय लिएर पढ्नुभयो र त्यो विषय पनि झनै गाऱ्हो भएकोले सुरूमा उहाँ परीक्षामा फेल हुनुभयो । तर, उहाँले हार मान्नु भएन र कडा मेहनत गरी स्नातकोत्तरसम्मको अध्ययन विज्ञान अन्तर्गत वनस्पतीशास्त्रमा पूरा गर्नुभयो ।

२०४६ सालको जनआन्दोलनमा उहाँ अखिल पाचौको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । आन्दोलनको सफलताको केही समयपछि अखिलबाट बिदा भएर उहाँले पार्टीको विभिन्न निकायका साथै अखिल नेपाल महिला सङ्घको केन्द्रीय कोषाध्यक्षका रूपमा काम गर्नुभयो र त्यही अवधिमा महिला मजदुरको बीचमा काम गर्न जिफण्टमा संलग्न हुनुभयो । यसैक्रममा जिफन्टको प्रतिनिधि भई २०५० सालमा कमिटी फर एशियन विमेनमा काम गर्न उहाँ हङ्कङ् जानु भयो र त्यहीँ बसेर काम गर्न थाल्नुभयो । त्यस क्रममा उहाँले विभिन्न देशका महिला अधिकारकर्मीहरूलाई भेट्ने मौका पाउनुभयो र विभिन्न देशका महिलाका अवस्थाबारे जानकारी पाउनुभयो । त्यहीं बस्दा उहाँलाई थाहाभयो, कोरिया र जापान जस्तो विकसित देशका महिलाहरू पनि पितृसत्ताको मारमा परेका रहेछन् भनेर । तर, विश्वले जस्तोसुकै आलोचना गरे पनि कम्युनिष्ट शासन भएको चीनमा भने महिलाहरू तुलनात्मक रूपमा समान र स्वतन्त्र रहेको उहाँले पाउनुभयो । त्यसैले वास्तवमा कम्युनिष्ट व्यवस्थाले मात्रै महिला मुक्ति सम्भव गर्ने रहेछ भन्ने कुरामा उहाँको विश्वास अझ दृढ भयो । तीन वर्षको हङ्कङ् बसाइले वर्गीय र महिलामुक्ति सम्बन्धी उहाँको बुझाइ यस्तो रह्यो, 'वर्गीय मुक्तिका लागि मार्क्सवाद र महिला मुक्तिका लागि महिलावाद एकाकार भएर अगाडि बढे मात्र श्रमजीवी वर्ग र महिला समुदाय दुबैको मुक्ति एकसाथ सम्भव छ ।'

२०५४ सालमा हङ्कङ्बाट नेपाल फर्किएपछि अरू देशको तुलनामा नेपालको महिला आन्दोलन बीचको सहकार्य कमजोर भएकोले नै महिलाहरू अगाडि बढ्न नसकेका रहेछन् भन्ने उहाँलाई लाग्यो । त्यसैले उहाँले आफ्नो पार्टीभित्र महिला विभाग आवश्यक भएको कुराको उठान गर्नुभयो ।

२०५७ मा उहाँ बैंककको एशिएन इन्स्टिच्युट अफ टेक्नोलोजीमा जेण्डर र विकास विषयमा स्नातकोत्तर गर्न जानुभयो । बैंककबाट फर्केपछि उहाँ राष्ट्रिय महिला आयोगको संस्थापक सदस्य भएर २०५८ देखि ६० सम्म दुई वर्षको जिम्मेवारी पूरा गरेपछि २०६० देखि २०६५ सम्म उहाँले जिफन्टको उपमहासचिव भएर काम गर्नुभयो भने २०६१ बाट ६५ सम्म उहाँ पार्टीको केन्द्रीय महिला विभागको सचिवका रूपमा क्रियाशील हुनुभयो । २०६५ सालमा सम्पन्न आठौ महाधिवेशनपछि हाल उहाँ एमालेको केन्द्रीय सदस्य हुनुहुन्छ ।

सभासद् बन्ने अवसरलाई बिन्दा एउटा स्वाभाविक प्रक्रिया ठान्नुहुन्छ । राजनीतिमा लागेपछि व्यक्तिगत रूपले के पाउँछु वा के बन्छु भन्दा पनि सामुहिक रूपले आफ्ना विचार र सिद्धान्त अनुसार आमूल परिवर्तनका लागि काम गर्ने हो भन्ने उहाँको मान्यता छ । एकदलीय पञ्चायती व्यवस्थाको अन्त्य गरेर नेपाली जनतालाई निरंकुश शासनबाट मुक्ति दिलाउनुपर्छ भन्ने भावनाले प्रेरित भएर बिन्दा राजनीतिमा आउनु भएको थियो । र, त्यो कुरा पूरा पनि भइसकेको छ । अब नेपाली जनताको मुहारमा मुस्कान र जीवनमा समृद्धी ल्याउन बाँकी छ । त्यसका लागि कम्तीमा पनि आधारभूत अधिकारसहितको नयाँ संविधान बनाएर लागू गर्ने दायित्व सभासद्को हैसियतले आफूले पनि बोकेको बिन्दा बताउनुहुन्छ । श्रममा रातोदिन खट्ने श्रमिक र बहुसंख्यामा रहेर पनि मूलधारमा आउन नसकेका महिलालाई समान हैसियतको सम्मानित नागरिकका रूपमा स्थापित गर्नु अझै चुनौतीका रूपमा रहेको अनुभूति उहाँको छ ।

बिन्दा संविधानसभा अन्तर्गतका विषयगत समितिहरूमध्येको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिका सभापति हुनुहुन्छ । उहाँका अनुसार संविधानसभामा महिलासँग सम्बन्धित मूलतः दुईवटा विषयहरू अझै चुनौतीमा छन् । एउटा नागरिकका रूपमा महिलाको समान पहिचानको विषय र दोस्रो महिलाहरू पछाडि परेको क्षेत्रमा समान हैसियतमा प्रतिस्पर्धी बनाउनका लागि सकारात्मक विभेदको व्यवस्था । यी दुबै विषयहरू मस्यौदा संविधानमा समावेश गरिएका छन् । हालसम्म तयार भएको संविधानको मस्यौदामा महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका समुदायहरूको आन्दोलनले उठाइरहेका सामाजिक–सांस्कृतिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई सम्बोधन हुने धेरै कुराहरू समावेश गरिएको बिन्दाको भनाइ छ । तर यसको जस सभासद्हरूलाई मात्र होइन सम्बन्धित समुदायलाई पनि दिनुपर्ने उहाँको ठहर छ । बिन्दाका अनुसार ती समुदायले आफ्नो सरोकारको विषयलाई सूत्रबद्ध रूपमा संविधानसभाका सम्बन्धित समितिहरूमा बुझाउने र निरन्तर खबरदारी गर्ने काम जारी राखेका छन् ।

उहाँ भन्नुहुन्छ, 'एउटा सामान्य नागरिक भएर सोच्ने हो भने अहिलेसम्म सहमतिमा आएका विषयलाई मात्र समावेश गरेर नयाँ संविधान घोषणा गर्ने हो भने पनि विगतको भन्दा धेरै राम्रो संविधान बन्छ ।'

राजनीति सोझो रेखामा अगाडि बढ्दैन त्यसैले समयको माग र व्यक्तिगत परिवेशले निर्धारण गरेको अवस्था नै राजनीतिमा पछ्याउने बाटो हो भन्ने बिन्दाको भनाइ छ । बढी महत्वाकांक्षा वा चरम निराशा दुबै घातक हुन्छन् । त्यसैले देशको परिस्थिति र समयको माग अनुसार भविष्यमा अघि बढ्ने उहाँ बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | विमला केसी |
| ठेगाना स्थायी | : | सिम्ली गाविस-१, सिम्ली गाउँ, रूकुम, राप्ती |
| अस्थायी | : | रवीभवन, काठमाण्डौं- १४ |
| सम्पर्क ठेगाना | : | ०१-४२००१०८ (का), ९७४११७४७६७ (मो) |
| इमेल | : | bimalakc16@yahoo.com |
| जन्म मिति | : | २०३५/८/२ |
| जन्म स्थान | : | सिम्ली - १, रूकुम |
| आमाको नाम | : | मोती केसी |
| बुबाको नाम | : | डम्बरसिंह केसी |
| श्रीमान्‌को नाम | : | वसन्त शर्मा |
| शिक्षा | : | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# सङ्घर्षबिनाको जीवन पूर्ण हुँदैन

विमला केसीको विचारमा नेताले राजनीतिमा भविष्य देख्नुपर्छ र उहाँले पनि भविष्य देखेर नै यो क्षेत्रमा पाइला राख्नुभएको हो । समाजमा हुने अन्याय, अत्याचार, गरिबी, र सामन्ती सोच विरूद्ध सङ्घर्ष गरेर समाज परिवर्तन गर्ने लक्ष्य राखेर उहाँले राजनीतिमा प्रवेश गर्नुभएको हो ।

गाउँका धनीमानी र सामन्तिहरूले दलित, महिला, गरिब र आदिवासी/जनजातिलाई आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका शोषण र विभेद गरेको देख्दा विमलाको मनमा विद्रोह जाग्थ्यो । उहाँ भन्नुहुन्छ, 'म सानै देखि न्याय र अन्यायकाबारेमा सोच्ने गर्थें र पीडितलाई न्याय दिन सकिन्छ कि सकिन्न भनेर पनि चिन्तित हुन्थें ।'

विमला ६/७ वर्षको हुँदा उहाँको बुबाको निधन भयो । त्यतिबेला उहाँकी आमा २८ वर्षकी मात्र हुनुहुन्थ्यो । एकल महिला भएर पनि आमाले धेरै सङ्घर्ष गरेर छोराछोरीलाई हुर्काउनु भएको थियो । विमलाका कान्छा बुबा जनमोर्चा र ठूलोबुबा नेपाली काङ्ग्रेससँग आबद्ध हुनुहुन्थ्यो । त्यसबाट पनि उहाँलाई राजनीति बुझ्न केही सहज भयो । सानै उमेरदेखि उहाँले राजनीतिक गतिविधिहरूमा भाग लिन थाल्नुभएको थियो । २०५१ सालमा स्थानीय वासिन्दा गणेश शाहको हत्या हुँदा त्यसमा संलग्न भएको आरोपमा विमला पक्राउमा पर्नुभयो । त्यो घटनाले आफू अन्यायमा परेको अनुभूति गर्दै २०५२ सालमा विमला तत्कालीन नेकपा माओवादीले सुरू गरेको 'जनयुद्ध'मा सामेल हुनुभयो ।

प्रारम्भमा विमला पार्टीको स्थानीय सुरक्षा दलमा आबद्ध हुनुभयो । सो दलमा ९ जना सहभागी रहेकामध्ये उहाँ एक्लो महिला हुनुहुन्थ्यो । राजनीतिको बाटोमा हिँड्दा कैयौंपटक उहाँले परिवारका साथै पार्टीबाटसमेत सहयोग पाउनु भएन । सुरूमा उहाँ पार्टीमा सक्रिय हुनुहुन्छ भन्ने कुरा पार्टीका केही साथीहरूले नै नपत्याएको कुरा

उहाँ अहिले पनि सम्झनुहुन्छ । २०५२ फाल्गुन १४ गते ६ जना खत्री बन्धुहरूलाई प्रहरीले माओवादीको आरोपमा पक्राउ गरी हत्या गरेपछि पार्टीका साथीहरूमा डर र त्रास फैलिएको थियो, केही साथीहरूले घरमा फर्कन आग्रह गरेका थिए । 'मेरो टिमका धेरै साथीहरूले मलाई घर फर्किने सल्लाह दिएका थिए तर यसले मलाई अझै बढी साहस प्रदान गरेको थियो । म अविचलित रूपमा पार्टीको काममा लागिरहे,' विमला बताउनुहुन्छ ।

२०५३ सालमा विमला नेकपा माओवादी को क्षेत्रीय सदस्य हुनुभयो । २०५७ सालमा उहाँ जिल्ला सदस्य र २०६० सालमा क्षेत्रीय ब्युरो सदस्य हुनुभयो । २०६३ सालदेखि हालसम्म उहाँ एनेकपा (माओवादी) मगरात राज्य समिति सचिवालय सदस्य हुनुहुन्छ । यसका अतिरिक्त विमलाले रूकुम र अर्घाखाँची जिल्लाको पार्टी सह-इन्चार्ज र अनेमसङ्घ (क्रान्तिकारी) को इकाइदेखि केन्द्रीय सचिवालय सदस्यसम्मको कार्यभार सम्हालिसक्नु भएको छ ।

विमलाले 'जनयुद्ध'को अवधिमा आगजनी, डाँका, चोरीलगायतका राजनीतिक मुद्दा खेप्नुका साथै सुरक्षाकर्मी, परिवार तथा नातेदारबाट पनि मानसिक र शारीरिक हिंसा तथा यातना पनि भोग्नु भएको छ । संविधानसभा सदस्य चुनिएको विषयलाई लिएर उहाँ भन्नुहुन्छ, 'म र म जस्ता अरू पनि निरन्तर क्रियाशील र प्रतिबद्ध राजनीतिक कार्यकर्ताका लागि संविधानसभाको सदस्य बन्ने अवसर प्राप्त हुनु अचम्मको विषय होइन ।'

विमला संविधानसभा अन्तर्गत संवैधानिक निकायको संरचना निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गत राज्यव्यवस्था समितिको सदस्य हुनुहुन्छ । संविधानसभाको विषयगत समितिको बैठकमा धेरैवटा संवैधानिक आयोग बनाउने माग भए पनि उहाँले विद्यमान महिला आयोग र दलित आयोगलाई संवैधानिक रूप दिने, आदिवासी/जनजाति मधेसी, मुस्लिम, अपाङ्ग र पछाडि पारिएकाहरूको प्रतिनिधित्व गर्ने आयोग गठन गर्ने र विद्यमान संवैधानिक निकायहरू पनि कायमै राख्ने विषयमा जोड दिनुभएको छ । आफूले उठाएका अधिकांश विषयहरू प्रतिवेदनमा समेटिएकाले संविधानसभामा फरक मत राख्नुपर्ने अवस्था नआएको विमला बताउनुहुन्छ ।

संविधानसभाको बैठकमा विमलाले नागरिकता, पैतृक सम्पत्तिमा छोरा र छोरीको समान अधिकार, वंशजको अधिकार, समान कामका लागि समान ज्याला, महिलाले गर्ने घरायसी कामको मूल्याङ्कन, आर्थिक विकासमा सहभागिता लगायतका विषयमा पनि जोड दिनुभयो । नारी कुनै पनि किसिमले पुरूषभन्दा कम छैनन्, तसर्थ महिलालाई दया होइन अवसर र न्याय दिनुपर्छ भन्ने विमलाको भनाइ छ । वर्गीयरूपमा असमानता कायम रहेसम्म न्याय हुन सक्दैन त्यसैले सबैभन्दा पहिले वर्गीय मुक्तिको आवश्यकता छ भन्ने पनि उहाँको मान्यता छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाका प्रतिवेदनहरू अग्रगामी भए पनि राज्यका हरेक निकायमा महिलाको समान सहभागिता सुनिश्चित गराउने कुरा अझै छुटेका छन्, त्यसलाई समावेश गरिनुपर्छ ।'

संविधानसभा जनताका एजेण्डा प्रस्तुत गर्ने थलो भए पनि त्यहाँ आफ्ना कुरा राख्न समय पर्याप्त नभएको विमलाको भनाइ छ । महिलाका मुद्दाहरू नयाँ बन्ने संविधानमा समावेश गराउनका लागि लागि पुरूष सदस्यहरूको सहयोग ठीकै र महिलाहरूबीच संवाद पनि एकहदसम्म राम्रै रहेको विमलाको ठम्याइ छ । तैपनि, उहाँको विचारमा नयाँ संविधानमा महिलाका मुद्दाहरू सशक्त ढङ्गले समावेश गराउन नसक्नुका पछाडि सम्पूर्ण महिला सदस्यको एकताको अभाव र महिलाको मुद्दाले महत्व नपाउने कारणहरू पनि रहेका छन् । साथै महिलाका

विषयमा पुरूष सदस्यहरूले व्यङ्ग्य गर्दा विमलालाई नमीठो लाग्नुका साथै उहाँको चित्त पनि दुख्छ । उहाँ भन्नुहुन्छ, 'अहिले आएर पनि महिलाका मुद्दालाई सम्बोधन गर्न सकिएन भने स्थिति अझ जटिल हुनछ । त्यसैले विभिन्न दलबाट प्रतिनिधित्व गर्ने महिला सदस्यको आवाजलाई एकताबद्ध रूपमा उठाउन, सरोकारवाला निकाय, राजनीतिक दलहरूमा दबाब सृजना गर्न महिला ककसको गठन भएको छ । यसले संविधानसभाभित्र सम्पूर्ण महिला सदस्यहरूलाई एकै ठाउँमा उभ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।' त्यस्तै संविधानसभाभित्र समयको पालना हुन नसकेको, कुरा राख्न समय नपुगेको तथा एजेण्डाभन्दा बाहिर गई छलफल गर्ने प्रवृति रहेको पनि विमला बताउनुहुन्छ ।

संविधान निर्माण कार्य जटील बन्दै गइरहेको विमलाको बुझाइ छ । उहाँको विचारमा संविधान निर्माणका कामहरू पर्याप्तरूपमा अगाडि बढाउन नसकिएका कारण जनतालाई जवाफ दिन पनि कठिन अवस्था आएको छ । उहाँ भन्नुहुन्छ, 'अहिले यथास्थितिवाद र अग्रगमनबीच अघोषित द्वन्द्व भइरहेको छ र हामी अग्रगमनका लागि लडिरहेका छौं र मतान्तरबीच छलफल र सहकार्यको प्रयास पनि भइरहेको छ । मुलुकलाई नयाँ संविधान दिनका लागि हामी क्रियाशील छौं र एउटा सभासद्का हैसियतले जेजति भूमिका निर्वाह गर्नुपर्ने हो सो पनि निभाइरहेका छौं ।'

विमलालाई धेरैजसो नेताहरूले स्वतन्त्र निर्णय गर्न सक्दैनन् भन्ने लागेको छ । उहाँ भन्नुहुन्छ, 'हाम्रो राजनीतिक संस्कार दिक्कलाग्दो छ । संविधानसभाको सदस्यको हैसियतले संविधान बनाउन नसक्दा र व्यवस्थापिका संसद् सदस्यको हैसियतले एउटा प्रधानमन्त्री पनि छान्न नसक्दा मलाई अनौठो र दिक्क पनि लाग्छ । यस्तो अवस्थामा आफै असफल भएको हो कि भन्ने पनि लाग्छ । तर, हामी यी कुराहरू जनतालाई स्पष्टरूपमा भन्ने र जनताको निर्णय स्वीकार गर्ने पक्षमा छौं ।'

अहिले संविधानसभा र व्यवस्थापिका संसद्को विधि र प्रक्रिया आफू अनुकूल प्रयोग हुन थालेको विमलालाई लागेको छ । कुनै दलले बहुमत ल्याउन नसकेको अवस्थामा के गर्ने भन्नेबारे समयमा नै सोचेर संविधानमा व्यवस्था गर्न सकिएको भए यस्तो सङ्कटपूर्ण अवस्था नआउने उहाँको धारणा छ । तर, मुलुकलाई अनिर्णयमा पुऱ्याउने यस्ता विषयमा पहिल्यै सोच्न नसकेका विषयलाई उहाँ सम्बन्धित पक्षको कमजोरी मान्नुहुन्छ । तर, हिजो युद्धको अवस्थामा विचलित नभएको मन अहिलेको अवस्थामा विचलित हुन नहुने र राष्ट्रिय स्वाधीनता र अधिकार प्राप्तीका विषयमा कसैसँग सम्झौता गर्न नहुने विचार पनि उहाँ व्यक्त गर्नुहुन्छ ।

विमलाको विचारमा जनता के कुरा सही र के कुरा गलत भन्ने छुट्याउन सक्षम छन् । त्यसैले सही निर्णय गर्ने क्षमता र हिम्मत नेताहरूमा हुनुपर्छ । उहाँ आफ्नो अनुभवबारे भन्नुहुन्छ, 'मेरा केही तीतामीठा अनुभवहरू छन् । युद्धका क्रममा धेरै घनिष्ट मित्रहरू आफ्नै आँखा अगाडि गुमाएकी छु । सङ्घर्षबिनाको जीवन पूर्ण हुँदैन । युद्धका क्रममा धेरै राजनीतिक मोर्चा सम्हालेको, गाउँघरको पीडा देखेको र भोगेको पनि छु । युद्धकालमा मैले आठ महिनाको नानी छाडेर जाँदाको पीडा मेरा लागि कम पीडादायी थिएन । मेरी आमाले म जहाँ पुगे पनि नानी लिएर आइपुग्नुहुन्थ्यो । यसले मलाई यो कुरा सिकायो कि अवसर पाएमा महिलाहरू जस्तोसुकै चुनौती बहन गर्न पनि तयार र सक्षम छन् ।'



**व्यक्तिगत विवरण**

नाम : विमला नेपाली
ठेगाना स्थायी : धर्ना गाविस-८, डाँगी गाउँ, दाङ, राप्ती
अस्थायी : पुरानो बानेश्वर, काठमाण्डौं
सम्पर्क ठेगाना : ९७४११०४१८८ (मो)
इमेल : nbimala2009@yahoo.com
जन्म मिति : २०३५/८/२०
जन्म स्थान : डाँगी गाउँ, दाङ
आमाको नाम : इन्द्रदेवी नेपाली
बुबाको नाम : मोतीलाल नेपाली
शिक्षा : प्रवीणता प्रमाणपत्र तह
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# राजनीतिलाई बुझेपछि

विमला नेपालीको परिवार राजनीतिक रूपले सचेत थियो। विमलाका बुबा २००७ सालदेखि नै नेपाली काङ्ग्रेसका कार्यकर्ता हुनुहुन्थ्यो। २०३६ सालको जनमत सङ्ग्रहमा बहुदल व्यवस्थाको पक्षमा प्रचारप्रसार गर्न उहाँ रातिराति पर्चा छर्ने गर्नुहुन्थ्यो। दाजुहरू पनि राजनीतिमा सक्रिय हुनुहुन्थ्यो। मामाघरतिर पनि सबैजना काङ्ग्रेसमै आबद्ध हुनुहुन्थ्यो। पूरै परिवारै राजनीतिकरूपले सचेत भएका कारण विमलालाई राजनीतिमा आउन गाऱ्हो भएन।

गाउँमा हत्तपत्त दलितका छोराछोरीले स्कुल जान पाउँदैनथे। तर विमलाको परिवार राजनीतिक रूपले सचेत भएकाले उहाँले भने पढ्ने मौका पाउनुभयो। छोरी मानिसले पढ्नुहुन्न र बाहिर जानुहुन्न भन्ने तत्कालीन मान्यतालाई भत्काउँदै महिला पनि मान्छे हो भनेर उहाँ अगाडि बढ्नुभयो। छोराछोरीलाई पढ्न पठाएकै कारणले गाउँमा विमलाको परिवारको खिसी गरिन्थ्यो। कतिले त उहाँको बुबाआमालाई छोरीलाई पढाएर के गर्छस्, छोरी पढेर कहाँ कहाँ लाग्छे भनेर पनि सुनाउने गर्थे। तर, उहाँको परिवारलाई त्यस्ता कुनै पनि नकारात्मक कुराले प्रभाव पार्न सकेन।

अहिले स्थिति बदलिएको छ। हिजो समाजका जुन मानिसले विमलाको आमा बुबालाई छोरीलाई पढाएर बर्बाद गऱ्यौ भनेका थिए, आज उनीहरू नै छोरीले ठीक गरिछे भन्न थालेका छन्। मुलुकमा ठूलो परिवर्तन नआए पनि आफ्नो समाजमा आएको यो परिवर्तनले विमलालाई सन्तोष मिलेको छ। दलित समुदायका सवाललाई नीति निर्माण तहसम्म पुऱ्याउने हो भने सांसद् बन्नुपर्छ भनेर उहाँ कल्पना गर्नुहुन्थ्यो। नभन्दै अहिले पार्टीले उहाँलाई संविधान बनाउने संविधानसभाको सदस्य बनाएको छ। उहाँ भन्नुहुन्छ, 'गरिब दलित महिलाले सङ्घर्ष गर्दै यो ठाउँसम्म आइपुग्नु नै ठूलै कुरा हो।'

विमला सानो छँदा समाजमा दलितलाई हेप्ने, सामाजिक कार्यहरूमा बहिष्कार गर्नेजस्ता क्रियाकलापलाई उहाँले नजिकैबाट भोग्नुभएको थियो। साथै आफ्ना गाउँका नेताहरू खुमबहादुर खड्का र बलदेव मजगैया लगायतका

भाषण पनि विमलाले सानै उमेरदेखि सुन्दै आउनु भएको थियो । समाजमा आफूजस्ता दलितलाई छुवाछुत गर्ने र हेप्ने कुप्रथा हटाउने हो भने राजनीतिमै लाग्नुपर्छ भन्ने उहाँलाई त्यही बेलामा नै लागिसकेको थियो ।

कक्षा ८ मा नारायणपुरमा पढ्दै विमलाले नेपाली काङ्ग्रेससँग निकट नेविसङ्घ इकाइको सदस्यता लिनु भएको थियो र मामाहरूसँगै उहाँ पार्टीको काममा पनि हिँड्नुहुन्थ्यो । विशेषगरी दलित विद्यार्थीलाई सङ्गठित गर्ने काममा उहाँ लाग्नुभयो । पछि उहाँले स्कुल इकाइको कोषाध्यक्षको जिम्मेवारी पनि लिनुभयो र बिस्तारै गाउँघरमा राजनीतिबारे प्रशिक्षण पनि दिन थाल्नुभयो ।

माध्यमिक विद्यालयको पढाइ सिध्याएर विमला दाङको महेन्द्र बहुमुखी क्याम्पसमा भर्ना हुनुभयो र त्यहाँबाटै उहाँको वास्तविक राजनीतिक यात्रा सुरु भयो । २०५४ सालमा उहाँले क्याम्पसमा स्वतन्त्र उत्पीडित दलित विद्यार्थी युनियन भनेर छुट्टै सङ्गठन खोल्नुभयो । दाङ जिल्लामा दलित विद्यार्थी कति छन् र उनीहरूको वास्तविक जीवनस्तर कस्तो छ भनेर खोतल्न थाल्नुभयो । २०५५ सालमा दाङ जिल्लाका माध्यमिक तहमा पढ्ने दलित विद्यार्थीको तथ्याङ्क लिने र उनीहरूका घरघरमा गएर राजनीतिक प्रशिक्षण दिन पनि उहाँले आरम्भ गर्नुभयो । दलित विद्यार्थीका हकहितका लागि नवगठित युनियनले धेरै काम गर्न सफल भयो । क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन हुँदा दलित विद्यार्थीका लागि कोटा छुट्याउने, आर्थिकस्थिति कमजोर भएका विद्यार्थीलाई छात्रवृत्ति दिलाउने र अति गरिब दलित विद्यार्थीलाई निःशुल्क पढाउने व्यवस्था गराउनसमेत युनियन सफल भयो ।

प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेपछि थप अध्ययन गर्न विमला काठमाण्डौं आउनुभयो । पढाइ सँगसँगै उहाँले काठमाण्डौंमा उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिमा खरिदारको रूपमा काम गर्नुभयो । कार्यालयको काम गर्दै पार्टीको काममा पनि उहाँ निरन्तर लाग्नुभयो । २०५८ सालमा नेपाल दलित सङ्घको विराटनगरमा सम्पन्न दोस्रो महाधिवेशनबाट उहाँ केन्द्रीय आमन्त्रित सदस्य बन्नुभयो । यसै क्रममा २०६२/६३ को जनआन्दोलन सुरु भयो । आन्दोलनमा सक्रिय भएकै कारण उहाँ पटकपटक हिरासतमा पर्नुभयो । यसले कार्यालयको काममा बाधा पुग्न थाल्यो । एकदिन हाकिमले उहाँलाई 'जागिर रोज्ने कि सडक ?' भनेर सोधे । उहाँको जवाफ थियो, 'सडक' । उहाँलाई तत्कालै अवकास पत्र दिइयो । त्यसपछि उहाँ पूर्णरूममै जनआन्दोलनमा लाग्नुभयो ।

नेपाली काङ्ग्रेसमा आबद्ध हुँदै विमलाले पहिले विद्यार्थी र त्यसपछि दलित समुदायका लागि काम गर्नुभयो । सङ्घमा क्रियाशील हुँदै २०६६ मा नेपाल दलित सङ्घको तेस्रो महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भई हाल उहाँले केन्द्रीय कोषाध्यक्षको जिम्मेवारी सम्हाल्नु भएको छ । २०६१ मा पार्टीको क्रियाशील सदस्य भई पार्टीको १२ औँ महाधिवेशनमा महाधिवेशन प्रतिनिधि रहनु भएको हो ।

गैर सरकारी संस्था मार्फत सामाजिक सेवामा समेत उहाँको राम्रो अनुभव छ । विमला २०५१ सालदेखि नेपाल राष्ट्रिय दलित समाजकल्याण सङ्घ दाङ जिल्ला सदस्य हुँदै २०६१ साल देखि हालसम्म उक्त सङ्घको केन्द्रीय सदस्य भई दलित समुदायको उत्थान र विकासमा संलग्न हुनुहुन्छ ।

संविधानसभा सदस्य भएपछि, विमला व्यवस्थापिका संसद्तर्फ महिला, बालबालिका तथा समाजकल्याण समिति र संविधानसभातर्फ न्यायिक प्रणाली समितिमा सदस्य रहनुभएको छ । ती समितिमा महिला, बालबालिका र वृद्धवृद्धाका कुरा उहाँले उठाउनुभएको छ । ग्रामीण महिलाका लागि घुम्ती र गाउँ अदालत गठन गर्नुपर्छ भन्ने पनि उहाँको प्रस्ताव छ । राज्यका विभिन्न तहमा दलित, जनजाति, महिलालाई समानुपातिक सहभागिता नगराउँदासम्म समाजमा परिवर्तन नहुने विमलाको स्पष्ट मान्यता छ ।

हिजो दलित भनेर समाजले पछाडि पारेको समुदायलाई आज राज्यले विशेष क्षतिपूर्ति दिनुपर्ने र राज्यका हरेक तहमा दलितका लागि आरक्षणको व्यवस्था हुनुपर्ने आवाज पनि विमलाले उठाउनुभएको छ । दलित विरोधी छुवाछुत प्रथा, खलो प्रथा, डोली प्रथा, सिनो प्रथा अन्त्य भएको कुरा संविधानमै लेखिनुपर्छ भन्ने उहाँको जोडदार माग छ ।

राजनीतिको तल्लो निकायदेखि काम गर्दै संविधानसभासम्म पुग्नुलाई विमला आफ्नो राजनीतिक सफलता ठान्नुहुन्छ । भन्नुहुन्छ, 'छोरी मान्छेलाई राजनीति गर्न दिनुहुन्न भन्ने मानसिकता भएको समाजलाई पन्छाउँदै आज यहाँसम्म आइपुग्नु न मेरो लागि ठूलो उपलब्धि हो । छोरी मान्छेले राजनीति गर्नु हुँदैन भनेर कोठैमा बसेका भए दलितका छोरीहरूको व्यथा संविधानसभाजस्तो गरिमामय सभामा कसले पुऱ्याउँथ्यो ?'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : विमला सुवेदी |
| ठेगाना स्थायी | : कुमारी गाविस-३, अमलटार, नुवाकोट, बाग्मती |
| अस्थायी | : माछापोखरी, कुमारीथान, काठमाण्डौं-१६ |
| सम्पर्क ठेगाना | : ९८४१६२३७७६ (मो) |
| जन्म मिति | : २०३६/४/२३ |
| जन्म स्थान | : कुमारी गाविस-३, नुवाकोट |
| आमाको नाम | : नीलकुमारी सुवेदी |
| बुबाको नाम | : गोमराज सुवेदी |
| श्रीमान्को नाम | : पुष्प लामिछाने |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# हामीले जनसमक्ष गरेको धेरै वाचालाई पूरा गर्नु छ

नुवाकोट-१ बाट संविधानसभाको प्रत्यक्ष निर्वाचनमा विजयी विमला सुवेदी भन्नुहुन्छ, 'मैले राजनीतिमा केही पाउँछु भनेर प्रवेश गरेकी थिइनँ तर यो ऐतिहासिक जिम्मेवारी प्राप्त हुँदा मलाई गर्वको अनुभूति भइरहेको छ । संविधानसभा भवनभित्र प्रवेश गर्दा हरेकपटक मलाई गर्वको अनुभव हुन्छ, र आफूमाथिको दायित्वले चुनौतीको अनुभव गराउँछ ।'

समाजमा रहेको जातीय छुवाछुत, असमानता र विभेदले विमला सुवेदीको युवा मन मस्तिष्कलाई निकै प्रभावित पारेको थियो । समाजमा ठूला जातकाले साना जातका भनिनेहरूलाई दबाएको, शोषण गरेको र छुवाछुत गरेको देखेर उहाँको मनमा विद्रोहको भावना जाग्थ्यो र त्यस्तो सामाजिक तथा आर्थिक संरचनालाई परिवर्तन गर्न आफूले पनि केही गर्नैपर्छ भन्ने लाग्थ्यो । समाजमा दलितहरूलाई अछुतोको रूपमा लिइन्थ्यो । दलित मात्र होइन महिलाहरूमाथि हुने विभेद र हिंसा देखेर पनि उहाँ निकै नै असन्तुष्ट हुनुभयो । महिलाहरूले घरभित्र र खेतीपातीका दुबै काम गर्नुपर्दथ्यो तर पुरूषहरूले घरभित्रका काम छुँदैन थिए र मुख्यतया उनीहरू पैसा आउने कामहरू सम्हाल्थे ।

विमला सात सन्तानमध्ये कान्छी छोरी हुनुहुन्छ । आजको अवस्थामा आइपुग्न उहाँका जेठा दाजु कृष्णप्रसाद सुवेदीले उहाँलाई निकै नै सघाउनु भएको उहाँको भनाइ छ । छोरीहरूलाई शिक्षा दिनु हुँदैन भन्ने बुबाआमाको मान्यताका कारण आठ वर्ष पुग्दासम्म उहाँले विद्यालयको आँगनसम्म टेक्न पाउनु भएको थिएन । तर दाजुले उहाँलाई समसामयिक विषयकाबारेमा बताउनुका साथै शिक्षाको अवसर जुटाइदिनुभयो । दाजुले उहाँलाई कैलाली जिल्लाको धनगडी पुऱ्याएर त्यहाँको एउटा स्कुलमा एकैचोटि कक्षा ३ मा भर्ना गराउनुभयो । विमलाले त्यही वर्ष राम्रो अङ्क ल्याएर कक्षा ३ को परीक्षा उत्तीर्ण गर्नुभयो । २०५२ सालमा एसएलसी उत्तीर्ण गर्दासम्म उहाँ कक्षाको प्रथम विद्यार्थी हुनुहुन्थ्यो । प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण हुने उहाँ गाउँकै पहिलो छात्रासमेत हुनुभयो ।

एसएलसी उत्तीर्ण भइसकेपछि विमला साथी लक्ष्मी मुडवरीका साथ पद्मकन्या क्याम्पसमा विज्ञान विषय पढ्नेगरी काठमाण्डौं आउनुभयो । उहाँहरू दुबैले प्रवेशपरीक्षा उत्तीर्ण गर्नुभयो, तर नेकपा (माओवादी) पार्टीले त्यही समयमा 'जनयुद्ध'को घोषणा गरेकाले उहाँहरू दुबैले पद्मकन्या क्याम्पस छाडेर नेपालटार स्थित ग्रामीण आदर्श बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र पढ्न थाल्नुभयो । पढाइसँगै पार्टीका गतिविधिमा संलग्न हुनुभएकी विमला सुवेदी त्यही वर्ष भूमिगत हुनुभएको थियो ।

दश वर्षको उमेरमै विमला पञ्चायतविरोधी २०४६ सालको जनआन्दोलनमा सहभागी भइसक्नुभएको थियो । शिक्षक चन्द्रकान्त पौडेलको प्रेरणाबाट उहाँले विद्यालयको विद्यार्थी युनियनमा सक्रियतापूर्वक काम गर्नुभयो । उहाँ २०४६ साल चैत २८ गते अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) छैटौंको सदस्य बन्नुभयो । २०४८ सालको आमनिर्वाचनको प्रचारमा हिँड्दा विमलाले संसदीय चुनाव, राजनीति र नेतृत्व सम्बन्धी नयाँ अनुभव गर्नुभएको थियो । निर्वाचनको प्रचारप्रसार गर्न उहाँले कलाकारको रूपमा जिम्मेवारी लिनुभएको थियो । २०५२ साल माघमा उहाँ अनेरास्ववियु नुवाकोटको जिल्ला सचिव बन्नुभयो । त्यही वर्ष उहाँले पार्टीको सदस्यता समेत लिनुभएको थियो ।

वि.सं. २०५२ भदौमा विमला अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को नुवाकोटको अध्यक्ष बन्नुभयो र त्यसको दुई वर्षपछि केन्द्रीय सदस्य बन्नुभयो । पार्टीभित्र उहाँले इलाका इन्चार्ज, सचिवालय सदस्य, उप-ब्युरो सदस्य, गण्डक क्षेत्रीय ब्यूरो सदस्य, ताम्सालिङ राज्य समिति सचिवालय सदस्य, मधेसी राज्य समिति सदस्य, बारा जिल्ला इन्चार्ज समेतका विभिन्न हैसियतमा रही कार्य गर्नुभयो । जनमुक्ति सेना (पिएलए) को सुरक्षा टोलीमा सह कमान्डरको रूपमा समेत उहाँले जिम्मेवारी निर्वाह गर्नुभएको थियो । पार्टी र महिला सङ्घका विभिन्न हैसियतमा जिम्मेवारी निर्वाह गरिसकेपछि उहाँ अहिले पार्टीको नुवाकोट जिल्लाको सह-इन्चार्ज र अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को केन्द्रीय समितिको सचिवालय सदस्य हुनुहुन्छ ।

धादिङको धुसा गाविसमा भूमिगत रहेको अवस्थामै विमलाले नेकपा (माओवादी) नुवाकोटका जिल्ला सचिव पुष्प लामिछानेसँग २०५६ साल फागुन २२ गते विवाह गर्नुभयो । युद्धविरामको अवधिमा २०५८ साउन २१ गते उहाँले जुम्ल्याहा छोरा विश्व लामिछाने र विजय लामिछानेलाई जन्म दिनुभयो । जुम्ल्याहा ती छोरालाई लिएर उहाँ माइत जानुभयो र पुनः युद्ध आरम्भ भएपछि २०५८ मङ्सिर ८ गते फेरि भूमिगत हुनुभयो ।

हाल संविधानसभामा आफू संलग्न संवैधानिक निकायको संरचना निर्धारण समितिमा विमलाले खासगरी महिला आयोगलाई संवैधानिक बनाउनु पर्दछ भनेर धारणा राख्नुभएको छ । महिला र अन्य विषयमा उहाँले उठाउनुभएका धेरै कुरालाई मस्यौदा प्रतिवेदमा सम्बोधन गरिएको भए पनि राज्य पुनर्संरचना, राज्यको शासकीय स्वरूप, न्यायिक प्रणाली लगायतका विषय भने ओझेलमा परेको उहाँको भनाइ छ । साथै संविधानमा व्यवस्था गरिने अन्य आयोगहरूको निर्माण, गठन प्रक्रिया र अधिकार एवम् जिम्मेवारी समेतका विषयमा पनि उहाँले आफ्ना धारणाहरू राख्नुभएको छ । एक सयवटाभन्दा बढी बैठक सम्पन्न गरिसकेको समितिले प्रारम्भिक मस्यौदा तयार पारिसकेको छ ।

विमलाले आफूलाई राजनीतिमा अनवरत प्रयत्नपछि मात्र स्थापित गर्न सक्नुभएको हो । उहाँ भन्नुहुन्छ, 'राजनीतिक जीवन निकै कठिनाइपूर्ण हुन्छ । राज्यको सम्पूर्ण संरचना नै हाम्रा विरूद्ध खनिएको थियो, हामीमाथि आतङ्ककारीको छाप लगाइएको थियो, र कतिपय सञ्चार माध्यम पनि हाम्रा विरूद्धमा थिए । युद्धमा हामीले धेरै साथी गुमायौँ र हामी सेनाको निरन्तर निगरानीमा थियौँ ।' 'जनयुद्ध'का अवधिमा धेरै महिलाको हत्या र बलात्कार भएको थियो । तत्कालीन शासकका सुरक्षा फौजले नुवाकोटको खड्ग भन्ज्याङ्ग गाविसमा पार्टीका दुईजना महिला सहकर्मीलाई नाङ्गै घिसारेर लगिएको र पछि हत्या गरिएको घटनालाई उहाँ जीवनमा कहिल्यै बिर्सन सक्नुहुन्न । उहाँको विचारमा आजको संविधानसभामा महिलाहरूले महत्वपूर्ण स्थान पाउनुमा एनेकपा (माओवादी)कै प्रयास बढी जिम्मेवार छ । 'हामीलाई आतङ्ककारी भन्नेहरू नै आज हामीलाई सम्मान गर्दछन्,' उहाँ गर्वका साथ भन्नुहुन्छ, 'हामीमाथि अहिले चौतर्फी दबाब छ, हाम्रा व्यक्तिगत कुरालाई थाँती राखेर पनि हामीले संविधान जारी गर्नुछ, पार्टीको जिम्मेवारी पूरा गर्नुछ र जनताका लागि काम गर्नूछ । तर, कताकता हामीले जनतालाई न्याय गर्न सक्षम नभएको मलाई अहिले अनुभूति भइरहेको छ ।'

समानताका लागि लामो सङ्घर्ष गरेर देशमा ठूलो राजनीतिक परिवर्तन आएपनि समाजले पुरूष र महिलालाई गर्ने व्यवहारमा अझै विभेद रहेको विमलाको अनुभव छ । यी विभेद संविधानसभाभित्र पनि प्रस्टै देख्न सकिने उहाँ बताउनुहुन्छ । 'गहिरोरूपमा जरा गाडेको पितृसत्तात्मक विचारधाराकै फलस्वरूप अझै पनि महिलालाई हेयको दृष्टिले हेरिन्छ । महिलाहरूलाई समान अवसर प्रदान गरिएको छैन । महिलाहरूबीच पनि उच्च वर्गका महिलालाई सञ्चारमाध्यमले बढी स्थान दिइरहेका छन् । सञ्चारमाध्यमले सबै महिला सभासद्लाई समान व्यवहार गरेको छैन' उहाँ भन्नुहुन्छ ।

विमला आफ्नो राजनीतिक जीवनप्रति गर्व गर्नुहुन्छ र भविष्यमा पनि राजनीति मार्फत जनताप्रति समर्पित रहने उहाँको चाहना छ । उहाँ भन्नुहुन्छ, 'हामीले जनसमक्ष गरेका धेरै वाचालाई पूरा गर्नूछ । नयाँ संविधानले जनभावनालाई सम्बोधन गर्न सक्नुपर्छ, त्यसपछि मात्र हाम्रो दायित्व पूरा हुनेछ ।'



**व्यक्तिगत विवरण**

नाम : विमला मिजार
ठेगाना स्थायी : पुवारे गाउँ, रौता गाविस-५, उदयपुर, सगरमाथा
अस्थायी : शान्तिनगर, काठमाण्डौं- ३४
सम्पर्क ठेगाना : ९७४११५८१३५ (मो)
जन्म मिति : २०१०/०८/१५
जन्म स्थान : रौता गाविस–५,उदयपुर
आमाको नाम : स्व. शनिमाया मिजार
बुबाको नाम : स्व. वीरबहादुर मिजार
श्रीमान्को नाम : निरबहादुर मिजार
शिक्षा : साधारण लेखपढ
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक

# मान्छे भएर मान्छेजस्तो जिउन पाइयोस्

२०६० सालको कुरा हो, रौता गाविस-९ राजाबास भन्ने ठाउँमा एकपल्ट विमला मिजारकी दलित साथी एकजना क्षेत्रीको घरमा छिरेकी थिइन् । त्यही निहुँमा सँगसँगै पार्टीकै काममा हिँडेका तीनजनालाई 'दलित भएर घर भित्र पसेको' भन्दै निर्घात कुटपिट गरियो । हामी पनि मानव हौं, हामीले केही बिगार गरेका छैनौं, महिलामाथि हातपात नगर्नुहोस् भन्दाभन्दै पनि सयौंको सङ्ख्यामा भेला भएका स्थानीयले उनीहरूलाई कुटपिट गरे । विमला भन्नुहुन्छ, 'हामीले बोकेको चार हजार रूपैयाँ पनि उनीहरूले खोसे । त्यसपछि तीनैजना मिलेर काठमाण्डौंमा अधिकारकर्मीलाई फोन गरेर न्याय माग्यौं । केही दिनपछि कुटपिटमा संलग्नहरू पक्राउ परे र लुटिएको पैसा पनि फिर्ता भयो ।' तर त्यसपछि उहाँहरूलाई गाउँमा मार्ने धम्की आउन थाल्यो, जीऊ ज्यानको सुरक्षा भएन ।

दलित भएका कारण दलित, महिला र सुकुम्बासीको आवाजको प्रतिनिधित्व गर्ने विमला मिजारले मानवअधिकारकर्मीको सहयोगमा न्याय त पाउनुभयो तर त्यो न्यायले उहाँलाई गाउँमा बस्नै नसक्नेगरी लखेट्यो । त्यसकारणले गर्दा पनि सानी छोरी श्रीमान्को जिम्मा लगाएर उहाँ माओवादी पार्टीको सम्पर्कमा पुग्नुभयो र भूमिगत हुनुभयो । त्यतिबेला उहाँ माओवादी पार्टीमा आबद्ध रहेका कारण पार्टीको ग्रामीण इलाकामा हुने कार्यक्रमहरूमा भाग लिने गर्नुहुन्थ्यो । र, उहाँ पार्टीको दलित मुक्तिमोर्चा सदस्य पनि हुनुहुन्थ्यो ।

बाबुआमाको दशौं सन्तानको रूपमा जन्मनुभएकी विमलाको परिवार चरम गरिबीको मारमा परेकोले उहाँले आफ्नो गाउँमा स्कूल नभएर पढ्ने अवसर पाउनु भएन । तर, निरबहादुर मिजारसँग बिहे भएपछि उहाँकै हौसला र सहयोगले उहाँले साधारण लेखपढ गर्न सिक्नुभयो । श्रीमान्कै सहयोगले अन्याय, अत्याचार, दमन र थिचोमिचोविरूद्ध सङ्घर्ष गर्न पनि सिक्नुभयो । उहाँले मार्क्सवादी सिद्धान्त नपढे पनि वामपन्थी आन्दोलनबाट प्रभावित भएर उहाँ यसमा संलग्न हुनुभयो ।

विमलाका श्रीमान्, दुई छोरी र एक छोरा पनि हाल एनेकपा (माओवादी) पार्टीमै आबद्ध छन् । राजनीतिमा पहिल्यैदेखि संलग्न रहेका दाजुहरूकै सँगतले विमलामा अन्याय र असमानता विरूद्ध लड्न सङ्गठित हुनुपर्छ भन्ने छाप परेको थियो । समाजको दलितप्रतिको हेय दृष्टिकोण, छुवाछुत गर्ने अमानवीय चलन र अन्याय अत्याचारपूर्ण व्यवहारले गाउँमा टिक्ने अवस्था समेत थिएन । त्यसमाथि महिलाले राजनैतिक पार्टीमा लाग्दा र सामाजिक गतिविधिमा हिँड्दा गाउँलेहरूले 'पोथी बासेको' आरोप लगाउँथे । बाटोमा हिँड्नै हुँदैनथ्यो, सबैले खिल्ली उडाउँथे । गाउँलेको यस्तो व्यवहारले उहाँलाई अत्यन्त नमीठो र गहिरो पीडाको अनुभूति हुन्थ्यो । त्यही पीडाले गर्दा डेढ वर्षकी छोरीलाई श्रीमान्को जिम्मा लगाएर विमलाले माओवादी पार्टीमा पूर्ण रूपले लाग्नुभएको थियो ।

विमलाको अनुभवमा, अधिकार कसैले पनि सजिलोसँग लिनुस् भनेर दिँदैन । दलितको अधिकार दलित आफैँले खोज्नुपर्छ । त्यसैले गाईवस्तुजस्तो सोझो भएर अधिकार पर्खेर बस्नु हुँदैन । त्यसैले त्यसै मर्नुभन्दा बरू केही गरेरै मर्छु भन्ने भावनाले प्रेरित भएर विमलाले सक्रिय राजनीतिमा लाग्नुभयो । विमलाका अनुसार, जातभात र छुवाछुतको सम्बन्धमा सहरमा प्रचारप्रसार गरिएजस्तो गाउँमा समानता र न्याय छैन । गाउँघरका दलित महिलाहरूले अझै पनि शिक्षा लिन पाएका छैनन् । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले आयोजना गर्ने तालिम र गोष्ठीहरूमा भाग लिन सकेका छैनन् । दलितले अहिले पनि अत्यन्त अपहेलित भएर बाँच्नु परिरहेको अवस्था छ । अत्यधिक दलितहरू सुकुम्बासी छन् र उनीहरू दाउरा बेचेर जीविकोपार्जन गर्छन् । दलितको आर्थिक अवस्था सुधार्न पाए, उनीहरूको स्वास्थ्य र शैक्षिक स्तर उकास्न पाए र राज्य संयन्त्रमा उनीहरूको पहुँच पुऱ्याउन पाए विमला आफ्नो लक्ष्य पूरा भएको सम्झनु हुनेथियो ।

संविधानसभा जस्तो सम्मानित सभाको सदस्य हुन पाउँदा र दलित, महिला र सुकुम्बासीहरूको आवाज त्यहाँ उठाउन पाउँदा उहाँ आफ्नो पार्टी एनेकपा (माओवादी)लाई हृदयदेखि नै धन्यवाद दिनुहुन्छ । उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ, 'यहाँ आएर धेरै कुरा सिक्न पाएँ, जान्न पाएँ । हामीजस्ता दलित महिला पनि यहाँसम्म आउन सकिँदो रहेछ भन्ने आत्मविश्वास बढाउन पाएँ । राज्यका हरेक तहमा यसरी नै महिला पुगे भने थोरै भए पनि आफ्नो अधिकार निश्चित गर्न सकिन्छ भन्ने पनि अनुभव गर्न पाएँ ।' संविधानसभातर्फ नागरिक सम्बन्ध समिति र व्यवस्थापिका संसद्तर्फ प्राकृतिक स्रोत र साधन समितिको उहाँ सदस्य हुनुहुन्छ ।

विमलाले संविधानसभामा विशेष गरी दलित महिलाहरूलाई राज्यको हरेक अङ्गमा पुऱ्याउनुपर्छ भनेर निरन्तर आवाज उठाइरहनुभएको छ । २४० वर्षदेखि दलित तथा सुकुम्बासी महिलाहरू दबिएर बस्न विवश छन् । उहाँ भन्नुहुन्छ, 'राज्यको नीतिनिर्माण गर्ने तहमा महिलालाई ३३ प्रतिशत आरक्षणले मात्र पुग्दैन । त्यहाँ महिलाको समानुपातिक र समावेशी सहभागिता नै गराउनुपर्छ ।'

आर्थिक हैसियत र जात हेरेर महिला तथा दलितलाई मानिस नै नगन्ने प्रवृत्तिले विमलालाई निकै नै मर्माहत बनाउँछ । संविधानसभामा पनि धनी र विपन्न महिला सभासद्बीचको सोचाइ र व्यवहारमा निकै नै असमानता र अन्तर रहेको उहाँको अनुभव छ । महिलाका जातीय, शिक्षा, आर्थिक, र धर्म संस्कृतिका भिन्नताका कारणले गर्दा पनि महिला सभासद्हरूलाई एकजुट हुन कठिन परेको उहाँ बताउनु हुन्छ । महिलालाई महिलाले नै कहिलेकाहीँ पछाडि पार्ने धारणा विमलाको छ ।

दलित भएकोले विमलाले अरू समुदायका सभासद् महिलाका तुलनामा छुट्टै र थप समस्या पनि भोग्नु परेको छ । संविधानसभाको सदस्य भएर काठमाण्डौं आएपछि दलित भएकै कारणले डेरा पाउन विमलालाई निकै नै गाह्रो परेपछि पार्टीले नै डेरा खोज्न पहल गरिदिएको थियो । संविधानसभा राति अबेरसम्म बैठक चल्दा डेरामा फर्कन यातायातको सुविधा नभएकोले रातीको बैठकले निकै नै अप्ठेरो पार्ने पनि उहाँको गुनासो छ । उहाँ भन्नुहुन्छ, 'यहाँ सबैले आर्थिक हैसियत त हेर्छन् नै तर थर बताउने बित्तिकै नाक पनि खुम्च्याउँछन् । हामी दलित सभासद्हरूलाई त मान्छे गनिँदैन भने गाउँका उत्पीडित, दलित, सुकुम्बासीहरूलाई कस्तो व्यवहार हुँदो हो विचार गर्नुस् त ।'

विमलाले हालसम्म अन्तर्राष्ट्रियस्तरका गोष्ठी तथा तालिममा भाग लिन विदेश जाने अवसर पाउनुभएको छैन । तर, काठमाण्डौंमा आयोजना हुने तालिम र गोष्ठीहरूले पनि विभिन्न विषयमा ज्ञान र अनुभव दिएको उहाँ बताउनुहुन्छ । दलित महिलालाई केही निश्चित कोटा छुट्याई विदेश भ्रमण गराएर यस्ता तालिम दिएमा अनुभव र क्षमता हासिल हुने उहाँको धारणा छ । पढाइ लेखाइ नभएकाले कतिपय मामिलामा कहिलेकाहीँ कहाँ, कसलाई, के भन्ने र गाउँकै विकासका लागि पनि कसरी बजेट बनाउने भन्नेमा उहाँ निकै असमन्जसमा परेको अनुभव गर्नुहुन्छ ।

घरको काम पनि भ्याउनुपर्ने, बच्चाबच्ची पनि हेर्नुपर्ने भएकाले महिला सभासद्हरूले संविधानसभा बैठकमा समयमै पुग्न नसक्ने र पुरूष सभासद्हरूले जस्तो दौडधुप गर्न नसक्ने जस्ता धेरै समस्या छन् । महिलाका समस्या समाधान गर्न पुरूष सभासद्ले बाहिर देखाउने दाँत एउटा र चपाउने दाँत अर्कै भएजस्तो व्यवहार गर्ने उहाँको अनुभव छ ।

जनताले जे भनेर सभासद्हरूले संविधानसभामा चुनेर पठाए त्यही हुनुपर्थ्यो । तर, त्यस्तो हुन नसक्नुमा संविधानसभाको बैठक प्रक्रिया नमिलेर नै हो भन्ने उहाँलाई लाग्छ । समय परिस्थिति हेरेर अगाडि बढ्ने तर राजनीति नछाड्ने उहाँको सङ्कल्प छ । उहाँ भन्नुहुन्छ– 'पूँजीपति वर्गको विरूद्धमा हामी निम्न वर्गका मानिसले निरन्तर लड्न आवश्यक छ । चाहना हुँदाहुँदै पनि गाउँमा स्कुल नभएर पढ्न नपाएकोमा मलाई अझै दुःख लाग्छ । कतै जाँदा मन उज्यालो पारेर गयो, दलित भनेर थाहा पाउने बित्तिकै मान्छेहरूले अर्कै दृष्टिले हेर्न थाल्छन् । हेर्दा सबैको हातखुट्टा, शरीर, अनुहार उस्तै हो तैपनि दलित भएपछि थाहापाए पछि हामिलाई राम्रो व्यवहार गर्दैनन् ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : बीना पौडेल |
| ठेगाना स्थायी | : चैनपुर-९ पौडेलटोल, सङ्खुवासभा, कोशी |
| अस्थायी | : महाकाल, गल्फुटार, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४३७९४१२/०२९-५७०१३२ (नि)<br>९८४१२५३४२६ (मो) |
| जन्म मिति | : २०१६/५/२० |
| जन्म स्थान | : भोजपुर |
| आमाको नाम | : तारादेवी कोइराला |
| बुबाको नाम | : गंगाप्रसाद कोइराला |
| श्रीमान्को नाम | : मेदिनीप्रसाद शर्मा पौडेल |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीतिमा प्रवेश गर्न महिलालाई अभिप्रेरित गर्न चाहन्छु

बीना पौडेलले मुखियाबाजे भनेर गाउँभर चिनिनुभएका उहाँको हजुरबुबा उद्धवप्रसाद कोइरालाबाट सानै उमेरमा राजनीतिक क्षेत्रमा लाग्ने प्रेरणा पाउनुभयो । हजुरबुबा २००७ सालको क्रान्तिदेखि निर्दलीय पञ्चायती व्यवस्थाको विरूद्धमा भएका लोकतान्त्रिक आन्दोलनहरूसम्म निरन्तर सहभागी हुनुभएको थियो । उहाँ नेपाली काङ्ग्रेसको सक्रिय नेता पनि हुनुहुन्थ्यो । बीनाले बुबा र काका हेमराज कोइराला तथा डा. गोपालप्रसाद कोइरालाको राजनीतिक सान्निध्यबाट पनि प्रेरणा लिनुभएको थियो । उहाँहरू तीनैविरूद्ध तत्कालीन सरकारले अराष्ट्रिय तत्वको छाप लगाएपछि २०१७ देखि २०२६ सालसम्म उहाँहरूले १० वर्ष भारतमा निर्वासित जीवन बिताउनु परेको थियो ।

बीनाका बुबा वन विभागमा सरकारी जागिरे हुनुहुन्थ्यो । काका हेमराज कोइराला भोजपुर जिल्लाको सभापति र डा. गोपालप्रसाद कोइराला संसद् सदस्य हुनुहुन्थ्यो । डा. गोपालप्रसाद कोइराला अहिले पार्टीको महासमिति सदस्य हुनुहुन्छ । पञ्चायतविरोधी विचारधारका कारण बीनाको परिवारले धेरै कठिन समय गुजार्नु परेको थियो । त्यसबखत शासकहरूले उहाँहरूका घरलाई निगरानी गरिरहन्थे र प्रशासनले दु:ख दिइरहन्थ्यो । यही कारणले पनि उहाँमा पञ्चायती व्यवस्थाप्रति वितृष्णा र घृणा जागेको थियो । बीनालाई आफूले सात वर्षको उमेरदेखि नै नेपाली काङ्ग्रेसको झण्डा बोकेर राजनीतिक ऱ्यालीमा सहभागी भएको सम्झना छ, जुनबेला उहाँले राजनीति के हो बुझ्नुसमेत भएको थिएन ।

२०२६ सालमा बुबा भारतबाट नेपाल फर्केपछि मात्र उहाँले राजनीतिक परिदृश्य बुझ्न थाल्नुभयो । राजनीतिक क्षेत्रमा बीनाको वास्तविक यात्रा २०२८ सालमा प्रारम्भ भएको हो । २०२९ सालदेखि उहाँ आफ्ना हजुरबुबा, बुबा र काकाहरूको पदचिह्नलाई पछ्याउँदै लोकतान्त्रिक आन्दोलनमा सक्रिय हुनभयो । त्यसबखत उहाँ माध्यमिक तहको नेपाली विद्यार्थी सङ्घको सदस्य बन्नुभएको थियो । यही पदमा उहाँ २०३३ सालसम्म रहनुभयो । २०३३

सालमा भोजपुरमा प्रवीणता प्रमाणपत्र तहमा अध्ययनरत रहेकै समयमा मेदिनीप्रसाद शर्मासँग उहाँको विवाह भयो । बीनाले २०५६ सालमा पद्मकन्या क्याम्पस काठमाण्डौंबाट इतिहास विषय लिएर स्नातक तह उत्तीर्ण गर्नुभयो ।

विवाहपछि पनि राजनीतिक क्षेत्रमा लागिरहने विनाको लालसा थियो । तर, श्रीमान्को जागिरका कारण यसमा अवरोध भयो । अहिले अवकाश लिइसक्नुभएका उहाँका श्रीमान्ले नेपाल नागरिक उड्डयन प्राधिकरण र गृहमन्त्रालयमा सेवा गर्नुभएको थियो । २०३७ सालसम्ममा उहाँका दुई सन्तान भइसकेका थिए र बच्चा हुर्काउनकै लागि उहाँ २०४२ सालसम्म घरमै बस्नुभयो । तर त्यसपछि राजनीतिमा पुनः प्रवेश गरेका कारण छोरालाई पर्याप्त समय दिन नपाए पनि उनीहरूले आ–आफ्ना क्षेत्रमा राम्रै गरिरहेकाले उहाँलाई गर्वको अनुभूति छ । उहाँको एउटा छोरा बिपी स्मृति अस्पताल, धरानमा चिकित्सक छन् भने अर्को छोरा फ्रान्सको एयरबस कम्पनीमा कार्यरत छन् ।

लामो समयसम्म पार्टीका कुनै पनि पदमा नरहे पनि २०४२ सालको सत्याग्रह र २०४६ सालको जनआन्दोलनमा बीना सहभागी हुनुभएको थियो । २०४८ सालमा उहाँ नेपाल महिला सङ्घको इकाइको सभापति बन्नुभयो । त्यही वर्ष उहाँ सङ्खुवासभामा पार्टीको सदस्य चुनिनु भयो र २०५२ र २०५६ सालमा पार्टीको महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुनुभयो । उहाँ २०६२ देखि २०६४ सम्म पार्टीको जिल्ला कोषाध्यक्ष बन्नुभएको थियो । उहाँले बहुउद्देश्यीय सामुदायिक विकास केन्द्र नामको स्थानीय गैरसरकारी संस्थामा आबद्ध भएर गाउँगाउँमा प्रौढ शिक्षा, आयआर्जन लगायतका कार्यक्रम सञ्चालन गर्नुभयो । हाल, उहाँ पार्टीको महासमिति सदस्य, नेपाल महिला सङ्घको केन्द्रीय सदस्य तथा यसैको सङ्खुवासभा जिल्लाको अध्यक्ष पनि हुनुहुन्छ ।

राजनीतिक यात्राका क्रममा बीना धेरैपटक थुनामा पर्नुभएको थियो । २०२६ सालमा भोजपुरमा भएको विद्यार्थी आन्दोलनमा विद्यार्थी र प्रशासन बीच झडप हुँदा बीनासमेत नेपाली काङ्ग्रेस समर्थक विद्यार्थी नेताहरू पक्राउ परे । त्यसबेला उहाँ १० वर्ष मात्र पुग्नु भएको थियो । यो नै उहाँको जेलको पहिलो अनुभव थियो र यो क्रम धेरै पटक दोहोरियो । पछिल्लोपटक २०६२ साल माघ १९ गते उहाँ समेतका ४१ जना महिला राजनैतिक कार्यकर्ता जेल पर्नुभएको थियो । बीनाले राजनीतिमा संलग्न रहेकै कारण पनि धेरै किसिमका समस्या झेल्नुपऱ्यो । समाजले उहाँप्रति राम्रो दृष्टिकोण राख्दैन्थ्यो किनभने राजनीतिमा महिलाको सहभागिता त्यति स्वीकार्य थिएन । पार्टीकै साथीहरूको खुट्टा तान्ने प्रवृत्तिको पनि उहाँ सिकार हुनुपरेको थियो । आफूलाई यो स्थानसम्म ल्याइपुऱ्याउने आफ्ना अति निकट प्रियजनलाई उहाँले गुमाउनुभयो । यी अवरोधका बाबजुद बीना आफ्नो यात्रामा निरन्तर लाग्नुभयो र २०६४ मा सङ्खुवासभा जिल्लाबाट समानुपातिक प्रतिनिधित्वका आधारमा संविधानसभा सदस्यमा चुनिनुभयो । स्वभावैले यस ऐतिहासिक जिम्मेवारीले बीनालाई अत्यन्त खुशी तुल्याएको छ । 'मेरो परिश्रम, मेरो विश्वास, मेरा आदरणीय नेता तथा साथीहरू र परिवारको सहयोगले मलाई संविधानसभासम्म ल्याएको हो,' उहाँ भन्नुहुन्छ ।

संविधानसभा अन्तर्गतको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको सदस्यका हैसियतले संविधानसभामा बीनाले भाषासमेत राष्ट्रिय महत्वका धेरै विषयहरू उठाउनुभएको छ । मुलुकभर धेरै भाषा बोलिन्छन् र ती सबैलाई मान्यता दिनु पर्दछ भन्ने उहाँको मान्यता छ । सम्पत्तिको अधिकारका अलावा महिलाले वंशको

अधिकार पनि प्राप्त गर्नुपर्दछ भन्ने उहाँको धारणा छ । संविधानसभाका अन्य विषयगत समितिका प्रतिवेदनको छलफलमा समेत यस विषयलाई उहाँले उठाउनुभएको छ । परिवारमा छोरीलाई वंशका आधारमा कुनै स्थान दिइन्न, जुन सही होइन । विवाहपश्चात् कुनै कारणवश छोरीले पारपाचुके गरी माइतमा बस्न चाहेमा ती छोरीले उत्तराधिकारीको रूपमा हक पाउनुपर्दछ भन्ने पनि धारणा उहाँको छ । यो विषयलाई लिएर आफू लगायत अन्य महिला सभासद्हरूले निरन्तर पहल गरे पनि यसलाई सम्बोधन नगरिएको उहाँ जानकारी गराउनुहुन्छ । एकातिर संविधानसभामा पुरूष सभासद्को आवाज बढी सुनिने र अर्कातिर महिला सभासद्को आवाजलाई सञ्चार माध्यमले पनि प्रोत्साहित नगर्ने बिडम्बना अहिले छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा आउनुअघि महिलाले राजनीतिक र सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानलाई प्रचार गर्नुको सट्टा सञ्चार माध्यमले सानोतिनो काम गरेर महिलाहरू संविधानसभामा आएका हुन् भन्ने गलत प्रचार गरिरहेका छन् ।'

सङ्खुवासभा र तेह्रथुममा सम्पन्न जनमत सङ्कलन कार्यममा आफ्नो सहभागिता र संविधानसभामा गरिएका कार्य तथा त्यहाँबाट सिकेका कुराबाट आफूलाई गर्व र प्रसन्नताको अनुभूति भएको बीना बताउनुहुन्छ । तर, संविधान निर्माणको सम्पूर्ण प्रक्रियामा भइरहेको ढिलाइले उहाँलाई खिन्न बनाएको छ । उहाँको भनाइ छ, 'सभासद्हरूले समयलाई राम्रोसँग योजना गर्न सकेको भए यस्तो ढिलाइ हुँदैनथ्यो ।' संविधानका निम्ति छलफल र बहस गर्ने समय पर्याप्त नभएको र यही कारणले गर्दा पनि धेरै विषयहरू सुल्झन नसकेको उहाँ बताउनुहुन्छ ।

कठिन परिस्थितिमा पनि दृढ रहेर आफ्नो लक्ष्य प्राप्त गर्ने कुरामा प्रयत्नशील रहने बीनाको विशेषता नै हो । संविधानसभाका अन्य सदस्यहरू झैं बीनाले जिल्लामा विकास निर्माणका धेरै महत्वपूर्ण कार्यहरू गर्नुभएको छ । तीमध्ये उल्लेख गर्नैपर्ने क्षेत्र स्वास्थ्य हो । उहाँले स्वास्थ्य मन्त्रालय र भारतीय राजदूतावासको सहयोगमा आफ्नो गृह जिल्लाको प्रत्येक गाविसमा एम्बुलेन्स सेवा उपलब्ध गराउन पहल गर्नुका साथै २५ शैयाको अस्पताल निर्माण कार्यमा पनि उहाँ प्रयासरत हुनुहुन्छ । बीना भन्नुहुन्छ, 'मेरो राजनीतिक र सामाजिक आबद्धतालाई म निरन्तरता दिनेछु । म महिलाको, खासगरी दुर्गम महिलाको भलाईका लागि काम गर्नेछु र उनीहरूलाई राजनीतिमा आउन अझ प्रेरित गर्नेछु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : बिष्णु कुमारी राई |
| ठेगाना स्थायी | : मंगलबारे गाविस-३, इलाम |
| अस्थायी | : नखीपोट, ललितपुर |
| सम्पर्क ठेगाना | : ९८४२६३६९७५, ९८४११६८२६२ (मो) |
| जन्म मिति | : २०३३/०५/२८ |
| जन्म स्थान | : मंगलबारे, इलाम |
| आमाको नाम | : कृष्णकुमारी बन्तावा राई |
| बुबाको नाम | : राजकुमार राई |
| श्रीमान्को नाम | : पवन किराँती |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# आफैले रोजेको कठोर जीवन

जुन बेला सरकारले देशमा सङ्कटकाल घोषणा गरी तत्कालीन ने.क.पा माओवादीमाथि कठोर दमन चलाइरहेको थियो, त्यति बेला माओवादी भित्र कै कतिपय कार्यकर्ताहरू पार्टी छोडी हिँडिरहेका थिए । त्यस्तो बेलामा विष्णु कुमारी राईले भने आरामपूर्वक खुलेर राजनीति गरे पुग्ने माले-एमाले जस्तो खुल्ला पार्टी छोडेर माओवादी जस्तो राज्यले 'आतंकवादी' घोषणा गरेर निमिट्यान्नै पार्न खोजिरहेको भूमिगत पार्टीमा प्रवेश गर्नुभएको थियो ।

२०५२ सालमा उहाँले नेकपा (एमाले) को साधारण सदस्यता प्राप्त गर्नुभएको थियो । अन्याय र अत्याचार सहन नसक्ने उहाँजस्ता व्यक्तिहरूका लागि राजनीतिमा लाग्नुपर्ने धेरै कारणहरू मुलुकमा विद्यमान छन् । महिलाले पूर्ण अधिकार नपाएको, विभिन्न जाति तथा समुदायको राजनीतिक र सांस्कृतिक अधिकारमाथि कुठाराघात भएको र जनताका आधारभूत अधिकारहरू खोसिएको अवस्थालाई परिवर्तन गर्न सकिन्छ भन्ने सोचले पनि उहाँ राजनीतिप्रति आकर्षित हुनुभयो । एकलौटी शासन व्यवस्था चलाइरहेको राजतन्त्र विरूद्ध ने.क.पा माओवादीले 'जनयुद्ध' सुरू गरेको थियो । त्यसैले यो पार्टी राज्यको निशाना बनेको थियो । यस्तो अवस्थामा माओवादी पार्टी भित्र बसेर काम गर्नु सजिलो नभएपनि विष्णुकुमारी त्यतिबेला गाँउ-गाउँमा गएर वर्गीय मुक्तिको आन्दोलनलाई सफल पार्न लागिपर्नु हुन्थ्यो । त्यसरी 'जनयुद्ध'लाई सफल पार्न तन मन दिई सहयोग गर्ने गाउँले जनताका बीचमा बसेर काम गर्दा उहाँलाई आफूभित्र नयाँ ऊर्जा पैदा भएजस्तो लाग्थ्यो । साथै गाउँका जनताले देखाएको उत्साहले उहाँभित्र ठूलो जिम्मेवारीको पनि बोध हुन्थ्यो ।

वास्तवमा, सबैभन्दा पहिले विष्णुकुमारीले एमालेको सदस्यता लिई राजनीतिमा प्रवेश गर्नुभएको हो । राजनीतिमा लाग्नुको पछाडि विष्णुकुमारीको पारिवारिक पृष्ठभूमि पनि छ । उहाँका बुबा राजकुमार राई पनि तत्कालीन एमालेको कार्यकर्ता हुनुहुन्थ्यो । साथै उहाँका तीन दिदी, एक बहिनी, एक दाजु, दुई भाइ, एक भाउजु र एक

बुहारी पनि राजनीति मै सक्रिय थिए । २०५८ सालमा उहाँका बुबाले पनि तत्कालीन माले त्यागी माओवादी पार्टीमा प्रवेश गर्नुभएको थियो । उहाँले एमाले प्रवेश गर्नुभएको केही समय पछि नै पार्टी विभाजन भयो । उहाँ विभाजित माले पार्टीमा लाग्नुभयो । मालेले पनि जनताका समस्या समाधान गर्न केही गर्न नसकेको भन्ने उहाँलाई लागे पछि २०५८ सालमा उहाँले नेकपा (माओवादी) प्रवेश गर्नुभयो । माओवादीको स्थानीय गाउँ समितिको सदस्यको जिम्मेवारी लिएर उहाँले पार्टी प्रवेश गर्नुभएको थियो । त्यसपछि उहाँ राज्य समितिको सदस्य बन्नुभयो । अहिले पार्टीले उहाँलाई संविधानसभाको सदस्य बन्ने मौका दिएर संविधान लेख्ने जिम्मेवारी समेत सुम्पेको छ ।

यसरी गाउँले जनताको सहयोग लिई 'जनयुद्ध'लाई अघि बढाउँदै जाँदा 'जनयुद्ध' चर्किँदै गयो । गाउँ गाउँमा मिलिसिया टोली खटाई राजनैतिक लडाइँ लड्न माओवादीहरू सक्रिय भए । यस क्रममा धेरै पटक विष्णुकुमारी सेनाको घेरा भित्र पर्नुभएको थियो । तर हरेक पटक घेरा तोडी बाँच्न उहाँ सफल हुनुभयो । कैयौं पटक सेनाको घेरा तोडेर भाग्दा आफू बाँच्न सफल भए पनि आफू सँगै हिँडेका आफ्ना साथीहरू सेनाको गोली लागेर मृत्यु हुँदा उहाँ असाध्यै दुःखी हुनुभएको क्षणहरू पनि छन् । मर्ने साथीहरूको शवलाई पार्टीको झण्डा ओढाई सधैँको लागि विदाइ गर्दा विष्णुकुमारी पनि धेरैपटक भावनात्मक पीडाले छटपटाउनु भएको थियो । उहाँ भन्नुहुन्छ, 'तर त्यस्ता पीडाका अनुभवहरूलाई आक्रोशमा बद्लेर सहिदको सपना पूरा गर्ने अठोटका साथ बिना हिचकिचाहट युद्ध मैदानमा होमी मृत्युलाई नजिकैबाट सामना गरेकी छु ।' शाही सेनाले नाईट भिजन हेलिकप्टर प्रयोग गरेर गाउँमा र माओवादीहरू लुकेको ठाउँमा सर्च गर्दा रातारातै एउटा गाउँबाट अर्को गाउँ भाग्नु पर्ने, रातभरि विभिन्न सेल्टर र बंकरहरूमा लुकेर बस्नु पर्ने ती दिनहरू सम्झँदा अहिले पनि विष्णुकुमारीको शरीरमा करेन्ट लागे झैँ हुन्छ । वास्तवमा, उहाँ र उहाँ जस्तै हजारौं युवाहरूले ज्यानको पर्वाह नगरी सामाजिक र राजनीतिक परिवर्तनका लागि गरेको आन्दोलनको फलस्वरूप नै आज देशमा गणतन्त्र स्थापना हुन सकेको पनि उहाँको दावी छ । विष्णु कुमारीका अनुसार उहाँका भाइ कटक साङ्पाङ्लाई २०५९ मा सरकार द्वारा बेपत्ता परिएको हो । उहाँ अनेरास्ववीय (क्रान्तिकारी) का केन्द्रीय समिति सदस्य र तत्कालीन नेकपा (माओवादी) का जिल्ला समिति सदस्य हुनुहुन्थ्यो । हालसम्म पनि उहाँ बेपत्ता हुनुहुन्छ ।

'जनयुद्ध'ताका युद्धको मैदानमा कुदिरहँदा विष्णुकुमारीले आफू संविधानसभाको सदस्य बन्छु भनेर कहिल्यै सोच्नु भएको थिएन । तर, पार्टीले समानुपातिक तर्फबाट उहाँलाई पनि संविधानसभाको सदस्य बन्ने मौका दिँदा उहाँलाई एउटा युद्ध मैदानबाट अर्को युद्ध मैदानमा पुगे जस्तो अनुभव भएको छ । संविधानसभाबाट नयाँ संविधान बनाउन सबैजना लागिरहेका छन्, तर आफूले कल्पना गरेको जस्तो संविधान बनाउन नसक्दा भने उहाँलाई दुःख पनि लागिरहेको छ ।

संविधानसभामा उहाँ प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिमा बसेर काम गरिरहनुभएको छ । सो समितिमा उहाँले सम्पूर्ण महिला तथा आदिवासी/जनजातिहरूको अधिकारका विषयमा कुरा उठाउनुभएको छ । उहाँले उठाउनुभएका केही मुद्दाहरूले मस्यौदा संविधानमा स्थान पाएको छ । स्थान नपाएका मुद्दामा उहाँले फरक मत राख्नुभएको छ । राज्यको हरेक निकायमा महिलाहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भनेर उहाँले प्राथमिकतापूर्वक उठाउनुभएको भएको थियो । तर, यो मागले अहिलेसम्म पूर्णता पाउन सकेको छैन । महिलाका

मुद्दाहरूलाई लिएर फरक महिलाहरूको फरक धारणा रहेको छ र यसो हुनुमा एउटै मुद्दामा पनि फरक बुझाइ भएर हो भन्ने विष्णुकुमारीलाई लाग्छ । त्यसकारणले ती मुद्दाहरूको एकमुष्ठ सम्बोधनमा समस्या पर्ने गरेको छ । महिला अधिकारका सवालमा खास गरी चारवटा मागहरू पूरा हुनै पर्ने उहाँको ठहर छ : १) आमाको नामबाट नागरिकता, २) पैतृक सम्पतिमाथि छोरीको पनि समान अधिकार, ३) आर्थिक स्वतन्त्रता ४) सामाजिक अधिकार ।

युद्धको मैदानदेखि संविधान बनाउने थलोसम्मको आफ्नो यात्रालाई विष्णुकुमारी दुःखै दुःख वा सुखै सुखको यात्रा भन्नुहुन्न । समग्रमा, उहाँको लागि यो एउटा दुःख र सुख मिश्रित यात्रा हो । उहाँ भन्नुहुन्छ, 'जनताका लागि काम गर्नु बाहेक अब जीवनमा अर्को विकल्प छैन ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : विष्णुमाया विक |
| ठेगाना स्थायी | : म्याङलुङ्–४, गोदाम टोल, तेह्रथुम |
| अस्थायी | : बुद्धनगर, काठमाण्डौं–१० |
| सम्पर्क ठेगाना | : ९७४२०१२३३२, ९८४१९९०९२९ (मो) |
| जन्म मिति | : २०३१/१०/१५ |
| जन्म स्थान | : ढोरफिर्दी–७, तनहुँ |
| आमाको नाम | : फूलमती विक |
| बुबाको नाम | : हरिलाल विक |
| श्रीमान्को नाम | : जुद्धबहादुर रसाइली |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# सम्मान होइन, विभेदको अन्त्य होस्

विष्णुमाया विकका बुबा आरनमा काम गर्नुहुन्थ्यो । बुबाले विष्टहरूका लागि कुटोकोदालो बनाउनुहुन्थ्यो । त्यसबापत उहाँको परिवारले बिष्टहरूबाट धानको मौसममा धान र मकैको मौसममा मकै पाउँथ्यो । त्यसैबाट उहाँहरूको परिवारको गुजारा चल्थ्यो । विगत सम्फदै विष्णुमाया भन्नुहुन्छ, 'वर्षको एकपटक दशैंमा मात्र नयाँ लुगा हालिन्थ्यो । त्यही लुगामा स्कुल, मेलापात धाउनुपर्थ्यो र जहिल्यै त्यही लुगा लगाएर बसिन्थ्यो । परिवारको आर्थिक अवस्था असाध्यै कमजोर भएकाले दाजुले ५ कक्षामै पढाइ छाड्नुभयो । तर मैले कक्षा ५ देखि छात्रावृत्ति पाउने सौभाग्य पाएकोले मेरो पढाइ छुटेन ।'

विष्णुमायाका बुबाले विष्णुमायालगायत पाँच सन्तान हुर्काउन निकै मिहिनेत गर्नुपऱ्यो । विष्णुमायालाई सानैदेखि पढाइमा धेरै रूचि थियो । तर, गरिबीले गर्दा उहाँले स्कूल भर्ना हुन पाउनु भएको थिएन । एकपल्ट गाउँकै ब्राह्मणका छोरीहरूसँग खेल्दै गर्दा उनीहरूले 'तँ पनि स्कुल जान्छेस्' भनेर विष्णुमायालाई सोधे । त्यसपछि विष्णुमायाले 'जान्छु' भनि स्कुलमा भर्ना नै नभइ साथीहरूसँगै स्कुल जान थाल्नुभयो । स्कुलमा पढ्न थालेको करिब एक महिनापछि विष्णुमाया स्कुलमा भर्ना भएको छैन भनेर स्कुल प्रशासनले थाहा पाएर उहाँको बुबालाई विष्णुमायालाई स्कुल भर्ना गर्न भनेछन् । त्यसपछि बुबाले विष्णुमायालाई तालवेशीघारी प्राथमिक विद्यालयमा कक्षा ३ मा भर्ना गरिदिनुभयो । असाध्यै मेहनत गरेर उहाँ कक्षा ३ मा प्रथम हुनुभयो । तर दलितकी छोरी भएकोले विष्णुमायाले अरू विद्यार्थीले जस्तो माया र पुरस्कार पाउनुभएन । त्यतिबेला समाजमा जातीय छुवाछुत र भेदभाव असाध्य बलियो थियो । उहाँ र अन्य दलितले जहाँतही छुवाछुत र हेलाँको पात्र बन्नुपर्थ्यो । विष्णुमायाले भोग्दै आउनु भएका जातीय छुवाछुत र दुर्व्यवहारका नमीठा अनुभवहरूले सानै उमेरदेखि नै उहाँको मनमा विद्रोहको भावना जागिसकेको थियो ।

२०४५ सालमा तनहुँको माध्यमिक विद्यालयमा पढ्दै गर्दा विष्णुमाया अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) प्रारम्भिक कमिटीको सदस्य हुनुभयो । तर उहाँले राजनीतिमा लाग्नु भएको परिवारलाई चित्त बुझेन । २०५१ सालमा अखिल नेपाल महिला सङ्घको गाउँ कमिटी सचिव भएर विभिन्न कार्यक्रमहरूमा भाग लिन जाँदा समाजले उहाँको निकै कुरा काट्यो । बुबाआमालाई पनि बहकाए । छोरीले राजनीतिमा लागेको चित्त नबुझे पनि बुबाआमाले उहाँलाई राजनीतिमा लाग्न रोक्नु चाहिँ भएन । २०५४ सालमा पृथ्वीनारायण क्याम्पसमा पढ्दै गर्दा उहाँ अखिल नेपाल महिला सङ्घको राष्ट्रिय परिषद् सदस्य हुनुभयो । २०५५ सालमा उहाँले एमालेको पार्टी सदस्यता लिनुभयो ।

विष्णुमायाको बिहेको कुरा चलेपछि उहाँले हुनेवाला श्रीमान्लाई बिहे अघि नै भेटेर आफ्ना राजनैतिक संलग्नताबारे बुझाउनुभयो र नेपाली सेनाका जुद्धबहादुर रसाइलीसँग उहाँको २०५६ सालमा मागी विवाह भयो । भर्खर-भर्खर बिहे भएको र राजनीतिको खुड्किलो पनि चढ्न लागेको त्यो समयमा समाजले उहाँको निकै कुरा काट्थे । उहाँका श्रीमान् र सासुलाई साँझ बिहान र रातमा पनि 'विष्णुमाया बाहिर अरू केटाहरूसँग हिँडी' भनेर कुरा लगाउँथे । तर, श्रीमान्ले उहाँलाई विश्वास गर्ने र उहाँको कुरा बुझ्ने भएकाले समाजका त्यस्ता नकरात्मक कुराहरूसँग लड्न विष्णुमायालाई बल मिल्थ्यो । श्रीमान्ले विष्णुमायालाई साथ दिन आमालाई समेत सम्झाउनुहुन्थ्यो ।

विष्णुमायाले पार्टीलाई लामो समय पुऱ्याउनु भएको योगदानका आधारमा नेकपा (एमाले)ले समानुपातिक तर्फबाट उहाँलाई संविधानसभाको सदस्य चुन्यो । उहाँ हाल संविधानसभा अन्तर्गतको प्राकृतिक स्रोत, आथिक अधिकार तथा राजस्व बाँडफाँड समिति तथा व्यवस्थापिका संसद्तर्फ राज्यव्यवस्था समितिको सदस्य हुनुहुन्छ । विष्णुमायाले समितिका बैठकहरूमा प्राकृतिक स्रोतसाधनको परिचालन गर्दा त्यसको पहिलो अंशियार दलितवर्ग हुनुपर्छ भनेर आवाज उठाउनुभएको छ । उहाँ प्रश्न गर्नुहुन्छ, 'समाजमा सदियौंदेखि हेपिएका, चेपिएका दलित वर्गलाई पहिले त्यो अवसर नदिई अरू कसलाई दिने? तर मेरो यो आवाजको सुनुवाइ नहुँदा मलाई दु:ख लागिरहेको छ ।'

राज्यका सम्पूर्ण निकायमा दलित, सीमान्तकृत र अल्पसङ्ख्यक समुदायलाई उनीहरूको जातीय जनसंख्याको आधारमा समावेश गर्नुपर्छ र उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता अधिकारहरू सुनिश्चित हुनुपर्छ भनेर उहाँले संविधानसभामा कुरा उठाउनु भएको छ । नागरिकताका सवालमा, नेपाली महिलाले विदेशी पुरूषसँग बिहे गर्दा १५ वर्षपछि मात्र नागरिकता पाउने तर विदेशी महिलाले नेपाली पुरूषसँग बिहे गर्दा तुरून्तै नागरिकता पाउने प्रावधानको उहाँ खुलेरै विरोध गर्नुहुन्छ । त्यसैगरी नेपाली महिलाले वंशको अधिकार पाउनुपर्ने, बलात्कारबाट जन्मिएका र बाबु नचिनिएका सन्तानले पनि वंशजको नागरिकता पाउनुपर्ने उहाँको माग छ । छोराले बुहारी ल्याएझैं छोरीले पनि ज्वाइँ ल्याई आफ्नै बुबाको घरमा बस्न पाउनुपर्ने प्रावधान संविधानमा समेट्न पनि उहाँ जोड गर्नुहुन्छ । महिलाका यी सबै अधिकार प्राप्त गर्नका लागि महिलाहरू एकजुट भएर समयसमयमा आन्दोलन गर्नुपर्ने र पार्टीभन्दा माथि उठ्नुपर्ने उहाँको धारणा छ ।

काठमाडौँ बाहिरका जिल्लाका संविधानसभा सदस्यहरूका लागि काठमाण्डौंमा आएर बस्नु निकै कठिन भएको विष्णुमायाको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'पार्टीले ह्वीप जारी गर्नासाथ बैठकमा अनिवार्य उपस्थित हुनुपर्छ । तर,

बाहिरी जिल्लाका सभासद्का लागि काठमाण्डौंमा डेरा लिएर बस्न निकै कठिन छ । महिला, त्यसमा पनि साना बच्चा भएका महिला सभासद्का लागि त अझ गाह्रो । यहाँ प्रायःजसो महत्वपूर्ण बैठकहरू राति १२ बजे हुने गर्छन् । त्यस्ता बैठकहरूमा बस्दा बालबच्चा भएका महिला सभासद्का पीडा कस्तो होला' उहाँ थप्नुहुन्छ, 'रातको बीचमा बैठक सकेर लखरलखर हिंडेर डेरामा पुग्दा धेरै मानसिक त्रासदी भोग्नुपर्छ । लुटेरा, बलात्कारी, हत्याराको बिगबिगी भएको काठमाण्डौं सहरमा जीउज्यानको सुरक्षा छैन ।' विष्णुमाया आफ्नो समितिमा एक मात्र दलित सदस्य हुनुहुन्छ । दलित र छुवाछुतको सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'राजधानी काठमाण्डौं दलितलाई छुवाछुत गर्ने मामिलामा गाउँघरभन्दा पनि अग्रणी रहेछ । कतिपय यहाँका मानिसहरूको जीवनशैली उच्चस्तरको भएपनि विचार तुच्छ हुने रहेछ । महिला, त्यसमाथि दलितले यहाँ डेरा पाउन थर लुकाएर हिँड्नुपर्ने अवस्था छ ।'

विष्णुमाया आफू चाकडी गर्न नजान्ने सोझो सभासद् रहेको दाबी गर्नुहुन्छ । उहाँका नाता पर्ने कुनै बलिया नेता पनि छैनन् । त्यसैले पनि अहिलेसम्म कुनै गोष्ठी, सम्मेलन र तालीमहरूमा भाग लिन विदेश जाने मौका नपाउनु भएको भन्ने उहाँको गुनासो छ । तर, काठमाण्डौं र जिल्लाहरूमा विभिन्न सङ्घसंस्थाहरूले आयोजना गर्ने राष्ट्रियस्तरका गोष्ठी र तालिमहरूमा उहाँले धेरैपल्ट भाग लिने मौका पाउनु भएको छ । ती गोष्ठी तथा तालिमहरूबाट धेरै नयाँ कुरा सुन्न र सिक्न पाएको उहाँ बताउनुहुन्छ ।

सम्पत्ति हुने र अलि राम्रा लुगा लगाएर ठाँटिएर हिँड्ने तथा गरिब र सादा लुगा लगाएर हिँड्नेहरूलाई समाजले गर्ने व्यवहार फरक छ । विष्णुमायाले यस्तो व्यवहार बच्चैदेखि भोग्दै आउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'सम्पत्ति हुनेहरूले सम्मान पाउँछन् । पूँजीपति वर्गका, अलि ठाँटिएर हिँड्ने, हुनेखाने, खाइलाग्दा पुरुष वा महिलाको भित्री विचार जस्तो भएपनि उनीहरूले सम्मान पाउँछन् । म जस्तो साधारण जीवन जीउने महिलाले सँधै भेदभाव सहनुपर्ने स्थिति छ । संविधानसभा भवनभित्र समेत मर्यादापालकले राम्रो लुगा लगाएर ठाँटिएर आउने र सिधासादा भएर हिँड्ने महिला सदस्यहरूलाई गर्ने व्यवहारले यो कुरा प्रष्टयाउँछ ।' उहाँ थप्नु हुन्छ, 'मानिस ठूलो वा सानो जातले होइन उसको काम र विचारले हुन्छ । त्यसैले म र म जस्ता अरू दलितहरूलाई अनावश्यक सम्मान चाहिएको पनि होइन, हामीमाथि हुने अमानवीय भेदभावको अन्त्य होस् भन्ने मात्र मेरो चाहना हो ।'



### व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | बिभा कुमारी कार्की |
| ठेगाना स्थायी | : | सपही गाविस-१, हनुमानगञ्ज टोल, बारा, नारायणी |
| अस्थायी | : | गोठाटार गाविस, काँडाघारी, भक्तपुर |
| सम्पर्क ठेगाना | : | ९८४१९४२५४३ (मो) |
| जन्म मिति | : | २०२४/३/१८ |
| जन्म स्थान | : | झ्यांकु गाविस, दोलखा |
| आमाको नाम | : | जसोदा देवी कार्की |
| बुबाको नाम | : | मकर बहादुर कार्की |
| शिक्षा | : | प्रमाणपत्र तह |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# साइकल चढेरै जनताका काममा

बिभाकुमारी सुरूमा बिपी कोइरालाका पुस्तकबाट प्रभावित भइ नेपाली काङ्ग्रेसको विद्यार्थी सङ्गठनमार्फत राजनीतिमा आउनुभएको थियो । तर, साथी दीपा मैनालीले 'आफ्नो वर्ग पहिचान' गरेर राजनीतिमा लाग्नू भन्दै दिएको सल्लाहअनुसार पछि उहाँले समाज विकासका चरण र संसारका श्रमिकसम्बन्धी किताबहरूको अध्ययन गर्न थाल्नुभयो । यी पुस्तकबाट वामपन्थी राजनीतितर्फ आकर्षित हुँदै उहाँ अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) र नेकपा (एमाले) को सदस्य भई गाउँ कमिटीमा चुनिनुभयो । राजनीतिमा संलग्न हुँदा उहाँको उमेर १३/१४ वर्षको मात्र थियो ।

तर काङ्ग्रेसबाट वामपन्थी विचारधारातर्फ आकर्षित हुनुभएकी बिभालाई सुरू सुरूमा अनेरास्ववियूले पत्याएन । त्यसैकारण, एमाले नेता छविलाल उप्रेतीले उहाँलाई निकै सोधपुछ गर्नुभयो । वामपन्थी साहित्य पढेर आफ्ना विचारमा आएका परिवर्तनकाबारेमा बताएपछि मात्र उहाँलाई पार्टीले विश्वास गऱ्यो र त्यसपछि उहाँले भूमिगतरूपमा काम गर्न थाल्नुभयो ।

राजनीतिमा लागेपछि बिभाले कुनै जागिर खानेतर्फ ध्यान दिनुभएन र कुनै गैरसरकारी संस्थामा लाग्ने सोच पनि बनाउनुभएन । घरको आर्थिक स्थिति राम्रो नभए पनि उहाँले राजनीति त्यागेर अरू नै काम वा पेशा रोज्ने विचार पनि गर्नु भएन । बुबाले कहिलेकाहीँ खर्च दिनुहुन्थ्यो, तर पुग्दैनथ्यो । यही कारण सभासद् हुनुअघिसम्म पनि बिभा दैनिक ६ घण्टा साइकल कुदाएर राजनीतिक क्रियाकलापमा संलग्न हुने गर्नुहुन्थ्यो । त्यसरी नै पार्टीका कामकाजका लागि बारादेखि वीरगन्जसम्मको साइकलयात्रा पनि उहाँका लागि सामान्य थियो । सभासद् भएपछि पनि उहाँले साइकल छाड्नुभएको छैन- अझै पनि बन्दका दिन उहाँ काठमाण्डौंमा पनि साइकल चलाउनुहुन्छ । 'जीवनको लक्ष्य' नै राजनीति भएको बिभाको भनाइ छ र उहाँ भन्नुहुन्छ, 'राजनीतिकै लागि जीवन उत्सर्ग हो ।'

समानुपातिक निर्वाचन प्रणालीअनुसार सभासद् तथा संविधानसभा सदस्य हुनुभएकी बिभालाई राजनीतिमा रूचि लाग्नुको मुख्य कारण चाहिँ बारा जिल्लाका स्थानीय जमिन्दार र सामन्तहरूको व्यवहार तथा शोषण नै हो । बाटो खन्ने निहुँले गरीबका जग्गा काटेर लिने, सामाजिक विभेद तथा आर्थिक शोषण गर्ने सामन्तहरूको प्रवृत्ति बिभालाई पटक्कै चित्त बुझ्दैनथ्यो । यी सबै देखेर उहाँको मनमा विद्रोहको भावना जाग्थ्यो र यही भावनाले नै उहाँलाई राजनीतिमा आउन प्रेरित गऱ्यो । घरपरिवारबाट पनि राजनीतिमा लाग्न उहाँलाई खासै समस्या पनि परेन । तर, छोरीमान्छे राजनीतिमा लाग्नु हुँदैन । छोरीमान्छेले राजनीतिमा सफलता प्राप्त गर्न सक्दैनन् । राजनीतिमा लागेपछि पैसा नहुने र खान नपाउने समस्या पनि पर्छ भन्ने जस्ता कुरा गरेर उहाँलाई समाजले अल्मलाउन नखोजेको चाहिँ होइन । तर, समाज रूपान्तरण गर्न, किसानको दुःखपीडा अन्त्य गर्न, सामाजिक–धार्मिक र वर्गीय विभेद अन्त्य गर्न र साँच्चैको 'कम्युनिज्म' स्थापित गर्न राजनीतिमा लाग्ने दृढसङ्कल्प उहाँले लिनुभयो ।

बिभा १६/१७ वर्षको छँदा उहाँको आमाको मृत्यु भएपछि उहाँले आफ्नो विवाह गर्नेतर्फ ध्यान दिनुभएन । बरू उहाँले विवाहभन्दा राजनीतिमै बढी 'रूचि' दिन थाल्नुभयो । त्यसैको परिणामस्वरूप आज उहाँ संविधानसभा सदस्य बन्न सक्नुभएको छ । तर, संविधानसभामा आइसकेपछि प्रत्येक दलभित्र नेताहरू बीच खिचातानी र गुटवन्दी तथा दलका शीर्ष नेताहरूको बेमेलका कारणले उनीहरू कुनै पनि मुद्दामा एक नहुने प्रवृत्ति देख्दा बिभालाई नमीठो अनुभव हुन्छ । २०६२/६३ को जनआन्दोलनमा सक्रिय बिभालाई सुन्दर समाज निर्माणका लागि रगत बगाउने जनता तथा सहिदको सपना साँच्न नसकिएला कि भन्ने चिन्ता पनि लाग्छ । उहाँको प्रतिक्रिया छ, 'यही प्रवृत्तिका कारण आफ्नो पनि साख गुम्दै गएको छ । हिजो जनताबीच जति लोकप्रिय थियौं अब अलोकप्रिय हुँदैछौ । सोचे अनुरूप काम गर्न सकिएन ।'

व्यवस्थापिका संसद्तर्फ विधायन समितिको सदस्य तथा संविधानसभातर्फ अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हकअधिकार समितिमा सदस्य हुनुभएकी बिभाले अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको सहभागिता र उन्नति तथा राज्यका सम्पूर्ण अङ्गमा महिलाको पहुँच हुनुपर्छ भन्ने कुरा राख्नुभयो । छोरीलाई वंशको अधिकार, सम्पत्तिको अधिकार र नागरिकताको अधिकार प्राप्त हुनुपर्छ भनेर पनि उहाँले आवाज उठाउनुभयो । साथै महिलामाथि हुने सबै किसिमका विभेद तथा हिंसा समाप्त हुनुपर्ने र सबै खालको विभेदको अन्त्य हुनुपर्ने पनि उहाँको माग थियो । यी विषयवस्तुहरू उठाउन व्यवस्थापिका संसद् तथा संविधानसभामा उहाँले सक्दो पहल गर्नु भएको पनि उहाँको दाबी छ । साथै सबै महिला संविधानसभा सदस्यलाई एकै दृष्टिकोणले हेर्न नमिल्ने र महिलाका विषय महिलाले मात्र उठाउनुपर्छ भन्ने मान्यता गलत भएको पनि उहाँ बताउनुहुन्छ ।

बिभाका अनुसार, महिला सदस्य भएकै कारण संविधानसभा र व्यवस्थापिका संसद्मा उहाँले खासै भेदभावपूर्ण अवस्थाको सामना गर्नुपरेको छैन । तर उहाँले व्यावहारिक रूपमा चाहिँ संविधानसभाभित्र र बाहिर महिला तथा पुरूष सदस्यबीचको हैसियतमा भिन्नता महसुस गर्नुभएको छ । जस्तो, महिला र पुरूषद सभासद् कतै सँगै जाँदा पुरूषलाई नमस्ते गर्ने तर महिलालाई चाहिँ नगर्ने प्रवृत्ति रहेको उहाँ बताउनुहुन्छ । अधिकांश सभासद् महिला यही समस्याबाट पीडित भएको पनि उहाँको ठम्याइ छ । पत्रकारले समेत महिला सभासद्हरूमा विषयवस्तुको ज्ञान हुँदैन भन्ने दृष्टिकोण राख्छन् र महिला विरूद्धका सामन्ति सोच तथा चिन्तन प्रत्येक घरपरिवार र राजनीतिक

पार्टीहरूमा समेत अझै बाँकी रहेको बिभाको भनाइ छ । यीनै कारणले समाजको रूपान्तरणमा समस्या भएको उहाँको अनुभवले बोल्छ, 'महिलाले उठाएका कुरालाई हुन्छ–हुन्छ भन्ने, टाक्क टुक्क गर्ने तर वास्ता नगर्ने प्रवृत्ति छ ।'

संविधानसभामा व्यावहारिकरूपमा गरिने विभेदकै कारणले महिलाहरूले विशेष समयमा पाउनुपर्ने जति समय पाउँदैनन् । तर, शून्य समयमा पाइने १ मिनेट समयलाई भने महिलाहरूले राम्ररी उपयोग गर्ने गरेको बिभा बताउनुहुन्छ । यसरी नै सभासद् महिलाहरूले महिला ककस गठन गर्न खोज्दा गर्नु परेको सङ्घर्ष र दलका नेतादेखि सभामुखसम्मलाई घच्घच्याउनुपरेको घटनाले पनि महिलामाथि हुने व्यावहारिक विभेद झल्काउने उहाँ प्रष्ट्याउनुहुन्छ ।

देशको आधा जनसङ्ख्या महिला भएकोले महिला पछाडि पारिनु भनेको आधा समाज पछाडि पार्नु हो भन्ने कुरालाई बुझेर घरदेखि राज्यको सबै निकायहरूका निर्णायक तहमा महिलालाई सहभागी गराइनुपर्ने बिभाको राय छ । यसका लागि राजनीतिक पार्टीहरूले नै सबैभन्दा पहिले जिम्मेवार भएर विशेष पहल गर्नुपर्ने पनि उहाँको भनाइ छ । अहिलेसम्मको आफ्नो राजनीतिक जीवनको अनुभव केलाउने क्रममा भने बिभा भन्नुहुन्छ, 'राजनीतिक जीवनबाट निराश भएर म अन्यत्रै कहिले पनि लाग्दिन तर, यो क्षेत्रबाट जुन आशा गरेकी थिएँ त्यो चाहिँ मैले अझै पाउन सकेको छैन । मुख्य कुरा आफूले सोचे र चाहे जस्तो काम गर्न नसक्दा मलाई भित्रैदेखि दुःख लाग्छ ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : बुधनी देवी महत्तो नुनिया |
| ठेगाना स्थायी | : जनकपुर, महोत्तरी, लक्ष्मीनियां-८, लक्ष्मीनियां टोल |
| अस्थायी | : काठमाण्डौं, शान्तिनगर |
| सम्पर्क ठेगाना | : ९७४११५४९३२ |
| जन्म मिति | : २०२९/०९/०३ |
| जन्म स्थान | : रामनगर, महोत्तरी |
| आमाको नाम | : दुलारी देवी महत्तो नुनिया |
| बुबाको नाम | : चुलाई महत्तो नुनिया |
| श्रीमान्‌को नाम | : राजनारायण महतो नुनिया |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक |

# घुम्टो ओढ्ने नेतृलाई कसले चिन्ने?

'नेतृत्व गरेर हिंड्ने महिलाले घुम्टो कसरी ओढ्ने र घुम्टो ओढेर हिँड्दा मलाई कसले चिन्ने ?' यो पेचिलो प्रश्न अनि समस्या हो, एनेकपा (माओवादी) का तर्फबाट समानुपातिक निर्वाचन प्रणाली मार्फत सभासद् बन्नुभएकी बुधनीदेवी महतो नुनियाको ।

मधेसी समाजमा बुहारीले घुम्टो ओढ्नै पर्ने र नओढेको खण्डमा त्यसलाई इज्जतको सवाल बनाएर महिलालाई आलोचना तथा हिंसा गर्ने र घरबाट बाहिर निस्कन नदिने चलन छ । यो समस्या बुधनीले पनि व्यहोर्नुभयो । बुधनीको भनाइमा 'मधेसी समुदायमा महिला अगाडि बढ्यो भने पुरूषको नाक काटेको महसुस गरिन्छ । महिलाले जताततै घुम्टो ओढेर बस्नुपर्छ तर घुम्टो ओढेर अघि बढ्न गाह्रो छ ।'

बुधनी मजदुर क्षेत्रबाट राजनीतिमा आउनु भएको हो । कामको सिलसिलामा जनताको घरदैलोमा जानु परेकोले र आफूलाई जनतासामु चिनाउन परेकोले पनि उहाँले साहस गरेरै घुम्टो ओढ्न छोड्नुभएको हो । घुम्टो नओढेकै आरोपमा उहाँले पटक पटक घरपरिवार र समाजबाट आलोचना र हिंसा खप्नु परेको थियो । उहाँको प्रश्न छ, 'म राजनीतिमा लागेको मान्छे घुम्टो ओढेर मैले कसरी काम गर्ने? अनि घुम्टो भित्र लुकेर मलाई कसले चिन्ने ? मैले मुख खुल्ला गरेर टाउकोबाट घुम्टो हटाएर हिंड्यो भने परिवारले मात्र होइन श्रीमान्‌ले पनि मलाई गाली गर्नुहुन्थ्यो । तर मेरो विचारमा तराईको महिलाले अघि बढ्न घुम्टो प्रथाको अन्त हुनैपर्छ ।'

बुधनीले राजनीतिमा प्रवेश गर्नुभएपछि उहाँको श्रीमान् राजनारायण महतो नुनिया पनि केही समयको लागि उहाँ सँगसँगै गाउँघरमा हिँड्ने काममा खट्नु भयो र राजनीतिमा पनि लाग्नुभयो । तर घर बाहिर जनताको घरदैलोमा जाँदा श्रीमान्‌ले राम्रै सहयोग गरे पनि घरभित्रको काममा भने उहाँले श्रीमान्‌बाट सहयोग पाउनु भएन । बुधनीका दुई छोरा र दुई छोरी छन् । भूमिगत छँदा उहाँकी कान्छी छोरीलाई हेर्ने मानिस नपाएर छोरीलाई हुर्काउन

निकै नै गाह्रो परेको र काखको छोरीलाई दुध समेत खुवाउन नपाएको कुरा सम्झेर उहाँ अझै खिन्नता व्यक्त गर्नुहुन्छ, 'म भूमिगत छँदा श्रीमान्ले सहयोग गर्नुभएको पनि हो तर, गाउँमा आएपछि घरको काममा उहाँ त्यति सहयोग गर्नुहुन्न ।'

राजनीति गर्ने क्रममा बुधनी आफूले धेरै पीडा खेपेको बताउनुहुन्छ । गाउँको महिलालाई दुर्व्यवहार र कुटपिट गरेको विरोध गर्दै पीडितलाई सहयोग गर्न खोज्दा २०५६ सालमा उहाँ स्वयंले पनि यातना खेप्नु परेको थियो । त्यसरी नै राजनीति गर्ने क्रममा पनि शारीरिक, मानसिक, धम्की तथा दबाबजस्ता थुप्रै समस्या व्यहोर्नु परेको उहाँको अनुभव छ । त्यतिमात्र होइन श्रीमान्, सुरक्षा निकाय तथा अन्य दलका सदस्यहरूबाट समेत हिंसा खेप्नुपरेको उहाँको अनुभव छ । एकातिर समाजमा महिलालाई गरिने भेदभाव, दुर्व्यवहार र हिंसा अर्कोतिर आफू शिक्षाबाट वञ्चित भएको कारणले पनि धेरै दुःख पाएको बुधनीको भनाइ छ । उहाँ आफूले खेपेको पीडालाई शब्दमा यसरी व्यक्त गर्नुहुन्छ, 'घरमा सहयोग गर्ने मान्छे छैन भने राजनीति गर्न महिलालाई धेरै समस्या पर्दो रहेछ । हाम्रो समाजमा ठूला वर्गकाले महिलालाई हिंसा र दुर्व्यवहार गर्दा, र सबैको अगाडि महिलालाई घिसारेर पिट्दा र महिलाको खिल्ली उडाउँदा समेत बोल्ने मान्छे कोही नहुने अवस्था देखेर पनि माओवादी पार्टीले मुक्ति दिन्छ भन्ने लागेर म माओवादी पार्टीमा गएँ ।' तर, अहिले समय बदलिएको छ । त्यसैले पहिले राजनीतिमा लागेकोबेलामा जस्तो अहिले दुःख र सङ्घर्ष गर्नुपर्ने अवस्था छैन । राजनीतिक जीवनको अनुभव बताउने क्रममा उहाँ भन्नुहुन्छ, 'पहिला राजनीति गर्न धेरै कठिनाई थियो, अब पहिलाजस्तो छैन ।'

सुरूमा राजनीतिमा प्रवेश गर्दा बुधनी घरबाट निस्केको देख्दा पनि गाउँका मान्छेहरूले उहाँको खिल्ली उडाउँथे । सामाजिक अराजकता फैलायो र आफू त बिग्री बिग्री गाउँका अरू महिलाहरूलाई पनि बिगार्न लागि भनेर आरोप लगाउँथे । तर त्यही गाउँका मानिसहरू अहिले चाहिँ बुधनीले राम्रो गरिन् भन्न थालेका छन् । महिलाले पनि राजनीति गरेको र जिम्मेवारी लिएको राम्रो हो भन्ने कुराको महसुस गर्न थालेका छन् । छोराछोरीले पनि बुधनीलाई सहयोग गर्न सक्ने भएका छन् । लामो दुःख र मेहनतपछि समाजले अहिले उहाँलाई सकारात्मक दृष्टिकोणले हेर्न थालेकोले मैले जे गरेँ ठीक गरेँ भनेर बुधनीलाई गौरव महसुस भएको छ ।

बुधनी राजनीतिमा आउनुभएपछि २०६१ सालमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को जिल्ला उपाध्यक्ष, २०६६ सालमा एनेकपा (माओवादी) अञ्चल राज्यसमिति सदस्य र सोही सालमैं एनेकपा (माओवादी) को भातृ सङ्गठन मधसी मोर्चाको केन्द्रिय सदस्य बन्नुभयो । संविधानसभा सदस्य भएपछि उहाँ संविधानसभा अन्तर्गतको जनमत सङ्कलन तथा समन्वय समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको प्राकृतिक स्रोत र साधन समितिकी सदस्य हुनुहुन्छ । बुधनीले आफू संलग्न समितिहरूमा राज्यको हरेक निकायमा समान महिला सहभागिता, आमाको नाममा नागरिकता, महिला शिक्षा, छोरीलाई पनि अंशमा अधिकार, तथा गरिबी निराकरण गरिनुपर्ने मुद्दाहरूलाई प्राथमिकताका साथ उठाउनु भएको छ । साथै मन्त्रिमण्डल गठन गर्दा महिलालाई समानुपातिक ढङ्गले सहभागी गराइनुपर्ने र महिलालाई दुर्व्यवहार गर्नेलाई आर्थिक जरिवाना र जेल सजायको व्यवस्था कडा गरिनुपर्ने पनि माग गर्नुभएको छ । उहाँले खास गरेर मधेसी महिलाका मुद्दालाई पनि संविधानसभामा प्राथमिकताका साथ उठाउनु भयो । राज्यको हरेक निकायमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्दा मधेसी महिलालाई

पनि जनसंख्याको आधारमा सहभागी गराउनुपर्छ भन्ने माग अगाडि सार्नुभयो । साथै दाइजो प्रथाको अन्त्य गर्न राज्यले ठोस कदम चाल्नुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो ।

बुधनी आफैले पनि पढ्न नपाएको र राजनीतिमा लागेको कारणले आफ्नी जेठी छोरीलाई समेत पढाउन नसकेकोमा उहाँलाई दुःख र ग्लानी हुन्छ । आफू र आफ्नी छोरीले जस्तै अरू धेरै महिलाहरूले पनि बाध्यतावस शिक्षाबाट विमुख हुनुपरेकोले राज्यले महिला शिक्षामा विशेष जोडदिनुपर्ने उहाँको भनाइ छ । शिक्षाकै अभावले गर्दा संविधानसभाको विधि, प्रक्रिया र बैठकका नियमलगायतका कुरा बुझ्न उहाँलाई झण्डै दुई वर्ष लागेको उहाँको अनुभव छ ।

अरू धेरै महिला सदस्यहरूले झैँ बुधनीले पनि संविधानसभामा पुरूष सदस्यहरूबाट असहयोग भएको महसुस गर्नुभएको छ । साथै, सम्पूर्ण महिला सदस्यहरू बीच एकताको अभाव, संविधानसभामा महिलाको मुद्दाले महत्व र प्राथमिकता नपाउने र कतिपय महिला सदस्यहरूमा सम्बन्धित विषयवस्तुको ज्ञानको कमी रहेकोले पनि अप्ठेरो परेको उहाँको अनुभव छ । आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका समुदायको सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन आफूले सक्दो भूमिका निभाएको र विषयगत समितिका मस्यौदा प्रतिवेदनहरू उनीहरूको आवाज सम्बोधन भएको बुधनी बताउनुहुन्छ ।

आदिवासी/जनजाति, दलित, मधेसी र अन्य पछाडि परेको वर्गको भविष्य निर्माण गर्न नयाँ संविधानमा उनीहरूका मुद्दा सम्बोधन हुनुपर्ने भनाइ राख्नुहुने बुधनी भन्नुहुन्छ, 'संविधानसभाको सदस्य भएपछि संविधानसभाभित्रको मेरो समग्रमा अनुभव नराम्रो भएन । संविधान निर्माण प्रकृयामा मैले आफूले सकेजति योगदान दिएँ र म सन्तुष्टै छु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : भगवती चौधरी |
| ठेगाना स्थायी | : दुहवी–३, सुनसरी, कोशी |
| अस्थायी | : बबरमहल, काठमाण्डौं-११ |
| सम्पर्क ठेगाना | : ०१-४२२३०५५ (घर), ९८५१०२९२८१ (मो), |
| इमेल | : bhagbati@forward.org.np |
| जन्म मिति | : २०२८/०१/२ |
| जन्म स्थान | : औरावनी-३, सुनसरी |
| आमाको नाम | : स्व. लिटिया देवी चौधरी थारूनी |
| बुबाको नाम | : बिरन लाल चौधरी |
| श्रीमान्को नाम | : स्व. दिनेश चौधरी |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : मन्त्रीपरिषद्बाट मनोनित |

# भेदभाव विरूद्ध घर देखिनै आवाज उठाउनु पर्छ

भगवती चौधरी सानो छँदा आमाले गर्नुभएको सामाजिक सेवाबाट प्रभावित हुनुहुन्थ्यो । गाउँका महिलाविरूद्ध भएका घरेलु हिंसा देखेर केही गरौं भन्ने भावना उहाँमा पनि थियो । गाउँका फनिलाल चौधरी, शिक्षक गोपाल साहलगायत 'तिमी हामीजस्ता गाउँमा १००/१०० जना तयार गर्‍यौं भने त्योभन्दा ठूलो सामाजिक राजनीति केही हुँदैन' भन्ने आफ्नो श्रीमान्को भनाइबाट प्रेरित भएर भगवतीले सामाजिक राजनीतिक अभियान सुरू गर्नु भएको हो ।

सुनसरी जिल्लाको मध्यमवर्गीय थारू परिवारमा जन्मनुभएकी भगवती छ जना छोरीहरूमध्ये कान्छी हुनुहुन्छ । उहाँका हजुरबुबा गाउँ पञ्चायतको वडाध्यक्षका साथै लोकप्रिय सामाजिक कार्यकर्ता पनि हुनुहुन्थ्यो । हजुरबुबा र बुबाको बाहिरी समाजसँग भइरहने सम्पर्कले उहाँहरू 'छोरीलाई पनि पढाउनुपर्छ' भन्ने कुरामा सचेत हुनुहुन्थ्यो । तर, स्थानीय समाज रूढीवादी र परम्परावादी भए पनि भगवतीले पढ्ने अवसर पाउनुभयो । उहाँका बुबा विरनलाल चौधरी छोरीहरूलाई पढाउने सुनसरी जिल्लाको औरावनी गाविसकै पहिलो व्यक्ति हुनुहुन्थ्यो । भगवतीले गाउँको सरस्वती माध्यमिक विद्यालयमा एसएलसीसम्म अध्ययन गर्नुभयो । उहाँले २०४६ सालमा प्रविणता प्रमाणपत्र तह, २०५० सालमा स्नातक र २०६४ सालमा समाजशास्त्र विषयमा स्नातकोत्तर गर्नुभएको छ ।

२०५० सालमा चितवनको नारायणगढस्थित कलामन्दिरमा थारू सांस्कृतिक समाज काठमाण्डौंको संयोजन र पर्यटन बोर्डको सहयोगमा सञ्चालन भएको 'थारू सांस्कृतिक कार्यक्रम' मा उहाँले भाग लिनुभएको थियो । क्याम्पस पढ्दै थारू विकास समन्वय परिषद्को सदस्य र उपाध्यक्ष पदमा रही काम गरिसक्नुभएकी भगवती चौधरीले सप्तरीको जण्डोल गाविसमा आयोजित 'अन्तर्राष्ट्रिय थारू सांस्कृतिक सम्मेलन' मा समेत सहभागी हुनुभएको थियो । यस सम्मेलनमा थारूहरूको पहिचान, जाति, थरलगायत बसोबासको अवस्था, स्थिति र कार्यनीतिका विषयमा छलफल हुनुका साथै थारू समुदायबीच अन्तर-जिल्ला विवाहको प्रस्ताव पनि पारित गरिएको थियो ।

भगवतीको विवाह दिनेश चौधरीसँग २०५१ साल वैशाख २३ गते भएको थियो । अन्तर्राष्ट्रिय थारू सांस्कृतिक सम्मेलनकै क्रममा थारू सांस्कृतिक समाजका अध्यक्ष दिनेश र उहाँको जोडी साथीहरूले मिलाएका थिए । सुरूमा यो कुराको भगवतीले आपत्ति जनाए पनि साथीभाइले सल्लाह र सुझाव दिएर सम्झाएपछि उहाँ मान्नुभयो । त्यसपछि साथीहरू भगवतीको घरमा गई बुबा र भिनाजुसँग विवाहको कुरा चलाएर सप्तरी सम्मेलनमा फर्कनुभएको थियो । उहाँको विवाह पाँच हजार प्रतिनिधिको उपस्थितिमा सम्पन्न भयो । यस विवाहको उद्देश्य सकटी[६६] प्रथालाई कम गराउनु र थारू समुदायको अन्तर-जिल्ला सम्बन्ध बिस्तार गर्नु थियो । उहाँले थारू समाजको सकटी विवाह प्रथाको उन्मूलनका लागि उदाहरणीय भूमिका निर्वाह गर्नुभएको थियो ।

भगवतीले २०४६ सालको जनआन्दोलनमा पनि सक्रिय भएर काम गर्नु भएको थियो । थारू विकास समन्वय परिषद्को सदस्यदेखि उपाध्यक्षसम्म भएर उहाँले त्यहीँबाट सामाजिक राजनीति सुरू गर्नुभएको थियो । नेकपा (एमाले)को गाउँ कमिटीको साधारण सदस्य रहेकै बखत मदन भण्डारीले महेन्द्र मोरङ क्याम्पसमा गर्नु भएको भाषणबाट कम्युनिष्ट पार्टीले गरिब र सर्वहारावर्गको नेतृत्व गर्छ भन्ने छाप उहाँमा परेको थियो । उहाँले २०४८ सालको चुनावमा आफ्नो गाविसबाट नेकपा (एमाले) लाई सहयोग पुऱ्याउनुभएको थियो । २०६२ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले जारी गरेका घोषणापत्र सप्तरीको राजविराजमा जलाउँदा उहाँ एक दिन जेलमा पनि पर्नु भएको थियो ।

भगवतीलाई सानै उमेरदेखि नै महिलाको हकहितका लागि काम गर्नुपर्छ, महिला माथि हुने हिंसा विरूद्ध आवाज उठाउनु पर्छ, छुवाछुत र जातीय भेदभावको अन्त्य गर्नुपर्छ भन्ने लाग्थ्यो । त्यसैले उहाँले भेदभाव विरूद्ध घर देखिनै आवाज उठाउँदै आउनुभयो । घरमा काम गर्ने मानिसलाई गरिने व्यवहारमा परिवर्तन गरी समान व्यवहार गर्न सिकाउनुभयो । परिवारका सबै सदस्यले घरमा काम गर्न राखिएका मानिसलाई बोलाउने भाषा र गर्ने व्यवहारमा परिवर्तन गर्न लगाउनुभयो ।

२०४८/४९ तिर उहाँ रेडियो नेपालको रिर्पोटर भएर ६ महिना काम गर्नुभयो । २०५१ साल पौषमा भगवतीले ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड) नामक संस्था स्थापना गरी त्यसलाई २०५२ सालमा विधिवत् दर्ता गराउनुभयो । प्याक्ट नेपाल, समाजकल्याण परिषद्, युनिसेफ, प्लान नेपालजस्ता संस्थासँगको साझेदारीमा फरवार्डले काम गरेको थियो । फरवार्ड संस्था खोलेपनि २०५२/५३ तिर उहाँ २ वर्ष जति समाजकल्याण परिषद्मा सहायक निर्देशक भएर काम गर्नुभयो । २०५९ मा नेपाल राष्ट्र बैंकसँग इजाजत लिएर महिलालाई बचतमा सामेल गराइ फरवार्डले विपन्न वर्गका समुदायलाई ऋण दिएको थियो । यही कार्यक्रमबाट सहयोग लिएका व्यक्तिहरूका सानासाना झुपडी घरमा परिवर्तन भएको भगवतीको भनाइ छ । चर्पी बनाउन ऋण दिएको प्रसङ्ग उल्लेख गर्दै उहाँ भन्नुहुन्छ, 'यस कार्यक्रमले स्थानीय जनताको जीवनस्तर उकास्न धेरै सहयोग पुगेको थियो । साथै यसले २०० भन्दा बढी युवाहरूलाई रोजगारी प्रदान गरेको छ ।'

भगवती २०५९ सालमा गैरसरकारी संस्था महासङ्घको केन्द्रीय सदस्य तथा २०६२/६३ को पाँचौ महाधिवेशनबाट कोषाध्यक्षमा निर्वाचित हुनुभएको थियो । महासङ्घ र फरवार्डले लघुवित्त कार्यक्रम सञ्चालन गरी महिला

[६६] थारू समुदायमा केटा र केटीको पक्षबाट विवाहको कुरा पक्का गरिने प्रथा, जसमा भोज भतेर कार्यक्रम तथा दाइजो दिने चलन रहेको छ । यो प्रथा विवाह गर्नु केही वर्ष वा महिना पूर्व गरिने चलन रहेको छ ।

सशक्तिकरण गर्न जीविकोपार्जनमुखी आर्थिक विकास गर्ने र पूँजी व्यवस्थापन गरी रोजगारीको सिर्जना गर्नेजस्ता कार्यक्रमहरू गरेका छन् । फरवार्डले ४८,००० महिला सदस्यसँग प्रत्यक्ष काम गरी सफल परिणाम देखाएको छ ।

२०६३ सालमा भगवतीले नेकपा (एमाले) को सङ्गठित सदस्यता नवीकरण गरी उहाँ जिल्ला कमिटीको मनोनित सदस्यसमेत हुनुभएको थियो । २०६४ सालमा उहाँका श्रीमान्को सडक दुर्घटनाबाट मृत्यु भयो । आफ्नो प्रेरणादायी जीवनसाथीको आकस्मिक मृत्युले असाध्यै मर्माहत भएर केही समय उहाँले पार्टीलगायत संस्थाका कुनै पनि काममा संलग्न हुनुभएन । तर यस्तो अवस्थामा नेकपा (एमाले) पार्टीका शुभचिन्तक साथीले दुःख बिर्सन सजिलो हुन्छ भन्दै उहाँलाई क्षेत्र नं. ३ को जिल्ला सङ्गठन बिस्तारको आर्थिक जिम्मा दिएका थिए ।

२०६४ सालको चुनावमा क्षेत्र नं. ३ बाट विजय गच्छदारलाई चुनौती दिन भगवतीले चुनाव लड्नुपर्छ भन्ने कुरा स्थानीय जनता र पार्टीबाट आएको थियो, तर उहाँले मान्नु भएन । तर, भगवती चुनावमा नउठ्नु भएतापनि उहाँले चुनावमा खटेको देखेर जनताले भगवती नै उम्मेद्वार हो कि भन्ने गरेको पनि उहाँ अझै सम्झनुहुन्छ । तर, नेकपा (एमाले)ले उहाँलाई लघुवित्त विशेषज्ञका रूपमा संविधानसमा मनोनयन गऱ्यो ।

भगवतीलाई संविधान लेखेर मुलुक र शोषित पीडित जनताको अधिकार स्थापित गर्नका लागि केही काम गर्न सक्छु भन्ने लागेको छ । संविधानसभाभित्रको अनुभवकाबारेमा उहाँ भन्नुहुन्छ, 'केही नयाँ कुरा सिक्न पाएँ । देश विदेशको संविधानबारेमा बुझ्ने मौका पाएँ । संविधानमा राख्नुपर्ने मुद्दाहरू उठाउन पाएँ ।' तर संविधानसभामा महिला र पुरूषमा केही विभेद रहेको उहाँले पनि महसुस गनुभयो । जस्तै, संविधानसभामा महिलालाई बोल्न कम प्राथमिकता दिने, पहिले नाम टिपाए पनि पछि बोल्न दिइने, समय कम दिइने गरिन्छ । उहाँ भन्नुहुन्छ, 'मैले अहिलेसम्ममा एक पटकमात्र बोल्नका लागि ९ मिनेट समय पाएकी छु । गहन विषयमा महिला, आदिवासी/जनजाति, मधेसी, दलित र अन्य पछाडि पारिएका समुदायलाई सहभागी गराइदैन ।' राति राति हुने संविधानसभाका छलफलमा पुरूषजत्तिकै महिला बस्न नसक्ने पनि उहाँको अनुभव छ ।

भगवती संविधानसभा अन्तर्गत संवैधानिक अङ्गको संरचना निर्धारण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत अर्थ र श्रम समितिमा सदस्य हुनुहुन्छ । समितिका बैठकहरूमा उहाँले नियमावली बनाउँदा महिला तथा बालबालिकाका लागि अलग्गै समिति हुनुपर्ने, अपाङ्ग तथा महिला आयोगलाई संवैधानिक आयोग बनाउनुपर्ने, संवैधानिक अङ्गहरूमा समावेशी, समानुपातिक र लैङ्गिक आधारमा ३३ प्रतिशत स्थान सुरक्षित गर्नुपर्ने, तराईका आदिवासी तथा थारूहरूका लागि छुट्टै आयोग बनाइनुपर्ने, सामूहिक वचत गर्नेहरूका लागि कर नलाग्ने व्यवस्था हुनुपर्ने, रू ५ लाखसम्मका महिला उद्यमीलाई कर छुट हुनुपर्ने तथा श्रमिकहरूलाई अतिरिक्त पारिश्रमिक बोनसको व्यवस्था गरिनुपर्नेजस्ता मुद्दाहरू उठाउनुभएको छ ।

भविष्यमा व्यक्तिगत स्वार्थभन्दा जनताको पक्षमा निरन्तर लडिरहने र जनताका आवश्यकतालाई लिएर सामाजिक राजनीतिमा स्पष्ट दृष्टिकोण बनाएर अघि बढ्ने भगतवतीको सोच रहेको छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : भरतकुमारी रेग्मी शर्मा |
| ठेगाना स्थायी | : नारायण नगरपालिका-३, दैलेख |
| अस्थायी | : पेप्सीकोला (टाउन प्लानीङ्ग), काठमाण्डौं-३५ |
| सम्पर्क ठेगाना | : ०१-४९९२४८१ (नि), ९८४८१२६८५१, ९७४१०६४१२८ (मा) |
| जन्म मिति | : २०३१/१/२७ |
| जन्म स्थान | : नारायण नगरपालिका-३, भूर्ति, दैलेख |
| आमाको नाम | : पदमकुमारी रेग्मी |
| बुबाको नाम | : बलिराम रेग्मी |
| श्रीमान्‌को नाम | : स्व. नारायण शर्मा |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# दलहरूले पुनः एकपटक आत्ममूल्याङ्कन गर्नुपर्दछ

तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको 'जनयुद्ध'मा लागेकै आरोपमा भरतकुमारीले श्रीमान् नारायण शर्मा, दाजु उदय रेग्मी, ससुरा कविराज शर्मा, नन्द सीता शर्मा र काका धनीराम रेग्मीलाई सँधैका लागि गुमाउनुपर्‍यो । आफू माओवादीमा संलग्न भएको कारण दाजु केशव रेग्मी र खगेन्द्र रेग्मी जेल यातनाले गर्दा अपाङ्गताको जीवन बिताउन बाध्य हुनुपर्‍यो । उहाँका अर्का नन्द भविश्वरा अधिकारीका श्रीमान् लक्ष्मी अधिकारी पनि हालसम्म बेपत्ता हुनुहुन्छ । श्रीमान् समेत परिवारका पाँचजना सदस्यहरू 'जनयुद्ध'मा लागेको आरोपमा सुरक्षा फौजद्वारा मारिएपछि र परिवारकै अर्का सदस्यलाई समेत राज्यले बेपत्ता पारेपछि उहाँले भोग्नु भएको चोट र पीडाकाबारेमा उहाँ शब्दले मात्र व्यक्त गर्न सक्नुहुन्न ।

ब्राह्मणकी छोरी भए पनि भरतकुमारी रेग्मी शर्मा दलित, आदिवासी/जनजाति जस्ता पछाडि पारिएका समुदायको पक्षपाति रहेको र वर्गीय हितका लागि राजनीतिमा लागेको बताउनु हुन्छ । जीवन र राजनीतिलाई पर्याय बताउने भरतकुमारी शिक्षण पेशामा संलग्न रहँदाकै अवस्थामा समाज बदल्ने भावना लिएर राजनीतिमा लाग्नुभएको थियो ।

भरतकुमारीले राजनीतिको प्रारम्भ नेपाल मजदुर किसान पार्टी (नेमकिपा)बाट गर्नुभयो र उहाँको नेमकिपासँगको आबद्धता २०५६ सालसम्म कायम रह्यो । माइती र घरपरिवार सबै नेमकिपामा आबद्ध रहेकाले उहाँ पनि माओवादी पार्टीमा आबद्ध हुनु स्वाभाविकै थियो । सो पार्टीमा रहँदै उहाँले सामाजिक रूपान्तरणका लागि राजनीतिकरूपमा प्रशिक्षित हुनुपर्छ भन्ने कुरा बुझ्नुभयो ।

२०५२ देखि २०५८ सालसम्म शिक्षण पेशामा संलग्न रहनुभएकी भरतकुमारीले २०५३ फागुन २४ गते नारायण शर्मासँग वैवाहिक सम्बन्ध गाँस्नुभयो । विवाह हुँदा उहाँका श्रीमान् नेकपा (एमाले) सँग आबद्ध हुनुहुन्थ्यो । २०५२ सालमा तत्कालीन नेकपा माओवादीले सुरु गरेको 'जनयुद्ध'बाट प्रभावित भई सुरुका दिनहरूमा भरतकुमारी

त्यसको सामान्य समर्थक बन्नुभयो । त्यही आधारमा सुरक्षाकर्मीले उहाँलाई निरन्तर दुःख दिन थाल्यो । उहाँका श्रीमान् नारायण शर्माले पनि एमाले त्यागेर नेकपा (माओवादी) मा प्रवेश गरी २०५७ साल वैशाख १९ गतेदेखि भूमिगत हुनुभएको थियो ।

श्रीमान् भूमिगत भएपछि श्रीमान्लाई खोजेर ल्याउन सुरक्षाकर्मीले भरतकुमारीलाई निरन्तर दबाब र यातना दिन थाल्यो । सुरक्षाकर्मीले उहाँलाई 'यो माओवादीको जोइ हो, हामी माओवादी सबैलाई मार्छौं, अहिले नै सेतो सारी किन नलगाएको' भनी अपमानजनक व्यवहार र सुन्नै नसकिने गालीगलौज गर्दथे । उहाँलाई विभिन्न बहानामा पटक पटक जिल्ला प्रहरी कार्यालयमा बोलाइ शारीरिक तथा मानसिक यातना दिन्थे । त्यतिबेला उहाँका देवर पूर्ण शर्मा र नन्द हरिमाया शर्मा पनि माओवादी भएकै आरोपमा जिल्लास्थित हिरासतमा पर्नु भएको थियो ।

श्रीमान् भूमिगत हुँदा भरतकुमारीको काखमा दुई वर्षको शिशु भएकाले श्रीमान्सँग नियमित भेटघाट हुनेगरेको आशङ्कामा सुरक्षाकर्मीले उहाँलाई कडा निगरानीमा राखेर मानसिक यातना दियो र दुर्व्यवहार पनि गर्‍यो । तर त्यतिबेला बच्चा सानै भएकाले र शिक्षिकाको जागिर पनि भएकोले उहाँलाई पूर्णकालीन कार्यकर्ता भएर भूमिगत हुन पनि गाह्रो परेको थियो । अन्ततः आतङ्ककारी गतिविधिमा संलग्न भएको भन्दै शिक्षिकाको जागिर पनि खोसुवामा परेपछि केही सीप नलागेर उहाँ नेकपा (माओवादी) को पूर्णकालीन कार्यकर्ता भई २०५८ सालदेखि भूमिगत हुनुभयो र सङ्गठन बिस्तारका क्रममा भेरी कर्णाली लगायत रूकुम, रोल्पा, सल्यान, दाङ, चितवन, डोटी लगायतका जिल्ला घुम्नुभयो ।

भरतकुमारीले २०५६ सालदेखि अखिल नेपाल शिक्षक सङ्घ, अनेमसङ्घ (क्रान्तिकारी), पार्टीको एरिया कमिटी, गाउँ जनसमिति, जिल्ला जनसरकार तथा स्थानीय तहदेखि केन्द्रीय तहसम्मको नेतृत्व गर्नुभएको छ । उहाँले दैलेख एरिया नं. ९ को सचिव तथा सह-इन्चार्ज, अखिल नेपाल शिक्षक सङ्घको भेरी-कर्णाली क्षेत्रीय र केन्द्रीय सदस्यको भूमिका निर्वाह पनि गर्नुभयो ।

उहाँको कार्यक्षेत्र दैलेखमा सरकारका तर्फबाट सबैभन्दा बढी दमन २०६१/२०६२ ताका भएको उहाँ थियो । भरतकुमारी त्यतिबेला नेपाली सेनाका तत्कालीन गण प्रमुखले माओवादीलाई समाप्त पार्न सेना र माओवादीबाट भागेकाहरूलाई समेटेर टाइगर ग्रुप बनाएको उहाँ बताउनुहुन्छ । उहाँको भनाइमा ती सेनाका गण प्रमुखको कार्यअबधि २०६१/२०६२ को पुस मसान्तसम्ममा दैलेख जिल्लामा १७० जनाको हत्या भएको थियो । भरतकुमारी भूमिगत भएपछि उहाँ यातना पीडित भएकाले पार्टीले उहाँलाई विशेष संरक्षण र जिम्मेवारी दिएका कारण आफू पक्राउमा नपरेको उहाँ बताउनुहुन्छ । २०६२/२०६३ को जनआन्दोलनमा उहाँ भूमिगत अवस्थामै नेपालगञ्जमा सहभागी हुनुभएको थियो । नेपालगञ्जमा आफ्नै अगाडि जनआन्दोलनमा सक्रिय रहनुभएकी सेतु बिकलाई सुरक्षा फौजले कुटीकुटी मारेपछि मात्र गोली चलाइएको उहाँ दाबी गर्नुहुन्छ । २०६२ देखि हालसम्म उहाँ नेकपा (माओवादी) को भेरी-कर्णाली राज्य समितिको सदस्य हुनुहुन्छ ।

भरतकुमारी संविधानसभाअन्तर्गतको जनमत सङ्कलन तथा समन्वय समिति र व्यवस्थापिका-संसद् अन्तर्गतको अर्थ र श्रम समितिको सदस्यको रूपमा भूमिका निर्वाह गर्दै हुनुहुन्छ । जनमत सङ्कलनका लागि उहाँ दैलेख जिल्लाको नारायण नगरपालिका र २५ गाविस पुग्नुभयो । जनताबाट राम्रा कुराहरू आए पनि संविधानमा लैङ्गिक

समानता कायम गर्न महिला सदस्यहरूबीच एकता र पारस्परिक सहयोगको अभाव, महिलाको मुद्दाले महत्व नै नपाउनेजस्ता समस्या उहाँलाई पनि अनुभूति भएको छ । महिला एजेण्डालाई संविधानमा समावेश गर्ने चुनौतीबारे उहाँ भन्नुहुन्छ, 'पार्टीको निर्णयअनुसार संविधानसभाको सदस्य भइयो तर बलिदानीको आवश्यकता अझै समाप्त भएको छैन ।' प्रक्रियागत समितिको सदस्य भएकाले विषयगत समितिमा कुरा उठाउन नपाए पनि आफू संलग्न समितिमा भरतकुमारीले राज्यको हरेक निकायमा महिलाको समावेशी र समानुपातिक सहभागिताकाबारेमा जोड दिनुभयो । साथै उहाँले महिलाको पीडालाई साझा मुद्दाका रूपमा स्वीकार गर्ने अवस्था नरहेसम्म र राज्यसत्तामा पुरूषसरह महिलाको सहभागिता सुनिश्चित नभएसम्म महिलालाई आरक्षणको बदला विशेष अधिकार दिइनुपर्दछ भनेर उहाँले जोडदार माग राख्नुभयो ।

विषयगत समितिहरूका मस्यौदा प्रतिवेदनहरूमा प्रस्ताव गरिएका विषयवस्तु उपलब्धिमूलक एवम् सकारात्मक भए पनि भरतकुमारीलाई ती पर्याप्त नभएको लागेको छ । उहाँ भन्नुहुन्छ, 'गरिब र पछाडि पारिएका जनतालाई अधिकार दिने विषयमा विवाद गर्न हुँदैन । जस्तो अझै पनि बादी महिलाका बालबच्चालाई वंशजका आधारमा नागरिकता दिने र भूमिमाथि महिलाको पनि समान अधिकार हुनुपर्ने जस्ता विषयहरू मस्यौदा प्रतिवेदनहरूमा छुटेका छन्, तर त्यसलाई सम्बोधन गरिनुपर्छ ।' उहाँको विचारमा महिलामैत्री संविधान बन्नका लागि पुरूषको सहयोग भएर मात्र पुग्दैन, पुरूषवादी चिन्तनमा पनि परिवर्तन ल्याउनुपर्छ । यसका लागि संविधानसभा अन्तर्गतको महिला सभासद् समूह अर्थात महिला ककसलाई सक्रिय बनाउनुपर्छ र ककसको आवाजलाई सबैले सुन्नुपर्छ ।

संविधानसभा सदस्यको हैसियतले आफ्नो मुख्य जिम्मवारी संविधान बनाई जारी गर्ने रहे पनि त्यसमा उल्लेख्य काम हुन नसकेको उहाँ स्वीकार गर्दै भन्नुहुन्छ, 'संविधान निर्माण कार्य अपेक्षा अनुरूप अगाडि बढेको छैन, मुलुकबाट सामन्तवादको अन्त्य भए पनि सामन्ती सोचको अन्त्य हुन सकेको छैन । तर पनि गणतन्त्रको घोषणा, सामन्तमाथिको कारबाही, जनताका सुझावहरू सङ्कलन गरी सोही आधारमा प्रतिवेदन बनाई छलफल गर्नेजस्ता सकारात्मक कामहरू भएका छन् ।'

भरतकुमारीको विचारमा मुलुक अझै स्वाधीन हुन सकेको छैन, विदेशी हस्तक्षेप कायमै छ । उहाँ भन्नुहुन्छ, 'दलाल नोकरशाहीले मुलुकलाई समस्याग्रस्त बनाएका कारण संविधानसभा र व्यवस्थापिका-संसद्ले पनि काम गर्न नसकेको हो । यस्तो हस्तक्षेपलाई अन्त्य गरी संविधानसभा र व्यवस्थापिका संसद्लाई गतिशील बनाउन अत्यन्त जरूरी छ ।'

भरतकुमारीको विचारमा सर्वहारावर्गको मुक्तिको मुद्दा नयाँ बन्ने संविधानमा सम्बोधन गर्ने कि नगर्ने भन्ने विषय नै अहिलेको मूल चुनौती हो । यसका लागि कसैसँग सम्झौता गर्न नहुने उहाँको भनाइ छ । आफ्नो राजनीतिक जीवनको मूल्याङ्कन गर्दै उहाँ भन्नुहुन्छ, 'सामन्ती राज्यसत्ताले मलाई दिएको शारीरिक र मानसिक यातनाको पीडा तथा मेरा परिवारका सबै सदस्यले गरेको त्याग र बलिदानीको शोकलाई शक्तिमा बदलेर सर्वहारावर्गको मुक्तिका निमित्त मैले मेरो जीवन अर्पण गरेकी छु ।'



**व्यक्तिगत विवरण**

नाम : भोटनीदेवी खवास
ठेगाना स्थायी : बैजनाथपुर गाविस-२, मोरङ्ग
अस्थायी : बालकुमारी, काठमाण्डौं-३५
सम्पर्क ठेगाना : ९८४२०४६७७९ (मो)
जन्म मिति : २०२४/१/१६
जन्म स्थान : हरैँचा गाविस-८, मोरङ्ग
आमाको नाम : मलियादेवी खवास
बुबाको नाम : गोविन्द खवास
श्रीमान्को नाम : शेरबहादुर खवास
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# चुनौतीबीच नै सफलता प्राप्त हुन्छ

भोटनीदेवी खवास, खवास समुदायबाट संविधानसभामा प्रतिनिधित्व गर्ने एक्लो सदस्य हुनुहुन्छ । पञ्चायतकालका उपप्रधानपञ्चकी भतिजी तथा २०१५ सालदेखिकै स्थानीय जनप्रतिनिधिकी बुहारी भए पनि भोटनीदेवीको पारिवारको आर्थिक र सामाजिक हैसियत सामान्य छ ।

उहाँका ससुराले स्थानीय ऐलानी जग्गामा सुकुम्बासीलाई आश्रय दिनुभएको थियो । प्रारम्भमा ससुराको पञ्चायती पृष्ठभूमि भए पनि २०३६ सालमा नेपाली काङ्ग्रेसमा लागेर राजनीति गरेको अभियोगमा उहाँ नेता कृष्णप्रसाद भट्टराईसँगै सात दिन थुनामा पर्नुभएको थियो ।

भोटनीदेवीले २०३६ सालमा बिपी कोइरालाको भाषण सुन्ने अवसर पाउनुभएको थियो । समाजवाद, महिला अधिकार र गरिबी उत्थानकाबारेमा बिपिले गरेको भाषणबाट उहाँ धेरै प्रभावित हुनुभयो । राजनीतिकरूपमा सचेत परिवार भएका कारण उहाँलाई राजनीतिमा लाग्न गाह्रो परेन । उहाँ भन्नुहुन्छ, 'मभित्र राजनीतिक चेतनाको विकास भएदेखि नै मैले राजनीतिमा सहभागी भएँ र यो क्षेत्रमा निरन्तर रूपले लागेँ । तर, आफ्नो परिवार राजनीतिकरूपमा सचेत भए पनि राजनीतिमा टिक्न मैले धेरै चुनौतीसँग सामना गरेँ ।' सामाजिक रूपान्तरणका लागि महिलाले पनि साइकल चलाउन मिल्छ भनेर भोटनीदेवीले साइकल चलाउन थाल्नुभयो । यसबाट धेरै महिलाहरू पनि उत्साहित भए ।

उहाँले २०४७ सालमा नेपाली काङ्ग्रेससँग आबद्ध नेपाल महिला सङ्घ मोरङको सहसचिव र २०४९ देखि २०५३ सालसम्म उपसभापतिको भूमिका निर्वाह गर्नुभयो । यसैगरी २०५२ सालमा उहाँ सोही सङ्घको केन्द्रीय सदस्य बन्नुभयो । हाल उहाँ नेपाली काङ्ग्रेसको महासमिति सदस्य र नेपाल महिला सङ्घको केन्द्रीय सदस्य पनि हुनुहुन्छ ।

राजनीति गर्ने क्रममा भोट्नीदेवीले बेलाबेलामा सुरक्षा निकाय तथा अन्य दलका कार्यकर्ताबाट शारीरिक तथा मानसिक हिंसा पनि भोग्नुपऱ्यो । त्यस्तै उहाँ २०६२/६३ को जनआन्दोलनमा पनि २४ घण्टा हिरासतमा पर्नुभयो । भोटनीदेवीलाई संविधानसभाको सदस्य हुन्छु भन्ने अपेक्षा थिएन । तर, पार्टीले उहाँको कामको मूल्याङ्कन गरेर संविधानसभा बन्ने अवसर प्रदान गऱ्यो । भोटनीदेवी संविधानसभा अन्तर्गतको क्षमता अभिवृद्धि समिति र व्यवस्थापिका संसद् अन्तर्गतको संसदीय सुनवाइ विशेष समितिको सदस्य हुनुहुन्छ । नयाँ बन्ने संविधानमा जनताका भावना समेट्ने सिलसिलामा जनमत सङ्कलनका लागि उहाँ पर्वत जिल्लाको क्षेत्र नम्बर २ का अधिकांश गाविस र बाग्लुङ्ग जिल्ला पुगेर जनतासँग अन्तर्क्रिया गर्नुभयो । संविधान लेखनमा निकै व्यस्त रहेको बताउने भोटनीदेवी आफ्नो परिवारकाबारेमा भन्नुहुन्छ, 'मैले राजनीति गर्ने क्रममा परिवारलाई पर्याप्त समय दिन पाइँन । राजनीतिमा लागेकै कारण विरामी छोराको राम्रो उपचार हुन नसक्दा छोरा अहिले अपाङ्गजस्तै भएको छ । राम्ररी पढाउन पनि सकिएन ।'

भोटनीदेवीले आफू संलग्न समितिमा महिलालाई क्षमतावान बनाउने, कर्मचारीको दक्षता बढाउने, राज्यको हरेक तहमा आदिवासी/जनजाति, दलित, मधेसी आदिको पूर्ण समावेशी तथा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने, युवालाई रोजगारी दिलाउने, मुस्लिम, अपाङ्ग, जस्ता अल्पसङ्ख्यकको प्रतिनिधित्व र अधिकार सुनिश्चित गर्ने विषयमा जोड दिनुभयो । उहाँ भन्नुहुन्छ, 'शिक्षा, स्वास्थ्य, राजनीतिलगायत राज्यका हरेक ठाउँमा महिला र पुरूषको समान पहुँच हुनुपर्छ । निर्णय प्रक्रियामा पूर्ण समानुपातिक तथा समावेशी सहभागिता हुनुपर्छ । पैतृक सम्पत्तिमाथि छोरा र छोरीको समान हक हुनुपर्छ । आमाको नामबाट पनि नागरिकता दिने प्रावधान हुनुपर्छ र महिलाको विशेषाधिकार संविधानमा नै उल्लेख हुनुपर्छ ।'

संविधान निर्माणका क्रममा संविधानसभाका विभिन्न समितिहरूले अवधारणापत्र सहितको मस्यौदापत्र बुझाइसकेका छन् । उहाँको विचारमा संविधानसभामा प्रस्तुत प्रतिवेदनहरू लैङ्गिक दृष्टिकोणले उपलब्धिपूर्ण भए पनि पर्याप्त छैनन् किनकि त्यसले पूर्ण समावेशी तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न सकेको छैन । तराईका आदिवासी र पहाडका आदिवासीबीच अवसरमा समान वितरण हुन सकेको छैन भन्ने पनि उहाँको गुनासो रहेको छ । समानुपातिक भनेको भित्री तहदेखि नै सबै वर्ग र समुदायको समान सहभागिता हुनुपर्छ भन्ने हो । त्यसका लागि जनसङ्ख्याका आधारमा पूर्ण समावेशी तथा प्रतिनिधित्वको कुरा संविधानमा नै सुनिश्चित गर्न आवश्यक छ । उक्त लक्ष्य हासिल गर्न पुरुष सदस्यको सहयोग पनि आवश्यक छ । तर त्योभन्दा बढी महिला सदस्यहरूबीच एकता र सहकार्य आवश्यक छ भन्ने भोटनीदेवीलाई लागेको छ । कहिलेकाँही कतिपय महिला संविधानसभा सदस्यले आफूहरूले धेरै पढेको भनी घमण्ड देखाउँदा साह्रै चित्त दुख्ने गरेको भोटनीदेवी बताउनुहुन्छ । उहाँको आग्रह छ, 'संविधानसभामा हामी सबैले समान हौँ भन्ने अनुभूति गर्न सक्नुपर्छ । नजानेकाले सिक्ने चाहना राख्नुपर्छ भने जानेकाहरूले पनि नजानेकालाई सिकाउने उदार भावना राख्नुपर्छ । यस्तै भावनाबाट मात्र महिला सभासद्हरूबीच आत्मीयताको भावना विकास हुनसक्छ ।'

महिलालाई कतिपय ठाउँमा सहजै बोल्न र आफ्ना कुरा राख्न उपयुक्त वातावरण नहुने गरेको भोटनीदेवीको अनुभव छ । महिलाले पुरूषभन्दा बढी सोचविचार गरेर मात्र बोल्नुपर्ने हुन्छ तर पुरूषले जसरी बोले पनि, जे खाए

पनि र जहाँ गएपनि हुन्छ भन्ने सामाजिक मान्यता छ । महिला र पुरूषलाई दिइने मानसम्मानमा पनि फरक छ । पत्रकारहरूले पनि महिला सदस्यहरूलाई त्यति प्राथमिकता दिइरहेका छैनन् । उनीहरूको प्राथमिकता पुरूषलाई नै बढी हुने गरेको छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभा बाहिर पनि पुरूषले जुन स्थान र सम्मान पाउँछन्, महिलाले सोही अनुपातमा त्यस्तो सम्मान पाउन सकेका छैनन् ।' महिला भएका कारण र संविधानसभाको सदस्य भएपछि पनि उहाँले केही चुनौती सामना गर्नुपरेको छ । उहाँलाई सुरूमा काठमाण्डौंमा डेरा पाउन निकै गाह्रो भयो । त्यस्तै घरबेटीको व्यवहार थाहा नभएका कारण रातभर घरबाहिर समेत बस्नुपरेको भोटनीदेवी बताउनुहुन्छ ।

संविधानमा महिलाका मुद्दाहरूलाई सम्बोधन गर्न महिलाले आफ्ना कुरा राख्ने पर्याप्त समय पाउनुपर्छ भन्ने उहाँको धारणा छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा पुरूष सदस्य धेरै भएकाले महिलाले पुरूष सरह आफ्ना कुरा राख्ने अवसरै पाउँदैनन् । नेताले बोल्ने प्रचलन भएकाले त्यसमा स्वतः पुरूष नै बढी हुने गर्छन् । कतिपय महिलालाई विषयवस्तुकाबारेमा जानकारी पनि हुँदैन । तसर्थ महिलाहरू आफैँ पछि हट्ने पनि प्रवृत्ति छ ।' महिलाका मुद्दाहरू एकताबद्धरूपमा उठाउन महिलाको एउटा प्रभावकारी संस्था चाहिन्छ । त्यसैका लागि महिला ककसको स्थापना गरिएको हो ।

अहिले संविधानसभाले संविधानको रूपरेखा बनाउनेलगायतका अरू पनि धेरै काम सकिसकेको भोटनीदेवीको बुझाइ छ । उहाँ भन्नुहुन्छ, 'बाँकी काम सिध्याउन दलहरूबीचमा रहेका विवाद समाधान हुनुपर्छ । यसका लागि सबै दल मिल्नुपर्छ र साझा कार्यक्रम बनाउनुपर्छ ।' संविधानसभाको सदस्य बन्दा उहाँलाई ठूलो जिम्मेवारी पाएको महसुस भएको थियो, तर अहिले संविधान लेखन प्रभावकारी हुन नसकेकोले उहाँलाई खल्लो अनुभव भएको छ । उहाँको विचारमा मूल कुरा भनेकै दलका नेताहरू इमान्दार हुनुपर्छ किनभने नियम कानुनमा कुनै समस्या भएमा सहमति गरेर त्यस्तो समस्या समाधान गर्ने काम पनि दलका नेताहरूको नै हो ।

भोटनीदेवीलाई चुनौतीबीच नै सफलता प्राप्त हुन्छ भन्ने लाग्छ । अहिले जनता शान्ति र संविधान चाहन्छन् । त्यो पूरा नहोला भन्ने उहाँलाई डर छ । राजनीतिबाहेक समाजसेवा भोटनीदेवीको अर्को चाहना हो । संविधानसभाको सदस्य बन्नुअघि उहाँले धेरै गैरसरकारी सङ्घसंस्थाहरूमा रहेर काम गर्नुभएको छ । तर उहाँले कहीँबाट पनि पारिश्रमिक लिनुभएन । यो कार्यलाई पनि उहाँ आगामी दिनमा निरन्तरता दिन चाहनुहुन्छ । उहाँ संविधान निर्माणपछि पनि राजनीति बाहेक समाजसेवा र अन्य प्रेरणादायी काममा लाग्ने प्रतिबद्धता व्यक्त गर्नुहुन्छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : मणि खम्बु किरौंती |
| ठेगानाः स्थायी | : बेल्टार गाविस-१, उदयपुर |
| अस्थायी | : सुविधानगर, काठमाण्डौं-३५ |
| सम्पर्क ठेगाना | : ९७४११९८७६० (मो) |
| जन्म मिति | : चैत २०३६ |
| जन्म स्थान | : मात्तिम गाविस-४, दिक्तेल, खोटाङ्ग |
| आमाको नाम | : धौला किरौंती |
| बुबाको नाम | : जितप्रसाद किरौंती |
| श्रीमान्को नाम | : शुभराज सुनुवार किरौंती |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# विभेद र हिंसाबाट मुक्ति पाउने बाटो नै राजनीति हो

निमुखा जनताको मुक्ति, सबैले सम्मानपूर्वक बाँच्न पाउने अधिकारको रक्षा र आर्थिक अधिकारको उपभोग लगायतका विषयले मणि खम्बुलाई राजनीतिमा लाग्न प्रेरित गर्‍यो । उहाँ पाँच-छ कक्षामा अध्ययनरत छँदा नै राजनीतिमा लागेको निहुँमा विद्यालयका निर्दोष विद्यार्थीमाथि कुटपिट भएको देख्नु भएको थियो । साथै सामन्तहरूले गरीबको जग्गा हडपेको र महिलामाथि बोक्सी लगायत अरू बहानामा विभिन्न प्रकारका हिँसाहरू गरेको देखेर त्यस्ता अत्याचार विरूद्ध लाग्नुपर्छ भन्ने मणिको मनमा सानै उमेरदेखि नै लागिसकेको थियो ।

लाहुरे परिवारमा जन्मनु र हुर्कनु भएकी मणि स्कूल पढ्दा पढ्दै राजनीतिमा संलग्न हुनुभयो । उहाँको परिवारको चाहना चाहिँ मणिले राजनीतिमा चासो तथा आस्था राखेपनि 'युद्ध भूमिमा' नलडोस् भन्ने थियो । तर, उहाँले सङ्घर्षशील जीवन नै रोज्नुभयो । परिवारको सुखसयल छाडेर राजनीतिमा प्रवेश गर्नुभएकी मणि एनेकपा (माओवादी)की सङ्घर्षशील युवा नेत्री मानिनुहुन्छ । उहाँका बुबा अवकास प्राप्त बेलायती सेना हुनुहुन्छ भने दाजु र भिनाजु भारतीय सेनामा कार्यरत हुनुहुन्छ । मणिको परिवारको चाहना चाहिँ उहाँको घरजम पनि लाहुरे परिवारमै होस् भन्ने थियो । तर, उहाँलाई कहिल्यै लाहुरेसँग विवाह गर्ने रहर भएन । उहाँ भन्नुहुन्छ, 'मेरो चेतनाको विकास भएदेखि नै समाज परिवर्तन मेरो लक्ष्य बन्यो । सुखी एवम् लाहुरे परिवारमा जन्म भएपनि मैले मेरो सुख होइन जनताको दुःख सम्झेर दुःखलाई नै रोजें ।'

मणिले आफ्नो राजनीतिक यात्रा खम्बुबान राष्ट्रिय मुक्तिमोर्चाबाट आरम्भ गर्नुभएको थियो । मोर्चा र तत्कालीन नेकपा (माओवादी) बीच २०६० सालमा एकीकरण भयो । उहाँले २०५४ सालमा खम्बुबान राष्ट्रिय मुक्तिमोर्चाको जिल्ला सदस्य र २०५९ सालमा खम्बुबान राष्ट्रिय मुक्तिमोर्चाको केन्द्रीय सदस्यको जिम्मेवारी निभाउनु भएको थियो । नेकपा (माओवादी) मा आएपछि उहाँ क्षेत्रीय ब्युरो सदस्य तथा २०६३ मा किरात राष्ट्रिय मोर्चाको केन्द्रीय

उपाध्यक्ष बन्नुभयो । हाल उहाँ एनेकपा (माओवादी) किराँत राष्ट्रिय मोर्चाको वरिष्ठ केन्द्रीय सदस्य तथा किराँत राज्य समितिको सचिवालय सदस्य हुनुहुन्छ ।

मणिले विगतमा पार्टीका तर्फबाट जनतालाई प्रशिक्षित गर्ने र सङ्गठन बिस्तार गर्ने काम गर्नुभयो । यही क्रममा उहाँले पूर्वका सबैजसो जिल्लाको भ्रमण गर्नुभयो । २०५८ सालमा संकटकाल लागू भएपछि माओवादीले पहिलो पटक सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीस्थित तत्कालीन शाही सेनाको ब्यारेकमा गरेको आक्रमणमा उहाँ पनि प्रत्यक्ष रूपले संलग्न रहनु भएको थियो । युद्धको अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ, 'कहिलेकाहीँ युद्धको तयारी पूर्ण नहुँदा धेरै क्षति बेहोर्नु पर्ने अवस्था आउँछ । युद्धमा साथीहरूलाई गुमाउनु पर्दाको क्षण अत्यन्तै पीडादायी हुन्थ्यो । तर युद्धभूमीमा कतिखेर कहाँ के हुने हो युद्धको परिस्थिले मात्र निर्धारण गर्थ्यौँ । दुश्मनसँग लड्दा जिते संसार मरे शहीद भनेर लड्थ्यौँ । मैले निडर भएर र कहिले पछि नहटेर लडेकोमा म आत्म गौरव मान्छु ।'

२०६० सालमा भएको एउटा घटनालाई मणि यसरी स्मरण गर्नुहुन्छ, 'एउटा घटनामा सेनासँग जम्काभेट भयो र हामीसँगैको साथी शहीद हुनुभयो । सेनाले एस.एम.जी (sub Machine Gun) बोकेर आएको रहेछ । तर, हामीले हाम्रो दुश्मन पहिचान गर्न नसकेकोले क्षति ब्यहोर्नुपऱ्यो । त्यतिबेला हामी सेनाको टार्गेटमा परिसकेका थियौं, यद्यपि मैले तुरुन्तै पोशाक परिवर्तन गरी १२ मुठा खर काटेर भारी बोकी सेनाको पञ्जाबाट म उम्किन सफल भएँ । तर, त्यतिबेला मेरा साथीलाई मेरै अगाडि सेनाले गोली हान्यो र केही घण्टापछि उहाँले शहादत प्राप्त गर्नुभयो ।'

मणि विभिन्न राजनीतिक आरोह–अवरोह पार गर्दै संविधानसभाको निर्वाचनमा विजयी हुन सफल हुनुभएको छ । संविधानसभा निर्वाचनका लागि मनोनयन पत्र दाखिला गर्दा प्रमुख निर्वाचन अधिकृतले उहाँलाई अग्रिम बधाइ दिनुभएको उहाँ अहिले पनि सम्झनुहुन्छ । संविधानसभाको सदस्य हुनुअघि उहाँले अन्तरिम व्यवस्थापिका संसद्को सदस्य हुने मौका पनि पाउनुभएको थियो । उहाँ संविधानसभा अन्तर्गत मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत महिला, बालबालिका तथा समाजकल्याण समितिको सदस्य हुनुहन्छ । मणिले समितिका बैठकमा मूलतः बाँच्न पाउने हक, पैतृक सम्पत्तिमा महिला र पुरूषको समान हक र सामाजिक न्यायको हक सम्बन्धी विषयमा विशेष जोड दिनुभयो । साथै उहाँले महिलाको समानुपातिक तथा समावेशी सहभागिताको सुनिश्चित हुनुपर्ने पनि माग गर्नुभयो ।

मणिको विचारमा महिला पुरूषको समान सहभागिताबाट मात्र समाज परिवर्तन सम्भव हुन्छ । तसर्थ यसका लागि नयाँ संविधानमा महिला अधिकारलाई विशेष स्थान दिनुपर्छ । तर संविधानसभाको छलफलमा महिलाका मुद्दाले पर्याप्त स्थान पाउन नसकेको र बैठकमा विषयवस्तु भन्दा बाहिर गएर छलफल गर्ने प्रवृत्ति रहेको मणि बताउनुहुन्छ । महिलाका मुद्दालाई स्थापित गर्न पुरूष सदस्यको सहयोग एवम् सहकार्य ठीकै रहेको उहाँ बताउनु हुन्छ । संविधानसभामा महिलाका मुद्दालाई स्थान दिलाउन र महिलाका मुद्दालाई सबै महिलाका साझा मुद्दाका रूपमा उठाउन संविधानसभा भित्र महिला ककसको गठन भएको उहाँको भनाइ छ ।

आधारभूतरूपमा महिलाका सरोकारहरू मस्यौदा प्रतिवेदनहरूमा नछुटेकाले प्रतिवेदन समग्रमा उपलब्धिमूलक रहे पनि कार्यान्वयनमा सुनिश्चितता नभएसम्म ढुक्क हुने स्थिति नरहेको उहाँ बताउनुहुन्छ । संविधानसभामा महिला र पुरूषबीच भेदभाव नभए पनि व्यवहारमा भेदभाव अनुभूति हुने गरेको उहाँ बताउनुहुन्छ ।

संविधान लेखन कार्यलाई पर्याप्त समय दिएर तोकिएको समयमा संविधान जारी गर्ने संविधानसभाको जिम्मेवारी भए पनि त्यसमा पर्याप्त काम हुन नसकेको मणि स्वीकार्नुहुन्छ । साथै संविधान लेखनका लागि सङ्ख्यात्मक रूपमा धेरै काम भए पनि गुणात्मक रूपमा हुन नसकेको उहाँको बुझाइ छ । संविधान लेखनका कतिपय विषयहरू जस्तै सङ्घीय ढाँचा, सेना समायोजन लगायतका विषयमा प्रमुख दलहरूबीच सहमति हुन नसकेका कारण संविधान निर्माणमा नै अवरोध आएको मणिको भनाइ छ । तर, संविधानसभाको सदस्यका हैसियतले आफूले गर्नुपर्ने कामहरू सबै गरेको उहाँ निर्धक्क साथ बताउनुहुन्छ ।

मणिलाई संविधानसभाको काम गर्ने तौरतरिकाहरू अन्तरिम व्यवस्थापिका संसद् भन्दा फरक हुन्छ भन्ने लागेको थियो, तर उहाँले व्यवस्थापिका संसद् र संविधानसभाको काम गर्ने शैलीमा खासै फरक अनुभव गर्नु भएन । संविधान निर्माण कार्य अझ कठिन र जटील बन्दै गइरहेको मणिको भनाइ छ । प्रतिगमनकारीले संविधान नै बन्न नदेलान् कि भन्ने आशङ्का पनि उब्जेको उहाँ बताउनुहुन्छ । वर्तमान समस्याको मूल कारणबारे उहाँ भन्नुहुन्छ, 'नीति र कानुन मानिसले नै बनाएका हुन्, त्यसमा चाहिएको समयमा परिवर्तन गर्न सकिन्छ, समस्या त नेताहरूको नियतिमा छ, जुन परिवर्तन गर्न अत्यन्तै कठिन छ । यसको मुल जड भनेको दलहरूमा इच्छा शक्तिको अभाव नै हो ।'

मणिको विचारमा राजनीति अप्ठ्यारो विषय हो । राजनीति गर्नुपर्छ, अधिकारका लागि लड्नुपर्छ भन्न जति सजिलो छ त्यो गर्न त्यत्तिकै कठिन र चुनौतीपूर्ण छ । उहाँ राजनीतिभित्र अवसरहरू पनि देख्नुहुन्छ र भन्नुहुन्छ, 'सफल राजनीतिज्ञ बन्नका लागि अवसर र चुनौतीलाई व्यवस्थापन गर्दै अगाडि बढ्नुपर्छ ।' साथै राजनीतिमा सफल हुनलाई दृढता, चेतना, सङ्घर्षशीलता र धैर्य पनि आवश्यक पर्दछ । दिगो राजनीतिका लागि इमान्दारीता र जवाफदेहीता पनि अत्यन्तै आवश्यक हुन्छ । राजनीतिक जीवनसँगै उहाँ आफ्नो भावी जीवनबारे भन्नुहुन्छ, 'मेरो सङ्घर्ष नै समाज परिवर्तन र जनताको मुक्तिका लागि हो । तसर्थ समाजलाई निरन्तर अगाडि बढाउनका लागि म राजनीतिमा नै रहनेछु र जनताको अधिकार रक्षाका लागि निरन्तर लडिरहनेछु, यो मेरो प्रतिबद्धता हो ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : महालक्ष्मी श्रेष्ठ |
| ठेगाना स्थायी | : नरदेवी टोल-२६ काठमाण्डौं |
| अस्थायी | : डल्लु, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९४६७२३९१,४६७२३९४ (घर), ८४१५११०९१(मो), |
| जन्म मिति | : १९९८/६/४ |
| जन्म स्थान | : विरगञ्ज, पर्सा |
| आमाको नाम | : मोतीमाया श्रेष्ठ |
| बुबाको नाम | : तुलसी बहादुर श्रेष्ठ |
| श्रीमान्को नाम | : कृष्णदास श्रेष्ठ |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# इतिहासको धरोहर

राणाकालीन समयमा बुबा नाम चलेको समाजसेवी र र दाइहरू राजनीतिक कार्यकर्ता हुँदा महालक्ष्मी श्रेष्ठको उमेर धेरै सानो थियो । नेपालका महान् समाजसेवी तुलसी मेहर श्रेष्ठद्वारा महालक्ष्मी श्रेष्ठ लगायत केही केटीहरूलाई भारतको वर्धास्थित गान्धी आश्रममा पढ्न पठाइयो । २००७ सालको क्रान्तिका बेला उहाँ वर्धामै हुनुहुन्थ्यो ।

वर्धामा छँदा भारतीयहरूले 'नेपाल हाम्रो प्रशासन हो' भनेर कुरा गरेको सुन्दा सानो उमेर भएकोले र राजनीतिको कुरा राम्ररी नबुझेकोले त्यसो भनेको के होला भनेर उहाँलाई खुल्दुली लाग्थ्यो । तर पछि कुरा बुझ्दै जाँदा राणाकालमा नेपालले धेरै जसो कुरामा भारतकै भर पर्नु पर्ने भएकाले त्यसो भनेका रहेछन् भनेर उहाँले महसुस गर्नुभयो ।

वर्धामा चार वर्ष पढेर महालक्ष्मी आफ्नो घर वीरगञ्ज फर्कनुभयो। त्यतिन्जेल उहाँको बुबा बितीसक्नु भएको थियो र दाइहरू भारतको बनारसमा पढ्दै थिए। दाइहरूको बिपीसँग सँगत थियो र उहाँहरू क्रान्तिकारी हुनुहुन्थ्यो। वीरगन्ज फर्केको केही समयपछि महालक्ष्मी फेरि एक वर्षका लागि बनरास जानुभयो, त्यहाँ उहाँले प्राइभेटबाट एसएलसी परिक्षा दिएर घर फर्कनु भयो।

त्यो बेलाको समाजमा सानैमा बिहे गर्ने चलन थियो र आमाले पनि समाजले कुरा काट्लान् भनेर महालक्ष्मीको बिहे गर्न हतारिनुभयो। जमिन्दार परिवारमा जन्मे हुर्केकी महालक्ष्मीलाई गाउँमा नपढेका तर धेरै जग्गाजमीन र पैसा भएकाहरूले बिहे गर्नका लागि माग्न पनि आए। तर उहाँका दाइहरूले पैसालाई भन्दा शिक्षालाई प्राथमिकता दिनुभयो । पढेलेखेका र प्रगतिशील विचारधारा भएका दाइहरूले भारतबाट शिक्षा लिएर आएकी बहिनीलाई गाउँका नपढेको जमिन्दारका छोरासँग बिहे गरिदिंदा बहिनीले घरमा भात पकाएर थन्किनु पर्छ भन्ने बुझेर गाउँमा बिहे गर्न मानेनन्। 'पढेलेखेको भएकोले पढेलेखेकै केटाको साथ पाए बहिनीले भविष्यमा देशका लागि योगदान

गर्न सक्छे भन्ने मेरो दाइहरूको विचार थियो । त्यसैले मेरो बिहे गाउँमा होइन काठमाण्डौंमै गरिदिनुपर्छ भनेर उहाँहरूले अडिग बस्नुभयो' उहाँ सुनाउनुहुन्छ ।

त्यसैबेला कम्युनिष्ट राजनीतिमा सक्रिय काठमाण्डौंका नरदेवी टोलका कृष्णदास श्रेष्ठको परिवारले पनि उहाँको बिहेको लागि कन्याको खोजीमा थियो । सो टोलको एक जना व्यक्तिसित महालक्ष्मीको दाजुको चिनापर्ची हुन गयो र सो व्यक्तिमार्फत बिहेको कुरा चल्यो । दुबै पक्षबीच कुरा मिलेपछि २०१४ साल मंसिर ३ गते महालक्ष्मी र कृष्णदासको बिहे भयो ।

महालक्ष्मीका अनुसार त्यतिबेला कृष्णदासले गुजाराका लागि ट्युसन पढाउनुहुन्थ्यो । गणित र अंग्रेजी विषयमा राम्रो दख्खल भएका कृष्णदासले बनेपातिर केही समय शिक्षक भएर पनि काम गर्नुभयो । तर क्रान्तिकारी विचार धाराको भएकाले कृष्णदास जहाँ गए पनि सिद्धान्त फैलाउने भनेर उहाँलाई टिक्न गाह्रो पारिन्थ्यो । घरको आर्थिक अवस्था बलियो थिएन त्यसमाथि त्यतिबेला उहाँको नरदेवीको घर पार्टी कार्यालय जस्तै थियो । माइतीमा सुविधासम्पन्न जीवन बिताइरहेकी महालक्ष्मीलाई एकाएक अभावको जिन्दगी बाँच्नु पर्दा खिन्न पनि लाग्यो । माइतीमा उहाँ ती कुरा भन्नु हुन्नथ्यो बरू श्रीमान्‌लाई चाहिँ बेलाबेलामा राजनीति बाहेक जीवन गुजाराका लागि अरू काम पनि गर्नु पर्‍यो भनिरहनु हुन्थ्यो । तर, देशको लागि दुःख सहेर पनि बाँच्नुपर्छ र कम्युनिष्ट पार्टी नै जनतालाई दुखबाट मुक्ति दिलाउने एउटै मात्र पार्टी हो भनेर श्रीमान्‌ले सम्झाउने गरेपछि बिस्तारै उहाँ पनि श्रीमान्‌को भनाइबाट प्रभावित हुँदै जानुभयो । 'श्रीमान्‌को कुराको प्रभाव परेपछि, केही परे माइती छँदैछ भन्ने ठानेर पनि आफैलाई सम्झाउन थालें', उहाँ भन्नुहुन्छ ।

श्रीमान्‌ले महालक्ष्मीलाई जहिले पनि पढ्न र केही काम गर्न प्रोत्साहित गरिरहनु हुन्थ्यो । त्यसैले बिहे भएको १० वर्षपछि उहाँ प्रविणता प्रमाणपत्र तह पढ्न कलेज जानुभएको तर गर्भवती भएपछि लाज लागेर फेरि नगएको उहाँ सुनाउनुहुन्छ । त्यसपछि उहाँले श्रीमान्‌को सहयोग लिएर घरमै पढेर परीक्षा दिनुभयो । उहाँको तीन छोरी र एक छोरा छन् । राजनीतिक परिवार भएकाले कुनैबेला सर्वस्व हरण पनि हुनसक्छ भन्दै श्रीमान्‌का साथीहरू महालक्ष्मीलाई बेलाबेला आफ्ना खुट्टामा उभिनुस् भनेर प्रेरणा दिइरहन्थे । त्यसैले महालक्ष्मीले केही सयम लैनचौरको शान्ति विद्यागृह आश्रममा पनि पढाउनुभयो । २०३० सालतिर उहाँको आफ्नै काकाको छोरा पन्नालाल त्रिभुवन विश्वविद्यालयको डिन हुनुहुन्थ्यो । आफ्नो दुःख सुनाएपछि काकाको छोराले पुस्तकालयमा काम दिनुभयो । त्यसबेला महिनाको तीनसय रूपैयामा उहाँले जागिर सुरू गर्नुभयो । बिहान पढ्नका लागि क्याम्पस र दिउँसो काम गर्न अफिस धाउँदै उहाँले स्नातक पनि पास गर्नुभयो ।

तत्कालिन शिक्षा सहायक मन्त्री हिरालाल विश्वकर्मासँग महालक्ष्मीको राम्रो चिनजान थियो । एक दिन मन्त्री हिरालाललाई भेटेर लाइब्रेरी साइन्स पढ्न पाए हुन्थ्यो भनेर आग्रह गरेपछि मन्त्रीले भारतमा पढ्नका लागि व्यवस्था मिलाइदिए, र उहाँले भारत गएर १ वर्ष डिप्लोमाको पढाइ पूरा गर्नुभयो । 'भारतमा पढेर फर्केपछि घरको आर्थिक अवस्थामा अलिकति सुधार भयो', उहाँ सुनाउनुहुन्छ । जीविकोपार्जनकै क्रममा उहाँले मैनबत्ति बनाएर ठूला होटलहरूमा आफै गई बेच्ने काम पनि गर्नुभयो ।

महालक्ष्मीले घरपरिवार र राजनीतिक जीवन सँगसँगै डोर्‍याउनुभयो । २०३६ सालमा काठमाण्डौंको महेन्द्ररत्न क्याम्पसबाट कर्मचारीको नेतृत्व गर्दै पञ्चायत विरोधी आन्दोलनमा जान लाग्दा क्याम्पस प्रमुखले नेतृत्व नलिनु,

जागिर जान्छ भनेर सम्झाएका थिए । तर उहाँले मान्नुभएन 'जागिर गए जाओस् भनेर म आन्दोलनमा लागें', उहाँ भन्नुहुन्छ । पञ्चायतकालमा आफूले धेरै दुःख पाएको महालक्ष्मी सम्झनु हुन्छ । त्रिचन्द्र क्याम्पसमा काम गर्दा कम्युनिष्ट भनेर उहाँको जागिर खान खोजिएको अनुभव पनि उहाँले सुनाउनुभयो । त्यतिबेला उहाँ नेकपा (माले) मा हुनुहुन्थ्यो । भागी भागी हिँड्नुपर्ने अवस्था थियो । श्रीमान्लाई खोज्न घरमुनि पुलिस आइरहन्थ्यो र झिंगटीको छाना भएको आफ्नो घरको छानाबाटै उहाँ श्रीमान्लाई भगाउनुहुन्थ्यो ।

तत्कालीन नेकपा (माओवादी) भूमिगत हुँदा महालक्ष्मीको श्रीमान् कृष्णदास श्रेष्ठ मालेमाको अध्यक्ष हुनुहुन्थ्यो । त्यतिबेला पार्टीभित्रका कुराहरू गोप्य राख्ने र सूचना आदनप्रदान गर्ने काममा महालक्ष्मी संलग्न रहनुभयो । अहिले सत्तरी वर्षको उमेरमा पनि उहाँ जुलुसमा जाने मौकालाई छोड्नुहुन्न । केही महिनाअघि एनेकपा (माओवादी) अर्न्तगत रहेको नेवा राज्य समितिको जुलुसमा हिड्दा उहाँको लडेर खुट्टा मर्केर केही दिन थला पर्नुभएको थियो ।



महालक्ष्मी २०१५ सालदेखि राजनीतिमा लाग्नु भएको हो । उहाँ संलग्न पार्टी मालेमा र माओवादी पार्टीको एकिकरणपछि यतिबेला उहाँ एकिकृत माओवादीकातर्फबाट संविधानसभामा सदस्य हुनुहुन्छ । संविधानसभामा आएपछि जिम्मेवारी बोध भएको र कानुन बनाउने ठाउँसम्म आउन पाउँदा खुसी लागेको महालक्ष्मी बताउनुहुन्छ । आफू संलग्न संवैधानिक निकायको संरचना निर्धारण समितिमा उहाँले महिला, जनजाति, दलित, मुस्लिम, लोकसेवा र मानवअधिकार लगायतका महत्वपूर्ण आयोगहरू बनाउनु पर्ने मुद्दा उठाएर ती पास गराउन पनि सफल भएको उहाँ बताउनुहुन्छ । साथै महिलाहरूलाई पुरूष सरह समान अधिकारको कुरा तथा बुबा र आमा दुबैको नामबाट नागरिकता पाउनु पर्ने व्यवस्था हुनुपर्छ भनेर पनि कुरा उठाउनुभयो ।

महिला भएकै कारणले उहाँले संविधानसभामा भेदभाव भोग्नु नपरेको उहाँको अनुभव छ र महिलाले उठाएका कुरालाई पुरूषहरूले सकारात्मक रूपमै लिएको उहाँले पाउनु भएको छ । बरू धेरै विवादका कारण संविधान बन्नेमा चाहिँ उहाँ 'शङ्कै छ' भन्नुहुन्छ । तर जनताको मौलिक अधिकार दिलाउन आफू प्रयत्नशील रहेको उहाँ बताउनुहुन्छ ।

राजनीति बाहेक महालक्ष्मी समाजसेवामा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । तुलसी मेहर बुबाको साथी भएकाले घरमा उहाँको आउजाउ हुन्थ्यो । तुलसी मेहरले घरमा मात्र नबस आश्रममा आएर पनि केही गर भनेपछि उहाँले तुलसी मेहर महिला आश्रममा गएर काम गर्न थाल्नुभयो । उहाँ अहिले सो संस्थाको महासचिव भएर पनि काम गर्दै हुनुहुन्छ । तर सामाजिक सेवाले मात्रै देश र जनताको उत्थान नहुने हुनाले र राजनीतिले नै सबै कुराको समाधान गर्न सक्ने भएकाले बाँकी दिनहरूमा महालक्ष्मी समाजसेवा र राजनीतिलाई सँगसँगै डोहोर्‍याउन चाहनु हुन्छ ।



## व्यक्तिगत विवरण

नाम : महालक्ष्मी उपाध्याय 'डिना'
ठेगाना स्थायी : शान्ती पथ-२, हेटौडा, मकवानपुर
अस्थायी : बागडोल, वडा नं. ४, ललितपुर जिल्ला
सम्पर्क ठेगाना : ०१-५५४९८६० (घर), ९८५१०६४८९९ (मो)
इमेल : dinaupadhaya@hotmail.com
जन्म मिति : २०२२/०६/२२
जन्म स्थान : चितवन
आमाको नाम : पार्वतीदेवी अर्याल
बुबाको नाम : इश्वरीदत्त अर्याल
श्रीमान्को नाम : दिनेश उपाध्याय
शिक्षा : स्नातकोत्तर
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# 'स्वीट् सेभेन्टिन'

महालक्ष्मी उपाध्याय 'डिना' को पारिवारिक पृष्ठभूमि राजनीतिमय थियो । माइतीपट्टीका हजुरबुबा उदयनाथ अधिकारी राणाकालदेखि राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । स्वतन्त्र सेनानी भएर प्रजातिन्त्रक आन्दोलनमा लागेकोले गर्दा उहाँले झण्डै १३ वर्ष लामो जेल जीवन पनि बिताउनु भएको थियो ।

डिनाको बुबा, आमा र दाजुदिदी सबैले नेपाली काङ्ग्रेसमा आबद्ध भई पञ्चायत विरोधी आन्दोलनमा लाग्दै र जेल जीवन पनि सहँदै आएका थिए । परिवारको वातावरण नै राजनीतिमय भएकोले सानैदेखि राजनीति बुझ्न र यसमा लाग्न उहाँलाई कुनै अप्ठेरो परेन । स्कुले जीवनदेखि नै राजनीतिमा संलग्न उहाँले मुलुकमा प्रजातन्त्र ल्याउन किन आवश्यक छ भन्ने कुरा राम्ररी बुझ्नु भएको थियो । त्यसैले बिहे भएपछि पनि उहाँले राजनीतिलाई निरन्तरता दिनुभयो । उहाँको श्रीमान् दिनेश उपाध्याय पनि राजनीतिमै भएकाले उहाँलाई अझ थप सहयोग मिल्यो । दिनेश पञ्चायतकालमा नेविसङ्घको केन्द्रिय सदस्य हुनुहुन्थ्यो र अहिले उहाँ सामाजिक सङ्घसंस्थामा बढी संलग्न हुनुहुन्छ । राजनीतिमा निरन्तर लागिरहन उहाँको सासुले निकै नै सहयोग र प्रोत्साहन गरेको कुरा डिना अझै सम्झनुहुन्छ, 'कहिलेकाहीँ दिक्क लागेर राजनीति गर्न छोडिदिन्छु भन्दा मेरो सासुले त्यसो गर्नु हुँदैन बरू अघि बढ, म छु भनेर प्रोत्साहन दिनुहुन्छ ।' सासुले जस्तै डिनाकी आमाले पनि उहाँलाई सँधै प्रोत्साहित गर्नुभयो । तर, परिवारको साथ रहेपनि घरबाहिर भने महिलाले राजनीति गर्न त्यति सजिलो थिएन । 'महिला भएर पनि राजनीति र आन्दोलनमा लाग्ने ?' भन्ने खालका कुरा सुन्नु पर्थ्यो । जेलबाट छुटेर आउँदा 'जेल गएकी आइमाई' भनेर कतिपयले हेयका दृष्टिले हेर्थे ।

विगतको तुलनामा महिलालाई अहिले हिँडडुल गर्न र आफ्ना विचार राख्न केही सहज भएपनि डिनालाई अहिलेको राजनीति बढी स्वार्थी लाग्छ । पार्टीको आदर्श र विचारले भन्दा अहिले मानिसहरू अर्थ र पद मोहले बढी प्रभावित भइरहेका छन् भन्ने उहाँलाई लाग्छ । उहाँ भन्नुहुन्छ, 'पैसाले राजनीतिक विचारलाई प्रभाव

पारिरहेको छ । जो सम्पन्न छ, उ पार्टीमा पनि अघि बढ्ने र सम्पन्न मानिसलाई पार्टीमा ल्याउन जोड दिने पनि भइरहेको छ ।'

विसं २०३६ सालको पञ्चायत विरोधी आन्दोलनदेखि निरन्तर राजनीतिमा लाग्नु भएकी डिना २०४२ सालमा नेपाली काङ्ग्रेसले आह्वान गरेको सत्याग्रहमा ६/७ महिना जेल पर्नु भयो । जेल पर्दा उहाँ १७ वर्षकी मात्रै हुनुहुन्थ्यो । उहाँसँग समा शाही, समिता, कृष्णा अमात्य, शैलजा आचार्य, अम्बिका बस्नेत र एलिजा अधिकारी लगायत १७ जना महिलाहरू जेल पर्नु भएको थियो । त्यस समयमा गणेमान सिंह र मंगलादेवी सिंह अगाडिको घरमा राखिएका थिए । जेलको स्मरण गदै महालक्ष्मीले भन्नुभयो, 'शैलजा दिदीले मलाई स्वीट सेभेन्टिन भनेर बोलाउनु हुन्थ्यो र मलाई त्यो निकै मन पर्थ्यो जुन म कहिले बिर्सिन सक्दिन ।' जेलबाट छुटेपछि २०४३ मा उहाँ पद्मकन्या क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सभापतिमा निर्वाचित हुनुभयो र २०४६ सालको जनआन्दोलनमा पनि उहाँ सक्रिय रहनु भयो ।

जनआन्दोलनपछि २०४६ सालमा नेपालमा बहुदल आएपछि समावेशीका मुद्दाहरू उठ्न थालेपछि महिलालाई आरक्षणबाट ल्याए पुग्छ र प्रतिस्पर्धाबाट ल्याउनु हुदैन भन्ने पुरुष विचार हावी हुन थालेको डिनाको भनाइ छ । सायद त्यसैले होला २०४८ र २०५१ मा हेटौडाबाट संसद्को चुनाव लड्नु भएकी डिना दुबै चोटी पराजित हुनुभयो । जीवनका महत्वपूर्ण ३० वर्षहरू राजनीतिमै खर्चिँदा पनि आफूभन्दा धेरै पछि आएकाहरू आफूभन्दा माथि पुगेपछि उहाँमा निराशा छाउनु पनि स्वभाविकै हो । तर, पार्टीका नेताहरूका क्रियाकलाप्रति उहाँ धेरै पटक निराश हुनु भए पनि उहाँले राजनीति भने छोड्न सक्नु भएन । २०४६ पछि उहाँ सामाजिक क्षेत्रमा पनि लाग्नुभयो । उहाँले सामुदायिक महिला विकास संस्था मकवानपुरको अध्यक्ष भएर काम गर्नु भयो । स्वास्थ्य र शिक्षामा महिलाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले मकवानपुरको ४३ वटा गाविसमा प्रौढ साक्षरता, खानेपानी लगायत सामाजिक र विकासका काम गर्नुभयो ।

सांसद् र मन्त्री बन्छु भनेर नभै लोकतन्त्रलाई स्थायित्व गर्नुपर्छ भनेर राजनीति लागेको डिनाको भनाइ छ । तर २०४६ पछि भने उहाँलाई त्यस्ता पदहरू प्राप्त गर्ने अवसरहरू पनि प्रांप्त हुँदै गए । उहाँ यस अघि जलस्रोत राज्य मन्त्री समेत भइसक्नु भएको छ । संविधानसभामा महिलादेखि विकास निर्माणका मुद्दा र लोकतन्त्रलाई स्थायित्व दिनुपर्छ भन्नेमा उहाँको बढी जोड रहेको थियो । तर, संविधानसभामा आएपछि आफूले सोचेजस्तो काम गर्ने अवसर प्राप्त नभएको उहाँको अनुभव छ ।

राजनीतिक क्षेत्रमा महिलाले फड्को मारे पनि महिलालाई हेर्ने सामाजिक दृष्टिकोण अझै रूपान्तरण हुन सकेको छैन । तल्लो तहदेखि महिलालाई सशक्त पार्दै र उनीहरूको नेतृत्व विकास गर्दै स्वास्थ्य, शिक्षा र रोजगारको क्षेत्रमा उनीहरूको पहुँच बढाउनु पर्ने काम राम्ररी हुन सकेको छैन । कानुनी रूपमा महिलाहरूले धेरै अधिकार प्राप्त गरेता पनि ती कानुनलाई तल्लो तहसम्म कार्यान्वयन गराउन नसक्दा महिलाहरूले कानुनले दिएका ती हक अधिकारहरू पूर्ण रूपले प्राप्त गर्न सकेका छैनन् भन्ने डिनाको ठम्याइ छ ।

राजनीतिक क्षेत्रमा समेत महिलाका मुद्दालाई बेवास्ता गर्ने र उनीहरूका कुरालाई हल्का रूपमा लिने परम्परा आज पनि विद्यामान छ । महिलाका मुद्दामा करिब १० प्रतिशत जति राजनीतिक क्षेत्रका पुरूषहरू मात्र अधिक

संवदेनशील रहेको उहाँको अनुभव छ । संविधानसभाभित्र महिलालाई प्रत्यक्ष रूपले विभेद नगरिए पनि बोल्ने कुरामा पुरूष नै हावी हुन्छन् । नेपाली काङ्ग्रेस ठूलो दल भएकोले दलका सबै सदस्यहरूले संविधानसभामा बोल्नका लागि समय पुग्दैन र बोल्ने कुरामा सँधैजसो पुरूष नै प्राथमिकतामा पर्छन् । त्यसकारण महिला सदस्यहरूले त्यहाँ धेरै विषयवस्तुहरू उठाउन चाहँदा-चाहँदै पनि समय अभावको कारणले सक्दैनन् भन्ने उहाँको अनुभव छ ।

संविधानसभाको एउटा अनुभव डिनाको सम्झनामा अहिले पनि ताजै छ । गत वर्ष संविधानसभा अन्तर्गतको विषयगत समितिको छलफलमा आफ्ना भनाइ राख्नका लागि नाम लेखाउने क्रममा एक नम्बरमा आफ्नो नाम पार्न खोज्दा उहाँको नाम धेरै पटक काटियो र उहाँले यसको विरोधस्वरूप बैठक बहिष्कारसमेत गर्नुभयो । त्यसपछि मात्र उहाँले बल्ल एक नम्बरमा बोल्ने पालो पाउनुभयो । आफू महिला भएकाले नै यो अन्याय भएको हो भन्ने उहाँलाई महसुस भएको छ । त्यसै गरी संविधानसभामा महिलाले राष्ट्रिय मुद्दामा पनि कमै बोल्ने अवसर पाउने गरेको उहाँलाई लाग्छ । त्यसको हुनुको एउटा मुख्य कारण पुरूष नै पार्टीको ठूलो र मुख्य पदहरूमा भएकोले पनि हो ।

संसद् र संविधानसभामा रहेका महिला सदस्यहरूको समूह 'महिला ककस' गठन गर्न पनि डिना सक्रिय रहनुभयो । महिलाका मुद्दाहरूलाई पार्टीभन्दा माथि उठाउन र कतिपय संविधानको मस्यौदा प्रतिवेदनमा छुटेका मुद्दाहरूलाई बहसमा ल्याउन महिला सभासद्हरू मिलेर महिला ककस गर्न आवश्यक परेको पनि उहाँले औँल्याउनु भयो । तर, महिला ककस गठन गर्ने विषय त्यति सजिलो थिएन । सुरूमा चारपाँच वटा पार्टीका महिला सदस्यहरू बसेर ककस गठन गर्ने सम्बन्धमा केही चरण छलफल गरेपछि सभामुखलाई बोलाएर औपचारिक रूपमा ककस गठन भएको घोषणा गर्ने योजना थियो । तर, महिलाका मुद्दामा सबै पार्टीका महिलाहरू एकठाउँमा जुट्न लागेको देखेर एमाले र काङ्ग्रेसलगायतका ठूला पाटीहरूले महिला ककस गठन गर्न आवश्यक छैन भनेर विरोध गरे । ककस गठन गर्न नदिन पार्टीले महिला सदस्यहरूलाई ह्वीप नै जारी गऱ्यो । तर, महिलाहरूले पार्टी ह्वीपलाई नाघेरै महिला ककस स्थापना गरेरै छाडको उहाँ स्मरण गर्नु हुन्छ ।

संविधानसभामा आफ्नो योगदानलाई विश्लेषण गर्दा डिना आफ्नो भूमिका कसैको भन्दा कम नरहेको दाबी गर्नुहुन्छ । 'तर, हाम्रो कारणले संविधान नबनेको भन्ने आरोपले भने दुःख लाग्छ', उहाँ खुलाउनुहुन्छ, 'केही व्यक्ति र शीर्ष नेताको कमजोरीले गर्दा संविधान बन्न नसकेको हो ।' तर, ती नेताहरूलाई संविधान तोकिएकै समयभित्र लेखाउन वकालत गर्न नसक्नुमा आफूहरूको पनि केही कमजोरी रहेको उहाँ स्वीकार्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : माया चेपाङ्ग |
| ठेगाना स्थायी | : कुम्लीचोक गाविस-२, गोर्खा |
| अस्थायी | : जोरपाटी, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४९६१६६६५ (मो) |
| जन्म मिति | : २०२९/७/१५ |
| जन्म स्थान | : गोर्खा |
| आमाको नाम | : भिम माया चेपाङ्ग |
| बुबाको नाम | : कमलबहादुर चेपाङ्ग |
| श्रीमान्‌को नाम | : दलबहादुर चेपाङ्ग |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# संविधानसभा सोचेजस्तो सजिलो रहेनछ

बिहेपछि पनि आमाबुबाकै साथमा बस्न पाउनु, राजनीति गर्न पाउनु, सीमान्तकृत समुदायको गरिब परिवारमा जन्मेर पनि संविधानसभाको सदस्य हुन पाउनु यी सबै संजोग झैँ लाग्छन् माया चेपाङ्‌लाई । तर श्रीमान् र घरपरिवारको सहयोग र समर्थनले नै उहाँलाई यो सुखद अवसर मिलेको हो भन्ने कुरा पनि उहाँले बिर्सनु भएको छैन ।

वर्गीय हिसाबले राज्यले पछाडि पारेको जाति, लैङ्गिक रूपमा महिला, त्यसमाथि अरू दाजुभाइ दिदीबहिनी नभएका कारण मायाले माइतमा बस्नु परेको थियो । यी परिबन्धनले नै उहाँलाई राजनीतिमा लाग्न प्रेरित गऱ्यो । अशिक्षित र निम्न आर्थिक हैसियतको भएकोले उहाँको परिवारले कृषि र मजदूरीबाटै गुजारा चलाउनु पर्थ्यो । आफू आमाबुबाको एक्लो सन्तान भएर पनि आमाबुबा शिक्षित नभएकाले र परिवारको आर्थिक अवस्था कमजोर भएकोले शिक्षा पाउन नसक्दा उहाँलाई सँधै दुःखको अनुभव हुन्छ । समाजको सोचाइ पनि त्यस्तै थियो, छोरीले पढेर के नै गर्नुछ र । त्यसमाथि, परिवारमा छोरा नभएकोले पनि उहाँले दोहोरो जिम्मेवारी निर्वाह गर्नुपऱ्यो । १४/१५ वर्षको उमेरमा उहाँले साहुको भारी बोकेर आमाबुबा, हजुरआमा र उहाँ आफै गरी चार जनाको परिवार पाल्नु परेको थियो ।

माओवादी 'जनयुद्ध' सुरू भएपछि मायाको गाउँमा माओवादीहरू 'सेल्टर' लिन आउँथे । सुरूमा उहाँलाई गाउँमा नयाँ नौलो मान्छे आउँदा डर पनि लाग्थ्यो । स्कुलमा शिक्षक र काकाहरूले माओवादीबारे बुझाउन थालेपछि उहाँ पनि बिस्तारै त्यसप्रति आकर्षित हुन थाल्नुभयो । बस्दै जाँदा उहाँले सङ्गठनको जिम्मेवारी निभाउन थाल्नुभयो । उहाँलाई राजनीतिमा लागेपछि महिलाको मुक्ति हुन्छ, अधिकार प्राप्ती हुन्छ र आफ्नो वर्गको मुक्ति हुन्छ भन्ने लाग्यो ।

युद्धकालीन अवस्थामा राजनीति गर्नु सजिलो थिएन । माओवादीलाई खाना खुवाएको, सेल्टर दिएको र सामान राखेको आरोपमा सरकारले २०५८ तिर माया विरूद्ध मुद्दा लगायो । सुरूका दुई दिन हिरासतमा राखेपछि हप्ताको

एक चोटी तारेख खेप्ने शर्तमा उहाँलाई छोडियो । त्यसपछि तीन बच्चा र आमाबुबाको रेखदेखको जिम्मेवारी श्रीमान्को काँधमा सुम्पदै उहाँ २०६० सालमा उहाँ भूमिगत हुनुभयो । भूमिगत हुँदा आफ्नै जिल्लामा कार्यक्षेत्र बनाएर काम गर्नुभयो । त्यसरी हिँड्दा उहाँ कैयौं पटक सुरक्षाकर्मीको घेरामा पनि पर्नु पऱ्यो । यस्तै एउटा घटना उहाँलाई अहिले पनि याद आउँछ । २०६१ चैत ३ गते बोर्लाङ गाविसमा चार जना खाना खाइरहेको बेला गस्तीमा आएको सेनाले वाल पेन्टिङ देखेर घेरा हाल्यो तर उहाँहरू घेरा तोड्न सफल हुनुभयो ।

ज्यानलाई नै जोखिममा राखेर सुरु गरेको उहाँको युद्धकालीन राजनीति पनि शान्ति प्रक्रियासँगै नयाँ मोड लिन पुग्यो र त्यो यात्रा संविधानसभाको भवनसम्म आइपुग्यो । संविधानसभामा आउँछु भनेर नसोचे पनि आफूलाई परिस्थितिको आवश्यकताले यो ठाउँमा ल्याइ पुऱ्याएको महसुस हुन्छ । समानुपातिक अर्न्तगत संविधानसभाको सदस्यमा चुनिनुमा जातीय र लैङ्गिक हिसाबले मात्रै नभै आफ्नो योगदान पनि त्यसमा जोडिएकोमा उहाँलाई गर्व पनि महसुस हुन्छ । संविधानसभाको भवनमा छिर्दा सुरुका केही दिन केही अप्ठेरो र असहज पनि लाग्यो । 'जेठ १४ गते त अलमलमै परियो । हामीजस्ता सोझासाझा र कम पढेको मान्छेले, साधारण अक्षर चिनेर जानेर मात्रै नहुँदो रहेछ भनेर अप्ठेरो लाग्यो', ती क्षणहरू सम्झँदै भन्नुहुन्छ, ' तर पछि सामान्य हुदै गयो ।'

त्यस्तो परिस्थितिमा संविधानसभामा आएको बेला बैठकका विधि र प्रक्रियाबारे सिक्न पनि उहाँलाई ७/८ महिना समय लाग्यो । मायाका अनुसार कम पढेलेखेको मान्छेलाई झन् गाह्रो हुन्छ । त्यसो त सभासद्हरूलाई लक्षित गरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्यक्रम पनि गर्दै आएका छन् तर, उहाँ भने त्यस्ता कार्यक्रममा खासै भाग लिने गर्नु भएको छैन । कार्यव्यस्तताका कारण मात्रै नभै पार्टीले त्यस्तो कार्यक्रममा सहभागी हुन खासै प्रोत्साहित नगर्ने भएकाले पनि कमै मात्र कार्यक्रममा जाने गरेको बताउनुहुन्छ । उहाँलाई गएका सबै कार्यक्रम पनि खासै उपलब्धिमूलक लागेनन् । राज्य सङ्घीयतामा गइसकेपछिको चुनावी प्रक्रिया कस्तो हुने भन्ने एउटा कार्यक्रम भने उहाँलाई उपयोगी लाग्यो ।

माया संविधानसभा अर्न्तगत अल्पसंख्यक तथा सीमान्तकृत समितिमा हुनुहुन्छ । सुरूमा त्यो समिति भनेकै के हो उहाँलाई स्पष्ट भएन । तर, जब बुझ्दै गयो अनिमात्र मुद्दा पनि उठाउने क्रम बाक्लिँदै गयो । उहाँले महिला, जनजाति लगायत अल्पसंख्यक र सीमान्तकृत समुदायको राज्यको सबै निकायमा समावेशी र समानुपातिक सहभागिता हुनुपर्छ भनेर आफ्नो कुरा राख्नुभयो । उहाँले बोलेका केही कुरा बुँदागत रूपमा समेटिए पनि सबै पर्न नसकेको उहाँ बताउनुहुन्छ । यद्यपि नसमेटिएका बुँदामा फरक मत नै राख्नुपर्ने अवस्था पनि आएन ।

मायाले आमाको नामबाट नागरिकता पाउनुपर्ने कुरो, महिलाहरूले पैतृक सम्पत्ति पाउने कुरालगायत महिलाका मुद्दा पनि उठाउनुभयो । यस्तै, मधेसी समुदायलाई कसरी समान हिसाबले सहभागिता गराउने भन्ने आवाज उठाएको उहाँ सुनाउनुहुन्छ । राज्य पुनर्संरचनापछि आदिवासी/जनजातिको स्वायत्तता र त्यसभित्र उपलब्ध प्राकृतिक स्रोत साधन ती समुदायले प्रयोग गर्न पाउनुपर्छ भन्ने मुद्दा पनि उठाउनु भयो । उहाँलाई यो मुद्दाले अवधारणापत्रमा स्थान पाए पनि सबै समेटिन नसकेको लाग्छ ।

मायाका अनुसार महिलाका कतिपय मुद्दाहरू एकजुट भएर उठाउन सभासद् महिलाहरू बीचको विविधता चुनौतिको रूपमा आउने गरेको छ । विभिन्न वर्गको प्रतिनिधित्व गर्ने महिला सदस्यहरू बीचको फरक सोचाइले

पनि कहिलेकाहीँ समस्या खडा हुने गर्छ । शिक्षित, धनी र सहरी क्षेत्रका सदस्यहरूले गरिब, नपढेका र गाउँका महिलालाई हेप्ने र हस्तक्षेप गर्ने प्रवृत्ति रहेको पनि अनुभव उहाँलाई महसुस हुन्छ । कतिपय अवस्थामा विषयवस्तु बुझाउन कठिन भएको भन्ने पनि उहाँलाई लाग्छ । यस्तो अवस्थामा ककसको जिम्मेवारी महत्वपूर्ण हुने ठान्नुहुन्छ । सबै महिलाले भोग्नु परेको कथा व्यथा एउटै भएकाले महिलाका मुद्दा सशक्त र सामुहिक ढङ्गले उठाउदा प्रभावकारी हुने माया बताउनुहुन्छ ।

त्यसो त संविधानसभाभित्र र बाहिर समेत महिला र पुरूष सदस्यलाई हेर्ने दृष्टिकोण पनि फरक माया देख्नुहुन्छ । त्यतिमात्रै हैन, उहाँ प्रत्यक्ष र समानुपातिकबाट आउने सदस्यलाई हेर्ने दृष्टिकोणमा पनि भिन्नता छ भन्नुहुन्छ । 'समानुपातिकबाट आएको, के जानेको छन् र महिलाले भन्ने समेत सोच्छन्', उहाँको अनुभव छ । कतिपय अवस्थामा पार्टीकै कार्यकर्ताले पनि त्यस्तो सोचिदिन्छन् । संविधानसभामा बोल्न दिने कुरामा पनि हैसियत हेरेर समय दिने गरेको बताउनुहुन्छ । पदीय हैसियत अनुसार दिने र अधिकांश ठूला पदमा पुरूष नै हुने भएकाले महिलाले कम समय पाउने गरेका छन् ।

यी चुनौतिका बावजुद आफूले गर्नुपर्ने दायित्व पूरा गर्ने काममा भने माया लागिनै रहनु भएको छ । विभिन्न ठाउँमा गएर, समितिमा बोलेर, मिडियामा बोलेर महिलाका कुरा पुऱ्याएको सुनाउनुहुन्छ । संविधान लेखनमा मात्रै हैन, जनताका विकास निर्माणप्रतिका अपेक्षा सम्बोधन गर्न पनि लागि नै रहनु भएको छ । बेलाबेलामा जिल्ला र इलाकामा गएर जनतासँग भेटघाट गर्ने, कार्यक्रममा सहभागी हुने र आफूले गर्न सके नसकेका कामबारे स्पष्ट पार्ने गरेको उहाँको भनाइ छ । जनताबाट पानीको धारा बनाउने माग आउँदा उहाँ भन्ने गर्नुहुन्छ, 'पानीको धारा हैन, संविधानको धारा ल्याउछौँ र तपाईकै पक्षमा काम गरिरहेका छौ ।'

धेरै कुरा सिक्ने अवसर पनि बन्यो संविधानसभा उहाँका लागि । संविधानसभाको साढे दुई वर्षे अनुभवले भन्छ, 'यहाँ सिक्नुपर्ने र जान्नु पर्ने कुरा धेरै रहेछ र सोचेजस्तो सजिलो हुने रहेनछ ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : मालामती देवी राना थारू |
| ठेगाना स्थायी | : शुभकामना टोल, धनगढी गाउँ-८, कैलाली, सेती |
| अस्थायी | : शान्तिनगर, वडा नं. ३४, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०९१-५२४८०२ (घर), ९७४११६७५५३ (मो) |
| जन्म मिति | : २०१७/७/२ |
| जन्म स्थान | : धनगढी नपा-११, जुगेडा गाउँ |
| आमाको नाम | : करूवा देवी राना थारू |
| बुबाको नाम | : लाल बहादुर प्रधान राना थारू |
| श्रीमान्को नाम | : भज्जी राना थारू |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : सद्भिय सद्भावना पार्टी |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# केही पाउन मेहनत त गर्नै पर्छ

महिलाले चुलोचौकोमा मात्र सीमित रहँदा समाज विकासका काममा केही योगदान पुऱ्याउन सकिन्न । त्यसैले समाजमा आफ्नो पहिचान बनाउनका लागि घरबाट बाहिर निक्लनै पर्छ भन्ने विचारले मालामती देवी राना थारू राजनीतिमा लाग्नुभयो ।

समग्रमा थारू समुदाय निकै नै पछाडि परेको भएपनि मालामतीको परिवार राजनीतिक रूपले सचेत भएकाले मालामतीलाई राजनीतिमा लाग्न सजिलो भयो । उहाँलाई राजनीतिमा अघि बढ्न प्रेरणा दिनुहुने बुबा लालबहादुर प्रधान राना थारू र श्रीमान् भज्जी राम रानाको सहयोग महत्वपूर्ण रह्यो । उहाँको हजुरबुबा गाउँघरको अगुवा भएकोले हजुरबुबाको अगुवाईमा समाजको मुद्दा मामिलाको छिनोफानो हुने गर्दथ्यो । उहाँको बुबा पनि राजनीतिमा नै सक्रिय हुनुहुन्थ्यो । उहाँको काका जुद्धलाल राना थारू तत्कालीन पञ्चायत व्यवस्थामा उपप्रधानपञ्च हुनुहुन्थ्यो भने फुफु मज्जोदेवी रानाले ३ कक्षामात्र पढेको भए पनि स्थानीय विद्यालयमा पढाउँदै आउनुभएकोले 'मास्टर्नी'को रूपमा समाजमा उहाँले राम्रो इज्जत कमाउनु भएको छ ।

हात थापेर केही पाइन्न, केही पाउन मेहनत त गर्नै पर्छ भन्ने मालामती राजनीतिमा आफूले गरेको सङ्घर्षपछि प्राप्त गरेको उपब्धिमा खुशी हुनुहुन्छ । २०५२ सालमा राजनीतिमा प्रवेश गर्नुभएकी मालामती २०६२ सालदेखि २०६५सम्म सद्भावना पार्टीको जिल्ला कार्यसमितिको कोषाध्यक्ष हुनुहुन्थ्यो । २०६५ सालदेखि उहाँ पार्टीको आदिवासी/जनजाति विभागको प्रमुख तथा २०६६ सालदेखि केन्द्रीय सल्लाहकार समितिको सदस्य रहँदै आउनुभएको छ । आफ्नो सङ्घर्ष र प्रयासका सम्बन्धमा उहाँ भन्नुहुन्छ– 'सङ्घर्ष नगरी त केही पनि हुन्न, आजको यो उपलब्धी हामीले टपक्क टिपेर कमाएको होइन । पार्टीको लागि केही होस् भनेर काम गरें, गर्दागर्दै समानुपातिकमा टिकटको लागि प्रयास गरें सफल भएँ । सद्भावना पार्टीमा मिहिनेत सङ्घर्ष नगरेको भए आज म यहाँ सम्म पुग्ने थिइन ।'

मालामतीका अनुसार राना थारूहरूको अलग्गै संस्कृति तथा पहिचान भएपनि राष्ट्रिय जनजाति प्रतिष्ठानमा आफ्नो समुदाय अलग्गै जातिको रूपमा सुचीकृत भएको छैन । राना थारूका जन्मदेखि मृत्युसम्मका संस्कार तथा संस्कृति अन्य थारू जातिका भन्दा फरक छन् । राना थारूले मान्ने तीज पर्व भाइ भतिजाको लागि मनाइन्छ । जुन पर्व मनाउन विवाहित छोरीहरू निक्कै टाढा टाढाबाट लट्ठी टेकेर पनि माइत आइपुग्छन् । राना थारूको महत्वपूर्ण चाड तीज भएकाले तीजमा सम्पूर्ण महिलालाई बिदा दिइए जस्तै राना थारू महिलाहरूले मनाउने यस तीज पर्वमा पनि सम्पूर्ण थारू महिलाहरूलाई बिदा दिनुपर्ने तर्कका साथ मालामतीले आवाज उठाउँदै आउनुभएको छ ।

मालामतीका अनुसार, पहिले राना थारूहरूले कैलाली, कञ्चनपुर जिल्लामा मात्र बसोबास गर्दै आएकोमा बिस्तारै बसाइँ सर्ने क्रममा अन्य जिल्लाहरूमा पनि उनीहरूको बस्ती बिस्तार भएको छ । समयको परिवर्तन सँगसँगै चौधरी थारूको संस्कारहरू राना थारूले पनि अँगाल्न थालेका छन् । जस्तो, कम्लहरी बस्ने चौधरी थारूको चलन राना थारुले पनि अपनाएको उहाँको भनाइ छ । सम्पूर्ण थारू जातिको लागि पीडाको विषय बन्दै आएको कमैया कम्लहरी प्रथाको अन्त्यका लागि मालामतीले पनि सङ्घर्ष गर्दै आउनुभएको छ ।

सरकारद्वारा २०५७ सालमा 'कमैया मुक्ति'को घोषणा भएपनि पनि व्यावहारिक रूपमा उनीहरू अझै पनि मुक्त हुन सकेका छैनन् । २०६७ साल वैशाख १८ गते कम्लहरी बसेकी एकजना बालिका बलात्कारको शिकार भइन् । यस घटनाको विरूद्ध आवाज उठाउन पनि मालामतीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । कमैया मुक्तिको घोषणा भएपनि गरिबी र अशिक्षाका कारण थारूहरू अझै पनि कमैया बस्न बाध्य हुनुपरेको छ । सरकार र संविधानसभा सदस्यहरूले पनि 'कमैया मुक्ति'को घोषणालाई गम्भीर रूपमा नलिएकोमा मालामती दुःख व्यक्त गर्नुहुन्छ । आफू थारू समुदायबाट आएको भन्ने थाहा पाएपछि कतिपय सभासद्हरूले समेत 'एक जना थारू केटा वा केटी जो भएपनि घरमा काम गर्नको लागि ल्याइदिनुहोस् न' भनेर भन्ने गरेको कतिपय अनुरोधलाई उहाँले बिडम्बनाको रूपमा लिने गर्नुभएको छ । मालामती तिक्तता व्यक्त गर्नुहुन्छ– 'सभासद् भएर हामी सबैजना सँगै काम गरिरहेका छौँ र हामी सबैको समान हैसियत छ । फेरि उहाँहरूले घरमा काम गर्ने मान्छे मसँग किन माग्ने ?' यसै सन्दर्भमा व्यवस्थापिका संसद्को महिला, बालबालिका र समाजकल्याण समितिद्वारा मुक्त कमैया कम्लरीहरूको समस्या र अवस्थाको सम्बन्धमा अनुगमन गर्न गठित उप-समितिमा मालामतीलाई संयोजकमा चयन गरिएको थियो । उहाँकै नेतृत्वमा मध्य पश्चिम तथा सुदूर पश्चिमको मुक्त कमैया कम्लरीहरूको वस्तुस्थिति बुझ्नका लागि ७ सदसीय टोलीले बाँके, बर्दिया, कैलाली, दाङ जिल्लाको स्थलगत भ्रमण गरि उनीहरूको समस्या र अवस्थाबारे थप बुझेर सोको प्रतिवेदन समेत समिति समक्ष प्रस्तुत गरिसकेको छ ।

आफ्नो समुदाय र क्षेत्रको समस्या उजागर गर्न सम्बन्धित समुदाय र क्षेत्रकै प्रतिनिधित्व सबै ठाउँमा हुनुपर्ने मालामतीको मान्यता छ । आफूले राजनीतिमा लागेर आफ्नो र आफ्नो समुदायको राम्रो पहिचान बनाएकोले भविष्यमा पनि राजनीतिमैं रहने उहाँको सोच छ । उहाँ भन्नुहुन्छ, 'मैले जति पढिलेखे पनि राजनीतिमा नआएको भए अहिले मेरो यस्तो पहिचान हुने थिएन, नीति निर्माण गर्ने ठाउँ कस्तो हुन्छ भन्ने पनि थाहा हुन्नथ्यो । त्यसैले भविष्यमा पनि राजनीति नै गर्ने उहाँको इच्छा रहेको छ ।'

समानुपातिक तर्फबाट संविधानसभामा आइपुग्नु भएकी मालामतीले संविधानसभा निर्वाचन अघि संविधानसभाको सदस्य हुने कल्पनासमेत गर्नु भएको थिएन । उहाँले संविधानसभा सदस्य भएपछि अवसर पाए काम गर्न सकिने अनुभव सँगाल्नुभएको छ । संविधानसभाको पहिलो बैठकका दिन दिउँसो १२ बजे बोलाएर राति १२ बजे बसेको बैठकबाट उहाँले राजनीतिमा प्रवेश गरेपछि 'अबेर सबेर' हुन्छ भन्ने पनि अनुभव गर्नुभयो । साथै सो बैठकको दिन आफ्नो जातीय पोशाक र गहना लगाएर जाँदा थुप्रै व्यक्तिहरूले उहाँलाई अनौठो रूपमा हेरेपछि जातीय पहिचानको आवश्यकता उहाँलाई झन टड्कारो रूपले महसुस भयो । उहाँको अनुभव छ, 'संविधानसभामा शपथ लिएर बाहिर निस्कँदा मेरो पोशाक र गहनालाई लिएर पत्रकारले विभिन्न प्रश्न गरे । तर यसो हुनुमा पत्रकारहरूको दोष नभइ, राज्यले आदिवासी/जनजातिहरूलाई पहिचान नदिंदाको समस्या हो ।'

राना थारूको पहिचानको समस्या भोग्दै आउनुभएकी मालामतीले संविधानसभामा राना थारूको भाषाको पहिचानका लागि पनि आवाज उठाउनु भयो । उहाँले राना थारूका मात्र नभइ महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिमलगायतका समुदायका आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई पनि अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन बारम्बार आवाज उठाउँदै आउनु भएको छ । उहाँ संविधानसभा अन्तर्गतको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको महिला, बालबालिका र समाजकल्याण समितिको सदस्य हुनुहुन्छ ।

महिला, बालबालिका र समाजकल्याण समितिको सदस्य तथा बालबालिका उपसमितिको संयोजकसमेत रहनुभएकी मालामतीले भैरहवाको मर्यादापुर गाविसको एउटा ईटा भट्टामा ८ वर्षीया बालिका मनिषालाई बलि चढाइएको सम्बन्धमा पनि जोड्दार आवाज उठाउनुभयो । उपसमितिमा आवाज उठ्नुअघि पीडक खुल्ला रूपमा घुमफिर गरिरहेका थिए । उहाँ लगायत अन्य सदस्यहरूले उपसमितिमा उठाएको आवाज तथा स्थलगत भ्रमणको रिपोर्ट पछि बालिकालाई बली दिने पीडकलाई कारागार पठाउन सफल भएको उहाँ बताउनुहुन्छ । मालामती भन्नुहुन्छ, 'हामीले आवाज नउठाएको भए सो अपराधीलाई कारबाही हुने थिएन । त्यसैले महिला तथा बालबालिका माथि हुने मानसिक तथा शारीरिक हिंसाका विरूद्ध मैले सशक्त आवाज उठाइरहेकी छुँ ।'

संविधानका अधिकांश विषयहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्नका लागि थुप्रै चुनौतिको सामना गर्नु परेको मालामतीको अनुभव छ । मालामतीका अनुसार, महिलाका मुद्दामा पुरूष सदस्यहरू तथा संविधानसभाका अध्यक्ष, समितिका सभापति तथा दलका नेताहरूबाट असहयोग, सम्पूर्ण महिला सदस्यको एकताको अभाव र ठूला दलहरूले साना दलहरूको आवाजलाई बेवास्ता गर्ने प्रवृत्ति रहने हो भने संविधानसभामा महिलाहरूको मुद्दाले महत्त्व पाउन नसक्ने उहाँको ठम्याइ छ ।

संविधानसभाको सदस्य भएपछि मालामतीले आफ्नो भूमिका चुनौतिपूर्ण रहेको अनुभव गर्नु भएको छ । यस्तै संविधानसभा भित्र र बाहिर पनि उहाँले महिला सभासद् र पुरूष सभासद्बीच विभेद हुने गरेको महसुस गर्नुभएको छ । महिला सभासद्लाई कर्मचारीहरूले अपेक्षाकृत रूपमा राम्रो व्यवहार गर्ने गरेको भए तापनि तराई मूलका महिला सभासद्लाई कतै कतै बढी विभेद गरेको हो कि जस्तो मालामतीलाई लाग्छ । यस्तै संविधानसभामा पनि पुरूषहरूले धेरै अवसर पाउने गरेको तर महिलाहरूले कम अवसर पाउने गरेको पनि उहाँको अनुभव छ ।



**व्यक्तिगत विवरण**

नाम : मीना पाण्डे
ठेगाना स्थायी : कर्मैया-५, सर्लाही, जनकपुर
अस्थायी : बत्तिसपुतली -९, काठमाण्डौं, बाग्मती
सम्पर्क ठेगाना : ०१-०१४४७४२८२ (घर)
९८४१४४३३२८ (मो),
इमेल : pandey.meena@gmail.com
जन्म मिति : २००९/०१/२९
जन्म स्थान : बेथान-२, रामेछाप
आमाको नाम : स्व. देवकुमारी खड्का
बुबाको नाम : भक्तबहादुर खड्का
श्रीमान्‌को नाम : स्व. यज्ञबहादुर पाण्डे
शिक्षा : स्नातक
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# लोकतन्त्र राम्रो कुरा हो, तर यसको बाटो जटिल छ

सादा जीवन उच्च विचारकी अनुयायी मीना पाण्डे सरल र स्पष्ट वक्ताको हैसियतबाट नेपाली राजनीतिक, सामाजिक जीवनमा परिचित हुनुहुन्छ । उहाँले नेपाली काङ्ग्रेसको अघिल्लो पुस्ताको परिपक्व नेत्रीका रूपमा पनि आफ्नो छवि बनाउनु भएको छ ।

मीना २००९ वैशाख २९ गते रामेछापको बेथान गाविस-२ का भक्तबहादुर खड्का र देवकुमारी खड्काको तेस्रो सन्तानका रूपमा जन्मनु भयो । उहाँलाई सानैदेखि पढ्नमा असाध्यै रूचि लाग्थ्यो । छोरीहरूलाई पढ्न नपठाउने त्यस बेलामा उहाँले घर नजिकैको श्री कुशेश्वर प्राथमिक विद्यालयमा कक्षा ५ सम्म पढ्नुभयो । गाउँमा त्यसबखत माध्यमिक तह अध्ययन गर्ने अवसर नभएकाले उहाँको पढाइमा त्यत्तिकै ठेस लाग्यो ।

पहाडे गाउँले जीवनले मीनालाई धेरै सङ्घर्ष गर्न सिकायो । गाउँ, समाजमा व्याप्त अन्याय देखेर उहाँलाई असाध्यै चित्त दुख्थ्यो । गाउँमा किताब कापीको अभावमा लाप्चे किरा समातेर त्यसको रगतको रातो मसी, सिमीको हरियो मसी र कोइलालाई पानीमा घोलेर बनाएको कालो मसीले बाँसको कलम बनाएर पाटीमा लेख्ने प्रचलन देखेर उहाँलाई अचम्म लाग्थ्यो ।

२०१७ सालमा निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई तत्कालिन राजा महेन्द्रले हिरासतमा लिइ प्रजातन्त्रको अपहरण (कू) गरेर पञ्चायती व्यवस्था लागू गरेका थिए । देशमा एकाएक भएको त्यो राजनीतिक परिवर्तनले किशोरी मीनालाई केही राजनीतिक तथा सामाजिक चेतनाको आभास भयो । २०२१ सालतिर पञ्चायती व्यवस्थाको विरूद्ध लडेकाले राज्यले उहाँका दाजु शिवबहादुर खड्कालाई गिरफ्तार गर्‍यो । मानवअधिकार जस्तो प्रथम अधिकार बन्देज भएको बेलामा मीनाका दाजुमाथि कारागारमा चरम यातना दिइयो । 'यतिसम्म कि कारागारमा उहाँलाई बिजुलीको झट्का दिइएको थियो र दाजु असाध्यै कमजोर हुनुभएको थियो,' उहाँ स्मरण

गर्नुहुन्छ । यता दाजुको अवस्था तथा घरमा आफ्नी भाउजु दुर्गा खड्काको पीडा मीनालाई खपिनसक्नु भएको थियो । यस्तै सङ्घर्षको परिणाम उहाँले आफू अन्यायको विरूद्ध लड्ने अठोट गर्नुभयो ।

२०२५ सालतिर मीना सहर घुम्ने रहरमा रामेछापबाट केही दिनका लागि घर छाडेर पहिलोपल्ट काठमाण्डौं आउनुभयो । उहाँकी सानीआमाकी छोरी त्यतिखेर कक्षा ९ मा पढ्दै थिइन् । एकदिन, बहिनीका किताब चलाउँदा चलाउँदै उहाँलाई फेरि पढौं–पढौं भन्ने भावना जागृत भयो । मीनाले त्यतिखेरै गाउँ नफर्किने र सहरमै बसेर पढ्ने अठोट गर्नुभयो । आफ्नो सपना साकार गर्न त्यही वर्ष उहाँ एकैपल्ट कक्षा नौमा भर्ना हुनुभयो र धेरै कठिन परिश्रम गरेर उहाँले हाइस्कूल पास गर्नुभयो । मीनाले पद्मकन्या क्याम्पसबाट प्रमाणपत्र र लगत्तै सामाजिक शास्त्र/इतिहासमा स्नातकसम्मको शिक्षा हासिल गर्नुभयो । अध्ययनका क्रममा मीनाले राजनीतिक यात्रा पनि सुरू गर्नुभयो । २०३५/३६ सालतिर उहाँ पद्मकन्या क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको पहिलो निर्वाचित अध्यक्ष हुनुभयो । उहाँ नेपाली काङ्ग्रेसको भातृसङ्गठन नेपाल विद्यार्थी सङ्घको केन्द्रीय सदस्यको हैसियतमा क्रियाशील हुनुभयो । २०३५/३६ सालको विद्यार्थी आन्दोलनमा उहाँ पहिलो पटक जेल पर्नुभयो । उहाँ २०३९ साल तथा २०४२ सालको सत्याग्रहमा पनि सक्रिय हुनुहुन्थ्यो ।

२०३७ सालमा राजनीतिक दलहरू प्रतिबन्धित भएको बेलामा मीनाको विवाह सर्लाही जिल्लाको कर्मैया–५ गाविसका यज्ञबहादुर पाण्डेसँग भयो । श्रीमान् सामाजिक तथा विकासका क्षेत्रमा काम गर्ने भएकाले उहाँलाई राजनीतिमा सक्रिय हुन घरमा सहज वातावरण थियो । तर, विवाहपश्चात् उहाँ स्नातकोत्तर पढ्नका लागि त्रिभुवन विश्वविद्यालयमा भर्ना भए तापनि दुई छोराको पालनपोषण र घरको जिम्मेवारीले उहाँको पढाइ अधुरै रह्यो ।

२०४६ सालको पहिलो जनआन्दोलनमा मीना भूमिगत हुनुपरेको थियो भने २०६२/६३ को दोस्रो जनआन्दोलनका क्रममा मीना दर्जनौं पटक गिरफ्तार हुनुभयो । उहाँसँग संविधानसभाभन्दा अघि दुई पटक २०४८ तथा २०५१ को प्रतिनिधिसभामा सदस्य भइसकेको अनुभव छ । उहाँले महिला, बालबालिका तथा समाजकल्याण राज्यमन्त्रीको हैसियतले मङ्सिर २०५४ देखि मङ्सिर २०५५ सम्म एक वर्ष कार्यभार सम्हाल्नुभएको थियो । उहाँसँग विगतका दुईवटा आमनिर्वाचनमा जितेको अनुभव रहेको छ । तसर्थ संविधानसभाको निर्वाचनमा पनि प्रत्यक्ष चुनावतर्फ भाग लिन इच्छुक हुनुहुन्थ्यो उहाँ, तर पार्टीले आफूले चाहेको क्षेत्र नदिएको उहाँको गुनासो छ ।

मीनाले अघिल्ला संसद्मा मुलुकी ऐनको ११ औँ संशोधन र गर्भपतनजस्ता महत्वपूर्ण विधेयकहरूमा आफ्नो सक्रियता र योगदान दिनुभएको थियो । उहाँ भन्नुहुन्छ, 'त्यस स्थितिमा काम गर्न निक्कै कठीन थियो । २०५४ सालमा प्रस्तुत मुलुकी ऐनको ११औँ संशोधनको समितिको निर्णायक बैठकमा छलफल गर्न तत्कालीन कानुनमन्त्री नआइदिएर असहयोग गर्नुभएको थियो । बल्लतल्ल त्यो प्रस्ताव २०५६ सालमा मात्र अनुमोदन भयो ।'

संविधानसभाले राज्यको राजनीतिक, सामाजिक तथा आर्थिक रूपान्तरण गर्ने जिम्मेवारी लिएको उहाँको बुझाइ रहेको छ । उहाँ भन्नुहुन्छ, 'यस सभाले महत्वपूर्ण जिम्मेवारी बोकेको छ, तर सबै कुरा राजनीतिक सहमति नभएर अलपत्र भएका छन् ।' उहाँलाई संविधान र शान्तिका लागि सबै दल मिलेर जानुपर्ने लागेको छ, तर सहमतिको

वातावरणका लागि कसैले पनि पहल गर्न नचाहेजस्तै लाग्छ । उहाँको विचारमा, 'यदि सबै दल अनुशासनमा बसेका भए सबै लक्ष्य प्राप्त हुन्थे होलान्, तर यस्तो भएन । लोकतन्त्र राम्रो कुरा हो, तर यसको बाटो जटिल छ, हामीले यो कुरा बुझ्नु जरूरी छ ।'

यस्तो अवस्थामा संविधानसभाको दुई वर्षको कार्यकाल परिकल्पना गर्नु कच्चा खेल भएको उहाँ भन्नुहुन्छ । 'दुई वर्षको संविधानसभाको कार्यकाल व्यावहारिक भएन, केवल एउटा महत्वकाँक्षी योजना मात्र बन्यो, जुन पूरा भएन ।' संविधानसभाको नियमावली बनाउन छ महिना लागेको थियो । संविधान लेखनका लागि संविधानसभाले नै स्वीकृत गरेको कार्यतालिका अनुसार कार्यहरू नभएको उहाँको गुनासो रहेको छ । संविधानसभाले धेरै पटक संशोधन गरेको कार्यतालिकाप्रति राजनीतिक असहमतिले गर्दा धेरै अप्ठ्यारा आएको उहाँको अनुभव छ ।

मीना संविधानसभाअन्तर्गत नागरिक सम्बन्ध समितिको सभापति हुनुहुन्छ । आफ्नो समितिले पहिलो सुझाव सङ्कलनताका धेरै काम गरेको उहाँको भनाइ छ । नागरिक सम्बन्ध समिति तथा जनमत सङ्कलन समितिको जिम्मामा रहेको पहिलो चरणको सुझाव सङ्कलन हतारहतारमा गर्नु परेको अनुभव उहाँसँग रहेको छ । सभासद्हरूको ४० समूह बनाएर प्रत्येक जिल्लामा स्थानीय संयन्त्र मार्फत सुझावहरू सङ्कलन गरिएको थियो । दोस्रो चरणको सुझाव सङ्कलनका कार्य परिमार्जित, व्यवस्थित तथा सरल प्रक्रियाबाट हुनुपर्छ भन्ने उहाँको योजना रहेको छ ।

राजनीतिमा महिलाहरूमा अनुभवको कमी छ भनेर उनीहरूलाई निर्णायक तहबाट दलहरूले पन्छाउने व्यवहारप्रति मीनालाई दिक्क लाग्छ । 'महिलाहरूमा ज्ञान, अनुभव र सीपको कमी छ भनेर उनीहरूलाई महत्वपूर्ण सहभागिताबाट टाढा राख्ने प्रयास केवल एउटा कमजोर मनोवैज्ञानिक दुर्दशा मात्र हो ।' सात दलको सहमति होस् या अन्य शान्ति वार्ताको टोली गठन गर्दा होस् त्यहाँ सबै पुरूष नेता मात्र देख्दा उहाँलाई चित्त दुखेको छ ।

आफ्नो समितिमा बाहेक उहाँले विशेष समिति मार्फत पनि प्राय जसो सबै मुद्दामा आफ्ना राय प्रस्तुत गर्नुभएको छ । लैङ्गिक समानताका लागि महिलाहरूको अधिकार सुनिश्चित गर्न पहिला उनीहरूको पहिचान सुरक्षित गर्नुपर्ने उहाँको विचार छ । महिलालाई नागरिकतामा समान अधिकार तथा समानुपातिक समावेशी सहभागिता हाल उहाँका प्रमुख मुद्दाहरू भएका छन् । आफ्नो राजनीतिक जीवन एकदमै सन्तुष्ट भएको दाबी गर्ने मीना भविष्यमा केही कामहरू गर्न बाँकी भएको बताउनुहुन्छ । संविधान निर्माणपछि कार्यान्वयन पक्षमा जोड दिने उहाँको योजना रहेको छ । अब आउने निर्वाचनमा भाग लिनुका साथै पार्टीको सङ्गठनमा सक्रिय रहने योजना उहाँ बनाउँदै हुनुहुन्छ । 'धैर्य नै राजनीतिको आधार हो' भन्ने मीना अबको बाँकी जीवन राजनीति मार्फत समाजसेवामा अझ अग्रसर हुन चाहनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : मीनाक्षी झा |
| ठेगाना स्थायी | : साकेत नगर, जनकपुर-८, धनुषा |
| अस्थायी | : शान्तिनगर-३४, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४१०८२६१ (नि) ९८४११७५०९५ (मो) |
| जन्म मिति | : २०१६/०२/२५ |
| जन्म स्थान | : सिँगयाही, महोत्तरी |
| आमाको नाम | : स्व. पवित्री ठाकुर |
| बुबाको नाम | : स्व. हरि नारायण ठाकुर |
| श्रीमान्‌को नाम | : विजय चन्द्र झा |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# तराईमा दहेज प्रथा क्यान्सरको रूपमा फैलिएको छ

२०२९ सालतिर आठ कक्षामा पढ्दै गरेको मीनाक्षी झा पञ्चायती निरंकुश शासनको विरूद्ध भएको विद्यार्थी आन्दोलनमा राज्य पक्षबाट दुईजना स्कूले विद्यार्थीहरू कामेश्वर-कुशेश्वरको हत्या भएपछि विद्यार्थी आन्दोलनमा संलग्न हुनु भएको थियो । उहाँको राजनीतिक जीवनको सुरूआत पनि सोही घटनाबाटै भयो । नेपाली काङ्ग्रेस पार्टीमा आस्था राखेर काम गर्दै आएपनि मीनाक्षीले २०५३ सालमा मात्र पार्टीको सदस्यता लिनुभएको थियो । मीनाक्षी हाल नेपाली काङ्ग्रेस पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ । यस अघि उहाँले नेपाल महिला सङ्घको जिल्ला सभापति, जिल्ला कार्यसमिति सदस्य र महिला विभागको केन्द्रीय सदस्यको भूमिका निर्वाह गरिसक्नु भएको छ ।

विवाहित मधेसी महिलाले घरबाट बाहिर निस्केर राजनीतिक गतिविधिमा संलग्न हुनु कम चुनौतीपूर्ण छैन । मीनाक्षी भन्नुहुन्छ, 'तराईमा महिलाको नेतृत्वलाई अझै पनि स्वीकारिँदैन । अझै पनि घरपरिवार र समाजले महिलाले आन्दोलनमा हिँडेको र राजनीति गरेको राम्रो मान्दैनन् । म राजनीतिमा लाग्दा मेरो नजिकको आफन्तले समेत बुहारीले गाउँ नै बिगार्ने भइ र यसलाई घरमा नपुगेको के छ भन्ने टिकाटिप्पणी गरे ।' मीनाक्षीको श्रीमान् विजयचन्द्र झा पनि नेपाली काङ्ग्रेसमै आबद्ध हुनुहुन्छ ।

समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभा सदस्य चुनिनु भएकी मीनाक्षीले खासगरी पहिचान, समावेशी समानुपातिक सहभागिता र मधेसी महिलाको मुद्दा लिएर संविधानसभामा आउनु भएको हो । उहाँ भन्नुहुन्छ, 'मधेसी महिला दहेज पीडित छन् । तराईमा दहेज क्यान्सरको रूपमा फैलिएको छ । छोरीलाई दहेज दिनुपर्ने कारणले छोरीलाई गर्भमै हत्या गरिन्छ । छिटै यसको रोकथाम भएन भने यसले समाज र देशलाई नै समाप्त पार्छ ।' मीनाक्षीले तराईमा दहेज प्रथा अन्त गर्नका लागि कडा कानुन बनाउनुपर्ने र दहेज प्रथा न्युनिकरणका लागि समाजमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने माग संविधानसभामा राख्दै आउनु भएको छ ।

तराईका महिलाका मानव अधिकार रक्षाका लागि दहेज प्रथा उन्मूलन हुनैपर्ने मीनाक्षीको माग छ । उहाँका अनुसार तराईमा पहिलेको तुलनामा अहिले दहेज प्रथा अझ बढेको छ । उहाँ पहिले मधेसी समुदायलाई छोरीलाई पढाउन उत्साहित गर्नुहुन्थ्यो । छोरीलाई पढायो भने दहेज प्रथा हट्छ भनेर वकालत गर्नुहुन्थ्यो । तर, अहिले मधेसी समुदायले छोरीलाई पढाउन थालेपछि ज्वाइँ पनि उही अनुसारको खोज्नुपर्ने र पढेलेखेको ज्वाइँलाई अझ बढी दहेज दिनुपर्ने नयाँ अवस्था सिर्जना भएको मीनाक्षी बताउनुहुन्छ । जसले गर्दा एकातिर छोरीलाई पढाउन नसक्ने गरीब आमाबुबाका छोरीहरूको बिहे हुन गाह्रो पर्ने अवस्था छ भने अर्कोतिर छोरीलाई राम्रो स्कुल कलेजमा पढाएर पनि छोरीको बिहे गर्नेबेलामा त्यही अनुसारको दहेज दिनुपर्दा आमाबुबा दोब्बर मारमा परेका छन् । उहाँ भन्नुहुन्छ, 'अहिले छोरीलाई पढाउन थालेपछि त दहेज प्रथा झन बढेको छ । हाम्रो समाजमा दहेज लिने र दिनेले मान सम्मान बढेको महसुस गर्छन् । त्यसरी नै छोरी जन्मँदा मुख अध्याँरो पार्छन् भने दहेज दिनुपर्ने कारणले छोरीलाई हेप्ने चलन पनि छ । साथै छोरी भनेर थाहा पाएपछि गर्भभित्रै समाप्त गर्ने प्रवृत्ति पनि बढेको छ । मैले दहेज विरोधी कुरा गर्दा मानिसहरू मलाई तिम्रो छोरी छैन भनेर सोध्छन् ।' मीनाक्षीको एकजना छोरी मात्र हुनुहुन्छ र छोरीले अहिल मेडिकल कलेजमा फिजियो थेरापिस्टको काम गर्नुहुन्छ ।

मीनाक्षी संविधानसभा अन्तर्गतको क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समिति तथा व्यवस्थापिका संसद् तर्फ सार्वजनिक सुनवाइ विशेष समितिको सदस्य हुनुहुन्छ । आफू संलग्न समितिका सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'म संविधानसभाको विषयगत समितिमा परिन र म परेको समिति प्रक्रियागत हो । यी समितिका धेरैजसो कामहरू सचिवालयले नै गर्छ र त्यहाँ धेरै काम पनि छैन ।' उहाँ थप्नुहुन्छ, 'खासगरी म मौलिक हक सम्बन्धी समितिमा बस्न चाहन्थें । सो समितिमा रहेर नागरिकता सम्बन्धी मुद्दामा आफ्ना धारणाहरू राख्ने मेरो विचार थियो तर त्यो हुन सकेन ।'

मौलिक हक सम्बन्धी समितिले नेपाली नागरिकसँग बिहे गर्ने विदेशी महिला वा पुरूष दुबैले नेपाली नागरिकता प्राप्त गर्न १५ वर्ष कुर्नुपर्ने प्रावधान प्रस्ताव गरेको छ । तर विद्यमान नागरिकता सम्बन्धी कानुनी व्यवस्थामा विदेशी महिलाले नेपाली पुरूषसँग बिहे गरे तुरून्तै नागरिकता प्राप्त गर्न सक्ने प्रावधान छ र विदेशी पुरूषको हकमा यो लागू हुँदैन । मीनाक्षी भन्नुहुन्छ, 'नेपालमा बिहे गरेर आउने विदेशी महिलाले नेपाली नागरिकता लिन अब १५ वर्ष सम्म पर्खिनु पर्ने कुरा ठीक छैन । यो त समानताको नाममा खाइपाइ आएको अधिकार समेत खोस्ने काम भयो । १५ वर्षसम्म नागरिकता नपाउँदा नेपालमा बिहे गरेर आउने विदेशी महिलाले के गरेर बस्ने । त्यसैले मधेसको हकमा नेपालीसँग बिहे गर्ने भारतीय महिलाले व्यवसाय र जीविकोपार्जनका लागि नागरिकता तुरून्तै पाउने व्यवस्था कायमै हुनुपर्छ ।'

तत्कालीन राजनीतिक परिस्थितिलाई केलाउँदा मीनाक्षीलाई संविधानसभाको चुनाव होला भन्ने लागेको थिएन । तर संविधानसभाको निर्वाचन भएमा आफू सक्षम महिला भएकोले संविधानसभामा जान सक्छु कि भन्ने चाहिँ उहाँलाई लागेको थियो । राजनीतिक दलहरूले महिलालाई नदेखिने किसिमले भेदभाव गर्ने र महिलालाई पुरूष जतिकै अघि बढ्न नदिने प्रवृत्ति रहेको मीनाक्षी बताउनु हुन्छ । संविधानसभा निर्वाचन अघि पनि नीति निर्माण तहमा महिला नभएको विषयलाई लिएर उहाँ जिल्ला र केन्द्रमा पनि बेलाबेलामा कुरा उठाइरहनु हुन्थ्यो ।

महिलाले महिलाकै विषयमा बढी बोल्नुपर्ने बाध्यता रहेको र महिला बाहेकका सम्पूर्ण मुद्दा पुरूषको हुने गरेको पनि उहाँ सुनाउनु हुन्छ । पार्टीको लाइनले गर्दा महिला संविधानसभा सदस्यहरूलाई महिलाका साझा मुद्दामा सँगठित भएर लाग्न अप्ठेरो परेको पनि उहाँको भनाइ छ । तर कतिपय महिला सम्बन्धी मुद्दामा पार्टी लाइनको विपरित गएर फरक मत राख्ने महिलाहरू पनि संविधानसभामा भएको मीनाक्षी बताउनुहुन्छ ।

समग्रमा संविधान निर्माण प्रक्रियामा आफ्नो भूमिका ठीकै लागे पनि सोचे जस्तो नभएको मीनाक्षीको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'म खासगरी मधेसी महिलाको मुद्दा लिएर संविधानसभामा आएकी थिएँ । तर हामीले संविधान बनाउनै पाएनौँ । नयाँ संविधान निर्माणमा सहभागी हुन पाउँदा सभासद्हरूको नाम स्वर्ण अक्षरले लेखिन्छ भनेर मैले पहिले सोचेकी थिएँ, तर अहिले तीन वर्ष बित्दा पनि संविधान बनाउन नसक्दा मलाई दुःख लाग्न थालेको छ । संविधानसभाले दिनरात काम गरेर संविधान बनाउनुपर्थ्यो । तर त्यसो हुन नसक्दा सभासद्हरूको बेइज्जत भएको छ ।' त्यसैले हिजोआज संविधानसभाभित्र जाँदा मात्र मीनाक्षी सभासद्को परिचय झल्कने ब्याज लगाउने गर्नुहुन्छ । देशको भलो भन्दा पार्टीको र व्यक्तिको मात्र भलो सोच्ने प्रवृत्तिले गर्दा पनि संविधान समयमै लेख्न नसकिएको उहाँ बताउनुहुन्छ । यसको जिम्मेवारी केही शीर्ष नेताहरू र सभामुखमा जाने उहाँको भनाइ छ ।

संविधानसभा सदस्य भएपछि मीनाक्षी काठमाण्डौंमा छोरीसँग बस्न थाल्नुभएको छ । उहाँको श्रीमान् चाहिँ धनुषा जिल्लामै बसेर राजनीति गर्नुहुन्छ । संविधानसभा सदस्य भएपछि जिल्ला र घरपरिवार छाडेर काठमाण्डौं बस्नु चुनौतीपूर्ण रहेको मीनाक्षीले महसुस गर्नु भएको छ । करिब ३८ वर्ष लामो राजनीतिक यात्रामा पाउनुपर्ने धेरै कुरा पाएको मीनाक्षी बताउनुहुन्छ । तर, उहाँ भन्नुहुन्छ, 'राजनीतिमा जे जति पाएपनि कहिले पनि पूर्ण हुँदो रहनेछ र सँधै नयाँ कुरा पाउँ जस्तो लागिरहने रहेछ ।'



**व्यक्तिगत विवरण**

नाम : मीना पुन
ठेगाना स्थायी : भण्डारवन, वडा नं. ६, बाग्लुङ्, धौलागिरी
अस्थायी : कौशलटार, मध्यपुर ठिमी, भक्तपुर
सम्पर्क ठेगाना : ९८४१२६५९१५ (मो)
जन्म मिति : २०२९/०८/२०
जन्म स्थान : भण्डारवन, वडा नं. ६, बाग्लुङ्
आमाको नाम : भद्री कुमारी पुन मगर
बुबाको नाम : नरबहादुर पुन मगर
श्रीमान्को नाम : रघुनाथ पौडेल
शिक्षा : प्रवीणता प्रमाणपत्र तह
राजनीतिक दल : राष्ट्रिय जनमोर्चा
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# जातीय विविधता नेपालको गहना र अवसर

१२/१३ वर्षको उमेरदेखि नै मीना पुनलाई राजनीतिमा चासो लागिसकेको थियो । त्यसैले २०४३ सालदेखि नै उहाँले भूमिगत पार्टी नेकपा (मशाल)सँग सम्बन्धित अखिल नेपाल महिला सङ्घको इकाइमा रहेर काम गर्न थाल्नुभयो । उहाँका दाजु रूद्र पुन नेकपा (मशाल)मै आबद्ध हुनुहुन्थ्यो र दाजुले उहाँलाई राजनीतिमा लाग्न उत्साहित गर्नु हुन्थ्यो ।

मीनाका बुबाआमा चाहिँ छोरीले राजनीति गर्नुहुन्न भन्ने धारणा राख्नुहुन्थ्यो । आफन्त र समाजले पनि छोरी राजनीतिमा लागि भने बिग्रन्छे भनेर उहाँको बुबाआमाको कान भर्थे । बुबाआमाले मीनालाई राजनीतिमा नलाग्न निकै दबाब दिनुभयो र घुमिफिर गर्ने खर्च समेत रोक्नुभयो । जसले गर्दा सुरूसुरूमा उहाँलाई घरबाट निस्कन पनि गाह्रो पऱ्यो । यस सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'पञ्चायत कालमा दाजुहरू राती मात्र घरमा जम्मा हुन्थे । पञ्चायत विरोधी पर्चाहरू बाँड्ने काम हुन्थ्यो । दाजुहरूलाई म सघाउथेँ तर मेरा बुबाआमा चाहिँ मैले राजनीतिमा लाग्नु हुन्न भन्नुहुन्थ्यो । समाजले पनि मैले राजनीति गरेँ र पुरूषसँग हिँडे भनेर विरोध गर्थे । मेरो बुबाआमालाई तेरो छोरी बिग्री भनेर पनि उनीहरूले उक्साए ।'

मीना स्थानीय स्तरका मानिसहरूको राजनीतिक चेतना बढाउन प्रगतिशील गीत गाउनुका साथै नाच्नु पनि हुन्थ्यो । गायनका साथमा उहाँले २०५२ सालदेखि २०५६ सालसम्म अखिल नेपाल युवा सङ्घको केन्द्रीय सदस्य भएर काम गर्नुभयो । २०५४ सालदेखि २०५६ सालसम्म उहाँ राष्ट्रिय जनमोर्चा बाग्लुङ जिल्ला समितिको सदस्य र २०५६ सालदेखि २०६६ सालसम्म अखिल नेपाल महिला सङ्घको केन्द्रीय महासचिव हुनुहुन्थ्यो । २०६६ सालदेखि हालसम्म उहाँ अखिल नेपाल महिला सङ्घको केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।

मीनाले २०५९ सालमा रघुनाथ पौडेलसँग प्रेम विवाह गर्नुभएको थियो । रघुनाथ पौडेल पत्रकार हुनुहुन्छ । श्रीमान् र आफ्नो राजनीतिक आस्था एउटै भएकोले अन्तरजातीय विवाह गरेको मीना बताउनुहुन्छ । घरपरिवारको

दोहोरो तेहेरो भूमिका र जिम्मेवारी सम्हाल्नु पर्ने भएकाले महिलालाई राजनीतिमा अघि बढ्न सहज नभएको मीनाको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'राजनीतिमा केन्द्रदेखि गाविस स्तरसम्म महिलाको सहभागिता पातलो छ । दलकै जिम्मेवार महिलाहरूले समेत घरको सम्पूर्ण जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । यसरी परिवार र दलले दिएको जिम्मेवारी सँगसँगै पूरा गर्न महिलाका लागि चुनौतीपूर्ण छ । यसरी महिलाले कसरी अघि बढ्ने ?' तर महिलाले हिम्मत हार्न नहुने, असमानताको अवस्थालाई चुनौती दिन महिलाले पनि हरेक क्षेत्रमा कटिवद्ध भएर लाग्नुपर्ने, लगनशील र क्षमतावान हुनुपर्ने मीनाको सोच छ ।'

राजनीति गर्दै जाँदा संविधानसभा सदस्य बन्छु भनेर नसोचेको र समाज परिवर्तनका लागि राजनीति गरेको मीनाको भनाइ छ । तर, संविधानसभा सदस्य बन्न पाउँदा मीना आफूलाई गौरवशाली ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हामीले सुरूका दिनदेखि अहिलेसम्म उठाउँदै आएका मुद्दालाई नयाँ संविधानमा समावेश गराउन हामी नै संलग्न हुन पाउनु गौरवको कुरा हो ।'

मीना संविधानसभा अन्तर्गतको संवैधानिक निकायको संरचना निर्धारण समिति र व्यवस्थापिका संसद्को महिला बालबालिका तथा समाजकल्याण समितिका सदस्य हुनुहुन्छ । मीनाले आफू संलग्न समितिहरूमा महिला आयोगलाई संवैधानिक आयोग बनाउनुपर्छ भनेर माग गर्नुभयो । साथै उहाँले महिलालाई सम्पत्तिमा समान अधिकार, रोजगारीमा समानता, समान कामको समान ज्याला, राज्यको हरेक निकायमा महिलाको समान सहभागिता, चेलीवेटी बेचबिखनको अन्त र आमाको नामबाट पनि नागरिकता दिइनुपर्ने जस्ता मुद्दाहरू पनि उठाउनुभयो । राज्यको हरेक तह र तप्कामा आदिवासी/जनजाति, दलित, मधेसी आदि पछाडि पारिएका समुदायको समान सहभागिता हुनुपर्छ भनेर पनि उहाँले कुरा राख्नु भएको थियो । उहाँले उठाउनु भएका ती मुद्दाहरूमध्ये मोटामोटी रूपमा मधेसी, आदिवासी/जनजाति, दलित आदिका मुद्दा मस्यौदा प्रतिवेदनमा परेका छन् । नेपालको जातीय र सांस्कृतिक विविधतालाई मीना समस्याको रूपमा नहेरेर अवसर र विविधताको गहनाका रूपमा लिइनुपर्ने विचार व्यक्त गर्नुहुन्छ । अहिलेसम्म महिलाका विषयलाई लिएर महिलाबीच नै मतभेद भएको र सम्पूर्ण महिलाहरू सहमत हुन नसकेको एउटै विषय नागरिकता नै हो । खासगरी संविधानसभाका महिला सदस्यहरूमध्येका कतिपय महिलाहरूले नेपाली पुरूष वा महिलासँग विवाह गर्ने विदेशी पुरूष वा महिलाले नेपाली नागरिकता प्राप्त गर्न १५ वर्ष कुर्नुपर्ने कुरामा सहमत भएका छन् भने केहि महिला सदस्यहरूले नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले बिहे गर्ने बित्तिकै नेपाली नागरिकता पाउने पुरानो नियम कानुन यथावतै राख्नुपर्ने माग गरिरहेका छन् ।

एकातिर महिला संविधानसभा सदस्यहरूले महिलाका विषयमा बाहेक अरू विषयमा बोल्ने समय र मौका नपाउने स्थिति छ भने अर्कोतिर महिलाले महिलाकै विषयमा मात्र बोले भनेर आलोचना सहनुपर्ने पनि परिस्थति छ । यसो हुनुमा मिडियाको पनि हात रहेको मीना बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मिडियाले एकातिर महिलाले महिलाका विषयमा मात्र बोल्यो भनेर आलोचना गर्ने र अर्कोतिर महिलाका विषयमा केही सोध्नु पऱ्यो भने मात्र महिलालाई खोज्ने चलन छ । जसले गर्दा महिलाले महिलाकै विषयमा मात्र बोलेको जस्तो सुनिन्छ । तर, महिलाले राष्ट्रियता, नागरिकता, मधेसी, आदिवासी/जनजाति, दलित आदि विषयहरूमा पनि आवाज उठाएका

छन् ।' मीनाले प्रतिनिधित्व गर्नु भएको राष्ट्रिय जनमोर्चा पार्टी सङ्घीयताको विपक्षमा उभिएको छ । त्यसैले देश सङ्घीयतामा जानु हुँदैन भनेर उहाँले भिन्न मत राख्दै आउनु भएको छ ।

संविधानसभा सदस्य भएपछि मीनाले बोस्निया हर्जगोभिनाको शान्ति तथा संविधान निर्माण प्रक्रियाबारे अनुभव हासिल गर्न महिला बालबालिका तथा समाजकल्याण समितिका तर्फबाट बोस्निया हर्जगोभिना जाने अवसर पाउनुभयो । उहाँ भन्नुहुन्छ, 'महिलाका नाममा हामीलाई देखाएर कतिपय गैरसरकारी सङ्घसंस्थाहरूले असाध्यै धेरै खर्च देखाए । ती कार्यक्रमहरू मुख्यतः काठमाण्डौं केन्द्रित रहे र जिल्ला तथा गाउँसम्म पुगेनन् । सङ्घसंस्थाहरूले संविधानसभा र व्यवस्थापिका संसद् चलिरहेको बेलामा कार्यक्रम जुधाउने गरेर पनि संविधानसभा र व्यवस्थापिका खाली पनि भयो ।'

संविधानसभामा ठूला पार्टीका सदस्यहरूले आफ्ना भनाइहरू राख्न प्रशस्त समय लिन पाउने तर सानापार्टीका सदस्यले अत्यन्त थोरै मात्र समय पाउने वा समय नै नपाउने समस्या रहेको मीनाको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा ठूला पार्टीका माननीयहरूले प्रशस्त समय पाउँछन् तर म संलग्न पार्टी सानो भएकोले हामीले चाहिँ हत्तपत्ति समय पाउँदैनौं । एउटा समितिको प्रतिवेदनमाथि छलफल गर्न जम्मा हाम्रो पार्टीलाई १२ मिनेट दिइयो र समयको अभावले हाम्रो पार्टीका सबैले बोल्न पाएनन् । कतिपय विषयमा मैले ३ मिनेटमा आफ्नो कुरा राख्नु पर्ने हुन्थ्यो र मैले करिब ५ वटा जति प्रतिवेदनमा मात्र आफ्ना कुरा राख्न पाएँ ।'

समग्रमा संविधान निर्माण प्रक्रियामा आफ्नो सहभागिता सक्रिय र सन्तुष्टजनक रहेको मीना बताउनुहुन्छ । तर केही शीर्षस्थ नेताबीचका असहमतिले थपिएको समयभित्र पनि संविधान निर्माण नहुँदा आफूलाई दुःख लागेको पनि उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभा सदस्यलाई दिइएको जिम्मेवारी हामीले पूरा गरेका छौं । थपिएको समयमा पनि संविधान निर्माण हुन नसक्दा तितो अनुवभ भएको छ । तर यसको ठूलो जिम्मेवारी ठूला दलहरूले नै लिनुपर्छ ।'

मीनाले सांसद् कोषबाट आफ्नो क्षेत्रको विकासका लागि प्रत्येक वर्ष प्राप्त हुने १० लाख रूपैयाँ गुल्मी र बाग्लुङ्ग जिल्लाको स्कूल र खानेपानीमा लगानी गर्नुभएको छ । विभिन्न समस्या लिएर आफ्नो जिल्ला र क्षेत्रका जनता आफूकहाँ आउँदा पनि मीना उनीहरूलाई विभिन्न मन्त्रालयसम्म पुऱ्याउने र अरू सकेसम्मको मद्दत गर्नुहुन्छ । मीना भन्नुहुन्छ, 'नेपालको राजनीतिमा महिलाको पातलो उपस्थितिलाई बाक्लो बनाउन महिलाहरू नै जुट्नुपर्छ । सहज अवस्थामा त सबैले काम गरिहाल्छन्, असहज अवस्थामा पनि काम गर्न सक्नुपर्छ ।' ।



## व्यक्तिगत विवरण

नाम : मुन्नीकुमारी गुप्ता
ठेगाना स्थायी : कंचनपुर गाविस-६, सप्तरी, सगरमाथा
अस्थायी : बल्खु, काठमाण्डौं-१४
सम्पर्क ठेगाना : ०१-४२७४७५७ (घर), ९८४१६०६२०० (मो)
जन्म मिति : २०३५/९/१९
जन्म स्थान : जिला सुपौल, पिपरा बजार, भारत
आमाको नाम : मीनादेवी गुप्ता
बुबाको नाम : महेशप्रसाद गुप्ता
श्रीमान्को नाम : रौशन कुमार गुप्ता
शिक्षा : स्नातक
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# घर प्रवेश सँगै राजनीति प्रवेश

भारतमा जन्मुभएकी मुन्नीकुमारी गुप्ताका लागि नेपालको सप्तरी निवासी रौशन कुमार गुप्तासँग विवाह हुनु राजनीतिको नयाँ संसारमा प्रवेश गर्ने ढोका खोल्नु जस्तै भयो । विवाह अगाडि उहाँ विशुद्ध घरेलु महिला हुनुहुन्थ्यो । माइतिमा छँदा उहाँ गान्धीजीको कथा रमाइलो मानेर पढ्नुहुन्थ्यो । गान्धीको जीवनी पढ्ने मान्छेलाई राजनीतिप्रति रूचि नजाग्ने त कुरै भएन । तर, उहाँ घरकी ठुली छोरी हुनुभएकोले बुबाको खाद्य बीज भण्डार व्यापारमा सहयोग गर्नुपर्ने पनि उहाँको जिम्मेवारी थियो । त्यसमाथि आमा बिरामी भएकोले घरको काम गरेर, भाइ बहिनीलाई स्याहारेर आफू पनि स्कूल जानु पर्ने भएकोले उहाँले त्योबेला राजनीतिमा ध्यान दिने फुर्सद पाउनु भएन ।

दश वर्षसम्म बुबालाई व्यापारमा सहयोग गर्दागर्दै उहाँले धेरै कुरा सिक्नु पनि भयो । तर सिकेको कुरा प्रयोग गर्नु अघि नै १९ वर्षको उमेरमा उहाँको विवाह भयो । श्रीमान् नेपाली काङ्ग्रेसको सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो । साथै श्रीमान्को परिवारका अरू सदस्यहरू पनि राजनीतिमा कुनै न कुनै रूपले संलग्न थिए । राजनीति गर्ने श्रीमान् राति अवेर घर आउँदा सुरूसुरूमा त उहाँलाई डर पनि लाग्थ्यो । पछि बिस्तारै बानी पर्दै गयो र उहाँ पनि 'राजनीतिक कार्यकर्ताकी श्रीमती' बन्दै जानुभयो ।

ससुरा काशीप्रसाद रौनियार पञ्चायतकालदेखि कै सक्रिय राजनीतिक कार्यकर्ता र स्थानीय नेता हुनुहुन्थ्यो । २००७ सालको राणा विरूद्ध आन्दोलनमा उहाँले बम बनाएर पार्टीका नेतालाई दिनुहुन्थ्यो । एक दिन बम बनाउने क्रममा उहाँको बायाँ हात बम विष्फोट भएर क्षति भएको थियो । राजनीतिकै कारणले काशीप्रसाद धेरै पटक जेल पनि पर्नुभएको थियो । जेठाजु सुरेश गुप्ताको राजनीतिमै लागेर २०३६ सालको जनमत सङ्ग्रहको बेला मृत्यु भएको थियो । श्रीमान् काङ्ग्रेसको जिल्ला कार्यसमितिको सदस्य हुनुहुन्थ्यो । तर, परिवार राजनीतिक भए पनि घरमा परम्परागत सोच भने कायमै थियो । उहाँलाई सासूले घरबाट बाहिर ननिस्कन र घुम्टो ओढेर

बस्न निर्देशन दिनुहुन्थ्यो । उहाँलाई चित्त नबुझेपनि विवाह पश्चात् दुई वर्षसम्म उहाँ घरमा घुम्टो हालेरै घरमा बस्नुभयो । तर, उहाँलाई यो अवस्थाबाट उहाँको श्रीमान्ले नै मुक्ति दिलाउनुभयो । सासूले घुम्टो हाल्न कर गरे पनि श्रीमान्ले त्यसको विरोध गर्नुभयो र उहाँलाई घरबाहिर ल्याउन सहयोग गर्नुभयो ।

मुन्नी कुमारीको राजनीति घरबाटै सुरू भयो । श्रीमान्ले नै उहाँलाई घरबाट बाहिर ल्याई विभिन्न ठाउँहरू देखाउनुभयो र धेरै कुरा बताउनुभयो । घुम्टो निकालेर घर बाहिर गएर हेर्दा मात्रै उहाँलाई गाउँको र गाउँका महिलाहरूको अवस्थाबारे थाहाभयो । साथै महिलाहरू कति पीडित रहेछन् भनेर पनि देख्नुभयो । घरेलु हिंसा, घरेलु कामको बोझ र त्यसमाथि विभिन्न कुरीतिहरूको साङ्लोले महिलाहरू जकडिएको उहाँले महसुस गर्नुभयो । यस्तो अवस्थालाई परिवर्तन गर्नुपर्छ भन्ने सोचले प्रेरित भई उहाँ २०६२- ६३ सालको मधेस आन्दोलनमा सहभागी हुनुभयो । जिल्लामा पार्टीले आयोजना गर्ने विभिन्न महिला कार्यक्रमहरूमा सहभागी हुनुभयो । र अन्ततः उहाँले नेपाली काङ्ग्रेसबाट ११ औं महाधिवेशनमा महाधिवेशन प्रतिनिधि हुने मौका समेत पाउनुभयो ।

मुन्नी कुमारीलाई घुम्टोबाट बाहिर निकालेर घर बाहिरको राजनीतिमा ल्याउनुमा उहाँको श्रीमान्को ठूलो हात रहेको र श्रीमान्ले नै मुख छोपिने गरी ओढ्नुपर्ने घुम्टो हटाउन सहयोग गर्नुभएको पनि मुन्नी कुमारी बताउनुहुन्छ । राजनीतिमा अघि बढ्न नदिन प्रतिद्वन्द्वीहरूले बाटोमा तगारोहरू राखेपनि त्यसलाई हटाउन श्रीमान्ले मद्दत गर्नुभयो । मुन्नी कुमारीले घुम्टो हटाएर राजनीतिमा लागेपछि घरका कसैले केही भन्न सकेनन् । तर टोल छिमेक र समाजमा भने उहाँको खिसी गर्ने र कुरा काट्नेहरूको कमी थिएन । तर मधेसका सचेत राजनीतिक कार्यकर्ताहरू भने घुम्टो प्रथाको विरोध नै गर्थे । २०५६ सालको चुनावमा नेपाली काङ्ग्रेसको झण्डा लिएर प्रचार जुलुसमा निस्कँदासम्म उहाँले घुम्टो ओढेरै हिँड्नु भएको थियो । तर, अचानक केही कार्यकर्ताहरूले उहाँलाई तानेर जुलुसको अगाडिपट्टि राखिदिँदा आफू लाजले भुतुक्क भएको क्षण अहिले पनि मुन्नी कुमारी सम्झनुहुन्छ ।

यसरी घरबाट बाहिर पाइला राख्न र घुम्टो प्रथाबाट बाहिर निस्केर बाहिरको रमाइलो संसार हेर्न पाइला पाइलामा श्रीमान्ले र अन्य सहकर्मीहरूले दिएको साथले गर्दा नै आज संविधानसभा सदस्य बन्न सकेको मुन्नी कुमारी बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मैले त श्रीमान् र साथीभाइहरूको साथ पाएकोले राजनीतीमा आउन धेरै सङ्घर्ष गर्नु परेन जस्तो लाग्छ । तराईका सबै महिलाहरूको स्थिति यस्तो छैन ।' संविधानसभाको चुनावमा पार्टीले उहाँलाई समानुपातिक तर्फबाट संविधानसभा सदस्य चुनेको थियो ।

मुन्नी कुमारी संविधानसभा अन्तर्गतको राष्ट्रिय हित संरक्षण समिति र व्यवस्थापिका संसद् अर्न्तगत संसदीय सुनुवाइ विशेष समितिको सदस्य हुनुहुन्छ । उहाँले आफू संलग्न समिति मात्र होइन बाकी १० वटा समितिबाट आएका मस्यौदा प्रतिवेदनहरूमा पनि महिलाको ५० प्रतिशत सहभागिता, शिक्षा र रोजगारीमा ग्यारेण्टी, माओवादीपीडित महिलाको अधिकार सुरक्षित हुनुपर्ने आदि मागहरूलाई जोडदार रूपमा उठाउनुभएको थियो । आफूले राखेका धेरै कुराहरू मस्यौदा प्रतिवेदनमा समावेश भएकोमा उहाँ खुसी हुनुहुन्छ । तै पनि नागरिकताको सवालमा कुरा अझै नमिलेकोमा उहाँ असन्तुष्ट हुनुहुन्छ ।

मुन्नी कुमारीका अनुसार उहाँ राजनीतिमा अघि बढिरहँदा केही पुरूष कार्यकर्ताहरूले उनीहरूको भाग खोस्न आएको भन्ने दृष्टिले पनि उहाँलाई हेरेका थिए । संविधानसभा सदस्य भएर संविधानसभामा प्रवेश गरेपछि पनि

त्यहाँ उहाँले महिलाहरू केही बुझ्दैनन्, खालि घरको कुरा मात्र गर्छन् भन्ने बुझाइ राख्ने धेरै पुरूष सदस्यहरू भेट्टाउनुभयो । कतिपय पुरूष सदस्यहरूले महिलाका कुरालाई गम्भीरतापूर्वक लिएनन् । तैपनि आफ्नो कुरा राख्न कहिल्यै नथाकेको उहाँ बताउनुहुन्छ । आफ्ना कुराहरूलाई नथाकिकन निरन्तर राख्दै जाने हो भने बरू एकदिन त्यसलाई तिरष्कार गर्नेहरू नै थाक्ने उहाँको आत्मविश्वासले भन्छ ।

संविधान लेखनका लागि जनताका बीच गएर उनीहरूका राय सङ्कलनका गर्न लागि भरिएका प्रश्नावलीलाई उहाँ आफैले अध्ययन गर्नुभएको थियो । मुन्नी कुमारीका अनुसार, १४,००० प्रश्नावली राय सङ्कलनबाट प्राप्त भएका थिए र ती सबैलाई उहाँ आफैले बसेर अध्ययन गर्नुभयो । उहाँले २० जिल्लामा जनतालाई प्रत्यक्ष फोन पनि गर्नुभयो । आफूले पठाएका राय सभासद्ले पढेको कुरा सुनेर जनता धेरै खुसी भएका कुरा पनि उहाँले सुनाउनु भयो ।

संविधानसभा सदस्य भएपछि उहाँले धेरै नयाँ कुराहरू सिक्ने अवसर पाउनुभयो । उहाँ भन्नुहुन्छ, 'सभासद् हुनु भन्दा अघि त मेरो अगाडि बादल मात्रै थियो । बादल पारी के छ मलाई थाहा थिएन । संविधानसभा भित्र पसे पछि मेरो अगाडिको बादल बिस्तारै हट्दै गयो । मुलुकलाई धमाधम बुझ्न थालेँ र अँध्यारोबाट उज्यालोतर्फ गइरहे जस्तो महसुस हुन थाल्यो ।' तर संविधान लेखनमा भइरहेको विकृत राजनीति देख्दा भने उहाँलाई संविधानसभा सदस्यको भूमिका खेरो गए जस्तो पनि बेला बेलामा लाग्छ । नेताहरू संविधान निर्माणमा भन्दा पनि राजनीतिक लडाइ लड्न उद्धत छन् । उहाँ प्रश्न गर्नुहुन्छ, 'दुई वर्ष बितिसक्यो, अब जनतालाई कति ठग्ने ? यदि संविधानै बन्दैन भने सभासद्हरूको म्याद मात्र किन थप्ने ?'

राजनीतिमा लागेकोले नै आफू संविधानसभाको सदस्य जस्तो गरिमामय पदमा पुग्न सकेकोले अब मुन्नी कुमारीलाई राजनीति नशा झैं लाग्न थालेको छ । उहाँलाई सधैँ जनताको बीचमा काम गरौं र उनीहरूका समस्या हल गरिदिउँ जस्तो लागिरहन्छ । जनतासँग सम्पर्क नभएको दिन निद्रा नपर्ने उहाँ बताउनुहुन्छ । वास्तवमा, घरबाट निस्केर बाहिर आउन सकेकोले मात्रै यी सबै आफूले अनुभव आफूले गर्न पाएको पनि उहाँको भनाइ छ । जबसम्म महिला घरभित्रै रहन्छ, तबसम्म उसले केही पनि थाहा पाउँदैन र जनताका लागि केही गर्न पनि सक्दैन । त्यसैले संसारलाई हेर्न, मुलुकलाई हेर्न र आफैलाई चिन्न पनि महिलाहरू घरबाट निस्कनै पर्ने उहाँको ठहर छ ।

श्रीमान्को सक्रिय सहयोगले मुन्नी कुमारीले संविधानसभासम्मको यात्रा तय गर्नुभयो । अब उहाँ चाहनुहुन्छ, यसपछिका दिनहरूको यात्रा आफै तय गरौं । राजनीतिमा आफ्नो छुट्टै छबी र पहिचान बनाउँ । अहिले उहाँ संविधानसभा सदस्य त हुनुहुन्छ, तैपनि जिल्लाका कतिपय मानिसहरू मुन्नी कुमारीलाई भन्दा उहाँको श्रीमान्लाई नै बढि खोजिरहेका हुन्छन् । श्रीमान्को राजनीतिक व्यक्तित्वको कारणले पनि यसो भएको हुनसक्छ । तर, उहाँ आफू पनि श्रीमान् जस्तै व्यक्तित्व बन्न चाहनुहुन्छ । उहाँ पुष्टि गर्न चाहनुहुन्छ, यदि अवसर पायो भने महिला आफैले पनि धेरै कुरा गर्न सक्छन् । अरू उदाहरण किन खोज्ने, उहाँ आफै त्यसको ठूलो उदाहरण हुनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : मोहम्मदी सिद्दीकी |
| ठेगाना स्थायी | : नेपालगञ्ज-९, बाँके |
| अस्थायी | : सिनामंगल, कामनपा-९, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४४१०४४८ (घर), ९८४१०८२१९७ (मो) |
| इमेल | : mohamadisiddiqui@hotmail.com |
| जन्म मिति | : २०१५/१२/०३ |
| जन्म स्थान | : गोरखपुर, भारत |
| आमाको नाम | : हबिबुन निसा |
| बुबाको नाम | : नुर मोहम्मद सिद्दीकी |
| श्रीमान्को नाम | : स्व. मो. सुलेमान सिद्दीकी |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# सामाजिक बन्देज पार गर्दै राजनीतिमा

राजनीतिक दलहरू प्रतिबन्धित रहेको पञ्चायती कालमा मोहम्मदी सिद्दीकीका श्रीमान् मो. सुलेमान सिद्दीकी नेपाली काङ्ग्रेससँग आबद्ध रहेर भूमिगत राजनीति गर्नुहुन्थ्यो । मोहम्मदी चाहिँ पर्दाभित्र रहेरै श्रीमान्लाई राजनीति गर्न सघाउनु हुन्थ्यो । घरको काम बाहेक उहाँ चारतारे झण्डा सिलाउने, पर्चा लुकाउने र छोराहरूको स्कुल ब्यागमा ती सामानहरू भरेर छोराहरू मार्फत नेताहरूसम्म पुऱ्याउने काम पनि गर्नुहुन्थ्यो ।

भारतको गोरखपुरमा जन्मनु भएकी मोहम्मदीका बुबा भारतीय रेलवेका कर्मचारी थिए र परिवार शिक्षित भएकाले मोहम्मदीले पनि हाइस्कूलसम्मको शिक्षा पाउने अवसर पाउनुभयो । तर नेपालगञ्जमा बिहे गरेर आएपछि उहाँले सामान्य गृहणीकै रूपमा जीवन व्यतित गर्नुभयो । श्रीमान् राजनीतिमा सक्रिय भएकोले छोराछोरीको हेरविचार गर्ने, उनीहरूलाई पढाउने र हुर्काउने मुख्य जिम्मेवारी उहाँकै काँधमा थियो । तर विभिन्न चुनौतीका बावजुद पनि मोहम्मदीले बिहेपछि स्नातक तहसम्मको पढाइ पूरा गर्नुभयो ।

नेपालमा प्रजातन्त्र ल्याउन मरिमेटी लागेका मोहम्मदीको श्रीमान्को २०४७ फागुन १९ गते अचानक हृदयघातबाट मृत्यु भयो र श्रीमान्को मृत्यु पश्चात मोहम्मदीले सक्रिय राजनीतिमा प्रवेश गर्नुभयो । स्थानीय निकायको चुनाव आउँदै थियो । श्रीमान्का केही साथी र शुभचिन्तकहरूले मोहम्मदीलाई चुनाव लड्न आग्रह गरे । तर उहाँले चुनाव लड्नु हुन्न भन्नेहरूको पनि त्यहाँ कमी थिएन । श्रीमान्कै केही साथीहरूले चाहिँ उहाँलाई चुनावतिर नलाग्नु, बरू जागिर खोजि दिन्छौँ भनेर पनि रोक्न खोजे । तर त्यतिबेला घर परिवारबाट भने मोहम्मदीलाई राजनीतिमा लाग्न खासै रोकतोक भएन बरू उहाँको सासुले त उहाँलाई सक्दो सहयोगै गर्नुभयो ।

चुनाव सम्बन्धी छलफल गर्न नेपालगञ्जमै नेपाली काङ्ग्रेसका नेता सुशील कोइरालालाई भेट्न जाँदा कोइरालाले 'यस्तो घुम्टो ओढेर पनि कसरी चुनाव लड्छौ' भन्नुभएको अझै पनि मोहम्मदीलाई सम्झना छ । त्यतिबेलासम्म उहाँलाई नेपाली भाषासमेत राम्ररी बोल्न आउँदैनथ्यो । तैपनि उहाँले सुशील कोइरालालाई विश्वास दिलाउनुभयो

'म चुनाव लड्न सक्छु' भनेर । मोहम्मदीका अनुसार, त्यतिबेला केही व्यक्तिहरूले उहाँलाई राजनीतिको बाटोमा अघि बढ्न खोज्दा निकै नै हतोत्साही तुल्याउन खोजेका थिए । बाटोमा हिँड्दा समेत कतिपयले उहाँलाई सुनाएरै 'यसको श्रीमान् भए त यसले के टिकट पाउँछे र?' भनेर खिसी गर्थे । यसले गर्दा झन उहाँको मनमा जसरी पनि टिकट लिएरै छोड्छु भन्ने अठोट जाग्यो । पार्टीले पनि उहाँलाई नेपालगञ्ज नगरपालिका वडा ९ नं को वडा अध्यक्षको चुनाव लड्ने टिकट दियो ।

चुनावको टिकट पाएपछि मुस्लिम समुदायका केही व्यक्तिहरूले पनि मोहम्मदीलाई उम्मेद्वारी फिर्ता लिन निकै दबाब दिए । तर उहाँले कुनै हालतमा पनि उम्मेद्वारी फिर्ता लिन मान्नु भएन । त्यतिबेला उहाँलाई सघाउन स्थानीय पार्वती शर्मा, पद्मा भट्टराई र भारती जोशी र अन्य महिलाहरू दिनरात खटेको उहाँले बिर्सनु भएको छैन । चुनावमा जित्न मोहम्मदीले कान्छो छोरा इरफानलाई लिएर घरघरमा भोट माग्न जानुभयो । उहाँसँगै अरू चार जना मुस्लिम पुरूषले पनि सोही पदमा उम्मेद्वारी दिएका थिए । तर अत्यधिक मत पाएर चुनावमा मोहम्मदी नै विजयी हुनुभयो । त्यसै बीच उहाँले अन्य महिलाहरूसँग मिलेर स्थानीय महिलाहरूको सशक्तिकरणका लागि काम गर्ने उद्देश्यले नेपालगञ्जमा 'नारी कल्याण समाज' को स्थापना गरेर र सो संस्थाको संस्थापक सचिव भएर काम गर्नुभयो । साथै उहाँ एम्नेष्टी इन्टरनेसनलको 'ग्रुप ६८' गठन गर्ने काममा पनि संलग्न हुनुभयो ।

वडा अध्यक्षको कार्यावधि सकिएपछि २०५४ को स्थानीय निर्वाचनमा नेपालगञ्ज नगरपालिकाको उपमेयरमा पदमा चुनाव लड्नका लागि पनि मोहम्मदीले टिकट पाउनुभयो । तर, मोहम्मदीका अनुसार आफ्नै पार्टीका दिवाकर खनाल र उमाशङ्कर केसरवालले सोही पदका लागि स्वतन्त्र उम्मेद्वारी दिएपछि भोट बाँडिन गई उहाँले चुनाव हार्नुभयो । उपमेयरको चुनाव हारेपछि एम्नेष्टी इन्टरनेशलको धनगढीमा भएको चुनावमा उहाँ केन्द्रीय सदस्यको पदमा निर्वाचित हुनुभयो । एमनेष्टीको केन्द्रीय सदस्य भएपछि उहाँको काठमाण्डौं आवत–जावत गर्ने बाटो पनि खुल्यो । साथै २०५९ सालमा दिल्लीमा साउथ एशियन फर ह्यूमन राइट्स संस्थाको नेपालको तर्फबाट सदस्य पदमा निर्वाचित भई ६ वर्ष सम्म काम गर्ने अवसर पनि पाउनु भयो । उहाँले नेपाली काङ्ग्रेसको जिल्ला कार्यसमितिको सदस्य, महाधिवेशन प्रतिनिधि, महिला सङ्घको केन्द्रिय सदस्य र महिला विभागको केन्द्रीय सदस्यको भूमिका निर्वाह गरिसक्नु भएको छ । हाल उहाँ नेपाल महिला सङ्घको केन्द्रीय सल्लाहकार हुनुहुन्छ ।

राजनीतिक र सामाजिक कार्य सँगसँगै अघि बढाउने क्रममा मुस्लिम महिलाका सशक्तिकरणमा सहयोग पुऱ्याउन र उनीहरूका मुद्दा उठाउन भनेर मोहम्मदीले २०६१ सालमा बाँकेमा मुस्लिम महिलाहरूको संस्था 'फातिमा पाउन्डेसन नेपाल' स्थापना गर्नुभयो । सो संस्था मार्फत उहाँले मुस्लिम महिलाहरूलाई प्रौढ शिक्षालगायत सिलाइ कटाइ आदि तालिम दिने र विभिन्न कार्यक्रमहरूमा सहभागी गराउने काम गर्नु गर्नुभयो । तर, स्थानीय मुस्लिमहरूलाई उहाँको काम चित्त बुझेन र महिलाहरूलाई गलत बाटोमा हिँडाउन लागेको भनेर मुस्लिम धार्मिक गुरू मौलनाहरूले उहाँको विरोध गर्न थाले । त्यसैले धर्म गुरूहरू तथा उहाँका विरोधीहरूले नेपालगञ्जमा उहाँविरूद्ध पर्चा बाँड्ने, सामाजिक निषेध (फतावा जारी गर्ने) गर्ने जस्ता प्रयास गरे । उहाँ भन्नुहुन्छ, 'महिलाका लागि काम गर्ने संस्था खोल्दैमा के गलत हुन्छ ?, धार्मिक ग्रन्थ कुरानले पनि महिला अधिकारका कुरा गरेको छ भनेर मैले मौलानाहरूलाई विश्वास दिलाउने काम गरेँ । त्यतिबेला निकै नै कठीन अवस्थाबाट गुज्रनु पऱ्यो ।'

तर, बिस्तारै मौलानाहरूले मोहम्मदीले गर्न खोज्नुभएको काम बुझ्दै गए र स्थानीय स्तरमा उहाँका लागि काम गर्ने वातावरण पनि बन्दै गयो । सामाजिक क्षेत्रमा दिएको योगदान बापत मोहम्मदीले २०६३ मा अन्तर्राष्ट्रिय स्तरको अशोका फेल्लो अबार्ड र शान्ति दूतको प्रमाणपत्र पनि पाउनुभयो ।

२०६२/६३ को जनआन्दोलनमा सक्रियतापूर्वक भाग लिनु भएकी मोहम्मदीले संविधानसभाको चुनावमा महिलाको प्रतिनिधित्व गर्न आफू त्यहाँ जानुपर्छ भन्ने सोच बनाउनु भएको थियो । पार्टीले पनि उहाँलाई समानुपातिक तर्फबाट संविधानसभा सदस्य बन्ने मौका दियो । संविधानसभा सदस्य भएपछि संविधानसभा अन्तर्गत रहेको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको अवधारणापत्र बनाउन मोहम्मदीले संयोजकको जिम्मेवारी पनि सम्हाल्नु भयो । सो समितिमा उहाँले महिलाको समान सहभागिता तथा मुस्लिम समुदायको पहिचानका कुरा उठाउनु भएको थियो । साथै संविधानको प्रस्तावनामा तेस्रो लिङ्गी, अपाङ्ग, एकल महिला र मुस्लिमका मुद्दा पार्न सफल भएको उहाँको भनाइ छ । संविधानसभामा उहाँले महिलाको समानुपातिक र समावेशी सहभागिताको मुद्दा पनि उठाउनुभयो । नागरिकताको सवालमा चाहिँ उहाँले रोष्टममा समेत बोल्नुभयो । साथै उहाँले मुस्लिम समुदायको प्रथाजनित कानुन (कस्टमरी ल) लाई नेपालको संविधान र कानुनले मान्यता दिनु पर्ने कुरामा विशेष जोड दिनुभयो । नेपालमा परिवारिक कानुन नभएकाले मुस्लिम महिलाले दुःख भोग्नु परेको उहाँको भनाइ छ । संविधानको अवधारणापत्रमा मुस्लिम शब्द परे पनि मुस्लिम समुदायको हक अधिकार संरक्षणका लागि अझै धेरै काम हुन बाकी रहेको मोहम्मदीको भनाइ छ ।

धेरै महिला सदस्यहरूले जस्तै संविधानसभामा महिलालाई पर्याप्त रूपमा बोल्न नदिने अनुभव मोहम्मदीले पनि गर्नु भएको छ । बोल्नका लागि प्रस्तावक र समर्थक सबै पार्टीका प्रमुख र ती पुरूष नै हुने गर्दछन् । प्रतिपक्षमा बस्दा पनि ९९ प्रतिशत बोल्ने व्यक्ति पुरूष नै हुने गरेको छ । 'राष्ट्रिय मुद्दामा पनि महिलाले बोल्ने अवसर पाउदैनन् । महिलालाई उनीहरू सक्षम ठान्दैनन् । महत्वपूर्ण विषयहरूमा निर्णय गर्दा महिलाको पनि विचार लिने र सूचना आदनप्रदान गर्ने गर्दैनन', मोहम्मदी भन्नुहुन्छ । व्यवहारमा पनि संविधानसभा होस वा पार्टी जहाँपनि मुख्य जिम्मेवारी बढीजसो पुरूषलाई नै दिने गरेको र महिलालाई महिलाकै दृष्टिकोणले मात्र हेर्ने गरेको उहाँको भनाइ छ । तर, संविधानसभाभित्र उठेका महत्वपूर्ण विषयमा आफ्ना भनाइ तथा विचार राख्न आफू कहीँ नचुकेको र कतिपय मामिलामा निर्धक्कसँग आफ्ना भनाइ राखेको पनि मोहम्मदी बताउनुहुन्छ ।

संविधानसभाभित्र महिला सभासद्हरूको ककस गठन गर्न पनि निकै नै कसरत गर्नु परेको मोहम्मदी बताउनुहुन्छ । महिला ककस गठन गर्न उहाँ सक्रिय रूपले लाग्नुभएको थियो । धेरैजसो पार्टीका पुरूष नेताहरू महिला ककसको विपक्षमा थिए र उनीहरू महिला ककस बनाउनु हुँदैन भन्ने पक्षमा थिए । बल्ल-बल्ल सबैलाई विश्वास दिलाएपछि अनौपचारिक रूपमा ककस गठन गर्न सहमति दिइयो र उहाँले ककसको संयोजक भएर पनि काम गर्नुभयो । हाल उहाँ मुस्लीम सभासद् समुह (ककस) को उपाध्यक्ष भई संविधानसभामा मुस्लिमहरूको समुदायको सवाललाई पनि उठाइरहनु भएको छ ।



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | यशोदा सुवेदी |
| ठेगाना स्थायी | : | धारापानी गाविस-८, ओढार गाउँ, मनाङ |
| अस्थायी | : | ललितपुर, धापाखेल-१, हात्तीवन |
| सम्पर्क ठेगाना | : | ९८५११११५६०१ (मो) |
| जन्म मिति | : | २०२५/५/३ |
| जन्म स्थान | : | मानपुर गाविस-७, वनकट्टी, दाङ राप्ती |
| आमाको नाम | : | मेनका सुवेदी |
| बुबाको नाम | : | रोमहर्ष सुवेदी |
| श्रीमान्को नाम | : | देवप्रसाद गुरूङ |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# रोमाञ्चक राजनीतिक जीवन

२०५५ साल भाद्र महिनाको एक दिन सात वाम समूहमा आबद्ध एक हुल महिलाहरूले व्यक्तिगत पास लिएर प्रतिनिधिसभाको दर्शकदीर्घामा एकएक गरी प्रवेश गरे । प्रतिनिधिसभाको बैठक सुरू भएलगत्तै प्रतिनिधि सभाको दर्शकदीर्घामा बसेका ती महिलाहरूले पैतृक सम्पत्तिमा महिलाको समान अधिकारको माग राख्दै नाराबाजी गर्न थाले । नाराबाजी सुरू गरेको केही समय पछि ती विद्रोही महिलाहरूलाई मर्यादापालकले संसद् भवन बाहिर निकाले र प्रहरीले महेन्द्र पुलिस क्लब पुऱ्यायो । त्यसरी संसद्भित्रै नाराबाजी लगाउने मध्येकी एक हुनुहुन्थ्यो, यशोदा सुवेदी ।

यशोदाको आमा मेनका सुवेदी अखिल नेपाल महिला सङ्घको पहिलो राष्ट्रिय सम्मेलन वा अयोध्या सम्मेलनको प्रतिनिधि पनि हुनुहुन्थ्यो । बुबाले दोस्रो विवाह गरेपछि बुबासँगको यशोदाको सम्पर्क टुट्यो । परिवारमा ठूलो आर्थिक संकट आइपऱ्यो । यशोदा भन्नुहुन्छ, 'मेरो आमाले मैले नपढेकोले धेरै दुख पाएँ तर छोरीलाई चाहिँ जसरी पनि पढाउँछु भनेर मलाई असाध्यै दु:ख गरेर पढाउनुभयो । आमाको कठिन सङ्घर्ष र मेरो मामा तथा माओवादी नेता नारायणप्रसाद शर्मा र गाउँको गुरूबा भक्तिराम ज्ञवालीको अतुलनीय भूमिका र योगदानका कारण शिक्षा र राजनीतिमा म अगाडि बढ्न सकेँ ।'

यशोदाले २०३५/३६ सालमा विद्यार्थी सङ्गठन दाङ जिल्ला समितिको सदस्यता लिनुभयो र २०४१ सालमा सो समितिको सचिव हुनुभयो । २०३७ सालमा उहाँ विद्यार्थी सङ्गठनको स्कूल इकाइ समितिको सदस्य हुनुभयो भने २०३८ देखि २०४३ सम्म विद्यार्थी सङ्गठनको जिल्ला समितिमा रहेर उहाँले जिल्ला सदस्य, सह-कोषाध्यक्ष र सह-सचिवको जिम्मेवारी सम्हाल्नुभयो । २०४३ सालमा सम्पन्न अनेरास्ववियुको नवौं राष्ट्रिय सम्मेलनमा उहाँले दाङ जिल्लाबाट प्रतिनिधित्व गर्नु भयो । सो सम्मेलनमा जम्मा तीनजना मात्र महिला प्रतिनिधिहरू थिए । २०५३ सालमा उहाँ अनेमसङ्घ (क्रान्तिकारी)को केन्द्रिय कोषाध्यक्ष र महासचिव हुनुभयो । त्यसपछि उहाँले महिला

र विद्यार्थी मोर्चालाई आफ्नो कार्य क्षेत्र बनाई काम गर्न थाल्नुभयो । त्यो अवधिमा उहाँलेँ 'तत्कालीन नेकपा (माओवादी)को काठमाण्डौं जिल्ला कमिटीको सदस्य र सचिवालय सदस्य रहेर पनि काम गर्नुभयो । त्यसपछि ०५७ सालमा उहाँ' पार्टीको गण्डक क्षेत्रीय व्युरो सदस्य र २०६० सालमा नेकपा (माओवादी)को केन्द्रीय सदस्य हुनुभयो ।

सामन्ती संस्कार व्याप्त रहेको दाङ जस्तो ठाउँको उपाध्याय ब्राम्हण परिवारकी छोरी यशोदाका लागि अन्तर जातीय विवाह गर्नु भनेको फलामको च्युरा चपाउनुसरह थियो । तर उहाँकी आमा र मामाको राजनैतिक चेतना तथा समानताको भावनाका कारण घरपरिवारबाट सो विवाहको त्यति धेरै विरोध भएन र २०४४ जेठ ३० गते यशोदाको देवप्रसाद गुरूङसँग विवाह सम्पन्न भयो ।

विवाह भए लगत्तै महिला सङ्गठनको रूकुम र जाजरकोट जिल्लाको जिल्ला कमिटि गठन तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नजाने क्रममा २०४४ पौष २९ गते उहाँ दाङको तुल्सीपुरबाट पक्राउमा पर्नु भयो र ९ महिना पछि २०४५ सालको असोज २९ गते उहाँ रिहा हुनुभयो । २०४५ सालको अन्तिमतिर यशोदा फेरि पक्राउमा पर्नुभयो । उहाँ भन्नुहुन्छ, 'थुनामा डिएसपी शारदाभक्त रञ्जितले निर्घात कुटपिट गरेको क्षण म कहिल्यै बिर्सन सक्दिन । २०५२ साल पछि त उहाँ पक्राउमा पर्ने, जेल जाने र अदालतमा रिट हालेर छुट्ने प्रक्रिया पानी पँधेरो जस्तै भयो । उहाँ स्मरण गर्नुहुन्छ, 'आज घर त भोली मामा घर । २०५४ साल चैत्रमा म महिला सङ्गठनको लम्जुङ्ग जिल्ला समेलन उद्‌घाटन कार्यक्रमबाटै गिरफ्तार भई १९ दिन हिरासतमा परेँ र रिटद्धारा पोखरा पुनरावेदन अदालतबाट छुटेँ । २०५६ सालमा अ.ने.म.सङ्घको तेश्रो राष्ट्रिय सम्मेलनको तयारीको क्रममा पनि म गिरफ्तार भएँ । त्यसबेला पनि करिब एक महिना जेल वसेर रिटद्धारै छुटेँ, तर छुट्ने वित्तिकै जेल परिसरबाटै फेरि गिरफ्तार गरी मलाई रातारात नेपालगंज लगियो र एक हप्ता गुम्नाम पारी पछि दाङबाट छोडियो ।'

२०४७ अघि एकदलीय पञ्चायती व्यवस्थामा रहेर राजनीति गर्नु निकै नै चुनौतीपूर्ण थियो र राजनीतिक पार्टीहरू प्रतिबन्धित भएकाले भूमिगत रहेर राजनीतिमा लाग्नुपर्थ्यो । यशोदाले २०४४ सालदेखि पार्टीको पुर्णकालिन सदस्य भएर लम्जुङ्ग, कास्की, काठमाण्डौं लगायतका जिल्लामा काम गर्नुभयो । २०४६ मा बच्चा जन्मिएपछि पार्टीको कामको साथमा बच्चा हुर्काउने समेत जिम्मेवारी थपिएकोले पार्टी निर्णय अनुसार नै उहाँ शिक्षण पेशामा लाग्नुभयो । तर त्यो अवधिमा उहाँले मनाङ जिल्ला पार्टीको सचिव भई पाँच वर्षसम्म राजनीति र शिक्षण पेशालाई सँगसँगै अगाडि वढाउनु भयो । २०५२ मा माओवादीले सशस्त्र द्वन्द्वको घोषणा गरेपछि पनि यशोदाले भूमिगत रहेरै काम गर्नुभयो र २०५८ सालतिर आएर उहाँले स्थायी शिक्षकको पेशा छोडेर पुनः पार्टीको पुर्णकालीन कार्यकर्ता भएर काम गनुभयो ।

यशोदा २०५७ देखि /२०६३ सालसम्म तत्कालीन नेकपा (माओवादी) पर्वतको जिल्ला इन्चार्ज हुनुहुन्थ्यो र उहाँ स्याङ्जा, पाल्पा तनहु र कास्की जिल्लामा कार्यरत हनुहुन्थ्यो । युद्ध मोर्चामा हिँड्दा आफ्नै आँखा अगाडि साथीहरू ढल्दाको क्षण भने यशोदाका लागि अति पीडादायी हुन्थे । एक ठाउँबाट अर्को ठाउँमा जाँदा नाङ्गा डाँडाहरू काट्नु पर्दाका पीडादायी क्षणहरू संझदै उहाँ' भन्नुहुन्छ, 'एकपटक स्याङ्जा गृहकोटमा भिडन्त पर्‍यो । सेनाले आक्रमण गर्‍यो हेलिकप्टरबाट फायरिङ गर्दा एकजनालाई गोली लाग्यो र रगत बग्ने क्रम रोक्न नसके पछि उसको मृत्यु भयो ।' उहाँ थप्नुहुन्छ, 'म्याग्दीको बेनी कारबाहीबाट फर्कदा हाम्रो टिम सुरक्षा फौजको

घेरामा पऱ्यो । टिम चाहिँ माथि जङ्गलमा थियो तल बजारमा हाम्रा दुईजना साथीहरूलाई सेनाले गोली हानेर माऱ्यो । आफैंले बोकेको ग्रिनेड पड्केर टोलीका अर्को एकजना साथीको पनि मृत्यु भयो । ती सबै साथीहरू पार्टीका पूर्णकालीन सदस्य र सक्रीय युवाहरू थिए ।'

राजनीतिलाई समाजसेवा मान्नुहुने यशोदा कुन पदमा कहिले पुगिन्छ भनेर कहिल्यै चासो नदिएको बताउनुहुन्छ । तर आवश्यकताअनुसार पार्टीले दिएको जिम्मेवारी पूरा गर्दै जा'दा अहिले संविधानसभाको सदस्य बन्नपुगेको र यतिबेला जनचाहाना अनुरूपको संविधान लेख्ने आफ्नो मुख्य जिम्मेवारी भएको उहाँ ठान्नुहुन्छ । यशोदा व्यवस्थापिका संसद् अन्तर्गतको विधायन समितिको सभापति र संविधानसभा अर्न्तगत राज्यको शासकीय स्वरूप निर्धारण समितिको सदस्य हुनुहुन्छ ।

राज्यको शासकीय स्वरूप निर्धारण समितिको कार्य क्षेत्रभित्र शासकीय स्वरूप, निर्वाचन प्रणाली, र सरकारी सेवा जस्ता विषयहरू पर्दछन् र यी निकायहरूमा वर्षौंदेखि उत्पीडनमा परेका जनताको नियन्त्रण, निगरानी र पहुँच हुनुपर्छ भन्ने उहाँ'को दृढ मत छ । उहाँ' भन्नुहुन्छ 'हाम्रो समितिमा शासकीय स्वरुप र निर्वाचन प्रणालीको विषयलाई लिएर मुख्य वहस भयो । निर्वाचन प्रणाली सही भयो भने मात्र प्रतिनिधित्वको अधिकार सुनिश्चित हुन सक्छ त्यसैले हाम्रो सन्दर्भमा उत्पीडित वर्ग लिङ्ग जाति क्षेत्र का समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न वहुसदस्यीय समानुपातिक वा पूर्ण समानुपतिक निर्वाचन प्रणालीमा जानुपर्छ ।' राज्यका सबै निकायका नीति निर्माण गर्ने तह तथा शिक्षा, स्वास्थ्य तथा रोजगारीमा महिलालाई समानुपातिक समावेशी ढङ्गले सहभागि गराउन विशेषाधिकारको व्यवस्था हुनुपर्छ भन्ने मत व्यक्त गर्नुहुने यशोदा राज्यले महिला सम्वन्धि नीति निमाण गर्दा र विशेषाधिकारको व्यवस्था गर्दा माहुरीको घारको उदाहरण दिनुहुन्छ, 'जसरी माहुरीको घारमा आवश्यकता अनुसार रानीमाहुरी, भालेमाहुरी र ज्यामीमाहुरी उत्पादन गर्न विशेष व्यवस्था गरी अलग अलग विधि अपनाइन्छ त्यसरी नै राज्यले पनि महिलाहरूको सर्न्दभमा विशेष व्यवस्था र विधि अपनाउनु पर्दछ ।'

आफ्नो राजनीतिक जीवनको समग्र अनुभवलाई यशोदा पिडा, खुशी, क्षति, उपलब्धी, सङ्घर्ष र विजयको रोमाञ्चक संयोजन मान्नुहुन्छ । त्यसैले उहाँलाई आफ्नो राजनीतिक जीवन असाध्यै सन्तुष्टिपूर्ण लाग्छ । लामो त्याग गरेपनि अहिलेको अवस्थामा आएर सबै बिग्रियो भन्ने पनि उहाँलाई लाग्दैन । उहाँ' भन्नुहुन्छ, 'व्यक्तिगत जीवन, धन सम्पत्तिको अवस्थालाई हेर्दा त्यति सन्तुष्ट हुन नसकीएला त्यो मैले अपेक्षा गरेको पनि होइन । तर, सामन्ती राजतन्त्रको अन्त्य गरी धर्मनिरपेक्ष सङ्घीय गणतन्त्र राज्य स्थापना भएको कुराले मलाई सन्तोष दिलाउँछ । जुन कुराका लागि सङ्घर्ष गरियो आंसिक रूपमा भएपनि ती कुरा आफ्नै जीवनकालमा पूरा भएका छन् । अब त्यसको संस्थागत विकास गर्ने ठूलो चुनौति छ र अझै पूर्णरूपले वर्गिय मुक्ति र महिला मुक्तिका लागि सङ्घर्षलाई निरन्तरता दिनु जरूरी छ भन्ने मलाई लाग्छ ।



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | यशोदादेवी अधिकारी |
| ठेगाना स्थायी | : | विराटनगर-१६, बखरीटोल, मोरङ्ग |
| अस्थायी | : | लाखेचौर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९७४११६७५४१ (मो) |
| जन्म मिति | : | २०१७/९/३ |
| जन्म स्थान | : | तम्फुला गाविस-७ धर्मपुर, तेह्रथुम |
| आमाको नाम | : | सरस्वता अधिकारी |
| बुबाको नाम | : | देवेन्द्र अधिकारी |
| श्रीमान्को नाम | : | हर्कमान तामाङ्ग |
| शिक्षा | : | माध्यमिक शिक्षा |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधितव |

# 'संविधान समयमै बन्न नसकेको जिम्मेवारी लिन तयार छु'

राजनीतिकरूपले सचेत र शिक्षित परिवारमा जन्मनुभएकी यशोदादेवी अधिकारी राजनीतिमा स्थापित हुनुहुन्छ । शिक्षण पेशामा संलग्न उहाँका बुबा शिक्षाप्रति सचेत हुनुहुन्थ्यो, साथै हुर्कबढेका छोरीहरूको सुरक्षाका लागि पनि उहाँ त्यत्तिकै चिन्तित रहनुहुन्थ्यो । अध्ययनका सिलसिलामा कुनै समस्या भएमा स्वतन्त्र विद्यार्थी युनियनमा सम्पर्क राख्न यशोदादेवीलाई बुबाले नै अऱ्हाउनु भएको थियो ।

२०३७ सालमा उहाँलाई झापा जिल्लाको गौरादहस्थित विद्यालयमा भर्ना भएकै दिन एकजना महिलाले उहाँसँग एउटा कुरा गर्न भन्दै उहाँलाई एकान्त ठाउँमा पुऱ्याएर सोधपुछ गरेकी थिइन । सो महिलालाई आफूले जातभात नमान्ने र गीत सङ्गीतमा आफूलाई चासो भएको बताएको उहाँलाई अहिले पनि सम्झना छ । त्यतिबेला उहाँसँग कुराकानी गर्ने महिला विद्यार्थी नेता सीता कँडेल हुनुहुन्थ्यो, जसलाई उहाँले पछि मात्र चिन्नुभएको थियो । पछि सीताले यशोदादेवीलाई एउटा किताब दिनुभयो, जसको बाहिर ओयाङ्ग हाइको गीत भन्ने लेखिएको थियो र वास्तवमा त्यो एउटा चिनिया युवाको क्रान्तिको कथा थियो । त्यो पुस्तकका बारेमा उहाँ भन्नुहुन्छ, 'ओयाङ्ग हाइ भन्ने एकजना चिनिया युवाले चिनको कम्युनिष्ट पार्टीमा आबद्ध भई आन्दोलनको क्रममा आफ्नो ज्यान गुमाउनु भयो । उहाँको कथाले म अत्यधिक प्रभावित भई राजनीतिमा आउने निर्णय गरेकी थिएँ ।'

सोही किताबको प्रेरणाले समाज बदल्ने अठोट यशोदादेवीमा जाग्यो र उहाँ राजनीतिमा सङ्गठित हुनुभयो । बिस्तारै पार्टीका नेता तथा कार्यकर्तासँग उहाँको नियमित भेटघाट बाक्लो हुँदै गयो । पछि उहाँको भेटघाट भूमिगत नेताहरूसँग हुन थाल्यो र उहाँहरूबाट नै महिला आन्दोलन, महिला मुक्ति आदिकाबारेमा यशोदादेवीले प्रशिक्षण लिनुभयो । राजनीतिमा उहाँलाई परिवारबाट कुनै बाधा अवरोध नभएपनि बाँचेर मात्र राजनीति गर्ने सल्लाह परिवारले दिन्थे । राजनीति गर्ने क्रममा उहाँले सङ्गठनको निर्णय बमोजिम आफ्नै बुबाले पढाएको कक्षा समेत बहिष्कार गर्नु भएको थियो । उहाँका बहिनीहरू पनि राजनीतिक क्रियाकलापमा सहभागी हुनुहुन्थ्यो ।

त्यसैका कारण बुबाले या त छोरीहरूलाई तह लगाउनुपर्ने या जागीर छाड्नुपर्ने जिल्ला शिक्षा कार्यालय, झापाको धम्की व्यहोर्नुपर्‍यो ।

प्रारम्भमा यशोदादेवी तत्कालीन नेकपा (माले) निकट विद्यार्थी सङ्गठन अनेरास्ववियुमा आबद्ध हुनुभयो । २०३७ देखि २०४६ सालसम्म नेकपा (माले) आबद्ध अखिल नेपाल महिला सङ्घमा रहनुका साथै सङ्घको जिल्ला अध्यक्ष र पार्टीको राष्ट्रिय परिषद्को सदस्यको भूमिका निर्वाह गर्नुभयो । उहाँले २०४७ देखि २०४९ सम्म नेकपा (एमाले) को जिल्ला सदस्य तथा सोही अवधिमा अखिल नेपाल महिला सङ्घको कोशी अञ्चल इन्चार्जको भूमिका निर्वाह गर्नुभयो । यसैगरी उहाँले २०५१ सालमा नेकपा (एमाले) को राष्ट्रिय परिषद् सदस्य, २०५६ सालमा तत्कालीन नेकपा (माले) आबद्ध अखिल नेपाल महिला सङ्घको केन्द्रीय कोषाध्यक्ष र २०६३ सालमा नेकपा (एमाले) को केन्द्रीय महिला विभाग सदस्य बन्नुभयो ।

राजनीति गरेको अभियोगमा यशोदादेवीले अहिलेसम्म कुनै मुद्दामामिला लड्नु नपरे पनि २०४२ सालमा करिब एक महिना पक्राउ पर्दा उहाँले चरम मानसिक एवम् शारीरिक यातना भोग्नु परेको थियो । यातनाका कारण उहाँको दायाँ हातमा गहिरो चोट लागेको थियो । परिणामतः २०४३ सालको फागुनतिर पार्टीको निर्णयबमोजिम मदन भण्डारी, खगेन्द्र चुडाल, गुरू बराल र अशोक राईको मातहतमा रहने गरी उहाँ भूमिगत हुनुभयो । त्यसपछि उहाँ सविता अधिकारीको नामबाट सङ्खुवासभामा खटिनुभयो । भूमिगतकालमा प्रहरीले उहाँलाई पक्राउ गर्न भरमग्दुर प्रयास गरेको तर आफू पक्राउमा नपरेको उहाँ अहिले पनि सम्झनुहुन्छ । तत्कालीन अवस्थामा उहाँ विधवा भएको प्रशासनको बुझाइ रहेको हुँदा प्रहरीबाट बच्न प्रहरीको वरपर हिँड्नुपर्दा पार्टीले नै उहाँलाई रातो लुगा, चुरा, पोतेको व्यवस्था गरिदिने र प्रहरी कार्यालय नजिक पुग्दा पोते लगाउने गरेको उहाँ बताउनुहुन्छ । यद्यपि त्यतिबेला उहाँ अविवाहित हुनुहुन्थयो । आफू त्यसरी हिँडेको देखेर कहिलेकाँही पार्टीकै साथीहरू पनि झुक्किने तर गोपनीयताका कारण आफूले केही नबताउने गरेको उहाँ सुनाउनुहुन्छ ।

यशोदादेवीका अनुसार महिलाका मुद्दालाई स्थापित गर्ने क्रममा २०५५ सालमा भएको अखिल नेपाल महिला सङ्घको सम्मेलनमा करिब दुई लाख महिला उपस्थित गराउन महत्वपूर्ण भूमिका रह्यो । उहाँ उक्त कार्यक्रमको मूल व्यवस्थापन समितिको संयोजक हुनुहुन्थ्यो । उक्त सम्मेलनले महिलालाई सम्पत्तिको अधिकार र राजनीतिलगायत राज्यका हरेक निकायहरूमा ३३ प्रतिशत प्रतिनिधित्वको सुनिश्चितता गर्ने निर्णय गरेको थियो ।

अहिले यशोदादेवी संविधानसभा अन्तर्गत व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गत प्राकृतिक स्रोत र साधन समितिको सदस्य हुनुहुन्छ । उहाँले समितिका बैठकहरूमा सङ्घीय व्यवस्थापिका दुई सदनात्मक एवम् राज्यको व्यवस्थापिका एक सदनात्मक बनाउनुपर्छ र १८ वर्ष उमेर पुगेका व्यक्तिलाई मताधिकार दिनुपर्छ भन्ने विषय उठाउनुभएको छ । साथै राज्यका हरेक निकायमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्ने एवम् सभामुख, उपसभामुख तथा अध्यक्ष र उपाध्यक्ष पदमा एक महिला र एक पुरुषको व्यवस्था गर्ने विषयमा पनि आवाज उठाउनुभएको छ ।

यशोदादेवीले संविधानसभाको पूर्ण बैठक तथा समितिमा सम्पत्तिमा महिलालाई समान अधिकार दिने, राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोग बनाउने, राज्यको सबै निकाय र क्षेत्रमा महिलाको समानुपातिक सहभागिता

र प्रतिनिधित्व गराउने, महिलालाई वंशजको अधिकार दिने र आमाको नामबाट नागरिकता दिने व्यवस्था गर्नुपर्ने आवाज उठाउनुभयो । यसैगरी उहाँले राजनीतिक दल दर्ता गर्दा नै महिलालाई निर्वाचित पदमा समानुपातिक उम्मेद्वार बनाउने तथा दलको कार्यकारी पदमा पनि महिलाको समानुपातिक सहभागिता सुनिश्चित बनाउने अनिवार्य व्यवस्था गर्नुपर्नेबारे माग राख्नुभयो ।

यशोदादेवी संविधानसभाको विषयगत समितिले तयार पारेको मस्यौदा प्रतिवेदनहरू महिला अधिकारका दृष्टिले उपलब्धिपूर्ण नै मान्नुहुन्छ । यद्यपि संविधानसभामा महिलाका मुद्दाहरूले पर्याप्त स्थान नपाएको र संविधानसभामा महिलाका समस्या बुझाउन पनि नसकिएकोमा उहाँलाई दुःख लागेको छ । त्यस्तै महिलामैत्री संविधान बनाउन पुरूषहरूको भूमिका नकारात्मक नभए पनि सकारात्मक पहल हुन नसकेको उहाँको गुनासो छ । उहाँको विचारमा केन्द्रीय नीतिनिर्माण तहमा महिलाको पहुँच बढाउनका लागि राजनीतिमा महिलाको समानुपातिक सहभागिता हुन जरूरी छ । संविधानसभाभित्र महिला र पुरुष सदस्यबीचमा प्रत्यक्ष भेदभाव नभए पनि सभा बाहिर भेदभावको अनुभूति हुने उहाँको बुझाइ छ । उहाँ भन्नुहुन्छ, 'पारिवारिक जिम्मेवारी एवम् कार्यसम्पादनको सिलसिलामा महिलाका आफ्नै केही सीमाहरू हुन्छन्, जसले चुनौती सिर्जना गरिरहेको छ । त्यसको जड भनेको पितृसत्तात्मक सोच नै भएकाले त्यसको अन्त्य हुनुपर्छ ।'

महिला सदस्यहरूबीच एकता कायम गर्न र महिलाका मुद्दाहरूलाई एकताबद्धरूपमा उठाउनका लागि महिला ककसको आवश्यकता परेको यशोदादेवीको बुझाइ छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा महिलाले विभिन्न दलबाट प्रतिनिधित्व गरिरहेकाले महिलाका मुद्दाहरू विभाजित नहोस् भन्नाका लागि महिला ककसको आवश्यकता परेको हो । प्रारम्भमा अन्य वर्ग वा समुदायले पनि विभिन्न ककसको माग गर्छन् भनेर महिला ककस गठनमा आलटाल गरियो । पछि महिला सदस्यको संयुक्त पहलबाट महिला ककस गठन गर्न सफल भएका हौं ।' अब महिला ककसलाई प्रभावकारी बनाउन त्यसको भूमिका स्पष्ट गर्दै दिगो र अधिकारसम्पन्न बनाउनुपर्ने उहाँको मत छ ।

राज्य पुनर्संरचना र गणतन्त्र संस्थागत गर्ने गहन जिम्मेवारी रहेका कारण नेपालमा दुई वर्षमा संविधान बनाउन सम्भव नभएको र यसबारेमा नेतृत्व दूरगामी हुन नसकेको उहाँ बताउनुहुन्छ । यद्यपि, तोकिएको अवधिमा समितिको प्रतिवेदन तयार गरी पेश गर्ने र त्यस उपर संविधानसभामा छलफल गर्ने कार्य सम्पन्न भएको उहाँको भनाइ छ । यशोदादेवीको विचारमा वर्तमान अवस्था सङ्क्रमणकालीन र जटिल हो ।

संविधान निर्माणमा आफ्नो ठाउँबाट सम्भव भएसम्म योगदान गरेकी छु भन्ने लागेको छ उहाँलाई । उहाँ भन्नुहुन्छ, 'संविधान समयमै नबनेकामा संविधानसभाको सदस्यको हैसियतले म जिम्मेवारी लिन तयार छु । त्यो मेरो राजनीतिक धर्म पनि हो । नेता इमान्दार भएमा राजनीति सफल हुन्छ । तसर्थ राजनीति गर्ने मान्छे सङ्घर्षशील र इमान्दार हुनुपर्छ भन्ने मेरो अनुभव छ । तसर्थ म भावी पुस्तालाई पनि यही सन्देश दिन चाहन्छु ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : रत्न शेरचन |
| ठेगाना : स्थायी | : किनारा टोल-३, बाग्लुङ, धवलागिरि |
| अस्थायी | : काठमाण्डौं महानगरपालिका-२४ |
| सम्पर्क ठेगाना | : ०१-२४२५३६ (नि) ९८४१९८३०५३ (मो) |
| इमेल | : ratna_2008@hotmail.com |
| जन्म मिति | : २०१३/७/५ |
| जन्म स्थान | : बाग्लुङ |
| आमाको नाम | : चमेली शेरचन |
| बुबाको नाम | : इन्द्रबहादुर शेरचन |
| शिक्षा | : स्नातकोत्तर (इतिहास) |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# थकाली महिलाहरूकी प्रतिनिधि

व्यापारिक पृष्ठभूमि भएको परिवारमा जन्मनुभएकी रत्न शेरचन राजनीतिमा धेरै महिलाहरू सहभागी नभएकै दिनहरूमा राजनीतिमा आउनुभएको थियो । बाग्लुङमा जन्मनु भएकी रत्नकी फुपु गोमाकुमारी श्रेष्ठ र केशरकुमारी गौचन दुबैजना पञ्चायती शासनकालमा राजनीतिमा संलग्न हुनुहुन्थ्यो । दुबैजनाको राजनीतिक र सामाजिक आबद्धताबाट रत्न निकै प्रभावित हुनुभएको थियो । त्यसैगरि बिपी कोइराला, गणेशमान सिंह र कृष्ण प्रसाद भट्टराईको प्रजातन्त्र प्रतिको सङ्घर्ष, त्याग र निष्ठाको इतिहासले पनि उहाँलाई प्रभावित पार्‍यो । त्यसमा पनि शैलजा आचार्यको पञ्चायतकाल विरूद्धको साहसी कदमले उहाँ अझै प्रभावित हुनुभयो ।

रत्नले बाग्लुङमा प्रमाणपत्र तहमा पढ्दा कक्षामा तत्कालीन अवस्थामा राजनीतिमा लाग्न, विशेषगरी महिला छात्राको लागि सजिलो अवस्था थिएन । साथीहरू ने.वि. सङ्घमा आबद्ध रहेको कारण आफू पनि ने.वि. सङ्घमा आबद्ध हुनुभयो र प्रजातन्त्र पक्षधर शिक्षकहरूको सँगतमा रत्नले राजनीतिमा सक्रिय पाइला चाल्न थाल्नुभयो । उहाँ महेन्द्र बहुमुखी क्याम्पसको विद्यार्थी युनियनमा सदस्यसमेत बन्नु भएको थियो । तर, रत्नको वास्तविक राजनीतिक यात्रा भने उहाँ बाग्लुङमा स्नातक गरेर काठमाण्डौं आएपछि मात्र आरम्भ भएको थियो ।

रत्नका लागि अध्यापनका लागि काठमाण्डौं आउनु र त्रिभुवन विश्वविद्यालयको छात्रावासमा बस्न पाउनु निकै महत्वपूर्ण उपलब्धि थियो । 'कलेज र छात्रावासको बसाइले ममाथि ज्यादै प्रभाव पारेको थियो र यसले राजनीतिक यात्रामा अझ अग्रसर गरायो । छात्रावासको बसाइको क्रममा दिदि कविता भट्टराई, उमा रेग्मी, चित्रलेखा यादव लगायत थुप्रै दिदिहरूसँग सिक्ने मौका पाएँ । केटा साथीहरूले पनि बढी प्रोत्साहन गर्नुहुन्थ्यो जसले गर्दा मेरो राजनीतिक सक्रियता बढ्दै गयो ।'

कलेज र छात्रावासको राजनीतिक वातावरणका कारण रत्नले २०४६ सालको जनआन्दोलनमा र र्‍यालीमा सहभागिता जनाउनुभयो । २०४६ सालमै गणेशमान सिंहको निवास चाक्सीबारीमा आयोजित राजनीतिक कार्यक्रममा समेत रत्न सहभागी हुनुभएको थियो जहाँ गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई, गिरिजाप्रसाद

कोइराला, भारतीय राजनीतिज्ञ चन्द्रशेखर लगायतका धेरै नेताहरूले लोकतन्त्रका पक्षमा सम्बोधन गर्नुभएको थियो । यस्ता कार्यक्रमहरूमा सहभागी हुँदा उहाँमा ठूलो प्रभाव पर्‍यो । रत्न भन्नुहुन्छ, 'प्रजातन्त्रको स्थापनाका लागि बाग्लुङमा उहाँहरूको साहसिक उपस्थिति, कार्यकर्तालाई उहाँले दिनुभएको निर्देशन र भाषणले म निकै प्रभावित भएकी थिएँ ।'

बहुदलीय शासन व्यवस्थाको स्थापना भएपछि रत्नले पार्टीमा निरन्तर काम गर्नुभयो र त्यसपछि भएका नेपाली काङ्ग्रेसका सबै महाधिवेशनमा उहाँ सहभागी हुनुभयो । पढाइ सकाएर बाग्लुङ फर्केपछि उहाँले महेन्द्र बहुमुखी क्याम्पसको सहायक प्राध्यापक भई कार्यरत रहुनुका साथै पर्यटन र इतिहास विषय पनि पढाउन थाल्नुभयो । उहाँ भन्नुहुन्छ, 'त्यसबखत महिलालाई न राजनीति न शिक्षण दुबै त्यति सहज थिएनन् । क्याम्पसमा २३ जना प्राध्यावक मध्ये म एक्ली महिला प्राध्यापक थिएँ ।' २०५१ सालको आमचुनावमा पार्टीले रत्नलाई उम्मेद्वार बनाएपछि उहाँले कलेजमा राजीनामा दिई राजनीतिलाई निरन्तरता दिनुभयो ।

महिलाहरूले २०५१ सालको आमनिर्वाचनमा त्यो पनि नेपाली काङ्ग्रेसबाट उम्मेद्वार हुन पाउने सम्भावना ज्यादै न्यून थियो । बाग्लुङमा थोरै मात्र पढेलेखेका महिला थिए । तर, इतिहास विषय लिएर त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्ने रत्न केही पढालेखा महिलाहरूमध्ये एक हुनुहुन्थ्यो र उहाँ राजनीतिमा पनि क्रियाशील हुनुहुन्थयो । त्यही कारण नेपाली काङ्ग्रेसले उहाँलाई उम्मेद्वार बनाएको थियो । त्यसबखत नेपाली काङ्ग्रेसका नेतागण केही असन्तुष्ट थिए जसको कारण उम्मेद्वारहरूले एकअर्काका विरूद्धमा बागी भएर प्रतिस्पर्धा गरेका थिए । रत्नको चुनाव क्षेत्रबाट उहाँकै साथी तुलसिंह घर्तीमगर बागी उम्मेद्वार बन्नुभएको थियो ।

रत्नको निर्वाचन क्षेत्र नं १ भए पनि पार्टीको निर्णय अनुसार उहाँ क्षेत्र नं ३ को उम्मेद्वार बन्नुयो । कतैबाट आर्थिक सहयोग नभएकाले रत्नले चुनावमा निकै बढी खर्च गर्नुपरेको थियो । तत्कालीन अवस्थामा बाग्लुङमा छापाखानाको अभाव रहेकाले पोखरामा पम्प्लेटहरू छापेर बाग्लुङ र बाग्लुङबाट क्षेत्र नं ३ पुर्‍याउन मोटरबाटोको अभावमा भरिया खटाएर तीन दिनमा पुर्‍याउनु पर्ने परिस्थिति थियो । अर्कोतिर, क्षेत्र नं ३ बाट पार्टीका साथी प्रतिस्पर्धी भएका कारण रत्नले पार्टीका अधिकांश साथीहरूको सहयोग पाउनु भएन । त्यसका बावजुद पनि रत्नले साहसका साथ पार्टीको उम्मेद्वारका हैसियतले लड्नुभयो । अर्कातिर प्रतिद्वन्द्वी परि थापा हुनुहुन्यो । वामपन्थी एकताका साथ लडेका थिए र त्यसकारण नै नेपाली काङ्ग्रेस क्षेत्र नं ३ बाट पराजित भयो । रत्नले चुनाव हारे तापनि निराश हुनुभएन र राजनीतिक आबद्धतालाई निरन्तरता दिइरहनुभयो ।

२०४७ सालदेखि पार्टीमा आबद्ध हुनुभएकी रत्न २०५२ सालमा नेपाल महिला सङ्घको अञ्चल प्रतिनिधि र २०५६ मा केन्द्रीय सदस्यको रूपमा कार्यरत हुनुभयो । रत्नले नेपाल परिवार नियोजन सङ्घको केन्द्रीय सदस्य, र प्राध्यापक सङ्घ बाग्लुङको कोषाध्यक्ष भएर पनि काम गरिसक्नुभएको छ । उहाँले २०५४ सालमा पनि नगरपालिकाको चुनावमा उम्मेद्वारी दिनुभएको थियो । 'एमालेले मतदान केन्द्र कब्जा गरे पनि झिनो मतान्तरले मात्र मैले चुनाव हारेकी थिएँ,' उहाँ विगत स्मरण गर्नुहुन्छ । २०६४ सालमा उहाँ राष्ट्रिय महिला आयोगको सदस्यमा मनोनित हुनुभयो । त्यसैगरि २०६७ सालमा उहाँ राष्ट्रिय विकास परिषद्को सदस्य बन्नुभयो ।

रत्नले दुईपटक निर्वाचनमा पराजय व्यहोरे पनि राजनीतिक आबद्धतालाई निरन्तरता दिइरहनुभयो । 'निरन्तरता नै सफलताको संकेत हो,' उहाँ भन्नुहुन्छ । अहिले उहाँको निरन्तरता र योगदानलाई जनताले सम्मान जनाएका छन्, र समानुपातिकतर्फबाट उहाँले संविधानसभामा हाल बाग्लुङबाट प्रतिनिधित्व गरिरहनुभएको छ । 'सभासद्हरूका विरूद्ध अहिले आक्रोश पोखिएको छ र जनता मुलुकको इतिहास निर्माण हुने व्यग्र प्रतिक्षामा छन् ।'

इतिहास विषयको शिक्षिका भएका कारण रत्नलाई संविधानसभा र व्यवस्थापिका संसद्‌का नियम र प्रक्रिया बुझ्न धेरै कठिनाइ भएन । संविधानसभा अन्तर्गत संवैधानिक समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत विधायन समितिमा सदस्य रहेकाले उहाँले सम्बन्धित समितिमा धेरैवटा महत्वपूर्ण विषयहरू उठाउनुभएको छ । संवैधानिक समितिमा रत्नले खासरूपमा महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गर्नेबारेमा कुरा उठाउनु भएको छ । उहाँको विचारमा राज्यका सम्पूर्ण निकायहरूमा महिलालाई ५० प्रतिशत तथा राष्ट्रपति र उपराष्ट्रपतिजस्ता उच्च पदमा पनि उनीहरूको प्रतिनिधित्वलाई नयाँ संविधानले सुनिश्चित गर्नुपर्छ ।

आदिवासी/जनजाति समुदायबाट प्रतिनिधित्व गरेका कारण रत्नले आदिवासी/जनजातिका मुद्दाहरूलाई संविधानसभामा उठाउनुभएको छ । नेपालको कुल जनसङ्ख्याको करिब ३८ प्रतिशत हिस्सा आदिवासी/जनजातिको भए पनि उनीहरूले जनसङ्ख्याका आधारमा राज्यको हरेक संरचनामा सहभागी हुने अवसर पाएका छैनन् । उहाँ थप्नुहुन्छ, 'आदिवासी/जनजातिलाई उनीहरूका क्षमता र योगदानका आधारमा अवसर दिइनुपर्दछ । उनीहरूको हरेक क्षेत्रमा पहुँच हुनुपर्दछ । हिजोसम्म उनीहरू माथि भएको सबै खालको विभेदको अन्त्य हुनुपर्छ ।' आदिवासी/जनजाति विषयका अलावा संविधानसभामा उहाँले आमाको नामबाट नागरिकता र छोरीलाई वंशको अधिकार जस्ता महिला समानता र अवसरकाबारेमा पनि कुरा उठाउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'जुन पार्टीमा आबद्ध भएपनि संविधानसभाका १९६ महिला सभासद्‌ले महिलासँग सम्बन्धित विषय र उनीहरूको अधिकार र मुद्दामा एकजुट भएर अगाडि बढेका छन् ।'

संविधान सभा सदस्य भएपछि २०६६ मा रत्नले जापानी संसद्‌को निर्वाचनमा १३ सदस्यीय नेपाली संसदीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै जापानी चुनावको प्रक्रिया बुझ्ने अवसर पाउनुभयो । उहाँहरूले १२ दिने जापान भ्रमणका क्रममा संसद् र राजनीतिक दलको व्यवस्थापन, जापानी संसदीय प्रणाली, सरकारको कामलगायतको अध्ययन गर्नुभएको थियो । त्यसैगरि २०६७ मा डिल्ली, बैंगलोर र गोवा भ्रमणको क्रममा उहाँले भारतका वरिष्ठ न्यायाधिसहरूसँग संघियता र कानुन विषयमा छलफल गर्ने मौका पनि पाउनुभयो ।

संविधान लेखनका सिलसिलामा जनधारणा सङ्कलनका लागि रत्न अन्य राजनीतिक दलका नेताहरूसँगै कैलाली र कञ्चनपुर पुग्नुभएको थियो । 'हामी धेरै ठाउँ घुम्यौं र धेरै कार्यक्रम सञ्चालन गऱ्यौं । यो निकै राम्रो अनुभव थियो । महिला भएका कारणले पनि निकै अवसर पाएको मेरो अनुभव छ ।' पुरूष सभासद् र सञ्चार माध्यमको सहयोग पनि सकारात्मक रहेको उहाँको भनाइ छ ।

रत्न अहिले संविधानसभा र पार्टीभित्र पनि सक्रिय हुनुहुन्छ । पार्टीको ११औं महाधिवेशनअघि नेपाली काङ्ग्रेसमा महिलाका निम्ति आरक्षणको व्यवस्था नहुँदा पनि उहाँ खुला प्रतिस्पर्धाबाटै निर्वाचित हुनुभएको थियो । २०६७ सालमा सम्पन्न १२औं महाधिवेशनमा उहाँ आदिवासी/जनजातिको कोटामा पार्टीको केन्द्रीय कार्यसमितिमा निर्वाचित हुनुभएको थियो । उहाँ हाल पार्टीको महासमिति सदस्य र महाधिवेशन प्रतिनिधि पनि हुनुहुन्छ ।

राजनीतिमा लामो यात्रा तय गर्नुभएकी रत्नले धेरै उतारचढाव व्यहोरे पनि राजनीतिलाई निरन्तरता दिनुभएको छ । 'राजनीतिमा संलग्न हुन महिलाका निम्ति त्यति सजिलो छैन, खासगरी आदिवासी/जनजाति महिलाका निम्ति । थकाली समुदायबाट यो ठाउँसम्म मेरो प्रतिनिधित्व हुनु समुदायकै उपलब्धीको रूपमा पनि लिएकी छुँ,' उहाँ भन्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : रमा गुरागाईं |
| स्थायी | : बालुवाटार-४, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ४४३१९९४ (घर), ९८५१०९७२२० (मो) |
| जन्म मिति | : २०२० |
| जन्म स्थान | : बिशालनगर, काठमाण्डौं |
| आमाको नाम | : दुर्गा पौडेल |
| बुबाको नाम | : कृष्ण प्रसाद पौडेल |
| श्रीमान्को नाम | : खगेन्द्र गुरागाई |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# पार्टी र सामाजिक सेवामा समर्पित

काठमाण्डौंमा जन्मे हुर्केकी रमा गुरागाईंका बुबा कन्सल्ट्यान्ट र दाइहरू व्यापार व्यवसाय गर्नुहुन्थ्यो । परिवारका कोही पनि राजनीतिमा थिएनन् । २०३६ सालतिर विद्यार्थी छँदा एकदिन अस्कल क्याम्पसका विद्यार्थीहरूले उहाँ पढ्ने स्कुलमा हड्ताल गर्न आए र आन्दोलनकारीहरूले 'भाग बच्चाहरू हो' भनेपछि उहाँ पनि अरू बच्चाहरूसँगै दौड्नुभयो । यसरी दौडँदा प्रहरीले अरूसँगसँगै उहाँलाई पनि समातेर लग्यो । त्यतिबेला उहाँ बेस्सरी रूनुभयो । तर प्रहरीले बालाजु लगेर सबैलाई छाडे । त्यतिबेला अहिलेजस्तो छ्याप्छ्याप्ती सार्वजनिक सवारी थिएनन् । माटो लिन गएकी र बाटोमा भेटिएकी एक जना दिदीले उहाँलाई घरसम्म पुऱ्याउन मद्दत गर्नुभयो । हिडेर घर आउँदा रातको ११ बजिसकेको थियो । यता घरमा छोरी हरायो भनेर खोजतलासी भइरहेको थियो । रमालाई राजनीतिमा डोहऱ्याउने सम्भवतः त्यही नै पहिलो घटना थियो ।

रमा बिपीका किताबहरू पढ्ने गर्नुहुन्थ्यो र बिपीका पुस्तकले पनि उहाँलाई यस क्षेत्रमा लाग्न प्रेरणा दियो । बिपी त्यतिबेला पशुपतिको छेउमा बस्नु हुन्थ्यो । उहाँलाई बिपी कस्तो मान्छे होला भन्ने जस्तो लाग्थ्यो । सबैले नाम लिने, राम्रो भन्ने भएकाले एक दिन उहाँ पनि बिपीलाई हेर्न जानुभयो । पद्मकन्या क्याम्पसमा पढ्दा रमा लुकेर ने.वि. सङ्घको राजनीति गर्नु हुन्थ्यो । त्यतिबेला प्रहरी तथा प्रशासनको डरले सुटुक्क ने.वि. सङ्घको सदस्य बनाउनु पर्थ्यो । गाउँबाट आएका विद्यार्थीहरू त्यसका लागि तयार भए पनि काठमाण्डौंका साथीभाइलाई मनाउनु निकै गाह्रो थियो । काठमाण्डौं वासीहरूमा बिग्रेका मान्छेले मात्रै राजनीति गर्छन् भन्ने सोचाइ थियो । त्यसैले पनि उहाँ गाउँकै साथीहरूसग बढी नजिक हुनुहुन्थ्यो । त्यतिबेला साथीहरूको घर वा डेरामा गएर जुलुसको आयोजना गर्ने र अन्य कार्यक्रमहरू बनाउने गरेको उहाँ सुनाउनुहुन्छ । सङ्गठनको कामले घरमा ढिलो पुग्दा घरमा गाली खानुपर्थ्यो तर उहाँलाई राजनीतिमा नलाग भनेर चाहिँ परिवारले कहिल्यै ठाडै विरोध गरेनन् ।

पढाइ सकेर रमाले चिल्ड्रेन मोर्डन हाइस्कुलमा पढाउन थाल्नुभयो । त्यतिबेला सद्भावना पार्टी (आनन्दीदेवी)की बर्तमान अध्यक्ष सरिता गिरी पनि मोर्डन इण्डियन स्कुलमा पढाउनुहुन्थ्यो । उहाँहरू बीच मित्रता थियो । रमा

भन्नुहुन्छ, 'एक दिन हामीलाई मनमा के लाग्यो भने कति आफ्नो लागि मात्रै काम गर्ने, समाजको लागि पनि केही सेवा गरौँ भनेर हामी दुबै जनाले जागिर छोड्यौ । र, एक दिन गिरीजा (कोइराला) बाबुकोमा गयौं । उहाँ बसिरहनु भएको रहेछ । किन आएको, के चाहियो भन्नुभयो । हामीलाई काम गर्ने इच्छा छ तर हामीसग पैसा छैन भन्यौँ ।' दुबैजनाले एउटा अफिस खोल्न कोठा भए महिला सङ्घको लागि काम गर्न सक्थ्यौँ भनेर कुरा राखेपछि गिरीजा कोइरालाले बिहीबार आउन भन्नुभयो । बिहीबार उहाँहरू पुग्दा गिरिजा प्रसाद कोइरालाले खुरुक्क ५ हजार रूपैया झिकेर दिनुभयो । त्यही पैसाले उहाँहरूले चक्रपथमा एउटा सटर लिएर सिलाई बुनाई तालिम, प्रौढ शिक्षा र स्वास्थ्य कार्यक्रम संचालन गरेर महिलालाई सहयोग पुऱ्याउने र उनीहरूमा चेतना फैलाउने काम गर्नुभयो । त्यतिबेला उहाँहरू दुबैजना काठमाण्डौंको टोखा, बुढानिलकण्ठलगायतका गाउँहरूमा महिलाका लागि कार्यक्रम लिएर जाने गर्नुहुन्थ्यो ।

पछि आएर रमाले सुषमा कोइराला मेमोरियल ट्रष्टमा सदस्य भएर काम गर्नुभयो । आफैले स्थापना गरेको गैरसरकारी संस्था नव सहाराबाट पनि थुप्रै काम गरेको उहाँ सुनाउनुहुन्छ । यो संस्थाले अहिले पनि माग र आवश्यकता अनुसार महिलाहरूलाई विभिन्न खेलौना र अरू सामान बनाउने शीप विकास तालिम सञ्चालन गर्दै आएको छ । अहिले पनि झण्डै डेढ सय महिलालाई रोजगारी दिन सकेको छ । समाजसेवामा सक्रिय भएकाले अहिले पनि मान्छेहरू रमालाई समाजसेवीकै रूपमा बढी चिन्छन् ।

२०४६ र २०६२/६३ सालको जनआन्दोलनहरूमा पनि रमा सक्रिय रुपमा लाग्नु भयो । तर, २०६२/६३ सालको दोस्रो जनआन्दोलनमा भने उहाँ निकै घाइते हुनुभयो । त्यतिबेला रत्नपार्कको विद्युत प्राधिकरण अगाडि चारजना प्रहरीले उहाँलाई बेस्सरी कुटेर बागबजारको पद्मकन्या क्याम्पस अगाडि फालिदिएपछि शंकर पाण्डे र केही साथीहरूले उहाँलाई बोकेर अस्पताल पुऱ्याउनु भएको थियो । अस्पतालमा लगेको सात घण्टा पछि मात्र उहाँको होस आयो र एक महिनासम्म उपचारमै बस्नु भयो । त्यसैको चोटले अहिले पनि शरीर सिधा भएर बस्न गाह्रो पर्ने रमा बताउनुहुन्छ । २०६२/६३ को आन्दोलनमा नै उहाँ सात दिन जेलमा पर्नुभयो, जुनबेला उहाकाँ दुई छोरीहरूको जाँच पनि चलिरहेको थियो र श्रीमान् विदेश जानु भएको थियो ।

सायद पार्टीले आफ्नो निष्ठा र योगदानको मूल्याङ्कन गरेर संविधानसभामा आउने अवसर दिएको हो भन्ने रमा ठान्नुहुन्छ । उहाँ भन्नहुन्छ, 'अहिलेका केही जुनियर सभासद् साथीहरूलाई हेर्दा त मैले १० वर्षअघि नै यो अवसर पाउने रहेछु भन्ने लाग्छ ।' साथै उहाँ सुरूमा संविधानसभामा आउँदा जुन ऊर्जा थियो, त्यो प्रयोग गर्न नसकेको पनि स्वीकार्नुहुन्छ । पार्टीका नेताहरूले देशलाई भन्दा व्यक्तिलाई प्राथमिकता दिने गरेकाले पनि अहिलेको अवस्था निम्तिएको उहाँको भनाइ छ ।

आफू संलग्न राष्ट्रिय हित संरक्षण समितिमा उहाँले पहिलो प्राथमिकता देशलाई दिनु पर्ने कुरा राख्नु भयो । महिलाका विषयमा कुरा उठाउँदा उनीहरूलाई रोजगार र शिक्षामा बराबर अधिकार दिनुपर्छ भन्ने कुरामा जोड दिनुभयो । त्यसमा पनि सहर केन्द्रित पढेलेखेका मात्रै नभै दुर्गम क्षेत्रका र नपढेका महिलालाई पनि सक्षम बनाउन उनीहरूलाई शिक्षा, स्वास्थ्य र रोजगारीका सीप विकास तालिमको अवसर दिनुपर्ने कुरा जोडतोडका

साथ राखेको पनि उहाँ बताउनुहुन्छ । राष्ट्रिय हित संरक्षण समितिको बैठकमा उहाँले 'जनयुद्ध' शब्द प्रयोग गर्ने वा नगर्ने भन्ने बहसमा 'जनयुद्ध' शब्द राख्नुहुन्न भनेर आफ्नो फरक मत राख्नुभयो ।

संविधानसभाका सबै महिलाहरू सदस्यहरू शिक्षित नभएपनि उनीहरूले आफ्ना कुरा चाहिँ मज्जाले राख्न सक्ने भएकाले मुद्दाहरू उठाउन खासै समस्या नपरेको रमा बताउनुहुन्छ । तर, महिला सदस्यबीचको भौगोलिक, आर्थिक, शैक्षिक र भाषिक लगायतका विविधताले गर्दा महिलालगायत अन्य महत्वपूर्ण मुद्दाहरूमा महिलाहरूलाई एक हुन ठूलो समस्या नपरे पनि कतिपय मुद्दामा पार्टीको लाइनअनुसार बोल्नुपर्ने अवस्था रहेको उहाँको अनुभव छ । संविधानसभा र यस अन्तर्गतका समितिहरूमा महिलाले बोलेका कुरा र महिलाका मुद्दालाई हल्का रूपमा लिने प्रवृत्ति रहेको रमाको पनि अनुभव छ । उहाँका अनुसार, त्यसमाथि अझ महिलाले बोल्ने समय कम पाउँछन् । बोल्ने समयमा पनि मन्त्री र अन्य बरिष्ठ नेताहरूले पहिले पालो पाउने हुँदा महिलाहरूले समान अवसर पाउँदैनन । सभासेमिनारमा पनि राम्रो ठाउँमा बरिष्ठ र पुरूषहरू नै बढी जाने गर्दछन् ।

संविधानसभाका झण्डै तीन वर्षका अनुभवलाई फर्केर हेर्दा आफ्नो योगदानप्रति रमा समग्रमा सन्तुष्टै हुनुहुन्छ । बाहिरबाट हेर्नेले भत्ता खाए भन्छन् । तर, संविधानसभामा गरेको कामको मूल्याङ्कन गर्न मानिसहरू हिच्किचाउँछन् । संविधानसभामा आएका रमा जस्ता नयाँ अनुहारहरूले इमान्दारितापूवर्क नै काम गरेको तर पार्टीका नेताहरूले आआफ्ना एजेण्डाअनुसार मात्र चल्ने भएकाले स्थिति बिग्रेको र संविधान समयमै नबनेको भन्ने उहाँलाई लाग्छ । त्यसमा सभामुखले पनि आफूले खेल्नुपर्ने भूमिका निर्वाह गर्न नसकेको रमा बताउनुहुन्छ ।

संविधानसभाभित्र बोल्दा बाहिर बसेर बोले जस्तो नहुदो रहेनछ भन्ने पाठ सिकाई रमालाई भएको छ । यो जिम्मेवारपूर्ण ठाउँ भएकाले यहाँ बोलेका कुरा आधिकारिक हुने भएकाले धेरै सोचविचार गरेर र जिम्मेवार भएर प्रस्तुत हुनु पर्छ भन्ने सिकाई पनि यो अवधिमा उहाँलाई भएको छ । सभासद् भएपछि मन्त्रालयसँग समन्वय गरि रामेछाप जिल्लामा विकास निर्माणका कार्यक्रमहरूमा पनि आफू अग्रसर रहेको बताउनुहुन्छ । उहाँ आफ्नो मासिक तलबको केही रकम पार्टीको सहयोगको लागि आफ्नो क्षेत्रको पार्टी कार्यालयलाई दिने गर्नुहुन्छ । 'केही आर्थिक सहयोग सङ्घ संस्था र क्लबलाई दिन्छु', उहाँ भन्नुहुन्छ, 'खाना लाउन परिवारबाट नै भएकाले अप्ठेरो छैन । त्यसैले आफ्नो कमाई र समय समाजलाई दिएको छु ।' उहाँको विचारमा राजनीति भनेकै समाज सेवा हो । त्यसैले बाँचुन्जेल राजनीति र समाजसेवा मार्फत नेपालकै सेवा गर्ने चाहना उहाँ व्यक्त गर्नु हुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | रत्न गुरूङ |
| ठेगाना | : | धन्वन्तरी मार्ग, हाँडीगाउँ-५, काठमाण्डौ |
| सम्पर्क ठेगाना | : | ०१-४००९५६१ (घर), ९८४१५२२९२२ (मो) |
| इमेल | : | gurung_ratna@yahoo.com |
| जन्म मिति | : | २०२२/५/१ |
| जन्म स्थान | : | लच्याङ्-७ काउले, नुवाकोट |
| आमाको नाम | : | कृष्ण कुमारी गुरूङ |
| बुबाको नाम | : | कृष्ण बहादुर गुरूङ |
| श्रीमान्को नाम | : | नारायण सिलवाल |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# बुबाको मुखबाट पहिलो पटक कम्युनिष्ट शब्द सुनेँ

कसैले हेपेको सहन नसक्ने बानीले नै रत्न गुरूङलाई कम्युनिष्ट आन्दोलनमा पुऱ्याएको थियो । अन्याय र अत्याचार विरूद्ध लड्न राजनीति गर्नुपर्ने रहेछ भन्ने थाहा पाएदेखि नै निरन्तररूपमा महिला मुक्ति र सामाजिक परिवर्तनका आन्दोलनमा लाग्नु भएकी रत्नले आफ्नै बुबाको मुखबाट पहिलोपटक 'कम्युनिष्ट' शब्द सुन्नु भएको थियो ।

उहाँ २०३६ सालको विद्यार्थी आन्दोलनदेखि राजनीतिमा सक्रिय हुनुभएको हो । 'बुबाले मलाई छोरी मान्छे भएर ठूलोबडाको कुरा सुन्नुहुन्न भन्नुहुन्थ्यो जसले मलाई झन् उत्सुक बनाउँथ्यो र म बुबा र बुबाको साथीहरूको कुरा ध्यान दिएर सुन्थे,' रत्न भन्नुहुन्छ । सैनिक पृष्ठभूमि भएका बुबा कृष्ण बहादुर गुरूङले एक दिन 'यो देश विकास हुन कम्युनिष्ट व्यवस्था आउनुपर्छ' भनेको सुनेपछि मनमनै 'ठूली भएर कम्युनिष्ट व्यवस्था ल्याउँछु' भन्ने कुराले रत्न रोमान्चित हुनुभयो र त्यसपछि कम्युनिष्ट साहित्यप्रति उहाँको आकर्षण बढेको थियो । त्यही आकर्षणले गर्दा उहाँले कम्युनिष्ट दर्शन, साहित्य र पत्रपत्रिकाहरू अध्ययन गर्न थाल्नुभयो । राजतन्त्र र पञ्चायती व्यवस्थाले देशको विकास गर्दैन र जनतालाई चुस्ने काम मात्र गर्छ भन्ने पहिलो जानकारी पनि उहाँले बुबाबाटै पाउनुभएको थियो ।

पञ्चायतकालमा कम्युनिष्ट राजनीति गर्न त्यति सजिलो थिएन । त्यसमाथि पनि महिला भएर साँझबिहान भेला, बैठकतिर जानु सामाजिक आलोचनाका कारणले मात्र होइन सुरक्षाका दृष्टिले पनि निकै चुनौतीपूर्ण थियो । तर उहाँ भन्नुहुन्छ, 'महिला भएर साँझबिहान कता हिँड्छे भनेर समाजले गर्ने निन्दा र चियोचर्चाले मेरो राजनीतिक अभियानलाई खासै असर पुऱ्याएन । बरू, त्यस्ता निन्दाभन्दा पञ्चायती व्यवस्थाविरूद्ध जनताको आन्दोलनलाई कसरी सङ्गठित गर्न सकिन्छ भन्नेतिर मेरो ध्यान केन्द्रित रह्यो । राज्यपक्षबाट सुरक्षाको डर भए पनि त्यस्तो

अवस्थासँग पनि सङ्घर्ष गरियो ।' तर, यति धेरै गर्दा पनि पार्टीभित्रैबाट महिलाको कार्यक्षमतामाथि प्रश्न उठाउने प्रवृत्तिप्रति रत्न असन्तुष्टि व्यक्त गर्नुहुन्छ ।

२०३६ सालको विद्यार्थी आन्दोलनको प्रभावशाली विद्यार्थी सङ्गठन अनेरास्ववियुको सम्पर्कमा पुग्नुभएकी रत्नले २०३७ सालमा अनेरास्ववियुको सदस्यता प्राप्त गर्नुभएको थियो । २०४५ सालमा मार्क्सवादी अध्ययन दलमा संलग्न भएर रत्नले आफ्नो विचार र चिन्तनलाई अझ परिपक्व तुल्याउने मौका पाउनुभयो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा उहाँ काठमाण्डौंको चन्डोल युथ फोरमको संयोजकको हैसियतले आन्दोलनमा सहभागी हुनुभयो । २०४६ सालको जनआन्दोलनमा उहाँ मात्रै होइन उहाँका बहिनीहरू, सूर्य र सरजले समेत दिलोज्यानले सहयोग पुऱ्याएको रत्न सम्झनुहुन्छ, । २०४९ सालमा उहाँले नेकपा (एमाले) को सङ्गठित सदस्यता प्राप्त गर्नुभएको थियो । उहाँ प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपाल (हालको युवा सङ्घ, नेपाल) को केन्द्रीय महिला विभाग सदस्य र अखिल नेपाल महिला सङ्घ काठमाण्डौं जिल्ला कमिटीको सदस्य पनि हुनुभयो । उहाँ अहिले अखिल नेपाल महिला सङ्घको केन्द्रिय समितिको सदस्य, नेकपा (एमाले) काठमाण्डौं जिल्ला कमिटीको सदस्य, नेपाल लोकतान्त्रिक तमु सङ्घ नेपालको केन्द्रीय सदस्य र नेकपा (एमाले) उपत्यका महिला विभागको सदस्य हुनुहुन्छ ।

रत्नले राजनीतिक यात्राकै दौरानमा राजनीतिक कार्यकर्ता नारायण सिलवालसँग विवाह गर्नुभयो । आफूसम्बद्ध पार्टी नेकपा (एमाले) को स्वीकृति र परिवारको सहमतिमा रत्नको नारायणसँग अन्तरजातीय विवाह सम्भव भएको थियो । स्नातकसम्म अध्ययन गर्नुभएकी रत्नका दुई छोरीहरू छन् ।

रत्नले नेपाली महिला आन्दोलन एवम् कम्युनिष्ट आन्दोलनमा पुऱ्याउनु भएको योगदानको कदरस्वरूप नेकपा (एमाले) ले संविधानसभाको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत उहाँलाई संविधानसभामा पठाएको हो । संविधानसभाको सदस्य हुन्छ भनेर रत्नले सोच्नु भएको थिएन । तर, उहाँले पार्टी र राजनीतिक आन्दोलनलाई पुऱ्याउनु भएको योगदानको मूल्याङ्कन गरेर पार्टीले उहाँलाई संविधानसभामा पुऱ्याएकोमा रत्न गर्व महसुस गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'जनताका लागि जनताबाटै छानिएर जनताले नै संविधान बनाउने यो महत्वपूर्ण अवसर पाउनु चानचुने अवसर होइन ।'

संविधानसभाको सदस्य भएपछि बैठकमा कसरी प्रस्तुत हुने? के कस्ता विषयलाई कुन विधिअनुसार प्रस्तुत गर्ने? लगायतका विषयमा रत्नलाई पनि अरू धेरै सभासद्हरूलाई जस्तै जिज्ञासा थियो । तर उहाँले त्यस्ता जिज्ञासाको उत्तर आफ्नै पार्टी नेकपा (एमाले) र कर्मचारीहरूबाट पाउनुभयो । पहिलो पटक व्यवस्थापिका संसद् र संविधानसभाको सदस्य बनेका सभासद्हरूलाई संविधानसभा तथा व्यवस्थापिका संसद्को नियम, प्रक्रिया आदिबारे अभिमुखीकरण गरिदिएको भए आफूहरूलाई धेरै सजिलो पर्ने रत्नको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'त्यस्तो अभिमुखीकरण भएको भए हामीलाई बैठकमा आफ्ना धारणा राख्न सहयोग पुऱ्याउने थियो ।'

रत्न संविधानसभा अन्तर्गत राज्यको शासकीय स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद्तर्फ प्राकृतिक स्रोत तथा साधन समितिका सदस्य हुनुहुन्छ । ती समितिहरूमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी, अल्पसङ्ख्यक र अन्य पछाडि पारिएका वर्ग तथा क्षेत्रको अधिकारजस्ता विषयमा स्पष्ट धारणासहित बहस र

छलफलमा भाग लिएको रत्न बताउनुहुन्छ । संसद् लगायत राज्यका हरेक निकायमा महिलाको ५० प्रतिशत सहभागिता सुनिश्चित गराउन महिला सभासद्‌हरूले महत्वपूर्ण भूमिका खेलेको रत्नको भनाइ छ । तर, महिलाको अधिकारलाई पूर्णरूपमा स्थापित गराउन र स्वतन्त्ररूपमा आफ्ना धारणा राख्न पार्टीको वैचारिक सीमाहरूले छेकेको रत्नको अनुभूति छ । उहाँको भनाइ छ, 'बैठकमा आफ्नो भनाइ जोडतोडले राख्यो तर, निर्णय मस्यौदा भएर आउँदा शब्दजालले जेलिएर अर्कै भएर आउँदो रहेछ । त्यस्तो बेला आफू चनाखो हुन सकेन भने धेरै कुरो छुट्दो रहेछ ।'

संविधानसभाको विषयगत समितिहरूमा महिला, पछाडि पारिएका जाति, लिङ्ग, वर्ग एवम् समुदायका आवाज सम्बोधन गराउन आफ्नो प्रयास जारी रहेको र केही हदसम्म ती मुद्दाहरू सम्बोधन गराउन आफू सफल पनि भएको रत्न बताउनुहुन्छ । तर, त्यो सफलता पर्याप्त नरहेकाले संविधानसभाभित्र निरन्तर लडाइँ जारी राख्ने उहाँको प्रतिबद्धता छ । दलित, महिला, आदिवासी/जनजाति, मधेसी, मुसलमानलगायतले अधिकार माग्ने र प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूले ती अधिकारहरू बाँड्नेजस्तो देखिएको तीतो यथार्थ व्यक्त गर्दै रत्न भन्नुहुन्छ, 'प्रमुख दलको नेतृत्व तहमा अझै सामन्ती सोच बलियो छ ।'

महिला अधिकार सम्बन्धी मुद्दालाई सशक्त ढङ्गले उठाएर विषयगत समितिहरूमा स्थापित गराउने सवालमा महिलाका धेरै विषयहरू छुटेको रत्नको भनाइ छ । महिला सभासद्‌हरूबीच एकता नभएकाले नै महिला अधिकारलाई राम्ररी स्थापित गर्न नसकिएको पनि रत्न गुनासो गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ– 'संविधानसभामा रहेका महिला सभासद्‌मा सञ्चारको वा भाषाको समस्या छ । राजनीतिक संस्कारको अभावमा महिला सभासद्‌हरू एकआपसमा घुलमिल गर्न र आफ्ना विचारहरू स्पष्ट ढङ्गले अभिव्यक्त गर्न सक्दैनन् ।'

महिला सभासद्‌हरूलाई लक्षित गरी विभिन्न गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका तालिम र प्रशिक्षणहरू सभासद्‌का लागि भन्दा पनि संस्थाको आफ्नै आवश्यकताले बढी आयोजना हुने गरेको रत्नको आलोचना छ । उहाँ आफ्नो अनुभव बताउनुहुन्छ, 'त्यस्ता तालिम त मैले पनि लिएँ तर त्यसको सदुपयोगभन्दा दुरूपयोग भए जस्तो लाग्छ । पार्टीहरूले आफ्नो घोषणपत्रमा छुटाएका तर महिलासँग प्रत्यक्ष सरोकार राख्ने छरिएर रहेका विषयमा गैरसरकारी संस्थाहरूले छलफल गराएर कार्यक्रम गराएको भए राम्रो हुने थियो । तर, कसैले ड्राइभिङ सिकाउने, कसैले भाषा सिकाउने, कसैले कम्प्युटर सिकाउने गरेकाले यस्ता तालीमहरूले महिलाको तर्क गर्ने क्षमता र बौद्धिक विकासमा खासै सहयोग पुऱ्याएन ।'

मुख्य राजनीतिक दलका नेताहरूको ढिलासुस्तीका कारण समयमा बैठक सुरू नहुन सक्ने र ढिला सम्म बैठक लम्बिदा राती सार्वजनिक यातायातमा वा पैदल हिँडेर बासस्थान फर्किनुपर्ने महिला सभासद्‌हरूको समस्या संविधानसभाका अध्यक्षसमक्ष आफूले राखेको रत्न बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाले उठाएका कतिपय सवालमा बाध्यकारी अवस्थामा मात्र पुरूष सभासद्‌ले स्वीकार गर्ने गरेका छन् ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : रमणी राम |
| ठेगाना स्थायी | : धाता टोल, डिमन गाविस, वडा नं. ६, सप्तरी, सगरमाथा |
| अस्थायी | : बुद्धनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८५१०५६९६५ (मो) |
| जन्म मिति | : २०२४/११/१५ |
| जन्म स्थान | : मधुवनी, बिहार, भारत |
| आमाको नाम | : उमादेवी राम |
| बुबाको नाम | : बौवा लाल राम |
| श्रीमान्को नाम | : भोला राम |
| शिक्षा | : प्रवीणता प्रमाणपत्र तह |
| राजनीतिक दल | : तराई मधेस लोकतान्त्रिक पार्टी नेपाल |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# परिवर्तनका लागि राजनीति

महिलामाथि घरेलु हिंसा भएको देखेर र दलितलाई छुवाछुत गरेको देखेर रमणीको मनमा विद्रोहको भावना जाग्थ्यो । महिलालाई बच्चा जन्माउने मिसिन बाहेक मानवजस्तो व्यवहार नगरिने सामाजिक कुरीतिप्रति पनि उहाँलाई घृणा लाग्थ्यो । त्यसैले यी सबैका विरूद्ध लड्न रमणी सामाजिक सङ्घसंस्थाहरूमा सक्रिय हुन थाल्नुभयो । यस कार्यमा उहाँलाई श्रीमान्ले पनि साथ र सहयोग दिनुभएको थियो ।

२०४४ सालमा सप्तरी डिमन गाविसका भोला रामसँग विवाह गरेर रमणी राम भारतको विहार राज्यको मधुवनीबाट सप्तरी जिल्लाको धाता डिमन गाउँमा आइपुग्नु भएको थियो । राजनीतिमा लाग्नुअघि रमणी समग्र विकास सेवा केन्द्र र दलित अधिकार संरक्षण केन्द्र नामक सामाजिक संस्थाको सदस्य हुनुहुन्थ्यो । दलित, महिला, आदिवासी/जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका मुद्दामा आवश्यक नीति, ऐन, कानुन निर्माण गर्न यी समुदायका मानिसहरू राजनीतिक दलको माध्यमबाट राज्यको नीति निर्माण गर्ने तहमै पुग्नुपर्ने रमणीको धारणा छ ।

समतामूलक समाज निर्माण गर्न देशमा विभिन्न प्रकारका अभियान तथा आन्दोलन नभएका होइनन्, तर त्यस्ता आन्दोलनले ठोस प्रगति गर्न नसकेको रमणीको भनाइ छ । उहाँले सोच्न थाल्नुभयो, 'आखिर यसो हुनुको कारण के होला ? किन कुनै पनि सामाजिक आन्दोलनले परिवर्तनको मुहार देख्न सकेन ?' अन्ततः उहाँले ठम्याउनुभयो, 'यसको प्रमुख जड मुलुकको सामन्ती राजतन्त्रसँग गाँसिएको छ । राजतन्त्र नष्ट नभइ यी सामाजिक विकृतिहरू पनि हट्ने छैनन् ।' यसै क्रममा २०६२/०६३ को दोस्रो जनआन्दोलन पनि सुरू भयो र उहाँले समग्र दलित र उत्पीडित महिलाको नेतृत्व गर्दै आन्दोलनमा भाग लिनुभयो र राजतन्त्रको अन्त्य पनि भयो ।

आन्दोलनको सफलतापछि सम्पन्न संविधानसभाको चुनावमा मधेसी, दलित र दलित महिलाको प्रतिनिधित्व गर्दै रमणी तराई मधेस लोकतान्त्रिक पार्टीबाट संविधानसभाको सदस्यमा चुनिनुभयो । संविधानसभा सदस्य भएपछि

उहाँ सडकबाट सदन र संविधानसभामा पुग्नुभयो । उहाँले उत्पीडित जाति र समुदायका मुद्दालाई पनि सडकबाट सदन र संविधानसभासम्म पुऱ्याउनु भयो । अहिले नयाँ संविधानमा उत्पीडित समुदायका हकहितका पक्षमा केही पंक्तिहरू कोर्न लगाउन उहाँ लागिपर्नु भएको छ ।

संविधानसभामा पुग्नु रमणीको रहर थिएन । उहाँले आफू संविधानसभा सदस्य वा सांसद् बन्नेछु भनेर पनि कहिल्यै सोच्नु भएको थिएन । तर, समुदायमा आफूले गरेका कार्य र समुदायकै चाहनाले संविधानसभा सदस्य भएकामा भने खुशी लागेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'अब नयाँ संविधानमा महिलासम्बन्धी विभेदकारी व्यवस्था खारेज गर्दै राज्यको हरेक निकायमा महिलाको उपस्थिति ३३ प्रतिशत हुनुपर्ने कुरालाई संस्थागत गराउने र पैतृक सम्पत्तिमा छोरा सरह छोरीलाई पनि अंश दिलाउने नै मेरो प्रमुख उद्देश्य हुनेछ ।'

संविधानसभामा रमणी जनमत सङ्कलन र संसदीय सुनुवाइ विशेष समितिको सदस्य हुनुहुन्छ । जनमत सङ्कलन समितिले संविधान निर्माणको प्रक्रियामा जनताको रायसुझाव सङ्कलनलाई के-कसरी प्रभावकारी पार्ने भनी व्यवस्थापन गर्ने भएकाले उहाँको सो समितिमा उहाँको खासै भूमिका छैन । तैपनि संविधानसभा र अरू विषयगत समितिहरूमा खासगरी महिलामाथि हुने घरेलु हिंसा, लैङ्गिक विभेद र दलित माथि हुने जातीय विभेद तथा सामाजिक कुरीतिलाई हटाउन आवश्यक कानुनको निर्माण हुनुपर्ने कुरामा रमणीले जोड दिँदै आउनुभएको छ । खासगरी मधेसी, दलित, पिछडिएका, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका महिलाका लागि विशेषाधिकारको व्यवस्था गर्नुपर्ने धारणा उहाँको छ ।

संविधानसभाका ठूला पार्टीहरू माओवादी, काङ्ग्रेस र एमाले संविधान निर्माणभन्दा पनि सत्ताको खेलमा बढी केन्द्रित हुन पुगेकाले संविधानसभाका विषयगत समितिको मस्यौदा प्रतिवेदन तयार गर्न समस्या भइरहेकामा उहाँ निराश हुनुहुन्छ । संविधानसभामा महिला सभासद्ले बोलेका कुरालाई पुरूष सभासद्ले खासै महत्व दिँदैनन् । अझ साना दलका महिला सभासद्ले त राष्ट्रिय मुद्दाहरूमा केही पनि बोल्ने मौका नै नपाउने पनि उहाँको अनुभव छ ।

संविधानसभामा भएका १९७ जना महिला सभासद्हरू पनि जाति, भाषा, भूगोल, धर्म, वर्ग र राजनीतिक सोचका आधारमा विभाजित छन् । उनीहरू बीच संवादको अभाव रहेको रमणी बताउनुहुन्छ । 'तैपनि महिलाका साझा मुद्दामा भने महिलाहरू सकेसम्म एकमत हुने गरेका छन्,' उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ ।

विभिन्न रूपले विभाजित महिलालाई एकै ठाउँमा ल्याउने काम भने महिला ककसले गरेको रमणी ठान्नुहुन्छ । संविधानसभामा महिला सदस्यहरूको संख्या उल्लेख्य भएपनि ती फरक दल, फरक परिवेशबाट आएका कारणले आफ्ना कुराहरूलाई कसरी सामुहिक रूपमा राख्ने भन्ने विषयमा उनीहरू अन्यौल जस्तै थिए । तर महिला ककसले महिला सभासद्लाई मात्र होइन महिलाका मुद्दालाई पनि एकै ठाउँमा ल्याउने वातावरण मिलाइदिएको उहाँ ठान्नुहुन्छ । सभासद् भइसकेपछि उहाँले देशभित्र र बाहिर विभिन्न गोष्ठी तथा तालिमहरूमा भाग लिने मौका पाउनु भएको छ । ती गोष्ठी तथा तालिमहरूले खासगरी महिला र दलितसम्बन्धी उहाँको ज्ञान बढाएको रमणीले अनुभव गर्नु भएको छ ।

संविधानसभामा पुगेर अनेक काममा व्यस्त हुनु परे पनि उहाँले आफ्नो कार्यक्षेत्र र कार्यकर्तालाई भुल्नुभएको छैन । उहाँ समयसमयमा जिल्ला जानुहुन्छ र आफ्नो समुदायसँग रायसुझाव सङ्कलन गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'संसद् र संविधानसभामा म त्यही बोल्छु जुन मलाई जिल्लाका जनताबाट बोल्नका लागि प्राप्त हुन्छ ।'

मधेसका महिला मात्र होइन दलित, जनजाति आदि समुदायका आवाजलाई पनि उहाँले उत्तिकै ध्यान दिनुभएको छ । मधेसका आदिवासी, दलित, महिला आदि सबै मिलेर संविधानको एउटा मस्यौदा जस्तै खाका तयार पारिएको थियो । त्यो खाका पार्टी अध्यक्ष महन्त ठाकुर समक्ष पेश गर्दै मधेसका महिला, दलित, मधेसी, जनजातिका सवालमा यही नै पार्टीको अवधारणा हुनुपर्छ भनेर पनि उहाँले माग गर्नुभएको थियो ।

सामाजिक अभियानबाट राजनीतिमा प्रवेश गर्नुभएकी रमणी सभासद् भइसकेपछि पनि सामाजिक कार्यबाट अलग भने हुनुहुन्न । यी कामले आफूलाई अझ सकारात्मक र जिम्मेवार बनाएको उहाँ अनुभव गर्नुहुन्छ । समग्र दलितको आवाजलाई संविधानसभामा राख्न पाउँदा अत्यन्त खुशीको अनुभव भएको उहाँ बताउनुहुन्छ । कुनै बेला तराईका गुमनाम गल्ली र गौंडाहरूमा मात्रै गुन्जिने दलित अधिकारका कुरा आज मुलुकको सर्वोच्च निकायमा समेत उठेको र उठाउन पाएको यो अवसरलाई उहाँ सानो ठान्नुहुन्छ ।

संविधानसभालाई गम्भीर छलफल गर्ने मञ्च र महत्वपूर्ण निर्णय गर्ने थलो मान्दामान्दै पनि त्यसले गर्ने निर्णयको फितलो कार्यान्वयन भने रमणीका लागि दिक्क लाग्ने विषय भएका छन् । राजनीतिक दलहरूको सत्ताप्रतिको लोभले त्यही फितलो कार्यान्वयन पनि अगाडि बढ्न नसक्नुलाई उहाँ बिडम्बना मान्नुहुन्छ ।

जानेर वा नजानेर, राजनीतिमा प्रवेश गरिसकिएको छ । अब यसैमा आफ्नो बाँकी जीवन बितोस् भन्ने उहाँको चाहना छ । समाजमा आजसम्म पनि अपहेलित भई दासको जीवन जिउन बाध्य पारिएका दलित, महिला, आदिवासी/जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्न अझै धेरै गर्न बाँकी छ । ती अधिकारहरू सुनिश्चित गर्न आफ्ना तर्फबाट सक्दो प्रयास गर्ने रमणी प्रतिबद्धता जाहेर गर्नुहुन्छ ।

आखिर यी सब केका लागि गर्नुहुन्छ त ? कसैले सोधे उहाँ भन्नुहुन्छ, 'समाजमा परिवर्तन ल्याउन । सामाजिक परिवर्तन नै अब मेरो राजनीतिक मिशन हो ।'



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | रम्भा देवी यादव |
| ठेगाना स्थायी | : | मुडवलबा-१, रौतहट |
| अस्थायी | : | तिनकुने, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९७४५०१८८७३ |
| जन्म मिति | : | २०१४/२/१० |
| जन्म स्थान | : | पचपोखरीया, मोतीहारी, पूर्वी चम्पारन, बिहार, भारत |
| आमाको नाम | : | गती देवी यादव |
| बुबाको नाम | : | नथुनी राय यादव |
| श्रीमान्को नाम | : | रामेश्वर प्रसाद यादव |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | मधेसी जनाधिकार फोरम नेपाल |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# मधेसी जनता र स्वायत्त मधेसका लागि लडिरहने

वि. सं २०१४ सालमा भारत बिहारको पचपोखरीयामा जन्मनु भएकी रम्भादेवी यादवकी बुबा र काका राजनीतिमा भएकाले सानै उमेरदेखि उहाँ राजनीति शब्दसँग परिचित हुनुहुन्थ्यो । तर, उहाँलाई आजको स्थानसम्म ल्याइ पुऱ्याउन भने उहाँको श्रीमान्को नै बढी देन छ र श्रीमान्कै प्रेरणाले आफू राजनीतिमा लागेको पनि उहाँ बताउनुहुन्छ ।

रम्भादेवीको श्रीमान् राजनीति र शिक्षण दुबै क्षेत्रमा हुनुहुन्छ । मधेसी जनाधिकार फोरम नेपालको जिल्ला सल्लाहकार रहेका श्रीमान् रामेश्वरप्रसाद यादव नेमधारी वासुदेव उच्च मावी मुडवलबाको प्रधानध्यापक पनि हुनुहुन्छ । उहाँले माइतीमा छँदा नै एसएलसी उत्तीर्ण गर्नु भएको थियो र २० वर्षको उमेरमा उहाँको बिहे भयो । बिहेपछि रौतहटको मुडवलबा स्थित श्रीमान्को घर आउनु भएकी रम्भादेवीले आफ्नी पहिलो छोरीलाई जन्म दिइसकेपछि मात्र राजनीतिमा सक्रिय रूपले संलग्न हुन थाल्नुभयो । सुरूमा उहाँले नेपाली काङ्ग्रेससग आबद्ध रहेर काम गर्नुभयो । काङ्ग्रेसमा छँदा उहाँले जुलुसमा महिलाहरू जुटाउने लगायत पार्टीले दिएको अन्य जिम्मेवारीहरू पनि निभाउनुहुन्थ्यो । वि सं २०४६ को ऐतिहासिक जनआन्दोलनमा पनि महिलाहरूलाई सक्रिय रूपले आन्दोलनमा उतार्ने काममा उहाँ संलग्न हुनुभयो । काङ्ग्रेस पार्टीले उहाँलाई २०४८ र २०५४ मा रौतहटकै मुडवलबा गाविसमा अध्यक्ष पदका लागि चुनाव लड्नका लागि टिकट पनि दियो । तर, दुबै पटक उहाँ झिनो मतले पराजित हुनु भयो ।

२०६२/६३ मा दोस्रो जनआन्दोलनका बेला रम्भादेवीले काङ्ग्रेस छोडेर मधेसी जनाधिकार फोरममा प्रवेश गर्नुभयो र मधेसी जनाधिकार फोरमले उहाँलाई संविधानसभामा समानुपातिकतर्फबाट सदस्य बनायो । फोरम टुक्रिएपछि अहिले उहाँ मधेसी जनाधिकार फोरम नेपालकोतर्फबाट संविधानसभामा सदस्य हुनुहुन्छ । निष्ठाको राजनीति गरेको कारणले पार्टी फुट्दा पनि पद र पैसाको लोभमा नपरी संस्थापन पक्षसँगै रहेको उहाँको दाबी छ ।

फोरमले मधेसी राज्य प्रशासन र मधेसका मुद्दालाई उठाएकाले आफू फोरमप्रति आकर्षित भएर सो पार्टी प्रवेश गरेको उहाँको भनाइ छ । फोरमअन्तरगत रहेर पनि मधेस आन्दोलनमा धेरै महिला जुटाउने काम गरेको पनि उहाँ सुनाउनुहुन्छ । संविधानसभामा आउनु अघि रम्भादेवीले मधेसी महिला फोरम समितिको कोषाध्यक्ष भएर पनि काम गर्नुभएको थियो । राजनीति बाहेक उहाँ जिल्ला र गाउँ तहमा रहेर समाज सेवा पनि गर्नुहुन्थ्यो र दुःख पाएका तथा अन्यायमा परेका महिलाहरूलाई प्रहरी कार्यालय उजूरी गर्न लगाउन र न्याय दिलाउन पनि सहयोग गर्नुहुन्थ्यो । त्यसरी नै श्रीमान्ले छोडेका महिलालाई अधिकार दिलाउने काम पनि गर्नुहुन्थ्यो ।

रम्भादेवीले उहाँ पारिवारिक वातावरणका कारण राजनीतिमा लागे पनि कतिपय महिला सभासद्हरूले जस्तै कुनै दिन संविधानसभाको सदस्य बन्छु भनेर कल्पना सम्म पनि गर्नुभएको थिएन । 'अहिले यहाँ आउँन पाउदा निकै खुसी छु', संविधानसभामा आएपछिको अनुभव सुनाउदै उहाँ भन्नुहुन्छ, 'मधेस आन्दोलनमा मैले सक्दो योगदान दिएँ, त्यसैले पनि पार्टीले मूल्याङ्कन गरेर मलाई यहाँ ल्याएको होला ।'

संविधानसभा देशकै लागि नयाँ अनुभव भइरहेका बेला रम्भादेवीलाई पनि त्यसभित्र बैठकका नियम, प्रक्रियालगायतका प्राविधिक विषयवस्तु बुझ्न समस्या नहुने कुरै भएन । अहिलेसम्ममा पनि संविधानसभाका कतिपय कुराहरू राम्ररी नबुझेको उहाँ बताउनुहुन्छ । तर, त्यही कारणले मधेस लगायत पछाडि पारिएका वर्ग तथा समुदायका हक अधिकारको लागि आवाज उठाउन संविधानसभामा उहाँलाई समस्या भने परेको छैन । उहाँले संविधानसभा अर्न्तगत रहेका आफू संलग्न समितिहरूमा मधेसलगायत आदिवासी/जनजाति, महिला, दलितलगायत पछाडि पारिएका समुदायका मुद्दाहरू उठाउनुभयो । राज्यको हरेक तहमा महिलाको समावेशी र समानुपातिक सहभागिता हुनुपर्छ भनेर आवाज उठाउनु भयो र मधेसमा व्याप्त महिलामाथि हुने विभेद र हिंसाका स्वरूपहरू जस्तो घुम्टो प्रथा, छोराछोरी बीचको विभेद, दाइजो प्रथा, बाल विवाह, बहु विवाहलगायतका कुसंस्कृतिको अन्त्य गर्न कानुन बन्नु पर्नेमा पनि उहाँले जोड दिनुभयो । साथै गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई निःशुल्क पढाइको व्यवस्था हुनुपर्ने माग पनि राख्नुभयो ।

मस्यौदा संविधान र प्रतिवेदनमा आफूले उठाएका थोरै कुराहरू मात्रै परेको छ भन्ने रम्भादेवीलाई लाग्छ । 'सबै कुरा त संविधान बनेपछि थाहा हुन्छ', उहाँ भन्नुहुन्छ । तापनि महिला तथा पछाडि पारिएका वर्ग र समुदायका लागि मस्यौदा संविधान केही हदसम्म उपलब्धीमूलक नै रहेको उहाँ ठान्नु हुन्छ । संविधानसभाभित्र महिलाले लैङ्गिक आधारमा खासै चुनौति भोग्नु नपरेको उहाँको अनुभव छ । तर, कहिलेकाही महिलालाई नटेर्ने प्रवृत्ति संविधानसभाभित्र र बाहिर रहेको उहाँको ठम्याइ छ । संविधान समयमा बन्न नसक्दा रम्भादेवीलाई नराम्रो लाग्छ । तर पनि आफ्नो कर्तव्य गरिरहेको छु भन्ने उहाँलाई लाग्छ । उहाँ पनि ठूला नेताहरूका कारणले गर्दा नै संविधान बन्न नसकेको धारणा राख्नु हुन्छ ।

संविधानसभाको सदस्य भएपछि उहाँ घरपरिवारबाट टाढा रहेर एकजना सहयोगी र कान्छो छोरासँग राजधानी काठमाण्डौंमा बस्दै आउनु भएको छ । उहाँको श्रीमान् कहिले जिल्लामा त कहिले काठमाण्डौंमा बस्ने गर्नुहुन्छ । तर, उहाँ जनतासँग भेटघाट र साक्षात्कार गर्न बेलाबेलामा जिल्ला पनि जानुहुन्छ । जिल्लाको विकासको काममा आफूले उच्च सहयोग गरेको उहाँ बताउनु हुन्छ । सांसद् कोषबाट प्रत्येक सांसद्हरूलाई दिइने १० लाख रूपैयाले गाउँमा खानेपानी, सडक आदि निर्माण गरेको उहाँ बताउनुहुन्छ । रौतहट जिल्लामा स्टाफ नर्स कलेज बनाउन

सहुलियतमा जग्गा उपलब्ध गराएको र दलित बस्तीमा दुई कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराइ प्राथमिक विद्यालय पठनपाठनका लागि सहयोग गरेको उहाँको भनाइ छ ।।

रम्भादेवीको संविधानसभाको हालसम्मका अनुभव समग्रमा राम्रो नै रहेको छ । 'मधेसको महिला भएर पनि यहाँसम्म आउन पाएँ । केही सिक्न र देशलाई योगदान दिन पनि सकियो र 'समावेशीको कुरा पनि उठाउन पाएँ ।', उहाँ प्रष्ट्याउनुहुन्छ, जनताको सेवा गर्ने इच्छा कायमै रहेकाले भविष्यमा पनि राजनीतिमै लागिरहने र आफ्नो पार्टी, मधेसी जनता र स्वायत्त मधेसका लागि लडि नै रहने उहाँको प्रतिबद्धता छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : रामवती चौधरी |
| ठेगाना स्थायी | : डुम्हारा गाविस-६, मचैया टोल, सुनसरी, कोशी |
| अस्थायी | : बालकुमारी, ललितपुर |
| सम्पर्क ठेगाना | : ९७४११५६१६६ (मो) |
| जन्म मिति | : २००६/०६/३० |
| जन्म स्थान | : भरौल गाविस-२, सुनसरी |
| आमाको नाम | : घोती चोधरी |
| बुबाको नाम | : रेशमलाल चौधरी |
| श्रीमान्को नाम | : जयप्रकाश चौधरी |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# आवाज विहिनहरूको लागि आवज उठाउन सकें

रामवती चौधरी संविधानसभाको सदस्य हुनु अगाडि राजनीतिमा त्यति धेरै सक्रिय हुनुहुन्थेन । हिमाल, पहाड र तराई जहाँसुकै होस् राजनीतिमा महिलाको सहभागिता न्यून रहनु नेपाली समाजको वास्तविकता नै हो । यद्यपि उहाँ २०५३ सालमा नै नेपाली काङ्ग्रेसको सक्रिय सदस्यका रूपमा नेपाली काङ्ग्रेसमा प्रवेश गर्नुभएको थियो । 'हामी त घरको काम गर्ने मान्छे, राजनीतिको केही पनि थाहा थिएन' भन्नुहुने रामवती राजनीतिक सक्रियता तथा सङ्घर्षका सम्बन्धमा आफ्ना धारणा खुलस्त पार्दै भन्नुहुन्छ, 'राजनीतिमा सङ्घर्ष गर्नु परेन, सबै काम श्रीमान्ले गरिदिनुभयो, हामीलाई त के गर्नुपर्छ भन्ने थाहै थिएन ।'

आमा घोती चौधरी तथा बुबा रेशमलाल चौधरीको दोस्रो सन्तान रामवतीलाई श्रीमान्ले राजनीति गरेको देख्दा 'राजनीति गरौं' जस्तो लागेको थियो । २००६ सालमा भरौल गाविस-२, सुनसरीमा जन्मनुभएकी रामवतीले जीवनको उत्तरार्द्धमा राजनीति गर्ने मौका पाउनुभयो, अघाउने गरी । यसैले उहाँले भविष्यमा राजनीति नगर्ने, संविधानसभाको समयावधि सकिएपछि घरमा नाति नातिना हेरेर समय बिताउने सोच बनाउनुभएको छ । राजनीतिक क्षेत्रमा व्याप्त अन्यौलकै कारण उहाँ राजनीतिबाट पलायन हुने सोचमा पुग्नुभएको छ ।

रामवतीका श्रीमान् जयप्रकाश चौधरीको राजनीतिक सङ्घर्ष भने लामै छ । २०२९ सालदेखि नै युवा सर्कलबाट राजनीति थाल्नुभएका जयप्रकाश २०२९ देखि २०३५ सालसम्म गाउँको प्रधानपञ्च हुनुहुन्थ्यो भने २०३६ सालमा जिल्ला विकास समितिको सदस्य हुनुभएको थियो । उहाँले जिल्लाको संसदीय मोर्चाको चुनाव पनि लड्नुभएको थियो । यस्तै उहाँ नेपाली काङ्ग्रेसको महासमिति सदस्य दुई पटक हुनुभएको थियो भने २०६३/६४ मा पार्टीको क्षेत्रीय सभापति पनि हुनुभएको थियो । रामवती भन्नुहुन्छ, 'राजनीतिमा लाग्ने क्रममा 'राजनीति गर्दा भ्रष्ट भएर गरेनौं, त्यसैले जग्गा जमिन गयो, अहिले पीडाबोध हुन्छ ।' तथापि, राजनीति मार्फत समाजसेवाका काममा आबद्ध हुन पाएकामा आत्मसन्तुष्टि मिलेको उहाँको भनाइ छ ।

रामवती चौधरी श्रीमान् जयप्रकाशको राजनीतिक क्रियाकलापका दौरान विभिन्न ठाउँमा सँगै जाने गर्नुहुन्थ्यो । रामवतीका ससुरा डोमी चौधरी पनि सामाजिक कार्यकर्ताका रूपमा गाउँमा परिचित हुनुहुन्थ्यो । लामो समय राजनीतिमा गुजारे पनि संविधानसभाको चुनावमा नेपाली काङ्ग्रेसका तर्फबाट जयप्रकाशलाई टिकट मिलेन तर रामवतीलाई भने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत संविधानसभामा प्रतिनिधित्व गराइयो । रामवतीलाई संविधानसभाको सभासद् हुन्छु भन्ने पटक्कै लागेको थिएन । यसैले आफूले सोच्दै नसोचेको कुरा अर्थात् संविधानसभाको सदस्य भएपछि रामवतीले घर नजिकै रहेको कालीदेवी, हनुमानजी अनि बाबाजीको पूजा-आराधना गर्नुभयो । रामवतीले राजनीतिमा आउनु अगाडि स्वयम्सेविकाको काम गर्नुहुन्थ्यो । श्रीमान् राजनीतिमा, आफू पनि कामको सिलसिलामा घरबाट बाहिर निस्कँदा घरको अवस्था बिजोग हुने देखेर उहाँले स्वयम्सेविकाको काम पनि छाड्नुभयो ।

रामवती संविधानसभामा आएपछि 'जीवन राम्रो भयो, मुस्लिम, मुसहर, बाँतर समुदायका लागि आवाज उठाइयो' भन्नुहुन्छ । साथै उहाँले सांसद् विकास कोषको रकम प्रयोग गरेर आफ्नो क्षेत्रमा विद्यालय भवन निर्माण सुधार, स्वास्थ्य भवन निर्माण, महिला सचेतना कार्यक्रम गर्नुका साथै विभिन्न परियोजनामा मद्दत पुऱ्याउनु भएको छ । तर उहाँले आफूलाई भने अझै पनि त्यति सन्तुष्ट तुल्याउन सक्नुभएको छैन । अर्थात् उहाँले लेखपढ गर्न नसकेका कारण अधिकांश ठाउँमा आफू अपमानित हुनुपरेको महसुस गनुभएको छ । कुराकानीका क्रममा उहाँले पटक पटक आफू 'एक्लो परेको', आफूलाई 'कहीँ कसैले वास्ता नगरेको', अभिवादन गर्दा समेत नदेखेजस्तो गर्ने गरिएको थुप्रै अनुभव सुनाउनुभयो । उहाँलाई अभिवादन नगरिएको कुनै एक ठाउँ मात्र होइन । उहाँ भन्नुहुन्छ, 'आफैंले नमस्कार गरे पनि सुरक्षाकर्मीले गेटमा नमस्कार फर्काउँदैनन्, दलको कार्यालयमा कर्मचारीले वास्ता गर्दैनन् भने सभासद्हरूले पनि उहाँलाई नदेखेजस्तो गरिदिन्छन् ।' यो तिरस्कृत अनुभवले उहाँले आगामी दिनको राजनीतिमा पूर्णविराम लगाउने सोच बनाउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'कोही मान्छेले मलाई हेरेको छैन, अब राजनीति गर्दिन, वाक्क लाग्छ ।'

संविधानसभाभित्रको अनुभवमा उहाँले आफ्ना समुदायको कुरा राख्न पाएकामा भने खुसी ब्यक्त गर्नुहुन्छ । सबैसँग भेटघाट भयो, राम्रो भयो तीतो व्यक्त गर्नुहुन्छ 'तर पढेलेखेको छैन भनेर हेला गर्छन्, त्यो नराम्रो भयो ।' नपढेकै कारण उहाँलाई 'केही जानेको छैन' भनेर दलले पासपोर्ट दिएन । पासपोर्ट (रातो) नपाएकै कारण विदेश जान नपाएको ठान्नुहुने रामवती भन्नुहुन्छ, 'विदेश जान पाउँ नपाउँ तर पासपोर्ट पाउनुपर्छ भन्दा पनि हुँदैन भने, दिएनन् ।'

उहाँ संविधानसभा अन्तर्गतको नागरिक सम्बन्ध समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको सुरक्षा विशेष समितिमा सदस्य हुनुहुन्छ । रामवतीको अनुभव समितिमा पनि उहाँको अनुभव त्यति सकारात्मक रहन सकेन । समितिका कार्यहरू प्रभावकारी हुन नसकेकामा उहाँलाई खिन्न लागेको छ । सविधानसभामा सबै समितिको उत्तिकै भूमिका र जिम्मेवारी हुन्छ । यी समितिले संविधान निर्माणदेखि मुलुकका जल्दाबल्दा विषयलाई निरन्तर उठाउने र सरकारको ध्यानाकर्षण गराइरहेका हुन्छन् । तर आफू आबद्ध समितिका बैठक सुस्त भएको उहाँको भनाइ छ । उहाँ सुरक्षा विशेष समतिको बैठक नै नभएकाले 'म कहिल्यै सुरक्षा समितिको बैठकमा बसेको छैन, केही कुरै भएन' भन्नुहुन्छ ।

संविधानका अधिकांश विषयहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्नका लागि सामना गर्नुपरेका चुनौती पनि थुप्रै रहेको उहाँको अनुभव छ । संविधानसभा महिलामैत्री नहुनु दुःखद हो । उहाँ संविधानसभाका सहकर्मी पुरूष सदस्यले सहयोग नगरेको र सम्पूर्ण महिला सदस्यबीच एकताको अभाव भएको बताउनुहुन्छ । सभासद्मा विषयवस्तुको ज्ञानमा कमी रहेको र संविधानसभाका अध्यक्ष, समितिका सभापति तथा दलका नेताहरूबाट असहयोग भइरहेको कुरा उहाँले प्रत्यक्ष भोगेका समस्या हुन् । अर्कातर्फ संविधानसभाभित्र समयको पालना हुन नसकेको घटना पनि उहाँका लागि पीडादायी हुने गरेको छ । एजेण्डाभन्दा बाहिर गई छलफल गर्ने प्रवृत्ति रहेको तथा प्रक्रियागत रूपमा आफ्नो कुरा राख्न समय नै नपुग्ने गरेको उहाँको भनाइ छ ।

यस्तै संविधानसभाको विषयगत समितिमा महिलाका कतिपय मुद्दा अझै समेटिन नसकेको उहाँको अनुभव छ । रामवती संविधानमै महिलालाई राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशतको व्यवस्था गरिए पनि हालसम्म त्यसको राम्ररी कार्यान्वयन भइनसकेको बताउनुहुन्छ । पछाडि पारिएका वर्गले अग्राधिकार पाउन नसकेको उहाँको भनाइ छ । काठ्माण्डौमा नयाँ भएकोले रामवतीले काठमाण्डौंका विभिन्न सङ्घसंस्था तथा बाटो थाहा नपाएर पनि थुप्रै समस्या झेल्नु पऱ्यो ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : स्व. रामकुमारी यादव (२०१२-२०६७ साउन २९) |
| जन्म स्थान | : बडठिया, सिराहा |
| आमाको नाम | : सुद्मा यादव |
| बुबाको नाम | : सुब्बा यादव |
| श्रीमान्‌को नाम | : स्व. रामवृक्ष यादव |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# मधेसकी आमा

एकजना नागरिकले मुलुकका लागि कतिसम्म त्याग गर्न सक्छ? सायद यो प्रश्नको जवाफ रामकुमारी यादवले जति राम्रोसँग अरू कसैले दिन सक्नेछैन । तर, दुःखको कुरा रामकुमारी पनि यो प्रश्नको जवाफ दिनका लागि यहाँ हुनुहुन्न । २०६७ साल साउन २९ गते खाना पकाउने ग्यास दुर्घटनामा परेर रामकुमारीले प्राण त्याग गरिसक्नु भएको छ ।

रामकुमारी बित्नु अघि उहाँका परिवारको पाँच जना सदस्यहरू, रामकुमारीका पति रामवृक्ष यादव, देवरहरू रामसागर यादव र हरिप्रसाद यादव, एक्लो छोरा शेखर यादव र छोरीज्वाइँ डम्बर यादवले देशमा जनताले चाहे जस्तो परिवर्तन ल्याउनका लागि जीवन गुमाइसकेका छन् ।

रामकुमारीको जन्म २०१२ सालमा सिराहा जिल्लाको बडठिया गाउँमा भएको थियो । उहाँ सानैदेखि शान्त, सहनशील र चलाख स्वभावको हुनुहुन्थ्यो । कक्षा ५ मा पढिरहेकै बेला धनुषा जिल्लाको बरमझिया गाउँका रामवृक्ष यादवसँग उहाँको परम्परागत विवाह भएको थियो । विवाहपछि उहाँको पढाइ छुट्यो । त्यतिबेला छोरी पराइघरको सम्पत्ति हो, तिनलाई पढाएर केही फाइदा हुन्न भन्ने सामाजिक सोचाइ थियो । त्यसैले रामकुमारीले धेरै पढ्न पाउनुभएन । तर, नेपाली राजनीतिमा उहाँ र उहाँले परिवारले गरेको त्यागले उहाँलाई एउटा सम्मानित व्यक्तित्व बनाएको छ । त्यसैले एनेकपा (माओवादी) पार्टीले रामकुमारीले 'मधेसकी आमाको सम्मान' दिएको छ ।

रामकुमारीको श्रीमान् रामवृक्ष यादवको परिवार राजनीतिक थियो । रामवृक्ष पेशाले शिक्षक र राजनीतिक कार्यकर्ता हुनुहुन्थ्यो । श्रीमान्‌कै प्रेरणाले गर्दा रामकुमारीले पनि गाउँमा विभिन्न संस्थाहरूद्वारा आयोजना गर्ने महिला जागरणका कार्यक्रममा सहभागी बन्नुहुन्थ्यो । कैयौँपटक उहाँले त्यस्ता कार्यक्रमहरूमा पुरस्कार पनि जित्नुभएको थियो । वैवाहिक जीवन सुखमय ढङ्गले बितिरहेको थियो । पहिलो सन्तान राधेश्याम जन्मिएपछि परिवारमा अझ खुशी थपियो । राधेश्यामपछि छोरीहरू बोधमाया र कल्याणीको जन्म भयो । तर छोरा राधेश्यामको १० वर्षको

कलिलो उमेरमै अचानक मृत्यु भएपछि परिवारमा ठूलो बज्रपात भयो । पहिलो छोराको मृत्युपश्चात् फेरि उहाँले छोरा शेखर र छोरीहरू सुधा र सुनितालाई जन्म दिनुभयो ।

रामवृक्षले शिक्षण पेशा छाडेर पूर्ण रूपले नै राजनीतिमा सक्रिय हुन थालेपछि घरपरिवारको सम्पूर्ण जिम्मा रामकुमारीको काँधमा आइपऱ्यो । सामन्तीहरूका जग्गा खोसेर गरिब जनतालाई बाँडेको आरोपमा रामवृक्ष दुई वर्ष जेल पर्नुभयो । बच्चा च्यापेर रामकुमारी श्रीमान्‌लाई जेलमुक्त गराउन अदालत र प्रहरी कार्यालयमा निरन्तर धाइरहनुहुन्थ्यो । तर श्रीमान् जेलमा छँदा रामकुमारीले श्रीमान्‌लाई आफ्नो समस्या र पीडा देखाएर श्रीमान्‌लाई कहिले पनि विचलित गराउनुभएन । श्रीमान् भूमिगत भएपछि प्रहरी र विरोधीहरूले रामकुमारीलाई धेरै यातना दिए । श्रीमान्‌लाई पनि राजनीति छाड्न दबाब दिइरहे । तर श्रीमान्‌ले असल काम गरिरहेको उहाँको विश्वास थियो । त्यसैले श्रीमान्‌को कामलाई अझ सघाउने उद्देश्यले रामकुमारीले पनि २०३० सालदेखि भूमिगत पार्टीको सदस्यता लिएर गाउँका महिलाहरूलाई सङ्गठित गर्नेतिर लाग्नुभयो । एकपटक रामकुमारीकै नेतृत्वमा गाउँको महिला समूहले स्थानीय प्रहरी चौकी घेरेर त्यहाँ कार्यरत असईका ज्यादती विरूद्ध आवाज उठाएर सो असईलाई माफी समेत माग्न लगाएको थियो ।

२०५२ साल अघि तत्कालीन एकता केन्द्र मशालले देशमा 'जनयुद्ध' सुरू गर्ने तयारी गरिरहेको थियो र पार्टीले नेपाल बन्दको कार्यक्रम राखेको थियो । पार्टीका केन्द्रीय सदस्य रामवृक्ष नेपाल बन्द कार्यक्रम सफल गरी घर फर्किरहनुभएको बेला बाटैमा एक जत्थाले उहाँमाथि आक्रमण गरी उहाँको हत्या गरे । उहाँको हत्या कसले गरेको हो आजसम्म पनि पत्ता लागेको छैन ।

२०४९ सालमा रामकुमारीका देवर रामसागर यादवलाई सुरक्षाकर्मीले पक्राउ गरी हत्या गरेका थिए । देवर र श्रीमान्‌को हत्याबाट विह्वल हुनुभएकी रामकुमारी 'जनयुद्ध'मा सामेल हुन अविवाहित छोरा र दुई छोरीलाई लिएर भूमिगत हुनुभयो । २०५४ सालमा सिरहाको राघोपुर गाउँमा क्रान्तिकारी महिलाले गरेको एउटा कार्यक्रमलाई प्रहरीले बिथोल्न खोजेका थिए तर रामकुमारीको नेतृत्वमा प्रहरीसँग प्रतिकार गरियो । २०५६ सालमा भूमिगत रहेको अवस्थामै रामकुमारीले छोरीलाई भेट्न जाँदा प्रहरीले उहाँलगायत छोरी र ज्वाइँलाई समेत पक्राउ गऱ्यो । प्रहरीले उहाँहरूलाई १२ दिनसम्म बेपत्ता पाऱ्यो । त्यतिबेला उहाँको छोरा शेखर यादव जनकपुरको कारागारमा थिए र पछि उहाँलाई पनि छोरा शेखरसँगै जनकपुर कारागारमा राखियो । केही समयपछि उहाँहरूमाथि लगाइएका मुद्दा निराधार रहेको भनी अदालतले तारेखमा छाड्न आदेश दिए पनि प्रहरीले उहाँहरूलाई पुनः गिरफ्तार गर्न खोज्यो तर, छोरा शेखर र उहाँ प्रहरीको घेरा तोडेर भाग्न सफल हुनुभयो ।

२०५८ सालमा सरकार र माओवादीबीच भएको शान्तिवार्ता असफल भयो । त्यसपछि सरकारले सङ्कटकाल घोषणा गरी माओवादी विरूद्ध सेना परिचालन गऱ्यो । त्यहीबेला काम विशेषले भारतको जयनगर गएका रामकुमारीका छोरा शेखरलाई भारतीय प्रहरीले पक्राउ गरे । भारतीय प्रहरीले शेखरलाई नेपाल प्रहरीको जिम्मा लगाए । नेपाल प्रहरीले जिम्मा लिएको भोलिपल्टै २०५८ साल पुस २६ गते धनुषाको सिमरागढी नजिक लगेर प्रहरीले शेखरलाई गोली हानी मारे । यसरी रामकुमारीले आफ्नो एकमात्र छोरा पनि गुमाउनुभयो । तर पनि उहाँको आस्था डगमगाएन र पार्टीमा निरन्तर रूपले कार्यरत रहनुभयो ।

२०६० साल माघ ११ गते रामकुमारीले आफ्नी कान्छी छोरी सुनिताको विवाह पार्टीकै कार्यकर्ता डम्बर यादवसँग जनवादी ढङ्गले गरिदिनुभयो । तर छोरीको विवाह भएको वर्ष दिन नपुग्दै २०६१ पुस २८ गते ज्वाइँ डम्बरलाई पनि तत्कालीन शाही सेनाले पक्राउ गरी सप्तरीमा हत्या गऱ्यो । यसरी उहाँको जीवनमा एकपछि अर्को दुःखद घटनाहरू आइलागे ।

२०६२/६३ को जनआन्दोलन सफल भएपछि पुर्नस्थापित अन्तरिम संविधानमा रामकुमारी सदस्य बन्नुभयो । संविधानसभाको चुनावमा एनेकपा (माओवादी) पार्टीले उहाँलाई धनुषा क्षेत्र नं. ६ बाट प्रत्यक्ष निर्वाचनको उम्मेद्वार बनायो । निर्वाचनमा अत्यधिक मत प्राप्त गरेर रामकुमारी विजयी हुनुभयो । उहाँ धनुषामा एनेकपा (माओवादी) बाट प्रत्यक्ष निर्वाचनमा विजयी हुने एक मात्र मधेसी महिला हुनुहुन्थ्यो । संविधानसभाको सदस्य बाहेक उहाँले पार्टीका अनेक जिम्मेवारीहरू पनि सम्हाल्नुभएको थियो । उहाँ मधेसी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय संयोजक, पार्टीको केन्द्रीय सल्लाहकार र संयुक्त जनआन्दोलन संयोजन समितिको केन्द्रीय उपाध्यक्ष हुनुहुन्थ्यो । उहाँलाई पार्टीका कार्यकर्ताहरू 'आमा' भनेर सम्बोधन गर्दथे ।

माओवादी शान्तिप्रक्रियामा आइसकेपछि मुलुकमा आएको राजनीतिक परिवर्तन सँगसँगै रामकुमारीको व्यक्तिगत जीवनका घाउहरू पनि केही साम्य हुन खोज्दै थिए, तर अचानक उहाँ आफैँ एउटा ठूलो दुर्घटनाको शिकार हुनुभयो । २०६७ साउन २८ गते बिहान ३ बजे काठमाण्डौंस्थित डेरामा उहाँ खाना पकाउने ग्यास दुर्घटनामा पर्नुभयो । दुर्घटनापछि उहाँको उपचार कान्तिपुर अस्पताल र वीर अस्पतालमा गरियो । तर स्थिति अत्यन्त गम्भीर भएकोले उहाँलाई साउन २९ गते एअर एम्बुलेन्स मार्फत भारतको नयाँदिल्लीस्थित सफदरगंज अस्पतालमा भर्ना गरियो । तर उहाँलाई बचाउन सकिएन । साउन २९ गते अस्पताल पुऱ्याएको ४ घण्टापछि नै उहाँको निधन भयो ।

जीवनभर त्याग र बलिदान गरी रामकुमारीले जुन सम्मुन्नत समाज हेर्ने सपना देख्नुभएको थियो त्यो पूरा नहुँदै रामकुमारीले पनि संसारबाट विदा लिनुभयो । पार्टीले उहाँलाई 'मधेसकी आमा' भनेर उपाधि दिएको छ । वास्तवमै उहाँ मधेसी आन्दोलन र मधेसी मुक्तिको जननी हुनुहुन्छ र सम्पूर्ण नेपालीको प्रेरणाको स्रोत पनि ।

*(कान्छी छोरी सुनिता यादवसँगको कुराकानीमा आधारित)*



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : राधा ज्ञवाली |
| ठेगाना स्थायी | : सुखानगर, बुटवल-४, रूपन्देही, लुम्बिनी |
| अस्थायी | : डिल्लीबजार, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४४२८८२८ (घर), ९८४१४२३१२३ (मो) |
| इमेल | : gyawaliradha@yahoo.com |
| जन्म मिति | : २०१०/१२/१७ |
| जन्म स्थान | : शिलाङ, भारत |
| आमाको नाम | : खगीश्वरा ज्ञवाली |
| बुबाको नाम | : रेवतीराम ज्ञवाली |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# स्वतन्त्रताको प्यास

स्वतन्त्रता मानिसको चाहना हो । स्वतन्त्रताका लागि मानिसले हरेक युगमा सङ्घर्ष गरेको इतिहास छ । राधा ज्ञवालीले प्रदर्शन गर्नुभएको स्वतन्त्रताको चाहना भने केही भिन्न छ । तानाशाह, निरङ्कुशतन्त्र र दासताबाट मात्र होइन उहाँले आफ्नी आमा र जीवनसाथीबाटै पनि स्वतन्त्रता खोज्नुभएको थियो ।

राधाका बुबा नेपालबाट बर्मा हुँदै शिलाङ पुग्नुभएको थियो । शिलाङमा उहाँको सरकारी जागीर र गाईपालनको व्यवसाय थियो । वरिपरिका अरू केटीहरू स्कुल नगए पनि बुबाले दाजुभाइसँगै राधालाई पनि स्कुलमा भर्ना गरिदिनुभएको थियो । तर उहाँ कक्षा ४ मा पढ्दै गर्दा बुबाको निधन भयो । बुबाको निधनपछि उहाँका दु:खका दिनहरू सुरू भए । पूरै परिवारको जिम्मेवारी राधाको आमाको काँधमा आइपर्‍यो । गाईपालनको व्यवसाय पनि घाटामा गयो । त्यसपछि राधालाई आमाले पढाइ छोड् भन्नुभयो, तर आमासँग रोई कराई गरेर उहाँले पढाइ भने छोड्नुभएन । बेलाबेला नातेदारहरू उहाँको विवाहको प्रस्ताव लिएर आउने गर्थे । पढ्दापढ्दै विवाह हुन्छ कि भन्ने डरले पनि राधालाई सताइरहन्थ्यो । यस्तै डर र चिन्ताबीच उहाँले एसएलसीसम्मको पढाई सिध्याउनुभयो । त्यतिबेलासम्ममा उहाँको राजनीतिक सक्रियता पनि निकै बढिसकेको थियो ।

तेह्र वर्षको उमेरमै राधा स्कुलको पढाइ मात्र होइन अन्य गतिविधिहरूमा पनि अगाडि हुनुहुन्थ्यो । त्यसबखत शिक्षक जङ्गबहादुर थापाले राधाको जोश र जाँगरलाई देखेर उहाँलाई विद्यार्थी आन्दोलनमा लाग्न प्रेरित गर्नुभएको थियो । नभन्दै २०२० सालमा अखिल शिलाङ नेपाली विद्यार्थी युनियनमा उहाँ आबद्ध हुनुभयो । २०२५ सालमा पुष्पलाल नजिक रहेको क्रान्तिकारी महिला सङ्गठन शिलाङ नगर कमिटीको उहाँ अध्यक्ष हुनुभयो । २०२६ सालमा राधाले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नुभयो । त्यतिखेर भारतमा नक्सलवादी आन्दोलन चर्किरहेको थियो र उहाँलाई वाम आन्दोलनमा लाग्न एकदेव ज्ञवालीले प्रेरित गर्नुभएको थियो । २०२७ सालमा उहाँ अखिल शिलाङ नेपाली विद्यार्थी युनियनको अध्यक्ष हुनुभयो ।

स्कुले जीवनदेखि नै राजनीति सुरू गरे पनि विद्यालयमा राधा सक्रिय र जेहेन्दार विद्यार्थी हुनुहुन्थ्यो । राधाको सक्रियता देखेर शिक्षकहरूले उहाँलाई स्कुलको प्रतिनिधि बनाएर स्कुल बाहिरका गतिविधिहरूमा समेत सहभागी गराउँथे । स्कुलको पढाइ सकिएपछि उहाँले मिशनरी कलेजमा पढ्नुभयो । त्यहाँ राजनीतिक गतिविधि पूर्णतयाः प्रतिबन्धित थियो । कलेजकी मदर एनी कडा मिजासकी भए पनि उहाँका लागि प्रेरणाको स्रोत बन्नुभयो । एनीले जहाँ महिलाको सम्मान हुँदैन त्यो समाज लामो समय चल्दैन, समाजमा महिलाको सम्मान हुनुपर्छ भनेर सिकाउनुहुन्थ्यो । राधाको राजनीतिक जीवनमा स्कुलका प्रिन्सिपल भोलानाथ गुरूङ, उमर बहादुर राई र शिक्षक जङ्गबहादुर थापाको विशेष प्रेरणा रहेको उहाँ बताउनुहुन्छ ।

एसएलसीपछि आमाले 'कामको सिलसिलामा समेत केटाहरूसँग नहिँड, तिम्रो विवाह हुँदैन' भनेर फेरि कचकच गर्न थाल्नुभयो । त्यसमाथि केही नातेदारले 'यो त नेपालमा विष्णुका अबतार राजालाई सिध्याउँछु भनेर लागेकी छे, यो राम्रो बाटो होइन' भनेर उक्साएपछि आमाले उहाँलाई 'कि घर छोड कि राजनीति छोड भनेर दबाब दिनुभयो ।' उहाँले पनि आमालाई सम्झाउन 'ठीकै छ, म राजनीति छाड्छु तर तपाइँ पनि पूजा गर्न छाड्नूस्' भनेर तर्क गर्नुभयो । आमाले 'कहाँ हुन्छ र पूजा गर्न छोड्न' भनेपछि उहाँले आमालाई 'तपाइँका लागि पूजा जति महत्वपूर्ण छ, मेरा लागि राजनीति त्यतिकै महत्वपूर्ण छ' भनेर बुझाउन सफल हुनुभयो ।

प्रवासमा नेपालीमाथि हुने थिचोमिचोका विरूद्ध आवाज उठाउन पाउनुपर्ने, नेपाली भाषा साहित्यलाई स्थानीय सञ्चारमा उचित स्थान दिइनुपर्ने, सेना र सरकारी जागिरमा नेपालीको सङ्ख्या बढाउनुपर्ने माग राखी चलाइएको आन्दोलनमा राधा सहभागी हुनुभएको थियो । उहाँहरूको राजनीतिक सक्रियता बढ्दै गएपछि त्यहाँको स्थानीय सरकारले पनि ती मुद्दाहरूमा चासो देखाउन थाल्यो । त्यसपछि उहाँहरूले २०२६ सालमा अखिल भारत प्रवासी सङ्घको स्थापना गर्नुभयो । धेरै प्रवासी नेपालीहरू त्यसमा आबद्ध भए । त्यो संस्थाले नेपाली भाषामा पत्रपत्रिका निकाल्ने, भानुजयन्ती, देवकोटा जयन्ती मनाउने र गोकुल जोशीलगायतका स्रष्टाहरूको स्मृतिमा कार्यक्रम आयोजना गर्न थाल्यो ।

भारतमा मोरारजी देसाई प्रधानमन्त्री हुँदा नेपाली भाषालाई पनि राष्ट्रिय मान्यता दिलाउनका लागि प्रवासमा बस्ने नेपालीहरूले ठूलो आन्दोलन गरे र राधा पनि सो आन्दोलनमा संलग्न हुनुभयो । अखिल भारत प्रवासी सङ्घले नेपालबाट गएकाहरूलाई सङ्गठित गर्ने, राजनीतिक रूपले प्रशिक्षित गर्ने र नेपाल फर्कन प्रेरित गर्न पनि थाल्यो । 'नेपाल फर्क' भन्ने किताबै प्रकाशित गऱ्यो । भारतमा 'नेपाल फर्क आन्दोलन' पनि सुरू भयो । त्यतिखेर नेपालका धेरै नेताहरू बनारसमा बस्थे । तर, बनारसमा मात्र बसेर राजनीति गर्नु भएन, नेपाल फर्केर भूमिगत काम पनि गर्नुपऱ्यो भन्ने आवाज प्रवासमा उठ्न थाल्यो । त्यसका लागि वैचारिक तयारीको काम पनि सुरू भयो । नेपालबाट विरामी भई प्रवासमा उपचार गराउन आएका युद्धप्रसाद मिश्र, पुष्पलाल, टेकनाथजस्ता नेताहरूसँग यो सम्बन्धमा राधाको भेटघाट र कुराकानी पनि भयो ।

प्रवासमा धेरै किसिमले सक्रिय भइसकेपछि २०३४ सालमा राधा नेपाल फर्कनुभयो र गुल्मीलाई उहाँले आफ्नो राजनीतिक कार्यथलो बनाउनुभयो । नेपाल आएर उहाँले नेकपा कोर्डिनेशन कमिटीमा प्रवेश गर्नुभयो र यसको गुल्मी जिल्ला कमिटी गठन गर्नुभयो । त्यसपछि उहाँले सिराहा र धनुषामा भूमिगत भएर काम गर्नुभयो । भूमिगत

बस्दा उहाँले किसान सर्वहाराबीच बसेर काम गर्ने मौका पाउनुभयो । सिराहा, धनुषा र गण्डकी अञ्चलमा काम गर्दै स्थापना भएको अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ)को उहाँ संस्थापक महासचिव छानिनुभयो । अनेमसङ्घ स्थापना पश्चात् उहाँहरूले ७१ औं श्रमिक महिला दिवस पञ्चायत व्यवस्थाको विरोध गर्दै खुल्ला रूपले नै मनाउनुभयो ।

राधा २०३६ सालमा कास्कीमा भूमिगत हुँदा वामदेव गौतम इन्चार्ज हुनुहुन्थ्यो । एकपटक उहाँहरू बसेको ठाउँमा राति प्रहरीले घेरा हाले । त्यो घेरा तोडेर भाग्न उहाँहरू सफल हुनुभयो । उहाँलाई भूमिगत जीवनबारे सिकाउने व्यक्ति माधवकुमार नेपाल हुनुहुन्थ्यो । राधा एकपटक जनकपुर जाँदा त्यहाँ पुगेको भोलिपल्टै पक्राउ पर्ने स्थिति आयो । तर त्यहाँका जनताले साडी लगाएर घुम्टोले मुख छोपी 'मामी छिए जयनगर' (माइजु जयनगरबाट आएको)' भन्दै अघि बढ्नु भनेर सिकाए र उहाँ त्यसैगरी भाग्न सफल हुनुभयो ।

भूमिगत राजनीति गर्दागर्दै २०३७ सालमा पार्टीकै एक कार्यकर्तासँग उहाँको विवाह भयो । त्यो उहाँको आमाको इच्छा विपरित अन्तरजातीय विवाह थियो । विवाह क्रन्तिकारी ढङ्गले सम्पन्न भएको थियो । उहाँहरूको विवाह पार्टीको प्रस्ताव अनुरूप भएकोले पार्टीले नै विवाहको सम्पूर्ण व्यवस्थापन गरिदिएको थियो । २०४६ सालको राजनीतिक परिवर्तनपछि भूमिगत राजनीतिबाट खुल्ला राजनीतिमा आइसकेपछि पनि राधाले आफ्नो राजनीतिलाई निरन्तरता दिन चाहनुभयो । तर श्रीमान्ले स्वीकार्नु भएन । यही कारण उहाँहरू अहिले अलग हुनुभएको छ । उहाँलाई लाग्छ, पितृसत्तात्मक चिन्तन र स्वतन्त्र हुने चाहनाबीच मेल नभएका कारण उहाँहरूबीच त्यस्तो स्थिति आएको हो ।

निरन्तर राजनीतिमा लागेर राजनीतिक तथा सामाजिक परिवर्तनका लागि योगदान गर्नुभएकोले नै राधा अहिले संविधानसभाको सदस्य हुन सफल हुनुभएको छ । उहाँ संविधानसभाको संवैधानिक समिति र क्षमता अभिवृद्धि तथा स्रोत परिचालन समितिमा हुनुहुन्छ । ती समितिहरूमा रहेर उहाँले राज्यबाट बहिष्करणमा पारिएका समुदायको हक हित र सहभागिताका कुरा स्पष्टरूपले संविधानमा नै सम्बोधन गरिनुपर्छ र महिलाका विशेष अधिकारकाबारेमा संविधानको प्रस्तावनामै लेखिनुपर्छ भन्ने जस्ता कुराहरू उहाँले उठाउनुभएको छ ।

शोषित, पीडित जनता राधालाई आफ्ना हितैषी जस्ता लाग्छन् । त्यसैले आगामी दिनहरूमा पनि ती जनताकै सेवामा लागिरहने राधाको योजना छ । उहाँ भन्नुहुन्छ, 'आमाको जेल तोडेँ, श्रीमान्को जेल तोडेँ । अब सम्पूर्ण शोषित पीडितहरूको जेल तोड्न चाहन्छु ।'



## व्यक्तिगत विवरण

नाम : राधा तिमल्सेना
ठेगाना स्थायी : सामाखुसी, काठमाण्डौं-२९
अस्थायी : सातदोबाटो, ललितपुर-१५
सम्पर्क ठेगाना : ०१-५५४२४४८ (नि), ९८५११२५०२० (मो),
इमेल : radhatimalsina@yahoo.com
जन्म मिति : २०१६/०५/२१
जन्म स्थान : रूपाटार गाविस-५ रामपुर, उदयपुर
आमाको नाम : विष्णुमाया तिमल्सेना
बुबाको नाम : छविलाल तिमल्सेना
श्रीमान्को नाम : खुशबहादुर स्याङ्तान
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : नेकपा (एकीकृत)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# अधिकांश नेताहरूमा त्याग र इमान्दारीको अभाव छ

राजनीतिलाई समग्र राज्यको मेरूदण्ड मान्ने राधा तिमल्सेना १५ वर्षको उमेरदेखि नै विद्रोही भावनाले राजनीतिमा लाग्न प्रेरित हुनुभयो । उहाँलाई बालविवाह, अनमेल विवाह, महिलामाथि हुने प्रत्यक्ष तथा अप्रत्यक्ष धार्मिक तथा पारिवारिक दमनविरूद्ध लाग्नका लागि राजनीति नै अचुक हतियार हो भन्ने सानै उमेरमा महसुस भएको थियो । किनभने, परिवारले उहाँलाई १३ वर्षको कलिलो उमेरमा नै विवाह गर्न बाध्य पारेको थियो । त्यो विवाहको विरोध केवल उहाँका दाजु ऋषिरामले मात्र गर्नुभएको राधा अहिले पनि सम्झनुहुन्छ । २०४१ सालमा राधाले खुशबहादुर स्याङ्तानसँग अन्तरजातीय प्रेम विवाह गर्नुभयो ।

कट्टर ब्राह्मण परिवारकी छोरी भएकोले र पुरातन समाज तथा चुनौतीपूर्ण राजनीतिक परिस्थितिले गर्दा सुरूमा चाहेर पनि उहाँलाई राजनीतिमा क्रियाशील हुन निकै अप्ठेरो परेको थियो । त्यतिबेला महिलाले राजनीतिमा आउनका लागि पारिवारिक, सामाजिकलगायतका विभिन्न अवरोधहरू पार गर्नुपर्ने स्थिति थियो । तर, उहाँले हार मान्नुभएन र राजनीतिमा संलग्न भएरै छोड्नुभयो । राधाले २०३२ सालदेखि नै को-अर्डिनेशन कमिटीमा रही सङ्गठन निर्माण गर्ने र परिचालन गर्ने, स्क्वाड बनाउने, वर्गशत्रु पहिचान गर्ने र चिनाउने तथा त्यसका लागि जनतालाई सचेत गराउनेजस्ता जिम्मेवारीहरू पूरा गर्दै आउनुभयो । त्यस्तै उहाँले जनतालाई राजनीतिकरूपमा सचेत पार्ने क्रममा जमिन्दारहरूको बेठी[६८] बहिष्कार गर्नका लागि जनतालाई सचेत गराउनुभयो । २०४६ सालमा बहुदल आएपछि पनि उहाँले सङ्गठन निर्माण, कार्यकर्ता परिचालन तथा प्रशिक्षण सञ्चालन लगायतका जिम्मेवारीहरू निभाउँदै आउनुभयो ।

---

[६८] सामन्ती सामाजिक संरचनामा स्थानीय सामन्तीको किसानी काममा जनताले निःशुल्क रूपमा काम गरिदिने कार्यलाई बेठी वा बेठबेगार भनिन्छ । उक्त काममा मनोरञ्जनका लागि बाजा बजाउने कार्य समेत पर्दछ ।

राजनीतिक जीवनमा २०३४ सालतिर राधा सरकारवादी राजकाजसम्बन्धी अपराधको आरोपमा एक वर्ष जेल पर्नुभयो । उहाँले २०४६ सालमा नेकपा (माले) को जिल्ला कमिटी सदस्य, २०४७ सालमा अखिल नेपाल महिला सङ्घको जिल्ला कमिटी उपाध्यक्ष, र २०४७ देखि २०५४ सालसम्म नेकपा (एमाले) को ललितपुर जिल्ला कमिटी सदस्यको भूमिका निर्वाह गर्नुभयो । २०५४ सालमा भएको महाकाली सन्धिको विवादमा उहाँ महाकाली सन्धिको विपक्षमा उभिनुभयो । सोही विषयलाई लिएर तत्कालीन एमालेका केही उच्च नेतालाई पार्टीले कारबाही गरेपछि पार्टी फुट्न र फुटाउन बाध्य भएको उहाँ बताउनुहुन्छ । त्यसपछि उहाँ नेकपा (माले)मा आबद्ध भई सो पार्टीको जिल्ला समिति सदस्यको रूपमा कार्यरत रहनुभयो ।

२०६२/२०६३ को जनआन्दोलनमा उहाँ सिपी मैनालीले नेतृत्व गर्नुभएको पार्टीमार्फत आन्दोलनमा सहभागी हुनुभयो तर त्यसबेला सिपी मैनालीले संवैधानिक राजतन्त्रको पक्षमा अभिव्यक्ति दिएपछि राधा त्यसको विपक्षमा उभिनुभयो । राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको पक्षमा आवाज उठाउनुपर्ने विचारसहित उहाँ आन्दोलनमा लाग्नुभएको थियो । त्यसकारण उहाँ ऋषि कट्टेलले नेतृत्व गर्नु भएको नेकपा (माले)मा आबद्ध हुनुभयो । सोही क्रममा राधाले नेकपा (माले), नेकपा मशाल (रामसिंह श्रीष समुह) तथा नेकपा मालेमा केन्द्र (सीताराम तामाङ) बीच पार्टी एकीकरण भएर गठित नेकपा (एकीकृत) को स्थायी कमिटी सदस्य तथा महिला विभाग प्रमुखको रूपमा भूमिका निर्वाह गर्नुभयो । उहाँ २०६३ देखि हालसम्म नेकपा (एकीकृत) को केन्द्रीय सदस्य हुनुहुन्छ ।

राधाको तत्कालीन विचार भनेको राष्ट्रघाती नेताहरूसँगै रहेर काम गर्नुभन्दा 'फरक विचारसहित फरक भएरै कार्यरत रहने' थियो । एमालेमा रहँदा पनि उहाँ बहुदलीय जनवाद नभइ नौलो जनवादको पक्षमा हुनुहुन्थ्यो । साथै सामन्तवादको अन्त्य गरेर मुलुकको आवश्यकता अनुसार कृषिक्रान्ति सम्पन्न नगरेसम्म जनताको वास्तविक मुक्ति सम्भव छैन भन्ने मान्यतामा पनि उहाँ अडिग रहनुभएको थियो । राजनीतिका अलावा सामाजिक सेवा पनि उहाँको रूचीको विषय हो । त्यसैले उहाँले 'विकासमा महिला सशक्तिकरण' संस्था मार्फत ललितपुरको सातदोबाटोमा २०५५ सालमा प्रेरणा विद्यालय स्थापना गरी हालसम्ममा त्यसको संस्थापक अध्यक्षको भूमिका समेत निभाइरहनु भएको छ ।

संविधानसभा मार्फत सम्पूर्ण नागरिकका अधिकार स्थापित गर्नका लागि संविधानसभाको सदस्य भएको बताउनुहुने राधा यो काम सहज भने नभएको बताउनुहुन्छ । उहाँ संविधानसभाअन्तर्गत संवैधानिक निकायको संरचना निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गत राज्यव्यवस्था समिति र विधायन समितिको सदस्य हुनुहुन्छ । संविधानसभाअन्तर्गतको समितिमा उहाँले अधिकारसम्पन्न महिला तथा दलित आयोगको व्यवस्था गर्नुपर्ने, राज्यका सबै निकायमा महिलाको समावेशी तथा समानुपातिक सहभागिताको सुनिश्चितता गर्नुपर्ने, सम्पूर्ण विभेदकारी कानुन खारेज गर्नुपर्ने माग राख्नुभएको थियो । संविधानसभामा महिलाले पुरूषसरह बोल्न पाउने भए पनि महिलाका मुद्दाले अन्य राष्ट्रिय सरोकारका मुद्दासरह महत्व नपाउने र महिलाका मुद्दाहरू पुरूषलाई बुझाउन नै कठिन भएको उहाँको अनुभव छ ।

संविधानसभा र विषयगत समितिका प्रतिवेदनमाथि भएका छलफलमा आगामी संविधानमा मौलिक हकका रूपमा लैङ्गिक न्याय, वंशीय अधिकारको सुनिश्चितता, पैतृक अंशमा समान अधिकार र राज्यका सबै संरचनामा महिलाको समावेशी तथा समानुपातिक सहभागिताका विषयहरू समावेश हुनुपर्ने राधाको दृष्टिकोण छ । उहाँ

भन्नुहुन्छ, 'जनताका अधिकारका लागि लड्ने पार्टीले जनतालाई अधिकार दिन डराउनु हुँदैन, जनताको अधिकार स्थापित गर्नका लागि संविधानसभामा प्रस्तुत भएका प्रतिवेदनहरू उपलब्धिपूर्ण भए पनि पर्याप्त भने छैनन् । जस्तो महिलाको वंशीय अधिकार स्थापित हुने कुरा सुनिश्चित भएकै छैन ।' महिला भएकै कारणले संविधानसभामा आफूले खासै भेदभाव व्यहोर्नु नपरे पनि पुरूषवादी समाजले महिला र महिलाले उठाएका मुद्दालाई गर्ने व्यङ्ग्यबाट आफूलाई दुःख लाग्ने गरेको राधा बताउनुहुन्छ ।

महिला अधिकारको रक्षा गर्दै लैङ्गिकमैत्री संविधान निर्माणका लागि स्थापित महिला सभासद् समूह (महिला ककस) लाई वैधानिक मान्यता दिनुपर्ने राधाको धारणा छ । महिला ककसले महिला विरूद्ध भएका विभिन्न घटनाको छानबिन गरी आवश्यक कारबाहीका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने, वैदेशिक रोजगारीमा सुरक्षा र राज्यको हरेका निकायमा महिलाको समावेशी तथा समानुपातिक सहभागिताको माग गर्ने लगायतका प्रशंसनीय काम गरेको भए पनि ती कामलाई सार्वजनिक गर्न नसकिएका कारण महिलाका मुद्दाहरूले उचित स्थान पाउन नसकेको उहाँको बुझाइ छ ।

संविधान निर्माणका क्रममा भएका ढीलासुस्तीबारे राधाका पनि आफ्नै गुनासो र भनाइहरू छन् । उहाँ समयमा संविधान बन्न नसक्नाको प्रमुख कारण दलीय सहमतिको अभावलाई नै मान्नुहुन्छ । दलहरूबीच महत्वपूर्ण बुँदाहरूमा सहमति नभएका कारण सभासद्हरू बेरोजगारजस्तै रहेको उहाँ बताउनुहुन्छ । उहाँको विचारमा राज्यको पुनर्संरचना हुन नदिने, राजनीतिमा रिस साँध्ने, जनता केन्द्रित चिन्तनको विकास गर्न नसक्ने तत्वहरू नै राजनीतिक निकासको सबैभन्दा ठूला समस्या र बाधक भएका छन् । साथै संविधान निर्माण प्रक्रिया ढिलो हुनुका पछाडि अन्य कारणहरू पनि रहेको राधा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाको कार्य प्रक्रिया नै लामो भएको, समयको सही पालना हुन नसकेको तथा सहभागीहरू एजेण्डाभन्दा बाहिर गई छलफल गर्ने प्रवृत्तिले गर्दा पनि समयमै संविधान बन्न नसकेको हो । त्यसमा सुधार गर्नुपर्छ ।'

राजनीतिमा बेइमानीले स्थान पाउनु हुँदैन भन्ने राधाको मत रहेको छ । यसका लागि सबै जनता सचेत हुनुपर्छ र थिचोमिचो तथा अन्याय विरूद्ध लड्नका लागि नागरिकहरू राजनीतिकरूपमा सङ्गठित हुनुपर्छ भन्ने उहाँको मान्यता छ । यसै सन्दर्भमा उहाँ भन्नुहुन्छ, 'राजनीति गर्ने व्यक्तिमा त्याग, इमान्दारीता, धैर्य र लगनशीलता हुनुपर्छ । हाल नेपालका अधिकांश नेताहरूमा त्याग र इमान्दारीता नभएका कारणले नै यो समस्या आएको हो ।' यसका लागि उहाँ आफ्नो प्रतिबद्धता यसरी व्यक्त गर्नुहुन्छ, 'म समाजको रूपान्तरण एवम् विकास र सही नेतृत्वका लागि संविधान बनेपछि पनि निरन्तर राजनीतिमा आबद्ध भइरहनेछु ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : रामशीला ठाकुर |
| ठेगाना स्थायी | : रघुनाथपुर गाविस-८, खखना गाउँ, महोत्तरी, जनकपुर |
| अस्थायी | : सिनामंगल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८०३८७४७६५ (मो) |
| जन्म मिति | : २०३४/४/९ |
| जन्म स्थान | : महोत्तरी |
| आमाको नाम | : राजोदेवी ठाकुर |
| बुबाको नाम | : लक्ष्मेश्वर ठाकुर |
| श्रीमान्‌को नाम | : राम जीवन ठाकुर |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : नेकपा (संयुक्त) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# पुरूषको कपाल काट्ने रामशीला

स्पष्ट विचार भयो भने र केही नयाँ काम गर्छु भन्ने सोच र उत्साह भयो भने कपाल काट्ने पेशाको माध्यमबाट पनि देशको संविधान, कानुन र नीति नियम बनाउने ठाउँसम्म आइपुग्न सकिँदो रहेछ भन्ने उदाहरण बन्नुभएको छ रामशीला ठाकुर ।

सानै उमेरदेखि नै रामशीलाले बुबाले जस्तै कपाल काट्ने रूची देखाउने गर्नुहुन्थ्यो । बुबा एक्लैले ग्राहकको कपाल काट्नुहुन्थ्यो । तर, गाउँघरमा कसैको बिहे हुँदा हजाम वा ठाकुरले नै घरघरमा गएर निम्ता बाँड्न जानुपर्ने चलन छ । त्यसैले गाउँघरमा कसैको बिहे परे बुबा निम्ता बाँड्न हिँड्नुहुन्थ्यो र कपाल काट्ने अरू कोही हुँदैनथिए । यही मौका पारेर रामशीला जानी नजानी गाउँका मान्छेहरूको कपाल काटिदिनुहुन्थ्यो । छोरी मान्छे भएर पनि पुरूषको कपाल काट्छे भनेर गाउँमा उहाँको खिसी गर्नेहरूको पनि कमी थिएनन् । तर, उहाँ त्यस्तो कुराको वास्ता गर्नुहुन्थेन ।

छोरी मान्छे भएकाले होला, बुबाले पनि रामशीलालाई कपाल काट्ने काम सिकाउन त्यति चासो दिनुभएन । तर कपाल काट्ने काममा असाध्यै रुचि जागेकोले रामशीलाले सुरू सुरूमा बुबाको पुरानो कपाल काट्ने खैरेतो लिएर आफ्नै खुट्टाको कपाल खौरने अभ्यास गर्नुभयो । एकदिन बुबा गाउँमा निम्ता बाँड्न जानुभएको थियो, त्यहीबेला गाउँमा एउटा व्यक्तिको मृत्यु भयो । मृतकका आफन्तहरूको कपाल काट्नुपर्ने भयो । त्यही मौका पारेर रामशीलाले ९ जना पुरूषको दाह्री, जुँगा र कपाल खौरीदिनुभयो । यसो गर्दा कसैलाई पनि घाउचोट लागेन र यसले उहाँको आत्मविश्वास अझ बढ्यो ।

रामशीलाले कपाल काट्न सुरू गर्नुभएको तीन वर्षपछि बुबाको निधन भयो । बुबाको निधनले परिवारमा आर्थिक सङ्कट आईपर्‍यो । उहाँका दुईजना भाइहरू साने थिए । उहाँ ठूली छोरी भएकाले परिवारको बोझ उहाँले नै उठाउनुपर्‍यो । गाउँको ६०/७० घरका मानिसको कपाल काट्ने जिम्मा बुबाले लिनुभएको थियो । पछि त्यो

जिम्मा सबै रामशीलाले नै लिनुभयो । बुबा बित्नुभएपछि घरको आर्थिकस्थिति कमजोर भएकाले एक वर्ष उहाँको पढाइ पनि रोकियो ।

२०५२ सालतिरको कुरा हो, नेकपा (संयुक्त)का गाविस अध्यक्ष गोपाल मैनालीको घरमा माओवादी पार्टीका केन्द्रीय नेता सहदेव यादव आउनुभएको थियो । त्यतिबेला रामशीला गाविस अध्यक्ष गोपाल मैनालीकै घरमा पुग्नुभएको थियो र उहाँ १३ वर्षको मात्र हुनुहुन्थ्यो । पार्टीका केन्द्रीय नेता र गाविस अध्यक्षको कुराकानी सुनिरहनु भएकी रामशीलाले नेता सहदेवलाई सोध्नुभयो, 'यो पार्टीले दलित, शोषित, पीडित वर्गको अधिकारका लागि आवाज उठाउँछ कि उठाउँदैन ?' सानी केटीको यस्तो प्रश्न सुनेर नेताहरू अलि छक्क परे । उहाँहरूले रामशीलालाई त्यसै दिनदेखि पार्टीमा लाग्न प्रेरित गरे र उहाँलाई पार्टीको गाविस सदस्य बनाइयो ।

२०५४ सालमा राजविराजमा पार्टीको महाधिवेशन भयो । महाधिवेशनमा रामशीलाले जानुपर्ने त थिएन । जान मनलागे पनि आर्थिक अवस्था कमजोर भएकाले आफ्नै खर्चमा त्यहाँ जान सम्भव थिएन । तर, पार्टीका नेताहरू गणेश साह, विष्णुबहादुर मानन्धर, कल्पणा राणाले रामशीलाकाबारेमा सुन्नुभएको रहेछ । महिला भएर पनि पुरुषको कपाल काट्ने एकजना कार्यकर्ता आफ्नो पार्टीमा छ भनेको सुन्दा उहाँहरू अचम्ममा पर्नुभएको थियो रे । त्यसपछि पार्टीले रामशीलालाई पार्टीकै खर्चमा महाधिवेशनमा बोलायो । उहाँ महाधिवेशनमा जानुभयो । त्यहाँ पनि उहाँको कपाल काट्ने कामको निकै चर्चा भयो । पार्टी नेता गणेश साहले रामशीलालाई कपाल काट्ने सामग्री किन्न महाधिवेशनमै नौ सय रूपैयाँ दिनुभयो । उहाँले राजविराजमै कपाट काट्ने सामग्री किन्नुभयो र महाधिवेशन भर नेता कार्यकर्ताको कपाल काट्ने, दाह्री बनाउने काम गर्नुभयो । सो कामका लागि रामशीलाले कुनै मूल्य तोक्नु भएन, नेता कार्यकर्ताले आफूखुशी पचास, सय, दुई सय रूपैयाँ दिएर उहाँलाई सहयोग गरे । पार्टीका सहभागीहरूले उहाँको काम देखेर खुशी हुँदै उहाँलाई घडी, साडी र जुत्ता पनि उपहार दिए । महाधिवेशनमा बसेर तीन दिन कपाल काट्दा रामशीलाको हातमा नौ हजार रूपैयाँ जम्मा भयो । पार्टी नेता विष्णुबहादुर मानन्धरले पढाइ सुरू गर्ने हो भने पढाइको सम्पूर्ण खर्च आफूले नै व्यहोर्ने वचन पनि दिनुभयो र उहाँले फेरि पढाइ सुरू गर्नुभयो ।

राजनीतिमा लागेर उहाँले लाठी खाने, गोली लागेर घाइते हुने र जेल सजाय भोग्ने जस्ता यातना भोग्नुपरेको छैन । तर राजनीतिमै लागेका कारण समाजले दिने मानसिक यातना भने धेरै खप्नु भएको छ । सानो पार्टीको कार्यकर्ता भनेर ठूला पार्टीका कार्यकर्ताले हेप्ने र कतिपय ठूला पार्टीका कार्यकर्ता तथा नेताहरूले उहाँलाई आफ्नो पार्टीमा आए जागिर लगाइदिने प्रलोभन पनि दिए । तर, ठूलो पार्टीमा लाग्न सल्लाह दिनेहरूलाई रामशीला सङ्ख्याले पार्टी ठूलो हुँदैन, सिद्धान्त, नैतिकता र विचारले मात्र पार्टीलाई ठूलो बनाउँछ भनेर जवाफ फर्काउनुहुन्थ्यो ।

पार्टीले रामशीलालाई गत संविधानसभाको निर्वाचनमा समानुपातिक तर्फबाट संविधानसभा सदस्य चुन्यो । संविधानसभा सदस्य भएपछि कुनैबेला गाउँमा कसैले नपुछ्ने रामशीलाको सम्मान बढेको छ । अहिले उहाँ गाउँमा मेहनेती र सफल महिलाको प्रसङ्ग आउँदा सबैले नाम लिने उदाहरणीय व्यक्तिको रूपमा चिनिनुहुन्छ । गाउँमा उहाँकै कारणले छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतनामा वृद्धि भएको छ । जिल्लाका कतिपय स्कुलमा

सामाजिक शिक्षा पढाउने गुरूहरू उहाँकै नाउँ लिएर पाठ सुरू गर्छन् । उहाँको आफ्नै जातीय समुदायमा त उहाँ आदर्श व्यक्तित्व नै हुनुभएको छ ।

महिलाले पनि साइकल चलाउन सक्छन् भन्ने सोच्न पनि नसक्ने बेलामा रामशीला साइकल चलाएर गाउँ डुल्नुहुन्थ्यो । उहाँले साइकल चलाएको देखेर चोकचोकमा मानिसहरू उभिएर हेर्ने गर्थे । कोही चाहिँ 'लौ हेर केटीले साइकल चलाएको' भनेर खिसी गर्थे । घर फर्कदा आमाले गाली गर्नुहुन्थ्यो । आमाले अरूले के भन्लान् भनेर गाली गर्दा उहाँ आमालाई 'भन्नेलाई भन्नदेऊ, जमाना परिवर्तन भइसक्यो आमा' भनेर सम्झाउनुहुन्थ्यो । अहिले गाउँमा परिवर्तन आएको छ । गाउँका केटीहरू अहिले साइकल चढेरै स्कुल कलेज जान थालेका छन् । गाउँमा महिलाले चलाएको साइकलको ताँती देख्दा रामशीलालाई अति खुशी लाग्छ ।

सानैदेखि राजनीतिमा सक्रिय भए पनि एक दिन मुलुकको संविधान लेख्ने थलोमा पुग्छु भनेर रामशीलाले कहिल्यै सोच्नुभएको थिएन । उहाँ संविधानसभाको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्माण समितिमा सदस्य हुनुहुन्छ । समितिमा उहाँले महिला हिंसा अन्त्यको कुरा समेत जोडदार रूपले उठाउनुभएको छ ।

दाइजो प्रथा अन्त्यका लागि विशेष आयोग बनाउनुपर्ने माग पनि रामशीलाले राख्नुभएको छ । दाइजो लिने र दिने दुबैलाई दण्ड दिनुपर्छ भन्ने उहाँको धारणा छ । तीजलाई राष्ट्रिय पर्वका रूपमा लिएजस्तै मधेसमा मनाइने जितिया पर्वलाई पनि राष्ट्रिय पर्वको मान्यता दिएर त्यो दिन महिलालाई सार्वजनिक बिदा दिनुपर्ने, मैथिली भाषामा पठनपाठनको व्यवस्था हुनुपर्नेजस्ता कुरा उहाँले संविधानसभामा राख्नुभएको छ ।

देशको जनसङ्ख्यामा पुरूषभन्दा महिला बढी भएकाले राज्यका विभिन्न अङ्गमा महिलाको सहभागिता ३३ प्रतिशतले मात्र पुग्दैन, ५५ प्रतिशत हुनुपर्छ भन्ने रामशीलाको माग छ । महिलालाई अधिकार र भूमिका दिइयो भने मुलुकले चाँडै फड्को मार्ने उहाँको दाबी छ । तर, अधिकारलाई आफ्नो खल्तीको सामान जस्तो ठान्ने पुरूषहरूको प्रवृत्ति देखेर रामशीलालाई अचम्म लाग्छ । आन्दोलनमा लाग्न र सङ्घर्ष गर्न महिलालाई पनि उपयोग गर्ने र अधिकार दिनेबेलामा चाहिँ उनीहरूलाई बेवास्ता गर्ने पुरूषहरूको प्रवृत्तिको रामशीला आलोचना गर्नुहुन्छ । यति मात्र होइन, पछाडि पारिएका मधेसी, दलित, आदिवासी/जनजाति, मुस्लिम लगायकतका समुदायको समावेशीको कुरा उठेपनि उनीहरूको राज्यको निर्णायक तहमा कुनै पहुँच नभएको र दलहरूले यो कुरालाई त्यति वास्ता नगरेको पनि उहाँको ठम्याइ छ, उहाँ प्रश्न गर्नुहुन्छ, 'संविधानसभा समावेशी छ भन्छन् तर खोइ अरू पार्टीहरूले नाई, हजाम, ठाकुरलाई संविधानसभामा सहभागी गराएको ?'

आफू संविधानसभाको सदस्य छानिँदा रामशीला निकै नै खुशी हुनुभएको थियो, अब मधेसी जनता र मधेसका महिला तथा सबै उत्पीडित वर्गको भाषा, जाति र धर्मले समान स्थान पाउने संविधान बन्ने भयो भनेर । तर, अहिले राजनीतिक पार्टीहरू संविधान बनाउने काम छाडेर सरकार बनाउने झगडातिर लागेकाले उहाँको मुटु पोल्न थालेको छ । त्यसैले अहिले उहाँको एउटै मात्र ध्यान छ, संविधान बनाउने र जनतालाई अधिकारसम्पन्न तुल्याउने ।



## व्यक्तिगत विवरण

नाम : रामरति राम
ठेगाना स्थायी : पडरिया गाविस-९, जठियाही टोल, सिराहा, सगरमाथा
अस्थायी : शान्तिनगर, काठमाण्डौं-३४
सम्पर्क ठेगाना : ९७४११५८६५४ (मो)
जन्म मिति : २०२३
जन्म स्थान : मलन्हमा गाविस-५ मौहुलिया सप्तरी
आमाको नाम : रेश्मी मोची
बुबाको नाम : बेचन मोची
श्रीमान्‌को नाम : बनहु चमार
शिक्षा : साधारण लेखपढ
राजनीतिक दल : नेकपा (एमाले)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# घुम्टोबाटै लालसलाम

रामरति रामलाई चमार समुदायकै पहिलो संविधानसभा सदस्य हुने अवसर मिलेको छ । तर रामरतिले संविधानसभासम्मको यात्रा तय गर्न जीवनमा धेरै नै दुःख कष्ट भोग्नु भएको छ । कम्युनिष्टमा लागेको भनेर गाउँका जमिन्दार र तिनका सहयोगीहरूले रामरति र उहाँका श्रीमान् बनहु चमारलाई बाटो ढुकेर कुटपिट गरे । गाउँका सामन्तहरूले उहाँलाई नेपाली काङ्ग्रेसलाई सहयोग नगरेको आरोपमा ५००० रूपैयाँ जरिवाना तिराउने निर्णय गरेपनि पैसा नभएकोले उहाँले १ हजार मात्र तिर्न सक्नुभयो जुन त्यतिबेला उहाँका लागि १ लाख बराबर थियो । त्यति मात्र होइन साथै गल्ती गरेको हो भनेर रामरतिलाई जबरजस्ती कागजमा हस्ताक्षर गर्न पनि लगाइएको थियो ।

रामरति बस्ने सिराहाको पडरिया गाविस-९, जठियाही टोलका धेरै दलितहरू भूमिहीन थिए र उनीहरूले गाउँका धनीमानी व्यक्तिहरूका घरमा काम गर्थे । जमिन्दारले उनीहरूलाई जातीय आधारमा छुवाछुत गर्ने मात्र होइन धेरै यातना र आर्थिक तथा शारीरिक शोषण पनि गर्दथे । ऋण माग्न जाँदा कोरा कागजमा सही गराएर चर्को ब्याज असुल्ने गरिन्थ्यो र दलितहरू चुनावकाबेला नेताहरूका 'मतदाता' मात्र थिए । समाजमा चमार र मुसहर जातिलाई ठूला जातिकाले असाध्यै दमन र शोषण गर्ने कारणले र पारिवारिक विपन्नताले गर्दा विवाहपछि रामरति राजनीतिप्रति आकर्षित हुनुभयो । उहाँ भन्नुहुन्छ, 'जमिन्दारले दलितलाई तिमीहरूलाई काम दिँदैनौ भनेर धम्काउने मात्र होइन खेतमा पस्न पनि दिँदैनथे । गाली र साह्रै अपमान गर्थे र कुनै बेला कुट्न पनि पछि पर्दैनथे । यस्तो अन्याय अत्याचार विरूद्ध लड्नका लागि पनि म मेरो दाजुको प्रेरणाले राजनीतिप्रति आकर्षित भएँ ।' रामरतिका बुबा र दाजु दुबै स्थानीय राजनीतमा संलग्न थिए ।

१३ वर्षकै उमेरमा बनहु चमारसँग बिहे भएपछि रामरतिको दुःखका दिनहरू सुरु भएका थिए । विवाह भएको केही समयपछि मात्र रामरतिले श्रीमान्‌को घरघडेरी, खेतीपाती र गाइबस्तु केही पनि रहेनछ भन्ने थाहापाउनु भयो । श्रीमान् सानै छँदा उहाँका आमाबाबु पनि बितिसक्नु भएको रहेछ । उहाँ भन्नुहुन्छ, 'हाम्रो रितिरिवाज

अनुसार विवाहपछि नयाँ दुलहीले कम्तिमा पनि दुईदेखि पाँचवर्षसम्म माइती बस्नुपर्छ र म पनि दुई वर्ष माइती बसेँ । गौना[१] गरेर जाँदा मात्र पो थाहाभयो मेरो श्रीमान्ले जमिन्दारको घरमा बँधुवा मजदुर भएर बन्धकी जीवन बिताइरहनु भएकोले मलाई काका ससुराको घरमा भित्राउनु भएको रहेछ ।' उहाँ थप्नुहुन्छ, 'काकी सासुले चमार समाजले भोग्नु पर्ने पीडाकाबारेमा मलाई बेलाबेलमा सुनाउने गर्नुहुन्थ्यो र त्यो सुनेर मलाई धेरै दु:ख लाग्थ्यो । हामी दलितलाई मान्छे जस्तो व्यवहार गरिँदैन्थ्यो । पशुतुल्य ब्यवहार भोग्नु हाम्रो जन्मजात समस्या थियो । मेरो श्रीमान्ले जमिन्दारको घरमा जीवनभर काम गरे पनि ऋण तिर्न सकिने अवस्था नदेखेपछि मैले पनि श्रीमान्सँगसँगै मजदुरी गर्न थालेँ ।' यसरी रामरतिले श्रीमान्सँगै जमिन्दारको घरमा ६ वर्ष बँधुवा मजदुर भएर काम गरेपछि ऋण तिर्नुभयो र एउटा भैँसी पनि किन्नुभयो । दुईवर्षपछि त्यही भैँसीलाई ५ हजार रुपैयाँमा बेचेर १० धुर जग्गा किन्नुभयो । घर बनाउनका लागि फेरि जमिन्दारसँगै ऋण लिएर पछि सो ऋण पनि चुक्ता गर्नुभयो ।

कम्युनिष्ट राजनीतिमा रूची राख्ने रामरतिलाई २०४६ सालअघि कम्युनिष्ट भनेर चिनाउन सजिलो थिएन । स्थानीय भूमिगत कम्युनिष्ट नेताहरू लुकिछिपी रातको समयमा रामरतिलाई भेट्न आउँथे र पार्टीका बीचारहरू सुनाउँथे । उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ, '२०४५ सालतिरको कुरा हो मैले एउटा भेलामा घुम्टो ओढेरै स्थानीय नेताहरूलाई मुठ्ठी उठाएर लालसलाम कमरड भनेँ र यो सुनेर उनीहरू छक्क परे । तर उनीहरूले मलाई कम्युनिष्ट भनेर नचिनिनु जमिन्दारले काम दिँदैनन् र प्रहरी लगाएर पक्राउँछन् भनेर सम्झाए ।'

आफ्नो अधिकार आफैं लडेर लिनुपर्छ भन्ने सोचले रामरतिले २०५४ सालमा वडाध्यक्षको चुनाव लडेर जित्नु भयो । तर, राजनीतिमा अघि बढ्न उहाँलाई सजिलो भएन । चमारकी छोरीले वडाध्यक्ष भएर समाजलाई दुषित र कलङ्कित तुल्याई भन्नेहरूले उहाँलाई दु:ख दिन थाले । त्यस्ता व्यक्तिहरूले उहाँको जातीयताको प्रश्न उठाउँदै 'चमारकी छोरीलाई हामीले कसरी नमस्कार गर्ने' भनेर उहाँको घरमा समेत आक्रमण गरे ।

संविधानसभाको सदस्य हुनुअघि रामरति नेकपा (एमाले) को पार्टी सङ्गठन बिस्तार गर्ने काममा सक्रिय हुनुहुन्थ्यो । भूमिहीन-सुकुम्बासीका लागि भूमि अधिकारको माग गर्दै उहाँले भूमिअभियानकर्ता भएर पनि जिल्लामा काम गर्नुभयो । यसका साथै महिला अधिकारका लागि पनि उहाँ सक्रिय रहनु भयो । दलित तथा महिलामाथि हुने शोषण र विभेद विरूद्ध लड्दै रामरति संविधानसभासम्म आइपुग्नु त भयो । तर, दलितमाथि हुने भेदभाव र छुवाछुत अझै अन्त भएको छैन । २०६६ साल माघ महिनामा उहाँका छोरालाई केही व्यक्तिले यातना दिनुका साथै गाउँका ठूला जाति र धनीमानीहरूले चमार जातिका ४५ घरपरिवारलाई नाकाबन्दी लगाए । चमार जातिले बिद्रोह स्वरूप परम्परागत रूपले फाल्दै आएको सिनो[२] नफाल्ने निधो गरेपछि उनीहरूलाई जमिन्दारका खेतबारीमा काम गर्न जान नदिने मात्र होइन गाउँका खानेपानीका धारा छुन र बाटो हिँड्न समेत बन्देज लगाइएको थियो । नाकाबन्दी झण्डै सात दिन चल्यो । यो थाहापाएर रामरति काठमाण्डौंबाट गाउँ पुग्नुभयो र समस्या समाधान गर्न पहल गर्नुभयो ।

यसपटक जमिन्दारहरूले दलितहरूलाई यातना दिँदा र उनीहरूलाई नाकाबन्दी लगाउँदा विगतका समयमा भन्दा रामरतिले केही फरक स्थितिको महसुस गर्नु भएको छ । पहिले दलितहरूले ठूला जाति भनाउँदाहरूबाट यस्ता

---

१ बिहे गरेको केही समयपछि नयाँ दुलहीले दुईदेखि पाँचवर्ष माइती बसेर श्रीमान्को घर फर्कने चलन

२ मरेको जनावर

यातना भोग्दा उनीहरूका पक्षमा बोल्ने कोही हुँदैनथे तर, यतिबेला धेरैले साथ दिन थालेका छन् र दलितका पक्षमा उभिनेहरू पनि बढेका छन् । उहाँ भन्नुहुन्छ, 'अहिले समाजमा केही परिवर्तन आएको छ, दलितलाई हत्पति पहिले जस्तो कुटपिट गरिहाल्दैनन् । दलितका सङ्गठनहरू बलियो हुँदै गएका छन् र दलितहरूमा पनि एकजुट हुनुपर्छ भन्ने भावना आएको छ, त्यसैले अहिले त्यति डर छैन ।'

रामरति संविधानसभा अन्तर्गतको नागरिक सम्बन्ध समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको विकास समितिमा सदस्य हुनुहुन्छ । उहाँले यी समितिहरूमा रहेर विशेष गरी दलित, भूमिहीन र महिलामाथि हुने घरेलु हिंसाका विषयमा कुरा उठाउनुभयो । साथै मधेसी तथा दलितलाई जनसङ्ख्याका आधारमा राज्यको हरेक तहमा समावेश गराउनुपर्ने, र भूमिहीन सुकुम्बासीलाई जग्गा दिइनुपर्ने पनि उहाँको माग छ ।

महिला, जनजाति, दलित, मधेसी, मुस्लिमलगायतका समुदायले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई विषयगत समितिका अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन महत्वपूर्ण भूमिका खेलेको रामरति बताउनुहुन्छ । संविधानसभाको विषयगत समितिका मस्यौदा प्रतिवेदनहरू महिला र पछाडि पारिएका वर्ग एवम् समुदायका आवाज सम्बोधन गर्न धेरै हदसम्म सफल रहेको पनि उहाँ बताउनु हुन्छ । तर, रामरति भन्नुहुन्छ, 'समितिहरूमा सुझाव त धेरै दिइयो, तर संविधान नै लेखिएको छैन । त्यसैले अहिले नै केही भन्न सकिने अवस्था छैन ।'

रामरतिका अनुसार आमाको नाममा नागरिकता, राज्यको हरेक तहमा महिलाको समानुपातिक, सहभागिता, महिलाको पैतृक सम्पत्तिमा समान अधिकार जस्ता विषयमा महिला ककसले काम गर्दै आएपनि दलित र भुमिहिन सुकुम्बासी महिलाका मुद्दामा ककसले खासै नबोलेको र दलित महिलालाई ककसमा अवसर नदिएकोमा रामरति असन्तुष्टि व्यक्त गर्नुहुन्छ ।

आफू महिला सदस्य भएकै कारणले संविधानसभा र व्यवस्थापिका संसद्मा रामरतिले केही विभेदहरू अनुभव गर्नुभएको छ । जस्तो, पुरूष सदस्यलाई संविधानसभामा बोल्नका लागि धेरै समय दिइने तर महिलालाई चाहिँ थोरै समय मात्र दिइने गरेको उहाँ बताउनुहुन्छ । रामरतिले संविधान निर्माण प्रक्रियामा आफ्नो भूमिका र योगदान राम्रो भएको महसुस गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'मैले संविधानसभामा सक्दो योगदान गरेको छु । संविधानसभाको वैठक एकदिन पनि छोडेको छैन । तर, समयमै संविधान नलेखिएला भन्ने चाहिँ मलाई चिन्ता छ ।'

देशको झण्डै ७५ जिल्लामै घुमेको र पाकिस्तान तथा भारतबाट विभिन्न राजनीतिक तालिम पाएकोले रामरति आफूलाई धेरै कुरा थाहा भएको र राजनीतको क्षेत्रमा अघि बढ्ने आत्मविश्वास भएको बताउनुहुन्छ । रामरतिको दाबी छ, 'म मेरो समुदाय र क्षेत्रको ऐतिहासिक नेतृ हुं ।' अहिलेसम्मको राजनीतिक जीवनको अनुभव राम्रै रहेको बताउँदै उहाँ भन्नुहुन्छ, 'जनताको काम गर्दा कहिले फूलको माला, कहिले गाली पाइन्छ । नेता हुनु सजिलो काम होइन । सबैको समस्या सुन्नुपर्छ, बुझ्नुपर्छ र झेल्नु पनि पर्छ ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : रीमा नेपाली |
| ठेगाना स्थायी | : दुवीडाँडा गाविस-१, सैवनटोल, रोल्पा |
| अस्थायी | : महाराजगञ्ज, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१५८०९०० (मो) |
| जन्म मिति | : २०२४/१/१५ |
| जन्म स्थान | : सखी गाविस-१, काप्रेचौर, रोल्पा |
| आमाको नाम | : जस्ता नेपाली |
| बुबाको नाम | : लालबहादुर नेपाली |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# 'सङ्घर्ष र द्वन्द्वबीच पनि समाधान र सहमति सम्भव हुन्छ'

महिलामाथि हुने लैङ्गिक हिंसा र दलितमाथि जातीय आधारमा हुने विभेद तथा अन्यायपूर्ण व्यवहारहरू अन्त्य गरेरै छाड्ने अठोट लिएर रीमा नेपाली राजनीतिमा संलग्न हुनुभएको हो । सामान्य कृषक पृष्ठभूमिबाट आउनुभएकी रीमा परिवारमा एक्लो राजनीतिकर्मी हुनुहुन्छ । समाजमा विद्यमान असमानता हटाउन राजनीतिमा लाग्नु पर्छ र त्यसैबाट समाज परिवर्तन सम्भव छ भन्ने उहाँको मान्यता छ । महिलालाई कुटपिट गर्ने र एकजना महिलाका विरूद्ध अर्को महिलासँग बहुविवाह गरी महिलालाई हिंसा गर्ने सामाजिक प्रवृत्तिलाई नजिकबाट नियाल्नुभएकी रीमाले आफ्नो राजनीतिक जीवन पनि त्यस्तै घटनाका विरूद्ध आवाज उठाउँदै सुरू गर्नुभएको थियो ।

जातीय आधारमा हुने भेदभाव व्यहोर्नु परेको एउटा घटना स्मरण गर्दै रीमा भन्नुहुन्छ, '२०५७ सालमा स्वर्गद्वारी मन्दिरमा जाँदा मन्दिरका भण्डारेले मलाई तपाईंकाबारेमा कुरा आयो, तपाइँ मन्दिरबाट बाहिर जानूस् भनी अपमान गरेपछि मैले संविधान तथा कानुनले समेत जातीय भेदभाव वर्जित गरिसकेको अवस्थामा म किन बाहिर जाने भनी प्रतिवाद गरें । विवाद चर्कंदै गएपछि उहाँले मसँग माफी माग्नुभयो । त्यो घटनाबाट पनि म राजनीतिमा लाग्न थप उत्साहित भएँ ।' यद्यपि, आफू दुर्गम क्षेत्र, अशिक्षित परिवार र दलित समुदायबाट आएको हुनाले राजनीतिमा पनि धेरै चुनौतीहरू व्यहोर्नुपर्ने रीमालाई अनुभूति भएको छ ।

राजनीतिमा लाग्ने क्रममा विभिन्न आरोह-अबरोह पार गर्नुभएकी रीमाले राजनीतिक कारणले कुनै कानुनी लडाइँ तथा शारीरिक हिंसा व्यहोर्नु परेको छैन । तर आफू दलित भएकोले जातीय उत्पीडनका कारण प्रशस्त मानसिक हिंसा व्यहोर्नु परेको उहाँ बताउनुहुन्छ । सुरूमा घरपरिवार पनि उहाँको राजनीतिक संलग्नाप्रति त्यति सन्तुष्ट थिएनन् । कतिले त उहाँलाई घरमा काम गर्न गाह्रो लागेर राजनीतिमा लागेको भन्ने आरोप समेत लगाए । तर, उहाँले आफ्नो राजनीतिक नेतृत्व विकास गर्दै लगेपछि परिवार र समाजले पनि बिस्तारै उहाँप्रति सकारात्मक दृष्टिकोण राख्न थालेको रीमाको अनुभव छ । रीमाले सन् १९९५ मा चीनको राजधानी बेइजिङमा आयोजित

विश्व महिला सम्मेलनमा भाग लिने अवसर पाउनु भयो यसले गर्दा पनि उहाँको आत्मविश्वास अझ बढेको र समाजले पनि उहाँलाई सम्मान गर्न थालेको छ ।

नेकपा (माओवादी) ले २०५२ सालदेखि 'जनयुद्ध'का नाममा विद्रोह सुरू गरेपछि आफ्नो राजनीतिक जीवन निकै उतारचढावपूर्ण एवम् चुनौतीपूर्ण भएको रीमाको भनाइ छ । खासगरी दश वर्ष लामो 'जनयुद्ध'को अवधिमा उहाँले आफ्नो क्षेत्रमा पार्टीको राजनीतिक सङ्गठन बिस्तार गर्न निकै नै चुनौतीहरू खेप्नु परेको थियो । व्यक्तिगतरूपमा उहाँलाई माओवादीबाट कुनै धम्की नआए पनि पार्टीका अरू साथीहरूले राजनीतिकरूपमा धम्की खेप्नु परेकाले पार्टी सङ्गठनमा चुनौतीहरू थपिएको पनि उहाँ बताउनुहुन्छ । राजनीतिक उतारचढावकै क्रममा उहाँले २०५६ सालमा भएको आमनिर्वाचनमा रोल्पाबाट नेकपा (माले) का तर्फबाट उम्मेद्वार हुने अवसर पाउनुभयो, तर चुनावमा विजयी हुन सक्नुभएन । २०६२ सालमा रोल्पामा तत्कालीन नेकपा (माओवादी) र नेकपा (एमाले) बीच ६ बुँदे सम्झौता गराउन आफूले सकारात्मक भूमिका खेलेको रीमाको भनाइ छ ।

२०६२ सालको ऐतिहासिक जनआन्दोलन सफल भएपछि गठन भएको अन्तरिम व्यवस्थापिका संसद्मा रीमाले सदस्य बन्ने अवसर पाउनुभयो । तत्पश्चात् उहाँमा संविधानसभाको सदस्य हुन्छु भन्ने विश्वास अझ बढ्यो र समानुपातिक आधारमा संविधानसभाको सदस्य हुन पनि सफल हुनुभयो । अहिले उहाँ संविधानसभाअन्तर्गत न्यायप्रणाली समिति र व्यवस्थापिका संसद् अन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिको सदस्य हुनुहुन्छ ।

संविधानमा जनताका भावना र चाहना समेटिनुपर्छ भन्ने रीमाको मान्यता रहेको छ । संविधानका लागि जनताका रायसुझाव सङ्कलन गर्न उहाँ रोल्पा र प्युठान जिल्लाका ५०/५५ गाविसहरूमा पुग्नुभयो । जनताका चासो र सरोकारका अलावा संविधानमा महिलाका मुद्दाहरू समावेश गर्न धेरै चुनौती खेप्नु परेको पनि उहाँको अनुभव छ । संविधानमा महिलाका मुद्दाहरू समावेश गर्न पुरूष संविधानसभा सदस्यहरूको सहयोग ठीकै भए पनि महिलाका मुद्दाहरूले स्थान नै पाउन नसकेको र स्थान पाए पनि प्राथमिकतामा पर्न नसकेको रीमाको भनाइ छ ।

रीमाले संविधानसभाअन्तर्गत आफू संलग्न समितिमा न्यायाधीशको समावेशी नियुक्ति, न्यायमा जनताको पहुँच र सामाजिक न्यायको संवैधानिक सुनिश्चितता हुनुपर्छ भनेर आवाज उठाउनु भयो । यसैगरी महिलाको सवालमा राज्यले बिना भेदभाव समान व्यवहार गर्नुपर्ने, पैतृक सम्पत्तिमा महिला र पुरूषको समान अधिकार स्थापित हुनुपर्ने, राज्यका निकायमा पुरूषसरह महिलाको समान प्रतिनिधित्व हुनुपर्ने विषयमा पनि उहाँले जोड दिनुभयो ।

संविधानसभा सदस्य हुनुअघि ग्रामीण परिवेशमा रहेर राजनीति गर्दा सहज भए पनि संविधानसभा सदस्य भएपछि अहिले सहरमा बसेर काम गर्नुपर्दा जीवनशैली र लवाइखवाईमा अप्ठ्यारो महसुस गर्नुपरेको रीमा बताउनुहुन्छ । संविधान लेखनको सम्बन्धमा रीमा भन्नुहुन्छ, 'संविधान लेखनका लागि जनताले हामीलाई निर्वाचित गरेर संविधानसभामा पठाएका र त्यसका लागि हामी प्रतिबद्ध रहँदारहँदै पनि राजनीतिक दलहरूमा देखिएका विवादले हामीले संविधान बनाउने होइन कि भन्ने लाग्न थालेको छ ।' दलहरूबीचको असमझदारीका कारण संविधान लेखन कार्य अगाडि बढ्न नसकिएको र हालको अवस्थामा संविधानसभा सदस्यहरू कामविहीन भएको जस्तो पनि उहाँलाई महसुस भएको छ ।

विद्यमान समस्याको मूल कारण संविधानसभा नियमावलीमा रहेका अपर्याप्त व्यवस्था र दलहरूबीचका असमझदारी हुन् भन्ने पनि उहाँलाई लागेको छ । उहाँ भन्नुहुन्छ, 'कतिपय व्यवस्थाहरूलाई परिवर्तन गर्न सक्ने भए पनि ठूलाबडाले चलाएको कुरा उनीहरूले भत्काउन चाहँदैनन्, जनता परिवर्तन चाहन्छन्, तर त्यो सहज हुन सकेको छैन । समस्या त्यहीँ छ । दलीय स्वार्थका कारण दलहरूबीच सहमति हुन सकेको छैन । त्यसलाई पहिला हटाउनुपर्छ ।'

संविधान बनाउन नसकोस् भनी कामना गर्ने तत्वहरू पनि हाम्रो समाजमा रहेको रीमाको भनाइ छ । तर, हाल तयार भएका मस्यौदा प्रतिवेदन अनुसारै संविधान बनेमा राम्रो संविधान बन्छ भन्ने उहाँको विश्वास छ । संविधान बन्न नदिने तत्वहरूलाई सफल हुन नदिन सबै मिलेर उनीहरूलाई परास्त नगरेसम्म संविधान निर्माण सहज हुँदैन भन्ने पनि उहाँलाई लागेको छ । संविधान निर्माण आयोगबाट पनि हुन सक्ने सम्भावनातर्फ सङ्केत गर्दै उहाँ भन्नुहुन्छ, 'आयोगबाट संविधान बनेमा जनताका सबै मुद्दा समावेश हुन सक्दैनन् । यसतर्फ दलहरू सचेत हुनुपर्छ ।'

जनताका दृष्टिमा राजनीति सजिलो काम हो, तर यो निकै गाह्रो हुने रीमाको अनुभव छ । राजनीतिमा विभिन्न समस्या तथा चुनौती आउँछन्, त्यसलाई धैर्यपूर्वक सामना गरी अगाडि बढ्न तयार हुनुपर्छ । राजनीति गर्ने व्यक्ति भविष्यसम्म राजनीतिमा नै रहने हिम्मतका साथ अगाडि बढे मात्र सफल हुने उहाँको धारणा छ । रोल्पाको सामान्य परिवार र दलित समुदायबाट आएको व्यक्ति भएर पनि देशको संविधान निर्माण गर्ने ठाउँसम्म आइपुग्दा रीमालाई गर्व लागेको छ । उहाँ त्यसको प्रमुख कारक देश र जनताका लागि लगानी गरेको जीवन र आफ्नो स्वच्छ राजनीतिक छविलाई मान्नुहुन्छ । सङ्घर्ष र द्वन्द्वबीच पनि समाधान र सहमति सम्भव हुन्छ भन्ने विश्वास राख्ने रीमा आफ्नो यो सोचलाई जीवनपद्धतिका रूपमा आजीवन अबलम्बन गरिरहने प्रतिबद्धतासमेत व्यक्त गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : रूक्मिणी चौधरी थारू |
| ठेगाना स्थायी | : सिसहनीया-२, अर्नाहनपुर, दाङ |
| अस्थायी | : शान्तीनगर–३४, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१०८१६९७ (मो) |
| जन्म मिति | : २०३४/५/१५ |
| जन्म स्थान | : शुक्रनगर-२, बसहाड्डा, चितवन |
| आमाको नाम | : स्वं धर्मी गुरौ थारू |
| बुबाको नाम | : स्व. कृष्ण गुरौ थारू |
| श्रीमान्को नाम | : सनातनदेव सत्गौवा थारू |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# चुनौतिले ऊर्जा दिन्छ

२०४६ सालको जनआन्दोलनका बेला रूक्मिणी चौधरी १२/१३ वर्षको मात्र हुनुहुन्थ्यो । उहाँका बुबा चितवन जिल्लाको क्षेत्र नं. -४ का नेपाली काङ्ग्रेसको क्षेत्रीय सभापति हुनुहुन्थ्यो । उहाँको नेतृत्वमा राँके जुलुस, बन्द र हडतालहरू हुन्थ्यो । घरमा बैठक बस्दा प्रहरीको गाडी आएमा रूक्मिणी बुबालाई खबर गर्ने काम गर्नुहुन्थ्यो । बुबा बैठकको समय बाहेक अरू समयमा कहिल्यै घरमा बस्नु हुदैँनथ्यो । प्रहरीले रूक्मिणी र उहाँकी दिदीलाई थानामा लगेर बुबा कहाँ बस्नुहुन्छ देखाउ भनेर सोध्थ्यो र कहिलेकाँही खानेकुरा दिएर पनि फकाउँथ्यो । 'तर हामी भन्दिनन्यौं, काकाहरू थुनामा लिन गएपछि हामीलाई छाडिदिन्थ्यो', उहाँ ती दिनहरू सम्झनुहुन्छ ।

रूक्मिणी चौथरीका बुबा कृष्ण गुरौ थारूले नेपाली काङ्ग्रेसमा रहेर ४० वर्ष लामो राजनीति गर्नुभयो । चुनौतिहरूसँग सामना गर्न मन पराउने रूक्मिणीलाई पनि बाल्यकालदेखि नै बुबाले गर्नुभएको काम देखेर 'म पनि राजनीति गर्न सक्छु' भन्ने आँट आउँथ्यो । तर, २०५४ सालमा दाङको देउखुरीमा बिहे भएपछि केही वर्ष रूक्मिणी उताकै परिवेशमा बाँधिन पुग्नु भयो र उहाँले केही वर्ष गृहणीकै रूपमा समय बिताउनुभयो । उहाँको श्रीमान् सनातनदेव सत्गौवा थारू गाविसको प्राविधिक सहायक पदमा कार्यरत हुनुहुन्थ्यो । रूक्मिणी भन्नुहुन्छ, 'तर मेरो श्रीमान्को जागीर स्थायी हुने बेलामा राजनीतिकरण भयो । त्यतिबेला एमालेका नेता गाविस अध्यक्ष हुनुहुन्थ्यो । मेरो ठूलो बुबा परशुनारायण चौधरी थारू राप्रपामा भएकाले एमालेले हामीहरूलाई पनि राप्रपा भएको र मेरो माइती चाहिँ काङ्ग्रेस भएको भन्दै मेरो श्रीमान्लाई जागीरबाट हटाउन खोज्यो । तर, दुई महिना बाकी छँदा मैले नै श्रीमान्लाई त्यो पद छोड्न लगाएँ ।' सोही बेलादेखि नै रूक्मिणीले मनमा अठोट लिनु भयो 'कुनै न कुनै दिन म पनि देशको नीति निर्माण गर्ने ठाउँमा पुग्नेछु' भनेर ।

चितवनमा जन्मे हुर्केकाले रूक्मिणीलाई दाङको थारू भाषा बोल्न आउँदैनथ्यो । त्यसैले नेपाली भाषा बोल्दा मातृ भाषा बोलेन भनेर समाजले हेप्न थालेपछि उहाँले थारू भाषा सिक्नकै लागि दाङमा महिला प्रौढ शिक्षा

पढाउन थाल्नुभयो । त्यसरी पढाँउदा उहाँ सहभागीहरूलाई नेपाली भाषा पढाउनुहुन्थ्यो र उनीहरूबाट थारू भाषा सिक्नुहुन्थ्यो । यसरी महिला प्रौढ शिक्षामा काम गर्दै जाँदा उहाँको काम राम्रो देखिएपछि जिल्ला शिक्षा कार्यालय र अनौपचारिक शिक्षा केन्द्रले उहाँलाई काम गर्नका लागि प्रस्ताव गर्‍यो । त्यसपछि उहाँले जिल्ला शिक्षा कार्यालयबाट नियुक्ति लिएर उत्प्रेरकको काम गर्नुभयो । २०५८ साल तिर महिलाको आय आर्जन र बचत तथा ऋण कार्यक्रम दाङ जिल्लामै परिक्षणको रूपमा थियो । सामुदायिक अध्ययन केन्द्रमार्फत संचालित त्यो कार्यक्रम ३ वटा जिल्लामा निकै सफल भएको हुनाले अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरले अहिले देशव्यापि रूपमा प्रत्येक निर्वाचन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । अहिले उहाँ दाङ जिल्लाको श्री सिसहनियाँ सामुदायिक अध्ययनको केन्द्रीय अध्यक्ष हुनुहुन्छ । २०६१ सालमा उहाँले नेपाल परिवार नियोजन केन्द्रिय कार्यालयद्वारा सञ्चालित चेलिबेटि बेचबिखन न्यूनिकरण परियोजनामा दाङ जिल्लाको सामुदायिक परिचालकको रूपमा ३ वर्ष नियुक्ति लिएर काम गर्नुभएको थियो ।

संविधानसभाको चुनाव अघि काङ्ग्रेस पार्टी त्याग्नु भएकी रूक्मिणीका अनुसार पार्टीको सिद्धान्त गलत नभए पनि त्यसभित्र व्यक्तिवादी प्रवृत्ति हावी रहेको र समावेशीको नाममा थारूहरूलाई भोट बैंकको रूपमा प्रयोग मात्र गरिएको छ । अन्तरिम संविधानमा नेपालका २० वटा जिल्लालाई मधेस घोषणा गरेपछि जातीय संख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन हुनुपर्छ भनेर 'संयुक्त थारू राष्ट्रिय मोर्चा' को नामबाट उहाँ पनि आन्दोलनमा सरिक हुनुभयो । लक्ष्मण थारू सो मोर्चाको अध्यक्ष हुनुहुन्थ्यो ।

रूक्मिणीका अनुसार 'संयुक्त थारू राष्ट्रिय मोर्चा' ले आन्दोलन गरेकोबेला प्रहरीको दमनमा परेर निक्कै कुटाई खाएर उहाँको देब्रे खुट्टा भाँचिएको थियो र मरी भनेर सुरक्षाकर्मीले उहाँलाई छोडेका थिए । त्यतिबेला १८ दिनसम्म आन्दोलन भयो । 'महिलाको नेतृत्व मैले गरेको थिएँ, झण्डै ५ सय महिला जुटाउँथें', उहाँ भन्नुहुन्छ, ' किन नेतृत्व गरिस् भनेर सुरक्षाकर्मीले कुट्थे ।' आन्दोलनको १३ औँ दिन निकै क्षति भएपछि सरकारले मोर्चालाई वार्तामा बोलायो । त्यतिखेर उहाँ हस्पिटलमा खुट्टाको उपचार गराउँदै हुनुहुन्थ्यो । त्यहीँबाट वैशाखी टेकेरै वार्ता गर्न बालुवाटार गएको उहाँ सम्झनुहुन्छ । २०६४ फागुन १८ गते सरकार र उहाँहरू बीच ५ बुँदे सम्झौता भयो । संविधानसभाको निर्वाचनमा नजाने भन्दा आफूहरूलाई राजावादी भएको आरोप लागे पछि त्यही आन्दोलनबाट संयुक्त थारू राष्ट्रिय मुक्ति मोर्चा र सङ्घीय राष्ट्रिय गणतान्त्रिक मोर्चाका केही घटक मिलेर 'सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च' गठन गरी त्यसैमार्फत निर्वाचनमा भाग लिएको रूक्मिणी बताउनुहुन्छ । उक्त निर्वाचनमा उहाँको पार्टीका ९६ जना समानुपातिक उम्मेद्‌वार सूचीमा परेकोमा दुई जना मात्रै अन्तिमसम्म आइपुगे, जसमध्ये उहाँ पनि एक हुनुहुन्छ ।

राजनीति गर्छु भन्ने सोच भएपनि संविधानसभाको सदस्य बन्छु भनेर नसोचेको रूक्मिणी बताउनुहुन्छ । 'तर पार्टीले नाम सूचीमा राखेर निर्वाचन आयोगमा पठाइसकेको रहेछ', उहाँ भन्नुहुन्छ, 'रेडियोबाट नाम आएपछि बल्ल थाहा पाएँ । अनि निर्वाचनको प्रचारप्रसारमा लागें ।' आफूलाई राजनीतिमा आउन घरपरिवारबाट पनि सहयोग मिलेको रूक्मिणी बताउनुहुन्छ, 'बच्चाहरू मेरो सासुले स्याहार गर्नु हुन्थ्यो । पञ्चायतकालमा सासु गाविस अध्यक्ष हुनुहुन्थ्यो र अहिले उहाँ स्वयम्‌सेविका हुनुहुन्छ ।' ससुराले समेत चुनाव प्रचारका लागि व्यक्तिगत रूपमा आर्थिक सहयोग गरेको रूक्मिणीको भनाइ छ ।

संविधानसभा सदस्य बन्नु अघि सिंहदरबार समेत पस्नु नभएकी रूक्मिणीलाई एकैचोटी कानुन निर्माण गर्ने

निकायमा आफ्नो दलको नेतृत्व गरेर आउनु उहाँका लागि कम चुनौतिपूर्ण थिएन । तर, ती चुनौतिलाई सामना गर्दै उहाँ अघि बढ्नु भयो । संविधानसभामा आएपछि सहज ढङ्गले संविधान बन्ला र सबैको सुनुवाइ होला भन्ने आशा लिए पनि सोचे जस्तो नभएको रूक्मिणी बताउनुहुन्छ । आफूले गर्न नसकेको भन्दा पनि गर्न नपाएको भन्ने उहाँको भनाइ छ । संविधानसभामा दलगत विचार हावी रहेको र महिला, आदिवासी जनजाति र अन्य पछाडि पारिएका समुदायका कुरा कमै मात्र सुनिने गरेको पनि रूक्मिणीले त्यहाँ अनुभव गर्नु भएको छ ।

रूक्मिणी संवैधानिक समिति र सार्वजनिक सुनुवाइ विशेष समितिका सदस्य हुनुहुन्छ । संविधानसभा र विषयगत समितिमा रूक्मिणीले राज्यको हरेक निकायमा जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भनेर आवाज उठाएको बताउनुहुन्छ । देश सङ्घीयतामा जाँदा ऐतिहासिक पृष्ठभूमि र भाषा क्षेत्रको आधारमा आत्मानिर्णयसहितको स्वायत्त गणराज्य स्थापना हुनुपर्छ भनेर पनि उहाँले मुद्दा उठाउनुभएको छ । यस्तै, नयाँ संविधानमा आदिवासी/जनजातिहरूको अधिकार सुनिश्चित गर्ने महासन्धि आइएलओ १६९ को कार्यान्वयन, धर्म निरपेक्ष राज्य, प्राकृतिक स्रोतसाधनमा आदिवासी जनजातिको अग्राधिकारलगायतका मुद्दाहरू पनि उहाँले उठाउँदै आउनुभएको छ । तर, आदिवासी/जनजातिको मुद्दामा ठूला दलहरूमा 'कानमा तेल हाल्ने' प्रवृत्ति रहेको पनि उहाँ बताउनुहुन्छ ।

महिलाका मुद्दामा नेपालका सबै महिलालाई एउटै बास्केटमा राख्नु नहुने उहाँको तर्क छ । नेपाली महिलाहरू बीच पनि जातीय, भाषिक, आर्थिक, धार्मिक, सांस्कृतिक र सामाजिक विविधता रहेकाले महिलाहरू बीच समानता ल्याउन ५१ प्रतिशत महिलाको जनसंख्याको आधारमा कोटा प्रणालीमा जानुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।

नागरिकताको मुद्दामा नेपाली महिलासँग बिहे गर्ने विदेशी पुरूषले बिहे गरेको १५ वर्षपछि मात्र अङ्गिकृत नागरिकता पाउने तर नेपाली पुरूषसँग बिहे गर्ने विदेशी महिलाले बिहे गर्ने बित्तिकै वंशजको आधारमा नागरिकता पाउने व्यवस्था गलत रहेको उहाँको बुझाइ छ । साथै संवैधानिक निकायमा नेपाली पुरूषसँग बिहे गरेर आउने विदेशी महिलालाई विशेष छुट दिन नहुने पनि उहाँको तर्क छ । नागरिकतामा महिला र पुरूष दुबैलाई बराबर अधिकार हुनुपर्ने उल्लेख गर्दै अङ्गिकृत नागरिकतामा दुबैलाई १५ वर्ष छुट वा दुबैलाई १५ वर्षको समय राख्नुपर्छ भन्ने पनि उहाँको विचार छ । तर, पार्टीको ह्विपले बाँधिएका कारण महिलाहरू महिलाका साझा मुद्दामा एकै ठाउँमा आउन समस्या रहेको उहाँ देख्नुहुन्छ । साथै संविधानसभामा महिलाले बोल्ने अवसर कम पाउने गरेको पनि उहाँले देख्नु भएको छ । तर, संविधानसभामा आफू आफ्नो दलको नेता र एक्लो भएकाले आफ्ना भनाइहरू राख्ने अवसर पाउने गरेको उहाँ बताउनुहुन्छ । 'अरू दलका नेता र अध्यक्ष सबै पुरूष छन् र पुरूष प्रधान सोच भएकाले महिलाले अवसर पाउदैनन्', उहाँको भनाइ छ, 'तर सधैभरी दलकै नेताले मात्र बोल्नुपर्छ भन्ने चाहिँ मलाई लाग्दैन ।'

तर, राष्ट्रिय राजनीतिमा आउँदा जति सजिलो होला भन्ने रूक्मिणीले ठान्नुभएको थियो, काम गर्दै जाँदा त्यो भन्दा विपरित पाएको अनुभव उहाँलाई भएको छ । समग्रमा संविधानसभाको आफ्नो अनुभवलाई रूक्मिणी सकारात्मक रूपमा लिनुहुन्छ । 'राष्ट्रिय राजनीतिमा आउँदा गाउँमा बसेर नेतालाई आफ्ना छोराछोरीलाई जागिर लगाइदेउ भनेजस्तो सजिलो नहुने रहेछ', उहाँ भन्नुहुन्छ, 'दलीय भागभण्डा हुने, त्यसमाथि हाम्रो जस्तो सानो दलको कुरै नसुन्ने प्रवृत्ति पनि त्यहाँ रहेछ ।'



### व्यक्तिगत विवरण

नाम : रूपा सोसी (चौधरी)
ठेगाना स्थायी : टिकापुर-९, ब्लक नं. ५, कैलाली
अस्थायी : पेप्सीकोला-३५ टाउनप्लानिङ्ग, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१–४९९२४७६ (घर), ९८४१५८७९३३ (मो)
जन्म मिति : २०३५/०८/१२
जन्म स्थान : बर्दिया
आमाको नाम : चमेलीदेवी चौधरी
बुबाको नाम : मङ्गलप्रसाद चौधरी
श्रीमान्को नाम : नेपबहादुर थारू
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : प्रत्यक्ष निर्वाचन

# हतियारबद्ध सेनासँग जम्काभेट भयो

रूपा सोसी एनेकपा (माओवादी) का तर्फबाट कैलाली जिल्लामा प्रत्यक्ष चुनाव लडेर संविधानसभा सदस्य निर्वाचित हुनुभएको हो । कमलरी प्रथा कायमै रहेको थारू समुदायको सामान्य परिवारमा जन्मिए पनि बुबाले रूपालाई राजनीतिमा ल्याउन गर्नुभएको प्रयास सफल भएकोमा उहाँ खुशी हुनुहुन्छ ।

बर्दियामा जन्मुन भएकी रूपाको एकजना दाजु र एकजना भाइसमेत पाँचजनाको सानो परिवार थियो । बुबा मङ्गलप्रसाद चौधरी तत्कालीन नेकपा (मशाल)का सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो । पेशाले चिकित्सक भए पनि पार्टीमा उहाँ पूर्णकालीन कार्यकर्ताको रूपमा आबद्ध हुनुभएको थियो । तर उहाँ २०५६ सालमा पहलमानपुर गाविसको खोपा भन्ने ठाउँमा सुरक्षाफौजद्वारा मारिनुभयो । त्यतिबेला माओवादीमा संलग्न भएको आरोपमा रूपा पनि जेलमै हुनुहुन्थ्यो । बुबाको हत्या भएपछि रूपाको सम्पूर्ण परिवार नै तत्कालीन नेकपा (माओवादी)पार्टीमा संलग्न भएर भूमिगत भयो । जेलबाट छुटेपछि रूपा पनि भूमिगत हुनुभयो । रूपाका अनुसार, जेलमा छँदा उहाँले शारीरिक र मानसिक यातना भोग्नु परेको थियो । 'जनयुद्ध' चलिरहेको समयमा उहाँका दाजुलाई स्कुलबाटै पक्राउ गरियो । आमालाई पनि पक्रेर तारेखमा छोडेर प्रहरी प्रशासनले मानसिक यातना दियो । कलेज पढिरहनु भएकी रूपालाई पनि झुठो मुद्दा लगाएर जेलमा लगिएको थियो । हिंसा र प्रतिहिंसाको चपेटामा परेपछि बाध्य भएर सशस्त्र माओवादी विद्रोहमा लाग्नु परेको रूपाको भनाइ छ ।

२०६१ साल फागुन १४ गते कैलालीको मसुरीया गाविसको बढैपुर भन्ने ठाउँमा सेनाले भाइ दीपक चौधरीको पनि हत्या गर्‍यो । यी दुबै घट्नाले उहाँलाई स्तब्ध तुल्यायो । उहाँ भन्नुहुन्छ, 'युद्धकालमा मैले मेरो बुबा र भाइ मात्र होइन अरू धेरै साथीहरूलाई पनि गुमाउनुपर्‍यो । कैयौं घाइते साथीको चित्कार सुनियो, कैयौं चेलीहरूको सिन्दुर पुछिएको र कैयौँ आमाहरूको काख रित्तिएको पनि देखियो ।'

२०५९ सालमा पार्टीकै कार्यकर्ता नेपबहादुर थारूसँग रूपाले जनवादी विवाह गर्नुभयो । माओवादी जनमुक्ति सेनामा रूपा बटालियन कमिसार पदमा हुनुहुन्थ्यो । सेना तथा प्रहरीसँग जम्का भेट हुँदा र भीडन्तमा पर्दा संयोगले मात्रै ज्यान जोगिएका थुप्रै क्षणहरू उहाँ अझै सम्झनुहुन्छ । एकपटक उहाँ अर्घाखाँची जिल्लाको सिद्धेश्वरी भन्ने ठाउँमा ४५-४६ जना घाइतेहरू लिएर जाँदै हुनुहुन्थ्यो । हतियारबद्ध सेनासँग बाटोमा उहाँहरूको जम्काभेट भयो । तर, स्थानीय जनताले साथ दिएकाले रूपा बाँच्न सफल हुनु भयो । साथै सबै घाइतेहरू पनि सकुशल रहे । उहाँ यो घटनालाई जीवनको अविस्मरणीय क्षण ठान्नुहुन्छ ।

रूपाले २०५५ सालमा अनेमसङ्घ (क्रान्तिकारी) जिल्ला सचिव र २०५८ सालमा कैलाली जिल्ला अध्यक्ष भएर काम गर्नुभयो । २०५८ सालमै उहाँ पार्टीको जिल्ला कमिटी सदस्य हुनुभएको थियो । त्यसरी नै उहाँ २०६० सालमा अनेमसङ्घ (क्रान्तिकारी) को केन्द्रीय सदस्य र २०६१ मा जनमुक्ति सेना सातौ डिभीजनको महिला विभाग प्रमुख तथा स्कुल विभागको सदस्य हुँदै २०६३ सालमा जनमुक्ति सेनाको बटालियन कमिसार हुनुभयो । २०६५ सालदेखि रूपा थारूवान राज्य समितिको संयोजक हुनुहुन्छ ।

संविधानसभाको चुनावमा पार्टीले टिकट दिएपछि रूपाले जीवनमा पहिलो पटक चुनावमा भिड्ने तयारी गर्नुभयो । जीवनमा पहिलो पटक चुनावको सामना नगर्नुभएकी रूपालाई चुनावको परिणाम नआएसम्म निकै चिन्ता लागेको थियो । तर, संविधानसभाको चुनावी परिणामले रूपा आश्चर्यचकित बन्नुभएको थियो । उहाँ भन्नुहुन्छ, 'पैसाका आडमा चुनाव लड्ने शक्तिशाली मान्छेहरू र संसदीय राजनीतिका पुराना खेलाडीसँग संविधानसभा चुनावमा लड्दा के हुने होला भन्ने चिन्ता लागेको थियो तर, जनताले मलाई विश्वास गरेर जिताए ।' संविधानसभाको सदस्य निर्वाचित हुँदा रूपालाई लगनशील भएर निरन्तर काम गर्दै गए पुग्न नसकिने ठाउँ कतै नहुँदो रहेछ भन्ने आत्मविश्वास बढेको छ ।

रूपा अहिले संविधानसभातर्फ व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद्तर्फ विधायन समितिको सदस्य हुनुहुन्छ । उहाँले राज्यको नीति निर्माण तहमा महिलाको पुरुष सरह समावेशी सहभागिता रहनुपर्छ भनेर आवाज उठाउनुभएको छ । तर, महिलाको समावेशी तथा समानुपातिक सहभागिता हुनुपर्छ भन्ने विषयमा सबै महिला सभासद्को बुझाइमा एकरूपता छैन । त्यसैले महिलाको ३३ प्रतिशत मात्र सहभागिता हुने भएपछि रूपाले फरक मत दर्ता गराउनु भएको थियो । राष्ट्रपति पुरूष भए उपराष्ट्रपति महिला हुनुपर्ने, प्रधानमन्त्री पुरूष भए उपप्रधानमन्त्री महिला हुनुपर्ने तथा राज्यका मुख्यमुख्य अङ्गहरूमा चक्रीय प्रणाली लागू गर्नुपर्ने भनेर पनि उहाँले उहाँले फरक मत राख्नुभएको छ ।

महिलालाई दयामायाको भरमा नभई चुनावबाटै प्रतिस्पर्धा गरेर आउन सक्ने र जनताबीचमा स्थापित गराउनसक्ने व्यवस्था हुनुपर्नेमा रूपा जोड दिनुहुन्छ । महिलालाई चुनाव हारिने ठाउँहरूमा उम्मेद्वार बनाउने विगतको प्रवृत्ति अन्त्य गर्न निर्वाचन प्रणालीमै सुधार गरी ५० प्रतिशत महिला निर्वाचित हुने निर्वाचन प्रणाली लागू गर्नुपर्ने पनि उहाँको सुझाव छ । दलित, आदिवासी/जनजाति, मधेसी, सुकुम्बासी, मुस्लिम, अल्पसङ्ख्यक लगायतका पछाडि परेका वर्गभित्र पनि महिलाहरू उत्पीडित छन् । त्यसैले ती वर्ग भित्रका महिलाहरूलाई पनि राज्यको नीति निर्माण तहमा समावेश गरेर लैजानुपर्छ भन्ने रूपाको धारणा छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को आयोजनामा १० दिने गोष्ठीमा जापान र भियना जाने अवसर पाइसक्नुभएकी रूपाले नेपालमै आयोजना हुने विभिन्न गोष्ठी तथा कार्यशालाहरूमा पनि भाग लिने मौका पाउनु भएको छ । संविधानसभाभित्र सभासद्हरूले पाउने सुविधाका विषयमा रूपा भन्नुहुन्छ, 'पहिलापहिला पुरूष सांसद्ले पनि सुत्केरीभत्ता लिएको सुनिन्थ्यो, तर अहिले सुत्केरी भएका महिला सभासद्ले पनि भत्ता पाएका छैनन् ।' 'संविधानसभामा बच्चा हेर्नका लागि एउटा कोठा छ, सुविधा केही छैन । दिवा सेवाको व्यवस्था नहुँदा बच्चा हेर्ने मान्छे पनि बाहिरबाट लैजानुपर्ने अवस्था छ ।'

नेपालमा बहुसङ्ख्यक उत्पीडित जनताका लागि केही सीमित व्यक्तिले नीति बनाउने र आफ्नो अनुकूलता अनुसार लाद्ने काम हुँदै आएको रूपाको भनाइ छ । त्यस्तै दुई वर्षभित्रमा नयाँ संविधान बनाउन नसकेकोमा पनि उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ । तर अझै पनि बुद्धि पुऱ्याउने हो भने संविधान बन्छ र संविधान बनेन भने संविधानसभाको औचित्य रहँदैन भन्ने रूपाको धारणा छ ।

सभासद् भएपछि संविधान निर्माण र विकास निर्माणका कार्यलाई सँगसँगै लैजानुपर्ने दोहोरो जिम्मेवारी भएकाले धेरै चुनौतीहरू भएको रूपाले महसुस गर्नुभएको छ । रूपाको बुबाको सपना उत्पीडित वर्ग, लिङ्ग, जाति, क्षेत्र, समुदाय र अन्यायमा परेकाहरूको पक्षमा सङ्घर्ष गर्ने थियो । त्यसैले आजीवन बुबाको सपना साकार पार्न राजनीतिमा सक्रिय रहने रूपाको योजना छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : रूपा बि.क. |
| ठेगाना स्थायी | : हस्तीचौर गाविस-३, घर्तीफाट, गुल्मी |
| अस्थायी | : नयाँ बानेश्वर कामनपा-३४ |
| सम्पर्क ठेगाना | : ९८४१५९३५३१ (मो) |
| जन्म मिति | : २०३७/६/२२ |
| जन्म स्थान | : घरमपानी, तानसेन नगरपालिका-१२, पाल्पा |
| आमाको नाम | : शान्ति बि.क. |
| बुबाको नाम | : लाल बहादुर बि.क. |
| श्रीमान्को नाम | : जिब लाल पंथी |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जातीय मुक्तिका लागि राजनीति

उत्पीडित दलित जाति र आर्थिक रूपले विपन्न परिवारमा जन्मे हुर्केकी रूपा बिकलाई जातीय मुक्तिका लागि केही गर्नुपर्छ भन्ने कुराले राजनीतिमा लाग्न अभिप्रेरित गऱ्यो । त्यसैले उहाँ १४/१५ वर्षको कलिलो उमेरमै माओवादी 'जनयुद्ध'कालिन परिवेशमा राजनीतिमा होमिनुभयो । तानसेन नगरपालिका, घरमपानीमा सामान्य किसान परिवारमा जन्मनु भएकी रूपाका पाँच दाइ र एक दिदी हुनुहुन्छ । उहाँकी दिदी पनि राजनीतिमा हुनुहुन्छ ।

माओवादीको विद्यार्थी सङ्गठनबाट राजनीति गर्न थाल्नु भएकी रूपा २०५५ सालमा पक्राउ परी ९ महिना जेल पर्नुभयो । माओवादी 'जनयुद्ध'को सुरूआती दिनमा जेल परेकोले त्यतिबेला उहाँले मानसिक यातना खेप्नु परे पनि शारिरीक यातना भने सहनु परेन । जेलबाट मुक्त भएपछि उहाँ भूमिगत हुनुभयो । तर, राजनीतिमा प्रवेश गरेपछि आफ्नै पार्टीदेखि समाज र राज्य सत्ताविरूद्ध पनि सङ्घर्ष गर्नु परेको उहाँको भनाइ छ ।

युद्धताका घटेका विभिन्न घटनाहरूमध्ये २०६१ असोजको एउटा घटना अहिले पनि रूपाको स्मृतिमा ताजै छ । पाल्पाको बहादुरपुर गाविसमा भूमिगत अवस्थामा राजनीतिक प्रशिक्षणमा जुट्दा सेना आएर आक्रमण गऱ्यो । त्यतिबेला उहाँहरू ३०/३५ जना हुनुहुन्थ्यो । उहाँ भन्नु हुन्छ, 'हामीसँग त्यतिबेला हतियार थिएन । सेनाको आक्रमणमा परेर हाम्रा तीन जना साथी त्यहीँ मारिनुभयो र तीन जना घाइते भए', उहाँ सुनाउनु हुन्छ, 'म लगायत केही साथीहरू चाहिँ मुस्किलले बाँच्न सफल भयौं ।'

रूपाले कुनै दिन संविधानसभा सदस्य बन्छु भनेर कल्पना गर्नु भएको थिएन । तर, समाजले 'दोस्रो दर्जाको नागरिक'का रूपमा व्यवहार गर्ने दलित समुदायको प्रतिनिधित्वि गरेर संविधानसभामा आउन पाउदा उहाँलाई खुसी र गर्व दुबै अनुभूति भएको छ । उहाँले संविधानसभाअघि अन्तरिम संसद्को सांसद् भएर पनि केही समय काम गर्ने अवसर पाउनुभयो । सुरूमा आउँदा त्यो ठाउँ उहाँका लागि अनौठो थियो । दलले दिएको जिम्मेवारी पूरा गर्न सक्छु कि सक्दिन भन्ने पनि आशंका थियो उहाँको मनमा । तर, अन्तरिम संसद्मा जसले जे बोले

पनि हुने देखेर उहाँलाई त्यो खिचडी जस्तो पनि लाग्यो । अन्तरिम संसद्मा आएपछि बैठकका नियम र प्रक्रिया आदि बुझ्न पनि उहाँलाई गाह्रो भयो । विभिन्न धारा, उपधारा, नियमभित्र बसेर काम गर्नु पर्ने भएकाले अन्तरिम संसद्को समयावधि बुझ्नमै केही समय गयो । तर, त्यही अनुभवले गर्दा नै उहाँलाई संविधानसभामा अलि सजिलो भयो ।

सुरूका दिनमा राजधानीमा आउँदा उहाँलाई पनि केही समस्याको अनुभूति भयो । रूपा भन्नुहुन्छ, 'सामान्य किसान परिवारमा जन्मे हुर्केको मान्छे, ठूलो सहर काठमाण्डौमा बस्दा विविध जटिलता हुने नै भयो । डेरा पाउन पनि गाऱ्हो भयो र त्यसमा पनि माओवादी सांसद् भनेपनि लड्ने र मार्ने हुन् रे भनेर घरधनीहरू भयभीत हुने अवस्था सुरूसुरूका दिनमा थियो ।' २०६३ सालमा बिहे गर्नु भएकी रूपाको डेढ वर्षकी छोरी छिन् । श्रीमान् गुल्मीमै बसेर राजनीति गर्नुहुन्छ । ससुरा र देवर पनि राजनीति मै हुनुहुन्छ । उहाँ चाहिँ सहयोगीका साथ काठमाण्डौं बस्नुहुन्छ । श्रीमान् र श्रीमति दुबैजना राजनीतिमा र बच्चा पनि सानो भएकोले उहाँलाई जिल्लाको कार्यक्षेत्र र पारिवारिक भूमिका निर्वाह गर्न कहिलेकाहिँ गाऱ्हो महसुस हुन्छ । तरपनि बिस्तारै कामकुरो मिलाउँदै अघि बढेको रूपा बताउनुहुन्छ । जिल्लामा पनि समय मिलेसम्म जाने र जिल्लाको विकास निर्माणका योजनाहरू सम्बन्धित ठाउमा पेश गरी बजेट माग गर्ने काम पनि उहाँले गर्दै आउनु भएको छ ।

रूपा संविधानसभा भित्रका भौतिक सुविधामा केही सुधार गर्नु पर्ने आवश्यकता देख्नु हुन्छ । संविधानसभामा आउनु अघि नै कतिपय महिला सदस्यहरूका साना नानीहरू भएका र कतिले संविधानसभा सदस्य भएपछि छोराछोरी जन्माएकाले बैठकमा बस्दा ती साना नानीहरू राख्ने ठाउँको समस्या रहेको रूपा बताउनुहुन्छ । 'कहिलेकाही बैठकमा लामो समय उपस्थिति हुनुपर्दा सानो बच्चा ल्याउनु पर्ने हुन्छ', उहाँ भन्नुहुन्छ, 'संविधानसभामा बल्लबल्ल एउटा कोठा दिएको छ बच्चा राख्नलाई त्यो पनि सानो छ, त्यसमा झोलुङ्गो, खाट केही पनि छैन । बच्चा हेर्ने मान्छे पनि छैन ।'

रूपा संविधानसभा अन्तरगत संवैधानिक समितिको सदस्य हुनुहुन्छ । अब बन्ने संविधानमा महिला र दलित वर्गको हक अधिकार कसरी सुनिश्चित गर्न सकिन्छ भनेर उहाँ लाग्नु भएको छ । दलितलाई सयौँवर्षदेखि सामन्ती राज्यव्यवस्थाले उत्पीडिनमा पारेको र अधिकारबाट वञ्चित गरेकोले आइन्दा राज्यको सबै अङ्गमा दलितको जनसंख्याको आधारमा प्रतिनिधित्व गराउनुपर्छ भन्ने उहाँको माग छ । इतिहासकालदेखि नै दलितहरू राजनीतिदेखि शिक्षासम्म वञ्चित भएकोले उनीहरूलाई केही समयका लागि विशेषाधिकार हुनुपर्छ भनेर उहाँले निरन्तर आवाज पनि उठाउनुभयो । त्यसरी नै राज्यको सबै अङ्गमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व, नागरिकता र पैतृक सम्पत्तिमा महिलालाई समान अधिकार लगायतका कुरा पनि उठाउनुभयो । महिला प्रतिनिधित्वको सन्दर्भमा भने, महिला सदस्यहरूले नै कसैले ५० र कसैले ३३ प्रतिशत भन्ने गरेकाले यो मागमा एकरूपता आउन नसकेको उहाँको भनाइ छ ।

व्यवस्थापिका संसद्को अर्न्तराष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिमा उहाँले बर्दियामा सेनाले दलित महिलालाई बलात्कार गरेर हत्या गरेको घटनाबारे ध्यानाकर्षण गराउनुभएको थियो । आफूले उठाएका आवाजहरू संविधानको अवधारणापत्रमा केही समेटिएको रूपा बताउनुहुन्छ । तर जबसम्म संविधान पूर्ण हुदैन तबसम्म ती समेटिएको मान्न नसकिने र केही विषयहरू अझै पनि धेरै विवादित रहेको र केही विषयका प्रतिवेदनहरू अझै टुङ्गिन नसकेकाले पनि अहिले नै केही भन्न नसकिने अवस्था रहेको उहाँको भनाइ छ ।

संविधानसभामा भाषागत चुनौति रहेको पनि रूपाले अनुभव गर्नुभएको छ । खासगरी मधेसका सदस्यहरूले नेपाली भाषा नबुझ्ने र मधेसी सदस्यहरूले बोलेको भाषा अरूले नबुझ्ने कारणले महिलाका विवादित र छुटेका खासखास मुद्दामा एकरूपता ल्याउन महिला ककसले भूमिका महत्वपूर्ण खेल्नुपर्ने उहाँको भनाइ छ ।

लैङ्गिक हिसाबले संविधानसभामा महिला सदस्यहरूले प्रत्यक्ष विभेद भोग्ने अवस्था नरहेको रूपा बताउनुहुन्छ । यद्यपि, मुद्दाहरूमा छलफल हुँदा भने महिलाले बोलेका कुरालाई केही पुरूष सदस्यहरूले सम्मानपूर्वक नलिने र हाँसेर उडाउने गरेको उहाँले अनुभव गर्नुभएको छ । तर, केही पुरूषहरूले भने महिलाका मुद्दालाई गम्भीर रूपमा लिने गरेको पनि उहाँले पाउनु भएको छ ।

संविधानसभाको अहिले सम्मको रूपाको अनुभव ठिकै रह्यो । समयमा संविधान बन्न नसक्दा दुःख लागे पनि आफ्नो तर्फबाट दिएको योगदानप्रति भने उहाँ सन्तुष्ट नै हुनुहुन्छ । तर, दलगत धारणा पनि नछोड्ने र संविधान पनि छिटो बन्नुपर्छ पनि भन्ने नेताहरूको द्वैध चरित्र तथा प्रवृत्तिले गर्दा नै समयमै संविधान बन्न नसकेको उहाँको धारणा छ । नयाँ संविधानमा जनताका अधिकार सुनिश्चित हुन सके मात्रै संविधानसभा सदस्यहरूले गरेको कामको अर्थ रहने रूपा बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | रेणु चन्द |
| ठेगाना स्थायी | : | ग्वाल्लेक-२, जोशीबुंगा, बैतडी |
| अस्थायी | : | चाकुपाट, ललितपुर |
| सम्पर्क ठेगाना | : | ०१-४२००१०८ (अफिस), ९७४१०५६२७३ (मो) |
| इमेल | : | renu.baitadi@yahoo.com |
| जन्म मिति | : | २०३७/०५/२८ |
| जन्म स्थान | : | मुम्बई, भारत |
| आमाको नाम | : | राधा देवी चन्द |
| बुबाको नाम | : | गोपाल चन्द |
| शिक्षा | : | स्नातक |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | प्रत्यक्ष निर्वाचन |

# सपनाको सहर छोडेर विकट गाउँमा

झट्ट हेर्दा रेणु चन्दलाई संविधानसभाको सदस्य भनेर मान्छेले पत्याउदैनन् । सानो उमेरको जस्तो देखिने भएकोले सुरक्षागार्डले समेत सभासद्को लोगो नलगाएको दिन सिंहदरबारभित्र पस्न दिँदैनन् । कैयौँपटक मन्त्रालय जाँदा मन्त्री र सचिवहरूले नचिनेर 'नानी, आउ बस' भन्दा रेणुलाई अप्ठेरो पनि महसुस हुन्थ्यो ।

भारतको मुम्बईमा जन्मेर त्यहीँ स्नातकसम्मको पढाइ पूरा गर्नु भएकी रेणुको जीवनकथा आफैमा सिनेमाको कथाजस्तो लाग्छ । मुम्बईको सुविधासम्पन्न परिवेशमा जन्मे हुर्केकी उहाँ एकैचोटी सुदूरपश्चिमको विकट गाउँहरूमा राजनीतिक आदर्श फैलाउन पुग्नुभयो । उहाँको परिवार राजनीतिक परिवार हो । उहाँका बुबा ए नेकपा (माओवादी) पार्टीको बैतडी जिल्लाको इन्चार्ज हुनुहुन्छ, आमा पनि पार्टीमै आबद्ध हुनुहुन्छ । भाइ बहिनी पनि पार्टीकै भातृ सङ्गठनमा छन् ।

बुबा सुरूदेखि वामपन्थी आन्दोलनसँग जोडिएकोले मुख्यत उहाँकै प्रेरणाबाट आफू राजनीतिमा आएको रेणु बताउनुहुन्छ । सुरूमा एकताकेन्द्रमा रहेका बुबाले पछि माओवादी पार्टीमा प्रवेश गरी प्रवास शाखाबाटै काम गर्नुभयो । बुबासँगै उहाँ पनि प्रवासबाटै पार्टीको पूर्णकालीन सदस्यको हैसियतमा काम गर्नुहुन्थ्यो । बुबा २०५२ सालमा नेपाल फर्कनुभयो । २०५७ सालमा पार्टीले कार्यक्षेत्र नेपालमै तोकेपछि उहाँ पनि सपनाको सहर मुम्बई छोडेर विकट सुदूर पश्चिम छिर्नुभयो । 'म यहाँ किन छुँ भनी खोजी गर्दा आर्थिक अवस्था ठिक ढङ्गले अघि नबढेको र त्यो केन्द्रिकृत राज्य संरचनाका कारण हो भन्ने महसुस भएकाले यही फर्केर काम गर्नुपर्छ भन्ने लाग्यो', नेपाल फर्केर पूर्णकालीन कार्यकर्ता हुनुको कारण खुलाउँदै उहाँ भन्नुहुन्छ । सुरूमा उहाँले बैतडी हुँदै दार्चुला, अछाम, बाजुरा र कालिकोटमा काम गर्नु भयो । पछि पार्टीले उहाँलाई सुर्खेत र जाजरकोटमा पठायो । माओवादी सेनाको युनिफाइड कमाण्डमा पनि उहाँले काम गर्नुभयो । बाह्र बुँदे समझदारी अघि डोटीको इन्चार्ज र युद्धकालमा पोलिटिकल कमिसार भएर काम गरको रेणु बताउनुहुन्छ ।

युद्धका बेला कुन बेला कहाँ मरिने हो थाहा हुँदैनथ्यो । थुप्रै सम्झनामध्ये २०६२ को एउटा घटना अहिले पनि स्मरण हुन्छ उहाँलाई । जाजरकोटमा ठूलो प्रशिक्षण कार्यक्रम भइरहेका बेला हेलिकप्टरबाट सेनाले बम खसाल्यो । तर कसैलाई केही भएन । सोही साल सुर्खेतकै अल्विनमा पनि कार्यक्रम गर्दा गर्दै सेनाको हेलिकप्टर आयो । बादल लागेकाले वरीपरि केही देख्न सक्ने अवस्था थिएन । 'एकाएक हेलिकप्टरबाट हतियार ताकेको देखियो', उहाँ सुनाउनुहुन्छ, 'त्यतिबेला ८१ रकेट लञ्चरले ११ वटा सेल खसाल्यो । एक जना गाउँले बुढी आमालाई गोली लागेर त्यहीँ मृत्यु भयो । अरूलाई भने केही भएन । त्यतिबेला प्रभाकार देखि पोष्ट बहादुर बोगटी सम्म सबै त्यहीँ हुनुहुन्थ्यो । त्यही दिन नै मेरो जीवनको अन्तिम दिन हो कि जस्तो लाग्यो त्यतिबेला । तर, बाँचियो ।'

संविधानसभाको निर्वाचनमा महाकाली अञ्चलबाट प्रत्यक्षतर्फ उठ्ने माओवादीको उहाँ एक्लो महिला उम्मेद्वार हुनुहुन्थ्यो । बैतडी क्षेत्र नं २ माओवादीका लागि जित्न कठिन क्षेत्र भए पनि उहाँले त्यसलाई चुनौतिको रूपमा लिँदै उठ्नुभयो र जित्नु पनि भयो ।

संविधानसभामा 'जनयुद्ध'कालका एजेण्डा सधै राख्ने गरेको रेणु बताउनुहुन्छ । महिलालगायत उत्पीडित लिङ्ग र क्षेत्रलाई अग्राधिकार र विशेषाधिकार दिनुपर्ने कुरामा पनि उहाँले बढी जोड दिनुभयो र जनसंख्याको आधारमा महिलाको ५० प्रतिशत सहभागीता सुनिश्चित हुनुपर्ने कुरा पनि उठाउनुभयो । साथै ३३ प्रतिशत महिला सहभागिताको कुरा ठगी भएकाले यसलाई निरन्तरता दिन नहुने उहाँको भनाइ छ । पहिला महिलाको समानुपातिक तथा समावेशी सहभागिताका लागि संवैधानिक समितिमा मतदान गर्दा माओवादी महिलाले मात्रै मतदान गरेको र अरूले त्यतिबेला साथ नदिएको रेणु बताउनुहुन्छ । 'अहिले बिस्तारै अरूले पनि केही बुझ्दैछन्', उहाँ भन्नुहुन्छ, 'महिलाका लागि यो धेरै महत्वपूर्ण छ भनेर अहिले एमाले र काङ्ग्रेसका सभासद् महिलाहरूले पनि पार्टी लाइन विपरित गएर पनि बोल्न थालेका छन् । यो राम्रो कुरा हो ।' मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित हुनुपर्ने भनेर पठाइदिएकाले अब आफूले संवैधानिक समितिमा समानुपातिकका लागि लड्नु पर्ने अवस्था रहेको पनि उहाँ बताउनुहुन्छ ।

रेणु आफू संवैधानिक समितिमा भएकोले इमान्दारितापूर्वक सबैका अधिकार लेख्नमा आफ्नो कोशिश रहन्छ भन्नुहुन्छ । उहाँले क्षेत्रीय हिसाबले सुदूरपश्चिम, कर्णाली, हिमाली भेगका कुरा र लिङ्गीय हिसाबमा महिलाका कुरालाई बढी जोड दिनुभएको भएको छ ।

तर, सहमतिका बुँदा छुट्टिएर आएको र समग्र सहमति नभएकाले महिला र पछाडि पारिएका नागरिकका दृष्टिले मस्यौदा संविधान र यसको अवधारणापत्र अहिले नै उपलब्धिमूलक भयो भन्न नसकिने उहाँको भनाइ छ । महिलालाई नागरिकतामा समान अधिकार, समान कामका लागि समान ज्याला (निजी क्षेत्रमा) पारिवारिक सम्पत्ति लगायतका विषय अहिले पनि मस्यौदा संविधानमा छुटेको उहाँको भनाइ छ ।

महिलाका मुद्दामा रेणु पुरूष सदस्यहरूको सहयोग र सद्भाव त्यति सकारात्मक देख्नु हुन्न । उहाँ आफ्नै पुरूष सभासद् साथीहरूमा समेत महिला अगाडि बढेको देख्न नसक्ने प्रवृत्ति छ भन्नुहुन्छ । महिलासँग प्रतिस्पर्धा गर्न चाहने तर महिलाले जितेमा वा उनीहरू महिलाबाट हारे भने ठूलो 'इगो' हुने गरेको अनुभव उहाँले पनि भोग्नु भएको छ । यद्यपि, कतिपय पुरूष सदस्यले महिला सदस्यले बोलेका कुरा गम्भीर रूपमा पनि लिन्छन् र कतिपय

बेला समर्थन पनि गर्छन् । त्यसरी नै महिलाका मुद्दामा सञ्चारमाध्यम पनि पक्षपाती देख्नुहुन्छ उहाँ । 'मिडियाले नागरिकताका सम्बन्धी मुद्दा वा विषय वस्तु सोध्न पुरूषसग किन नहुने ?', उहाँको प्रश्न छ, 'यो उनीहरूको आमा, भाउजु, दिदीबहिनीको समस्या पनि हो कि हैन ?'

महिला सदस्य बीच भने उहाँले भावनात्मक सम्बन्ध राम्रै पाउनु भएको छ । महिलाहरू बीचको एकता खल्बलिनुमा आ–आफ्ना दलको पथप्रदर्शक सिद्धान्त छोडेर अघि बढ्न नसक्नुलाई नै उहाँ मुख्य कारण मान्नुहुन्छ । जब विचारको कुरा आउँछ, आआफ्नो पार्टीको अडानको कुरा पनि आउछ । यद्यपि, महिलाका मुद्दामा मिल्न सक्ने एकताको आधार बन्दै गएको उहाँले पाउनु भएको छ ।

राजधानीको बसाइ रेणुका लागि त्यति सहज छैन । खासगरी परिवारलाई समय दिन उहाँलाई कठिन भएको छ । दिउँसो दुई बजे संविधानसभाको बैठक सुरू हुँदा त्यही बेला छोरीको स्कुल छुट्टी हन्छ । 'एउटा मान्छे हेर्नलाई नियमित चाहिन्छ । कहिलेकाहीँ मम्मी विरामी हुनुभयो वा जिल्ला जाँदा म र बच्चा मात्रै हुन्छौं', चार वर्षे छोरीकी आमाको पिरलो छ, 'त्यतिबेला कहाँ राख्ने ? संविधानसभामा लैजाउँ, बेबी सिटीङ छैन ।' फेरी सभासद् हाइ प्रोफाइल मान्छे भएकाले अपहरणको पनि डर हुन्छ । साना बच्चा हुनेहरू धेरै जना महिला सदस्यहरू छन् तर, संविधानसभामा उनीहरूलाई दुध खुवाउने ठाउको समेत अभाव रहेको रेणु बताउनुहुन्छ । साथै बच्चा राख्ने कोठा नहुँदा बच्चा सुताउन पनि समस्या हुने गरेको पनि रेणुको भनाइ छ ।

अर्कोतिर, संविधानसभामा सदस्यहरूलाई आर्थिक समस्याले पनि पिरोल्ने रेणुको अनुभव छ । बाहिरबाट हेर्दा भत्ता खाएको देखिए पनि एउटा बैठक बस्दा पाउने डेढ सय रूपैयाले त्यो दिनको आउजाउ खर्च पनि नधान्ने उहाँ दाबी गर्नुहुन्छ । जिल्लाका कार्यकर्ता आउँदा बस्दा खाने बस्ने सहयोग त गर्नै पर्‍यो । कार्यव्यस्तताका कारण चाहेर पनि जिल्ला जान नसकेको उहाँको भनाइ छ । आफू संवैधानिक समितिमा भएको र त्यसमा पनि महाकालीबाट पार्टीबाट प्रतिनिधित्व गर्ने आफू एक्लो भएकाले छोड्न नमिल्ने उहाँ बताउँनुहुन्छ ।

संविधानसभामा आइसकेपछि प्राप्त गरेका अनुभव मिश्रित रहेको रेणु बताउनुहुन्छ । नयाँ कुरा सिक्न पाउनुलाई सकारात्मक मान्नुहुन्छ । तर देशको राजनीतिक परिदृश्य र विषयवस्तु ठिक ढङ्गले परिचालित नहुँदा केही निराशा छाएको छ रेणु भन्नुहुन्छ । देश संचालन हुने विधि, प्रक्रिया निराश लाग्दा र अदूरदर्शी रहेको उहाँको विचार छ । उहाँको विचारमा स्वस्थपरक रूपमा छलफल हुन सकेमा अझै पनि निष्कर्षमा पुग्न सकिने ठाउँ छ । संविधान निर्माण प्रक्रिया जतिसुकै ढिला भए पनि मस्यौदा गरेको कुरा जनतामा लैजानु पर्ने उहाँको सझुाव छ । जनताले भनेको कुरा थपेर संविधान बनाउनुपर्छ ।

राजनीतिशास्त्रकी विद्यार्थी उहाँलाई राजनीति फोहोरी खेल भन्ने कहिल्यै लागेन । 'राजनीतिमा केही नराम्रा सोच भएका मान्छे आउँछन्, तर त्यसको अर्थ राजनीति नराम्रो भन्ने हैन', उहाँको दृष्टिकोण बोल्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : रेणुका चौलागाई |
| ठेगाना स्थायी | : पोखरी चौरी गाविस-७, काभ्रेपलाञ्चोक |
| अस्थायी | : कोटेश्वर, वडा नं. ३५, काठमाण्डौ |
| सम्पर्क ठेगाना | : ९८४१६१७८८३ (मो) |
| जन्म मिति | : २०३६/३/२९ |
| जन्म स्थान | : कात्तिके देउराली, काभ्रेपलाञ्चोक |
| आमाको नाम | : भीम कुमारी चौलागाईं |
| बुबाको नाम | : रामचन्द्र चौलागाई |
| श्रीमान्‌को नाम | : नवीन गौतम |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# ५१ प्रतिशत महिला सहभागिता हुनु पर्दछ

सामान्य किसान परिवारमा कान्छी सन्तानका रूपमा हुर्कनु भएकी रेणुका चौलागाइँ भिनाजु यान प्रसाद गौतमको प्रभावले १५ वर्षको उमेरदेखि राजनीतिमा लाग्नु भएको थियो । यानप्रसाद गौतम माओवादीको उपल्लो तहका नेता हुनुहुन्थ्यो । राजनीतिमा नलागोस् भनेर परिवारले उहाँलाई सानै उमेरमा विवाह गरिदिन खोज्दा उहाँले कुनै हालतमा पनि बिहे गर्न मान्नुभएन । २०५१ सालदेखि नेकपा (माओवादी) मा आबद्ध हुनुभएकी रेणुकाले २०५२ सालमा कक्षा ९ मा पढ्दै गर्दा भिनाजु यानप्रसादको भाइ नवीन गौतमसँग बिहे गर्नुभएको थियो । रेणुकाको माइती एमाले समर्थक भएकोले राजनीतिक आस्था नमिलेर उहाँले माइतीमा पनि विद्रोह गर्नुपरेको थियो ।

'जनयुद्ध'को प्रारम्भतिर नै रेणुकाले आतङ्ककारी गतिविधिमा संलग्न भएको अभियोगमा मुद्दा खेप्नु पर्‍यो र अन्य दलका सदस्य तथा सुरक्षाकर्मीहरूबाट पनि कुटपीट, गाली गलौज लगायतका शारिरीक र मानसिक हिंसा भोग्नु पर्‍यो । राजनीति गरेकै कारणले आफैले खोलेको बोर्डिङ स्कूल बन्द गर्न र गाउँमा काम गर्ने पुरूषहरू नभएपछि जीवन निर्वाहका लागि उहाँले गाउँमा हलो समेत जोत्नु पर्‍यो ।

२०५३ सालमा रेणुकाले छोरी जन्माउनु भएकै वर्ष एसएलसीको परीक्षा पनि दिनुभएको थियो । छोरी जन्मेपछि भूमिगत रहनुभएका श्रीमान् रेणुका नियमित सम्पर्कमा रहेको आशंकामा प्रहरी उहाँको पछि लाग्यो । त्यसपछि, 'राजनीतिमा लागेकै कारणले हाम्रो छोरीको हत्या भयो र बुहारी पनि मरेको हामी हेर्न सक्दैनौँ । त्यसैले राजनीति गर्ने नै भए घरै छोडेर गर, हामी जसरी पनि बाँचौला' भनेर सासु ससुराले भनेपछि रेणुकाले १० महिनाकी छोरीलाई घरमै छोडेर पार्टीको काममा पूर्ण रूपमा लाग्नुभयो । २०५४ भदौमा उहाँ माओवादीको पूर्णकालीन कार्यकर्ता भएर औपचारिक रूपले नै भूमिगत हुनु भयो । तर, उहाँको श्रीमान्‌लाई सेनाले २०५६ जेठ ७ गते काठमाण्डौंबाट पक्राउ गरी बेपत्ता पार्‍यो र उनी हालसम्म पनि बेपत्ता छन् । उहाँको श्रीमान्‌को दिदीको पनि माओवादी 'जनयुद्ध'को क्रममा प्रहरीद्वारा हत्या भएको थियो । १९ वर्षको उमेरमा नै श्रीमान्‌सँग बिछोड भएको

घटनाले नै रेणुकालाई बढी भन्दा बढी राजनीतिमा सक्रिय हुन प्रेरित गऱ्यो र श्रीमान्‌को अधुरो सपना पूरा गर्ने प्रतिबद्धता गर्दै उहाँले पार्टीको कामलाई निरन्तरता दिनुभयो ।

भूमिगत कालमा माओवादी सेनाको प्लाटुन कमान्डर भएर रेणुकाले काभ्रे, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक र दोलखा जिल्लाका विभिन्न गाविसमा घुम्दै काम गर्नुभयो । २०५६ को साउनतिर माओवादीले रेणुका समेतको संलग्नतामा काभ्रे जिल्लाको डाँडापारी प्रहरी चौकी कब्जा गरेपछि उहाँ पार्टीको सैनिक फाँट छोडेर उहाँ सङ्गठन बिस्तारको काममा खटिनु भयो । रेणुकाका अनुसार २०५६ साल मंसीरमा उहाँको कान्छा दाजु कमल चौलागाईले दोलखाको मेलुङ्ग मोर्चामा सहादत प्राप्त गर्नुभयो ।

सङ्कटकाल लागेको केही दिनपछि २०५६ पौष १४ गते राती ९ बजे काभ्रे, बालुवा गाविसको चरूवा भन्ने ठाउँमा रेणुका र उहाँका १३ जना साथीहरू सेनाद्वारा पक्राउमा परे । पक्राउ परेपछि घटनास्लमा नै सेनाले उहाँका दुईजना जिम्मेवार साथीहरूको वर्वरतापूर्वक हत्या गऱ्यो । रेणुकालाई चाहिँ सेनाले माओवादी नेता यानप्रसाद गौतमको भाइ बुहारी भनी पहिचान गरे । यान प्रसाद गौतम त्यतिबेला पार्टीकै कारबाहीमा परेको हुँदा रेणुकाबाट धेरै सूचनाहरू पाउन सकिने आशाले पक्राउ परेको स्थानमा नै रातभरी सेनाले उहाँसँग सोधपुछ गऱ्यो । भोलीपल्ट उहाँलाई सेनाले दिनको २ बजेतिर हात पछाडि लगेर वाँधी र खुट्टामा पनि धेरै हिंड्न नमिल्नेगरी बाँधेर आखाँमा पट्टि लगाएको अवस्थामा नै गाडीमा राखेर पाँचखाल लग्यो, जुनकुरा उहाँले पछि मात्र थाहा पाउनु भयो । त्यतिबेला उहाँलाई अब बाँच्ने दिन यति नै हो भन्ने लागेको थियो । चरम शारिरीक तथा मानसिक यातना दिएर १७ दिनसम्म पाँचखालको ब्यारेकमा थुन्दा पनि रेणुकाले माओवादीकाबारेमा महत्वपूर्ण सूचनाहरू नबताएपछि उहाँ लगायत अरू पाँच जना माओवादीलाई आँखामा पट्टी बाँधी ठूलो ठाउँमा लग्ने भनी सेनाले छाउनी ब्यारेकमा ल्यायो ।

छाउनी लगेपछि सुरूमा रेणुकालाई केरकार गर्ने एकजना व्यक्तिले उहाँ आफ्नै चेलीबेटी भएकोले सोध्ने र कारबाही गर्ने काम गर्दिन भनेर गएछन् । तर केरकारको समयमा रेणुकाको आँखामा पट्टि बाँधिएकोले उहाँले सो व्यक्तिलाई अहिलेसम्म पनि चिन्न सक्नु भएको छैन । पाँच छ दिन छाउनी ब्यारेकमा राखेर यातना दिंदापनि उहाँबाट महत्वपूर्ण सूचना नआएपछि उहाँ लगायत पाँचजनालाई काठमाण्डौं जिल्ला प्रहरी कार्यालय हनुमानढोका पुऱ्याइयो । हनुमानढोकामा प्रहरीले खान नदिएपछि उहाँहरूले मागेर समेत खानु परेको थियो । त्यतिबेला उहाँहरूले 'हामीलाई कि त खानदेउ कि त जेल पठाउ, त्यो सकिन्न भने छोडीदेउ र त्यो पनि सकिन्न भने गोली ठोकेर मारिदेउ' भनी चारवटा माग राख्नुभएको थियो । प्रहरीले ती चारैवटा माग पूरा गर्न नसकिने जनाउंदै करीब २५ दिनमा उहाँहरूलाई तीन महिनाको थुनुवा पूर्जी थमाएर केन्द्रीय कारागार पठायो । तीन महिनापछि थुनाबाट छुट्दै र पुनः पक्राउ पर्दै अन्त्यमा रीट निवेदन मार्फत अदालतको आदेशबाट २०६० सालतिर उहाँ जेल मुक्त हुनु भयो । जेलबाट मुक्त भएपछि विरामी परेकोले रेणुका घरतिर लाग्नुभयो । त्यसपछि उहाँले पुनः जिल्ला कमिटीको सदस्य र ताम्सालिङ राज्य समितिको सदस्यको जिम्मेवारी प्राप्त गरी राजनीतिमा नै सक्रिय हुनु भयो ।

त्याग र श्रम गरेपछि त्यसको फल पाउँछ भन्ने विश्वास राख्ने रेणुकालाई संविधानसभाको निर्वाचन हुने भएपछि संविधानसभाको सदस्य हुन्छु भन्ने लागेको थियो र पार्टीले पनि उहाँलाई समानुपातिक तर्फबाट संविधानसभा

सदस्य बन्ने मौका प्रदान गऱ्यो । अहिले उहाँ संविधानसभा अर्न्तगतको राष्ट्रिय हित संरक्षण समिति र व्यवस्थापिका संसद् अन्तर्गत संसदीय सुनवाई विशेष समितिको सदस्यको हैसियतमा संविधान निर्माण कार्य र व्यवस्थापिका संसद्मा संलग्न हुनुहुन्छ ।

आफू संलग्न समितिका बैठकहरूमा उहाँले महिला र आदिवासी/जनजातिका मुद्दाहरू, सेनामा महिलाको सहभागिता, नेपाल-भारत बीचको खुल्ला सीमाना र आवतजावतको व्यवस्थापन तथा सेना समायोजन लगायतका विषयहरू उठाएको र ती विषयहरूले संविधानको मस्यौदा प्रतिवेदनमा स्थान पाएको बताउनु हुन्छ । रेणुकाको विचारमा महिलालाई आरक्षण होईन, विशेषाधिकारको आवश्यकता छ र महिलालाई किस्ताबन्दीमा होईन पूर्ण अधिकार चाहिन्छ । एउटै घरमा जन्मेका छोराछोरीको हैसियत बराबर हुनुपर्छ र महिला पुरूष बीच कुनै पनि आधारमा भेदभाव हुनुहुँदैन । राज्यको हरेक निकायमा ५१ प्रतिशत महिला सहभागिता हुनु पर्दछ र महिलाका मुद्दा उठाउन महिला सदस्यहरू एकजुट हुनुपर्ने पनि उहाँको विचार छ ।

उहाँ संविधानसभालाई हाजिर गरेर दिन बिताउने थलो होईन, सक्रिय रूपमा संविधान बनाउने थलोको रूपमा विकास भएको हेर्न चाहनुहुन्छ । दलहरूको बीचमा अग्रगामी सहमति भएमा संविधान निर्माण कठीन र ढीलो नहुने तर, दलहरूका आआफ्ना स्वार्थका कारणले समस्यालाई सम्बोधन गर्ने विधि र प्रक्रिया नमिलेको उहाँको भनाइ छ ।



### व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | रेणु दाहाल |
| ठेगाना स्थायी | : | कृष्णपुर, भरतपुर नगरपालिका, चितवन |
| अस्थायी | : | बबरमहल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१-४२४१९६३ (घर), ९८४१८९१६९० (मो) |
| इमेल | : | renu.dahal@yahoo.com |
| जन्म मिति | : | २०३४/३/२४ |
| जन्म स्थान | : | चितवन, शिवनगर |
| आमाको नाम | : | सीता पौडेल |
| बुबाको नाम | : | पुष्पकमल दाहाल |
| श्रीमान्को नाम | : | अर्जुन पाठक |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# पार्टीगत सोचबाट माथि उठ्नु पर्दछ

रेणु दाहाल डेढ दशकदेखि नेपालको सम्पूर्ण राजनीतिलाई आफ्नो वरिपरि घुमाउन सफल एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) की छोरी हुनुहुन्छ । बुबाकै प्रेरणाले राजनीतिमा प्रवेश गरेको कुरा बताउन रेणु हिचकिचाउनुहुन्न । रेणु माओवादी 'जनयुद्ध' सुरू हुनु अघिदेखि नै विभिन्न राजनीतिक कार्यक्रमहरूमा सहभागी हुने गर्नुहुन्थ्यो । तर पार्टीको जिम्मेवारी नै सम्हाल्ने हिसाबले चाहिँ उहाँले त्यतिबेला काम गर्नुभएको थिएन । २०५२ सालमा 'जनयुद्ध' सुरू भएपछि रेणुका आमाबुबा भूमिगत हुनुभयो ।

'जनयुद्ध' सुरू भएको एक वर्षपछि २०५३ सालमा प्रवासी नेपाली अर्जुन पाठकसँग रेणुको जनवादी विवाह भयो । त्यतिबेला उहाँ भर्खर १० कक्षामा पढ्दै हुनुहुन्थ्यो र उहाँकी बहिनी नौ कक्षा पढ्थिन् । रेणु र उहाँकी बहिनी भूमिगत बुबालाई भेट्नका लागि भारतको सिलिगुडी जानुभएको थियो । त्यहीबेलामै सिलिगुढीबाट लखनउ लगेर उहाँ र उहाँकी बहिनीको विवाह एकै दिनमा सम्पन्न गराइयो । रेणुको विवाह अर्जुन पाठकसगँ भयो । विवाहको सम्पूर्ण व्यवस्था पार्टीले नै गरेको थियो । विवाहमा बुबा पुष्पकमल दहाल र आमा सीता पौडेल लगायत माओवादी पार्टीका नेताहरू बादल, पम्फा भूषाल, हिसिला यमि आदि पनि उपस्थित हुनुहुन्थ्यो । रेणुका श्रीमान् अर्जुन पाठक अखिल भारत नेपाली विद्यार्थी सङ्घका केन्द्रीय महासचिव हुनुहुन्थ्यो । रेणुको श्रीमान्को घर भारतको पञ्जाव हो । रेणुका ससुरा पनि प्रवासमा माओवादी पार्टीको जिम्मेवार व्यक्ति नै हुनुहुन्छ । विवाहपछि रेणु भारतमै बस्नुभयो र त्यहीँबाट सक्रिय राजनीतिमा लाग्नुभयो । यस अवधिमा उहाँ बेलाबेलामा विभिन्न कार्यक्रमहरूमा भाग लिन नेपाल आउनेजाने गरिरहनुहुन्थ्यो ।

विवाहपछि रेणुले आफ्नो राजनीतिक जीवन प्रवासबाटै अगाडि बढाउनुभयो । रेणुले अखिल भारत नेपाली महिला सङ्घसगँ आबद्ध भएर काम गर्न थाल्नुभयो र महिला इकाइ सदस्य हुँदै जिल्ला, राज्य र केन्द्रको महासचिव तथा अध्यक्षसम्मको जिम्मेवारी पूरा गर्नुभयो । २०५३ सालमा उहाँले तत्कालीन नेकपा (माओवादी) पार्टीको सदस्यता

प्राप्त गर्नुभयो । २०५८ सालमा उहाँ राज्य समितिको सदस्य बन्नुभयो र अहिले उहाँ नेवाः राज्य समितिको सचिवालय सदस्य भएर पनि काम गरिरहनुभएको छ । २०६३ सालमा रेणु रोल्पा जिल्ला कमिटीको सहइन्चार्ज हुनुभयो । त्यसअघि भारतमा छँदा उहाँ नेकपा (माओवादी) पार्टीको हरियाणा पञ्जाव क्षेत्रको इन्चार्ज हुनुहुन्थ्यो । साथै उहाँ महिला सङ्गठनको अध्यक्ष भएर पनि काम गर्नुभयो ।

२०५९ सालमा पार्टीले आयोजना गरेको महिला सम्मेलनमा भाग लिन श्रीमान्को साथमा रेणु भारतबाट प्रतिनिधि भई नेपाल आउनुभएको थियो । कार्यक्रम सकेर भारत फर्कने क्रममा बुटवलको नाकामा सेनाले रोकेर उहाँहरूको झोला खोतल्यो । झोलामा कार्यक्रमका फोटो, पर्चा र पाम्पलेटहरू भेटिएपछि सेनाले उहाँहरूलाई समातेर सेनाको क्याम्पतिर लग्यो । त्यतिखेर रेणुलाई अब सेनाले नछोड्ने भयो भन्ने लागेको थियो । तर उहाँको श्रीमान्ले आफ्नो पढाइको परिचयपत्र देखाएपछि उहाँहरूलाई सेनाले छाडिदियो ।

भारतमा पनि सेना र प्रशासन दुबैले रेणुको परिवारमाथि निरन्तर निगरानी राख्ने गर्थ्यो । नेपालमा सङ्कटकाल लागू भएपछि पञ्जावस्थित उहाँको घरमा धेरैपटक भारतीय प्रहरीले छापा मार्‍यो । उहाँका श्रीमान् र ससुरालाई धेरैपटक थानामा पुर्‍याइयो । उहाँका ससुरा भारतीय बैंकको कर्मचारी हुनुहुन्थ्यो र प्रचण्डकी छोरी उहाँकी बुहारी हुन् भन्ने कुरा त्यहाँको प्रशासनलाई थाहा थियो । थाहा हुनेहरूबीच रेणुका ससुरा प्रचण्डको सम्धी हुन् भनेर चिनिनुहुन्थ्यो र उहाँको प्रत्येक गतिविधिमा निगरानी हुने गर्दथ्यो ।

रेणुका बुबा पुष्पकमल दाहालले राजनीति बाहेक अरू केही सोच्नुहुन्नथ्यो । त्यसैले रेणु र उहाँका भाइबहिनीहरूले सानैदेखि राजनीतिभन्दा बाहेकको अरू छुट्टै जीवन बिताउन र अनुभव गर्न पाउनभएन । रेणु भन्नुहुन्छ, 'हामीले सानैदेखि बुबाले राजनीति बाहेक अरू विषयमा कुरा गर्नुभएको खासै सुनेनौँ । बुबाले सँधै हामीलाई हाम्रो जीवन राजनीति हो र हाम्रो भविष्य सम्पूर्ण नेपाली जनता र सर्वहारा वर्गसँग गाँसिएको छ भन्नुहुन्थ्यो ।' बुबा पूर्णकालीन राजनीतिमा लाग्नु भएकाले घरको आर्थिक स्थिति कमजोर थियो र रेणु दुई वर्षको उमेरदेखि मामाघरमा बसेर हुर्कनुभएको थियो । त्यसैले बुबासँग रेणुले लामो समय बिताउन पाउनु भएको छैन । रेणु जन्मनुअघि २०३४ सालदेखि ने बुबा पुष्पकमल दाहाल भूमिगत हुनुहुन्थ्यो । तर बुबासँग कहिलेकहीँ भेट हुँदा पनि उहाँ अलि बढि राजनीतिकै कुरा गर्नुहुन्थ्यो । उहाँको विवाहपछि त बुबासँगको भेट झन पातलियो । विवाह भएपछि एकैपटक २०५६ सालमा मात्र बुबासँग रेणुको भेट भयो । त्यसपछि उहाँले २०५८ सालमा भारतमै एउटा कार्यक्रम हुँदा बुबालाई भेट्नु भयो । रेणु आफ्नो बुबा पुष्पकमल दाहाललाई साहसी, निडर र सक्षम ठान्नुहुन्छ । उहाँ थप्नुहुन्छ, 'मेरो बुबा मात्र होइन, आमा पनि उत्तिकै साहसी हुनुहुन्छ ।'

हाल एनेकपा (माओवादी) पार्टीका तर्फबाट रेणु संविधानसभा सदस्य चुनिनु भएको छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभा सदस्य हुनु नै सबै कुरा होइन र म यसलाई त्यति ठूलो कुरा पनि ठान्दिन । किनभने, सबैभन्दा ठूलो कुरा त राष्ट्र र जनताका पक्षमा कति गर्न सकियो र अब कति योगदान दिने भन्ने हो ।'

रेणु संविधानसभाको जनमत सङ्कलन समिति र व्यवस्थापिका संसद्को विकास समितिको सदस्य हुनुहुन्छ । नयाँ संविधानका निर्माण गर्नका लागि जनमत सङ्कलन गर्न उहाँ गाउँगाउँमा पुग्नुभएको छ । त्यसैले जनता कस्तो संविधान चाहन्छन् भन्ने कुरा आफूले प्रत्यक्ष रूपमा बुझ्ने मौका पाएको उहाँ बताउनुहुन्छ ।

नेपाली महिलाका समस्याहरू उस्तै भए पनि संविधानसभाभित्र महिला सदस्यहरू बीचको फरक राजनीतिक दृष्टिकोण, जातीय एवम् क्षेत्रीय भिन्नताले महिलाहरूलाई एकआपसमा टाढा राखिएजस्तो अनुभूति रेणुलाई भएको छ । साथै संविधानसभाका कतिपय पुरूष सदस्यहरूले महिलाहरूलाई कम आँक्ने र उनीहरू पितृसत्तात्मक सोचबाट ग्रसित भएको पनि उहाँले अनुभव गर्नुभएको छ । त्यस्तै राजनैतिक पार्टीहरूले अझै पनि आफ्नो व्यक्तिगत र पार्टीगत सोचबाट माथि उठेर समग्र राष्ट्र र जनताको हितका लागि काम गर्न नसकेको पनि उहाँको ठहर छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : रेणु यादव |
| ठेगाना स्थायी | : खरकपुर गाउँ, राजविराज-४, सप्तरी |
| अस्थायी | : शान्तिनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१५१२३५३ (मो) |
| जन्म मिति | : २०२०/३/६ |
| जन्म स्थान | : विहार, भारत |
| आमाको नाम | : चिन्तामणी देवी यादव |
| बुबाको नाम | : स्व. आर. पी. यादव |
| श्रीमान्को नाम | : स्व. अशोककुमार यादव |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : मधेसी जनअधिकार फोरम नेपाल |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# राजनीति गर्नेहरूले चुनाव हार्दैमा निराश हुनुहुँदैन

रेणुले राजनीतिमा लागेको देखेर सुरु सुरुमा गाउँका कतिपय मानिसहरू भन्ने गर्थे, 'रेणुलाई सबै कुरा पुगेकै छ तर, उसलाई फेरि किन राजनीति गर्नुपर्ने?' राजनीतिप्रतिको नेपाली समाजको सामान्य बुझाइ पनि यही नै हो । राजनीतिमा दाम र नाम कमाउन जाने हो भन्ने अझै पनि धेरैको बुझाइ छ । तर, रेणु यादव भने दामका लागि नभई समाजसेवा गर्ने उद्देश्यले राजनीतिमा प्रवेश गर्नुभएको थियो । स

भारतको बिहारमा जन्मनु भएकी रेणु यादव राजनीतिक पृष्ठभूमि भएको परिवारमा हुर्कनुभएको थियो । उहाँको माइती राजनीतिक परिवार थियो । उहाँको बिहे पनि राजनीतिक परिवारमा नै भयो । उहाँको ससुरा इन्द्रदेव यादव पञ्चायती व्यवस्थामा राष्ट्रिय पञ्चायतको सदस्य हुनुहुन्थ्यो । २०४१ सालमा ससुराको निधन भएपछि रेणुका श्रीमान् अशोककुमार यादव राजनीतिमा सक्रिय हुनुभयो । तर, यही क्रममा श्रीमान्को हत्या भयो । श्रीमान्को हत्याले रेणु पीडा र शोकमा डुब्नुभयो । श्रीमान् बितेपछि उहाँका दुई वर्ष शोकमै बिते ।

साथीभाइ र शुभचिन्तकहरूले रेणुलाई घरमा मात्र नबस्न र राजनीतिमा आउन आग्रह गरे । राजनीतिलाई सानै देखि नजिकबाट सुन्ने, देख्ने र बुझ्ने मौका पाउनु भएकी रेणुलाई राजनीतिमा आउन शुभचिन्तकहरूले गरेको आग्रह ठीक लाग्यो । तर, मधेसी महिलाले आजभन्दा २० वर्ष अघि घरबाट बाहिर निस्केर राजनीतिक गतिविधिमा संलग्न हुनु भनेको चानचुने कुरो थिएन । त्यतिबेलाको मधेसी समाजमा महिलालाई हेर्ने दृष्टिकोण अहिलेको अवस्थामा भन्दा निकै सङ्कुचित र रूढीवादी किसिमको थियो । महिलाको सबैभन्दा ठूलो कर्तव्य घुम्टो हालेर घरभित्रै बस्ने र श्रीमान्, छोराछोरी तथा परिवारको सेवा गर्ने नै हो भन्ने सामाजिक मान्यता थियो । त्यसैले मधेसी समाजमा राजनीतिमा महिलाको प्रवेशलाई नकारात्मक झैँ मानिन्थ्यो । तर त्यस्तो समाजमा पनि रेणुलाई राजनीतिमा लाग्न प्रेरणा दिने र सहयोग गर्ने मानिसहरूको कमी थिएन । त्यसैले महिलालाई हेर्ने समाजको नकारात्मक दृष्टिकोणलाई बदल्न कसै न कसैले त आँट गर्नैपर्छ भन्ने सोचाइले रेणुले राजनीतिमा प्रवेश गर्ने

हिम्मत गर्नुभयो । सासु र माइतीले पनि उहाँलाई राजनीतिमा अघि बढ्न स्वीकृति र सहयोग दिनुभयो । त्यसपछि उहाँले २०४६ सालमा विधिवत रूपले नेपाली काङ्ग्रेस पार्टीमा प्रवेश गर्नुभयो ।

रेणुको काम गर्ने तरिका र उहाँको क्षमता देखेर पार्टीले उहाँलाई नेपाल महिला सङ्घको जिल्ला अध्यक्ष पदको जिम्मेवारी दियो । त्यसपछि उहाँले सप्तरी जिल्लाका धेरै ठाउँमा सङ्गठन बिस्तार गर्नुभयो । २०४८ सालमा आमचुनाव भयो । सप्तरी जिल्लाबाट चुनाव लड्नका लागि रेणु पनि एकजना सशक्त दावेदार हुनुहुन्थ्यो । तर पार्टीले उहाँलाई टिकट दिएन । पार्टीले उहाँलाई टिकट नदिएकोले धेरै कार्यकर्ता रिसाए र उहाँलाई स्वतन्त्र उम्मेद्वार बनाएर चुनावमा उठाए । तर चुनावमा थोरै मतले मात्र उहाँ पराजित हुनुभयो ।

चुनाव हारेपछि रेणुले अझ बढी जनताका नजिक भएर काम गर्न थाल्नुभयो । तर राजनीति गर्ने मान्छेले स्वतन्त्र भएर काम गर्नुको अर्थ छैन, कुनै न कुनै पार्टीमा संलग्न हुनैपर्छ भनेर साथीहरूले उहाँलाई सम्झाउन थाले । उहाँलाई नेपाली काङ्ग्रेसमै फेरि फर्कने मन पनि भएन । केही साथीहरूले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा प्रवेश गर्न पनि उहाँलाई सल्लाह दिएपछि रेणुले राप्रपा प्रवेश गर्नुभयो । २०५१ सालको मध्यावधि चुनावमा रेणुलाई राप्रपाले टिकट दियो र उहाँले राप्रपाका तर्फबाट चुनाव लड्नुभयो । तर त्यो चुनावमा पनि केहि मतले उहाँको हार भयो । दुई पटक चुनावमा हार्दा दुःख लागेपनि उहाँ निराश चाहिँ हुनु भएन । राजनीति गर्नेहरूले चुनावमा हार्दैमा निराश हुनु हुँदैन भनेर उहाँले आफूले आफैलाई सम्झाउनुभयो । तर, २०५६ सालको चुनावमा उहाँ अत्यधिक मतले विजयी हुनुभयो । २०६० सालमा सूर्यबहादुर थापाको मन्त्रिमण्डलमा रेणुले महिला बालबालिका तथा समाजकल्याण राज्यमन्त्री र विज्ञान तथा प्रविधि राज्यमन्त्री भएर ११ महिना काम गर्नुभयो ।

२०६२/६३ सालको राजनीतिक परिवर्तनपछि तराईमा मधेस आन्दोलन चर्कियो र उहाँले राप्रपा त्याग गरी मधेसी जनअधिकार फोरममा प्रवेश गर्नुभयो । राप्रपामा छँदा उहाँले सप्तरी क्षेत्र न. ३ बाट चुनाव जित्दै आउनुभएको थियो । संविधानसभाको चुनावमा फोरमले उहाँलाई सप्तरी क्षेत्र नं. ४ को उम्मेद्वार बनायो र चुनावमा उहाँ मधेसी जनाधिकार फोरमका तर्फबाट विजयी हुनुभयो । चुनावपछि गठन भएको पुष्पकमल दाहाल 'प्रचण्ड' को सरकारमा उहाँ शिक्षामन्त्री हुनुहुन्थ्यो । चुनाव जितेर संविधानसभा जस्तो ऐतिहासिक र गरिमामय स्थानमा पुग्नुलाई रेणु जनताले उहाँलाई गरेको विश्वास र आफूमा भएको अठोटलाई ठान्नुहुन्छ । संविधानसभा मार्फत संविधान बनाउने अवसर धेरै कम देशहरूले मात्रै पाउँछन् । त्यो अवसर आज नेपाललाई प्राप्त भएको छ । तर, यस्तो अवसर पनि खेर जान लागेकोमा रेणु चिन्ता व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'नेपाली राजनीतिले यस्तो गौरवमय अवसरलाई सही रूपमा उपयोग गर्न नसकेकोमा दुःख लागेको छ ।'

संविधानसभामा रेणुले लैङ्गिक अधिकार सुनिश्चित हुनुपर्ने, सम्पत्तिमा छोराछोरी दुबैलाई समान अधिकार हुनुपर्ने, राज्यका हरेक अङ्गमा ३३ प्रतिशत महिला सहभागिता हुने भनिएपनि त्यो लागू हुन नसकेकोले महिलाको ३३ प्रतिशत सहभागितालाई स्पष्टसँग संविधानमा आरक्षित भनेरै किटान गर्नुपर्ने माग गर्दै आउनुभएको छ । त्यसकारणले महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम, अपाङ्ग, एकल जस्ता पछाडि पारिएका समुदायका हितका लागि 'समावेशी विधेयक' आवश्यक हो भन्ने रेणुको सुझाव छ ।

राजनीतिमा लागेपछि रेणुले महसुस गर्नुभएको एउटा कुरा चाहिँ महिला होस् वा पुरूष राजनीतिमा सफल हुने हो भने उनीहरूले आफ्नो उद्देश्य के हो भन्ने कुरा बुझ्नुपर्छ अनि अठोट लिएर अगाडि बढ्नुपर्छ । रेणुको भनाइ छ, 'महिला अधिकार र हकहितका कुरा जति गरे पनि महिलाले सबैभन्दा पहिला शिक्षामा जोड दिनुपर्छ । त्यसैगरि महिलाहरू आर्थिक रूपले स्वतन्त्र र निर्भर नभएसम्म उनीहरूको नेतृत्व र क्षमताको विकास हुन धेरै गाह्रो पर्छ । तर, अघि बढ्नका लागि महिलाहरूलाई घरपरिवार र समाजको पनि उत्तिकै सहयोगको आवश्यकता छ । त्यसैगरि जनचेतना बढाउन पनि उत्तिकै आवश्यक छ । यसका साथै संविधानसभामा एक पटकका लागि महिलाहरूको संख्या बढाएर मात्र खासै उपलब्धि हुँदैन । तसर्थ आगामी व्यवस्थापिका संसद्हरूमा महिलाको समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गराउनका लागि समावेशी तथा समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने कुरा संविधानमै लेखिनुपर्ने कुरामा पनि रेणु जोड दिनुहुन्छ ।



### व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | लक्की शेर्पा |
| ठेगाना स्थायी | : | माधिमूल खर्क–५, संखुवासभा, कोशी |
| अस्थायी | : | भिमसेनगोला, काठमाण्डौ–३४ |
| सम्पर्क ठेगाना | : | ०१४११५६८७ (घर), ९८५१०३९२२६ (मो) |
| इमेल | : | sherpalucky@yahoo.com |
| जन्म मिति | : | २०३१/१०/२३ |
| जन्म स्थान | : | सुनसरी |
| आमाको नाम | : | कामु शेर्पा |
| बुबाको नाम | : | श्यामसुन्दर शेर्पा |
| श्रीमान्को नाम | : | सोनाम शेर्पा |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# नेपाली महिला आन्दोलनले महिलाका विविधतालाई अझै स्वीकारेको छैन

लक्की शेर्पा सानो छँदा उहाँलाई बुबाले यो मेरो छोरो हो भनेर चिनाउने गर्नुहुन्थ्यो । तर बुबाले यसरी आफूलाई छोरो भनेर चिनाउँदा वा बोलाउँदा लक्कीको मनमा 'बुबाले किन मलाई छोरो भन्नु भएको होला' भन्ने प्रश्न उठ्थ्यो । आफू छोरी भएपनि छोरा भनेर बोलाउँदा भेदभाव गरे जस्तो पनि लाग्थ्यो ।

लक्कीका दाजुभाइ छैनन् । उहाँहरू दुई दिदीबहिनीहरू मात्र हुनुहुन्छ । त्यसैले उहाँको परिवारमा छोरा नभएको विषयलाई लिएर बेलाबेलामा कुरा चलिरहन्थ्यो । आफन्त, छिमेकी र कहिलेकाहीँ घरमा आउने पाहुनाले समेत लक्कीका आमाबुबालाई उहाँकै अगाडि 'किन दुईजना छोरीहरू मात्र, एकजना छोरा पनि जन्माउनु पर्‍यो नि, नत्र बुढेसकालमा कसले हेर्छ?' भनी सोध्ने तथा छोरा जन्माउन सल्लाह सुझाव दिने गर्थे । यस्तो कुराकानी सुनेर उहाँलाई एक प्रकारको यातना महसुस हुन्थ्यो । आफन्त तथा छिमेकीले छोरा छैन भनेर आफ्ना आमाबुबालाई अनावश्यक मानसिक दबाब र पीडा दिएको देखेर लक्कीलाई मनमनै रीस उठ्थ्यो र कहिलेकाहीँ दाजुभाइ नभएकोले दुःख र पछुतो पनि लाग्थ्यो । उहाँ आफैसँग पनि प्रश्न गर्नुहुन्थ्यो, 'किन छोरा नै चाहिने होला? म पनि छोरा भन्दा के कम छु र?' अनि मनमा ईख पनि जाग्थ्यो 'म छोराले भन्दा पनि राम्रो काम गरेर देखाउँछु ।'

आफूलाई छोराभन्दा कम छैन भनेर प्रमाणित गर्न लक्कीले सानै उमेरदेखि राम्रो पढ्न र अनुशासनमा बस्न सिक्नुभयो । यसले गर्दा उहाँ पढाइमा कहिल्यै पछाडि पर्नुभएन । पढाइ मात्र होइन सङ्गीत, नृत्य खेलकुद जस्ता अतिरिक्त क्रियाकलापहरूमा पनि उहाँले सक्रिय रूपले भाग लिने गर्नुभयो । आत्मरक्षाका लागि भनेर कराते पनि सिक्नुभयो । भविष्यमा राम्रो उपलब्धि हासिल गर्नका लागि नयाँ र अर्थपूर्ण काम गर्नुपर्छ भन्ने ईख उहाँको मनमा सानै उमेरदेखि थियो । त्यही ईखले गर्दा नै ३४ वर्षको उमैरमै उहाँ संविधानसभाको चुनावमा समानुपातिकतर्फबाट

संविधानसभा सदस्य छानिनुभयो । लक्की भन्नुहुन्छ, 'केही बन्नका लागि वा केही गर्नका लागि मानिसमा ईख हुनुपर्छ भन्ने मलाई सानै उमैरदेखि नै लाग्थ्यो र त्यही दुःखले गर्दा नै म आज यहाँसम्म आइपुगेँ ।'

अर्थशास्त्र विषयमा स्नातकोत्तर लक्कीले सामाजिक सेवाबाट राजनीतिमा प्रवेश गर्नु भएको हो । पढाइ सकिएपछि उहाँले लैङ्गिक समानता र चेलिबेटी बेचबिखनको क्षेत्रमा केही समय काम गर्नुभयो । चेलिबेटी बेचबिखनको क्षेत्रमा काम गर्दा उहाँले महसुस गर्नुभयो अरू समुदायका महिलाको तुलनामा आदिवासी/जनजाति महिलाहरू बढी स्वदेश तथा विदेशका वेश्यालयहरूमा बेचिएका रहेछन् । यति मात्र होइन, नेपालका आदिवासी/जनजातिहरू शिक्षा, रोजगारी, स्थास्थ्य र अन्य जुनसुकै क्षेत्रमा पनि पछाडि परेका रहेछन् र राज्यको निर्णायक तहमा पनि उनीहरूको पहुँच रहेनछ । उनीहरू पछाडि पर्नुमा राज्यको विभेदकारी नीति नै मुख्य रूपले जिम्मेवार रहेछ ।

आदिवासी/जनजाति महिलाहरू हरेक क्षेत्रमा पछाडि परेका र राज्यको निर्णायक तहमा उनीहरूको कतै पहुँच नभएको कुरा पनि लक्कीलाई स्पष्ट हुँदै गयो । अझ राज्य र महिला आन्दोलनका अगुवा महिला नेतृहरूले पनि नेपाली महिला भित्रका विविधतालाई पूर्ण रूपले नस्वीकारेको कुरा पनि उहाँलाई महसुस भयो । नेपालका सबै महिलाहरू नेपाली भएपनि उनीहरू भित्र विभिन्न जाति, धर्म, संस्कृति र वर्गका महिलाहरू छन् । त्यसैले हरेक समुदायका महिलाका आ आफ्नै समस्या तथा चुनौतीहरू छन् र तीनलाई जातीय, क्षेत्रगत र वर्गीय हिसाबले हेर्नुपर्ने उहाँको धारणा छ । साथै हिमालका महिलाले तराईका महिलाको समस्या बुझ्नुपर्छ । तराईका महिलाले कर्णालीका महिलाको पनि समस्या बुझ्नुपर्छ तर, अहिलेसम्म महिलाहरूले आआफ्ना समस्यालाई मात्र देख्ने प्रवृत्ति रहेको लक्कीको भनाइ छ ।

त्यसैले २३७ वर्षे सामन्ती राजतन्त्रले थोपरेको निरङ्कुशता तथा एक जाति, एक भाषा, एक धर्म, एक क्षेत्र र पुरूषवादी चिन्तनलाई समाप्त गर्न राजनीतिमा लाग्ने उहाँमा सोच आयो । उहाँ भन्नुहुन्छ, 'सामाजिक क्षेत्रमा लागेर मात्र आफूले समाजमा चाहे जस्तो परिवर्तन सम्भव छैन । त्यसैले समग्र रूपान्तरणका लागि राजनीति नै गर्नुपर्दो रहेछ ।'

सन् २००३ मा लक्की नेपालका आदिवासी/जनजातिका जातीय संस्थाहरूको छाता सङ्गठन नेपाल आदिवासी/जनजाति महासङ्घको केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । त्यहाँ उहाँले आदिवासी/जनजाति आन्दोलनलाई सशक्त बनाउने हो भने आदिवासी/जनजाति महासङ्घ र जातीय संस्थाहरूको निर्णायक तहमा आदिवासी/जनजाति महिलाको सक्दो बढी सहभागिता हुनुपर्छ भन्ने मुद्दालाई उठाउनुभयो । लक्की करिब ५ पटक नेपाल आदिवासी/जनजाति महासङ्घको कार्यवाहक महासचिव भइसक्नु भएको छ । सन् २००७ मा संविधानसभाको निर्वाचन पूर्ण समानुपातिक हुनुपर्ने माग राखेर जनजाति महासङ्घले आन्दोलन हाँकेको बेलामा पनि लक्की महासङ्घको कार्यवाहक महासचिव हुनुहुन्थ्यो । त्यतिबैला उहाँकै नेतृत्वमा जनजाति महासङ्घले नेपालको अन्तरिम संविधान जलाएको थियो र त्यतिबेला उहाँ गर्भवती हुनुहुन्थ्यो । लक्कीको भनाइ छ, 'त्यतिबेला मलाई मेरो स्वास्थ्य र पेटको बच्चा भन्दा पनि आन्दोलन महत्वपूर्ण लागेको थियो ।'

राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मञ्चहरूमा आदिवासी/जनजातिको अधिकारका सवालहरू उठाउँदै आउनुभएकी लक्कीले २०६२/६३ को दोस्रो जनआन्दोलनमा आदिवासी/जनजातिलाई सँगठित गर्दै आन्दोलनको नेतृत्वसमेत गर्नुभएको

थियो । वामपन्थी पारिवारिक पृष्टभूमिमा हुर्कनु भएकी लक्की कलेजका सुरूका दिनदेखि नै अनेस्वरावियु (एकताको पाँचौँ) सँग निकट हुनुहुन्थ्यो । प्रजातान्त्रिक युवा सङ्घको पहिलो महाधिवेशनबाट केन्द्रीय समितिमा चुनिनु भई उहाँले सामाजिक विभाग प्रमुखको रूपमा पनि काम गर्नु भएको थियो । हाल उहाँ ग्लोबल इन्डिजिनस् पार्लियमेन्टरियन नेटवर्कको अन्तर्राष्ट्रिय संयोजकको रूपमा पनि सक्रिय हुनुहुन्छ र यो संस्थाले संयुक्त राष्ट्रसङ्घमा विश्वभरिका आदिवासी/जनजाति सांसद्हरूलाई भेला गराएर आदिवासी मामिला सम्वन्धी बैठक सम्पन्न गरिसकेको छ ।

लक्कीको बिहे सन् २००३ मा 'इको टुरिजम' को क्षेत्रमा कार्यरत सोनाम शेर्पासँग भयो । बिहेपछि श्रीमान्को सहयोग र समर्थनले आदिवासी/जनजाति तथा महिला आन्दोलनमा अझ सक्रिय ढङ्गले लाग्न सकेको लक्की बताउनुहुन्छ । उहाँ हाल संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना तथा शासकीय स्वरूप निर्धारण समिति तथा व्यवस्थापिका संसद्तर्फ अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिको सदस्य रहनुभएको छ ।

महिला दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम र अल्पसङ्ख्यक आदिका मुद्दाहरू उठाउँदा भाषण गरे जस्तो सजिलो नहुने लक्कीको अनुभव छ । यस्ता सवाललाई संविधानमा समेट्नका लागि निकै नै चुनौतीसँग सामना गर्नुपर्ने उहाँको भनाइ छ । सङ्घीय प्रणालीका विषयमा कुरा उठाउँदा उहाँ आदिवासी/जनजातिको पहिचान, सामर्थ्य र नेपालको वस्तुस्थितिलाई मिल्ने किसिमको सङ्घीय प्रणालीमा जानुपर्ने धारणा राख्नुहुन्छ ।

संविधानसभामा महिलाहरूले महिलाका बाहेक अरू राष्ट्रिय मुद्दाहरू उठाउने अवसर नपाउनुमा लक्की पार्टी संयन्त्रमा नै मुख्य समस्या देख्नुहुन्छ । साथै महिलाहरूले राष्ट्रिय मुद्दाहरू उठाउनै सक्दैनन् भन्ने पुरूषवादी सोच पनि जिम्मेवार रहेको उहाँ बताउनुहुन्छ । तर, संविधानसभामा आधिकारिक धारणा राख्ने भनेको पार्टीले नै हो । तर, पार्टीका सबैजसो शीर्ष नेताहरू सबै पुरूषै छन् । उहाँ भन्नुहुन्छ, 'पुरूषहरूमा पितृसत्तात्मक चिन्तन देखिन्छ । संविधानसभामै हेर्नुस् १९७ महिला सभासद्हरू हुनुहुन्छ । महिलाले उठाएका मुद्दामाथि पुरूष सभासद्हरू केही बोल्नुहुन्न । त्यसमाथि न उहाँहरू सकारात्मक भूमिका खेल्न सक्नुहुन्छ, न त नकारात्मक नै ।' नेपालमा राजनीति गर्न नेताका घरघरमा दौडिरहनुपर्ने सामन्ती संस्कार छ । तर, महिलाहरूले त्यसो गर्न सक्दैनन् र उनीहरूले त्यसरी चाकडीमा हिँड्ने समय र वातावरण पनि पाउँदैनन् । नेपालको राजनीतिमा महिलाहरू पछाडि पर्नुको एउटा मुख्य कारण यो पनि हो भन्ने लक्कीको ठम्याइ छ ।

लक्कीले व्यवस्थापिका संसद्मा महिला ककस स्थापनाका लागि लागिपर्नु भएको थियो । नेपाली महिला माथि हुने विभेदको अन्त गर्न संसद्भित्र महिला ककस आवश्यक परेको उहाँको बुझाइ छ । साथै सम्पूर्ण महिलाको साझा आवाज उठाउन पनि ककसको आवश्यकता परेको उहाँ बताउनुहुन्छ । महिला संविधानसभा सदस्यहरूले सुरूमा ककसको माग गर्दा नेतृत्व तहबाट अल्मल्याउने काम भएको, तर महिलाहरूको निरन्तर दबाब र प्रयासले मात्र यसको गठन सम्भव भएको पनि उहाँ बताउनुहुन्छ । तर, महिला सभासद्लाई ककसकाबारेमा बुझाउनै बाँकी रहेको र यसले १९७ जना महिला सभासद्हरूलाई अझै राम्ररी समेट्न नसकेको पनि उहाँको भनाइ छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : ललिता किंगरिङ मगर |
| ठेगाना स्थायी | : पौवा गाउँ, भिमखोरी गाविस-१, काभ्रेपलाञ्चोक |
| अस्थायी | : भोटेबहाल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ४२५६५६४ (घर), ९७४११५८५४७ (मो) |
| जन्म मिति | : २०१८/११/१ |
| जन्म स्थान | : रौतहट, जुडबेला गाविस |
| आमाको नाम | : अमृता आलेमगर |
| बुबाको नाम | : बल बहादुर आले मगर |
| श्रीमान्‌को नाम | : बुद्धि बहादुर किंगरिङ मगर |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| .निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिला भए पनि पुरूषकै आमा हुँ

सभासद् ललिता किंगरिङ मगरको राजनीतिक यात्रा रोमाञ्चकारी घटनाहरूले भरिएका छन् । आफ्नै जीवनमा घटेका कतिपय घटनाहरूले उहाँ आफै आश्चर्यमा पर्नु भएको छ । जस्तो, संविधानसभाको प्रत्यक्ष निर्वाचन पछि समानुपातिक तर्फका प्रतिनिधिहरूको नाम घोषणा भएको दिन उहाँ काठमाण्डौंको न्यूरोडस्थित नेपाल वायुसेवा निगम अगाडिको फुटपाथमा आफैँले बुनेका रूमालहरू बेचिरहनुभएको थियो । अचानक उहाँलाई आफ्नो पार्टीको जिल्ला सभापति शिवप्रसाद हुमागाइले फोन गरेर सुनाउनुभयो, 'ल बधाई छ, तपाईंलाई, तपाईं सभासद् हुनुभयो ।'

खबर सुनेर उहाँ चकित हुनुभयो । केही बोल्न सक्नुभएन । जिउ सुके जस्तो भयो । के गरूँ, कसो गरूँ हुनथाल्यो । उहाँको त्यो छटपटी देखेर सँगै पसल राख्ने साथीहरूले के भयो तपाईंलाई भनेर सोध्न थाले । उहाँ केही नबोली सरासर रूमाल पसल उठाएर घरतिर कुद्नुभयो । श्रीमान्‌लाई आफू सभासद् भएको खबर सुनाउनुभयो । तर श्रीमान्‌ले पत्याएनन् र 'पहिले निर्वाचन आयोगको प्रमाणपत्र लिएर आइज अनि पत्याउँछु भने ।' तर, सभासद् चुनिएको दुई दिन पछि फेरि पुरानै पसल राख्न उहाँ न्यूरोड आउनुभयो र एक घन्टामा ५० वटा रूमाल बिक्री गर्नुभयो । त्यही पैसाले वरिपरि पसल थापिरहेका आफ्ना साथीहरूलाई चिया र कोक खुवाउनुभयो । साथीहरूले पनि ललितालाई बधाई दिँदै बाटैमा टीका लगाइदिए । पछि केही पत्रपत्रिकाले उहाँलाई 'फुटपाथे सभासद्', 'रूमाल बेच्दा बेच्दै सभासद्' भनेर लेखे । उहाँको राजनीतिक पृष्ठभूमि र योगदानै नबुझी त्यस्तो सनसनीपूर्ण शीर्षक राखेर लेखिएको समाचारले उहाँको मन बिझ्यो, तर कुनै प्रतिक्रिया दिनुभएन ।

कतिपय महिलाहरू बुबाआमा, दाजुभाइ र श्रीमान्‌को प्रेरणाले राजनीतिमा अघि बढ्छन् । तर, ललिता आफ्नै गहन रूचि र प्रयासले यो क्षेत्रमा आउनु भएको हो । बुबाले राजनीतिमा लाग्नु हुँदैन भनेर रोक्न खोज्नु भएको थियो तर, उहाँले मान्नु भएन । एक पटक सानै छँदा उहाँ बुबासँग रौटहतको गौरमा बुबाको नागरिकता बनाउन

साथी जानुभएको थियो । त्यहाँ बुबाले अरू मानिसहरूसँग राजनीतिको कुरा गरिरहनुभएको ललिताले ध्यान दिएर सुनिरहनु भएको थियो । कुरा के हो भनेर चासो लागे पनि उहाँले राम्ररी बुझ्न सक्नुभएको थिएन । त्यसैले उहाँले बीचमा कुरा काट्दै 'राजनीति कस्तो हुन्छ बुबा ?' भनेर सोध्नुभयो । जवाफमा बुबाले उहाँको गालामा एक थप्पड हिर्काउनुभयो । त्यो थप्पडले उहाँलाई राजनीतिबाट भगाउनुको सट्टा झन् राजनीति प्रतिको उहाँको कौतुहलता जगाइदियो ।

राजनीतिबारे बुझ्ने कौतुहलता राम्ररी पूरा नहुँदै २०३१ मंसिर १० गते सानै उमेरमा एकजना प्रहरीसँग ललिताको मागी विवाह भयो । श्रीमान् र उहाँको उमेर नौ वर्षको फरक भए पनि 'जागिरे केटो राम्रो' भनेर घरबाट विवाह गरिदिएको थियो । सानैमा विवाह भएकोले उहाँ अक्सर रूँदै माइती आएर बस्नुहुन्थ्यो । बुबाले चाहिँ गाली गर्दै श्रीमान्कै घरमा फर्काउनुहुन्थ्यो । यो क्रम केही वर्ष चलि नै रह्यो । एक पटक उहाँको ससुराले बुहारी बाठी छ, यसलाई वडा सदस्यमा उठाउनुपर्छ भनेर जोड दिएपछि २०३४ सालमा उहाँ नेपाली काङ्ग्रेसको तर्फबाट वडा सदस्यको चुनावमा उठ्नुभयो र निर्विरोध जित्नु पनि भयो । यसरी उहाँको राजनीतिक यात्रा आरम्भ भयो । २०५४ सालमा स्थानीय निकायको चुनाव हुँदा उहाँले गाविस अध्यक्षको टिकट माग्नुभयो । तर पार्टीले महिलालाई जित्न गाऱ्हो पर्छ भनी उहाँलाई गाविस अध्यक्षको साटो वडा सदस्यको टिकट दियो, त्यो पनि पुरूष कोटाबाट र उहाँले चुनाव जित्नुभयो ।

श्रीमान् प्रहरी भए पनि तलब पर्याप्त थिएन । २०४९ सालतिर एकदिन उहाँको माइतीपट्टीको एकजना नातेदार आर्थिक समस्या परेकोले उहाँसँग १० रूपैंया सापट माग्न आएको थियो । उहाँले आफूसँग पैसा नभएकोले श्रीमान्सँग दश रूपैंया माग्नुभयो । तर श्रीमान्ले पैसा दिनुको सट्टा उल्टो गाली गर्नुभयो । त्यसपछि उहाँलाई लाग्यो, आर्थिक रूपमा सबल भइएन भने त श्रीमान्ले पनि हेप्ने रहेछ । त्यसपछि उहाँले तुरून्तै बुबासँग पैसा मागी स्वीटर बुन्ने मिशिन किन्नुभयो र दिनरात मन लगाएर स्वीटर बुनेर बेच्न थाल्नुभयो । राती दुईतीन घण्टा मात्र सुतेर उहाँले स्वीटर बुन्नुहुन्थ्यो र बिहान सबेरै बजारमा बेच्न पठाउनुहुन्थ्यो । त्यसरी मेहनत गर्न थालेपछि उहाँलाई पैसाको खासै अभाव भएन र आफ्नो खर्च धान्न कसैको पनि भर पर्नु परेन । स्वीटर बुन्ने मिशिन पुरानो भएर बिग्रेपछि पाटपुर्जा नपाएर बनाउनु सक्नुभएन र स्वीटरको काम छोड्नुभयो । त्यसपछि आफैले विभिन्न डिजाइनका रूमालहरू बुनेर बास्केटमा राखेर न्यूरोडको फुटपाथमा पसल राख्न थाल्नुभयो । काङ्ग्रेसका नेताहरूसँग ललिताको रूमाल बेच्ने ठाउँमा नै भेट र कुराकानी हुन्थ्यो ।

२०६२/६३ को जनआन्दोलन सुरू भएपछि उहाँ नेताहरूलाई पानी, कागति, प्याज दिएर सघाउनुहुन्थ्यो । कहिले काहीं आफ्नो रूमाल पसल साथीहरूलाई हेर्न लगाएर उहाँ आन्दोलनमा पनि हिँड्नु हुन्थ्यो । तर, आन्दोलन चर्किँदै गएपछि पसल श्रीमान् र परिवारलाई जिम्मा दिएर उहाँ पूर्ण रूपले नै आन्दोलनमा हिँड्नुभयो । उहाँका जेठो छोरा र जेठी छोरी दुबै प्रहरीमा थिए । आन्दोलनमा आमालाई समाउनुपर्ला भनेर आ–आफ्नो दरबन्दीमा छोरा कीर्तिपुर इलाका प्रहरी कार्यालय र छोरी बग्गीखाना गए । आन्दोलनको क्रममा उहाँ पनि पक्राउ पर्नुभयो । उहाँलाई महेन्द्र पुलिस क्लबमा राखिएको थियो ।

कपडा लिएर श्रीमान् उहाँलाई भेट्न आउँदा, श्रीमान्को प्रहरी हाकिमले 'स्वास्नीलाई नेता बनाउँछस्' भन्दै अश्लील शब्दहरू प्रयोग गरी मनपरी गाली गरेको सुन्दा उहाँलाई निकै नमीठो लागेको थियो । उहाँले हाकिमको

भनाइको विरोध गर्न खोज्दा जिल्ला सभापति शिवप्रसाद हुमागाईले 'अहिले यतातिर लाग्ने समय होइन' भनेर रोके । तर उहाँले प्रहरी हाकिमसँग झगडा गर्न खोजेको निहुँमा उहाँसँगै पक्राउ परेका ९ जना महिलालाई अदालतको रोहवरमा छाडिदियो, तर उहाँलाई भक्तपुर खरिपाटीमा लगेर थुनियो । त्यसबखत खरिपाटीमा रहेका ९५ जना पुरूषहरूमा उहाँ एक्लै महिला हुनुहुन्थ्यो । प्रहरीहरूले ललिताको ठाउँमा 'ललित किंगरिङ' लेखी उहाँलाई पनि पुरूषै ठानेका रहेछन् । प्रहरीले पक्राउ पर्नेहरूको नाम बोलाउँदा उहाँ महिला भएको थाहा पाएपछि प्रहरीहरू गलल हाँसे । एउटाले 'ए, यहाँ कसरी महिला आई ?' भनेर सोध्यो र 'महिला भए पनि पुरूषकै आमा हुँ' भनेर ठाडो जवाफ दिनुभएको उहाँ स्मरण गर्नुहुन्छ ।

जेठको बीचतिर खरिपाटीबाट छुटेपछि ललिताले अरू विभिन्न ठाउँमा थुनिएका काङ्ग्रेस नेताहरूलाई गएर भेट्ने, उहाँहरूलाई चाहिने सरसामान पुऱ्याइदिने र सूचनाहरू आदानप्रदान गरिदिने काम गर्नुभयो । त्रिपुरेश्वरमा उहाँको श्रीमान् कार्यरत प्रहरी कार्यालयमा वर्तमान राष्ट्रपति रामवरण यादव लगायतका नेताहरू थुनिएका थिए । अरू ठाउँतिरका कार्यकर्ताको खबर ल्याएर उहाँ ती नेताहरूलाई सुनाउने गर्नुहुन्थ्यो । २०६२/६३ को आन्दोलन चलिरहँदा उहाँ अत्यन्त नाटकीय ढङ्गले एकठाउँमा तयार गरिएको झण्डा अर्को ठाउँमा ओसार्नुहुन्थ्यो । कर्फ्युको समयमा पनि बागमति किनारै किनार हिँडेर कोटेश्वरसम्म पुग्नुहुन्थ्यो । बाटोमा सुरक्षाकर्मीहरूले 'ए दिदी कता हिँडेको ?' भनेर रोकेर सोध्थे । उहाँ भने 'पाहुना लागेर आएको, घरमा बच्चाहरू छन्' भन्दै उम्किनुहुन्थ्यो ।

जनआन्दोलन सफल भए पछि उहाँले पुनः फुटपाथ मै पसल थाप्न थाल्नुभयो । तर, संविधानसभाको निर्वचन हुने भएपछि फेरि पसल थन्क्याएर चुनाव प्रचारप्रसारमा हिँड्नुभयो । प्रत्यक्ष चुनावमा उहाँ मधु आचार्यको प्रचारमा लाग्नुभएको थियो । ललिताको योगदानलाई मूल्याङ्कन गरेर पार्टीले उहाँलाई समानुपातिकतर्फबाट सभासद् बनायो । उहाँ संविधानसभामा अन्तर्गत रहेको नागरिक समन्वय समितिको सदस्य हुनुहुन्छ । समितिमा उहाँले बालबालिका र महिलालाई स्वास्थ्य तथा शिक्षाको व्यवस्था राज्यले नै गर्नुपर्ने र अविवाहित, श्रीमान्ले छोडेको र विधवा भनी महिलालाई तीन वर्गमा विभाजित गरी सुविधा दिइनुपर्ने जस्ता कुराहरू उहाँले उठाउनुभएको छ । नागरिकता र आदिवासी/जनजातिका मुद्दाका सवालमा त उहाँले पार्टी ह्वीप विपरित फरक मत समेत राख्नुभएको थियो ।

संविधानसभा सदस्यभएपछि त्यहाँभित्र महिला र पुरूषको हैसियतमा फरक पाउनुभएको छ । संविधानसभाको मूल ढोकामा महिला सभासद् र पुरूष सभासद् सँगसँगै आउँदापनि त्यहाँ बस्ने कर्मचारी तथा सुरक्षाकर्मीहरूले पुरूषलाई चाहिँ सलाम ठोकेर भित्र पठाउने र महिलासँग चाहिँ परिचय पत्र माग्ने गरेको विभेदपूर्ण व्यवहार पनि उहाँले अनुभव गर्नुभयो । त्यति मात्र होइन महिला भित्रै पनि निम्न वर्ग र उच्च वर्ग भन्ने हिसाबले समेत विभेद हुने गरेको ललिताको भनाइ छ ।

धेरै दुःख र लामो सङ्घर्ष गरेर संविधानसभासम्म पुग्दा अत्यन्तै खुशी लागेपनि समयमै संविधान बनाउन नसकेकोमा ललिता निराशा व्यक्त गर्नुहुन्छ, 'नेताहरूले गर्दा जनताले हाम्रो काजक्रिया समेत गर्न थालिसकेका छन् । अब के भन्नु ।'



**व्यक्तिगत विवरण**

नाम : ललिता साह
ठेगाना स्थायी : चिम्डी गाविस-६, कोलहरूवा टोल, सुनसरी, कोशी
अस्थायी : कोटेश्वर, काठमाण्डौं
सम्पर्क ठेगाना : ०१-४६००१३५ (घर), ९८४१२४१६५६ (मो)
जन्म मिति : २०३५/४/१०
जन्म स्थान : सप्तरी, वलुवाटोल, धरमपुर गाविस
आमाको नाम : सितली देवी साह
बुबाको नाम : राम लखन साह
श्रीमान्को नाम : जितेन्द्र प्रसाद साह
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : मधेसी जनाधिकार फोरम, नेपाल (लोकतान्त्रिक)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# दलहरू जनताप्रति उत्तरदायी हुनु पर्दछ

ललिता साहले आफ्नो व्यक्तिगत इच्छाले भन्दा पनि समय परिस्थितको कारणले राजनीतिमा आउनुपरेको थियो । संविधानसभाको सदस्य हुनु अघिसम्म उहाँ कुनै पनि दल वा राजनीतिक कृयाकलापमा संलग्न हुनु हुन्नथ्यो ।

करीव दुई दशकदेखि काठमाण्डौंमा व्यापार गरेर बसेका ललिताका श्रीमान् जितेन्द्रप्रसाद साह मधेस आन्दोलनको सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो । २०६४ साल जेठ ३१ गते काठमाण्डौंको कोटेश्वरबाट जितेन्द्र अपहरण परे र हालसम्म उहाँ बेपत्ता हुनुहुन्छ । उहाँ तत्कालीन मधेसी जनाधिकार फोरमको युवा उपत्यका इन्चार्ज हुनुहुन्थ्यो । माओवादी र मधेसी जनाधिकार फोरमका युवा बीच गौरमा भएको झडप र भिडन्तको लगत्तै उहाँ अपहरणमा पर्नुभएको थियो ।

जितेन्द्रको अपहरणपछि मधेसी जनाधिकार फोरम नेपाल, लोकतान्त्रिकले ललितालाई समानुपातिकबाट संविधानसभा सदस्य बनाएपछि मधेसी समुदायको हक अधिकारका मुद्दा उठाउन र अधिकारको आन्दोलनमा उहाँले समय दिन थाल्नुभएको छ । संविधानसभामा उहाँको प्रतिनिधित्वले मधेसी समाज तथा मधेसी महिलाको आवाजलाई बलियो पार्न सहयोग पुऱ्याएको छ । उहाँ भन्नुहुन्छ, 'राजनीतिमा मधेसी महिलाको पहुँच पुगेको थिएन । उनीहरूको आवाज पनि निकै नै कमजोर थियो । अहिले संविधानसभाको सदस्य भएपछि मैले सदन र संविधानसभा समितिहरूमा मधेसी महिलाको कुरा राख्न पाएकी छु ।'

ललिताका अनुसार उहाँको श्रीमान् मधेसी समुदायमाथि राज्यले गरेको दमन, शोषण र विभेदका विरूद्ध सङ्घर्ष गर्न राजनीतिमा लाग्नु भएको थियो । तराईमा बसोबास गर्ने मधेसी समुदाय पनि नेपाली नै भएकोले उनीहरूलाई पनि राज्यले समान व्यवहार गर्नुपर्छ भन्ने उहाँको मान्यता थियो । त्यसैले पनि जितेन्द्रको विचार र योगदानको सम्मान गर्दै ललितालाई मधेसी जनाधिकार फोरम नेपाल लोकतान्त्रिकले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत सुनसरी जिल्ला क्षेत्र नं ३ बाट संविधानसभाको सदस्यमा चुनेको ललिता बताउनुहुन्छ ।

संविधानसभा सदस्य भएपछि ललिताले एक मधेस एक प्रदेशको मागमा अडिग रहेर मधेसी समुदायको अधिकार सुनिश्चित गर्न लागिपरेका आफ्ना श्रीमान्को खोजी गर्न सदनदेखि दलका कार्यालयहरूमासम्म पुग्नुभयो । थुप्रै पहलहरू गर्नुभयो, तर अहिलेसम्म पनि उहाँको श्रीमान् भेटिनुभएको छैन । श्रीमान् बेपत्ता भएकोले आफू र आफ्ना बच्चाहरूसमेत सुरक्षित नरहेको ललिताले महसुस गर्नुभएको छ । त्यसकारण उहाँ एक्लै हिँड्न डराउनुहुन्छ र कोही न कोही आफन्तलाई साथै लिएर मात्र उहाँ यताउती जाने गर्नुहुन्छ ।

श्रीमान् वर्षौंसम्म बेपत्ता हुँदा भोग्नु परेको पीडाले गर्दा अझै पनि राजनीतिलाई ललिता 'भरपर्दो क्षेत्र' मान्नुहुन्न । ललिता भन्नुहुन्छ, 'श्रीमान् त बेपत्ता हुनुभयो मलाई पनि केही भयो भने मेरा बालबच्चा बीचल्लीमा पर्छन । बच्चालाई समस्या हुन्छ भनेर आफन्त-साथीहरूले सहयोग पनि गर्दै आएका छन् ।' दुई छोरा र एक छोरीकी आमा ललिताको परिवार एकात्मक भएकोले पनि उहाँलाई परिवार र राजनीतिलाई व्यवस्थापन गर्न कतिपय अवस्थामा हम्मेहम्मे पर्छ ।' श्रीमान् नहुँदा ललिताले धेरै नै व्यावहारिक समस्याहरू भोग्नु परेको छ । एक्लै महिलाले घर धान्न गाह्रो हुने ललिताको अनुभव छ । उहाँ आफ्ना अहिलेका दिनहरूलाई सङ्घर्षपूर्ण दिनका रूपमा लिनुहुन्छ । घर व्यवहार, छोराछोरी, व्यवसाय अनि राजनीति सबैतिर आफैंले भ्याउनु पर्ने कठिन अवस्थाकाबारेमा उहाँ यसरी व्यक्त गर्नुहुन्छ 'श्रीमान् भए आँट र हिम्मत हुन्थ्यो । अहिले आफू एक्लैले घर धान्दै बच्चाको हेरविचार गर्दै राजनीति गर्न गाह्रो छ ।'

राजनीतिमा प्रवेश गरेपछि ललिताले पनि मधेसको मुद्दा, मधेसीको पहिचान आदि कुराले नेपालको राजनीतिमा प्राथमिकता नपाएको महसुस गर्नुभएको छ । मधेसी समुदायको राज्यको विभिन्न निकायहरूमा पहुँच पुग्न नसकेकोले मधेसी जनताले दुःख पाएको उहाँको भनाइ छ । तर, मधेस आन्दोलनकै परिणाम स्वरूप देशमा राष्ट्रपति, उपराष्ट्रपति, उपप्रधानमन्त्री जस्ता केही महत्वपूर्ण पदहरूमा मधेसी पुग्न सकेको उहाँको ठम्याइ छ । ललिता भन्नुहुन्छ, 'हामी शोषण-दमनमा परेका थियौं । अधिकारको लागि लड्दा ५४ जना मधेसीहरू सहीद भइसके । आवश्यक परे अरू आन्दोलन गर्न पनि हामी तयार छौं ।

संविधानसभा अन्तर्गतको संवैधानिक निकायको संरचना निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गतको प्राकृतिक स्रोतसाधन समितिको सदस्य रहनुभएकी ललिता मधेसीले उठाएका धेरैवटा मुद्दाहरू विवादमा रहेकोले विवादित मुद्दा टुङ्गो लागेपछि मात्र यस सम्बन्धमा केही भन्न सकिने बताउनुहुन्छ । तर, संविधानसभामा एकल महिला, विधवा महिला, महिलाका नागरिकता आदि मुद्दामा उहाँले कुरा उठाउनु भएको थियो । उहाँले विधवालाई दिइने सरकारी भत्ता ६५ वर्षको उमेरपछि मात्र दिइने व्यवस्थाले विधवा महिलाले अझ पीडा खप्नु परेकोले गर्दा उमेरको हदबन्दी घटाउनुपर्ने माग गर्नुभएको थियो । संविधानसभामा आफ्नो भूमिकालाई 'ठीक ठीकै' लागेको महसुस गर्नुहुने ललिताले राज्यको हरेक निकायमा मधेसी महिलाको समावेशी र समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भनेर पनि कुरा उठाउनुभयो । यस्तै देशको निजामती सेवामा मधेसी कर्मचारीको संख्या कम भएकोले लोकसेवाको नियुक्ति पद्धती मैं मधेसीका लागि आरक्षणको व्यवस्था गरिनुपर्ने पनि उहाँको माग छ । त्यसरी नै, संविधानसभाका अधिकांश विषयमा लैङ्गिक दृष्टिकोण समावेश नभएको र महिलासम्बन्धी मुद्दाले महत्व नपाएको ललिताको अनुभव छ । संविधानसभा भित्रको आफ्नो अनुभव ललिता यसरी सुनाउनुहुन्छ, 'संविधानसभाको अनुभव समग्रमा राम्रो लागको छ । हामीले गरेको कामको उपलब्धि भोलि छोराछोरीले पाउने छन् भन्ने आशा छ । मलाई सबैभन्दा

चित्त बुझेको संविधानसभामा सबै जातजातिको समावेशी प्रतिनिधित्व रहेको, पछाडि परेको वर्गले पनि आफ्नो कुरा राख्न पाएको र मातृभाषामा पनि आफ्ना कुरा भन्न पाएको कुरा नै हो ।'

अधिकांश महिला सदस्यहरूले झैँ ललिताले पनि संविधानसभामा महिलाले उठाएका मुद्दाहरूलाई कतिपय पुरूष सदस्यहरूले गंभीर ढङ्गले लिने नगरेको अनुभव गर्नुभयो । तर, महिला बीच नै राज्यको हरेक निकायमा महिलाको सहभागिता ३३ प्रतिशत कि ५० प्रतिशतमा भन्ने विषयमा एक मत हुन नसकेको पनि उहाँले बताउनुभयो । महिलाका समस्या र मागलाई नबुझ्ने पुरुषहरू मात्र होइन बुझ्नेहरू पनि रहेको ललिताले पाउनुभएको भएको छ । उहाँ भन्नुहुन्छ, 'बुझ्नेले महिलाले अझै चुलो चौको मात्र कति गर्ने भन्छन्, नबुझ्नेले चाहिँ महिलालाई किन अधिकार चाहियो भन्छन् ।'

करीब २० वर्षदेखि ललिता परिवारका साथ काठमाण्डौंमा बस्दै आउनु भएको छ । सुनसरी जिल्लाबाट संविधानसभाको प्रतिनिधित्व गर्नुहुने ललिता संविधानसभा सदस्य भएपछि आवश्यकता अनुसार जिल्ला जाने गरेको बताउनुहुन्छ । साथै जिल्लावासीका लागि आवश्यक बाटोघाटो र सिंचाईको लागि नहर जस्ता भौतिक संरचना निर्माणका लागि पनि उहाँले काम गर्दै आउनु भएको छ । संविधानसभाको चुनावपछि गठित सरकारहरूमा केही पटक ललिताको पार्टीका तर्फबाट भौतिक योजना मन्त्रालय सम्हाल्ने मौका पाएकोले पनि जिल्लाको भौतिक निर्माण कार्यमा खट्न उहाँलाई सजिलो भएको छ । ललिता भविष्यको आफ्नो राजनीतिक जीवनलाई यसरी लिनुहुन्छ 'पछिको कुरो हो, पछि नै सोचौंला ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : ललिताकुमारी साह |
| ठेगाना स्थायी | : मधवापुर गाविस-८,सप्तरी, सगरमाथा |
| अस्थायी | : कोटेश्वर-३५, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४९५९५७९० (मो) |
| जन्म मिति | : २०३७/०५/२२ |
| जन्म स्थान | : छिटाहा गाविस, सुनसरी |
| आमाको नाम | : सोलवीदेवी साह |
| बुबाको नाम | : रामप्रसाद साह |
| श्रीमान्को नाम | : राजेन्द्रप्रसाद साह |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# बेपत्ता पारिएका नागरिकहरू कहाँ छन्?

ललिताकुमारी साहका श्रीमान् राजेन्द्रप्रसाद साहलाई २०५८ मङ्सिर १३ गते सशस्त्र प्रहरीले बेपत्ता बनाएको थियो । पहिला सुर्खेतको एउटा स्कूलका शिक्षक हुनुहुन्थ्यो र पछि गएर उहाँले २०५६ सालमा सप्तरीमा पसल थाप्नुभएको थियो । २०५६ सालमा विवाह गर्दासम्म ललितालाई राजेन्द्रप्रसाद राजनीतिमा संलग्न हुनुहुन्छ भन्ने थाहा थिएन । सशस्त्र प्रहरीले श्रीमान्लाई बेपत्ता बनाएपछि उहाँले पुनरावेदन अदालतमा मुद्दा दायरा गर्नुभयो । कानुनी बाटोबाट मात्र श्रीमान्को अवस्था पत्ता लाग्ने नदेखेपछि उहाँले राजनैतिक बाटो पनि रोज्नुभयो । तर, श्रीमान्को अवस्थाबारे उहाँले अहिलेसम्म कुनै जानकारी पाउन सक्नुभएको छैन । राजेन्द्रप्रसाद साह पक्राउ पर्नुअघि माओवादीको सप्तरीको इलाका इन्चार्ज हुनुहुन्थ्यो ।

एकल महिलालाई घरपरिवार र समाजले हेर्ने दृष्किोण त्यति सकारात्मक नभएको ललिताकुमारीको अनुभव छ । उहाँ गुनासो गर्नुहुन्छ, 'एकल महिलालाई समाजले वक्र दृष्टिले हेर्ने गर्छ । परिवारमा पनि हेला हुन्छ । राजनीतिमा पनि एकल महिला, यसको कोही छैन भनेर मलाई बेपत्ता समाजमा राखेको छ । नपढेका, नबुझ्नेलाई जिल्ला सदस्य, केन्द्रीय सदस्य बनाइन्छ तर एकल भएपछि असाध्यै हेपिन्छ । श्रीमान् भएपछि नपढे पनि हुने तर श्रीमान् नभएकालाई जति पढे पनि नहुने यस्तो कुरामा पनि मैले धेरै सङ्घर्ष गर्नु परिरहेको छ ।' २०५६ सालमै परिवारले श्रीमान्को अंश छुट्याए पनि पाउनुपर्ने जति सबै अंश ललिताकुमारीले अझै पाउन सक्नुभएको छैन । उहाँ भन्नुहुन्छ, 'मधेसी समाजमा महिलाले बाहिरका मान्छेसँग कुरा गर्ने नहुने, अझ कुनै पुरूषसँग कुरा गऱ्यो वा कुनै काममा कतै सँगै गयो भने त असाध्यै कुरा काट्ने चलन छ । महिलाले आफ्नो अधिकार माग्नु त यो समाजमा ठूलै चुनौती खप्नुपर्छ ।'

ललिताकुमारीको माइतमा आमाबाहेक सबै शिक्षित हुनुहुन्छ । सुनसरी जिल्लाको छिटाहामा जन्मनु भएकी ललिताकुमारीका दुई दिदी, तीन दाजु र एक भाइ हुनुहुन्छ । उहाँका बुबा २०३६ सालदेखि नै नेपाली काङ्ग्रेसमा

आबद्ध हुनुहुन्थ्यो । बुबा नेपाली काङ्ग्रेस पार्टीको गाविस अध्यक्ष समेत बन्नुभएको थियो । माइतीमा छँदा परिवारमा बुबा बाहेक ललिताकुमारी र उहाँका दाजुभाइ र दिदीबहिनीहरूलाई राजनीतिप्रति कुनै चासो थिएन । ललिताका श्रीमान्का ५ दाजुभाइ हुनुहुन्छ । एकजना जेठाजु तराई मधेस लोकतान्त्रिक पार्टीमा आबद्ध हुनुहुन्छ । बुबा काङ्ग्रेसमा, जेठाजु मधेस लोकतान्त्रिक पार्टीमा र आफू माओवादीमा भएपनि परिवारमा सम्बन्धमा कुनै समस्या नभएको ललिताकुमारी बताउनुहुन्छ ।

ललिताकुमारी एनेकपा (माओवादी) का तर्फबाट समानुपातिकबाट संविधानसभा सदस्य चुनिनुभएको हो । पार्टीले ललिताकुमारीको पार्टीप्रतिको लगनशीलता र उहाँको श्रीमान्को योगदानको मूल्याङ्कन गरेको उहाँको ठम्याइ छ । संविधानसभाको सदस्य हुँदा सुरुमा त संविधानसभा भनेको के हो र यो कसरी सञ्चालन हुन्छ भन्ने ललिताकुमारीलाई थाहा थिएन, तर समय बित्दै जाँदा यससम्बन्धी धेरै ज्ञान र अनुभव पाउनु भएको उहाँ बताउनुहुन्छ ।

ललिताकुमारी संविधानसभातर्फ व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद्तर्फ अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिमा सदस्य रहनुभएको छ । एनेकपा (माओवादी) पार्टीको उहाँ सप्तरी जिल्ला सदस्य र २०६२ देखि हालसम्म बेपत्ता समाजको केन्द्रीय सल्लाहकार हुनुहुन्छ । उहाँले आफू संलग्न संविधानसभा र व्यवस्थापिकाका समितिहरूमा बेपत्ता नागरिकहरूकोबारेमा खोजबिन र छानबिन हुनुपर्छ भनेर निरन्तर आवाज उठाइरहनु भएको छ, तर बेपत्ता नागरिकको सवालले संविधानसभामा खासै महत्व र स्थान पाउन नसकेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'मेरो श्रीमान् र अरू पन्ध्रसयजति बेपत्ता नागरिको हत्या भएको हो भने उनीहरूलाई देशले सहिद घोषणा गर्नुपर्‍यो । होइन, उनीहरू अझै जिवितै छन् भने उनीहरू कहाँ र कस्तो कस्तो अवस्थामा छन् परिवारलाई जानकारी दिनुपर्‍यो । यो राज्य र पार्टीहरूको दायित्व हो ।' उहाँ थप्नुहुन्छ, 'बेपत्ता परिवारका आफन्तलाई बेपत्ता पारिएका व्यक्तिका अवस्थाबारे जानकारी दिनुपर्छ भनेर मैले फरक मत पनि राखेकी छु ।'

महिला, दलित, मधेसी र आदिवासी/जनजाति लगायत विभिन्न समुदायका मुद्दाहरूलाई संविधानका अवधारणापत्र र मस्यौदा प्रतिवेदनहरूमा समावेश गराउन प्रयास भइरहे पनि खासै उपलब्धि हुननसकेको ललिताकुमारीको भनाइ छ । तर, महिला र पछाडि पारिएका वर्गका मुद्दालाई नयाँ संविधानले सम्बोधन गर्नेतर्फ आशा जागे तापनि यसतर्फ पनि चित्त बुझ्दो उपलब्धि हुन नसकेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाका सवालमा महिलालाई राज्यको हरेक अङ्गमा ३३ प्रतिशत स्थान दिने भनिएकामा त्यो समेत अहिलेसम्म दिइएको छैन । तर, वास्तवमा महिलालाई ५० प्रतिशत अधिकार दिनुपर्दछ र यो कुरा मस्यौदा प्रतिवेदनमा छुटेको छ ।' महिलाहरू एकजुट हुन नसकेकोले नै अहिले महिलाको ५० प्रतिशतको मुद्दा छुटेको ललिताकुमारीको धारणा छ । तर, उहाँ नेपालका सम्पूर्ण महिलाहरू एकजुट हुन नसक्नुका पछाडि आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक लगायतका भिन्नता र चुनौती रहेको स्वीकार्नुहुन्छ । सदियौँदेखि महिलाहरूलाई पछाडि पारिएकाले महिलाहरू इर्ष्यालु हुने, एकले अर्कालाई जानेका कुरा नसिकाउने, आफूभन्दा अरू जान्ने होला भन्ने सोच राख्ने प्रवृत्तिको शिकार भइरहेको पनि उहाँको भनाइ छ ।

संविधानसभाभित्र महिला भएकै कारणले महिला सदस्यहरू संविधानसभामा बोल्ने क्रममा जहिल्यै पुरूष सदस्यभन्दा पछि पर्ने, पुरूष सदस्यको पालो सकिएपछि मात्र महिलाले बोल्ने अवसर पाउने र महिलालाई बोल्ने तथा महत्वपूर्ण निर्णय गर्नेबेलामा प्राथमिकतामा नपार्ने र धेरै झुलाउने गरिएकामा ललिताकुमारी दु:ख व्यक्त गर्नुहुन्छ । जहाँ पनि महिलाले के गर्न सक्छे र भनेर गनिंदैन र संविधानसभामा पनि उही ताल छ । कर्मचारीहरूले पनि पुरूष सदस्यहरूलाई मात्र देख्ने गर्छन् भन्दै ललिताकुमारी गुनासो गर्नुहुन्छ, 'महिलालाई सभासद् नै नठान्ने प्रवृत्ति छ । महिलाका मुद्दालाई पुरूष सभासद्ले गम्भीररूपमा लिएजस्तो गर्छन् तर भित्री मनले मतलबै गर्दैनन् । महिलालाई ५० प्रतिशत अधिकार दिंदा पुरूष सदस्यको अधिकार काटिन्छ भन्ने ठानेर महिलाका कुरालाई गम्भीरपूर्वक लिइँदैन ।'

संविधानसभा बाहिर चाहिँ सभासद् भएर पनि केही गर्न नसकेको आरोप जनताहरूले लगाउँछन् । उनीहरूले यो चाहियो, त्यो चाहियो भनेर माग गर्छन् जुन स्वाभाविक पनि हो । गाउँमा जाँदा पनि गाउँका सभासद्हरूले जनताले केही गरेन भनेर गुनासो पोख्छन् । माओवादी दुई वर्षदेखि प्रतिपक्षमा बसेकाले जनताका काम नहुनु पनि स्वाभाविक भएको उहाँ बताउनुहुन्छ । जनताले सभासद्हरूबाट विकासका पनि चाहना र अपेक्षा गरेका हुन्छन् तर सरकारमा जाने पार्टीहरूको मात्र बढी काम हुने भएकाले सरकार बाहिर वस्ने पार्टीहरूलाई जनसमुदायसँग समन्वय गर्न कठिन पर्ने उहाँको अनुभव छ ।

ललिताकुमारी आजीवन राजनीतिमा लागिरहन चाहनुहुन्छ । साथै उहाँ राजनीतिमा आउन चाहने महिलालाई समाजसेवाका काम गरेर, परिवार र समाजलाई सम्झाउन सक्ने भएर मात्र यो क्षेत्रमा आउन पनि सुझाव दिनुहुन्छ । दिनरात राजनीतिको काममा व्यस्त रहेपनि कहीँ कतैबाट श्रीमान्को खबर आउँछ कि भन्ने आशाले उहाँको मनको एउटा कुनामा सँधै पिरोलिरहन्छ । त्यसैले उहाँ भन्नुहुन्छ 'श्रीमान्को कि त लास चाहियो कि त सास ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | लक्ष्मीदेवी गुरूङ |
| ठेगाना स्थायी | : | सिमल डाँडा, रामेछाप, जनकपुर |
| अस्थायी | : | पेप्सीकोला, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९७४१०७८५६६ (मो) |
| जन्म मिति | : | २०३६/६/९ |
| जन्म स्थान | : | रामेछाप |
| आमाको नाम | : | पम्फादेवी गुरूङ |
| बुबाको नाम | : | झपट बहादुर गुरूङ |
| श्रीमान्‌को नाम | : | स्व. नेत्रकुमार श्रेष्ठ (निराजन) |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# गरिबीको चोट, परिवर्तनको भोक

लक्ष्मी गुरूङको जन्म गरिब किसान परिवारमा भएको थियो । त्यसमाथि बुबा राजनीति र समाजसेवा दुबै गर्नुहुन्थ्यो । उहाँले आफ्नो घर जग्गा नै बन्धकमा राखेर गाउँमा हाई स्कूल कोटा ल्याएपछि परिवारमा आर्थिक सङ्कट आइपर्‍यो किनकि अन्न उत्पादन गर्ने जग्गा नै बन्धकमा राखेपछि परिवारलाई आय आर्जन गर्न निकै कठिन भयो । त्यसैले जग्गा बन्धकबाट ननिखन्दा सम्म परिवारमा पैसाको समस्या पर्‍यो ।

एकपटक कक्षा ९ मा पढ्दा यस्तोसम्म स्थिति आयो कि परीक्षाकै दिनसम्म पनि आमाबुबाले शुल्क तिर्ने पैसा जुटाउन सक्नु भएन र परीक्षाबाटै निकालिनु पर्ने स्थिति थियो । आमाले सापटी खोज्न गाउँभरि चाहार्नुभयो, तर कसैले सहयोग गरेनन् । पैसा नभेटेर निराश हुनुभएकी आमा स्कुलमै आउनुभयो र प्रधान अध्यापकलाई आफ्नो घरको समस्याबारे बताउनुभयो । प्रधान अध्यापकले आमाको सबै कुरा सुनेपछि पैसा भोलि लिएर आऊ, आज परिक्षामा बस भन्नुभयो ।

पढ्दै गएपछि लक्ष्मीले विद्यालयमा हुने सांस्कृतिक कार्यक्रममा भाग लिन थाल्नुभयो । पढाइ सँगसँगै कलामा रूचि भएको हुनाले उहाँले धेरै पुरस्कार जित्नुहुन्थ्यो । एउटा जेहेन्दार र उत्कृष्ट विद्यार्थी भएकोले लक्ष्मीले पढ्नका लागि छात्रवृत्ति पनि पाउनुभयो जसले गर्दा उहाँलाई निकै सहयोग मिल्यो ।

समाजमा धनी र गरिबको अन्तराल देखेर र धनीले गरिबलाई गर्ने शोषण र दमन बुझेर रामेछापको दुरा गाउँमा पर्ने त्रिपुरेश्वर माविमा कक्षा ६ मा पढ्दादेखि नै लक्ष्मी राजनीतिमा सक्रिय हुनुभयो । उहाँलाई लागिसकेको थियो, समाजका यी समस्या हटाउने अस्त्र भनेकै राजनीति मात्रै हो । उहाँ २०५३ सालमा रामेछापको नेकपा (एमाले) निकट अनेरास्वविवु जिल्ला कमिटीको सदस्य हुनुभयो । एसएलसी उत्तीर्ण भएपछि उहाँ काठमाण्डौंको रत्न राज्यलक्ष्मी क्याम्पसमा भर्ना हुनुभयो । तर, त्यति नै बेला माओवादी 'जनयुद्ध' चर्कँदै गएपछि उहाँको सोच बदलियो ।

आफूले सोचेको जस्तो परिवर्तन एमालेबाट सम्भव नहुने देखेपछि लक्ष्मीले २०५६ सालमा नेकपा (माओवादी)मा प्रवेश गर्नुभयो र उहाँ २०५८ सालमा माओवादीको पूर्णकालीन कार्यकर्ता हुनुभयो । त्यसपछि पार्टीको ओखलढुङ्गा रामेछाप जिल्ला कमिटी सदस्य, अनेमसङ्घ (क्रान्तिकारी) जिल्ला सचिव बन्नुभयो । २०६१ सालपछि तमु राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय सदस्य भएर जनकपुर सगरमाथा ब्युरो संयोजक भई काम गर्नुभयो । २०६४ सालमा उहाँ राज्य समिति सदस्य हुनुभयो भने तमु राष्ट्रिय मुक्ति मोर्चाको महिला केन्द्रीय विभागको इन्चार्ज पनि बन्नुभयो । अहिले पनि उहाँ तमु राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय सचिवालय सदस्य हुनुहुन्छ ।

लक्ष्मीले २०५४ सालमा तत्कालीन एमालेकै कार्यकर्ता नेत्र श्रेष्ठसँग अन्तरजातीय विवाह गर्नुभएको थियो । नेत्र श्रेष्ठले पनि एमाले छाडेर २०५६ सालमा माओवादीमा प्रवेश गर्नुभएको थियो । लक्ष्मीका अनुसार, २०५९ सालमा जिरी नजिकको चुचुरे भन्ने ठाउँमा सेनाले घेरा हाली उहाँका श्रीमान्लाई पक्राउ गऱ्यो । सेनाले उहाँको श्रीमान्लाई केरकार गरेर र यातना दिएर पार्टीको महत्वपूर्ण सूचना लिन खोज्यो । तर उहाँले पार्टीको सूचना दिन नमानेपछि सेनाले उहाँको हत्या गऱ्यो । श्रीमान्को हत्या भएकाबेला लक्ष्मीको पेटमा चार महिनाको दोस्रो बच्चा थियो ।

लक्ष्मीको श्रीमान्को परिवारबाट श्रीमान् बाहेक अरू कोही पनि राजनीतिमा लागेका थिएनन् । श्रीमान्को मृत्यु भएपछि सासुले श्रीमान्ले देखाएको बाटोमा बीचलित नभइकन लागि राख्न वाचा गराउनु क्षण उहाँले बिर्सन नसक्ने बताउनु हुन्छ । श्रीमान्को मृत्यु लगत्तै भीरबाट खसेको ढुङ्गाले लागेर सासुको पनि मृत्यु भयो । सासुको मृत्यु हुँदा माओवादी आइहाल्छ नि भनेर लास बोक्न गाउँका कसैले पनि सहयोग गरेनन् । बल्लतल्ल केही शिक्षकहरू र गाउँका केही राम्रा मानिसहरूको सहयोगले शव जलाउनु परेको थियो ।

भूमिगत अवस्थामा सुत्केरी हुँदा लक्ष्मीले तीनचार ठाउँमा सर्दै लुकेर बस्नुपरेको थियो । २३ दिनको सुत्केरी अवस्थामा बच्चा लिएर हिँड्दा गाडी दुर्घटनामा परी बच्चाको खुट्टा भाँचियो र २२ दिनसम्म वीर अस्पतालमा लुकीलुकी उहाँले आफ्नो र बच्चाको उपचार गराउनुभयो । उहाँ माओवादी पार्टीमा संलग्न भइसके पछि पनि स्कूलमा पढाउने गर्नुहुन्थ्यो । कहिलेकाहीँ पढाइरहेकै बेला पनि प्रहरीले उहाँलाई खोज्न आउँथे । प्रहरीले खोज्न आएको सूचना विद्यार्थी वा अरू कसैबाट उहाँले पाउने बित्तिकै उहाँ त्यहाँबाट भाग्नुहुन्थ्यो ।

'जनयुद्ध'कालीन धेरै घटनाहरूमध्ये दुई तीनवटा घटनालाई लक्ष्मी कहिले पनि बिर्सन सक्दिन भन्नुहुन्छ । एउटा, ६० सालतिरको घटना हो । रामेछापको वाग्दी भन्ने ठाउँमा अचानक सेनासँग जम्काभेट भयो । त्यतिखेर उहाँसँग पार्टीकै एकजना बहिनी पनि थिइन् । उहाँहरूलाई देख्नासाथ सेनाले फायर गऱ्यो । उहाँहरू भागेर निगालोको झाडीभित्र लुक्नुभयो । त्यसपछि भीरबाट तल झर्नुभयो । पहिरो भएको ठाउँ भएकाले सैनिकहरूले तल झर्ने हिम्मत गरेनन् र उहाँहरू बाँच्न सफल हुनुभयो ।

त्यस्तै २०५९ सालतिर सोलुसल्लेरी मोर्चाबाट फर्केका 'राष्ट्र' भन्ने साथी थिए । सेनासँगको भिडन्तमा उनको हात गुमेको थियो र उनी घाइते थिए । घाइतेका लागि व्यवस्था गर्ने जिम्मा लक्ष्मीको थियो । लक्ष्मी त्यो क्षण सम्झनुहुन्छ, 'ती साथी यति इमान्दार थिए कि त्यस्तो अवस्थामा पनि उनी भन्दै थिए, अरू सबै गुमे पनि मेरा दुईवटा घुँडा र एउटा ट्रिगर तान्ने औँला नगुमे पुग्छ । देश, जनता, पार्टी र क्रान्तिप्रतिको उनको त्यो

वफादारीलाई म कहिल्यै भुल्न सक्दिन ।' यस्ता अनेकौ घटनाहरूको सामना गर्दै लक्ष्मी आज संविधानसभासम्म आइपुग्नुभएको छ । करिब १५,००० नेपालीको बलिदान र हजारौं महिलाहरूको सिन्दुर पुछेर आएको यो संविधानसभाले उनीहरूका आँखाका आँशु पुछ्न सक्ला कि भन्ने उहाँलाई आशा लागेको थियो । तर, सोचेजस्तो केही पनि काम हुन नसक्दा लक्ष्मीलाई अहिले दुःख लागेको छ । संविधानसभाको नागरिक सम्बन्ध समिति र व्यवस्थापिकाको संसदीय सुनुवाइ विशेष समितिकी सदस्य लक्ष्मी संविधानसभामा पुग्दा सुरु सुरुमा निकै गर्व महसुस गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्छ, 'तर अहिले दलहरूले सहमति र सहकार्य नगरेकोले उनीहरूले संविधानसभाको महत्वलाई नै बिर्सेको हो कि जस्तो लाग्न थालेको छ ।'

संविधानसभामा उहाँले महिला अधिकारलाई संविधानमा लेख्ने मात्र होइन संविधानको प्रस्तावना मै लिपिबद्ध गरिनुपर्छ भन्ने कुरा उठाउनुभएको छ । महिलालाई राज्य सञ्चालनको निकायमा मात्र होइन मुलुकको प्राकृतिक स्रोतमा समेत महिलाको अधिकार सुनिश्चित गरिनुपर्छ भनेर उहाँले सुझाव दिनुभएको छ । तर त्यसमाथि विचार गर्ने काम कतैबाट नभएकोमा उहाँ खिन्न हुनुहुन्छ । तर, लक्ष्मीको आत्मविश्वास र जीवन अनुभवले भन्छ, 'आफूले सोचे जस्तो भएन भनेर राजनीतिक जीवनबाटै वाक्कदिक्क भएर भाग्नु भने हुँदैन । कतै बिग्रिएको छ भने राजनीतिले नै त्यसलाई सुधार्ने काम गर्छ । त्यसैले राजनीतिक जीवनमा नराम्रा कुरालाई पछाडि पार्दै राम्रा कुरालाई लिएर अघि बढ्नुपर्छ ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : लक्ष्मीकुमारी चौधरी |
| ठेगाना स्थायी | : मोहनपुर-९, सप्तरी, सगरमाथा |
| अस्थायी | : पेप्सीकोला, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१–४९९२३२६ (घर), ९८४१९४२१८९(मो) |
| इमेल | : laxmichaudhary25@yahoo.com |
| जन्म मिति | : २०३८/१२/२१ |
| जन्म स्थान | : मोहनपुर, सप्तरी |
| आमाको नाम | : निर्मलादेवी चौधरी |
| बुबाको नाम | : शिवनारायण चौधरी |
| श्रीमान्को नाम | : सूर्यनाथ प्रसाद यादव |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिलामाथिको दमनले राजनीतिमा ल्यायो

मधेसी महिलाहरू घुम्टो प्रथा, दाइजो प्रथा र अन्य दमन, शोषण तथा विभेदको शिकार बनिरहेको देख्दा लक्ष्मीकुमारी चौधरी सोच्नुहुन्थ्यो, 'म यो देशको सांसद् वा देशको प्रमुख व्यक्ति भएको भए यो समाजलाई परिवर्तन गर्न सक्थें र महिलाको अवस्था पनि परिवर्तन गर्थें ।' त्यसैले उहाँ राजनीतिक गतिविधिहरूमा संलग्न हुन थाल्नुभयो । राजनीतिकै लागि उहाँ आफ्नो घरपरिवारबाट पनि टाढा हुनु भयो ।

लक्ष्मीकुमारीकी आमा निर्मलादेवी चौधरी मोहनपुर निम्न माध्यमिक विद्यालयको शिक्षिका हुनुहुन्थ्यो भने बुबा शिवनारायण नेपाल प्रहरीमा सई । लक्ष्मीकुमारीलाई पढाइ र राजनीतिमा आमाले धेरथोर सहयोग गर्नुहुन्थ्यो तर बुबा जागिरका सिलसिलामा प्रायः जिल्ला बाहिर बस्नुहुन्थ्यो । प्रहरीमा जागिरे भएकाले उहाँ खासै राजनीतिमा चासो लिनुहुन्नथ्यो ।

लक्ष्मीकुमारीले निम्न माध्यमिक तहसम्म मोहनपुरमा र प्रमाणपत्रतहसम्म भगवतपुर, बडहरीको एउटा उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्नुभयो । २०५७ सालमा उहाँ तत्कालीन नेकपा (माओवादी)को भ्रातृ सङ्गठन अखिल नेपाल महिला सङ्घको जिल्ला सदस्य र २०५८ सालमा सप्तरी जिल्ला समितिको सदस्य बन्नुभयो । २०५८ साल फागुन १९ गते लक्ष्मीकुमारी घरबाटै पक्राउ पर्नुभयो । छ महिना जेल बस्दा प्रहरीले जबर्जस्ती आत्मसमर्पण गराउन खोजेको र शारीरिक तथा मानसिक यातना दिएको उहाँ बताउनुहुन्छ ।

लक्ष्मीकुमारी आफ्नो जेलजीवन, जेलभित्र भोगेका यातनाहरू कहिल्यै भुल्न सक्नुहुन्न र जेलजीवनलाई उहाँ आफ्नो जीवनको नमीठो समय मान्नुहुन्छ । जनावरलाई राखिने खोरजस्तो ठाउँमा बाहिरी व्यक्तिहरूको सम्पर्कबाट टाढा राखेर यातना दिइएको ती क्षणहरू सम्झँदा अझै पनि उहाँलाई पीडाको अनुभव हुन्छ । जेलबाट मुक्त भएपछि लक्ष्मीकुमारी भूमिगत हुनुभयो र डटेर पार्टी र जनताको काममा संलग्न भइराख्नु भयो । २०५९ सालमा उहाँ पार्टीको इलाका कमिटी सहइन्चार्ज हुनुभयो । हाल उहाँ एनेकपा (माओवादी) को राज्य समिति सदस्य

हुनुहुन्छ भने अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को केन्द्रीय सदस्यको भूमिका निर्वाह गर्दै हुनुहुन्छ ।

लक्ष्मीकुमारीले २०६० सालमा सूर्यनाथप्रसाद यादवसँग जनवादी विवाह गर्नुभयो । सूर्यनाथप्रसाद पार्टीको सप्तरी जिल्ला इन्चार्ज हुनुहुन्छ । लक्ष्मीकुमारीले अन्तरजातीय विवाह गर्नु भएकोले उहाँको परिवारले यसलाई स्वीकार गरेन । तर श्रीमान्को घरपट्टि श्रीमान् लगायत जेठाजुहरू पनि राजनीतिमै सक्रिय भएकाले उहाँलाई राजनीतिक गतिविधिमा आबद्ध हुन चाहिँ अझ सहज भएको थियो । उहाँका श्रीमान् २०५९ सालमा पहिलोपटक जेल पर्नुभएको थियो । २०६१ सालमा दोस्रोपटक श्रीमान् जेल पर्दा लक्ष्मीकुमारी गर्भवती हुनुहुन्थ्यो । सुरक्षाका कारण नेपालमै बच्चा जन्माउन सक्ने स्थिति नभएपछि बच्चा जन्माउन उहाँ भारत पुग्नुभएको थियो । त्यतिबेला आमा र बच्चाको सुरक्षाका निम्ति पार्टीले सहयोग पुऱ्याएको थियो ।

लक्ष्मीकुमारी हाल संविधानसभातर्फ जनमत सङ्कलन तथा समन्वय समिति र व्यवस्थापिका संसद्तर्फ प्राकृतिक स्रोत र साधन समिति सदस्य हुनुहुन्छ । उहाँले वन फँडानीका साथै उब्जाउ भूमिमा घर निर्माण गर्नका लागि प्लटिङ् गर्ने काम रोकियोस भनेर माग गर्नु भएको छ । दलित, उत्पीडित, जनजाति, मधेसी, मुस्लिम र समग्र महिलाको अधिकार संविधानमा सुनिश्चित हुनुपर्ने कुरामा उहाँको जोड रहेको छ । यी समुदायका आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक, राजनैतिक मुद्दाहरूलाई समितिका अवधारणापत्र र मस्यौदा प्रतिवेदनले समेटेकोले ती उपलब्धिमूलक रहेको उहाँको भनाइ छ । तर, मस्यौदा प्रतिवेदनहरूमा मधेसी समुदायका चाडपर्वमा सार्वजनिक विदा हुनुपर्ने कुरा अझै पनि छुटेको उहाँ बताउनुहुन्छ ।

संविधानसभामा अहिले धेरै वर्ग, जाति, भाषाको सहभागिता छ । तर, आफ्नै मातृभाषा बोल्ने संविधानसभा सदस्यहरूले राम्ररी नेपाली भाषामा आफ्ना भावना तथा विचार व्यक्त गर्न नसक्दा ती सदस्यहरूले बोलेका कुराहरूले महत्व नपाउने समस्या रहेको लक्ष्मीकुमारी बताउनुहुन्छ । काठमाण्डौंमा बोलिने फरक भाषा तथा यहाँको भेषभूसा तथा संस्कृतिले पनि तराई र देशका अन्य भूभागबाट आएका सदस्यहरूलाई घुलमिल हुन केही गाह्रो परेको पनि लक्ष्मीकुमारीको भनाइ छ ।

साना नानी भएका महिला सदस्यहरूले संविधानसभामा बच्चा लिएर जान समस्या परेको लक्ष्मीकुमारी गुनासो गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा डे केयरको सुविधा नभएकोले त्यहाँ बच्चा लिएर जान गाह्रो छ । बच्चा लिएर नजाँदा बैठक चल्दा पनि बढी ध्यान बच्चातर्फ नै जाने गर्दछ ।' साथै संविधानसभामा सदस्यले पाउनुपर्ने भौतिक सुविधाहरू समेत पर्याप्त नभएको पनि उहाँ बताउनुहुन्छ । जस्तो संविधानसभाभित्र एउटा मात्र चमेनागृह छ र त्यो ६०१ जना सदस्यका लागि पर्याप्त छैन । त्यसरी नै शौचालय अपुग छ र डे केयर पनि छैन । महिला संविधानसभा सदस्यहरूले महिला भएकै कारणले विभिन्न किसिमका विभेद भोग्नुपर्ने पनि उहाँ बताउनुहुन्छ । जस्तो महिला सदस्य र पुरूष सदस्यको कानुनी हैसियत बराबरै भएपनि सरकारी कार्यालयहरूमा महिलाको काम हत्पति नगरिदिने, विभेद गर्ने, फरक व्यवहार गर्ने प्रवृत्तिहरू उहाँले देख्नु र अनुभव गर्नुभएको छ ।

संविधान देशको मूल कानुन हो । यसले विभिन्न वर्ग, क्षेत्र, लिङ्गका जनताको हक, अधिकार सुनिश्चित गर्छ भन्ने धारणा लक्ष्मीकुमारीको छ । त्यसैले संविधानसभाको नियमित बैठक चल्दा उहाँ काठमाण्डौंमै बस्नुहुन्छ र नियमित

बैठक नभएको बेला उहाँ आफ्नो क्षेत्र र गाउँ गएर जनतासँग भेटघाट र अन्तर्क्रिया गर्नुहुन्छ । तर, संविधान समयमै नबन्दा उहाँलाई पनि खल्लो लागेको छ । तर भन्नुहुन्छ, 'अहिले राजनीतिक कारणले गर्दा संविधान बन्न ढिला भइरहेको छ । त्यसैले सबै राजनीतिक पार्टीहरूले संविधानसभाको विधि र प्रक्रियालाई राम्रोसँग पालना गर्नुपर्छ । सम्पूर्ण राजनैतिक दलहरू र नेताहरूले एकढिक्का भएर देश, जनता र सार्वभौमसत्ता बचाउनका लागि बेलैमा संविधान जारी गर्नुपर्छ । यदि संविधान समयमै जारी हुन नसकेमा मुलुक अझ नराम्रो अवस्थामा पुग्छ र त्यसको जवाफदेही दल तथा दलका नेताहरू नै हुनुपर्छ ।'

लक्ष्मीकुमारी आफू जनताका बीचबाट आएकोले सधैं जनताकै माझमा रहने अठोट गर्नुहुन्छ । राजनीति बिना जनताका समस्याको समाधान गर्न नसकिने हुनाले गाउँका कुना कन्दरासम्म पनि राजनीतिक चेतना फैलाउने उहाँको लक्ष्य रहेको छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : लक्ष्मी परियार |
| ठेगाना स्थायी | : बाङ्घरे टोल, त्रियुगा नगरपालिका-१, उदयपुर, सगरमाथा |
| अस्थायी | : महादेवस्थान, काठमाण्डौं-३५ |
| सम्पर्क ठेगाना | : ९८५११२६१९, ९७४११३२९३२ (मो) |
| इमेल | : sewalaxmi@yahoo.com |
| जन्म मिति | : २०३४/०३/२६ |
| जन्म स्थान | : छोरम्बु गाविस-६, सापखेल, खोटाङ |
| आमाको नाम | : बच्छी माया टेलर |
| बुबाको नाम | : देव सिंह टेलर |
| श्रीमान्को नाम | : तीर्थबहादुर परियार सेवा |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# दलित भनेर बरण्डामा बास

गाउँघरमा माथिल्लो जातका भनेर चिनिने मानिसहरूले दलितहरूलाई गर्ने छुवाछुत र जातीय विभेदले नै लक्ष्मी परियारलाई राजनीतिमा धकेल्यो । राजनीतिले मात्र सामाजिक विभेदको अन्त्य गर्न सक्छ भन्ने विश्वासले नै लक्ष्मीले यो क्षेत्रमा प्रवेश गर्नुभएको हो । त्यसैले ऐतिहासिक संविधान सभामार्फत नेपाली समाजमा विद्यमान छुवाछुत र जातीय भेदभावको अन्त्य गर्न सके यसले समाजको विकासमा निकै ठूलो टेवा पुऱ्याउने लक्ष्मीको ठम्याइ छ ।

२०४८ सालमा करिब १४ वर्षको छँदादेखि नै लक्ष्मीले नेपाली काङ्ग्रेसको विद्यार्थी सङ्गठनको सदस्यता लिनुभएको थियो । लक्ष्मीलाई राजनीतिमा लाग्न हजुरआमाले प्रेरणा दिनुभएको थियो । उहाँकी हजुरआमा इच्छामाया टेलर राजनीतिमा संलग्न हुनुहुन्थ्यो र हजुरआमाको राजनीतिक सक्रियताले पनि लक्ष्मीको राजनीतिप्रतिको चासो र रूचि बढ्यो । हजुरआमा इच्छामाया टेलरले २००७ सालमा राणाशासनको अन्त्य गर्न राजनीतिमा लागेका कार्यकर्ता तथा नेताहरूलाई सघाउन सहयोगीको भूमिका निर्वाह गर्नुभएको थियो । लक्ष्मीका अनुसार अहिले १०५ वर्षमा प्रवेश गर्नुभएकी इच्छामाया त्यतिबेला बिपीको समाजवादका कुराबाट प्रभावित हुनुहुन्थ्यो । इच्छामायाले नातिनी लक्ष्मीलाई पनि 'राजनीतिमा लाग्ने हो भने नेपाली काङ्ग्रेसबाटै सुरू गर्नुपर्छ, समाजवाद र मेलमिलापको आदर्श आत्मसात गर्नुपर्छ र नेपालमै रहेर नेपाली जनताका हक अधिकारका निम्ति लड्नुपर्छ' भन्ने सुझाव दिने गर्नुहुन्थ्यो । लक्ष्मी भन्नुहुन्छ, 'मेरो हजुरआमाका भनाइहरू नै मेरा लागि राजनीतिमा लाग्ने प्रेरणाका स्रोत हुन् ।'

लक्ष्मीका बुबा दैवसिंह टेलर नेपाली काङ्ग्रेसका समर्थक भए पनि उहाँले पार्टीको कुनै पनि पद धारण गर्नु भएन । तर, लक्ष्मीको घरको वातावरण भने राजनीतिक थियो । बिहे भएपछि लक्ष्मीले बुहारीको जिम्मेवारी सम्हाल्नु परेको कारणले गर्दा करिब तीन वर्ष उहाँ राजनीतिबाट टाढा रहनुभयो । तर श्रीमान् तीर्थबहादुर परियार सेवासँग फेरि

राजनीतिमै सक्रिय रहने विषयमा सल्लाह भएपछि उहाँलाई राजनीतिमा सक्रिय रहन घरबाट कुनै किसिमको रोकटोक भएन ।

चौध वर्षको उमेरदेखि राजनीतिमा संलग्न हुनुभएकी लक्ष्मीले २०५८ सालमा नेपाली काङ्ग्रेससँग आबद्ध जिल्ला ट्रेड युनियनको सदस्यता लिनुभएको थियो । उहाँले २०६० सालमा नेपाली काङ्ग्रेसको जिल्ला सदस्य तथा २०६४ सालदेखि तरूण दलको केन्द्रीय सदस्य भएर निरन्तर काम गरिरहनुभएको छ । नेपाली समाजका साथै दलित समुदायको पनि अहिले धेरै 'प्रगति' भएको छ भन्ने उहाँको ठम्याइ छ । राजनीतिमा लाग्दाको विगत सम्झदै उहाँ भन्नुहुन्छ, '२०४८ सालमा नेविसङ्घको तीन दिने क्षेत्रीय भेलामा भाग लिने क्रममा एउटा गिरी परिवारमा बास बस्नु परेको थियो । त्यो परिवारको घरमा बस्दा जात खुलाउनुपर्ने भएकाले साथी टीकाराम बुढाथोकीको सल्लाहमा मैले 'लक्ष्मी परियार' नभनी 'लक्ष्मी कार्की' भनेर बास बस्नु परेको थियो ।' त्यस्तै अर्को घटना काठमाण्डौंमा डेरा खोज्दा पनि भएको थियो । २०५७ सालमा काठमाण्डौंमा डेरा पाउन श्रीमान्को थर 'सेवा' र आफू 'सेवा कोटी' बनेर बस्नुपर्ने अवस्था आइलागेको थियो । लक्ष्मीले जातीय छुवाछुतको यस्ता धेरै भेदभावहरू भोग्नु भएको छ र यो क्रम उहाँको जीवनमा जारी नै छ ।

संविधानसभा सदस्य भइसकेपछि जनमत सङ्कलनका लागि उदयपुरको पोखरी गाविस पुग्नुभएकी लक्ष्मीले फेरि त्यस्तै विभेद व्यहोर्नुपर्‍यो । टोलीमा दलित समुदायबाट लक्ष्मी र नेकपा (एमाले)का सभासद् दुर्गा परियार सहभागी हुनुहुन्थ्यो । स्थानीय जनताले सभासद्हरूलाई धेरै राम्रो सम्मान गरे, दुईवटा खसी काटेर राम्रै खानपिनको व्यवस्था पनि गरे । उहाँ अगाडि भन्नुहुन्छ, 'राति सुत्ने बेलामा पुरुष सभासद्हरूलाई चाहिँ घरभित्रको माथिल्लो तल्लामा सुत्ने व्यवस्था मिलाइयो, तर हामी महिलाहरूलाई घर बाहिरै बरण्डामा सुत्न भनियो । हाम्रो जातकै कारणले हामीले घर बाहिर सुत्नुपरेको हामीलाई अनुभूति भयो ।'

लक्ष्मीको अनुभवमा समाज 'परिवर्तन' भएको छ तर समाजमा जातीय विभेद निमिट्यान्न भएको छैन । अन्तरजातीय विवाह भएका कारण गाउँ निकाला हुनुपर्ने, घरपरिवारले अस्वीकार गर्ने, मन्दिर पसेका कारण कुटाइ खानुपर्ने स्थिति अझै हाम्रो समाजको यथार्थ हुन् ।

महिला र दलितको अधिकारका लागि सडक सङ्घर्ष गर्दै आउनु भएकी लक्ष्मीलाई संविधानसभा सदस्य नै बन्छु भन्ने आशा नभए पनि भविष्यमा केही अवसर पाउन सक्छु भन्ने आत्मविश्वास चाहिँ थियो । त्यसैले अहिले संविधानसभा सदस्य हुन पाउँदा र निर्णायक ठाउँमा बसेर काम गर्ने अवसर पाउँदा उहाँ निकै खुशी हुनुहुन्छ । उहाँको अठोट छ, 'अहिले संविधानसभामा बसेर पछाडि पारिएका दलित, महिला, जनजाति, मधेसी र अपाङ्ग वर्गका आवाज बुलन्द गर्ने मौका पाएकी छु, यो मेरो लागि ठूलो अवसर हो ।' लक्ष्मी आफ्नो राजनीतिक जीवन 'अभावै अभावमा रूमल्लिएको र सङ्घर्षमा तड्पिएको' अवस्थाबाट गुज्रेको बताउनुहुन्छ ।

संविधानसभा अन्तर्गतको जनमत सङ्कलन तथा समन्वय समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको अर्थ र श्रम सम्बन्ध समितिकी सदस्य लक्ष्मीले आफू संलग्न समिति तथा अन्य समितिमा पनि महिला तथा दलित अधिकारका पक्षमा धेरै कुरा उठाउनुभएको छ । जनमत सङ्कलनका लागि प्रश्नावली तयार गर्ने काममा उहाँ सक्रिय हुनुभयो । यस्तै मौलिक हक, सीमान्तकृत समितिमा गएर महिला, दलितलाई शिक्षा, स्वास्थ्य र सामाजिक विभेद अन्त्य

गर्ने कुरामा आमन्त्रित सदस्यका रूपमा कुरा राख्नुभएको थियो । शासकीय स्वरूप समितिमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सबै ठाउँमा उहाँले महिला र दलितको सङ्ख्यात्मक समानुपातिक प्रतिनिधित्वलाई जोड दिनुभएको थियो ।

महिलालाई आधा आकाश देखाएर धर्तीमा स्थान नदिने प्रवृत्तिको विरोध गर्दै लक्ष्मी महिलालाई ३३ प्रतिशत आरक्षण दिने भनिए पनि मन्त्रिमण्डललगायत सबै खालका प्रमुख स्थानमा महिलालाई सहभागी नगराइने प्रवृत्ति रहेको बताउनुहुन्छ । महिलाले गरेका कामको मूल्याङ्कन नगर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताउँदै लक्ष्मी भन्नुहुन्छ, 'सरकारमा महिलालाई पनि मन्त्री बनाउनुपर्छ र उच्चपदमा महिलालाई सङ्ख्याका आधारमा प्रतिनिधित्व गराउनुपर्छ । आधा आकाश र आधा धर्तीकै हिस्सेदार महिला हो । ३३ प्रतिशतले महिलालाई अल्झाएर राख्नुहुँदैन ।'

संविधानसभाको सदस्य हुँदा लक्ष्मीमा सुरूमा जुन उत्साह र जाँगर थियो, पछि त्यो रूपमा जान नसकेको उहाँको अनुभव छ । समयमा संविधान निर्माण नहुनु र धेरै कुरा आफूले सोचे जस्तो हुन नसक्नाले पनि उहाँमा वितृष्णा जागेको छ । यस्तो वातावरणले राजनीति फोहोरी खेल हो भनेर पन्छिनेहरूलाई थप ऊर्जा दिएको लक्ष्मीको भनाइ छ । यद्यपि राजनीति शतप्रतिशत विफल भएको हो भन्ने चाहिँ उहाँलाई लाग्दैन ।

महिला सदस्य भएकै कारणले संविधानसभा र व्यवस्थापिका संसद्मा लक्ष्मीले विशेष चुनौतीको सामना गर्नु नपरे पनि व्यवस्थापिका संसद् र संविधानसभाको बैठक राति पनि बस्ने हुँदा डेरामा फर्कन यातायातको समस्या हुने गरेको उहाँ बताउनु हुन्छ । यातायातको समस्याकै कारण २०६७ जेठ १४ गतेको बैठकपछि रातको २ बजे डेरामा फर्कने क्रममा १ जना पुरूषले कोटेश्वरमा मोटरसाइकलले घेरेर चक्कुले हान्ने प्रयास गरेको पनि उहाँ बताउनुहुन्छ । यो समस्या चाहिँ महिला भएकै कारणले भोग्नुपरेको हो भन्ने लक्ष्मीको भनाइ छ ।

व्यावहारिक रूपमा संविधानसभाभित्र र बाहिर महिला र पुरूष सदस्यका हैसियतमा उहाँले केही भिन्नता र विभेद महसुस गर्नुभएको छ । जिल्लामा जाँदा पनि पुरूष र महिला सभासद्लाई गर्ने व्यवहार फरक रहेको उहाँको अनुभव छ । प्रत्यक्ष वा अप्रत्यक्षरूपमा महिलालाई सानो र पुरूषलाई ठूलो मान्छेको रूपमा व्यवहार गर्ने चलन छ । यस्तै कतिपय ठाउँमा प्रहरी प्रशासनले नै नाम चलेका पुरूष सभासद्लाई राम्रो 'सम्मान' गर्ने तर महिलालाई नगर्ने, जिल्लामा सुरक्षाको विषयलाई लिएर धनी र नाम चलेका सभासद्का अघिपछि प्रहरी प्रशासन लाग्ने तर महिलालाई वास्ता नगर्ने प्रवृत्ति रहेको पनि उहाँ बताउनुहुन्छ । त्यसरी नै महिलालाई बेवास्ता गर्ने प्रवृत्ति पार्टीका कार्यकर्तामा समेत रहेको पनि लक्ष्मीको अनुभव छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : लीलादेवी मेहता |
| ठेगाना स्थायी | : अमारवा-६, सुनसरी |
| अस्थायी | : महालक्ष्मीस्थान, ललितपुर |
| सम्पर्क ठेगाना | : ९७४११५८६९६ (मो) |
| जन्म मिति | : २०३०/७/१९ |
| जन्म स्थान | : सोनापुर बिहार, भारत |
| आमाको नाम | : महवती मेहता |
| बुबाको नाम | : पञ्चु मेहता |
| श्रीमान्को नाम | : सन्तकुमार मेहता |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीति अब नशा भइसकेको छ

२०३० सालमा भारतको बिहारको सोनापुरमा जन्मिनु भएकी लीलादेवी मेहताको पारिवारिक पृष्ठभूमि राजनीतिक थियो । उहाँका बुबा सात वर्ष गाउँको मुखिया हुनुभयो भने ससुरा पञ्चायतकालमा तीन वर्ष प्रधानपञ्च हुनुभयो । माइतीमा बुबा र घरमा ससुरा राजनीतिमा संलग्न भएकाले यो क्षेत्र गलत छैन भन्ने लीलादेवीलाई सानैदेखि लागेको थियो । यद्यपि सक्रिय राजनीतिमा आउन चाहिँ उहाँले लामै समय कुर्नु पर्‍यो ।

दश वर्षको कलिलो उमेरमै बिहे गरेर सुनसरी जिल्लामा आउनु भएकी लीलाले साधारण लेखपढमै आफूलाई सीमित राख्नु पर्‍यो । त्यो बेलाको समाजमा बिहे पछि छोरी बुहारीलाई पढाउने चलन थिएन । बिहेपछि उहाँले घरको काममा सासु ससुरालाई सघाउन थाल्नुभयो र घर गृहस्थी पनि सम्हाल्नुभयो । तर देशमा माओवादी 'जनयुद्ध' चर्किँदै गएपछि परिस्थितिले उहाँलाई पनि राजनीतिमा धकेल्दै लग्यो । .

२०५८ सालमा नेपालमा संङ्कटकाल घोषणा हुनु अघिसम्म लीलाका ससुरा नेपाली काङ्ग्रेस र श्रीमान् नेकपा (एमाले) पार्टीमा हुनुहुन्थ्यो । संङ्कटकालका बेला उहाँको घरमा माओवादीले बास माग्न आउँथे र लीला उनीहरूलाई खाना पकाएर खुवाउनु हुन्थ्यो । त्यसो गर्नु उहाँको बाध्यता र माओवादीप्रतिको सहानुभूति दुबै थियो । यसरी नै उहाँको देवर डाक्टर भएकाले उहाँ आस्थाका आधारमा नभै मानवीय आधारमा माओवादीको पनि उपचार गर्नुहुन्थ्यो । तर २०५८ सालतिरको कुरा हो, गाउँलेले लीलाको देवर माओवादी भयो र यसले माओवादीलाई सहयोग गर्छ भनेर प्रहरीमा कुरा पुर्‍याएपछि प्रहरीले उहाँको घरमा छापा मार्‍यो र देवरलाई डेढ महिनासम्म जेलमा राखेर छाड्यो । लीला भन्नुहुन्छ, 'त्यही घटनाले गर्दा मेरो परिवारको माओवादीप्रतिको आस्था बढ्न गयो र म लगायत सपरिवार एक ढिक्का भएर माओवादीमा लाग्यौँ ।'

यसरी राजनीतिमा लागेपछि आफूमा जनताका कुरा निर्धक्कसँग राख्न सक्ने साहस र आत्मविश्वास बढ्दै गएको लीलाले महसुस गर्नु भएको छ । गाउँघरमा कसैलाई केही पर्दा अघि सरेर मद्दत गर्ने आफ्नो बानीले गर्दा पनि

जनताले आफूलाई नेताको रूपमा अघि बढाउन चाहेको लीलाको भनाइ छ । राजनीतिमा अघि बढ्दै जाँदा समय र परिस्थितिले अहिले आफूलाई संविधानसभामा ल्याइपुर्‍याएको लीला बताउनुहुन्छ । उहाँ एनेकपा (माओवादी) को तर्फबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत संविधानसभा सदस्य हुनु भएको हो । लीला भन्नुहुन्छ, 'यसरी कुनै दिन संविधानसभा सदस्य भइएला भनेर मैले सोचेकी थिइँन । संविधानसभामा आइसकेपछि यससम्बन्धी बैठकका नियम र प्रक्रिया बुझ्न् पनि मलाई झण्डै एक वर्ष लाग्यो ।' तर जुन उद्देश्यले संविधानसभामा आएको हो त्यसअनुसार काम हुन नसकेकोमा उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'बरू गाउँघरमा बसेर जनताको सेवा गर्नु नै राम्रो थियो । अहिले तीन साल बित्दा पनि जनताले केही पाएनन् । त्यसैले ६ सय १ जना सभासद्हरूले अब छिटै जनताको मुक्तिको लागि समाधानको बाटो खोज्नु पर्छ ।'

संविधानसभा तथा व्यवस्थापिका संसद् अर्न्तगत रहेका आफू संलग्न न्याय प्रणाली समिति र अर्थ तथा श्रम सम्बन्धी समितिमा राज्यको हरेक निकायहरूमा महिलाको समावेशी तथा समानुपातिक प्रतिनिधित्वको माग गरेको लीला बताउनुहुन्छ । त्यस्तै न्यायप्रणालीको सम्बन्धमा प्रधानन्यायाधीश जनताबाट चुनिनुपर्ने कुरा पनि उहाँले उठाउनुभएको छ । त्यस्तै उहाँले नागरिकतामा महिला पुरूष दुबैलाई समान अधिकार हुनुपर्ने विषयमा पनि जोड दिनुभएको छ । खासगरी तराई क्षेत्रमा नेपाल र भारतका मधेसी समुदायबीच बिहेबारी हुने भएकाले नेपालमा बिहे गरेर आउने महिलाले १५ वर्षपछि मात्रै नागरिकता पाउने व्यवस्था राख्न नहुने लीलाको भनाइ छ । संविधानसभा अर्न्तगतको मौलिक हक अधिकारसँग सम्बन्धित समितिले नेपाली नागरिकसँग बिहे गर्ने विदेशी महिला वा पुरूष दुबैले नेपालको नागरिकता लिन १५ वर्ष कुर्नुपर्ने प्रावधान प्रस्ताव गरेको छ । यो प्रावधान लागू भएमा व्यावहारिक रूपमा तराईका मधेसी जनतालाई धेरै समस्या हुने लीला बताउनुहुन्छ । लीला भन्नुहुन्छ, 'कथंकथाचित बिहे गरेको १५ वर्ष नपुग्दै श्रीमान्को वा श्रीमतीको निधन भएमा उसका बच्चाको पालन पोषण गर्न र ती बच्चाहरूलाई शिक्षा तथा नागरिकता दिलाउन ठूलो समस्या हुन्छ । बरू बिहे दर्ताको आधारमा छिटो नागरिकता पाउने व्यवस्था चाहिँ हुनुपर्छ ।'

गाउँघरका महिलाको अवस्था अहिले पनि दयनीय रहेकाले उनीहरूको अवस्थामा सुधार ल्याउन नयाँ संविधानमा विशेष व्यवस्था हुनु पर्ने लीलाको भनाइ छ । मधेसी महिलाहरू अरू समुदायका महिलाको तुलनामा अझ बढी पछाडि परेका छन् । त्यसैले उनीहरूलाई अधिकार सम्पन्न बनाई अगाडि ल्याउनु पर्नेमा राज्यले ध्यान दिनुपर्ने कुरामा पनि लीला जोड दिनुहुन्छ । आफूले उठाएका मुद्दाहरूमध्ये थोरैले मात्रै मस्यौदा प्रतिवेदनमा स्थान पाएको उहाँको भनाइ छ, 'नेताहरूले मुखले गर्छु गर्छु भने पनि काम गर्ने बेलामा उनीहरू बेवास्ता गर्छन् र पछिपछि हट्छन् ।'

त्यस्तै महिला सदस्यहरूबीच महिलाका मुद्दामा छलफल गर्न र महिलाहरू एक्यबद्ध हुन पनि समस्या रहेको लीलाको भनाइ छ । कतिपय महिलाहरूमा चाहिँ आफूले सबै कुरा राम्ररी बुझे पनि अरूलाई नबुझाउने समस्या छ । लीला भन्नुहुन्छ, 'महिलाहरूमा किन अरूलाई आफ्नो बुद्धि बाँड्ने भन्ने जस्तो संस्कार छ र कतिपय जाने बुझेका महिलाले नबुझेकालाई सहयोग गर्दैनन्,र महिलाहरू एक छैनन् ।'

संविधानसभा र यस अर्न्तगतका समितिहरूमा लीलालाई पनि लैङ्गिक विभेदको अनुभव हुन्छ । पुरूष सदस्यहरू आफ्नै तालमा हिँड्ने र उनीहरूले महिला सदस्यहरूलाई राम्रा सुझाव नदिने पनि लीलाले अनुभव गर्नुभएको

छ । लीलाका अनुसार व्यावहारिक रूपमा संविधानसभा तथा व्यवस्थापिका संसद्मा महिलाका कुरा कमै मात्र सुनिन्छ । संविधानसभाभित्र महिलाले बोलेका कुरालाई पुरूष सदस्यहरूले खासै सकारात्मक रूपमा नलिने गरेको नमीठो अनुभव पनि लीलाले सँगाल्नु भएको छ । त्यसरी नै राष्ट्रिय मुद्दाहरूमा पनि थोरै महिलाहरूले मात्रै बोल्ने अवसर पाउने गरेको पनि उहाँको भनाइ छ । यतिमात्र होइन, संविधानसभाभित्र मर्यादापालकहरूले समेत महिला सदस्यलाई नमस्कार गर्न गाह्रो मान्ने र विभिन्न मन्त्रालयहरूमा जाँदा महिला सभासद्का कुरा नसुन्ने प्रवृत्ति रहेको पनि उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मन्त्री भेट्न पनि गाह्रो छ । हामीलाई लामो समय कुराएपछि फुर्सद छैन भन्दै फर्काउँछन् ।'

संविधानसभामा आएर वास्तवमा जे जति गर्न सकिन्थ्यो, त्यति गर्न नपाएको लीलाको गुनासो छ । महिलाका कुराको कम सुनुवाइ हुने, महिलाका विषयमा बढी हस्तक्षेप हुने र महिलाले बोल्ने अवसर कम पाउने भएकाले यस्तो अवस्था सिर्जना भएको लीलाको धारणा छ । लीला भन्नुहुन्छ, 'जनताले जे काम गर्न पठाएका थिए, त्यो गर्न नसकेको कारणले दुःख लाग्छ । कहिलेकाहीँ जिल्लामा मोटरसाइकल चढेर जाँदा जनताले मोटरसाइकलको ह्याण्डल समातेर संविधान कहिले बनाउने हो, भत्ता खाएर मोटाएका छौं, जनतालाई केही गरेनौ भन्दा नरमाइलो लाग्छ ।' तर, संविधान नबन्नुमा ठूला नेताहरू बढी जिम्मेवार रहेको लीला ठान्नुहुन्छ । अहिले पनि प्रमुख नेताहरूको मन मिलेर समझदारीमा जाने हो भने छोटो समयमै संविधान बन्न सक्ने कुरामा लीला विश्वस्त हुनुहुन्छ ।

संविधान निर्माणले गति नपाए पनि संविधानसभा बैठकहरूमा बढी समय दिनु पर्ने भएकाले आफ्ना क्षेत्रका जनतासँग चाहेजति साक्षात्कार गर्न नसकेको लीलाको अनुभव छ । उहाँ राजधानी काठमाण्डौंमै बसेर पनि जनताका विकास निर्माणप्रतिको आवश्यकता पूरा गराउन सम्बन्धित मन्त्रालयमा धाउने गर्नुहुन्छ । आफ्ना सहयोगी मार्फत जिल्लाका समस्याबारे पनि उहाँ जानकारी राख्नुहुन्छ ।

परिस्थितिले गर्दा संविधान निर्माण कार्य निर्धारित समयमै पूरा नभएपनि आफ्नो राजनीतिक जीवनप्रति लीलाको कुनै गुनासो छैन । राजनीतिमा लागेपछि नै उहाँको सोचमा धेरै परिवर्तनहरू आएका छन् । उहाँले महिला लगायत अरू धेरै मुद्दाहरूकाबारेमा बुझ्ने अवसर पाउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'मेरो लागि राजनीति अब नशा जस्तै भइसकेको छ । त्यसैले जीवनभरी यसैमा लागेर म जनताको सेवा गरिरहनेछु ।'



### व्यक्तिगत विवरण

नाम : लीला न्याइच्याँई
ठेगाना : भक्तपुर नगरपालिका-१७, दुधपाटी, भक्तपुर
सम्पर्क ठेगाना : ०१-६६१८४०९ (नि), ९८५१०५८४९५ (मो), ९८४१५१४९३३
इमेल : lalichyai@gmail.com
जन्म मिति : २०३७/४/११
जन्म स्थान : भार्वाचो, भक्तपुर
आमाको नाम : कृष्णमाया न्याइच्याँई
बुबाको नाम : बद्री न्याइच्याँई
श्रीमान्को नाम : नारायण प्रसाद कोजु
शिक्षा : स्नातकोत्तर
राजनीतिक दल : नेपाल मजदुर किसान पार्टी
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# सरल हुनुपर्ने राजनीतिको बाटो नागबेली बनाइएको छ

सानै उमेरमा राजनीतिमा संलग्न भई संविधान लेख्ने ठाउँमा पुग्नु भएकी लीला न्याइच्याँई नेपाल मजदुर किसान पार्टीका तर्फबाट संविधानसभामा पुग्ने एक्लो महिला सदस्य हुनुहुन्छ । आफूले सानै उमेरदेखि राजनीतिक कथा, उपन्यास पढ्ने अवसर पाएकोले र त्यसबाट प्रभावित भएकोले समाज बदल्ने चाहना राखेर सोही अनुरूपको राजनीतिमा लागेको लीला बताउनुहुन्छ ।

लीलाका बुबा राजनीतिप्रति सुझबुझ राख्ने र नेपाल मजदुर किसान पार्टीसँग आबद्ध किसान कार्यकर्ता हुनुहुन्छ भने उहाँका दाजु र दिदी पनि विद्यार्थीकालदेखि नै राजनीतिमा संलग्न हुनुहुन्छ । हाल उहाँकी दिदी नेपाल मजदुर किसान पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ । विद्यार्थी राजनीतिबाट दलीय राजनीतिमा आउनु भएकी लीलालाई राजनीतिमा लाग्न परिवारबाट कुनै अवरोध भएन । तर सुरू सुरूमा राजनीतिमा लागेर उहाँको पढाइ बिग्रिएला भनेर परिवार चिन्तित भएको थियो । २०५३ सालमा एसएलसी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएपछि आफ्नो र परिवारको आत्मविश्वास बढेको लीलाको भनाइ छ ।

संविधानसभाको सदस्य भएपछि वैवाहिक जीवनमा बाँधिनुभएकी लीलाले अहिले पारिवारिक र राजनीतिक जीवन सँगसँगै अघि बढाइरहनु भएको छ । लीला आफ्नो राजनीतिक संलग्नता लामो नभएको स्वीकार्नुहुन्छ, तर छोटै अवधि भए पनि आफूले गुणात्मक राजनीतिलाई प्राथमिकता दिएको उहाँ बताउनुहुन्छ । उहाँले नेपाल मजदुर किसान पार्टी आबद्ध नेपाल क्रान्तिकारी विद्यार्थी सङ्गठनको १२ वर्षसम्म केन्द्रीय सदस्य र त्यसपछि सोही संङ्गठनको केन्द्रीय कोषाध्यक्षको भूमिका निर्वाह गरिसक्नु भएको छ । हाल उहाँ नेपाल मजदुर किसान पार्टीको वैकल्पिक केन्द्रीय सदस्य हुनुहुन्छ ।

संविधानसभा सदस्य हुनुपूर्व लीलाले अन्तरिम व्यवस्थापिका संसद्को सदस्यको भूमिका निर्वाह गर्ने अवसर पनि पाउनुभयो । सो अवधिमा उहाँले संसद्भित्र महिला, बालबालिका, र मानव अधिकार समितिमा रहेर काम गर्नुभयो ।

त्यस्तै पत्रकार वीरेन्द्र साहको हत्या छानबिन समितिको सदस्यको हैसियतले पनि उहाँले काम गर्नुभयो । यसैगरी उहाँ तत्कालीन संसद् सदस्यको हैसियतमा माओवादी सशस्त्र द्वन्द्वका बेला भैरवनाथ गण संलग्न रहेको भनिएको चर्चित शिवपुरी घटनाको स्थलगत अध्ययन कार्यमा पनि संलग्न हुनुभयो ।

संविधानसभाको सदस्य भएपछि लीलाले संविधानसभा अन्तर्गत मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र व्यवस्थापिका संसद् अन्तर्गत राज्य व्यवस्था समितिको सदस्यको भूमिका निर्वाह गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाको सदस्य बन्दा मलाई खासै नौलो अनुभव महसुस नभए पनि पार्टीले विश्वास गरेर संविधान लेखन कार्यमा संलग्न हुने जिम्मेवारी दिएकोले पार्टीको नीति तथा कार्यक्रम एवम् समग्र जनताप्रति मेरो जिम्मेवारी बढेको महसुस गरेकी छु । साथै आफ्नो समितिको जिम्मेवारीमा रहेको काम सम्पन्न गर्न पनि मैले महत्वपूर्ण भूमिका निर्वाह गरेकी छु ।' संविधानमा जनताका कुरा समावेश गर्नका लागि उहाँ दैलेख जिल्लाका करिब २५ गाविसहरूमा पनि पुग्नुभयो ।

लीलाले आफू संलग्न समितिमा महिलालाई शिक्षाको अधिकार, क्रान्तिकारी भूमिसुधार र उत्पादनका मुख्य साधनहरूलाई राष्ट्रियकरण गर्ने विषयमा जोड दिनु भएको छ । यसैगरी उहाँले लैङ्गिकरूपमा महिलालाई रोजगारीमा प्राथमिकता दिइनुपर्ने, स्वास्थ्य सेवा निःशुल्क हुनुपर्ने, प्रजनन स्वास्थ्यसम्बन्धी हक महिलामा निहित रहनुपर्ने तथा नागरिकतामा भेदभाव गर्न नहुने विषय पनि उठाउनु भएको छ । संविधानसभाको पूर्ण बैठकमा उहाँले जातीय आधारमा सङ्घीय राज्य हुन नहुने, नागरिकका मौलिक हकमा जोड दिनुपर्ने र संङ्घीय संरचनामा स्थानीय तह सबल हुनुपर्नेजस्ता विषयहरूमा पनि जोड दिनुभएको छ ।

लीलाका विचारमा संविधानसभामा समय अभावका नाममा महत्वपूर्ण विषयहरूमा पर्याप्त छलफल हुन नसकेको, धेरै काम औपचारिकतामा मात्र सीमित रहेको, ६०१ जना संविधानसभा सदस्यहरूलाई आवश्यक मात्रामा काम दिन नसकेको र राजनीतिक निर्णयका नाममा व्यवस्था तथा पद्धति नै बिगारेर संविधानसभालाई मूकदर्शक बनाइएको अवस्था छ । संविधानसभामा पर्याप्त बहस र छलफल गर्न नपाइएका कारण विवादहरू लम्बिने गरेका र त्यसले गर्दा संविधानसभाको समग्र प्रक्रियाप्रति नै असन्तोष जगाएको पनि उहाँको बुझाइ छ ।

संविधानसभाको कामकारबाहीका सम्बन्धमा आफ्नो कुरा राख्न समय पाउने भए पनि त्यस्तो समय पर्याप्त नभएको उहाँको ठम्याइ छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाको विषयगत समितिमा आफ्ना भनाइहरू राख्न मैले समय माग्दा पाउने गरेकी छु । तर बोल्नका लागि संविधानसभामा ५ मिनेट र व्यवस्थापिका संसद्मा ३ मिनेट मात्र समय पाइन्छ र उक्त समय पर्याप्त छैन । त्यसैले समय बढाएर १० मिनेट बनाउनु आवश्यक छ भन्ने मलाई लाग्छ ।'

लीलाका विचारमा नयाँ संविधानमा लैङ्गिक विषय समावेश गर्ने कुराले खासै प्राथमिकता पाउन सकेको छैन । महिलाका एजेण्डाहरू स्पष्ट रूपमा प्रस्तुत हुन नसकेको र महिला तथा पुरूष सदस्यहरूले अपेक्षाकृत भूमिका निर्वाह गर्न नसकेको पनि उहाँको भनाइ छ । लीलाका विचारमा महिलालाई संविधानसभा भित्र र बाहिर गरिने व्यवहार र उनीहरूमाथि राखिने दृष्टिकोण फरक छ उहाँ भन्नुहुन्छ, 'एउटै पार्टीका र उस्तै पदका महिला र

पुरूषहरूको अवस्थालाई केलाउँदा पुरूषहरू दल र देशको नेता हुने तर महिलाहरू महिलाका मात्र नेता हुने अवस्था रहेको छ । यस्तो अवस्थाले गर्दा पनि महिलाका विषयले अझै यथोचित स्थान पाउन सकेको छैन ।'

महिलामैत्री संविधान बनाउन महिलाको समानुपातिक तथा समावेशी सहभागिता हुनुपर्ने र यसका लागि महिला र पुरूषबीच शक्ति सन्तुलन कायम हुनुपर्ने उहाँको धारणा छ । संविधानसभामा महिला एकताकाबारेमा उहाँ भन्नुहुन्छ, 'दलहरूभित्र महिला संङ्गगठन आवश्यक परेजस्तै संविधानसभामा पनि महिलाका मुद्दालाई सामुहिक रूपमा उठाउन महिला ककसको आवश्यकता परेको हो । सुरूमा सबै दलका महिलाहरूको साझा मञ्च महिला ककस बनाउन दिनु हुँदैन, महिला ककस बनाएमा आदिवासी/जनजाति, दलित, मधेसी र अन्य वर्ग र समुदायले पनि त्यस्तै ककसको माग गर्छ भन्ने कुराले चुनौती खडा गरेको थियो । तर पछि सबै पक्षको सहयोगमा महिला ककस गठन भयो । ककसलाई अघि बढाउनस्रोत साधनको व्यवस्था हुनुपर्छ र ककसका सदस्यहरूले पनि आफ्नो बुद्धि र विवेक लगाएर यसलाई अगाडि बढाउनुपर्छ ।'

राजनीतिबारे लीलाको बुझाइ छ, 'स्पष्ट र सरल हुनुपर्ने राजनीतिको बाटो नागबेली बनाइएको छ । बहुदलीय व्यवस्था, राजनीतिमा आधुनिकीकरण जे भनिए पनि अझै दलका नेताहरूमा पुरातनवादी सोच नै हाबी रहेको छ र त्यसको सोझो प्रभाव दलहरूमा परेको छ । यो अवस्था परिवर्तन गर्नका लागि नागरिकहरू राजनीतिक रूपमा चेतनशील हुनुपर्छ ।' उहाँको भनाइमा नेताहरूले अहिलेको अवस्थामा पनि प्रगतिशील विचारधाराका आधारमा नभइ हिन्दुवादी चाणक्य नीतिका आधारमा शासन गर्न र संविधान बनाउन खोजेका छन् जुन वर्तमान अवस्थामा व्यावहारिक र सान्दर्भिक छैन ।

पार्टी राजनीति र सरकारमा आफ्नो पार्टीको सहभागिताकोबारेमा उहाँ भन्नुहुन्छ, 'यही संरचना र अवस्थामा रहिरहे हाम्रो पार्टी सरकारमा जानुको कुनै अर्थ छैन । अहिले अर्ध पूँजीवादी व्यवस्था छ र पूँजीवादी व्यवस्थाको मन्त्रिमण्डल भनेको पूँजीवादीको सञ्चालक मात्र हो । हामी त्यसको पक्षमा छैनौं । अहिले जनता सबै हिसाबले सचेत भइसकेका छैनन् जसले गर्दा पनि हामी पूँजीवादको शिकार भैरहेका छौं ।'

हक्की स्वाभावकी लीलालाई संविधानसभा सदस्य भएपछि कूटनीतिक भाषामा बोल्न र समय व्यवस्थापन गर्न निकै कठिन भएको छ, उहाँ भन्नुहुन्छ, 'कूटनीतिक भाषा र कार्यशैलीको प्रयोग गर्न नजानेका कारणले पनि मैले बेलाबेलामा चुनौती खप्नु परेको छ । त्यसरी नै समयाभाव तथा जिम्मेवारीबोधका कारण व्यक्तिगत तथा पारिवारिक काम, यात्रा तथा वनभोज जस्ता कार्यक्रमहरू रद्द गर्नुपर्ने अवस्था छ ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : लीलाकुमारी बगाले सोमइ |
| ठेगाना स्थायी | : देउराली गाउँ, ठिमुरे गाविस-३, पाल्पा, लुम्बिनी |
| अस्थायी | : बलम्बु, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४११६८२१० (मो) |
| इमेल | : somaililа2010@gmail.com |
| जन्म मिति | : २०३२/८/२ |
| जन्म स्थान | : फेक-९, घोरपाल्दी, पाल्पा |
| आमाको नाम | : गोमादेवी बगाले |
| बुबाको नाम | : मानबहादुर बगाले |
| श्रीमान्को नाम | : स्व. पृथबहादुर सोमइ |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# आदर्श र अडान नछाड्ने

२०५७ सालदेखि लीलाकुमारी बगाले सोमइ र उहाँका श्रीमान् पृथबहादुर सोमइ तत्कालीन नेकपा (माओवादी)को सशस्त्र द्वन्द्वमा सक्रिय भएर लाग्नुभयो । २०६० सालमा श्रीमान्ले माओवादी पार्टीको पूर्णकालीन सदस्यता लिनुभयो । २०६१ सालमा सुरक्षा फौजद्वारा श्रीमान्को हत्या भएपछि लीलाकुमारीलाई पनि खतरा महसुस भयो र घरमा बस्ने स्थिति रहेन । त्यसपछि पाँच वर्षको ठूलो छोरालाई माइतीमा छाडेर र १४ महिनाको सानो छोरालाई काखी च्यापेर उहाँ भूमिगत हुनुभयो । त्यसअघि चाहिँ उहाँ बालबच्चा स्याहार्दै शिक्षण पेशा गर्दै घरै बसेर भूमिगतरूपमा पार्टीको काम गर्नुहुन्थ्यो ।

पार्टीभित्र जनजाति र महिला सङ्गठन बिस्तार गर्ने, उनीहरूलाई प्रशिक्षण दिने, बैठक बसाल्ने, युद्ध व्यवस्थापनको कार्यभार सम्हाल्ने, लेभी उठाउने र खाना पकाउने जस्ता कामहरू लीलाकुमारीको प्रमुख दायित्वभित्र पर्थे । लीलाकुमारी निश्चित ठाउँमा पुगेर तोकिएको कार्यक्रमको आयोजना गर्नुहुन्थ्यो र कार्यक्रम सकिएपछि त्यसको समीक्षा गरेर भविष्यमा आयोजना गरिने कार्यक्रमहरू तय गरी त्यहाँबाट हिँड्नु हुन्थ्यो । यसरी काम गर्दा उहाँको 'सेल्टर' वा सुरक्षा फौजबाट बच्ने थलो परिवर्तन भइरहन्थ्यो । उहाँ धेरैजसो रातमा हिँड्ने र दिनमा एकै ठाउँ बस्ने गर्नुहुन्थ्यो ।

अत्यन्त निम्न वर्गीय परिवारमा जन्मनु हुर्कनु भएकी लीलाकुमारीले जीवनमा सबैखाले दुःख र असमानता भोग्नुभएको छ । परिवारमा खान-लाउन पुग्दैनथ्यो । उहाँहरू सानो छँदा घरमा आमाले कतिबेला खानेकुरा ल्याउनुहुन्छ र खाउँला भन्ने स्थिति थियो । लगाउने कपडादेखि कापीकलम किन्न पनि धौ धो थियो । आर्थिक अभावले गर्दा नै एसएलसी परीक्षा उत्तीर्ण भएपछि नर्सिङ पढ्ने उहाँको सपना अधुरै रह्यो । एसएलसीपछि उहाँले स्थानीय स्कुलमा पढाउन र एउटा गैरसकारी संस्थामा काम गर्न थाल्नुभयो । गैरसरकारी संस्थामा काम गर्दागर्दै संस्था मार्फत नै चिनेका साथी पृथबहादुर सोमइसँग लीलाकुमारीको २२ वर्षको उमेरमा विवाह भएको थियो । विवाहपछि पनि दुबैको आआफ्नो राजनीति सँगसँगै अगाडि बढ्यो ।

माओवादीमा प्रवेश गर्नुअघि लिलाकुमारी नेकपा (एमाले)मा आबद्ध हुनुहुन्थ्यो । खासगरी एमालेको सांस्कृतिक कार्यक्रममा उहाँको सक्रिय सहभागिता हुने गर्दथ्यो । उहाँका श्रीमान् पनि एमालेको गाउँ कमिटी सचिव हुनुहुन्थ्यो । माओवादी 'जनयुद्ध' सुरू भएपछि गाउँमा एमालेको राजनीति बिस्तारै सेलाउँदै गयो । लीलाकुमारी भन्नुहुन्छ, 'त्यतिबेला एकातिर एमालेले मुलुकका लागि केही गर्न नसक्ने अवस्था थियो भने अर्कातिर मुलुकमा आमूल परिवर्तन गर्ने नाराका साथ माओवादी अगाडि आइरहेको थियो ।'

एमालेमै संलग्न हुँदाहुँदै लीलाकुमारीको माओवादी कार्यकर्तासँग भेटघाट र अन्तर्क्रिया पनि हुनथाल्यो । माओवादी कार्यकर्तासँगको पटकपटकको भेटघाट र लामो छलफल तथा बहसपछि माओवादीले मात्रै मुलुकमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेदको अन्त्य गरी देशमा साँच्चैको परिवर्तन ल्याउन सक्छ भन्ने कुरामा उहाँ विश्वस्त हुनुभयो । त्यसपछि २०५७ सालमा लीलाकुमारी र उहाँका श्रीमान् दुबैजनाले माओवादीमा प्रवेश गरेर फेरि नयाँ ढङ्गको राजनीति थाल्नुभयो ।

राजनीतिमा लागेपछि पनि लीलाकुमारीले धेरै सङ्घर्ष गर्नुका साथै प्रशस्त दुःख पनि पाउनुभएको छ । महिलाले राजनीति गरेको नस्वीकार्ने र महिलाले अघि सरेर बोल्दा पोथी बासेको सुहाउँदैन भन्ने सामाजिक प्रवृत्तिबाट पनि उहाँ पीडित हुनुभएको छ । श्रीमान्को मृत्युपछि त उहाँको पीडा अझ बढ्यो । लीलाकुमारी भन्नुहुन्छ, 'श्रीमान् जीवित छँदा नै मलाई उहाँले यदि उहाँलाई केही भइहाले किरिया नबस्नु, सेतो लुगा नलगाउनु भन्नुभएको थियो । श्रीमान्ले सहादत प्राप्त गरेपछि मैले उहाँले भन्नुभए भैँ गरेँ । जसले गर्दा समाजमा मलाई अझ हेला गर्न थालियो । अब यसले छोएको खानुहुन्न, यो तल्लो जातभन्दा पनि अझ खसेको हो भन्न थाले । तर, मैले त्यसो भन्नेहरूलाई तपाईंहरूलाई जे गर्नुछ गर्नुस् म आफ्नो आदर्श र अडान छाड्दिन भनेँ ।'

भूमिगत राजनीतिमा छँदा पटकपटक लीलाकुमारीले चुनौतीपूर्ण अवस्थाहरूँग सामना गर्नुभएको छ । तीमध्येको एउटा रोचक घटना चाहिँ २०६१ असोजको हो । त्यसबेला पाल्पाको बाहादुरपुर गाविसमा पार्टीको एकहप्ते प्रशिक्षण कार्यक्रममा लीलाकुमारी पनि संलग्न हुनुहुन्थ्यो । प्रशिक्षणकै क्रममा एकदिन क्याम्पभित्रकै एउटा कुनामा लीलाकुमारी उहाँका अरू दुईजना महिला छापामार साथीहरूसँगै नुहाइरहनु भएको थियो । नुहाउँदै गर्दा उहाँहरूबीच कार्यक्रमको सफलता र भावी रणनीतिबारे पनि कुराकानी चलिरहेको थियो । क्याम्पको सुरक्षाका लागि केही विद्रोहीहरू बन्दुकसहित तैनाथ थिए । तर, त्यही बेला अचानक क्याम्पभित्र गोली चलेको आवाज आयो । यसो प्वालबाट चिहाएर हेर्दा उहाँहरूले क्याम्पभित्र सेनाले प्रवेश गरेर फायरिङ सुरू गरिसकेको देख्नुभयो । तर क्याम्पभित्र भएका विद्रोहीहरू भने सेनासँग लड्नका लागि तयार अवस्थामा थिएनन् । अचानकको फायरिङले त्यहाँ भागदौड मच्चियो । नुहाइरहेका अन्य महिला छापामारहरू र लीलाकुमारी पनि कपडा च्यापेर अर्धनग्न अवस्थामै त्यहाँबाट भाग्नुभयो ।

लीलाकुमारी र उहाँका साथीहरू मकै र निगालाको घारीभित्र लुक्न पुग्नुभयो । तर, घारी बाहिर चाहिँ सेनाले सन्याकसुरूक गर्दै उहाँहरूलाई खोजिरहेका थिए । त्यसैले उहाँहरू घारी भित्रभित्रैबाट घस्रदै खरबारीमा घुसेर भिरको लहरा समाउँदै बिस्तारै तल भर्नुभयो । तर त्यहाँपनि सेनाले गोली चलायो र तीनैजना भिरमै सेपिएर बस्नुभयो । केहीबेरपछि हेलिकप्टरबाट भिरमाथि पनि गोली प्रहार सुरू भयो । त्यसपछि भिरमुनिको जङ्गलमा हामफालेर भाग्दा तीनजना साथीहरू तीनतिर छुट्टिए । राती जङ्गलमा लीलाकुमारी एक्लै पर्नुभयो र उहाँले

जङ्गलमै रात कटाउनु भयो । भोलिपल्ट गाउँ फर्किएपछि मात्र उहाँले हिजोको सैनिक आक्रमणमा पाँच जना छापामारहरू मारिएको कुरा थाहापाउनुभयो । हिजो बिहानैदेखि केही नखाएकोले बेस्मरी भोक लागेको र नुहाउँदा नुहाउँदै भागेकाले शरीर ढाक्न गतिलो लुगा पनि नभएकोले उहाँले गाउँलेसँग कपडा र खानेकुरा माग्नुभयो तर कसैले दिन मानेनन् । सेनाले माओवादीलाई सहयोग नगर्न गाउँलेलाई कडा चेतावनी दिएर गएकाले उहाँलाई कसैले बास दिन पनि मानेनन् । कानमा लगाएको सानो सुनको रिङ फुकालेर दिँदै पचास रूपैयाँ दिनोस्भन्दा पनि कसैले दिएनन् । आखिरमा एउटी बुढी आमाले उहाँलाई एउटा चप्पल ल्याएर दिनुभयो र उसिनेको मकै ख्वाउनुभयो । त्यसपछि पर्सीपल्ट मात्र बल्ल उहाँको साथीहरूसँग भेट भयो र बाँच्न सफल भएकामा सबैजना खुशी भए ।

प्रशिक्षण क्याम्पमा भएको उक्त घटनामा लीलाकुमारी त बच्नुभयो, तर एउटा अर्को घटनामा उहाँका श्रीमान् बच्न सक्नुभएन । २०६१ मङ्सिरमा पाल्पाकै बतासे बजारमा उपचार गराउन गएकाबेला उहाँको श्रीमान्लाई सेनाले हत्या गरेका थिए । लीलाकुमारी भन्नुहुन्छ, 'मेरो श्रीमान् बजारमा भएको थाहापाएपछि सेनाले बजारै घेराबन्दी गरी उहाँलाई समाउन खोजे । तर उहाँ त्यहाँबाट जसोतसो उम्किनु भए पनि उहाँ आधा घण्टाभन्दा बढी भाग्न सक्नुभएन । सेनाले उहाँको टाउकोमा नै गोली ठोक्यो र त्यसपछि उनीहरूले मेरो श्रीमान्लाई झाडीमा खसालेर मारे । उहाँको शव माटोले पुरेको अवस्थामा फेला पर्‍यो ।'

सात राजनीतिक पार्टीहरू र माओवादीबीच शान्ति सम्झौता भएपछिको संविधानसभा निर्वाचनमा लीलाकुमारीका यी साहसिला सङ्घर्षहरूको कदर गर्दै पार्टीले उहाँलाई संविधानसभाको चुनावको टिकट दियो र उहाँ चुनाव जित्न सफल हुनुभयो । उहाँ संविधानसभा अर्न्तगतको सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति र व्यवस्थापिका संसद्को महिला, बालबालिका तथा समाजकल्याण समितिको सदस्य हुनुहुन्छ । उक्त समितिहरूमा उहाँले राज्यको हरेक निकायहरूमा महिलाको समावेशी तथा समानुपातिक सहभागिता, हरेक क्षेत्रमा महिलाहरूका लागि विशेष अधिकार, युद्ध पीडित महिलालाई रोजगारी, सेनामा महिलाको सहभागिता र आइएलओ १६९ ले प्रदान गरेको जल, जङ्गल, जमिनमा आदिवासी/जनजाति र स्थानीय जनताको अधिकार संविधानमै सुनिश्चित हुनुपर्ने कुरामा जोड दिँदै आउनु भएको छ ।

संविधानसभा सदस्य भएपछि सुरूमा उहाँलाई पार्टीहरूले हरेक विषयमा सहमति बनाएर अघि बढ्लान् र समयमै संविधान लेख्लान् भन्ने लागेको थियो । तर, अहिले हरेकजसो विषयमा पार्टीहरूबीच लामो बहस चल्ने तर निर्णय चाहिँ नहुने प्रवृत्ति देखेर लीलाकुमारी केही निरूत्साहित हुनुभएको छ । उहाँ भन्नुहुन्छ, 'आफूले सोचे, चाहे जस्तो नहुँदा कहिलेकाहीं राजनीतिबाटै सन्यास लिउँ कि जस्तो पनि लाग्छ । तर आफूले छाडे फेरि हिजोकै टाठाबाठा अगाडि आउँछन् भन्ने सोचले फेरि यही क्षेत्रमै सक्रिय हुने हिम्मत आउँछ । कहिलेकाहीँ राजनीति भनेको फोहरी खेल नै हो कि भन्ने पनि लाग्छ, तर कमलको फूल पनि त आखिर फोहरमाथि नै त फुल्छ नि ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : लीला भण्डारी |
| ठेगाना स्थायी | : फुलवारी गाविस-४, तुलसीवारी गाउँ, कैलाली |
| अस्थायी | : कोटेश्वर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४१०८७१५३ (मो) |
| जन्म मिति | : २०३३/५/२९ |
| जन्म स्थान | : कैलाली, धनगढी |
| आमाको नाम | : अम्बिका भण्डारी |
| बुबाको नाम | : गणपति भण्डारी |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# नाफाको जीवनलाई जनताको सेवामा समपर्ण गर्छु

युगौँदेखि समाजमा देखिएको वर्ग विभेद, लैङ्गिक हिंसा, समाजका हरेक क्षेत्रमा देखिएको अवयवस्था आदिजस्ता कुराले लीला भण्डारीलाई राजनीतिमा लाग्न प्रेरित गरेको थियो । सही ढङ्गले राजनीति गर्दा समाजमा सकारात्मक परिवर्तन आउँछ र समाजमा व्याप्त शोषण, दमन र महिला उत्पीडनबाट मुक्ति पाउन पुरातनवादी संरचना ध्वस्त हुनुपर्छ भन्ने कुरामा उहाँ विश्वस्त हुनुहुन्थ्यो ।

कैलालीको धनगढीमा जन्मिनु भएकी लीलाको परिवार कम्युनिष्ट राजनीतिमा संलग्न थियो । परिवारका अधिकांश सदस्यहरू राजनीतिक रूपले महत्वपूर्ण र ठूलो राजनीतिक पार्टी मानिएको कम्युनिष्ट पार्टीमा संलग्न भएकोले सानै उमेरदेखि लीलालाई पनि राजनीतिमा रूची थियो । तर उक्त पार्टीले एकातिर समयसँगै आफूलाई परिवर्तन गर्न नसकेको र अर्कोतिर समाजमा वर्गविभेद पनि चरम अवस्थामा पुगेकोले लीलाले चाहिँ तत्कालीन नेकपा माओवादी पार्टीलाई रोज्नुभयो । उहाँ माओवादी पार्टीमा संलग्न भएपछि उहाँको आमा, बुबा, भाइ र काकाहरू पनि माओवादी पार्टीमै आबद्ध हुनुभयो । विद्यार्थी राजनीतिबाट राजनीति सुरू गर्नुभएकी लीलाले २०४८ सालमा एमाले स्कूल इकाइको विद्यार्थी सङ्गठनको सदस्य भएर काम गर्नुभएको थियो ।

२०५४ सालमा लीला धनगढी बहुमुखी क्याम्पसमा अध्ययनरत हुनुहुन्थ्यो । लीलाका अनुसार त्यतिबेलाका बहुदलवादी दलहरूले ठोस राजनीतिक परिवर्तन गर्न नसकेको र ती दलहरू राजतन्त्रको दास बनेको देख्दा उहाँलाई दिक्क लागेको थियो । उहाँ भन्नुहुन्छ, 'अब यी दलहरूबाट परिवर्तन सम्भव छैन त्यसैले पूर्ण रूपले राजतन्त्रको अन्त्य गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न सके मात्र देश समृद्धशाली बन्छ भन्ने सोचाइ आयो र क्याम्पसका केही क्रान्तिकारी विद्यार्थीहरूसँगको छलफल र बहसपछि २०५४ सालमा म अनेरास्ववियु (क्रान्तिकारी) को सदस्य भएँ ।'

२०५५ सालमा लीला माओवादी पार्टीको एरिया कमिटि सदस्य हुनुभयो । उहाँ भन्नुहुन्छ, 'मेरो पार्टीप्रतिको जिम्मेवारीहरू बढ्दै गयो र म माथि प्रहरी प्रशासन र सुराकीहरूको निगरानी पनि बढ्दै गयो । २०५६ सालमा

मैले पार्टीको पूर्णकालीन सदस्य भएर पार्टीको काम अगाडि बढाउने अठोटका साथ बुबाआमालाई युग परिवर्तन गर्ने महान काममा लाग्नका लागि घर छोड्ने जानकारी गराएँ । बुबाआमाले पनि मेरो वचन काट्न नसकेर दुई थोपा आँसु झार्दै मलाई बिदा दिनुभयो ।'

लीला २०५७ सालमा एरिया कमिटि सचिव, २०५८ सालमा जिल्ला कमिटि एरिया इन्चार्ज र २०६१ सालमा उहाँ क्षेत्रीय ब्यूरो जिल्ला इन्चार्ज हुनुभयो । त्यस्तै २०६४ सालमा थारूवान राज्य कमिटि सदस्य सह इन्चार्ज हुनुभयो र २०६५ देखि २०६७ सम्म थारूवान राज्य कमिटि सचिवालय सदस्यको जिम्मेवारी पनि सम्हाल्नुभयो ।

लीला 'जनयुद्ध'पछिको आफ्नो जीवनलाई नाफाको जीवन भन्न रूचाउनुहुन्छ । किनभने, 'जनयुद्ध'का क्रममा आफन्त र आफूसँगै हिंडेका, एउटै थालमा खाएका, एकै ठाउँमा सुतेका र सँगै काम गरेका धेरै साथीहरू मारिएको तर आफू चाहिँ बाँचेकोले उहाँ 'नाफाको जीवनलाई जनताको सेवामा समपर्ण गर्ने सोच राख्नुहुन्छ । 'जनयुद्ध'काबेला उहाँ सांगठनिक कार्यमा सक्रिय हुनुहुन्थ्यो र उहाँले कैलालीको एउटा गाउँको जिम्मेवारी सम्हाल्नु भएको थियो । आफ्नो कार्य क्षेत्र परेको सो गाउँलाई सेनाले घेरामा पारेर उहाँका ४ जना महिला तथा ६ जना पुरूष साथीलाई मार्दा उहाँ गाउँमा हुनुहुन्नथ्यो । घटनापछि गाउँमा फर्किँदा महिलाहरूलाई बलात्कार गरेर टाउको र स्तनमा गोली हानेर मारिएको उहाँले पाउनुभयो । आफ्ना साथीहरू मारिएको पीडा र मारिएका महिलाहरूको शरीरमा कपडा नभएको दृश्यले लीलालाई निकै नै आक्रोशित र मर्माहत तुल्याए पनि आफ्नो दायित्व अनुसार मर्नेहरूका सम्मानमा उहाँले १० वटा शवलाई पार्टीको झण्डा ओढाएर र मौनधारण गरेर छुट्टा छुट्टै ठाउँमा पुर्नुभयो । यस कामको लागि उहाँलाई तीन जनाले सहयोग गरेका थिए ।

२०५९ माघमा कालिकोट जिल्लामा प्रशिक्षणमा जाँदाजाँदै लीलाले भाइको मृत्यु भएको खबर सुन्नुभयो । माओवादी सेनामैं कार्यरत भाइलाई २०५९ माघ १३ गते सेनाले हत्या गरेको थियो । युद्धरत अवस्थामा कतिपटक उहाँले आफ्नै मृत्युको खबर आफैले सुनेको कारणले सुरूमा सुरूमा भाइको मृत्युको खबरलाई विश्वास गर्न सक्नुभएन । तर पछि खबर साँचो भएको पत्ता लाग्यो । भाइको मृत्युको खबर आउँदा उहाँको आमा विरामी परेर अपरेशन गर्नका लागि धनगढीमा बस्नुभएको थियो भने बुबा भागेर भारत जानु भएको थियो । भाइको मृत्युको खबरले विरामी आमालाई पर्ने आघात सम्झेर लीलाले आमालाई भाइको मृत्यु भएको कुरा तुरून्तै सुनाउनु भएन र भारतमा रहेका बुबासँग सम्पर्क हुँदा पनि त्यो खबर झूठो हो भन्नुभयो । उहाँ त्यो क्षण सम्झँदै भन्नुहुन्छ, 'कसरी मैले त्योबेला भाइको हत्या भएको कुरा केही समयका लागि लुकाएँ हुंला जस्तो लाग्छ ।'

राजनीतिमा 'कमाउँला, खाउँला भनेर होइन शोषित पीडित जनताका समान अधिकारका लागि सङ्घर्ष गरौँला भनेर आएको तर त्यसको विपरीतको राजनीतिक अवस्था भइदिंदा आफूलाई पीडा हुने गरेको लीला बताउनुहुन्छ । त्यस्तै निर्धारित समयमा संविधान लेख्न नसक्दा पनि उहाँलाई थप पीडाको महसुस भएको छ । 'राजनीतिले नै देश बचाउने र सिध्याउने हुँदा जनतालाई ढाँट्ने र छल्ने गर्नुहुन्न, ढोँगी राजनीतिलाई जनताले पचाउँदैनन्' भन्नुहुने लीला जनताका अधिकार सुनिश्चित गर्नका लागि भविष्यमा अझ सशक्त ढङ्गले राजनीति गर्नुपर्ने बताउनुहुन्छ ।

कैलाली क्षेत्र नं. ६ बाट संविधानसभामा प्रतिनिधित्व गर्नुहुने लीला सविधानसभा अन्तर्गतको न्याय प्रणाली सम्बन्धि समिति तथा व्यवस्थापिका संसद अन्तर्गतको महिला, बालबालिका र समाजकल्याण समितिको सदस्य हुनुहुन्छ ।

समितिमा उहाँले समाजमा छुट्टै दर्जाको भनेर चिनिने महिलालाई दमन हुने किसिमको संविधान बनाइनु हुँदैन र घरेलुहिंसा तथा पारिवारिक कारणले पनि महिला पीडित हुने हुँदा महिलाका मुद्दा मामिला हेर्न छुट्टै न्यायाधीश र छुट्टै इजलास हुनुपर्छ भन्ने कुरा राख्नुभयो। यस्तै बालबालिकाका अधिकारका लागि बाल इजलासको व्यवस्था गरिनुपर्ने, महिला अपराधीलाई जेलमा राख्दा उसको बच्चालाई पनि जेलमा सँगै राख्न नहुने जस्ता कुरा पनि उहाँले संविधानसभा र व्यवस्थापिका संसदमा वकालत गर्नुभयो।

महिलाले दाइजो-बोक्सीको आरोपमा खप्ने हिंसा र कम्लहरी-कमैया राख्ने प्रथाको अन्त हुनुपर्ने कुरा पनि लीलाले सदन र संविधानसभामा उठाउनु भएको थियो। समितिमा महिला र वालवालिकाका अधिकारका लागि बलियो आवाज उठाएकै कारणले नवलपरासीको इँटा भट्टामा बालिकाको बली दिने अपराधीलाई कठघरामा उभ्याउन सफल भएको लीला बताउनुहुन्छ।

महिला सदस्यहरूले महिला भएकै कारणले संविधानसभा र व्यवस्थापिका संसदमा भोग्नु पर्ने विशेष चुनौती तथा परिस्थितिहरू रहेका छन् भन्ने लीलालाई पनि लाग्छ। संविधानसभामा कतिपय महिला सदस्यहरूका दुधे वालवालिकालाई राख्ने व्यवस्थित ठाउँ र बच्चा हेर्ने सहयोगी नभएकोले पनि वच्चाका आमाहरूलाई समस्या परेको उहाँको भनाइ छ। उदाहरणका लागि विहानको ११ बजे बैठक वोलाएर रातको ११ बजेसम्मपनि बैठक नबस्ने अवस्थामा दुधे बालबालिकका आमाहरूले निकै नै पीडा भोग्नुपरेको छ। साथै राती अबेरसम्म बैठक वस्दा सुरक्षाको ग्यारेण्टी नहुने र सिंहदरबार भित्र धेरै यातायातको साधन भएर पनि संविधनसभा सदस्यहरूले हिँडेर वा आफैले यातायातको व्यवस्था गरेर घर फर्किनुपर्ने अवस्था पनि महिला सदस्यका लागि चुनौतीपूर्ण रहेको उहाँको अनुभव छ। तर, महिलाका यी विशिष्ट अवस्थालाई संविधानसभाले बेवास्ता गरेको लीला बताउनुहुन्छ।

कतिपय अवस्थामा महिला सदस्यहरूले संविधानसभामा उठाएका मुद्दाहरूलाई केही पुरूष सदस्यहरूले गम्भीर ढङ्गले लिए पनि मुख्य ठाउँमा भने महिलाहरूले गर्न सक्दैनन् भन्ने भावना सबैजसो पुरूषहरूमा रहेको र महिलालाई पूर्ण र ठूलो जिम्मेवारी नदिने प्रवृत्ति रहेको लीलाको भनाइ छ। उहाँ भन्नुहुन्छ, 'महिलालाई सहायक भुमिका मात्र दिइन्छ र जिम्मेवारी दिन पनि कन्जुस्याइं गरिन्छ। मन्त्रालय विभाजन गर्दा पनि महिलालाई कम विश्वास गरिन्छ र सरकारको प्रतिनिधित्व गर्ने तथा नाम दाम आउने ठाउँमा पुरूषलाई नै छनौट गर्ने चलन छ, तर यस्तो प्रवृत्तिको अन्त हुनुपर्छ।'

संविधानसभाको लीलाको अनुभव उहाँले सोचे जति सकारात्मक हुन सकेको छैन। संविधानसभाको पहिलो दिनको बैठक नै विहानको ११ बजे बोलाएर राती ११ बजे बस्यो। अहिले पनि महत्वपूर्ण निर्णय हुने दिन राति मात्र बैठक हुने, नराम्रो नजिर बसेकोमा उहाँ असन्तुष्ट हुनुहुन्छ। संविधानसभा सदस्यहरूका लागि अनुशासन र नियमको व्यवस्था भएपनि यो ठूला नेताको हकमा लागु नहुने र बढीजसो ठूला नेताहरू नै संविधानसभामा उपस्थित नहरने अवस्थाले गर्दा संविधानसभा महत्वपूर्ण ठाउँ होइन रहेछ भन्ने छवी कायम हुँदै जानुलाई लीला नराम्रो सङ्केतको रूपमा लिनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'देश र जनताका विषयमा हुने महत्वपूर्ण निर्णयहरू सानो कोठामा होइन ६०१ सदस्यकाबीच हुनुपर्छ। हामी सभासद्हरू रबर स्ट्याम्प जस्तो निर्णयहरूमा छाप लगाउने र टेबल बजाउन मात्र संविधानसभामा पुगेका होइनौँ। तर अहिले त्यस्तै भान पर्दै जान थालेको छ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : लीला सुब्बा |
| ठेगाना स्थायी | : देउराली-७, धनकुटा, कोशी |
| अस्थायी | : वानेश्वर, काठमाण्डौं-३४ |
| सम्पर्क ठेगाना | : ०२६-५२०६२४ (नि) |
| | ९८४२०७००७६/९७४११५८२७४ (मो) |
| जन्म मिति | : २००८/११/१४ |
| जन्म स्थान | : पाँचथर |
| आमाको नाम | : स्व सरस्वती सुब्बा लिम्बु |
| बुबाको नाम | : स्व बिर्खध्वज सुब्बा लिम्बु |
| श्रीमान्को नाम | : सञ्चमान लिम्बु |
| शिक्षा | : माध्यमिक तह |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# एउटी गृहिणीको राजनीतिक यात्रा

लीला सुब्बाको जीवन औसत नेपाली महिलाको झैं घरायसी काममै बितेको थियो । घरव्यवहार हेर्ने, श्रीमान् र चार बालबच्चाको हेरचाह गर्ने । बच्चाहरू हुर्कदै गर्दा उहाँले आफ्नो जीवनलाई पनि यसो केलाउन थाल्नुभयो । केलाउँदै जाँदा आर्थिक पक्ष समेतका हरेक कुरामा कसरी आफू श्रीमान्मै निर्भर हुनु परेको छ भन्ने कुराले उहाँलाई अब केही गर्नैपर्छ भनेर सोच्न बाध्य तुल्यायो ।

सामाजिक कठिनाइ र महिलामाथि हुने अपमानजनक व्यवहारकाबारेमा पनि उहाँ सोच्नुहुन्थ्यो । राजनीतिमा महिलाले पनि सक्रिय भएर अघि बढ्नुपर्छ र महिलाहरूले परम्परागत भूमिकाबाट माथि उठ्नुपर्छ भन्ने विचार पनि उहाँको मनमा आइरहन्थ्यो । 'एक्काइसौं शताब्दिमा आएर समेत महिलाको अवस्थामा खासै सुधार हुन सकेको छैन, खासगरी ग्रामीण क्षेत्रहरूमा । उनीहरूमा शिक्षा र चेतनाको अभाव छ, र खेतीपातीका साथै घर भित्रका कामको जिम्मेवारी पनि उत्तिकै छ,' उहाँ भन्नुहुन्छ । यही विचार र आत्मबोधले नै लीलालाई नेपाली काङ्ग्रेस अन्तर्गतको नेपाल महिला सङ्घतर्फ डोहऱ्यायो ।

लीलाले नेपाल महिला सङ्घमा २०४६ सालमा जिल्ला सदस्यको रूपमा प्रवेश गर्नुभयो र २०४९ देखि २०५३ सालसम्म उपसभापतिको रूपमा जिम्मेवारी निर्वाह गर्नुभयो । अहिले पनि उहाँ सङ्घको सल्लाहकार हुनुहुन्छ । २०४९ सालमा उहाँले पार्टीको सदस्यता लिएर जिल्ला सदस्यको रूपमा काम गर्नुभयो । २०६७ सालमा पार्टीको १२औं महाधिवेशनमा उहाँ महासमिति सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँले पार्टीको जिल्ला सदस्यको रूपमा पनि काम गर्नुभयो । साथै उहाँ लिम्बु समुदायको जातीय संस्था किराँत याक्थुङ चुम्लुङको पनि केन्द्रीय सदस्य हुनुभएको थियो । यसबाहेक, २०६३/६४ सालमा दुईवर्षसम्म उहाँले लोकतान्त्रिक महिला सञ्जालको जिल्ला सभापतिको जिम्मेवारी पनि निर्वाह गर्नुभएको थियो ।

लीलाको जन्म पाँचथरमा भएपनि उहाँ दार्जिलिङमा हुर्कनु भएको थियो । धनकुटा निवासी सञ्चमान लिम्बुसँग २०३० सालमा विवाह भएपछि उहाँ नेपाल आउनुभएको हो । त्यतिबेला केटीहरूका लागि अध्ययनको अवसर ज्यादै कम भएका कारण लीलाले माध्यमिक तहभन्दा माथिको शिक्षा प्राप्त गर्न सक्नुभएन । उहाँ हुर्कनुभएको दार्जिलिङ क्षेत्रमा एउटा मात्र विद्यालय थियो र केटीहरूले अध्ययन गर्न टाढासम्म जाने अवस्था र वातावरण उपलब्ध थिएन ।

आफूले उच्च शिक्षा हासिल गर्न नपाएपनि धनकुटाका बालबालिकाले राम्रो अध्ययन गर्ने अवसर पाउन् भनेर उहाँले गाउँमै डिस्नी वर्ल्ड प्राइमरी स्कुल खोल्न आवश्यक रकम जुटाउनुभयो र अहिले यसको आफ्नै भवन छ र ५ कक्षासम्म १०० जना बालबालिकाले अध्ययन गरिरहेका छन् । उहाँका दुइ छोराले यही विद्यालयमा पढाउँछन् र व्यवस्थापनको जिम्मा पनि उहाँहरूले नै लिनु भएको छ । सो विद्यालय खोल्न पाउँदा लीला निकै नै खुसी हुनुहुन्छ किनभने उहाँको सपना पूरा भएको छ । लीलाका बच्चाहरू सानै छँदा उहाँले बोर्डिङ स्कुलमा पढाउने सपना देख्नुभएको थियो र त्यो उहाँले पूरा गरेरै छाड्नुभयो ।

पार्टीमा रहेर काम गर्दा उहाँले सांसद् बन्ने कल्पना गर्नुभएको थियो र धनकुटाका जनतालाई प्रतिनिधित्व गर्दै अहिले उहाँ त्यो पदमा पुग्नुभएको छ र उहाँलाई निकै गर्वको अनुभूति भएको छ । तर अहिलेको परिस्थितिमा दलीय राजनीति र व्यक्तिगत आकांक्षाले राष्ट्रिय हितलाई ओझेलमा पारेकामा उहाँलाई ननिको लागेको छ । जेभएपनि, शान्ति र संविधान लेखनको कार्य समयमै पूरा हुने उहाँले आशा गर्नुभएको छ । 'हामीले जनताको चाहना बमोजिम नयाँ संविधान जारी गर्नैपर्दछ, र गतिरोधलाई पन्छाउनु हाम्रो कर्तव्य हो । नयाँ संविधान जारी भएको दिन मलाई ज्यादै गर्वको अनुभूति हुनेछ ।' उहाँ भन्नुहुन्छ ।

सांसद् बन्ने र संविधानसभाको निर्वाचन घोषणा भएपछि संविधानसभा सदस्य बन्ने उहाँको सपना पूरा भए पनि संविधानसभासम्मको यात्रा भने उहाँका लागि निकै कठिन रह्यो । संविधानसभाको बैठकमा पहिलोपटक प्रवेश गर्दा उहाँलाई आफू हराएझैं लाग्यो । संविधानसभाका केही बैठकहरूपछि मात्र उहाँले महिला, आदिवासी/जनजाति, न्यायिक प्रक्रिया, राज्य पुनर्संरचना र अन्य धेरै विषयवस्तुकाबारेमा बैठकमा आफ्ना धारणा राख्न पाइँदो रहेछ भन्ने थाहा पाउनुभयो ।

उहाँले संसद्को निर्देशिका पढ्नुभयो र अन्य दलका सभासद्हरूको सहयोग लिएर उहाँले संविधानसभाको बैठक प्रक्रिया र नियमहरू बुझ्नुभयो । यतिमात्र होइन उहाँलाई कानुन र न्यायिक प्रक्रियाकाबारेमा पनि त्यति धेरै जानकारी थिएन । कानुनीको ज्ञानको कमी भएका कारण संविधानसभा अन्तर्गतको न्यायिक प्रणालीसम्बन्धी समितिमा उहाँले धेरै किसिमका चुनौतीहरूसँग सामना गर्नुपर्‍यो । तर, उहाँले समितिको कार्यक्षेत्रकाबारेमा अध्ययन गर्नुभयो र समितिको बैठकमा स्वतन्त्र न्यायिक प्रणालीका विषयमा कुरा राख्नुभयो । साथै महिलाका लागि विशेष अदालतको आवश्यकता रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले आफ्नो मातृभाषा बाहेक अन्य भाषा बोल्न नजान्नेका निम्ति अदालतमा अनुवाद र व्याख्याको सुविधा उपलब्ध गराइनुपर्दछ भन्ने विचार पनि राख्नुभयो ।

व्यवस्थापिका संसद् अन्तर्गतको महिला, बालबालिका तथा समाजकल्याण समितिको पनि सदस्य रहनुभएकी लिलाले समितिको बैठकमा विशेष गरी दाइजो, विदेशी भूमिमा रहेका आप्रवासी महिला कामदार, सडक

बालबालिका, सुरक्षित मातृत्व तथा प्रजनन अधिकार समेतका धेरै विषयमा आवाज उठाउनुभएको छ । समकक्षी पुरूष प्रहरीद्वारा बलात्कृत महिलाप्रहरी सुन्तली धामीको मुद्दाका सम्बन्धमा अध्ययन गर्न उहाँ अछाम पुग्नुभएको थियो । उहाँले बोक्सीको आरोपमा यातना भोग्नुभएकी ललितपुर, प्युटारकी काली विश्वकर्मालाई न्याय दिलाउन पनि भूमिका निर्वाह गर्नुभयो । काली विश्वकर्मालाई स्थानीय व्यक्तिहरू र गढीभन्ज्याङ प्राथमिक विद्यालयकी प्रधानाध्यापिका विमला गोलेले बोक्सीको आरोपमा यातना दिनुका साथै जबर्जस्ती मानव मलमूत्र खुवाएका थिए ।

विगत २५० वर्षको कालखण्डमा राष्ट्रले नै महिलाका सरोकारलाई उपेक्षा गरेको उहाँको धारणा छ । धेरै महिलालाई उनीहरूको क्षमता र प्रतिभा देखाउने अवसरबाट वञ्चित गरिएको छ । 'महिलालाई केही वर्षसम्म विशेष अधिकार प्रदान गरिनुपर्छ, त्यसपछि मात्र उनीहरूले खुला प्रतिस्पर्धामा आफूलाई उभ्याउन सक्षम हुनसक्छन्,' उहाँको ठम्याइ छ । तर, महिलाको समावेशी तथा समानुपातिक प्रतिनिधित्वको मुद्दालाई संविधानको मस्यौदामा समावेश गर्न नसकिएकोमा उहाँ दुःख व्यक्त गर्नुहुन्छ, 'यस विषयलाई नयाँ संविधानमा समेट्न नसकिए संविधान नै अपूरो हुनेछ ।' विगतका संविधानमा महिला, आदिवासी/जनजाति, मधेसी, मुस्लिम र दलित आदि अवसरविहीन वर्गका अधिकार समेटिएका थिएनन् । तर, अहिले सभासद्हरूको निरन्तरको सङ्घर्षपश्चात् संविधानको प्रारम्भिक मस्यौदाले यी अवसरविहीन समुदायका धेरै सवाललाई सम्बोधन गरेको लीलाको भनाइ छ ।

घरव्यवहारदेखि नेपाल महिला सङ्घको जिल्ला सदस्य हुँदै संविधानसभाको सदस्यसम्मको उहाँको राजनीतिक यात्रामा धेरै उतारचढाव आए । 'आर्थिक कठिनाइ समेतका धेरै किसिमका समस्या आए, तर मैले हार मानिँन ।' उहाँ गर्वका साथ भन्नुहुन्छ । उहाँ यसका निम्ति श्रीमान्को नैतिक सहयोग र समर्थन रहेकामा उहाँप्रति आभार व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाले राजनीतिमा प्रवेश गर्दा उनीहरूमाथि सबैले औंला ठड्याउँछन् । सबैलाई खुशी तुल्याउन कहिल्यै सकिँदैन । तर राजनीतिमा अघि बढ्दै जाँदा अहिले आएर परिवारभन्दा राष्ट्रका प्रति मेरो चासो बढ्दै गएको मैले अनुभव गरिरहेकी छु ।'



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | शारदादेवी कुमाल |
| ठेगाना स्थायी | : | बहिदार टोल, भरतपुर-११, चितवन |
| अस्थायी | : | कुलेश्वर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१४२७५५०९ (घर) ९८४१९७६१३२ (मो) |
| जन्म मिति | : | २०२३/२/६ |
| जन्म स्थान | : | भोजाड, चितवन |
| आमाको नाम | : | दयाली कुमाल |
| बुबाको नाम | : | शेरबहादुर कुमाल |
| श्रीमान्को नाम | : | पुरूषोत्तम न्यौपाने |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# महिलाको मुद्दाले कम महत्व पाउँछ

शारदा कुमाल शिक्षक तालिमका लागि पोखराको पृथ्वीनारायण क्याम्पसमा छँदा पञ्चायतकालमा निकै नै चर्चाको विषय बनेको नमिता-सुनिता काण्ड घटेको थियो । तत्कालीन राजपरिवारका सदस्यले सो घटना घटाएको भन्ने सुनेपछि पञ्चायती शासनको अन्त्य गर्नुपर्छ भन्ने धारणा उहाँमा पलाएको थियो । त्यसपछिका दिनहरूमा पोखरालगायत अरू पनि विभिन्न ठाउँमा आयोजना गरिएका धेरैजसो आन्दोलनहरूमा उहाँ सहभागी हुनुभएको थियो ।

माइतीमा राजनीति गर्ने शारदा मात्र हुनुहुन्थ्यो । राजनीतिमा लाग्दा तत्कालीन समाज र परिवारबाट राम्रो सहयोग नपाए पनि दलका नेताहरूले राम्रो सहयोग र प्रोत्साहन गरेको शारदा अहिले पनि सम्झनुहुन्छ । महिलाले राजनीति गर्दा परिवार र समाजले अनेक शङ्का गर्ने मात्र होइन जीवन नै खतरामा पर्नेलगायतका चुनौतीहरू पनि आइपर्छन् भन्ने कुरा शारदाले पनि आफ्नो राजनीतिक जीवनमा अनुभवहरू गर्नुभयो ।

२०४६ सालको जनआन्दोलनताका शारदाले केही समय भूमिगत रहेर काम गर्नुभयो र पछि पक्राउमा परी उहाँ केही समय थुनामा समेत पर्नुभयो । २०४८ सालको आमनिर्वाचनमा जनतालाई झडप गर्न उक्साएको र निर्देशन दिएको आरोपमा सार्वजनिक अपराध सम्बन्धी मुद्दामा उहाँले करिब ९ महिना तारेख धाउनु परेको थियो । राजनीतिबाहेक शारदा समाज सेवा र शिक्षण क्षेत्रमा पनि संलग्न हुनुहुन्थ्यो । स्थानीय नयाँ किरण माध्यमिक विद्यालयको प्रधानध्यापक रहिसक्नुभएकी शारदाले विभिन्नि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा समेत सहभागिता जनाउने अवसर प्राप्त गर्नुभएको छ ।

शारदाले २०३९ सालमा अनेरास्ववियु (पाँचौं)को सदस्यता लिनुभएपछि उहाँ २०४० सालमा शिक्षक सङ्गठनमा आबद्ध हुनुभयो । २०४६ सालमा उहाँ नेकपा (माले) को सङ्गठित सदस्य हुनुभयो र २०४५ सालमा नेकपा (माले)

निकट अखिल नेपाल महिला सङ्घ चितवनको जिल्ला सचिव तथा २०४७ सालमा सोही सङ्घको जिल्ला अध्यक्ष र केन्द्रीय सदस्य बन्नुभयो । हाल उहाँ नेकपा (एमाले) चितवन जिल्ला कमिटीको उपसचिव हुनुहुन्छ ।

शारदा संविधानसभा अन्तर्गत जनमत सङ्कलन तथा समन्वय समिति र व्यवस्थापिका संसद् अन्तर्गत महिला, बालबालिका तथा समाजकल्याण समितिका सदस्य हुनुहुन्छ । उहाँले आफू संलग्न समितिमा नागरिक सम्बन्ध समिति र जनमत सङ्कलन समितिको क्षेत्राधिकारमा द्विविधा भएको, सुझाव सङ्कलनको प्रश्नावली लामो भएको, समय विभाजन सहभागीतामूलक र पारदर्शी हुन नसकेको कुरा उठाउनु भएको थियो । संविधान निर्माणका लागि सुझाव सङ्कलनका क्रममा उहाँ चितवनको भरतपुर नगरपालिका र चितवन जिल्लाका ५/६ वटा गाविस तथा मकवानपुरका ४ गाविसमा पुग्नुभयो ।

संविधानसभाको अधिकांश बैठकहरूमा उपस्थित हुनुहुने शारदाले संविधानसभामा बोल्नकाका लागि दिइने सीमित समयमा आफूले राख्न चाहेका विचार तथा भनाइहरूलाई राम्ररी तयारी गरेर व्यवस्थित ढङ्गले प्रस्तुत गरे मात्र बोल्नकाका लागि समय पुग्ने तर बिना तयारी बोल्दा समय अभाव हुने अनुभव गर्नु भएको छ । उहाँले संविधानसभामा मुलतः महिला भएकै कारणले महिलालाई कुनै पनि प्रकारको विभेद गर्न नपाइने, आमाको नामबाट नागरिकता दिइनुपर्ने, पैतृक सम्पतिमा छोराछोरीको समान अधिकार हुनुपर्ने, समान कामका लागि समान ज्यालाको व्यवस्था गरिनुपर्ने, महिलालाई प्रजनन् स्वास्थ्यको हक हुनुपर्ने, प्राकृतिक स्रोत तथा साधनमा महिलाको पनि समान हक हुनुपर्ने र राज्यका सम्पूर्ण संरचनामा महिलाको समानुपातिक एवं समावेशी सहभागिताको सुनिश्चितता हुनुपर्ने मुद्दाहरू उठाउनुभयो । साथै महिला हिंसाको अन्त्य गर्नुपर्ने माग गर्दै आदिवासी/जनजाति, दलित, मधेसी, अपाङ्ग आदिका हकहितका विषयमा पनि उहाँले मुद्दा उठाउनुभयो । संविधान निर्माणका लागि सुझाव सङ्कलन गर्न महिलाको सहभागिता बढाउनुपर्ने, जनमत सङ्कलनका लागि स्थानीय महिला समूहहरूको परिचालन गर्नुपर्ने जस्ता विषयमा पनि उहाँले आफ्ना भनाइ तथा मत राख्नुभयो ।

प्रक्रियागत समितिको जनमत सङ्कलन तथा समन्वय समितिको सदस्यको हैसियतले उहाँले जनमत संकलनको समयमा संविधान निर्माण प्रक्रियामा महिलाहरूलाई व्यापक रूपले सहभागि गराउन महिलाको चेतना, शिक्षा, वर्ग, शारीरिक क्षमता तथा भौगोलिक अवस्था आदिलाई ध्यानमा राखेर श्रव्यदृश्य सामग्री, पोष्टर, पाम्प्लेट, सडक नाटक, जिङ्गल, सार्वजनिक सुनुवाइ र छलफलको माध्यमबाट महिलाहरूलाई महिला हक अधिकारकाबारेमा सचेत तुल्याएर संविधान निर्माण प्रक्रियामा महिलाका मुद्दाहरू राख्न उनीहरूलाई जागरूक बनाउनु पर्ने कुरा पनि उठाउनु भयो ।

मस्यौदा प्रतिवेदन महिला–मैत्री हुन नसकेको, केन्द्रीयस्तरको पदमा महिला तथा पछाडि पारिएका आदिवासी/जनजाति लगायतका समुदायहरूको समावेशी सहभागिता सुनिश्चित हुन नसकेको तथा कुटनीतिक नियोगहरूमा समेत समावेशी सहभागिता सुनिश्चित हुन नसकेको शारदा बताउनुहुन्छ । आफूले समितिहरूमा प्रस्तुत गरेका मुद्दाहरूलाई पारित गराउन महिला ककस मार्फत विभिन्न कार्यक्रमहरूको आयोजना गरेको र सहकर्मी सदस्यहरूसँग छलफल, लबिङ तथा भेटघाट गर्ने गरेको पनि उहाँको भनाइ छ । यसक्रममा राज्यका सबै तह र संरचनामा महिलाको समावेशी समानुपातिक सहभागिताका लागि विभिन्न समस्या तथा चुनौती बहन गर्नुपरेको पनि उहाँको अनुभव छ ।

महिला संविधानसभा सदस्यहरूले संविधानसभामा लैङ्गिक मुद्दाहरू उठाउँदा पुरुष नेताहरूले महिलाको कुरा उठाएर सङ्कुचित नहुन सल्लाह दिने गरेको शारदा बताउनुहुन्छ । महिलाका मुद्दाले महत्व नपाउने, महिला सदस्यहरूले उठाएका सवालहरूलाई गहन रुपमा नलिने र महिलाहरूले उठाएका प्रश्नको जवाफ नदिने जस्ता विषयहरूलाई शारदा संविधानसभाभित्रका समस्या र चुनौती ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'अधिकांश पार्टीका नेताहरू पुरुष नै भएको हुँदा महिलाको मुद्दाले प्राथमिकता नपाउने र महिलाका सवालहरू उठाउँदा गम्भीर रूपले नलिने अवस्था छ । अधिकतम प्रयत्न गरेर बल्ल बल्ल महिलाका हकका सवालहरू मस्यौदा प्रतिवेदनमा लेखिएतापनि भाषिक रूपमा तोडमोड गरिदिने आदि कारणले जे जति महिलाका सवालहरू प्रस्तावित मस्यौदामा आएका छन् ती अन्तिम समयसम्म टिकाइराख्न महिला सदस्यहरूले ठूलै चुनौतीसँग सामना गर्नुपर्ने म देख्छु । तर कतिपय सवालमा भने पुरुष नेताहरूले पनि महिलाका सवाल ज्वलन्त रूपमा उठाउनु भएको छ ।'

महिलाका सवालहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थीर सरकार, संवैधानिक विधि अनुसारको विधायन प्रक्रिया हुनुपर्ने र ती कडाईका साथ पालना हुन सकेमा मात्र विद्यमान समस्या समाधान हुने शारदाको विचार रहको छ । संविधानसभामा महिला सदस्यहरूले महिला सम्बन्धी छुट्टै समितिको अपेक्षा गरेकामा सो हुन नसकेकोले महिला ककस गठन गर्नुपरेको उहाँको बुझाइ छ । उहाँ भन्नुहुन्छ, 'महिला ककसलाई प्रभावकारी बनाउन ककसअन्तर्गत कर्मचारीका साथमा पर्याप्त स्रोत साधनको पनि व्यवस्था हुनुपर्दछ । ककस अहिले अनौपचारिक रूपमा मात्र स्थापना भएको छ । त्यसैले यसलाई वैधानिकता र निरन्तरता दिन आवश्यक छ ।'

संविधान निर्माण कार्यमा आफूले आवश्यकता अनुसार योगदान गरेको शारदाको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'अहिले विषयगत समितिले आफ्नो कार्यक्षेत्र अनुसारको काम सम्पन्न गरी संवैधानिक समितिमा प्रतिवेदन प्रस्तुत गरिसकेको अवस्था छ । तर, अझै पनि कतिपय विवादित विषयहरूलाई सहमतिमा ल्याउन सकिएको छैन । त्यसैले ती विषयहरूलाई सहमितिमा ल्याउनका लागि विशेष ध्यान दिन म दलका शीर्षस्थ नेताहरूलाई आग्रह गर्न चाहन्छु । किनभने अहिले देश संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ र यस्तो अवस्था जति लम्बियो उति नै संविधान निर्माणमा समस्या आउन सक्छ र देश अनिश्चिततातिर जाने सम्भावना बढ्छ ।'

राजनीतिमा सफल हुनका लागि लक्ष्य स्पष्ट गरेर अगाडि बढ्न जरूरी हुन्छ र नेतामा अग्रगामी सोच, सामूहिकताको भावना, क्रियाशीलता एवं निर्णय र नेतृत्व क्षमतालगायतका गुणहरू हुनुपर्छ भन्ने शारदाको मान्यता छ । अहिले यी कुराका अभावमा नै वर्तमान समस्या आएको हो भन्ने पनि उहाँको बुझाइ छ । त्यसैले राजनीतिलाई सही दिशामा ल्याउनका लागि भविष्यसम्म पनि राजनीतिमा लागिरहने उहाँको योजना रहेको छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : शारदा घिमिरे |
| ठेगाना स्थायी | : सालझण्डी गाविस-७, रूपन्देही |
| अस्थायी | : कोटेश्वर, कामनपा-३५, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७७२६१२०७१ (मो) |
| जन्म मिति | : २०३७/६/७ |
| जन्म स्थान | : अर्घा गाविस-९, अर्घाखाची |
| आमाको नाम | : जुना आचार्य |
| बुबाको नाम | : पदम आचार्य |
| श्रीमान्को नाम | : स्व. नारायण घिमिरे |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिला विभेद हटाउन राजनीतिमा

शारदा घिमिरेको पारिवारिक पृष्ठभूमि राजनीतिक थिएन । अर्घाखाचीको सामान्य किसान परिवारमा आमा जुना आचार्य र बुबा पदम आचार्यको दोस्रो सन्तानका रूपमा ३० वर्षअघि जन्मनु भएकी शारदालाई समाजले महिलामाथि गर्ने व्यवहार र हेर्ने दृष्टिकोणप्रति चित्त बुझ्दैन्थ्यो । त्यसैले महिला भएकै कारणले उनीहरूले भोग्नु पर्ने विभेद तथा हिंसाको अन्त्य गरी समाज परिवर्तन गर्न राजनीतिमा लाग्न उहाँ आफै प्रेरित हुनुभयो ।

विसं २०५५ देखि माओवादीप्रति झुकाव र आस्था बढेकोले र उहाँलाई माओवादी पार्टी असाध्यै मनपरेकोले २०५६ सालमा औपचारिक रूपमा माओवादी पार्टीको विद्यार्थी संङ्गठनमा आबद्ध भइ काम गर्न थाल्नुभयो । 'जनयुद्ध' चर्कंदै गएपछि सुरक्षाकर्मी र प्रशासनको गतिविधि पनि तीव्र हुन थाल्यो र त्यसबाट बच्न उहाँले भूमिगत भएर काम गर्नु पर्‍यो । काम गर्ने दौरानमा उहाँ अर्घाखाँची, पाल्पा, स्याङ्गजालगायत थुप्रै जिल्लामा पुग्नुभयो । यसरी नै उहाँले जनमुक्ति सेनाको सेक्सन कमाण्डर भएर पनि एक वर्ष काम गर्नुभयो ।

शारदाले राजनीतिक जीवनका क्रममा भोग्नु भएका दुःख र सङ्घर्षहरू सम्झनाका पानाहरूमा अटेसमटेस छन् । आफ्नो जीवनसाथी र आफन्त गुमाउनु पर्दाको पीडा भनै बिर्सी नसक्नुको छ । शारदाका अनुसार, २०५९ माघ १५ गते युद्धविराम भएकै दिन प्युठानको अर्घामा सेल्टर[७०] लिएको ठाउँमा उहाँको श्रीमान् नारायण घिमिरेलाई सुरक्षाकर्मीले घेरा हालेर हत्या गर्‍यो । त्यस घटनामा अरू आठ जना पनि मारिए । श्रीमान् मारिँदा शारदा दुई महिनाकी गर्भवती हुनुहुन्थ्यो । 'अघिल्लो दिन गुल्मीको अर्खाबाङ भन्ने ठाउँमा माओवादी र सुरक्षा फौज बीच भिडन्त भएपछि मेरो श्रीमान् घाइते साथीलाई लिएर प्युठानतिर जाँदै हुनुहुन्थ्यो र म गुल्मीमै थिएँ', उहाँ सुनाउनुहुन्छ । श्रीमान् राज्य समितिको सदस्य थिए र पार्टीले नै प्रस्ताव ल्याएर २०५८ मा उहाँहरूको बिहे भएको

[७०] सुरक्षाफौजबाट बच्न लुकेर बस्ने ठाउँ

थियो । तर, बिहे भएको दुई वर्ष नपुग्दै शारदाले सदाका लागि जीवनसाथीलाई मात्र गुमाउनु भएको होइन, युद्धकालीन अवस्थामा धेरै आफन्तहरू पनि गुमाउनु पर्‍यो । उहाँका नन्द सुमित्रा घिमिरे, नन्दको छोरा नरेश भुजेल, जेठाजु माधव घिमिरे, नन्द्ज्वाईं कमल भुजेल र काका हरि कँडेल पनि युद्धकै क्रममा मारिए ।

श्रीमान्को मृत्युपछि युद्धकालमा उहाँले बच्चा बोकेरै निरन्तर पार्टीको काम गर्नुभयो । त्यसबेलाको एउटा सम्झना उहाँको मनमा अझै ताजै छ । गुल्मीको भनभने भन्ने ठाउँको एउटा घरमा सेल्टर लिएर बस्दा उहाँको डेढ महिनाको बच्चा पनि साथमा थियो । पार्टीमा लता उपनामले चिनिने शारदालाई खोज्दै सेल्टर लिएर बसेको ठाउँमै सेना र प्रहरी आइपुगेको थाहा पाएपछि डोकोभित्र गाग्री हालि अगाडि बच्चा च्यापेर पानी लिन जाने निहुँले उहाँ घरबाट निस्किनुभयो । अलि परको चौतारीमा पुगेपछि डोको नाम्लो त्यहीँ फालेर बच्चा च्यापेर उहाँ खाली खुट्टा भाग्नुभयो । भाग्दा खुट्टै भरी काँडाले घोच्यो । खोलामा ठूलो साउने भेल आएकोले तर्न नसकेर खोला नजिकैको एउटा ओडारमा लुकेर उहाँले केही घण्टा बिताउनुभयो । केही घण्टापछि गाउँ फर्केर जाँदा शारदालाई मारिसक्यो होला भनेर गाउँलेहरू रोइरहेका उहाँले पाउनुभयो । 'मैले बोकेर गएको डोको नाम्लो म बसेको घर नजिकै फेलापरेपछि सुरक्षाकर्मीले गाउँलेलाई माओवादीलाई आश्रय दिएको भन्दै पिट्दै घरका साामान सबै जलाइदिएछन् । त्यसपछि तीनचार घण्टा त्यो ठाउँमा बसेर म फेरी अन्तै लागें ।' उहाँले आफ्नो अनुभव सुनाउनुभयो ।

युद्धकालीन अवस्थामा हरेक क्षण मृत्युसँग जुध्नु पर्ने हुँदा कुनै कुनै दिन त बाँचेर घर फर्कौंला भन्ने आशा समेत झिनो हुन्थ्यो । त्यस्तो अवस्थामा संविधानसभा वा संसदको सदस्य बनौंला भन्ने कल्पना धेरै परको कुरा हुन्थ्यो । 'बाँचिएला भन्ने नै लाग्दैन्थ्यो', उहाँ भन्नुहुन्छ । शान्ति प्रक्रियासँगै संविधानसभाको निर्वाचनपछि उहाँ संविधानसभामा आइपुग्नु सफल हुनुभएको छ । युद्धको अवस्थाबाट संविधानसभामा आएपनि संविधानसभा बैठकका नियम र प्रक्रिया बुझ्न आफूलाई खासै गाह्रो नभएको उहाँ बताउनुहुन्छ । सुरुमा नयाँ संविधान बनाउन र नयाँ काम गर्न सकिन्छ भनेर संविधानसभामा आउन पाउँदा उहाँ उत्साही र खुसी हुनु भएको थियो । तर, संविधानसभामा विभिन्न सोच र चिन्तन बोकेका मान्छेहरू रहेकाले र कतिपय अवस्थामा एकले अर्कोलाई सहयोग नगर्ने प्रवृत्तिले गर्दा जनताले दिएको म्यान्डेट पुरा हुन नसकेको शारदालाई लाग्छ । यस्ता कारणहरूले गर्दा पनि आफू संविधानसभाको सदस्य भएपनि त्यति सन्तुष्ट हुन नसकेको उहाँको अनुभव छ । तर, सबै दलका नेताले मिलेर जनतालाई छिटो संविधान दिनुपर्ने र आफू संविधान लेखेरै मात्र जाने उहाँ बताउनु हुन्छ ।

संविधानसभा र विषयगत समितिहरूमा शारदाले महिला, आदिवासी/जनजाति, दलित, मधेसी आदि पछाडि पारिएका समुदायका मद्दा नै बढी उठाउनुभयो । सबै निकायमा महिलाको विशेषाधिकार हुनुपर्छ भनेर पनि कुरा राख्नुभयो । तर, संविधानसभामा महिलाका कुरा उठाउँदा अधिकांश पुरूषहरूको 'टाउको दुखाइको विषय' बन्ने हुँदा महिलाका मुद्दाले अपेक्षित प्राथमिकता नपाएको उहाँको भनाइ छ । उहाँ शोषित, पीडित लिङ्ग र वर्गका कुरा उठाउने उहाँको आफ्नै पार्टीका कतिपय शीर्ष नेताहरूमा पनि त्यस्तो समस्या देख्नुहुन्छ । महिला जतिसुकै ठूलो र बुद्धिमान नेता भए पनि पुरूषले नस्वीकार्ने समस्या छ । संविधानसभाभित्र पनि वरिष्ठता र पदअनुसार बोल्न दिने भएकाले र महिलाहरू त्यस्ता पदहरूमा अत्यन्तै कम पुगेकाले समय नपाइने र पाए पनि कम हुने गरेको उहाँको अनुभव छ । तर आफ्नो पार्टीमा भने महिलाले बोल्न नपाउने समस्या नरहेको उहाँको दाबी छ ।

संविधानसभामा महिला सदस्यहरूबीच एकताको अभावले पनि महिलाका मुद्दाहरू प्रभावकारी रूपले सम्बोधन हुन नसकेको उहाँलाई लाग्छ । त्यस्तै महिलाहरू फरक पार्टीमा विभाजित भएकाले र उनीहरूका फरक राजनीतिक आस्थाका कारणले गर्दा एकजना महिलाले उठाएको मुद्दा अर्कोले स्वीकार गर्न नसक्ने समस्या उहाँ देख्नु हुन्छ । जस्तो महिला दिवसकै कार्यक्रमलाई समेत सबै दलका महिलाहरूले एकै ठाउमा रहेर मनाउन नमानेपछि सबैले आआफ्नै ढङ्गले मनाएको उहाँ स्मरण गर्नुहुन्छ । यतिमात्र होइन, महिला सदस्यबीचको शैक्षिक, आर्थिक, सांस्कृतिक लगायतका विविधताले गर्दा पनि कतिपय मुद्दामा एकै ठाउँमा बसेर छलफल गर्न र सहमतिमा पुग्न अप्ठेरो परेको पनि उहाँको अनुभव छ ।

शारदा हाल आठ वर्षको छोरा र दिदीकी छोरीसँग काठमाण्डौंमा बस्नुहुन्छ । तर, समितिको बैठक हुँदा र पार्टीले काठमाण्डौं नछोड्न निर्देशन दिंदा बाहेक अरू समय उहाँ जिल्लामा कार्यकर्ता भेटघाट गर्न र विकास निर्माणको काममा संलग्न हुन जिल्लामै बिताउनु हुन्छ । जिल्लामा बाटोघाटो र विद्यालय आदि निर्माण गर्न र अन्य सामाजिक काम गर्न स्थानीय तथा केन्द्रीय स्रोत जुटाएर काम गर्दै आएको उहाँ बताउनुहुन्छ । जनताको सहयोग र बलिदानले नै संविधानसभासम्म आइपुगेकोले भविष्यमा पनि देश र जनताका लागि निरन्तर राजनीतिमै रहेर सेवा गर्ने उहाँको योजना छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : शारदा झा |
| ठेगाना स्थायी | : मिल्स एरिया गाउँ, धनुषा, जनकपुर |
| अस्थायी | : बानेश्वर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४११६२९२६ (मो) |
| जन्म मिति | : २०२५/१/१ |
| जन्म स्थान | : भद्रपुर, झापा |
| आमाको नाम | : शुशीला देवी झा |
| बुबाको नाम | : जनार्दन झा |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# संविधानसभाको बैठकमा एकपटक पनि गयल परेको छैन

'छोरीलाई आमाको गर्भदेखि नै भेदभाव सुरू हुन्छ । छोरी जन्मियो भने सुत्केरी अवस्थामा पनि महिलाले विभिन्न किसिमका समस्याहरू भोग्नुपर्छ र उनीहरूले राम्रो हेरचाह र पोषिलो खान खान पाउँदैनन् । छोरीलाई शिक्षा दिन पनि कन्जुस्याइँ गरिन्छ । हाम्रो जस्तो समाजमा पुरुषले नचाहेसम्म महिलामाथि हुने यस्ता असमानता र भेदभावको अन्त्य हुँदैन ।' यो भनाइ हो संविधानसभा सदस्य शारदा झाको ।

शारदाका अनुसार, राजनीतिमा लागेकै कारणले आफूले परिवारबाट निकै असहयोग र दुःखकष्ट भोग्नुपर्‍यो । जनकपुरमा शारदा र उहाँको श्रीमान् दुबैजना नेकपा (एमाले) को सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो । पार्टीको काम गर्दै दुबैजना सँगसँगै अघि बढेर एउटा मोडमा आइपुग्दा शारदाको श्रीमान् उहाँको बाधा बनेर खडा हुनुभयो । शारदा राजनीतिको बाटोमा अगाडि बढेको श्रीमान्लाई स्वीकार्य भएन । फलतः उहाँहरू एकै ठाउँ बस्न नसक्ने स्थिति बन्दै गयो ।

शारदा र उहाँको श्रीमान्को राजनीतिक बाटो फरक भएपछि जीवनको बाटो पनि फरक हुने स्थिति आयो । त्यसपछि शारदामाथि बच्चाहरूको जिम्मेवारीको भार पनि थपियो । सधैँ पार्टी भनेरै कुदिरहने हुनाले उहाँको आयस्रोत थिएन । त्यसमाथि घरपरिवारको असहयोग कायमै थियो । शारदाले पार्टीको काममा कसैसँग बोल्दा वा पार्टीको बैठकमा जाँदा पनि श्रीमान्को परिवारले नराम्रो सोच्न थाले । पछि त उहाँमाथि घरेलु हिंसासम्म पनि हुन थाल्यो र उहाँले घरमा विद्रोह नै गर्नुपर्ने अवस्था आयो ।

त्यसो त, शारदाको राजनीतिक जीवन माइती झापाबाटै सुरू भइसकेको थियो । उहाँका दाजुहरू झापाका तत्कालीन नेताहरू सिपी मैनाली, आरके मैनाली आदिसँग नजिक हुनुहुन्थ्यो । शारदा पनि स्कुल पढ्दापढ्दै राजनीतितिर तानिनुभयो । तर, १६ वर्षको उमेरमा १० कक्षा पढिरहेकोबेलामा उहाँको बिहे जनकपुरमा भयो । २०४७ सालतिर उहाँले जनकपुरमै एमालेको सङ्गठित सदस्यता लिनुभयो र पार्टीको काममा लाग्नुभयो । उहाँलाई

राजनीतिमा प्रवेश गर्न मधेसको रूढीवादी समाज तथा परम्परा, गरीब र धनीबीचको असमानता, छोराछोरीबीचको भेदभाव र महिलालाई घरभित्रै कुण्ठित पारेर राख्ने चलनले प्रेरित गऱ्यो । यी विषयहरूलाई राजनीतिक रूपमै उठाउने उद्देश्यले शारदा राजनीतिमा लाग्नुभएको हो ।

शारदा २०४७ सालमा अनेमसङ्घ जिल्ला कमिटी सदस्य, २०४९ सालमा एमाले पार्टीको जनकपुर जिल्ला कमिटी सदस्य र २०५४ सालमा अनेमसङ्घको केन्द्रीय सदस्य बन्नुभयो । २०५६ सालमा उहाँ पार्टीको क्षेत्र न. ४ को क्षेत्रीय इन्चार्ज पनि बन्नुभयो । उहाँ संविधानसभा सदस्य बन्न पाउँदा धेरै खुशी हुनुहुन्छ र यसको श्रेय उहाँ आफ्नै मेहनत, परिश्रम र इमान्दारीतालाई दिन चाहनुहुन्छ ।

उहाँ संविधानसभाको संवैधानिक समितिको सदस्य हुनुहुन्छ । यो संविधानसभाको प्रमुख समिति हो । संविधानसभा अन्तर्गत रहेका दशवटा विषयगत समितिले तयार पारेका प्रतिवेदनहरूका आधारमा संवैधानिक समितिले संविधानको अन्तिम मस्यौदा तयार पार्छ । हाल समितिहरूमा देखिएका विवादको टुङ्गो लगाउने जिम्मा उच्चस्तरीय राजनीतिक कार्यदललाई दिइएपनि संवैधानिक समितिको भूमिका गौण बन्न थालेको छ ।

संविधानसभा सदस्य बन्नु अघि शारदाले पार्टीको टिकट पाएर चुनाव लडिसक्नुभएको छ । त्यसैले सांसद् बन्छु भन्ने उहाँले संविधानसभामा आउनु अघि नै सोचिसक्नु भएको थियो । शारदा भन्नुहुन्छ, 'बरू सभासद् भइसकेपछि यति कमजोर भइएला भनेर चाहिँ कहिले सोचेकी थिइँन । संविधानसभाभित्र विभिन्न किसिमका समस्याहरू छन् । त्यसैले संविधान बन्न कठिन भइरहेको छ । संविधान बनाउने अभिभारा लिएका ठूला नेताहरू सत्ता राजनीतितिर लागेका कारणले संविधान बनाउने काम अघि बढ्न सकिरहेको छैन । यसले मलाई अत्यन्त चिन्तित तुल्याएको छ ।'

संविधानसभाका बैठकहरूमा उठाइने कुरा प्रायः पार्टीगत हुनेहुँदा आफूलाई लागेको व्यक्तिगत तर सबैको हित हुने कुरा त्यहाँ खासै राख्न नपाइने शारदाको अनुभव छ । जस्तो सङ्घीय राज्यको खाकाको विषयमा छलफल हुँदा बैठकमा १४ प्रदेशसम्बन्धी कुरा आयो । तर, त्यो कुरा पार्टीको लाइन नजिक भएकाले शारदाले पनि समर्थन गर्नुपर्ने अवस्था आयो । तैपनि नागरिकता सम्बन्धी सवालमा भने लैङ्गिक विभेद भयो भनी उहाँले फरक मत राख्नुभयो । विदेशी महिला होस् वा पुरूष, उसले आफ्नो देशको नागरिकता त्याग्ने बित्तिकै उसलाई नेपालको अङ्गीकृत नागरिकता दिनुपर्छ भन्ने शारदाको भनाइ छ ।

देशको आधा जनसङ्ख्या महिला भएका कारणले उनीहरूलाई आरक्षण पनि ५० प्रतिशत नै दिइनुपर्छ, भन्ने शारदाको माग छ । महिलालाई जहाँ पनि सानातिना भूमिका मात्र दिएर टार्ने पुरूषहरूको प्रवृत्तिप्रति शारदा असन्तुष्टि व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'देशको कुनै पनि प्रमुख पदमा महिला छैनन् । पार्टीको निर्णायक तहमा पनि महिला छैनन् । महिलाका लागि जति पनि कानुनहरू बने ती सबै पुरूषले नै बनाएका हुन् । त्यसैले ती कानुन पीडितमुखी हुन सकेको छैन । यसले गर्दा महिला सम्बन्धी मुद्दामामिलाहरू छिन्न छुट्टै पारिवारिक अदालत गठन हुनुपर्छ भन्ने मेरो माग छ ।'

तराई, पहाड, हिमाल सबै ठाउँका नेपाली महिलाहरूका समस्या प्रायः एउटै किसिमका छन् । उनीहरू माथि हुने भेदभाव र असुरक्षा पनि उस्तै छन् । तर, ठाउँ अनुसार उनीहरूको सामाजिक वातावरण र रहनसहनमा मात्रै

केही भिन्नता छ भन्ने शारदाको भनाइ छ । तर, महिलाका सामुहिक मुद्दा उठाउने बेलामा पार्टीगत धारणाले गर्दा महिलालाई विभाजित गरिदिन्छ र महिलाका साझा मुद्दामा समेत सबै पार्टीका महिलाहरू एकै ठाउँमा उभिन गाह्रो पर्दछ भन्ने शारदाको अनुभव छ ।

शारदाको अनुभवमा संविधानसभामा पुरूष सदस्यहरूको चलखेल बढी छ । यति मात्र होइन, संविधानसभामा कार्यरत कर्मचारीहरू समेतले पनि पुरूष सदस्यहरूले बढी कुरा बुझ्छन् महिलाहरूले चाहिँ करै बुझ्दैनन् वा कम बुझ्छन् भन्ने धारणा राख्छन् । त्यस्तै महिलाहरू कुरै नबुझी त्यतिकै कराउँछन् भन्ने सोच पनि पुरूष सदस्यहरूको छ । उहाँ सुनाउनुहुन्छ, 'संविधानसभामा महिलाहरूले नागरिकतासम्बन्धी कुरा उठाउँदा पुरूष सभासद्हरूले यो हुनै सक्दैन भनेर महिलाका मागको प्रतिरोध गरेका थिए ।' त्यसो त हाम्रो समाजमा महिला–महिलाबीचै पनि विभेद छ । उहाँ औंल्याउनुहुन्छ, 'धनी महिला र गरिब महिलाबीचको विभेद, जान्ने महिला र नजान्ने महिलाबीचको विभेद । यस्तो महिला महिलाबीचको विभेद संविधानसभाभित्रै पनि छ ।' संविधानसभा भित्रका शिक्षित, जाने बुझेका, सामाजिक कार्यमा लागेका, देश विदेश घुमेका महिलाहरूले आफूसँग भएको ज्ञान, योग्यता र क्षमतालाई अन्य महिलालाई पनि बाँडेर सहकार्य गरे राम्रो हुने उहाँको विचार छ । त्यसैले महिला ककसले यस्ता विषयहरूलाई पनि ध्यान दिएर कार्यक्रम चलाउनुपर्ने उहाँको सुझाव छ ।

नयाँ संविधान लेख्नकै लागि संविधानसभा सदस्य चुनिएको कुरालाई शारदाले बिर्सनु भएको छैन । त्यसकारण आजसम्म उहाँ संविधानसभाको बैठकमा एकपटक पनि गयल पर्नुभएको छैन । संविधानसभाको हलबाट नेताहरू फुत्तफुत्त भागे पनि उहाँ भने हल छाडेर कहीं जानुहुन्न । यसरी मेहनत गर्दागर्दै पनि समयमै संविधान लेख्न नसकेकामा उहाँ दुःख व्यक्त गर्नुहुन्छ ।

संविधानसभाको कामका साथै पार्टीले जिम्मा दिएका कामहरू गर्न पनि शारदाले भ्याउनुभएको छ । जनतासँग उहाँको नियमित भेटघाट भइरहन्छ । आफूलाई भेट्न आउने अधिकांश जनताले संविधान बन्न नसकेको र नेताहरूले कुर्सीको लोभ त्याग्न नसकेको कुराहरू सुनाउने गरेको उहाँ बताउनुहुन्छ । आफूले निकै सङ्घर्ष गरेर मात्र यो स्थानसम्म आइपुगेकोले जीवनमा व्यक्तिगत इच्छा, आकाङ्क्षा भन्दा पनि देश र जनताका लागि काम गर्नुपर्छ भन्ने उहाँको सोचाइ छ ।



फोटो: दिपा आले

## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : शारदा नेपाली |
| ठेगाना स्थायी | : ठाकुरद्वारा गाविस-५, बर्दिया |
| अस्थायी | : बालकुमारी, ललितपुर |
| सम्पर्क फोन | : ९७४११६८०५० (मो) |
| जन्म मिति | : २०२३ माघ |
| जन्म स्थान | : दाङ, तुल्सीपुर |
| आमाको नाम | : अमृता परियार |
| बुबाको नाम | : चूडामणि परियार |
| श्रीमान्को नाम | : रविलाल नेपाली |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : नेकपा (माले-समाजवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जीवनमा धेरै पीडा सहेँ

१३ वर्षको उमेरमा विवाह गर्नुभएकी शारदा नेपालीले विवाहको लगत्तैदेखि बुहार्तन खप्नु परेको थियो र हिंसा बेहोर्नु परेको थियो । उहाँले आफू जस्तै अरू धेरै महिलाहरूले पनि हिंसा र विभेद भोगेको देख्नु र महसुस गर्नुभयो । त्यसैले महिलामाथि हुने हिंसा र विभेद नै राजनीतिमा प्रवेश गर्ने उहाँको पहिलो आधार बन्यो । समानुपातिक चुनाव प्रणाली मार्फत संविधानसभा सदस्य बन्नुभएकी शारदाले राजनीतिले मात्र महिलामाथि हुने हिंसाको अन्त गर्नसक्छ भन्ने विश्वासले नै यो क्षेत्रमा प्रवेश गर्नुभएको थियो ।

शारदाका श्रीमान्ले मादक पदार्थ सेवन गरी अर्की श्रीमती ल्याउँछु भन्दै उहाँलाई धम्क्याउँथे । उहाँकी सासुले पनि बलेको आगोमा घिउ थप्ने काम गर्थिन् । यस्तै यातना र पीडाबीच १५ वर्षको उमेरमै शारदाले जुम्ल्याहा छोरी जन्माउनुभयो । छोरीहरू जन्मिएपछि शारदाको पीडा अझ बढ्यो । उहाँ भन्नुहुन्छ, 'बुहारीलाई दुःख दिँदा ठूलो भइन्छ भन्ने मानसिकताले घरमा चरम शारीरिक र मानसिक यातना कारणले गाउँकै एक व्यक्तिको सहयोगमा म राजनीतिक क्षेत्रमा लागेको हुँ ।'

बुहारी मन नपर्ने बित्तिकै उसलाई घरबाट निकाल्न खोज्ने चलन नेपाली समाजमा अझै व्याप्त छ । शारदा पनि यस्तो चलनबाट पीडित हुनुभयो । उहाँलाई पनि पटक-पटक श्रीमान् र श्रीमान्का परिवारले घरबाट निक्ली भनेर नभनेका होइनन् । तर उहाँ घरबाट निस्कनु भएन । शारदाका अनुसार परिवारबाट उहाँले कहिल्यै प्रेरणा र सहयोग पाउनुभएन । जुनसुकै काममा पनि दोष देखाउने र खोट केलाउने प्रवृत्तिबाट आजित हुनुभएकी शारदा यतिबेला काठमाण्डौंमा बस्नुहुन्छ भने उहाँका श्रीमान् रविलाल नेपाली बर्दियामा ।

२०६२ सालमा तत्कालीन नेकपा (माओवादी)बाट शारदा अपहरणमा पर्नुभयो र अपहरणमा परेको १४ दिनपछि उहाँ भागेर भारत पुग्नुभयो । यस सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'माओवादीले मलाई खैरी चन्दनपुर तथा विभिन्न गाविस हुँदै बनियाँपुरमा ल्याएर पुस १२ गते हत्या गर्ने योजना बनाएको थाहा पाएँ त्यसैले पुस ९ गते नै ज्यान

जोखिममा पारेर म भागेँ ।' २०६५ साल वैशाख २७ गते राति अज्ञात व्यक्तिले शारदाकी छोरीलाई आक्रमण गरी घाइते बनाए । तर माओवादीले नै यो घटना घटाएको हो भन्ने विश्वासले उहाँले माओवादी विरूद्ध मुद्दा हाल्नुभयो । साढे २ वर्षसम्म मुद्दा चल्यो तर श्रीमान्ले उहाँलाई एक दिन पनि सहयोग गरेनन् । शारदा एक्लैले मुद्दा लड्नु भयो । बरू उल्टै मुद्दा जितेका दिन श्रीमान्ले शारदालाई 'कसरी मुद्दा जितिस् र को थिए मुद्दा जिताउने' भन्दै रूखो व्यवहार गरेको क्षण सम्भँदा उहाँलाई असाध्यै पीडा हुने गर्दछ ।

२०४० सालमा नेकपा (माले) गाउँ कमिटी अध्यक्ष हुनुभएकी शारदाले संविधानसभामा नेकपा (माले) बाट प्रतिनिधित्व गरेता पनि पार्टी विभाजन पश्चात २०६७ सालदेखि उहाँ नेकपा (माले समाजवादी)को केन्द्रीय कमिटी सदस्य हुनुहुन्छ । आफ्नो राजनीतिक सङ्घर्ष बताउने क्रममा उहाँ भन्नुहुन्छ, 'मनको पीडाले सधैँ पोलेको पोल्यै भएकोले मैले सबैभन्दा पहिले मेरो घरभित्रै विद्रोह गरें । किनभने मलाई घरभित्रै बन्धन थियो । घरभित्रकै मात्र काम गर्नुपर्छ भन्ने मलाई पारिवारिक दबाब थियो । हरेक कुरामा रोकतोक हुन्थ्यो र यस्तो पीडा खप्दाखप्दै मैले बालबच्चा पनि हुर्काएँ र राजनीतिमा पनि लागेँ ।' तर, अहिले समयमै संविधान नबन्दा उहाँको असन्तुष्टि अफ बढेको छ । उहाँ भन्नुहुन्छ, 'पहिले बर्दियामै बसेर घरपरिवार, राजनीति सबै सम्हालेर पनि सिलाइको काम गर्दा महिनाको १५/१६ हजार कमाउँथें र पनि म खुशी थिएँ । तर अहिले त्यो भन्दा धेरै तलब भएपनि अहिलेको राजनीतिक परिस्थितिले गर्दा मैले आफूलाई चित्त बुझाउन सकेको छैन ।'

संविधानसभा चुनावमा समानुपातिक तर्फबाट ढिला गरी शारदाको नाम सार्वजनिक भएको थियो । संविधानसभा सदस्य भएपछि आयोजना गरिएका विजय जुलुस तथा सम्मान कार्यक्रमहरूमा शारदाले श्रीमान्लाई पनि सहभागी गराउनुभयो । संविधानसभा सदस्य भएर काठमाण्डौं बस्न थालेपछि उहाँले श्रीमान्लाई काठमाण्डौंमा पनि ल्याउनुभयो तर श्रीमान्ले काठमाण्डौं बस्न रूचाउनुभएन । उहाँ भन्नुहुन्छ, 'घरपरिवारले छोरी बुहारीलाई बुझेन र सहयोग गरेन भने धेरै असजिलो हुन्छ । सभासद् भएपछि काठमाण्डौंमा बस्न करै लाग्यो । काठमाण्डौंमा बसेर बर्दियामा बसेका आफन्तलाई भात पकाएर खुवाउन सकिन्न ।'

संविधानसभाको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति तथा व्यवस्थापिका संसद्को महिला बालबालिका तथा समाजकल्याण समितिमा सदस्य रहनु भएकी शारदाले आमाका नामबाट पनि छोराछोरीलाई नागरिकता दिन पाउनुपर्ने, बलात्कारीलाई कडा सजाय दिनुपर्ने, सडक बालबालिकाका लागि गाँस-बास-कपासको व्यवस्था गर्नुपर्ने, वृद्धाश्रम खोलेर त्यसलाई सहयोग गर्नुपर्ने कुरा उठाउनुभएको थियो । यस्तै गरी मधेसका पछाडि पारिएका बादी, मधेसी तथा सोना समुदायको समस्या पनि संविधानसभामा उठान गरेको शारदा बताउनुहुन्छ ।

शारदाले लोप हुने अवस्थामा पुगेको कुसुन्डा र राउटे जातिलाई विशेष सहयोग गर्नुपर्ने, कम्लहरी प्रथा हटाउनुपर्ने, श्रीमान् गुमाएका महिलालाई विधुवा होइन मात्र एकल महिला भनिनुपर्ने माग पनि गर्नुभएको छ । द्वन्द्वकालमा बलात्कृत भएका महिलालाई सहयोग-रोजगारी दिनुपर्ने पनि उहाँको धारणा छ । देशमा जति परिवर्तन भए पनि नेपाली महिलाका सन्दर्भमा खासै परिवर्तन आउन नसकेको र अधिकांश महिलाले हिंसा खेप्न बाध्य भएको

शारदाको भनाइ छ । साथै हिंसा नियन्त्रण गर्न सरकारले प्रभावकारी संयन्त्र बनाउनुपर्ने, महिलालाई प्रजनन् अधिकार दिनुपर्ने तथा परम्परागत काममा मात्र महिलालाई सीमित गर्न नहुने पनि उहाँको विचार छ ।

संविधानसभाको विषयगत समितिहरूले तयार पारेको मस्यौदा प्रतिवेदनमा महिला तथा पछाडि पारिएका वर्गको आवाज अझै सम्बोधन हुन नसकेको उहाँको गुनासो छ । उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ, 'पछाडि पारिएका वर्ग र समुदायहरू अझै पनि धेरै पछाडि छन् । म यस्तो विषयमा नबोली बस्न सक्दिन, के गर्ने म अन्याय सहन सक्दिन ।'

शारदाको अनुभवमा महिलाका मुद्दा या त सुनुवाइ नै हुँदैन या त ढिलो सुनुवाइ हुन्छ । बर्दियामा सेनाहरूद्वारा तीनजना दलित महिलाहरू बलात्कृत भएर मारिए । तर ती हत्यारा सैनिकहरूमाथि अझै कारबाही हुन नसकेकामा उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ, 'यो मुद्दालाई रक्षामन्त्रीदेखि प्रधानमन्त्रीकहाँ सम्म लिएर जाँदा पनि अपराधीलाई कारबाही भएन र यसले मलाई धेरै दुःखी बनाएको छ । तर के गर्ने ती महिलाहरूलाई बलात्कारपछि हत्या गरिएको विषयमा ठोस प्रमाण नआउँदा असजिलो भयो । तर बलात्कारपछि हत्या भएको हो भन्ने कुरा सबैलाई थाहा छ ।'

संविधानसभा सदस्यले नै व्यवस्थापिका संसद्को सदस्यको पनि भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यसैले आफ्नो क्षेत्रको सांसद्को भूमिका निर्वाह गर्न उहाँले आफ्नो क्षेत्रमा विकास निर्माण सम्वन्धी विभिन्न कार्यहरू पनि गर्दै आउनु भएको छ । आफू सभासद् भएपछि दलित बस्तीमा २० वटा सोलार राखिदिएको, दलित-जनजाति महिलाका लागि बाख्रापालन, विद्युत् लाइन जडान गरेको र खैरीचन्दन गाविसमा रहेको स्कुलमा दुईवटा कक्षाकोठा निर्माण गरेको शारदा बताउनुहुन्छ ।

सङ्घर्ष गर्दै आज आफूले सोचे जस्तो ठाउँमा पुगे पनि घरपरिवारसँग मिलेर बस्न गाह्रो भएको अनुभव गर्नुहुने शारदा राजनीतिलाई बगेको खोलासँग तुलना गर्नुहुन्छ । भविष्यमा पनि राजनीतिमै अगाडि बढ्ने सोच बनाउनुभएकी शारदा भन्नुहुन्छ, 'राजनीतिमा लागिसकेको मान्छे घरमा त्यसै बसेर खान सकिन्न । राजनीति र जीवन खोलाजस्तै हो, यसलाई निरन्तरता दिनुपर्छ ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : शान्ता न्यौपाने |
| ठेगाना | : गीतानगर, गीतानगर गाविस-३, चितवन, नारायणी |
| सम्पर्क ठेगाना | : ०१-६२२१८६१ (घर) |
| जन्म मिति | : २०१३/३/१३ |
| जन्म स्थान | : लमजुङ |
| आमाको नाम | : अन्नपूर्ण कोइराला |
| बुबाको नाम | : कमलनाथ कोइराला |
| श्रीमान्‌को नाम | : दण्डपाणी न्यौपाने |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीति सुखसयल गर्नका लागि होइन

शान्ता न्यौपानेका श्रीमान् दण्डपाणी न्यौपाने नेकपा (माओवादी)को नेता भएको आरोपमा २०५६ सालमा राज्यद्वारा पक्राउमा पर्नुभएको थियो । उहाँ अहिलेसम्म बेपत्ता हुनुहुन्छ । शान्ताले श्रीमान्‌को खोजी गर्न अदालतमा हाल्नुभएको रिट पनि खारेज भयो। २०५९ सालमा छोरी निशा न्यौपानेलाई सेनाले पक्राउ गर्‍यो। छोरी पक्राउमा परेको चार महिनापछि विद्यार्थी नेता ज्वाइँ रामचन्द्र अधिकारी पनि पक्राउमा पर्नुभयो। श्रीमान् बेपत्ता, छोरीज्वाइँ जेल चलान, त्यसमाथि सुरक्षाकर्मीले रातदिन घर घेर्न आउने अवस्थामा पनि शान्ताले धैर्य र साहसले काम लिन छाड्नु भएन। माओवादी शान्तिप्रक्रियामा आएपछि उहाँको छोरी र ज्वाइँ जेलमुक्त हुनुभयो तर श्रीमान्‌को भने अहिलेसम्म कुनै खबर छैन ।

आफ्नो राजनीतिक यात्राको श्रेय शान्ता श्रीमान् दण्डपाणीलाई दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'मेरो श्रीमान् समाजमा भएका अन्याय, अत्याचार शोषण विरूद्ध लड्न र देश तथा जनताको सेवा गर्न राजनीतिमा होमिनु भएको थियो। देशलाई बदल्ने उहाँको चाहना र उहाँले देश र जनताका लागि गर्नुभएको त्याग र बलिदान देखेर नै म पनि राजनीतिमा आउन प्रेरित भएकी हुँ। त्यसैले मलाई लाग्छ, राजनीति भनेको सुखसयल गर्नका लागि होइन। यो एउटा सेवाको क्षेत्र हो र राजनीति भनेको एउटा सङ्घर्ष हो जुन त्याग र तपस्याद्वारा सम्पन्न गरिन्छ ।'

१३ वर्षकै उमेरमा २०२६ सालमा शान्ताको दण्डपाणीसँग मागी विवाह भएको थियो। विवाह अघि श्रीमान् शिक्षक हुन् भन्ने सम्म उहाँलाई थाहा थियो। तर उहाँ क्रान्तिकारी कम्युनिष्ट नेता पनि हुनुहुन्छ भन्ने कुरा विवाह भएको दुई वर्षपछि मात्रै शान्तालाई थाहा भयो। शान्ताका श्रीमान् माओवादीका केन्द्रीय नेता भए पनि उहाँको माइती काङ्ग्रेस थिए । विवाहताका दण्डपाणीले राजनीतिमा प्रवेश मात्रै गर्नुभएको थियो । २०२९ सालमा राजनीतिक गतिविधिमा लागेको आरोपमा उहाँ पहिलोपटक पक्राउ पर्नुभयो । त्यसपछि उहाँलाई प्रहरी प्रशासनले विभिन्न समयमा पक्राउ गर्ने र छाड्ने क्रम जारी रह्यो। अन्ततः २०३५ सालमा दण्डपाणीले शिक्षण पेशा छाडेर पूर्णरूपमै

भूमिगत राजनीतिमा लाग्नुभयो । श्रीमान् पूर्णकालीन राजनीतिमा लागेपछि शान्ता पनि बिस्तारै राजनीतिक गतिविधिहरूमा संलग्न हुन थाल्नुभयो । २०३६ सालको बहुदल-निर्दल जनमतसङ्ग्रहमा उहाँले बहुदलको पक्षमा वकालत गर्न र घरखेतको काम सकेपछि गाउँघरका महिलालाई राजनीतिक अधिकार तथा महिला अधिकारबारे बुझाउन थाल्नुभयो । २०३९ सालमा उहाँ अनेमसङ्घ (क्रान्तिकारी) सँग आबद्ध हुनुभयो । सोही साल तत्कालीन नेकपा (माओवादी) पार्टीको सदस्यता पनि लिनुभयो ।

'राजनीतिमा सुखसयल भन्ने हुँदैन,' राजनीतिबारे शान्ता न्यौपानेको बुझाइ यति हो । इमान्दारीपूर्ण राजनीतिका लागे शायद यो पर्याप्त छ । जीवनका अनेक उकाली ओराली पार गर्दै शान्ता आज संविधानसभासम्म आइपुग्नुभएको छ ।

संविधानसभातर्फ शान्ता नागरिक सम्बन्ध समिति तथा व्यवस्थापिका संसद्तर्फ अर्थ र श्रम सम्बन्ध समितिको सदस्य हुनुहुन्छ । समितिमा उहाँले राज्यको हरेक सेवा र अवसरमा नागरिकको सहज पहुँच हुनुपर्ने, खासगरी जल, थल, जङ्गल र स्थानीय स्रोतसाधनमा उनीहरूको अग्राधिकार हुनुपर्ने विषयमा कुरा राख्नुभएको छ र ती कुराको सुनुवाइ भएको पनि उहाँको भनाइ छ । तर, संविधानसभाभित्र महिलाका मुद्दा उठाउन भने समय नपुगेको उहाँको गुनासो छ । तैपनि अरू विषयगत समितिहरूमा उहाँले महिलालाई पनि सम्पत्तिमा समान हक दिइनुपर्ने, आमाको नामबाट पनि नागरिकता पाउनुपर्ने जस्ता मुद्दाहरू उठाउनुभएको छ ।

समाजमा जस्तै संविधानसभामा पनि पुरूष मानसिकताको बलियो प्रभाव रहेको र महिलाप्रतिको विभेद कायमै रहेको शान्ताको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'महिला भनेपछि संविधानसभामा पनि हेपाहा प्रवृत्ति देखाइन्छ । महिला अधिकारकाबारेमा कुरा उठाउँदा पुरूष सभासद्ले ध्यानै दिँदैनन् । महिला बाहेकका राष्ट्रिय मुद्दाहरूमा महिला सभासद्लाई बोल्न दिइँदैन । ती विषयमा बोल्ने पूर्ण अधिकार पुरूष सभासद्ले मात्रै पाएका हुन्छन् । वास्तवमा, यसरी महिलाले महिलाका विषयमा बाहेक अरू विषयमा बोल्नको मौका नपाउने र पुरूषले महिलाकाबारेमा केही नबोल्ने प्रवृत्तिबाटै संविधानसभाभित्र महिला र पुरूषबीच भेदभाव सुरू हुन्छ ।' उसो त वर्तमान संविधानसभामा सबै विषयमा बोल्न सक्ने महिलाहरूको संख्या ठूलो छैन तर, विषयमा ज्ञान र क्षमता भएका महिलालहरूले समेत बोल्ने अवसर पाउँदैनन् । कसैले महिला बाहेकका अरू विषयमा बोल्ने अवसर पाएर बोलिहाले पनि पुरूष सभासद्हरूले त्यति गम्भीर ढङ्गले लिँदैनन् ।

महिला अधिकारका सवालमा धेरै कागजमा लेखिएको भएपनि ती अधिकार सबै कागजमै मात्र सीमित भएको शान्ताको भनाइ छ । उहाँ प्रश्न गर्नुहुन्छ, 'कुनै पनि निकायको प्रमुख पदमा महिलाहरू खोई ? के यो महिलाप्रतिको हेपाहा प्रवृत्ति होइन?' संविधानको विषयगत समितिका मस्यौदा प्रतिवेदनहरूमा पनि महिलालाई नागरिकतामा समान अधिकार, राज्यका हरेक अङ्गमा महिलाको जनसङ्ख्याको आधारमा समावेशी र समानुपातिक सहभागिताका जस्ता विषयहरू छुटेको उहाँ बताउनुहुन्छ । तसर्थ महिला ककसले सबै महिलाका मुद्दालाई एकै ठाउँ राखेर र साझा मुद्दा बनाएर संविधानसभा तथा व्यवस्थापिका संसद्मा पेश गर्नुपर्ने उहाँको सुझाव छ । उहाँका अनुसार नागरिकता, लैङ्गिक हिंसा, महिलाका स्वास्थ्य, शिक्षाजस्ता विषयलाई ककसले महिलाका साझा मुद्दा बनाउनुपर्छ ।

संविधान भनेको पटकपटक बन्ने कुरा होइन । त्यसैले ६०१ जना सभासद्हरू मिलेर नेपालको भविष्य निर्माण गर्नुपर्छ भन्ने शान्तालाई लाग्छ । तर संविधान समयमा नबन्दा उहाँलाई हीनताबोध भइरहेको छ । उहाँ भन्नुहुन्छ, 'संविधान नबन्नुमा मेरो आफ्नै पनि कमजोरी छ कि जस्तो लाग्छ । तर, संविधानसभाका सम्पूर्ण विधि र प्रक्रियाहरू यति ढिला छन् कि मलाई कहिले काहीँ पट्यार लाग्छ । तर, तोकिएको समयमै संविधान निर्माण गरेर जनतालाई नयाँ संविधान दिने मेरो बलियो चाहना छ ।' त्यसैले दुःखसुख जे भएपनि अबका दिनहरूमा राजनीतिमै लाग्ने शान्ताको सोच छ ।

तर, मनको एउटा कुनामा शान्ताको मनमा एउटा प्रश्नले सँधै सताइरहन्छ । श्रीमान् कहाँ हुनुहुन्छ होला? उहाँको अवस्था कस्तो होला? त्यसैले श्रीमान् बेपत्ता भएको करिब ११ वर्ष बितिसक्दा पनि उहाँको खोजीलाई शान्ताले अहिलेसम्म त्याग्नु भएको छैन । कसैले कतैबाट श्रीमान्को खबर ल्याउला कि भन्ने आशामा उहाँ सँधै बसिरहनुहुन्छ । त्यसैले जसरी पनि बेपत्ता श्रीमान्को अवस्थाबारे पत्ता लगाएरै छोड्ने शान्ताले विश्वास लिनुभएको छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : शान्ता चौधरी |
| ठेगाना स्थायी | : लक्ष्मीपुर गाविस-४, दाङ |
| अस्थायी | : बसुन्धरा, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४०१६६६८ (घर), ९७४१०५४८८८ (मो) |
| जन्म मिति | : २०३७ |
| जन्म स्थान | : दाङ |
| आमाको नाम | : कुन्यी चौधरी |
| बुबाको नाम | : ह्सुलाल चौधरी |
| श्रीमान्को नाम | : हरिलाल चौधरी |
| शिक्षा | : साक्षर |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# कम्लरीबाट राजनीति तर्फ

कम्लरीदेखि संविधानसभासम्मको जीवनयात्रालाई फर्केर हेर्दा सभासद् शान्ता चौधरीको कथा कुनै चलचित्रको कथाभन्दा फरक लाग्दैन । उहाँले भोगेका पीडा र संङ्घर्षले आज उहाँलाई वास्तवमै उदाहरणीय व्यक्ति बनाएको छ ।

उहाँले भोग्नु भएका विगतका ती दिनहरू कति पीडादायी थिए भने आठ वर्षको उमेरदेखि नै उहाँले जमिन्दारको घरमा कम्लरी बस्न थाल्नुभयो र त्यहाँ उहाँले १८ वर्ष बिताउनु भयो । परिवारमा आमाबुबा, दिदीबहिनी सबै कमैया र कम्लरी थिए । जीविकाका लागि शान्ताले पनि त्यही बाटो अपनाउनु पऱ्यो । जमिन्दारको घरमा सानै उमेरदेखि कम्लरी बस्नुपर्दा बाबुआमाको न्यानो काखबाट वञ्चित हुनुपऱ्यो । शिक्षाको ज्योती पाउन सक्नु भएन । विरामी हुँदा समेत उपचार नपाउने अवस्था थियो । जमिन्दारले जे काम अह्रायो त्यही गर्नु पर्ने नत्र पिटाई र अपमान खानु पर्ने डर हुन्थ्यो । 'मीठो खाना, नयाँ लुगा र चाडपर्व भनेको के हो थाहा थिएन, यी सबै कुरा मेरा लागि असम्भव थिए', कम्लरी अवस्था छँदाको पीडा पोख्दै उहाँ भन्नुहुन्छ, 'जमिन्दारको घरमा दिनभरी र राती अबेरसम्म काम गरेर पनि पेटभरी खान पाइँदैन्थ्यो ।'

आफै बच्चा छँदा जमिन्दारको बच्चा स्याहार्नु पर्ने बोझ थियो । जमिन्दारको निर्दयिता कति हदसम्म थियो भने कहिलेकाहीँ उसको बच्चाको दिशा धोइदिंदा राम्ररी नपखालिएमा त्यही दिशा बालिका शान्ताको मुखमा दलिदिने गर्थे । एउटा भाँडा हरायो भने पनि हातमा बेस्सरी हान्थे । भारी बोक्न नसकेमा काम चोर भनेर नानाथरीका गाली सुनाउँथे । आफ्ना उमेरका अरूका छोराछोरी स्कुल जाँदा उहाँलाई असाध्यै रून मन लाग्थ्यो । आफू स्कुल जान नपाउने, अरूले चाहिँ पाउने आफ्नो भाग्य पनि कति खराब रहेछ भनेर ।

जमिन्दारको घरमा कम्लरी भएर बस्दाको पीडा र संङ्घर्षले नै शान्ताको मनमा नजाँनिदो किसिमले विद्रोहको भावना जाग्यो र यो विरूद्ध लड्ने विचार आयो । राजनीति मार्फत नै हरेक समस्याको समाधान हुनसक्छ र यो क्षेत्रमा आफ्नो वर्गको प्रतिनिधित्व नभएसम्म अधिकार प्राप्त गर्न सकिदैँन भन्ने कुरा पनि उहाँले बिस्तारै बुझ्दै

र महसुस गर्दै जानुभयो, त्यसैले उहाँ बिस्तारै राजनीतितर्फ आकर्षित हुनुभयो । जमिन्दारको घरमा कम्लरी बस्दा बस्दै एकदिन उहाँले दाङ जिल्लामा भूमि अधिकार मञ्चको सम्मेलनमा जाने मौका पाउनुभयो । त्यहाँ आफूजस्ता थुप्रै गरिबलाई देख्दा उहाँको मनलाई सान्त्वना र हौसला मिल्यो । त्यसपछि जमिन्दारको घरबाट अनेक बहाना बनाएर भागीभागी उहाँ त्यस्ता कार्यक्रमहरूमा जान थाल्नुभयो । पछि जमिन्दारले यो कुरो थाहा पाएर उसको घर वा आन्दोलनमध्ये एक छाड्नु पर्ने भन्दै यातना दिन थालेपछि अन्तमा २०६३ सालमा उहाँले जमिन्दारको घर छोड्ने निर्णय गर्नुभयो र यसरी शान्ताको कम्लरी यात्रा टुङ्गियो र सुरू भयो राजनीतिको यात्रा ।

कम्लरी यात्रा त टुङ्गियो तर राजनीतिको बाटोमा हिँड्न त्यति सजिलो थिएन । एउटी महिला त्यसमा पनि थारू, कमैया र कम्लरी वर्गको महिलाले राजनीतिमा आउन कति कठिन हुन्छ स्वाभाविक मूल्याङ्कन गर्न सकिन्छ । कमैया र कम्लरी मुक्ति र भूमि आन्दोलनमा हिँड्दा 'बच्चा घरमा भोकै राखेर नेतानी बन्छे' भनेर गाउँका मान्छेले आलोचना गर्थे । कतिपय महिलाका श्रीमान्हरूले उहाँसँग हिड्ने अरू महिलाहरूलाई बिग्रेर हिँडेको भनेर पनि पिटे । कतिपय गाउँलेले आफू त बिग्री अरू महिलाहरूलाई पनि बिगार्न लागि भनेर गाउँका महिलाहरूले शान्तासँग हिँडेको र सङ्गत गरेको मन पराएनन् र शान्ताको घरबाट उहाँलाई असहयोग होस् भनेर उहाँविरूद्ध विभिन्न कुरा लगाए । कम्लरी मुक्ति आन्दोलनमा लाग्दा आफ्नै समुदाय र जमिन्दारहरूले खुकुरी लिएर उहाँलाई मार्नसमेत आए । जमिन्दारले कमैयाहरूलाई तिमीहरूको छोरी ल्याएर हाम्रो घरमा राखेमात्रै जमिन जोत्न दिन्छु भनेर भनेपछि कम्लरीहरूका बुबाआमा 'हाम्रा छोरीहरू यता न उता भए र हामीले पनि जमिन जोत्न नपाउने भयौँ' भन्दै शान्ता विरूद्ध खनिए ।

तर, शान्ताले जमिन्दार, आफ्नै समुदाय र अन्यसँग लड्दै कमैया, भूमि आन्दोलन र जनआन्दोलनमा भोको पेट र रित्तो खुट्टा हिँडेर भएपनि सहभागी हुनुभयो । केही वर्षअघि सरकारले कमैया मुक्त भएको घोषणा गरेपनि गरीब कमैयाका छोरीहरूलाई धनीमानी व्यक्तिहरूले घरको कामकाज गराउन र उनीहरूका बच्चाका रेखदेख गर्न कम्लरी राख्ने चलनको अन्त अझै भएको छैन । तर, संविधानसभा निर्वाचनका बेला उहाँको सङ्घर्ष र योगदानको कदर गर्दै संविधानसभाको समानुपातिक सूचीमा नाम पठाउन एमालेलगायत धेरै पार्टीबाट उहाँलाई प्रस्ताव आयो । तर, उहाँको विचारधारा एमाले नजिक भएकाले उहाँले समानुपातिकमा आफ्नो नाम दिन एमालेलाई नै रोज्नुभयो ।

आफ्नो समुदाय र वर्गको अधिकारका लागि लड्छु र कमसेकम शोषित र पीडितहरूलाई एक ढिक्का बनाउन सक्छु भन्ने बलियो विश्वास शान्तालाई थियो । तर, संविधानसभाको सदस्य बन्छु भनेर चाहिँ उहाँले त्यसअघि जीवनमा कहिले कल्पनासम्म पनि गर्नु भएको थिएन । संविधानसभा सदस्य वा सभासद् हुन लामो समयको राजनीतिक अनुभव हुनुपर्छ भन्ने उहाँलाई लाग्थ्यो । तर, पार्टीले उहाँलाई समानुपातिक तर्फबाट संविधानसभा सदस्य बनाएपछि उहाँ दाङबाट तत्कालै काठमाण्डौं आउनु पर्ने भयो । त्यतिबेला उहाँको घरमा खानलाई एक गेडा अन्न थिएन र साथमा आफ्ना दुईवटा बच्चाहरू थिए । श्रीमान् पनि काठमाण्डौंको एउटा घरमा काम गर्नु हुन्थ्यो । बच्चाहरूलाई आफूसँगै काठमाण्डौं ल्याउन सकिने अवस्था पनि थिएन । त्यसैले काठमाण्डौं हिँड्नु अघि बच्चाहरूलाई छिमेकीको भरमा छोडेर छिमेकीसँग उहाँले अनुरोध गर्नुभयो, 'यी बच्चाहरूले बिहानबेलुका घरको काम गरिदिन्छन्, स्कूल नगएको दिन यिनीहरूले गाई बाख्रा चराउन गइदिन्छन्, जसरी पनि यिनीहरूलाई खान दिनु है ।'

शान्तालाई पहिलो पटक संविधानसभा हलभित्र पस्दा सबै नौलो लाग्यो । काठमाण्डौं उहाँका लागि नयाँ ठाउँ

थियो । यहाँ कोही चिनेजानेका थिएनन् । पार्टीका साथीहरूले डेरा त खोजिदिए तर राती अबेरसम्म संविधानसभाको बैठक चल्थ्यो, हिँडेर राती डेरामा फर्किनुपर्थ्यो । बाटो नचिनेर कहिलेकाही त आफू बस्ने डेरा नै चिनिँदैन्थ्यो । उता घरमा चाहिँ बच्चाले खान पाए की पाएनन् भन्ने चिन्ताले पनि उहाँलाई उत्तिकै सताइरहन्थ्यो । बाल्यावस्थामा आमाबुबाको माया पाउन नसक्नु भएकी शान्तालाई आफ्नो गरिबी र विवशताले आफ्ना बच्चाहरूलाई पनि अहिले सुख दिन नसकेकोमा धेरै दुःख लाग्छ । पेटभरी खान नपाउने, चाडपर्वमा अरूका बच्चाका पुराना लुगाले आङ ढाक्नु पर्ने र कलम कापिको अभावमा विद्यालय जान नपाउने नियती उहाँका बच्चाहरूले पनि भोग्नु पऱ्यो र यो सबै सम्झँदा उहाँलाई धेरै नमीठो लाग्छ ।

शान्ताको झण्डै तीन वर्षे संविधानसभाको अनुभवले भन्छ, संविधानसभामा आफूलाई सर्वहारा र श्रमजीवि भन्ने वामपन्थीहरूको बाहुल्य भए पनि त्यहाँ हुनेखानेकै हालीमुहाली भएकाले गरिबको पक्षमा राम्रो संविधान बन्छ भन्नेमा उहाँलाई शंकै छ । यसको अर्थ, उहाँ पूरै निराश हुनु भएको भने होइन । शान्ता चौधरी व्यवस्थापिका संसद् अन्तर्गत प्राकृतिक स्रोत साधन समितिको सभापति हुनुहुन्छ भने संविधानसभा र यस अन्तर्गत आफू संलग्न प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिमा उहाँले वर्गीय मुद्दालाई महत्व दिएर उठाउनुभयो । उहाँले उठाउनु भएका कम्लरी, कमैया, सुकुम्बासी, हलिया, चरूवा र भूमिहीन शब्दहरू मस्यौदा संविधानमा परेका छन् । उहाँले त्यहाँ कम्लरी र कमैयाका मुद्दा पनि उठाउनुभयो । साथै आदिवासी जनाजातिको प्राकृतिक स्रोतमा पहुँच हुनु पर्ने कुरा पनि उठाउनुभयो । थारूलाई मधेसी बनाइनु हुन्न भनेर आवाज उठाउने मध्ये उहाँ पनि हुनुहुन्थ्यो । सङ्घिय राज्यमा जानेबेलामा थारूहरूको पहिचान कायम हुने थरूहट स्वायत्त प्रदेश हुनैपर्छ र तराई एक प्रदेश नभै बहुप्रदेश हुनुपर्छ भनेर पनि उहाँले बलियो आवाज उठाउनुभयो ।

१९७ जना महिला संविधानसभा सदस्यहरूबीचको सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका विविधताले महिला लगायत अन्य महत्वपूर्ण मुद्दामा उनीहरूबीच अन्तरक्रिया गर्न अप्ठेरो हुने गरेको शान्ताको अनुभव छ । संविधानसभाका सुरूका दिनहरूमा त्यहाँ कसैलाई नचिन्दा र आफ्ना भावना तथा विचार पोख्ने कोही नहुँदा उहाँलाई टुहुरो भैँ महसुस भएको थियो । त्यतिखेर त उहाँलाई हुने खाने महिलाले गरिब महिलालाई वास्तै गर्दैनन् की भन्ने समेत लागिसकेको थियो । त्यसरी नै अधिकांश सभासद्हरूले गरिबका कुरा नउठाउँदा गरीबलाई हेपेको हो कि भन्ने पनि लाग्थ्यो । त्यसैले संविधानसभामा महिलाका कुरा उठाउँदा उहाँ भन्ने गर्नुहुन्थ्यो, 'सहरीया र हुनेखाने महिलाको कुरा मात्रै नगर्नुस् है ।'

संविधानसभामा आउँदा उहाँलाई जसोतसो हस्ताक्षर गर्न बाहेक पढ्न लेख्न आउँदैनथ्यो । त्यसैकारणले यो ठाउँमा आइसकेपछि सबै कुरा सिक्नु आवश्यक छ नत्र विभिन्न बहानामा फेरी पछाडि पार्छन् भनेर शान्ताले घरमै शिक्षक राखेर पढ्न थाल्नुभयो । अहिले उहाँ नेपाली भाषामा लेखपढ गर्न सक्नुहुन्छ । संविधानसभाका बैठकहरूमा पनि उहाँ पूरै अवधिसम्म बस्ने र अरूले बोलेका कुरा ध्यान दिएर सुन्ने गर्नुहुन्छ । सोही कारणले बैठकका विधि तथा प्रक्रिया पनि छिटै सिक्न सकेको उहाँ बताउनुहुन्छ ।

धेरैले राजनीतिलाई फोहरी खेल हो भने पनि शान्तालाई राजनीति संर्त्ष हो र राजनीतिमा आएर आफूले ठिकै गरेछु भन्ने लाग्छ । उहाँको अनुभवले भन्छ, 'व्यक्ति चोर फटाहा हुन सक्ला, फोहोरी खेलमा लाग्न सक्ला तर सिङ्गो पार्टी त्यस्तो हुन सक्दैन ।' राजनीति बाहिर बसेर गरिबको आवाजको सुनवाइ हुनुपर्छ भनेर कराउनु भन्दा भित्रै आएर आफैले आफ्नो मुद्दा उठाउँदा बढी सुनुवाइ हुँदो रहेछ भन्ने उहाँको अनुभवले बताउँछ । त्यसैले 'पद र अवसर पाइएन भन्दैमा राजनीति नै नगर्ने भन्ने मबाट हुनेछैन', उहाँ विश्वासका साथ भन्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | शान्तीमाया तामाङ (पाख्रिन) |
| ठेगाना स्थायी | : | ठूलोपातल-१, भुसुने, दोलखा |
| अस्थायी | : | कामनपा-५, गोठटार, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१-४९९०११५ (घर), ९७४१०६४९०२ (मो) |
| इमेल | : | pakhrinshanti@yahoo.com |
| जन्म मिति | : | २०३५/९/१२ |
| जन्म स्थान | : | गैरीमुदी-५, दोलखा |
| आमाको नाम | : | मुसुरी तामाङ |
| बुबाको नाम | : | गणेश बहादुर तामाङ |
| श्रीमान्को नाम | : | स्व. बुद्धिमान पाख्रिन |
| शिक्षा | : | स्नातक तह |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# देशलाई अघि डोऱ्याउने राजनीति नै हो

टोलछिमेकमा छोरीले पढे बिग्रन्छन् भन्ने रूढीवादी विचारधारा अंगाल्नेहरू मध्ये शान्तिमाया तामाङकी आफ्नै हजुरआमा पनि हुनुहुन्थ्यो । समाजमा तामाङ समुदायका छोरीले त झनै पढ्नै हुन्न भन्ने सोचाइ व्याप्त थियो । त्यसमाथि, गाउँघरका मान्छे कस्ता भने उहाँ परिक्षामा पास हुँदा पनि घरमा आएर फेल भई भनेर कुरा लाइदिने र छोरीलाई पढाएर काम छैन भन्ने । आमाबुबाले पनि त्यसलाई पत्याउने । त्यो परिस्थितिमा उहाँले पढ्न निकै सङ्घर्ष गर्नु पऱ्यो । हजुरआमाले जानेर वा नजानेर गर्नुभएको दमन र परिवार तथा समाजको रूढीवादी सोचाइले बाल्यावस्थादेखि नै शान्तिमाया स्वतन्त्रता र अधिकारको खोजीमा लाग्नु भयो र त्यो प्राप्तीका लागि राजनीतितिर धकेलिनु भयो ।

दोलखाको गैरीमुदी गाविसको सामान्य किसान परिवारमा ३२ वर्षअघि जन्मिनु भएकी शान्तिमाया केटाकेटी छँदा भूमिगत भएका कम्युनिष्ट नेताहरूलाई चिठी पुऱ्याउन जानुहुन्थ्यो । पछि बुझ्दै जादा उहाँलाई पनि राजनीति गर्नु पर्ने रहेछ भन्ने लाग्यो । त्यसैले उहाँले विद्यालयमा हुँदैदेखि विद्यार्थी सङ्गठनमा आबद्ध भएर काम गर्न थाल्नुभयो ।

शान्ति मायाले २०५२ मा एसएलसी पास गर्नुभयो र २०५३ फागुन २३ गते दोलखाकै ठूलो पातल गाविसका शिक्षक बुद्धिमान पाख्रिनसँग उहाँको बिहे भयो । बिहे गरेको एक वर्षपछि श्रीमान्ले शिक्षण पेशा छोडेर गाविस अध्यक्षमा चुनाव लड्नुभयो र जित्नुभयो । उहाँका श्रीमान् गाविस अध्यक्ष भएर शिक्षा, विद्युत, खानेपानी, सञ्चार लगायतका काम राम्रो गरेपछि श्रीमान्को लोकप्रियता बढ्न थाल्यो । माओवादी सशस्त्र युद्ध सुरु भएपछि माओवादीद्वारा उहाँलाई गाविसको बजेट दिलाउन, चन्दा दिन र एमाले पार्टी छोड्न दबाब पर्न थाल्यो । यस्तैमा, २०५९ मंसिर ९ गते माओवादीले उहाँको श्रीमान्को अपहरण गरेको एक हप्तापछि निर्ममतापूर्वक हत्या गरे । श्रीमान्को हत्या हुँदा उहाँ दुई महिनाकी गर्भवति हुनुहुन्थ्यो ।

श्रीमान्को हत्यापछि शान्तिमाया राजनीतिमा आउनुभयो । तर हत्याको बदला हत्या गरेर हैन, शान्तपूर्ण राजनीति गरेर पनि समाजको विसङ्गती, हत्या, हिंसा अन्त्य गर्न सकिन्छ भन्ने सोचले । राजनीतिमा फर्किएपछि उहाँले एमाले पार्टीको जिल्ला समितिको सदस्यका रूपमा काम गर्नुका साथै छुटेको पढाइलाई पनि अघि बढाउनुभयो । हनुमन्तेश्वर क्याम्पस काभ्रेमा स्नातक तहमा अध्ययन गर्दा उहाँ स्वतन्त्र विद्यार्थी युनियनको कोषाध्यक्ष पनि हुनुभयो ।

समाजले एकल महिलालाई हेर्ने दृष्टिकोण धेरै नकारात्मक रहेको शान्तिमायासँग तीतो अनुभव छ । श्रीमान्को हत्या हुँदा २४ वर्षकी शान्तिमायाको आलो घाउमा नुनचुक लगाउन आउने मान्छेहरू पनि थिए । इज्जत थामेर बस्नु, अर्को पुरूषसँग नजानु भनेर आफन्त र गाउँघरका मान्छेले सुनाउँथे । श्रीमान् हुँदा पहिला घरभरी आफन्त र गाउँले हुन्थे तर, उहाँको हत्यापछि त्यो पनि पातलिँदै गएर शून्य जस्तै भयो । पहिला घरमा आएर आफै पकाएर खाने आफन्त र कार्यकर्ताहरूले पछि उहाँले पकाएर खान दिँदा समेत खान आउने भएनन् । बिस्तारै घरकै मान्छेको पनि व्यवहार फरक हुन थाल्यो । त्यो बेला श्रीमान्को नामको जग्गा आफ्नो नाममा नामसारी गरेपछि त घरतिरका मान्छेले पनि खासै वास्ता गर्न छोडे । श्रीमान् हुँदा र नहुँदा कस्तो फरक हुँदो रहेछ भन्ने अनुभूति भयो उहाँलाई । स्कूलमा पढाउन थालेकोले हुँदा जीविकाका लागि भने उहाँले खासै आर्थिक समस्या भोग्नु परेन ।

उता माओवादीबाट दिइने मानसिक र शारीरिक यातना पनि छदै थियो । माओवादीले 'यसरी मार्छन् र उसरी मार्छन् रे भन्ने समाचार दिनहुँ आउथ्यो', शान्तिमाया त्रासका ती दिन सम्झनुहुन्छ, 'राती सुत्दा पनि घर फेर्दै हिड्नु पर्ने अवस्था थियो ।' श्रीमान्को हत्या भएको एक वर्षपछि भने उहाँले हनुमन्तेश्वर उच्च माविमा अध्यापन गर्न थाल्नुभयो र छात्रावासको इन्चार्ज भएर काम गर्नुभयो ।

यसैबीच देशमा राजनीतिक घटनाक्रमले नयाँ मोड लियो । २०६३ को अन्तरिम संसद्मा एमालेको कोटामा मनोनित १० जनामध्ये शान्तिमाया पनि पर्नु भयो । यसरी अन्तरिम संसद्मा आफू पर्दा उहाँलाई अचम्म लागेको थियो किनभने उहाँले कहिले पनि आफू यसरी मनोनयमा पर्छु भनेर कल्पना समेत गर्नु भएको थिएन । नेकपा (एमाले) ले उहाँलाई ठूलो सम्मान गरेको जस्तो लाग्यो । त्यसैगरि अन्तरिम संसद्मा सभामुख चयन हुँदा एमालेको तर्फबाट शुभकामना मन्तव्य दिने अवसर पार्टीले उहाँलाई दियो । संसद्मा दिएको त्यो पहिलो मन्तव्य जीवनकै सुखद र स्मरणीय लाग्छ उहाँलाई । तर २०६४ सालको संविधानसभाको चुनावमा भने उहाँको मनमा संविधानसभाको सदस्य बन्छु भन्ने शतप्रतिशत निश्चित जस्तै थियो किनकी समानुपातिक सिटमा महिला, जनजाति, द्वन्द्वपीडित र सहिद परिवार भएकाले जुनसुकै रूपमा पनि आफू पर्न सक्ने अवस्था रहेको उहाँलाई लागेको थियो । साथै, उहाँलाई शिक्षा लगायत सबै कुराले आफू त्यो पदको लागि योग्य छु भन्ने लाग्थ्यो । नभन्दै निर्वाचनपछि समानुपातिक सूचिमा उहाँको नाम छानियो ।

शिक्षण पेशाबाट एकैचोटी संसद्मा प्रवेश गर्दा र पहिलो पटक अन्तरिम संसद्मा आउँदा विधि प्रक्रिया बुझ्न समस्या परेको उहाँको अनुभव छ । जस्तो उहाँ कानुन समितिमा भएकाले छलफल गर्दा पनि कानुनको किताब

खोजेर पढ्नु पर्ने, वकिलहरूसग परामर्श लिनु पर्ने अवस्था थियो । त्यसले गर्दा कानुनी कुरा बुझ्न पनि केही समय लाग्यो उहाँलाई ।

न्याय प्रणाली समितिमा हुँदा उहाँले महिलाका लागि पारिवारिक अदालत, जनजातिका लागि 'कस्टमरी ल' (परम्परागत वा प्रथाजनित कानुन) लगायतका कुरा उठाउनुभयो । उहाँले महिलाका मुद्दामा नागरिकतामा समान व्यवस्थामा जोड दिनुभयो र एकल महिलालाई असहाय भनेर राख्न नहुन भनेर पनि आपत्ति जनाउनुभयो । यस्तै, आदिवासी/जनजातिहरूको मुद्दामा आईएलओ १६९ लाई राज्यले अनुमोदन गरिसकेकोले नयाँ संविधानमा त्यसअनुसारका व्यवस्थाहरू राख्नु पर्नेमा पनि उहाँले जोड दिनुभयो । त्यसरी नै, राज्यको विभेदकारी नीतिले आदिवासी/जनजातिहरू पछाडि पारेकोले उनीहरूलाई राजनीतिक अग्राधिकार र आत्मनिर्णयको अधिकार हुनुपर्ने उहाँको पनि थियो । ।

संविधानसभाभित्र महिला सभासद्हरूमाथि हुने विभेद उहाँले पनि महसुस गर्नु भएको छ । खासगरी पुरूष नेतामा महिलाले बोल्न र तर्क गर्न सक्दैनन्, पुरूषभन्दा कमजोर छन् भन्ने सोचाइ प्रचुर छ । महिला सभासद्लाई बोल्न दिंदा पनि कम समय दिने गरेको उहाँको अनुभव छ । तर, कतिपय कुरामा शान्तिमायाले बोलेका कुरालाई भने पुरूष सभासद्हरूले पनि गम्भीर रूपमा लिने गरेको उहाँले पाउनु भएको छ । संविधानसभामा खासगरी वर्गीय, जातीय र लैङ्गिक मुद्दामा कुरा उठाउँदा अन्य सभासद्हरूबाट सहयोग पाउने गरेको उहाँको अनुभव छ ।

संविधान निर्माण प्रक्रियामा आफूले दिएको योगदान र भूमिकालाई उहाँ सकारात्मक ढङ्गले लिनुहुन्छ । उहाँको भनाइ छ, 'परिवारलाई समय दिन नसक्दा छोरीहरू दिक्क मान्छन्', तीन छोरीकी आमाको अनुभव छ, 'माइली छोरी शीलाले घुमाउन लैजाउ भन्दा ल ल भनेर पनि कहिल्यै पूरा गर्न नसक्दा तपाई जस्तो सभासद्ले झुटो बोल्ने ? यस्ता सभासद्ले के संविधान लेख्लान भनेको दिन भने मैले सबै कार्यक्रम छोडेर पनि उनीहरूलाई घुमाउन लगें ।' उहाँ अहिले गोठाटारमा एउटा छाप्रोजस्तो घरमा बस्नुहुन्छ । कतिपयले सभासद् भएर पनि किन पक्की घर नबनाएको भनेर सोध्छन् । तर, त्यो उहाँको प्राथमिकतामा पर्दैन । पैसा कमाउने भन्दा पनि अध्ययन गर्ने र क्षमता बढाउने चाहिँ महत्वपूर्ण हो भन्ने उहाँलाई लाग्छ ।

जिल्लाबाट केन्द्रीय राजनीतिमा आउँदा त सुरूमा इतिहासमा निश्कलङ्कित भएर पछिसम्मको पुस्ताले सम्झने गरी काम गरी देखाउन सकिएला भन्ने उहाँको अपेक्षा थियो । तर, अहिले निर्णायक तहमा रहेका नेताहरूकै खिचातानी देख्दा उहाँलाई दिक्क लाग्न थालेको छ । त्यसैले बरू देशको जिम्मा युवा पिढीलाई दिए गर्थ्यो भन्ने लाग्छ उहाँलाई । राजनीति भित्र विभिन्न समस्या तथा चुनौति भएपनि आखिर देशलाई अघि डोऱ्याउने र समस्याको समाधान गर्ने मुल क्षेत्र नै राजनीति हो भन्ने बुझेकोले शान्तिमायाले जे जस्तो चुनौती भएपनि बाँकी जीवन राजनीतिमै समर्पण गर्ने अठोट गरिसक्नु भएको छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : शान्ति जिरेल |
| ठेगाना स्थायी | : बेटिस्वर, जिरी गाविस-६, दोलखा |
| अस्थायी | : तीनचुले, बौद्ध, वडा नं. ६, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४४७८९३९ (घर), ९७४१०५२२७४ (मो) |
| इमेल | : shantijirel@hotmail.com |
| जन्म मिति | : २०३०/०३/१० |
| जन्म स्थान | : डुङ्गे, जिरी गाविस-७, दोलखा |
| आमाको नाम | : कुमारी जिरेल |
| बुबाको नाम | : स्व. अनबहादुर जिरेल |
| श्रीमान्‌को नाम | : युवराज जिरेल |
| शिक्षा | : माध्यमिक तह |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# अल्लोको झोला बोक्ने मजदुर नेतृ

न पारिवारिक पृष्ठभूमि, न शिक्षा, तर श्रमिकमाथि भएको शोषणको विरोध गर्दै हिँड्ने शान्ति जिरेल थाहै नपाई राजनीतिको बाटोमा तानिनुभयो । २० वर्ष लामो सङ्घर्ष, लगनशीलता र परिवर्तनको चाहले उहाँलाई आज जनताको संविधान बनाउने संविधानसभासम्म पुऱ्यायो ।

पञ्चायत कालमा शान्ति काठमाण्डौंको कुनै गलैँचा कारखानामा काम गर्नुहुन्थ्यो । त्यहाँ उहाँले श्रम क्षेत्रमा हुने अन्याय र अत्याचार देख्नु र भोग्नु पऱ्यो । गलैँचा उद्योगमा बालश्रम व्याप्त थियो । कार्य घण्टा निश्चित थिएन । महिला श्रमिकहरूमाथि ज्याला र कामको बाँडफाँडमा भेदभाव गरिन्थ्यो । यस्तो अवस्थालाई परिवर्तन गर्न के गर्न सकिन्छ भनेर उहाँ सोचिरहनुहन्थ्यो ।

२०४६ सालपछि देशमा प्रजातन्त्र आयो । सबै क्षेत्रका मानिस आ-आफ्ना अधिकारका लागि सङ्गठित हुन थाले । आ-आफ्ना क्षेत्रका हक अधिकारहरू सुनिश्चित गर्न विभिन्न सङ्गठनहरू खुल्दै जाँदा शान्ति पनि बिस्तारै श्रमिकहरूलाई सङ्गठित गर्ने काममा होमिनुभयो । अन्यायमा परेका श्रमिकहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय नेताहरूबाट प्राप्त प्रेरणा, देशको अवस्था र पत्रपत्रिकामा छापिएका देश विदेशका खबरहरूले नै उहाँलाई श्रमिकको हकहितका काममा लाग्न प्रेरित गऱ्यो ।

शान्तिको जन्म दोलखा जिल्लाको जिरी गाविसको डुँगेमा भएको हो । उहाँको परिवार गरिब थियो र सातजना दिदीबहिनीहरूमध्ये उहाँ माइली छोरी हुनुहुन्छ । छोराको आशमा जन्मेका सातजना छोरीहरू भएपनि आमाबुबाले उहाँहरूलाई धेरै माया गर्नुहुन्थ्यो । उहाँका बुबा आफूले पढ्न नपाएपनि छोरीहरूले पढ्नुपर्छ भन्ने धारणा राख्नुहुन्थयो । तर उहाँ माहिली छोरी हुनुभएकोले र अरू पनि विभिन्न कारणहरूले गर्दा उहाँले औपचारिक शिक्षा

राम्ररी पाउनु भएन । उहाँ भन्नुहुन्छ, 'औपचारिक शिक्षामा पछि परेपनि मैले आफ्नो स्व–अध्ययनलाई कहिल्यै छोडिन । अहिले पनि म दिनको एक घण्टा अध्ययनका लागि समय छुट्याउँछु ।'

२०४६ सालको जनआन्दोलन ताका उहाँ १६ वर्षको हुनुहुन्थ्यो र २०४६ साल अघिसम्म शान्तिलाई राजनीतिक परिवर्तन के हो, यो भयो भने के लाभ हुन्छ र विद्यार्थीहरू किन लुकीलुकी राज्यसत्ताको विरोध गर्छन् भन्ने थाहा थिएन । तर, कम्युनिष्टहरू चाहिँ गरिब जनताको पार्टी हो भन्ने उहाँको बुझाइ थियो । उहाँ जनआन्दोलनमा लागेका विद्यार्थीहरूलाई पोष्टर, पाम्प्लेटहरू टाँस्न र ती लुकाइदिन पनि सघाउनुहुन्थ्यो । यसका साथै उहाँ गलैँचा उद्योगमा काम गर्ने श्रमिकमाथि हुने भेदभाव र अन्याय अत्याचार विरूद्ध लड्नुहुन्थ्यो र आफू जस्ता अरूलाई अन्याय विरूद्ध लड्न पनि उत्साहित गर्नुहुन्थ्यो । यसरी काम गर्दै जाँदा २०४७ सालमा उहाँ एमाले आबद्ध मजदुर सङ्गठन जिफन्टमा आबद्ध हुनुभयो र जिफन्ट अन्तरगत रहेको नेपाल स्वतन्त्र कार्पेट मजदुर युनियनमा पनि पनि संलग्न हुनुभयो । २०४९ सालमा उहाँ नेकपा (एमाले)को सङ्गठित सदस्य हुनुभयो र त्यसपछि उहाँले पार्टीले दिएको जिम्मेवारी पूरा गर्नथाल्नुभयो । उहाँ भन्नुहुन्छ, 'मैले यसरी मजदुर सङ्गठन बलियो बनाउँदै हिँडेको कारखाना मालिकहरूलाई असह्य हुन्थ्यो र उनीहरू ट्रेड युनियनको अस्तित्वलाई पनि स्वीकार्न चाहँदैनथे । २०५० सालतिर म ट्रेड युनियनमा संलग्न भएकोले सांग्रिला कार्पेट कारखानाले मलाई काम छैन भनेर निष्कासन गरिदियो । तर मैले हार खाइँन र श्रम ऐन अनुसार मुद्दा लडेर जितेँ ।' उहाँ थप्नुहुन्छ, 'मेरो जित्नुको लक्ष्य मालिकहरूले श्रमिकहरूलाई कामबाट त्यसै निकाल्न नपाइने रहेछ भन्ने सन्देश पुगोस भन्ने थियो । कार्पेटमा काम गर्न पढाइलेखाइ नचाहिने हुनाले त्यहाँ शिक्षामा पछाडि परेका श्रमिकहरू धेरै थिए । तिनीहरूलाई शोषण गर्न पनि सजिलो थियो । त्यसकारण पनि उनीहरूलाई श्रम ऐन र श्रमिकको अधिकारका कुरा बुझाउनमा म श्रमिक आन्दोलनमा लागेँ ।'

२०४५ सालमा शान्तिको विवाह युवराज जिरेलसँग भएको थियो । एक छोरा र एक छोरी मध्ये एउटालाई ढाडमा बोकेर र अर्कोलाई डोऱ्याएर सांगठनिक काममा उहाँ हिड्नुहुन्थ्यो साथै गलैँचाको काम पनि छोड्नुभएको थिएन । उहाँले पुरानो कुरा सम्झिँदै भन्नुभयो, 'एकपटक पानी परिरहेको थियो, एउटा बच्चालाई ढाडमा बाँधेर, अर्कोलाई रेनकोट लगाइदिएर छाता ओढेर हिँडिरहेकी थिएँ । एकजना जापानीलाई मेरो ताल देखेर अचम्म लागेछ । ऊ त मदेखि प्रभावित पनि भएछ । उसले मेरो अन्तर्वार्ता लिएर एउटा जापानी पत्रिकामा नै छापिदिएछ ।' छोराछोरी च्यापेर सङ्गठनको काममा हिँड्ने र एउटा पुरानो अल्लोको झोला सँधै बोक्ने कारणले पनि उहाँलाई धेरैले चिन्थे । अहिले पनि पुरानो परिचयको कारणले उहाँलाई धेरैले चिन्छन् र नमस्कार गर्छन, त्यति बेला उहाँ धेरै खुशी महसुस गर्नुहुन्छ ।

मजदुरका हकहितका लागि सङ्घर्ष गरिरहँदा उहाँले कुनैदिन नेपालमा संविधानसभा बन्छ र आफू सदस्यमा चुनिन्छु भनेर कहिले कल्पना सम्म पनि गर्नु भएको थिएन । तर अहिले संविधानसभाको सदस्य बन्न पाउँदा उहाँ निकै नै गर्व गर्नुहुन्छ । अझ अल्पसंख्यक आदिवासी/जनजाति जिरेल समुदायको र श्रमिक तथा महिलाको पनि संविधानसभामा प्रतिनिधित्व गर्न पाउँदा अरू धेरै जिम्मेवारीहरू थपिएको पनि उहाँलाई लागेको छ । उहाँ भन्नुहुन्छ, 'मेरो काँधमा ठूलो भारी छ । मैले जिरेल समुदाय र श्रमिक तथा महिलाको संविधासभामा प्रतिनिधित्व

गरिरहेको छु । आफूले प्रतिनिधित्व गरेको समुदायको मुद्दाहरूलाई संविधानमा लेखाउनु नै अहिले मेरो ठूलो जिम्मेवारी रहेको छ ।'

शान्ति संविधानसभाको विषयगत समिति अन्तर्गतको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिमा संलग्न हुनुहुन्छ । अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परिभाषाका साथमा उनीहरूका पहिचान, भाषा, संस्कृति र जीवनशैलीलाई कसरी संरक्षण गर्ने र उनीहरू सङ्गठन सम्बन्धित मुद्दाहरूलाई संविधानको कुन-कुन धारामा कसरी लेख्ने भन्ने काममा शान्तिको बढी संलग्नता र योगदान रह्यो । उहाँ भन्नुहुन्छ, 'सीमान्तकृतहरूको परिभाषा गर्दा आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा पछाडि पारिएका समुदायहरू भनेर प्रस्ताव गरिएको थियो तर म लगायत अरू केही सभासद्हरूले सीमान्तकृत भनेको यति मात्र होइन उनीहरू जातीय, भाषिक, धार्मिक, सांस्कृतिक र लैङ्गिक रूपमा पनि पछाडि पारिएका समुदाय पनि हुन् भनेर कुरा उठाएँ । तर समितिमा हामीले राखेको कुराको त्यति सुनुवाइ भएन त्यसैले ठूलो स्वरमा कराउनुपर्ने, टेबल ठटाउनुपर्ने र बैठक छोडेर हिँड्नुपर्ने अवस्था पनि आयो ।'

संविधानसभामा सबै नेपालीको प्रतिनिधित्व भएको छ भनिए तापनि त्यहाँ एक खालका मानिसहरूले, अझ विशेष गरी महिलाहरूले नै बढी समस्या झेल्नु परेको उहाँको अनुभव छ । आफूलाई ठूला जात र वर्गका हुँ भन्नेहरूले पछाडि पारिएका अरू जाति तथा समुदायहरूका धर्म, संस्कृति र जीवनशैलीकाबारेमा ज्ञान नराख्ने र अरूलाई हेप्ने प्रवृति भएकाले यस्तो भएको हो भन्ने उहाँलाई लाग्छ । कतिपय महिला सदस्यहरूले समेत अलि गाउँले पृष्ठभूमि भएका र साधारण लुगा लगाउने महिला सदस्यहरूलाई तिमीहरूले त कोदाली खन्ने बेला, भारी बोक्ने बेला लगाउने लुगा लगाएर आउने गर्छौ । यो खास ठाउँ हो, यहाँ खास लुगा लगाउनु पर्छ भनेका कुराहरूले उहाँलाई खिन्न तुल्याउँछ । उहाँ भन्नुहुन्छ, 'आ-आफ्नो मातृभाषामा कुरा राख्दा पनि कति सभासद्हरूले त आपत्ति जनाए र त्यसमा पनि मैले दह्रो जवाफ दिएँ ।' नेपालका महिलाहरू विभिन्न वर्गमा विभाजित भएकाले त्यही अनुसार उनीहरूको मुद्दा पनि फरक हुने र एक वर्गका महिलाको मुद्दालाई अर्को वर्गका महिलाहरूले समेत आफ्नो नमानिदिनाले महिलाका मुद्दाले सहमति पाउन नसकेको उहाँको गुनासो छ ।

सभासद् भइसकेपछि आदिवासी/जनजातिका मुद्दाहरू उठाउन संयुक्त राष्ट्रसङ्घमा आदिवासी/जनजातिको स्थायी मञ्च (यू एन परमानेन्ट फोरम) को बैठकमा भाग लिन अमेरिका जाने मौका पनि पाउनुभयो । यस किसिमको अवसरले पनि आफ्ना विचारलाई अझ तिखार्न र संसारलाई फराकिलो दृष्टिले हेर्न मद्दत मिलेको उहाँको अनुभव छ ।

शान्तिको राजनीतिक यात्रा श्रम क्षेत्रबाट सुरू भएकोले आफू श्रमिकको नेताको रूपमा चिनिनुमा नै उहाँलाई गौरव लाग्छ । उहाँको सोचाइमा राजनीति भनेको सङ्घर्ष, बलिदान, त्याग र तपस्या हो । त्यसकारण बढी भन्दा बढी महिला र युवाले पनि राजनीतिमा प्रवेश गर्नुपर्छ भन्ने उहाँलाई लाग्छ । उहाँ भन्नुहुन्छ, राजनीति भनेको नशा पनि रहेछ, 'छोड्छु भनेर छोड्न पनि नसकिने । १७, १८ वर्षको उमेरमा राजनीतिमा लागेँ र कुनै स्वार्थ बिना काम गरें । त्यसकारण पनि आज म यो ठाउँमा पुगेको छु । भविष्यमा पनि यसरी नै अघि बढिरहने छु ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : शान्ति बस्नेत अधिकारी |
| ठेगाना | : बसुन्धरा, काठमाण्डौं-३ |
| सम्पर्क फोन | : ९८५१०६३५९६ (मो) |
| इमेल | : shantiadk@gmail.com |
| जन्म मिति | : २०१७/०९/२७ |
| जन्म स्थान | : भोजपुर |
| आमाको नाम | : हेमकुमारी बस्नेत |
| बुबाको नाम | : सूर्यबहादुर बस्नेत |
| श्रीमान्को नाम | : डा. प्रकाशचन्द्र अधिकारी |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# जनाताको सोचेको समयमा संविधान बनाउन नसकेकोमा चिन्ता

देशकै सुदुरपूर्व र विकट जिल्ला भोजपुरमा जन्मनु र हुर्कनु भएकी शान्ति बस्नेत अधिकारीलाई सानैदेखि राजनीतिप्रति रूचि र चासो थियो । तर परिवारले उहाँको पढाइमा जोड दिएकोले उहाँले आफ्नो राजनीतिक इच्छा व्यक्त गर्न सक्नुभएको थिएन । उहाँको परिवार राजनीतिक भएपनि त्यतिबेलाको छोरीलाई हेर्ने दृष्टि र सोचमा धेरै परिवर्तन आएको थिएन । त्यसैले छोरीले राजनीति गर्नुहुन्न र छोरी मान्छेले राजनीति गर्दा समाजले उसलाई राम्रो दृष्टिले हेर्दैन भन्ने उहाँको परिवारको मान्यता थियो ।

शान्तिका बुबा सूर्य बहादुर बस्नेत भोजपुरमा प्रधानपञ्च हुनुहुन्थ्यो । घरको राजनीतिक वातावरण तथा समाजमा हुने उत्पीडन र गरीब तथा महिलामाथि हुने विभेद र भेदभावले उहाँलाई राजनीतिमा लाग्न प्रेरित गरेको थियो । उहाँ सानो छँदा प्रगतिशिल विचारका गायकहरू रामेस, रायन, बासु शाक्य र मञ्जुल आदि जनजागरणका गीत गाउन गाउँमा आउने गर्थे । ती गायकहरूले गाएका परिवर्तनको आवश्यकता र समाजमा भएका विभेद, अन्याय तथा अत्याचारबारेका गीतहरूबाट प्रभावित भई शान्तिले यस्ता कुराका विरूद्ध आफू पनि समर्पित हुन्छु भनेर मनमनै सङ्कल्प गरिसक्नु भएको थियो ।

गाउँकै स्कुलबाट एसएलसी परिक्षा उर्त्तीण गरेपछि पढ्ने मात्र शर्तमा शान्ति काठमाण्डौं आउनुभयो । तर परिवारको इच्छा विपरित २०३६ सालको विद्यार्थी आन्दोलनमा उहाँ संलग्न हुनुभयो । 'तँ चिता, म पुऱ्याउँछु' भन्ने उखानजस्तै पूर्वप्रधानमन्त्री मनमोहन अधिकारी र साधना अधिकारीका छोरा प्रकाशचन्द्र अधिकारीसँग २०४३ सालमा बिहे भएपछि उहाँलाई राजनीतिमा आउन सजिलो भयो । उहाँ भन्नुहुन्छ, 'तर पञ्चायती प्रशासनले भने सँधै दुःख दिन्थे । घरधनीहरू हामीलाई भाडामा राख्न डराउँथे र घर छाडेर अन्तै जान दबाब दिइरहन्थे । ससुरा धेरैजसो जेलमा परिरहने हुनाले जेलमा गइरहने काम पर्थ्यो । जेलमा सरकारले खानाको राम्रो व्यवस्था नगर्ने हुनाले पनि यस्तो क्रुर शासनको अन्त्य होस् भनेर म सँधै कामना गर्थें ।'

२०४४ सालमा शान्ति श्रीमान्सँगै करिब छ वर्षका लागि बेल्जियम जानुभयो । उहाँका श्रीमान् पढाइका सिलसिलामा बेल्जियम जानुभएको थियो । उहाँ २०४८ सालमा फर्कँदा देशमा प्रजातन्त्र आइसकेको थियो र त्यसपछिका दिनहरूमा उहाँले पुनः समाज सेवा र राजनीतिलाई निरन्तरता दिनुभयो । राजनीतिक जीवनमा शान्तिले त्यति धेरै सङ्घर्ष गर्नु नपरेतापनि महिलाले राजनीतिमा लाग्नका लागि वातावरण त्यति सहज नभएको उहाँले महसुस गर्नु भएको छ । घरबाट राजनीतिमा लाग्न सहयोग भएपनि घरव्यवहार धान्नु पर्ने बाध्यताले गर्दा राजनीतिमा लाग्न चाहेजति समय निकाल्न नसक्ने समस्या उहाँले पनि भोग्नु भएको थियो ।

शान्ति २०६४ सालमा संविधानसभा सदस्यको रूपमा मनोनयन हुनुभयो । उहाँ संविधानसभा अन्तर्गतको संवैधानिक निकायको संरचना निर्धारण समिति तथा व्यवस्थापिका संसद् अन्तर्गत अर्थ र श्रम सम्बन्ध समितिका सदस्य हुनुहुन्छ । अर्थ र श्रम समितिमा उहाँ उद्योग वाणिज्य आपूर्ति र यातायात तथा श्रम हेर्ने उपसमितिको संयोजक हुनुहुन्छ । नयाँ संविधानमा पहिलेका पाँचवटा संवैधानिक आयोगहरूलाई यथावतै राखी थप छ वटा आयोगहरू थपी ११ वटा संवैधानिक आयोगहरू प्रस्तावित भएका छन् । शान्ति यसप्रति अलग धारणा व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पहिलेका पाँचवटा आयोगहरूलाई पनि निरन्तरता दिने र पहिले समेट्न नसकिएका सम्पूर्ण समुदाय र वर्गलाई समेट्ने गरी थप एक समावेशी आयोग बनाउने जसले गर्दा सबैको मुद्दाको सम्बोधन हुन्छ र देशलाई पनि बढी आर्थिक भार पर्दैन भन्ने मेरो भनाइ हो ।'

वर्तमान संविधानसभामा १९७ जना महिला सदस्यहरू हुनु विश्व राजनीतिमा नै ठूलो कुरा भए पनि महिलाहरूले अझै धेरै कुराहरू सिक्नु पर्ने उहाँको भनाइ छ । साथै संविधानसभामा एकपटकका लागि मात्र ३३ प्रतिशत महिला सदस्यहरू हुने र त्यसपछि पहिलेकै अवस्थामा फर्किने हो भने अहिलेको ३३ प्रतिशत महिला सहभागिताको केही अर्थ नरहने पनि उहाँ बताउनुहुन्छ । त्यसैले राजनैतिक दलहरूले आफ्नो विधानमै कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता हुने कुरा उल्लेख गर्नु जरूरी भएको उहाँ धारणा व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाका पुरुष सदस्यहरू सस्तो लोकप्रियताका लागि महिलाका सवालमा उदार देखिन्छन् । तर जब वास्तवमै अर्थपूर्ण रूपले निर्णय लिनुपर्ने अवस्था आउँछ तब उनीहरू पछि हट्ने गर्छन् र असहमति जनाउँछन् । जस्तो नागरिकताको विषयमा कुरा गर्दा नागरिकता सम्बन्धी अवधारणामा पुरूष सदस्यहरूले पनि सहमति जनाएका थिए तर अहिले आएर यो सम्बन्धमा उनीहरू महिला माथि विभेद गर्ने मात्र होइन महिलालाई अनागरिकको रूपमा चित्रण गर्दैछन् ।' तर यस्ता खाले विभेदपूर्ण संविधानका धारामा आफ्नो पूर्ण असहमति रहने शान्ति अठोट व्यक्त गर्नुहुन्छ ।

महिला सदस्य भएकै कारणले संविधानसभा र व्यवस्थापिका संसद्मा थुप्रै चुनौतीहरू खेप्नु परेको शान्तिको पनि अनुभव छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभा र व्यवस्थापिका संसद्मा बोल्नका लागि निश्चित समय छुट्याइने कारणले आफूले बोल्न चाहेको कुरा बोल्न नपाइने, बोल्ने समय पाउनै कठिन हुने र चिनिएका नेताले बढी बोल्ने अवसर र समय पाउने चुनौतीहरू रहेका छन् ।' उहाँ थप्नुहुन्छ, 'सबै सभासद्को हैसियत समान भए पनि व्यवहारिक रूपमा भने सुरक्षाकर्मीले समेत महिला सभासद्लाई पुरूष सभासद्लाई झैँ आदर गर्दैनन् । पुरूषलाई चाहिँ उनीहरू सलाम ठोक्छन् । कतिपय अवस्थामा महिलालाई चाहिँ छानबिन गरेर मात्र भित्र पठाउने गर्दछन् ।

संविधानसभाका सबैजसो समितिमा ३३ प्रतिशत महिला हुनुपर्नेमा महत्वपूर्ण ठानिएका समितिमा पुरूषको सहभागिता बढी र कम महत्व ठानिएका समितिमा महिला बढी राखिनुलाई उहाँ विभेदकै अर्को रूप मान्नुहुन्छ । त्यसरी नै पुरूषका लागि साना ठहरिएका कतिपय विषयले महिलालाई ठूलो असर पार्ने महसुस शान्तिले गर्नुभएको छ । उदाहरणका लागि, सिंहदरबारभित्रका अधिकांश कार्यालयहरूमा महिला शौचालयको व्यवस्था छैन र भए पनि ती महिलामैत्री छैनन् । आफ्नै दलको कार्यालयमा समेत महिला शौचालय नभएको उहाँको गुनासो छ । संविधानसभाका महिला सदस्यहरूले राज्यको हरेक निकायमा ५० प्रतिशत महिला सहभागिता हुनुपर्छ भन्ने कुरा उठाउँदा ठूलो विवाद भएको स्मरण गर्दै पुरूष सदस्यहरूले महिला नै छैनन् र यसो गर्न समाजको परिस्थितिले दिँदैन भन्ने कुरा अगाडि सारेको शान्ति बताउनुहुन्छ ।

दलीय आधारमा महिला सदस्यहरूको राजनीतिक विचारहरू फरक भए पनि महिलाका मुद्दामा एकजुट हुन महिला सभासद् समूह वा महिला ककसको आवश्यकता परेको शान्ति बताउनु हुन्छ । महिला सदस्यहरूले महिला ककस गठन गर्न खोज्दा महिला सङ्गठित भएर आवाज उठाउलान् भन्ने भित्री डरका कारणले ककस निर्माण गर्न नदिन लागेको र महिला ककसलाई अझै पनि औपचारिक मान्यता नदिइएको उहाँको भनाइ छ । उहाँका अनुसार महिलाका मुद्दा विभिन्न कोणबाट उठाउन,मस्यौदा पत्रमा छुटेका महिलाका सवालहरू अध्ययन गरेर पूर्ण बैठकमा उठाउन, महिला सहभागिता बढाउन तथा विभेदकारी नीति नियम र व्यवहारहरू विरूद्ध आवाज उठाउन महिला ककस प्रभावकारी हुँदै आएको छ । उहाँ भन्नुहुन्छ, 'मन्त्रिपरिषद्मा कम महिला राख्ने, विभिन्न आयोगमा महिला नराख्ने, दलका प्रमुख पदमा महिला नहुने, सक्षम महिलालाई सहभागी नगराइ प्रतिनिधिमूलकरूपमा मात्र राख्ने प्रवृत्ति विरूद्ध पनि महिला ककसले आवाज उठाइरहेको छ ।'

राजनीतिमा सक्रिय रहनुका साथै बालबालिकासम्बन्धी गैरसरकारी संस्था पनि चलाउँदै आउनु भएकी शान्तिलाई आफूले राजनीतिमा योगदान दिए अनुरूप पार्टीले सम्मान गरे पनि आफूले चाहेजस्तो परिवर्तन गर्न र जनताले चाहेजस्तो काम गर्न नसक्दा आत्मग्लानी हुन्छ । तथापि उहाँ हताश हुनुभएको छैन । अन्तिम समयसम्म लड्ने र निर्णायक भूमिकासम्म पुगेर आफूले चाहेको परिवर्तन ल्याउन प्रयत्नशील रहने उहाँको अठोट छ ।

संविधानसभाको सदस्य बनेपछि शान्तिलाई जनताका लागि केही गरौंला भन्ने लागेको थियो । तर संविधानसभा सदस्य भएको तीन वर्ष बितिसक्दा पनि संविधान बन्ने छाँट नदेखेपछि उहाँलाई 'संविधान नबन्नुमा कहीं न कहीं म आफू पनि जिम्मेवार छु' भन्ने महसुस हुन थालेको छ । उहाँ भन्नुहुन्छ, 'जिम्मेवारीबाट पन्छिन त मिल्दैन तर, राजनैतिक दलहरूकै खिचातानीले गर्दा समयमै संविधान निर्माण हुन नसकेकोमा खिन्न लागेको छ । एक्लैले चाहेर मात्र पनि केही नहुने रहेछ त्यसैले भत्ता मात्र खाने सदस्य कहलिने हो कि भन्ने पनि मलाई चिन्ता छ ।'



### व्यक्तिगत विवरण

नाम : शान्तिदेवी चमार
ठेगाना: स्थायी : सौरहा-९, अकबरपुर, कपिलवस्तु, लुम्बिनी
अस्थायी : मैतीदेवी, काठमाण्डौं-३३
सम्पर्क ठेगाना : ९७२७६४६६८४ (नि) ९८४१९९०३७१ (मो)
इमेल : shantidevi@yahoo.com
जन्म मिति : २०३०/२/२
जन्म स्थान : मुम्बई, महाराष्ट्र, भारत
आमाको नाम : रामरती हरिजन
बुबाको नाम : स्व बद्रीप्रसाद हरिजन
श्रीमान्‌को नाम : पतिराम प्रसाद चमार
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : नेकपा (एमाले)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# भूमिहीन दलितका अधिकारको लागि लड्ने

जातीय छुवाछुतका विरूद्ध सङ्घर्षशील शान्तिदेवी चमारका बुबा स्व. बद्रीप्रसाद हरिजन सुखमय भविष्यको खोजीमा नेपालको कपिलवस्तुबाट भारतको मुम्बइ पस्नुभएको थियो, र त्यहीक्रममा शान्तिदेवीको जन्म भारतको मुम्बई सहरमा भएको थियो । त्यहाँ शान्तिदेवीको बुबा एउटा कपडा कारखानामा काम गर्नुहुन्थ्यो । तर, अचानक मुम्बईमै बुबा विरामी भएपछि आमालाई परिवार धान्न धौधौ पर्‍यो । त्यसपछि श्रीमान्, शान्तिदेवी र बहिनीलाई लिएर आमा कपिलवस्तु फर्किनुभयो । केही दिनपछि बुबाको मृत्यु भयो । बुबाको मृत्यु हुँदा शान्तिदेवी मात्र १४ वर्षकी थिइन् ।

आमाको जोडबलले शान्तिदेवीले गाउँकै स्कुलमा पढ्ने मौका पाउनुभयो । तर, काकाहरूलाई यो कुरा चित्त बुझेको थिएन । उनीहरू शिक्षाले छोरीलाई चरित्रहीन बनाउने तर्क गर्दथे र स्कुल पढ्न थाल्नुभएकी शान्तिदेवीले 'सबैलाई बिगार्छे' भन्ने धारणा पालेर बसेका थिए । पढाइ पूरा गर्न नपाउँदै शान्तिदेवीको विवाह १४ वर्षकै उमेरमा पतिराम प्रसाद चमारसँग भयो । विवाह गर्ने इच्छा नभए पनि उहाँले नाइँ भन्न सक्नु भएन । आमाको दु:ख राम्ररी बुझ्नु भएकी शान्तिले विवाह गर्न नमानेको भए रुढीवादी मधेसी समाजमा आमाको समस्या अझ जटिल हुनेथियो ।

विवाहपछिको जीवन पनि शान्तिदेवीका लागि त्यति सहज भएन । श्रीमान्‌को घरको आर्थिक अवस्था निकै कमजोर थियो र खाने बस्ने व्यवस्था पनि अत्यन्तै नराम्रो थियो । त्यसमाथि आमाले बिहेमा ज्यादै कम दहेज दिनुभएका कारण श्रीमान्‌को परिवारमा उहाँको हैसियत शून्य बराबर थियो । यस्तो पारिवारिक वातावरणबाट अत्यन्तै निराश र दु:खी बन्नुभएकी शान्तिदेवीले विवाहको केही समयपछि आमालाई श्रीमान्‌को घरको अवस्था वर्णन गर्दै चिठी लेख्नुभएको थियो । चिठीमा उहाँले आमालाई श्रीमान्‌को घरमा आउन र आफ्नो हालत हेर्न पनि आग्रह गर्नुभएको थियो । नभन्दै आमा पनि दौडेर शान्तिदेवीको घर पुग्नुभयो । आमाले छोरीको घरको त्यो अवस्था देखेपछि छोरीलाई मद्दत गर्न केही त गर्नैछ भन्ने सोचेर आफूसँग भएको थोरै पैसा शान्तिदेवीलाई

दिनुभयो । त्यही पैसाले शान्तिदेवीले श्रीमान्को ऋणमा डुबेको जमीन उकास्नुभयो, दुईकोठे घर बनाउनुभयो र आफ्नो स्कुलको शिक्षा पनि पूरा गर्नुभयो । तैपनि परिवारको मामिलामा महत्वपूर्ण निर्णय लिँदा शान्तिदेवीलाई ज्यादै कम मात्र सहभागी गराइने कुराले उहाँलाई दु:ख लाग्थ्यो ।

मधेसी दलित महिलाका हैसियत परिवर्तन गर्नका लागि केही गर्नैपर्छ भन्ने शान्तिदेवीको मनमा लागिरहन्थ्यो । २०५५ सालमा त्यो अवसर पनि उहाँको दैलोमै आइपुग्यो । उहाँको गाउँमा आएको महिला सशक्तिकरण परियोजनाका लागि अध्यक्ष र सचिवका लागि पढेलेखेका महिलाको खोजी भइरहेको थियो । शान्तिदेवीले यसप्रति रूचि देखाउनुभयो, र उहाँ गाउँमा गठन भएको महिला समूहको सचिवमा नियुक्त हुनुभयो र गाउँमा महिला शिक्षा र बाल शिक्षा सञ्चालन गर्नुभयो। यही अवसरले उहाँको सामाजिक तथा राजनीतिक यात्राको सूत्रपात गऱ्यो ।

शान्तिदेवीले २०५७ सालमा गाउँमै श्री सरस्वती सामुदायिक प्राथमिक विद्यालय स्थापनामा सहयोग गर्नुभयो र व्यवस्थापन समितिमा कोषाध्यक्षको जिम्मेवारी लिएर काम गर्नुभयो । त्यसपछिका समयमा कपिलवस्तु जिल्लामा यस्ता २० वटा प्राथमिक विद्यालयहरू खुले । २०५८ सालमा उहाँ जिल्ला स्तरीय विद्यालय सहयोग समिति सदस्यमा चुनिनुभयो । २०५४ सालमा उहाँ नेपाली काङ्ग्रेसका तर्फबाट स्थानीय चुनावमा वडा सदस्यमा निर्वाचित हुनुभएको थियो । वडा सदस्यमा निर्वाचित भए पनि दलित भएकै कारण उहाँले जातीय छुवाछुत र विभेद खेप्नुपऱ्यो । गाउँका माथिल्लो जातिका मानिसहरूसँग उहाँलाई सँगै बस्न समेत दिइएन । यस्तो विभेद अन्त्यका लागि आवाज उठाउँदा उहाँले उल्टै प्रताडना सहनु परेपछि उहाँले नेपाली काङ्ग्रेस पार्टी परित्याग गरी नेकपा (एमाले)मा प्रवेश गर्नुभयो । पार्टी परिवर्तन गर्दा शान्तिदेवीलाई नेकपा (एमाले) तुलनात्मक रूपले दलित र महिलाप्रति कम पक्षपातपूर्ण छ भन्ने लागेको थियो । नेकपा (एमाले)को भातृ सङ्गठनहरू अखिल नेपाल महिला सङ्घ, किसान सङ्घ, उत्पीडित जातीय मुक्ति समाज, र लुम्बिनी अञ्चल समन्वय समिति आदिमा शान्तिदेवीले विभिन्न हैसियतमा रहेर काम गर्नुभएको छ । राजनीतिक पार्टी वाहेक उहाँले कालीका स्वावलम्बन सामाजिक विकास केन्द्र, दलित महिला सङ्घ (फेडो) जस्ता गैरसरकारी संस्थामा रहेर पनि काम गर्नुभयो ।

राजनीतिक र सामाजिक क्षेत्रमा सक्रिय रहेकै अवस्थामा केही समूहका व्यक्तिहरूले उहाँको खेतीबालीमा क्षति पुऱ्याए, र उहाँका श्रीमान्लाई अपहरण गरे । उहाँको श्रीमान् सामान्य कृषक हुनुहुन्थ्यो । शान्तिदेवीलाई राजनीति र सामाजिक काम छाड्न लगाउन विरोधीहरूले श्रीमान्लाई धाकधम्की र दबाब दिन्थे । तर, शान्तिदेवी आफ्नो लक्ष्यमा प्रतिबद्ध हुनुहुन्थ्यो त्यसैले श्रीमान्लाई पीडा दिए पनि उहाँले त्यसका विरूद्ध लड्दै राजनीतिक र सामाजिक यात्रालाई निरन्तरता दिनुभयो । यसबाहेक सामन्ती भूमिपतिहरूका विरूद्धमा सञ्चालित क्रान्तिकारी भूमिसुधार कार्यक्रम कार्यान्वयन गर्न माग गर्दै भएको आन्दोलनमा सहभागी भएकोले पनि शान्तिदेवी माथि आक्रमण भयो । क्रान्तिकारी भूमिसुधार आन्दोलनमा हिँड्दा पुरूषहरूसँग हातेमालो गरेर काम गरेको भन्दै शान्तिदेवीकै समुदायबाटै उहाँले निकै अपहेलना र कटाक्ष खेप्नु पऱ्यो । माथिल्लो जाति र वर्गका मानिसहरूले शान्तिदेवीलाई अछुत भन्दै जनताको भूमि खोस्न लागेको आरोप लगाएर कुटपिट समेत गर्न प्रयास गरे । तर, उहाँले भूमिहीन दलितका अधिकारको लागि लड्न छोड्नु भएन ।

दलितका तर्फबाट विभिन्न मागहरू प्रस्तुत गर्दै उहाँले दलित कृषि मजदुरको दैनिक ज्याला कम्तिमा रू. १६० बनाउन (रू. १०० नगद र रू. ६० भत्ता) उहाँले धेरैवटा सरकारी र गैरसरकारी संस्थाहरूमा पहल गर्नुभयो । ज्याला वृद्धि नगरिएमा जग्गाधनीका काम बन्द गर्ने चेतावनीसहितको दलित आन्दोलनको पनि नेतृत्व गर्नुभयो ।

जग्गाधनीहरूले आन्दोलनलाई दवाउन अनेक किसिमका चाल खेलेपनि अन्तमा दुईपक्ष बीच सम्झौता भयो र उनीहरूको ज्याला रू. ३५ बाट बढेर रू. १०० पुग्यो । अर्को वर्ष, माग अनुरूप ज्याला वृद्धि भयो र हाल रू. १६० ज्याला कायम भएको छ ।

शान्तिदेवीले २०६२/६३ सालको जनआन्दोलनमा दलित महिलाहरूलाई अग्रपङ्क्तिमा उतार्न सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो । शान्तिदेवीको निरन्तरको सङ्घर्ष र योगदानको कदर गर्दै नेकपा (एमाले)ले कपिलवस्तु जिल्लाबाट उहाँलाई संविधानसभाको सदस्य बन्ने अवसर प्रदान गर्‍यो । उहाँ भन्नुहुन्छ, 'मधेसी, दलित र महिलाको हक अधिकारका लागि सङ्घर्षशील रहे पनि म जस्तो दलित र पछाडि परेको समुदायको गाउँस्तरको कार्यकर्ताले संविधानसभाको सदस्य जस्तो गरिमामय पदमा पुग्छु भनेर कहिल्यै सोचेकी थिइँन । तर आन्दोलनमा लाग्दा यी समुदायका हितका लागि नीतिगत कुराहरूमा प्रभाव पारेरै छोड्छु भन्ने चाहिँ मनमा थियो ।' आज, शान्तिदेवीको गाउँघरका केटाकेटीलाई समेत उहाँको नाम थाहा छ र मानिसले उहाँलाई आदर्श महिला मान्न थालेका छन् । यस कुराले शान्तिदेवीलाई गर्वको अनुभूति दिलाउँछ । उहाँ भन्नुहुन्छ, 'नेपालको इतिहासमै संविधानसभा र व्यवस्थापिका संसद्मा पहिलो पटक २१ जना दलितको सहभागिता हुनु भनेकै समानता र न्यायका लागि दलितहरूले विभिन्न क्षेत्रबाट उठाएका आवाजको परिणाम हो ।'

संविधानसभा र व्यवस्थापिका संसद्को दुईवटा प्रमुख समितिमा शान्तिदेवी सदस्य हुनुहुन्छ, संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र व्यवस्थापिका संसद्को सार्वजनिक लेखा समिति । उहाँले यी दुबै समितिको कार्यक्षेत्रलाई गहिरोरूपमा अध्ययन गर्नुभएको छ र महिला, दलित र मधेसी लगायतका अवसर विहीन जनताका धेरै सवाललाई शान्तिदेवीले समितिका बैठकमा उठाउनुभएको छ । उहाँले अवसरविहीन वर्गलाई आवश्यक परेमा विशेष व्यवस्था गरेरै भए पनि राज्यशक्तिको माथिल्लो तहमा पुऱ्याउनुपर्ने आवाज उठाउनुभएको छ ।

शान्तिदेवी छुवाछुतमुक्त राष्ट्र र भूमिहीन दलितका लागि जमिनको स्वामित्व हुनुपर्छ भन्ने कुरामा अडिग हुनुहुन्छ । संविधानमै दलितका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा समावेशी र समानुपातिक प्रतिनिधित्वको प्रावधान राख्नुपर्ने उहाँको धारणा छ । शान्तिदेवी दलितका लागि व्यवस्था गरिएका अधिकार र सहुलियतको सही कार्यान्वयन भएनभएको अनुगमन गर्न उच्चस्तरीय आयोग गठन गर्नुपर्ने पनि सुझाव दिनुहुन्छ । यसबाहेक अत्यन्तै पछाडि परेका र चर्को जातीय छुवाछुतको मारमा तराईका चमार महिलाका लागि नर्सिङ र मिडवाइफको तालिमको व्यवस्था हुनुपर्ने पनि उहाँको माग छ । संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिमा उहाँ लगायत अन्य महिला सदस्यले मिलेर महिला अधिकारको सूची तयार गरिएको थियो । यो सूचीमा दलित महिला, मधेसी महिला र मधेसी दलित महिलाका अधिकारहरू समेटिएका थिए र सो अधिकारहरू समितिको मस्यौदा प्रतिवेदनमा पनि सामेल गरिएका थिए । शान्तिदेवीले आमाको नामबाट छोराछोरीले नागरिकता पाउनुपर्ने र महिलालाई सम्पत्तिमा समान अधिकारको हुनुपर्ने विषयमा समेत आवाज उठाउनुभएको छ ।

संविधानसभाको सदस्यको रूपमा उहाँमाथि आएको दोहोरो जिम्मेवारीलाई व्यवस्थापन गर्न त्यति सहज भने छैन, तर उहाँले अधिकतम प्रयत्न गरिरहनुभएको छ । उहाँको आन्दोलन सबै मानिसले दलित सँगै खानेबस्ने, महिलालाई सम्मानजनक व्यवहार हुने, सबै प्रकारका विभेद अन्त्य हुने तथा समतामूलक समाज स्थापना गर्ने अवस्था नहुँदासम्म जारी रहनेछ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | शान्तिदेवी राजबंशी |
| ठेगाना स्थायी | : | जिरौंत टोल, कटहरी-४, मोरङ |
| अस्थायी | : | भिमसेनगोला, काठमाण्डौं-३४ |
| सम्पर्क ठेगाना | : | ९७४११५८१९३ (मो) |
| जन्म मिति | : | २०१७/१०/१५ |
| जन्म स्थान | : | टङ्कीसिनवारी, बाँसबारी, मोरङ्ग |
| आमाको नाम | : | नागोदेवी राजबंशी |
| बुबाको नाम | : | चुनीलाल राजबंशी |
| श्रीमान्‌को नाम | : | होलाई राजबंशी |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# महिलाले चुलोचौको मात्र गरेर पुग्दैन

शान्तिदेवी राजबंशी आदिवासी/जनजातिलगायत पछाडि पारिएका वर्ग, लिङ्ग सबैको अधिकार सुरक्षित हुनुपर्छ भन्ने मान्यता बोकेर राजनीतिमा अघि बढ्नु भएको थियो । विवाहपछि शान्तिदेवीलाई श्रीमान्‌ले नै राजनीतिमा सक्रिय हुन प्रेरित गर्नुभयो । तर, नयाँ नेपाल बनाउने जोश र जाँगर बोकेका श्रीमान् होलाई राजबंशीको २०६० सालमा सुरक्षाफौजद्वारा हत्या भयो । त्यसपछिका दिनहरूमा श्रीमान्‌को सपना पूरा गर्न पनि शान्तिदेवी अझ सशक्त भएर राजनीतिमा लाग्नुभयो ।

नेकपा (माओवादी) मा प्रवेश गर्नुअघि शान्तिदेवीका श्रीमान् होलाई राजबंशी नेकपा (एमाले)का तर्फबाट गाविस उपाध्यक्ष हुनुहुन्थ्यो । एनेकपा (माओवादी)ले सुरू गरेको 'जनयुद्ध' चर्कँदै अघि गएपछि होलाईले माओवादीमा प्रवेश गर्नुभएको थियो । 'जनयुद्ध' चलिरहेका ती दिनहरूमा शान्तिदेवी र होलाईका घरमा सेना र प्रहरीले बेलाबेलामा खानतलासी लिइरहन्थे । सेना, प्रहरी र प्रशासनले होलाई के गर्छन् र के मा लागेका छन् भनेर उहाँका छोराछोरी, आफन्त, छरछिमेक सबैसँग सोधखोज गर्थ्यो । यसरी प्रहरी प्रशासनले शान्तिदेवीका परिवारलाई निकै तनाव दिन्थ्यो । श्रीमान्‌को हत्या भएपछि समाजका कतिपय मानिसहरूले शान्तिदेवीलाई आएर शान्त्वना दिँदै त्यति असल र सहयोगी स्वाभावका मान्छको किन हत्या भयो ? कसरी यस्तो भयो भनेर सोध्थे । धेरैले श्रीमान्‌को हत्यामा दुःख पनि व्यक्त गरे । शान्तिदेवीलाई पनि श्रीमान्‌को हत्याले निकै नै मर्माहित र अशान्त बनायो । अन्तमा उहाँले पनि श्रीमान्‌कै बाटो पछ्याउँदै तत्कालीन नेकपा (माओवादी) पार्टीको पूर्णकालीन सदस्य हुनुभयो ।

मोरङ्गको कटहरी-४ जिरौंत भन्ने गाउँमा जन्मनु भएकी शान्तिदेवीको दुई छोरी माओवादीको जनमुक्ति सेनामा छन् भने छोरा विद्यार्थी सङ्गठनमा । शान्तिदेवी २०६२ सालमा एनेकपा (माओवादी)को क्षेत्रीय कमिटी इन्चार्जका साथै अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को जिल्ला अध्यक्ष पनि हुनुभएको थियो । २०६३ सालदेखि उहाँ पार्टीको राज्य समिति सल्लाहकारको रूपमा कार्यरत हुनुहुन्छ ।

राजनीतिमा लागेर नेतासम्म बन्छु भन्ने चाहिँ शान्तिदेवीलाई लागेको थियो । तर, कुनै दिन संविधानसभा सदस्य जस्तो पदमा पुग्छु भन्ने चाँही उहाँले सोच्नु भएको थिएन । अहिले संविधानसभा सदस्य हुन पाउँदा उहाँ निकै गौरव लागेको बताउनुहुन्छ । संविधानसभामा दलित, आदिवासी/जनजाति, मधेसी, लगायत दलित पिछडिएका वर्गको पक्षमा बोल्न पाउँदा र सहिद परिवारको प्रतिनिधित्व गर्न पाउँदा पनि उहाँ गर्व महसुस गर्नुहुन्छ । संविधानसभामा जाँदा के गर्ने र कसरी प्रस्तुत हुने जस्ता विषय धेरै सदस्यका लागि नौलो विषय थियो र शान्तिदेवीका लागि पनि ती विषय नयाँ नै थिए । त्यसैले उहाँलाई संविधानसभाका विधि र प्रक्रिया बुझ्न केही महिनामा लागेको थियो ।

शान्तिदेवी हाल संविधानसभातर्फ अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार समिति र व्यवस्थापिका संसद्तर्फ महिला, बालबालिका तथा समाजकल्याण समिति सदस्य हुनुहुन्छ । उहाँले महिला हिंसा, सबै किसिमका कुप्रथा, यातना, शोषण, दमनको अन्त्य हुनुपर्छ भनेर समितिका बैठकहरूमा कुरा उठाउनुभएको छ । त्यस्तै पछाडि पारिएका वर्ग, सीमान्तकृत, मधेसी, जनजातिका लागि समान अधिकार हुनुपर्छ भनेर पनि जोड दिनुभएको छ । तर, संविधानसभामा जति कुरा उठाए पनि कार्यान्वयनको पक्ष भने फितलो रहेकोमा उहाँ दुःख व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मैले मेरै जिल्लामा र तराईका अरू अधिकांश भेगमा पनि महिला हिंसाका जघन्य अपराधहरू देखेकी छु । त्यसैले खासगरी तराईका महिलामाथि हुने घरेलु हिंसा, दाइजोका कारण हुने आत्महत्या र दाइजो ल्याउन नसकेकोले बुहारीलाई विष खुवाउनेजस्ता अपराधहरूको अन्त्य होस् भन्ने म चाहन्छु र नेपाली समाज एउटा समुन्नत समाजको रूपमा विकास भएको हेर्न मलाई इच्छा छ ।'

शान्तिदेवी संविधानसभामा आफूले उठाएका विषयले सबै वर्ग, लिङ्ग, क्षेत्र र सम्पूर्ण पछाडि पारिएका वर्गको भावना समेटेको ठान्नुहुन्छ । साथै संविधानसभामा आर्थिक, धार्मिक, सांस्कृतिक, भौगोलिक विभिन्नताले महिलाका मुद्दामा महिलाहरू एकजुट हुन कुनै समस्या नपरेको पनि उहाँको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'मस्यौदा प्रतिवेदनहरूमा महिलाका मुद्दाहरू खासै छुटेका छन् जस्तो मलाई लागेको छैन । सबै वर्गका महिलाले आआफ्ना मुद्दाहरू लिएर आएकाले मुद्दा छुट्ने सम्भावना कमै छ ।'

महिलालाई लैङ्गिक आधारमा कुनै पनि किसिमका भेदभाव हुनुहुँदैन र संविधानसभामा पनि महिला र पुरुषलाई समान व्यवहार हुनुपर्ने शान्तिदेवीको धारणा छ । तर, संविधानसभामा महिला भएकै कारणले उहाँले खासै भेदभाव महसुस नगरेको उहाँको भनाइ छ । शान्तिदेवीको भनाइ अनुसार संविधानसभामा महिला सदस्यहरूले पुरुष सदस्यहरूले उठाएका सबै जायज मुद्दामा साथ दिन्छन् र पुरुष सदस्यहरूले पनि महिला सदस्यको मुद्दामा साथ दिन्छन् । साथै संविधानसभामा आफूलाई लागेको कुरा राख्न पनि कुनै समस्या नभएको शान्तिदेवी बताउनुहुन्छ ।

संविधानसभाजस्तो ठाउँमा बसेर केही नयाँ कुरा सिक्न पाउँदा र पछाडि पारिएका जनताकाबारेमा कुरा उठाउन पाउँदा शान्तिदेवीलाई केही गर्न सकेँ भन्ने लागेको छ । श्रीमान्ले राजनीतिमै जीवन बिताएको र आफू पनि राजनीतिमा नै अगाडि बढ्ने शान्तिदेवीको सङ्कल्प छ । संविधान निर्माणको काम सम्पन्न भएपछि पनि

राजनीतिमै अझ अगाडि बढ्ने उहाँको योजना छ । उहाँ भन्नुहुन्छ– 'म राजनीतिमै आबद्ध भइरहन्छु । महिलाले चुलोचौको गरेर मात्र हुँदैन, सबै महिलाले राजनीति गर्नुपर्छ । आफ्ना अधिकारका निम्ति लड्नुपर्छ । जीवन आफैँमा सङ्घर्ष हो र यहाँ सङ्घर्ष नगरी पाउने कुनै कुरा छैन ।' दुःखका क्षणहरू बिर्सन र जीवनमा थप आशा जगाउन शान्तिदेवी जीवनलाई यसरी हेर्नुहुन्छ, 'सुखको पो कुरा गर्नुपर्छ, दुःखको के कुरा गर्नु ? दुःखको कुराले निराशा जाग्छ र केही गर्न सकिँदैन । तर, सुखको कुरा गरे आशा जाग्छ र केही गरौँ भन्ने जोश जाँगर पनि चल्छ ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | शीला कतिला |
| ठेगाना स्थायी | : | वकुटोल, बनेपा-२, काभ्रेपलाञ्चोक |
| अस्थायी | : | जडीबुटी, काठमाण्डौ-३५ |
| सम्पर्क ठेगाना | : | ०११-६६१५१७ (घर), ९८४१७८३८६५ (मो) |
| इमेल | : | katila_shila@yahoo.com |
| जन्म मिति | : | २००८/१२/७ |
| जन्म स्थान | : | बनेपा- २, काभ्रेपलाञ्चोक |
| आमाको नाम | : | तुलसीमाया कतिला |
| बाबुको नाम | : | विकुलाल कतिला |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | मन्त्रीपरिषद्बाट मनोनित |

# राजनीतिमा स्थायी शत्रु र मित्र नहुने रहेछ

बनेपाको नेवार परिवारमा जन्मनु भएकी शीला कतिला संविधानसभामा मन्त्रिपरिषद्बाट मनोनित सदस्य हुनुहुन्छ । आर्थिक विपन्नता र सामाजिक थिचोमिचोबीच हुर्कनुभएकी शीलाले औपचारिक शिक्षा पाउनु भएन । आफूले पढ्न नपाए पनि उहाँले भाइबहिनीलाई चाहिँ पढाउनुभयो । औपचारिक शिक्षा नपाए पनि शीलाले भियतनाम, रूस, उत्तर कोरियाका समाजवादी विचारकहरूले लेखेका समाजवादसम्बन्धी किताबहरू स्व-अध्ययन गर्नुभयो । त्यसैको प्रभावले उहाँ वामपन्थी राजनीतितर्फ आकर्षित हुनुभयो ।

शीलाका बुबा पनि राजनीतिक रूपमा सचेत हुनुहुन्थ्यो तर, उहाँ नेपाली काङ्ग्रेसलाई समर्थन गर्नुहुन्थ्यो । त्यसैले शीलाको वामपन्थी राजनीतिप्रतिको प्रारम्भिक दृष्टिकोण पनि चाखलाग्दो छ । सुरुमा उहाँलाई 'कम्युनिष्टहरू राम्रा हुँदैनन्' भन्ने छाप परेको थियो । तर कम्युनिष्ट साहित्य अध्ययन गर्दै जाँदा समाजवादी कम्युनिष्ट विचार धाराले नै सबै मानव जातिलाई समान अधिकार दिने र कसैलाई भेदभाव नगर्ने रहेछ भन्ने उहाँलाई लाग्यो । त्यतिबेलाको भारतीय मजदुर आन्दोलनबाट पनि उहाँ प्रभावित हुनुभएको थियो ।

वामपन्थी राजनीतिप्रति शीलाको आकर्षण बढिरहेको बेलामा २०३९ सालतिर एकजना अपरिचित व्यक्ति उहाँको घरनजिकै डेरा लिई बस्न आएका थिए । सो व्यक्तिले आफूलाई शिक्षक हुँ भनेर चिनाउँदै आफू डेरामा बसेको घरमा शौचालय नभएकोले शीलाको घरको शौचालयको एउटा साँचो दिन अनुरोध गरे र शीलाले पनि तत्कालै स्वीकार्नुभयो ।

त्यसबखत शिक्षक आन्दोलन चर्किएकाले शीलालाई पनि आन्दोलनका कुराले निकै नै उत्सुकता जगाएको थियो । तर शिक्षक हुँ भन्ने ती अपरिचित व्यक्ति कोठाबाट ननिस्केको देखेर शीलालाई अचम्म लाग्यो र त्यो व्यक्तिलाई उहाँले 'आन्दोलनमा किन नगएको?' भनी सोध्नु भएको थियो । उहाँ भन्नुहुन्छ, 'ती व्यक्तिले अनेक

बहाना बनाउँदै शिक्षक आन्दोलनमा जान नसकेको बताए । एकदिन उनी विरामी परेर सुतिरहेको अवस्थामा म उनको कोठामा गएँ । मेरो आँखा अखिलका नेताको तस्विरमा प¥यो तर, उसले तस्विर लुकाउन खोज्यो । नेताको तस्विर र कोठामा देखिएका केही कागजातका आधारमा उनी पक्कै पनि कुनै ठूलै मान्छे हुनुपर्छ भन्ने मैले अनुमान गरेँ ।'

ती व्यक्तिसँग चिनजान बढेपछि एक दिन शीला ऊसँग सुनकोशी-भोटेकोशी तरेर भुम्लुङटार पुग्नुभयो । त्यहाँ अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) को जिल्ला समिति गठन गर्ने कार्यक्रम थियो । शीलाले यो कुरा त्यहाँ पुगेपछि मात्र थाहा पाउनुभयो । त्यसैदिन अनेमसङ्घ गठन भयो र शीलालाई सबैले सम्झाइ बुझाइ अनेमसङ्घको संयोजक बनाए, जबकी त्यतिबेला शीलालाई अनेमसङ्घकाबारेमा केही जानकारी समेत थिएन । शीलालाई पछि मात्र थाहा भयो, ती शिक्षक हुँ भन्ने अपरिचित व्यक्ति त काभ्रे जिल्लामा सङ्गठन बिस्तार गर्न आउनु भएको कम्युनिष्ट नेता विष्णुप्रभात पो हुनुहँदोरहेछ । केही समयपछि काभ्रेमा सङ्गठन बिस्तार गरी विष्णुप्रभात अर्को जिल्लाको जिम्मेवारी पूरा गर्न त्यहाँबाट हिँड्नुभयो । त्यसपछि विष्णुप्रभातको कोठामा रहेका किताब र पार्टी सङ्गठनको जिम्मेवारी सहित शीलाले पार्टी राजनीतिमा प्रवेश गर्नुभयो ।

यसरी अचानक राजनीतिमा प्रवेश गरेर शीलाले पार्टीका विभिन्न जिम्मेवारीहरू पूरा गर्नुभयो । खुला एवम् भूमिगत जीवनको आरोह-अवरोह पार गर्नुभयो । सोही क्रममा २०३९ सालमा तत्कालीन नेकपा (माले) आबद्ध अनेमसङ्घ, काभ्रेको संयोजकको रूपमा राजनीतिक जीवन आरम्भ गर्दै २०३९ सालमा माओवादी दलको बनेपा नगरसचिव, २०३९ देखि २०५४ सालसम्म निरन्तर १८ वर्ष अनेमसङ्घ काभ्रेको अध्यक्ष, एमालेको बाग्मती अञ्चल सदस्य तथा २०५४ सालदेखि हालसम्म उहाँले नेकपा (एमाले) आबद्ध अनेमसङ्घको केन्द्रीय सदस्यको रूपमा जिम्मेवारी पूरा गर्दै आउनुभएको छ । नेकपा (माले) बाट राजनीतिमा सक्रिय शीला नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकीकरण सँगै नेकपा (एमाले) मा सङ्गठित भई निरन्तर क्रियाशील रहनुभयो ।

संविधानसभामा प्रतिनिधित्व गर्नुपूर्व २०५४ देखि २०५९ सालसम्म शीलाले जिल्ला विकास समितिको मनोनित सदस्यका हैसियतले काम गर्नुभएको थियो । राजनीतिक सङ्घर्ष बाहेक जीवन निर्वाहका लागि उहाँ सामान्य उद्यमीका रूपमा पनि कार्यरत रहनुभयो । साथै सामाजिक कार्यमा पनि उहाँ संलग्न हुनुभयो । आफ्नो राजनीतिक जीवनको अविस्मरणीय घटनाका रूपमा शीला आफ्नो समेत अगुवाइमा २०६२/६३ सालको जनआन्दोलनमा महिलाको अग्रसरता र नेतृत्वमा विशाल जुलुस प्रदर्शन गरी जनआन्दोलन सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको घटनालाई स्मरण गर्नुहुन्छ ।

शीलाले संविधानसभाको सदस्य बन्छु भनेर नसोचे पनि सुरुमा पार्टीले उहाँको नाम समानुपातिकमा छनौट गरेको थियो । तर, पछि पार्टीले निर्णय परिवर्तन गरेर उहाँको नाम सूचीबाट हटायो । पार्टीले यसो गर्दा उहाँलाई अत्यन्तै खल्लो महसुस भएको शीला बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'तर, मेरो योगदानको मूल्याङ्कन गरेर मन्त्रिपरिषद्ले मलाई संविधानसभा सदस्य मनोनित गर्दा म खुशी भएँ ।'

शीला संविधानसभा अन्तर्गत व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति र व्यवस्थापिका संसद् अन्तर्गत महिला, बालबालिका तथा समाजकल्याण समितिको सदस्य हुनुहुन्छ । जनताका मत सङ्कलन गर्न उहाँ मुगु

जिल्लाका ५/६ वटा गाविस पनि पुग्नुभयो । राजनीतिक दलहरूबाट महिलाका विषयमा स्पष्ट र नीतिगत निर्णय नआएकाले संविधानसभाका विषयगत समितिले तयार पारेका मस्यौदा प्रतिवेदनमा लैङ्गिक मुद्दा समावेश गर्न समस्या भएको शीलाको भनाइ छ । साथै संविधानसभामा हुने छलफलमा समयको पालना हुन नसकेको, एजेण्डा बाहिर गई छलफल गर्ने प्रवृत्ति रहेको तथा आफ्ना कुरा राख्न समय नपुगेको पनि उहाँले अनुभव गर्नुभएको छ ।

संविधानसभाको पूर्ण बैठकमा पेश गरिएका विभिन्न समितिका प्रतिवेदनको छलफलमा शीलाले आफ्ना विचारहरू राख्नुभयो । उहाँले मुख्यतः समावेशी सहभागिता र शिक्षा, स्वास्थ्य, रोजगार लगायतका कुराहरूमा विशेष जोड दिनुभएको छ । शिक्षामा महिला सहभागिता सुनिश्चित गर्ने, दुर्गम क्षेत्रका महिला, दलित, आदिवासी/जनजाति र जातीय विभेदमा परेका समुदायको शिक्षा र स्वास्थ्यमा पहुँच बढाउने र पछाडि पारिएका वर्ग र क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्नेजस्ता विषयहरू अझै पनि मस्यौदा प्रतिवेदनहरूमा छुटेको उहाँ बताउनुहुन्छ ।

संविधानसभामा महिला एकताका लागि महिला सदस्यहरूको पारिवारिक, आर्थिक र सामाजिक, राजनीतिक पृष्ठभूमि र पेशालगायतका विषयहरूले केही प्रभाव पारेको भए पनि शीलालाई त्यो समस्या हो भन्ने लाग्दैन । बरू उहाँलाई कहिलेकाहीँ छोरा र छोरीमा भेदभाव भए जस्तै संविधानसभाका महिला र पुरूष सदस्यहरूबीच केही मानसिक भेदभाव र वर्गीय चरित्रको विभेद भएका चाहिँ उहाँले महसुस गर्नुभएको छ ।

समग्रमा संविधान लेखन शीघ्र अगाडि बढ्न नसके पनि प्रगतिउन्मुख रहेको शीलाको बुझाइ छ । राजनीतिक क्षेत्रमा लाग्दाका अनुभवबारे उहाँ भन्नुहुन्छ, 'राजनीति बुझ्न सबै दलकाबारेमा राम्ररी जानकारी लिनुपर्छ । नेताहरूकाबारेमा बुझ्दा, उनीहरू बाहिर झगडा गर्ने र एकअर्कालाई गाली गर्ने गरेपनि उनीहरूको भित्री व्यवहार फरक हुँदोरहेछ । त्यस्तै राजनीतिमा स्थायी शत्रु र मित्र पनि नहुने रहेछ ।'

राजनीति गर्ने मानिसले जनभावनालाई बुझेर अगाडि बढ्नुपर्छ भन्ने विचार राख्ने शीलाले अहिलेको आफ्नो प्राथमिकता दिगो शान्तिको स्थापना, संविधान लेखन र जनताको काममा ध्यानदिनु रहेको बताउनुहुन्छ । आफ्नो राजनीतिक भविष्यकाबारेमा उहाँ भन्नुहुन्छ, 'मैले बुझेअनुसार राजनीतिमा धैर्यता र निरन्तरताको आवश्यकता रहेछ । राजनीतिका लागि नै मैले जीवन दिएकाले भावी दिनहरूमा पनि यही क्षेत्रमै क्रियाशील रहेर जनताका कामका लागि सँधै अग्रसर रहनेछु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सुशीला कन्दङ्वा |
| ठेगाना स्थायी | : होडा गाउँ, छातेढुङ्गा, तेह्रथुम |
| अस्थायी | : नेपालटार, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९७४११६८२६४ (मो) |
| जन्म मिति | : २०३८/१०/१० |
| जन्म स्थान | : छातेढुङ्गा- ६, तेह्रथुम |
| आमाको नाम | : धनमाया कन्दङ्वा राई |
| बुबाको नाम | : जेबी कन्दङ्वा |
| श्रीमान्को नाम | : मनीकुमार साम्पाङ्ग |
| शिक्षा | : माध्यमिक शिक्षा |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# सङ्घर्ष अझै चाहिन्छ

सुशीला कन्दङ्वा सानै उमेरदेखि जनवादी गीतहरूमा नाच्ने र गाउने गर्नुहुन्थ्यो । जननिर्वाचित सरकारलाई अपदस्त गर्नुका साथै बहुदलीय प्रजातान्त्रिक राजनीतिको पद्धतिलाई विस्थापित गरी तत्कालीन राजा महेन्द्रबाट स्थापित निर्दलीय पञ्चायतकाल स्वाभाविक रूपमा अनुदार थियो । त्यस्तो अनुदार राजनीतिक व्यवस्थाका विरूद्ध जानु कम जोखिम मोल्नु होइन । त्यसमा पनि जनवादी गीत सङ्गीतका माध्यमबाट जनचेतना फैलाउन गाउँगाउँमा सांस्कृतिक प्रदर्शन गर्दै हिँड्नु भनेको तरवारको धारमा हिँड्नु सरह थियो । यसरी हिँड्नेहरूले बनाएको बाटोमा हिँड्नेहरूमध्ये पर्नुहुन्थ्यो, सानै उमेरकी सुशीला । गीत संगीत प्रस्तुत गर्नु निकै जोखिमपूर्ण भए पनि गाउँघरमा ती क्रान्तिकारी गीतहरू निकै लोकप्रिय थिए । कलाकारको प्रतिरोध निकै सशक्त थियो ।

सुदूर पूर्वको जिल्ला तेऱ्हथुमको आठराई कम्युनिष्टहरूको गढ नै भनेर चिनिन्छ । २०२८ सालको झापा आन्दोलन, २०३६ सालको आन्दोलन, २०४६ सालको जनआन्दोलनमा यो जिल्लाले सक्रिय भूमिका खेलेको थियो । हरेक मानिसमा राजनीतिक चेतना पर्याप्त मात्रामा रहने गरेको र हरेकले राजनीति गर्नुपर्छ भन्ने मान्यता छ यस जिल्लामा । गाउँमा कम्युनिष्टले मात्र समाज बदल्न सक्छ भन्ने मानसिकताले गर्दा पूरै गाउँमा कम्युनिष्टको वर्चश्व थियो । यही मान्यतामा हुर्कनु भएकी सुशीला कक्षा ८ देखि विद्यार्थी राजनीतिमा लाग्नु भएको थियो । उहाँको परिवार तत्कालीन अवस्थामा एमाले पार्टीलाई समर्थन गर्ने मतदाता मात्र थियो ।

सुशीलाका बुबा जेवी कन्दङ्वा भारतीय सेनामा सेवारत हुनुहुन्छ भने दाजु र दिदी विद्यार्थी राजनीतिमा । दाजु र दिदीको मानसिकता काम गर्नु पर्छ र हेर्नु पर्छ भन्ने थियो । अनेरास्ववियुका कार्यक्रमहरूमा लिएर जाँदा नेविसङ्घले बहिष्कार गर्ने र ढुङ्गा हान्ने गर्थ्यो भने यसको जवाफ त्यस्तै गरी दिन विद्यार्थीहरू चुक्दैनथे, जसमा सुशीला पनि सामेल हुने गर्नुहुन्थ्यो । अनेरास्ववियु र नेविसङ्घबीचका यी विवाद नियमितरूपमा भइरहन्थे ।

तत्कालीन नेकपा (माओवादी) सँग सुशीला २०५५ सालमा सम्पर्कमा आए पनि २०५६ सालदेखि प्रतिबद्ध कार्यकर्ता तथा पूर्णकालीन जनसेना हुनुभएको थियो । उहाँले जिल्ला स्क्वाएड सदस्य भएर २०५७ सालमा करिब ६ महिना काम गर्नुका साथै जिल्ला स्क्वाएडको कमाण्डरका रूपमा २०५७ सालमा तीन महिना कार्यभार सम्हाल्नुभयो । उहाँले नेकपा (माओवादी)को कोशी मेचीस्तरीय प्लाटुन सेक्सन कमाण्डरका रूपमा २०५७ सालमैं करिब ६ महिना काम गर्नुभयो । २०५८ सालमा सुशीला पार्टीको तेह्रथुम जिल्ला सदस्य हुनुभयो ।

नेकपा (माओवादी) तेह्रथुम जिल्लाको सह एरिया सेक्रेटरी, सांस्कृतिक विभागको जिल्ला संयोजक, अनेमसङ्घ (क्रान्तिकारी)को जिल्ला उपाध्यक्ष, किराँत राष्ट्रिय मोर्चा अन्तर्गत लिम्बुबान क्षेत्रीय समिति सदस्य हुनु भएकी सुशीला तेह्रथुम, धनकुटा, सङ्खुवासभाको संयुक्त जिल्ला सांस्कृतिक महासङ्घको संयोजक पनि रहनुभयो । यस्तै उहाँ २०५९ सालमा सङ्खुवासभा जिल्ला जनसरकारको पार्टी प्रतिनिधि सदस्य तथा संयुक्त एरिया इन्चार्ज हुनुभयो । २०६४ सालमा तेह्रथुमबाट सभासद् हुनु भएकी सुशीला २०६५ सालमा केन्द्रीय जनआन्दोलन समिति सदस्य पनि बन्नुभयो ।

'तल्लोस्तर' देखि 'नीति निर्माण' तहसम्म पुग्न सफल सुशीलाले 'जनयुद्ध'का क्रममा थुप्रै हृदयविदारक दृष्यहरू देख्नुपर्‍यो । 'जनसेनाहरू थोरै हुँदा दिनमा हिँडिन्थ्यो भने धेरै भएको बेलामा भने राति राति नै हिँड्नु पर्दथ्यो', उहाँ भन्नुहुन्छ । युद्धकै क्रममा थुप्रै साथीहरू गुमाउनु परेको उहाँ बताउनुहुन्छ । सिन्धुपाल्चोकको विमल, तेह्रथुमबाट ज्योति, नरेश, सम्झनालगायत ५६ जना साथीहरूको सहादत हुँदा उहाँलाई अत्यन्तै पीडाबोध भयो । यस्तो बेलामा बलिदानको भाव जाग्ने नै भयो । सुरक्षाफौजले तेह्रथुममा ज्योति र सङ्खुवासभामा प्रभालाई मानसिक, शारीरिक यातना दिएर हत्या गरिएका क्षणलाई उहाँले भुल्न सक्नुभएको छैन ।

'जनयुद्ध'कै क्रमको अर्को घटनामा सेनाले सुशीला र उहाँका साथीहरू आश्रय लिइरहेको क्याम्प घेरेको थियो र सो घटनामा ९ जनामध्ये ८ जना गम्भीर घाइते र एकको मृत्यु भएको थियो । सेनाले गरेको कारबाहीमा त्यसबेला उहाँको हातमा पनि गोली लागेको थियो । 'जनयुद्ध'का क्रममा सङ्घर्षमा होमिएका सदस्यहरूले सहादत प्राप्त गरिरहेकाले पार्टीभित्र पटक-पटक ठूलै समस्या नआएका होइनन् । उपचार र आराम गरिरहेको बेलामा पनि नेपाली सेनाले मानसिक र शारीरिक यातना दिएको उहाँको भनाइ छ । घरमा उहाँको आमा, बुबा, दाजु, भाउजु सबैलाई यातना दिइएको थियो । परिवारका कुटाइ नखाने सदस्य कोही थिएनन् । तत्कालीन शाही सेनाको चर्को दमनको कारणले उहाँको परिवारले गाउँ छोडेर झापा सर्नु परेको थियो । जनमुक्ती सेनाका सेक्सन सहकमाण्डर दाजु रोशन सरकारी सुरक्षाफौजको कारबाहीबाट बच्न सफल हुनुभएको थियो । सोलु सल्लेरी आक्रमणमा सहभागी हुनुभएका उहाँका जीवनसाथी मनीकुमार साम्पाङ् पनि अनुहारमा गोली लागेर घाइते हुनुभएको थियो । तत्कालीन अवस्थामा खबर आदानप्रदान हुन पनि एक डेढ महिना लाग्थ्यो । घटना भएको एक महिनापछि मात्र मनिकुमार घाइते भएको कुरा सुशीलाले थाहा पाउनु भएको थियो ।

सुशीला व्यवस्थापिका संसद् अन्तर्गत अर्थ र श्रम सम्बन्ध समितिको सभापति हुनुहुन्छ । उहाँ संविधानसभा अन्तर्गत राज्यको शासकीय स्वरूप निर्धारण समितिको सदस्यका रूपमा संविधान लेखनमा आबद्ध हुनुभएको

छ । राज्यको शासकीय स्वरूप निर्धारण समितिमा उहाँले राज्यको शासकीय स्वरूप, शासन प्रणाली र निर्वाचन प्रणाली दोहोरो प्रणाली हुन नहुने धारणा राख्नुभएको छ । त्यस्तै समानुपातिक प्रणाली पनि जनताप्रति पूर्णरूपमा उत्तरदायी नभएको जस्तो देखिने हुँदा बहुसदस्यीय समानुपातिक प्रत्यक्ष निर्वाचन प्रणाली हुनुपर्ने विचार उहाँको छ । यस्तै राज्यको आत्मनिर्णयको अधिकार र जातीय अग्राधिकार हुनुपर्ने, ब्राह्मणवादको अन्त्य गरिनुपर्ने, जनसङ्ख्याका आधारमा निश्चित कार्यकाल तोकेर प्रतिनिधित्वका लागि अग्राधिकारको व्यवस्था गर्नुपर्ने, सामर्थ्य र जातीय पहिचानका आधारमा राज्यको पुनर्संरचना गरिनुपर्ने, साधन स्रोतको हकमा राज्यका तल्लो निकायलाई प्राकृतिक स्रोतसाधन प्रयोग गर्ने अधिकार दिइनुपर्ने विचार उहाँले समितिमा उठाउनुभएको छ ।

जनताका पक्षमा संविधान बनाउन संविधानसभामा सहभागी हुने मौका पाएकामा गौरवान्वित ठान्ने सुशीला संविधानसभाभित्र पुरूष सदस्यबाट सहयोग नभएको, सम्पूर्ण महिला सदस्यबीच एकताको अभाव रहेको, समयको पालना हुन नसकेको तथा प्रक्रियागतरूपमा आफ्ना कुरा राख्न समय अपुग हुने गरेको बताउनुहुन्छ । साथै उहाँले उठाउनु भएका मुद्दाहरूमध्ये शासन प्रणाली तथा महिलालाई ५० प्रतिशत दिने सवालमा सहमति हुन नसकेको उहाँ बताउनुहुन्छ । तथापि उहाँले व्यक्तिगत रूपमा फरक मत राख्नुभएको छैन ।

यस्तै महिला सदस्यहरूले संविधानसभामा उठाएका मुद्दाहरू तथा महिला योग्यतालाई एकाध (पुरूष) सदस्यहरूले गम्भीर ढङ्गले लिने गरे पनि नेकपा (एमाले), नेपाली काङ्ग्रेसले महिला र जनजातिका कुरा सुन्ने नचाहने प्रवृत्ति रहेको हुँदा 'सङ्घर्ष अझै चाहिन्छ' भन्नुहुन्छ सुशीला । जीवनलाई सङ्घर्ष र सङ्घर्षलाई नै जीवन मान्नुहुने उहाँ महिला र जनजाति भएकाले पनि गाह्रो भएको ठान्नुहुन्छ ।

अरूले जेजस्ता टिप्पणी गरे पनि सभासद्हरूले कामै नगरेजस्तो भने सुशीलालाई लाग्दैन । संविधान लेखनकै प्रसङ्गमा पनि थुप्रै काम भएका र पिछडिएका वर्ग, क्षेत्र, जाति, जनजाति, महिला, दलित, मधेसी, मुस्लिम, आदिको मुद्दाको लागि सङ्घर्ष गर्न पाउँदा सुशीलालाई गर्वको अनुभूति हुन्छ । यद्यपि, रायमाझी आयोगको सूचीमा परेका रूक्माङ्गत कटवाललाई कारबाही गर्न नदिइएको सन्दर्भमा भने उहाँ संविधानसभाले संवैधानिक प्रक्रिया बाहिर गएर काम गरेको र विधिको शासनमा अडेर बस्न नसकेको बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

नाम : सन्तमाया तामाङ
ठेगाना स्थायी : देउराली गाविस-८, गोगने, नुवाकोट
अस्थायी : गणेशस्थान (गोंगबु), काठमाण्डौं-५
सम्पर्क ठेगाना : ०१४३८१२७५ (नि), ९८४१५४६६९४ (मो),
ईमेल : santamaya24@yahoo.com
जन्म मिति : २०३३/३/११
जन्म स्थान : देउराली, नुवाकोट
आमाको नाम : श्रीमाया तामाङ
बुबाको नाम : सन्तबहादुर तामाङ
श्रीमान्को नाम : तिलकबहादुर तामाङ
शिक्षा : माध्यमिक तह
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# राजनीति गर्दा गुमाउने हिम्मत पनि हुनुपर्छ

सन्तमाया तामाङका ठूलोबुबा वीरबहादुर तामाङ स्थानीय विद्यालयमा शिक्षक हुनुहुन्थ्यो । ठूलोबुबा जनमोर्चा हुँदै तत्कालीन नेकपा (माओवादी) मा संलग्न भएपछि रसुवाको ठूलो गाउँमा सामुहिक सेल्टर लिएर बसेको अवस्थामा उहाँलाई सुरक्षाकर्मीले घेरा हाली हत्या गरेको थियो । सन्तमायाको बुबा सामान्य कृषक भएपनि राजनीतिप्रति सचेत हुनुहुन्थ्यो । ठूलो बुबा वीरबहादुर तामाङ र बुबा सन्तबहादुर तामाङ दुबैको राजनीतिक विचारधारा एउटै भएकोले बुबा पनि अर्धभूमिगत हुनुहुन्थ्यो । राजनीतिप्रति सचेत बुबा र ठूलोबुबाको प्रभावमा परेर सन्तमाया पनि विद्यार्थीकालदेखि नै राजनीतिप्रति झुकाव राख्नुहुन्थ्यो ।

राजनीतिमा लाग्ने क्रममै सन्तमायाले ठूलीआमा श्रीमाया तामाङलाई पनि २०६१ सालमा गुमाउनुभयो । सन्तमायाका भाइ गजेन्द्र वाइबालाई पनि २०५६ सालतिर सुरक्षाकर्मीले नियन्त्रणमा लिएर नुवाकोटको समुद्रटारमा गोली हानी मारेको थियो । सन्तमायाका अनुसार गजेन्द्र वाइबा 'जनयुद्ध'का क्रममा नुवाकोटमा मारिएका माओवादीका पहिलो सहिद हुनुहुन्छ ।

पारिवारिक पृष्ठभूमिका कारण सन्तमाया पनि राजनीतिमा आउन उत्साहित हुनुभयो । राजनीति बुझ्दै जाँदा उहाँले तत्कालीन पुरूषप्रधान समाजमा महिलाको अवस्था शोषित एवम् पीडित भएको पाउनुभयो र उहाँ महिलाको मुक्तिका लागि राजनीति गर्नुपर्ने निष्कर्षमा पुग्नुभयो । पारिवारिक पृष्ठभूमि, परिवर्तनको आवश्यकता र समाजमा रहेको शोषण, दमन र असमानताका कारणले सन्तमाया पनि सक्रिय राजनीतिमा आउनु भयो ।

सन्तमायालाई राजनीतिको बाटो कठिन हुन्छ भन्ने थाहा थियो । तर, उहाँले हिम्मत हार्नु भएन । भूमिगत हुनेबेलामा आमाले विधिपूर्वक टीका लगाई विजयको आशीर्वाद दिएर विदा गर्नुभएको क्षण उहाँ अहिले पनि सम्झनुहुन्छ । उहाँ पार्टीको पूर्णकालीन कार्यकर्ताको रूपमा २०५५ साल फागुन महिनामा भूमिगत हुनुभयो, जतिबेला उहाँकी छोरी भर्खर २ वर्षकी मात्र थिइन् । युद्धका दिनहरूमा भोगेका पीडाहरूकाबारेमा उहाँ भन्नुहुन्छ,

'हामीले कैयौं दिन पानी मात्र खाएर भोकै हिँड्नुपर्‍यो । मैले मेरो टोलीका सबै साथी गुमाएँ । त्यतिबेला प्रहरी वा सेनाले भेटेपछि पक्राउ गरेर लैजाने भन्ने थिएन, भेट्नासाथ गोली हानेर हत्या गर्ने चलन थियो ।'

भूमिगत छँदा पार्टीले सन्तमायालाई धादिङ जिल्लाको जिम्मेवारी सुम्पेको थियो । त्यसबेला उहाँ रञ्जिता नामबाट क्रियाशील हुनुहुन्थ्यो । २०६० सालमा धादिङको अत्यन्तै दुर्गम क्षेत्र गणेश हिमालको फेदमा पर्ने लापा गाविसमा रहेर कार्यरत छँदा उहाँ आफैं सहिद भएको भनी पत्रपत्रिका र एफएममा प्रचार भएको समाचार उहाँले सुन्नुभयो । पार्टीले पनि उहाँलाई सहिद घोषणा गरी श्रद्धाञ्जलीसभा र भित्तेलेखन समेत गर्‍यो । तर, सन्तमायाले यो सबै सुनेर र देखेर अचम्म मान्नु भएन किनकि राजनीतिमा यस्तो पनि हुन्छ भन्ने उहाँलाई थाहा थियो ।



धादिङको लापा गाविसमा रहेको खोला वारी र पारी सेना र माओवादी आमनेसामने भएका थिए । त्यसबखत सेनाले फायरिङ गरेको घटना सम्झँदै सन्तमाया बताउनुहुन्छ, 'घटना भएको ठाउँमा पहिरो गइरहेको थियो । म पखालाले ग्रस्त भई विरामी परेकी थिएँ । भाग्ने क्रममा म पहिरोमा परी लडें, गोली चल्दै थियो र मेरो कान नजिकबाट पनि गोली गइरहेका थिए । तर म बाच्न सफल भएँ ।' त्यो घटनामा सन्तमाया पहिरोमा परी लड्दा सेनाले टाढाबाट गोली लागेर ढलेको भन्ठानेछ र सेनाले सन्तमाया लडेको ठाउँमा आएर 'यहीँ ठाउँमा नै त्यसलाई गोली लागेको हो' भन्दै उहाँलाई निक्कैवेर खोजेको घटना उहाँले उन्युघारीभित्रबाट लुकेर हेरिरहनु भएको थियो । उहाँ थप्नुहुन्छ, 'म बिरामीसमेत भएकाले त्यहाँबाट बडो मुस्किलले हिँडेर एक स्थानीयको घरमा पुगें, जुन घरका मानिसले मेरो अत्यन्त स्नेहपूर्वक सेवा गरे । सो क्रममा म ९ दिन साथीहरूको सम्पर्क बाहिर भएँ, त्यही कारण साथीहरूले मलाई सहिद भएको ठान्नुभएको रहेछ । ९ दिनपछि साथीहरूलाई भेट्दा नयाँ जीवन पाएको महसुस गरेँ र साथीहरू पनि अत्यन्तै खुशी हुनुभयो ।' भूमिगतकालमा नै उहाँको सरला र महिमा भन्ने साथीलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई अत्यन्तै यातना दिएर हत्या गरेको घटनाले सन्तमाया अत्यन्तै दुःखी हुनुभयो र राजनीतिमा अझै दृढतापूर्वक लाग्ने अठोट गर्नुभयो । सो घटनाले पनि उहाँलाई राजनीतिमा लाग्ने अझ जोश र जाँगर र प्रेरणा मिल्यो ।

२०५० सालमा सन्तमायाको प्रेम विवाह भएको थियो । तर विविध कारणले गर्दा त्यो विवाह सफल हुन सकेन । तसर्थ उहाँले भूमिगतकालमै २०६१ सालमा दोस्रो विवाह गर्नुभयो । पहिलेका श्रीमान्बाट उहाँको २०५३ सालमा एक छोरीको जन्म भएको थियो । अहिले परिवारमा सन्तमाया र उहाँको श्रीमान् बाहेक अरू राजनीतिमा छैनन् । तर, राजनीतिमा लाग्न परिवारबाट राम्रो सहयोग र समर्थन पाइरहेको सन्तमाया बताउनुहुन्छ ।

सन्तमाया २०५५ सालमा चार महिना तत्कालीन नेकपा (माओवादी) को गाउँ जनमिलिसिया सदस्य बन्नुभयो । त्यसपछि उहाँले २०५५/२०५६ सालमा माओवादीको गाउँ स्क्वाडको सहकमाण्डर, २०५७ सालमा अनेमसङ्घको जिल्ला सचिव, २०५८ सालमा माओवादी पार्टीको इलाका इन्चार्ज, २०५८ देखि २०६७ सम्म पार्टीको जिल्ला सदस्यको भूमिका निर्वाह गर्नुभयो । त्यस्तै २०५९ देखि २०६६ सालको अवधिमा उहाँ नुवाकोट जिल्ला कमिटी सचिवालय सदस्य र ताम्सालिङ राज्य समिति सचिवालय सदस्य हुनुभयो । हाल उहाँ एनेकपा (माओवादी) नुवाकोट जिल्लाको सहसचिव हुनुहुन्छ ।

क्रान्तिलाई नै आफ्नो जीवनको लक्ष्य बनाएर हिँडेकाले संविधानसभाको सदस्य हुन्छु भन्ने सन्तमायालाई लागेको थिएन, तर पार्टीले संविधानसभा सदस्यको जिम्मेवारी पनि दिएकाले त्यसलाई अवसरका रूपमा लिएको उहाँ

बताउनुहुन्छ । उहाँले हाल संविधानसभा अन्तर्गत क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति र व्यवस्थापिका संसदअन्तर्गत विकास समितिको सदस्यको भूमिका निर्वाह गरिरहनुभएको छ । संविधान लेखन कार्यमा जनताका आवाज सङ्कलन गर्ने सिलसिलामा उहाँ दाङ र सल्यान जिल्लाका १३ गाविस पुग्नुभएको थियो । उहाँको विचारमा संविधान लेखन कार्य आफैँमा चुनौतीपूर्ण छ, त्यसमा पनि महिला, आदिवासी/जनजाति, दलित, मधेसीका मुद्दाहरू संविधानमा समावेश गर्न धेरै चुनौतीहरूसँग सामना गर्नुपर्ने स्थिति छ ।

संविधानसभामा महिलाका मुद्दाले प्राथमिकता पाउन नसकेको र संविधानसभाले संविधान बनाउने काममा पर्याप्त ध्यान केन्द्रित गर्न नसकेको सन्तमायाको भनाइ छ । उहाँले आफू संलग्न समितिमा र संविधानसभाको पूर्ण बैठकमा महिलाका मुद्दाहरू उठाउन छाड्नुभएको छैन । सन्तमायाले नेतृत्व तहमा महिलाको समावेशी समानुपातिक सहभागिता सुनिश्चित गरिनुपर्ने, दण्डहीनताको अन्त्य गर्नुपर्ने, पैतृक सम्पतिमा महिला र पुरूषको समान हक स्थापित गर्नुपर्ने, बहुविवाहलाई अन्त्य गर्नुपर्नेजस्ता विषयहरू संविधानसभाको बैठकमा उठाउनुभयो ।

सन्तमायालाई संविधानसभामा धेरै योगदान गर्न नसकिएको अनुभव भइरहेको छ । उहाँ भन्नुहुन्छ, 'नेपाली जनता आफ्ना पीडा र समस्या संविधानमा प्रतिविम्बित भएको हेर्न चाहन्छन् ।' यसैले संविधानसभामा आउँदा उहाँको ठूलो सपना र योजना थियो, तर अहिले आएर सोचे जस्तो उपलब्धि हासिल गर्न कठिन रहेछ भन्ने उहाँलाई लाग्न थालेको छ । क्रान्ति र सम्झौताको अवस्थामा काम गर्ने तौरतरिका नै फरक हुने पनि उहाँलाई अनुभव भएको छ ।

दलीय स्वार्थ र सरकारको कामकारबाहीमा वैदेशिक हस्तक्षेप भएकै कारणले दलहरूबीच सहमति नभएको र संविधान लेखन कार्य ढिलो हुन गएको सन्तमायाको ठहर छ । तर, वर्तमान गतिरोधको अन्त्य गर्दै दलहरू जिम्मेवार भएर प्रस्तुत हुनुपर्छ भन्ने सन्तमायालाई लागेको छ । उहाँको विचारमा साँचो राजनीति गर्नका लागि इमान्दारीता, अनुशासन, धैर्य र लगनशीलता अत्यन्तै आवश्यक हुन्छ । राजनीति गर्दा प्राप्त गर्ने मात्र होइन गुमाउने पनि हिम्मत हुनुपर्छ । त्यसका लागि संविधान जारी भएपछि पनि निरन्तर राजनीतिमै क्रियाशील रहने उहाँको योजना छ । उहाँ भन्नुहुन्छ, 'युद्धको समयमा त राजनीतिबाट पलायन भइएन भने अब हुने कुरै आउँदैन ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सन्तोषी बि.क. |
| ठेगाना स्थायी | : मसिना गाविस-५, मैचन्ये, रोल्पा |
| अस्थायी | : बुद्धनगर, काठमाण्डौं-१० |
| सम्पर्क ठेगाना | : ९८४१८६१२७८ (मो) |
| जन्म मिति | : २०२३/११/१६ |
| जन्म स्थान | : मसिना गाविस-५, मैचन्ये, रोल्पा |
| आमाको नाम | : चम्फी बि.क. |
| बुबाको नाम | : गजिङ्रे बि.क. |
| श्रीमान्को नाम | : दिनेश बि.क. |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# शिक्षित समुदायमा महिला र पुरूषबीचको भेदभाव बढी छ

लामो र निरन्तर सङ्घर्षको परिणामस्वरूप संविधानसभा सदस्य हुनुभएकी सन्तोषी बि.क. दुर्गम क्षेत्र र दलित समुदायबाट संविधानसभामा प्रतिनिधित्व गर्नुहुन्छ । अन्याय र विभेद सहन नसक्ने बानीका कारण सन्तोषी राजनीतिमा लाग्न उत्प्रेरित हुनुभएको थियो ।

बुबा भारतमा मजदुरी गर्ने भएकाले सन्तोषीको परिवार पनि बुबासँगै भारतमै बसोबास गर्थ्यो । भारतमा नोकरीकै क्रममा इन्दिरा गान्धीको शासनकालमा 'जो हमसे टकराएगा वो चूर चूर चूर हो जाएगा' भन्ने नाराका साथ भएको कर्मचारी आन्दोलनमा सन्तोषीका बुबा पनि सहभागी हुनु भएकोले उहाँ जागिरबाट निलम्बनमा पर्नुभएको थियो । निलम्बनमा परेको तीन महिना पछि उहाँलाई पुर्नबहाली गरियो र सो समयमा आफ्नै कर्मचारी युनियनले परिवारलाई जिविका चलाउन सहयोग गरेको थियो । पुर्नबहाली भएको केही समयपछि बुबा विरामी हुनुभएको थियो । बिरामी परेर थलिनुभएका बुबाको स्वास्थ्य परिक्षण गर्दा क्षयरोग लागेको थाहा भयो र त्यसपछि उहाँहरू तुरून्तै नेपाल फर्कनुभयो । तर नेपाल फर्केको १० दिनपछि नै बुबाको निधन भयो ।

सन्तोषीको परिवार भारतमा बस्दा रोल्पामा रहेको घरबारी गाउँको एकजना रामबहादुर सेन नाम गरेको व्यक्तिलाई रेखदेखका लागि जिम्मा दिइएको थियो । तर, घर फर्केर आउँदा घरबारीको रेखदेख गर्ने जिम्मा लिएका व्यक्तिले नै उहाँहरूको सम्पत्ति हडपिएर उहाँहरूलाई उठिबास गराए । आफ्नो सम्पति फिर्ता लिन सन्तोषीको आमाले अदालतसमेत धाउनुपऱ्यो । पाँच छ वर्षको कानुनी लडाइँपछि मात्र उहाँको परिवारले सम्पत्ति फिर्ता पायो । आर्थिक अभावका कारण सन्तोषीको परिवारमा कसैले पनि पढ्ने अवसर पाएनन् । गरिब भएका कारण हरेक दिन ज्याला मजदूरी गरेर खानु उहाँहरूको बाध्यता थियो । सन्तोषी पनि गाउँका एकजना साहुका घरमा एकवर्ष ग्वाला बस्न बाध्य हुनुपऱ्यो । सन्तोषीले भारतबाट रोल्पा फर्किएपछि शोषण, दमन, उत्पीडन, महिला र विधवाप्रतिको गलत दृष्टिकोण, दलितप्रतिको विभेद र दुर्व्यवहार समेतका अनगिन्ती समस्या एकैसाथ भोग्नुभयो ।

सन्तोषीले आफ्ना अधिकारका लागि लड्ने क्रममा समाजमा दुई किसिमका वर्गीय धारणा रहेका मानिसहरू देख्नुभयो । उहाँहरूको सम्पत्ति रामबहादुर सेन ठकुरीले हड्पेर उहाँहरूलाई गाउँबाट उठिबास लगाएका थिए भने अन्य ठकुरीले उहाँहरूलाई सहयोग गरेका थिए । यसैगरी बुबाको निधनपछि उहाँको परिवारले पाउने रकम पाउन उहाँकी आमालाई भारतीय मजदूरहरूले ठूलो सहयोग गरेका थिए । भारतीय मजदूरहरूको सहयोगबाट प्रभावित हुनुभएकी सन्तोषीले मजदूरहरू जुनसुकै देशका भएपनि एल अर्काप्रति उत्तरदायी हुँदारहेछन् भन्ने पनि उहाँलाई लागेको थियो ।

राजनीतिमा पनि उहाँले उपल्लो जातिबाट दमन मात्र होइन, सहयोग पनि पाउनुभयो । उहाँलाई थिचोमिचो मानिसको निहित संस्कार र चिन्तनले गर्छ भन्ने लाग्छ । उहाँ भन्नुहुन्छ, 'त्यस्ता सामन्ती चिन्तन र प्रवृत्तिको अन्त्य गर्दै जनताको वास्तविक अवस्थामा आमूल परिवर्तन ल्याउनका लागि मलाई राजनीतिमा लाग्नुपर्छ भन्ने लाग्यो र लागेँ ।' राजनीतिमा आउन परिवारबाट कुनै बाधा अवरोध नभएको पनि सन्तोषी बताउनुहुन्छ ।

सन्तोषी २०४७ सालमा नेकपा (माले) को गाउँ पार्टी समितिको सदस्य र नेकपा (एमाले) आबद्ध अखिल नेपाल महिला सङ्घको जिल्ला सदस्य हुँदै २०४९ सालमा उहाँ अनेमसङ्घको जिल्ला अध्यक्ष र २०५० सालमा एमालेको जिल्ला समिति सदस्य हुनुभयो । २०५१ सालमा उहाँ एमालेमा आबद्ध दलित मुक्ति समाजको केन्द्रीय सदस्य हुनुभयो । सन्तोषीलाई २०४८ सालको आमनिर्वाचनसम्म नेकपा (एमाले) पार्टीको अवस्था राम्रै लागेको थियो । तत्कालीन समयमा उहाँको आदर्श व्यक्ति मदन भण्डारी हुनुहुन्थ्यो । तर, मदन भण्डारीको एकाएक सडक दुर्घटनामा परेर निधन भएपछि २०५१ सालको एमालेको ९ महिने शासनकालमा एमालेले उक्त घटनाबारे यथार्थ जानकारी बाहिर ल्याउँछ भन्ने सन्तोषीले अपेक्षा गर्नुभएको थियो । तर पार्टीले सो काममा ध्यान नदिई विभिन्न किसिमका मानिसहरूलाई जथाभावी प्रवेश गराइ पार्टी केवल चुनावमुखी मात्र हुन थालेपछि उहाँ निकै असन्तुष्ट बन्नुभयो ।

एमाले पार्टीको गतिविधि देखेर कम्युनिष्टहरू सङ्घर्षशील एवम् गणतान्त्रिक हुनुपर्नेमा विलासी हुन थालेको सन्तोषीलाई लाग्न थाल्यो । २०५२ सालसम्ममा दलित समुदायमाथि हुने विभेद र दमन सहने नसकिने अवस्थामा पुगिसकेका थिए । त्यस्तो अवस्थाबाट मुक्ति पाउन पनि दलित एवम् उत्पीडित समुदाय माओवादीमा आबद्ध भएको पनि उहाँको निष्कर्ष छ । एउटा कम्युनिष्टले अर्को कम्युनिष्टलाई बुझ्नुपर्छ भन्ने लागेर उहाँले २०५२ सालपछि माओवादीकाबारेमा बुझ्न थाल्नुभयो । सोही क्रममा २०५४ सालमा तत्कालीन नेकपा (माओवादी)का नेता तिलक परियार समेतको सहयोगमा उहाँले माओवादीमा प्रवेश गर्नुभयो । माओवादीमा प्रवेश गरेकै वर्ष सन्तोषी इलाका सदस्य हुनुभयो । २०५५ सालमा उहाँ माओवादी निकट दलित मुक्ति मोर्चाको केन्द्रीय संयोजक बन्नुभयो । २०५९/६० देखि हालसम्म उहाँले एनेकपा (माओवादी) विशेष ब्युरो राज्य समितिको सदस्यको भूमिका निर्वाह गर्दै आउनुभएको छ ।

एनेकपा (माओवादी)ले सन्तोषीलाई समानुपातिक निर्वाचन प्रक्रिया मार्फत संविधानसभा सदस्य बनायो । सन्तोषी संविधानसभा अन्तर्गत राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र व्यवस्थापिका संसदअन्तर्गत विकास समितिको सदस्य हुनुहुन्छ । आफू संलग्न समितिमा उहाँले महिला र दलितलाई क्षतिपूर्तिसहितको प्रतिनिधित्व तथा विशेष अधिकार दिइनुपर्ने, पैतृक सम्पत्तिमा महिला र पुरूषको समान अधिकार हुनुपर्ने, उत(

पीडित वर्गको मुक्तिका लागि जातीय, क्षेत्रीय, तथा भाषिक आधारमा सङ्घीयता निर्माण हुनुपर्ने र राज्यको हरेक संरचनामा महिला र पुरूषको समानुपातिक एवम् समावेशी सहभागिता हुनुपर्ने आवाज उठाउनुभएको छ । तर, उहाँले उठाउनु भएका यी मुद्दाहरू मस्यौदा प्रतिवेदनमा पर्याप्त रूपमा सम्बोधन नभएकाले उहाँले फरक मत पनि राख्नुभएको छ ।

सन्तोषीको भनाइमा संविधानसभामा महिलाका मुद्दाहरू समावेश गर्नका लागि महिला र पुरूषबीचको सहयोग र सहकार्य ठीकै भए पनि वर्गीय दृष्टिकोणले गर्दा प्रगतिशील व्यवस्था हुन नसकेको भन्ने उहाँलाई लागेको छ । उहाँको विचारमा वर्गीय स्वतन्त्रता र वर्गीय मुक्ति नभएसम्म अन्य स्वतन्त्रता र मुक्तिको अर्थ नहुने भएकाले त्यसैमा केन्द्रित हुनु आजको आवश्यकता हो । अशिक्षित समुदायमा भन्दा शिक्षित महिला र पुरूषबीचको भेदभाव बढी भएको सन्तोषीको अनुभूति छ । महिला र पुरूषबीचको विभेद हटाउन संविधानमै विशेष व्यवस्था गर्नुपर्ने पनि उहाँको धारणा छ । महिलाका साझा माग र सरोकार तय गर्दै त्यसलाई एकताबद्धरूपमा उठाउन संविधानसभा अन्तर्गत महिला ककसको गठन भएकाले ककसलाई क्रियाशील बनाउनुपर्ने उहाँको सुझाव छ ।

संविधानमा जनताका भावनाहरू समेट्न सन्तोषी रोल्पा र प्युठानका विभिन्न गाउँमा पुग्नुभयो । उहाँको विचारमा जनताका अपेक्षाहरू उच्च र जायज छन्, तर राजनीतिक नेतृत्वले जनभावना अनुसार काम गर्न सकेका छैनन् । संविधानसभामा कतिपय विषयमा नेतृत्व पंक्तिको असहयोग, एजेण्डा बाहिरका विषयमा छलफल गर्ने प्रवृत्ति, समयको पालनामा हेलचेक्र्याईं आदिका कारण समयमा संविधान बन्न नसकेको हो भन्ने पनि सन्तोषीलाई लागेको छ ।

सन्तोषीले संविधानसभाको सदस्य हुनुअघि राष्ट्रिय दलित आयोगको सदस्यको भूमिका निर्वाह गर्नुभएको छ । यो भन्दा अघि उहाँ तत्कालीन नेकपा (माओवादी) पार्टीको पूर्णकालीन सदस्यको रूपमा पार्टीमा कार्यरत रहनुभयो । अहिले संविधानसभा सदस्य भएपछि उहाँको युद्धकालीन भूमिका फेरिएको र फरक किसिमको जिम्मेवारी बढेको उहाँलाई महसुस भएको छ । उपेक्षित र अपहेलित वर्गका अधिकार रक्षाका लागि आफू मरिमेटेर लागेकाले प्राप्त उपलब्धिको रक्षा गर्न नसकिएला कि भन्ने चिन्ता लागेको पनि सन्तोषी बताउनुहुन्छ ।

राजनीतिमा इमान्दारिता आवश्यक छ भन्ने सन्तोषीको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'राजनीतिमा इमान्दारीपूर्वक आत्मालोचना गर्दै प्रस्तुत हुने परम्पराको विकास हुनुपर्छ । अहिले प्रतिबद्धता अनुसारको काम हुन सकेको छैन तर काम हुन नसकेकोबारेमा जनतालाई सत्यतथ्य बताउनुपर्छ । संविधानसभामा जनताका भावना र विचारहरू समेट्ने दलहरू भएपनि दशवर्षे 'जनयुद्ध' र उन्नाईस दिने जनआन्दोलनमा जसरी दलहरूबीच सहमति र सहकार्य भयो त्यसरी नै संविधानसभामा पनि दलहरूबीच सहमति र सहकार्य हुनुपर्छ, अन्यथा संविधान बन्न सम्भव छैन,' भन्ने सन्तोषीको भनाइ छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | सत्य पहाडी |
| ठेगाना स्थायी | : | लिकु गाउँ, लिकु गाविस-४, डोल्पा, कर्णाली |
| अस्थायी | : | धुमबाराही, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९८४१५६०२७४ (मो) |
| इमेल | : | sushankhatri@gmail.com |
| जन्म मिति | : | २०३४/६/७ |
| जन्म स्थान | : | लिकु, डोल्पा |
| आमाको नाम | : | थपना पहाडी |
| बुबाको नाम | : | गोपीप्रसाद पहाडी |
| श्रीमान्‌को नाम | : | शक्ति बस्नेत |
| शिक्षा | : | एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# असमानता विरूद्ध लड्नुपर्छ भन्ने भावना स्कुल पढ्दा-पढ्दै आयो

सत्य पहाडीले आठ कक्षामा पढ्दै गर्दा शिक्षकले हाम्रो देशमा धनी राजा छ, तर गरिब जनता छन्, राजाले दिनमा १३ हजार ३ सय ३३ रूपैयाँ पाउँछन् र रानीको गर्भमा बच्चा आउने बित्तिकै गर्भको बच्चाले समेत भत्ता पाउन थाल्छ, तर हाम्रा आमाहरूले बच्चा पाउँदा कोदोको रोटीसम्म पनि खान पाउँदैनन् भनेर बताउने गर्नुहुन्थ्यो । तिनै शिक्षकले विद्यार्थीहरूलाई कम्युनिष्ट र काङ्ग्रेस सिद्धान्तको भिन्नता तथा वामपन्थी र दक्षिणपन्थीहरू बीचका सम्बन्धबारे पनि स्पष्ट पारिदिनु भयो । त्यसैले समाजमा रहेको असमानता विरूद्ध लड्नुपर्छ भन्ने भावना स्कुल पढ्दा पढ्दै सत्यको मनमा आइसकेको थियो ।

असमानता समाजमा मात्र होइन सत्यको घरपरिवारभित्रै पनि थियो । सत्यका बुबा साधारण किसान हुनुहुन्थ्यो भने उहाँका माहिला बुबा मन्त्री । त्यसैले गाउँलेहरू सत्यको परिवारलाई उहाँको माइला बुबाको परिवारसँग दाँजेर 'सम्पन्न घरभित्रको विपन्न परिवार' भन्थे ।

सत्य नेपालको विकट जिल्ला डोल्पाको लिकु गाउँको ब्राम्हण परिवारमा जन्मिनुभएको थियो । तर, उहाँका आमाबुबा सचेत भएकाले सत्यले पढ्न पाउनुभयो । सत्य सानै छँदा बुबाको निधन भएकाले आमाले दु:ख गरी उहाँलाई पढाउनुभयो । सानो छँदा सत्यको मनमा एउटा प्रश्न घुमिरहन्थ्यो, एउटै घरपरिवारमा पनि कसैको जीवन सम्पन्न र कसैको विपन्न किन हुन्छ ? कसैलाई जति दु:ख गरे पनि वर्षभरिमा छ महिना पनि खान पुग्दैन, कसैको भने खानेकुरा र धनसम्पत्ति फालाफाल छ, किन ? उहाँ दाइलाई पनि प्रश्न गर्नुहुन्थ्यो, 'माइला बुबाको घरमा जस्तो हाम्रो घरमा किन खानेकुरा र धनसम्पत्ति छैन ? माइला बुबाका छोराछोरी काठमाण्डौंमा पढ्छन्, हामीलाई भने गाउँमा पढ्न पनि धौधौ छ, किन?' दाइले सत्यलाई सम्झाउँदै समाज यसैगरी धनी र

गरीबले बनेको हुन्छ, धनी तथा गरीब बीच समानता ल्याउन र सबैलाई समान व्यवहार गर्न कम्युनिष्टहरूले मात्र सक्छ भनेर उहाँलाई कम्युनिष्ट सिद्धान्तहरूबारे बताउनुहुन्थ्यो ।

सत्यले राजनीतिमा पार्टी र विचार हुन्छ भनेर राम्ररी थाहा नपाउँदै विद्यालयमा आफ्ना अधिकारका लागि भनेर केही साथीहरूसँग मिलेर विद्यार्थीहरूको एउटा सङ्गठन बनाउनुभयो । तर यसो गरेको आरोपमा स्कुलले सो सङ्गठन बनाउन लाग्ने सबैजनालाई निकाल्यो । जिल्लामा रहेका पाँचवटै माविमा निकालिएका विद्यार्थीलाई भर्ना लिइएन । त्यसैले उहाँका कतिपय साथीहरू जिल्ला छाडेर अन्तै पढ्न गए । सत्य चाहिँ स्कुल छोडेर केही दिन घरमै बस्नुभयो । उहाँको पढाइ राम्रो भएकाले स्कुलले उहाँलाई फेरि भर्ना लियो, तर उहाँलाई राजनीतिक सङ्गठनबाट अलग्याउन भने सकेन । विज्ञान पढ्ने चाहना हुँदाहुँदै पनि गाउँको स्कुलमा विज्ञान पढाउने शिक्षक नभएकाले आफ्नो चाहना पूरा गर्न नपाएको कुरा सत्य अहिले पनि बताउनुहुन्छ ।

२०४८ सालमा सत्य अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला कोषाध्यक्ष हुनुभयो र त्यही वर्ष नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र) मा आबद्ध हुनुभयो । उहाँ २०५० सालमा संयुक्त जनमोर्चाको पूर्णकालीन सदस्य बन्नुभयो । तर, २०५२ सालमा माओवादी 'जनयुद्ध' सुरू भएपछि सत्यले नेकपा (माओवादी) मा संलग्न भएर भूमिगत हुनुभयो । २०५० सालमा जनसांस्कृतिक सङ्घमा आबद्ध हुनुभएकी सत्य साहित्यतिर पनि रूचि राख्नु हुन्छ र विभिन्न साहित्यीक समिति र परिषद्मा संलग्न हुनुहुन्छ । उहाँका २०६४ मा आगो, लाभा र हुरी भन्ने कविता सँग्रह र मृत्युञ्जयी यात्रा भन्ने संस्मरणको सँगालो प्रकाशन भइसकेका छन् ।

भूमिगत भएपछि जीवन कष्टप्रद हुनु स्वाभाविक थियो । २०५४ सालमा सत्य पक्राउमा परी ११ दिन हिरासतमा रहेर छुट्नुभयो । २०५५ सालमा उहाँ पुनः पक्राउमा पर्नुभयो र डेढ महिनासम्म उहाँलाई बेपत्ता पारियो । सुर्खेतमा पक्राउ पर्नु भएकी सत्यलाई जाजरकोट, रूकुम, नेपालगन्जको जेलहरूमा सार्दै काठमाण्डौंको केन्द्रीय कारागारमा पुऱ्याइयो । २०५८ साल असोज महिनामा तत्कालीन सरकार र नेकपा (माओवादी) बीच भएको पहिलो शान्तिवार्ताका क्रममा उहाँलाई छाडिएको थियो र २०५९ मा उहाँ नेकपा (माओवादी) को क्षेत्रीय ब्यूरो सदस्य हुनुभयो । शान्तिवार्ता भङ्ग भएपछि उहाँ फेरि भूमिगत हुनुभयो । त्यसपछि एकैचोटी २०६३ सालमा मात्र उहाँ भूमिगत जीवनबाट खुल्ला जीवनमा आउनुभयो र २०६३ सालमा पुर्नस्थापित अन्तरिम व्यवस्थापिका संसदको सदस्य हुनुभयो । २०६४ मा पार्टीको भेरी कर्णाली राज्य समितिको सचिवालय सदस्य भएर काम गर्नुभयो ।

भूमिगत जीवनमा सत्यले धेरै दुःखकष्ट झेल्नुभयो । एकपटक उहाँ १५ महिनाकी छोरीलाई जाजरकोटमा छाडेर सुर्खेत आइरहेका बेला सुर्खेतको बाधेपिपल भन्ने ठाउँमा पक्राउ परेर ३ वर्ष जेल पर्नुभयो । जेलमा उहाँले चरम शारीरिक र मानसिक यातना खप्नुपऱ्यो । उहाँका हातखुट्टाका औंला र पैतालामा तीखो सियोले घोच्ने र पैतालामा पाइपले हिर्काउने गरिन्थ्यो । 'आत्मसमर्पण गर्ने भए गर, नगर्ने भए तेरी छोरीलाई जिउँदै जलाइदिन्छौं' भन्नेसम्मको धम्की दिन्थे । सुरक्षाकर्मीले उहाँको हातखुट्टा बाँधेर दालभात, मासु, दही अगाडि राखेर खा भन्दै उहाँलाई एक्लै छाडिदिन्थे । उहाँ जाजरकोटको जेलमा थुनिंदा निर्दोष जनतालाई समातेर चौरमा नाङ्गै पल्टाएर पिट्ने गरिन्थ्यो । सत्यले पनि डराएर आत्मसमर्पण गरोस् भनेर उहाँसँगैको कोठामा थुनिएकी महिलालाई निर्वस्त्र बनाएर

उहाँले देख्ने र सुन्नेगरी पिट्ने गरिन्थ्यो । एकजना युवतीलाई त बलात्कार गरी उनको हत्या समेत गरिएको थियो । यी सबै यातनाका अनुभवहरू सम्झिँदा अहिले पनि उहाँको मन मष्तिष्क उथलपुथल हुने गर्दछ ।

जेलभित्र छँदा सत्य लगायत अरू बन्दीहरूले विभिन्न किसिमका आन्दोलनहरू गरिरहनुहुन्थ्यो । उहाँ जेलभित्रै रहेर जेल सुधार समिति बनाउने काममा लाग्नुभयो । आफ्ना मागहरू पूरा गराउन उहाँ लगायत अन्य बन्दीहरूले सङ्घर्ष गर्नुभयो र भोक हडताल तथा आमरण अनसनमा बस्नुभयो । त्यसैको फलस्वरूप, उहाँहरूले जेलभित्र पुस्तकालय, प्रारम्भिक स्कुल र पत्रपत्रिका पढ्न पाउने व्यवस्था मिलाउन सफल हुनुभयो । त्यसका लागि उहाँहरूले छ महिनासम्म जेलभित्र सिदा बहिष्कारसमेत गर्नुभएको थियो ।

सङ्घर्षकै दौरान २०५३ सालमा जाजरकोटको खलङ्गामा सत्यको शक्ति बस्नेतसँग जनवादी विवाह भएको थियो । युद्धको दौरान भएको बिहे निकै चुनौतीपूर्ण रह्यो । एकपटक उहाँ १० दिनको बच्चा बोकेर सुर्खेतबाट बाँके आउनुभएको थियो । बाँकेको सुकुम्बासी टोलमा सेल्टर लिएर बस्दा सुत्केरी अवस्थामा राम्रो खानेकुरा नपाएर जाँतोमा पिँधेको रोटी खानुपरेको थियो । त्यसमाथि सत्य लुक्नु भएको त्यो ठाउँ पत्ता लगाएर सेनाले घेरा हाल्यो । घेरा हालेको थाहा पाएर सत्य छोरी च्यापेर घेरा तोड्दै जङ्गलभित्र लुक्न जाँदा झाडीको काँडाले घोचेर छोरीको निधारबाट रगत आयो । त्यसपछि छोरी रून थालिन् । छोरीको आवाज सुनेर सेना आफैँतिर आउलान् भनेर सत्यले छोरीलाई दूध खान दिनुभयो । दूध खाँदाखाँदै छोरी बेहोस भइन् । रूवाई कम गर्न बढी नै दबाएका कारण छोरी बेहोस भएकी रहिछन् । उहाँसँग पार्टीकै एकजना दिदी पनि हुनुहुन्थ्यो । बच्चा बेहोस भएको देखेर उहाँले दिदीलाई सोध्नुभयो, 'छोरी त मऱ्यो कि क्या हो ?' त्यसपछि दिदी रून थाल्नुभयो । बल्लबल्ल जङ्गल पार गरेपछि बाटामा एउटा ट्याक्टर भेटियो र उहाँहरू त्यसैमा चढ्नुभयो । ट्याक्टरमा चढिसकेपछि दिदीले बच्चाको तालुमा लगातार फुकिरहनुभयो र आधा घण्टाजतिपछि छोरीको होस आयो । त्यसपछि सत्यको खुशीको सीमा नै रहेन । आफू लगायत अरू धेरैले त्यतिबिध्न दु:ख कष्ट सहेर निर्माण गरेको संविधानसभाको सदस्य हुन पाउँदा सत्यलाई गौरव लागेको छ । उहाँ भन्नुहुन्छ, 'तर, यसले क्रान्तिले खोजेको जस्तो उपलब्धि दिन सकिरहेको छैन । तैपनि यस अवसरलाई त्यसै खेर फाल्नु हुँदैन ।'

सत्य संविधान सभा अन्तर्गतको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र व्यवस्थापिका संसद अन्तर्गतको प्राकृतिक स्रोत र साधन समितिको सदस्य हुनुहुन्छ । समितिहरूमा प्राकृतिक स्रोतसाधनमा महिलाको पहुँच, वन, जङ्गल, ऊर्जा, जलस्रोतमा स्थानीय जनताको पहुँचका विषयमा उहाँले कुरा राख्नुभएको छ । समितिमा ती विषयहरूमा सहमति जुटाउन पनि निकै प्रयास गर्नुपरेको सत्य बताउनुहुन्छ । खुल्ला राजनीतिमा आएर गर्नुपरेका यी सङ्घर्षहरूलाई विश्लेषण गर्दै उहाँ भन्नुहुन्छ, 'राजनीतिलाई रक्तपातविहीन युद्ध भनिन्थ्यो, संविधानसभामा आएर यही कुरालाई व्यावहारिक रूपमा अनुभूति गरिरहेकी छु ।'



### व्यक्तिगत विवरण

नाम : सरला रेग्मी
ठेगाना स्थायी : मगरागाडि गाविस-७, हर्नवा गाउँ बर्दिया, भेरी
अस्थायी : बुद्धनगर टोल, काठमाण्डौं
सम्पर्क ठेगाना : ९७४११६७३१५ (मो)
जन्म मिति : २०२६/५/३०
जन्म स्थान : घोराही नगरपालिका-३, दाङ
आमाको नाम : सिवा देवी रेग्मी
बुबाको नाम : शक्तिराज रेग्मी
श्रीमान्को नाम : गुणराज लोहनी
शिक्षा : प्रमाणपत्र तह
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : प्रत्यक्ष निर्वाचन

# सानैदेखि विद्रोही स्वभावकी सरला

संविधानसभाको निर्वाचनमा बर्दिया क्षेत्र नं १ बाट विजयी संविधानसभा सदस्य सरला रेग्मी साने उमेरदेखि नै अलि बेग्लै स्वभावकी हुनुहुन्थ्यो । बाह्रतेह्र वर्षको उमेरदेखि नै सरला गाउँघरमा श्रीमान्ले श्रीमतीलाई कुटेको, दोस्रो बिहे गरेर जेठी श्रीमतीलाई हेला होचो गरेको र हुनेखानेले गरीबलाई सताएको देख्न र सहन सक्नुहुन्नथ्यो । आफ्नो वरपर यस्ता घटना घटेको देख्दा उहाँ साने उमेरको भएपनि पीडकहरूलाई 'यस्तो किन गरेको' भनी प्रश्न गर्नुहुन्थ्यो र त्यसो गर्नु गलत हो भनेर विरोध पनि गर्नुहुन्थ्यो ।

गाउँघरमा खेलिडुली हिँड्ने उमेरमा अरूको झैं झगडामा बोल्ने र पीडितलाई न्याय दिलाउन मद्दत गर्ने बानी उहाँको बुबाआमालाई मन पर्दैनथ्यो । त्यसैले यस्तो काममा लाग्दा घरपरिवारबाट स्याबासी होइन उहाँले उल्टै गाली खानु पर्थ्यो । महिलालाई भेदभाव तथा हिंसा गर्ने, दलितलाई छुवाछुत गर्ने र कमैया तथा कम्लहरीलाई दास जस्तो व्यवहार गर्ने कुराहरू सरलालाई सानैदेखि मन पर्दैनथ्यो । त्यसैले यस्ता समस्यालाई कसरी हटाउने भनेर उहाँ सोचिरहनुहुन्थ्यो । २०४४ सालमा बसाइँ सराइको क्रममा बर्दिया गएपछि उहाँको कम्युनिष्टहरूसँग सम्पर्क भयो ।

२०४६ सालको जनआन्दोलनताका सरलाले क्याम्पस पढ्ने क्रममा नेविसङ्घ र अखिल भनेको के हो भनेर बुझ्न खोज्दा अखिल कम्युनिष्ट पार्टी अन्तर्गत रहेको भातृ सङ्गठन हो र कम्युनिष्टले महिलालाई न्याय दिन्छन् र छुवाछुत पनि मान्दैनन् भन्ने कुरा थाहा पाउनु भयो । बिस्तारै पढ्दै र बुझ्दै जाँदा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय व्यक्तित्वहरूको जीवनीले पनि उहाँलाई निकै नै प्रभावित पाऱ्यो र उहाँलाई राजनीतिमा लाग्न प्रेरणा मिल्यो । दाङको क्याम्पसमा पढ्दै गर्दा अखिल क्रान्तिकारीको विद्यार्थी सङ्गठनमा उहाँ आबद्ध हुनुभयो ।

२०४६ सालको जनआन्दोलनमा उहाँ नेपाल कम्युनिष्ट पार्टीको मोटो 'मशाल' मा आबद्ध हुनुहुन्थ्यो । मोटो मशाल, पातलो मशाल र एमाले आदि पार्टीका पृष्ठभूमि बुझ्दा सरलालाई मोटो मशालले महिलाका हक अधिकारको

ग्यारेण्टी गर्छ भन्ने विश्वास भएपछि उहाँ यसैमा लाग्नु भएको थियो । उहाँका मामा पनि मोटो मशालमा आबद्ध हुनुहुन्थ्यो । सरलाका बुबा राजनीतिक रूपमा सक्रिय नरहे पनि उहाँ नेपाली काङ्ग्रेसको समर्थक हुनुहुन्थ्यो ।

सरला घरकी जेठी छोरी भएकोले आमालाई घरको काममा सहयोग गर्नुपर्थ्यो । बुबाबाजे मध्यम वर्ग भए पनि उहाँले वस्तुलाई घाँस पात ल्याउने, भांडा माझ्ने, भाइ बहिनीलाई स्कुल पुऱ्याउने र स्कुलबाट घर लिएर आउनुपर्थ्यो । यी सबै काम भ्याएपछि मात्र उहाँले स्कुल जान र पढ्न पाउनुहुन्थ्यो । एउटै परिवारभित्रै पनि कोही धनी र कोही गरीब र कसैले धेरै काम गर्नुपर्ने र कसैले थोरै देख्दा परिवारभित्रै वर्गविभेद भएको उहाँले महसुस गर्नुभयो । 'एउटै घरभित्र पनि महिला र पुरूषबीचको खानपान, लेनदेन, बसाइ नमिल्ने र महिला र पुरूषको स्ट्याण्डर्ड नै फरक हुने । एउटै परिवारभित्र हुने यस्तो लैङ्गिक र आर्थिक विभेद देखेर पनि म कम्युनिष्टतिर अझ आकर्षित हुन थालेँ ।' तर, सरलाले कम्युनिष्ट आन्दोलनमा लागेको घरपरिवारले पटक्कै मन पराएनन् । कम्युनिष्ट पार्टीमा नलाग्नका लागि उहाँलाई परिवारले निकै दबाब दिए । भनेको नमाने पढाइ नै छुटाइदिएर बिहे गराइदिने सम्मका कुराहरू भए । बिहेको कुरा पनि अगाडि बढ्यो । तर उहाँले बिहे गर्न मान्नुभएन । उहाँ घुम्टो ओढेर समाजको बन्धनमा बाँधिन होइन, आफूले रोजेको जीवन स्वतन्त्र ढङ्गले बाँच्न चाहनु हुन्थ्यो । यही विषयलाई लिएर बुबा र उहाँको कुरा नमिलेपछि उहाँमाथि आर्थिक बन्देज लगाउने कुरा भयो । बुबाले अप्ठेरो स्थिति सिर्जना गरेपछि या त उहाँले बिहे गरेर गृहणीको जीवन बिताउनुपर्ने भयो या त घर छोड्नुपर्ने स्थिति आयो । पूर्णकालीन राजनीतिमा लाग्ने पूर्ण इच्छा नहुँदा नहुँदै पनि बाध्य भएर २०४७ सालमा सरला घर छोड्ने निष्कर्षमा पुग्नु भयो ।

घर छोडेपछि सरला सुरूमा साथीसँग बस्न थाल्नुभयो । तर, साथीसँगको बसाइ पनि जटिल हुँदै गयो र साथीहरूका लागि आफू बोझ बन्दै गएको महसुस भएपछि २०४८ सालमा दाङबाट अखिल नेपाल महिला सङ्गठनको सचिव भएर सरला बर्दिया तिर लाग्नु भयो । २०४८ सालमा नेकपा मशाल एकता केन्द्रको महाधिवेशनमा सदस्यता लिएर गाउँ जाने र सङ्गठन बिस्तार गर्ने काममा खटिनु भयो । गाउँमा चेतना फैलाउंने र सङ्गठन बिस्तारको काममा मात्र लाग्दा आर्थिक समस्या परेपछि पार्टीको काम सँगसँगै उहाँले पढाउन पनि थाल्नु भयो । उहाँ २०४९ सालमा नेपाल कम्युनिष्ट पार्टी, एकता केन्द्रको जिल्ला सदस्य र २०५० सालमा अखिल नेपाल महिला सङ्घको केन्द्रिय सदस्य हुनुभयो । २०५२ सालमा 'जनयुद्ध' सुरूभएपछि उहाँ पूर्ण रूपले भूमिगत भएर नेकपा (माओवादी) मा सहभागी हुनु भयो । सुरूसुरूमा पार्टीमा महिलाको संख्या कम थियो । त्यसैले उहाँ एक्लै एक्लै 'जनयुद्ध'का लागि प्रशिक्षण दिन र सङ्गठन बिस्तार गर्न गाउँ गाउँमा खट्नु भयो ।

घरबाट निस्किएर आफ्नो लक्षमा हिंड्नुभएकी सरला २०५९ सालमा माओवादी जनमुक्ति सेनाको बटालियन कमिसार बन्नुभयो । डेढ वर्ष बटालियन कमिसारको अनुभव बटुल्नु भएकी सरला २०५८ देखि २०६४ सालसम्ममा पाँचवटा जिल्लाहरू सुर्खेत, जाजरकोट, डोल्पा, बाँके र बर्दियाको इन्चार्ज बन्नुभएको थियो । संविधानसभा निर्वाचन अघि, २०६३ सालको अन्तरिम संसदमा उहाँ सांसद् हुनुभयो ।

महिलालाई दोस्रो दर्जाको स्थान दिइने र उनीहरूलाई सम्पत्तिमा समान अधिकार नहुने हुनाले बुबाले पैसा दिए मात्र पढ्न पाउने, नदिए पढ्न नपाउने कुरा महसुस भएपछि महिलालाई पनि सम्पत्तिमा समान अधिकार हुनुपर्ने रहेछ भन्ने सरलालाई लाग्यो । बुबाले छोरीलाई दयामाया गरेन र छोरीले परिवारले चाहेअनुसारको बाटोमा

नहिँडेर आफूले रोजेको बाटोमा स्वतन्त्र भएर हिँड्न चाहे पछि कस्तो बिध्न बाधा सहनुपर्दो रहेछ भन्ने कुरा पनि उहाँले बुझ्नु भयो । 'आफ्नै परिवार, बुबाआमा पनि महिलाका लागि अगाडि बढ्न नदिने अवरोध बन्दोरहेछ ।' भन्ने पनि उहाँलाई अनुभूति भयो । त्यसैले परिवार र समाजको संरचना पनि महिलाविरूद्ध छ भन्ने कुरालाई सरलाले राम्ररी बुझ्ने र मनन गर्ने मौका पाउनुभयो र 'महिलाको प्रगतिको विपक्षमा रहेको पारिवारिक संरचना ठीक नभएको' भन्ने पनि उहाँलाई लाग्यो । तर, बिडम्बना पार्टीमा लागेपछि उहाँले त्यहाँ समेत धेरैको उही परम्परावादी सोच पाउनुभयो । त्यही सोचका कारण उहाँका धेरै साथीहरूले उहाँलाई बेलाबेलामा भन्थे, 'महिला भएकोले विवाह नगरीकन तपाई केही गर्नै सक्नुहुन्न ।' यो सुनेर उहाँलाई अचम्म लाग्थ्यो ।

विवाहपछि महिलाले राजनीति छोडेर सासुससुरालाई हेरेर बस्नु पर्छ भन्ने सोच धेरै पुरूषहरूमा रहेछ भन्ने पनि उहाँले पाउनुभयो । तर, उहाँले भने बिहेपछि र बच्चाबच्ची जन्माएपछि पनि महिलाले राजनीति गर्न सक्छन् भन्ने कुरा प्रमाणित गरेर देखाउनुभयो । यति मात्र होइन, महिलाले बन्दुक बोकेर पनि लड्न सक्छन् र परिआएमा तराईका महिला पहाडमा तथा पहाडका महिला तराईमा र पूर्वका पश्चिममा र पश्चिमका पूर्वमा गएर काम गर्न सक्छन् । साथै महिलाहरूले पार्टीका महत्वपूर्ण जिम्मेवारीहरू लिएर पार्टी र भातृ सङ्गठनहरू पनि सम्हाल्न सक्छन् भनेर पनि प्रमाणित गरेर देखाइ दिनुभयो । सरला २०५४ सालमा बाँके र बर्दियाको सचिव भएर पार्टी कै पहिलो महिला सचिव बन्नुभयो । सोही वर्ष उहाँले विद्यार्थी सङ्गठनको तत्कालीन केन्द्रिय कोषाध्यक्ष ज्ञाम प्रसाद चालिसेसँग विवाह गर्नुभयो । बिहे गरेको दुई वर्षपछि उहाँहरूको छोरा ओजोन शर्मा जन्मिएको थियो । तर, २०५८ साल मङ्सीर २६ गते ज्ञाम प्रसादलाई सेनाले पक्राउ गरी ब्यारेकमा लगेर माघ २८ गते हत्या गऱ्यो । सरलाले २०६३ सालमा गुणराज लोहनीसँग दोस्रो विवाह गर्नुभयो । गुणराजको श्रीमती २०५९ सालमा सेनाबाट मारिनु भएको थियो र उहाँको पहिलो श्रीमतीबाट दुईजना बच्चाहरू छन् ।

सरला संविधानसभा अन्तर्गतको संवैधानिक समिति र व्यवस्थापिका संसद अन्तर्गतको लेखा समितिमा सदस्य हुनुहुन्छ । तर उहाँले समितिमा उठाएका मुद्दाहरूले स्थान नपाएको र ती कार्यान्वयन नभएको बताउनुहुन्छ । उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ, 'मुद्दा उठाउँदा पनि ती विषयहरू हावामा कावा खाए जस्तै उडिरहेका छन् । अहिले पनि २०४७ सालतिरको पुराना तौरतरिकाले संविधानसभा अगाडि बढेको देखिन्छ ।'

जीवनलाई सङ्घर्षको रूपमा लिनुहुने सरला राजनीतिक जीवनमा जतिसुकै असफलता हात लागे पनि महिलाहरूले हरेस खान नहुने र राजनीतिमा निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सन्ध्यादेवी देव |
| ठेगाना स्थायी | : ज्योतिनगर, बसपार्क टोल, नेपालगञ्ज नपा-५, बाँके |
| अस्थायी | : शङ्खमूल, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०८१-५५१४४४, ९७४११५४६३० (मो.) |
| जन्म मिति | : २०२२/१/११ |
| जन्म स्थान | : कुम्हारन टोल, नेपालगञ्ज-९, बाँके |
| आमाको नाम | : पुष्पादेवी गुप्ता |
| बुबाको नाम | : रामविलास गुप्ता |
| श्रीमान्को नाम | : रणधीरकुमार देव |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# ठाउँमा पुग्ने सपना सबैको हुन्छ

मधेसी, मुस्लिम, जनजाति, तथा थारू समुदायमाथि भएका विभेद, अन्याय विरूद्ध केही गर्नुपर्छ भन्ने भावनाले सन्ध्यादेवी देवलाई राजनीतिमा डोऱ्यायो । २०२२ सालमा बाँके, नेपालगञ्ज-९, कुम्हारन टोलमा आमा पुष्पादेवी गुप्ता तथा बुबा रामविलास गुप्ताको पाँचौं छोरीका रूपमा उहाँ जन्मिनु भएको हो । उहाँ मधेसी थारू समुदायका विरूद्धमा गरिने हिंसा, अपमानजनक व्यवहार, हेपाहा प्रवृत्तिजस्ता कुराको अन्त हुनुपर्ने बताउनुहुन्छ ।

सन्ध्यादेवीलाई मधेसी समुदायलाई न्याय दिलाउने मूल जरो राजनीति हो भन्ने लागेपछि उहाँले राजनीतिमा प्रवेश गर्ने बाटोको खोजी गर्न थाल्नुभयो । उहाँका जेठाजु सुधिर देव राजनीतिमा सक्रिय हुनुहुन्थ्यो भने श्रीमान् रणधीर कुमार देवलाई राजनीतिमा रूचि थिएन । यद्यपि उहाँले श्रीमान्को भरपुर सहयोग पाउनुभयो । २०५४ सालको स्थानीय निकायको चुनावमा उहाँ वडाको महिला सदस्य पदमा स्वतन्त्र उम्मेद्वार बन्नुभयो, तर चुनावमा उहाँको जीत भएन । नेपाली काङ्ग्रेसको सदस्य भए पनि टिकट नदिएकामा आक्रोशित सन्ध्यादेवी भन्नुहुन्छ, 'पार्टीले झोला बोकाउने तर टिकट नदिने प्रवृत्ति मधेसीलाई गरिएको विभेद नै हो ।'

सन्ध्यादेवीले यही कारण नेपाली काङ्ग्रेस पार्टी परित्याग गरेर नेपाल समता पार्टीमा प्रवेश गर्नुभयो । २०५२ सालमै उहाँ नेपाल समता पार्टीको केन्द्रीय राष्ट्रिय पार्षद हुनुभयो र उहाँले २०५९ सम्म यो पद सम्हाल्नु भयो । समता पार्टीका अध्यक्ष नारायणसिंह पुनको आकस्मिक मृत्यु भएपछि समता पार्टी अगाडि बढ्न सकेन । २०६१ सालमा मधेसी जनाधिकार फोरम नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव नेपालगञ्ज पुग्नुभएको थियो । उहाँ भन्नुहुन्छ, 'उपेन्द्र यादवले हामीलाई बोलाउनु भयो र मधेसको मुद्दामा लड्नका लागि हाम्रो सहयोग माग्नुभयो । त्यसपछि म मधेसी जनाधिकार फोरम नेपालमा आबद्ध भएर काम गर्न थाले ।' २०६१ सालमा मधेसी जनअधिकार फोरम नेपालको केन्द्रीय सदस्य बन्नुभएकी सन्ध्यादेवी २०६१ सालमै केन्द्रीय महिला विभागको अध्यक्ष बन्नुभएको

थियो । हाल उहाँ मधेसी जनाधिकार फोरम (गणतान्त्रिक) को केन्द्रीय सचिव र केन्द्रीय महिला विभागको सङ्गठन प्रमुख हुनुहुन्छ ।

जनआन्दोलनपछि मधेसी तथा मुस्लिम समुदायको हक अधिकार स्थापित गर्न सकिन्छ भनेर लाग्नुभएकी सन्ध्यादेवीले मधेस आन्दोलनका क्रममा पटक-पटक पुलिसको कुटाइ खानुभएको थियो । स्थानीय ब्रस उद्योग र व्यापार चलाउँदै आउनुभएकी सन्ध्यादेवी संविधानसभामा सभासद् भएर जनप्रतिनिधि हुन पाएकामा 'ठाउँमा पुग्ने सपना सबैको हुन्छ' भन्नुहुन्छ । आफू राजनीतिमा लागेपछि आफ्नो क्षेत्रमा धेरै परिवर्तन भएको, हाल संलग्न पार्टीले उचित मूल्याङ्कन गरेको उहाँको ठम्याइ छ ।

सन्ध्यादेवी संविधानसभा अन्तर्गतको जनमत सङ्कलन तथा समन्वय समितिमा सदस्य हुनुहुन्छ । साथै व्यवस्थापिका संसद अन्तर्गतको महिला, बालबालिका र समाजकल्याण समितिको सभापति हुनुहुन्छ । उहाँले आफू संलग्न समितिमा मुस्लिम, अल्पसङ्ख्यक तथा महिलालाई समानुपातिक मात्र होइन प्रत्यक्षरूपमा हरेक निकायमा संलग्न गराइनुपर्ने, आरक्षणको व्यवस्था गरिनुपर्ने, मुस्लिम कानुनलाई वैधानिकता दिइनुपर्नेलगायतका विषयवस्तु उठाउनुभएको छ ।

महिला, बालबालिका र समाजकल्याण समितिका सभापति सन्ध्यादेवीले अन्य सभासद्ले उठाएका मुद्दालाई मस्यौदा प्रतिवेदनमा समावेश गर्न पाएकामा सन्तुष्टि व्यक्त गर्नुहुन्छ । समितिको सभापति भएका कारण समितिमा आफ्नो मत भने राख्न नपाइएको उहाँ बताउनुहुन्छ । समितिले पत्रकार उमा सिंहको हत्या सम्बन्धी मुद्दा, प्रहरी सुन्तली धामीको बलात्कारको मुद्दा तथा बोक्सीको आरोपमा कल्ली कुमारी विकलाई अमानवीय व्यवहार गरिएका मुद्दालाई राष्ट्रियस्तरमा उठाएर पीडकलाई कारबाही गराउन सकिएकामा सन्ध्यादेवी सन्तुष्टि व्यक्त गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हाम्रो देश तीन भू-भागमा बाँडिएको छ । हिमालमा बस्ने मान्छेहरूले हामी हिमाली हौँ भन्छन्, पहाडमा बस्नेले पहाडी र तराईमा बस्नेले मधेसी । तर खास हामी सबै नेपाली हौँ । यो कुराको मनन कसैले गर्दैन । सबै ठाउँको समान विकास भएमा मात्र नयाँ नेपाल बन्छ जस्तो मलाई लाग्छ । अब बन्ने संविधानमा यो कुरा सुनिश्चित गर्नुपर्छ ।'

संविधानसभामा आफ्नो भूमिका तथा योगदान 'धेरै रह्यो' भन्ने लाग्छ सन्ध्यादेवीलाई । मधेसी समुदाय देशमा बढी नै पीडित भएका कारण संविधानको बढी जरूरत मधेसीलाई रहेको उहाँको धारणा छ । आफ्नो समुदायका कुरा राख्न पाएकामा उहाँ खुशी भए पनि संविधानसभाभित्रको उहाँको अनुभव भने त्यति सुखद छैन । उहाँको कथन छ, 'एक अर्काबीच खिचलो बाहेक केही छैन । जनतालाई अन्धकारमा राख्ने, खिचलोमा पार्ने, साना दललाई वास्ता नगर्ने प्रवृत्ति छ ।'

सन्ध्यादेवी आफ्नो राजनीतिक जीवन 'राम्रै भइरहेछ' भन्नुहुन्छ । आफूले राजनीति गर्नुको उद्देश्य नै मधेसी समुदायले आउँदा दिनमा दुःख, कष्ट, विभेद भोग्न नपरोस्, कसैको गुलामी गर्न नपरोस् भन्ने रहेकाले भविष्यमा पनि राजनीतिक क्षेत्रलाई निरन्तरता दिने सोच उहाँले बनाउनुभएको छ । सम्पूर्ण नीति निर्माण तहमा महिलाको

पहुँच हुनुपर्ने धारणा राख्ने सन्ध्यादेवीले महिला भएकै कारण राजनीतिमा अप्ठेरो महसुस गर्नुभएको छैन । उहाँ अबको आफ्नो राजनीतिक उद्देश्य 'सम्पूर्ण जनतालाई समान अधिकार तथा महिलालाई अंश र वंश दुबैमा अधिकार हो' भन्नुहुन्छ ।


MIRROR ARE CLOSER
THEY APPEAR

**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सरला यादव |
| ठेगाना स्थायी | : पिप्रा रजबाडा-१, लौकाहा, रौतहट |
| अस्थायी | : एकान्तकुना, ललितपुर-१३ |
| सम्पर्क ठेगाना | : ०१-५५३९४९२ (नि), ९८४५०३७३८९, ९८४१९७६१३१ (मो) |
| जन्म मिति | : २०२२/९/२ |
| जन्म स्थान | : भाडसर गाविस-४, सर्लाही |
| आमाको नाम | : शान्तीदेवी यादव |
| बुबाको नाम | : स्व. रामवरण यादव |
| श्रीमान्को नाम | : नरेशप्रसाद यादव |
| शिक्षा | : स्नातक |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# राजनीतिमा हरेस खानु हुँदैन

शिक्षण पेशाबाट राजनीतिमा प्रवेश गर्नुभएकी सरला यादव समाज सेवामा पनि उत्तिकै परिचित हुनुहुन्छ । राष्ट्रसेवक कर्मचारीको परिवारमा जन्मे पनि राजनीतिक रूपमा सचेत परिवारमा वैवाहिक सम्बन्ध स्थापित भएकाले उहाँले राजनीतिमा लाग्दा पारिवारिक अवरोध झेल्नु परेन । उहाँ शिक्षण पेशामा आबद्ध हुनुका साथै राजनीतिक रूपमा पनि सचेत भएकाले महिलालाई आफ्ना अधिकारका लागि सचेत बनाउने र उनीहरूलाई राजनीतिमा सहभागी गराउनु पर्छ भन्ने सोच पनि उहाँमा थियो ।

सरलाका ससुरा रामदेवप्रसाद यादव नेकपा (एमाले) बाट गाविस अध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँका श्रीमान् लगायतका परिवारका सदस्यहरू पनि एमाले समर्थक हुनुहुन्छ । परिवार शिक्षित भएकोले उहाँले सहजरूपमा शिक्षा प्राप्त गर्ने अवसर पाउनुभयो । २०३९ सालमा नरेन्द्रप्रसाद यादवसँग वैवाहिक बन्धनमा बाँधिनुभएकी सरला २ छोरी र १ छोराका आमा हुनुहुन्छ ।

सरलाले २०५० सालदेखि राजनीतिक जीवन सुरु गर्नुभयो । प्रारम्भदेखि नै उहाँले वामपन्थी राजनीतितर्फ आकर्षित भई सोही बमोजिम आफूलाई अगाडि बढाउनुभयो । २०५८ साल मङ्सिर १९ गते तत्कालीन नेकपा (माओवादी)द्वारा उहाँको ससुराको हत्या भयो । उहाँका अनुसार त्यस घटनाले गाउँलाई नै आतङ्कित बनाउनुका साथै सम्पूर्ण परिवारलाई काठमाण्डौं विस्थापित हुन बाध्य गरायो । तत्कालीन परिस्थितिमा सुरक्षाको समस्याले गर्दा गाउँमा बसेर राजनीति गर्ने अवस्था उहाँले देख्नुभएन । त्यसबखत माओवादीले गाउँमा आफ्नो पकड बलियो बनाउन चाहेकैले गाउँमा लोकप्रियता कमाएका नेता तथा उहाँका ससुरा रामदेवप्रसाद यादवको हत्या भएको उहाँको बुझाइ छ । ससुराको हत्याको दुःखद घटनाले राजनीतिमा अझ सक्रिय हुन प्रेरणा मिलेको सरला बताउनुहुन्छ ।

२०५० देखि वामपन्थी राजनीति प्रति झुकाव बढेपछि सक्रिय राजनीतिमा लाग्नुभएकी सरलाले पार्टीको विभिन्न जिम्मेवारी सम्हाल्ने मौका पाउनुभयो । २०५७ सालमा उहाँ नेकपा (एमाले) रौतहट काठमाण्डौं क्षेत्रीय सम्पर्क मञ्चको सदस्य बन्नुभयो । उहाँ २०५८ सालमा सोही मञ्चको महिला इन्चार्ज हुनुभयो । उहाँले २०६४ सालमा अखिल नेपाल महिला सङ्घको केन्द्रीय सदस्य तथा रौतहट जिल्ला इन्चार्जको भूमिका पनि निर्वाह गर्नुभयो । सरलाले २०६५ देखि हालसम्म नेकपा (एमाले) रौतहट जिल्ला कमिटी सदस्य, १३ नं. इलाका इन्चार्ज तथा अनेमसङ्घ केन्द्रीय प्रशिक्षण विभागको सचिवको भूमिका पनि निर्वाह गरिरहनुभएको छ ।

पार्टीले दिएको जिम्मेवारी निभाउने क्रममा, गाउँका महिलाहरूलाई पार्टीको नीति र सिद्धान्तअनुसार प्रशिक्षण दिएर आवश्यकता अनुसार उनीहरूलाई परिचालन गर्नु सरलाको प्रमुख जिम्मेवारी थियो । उहाँको बुझाइमा तराईका महिलाहरू पार्टीलाई समर्थन गर्ने तर सङ्गठित हुन नचाहने हुँदा उनीहरूलाई सङ्गठित गर्ने कार्य आफैँमा चुनौतीपूर्ण र कठिन छ । २०६२/६३ को जनआन्दोलनमा सम्पर्क मञ्चलाई परिचालन गर्दै उहाँ जनआन्दोलनमा सहभागी हुनुभयो ।

राजनीतिक क्षेत्रमा निरन्तर अगाडि बढ्ने क्रममा सरलाले संविधानसभामा प्रतिनिधित्व गर्ने अवसर पाउनुभयो । उहाँ हाल संविधानसभा अन्तर्गत क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति तथा व्यवस्थापिका संसद् अन्तर्गतको राज्य व्यवस्था समितिको सदस्य हुनुहुन्छ । उहाँले महिला आयोगलाई अधिकार सम्पन्न संवैधानिक आयोग बनाउनुपर्ने, मधेसी महिलाको समावेशी समानुपातिक सहभागिता सुनिश्चित गराउनुपर्ने तथा नागरिकता वितरणलाई सरल एवम् व्यवस्थित बनाउनुपर्ने विषयमा निरन्तर आवाज उठाइरहनुभएको छ । सरलाकुमारीको विचारमा संविधानसभाबाट नेपाली महिलाहरूले धेरै अपेक्षा गरेका छन् । तर संविधानसभामा महिलाका मुद्दाले खासै प्राथमिकता पाउन सकेका छैनन् ।

कानुनमा महिला पुरुष समान भए पनि व्यवहारमा त्यो हुन नसकेको उहाँको अनुभव छ । महिलाका आफ्नै विशेषता र समस्याहरू हुने भएकाले महिला र पुरुषबीचको व्यवहारमा फरक अनुभूति हुनुलाई उहाँ स्वाभाविक मान्नुहुन्छ । तर, नेतृत्वमा अधिकांश पुरुषहरू भएकाले र महिलालाई कमजोर ठान्ने र महिलाले नेतृत्व नै गर्न सक्दैनन् भन्ने प्रवृत्ति भएकाले र कुनै पनि महत्वपूर्ण कुराहरू पुरुष नेताले नै बोल्नुपर्छ भन्ने सोचले गर्दा राजनीतिमा महिलाहरू पछाडि परेको उहाँको बुझाइ छ । सरला महिलामैत्री संविधान बनाउन महिला पुरुषको साझेदारी आवश्यक रहेको बताउनुहुन्छ । त्यस्तै सबै दलका महिला संविधानसभा सदस्यहरूबीच एकता आवश्यक भएको औँल्याउँदै उहाँ भन्नुहुन्छ, 'महिलाका विभिन्न मुद्दालाई साझा मुद्दा बनाउन र साझा मुद्दाको रूपमा संविधानसभालगायत सरोकारवाला निकायमा उठाउन तथा महिलामैत्री संविधान निर्माण गर्नका लागि दबाब सिर्जना गर्ने उद्देश्यले संविधानसभामा महिला ककसको गठन भएको छ । अब यसलाई सबै मिलेर सक्रिय बनाउनुपर्छ ।'

नयाँ संविधानमा विभिन्न क्षेत्र, वर्ग र समुदायको अधिकार सुनिश्चित हुनुपर्ने उहाँको मान्यता छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभामा प्रस्तुत भएका प्रतिवेदनहरू आफैँमा उपलब्धिपूर्ण छन् । तर, त्यसलाई व्यवहारमा सही ढङ्गले प्रयोग गर्ने वातावरण अझै सृजना हुन सकेको छैन । त्यो नभएसम्म जनताले अधिकारको उपभोग गर्न पाउँदैनन् ।' त्यस्तै संविधान निर्माण प्रक्रियामा समयको पालना हुन नसकेको र उपलब्ध समयमा पनि एजेण्डाभन्दा बाहिर

गई छलफल गर्ने प्रवृत्ति रहेको उहाँले अनुभव गर्नुभएको छ । उहाँ संविधानसभामा प्रक्रियागत रूपमा आफ्ना भनाइहरू राख्न समय नै नपुग्ने समस्या औँल्याउँदै संविधानसभामा हतारमा काम गर्ने र समय खेर फाल्ने प्रवृत्तिको विकास भएको बताउनुहुन्छ । सरला जनमत सङ्कलनका लागि रौतहट जिल्लाका २१, बारा जिल्लाका १० र पर्सा जिल्लाका ८ वटा गाविसमा पुग्नुभयो ।

संविधान निर्माण कार्यमा आफू सक्रिय भएर लागे पनि समयमा नै संविधान बन्न नसकेकामा सरलालाई दुःख लागेको छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाका कामहरू लगभग ८० प्रतिशत पूरा भएका छन् । प्रतिवेदन तयार गर्ने, संविधानसभामा प्रस्तुत गर्ने तथा त्यसमाथि छलफल गर्ने कामहरू सम्पन्न भएको छ । तर, संविधानका केही विषयहरूमा दलहरूबीच सहमति नभएका कारण संविधान निर्माण प्रक्रिया अगाडि बढ्न नसकेको हो । संविधानसभाले दिएको जिम्मेवारी पूरा गर्न हामीले कुनै कञ्जुस्याइँ गरेका छैनौं ।'

सुरुमा संविधासभाभित्र प्रवेश गर्दा ठूलो जिम्मेवारी पाएको र संविधान निर्माण कार्य सहजै हुन्छ भन्ने लागेको भए पनि वास्तविकता फरक रहेको सरलाले अनुभव गर्नुभएको छ । तर, संविधान निर्माण कार्यलाई जुनसुकै हालतमा पनि सफल बनाउनुपर्छ र यसका लागि दल र नेताहरूबीच समन्वय हुनुपर्छ । साथै अहिलको मुद्दा भनेको सरकार बनाउनेतिर नभइ संविधान बनाउने हुनुपर्छ भन्ने उहाँको धारणा छ ।

सरलाको विचारमा राजनीति एउटा वैचारिक कार्य हो । एउटा राजनीतिक कार्यकर्ताले राजनीतिक जिम्मेवारीहरू पूरा गर्ने क्रममा धेरै सहज र असहज परिस्थितिहरूको सामना गर्नुपर्ने हुन्छ । आफ्नो राजनीतिक अनुभवका आधारमा उहाँ भन्नुहुन्छ, 'जीवन एउटा नाटक हो, त्यसलाई कस्तो बनाउने भन्ने कुरा प्रमुखरूपमा आफैँमा निर्भर रहन्छ । युवापुस्ता नै समाज परिवर्तनका संवाहक भएकाले राजनीतिमा अत्याधिक युवा सहभागी हुनुपर्छ ।' यसका साथै राजनीति आफैँमा कठिन कार्य भएकाले निकै धैर्य चाहिन्छ । राजनीतिमा हरेस खानु हुँदैन र निरन्तर लागिरहँदा एक दिन अवश्य सफल भइन्छ भन्ने विचार सरला व्यक्त गर्नुहुन्छ । उहाँ अगाडि भन्नुहुन्छ, 'राजनीति मेरो रूचिको विषय भएकाले संविधान लेखन कार्य समाप्त भएपछि पनि मेरो संलग्नता राजनीति र समाज सेवामा नै रहनेछ ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | सपना प्रधान मल्ल |
| ठेगाना स्थायी | : | नवलपरासी, नारायणी |
| अस्थायी | : | थापाथली, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९८५१०२३६३०(मो), ४२२३५५३ (घर) |
| इमेल | : | sapana12@live.com |
| जन्म मिति | : | २०२०/७/२९ |
| जन्म स्थान | : | रामग्राम नगरपालिका-६, नवलपरासी |
| आमाको नाम | : | राधा प्रधान |
| बुबाको नाम | : | गोविन्दबहादुर प्रधान |
| श्रीमान्को नाम | : | अशोकबहादुर मल्ल |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# समानता, सुशासन र लोकतन्त्रका लागि राजनीति

सपना प्रधान मल्ल महिला न्याय र सामाजिक आन्दोलनको क्षेत्रमा धेरैले चिनेको नाम हो । लामो समय अधिकारकर्मीका रूपमा क्रियाशील उहाँको परिचय झण्डै तीन वर्ष यता संविधानसभाको सदस्यको रूपमा अझ फराकिलो भएको छ ।

सिभिल इन्जिनियर बन्छु भनेर माध्यमिक तहमा ऐच्छिक गणित लिएर पढ्नु भएकी सपनालाई समयको आवश्यकताले इन्जिनियर त बनायो तर सामाजिक र कानुनी क्षेत्रको । जातीय, लैङ्गिक र अरू आधारमा समाजमा भएका विभेदले उहाँलाई सामाजिक न्यायको लागि काम गर्न प्रेरित गऱ्यो र उहाँ कानुनको क्षेत्रमा आकर्षित हुनुभयो । त्यसमा पनि असमानतालाई निरन्तरता दिने र कुनै लिङ्ग, जाति तथा वर्गलाई वहिष्करण गर्ने कानुनलाई परिवर्तन गर्न उहाँले कानुनी रूपमै लडाई लड्नु भयो । छोरीलाई छोरा सरह पैतृक सम्पत्तिमा समान अधिकार हुनुपर्ने, वैवाहिक बलात्कारले अपराधीकरणको मान्यता पाउनुपर्ने माग गर्दै सहकर्मीहरूको साथ लिएर उहाँले अदालतको ढोका घच्घच्याउनुभयो ।

दिल्ली युनिभर्सिटीबाट एलएलएम गरेर फर्केपछि उहाँले सुरूमा कर्पोरेट कानुनको अभ्यास गर्नुभएको थियो । जतिबेला उहाँ कानुनी पेशामा लाग्नुभयो, त्यो बेला कानुन व्यवसायी पनि महिला हुन सक्छन् र ? भन्ने सामाजिक सोचाइ बलियो थियो । त्यसैले उहाँले पहिले त पुरूष सरह महिलाले बहस गर्न सक्दैनन् भन्ने सोचलाई चुनौति दिनुपऱ्यो र त्यसमा उहाँ सफल पनि हुनुभयो । काम गर्दै जाँदा महिलालाई विभेद गर्ने १०० वटा भन्दा बढी कानुनहरू विद्यमान रहेको उहाँले पाउनुभयो । त्यसैले ती कानुनहरूलाई परिवर्तन गर्ने अभियानमा लाग्ने उद्देश्यले उहाँले सन् १९९५ मा महिला अधिकारवादी गैरसरकारी संस्था 'महिला कानुन र विकास मञ्च (एफडब्लुएलडी)' को स्थापना गर्नुभयो ।

महिला अधिकारको लडाइँ लड्दा सपनाले महिलालाई बिगार्ने, घरपरिवार र धर्म विगार्ने, सामाजिक संरचना भत्काउने जस्ता विभिन्न आरोपका साथमा मानसिक यातना र धम्की समेत खेप्नु भयो । तर, ती सबैलाई झेल्दै उहाँ न्याय र अधिकारका लागि निरन्तर लडिरहनु भयो । तसर्थ, महिला अधिकार र मानव अधिकारको क्षेत्रमा उहाँले दिनुभएको योगदानलाई कदर गर्दै एमालेले उहाँलाई संविधानसभामा समानुपातिकका तर्फबाट प्रतिनिधित्व गरायो ।

सामाजिक आन्दोलनमा लागिरहेको एकजना अधिकारकर्मीलाई संविधानसभामा आउन के कुराले डोऱ्यायो भन्ने सम्बन्धमा उहाँ भन्नुहुन्छ, 'नयाँ संविधान बन्न लागेको यो समय समानता, सुशासन र लोकतन्त्रको आवाज उठाउने एउटा सुवर्ण अवसर हो भनेर एमालेले राखेको प्रस्ताव स्वीकारें ।' सपना सामाजिक क्षेत्रमा संलग्न हुनु भए पनि उहाँको माइती पट्टिको पारिवारिक पृष्ठभूमि राजनीतिक थियो । उहाँको बुबा नेपाली काङ्ग्रेसको प्रजातन्त्र सेनानी हुनुहुन्थ्यो । उहाँले २००७ सालमा जेल तोड्न र प्रजातन्त्र ल्याउन सक्रिय भूमिका निभाउनु भएको थियो । सपनाको आमा पनि काङ्ग्रेसमा सक्रिय हुनुहुन्थ्यो । कान्छा बुबा मदनबहादुर प्रधान धेरै पटक सांसद् र मन्त्री भइसक्नु भएको छ । यस्तै उहाँका दाजुहरू राप्रपामा हुनुहुन्छ । तर, श्रीमान्को घरतर्फ सक्रिय राजनीतिमा कोही छैनन् । सपनाका अनुसार सक्रिय राजनीतिमा नलागे पनि कलेज जीवनदेखि नै उहाँ वामपन्थी विचारधाराबाट प्रभावित हुनुहुन्थ्यो ।

उहाँले संविधानसभामा लैङ्गिक समानता र महिला अधिकारको दृष्टिकोणले विभिन्न कानुनहरू संसोधन गर्न प्रस्ताव राख्नुभएको छ । व्यवस्थापिका संसदको समितिभित्र महिला समिति राख्न र अपाङ्गता सम्बन्धी महासन्धि अनुमोदन गराउन पनि उहाँ सक्रिय रहनु भयो । संवैधानिक समितिमा मतदानको बेला उहाँले महिला अधिकारको विषयमा अडान लिएर फरक मत राख्नुभयो जुन कुरा पार्टीको लाइनभन्दा फरक थियो । त्यसरी नै राजनीतिक दलमा समानुपातिक सहभागिता हुनुहुँदैन भन्ने प्रस्ताव जाँदा उहाँले त्यसमा पनि फरक मत राखेर हस्ताक्षर गर्नुभएन । सुरूमा संविधानको प्रस्तावनामा अन्याय र विभेदको कारण सामन्तवादी सोच र केन्द्रिकृत राज्य प्रणाली भन्ने लेखिएको थियो तर उहाँले 'महिला माथि हुने विभेदको कारण पितृसत्तात्मक सोच हो' भनेर उठाएपछि अहिले प्रस्तावनामा त्यो हुबहु परेको छ ।

महिलाको मुद्दाको कुरा गर्दा अधिकांश समयमा महिला सदस्यहरू एक भएरै अघि बढेको सपनाको भनाइ छ । उहाँका अनुसार संविधानसभाको महिला सदस्यहरूको समूह महिला ककसको स्थापना भएपछि यसले केही हदसम्म महिला सदस्य बीच सम्पर्क सेतुको काम गरेको छ । महिलाहरूका आवाज सङ्गठित गरी उनीहरूका मुद्दा रणनीतिक ढङ्गले प्रस्तुत गर्न र संविधानसभाका सबै प्रक्रिया लैङ्गिक संवेदनशील बनाउन केही हदसम्म यसले काम गरेको छ । सुरूमा महिला ककस गठन गर्दा खासगरी पुरूष सदस्यहरूसँग द्वन्द्वको स्थिति भए पनि उनीहरूसँगको निरन्तर वार्ता र दबाब पछि अहिले ककसलाई काम गर्ने वातावरण मिलेको छ । तर, ककसले महिलाका कतिपय छुटेका मुद्दाहरूको पहिचान गरी संविधानसभासम्म पुऱ्याए पनि अझै ककस प्रभावकारी हुन नसकेको र यो लोकतान्त्रिक प्रक्रियाबाट नआई तदर्थ समितिको रूपमा आएको उहाँको भनाइ छ ।

संविधानसभाभित्रको निर्णय प्रक्रियामा महिलालाई वहिष्करणमा पार्ने प्रवृत्ति रहेको सपनाको अनुभवले बोल्छ । तर उहाँ पहिलेदेखि नै चिनिएको अनुहार भएकोले संविधानसभा सदस्यका रूपमा उहाँले चाहेको सूचना प्राप्त

गर्न र आफ्ना भनाइहरू राख्न उहाँलाई खासै अप्ठेरो छैन । उहाँको भनाइमा, संविधानसभामा महिलाले बोलेको कुरालाई पुरूषहरूले गम्भीर रूपमा लिदैँ नलिने त होइन, तर महिलाका मुद्दा उठ्ने साथ अक्सर शान्ति प्रक्रियामा असर पर्ला भनेर महिलालाई चुप बस्न लगाइन्छ । र, महिलाका मुद्दाले क्षेत्रीय मुद्दा जतिको पनि प्राथमिकता पाउँदैन । यसो हुनुमा महिला सदस्यहरू बीच महिलाका मुद्दामा एकिकृत भएर हिँड्न सक्ने क्षमता र रणनीतिको अभाव रहेकोले पनि हो भन्ने उहाँको धारणा छ ।

संविधानसभामा राष्ट्रिय मुद्दामा बोल्ने विषयलाई लिएर महिलालाई मात्र होइन पुरूषहरूभित्रै पनि विभेद रहेको सपना बताउनु हुन्छ । उहाँको अनुभवमा त्यहाँ पुरूषहरूमध्ये पनि दलको नेता भयो भने मात्र बोल्नका लागि प्राथमिकतामा पर्ने अभ्यास छ । व्यक्तिगत रूपमा माग गरे आफूले राष्ट्रिय मुद्दाहरूमा समेत बोल्न पाउने अवस्था रहे पनि सबै महिलाले समान ढङ्गले बोल्न पाउने अवस्था भने त्यहाँ नरहेको उहाँको भनाइ छ । संविधानसभाभित्र ओहदा अनुसार बोल्न दिइने भएकोले यस्तो अवस्था सिर्जना भएको हो, जुन लोकतान्त्रिक मान्यता र संसदीय अभ्यास विपरित रहेको उहाँको ठहर छ ।

आफ्नो पेशालाई केही समय पर सारेर आफ्नो पूर्ण समय संविधानसभालाई दिन्छु भनेर सपना संविधानसभामा आउनु भएको हो । तर आफूले सोचजति योगदान दिन नसकेको उहाँलाई अनुभव भएको छ । यसो हुनुमा एकातिर राजनीतिक अस्थिरता बाधकका रूपमा आएको छ भने अर्कोतिर राजनीतिक दलका पुरूष नेताहरू मात्र निर्णय प्रक्रियामा संलग्न हुने प्रवृत्ति पनि जिम्मेवार छ । संविधानसभाको उहाँको अनुभव खुशी र पीडा दुबैले भरिएका छन् । जस्तो गणतन्त्र घोषणा हुँदा, घरेलु हिंसा सम्बन्धी विधेयक पास हुँदा उहाँ धेरै नै खुसी हुनुभएको थियो भने शक्ति भागबण्डाको राजनीतिले गर्दा संविधान निर्माण प्रक्रिया अघि नबढ्दा र जनताको आक्रोश सामना गर्नु पर्दा उहाँलाई पीडा हुन्छ । साथै, उहाँले उठाउँदै आउनु भएको समानता, महिला अधिकार र समावेशीको मुद्दालाई कतिपयले एनजिओको आवाज हो भनिदिँदा पनि उहाँलाई साह्रै दुःख लाग्छ ।

राजनीतिक, सामाजिक र पेशागत भूमिका निभाउँदा-निभाउँदै निजी जिन्दगीका लागि समय जोहो गर्न हम्मे परेको छ सपनालाई । संविधानसभा सदस्य भएपछि त काठमाण्डौंमै रहेर पनि परिवारसँग टाढिएको अनुभूति भएको छ उहाँलाई । 'परिवारलाई समय दिनका लागि समय सन्तुलन गर्न चाहँदा-चाहँदै पनि सकेको छैन । बुबा आमा, बच्चा, श्रीमान् र परिवारलाई दिनु पर्ने जति समय दिन सकेको छैन,' उहाँ भन्नुहुन्छ ।

राजनीतिलाई राष्ट्र र राष्ट्रियताका लागि परिदृश्य दिने माध्यमको रूपमा स्थापित गर्दै विकासलाई डोऱ्याउने र ऊर्जा दिने दृष्टिकोणबाट यसलाई अघि बढाउनु पर्ने उहाँको विचार छ । तर नेपालको राजनीति निर्वाचन क्षेत्र र भोट बैंकको राजनीतिबाट बढी सञ्चालित भएको उहाँले महसुस गर्नु भएको छ । त्यसैले भविष्यमा पूर्णरूपमा राजनीतिमा लाग्ने वा नलाग्ने उहाँलाई द्विविधा छ । राजनीतिमा आफ्नो निरन्तरताको विषयलाई लिएर सपना यसरी बिट मार्नुहुन्छ, 'स्वार्थ र शक्ति भागबण्डाको राजनीतिबाट बाहिर निस्केर राजनीति गर्ने वातावरण भएमा मभित्र भविष्यमा पूर्ण रूपमा राजनीति गर्ने चाहना पनि आउन सक्छ ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : सरस्वती चौधरी |
| ठेगाना स्थायी | : बलाहगोठ-५, धनुषा जनकपुर |
| अस्थायी | : गौरीघाट, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४४६२२५१ (घर), ९७४११७५०९४ (मो) |
| जन्म मिति | : २०१६/०३/१३ |
| जन्म स्थान | : जनकपुर-१ |
| आमाको नाम | : लीला देवी ठाकुर |
| बुबाको नाम | : सूर्यकान्त ठाकुर |
| श्रीमान्को नाम | : राम शोवित चौधरी |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिला त सभासदै होइनन् महिला मात्र हो जस्तो गर्छन्

झण्डै साढे तीन दशक राजनीतिमै बिताउनु भएकी सरस्वती चौधरीले संविधानसभा सदस्य बन्नुलाई अकल्पनीय स्थितिको रूपमा लिनु भएको छैन । राजनीतिक क्षेत्रको आफ्नो अनुभव, क्षमता र योगदानका कारणले माथिल्लो पदसम्म पुग्छु भन्ने लागेकोले यो पद छिटो पाएको पनि उहाँ ठान्नुहुन्न ।

प्रहरीका जागिरे बुबा तत्कालीन राजनीतिक पार्टीलाई सहयोग गरेको आरोपमा २०१८ सालमा खोसुवामा परेपछि लेखापढी गर्ने पेशामा लाग्नुभयो र साथसाथै समाजसेवामा पनि सक्रिय रहनुभयो । अहिले त सरस्वतीको सिङ्गो परिवार नै राजनीतिमा संलग्न छ । उहाँकी छोरी तरूणदलको केन्द्रीय पार्षद र श्रीमान् र छोरा काङ्ग्रेसका क्रियाशील सदस्य हुनुहुन्छ ।

२०२९ सालदेखि विद्यार्थी राजनीतिमा संलग्न हुनुभएकी सरस्वती कक्षा ८ देखि नै सक्रिय राजनीतिमा लाग्नुभएको थियो । २०३३ सालमा अन्तरजातीय बिहे गर्नुभएकी सरस्वतीलाई बिहेपछि राजनीतिमा लाग्न माइती र घरबाट कुनै समस्या भएन । तर, मधेसी महिलालाई घुम्टोभित्र राख्ने त्यतिबेलाका समाजमा राजनीति गर्नु त्यति सजिलो थिएन । राजनीतिमा लाग्दा उहाँप्रति समाजको दृष्टिकोण राम्रो रहेन । खासगरी सङ्गठन गर्न जाँदा भोगेका तीता अनुभूतिहरू अहिले पनि उहाँलाई सम्झना आइरहन्छन् । महिलालाई सङ्गठित गर्न खोज्दा हाम्रा महिलालाई बिगार्न लागि भन्ने आरोप लाग्थ्यो ।

२०४६ सालको जनआन्दोलनमा पार्टीको कार्यालय सम्बन्धी सबै काम उहाँले घरबाटै गर्नुभयो । उहाँ आन्दोलनलाई सघाउन बच्चाको किताबमा चिठीपत्र र पम्प्लेट लुकाएर साथी भएका ठाउँसम्म पुऱ्याउने काम गर्नुहुन्थ्यो । आन्दोलनमा पनि सक्रिय रूपले भाग लिनुभयो । आन्दोलनकै क्रममा प्रहरीबाट भाग्न खोज्दा ५ वर्षे माइलो छोराको छतबाट खसेर नाक र खुट्टा भाँचियो तर क्षतिपूर्ति पाउनुभएन । हालसम्म पनि छोराको नाकको हड्डी बाङ्गो भएर स्वास फेर्न गाह्रो हुन्छ ।

राजा ज्ञानेन्द्रले प्रतिनिधिसभालाई विघटन गरी देशको सम्पूर्ण शासनभार आफ्नो हातमा लिएको विरूद्ध आन्दोलन गर्दा पनि सरस्वती पटक–पटक पक्राउमा पर्नुभयो । २०६१ साल वैशाख ८ मा आन्दोलनका क्रममा काठमाण्डौंको चाबहिलमा पक्राउ परेर जाँदा सुकेधारामा प्रहरीको गाडी बिजुलीको खम्बामा ठोकिएपछि करेन्ट लाग्यो । सबै आन्दोलनकारी ज्यान बचाउन भागे । त्यतिबेला आफू पनि बच्न हाम्फाल्दा उहाँको हातखुट्टा भाँचियो र सात हप्तासम्म ओछ्यानमा सुत्नु पऱ्यो । उन्नाइस दिने जनआन्दोलनमा पनि उहाँ सक्रियतापूर्वक लाग्नुभयो । पटक पटक हिरासतमा पर्नुभयो । त्यतिबेलाको सङ्घर्ष र कामको मूल्याङ्कन गरेरै पार्टीले उहाँलाई संविधानसभामा ल्याएको हो भन्ने उहाँको विश्वास छ ।

संविधानसभा मार्फत नयाँ संविधानमा जनताको अधिकार सुनिश्चित गराउँछु भन्ने अठोट लिएर आउनु भएकी सरस्वती आफूले सोचे अनुरूप काम नभएको बताउनुहुन्छ । आफू संलग्न प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति र संविधानसभामा महिला, आदिवासी/जनजाति, मधेसीलगायत पछाडि पारिएका समुदायका मुद्दा उठाइ रहेको बताउनुहुन्छ । उहाँले संविधानसभामा तराई, पहाड र हिमाल, जल, जङ्गल र जमीनलगायतका स्रोतसाधनमा आदिवासी/जनजाति, मधेसी र मुस्लिम महिलाको अधिकार सुनिश्चित हुनुपर्ने कुरा उठाउनु भयो । उहाँले हरेक क्षेत्रमा महिलाको ५० प्रतिशत सहभागिता, दाइजो र घुम्टो प्रथाको उन्मूलन आदि विषयहरूमा पनि बोल्नुभयो । महिलालाई न्याय दिलाउने कुरामा कानुन फितलो भएकोले महिलामाथि हिंसा र विभेद गर्नेहरूलाई दण्डित गर्न कडा कानुन बनाउनुपर्छ भनेर पनि आफ्नो मत राख्नुभयो । तर, आफूले उठाएको सबै मुद्दा मस्यौदा प्रतिवेदनहरूमा नपरेको सरस्वतीको भनाइ छ ।

सरस्वतीलाई मधेस आन्दोलन जायज लागे पनि मधेस आन्दोलनले उठाएको 'एक मधेस एक प्रदेश' को मुद्दाको पक्षमा उहाँ हुनुहुन्न । त्यसैले संविधानसभामा पनि एक मधेस अनेक प्रदेश हुनुपर्छ भनेर उहाँले माग गर्नु भएको थियो । आफ्नै पार्टी र अरू जुनसुकै पार्टीमा पनि तराई मधेसका जनताहरू उपेक्षित भएको सरस्वती ठान्नुहुन्छ । खासगरी नीतिनिर्माणमा तराईका मान्छे पुग्न नसकेको र त्यसमा पनि तराईमा मधेसी महिलाको संख्या नगण्य रहेको उहाँको भनाइ छ ।

सरस्वतीले संविधानसभामा विभिन्न जाति, समुदाय र वर्गका महिला सदस्यहरू बीच एक आपसमा एकताको अभाव देख्नुहुन्छ । मधेस, हिमाल र पहाडका महिला सबै आ आफ्नै ताल र सुरमा रहेको र त्यहाँ कसैले कसैलाई सम्झाउने बुझाउने अवस्था नरहेको अनुभूति उहाँलाई भएको छ । पढेलेखेका महिलाले नपढेकालाई सम्झाउने बुझाउने भन्दा पनि ठट्टामा उडाउने, गाउँका र नपढेका महिला सदस्यले बोल्दा हाँसिदिने जस्तो व्यवहार पनि उहाँले त्यहाँ पाउनुभएको छ ।

संविधानसभामा महिलालाई गरिने व्यवहार भेदभावमुक्त छैन र विभिन्न मुद्दाहरूमा बोल्ने क्रममा महिलाले पुरूष सरह समय नपाउने उहाँको पनि अनुभव छ । उहाँ भन्नुहुन्छ, 'महत्वपूर्ण विषय र राष्ट्रिय मुद्दामा अधिकांश पुरूष नेताले नै बोल्ने गर्छन् । महिला त सभासद् नै हैन, महिला मात्रै हुन् भनेर हेर्छन् । महिलालाई समान इज्जत दिंदैनन् । मर्यादापालकले समेत फरक व्यवहार गर्छन् । जनताले पनि महिलालाई अलि फरक रूपले नै हेर्छन् र समानुपातिक प्रणालीबाट निर्वाचित महिलालाई हेर्ने दृष्टिकोण त झन् फरक छ ।' यद्यपि, संविधानसभाभित्र महिला सदस्यले बोलेका कुरालाई खासगरी उदार विचारका र महिलामाथि सहानुभूति राख्ने केही पुरूष सदस्यहरूले भने सकारात्मक रूपमा लिने गरेको उहाँलाई लाग्छ ।

संविधानसभाभित्रको भौतिक पूर्वाधारहरू पनि चित्तबुझ्दो नभएको सरस्वतीको गुनासो छ । शौचालय फोहोर र गन्हाउने अवस्थाका छन् । ससाना बच्चा हुनेहरूले बच्चा ल्याएर राख्ने ठाउँ छैन । चमेनागृहमा पनि राम्रो र सफा खाना पाइँदैन । उहाँ भन्नुहुन्छ, 'एक जना सभासद्ज्यूले त चमेनागृहको खानेकुरामा किल्ला नै भेट्नुभएको थियो ।' तर, भौतिक पूर्वाधारको अवस्थाले भन्दा पनि संविधान निर्माणका लागि चाहिने पूर्वाधार जुन पार्टी र नेताहरू बीचको सहमति हो, त्यो हुन नसकेकोले बढी चिन्तित हुनुहुन्छ सरस्वती । उहाँ सुनाउनुहुन्छ, 'जे सोचेर आएको थिएँ, त्यो हुन सकेन । संविधान नै समयमा नबनेपछि आफूले गरेको काम पनि नदेखिने हुँदा भविष्यमा जनतालाई के जवाफ दिने भन्ने पीरलोले अहिले देखि नै मलाई सताउँछ । अब त जनता सामु सभासद्को लोगो लगाएर समेत हिँड्न नसक्ने अवस्था आइसकेको छ ।'

संविधान निर्माणका लागि थपिएको एकवर्ष समेत गुज्रिन लागिसकेको छ तर संविधान निर्माण प्रक्रियाले गति लिन नसकेको देख्नुहुने सरस्वती संविधानसभाभित्रको माहोल पनि त्यति उत्साहजनक देख्नु हुन्न । 'संविधानसभामा गयो समयमा बैठक सुरू हुँदैन । बैठक नभएपछि बाहिर बस्यो, क्यान्टिन गयो । कोही निदाइ राखेको हुन्छ । कोही हाइ गरिरहेका हुन्छन्, कोही हाँसिरहेका हुन्छन्, रूलिङ पनि राम्रो हुदैन कहिले त', उहाँ भन्नुहुन्छ, 'संविधानसभा भनेपछि सबै स्ट्याण्डबाई हुनुपर्ने हो ।' संविधान समयमै नबन्नुमा विशेषगरी उहाँ सबै पार्टीका शीर्ष नेताहरूकै दोष देख्नुहुन्छ । 'हामीले त आफ्नो कुरा अवधारणापत्रमा दिइसकेका छौं', भन्नुहुन्छ, 'संविधान नै बन्न नपाएपछि कसरी समेटिन्छन् ती कुरा ?'

संविधानसभाभित्रको सरस्वतीको कतिपय अनुभव अविस्मरणीय रहे । जस्तो, आफै सभासद् भएका बेला बजेट भाषण हुने दिनमा हाउसमा सभासद्हरूबीच सुट्केश हानाहानको दृश्य उहाँले प्रत्यक्ष देख्नुभयो । त्यस अघि उहाँले अरू देशको संसदमा हाउसभित्र गोलीचल्यो, हानाहान भयो भनेर टिभीमा समाचार मात्र हेर्नु भएको थियो । यस्तो घटना सम्झँदा उहाँलाई नराम्रो लाग्छ । त्यही भएर पनि जनताले संविधानसभा सदस्य वा सभासद्लाई हेपेका होलान् भन्ने ठान्नुहुन्छ ।

सरस्वतीले पार्टीको र भ्रातृ सङ्गठनको विभिन्न जिम्मेवारीहरू सम्भाल्नु भएको छ । नेपाली काङ्ग्रेसको जिल्ला कार्यसमिति सदस्य र महाधिवेशन प्रतिनिधि हुनुका साथै महिला सङ्घको सचिव र कार्यवाहक अध्यक्ष भएर पनि काम गर्नुभयो । पार्टीको सांस्कृतिक विभागको केन्द्रीय सदस्य रहनुभएकी सरस्वती हाल महिला सङ्घको केन्द्रीय सहस्य हुनुहुन्छ । राजनीतिको साथसाथै सामाजिक क्षेत्रमा पनि संलग्न सरस्वती रेडक्रस र परिवार नियोजनको आजीवन सदस्य हुनुहुन्छ । उहाँले २०४६/४७ सालदेखि मिथिला हस्तकलाको व्यवसाय पनि थाल्नुभएको छ । उहाँ उद्योग वाणिज्य सङ्घमा तीन पटकसम्म सदस्यमा चुनिनुभयो । रूचिका कारण उहाँ पत्रकारितामा पनि लाग्नुभयो । पत्रकार महासङ्घको जिल्ला सदस्य र कोषाध्यक्ष भइसक्नु भएकी सरस्वती ले 'गामघर' साप्तहिकामा योगदान गर्नुहुन्छ । उहाँको मैथिली साहित्यमा विशेष रूचि छ ।

सरस्वतीले राजनीति गर्न थाल्नु भएको बेलामा समाजले महिलाले के राजनीति बुझ्छन् र भन्ने गर्थे । तर, अहिले यस्तो नकारात्मक धारणा बदलिँदै गएको छ । धेरै महिलाहरू राजनीतिमा आउन थालेका छन् । यो देख्दा उहाँलाई खुसी लाग्छ । त्यसैले भविष्यमा समाज सेवा र देश विकासका लागि पूर्णकालीन रूपमै राजनीतिमा लाग्ने उहाँको योजना छ । '२०४६ सालको जनआन्दोलनमा साने दुध खुवाउने बच्चालाई छोडेर आन्दोलनमा गइयो । पछि बहुदल आउँदा खुशी लाग्यो । श्रीमान् र छोराछोरीले सहयोग गरेकोमा सम्पूर्ण परिवारलाई धन्यवाद दिन चाहन्छु ।' यहाँसम्म आइपुगेकोमा उहाँ सन्तुष्टि व्यक्त गर्दै पार्टीप्रति आभार व्यक्त गर्नुका साथै आगामी दिनमा पनि पार्टीले राम्ररी मूल्याङ्कन गर्नेछ भन्ने विश्वास गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : समिता कार्की |
| ठेगानाः स्थायी | : निर्मलीडाँडा गाविस-१, खोटाङ |
| अस्थायी | : काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-६४०१५८६ (नि) ९८४१७४३९०८ (मो) |
| इमेल | : samita.saral@gmail.com |
| जन्म मिति | : २०३७/३/७ |
| जन्म स्थान | : लामाखु, निर्मलीडाँडा, खोटाङ |
| आमाको नाम | : जयन्तादेवी कार्की |
| बुबाको नाम | : स्व नरबहादुर कार्की |
| श्रीमान्को नाम | : सरल पौड्याल |
| शिक्षा | : प्रवीणता प्रमाणपत्र तह |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# जीवन भनेको अनुभव र अनुभूतिको सँगालो हो

संविधानसभा निर्वाचनका लागि पार्टीले एजेन्डा अघि सारेपछि समिता कार्कीले संविधानसभाको सदस्य बन्ने सपना देख्नु भएको थियो र उहाँको त्यो सपना खोटाङ निर्वाचन क्षेत्र २ बाट प्रत्यक्ष निर्वाचित भएपछि पूरा भयो । उहाँले नेकपा (एमाले) का उम्मेद्वारलाई चुनावमा पराजित गर्नुभएको थियो । उहाँ आफ्नो सपनाबारे बताउनुहुन्छ, 'जनयुद्धका क्रममा सङ्घर्ष गरिरहेको समयमा पनि म राज्यको कुनै महत्वपूर्ण निकायमा रहेर जनताको सेवा गर्ने सपना देख्थें ।'

समिता कार्कीले राज्य र माओवादीबीच चलेको दशवर्षे सशस्त्र युद्धका क्रममा परिवारका दुई सदस्यलाई गुमाउनु भयो । २०५९ असार ३१ गते उहाँका दाजु खोटाङ जिल्ला सचिव दिलकाजी कार्की र अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की सदस्य भाउजु इन्दिरा कार्की सेनाको कारबाहीमा मारिनुभएको थियो । उहाँहरूलाई सेनाले सिम्पानीबाट पक्राउ गरी खोटाङको टुवाखोलामा पुऱ्याएर हत्या गरेको थियो । यो घटनाले समिताको मनमा एकप्रकारको प्रतिशोधको भावना जागेको थियो ।

समिताका बुबा सामाजिक कार्यकर्ता र गाउँका लोकप्रिय नेता हुनुहुन्थ्यो । तर, समिता ११ वर्ष पुग्दा बुबाको निधन भयो । बुबाको निधनपश्चात् समिताकी आमाले परिवारको सम्पूर्ण जिम्मेवारी बहन गर्नुपऱ्यो । छोराछोरीलाई स्वतन्त्रता दिनुपर्छ र उनीहरूलाई आफ्नो बाटो आफै रोज्न दिनुपर्छ भन्ने विचार आमाको थियो । आमाले गर्नुभएको सङ्घर्ष र उहाँको विचारले पनि समितालाई ठूलो प्रभाव पाऱ्यो । समिताको जन्म औसत मध्यम वर्गीय परिवारमा भएपनि उहाँले समाजमा जतातत‍ै गरिबी, विभेद र सामाजिक विकृतिहरू देख्नु र महसुस गर्नुभयो । यी सबै वर्गीय समाजका उपज हुन् भन्ने धारणा पनि उहाँ भित्र पलायो । त्यसैले त्यस्ता विभेदको अन्त्य गरी समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य बोकेर समिताले पनि दाजु र भाउजुकै बाटो पछ्याउनु भयो ।

दश छोरीमध्येकी कान्छी समिताले १९ वर्षको उमेरमा नै राजनीतिमा प्रवेश गर्नुभयो । २०५६ सालमा उहाँ नेकपा (माओवादी)सँग आबद्ध रहेको अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैठौं) को इलाका सदस्य बन्नुभयो । २०५८ सालमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को केन्द्रीय कमिटीको सचिवालय सदस्य हुनुभयो र २०५९ सालमा सङ्घको सगरमाथा-जनकपुर ब्युरोको इन्चार्ज बन्नुभयो । उहाँ २०५७ सालमा पार्टीको जिल्ला सदस्यमा चुनिनु भयो र २०६१ देखि २०६४ सम्म उहाँले जिल्ला सचिवको भूमिका निर्वाह गर्नुभयो । २०६४ सालदेखि उहाँ जिल्ला सह-इन्चार्जको रूपमा कार्यरत हुनुहुन्छ ।

महिलाले अपरिचितसँग बोलचाल गर्नु हुँदैन, चुलोचौको गरेर घरभित्रै बस्नुपर्छ भन्ने प्रचलित धारणा रहेको समाज र अवस्थामा समिताले राजनीतिमा प्रवेश गर्नुभएको थियो । त्यसैले घर बाहिर निस्केर राजनीतिमा लाग्दा समिताले घरपरिवारबाट भरपुर सहयोग प्राप्त गरे पनि समाजबाट भने अपमान सहनु पर्‍यो । २०५६ देखि २०६२ सम्म समिताले भूमिगत जीवन बिताउनुभयो । भूमिगत रहँदा महिला भएका कारण उहाँका चुनौतीहरू बढी जटिल थिए र पुरुषको तुलनामा दुईगुना भन्दा बढी थिए । उहाँ भन्नुहुन्छ, 'भूमिगत रहँदा हामी महिलालाई ज्यादै कठिन थियो र सामान्य मानिसले सोचेभन्दा परिस्थिति निकै भयानक हुन्थ्यो । हाम्रा साथीका मृत शरीरलाई हामीले आफ्नै हातले उठाएर लैजानु पर्दथ्यो । हाम्रो जीवन बन्दुकको सङ्गीनमा अडेको थियो । कहाँ कहिले र कसरी मर्ने हो थाहा हुँदैनथ्यो ।' तर, युद्धका मोर्चामा महिलाहरू विजयी भए पनि महिलाको क्षमतालाई लिएर बेलाबखत हुने नकारात्मक टिकाटिप्पणीले समितालाई दुःखित तुल्याउँछ, 'हामीलाई अन्य राजनीतिक दलका मानिसले होच्याउने कोसिस गर्दछन्, तर मेरो विश्वासमा म दृढ छु । मैले आफैंलाई प्रमाणित गर्न निकै मेहनतका साथ काम गरिरहेकी छु ।' यी सबै परिस्थितिहरू पार गरेर अहिले समिता र उहाँ जस्तै अरू धेरै महिलाहरू पनि संविधानसभाका सदस्य बनेका र लामो सङ्घर्षको परिणामस्वरूप मात्र यी उपलब्धिहरू हासिल भएका हुन् भन्ने समिताको विश्वास छ ।

भूमिगत छँदै समिताले सरल पौडयाल सँग बिहे गर्नुभयो । सरलसँग समिताको पहिलो भेट खोटाङमा भएको थियो । त्यतिबेला सरल जनमुक्ति सेनाको कम्पनी कमिसारका रूपमा त्यहाँ खटिनु भएको थियो र समिता खोटाङमै पार्टीमा जिल्ला सचिवको रूपमा कार्यरत हुनुहुन्थ्यो । उहाँहरूको विवाह भने पार्टीका नेताहरू पुष्पकमल दाहाल र बाबुराम भट्टराईको उपस्थितिमा चितवनमा भएको थियो । उहाँका श्रीमान् अहिले जनमुक्ति सेनाको ब्रिगेडियर कमान्डर हुनुहुन्छ ।

समिता संविधानसभाका तीनवटा प्रक्रियागत समितिमध्ये क्षमता निर्माण तथा स्रोत व्यवस्थापन समितिको सदस्य हुनुहुन्छ । समितिको सीमित कार्यक्षेत्र भएका कारण उहाँले धेरै मुद्दाहरू उठाउन पाउनु भएको छैन । उहाँ भन्नुहुन्छ, 'मेरो भावना र समितिको कार्यक्षेत्रबीच तालमेल मिलेको छैन, त्यसैले मेरो योगदान पनि सीमित भएको छ । तैपनि जनताको भावनालाई संविधानको मस्यौदामा समेट्न आफूले भरमग्दुर प्रयास गरेकी छु ।' समिताले आफू संलग्न नभएका अन्य समितिहरूमा उपस्थित भएर पनि आफ्ना दृष्टिकोणहरू राख्दै आउनुभएको छ । क्रान्तिकारी भूमिसुधारका साथमा महिलाको सम्पत्ति तथा वंशजको अधिकार सुनिश्चित हुनुपर्ने उहाँको माग छ । उहाँ भन्नुहुन्छ, 'महिलाले सम्पत्तिमा समान अधिकार प्राप्त नगरेसम्म उनीहरू कहिल्यै आत्मनिर्भर हुनसक्दैनन् र

राज्यका हरेक निकायमा विशेष अधिकार सहित समानुपातिक सहभागिता नहुँदा सम्म साथै सामाजिक रूपमा समान व्यवहार नगरिँदा सम्म उनीहरूले आफ्ना आवाज उठाउन सक्दैनन् ।'

खोटाङ पहाडी दुर्गम र विकासको दृष्टिले पछाडि परेको जिल्ला हो । त्यसैले समिता लगायत खोटाङका अन्य सभासद्हरूले नियमितरूपमा पहल गरेपछि हाल त्यहाँ सडक, विद्यालय, अस्पताल, पुल समेतका पूर्वाधारहरू निर्माण गर्न केही बजेट प्राप्त भएको छ । सभासद्हरूको सामुहिक प्रयासकै कारण जिल्लाका हरेक गाविसले अहिले टेलिफोन सुविधा प्राप्त गर्नुका साथै चाँडै विद्युतीकरणका कामले पनि तीव्रता पाउँदैछ ।

संविधानसभामा महिलाको तुलनामा पुरूष सभासद्को बोलीले बढी प्राथमिकता र महत्व पाउने समिताको बुझाइ छ । तथापि उहाँ आशावादी हुनुहुन्छ, 'परिवर्तनका लागि समय त अवश्य लाग्छ । महिलालाई मुक्ति दिलाउन हामीलाई एक दशक लाग्यो । पुरूष र महिलाको अवस्थालाई समान बनाउन अर्को एक दशक वा सोको हाराहारी समय लाग्नसक्छ ।' यसका लागि महिलाहरू आफ्ना एजेन्डाबाट पछि हट्नु हुँदैन र सङ्घर्षलाई निरन्तरता दिनुपर्दछ भन्ने उहाँको राय छ, 'उत्पीडितहरूले आफ्नो मुक्तिका लागि आफ्ना आवाजहरू राज्यसम्म पुऱ्याउन लड्नै पर्दछ । हामीले पनि महिलाका आवाज राज्यले सुन्ने अवस्था सिर्जना गरेर नै आजको अवस्थासम्म पुग्न सफल भएका हौँ ।' संविधानसभाका महिला सदस्यहरू पार्टीको विचारधाराबाट माथि उठ्न नसक्दासम्म संविधानको मस्यौदामा समानुपातिक प्रतिनिधित्व समेतका महिलाका एजेन्डाले यथोचित स्थान प्राप्त गर्ने छैनन् भन्ने समिताको भनाइ छ । उहाँका अनुसार, विभिन्न राजनीतिक दलका महिला सभासद्हरू समानुपातिक प्रतिनिधित्वको सवालमा अझै विभाजित छन् । उहाँको विचारमा महिला सभासद्हरूबीच सीमित मात्रामा मात्र अन्तर्क्रिया भएकोले पनि यस्तो अवस्था सिर्जना भएको हो ।

एक छोरीकी आमा समिता संविधानसभामा उपलब्ध भौतिक सुविधाबाट त्यति सन्तुष्ट हुनुहुन्न । उहाँ भन्नुहुन्छ, 'संविधानसभाको सदस्य रहेकै अवस्थामा मेरी छोरी जन्मिएकी थिई र बैठक चलेको अवधिमा मलाई बच्चाको हेरचाह गर्न निकै कठिन हुन्थ्यो । संविधानसभामा दिवा बालसेवा केन्द्रको अभाव छ । मेरोजस्तै समस्या हुने अरू पनि धेरै महिला सभासद्हरू छन् ।'

आमूल परिवर्तनका लागि बन्दुक भिरेर हिँडेको व्यक्तिले देशको संविधान लेखनमा सहभागी हुन पाउनुलाई समिता जीवनको अनौठो घटना ठान्नुहुन्छ । समिता आफ्ना अनुभवलाई सङ्क्षेपीकृत गर्दै भन्नुहुन्छ, 'जीवन अनुभव र अनुभूतिको सँगालो हो । हामीले ऐतिहासिक सशस्त्र युद्धमा सहभागी हुने महत्वपूर्ण अवसर प्राप्त गऱ्यौं । ती १० वर्षमा मैले धेरै अनुभव सँगाल्ने अवसर पाएँ, यसले मलाई साँचो अनुभूति दिएको छ । दश वर्षको सशस्त्र सङ्घर्षमा सामेल भएकाले बाँकी जीवन सरलरूपमा अघि बढ्ने अपेक्षा गरेकी छु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सविना बराम |
| ठेगाना स्थायी | : छोप्राक गाविस-१, चित्रे, गोरखा, गण्डकी |
| अस्थायी | : सामाखुशी, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४११७३०३६ (मो) |
| जन्म मिति | : २०३५/०८/२५ |
| जन्म स्थान | : छोप्राक गाविस-१, चित्रे, गोरखा |
| आमाको नाम | : लालकौरी बराम |
| बुबाको नाम | : बलबहादुर बराम |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : मन्त्रीपरिषद्बाट मनोनित |

# बराम जातिका लागि न्याय दिन अझै सक्रिय हुने छु

साधारण किसान परिवारमा जन्मनु भएकी सविना बराम विद्यार्थी जीवनदेखि नै एनेकपा (माओवादी) निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) द्वारा आयोजना हुने कार्यक्रहरूमा दाजुहरूसँगै जाने गर्नुहुन्थ्यो । यिनै कार्यक्रमहरूबाटै सविनाले नेपालको समसामयिक राजनीतिका साथै अल्पसङ्ख्यक बराम जातिमाथि राज्यले गरेको विभेदकाबारे बुझ्ने अवसर पाउनुभयो । 'हामी बराम जाति अन्यायमा परेको देखेर केही गर्नुपर्छ भन्ने अठोटका साथ राजनीतिमा आएकी हुँ,' उहाँ भन्नुहुन्छ । सविनाका अनुसार माओवादी पार्टीले बराम समाजको उत्थानका साथै देशको पनि विकास गर्छ भन्ने ठानेर नै उहाँ माओवादी पार्टीमा सक्रिय हुनुभएको थियो ।

बुबाआमा राजनीतिमा त्यति रूचि नराख्ने र घरको आर्थिक अवस्था पनि असाध्यै कमजोर भएकाले सविनालाई बुबाले गाउँमा अर्काको घरमा काम गर्न राखिदिनुभएको थियो । तर, सविनालाई भने पढाइप्रति तीव्र इच्छा थियो, त्यसैले अर्काको घरमा काम गर्न छाडेर उहाँ स्कुल जान थाल्नुभयो । उहाँ ८ कक्षामा पढ्दै गर्दा माओवादीले 'जनयुद्ध' सुरु गरेको थियो । माओवादी पार्टीको सम्पर्कमा पुगेको दिन सम्झदै उहाँ भन्नुहुन्छ, 'गाउँका दाजु कृष्ण गुरूङले मलाई माओवादी पार्टीकाबारेमा बुझाउनुभएको थियो । तर बिडम्बना, 'जनयुद्ध'कै क्रममा कृष्ण दाजुको मृत्यु भयो ।'

पढ्ने चाहना भएपछि कसले रोक्न सक्थ्यो र ? उहाँले २०५६ सालमा गाउँकै मण्डली मावि छोप्राकबाट एसएलसी उत्तीर्ण गर्नुभयो । एसएलसी दिएर घरमा बसेको समय सविनाका लागि माओवादी पार्टीका लागि काम गर्ने बाटो खुल्यो । खासगरी रातको समयमा बन्दुक र सामानहरू माओवादी साथीहरू लुकेर बसेका ठाउँमा पुऱ्याउने जिम्मेवारी उहाँले लिनुभयो । उहाँ भन्नुहुन्छ, 'सामान पुऱ्याउँदा जङ्गल र बारीको बाटो भएर लुकीलुकी जानुपर्थ्यो । उज्यालो बालेर जान मिल्दैनथ्यो । पार्टीका दाइहरूले दिएका बन्दुक र सामान अर्को ठाउँमा बस्ने साथीसम्म

पुऱ्याउन राति ३ बजे उठेर बारीको कान्लाकान्ला लुकेर जानुपर्थ्यो ।' राति हिँड्न डर लाग्थ्यो, त्यसैले रातभर कहिले ३ बज्ला भनेर नसुती कुरेर बसेको उहाँ स्मरण गर्नुहुन्छ ।

घरमा प्रहरीले दिनहुँजसो खानतलासी र सोधपुछ गर्न थालेपछि सविना कैलाली जिल्लाको सदरमुकाम धनगढी गएर काम गर्न थाल्नुभयो । सविनाकी बहिनी पद्मकुमारी बराम (सीमा) पनि माओवादी पार्टीमा लागेर एरिया कमिटी सदस्य (एसिएम) सम्म हुनुभएको थियो । तर, पद्मकुमारीले भूमिगत भएर अढाई वर्ष काम गरेपछि २०५८ चैत्र १५ गते प्रहरीको कारबाहीमा परेर उहाँ मारिनुभयो । सविना त्यतिबेला धनगढीमा केबुल लाइनमा जागिरे हुनुहुन्थ्यो तर जागिरे भए पनि उहाँको माओवादीप्रतिको आस्था र विश्वास भने यथावतै थियो । जागिरको काम सँगसँगै उहाँ माओवादी विचारधाराको प्रचारमा आफ्नै ढङ्गबाट क्रियाशील हुनुभएको थियो । तर उहाँलाई आफन्तले माओवादी पार्टीको सम्पर्कमा आउन र आफ्नो घर गोरखा फर्कन रोकेका थिए । एकाएक सविना पुनः माओवादी पार्टीको सम्पर्कमा पुग्नुभयो । पार्टीमा कार्यरत गोरखाका दाइहरूले सविनालाई फेरि बोलाएका कारण पुनः पार्टीको सम्पर्कमा पुगेको उहाँ बताउनुहुन्छ । गोरखामा फर्केपछि पार्टीले उहाँलाई विद्यार्थी सङ्गठनसँग आबद्ध गराइ सडक खन्न पठाइयो । उहाँ भन्नुहुन्छ, 'सडकको कामको बाँडफाँड गर्दा मेरो भागमा खानेकुराको मेस परेको थियो ।'

सविना २०५१ सालमा अखिल (क्रान्तिकारी) को स्कुलको इकाइ सदस्य भएदेखि नै उहाँलाई प्रहरी प्रशासनले पक्राउ आदेश (वारेन्ट) जारी गरेको थियो । विगतमा प्रहरीको गिरफ्तारीबाट उम्केको एउटा घटना सुनाउँदै उहाँ भन्नुहुन्छ, 'घरमा बसिरहेकी थिएँ, घरमा आएका प्रहरीले सोधपुछ गर्दा मैले अर्कै नाम बताएँ र मेरो नाम फरक परेकाले मलाई भेटेर पनि प्रहरीले लैजान सकेनन् । म गिरफ्तार हुनबाट बचेँ ।' प्रहरीले एकदिन घरको जस्ताको छानाको प्वालैपिच्छे हात छिराउँदै घरको खानतलासी लिएको घटना सम्झदै उहाँ भन्नुहुन्छ, 'त्यति गर्दा पनि घरमा पार्टीसँग सम्बन्धित चिठ्ठी र साथीहरूका सामान लुकाएका प्वालमा प्रहरीको आँखा परेन ।'

२०६४ सालमा भएको संविधानसभाको चुनावमा माओवादीको तर्फबाट सिफारिस पछि मन्त्री परिषद्‌बाट संविधानसभा सदस्यका रूपमा मनोनित भएको विगत सम्झदै सविना भन्नुहुन्छ, 'पार्टीमा कार्यरत बराम जातिका साथीहरूले एकजना बराम महिलालाई जसरी भए पनि सभासद् बनाउनुपर्छ भनेर पार्टीभित्र माग राख्नुभयो । माओवादी पार्टीले पनि स्वीकार गरेर बराम जातिको प्रतिनिधि खोज्दा बराम जातिका दाजुहरूले मेरो नाम सिफारिस गर्नुभयो ।' पार्टीका जिल्ला इन्चार्ज कृष्ण धिताल, हरिशरण आचार्य, हरि अधिकारी लगायतले 'तपाइँको नाम सभासद् नामावलीमा पेश गरेका छौं काठमाडौ आउनू' भनी खबर पठाएको सविना बताउनुहुन्छ । सुरूमा उहाँलाई यो कुरा विश्वास गर्न पनि गाह्रो भयो । अन्ततः उहाँको नाम संविधानसभा सदस्यमा मनोनयन भएको घोषणा भयो ।

संविधानसभा सदस्य हुन पाउँदा निकै खुशी लागेको सविना बताउनुहुन्छ । साथै बराम जातिको उत्थान र विकासका लागि आफूमाथि थप जिम्मेवारी र दायित्व आएको पनि सविनाको भनाइ छ । संविधानसभा सदस्य भएपछि संविधानसभाका नियम, विधि र प्रक्रिया बुझ्न सुरूका दिनहरूमा सविनालाई निकै समस्या परेको र कोसँग कसरी बोल्ने होला भनी अप्ठ्यारो लागेको उहाँ बताउनुहुन्छ । तर, पार्टीका साथीहरूको सहयोगमा उहाँले तीन, चार महिना लगाएर संविधानसभाका नियमहरू बुझ्नुभएको थियो ।

सविना संविधानसभा अन्तर्गत नागरिक सम्बन्ध समिति र व्यवस्थापिका संसद अन्तर्गत राज्य व्यवस्था समितिको सदस्यमा रहेर काम गर्दै आउनुभएको छ । समितिमा उहाँले अल्पसङ्ख्यक सीमान्तकृत बराम जातिका समस्या र मुद्दाहरूलाई खासरूपमा निरन्तर रूपले उठाउँदै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'बराम समुदायलाई शिक्षा र स्वास्थ्यको निःशुल्क व्यवस्था हुनुपर्छ र उनीहरूले मातृभाषामा शिक्षा पाउनुपर्छ । विशेष अधिकारसहित बराम जातिका लागि स्वायत्तक्षेत्र घोषणा गर्नुपर्छ । राज्यका हरेक निकायमा बराम जातिलाई समावेशी र समानुपातिक प्रतिधिनित्व गराइनुपर्दछ ।'

घर बाहिर घरभित्र मात्र होइन संविधानसभामा समेत महिला र पुरूष सदस्यलाई फरक व्यवहार गरिने सविनाले अनुभव गर्नुभएको छ । महिला सदस्य र पुरूष सदस्यलाई गरिने भिन्न व्यवहारका सम्बन्धमा एउटा दृष्टान्त दिँदै उहाँ भन्नुहुन्छ, 'महिला सभासद्लाई संविधानसभा हलभित्र पस्ने बेलामा सुरक्षाकर्मीले समेत रोकेर परिचय पत्र देखाउन भन्छन्, तर पुरूष सभासद्लाई उनीहरू गेटमै सलाम ठोकेर आदरसाथ भित्र पठाउँछन् ।'

सविना बेलाबखत आफ्नो गृह जिल्लामा पुगेर जनतासँग भेटघाट तथा छलफल गरी उनीहरूका आवश्यकता र चाहनाबारे बुझ्ने र छलफल गर्ने गर्नुहुन्छ । साथै जिल्लाका आवश्यकता र योजनाबारे संसदमा कुरा उठाउने गर्नुहुन्छ । राजनीतिमा कहिले दुःख, कहिले सुख हुँदोरहेछ भन्दै सविना भन्नुहुन्छ, 'जनताका काममा विशेषगरेर बराम जातिका काम पूरा गर्न नसक्दा ग्लानी हुन्छ । त्यसैले आफ्नो बुद्धि र विवेकले भ्याएसम्म राजनीतिबाट नै समाज परिवर्तन गर्ने सोच राखेकी छु ।



**व्यक्तिगत विवरण**

नाम : शकुन्तला लेप्चा
ठेगाना : जिर्मले गाविस-६, इलाम, मेची
सम्पर्क ठेगाना : ९८४१९६५८२३(मो)
जन्म मिति : २०३४/१२/१५
जन्म स्थान : कोलुङ गाविस-९, इलाम
आमाको नाम : फूलमाया लेप्चा
बुबाको नाम : कम्पासी लेप्चा
श्रीमान्को नाम : दुर्गामान लेप्चा
शिक्षा : माध्यमिक शिक्षा
राजनीतिक दल : नेकपा एमाले
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# अब जति चुनौती आए पनि सहज ढङ्गले पार पाउन सक्छौं

इलाम जिल्लाको जिर्मले गाविसकी शकुन्तला लेप्चालाई राजनीतिमा लाग्न त्यति सहज भएन । घरकी बुहारी भएर राजनीतिमा लाग्दा उहाँले 'इज्जत खत्तम हुन्छ र परिवार खत्तम भयो' भन्ने खालका भनाइहरू सुन्नुपरेको थियो । घर परिवारका कोही पनि राजनीतिमा नभएकाले पनि ती दिनहरूमा उहाँलाई राजनीतिमा अघि बढ्न समस्या परेको थियो ।

शकुन्तलालाई आफू अल्पसंख्यक तथा लोपोन्मुख समुदायबाट राजनीतिमा आएको कारणले पनि घरपरिवार र समाजलाई राजनीतिक मुद्दा र वातावरणकोबारेमा बुझाउन गाह्रो परेको महसुस हुन्छ । पाँचहजारको हाराहारीमा जनसंख्या रहेको लोपोन्मुख आदिवासी/जनजाति लेप्चा समुदाय अरू समुदायको तुलनामा शिक्षा, स्वास्थ्यलगायत हरेक क्षेत्रमा पछाडि परेको देख्दा उहाँलाई निकै चिन्ता लाग्थ्यो । त्यसैले पनि आफ्नो समुदायलाई अगाडि बढाउनुपर्छ भन्ने भावनाले राजनीतिको बाटोमा जे जस्तोसुकै समस्या परे पनि त्यसलाई स्वीकारेर उहाँ अगाडि बढ्नुभयो । सुरूसुरूमा राजनीतिमा लाग्दाको दिनहरू सम्झँदै शकुन्तला भन्नुहुन्छ, 'पार्टीको काममा हिँड्न घरबाट निस्कन नै निकै गाह्रो थियो । तरपनि, समाजलाई अगाडि लग्नुपर्छ भनेर मैले दुःख नमानी अगाडि बढेँ ।'

फूलमाया लेप्चा र बुबा कम्पासिं लेप्चाकी जेठी छोरी शकुन्तलाले राजनीतिमा लागेर आफ्ना समुदायलाई केही हदसम्म उनीहरूका अधिकारकाबारेमा सचेत गराउन सकेको र उनीहरूलाई राजनीतिको महत्व बुझाउन सकेकामा सन्तुष्टी व्यक्त गर्नुहुन्छ । अहिले आएर आफ्नो समाजले राजनीति गर्नुपर्छ भन्ने कुरा बुझ्न थालेको र राजनीति मार्फत नै गाउँ, सहर र देशमा गरीबलाई शोषण दमन गर्ने पुरानो संरचना बदल्न सकिन्छ भन्ने आशा जाग्न थालेको शकुन्तला बताउनुहुन्छ ।

नेकपा (एमाले) गाउँसमिति उपसचिवको जिम्मा लिएर राजनीतिमा प्रवेश गर्नुभएकी शकुन्तला राजनीतिलाई अवसर पाउने भऱ्याङको रूपमा प्रयोग गर्नु हुँदैन भन्ने मान्यता राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म अवसरवादी भएर अगाडि

बढ्न चाहन्न र राजनीति गर्ने बित्तिकै केही पाइहाल्नुपर्छ भन्ने मान्यतामा पनि राख्दिन ।' संविधानसभाको निर्वाचन हुने घोषणा भइसकेपछि पनि उहाँले आफू संविधानसभाको सदस्य बनुँला भनेर सोच्नु पनि भएको थिएन । तर, नेकपा (एमाले)ले समानुपातिकतर्फबाट उहाँलाई संविधानसभाको सदस्य बनाउँदा, उहाँ पार्टीले आफ्नो कामको सम्मान गरेको ठान्नुहुन्छ । संविधानसभामा पुगेर उहाँले उहाँ आफू जस्तो पछाडि परेको समुदायको मुद्दा उठाउन पाउनुलाई ठूलो कुरा मान्नुहुन्छ । यो उपलब्धिलाई उहाँ आफ्नो मेहनतको फल ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पार्टीमा मेहनत गरेरै म यो स्थानमा पुगेको हुँ ।'

संविधानसभाको सदस्य भएपछि संविधानसभा भित्रको आफ्नो अनुभव बाँड्दै शकुन्तला भन्नुहुन्छ, 'जति बुझेका थियौं, त्यो भन्दा बढी बुझ्यौं, अनुभव धेरै बटुल्यौं ।' संविधानसभाको सदस्यको हैसियतले संविधानसभामा आफ्नो जिम्मेवारी तथा दायित्व पूरा गरेको उहाँलाई लाग्छ । संविधान निर्माणका लागि जनताको सुझाव सङ्कलनमा जाँदा पनि धेरै परिश्रम गरेको शकुन्तला बताउनुहुन्छ, 'संविधान बनाउनका लागि जनताको सुझाव लिन दिन रात नभनी हिँडेका छौं । जनताको सुझावमाथि छलफल गरेर रातदिन नभनी लाग्यौं, प्रतिवेदन तयार गरेर संविधानसभामा पनि जिम्मा दियौं, गर्नुपर्ने कर्तव्य कतिपनि बाँकी राखेका छैनौं ।'

संविधानसभा अन्तर्गतको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिका सदस्य शकुन्तलाले समितिको बैठकमा अल्पसंख्यक तथा लोपोन्मुख आदिवासी जातिको हक अधिकारका लागि कुरा उठाउनुभयो । समितिमा कतिपय सदस्यहरूले 'लोपोन्मुख' शब्द राख्नुहुन्न भन्ने कुरा उठाएका थिए । तर राउटे र लेप्चाजस्ता समुदायलाई 'लोपोन्मुख' शब्दले सम्बोधन नगर्दा अप्ठेरो पर्छ र त्यो शब्द राख्नैपर्छ भनेर उहाँले जोड दिनुभएको थियो । साथै उहाँले महिलाका समान हक अधिकार तथा नागरिकताका सवालमा पनि बोल्नु भएको थियो । उहाँले उठाउनु भएका अधिकांश मुद्दाले केही हदसम्म भएपनि मस्यौदा प्रतिवेदनमा ठाउँ पाउन सकेकोले उहाँ खुशी हुनुहुन्छ ।

महिला सदस्यहरूले महिला भएकै कारणले संविधानसभा र व्यवस्थापिका संसदमा कतिपय उठाउन चाहेका मुद्दाहरू उठाउन समय नपाउने शकुन्तलाको भनाइ छ । उहाँले पनि संविधानसभामा यो समस्या भोग्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'पहिले त महिलाले बोल्ने समय पाउन गाह्रो छ । अर्को समय पाएर महिलाले कुरा राखिहाले पनि त्यसलाई गम्भीर रूपमा लिइँदैन र महिलाले बोलेका कुराको कम सुनुवाइ हुन्छ । संविधानसभा भित्र र बाहिर महिला र पुरूष सदस्यको हैसियतमा भएको व्यवहारिक भिन्नताकै परिणाम हो यो ।' तर यस्ता समस्यालाई उहाँ काम गर्दै जाँदा आईपर्ने समस्याका रूपमा लिनुहुन्छ । काम गर्ने क्रममा आईपर्ने चुनौतिलाई नआत्ति सामना गर्नुपर्छ भन्ने कुरा शकुन्तलालाई अनुभवले सिकाएको छ । त्यसैले सहजरूपमा उहाँ भन्नुहुन्छ, 'अब जति चुनौती आए पनि सहज ढङ्गले पार पाउन सक्छौं भन्ने मलाई लाग्छ ।'

गाउँका निमुखा महिलाका लागि अझै पनि राज्यले केही गर्न नसकेको र गाउँमा महिलामाथि हुने हिंसा तथा विभेद कायमै रहेको शकुन्तलाको भनाइ छ । गाउँका तल्लो वर्गले अझै पनि स्रोत र साधनमा पहुँच बढाउन नसकेको र गाउँको खासै विकास हुन नसकेकोले पनि उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ । साथै आफ्नो जिल्ला टाढा भएकोले र आफ्नो आर्थिक स्थितिले गर्दा पनि आफ्नो गाउँ ठाउँमा चाहेर पनि पटक-पटक गईरहन सक्ने अवस्था नरहेको शकुन्तला बताउनुहुन्छ । तर, कार्यकर्ताहरूले भने गाउँको विकास निर्माणको काम होला

भनेर शकुन्तलाबाट आशा गरेर बस्ने भएकोले उहाँ सकेसम्म समय समयमा जिल्ला जाने र काठमाण्डौं आउने कार्यकर्ता र गाउँलेलाई सहयोग गर्ने गर्नुहुन्छ ।

ठूलो मेहनत, बलिदान र सङ्घर्षपछि बनेको संविधानसभाले जनताको पक्षमा संविधान लेख्नुपर्ने र त्यसका लागि जनता पनि उत्तिकै सचेत बन्नुपर्ने शकुन्तलाको राय छ । राजनीतिक दलहरूले सत्ता र कुर्सीमा बढी ध्यान दिएकोले देशमा अशान्ति–अराजकता फैलिएको हुँदा दीगो शान्तिका लागि जनता सचेत हुनुपर्ने उहाँको भनाइ छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सलमा खातुन |
| ठेगाना | : भारसर गाउँ, भारसर गाविस-६, सर्लाही, जनकपुर |
| जन्म मिति | : २०३२/१०/११ |
| जन्म स्थान | : रौतहट |
| आमाको नाम | : जमिला बेगम मिकरानी |
| बुबाको नाम | : मुहमद समसुलहक मिकरानी |
| श्रीमान्को नाम | : मुहमद एजाज मिकरानी |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# आन्दोलन नै राजनीतिक गुरू

नेपालका कतिपय महिला नेतृहरूको राजनीति श्रीमान्को सहयोगले अघि बढेको पाइन्छ । तर, सलमा खातुनको राजनीतिक यात्राबारे विदेशमा रहेका श्रीमान्लाई केही पनि थाहासम्म थिएन । श्रीमती राजनीति गर्छिन् भन्ने कुरा श्रीमान्ले त्यतिबेला मात्रै थाहा पाए जतिबेला सलमा संविधानसभाको सभासद् चुनिनुभयो । उहाँका श्रीमान् मुहमद एजाज मिकरानी वैदेशिक रोजगारीका सिलसिलामा कतार जानुभएको थियो । श्रीमती सभासद् भएको खबर कतारमै सुनेपछि उहाँ अत्यन्त खुशी हुनुभएको थियो ।

मधेसी महिलाहरूले घरबाट बाहिर निस्कन नहुने, घुम्टोले टाउको र मुख छोपेर घरभित्रै बस्नुपर्ने, पुरूषले जति दमन गरे पनि चुपचाप सहनुपर्ने जस्ता विकृतिहरू प्रति सलमा असन्तुष्ट हुनुहुन्थ्यो । त्यसैले यस्ता कुरीतिहरूलाई जरैदेखि निर्मूल पार्नुपर्छ भन्ने विचार उहाँको मनमा धेरै अघिदेखि आइरहन्थ्यो । यस्ता समस्याहरूको हल राजनीतिले मात्र सम्भव हुनसक्छ भन्ने बुझेपछि सलमा बिस्तारै राजनीतिमा लाग्नुभयो । मधेसी जनअधिकार फोरमले तराईमा मधेसी समुदायको अधिकारका लागि आन्दोलन सुरू गर्दा अरू कुनै पनि पार्टीले मधेसको मुद्दालाई गम्भीरताका साथ नलिएको सलमा बताउनुहुन्छ । तर, सलमाले मधेसको जनताका अधिकारका लागि भएको उक्त आन्दोलनमा जिउज्यान दिएर सक्रिय हुनुभयो ।

सलमाको राजनीतिक पृष्ठभूमि त्यति लामो पनि छैन र आफू छोटै समयको राजनीतिक सक्रियतापछि संविधानसभा सदस्य बन्न सफल भएको कुरा सलमा स्वीकार्नुहुन्छ । यति छोटो समयमै राजनीतिको माथिल्लो तहसम्म आइपुग्छु भनेर सलमाले कल्पनासम्म पनि गर्नुभएको थिएन । मधेस आन्दोलन चर्किँदा आफू र आफ्नो समुदायको पहिचानका लागि उहाँ आन्दोलनमा होमिनुभएको थियो । त्यतिबेला आफ्नो समुदायको मुक्ति नै उहाँको एक मात्र लक्ष्य थियो । आन्दोलनमा देखाएको लगनशीलता, धैर्य, साहस र इमान्दारीताको कदर गरेर

नै पार्टीले आफूलाई संविधानसभाको सदस्य बनाएको सलमाको भनाइ छ । संविधानसभा सदस्य भएको यो क्षणलाई सलमा आफूले चाहेको जस्तो सामाजिक तथा राजनीतिक परिवर्तन ल्याउने अवसरको रूपमा प्रयोग गर्ने बताउनुहुन्छ ।

सलमा अहिले संविधानसभा अन्तर्गत क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिमा र व्यवस्थापिका संसद अर्न्तगत विधायन समितिमा हुनुहुन्छ । ती समितिहरूमा रहेर उहाँले मुस्लिम महिलाका समस्याका विषयमा आवाज उठाउनुभएको छ । उहाँले मधेसका धेरै महिलाको रोजगारीसँग जोडिएको घरेलु चुरोट, खैनी बनाउन नदिने सरकारी निर्णयको विरोध गर्नुभएको छ । तर, सलमाले उठाउनु भएको यो विषयलाई समितिले अस्वीकार गरेको छ ।

बोक्सी, दहेज र घुम्टो प्रथाको अन्त्य तथा मधेसी महिलाको स्वास्थ्य, शिक्षालगायतका विषयमा पनि सलमाले निरन्तर आफ्ना धारणाहरू राख्दै आउनुभएको छ । महिला, जनजाति, दलित, मधेसी, मुस्लिमलगायतका समुदायहरूका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरू संविधानको अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन सक्दो पहल गरेको सलमा बताउनुहुन्छ । जबसम्म संविधानमै आदिवासी/जनजाति, मधेसी, दलित, मुस्लिम महिलाका विषयलाई गम्भीरतापूर्वक उल्लेख गरिँदैन तबसम्म उनीहरूको राजनैतिक, सामाजिक र आर्थिक अधिकार सुनिश्चित नहुने सलमाको भनाइ छ ।

सबै क्षेत्र र वर्ग र समुदायका महिलाका समस्याहरू लगभग उस्तै छन् । तर, विविध भाषा, संस्कृति तथा भौगोलिक कारणले विविध समुदायका महिलाका आवाजहरू सामुहिकरूपमा उठ्न नसकेको र पार्टी अनुशासनले गर्दा महिलाका मुद्दामा सबै महिलाहरू एकै ठाउँ आउन समस्या भइरहेको सलमाको ठम्याइ छ । व्यवस्थापिका संसद तथा संविधानसभा पुरुषप्रधान भएकाले त्यहाँ महिलाले बोलेका कुरामाथि सुनुवाइ नहुने उहाँको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाभित्र पुरुषले मात्र राम्ररी कुरा बुझ्छन् र महिलाहरूले त खासै कुरा भौगोलिक भन्ने सोचाइ छ ।' संविधानसभाका कर्मचारीहरू पनि महिला सदस्यहरूलाई सहयोग गर्न त्यति उत्साहित नभएको सलमाको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'गाउँबाट आएका महिला सभासद्हरूले त झनै केही बुझ्दैनन् भन्ने उनीहरूको मानसिकता छ ।'

संविधानसभामा राष्ट्रिय मुद्दाहरूकाबारेमा बोल्नुपर्दा पुरुष सभासद्लाई मात्रै अघि सार्ने गरेको सलमाको आरोप छ । महिला सभासद्हरूले महिलाका बाहेक अन्य राष्ट्रिय मुद्दाहरूमा बोल्न सक्दैनन् भन्ने मानसिकता भएको कारणले आफूहरू महिला मुद्दामा मात्रै सीमित हुनुपरेको पनि उहाँको गुनासो छ ।

महिलाहरूले देशभर दिनहुँ विभिन्न प्रकारका हिंसा र विभेदहरू भोगिरहेका हुन्छन् । तर महिलाहरूले व्यवस्थापिका संसद र संविधानसभामा यी कुराहरू उठाउन खोज्दा पुरुष सभासद्हरू सुन्न चाहँदैनन् । यस्तो अवस्थामा ती विषयहरूलाई एकीकृत रुपमा उठाई ती समस्याहरू समाधानका लागि दबाब सिर्जना गर्न महिला ककसको आवश्यकता परेको उहाँ बताउनुहुन्छ । साथै महिला ककसमा सबै विचारका र सबै क्षेत्रका महिला सदस्यहरूलाई स्थान दिइनुपर्ने पनि उहाँको सुझाव छ ।

संविधान लेखन प्रक्रियामा सलमाले मधेसी, मुस्लिम तथा पछाडि परिएका वर्गका महिलाका विषयलाई लिएर निरन्तर आवाज उठाउँदै आउनु भएको छ । मुस्लिम, आदिवासी/जनजाति, दलित र मधेसीजस्ता समुदायका महिलाहरूको छुट्टै पहिचान हुनुपर्ने र उनीहरूको समस्यालाई व्यवहारमा लागू गर्न आवश्यक परे संविधानमा नै विशेष व्यवस्था हुनुपर्ने कुरामा सलमाको जोड रहेको छ । मुस्लिम, दलित, आदिवासी/जनजाति, मधेसी, पछाडि परिएका वर्ग र अन्य सीमान्तकृत महिलाहरूले उठाएका मुद्दाहरूलाई संविधानमा नै लेखाउन सकिन्छ भन्ने ठूलो उत्साह थियो उहाँमा । तर, समय बित्दै गएपछि उहाँको यो उत्साह पनि क्रमशः सेलाउन थालेको छ । ठूला नेताहरू कुर्सीको लडाइँमा व्यस्त हुन थालेपछि सलमाले निराशाको अनुभव गर्नु भएको छ । गाउँ जाँदा सबै जनताको एउटै प्रश्न हुन्छ, संविधान कहिले बन्छ ? सलमा जिल्ला जाँदा त्यहाँका जनतालाई काठमाण्डौंको अवस्थाबारे जानकारी दिनुहुन्छ । अनि, ढिलो-चाँडो संविधान अवश्य बन्छ भन्ने आश्वासनको पोको छाडेर उहाँ काठमाण्डौं फर्कनुहुन्छ ।

देशको परिस्थिति जस्तो भए पनि अहिले सलमाको पहिलो प्राथमिकता भनेको नयाँ संविधान बनाउनु नै हो । सलमाको राजनीतिक जीवन अत्यन्त उतारचढावयुक्त छ । उहाँलाई लाग्छ, मधेस आन्दोलनले उहाँलाई राजनीति बुझ्ने अवसर जुराइदिएको छ । त्यसपछि संविधानसभाले चाहिँ उहाँलाई देशका तमाम उत्पीडित जाति, समुदायका महिला तथा पुरुषहरूको समस्याहरूलाई बुझ्ने अवसर दिएको सलमाको भनाइ छ । देशका विभिन्न उत्पीडित जाति, वर्ग, समुदाय र लिङ्गका समस्यालाई नजिकबाट बुझ्ने र तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने उपायहरू पनि आफूले संविधानसभामा आएरै सिकेको सलमा बताउनुहुन्छ । संविधानसभामा ठूला नेताहरूको सरसँगतबाट आफ्नो बुझाइको दायरा फराकिलो भएको पनि उहाँको अनुभव छ । उत्पीडित समुदायका मुद्दालाई राजनीतिक स्तरबाटै सम्बोधन गराउन सके मात्रै उनीहरूको दिगो विकास हुने विश्वास पनि सलमालाई संविधानसभामा पुगे पछि नै अनुभव भएको छ ।

भविष्यमा पनि राजनीतिकै बाटोमा लाग्ने सलमाको इच्छा छ । सँधै इमान्दारीतापूर्ण र विश्वासिलो राजनीति गर्ने पनि सलमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मबाट देश र जनताप्रति कहिल्यै पनि गद्दारी हुने छैन । म मेरो परिचय पनि त्यसरी नै स्थापित होस् भन्ने चाहन्छु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सविता यादव |
| ठेगाना | : लौकही गाविस-५, सुनसरी |
| सम्पर्क ठेगाना | : ०२५-४७००३३ (घर), ९८४१९५३४७८ (मो) |
| जन्म मिति | : २०३१/१०/९ |
| जन्म स्थान | : भोक्राहा-७, सुनसरी |
| आमाको नाम | : दुखनी यादव |
| बुबाको नाम | : मोतीलाल यादव |
| श्रीमान्को नाम | : रामअतार यादव |
| शिक्षा | : एसएलसी उत्तीर्ण |
| राजनीतिक दल | : मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# मधेसी र पछाडि परेका वर्गको हितका लगि राजनीति गरेँ

सविता यादव २०६२ सालदेखि मधेसी जनाधिकार फोरम पार्टी अन्तर्गत रहेको महिला फोरमको जिल्ला उपाध्यक्षका रूपमा कार्यरत भई २०६३ सालतिर तराईमा चर्केको मधसी आन्दोलनमा सक्रिय रूपले सहभागी हुनुभयो । तराईका मधेसी समुदायमाथि राज्यले गरेको विभेद, हिंसा र अन्यायका विरूद्ध लड्ने भावनाले उहाँ राजनीतिमा सक्रिय हुनुभएको थियो । उहाँले २०४८ सालमा नेपाली काङ्ग्रेसको साधारण सदस्यता लिएर राजनीतिमा प्रवेश गर्नुभएको थियो र हाल उहाँ मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक)मा आबद्ध हुनुहुन्छ ।

मधेसी जनाधिकार फोरमको क्षेत्रीय सदस्यसमेत रहनुभएकी सविता समानुपातिक तर्फबाट संविधानसभा सदस्य हुनुभएपछि उहाँ मधेसका पछाडि पारिएका र घुम्टोभित्र लुकेर बस्ने हजारौं महिलाहरूका लागि पछाडि परेका महिलाहरू पनि संविधानसभा र संसद्सम्म पुग्न सक्दो रहेछ भनेर प्रेरणाको स्रोत बन्नुभएको छ । महिलाहरू घरभित्रको चुलोचौकीमा मात्र होइन राजनीतिमा पनि अघि बढ्न सक्दारहेछन् भन्ने सन्देश पुगेको छ । उहाँ भन्नुहुन्छ, 'मलाई देखेर पनि तराईका घुम्टो र दाइजो प्रथाले पेलिएका धेरै महिलाहरूले पनि राजनीतिक रूपमा अगाडि बढ्न सक्छन्, प्रेरित भएका छन् ।'

जातीय विभेद र महिलामाथि हुने हिंसा तथा विभेदको अन्त्य गर्न मरिमेटेर राजनीति गतिविधिमा संलग्न हुने सविताको चाहना छ । विशेष गरी तराईका पछाडि पारिएका समुदायको विकासमा जुट्न र मधेसी मूलका आदिवासी/जनजाति, मुस्लिम, दलित र अल्पसंख्यकलाई राज्यले गरेको विभेद हटाउन सङ्घर्ष गर्नका लागि सविताले राजनीतिमा आउनु परेको उहाँको भनाइ छ । मधेसी समुदायका महिलाहरूले हत्पति घर बाहिर पाइला टेकेर राजनीति गर्नु त्यति सजिलो छैन । तर, सवितालाई भने घर र माइतीको राजनीतिक पृष्ठभूमि र उनीहरूको सहयोग तथा समर्थनले यो क्षेत्रमा अघि बढ्न खासै गाह्रो परेन ।

सविताको माइतीतर्फ बुबा मोतीलाल यादव नेपाली काङ्ग्रेसका स्थानीय नेता हुनुहुन्छ । मोतीलालले नेपाली काङ्ग्रेसका तर्फबाट २०४४ सालमा चुनाव लड्नुभएको थियो । उहाँका दाजु विद्यार्थी राजनीतिमा हुनुहुन्थ्यो भने उहाँ तीन पटकसम्म वडा अध्यक्षसमेत चुनिनु भएको थियो । यस्तै उहाँको घरपट्टि ससुराका तीनै दाजुभाइ राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । उहाँको कान्छो ससुरा पनि तीनचार पटक प्रधानपञ्च हुनु भएको थियो । घरमा जेठाजु कर्मचारी राजनीतिमा हुनुहुन्छ भने उहाँको श्रीमान् रामअबतार यादव पनि राजनीतिमा उत्तिकै चाख राख्नु हुन्छ ।

हुनत उहाँले राजनीतिमा संविधानसभाको सदस्य हुन्छु भनेर लाग्नुभएको थिएन । राजनीतिमा लाग्दा पछाडि परेका समुदायको हक अधिकारका लागि लड्छु भन्ने मात्रै मनमा थियो । तर अहिले उनीहरूकै प्रतिनिधित्व गर्दै संविधानसभा सदस्य बन्न पाउँदा निकै खुशी लागेको सविता बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'अहिलेसम्मको राजनीतिक जीवन राम्रै छ ।' राजनीतिक जीवनमा प्रशस्त सङ्घर्ष गर्नुपरे पनि राम्रै सफलता मिलेकोले भविष्यमा पनि यही क्षेत्रमा निरन्तर लागिरहने उहाँले सोच बनाउनु भएको छ । तर, अहिले उहाँले पाउनुभएको उपलब्धि भने 'सहज ढङ्गले प्राप्त भएको भने होइन' भन्ने उहाँ ठान्नुहुन्छ । त्यसका लागि आफूले निकै नै सङ्घर्ष र दुःख गरेको उहाँ बताउनुहुन्छ ।

संविधानसभा अन्तर्गतको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति तथा व्यवस्थापिका संसद अन्तर्गतको महिला, बालबालिका तथा समाजकल्याण समितिका सदस्य सविताले समितिका बैठकहरूमा नेपालमा रहेका विभिन्न जातजातिका भाषा, संस्कृति र भेषभूसालाई राष्ट्रिय मान्यता दिनुपर्छ भन्ने कुरा उठाउँनुभयो । यसरी नै 'नेपाली मात्र राष्ट्रिय भाषा' हुन्छ भनिएकोमा 'हिन्दी भाषा'लाई पनि राष्ट्रिय भाषाको मान्यता दिइनुपर्ने माग राख्दै उहाँले 'नोट अफ डिसेन्ट' पनि लेख्नुभयो ।

उहाँले महिलाको लागि जिल्ला जिल्लामा छुट्टै बजेटको व्यवस्था हुनुपर्ने माग पनि गर्नुभयो । सविताका अनुसार महिलालाई राज्यले दिनुपर्ने अधिकार र सुविधा नदिएकै कारणले महिला पुरूषको दाँजोमा हरेक क्षेत्रमा पछाडि परेका हुन् । उहाँले तराईका महिलाहरू आर्थिक रूपमा कमजोर भएकोले उनीहरूका लागि निशुल्क स्वास्थ्य सेवा दिइनुपर्ने, पाठेघर झर्ने समस्याबाट पीडित महिलाका लागि पनि सरकारले निःशुल्क औषधी उपचारको व्यवस्था गर्नुपर्ने र सुत्केरी महिलाका लागि सुविधा बढाइनुपर्ने जस्ता महिलाका मुद्दाहरूमा पनि बोल्नुभयो । साथै राज्यको हरेक निकायमा महिलाको ५० प्रतिशत अधिकार सुनिश्चित गर्नुपर्ने तथा नेपालको ७५ वटै जिल्लामा बाल विकास केन्द्र स्थापना गरिनुपर्ने र बालिका शिक्षामा जोड दिनुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो । तर, उहाँले उठाउनु भएका सबै मागहरू समितिको मस्यौदा प्रतिवेदनले सम्बोधन गरेको छैन भन्ने उहाँको भनाइ छ । त्यसलाई उहाँ 'पुरूष प्रधान देश भएकोले महिला अगाडि बढ्न नदिन राज्यले गरेको हेलचक्रयाईंको रूपमा लिनुहुन्छ ।

महिला, जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका समुदायहरूको आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन पनि उहाँले अग्र भूमिका निभाएको बताउनुहुन्छ । यद्यपि संविधानसभाको विषयगत समितिका मस्यौदा प्रतिवेदनहरू महिला र पछाडि पारिएका वर्ग एवं समुदायहरूको आवाज सम्बोधन हुन कठिनाइ भएको उहाँको ठम्याइ छ । महिलाको आर्थिक, सामाजिक, राजनीतिक विकासको लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा ५० प्रतिशतको

दाबी गर्दै आएपनि सुनुवाइ नभएका कारण '५० प्रतिशत' गराउनका लागि 'राजनीतिक सङ्घर्ष' गर्दै आएको उहाँ बताउनुहुन्छ । महिलाको आवाजको सुनुवाइ नहुनुको उपजका रूपमा अझै मस्यौदा संविधानमा महिलाका धेरै मुद्दा छुटेको र भोलि संविधान तयार हुने बेलासम्म पनि मुद्दा उल्लेख नभएको खण्डमा अर्को आन्दोलन गरिनु पर्ने उहाँ बताउँनुहुन्छ ।

संविधानसभा सदस्य भएपछि सविताले विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सङ्घसंस्थाहरूले खासगरी काठमाण्डौंमा आयोजना गरेका गोष्ठी, सम्मेलन तथा तालीमहरूमा पनि भाग लिनुभयो । तर ती कार्यक्रमहरू त्यति फलदायी नभएको उहाँले महसुस गर्नुभयो । केही कार्यक्रमहरूमा भाग लिएपछि उहाँलाई लाग्यो, 'आफ्नो राजनीतिक दलको मुद्दाकाबारेमा म आफू स्पष्ट भएकोले बाह्य तालिमको त्यति आवश्यक पर्ने मलाई लागेन । त्यसपछि त्यस्ता कार्यक्रमहरूमा जानै छोडिदिएँ । हामीलाई आवश्यक पर्ने कुराको जानकारी पार्टीले नै दिइहाल्छ ।'

संविधानसभामा महिला सभासद्हरूको समूह महिला ककस बन्नुलाई सविता सकारात्मक रूपमा लिनुहुन्छ । तर, ककसले मधेसी महिलाका आवाजलाई पनि प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्ने र ककसले मधेसी तथा मुस्लिम महिला सदस्यहरूलाई पनि बढी भन्दा बढी ठाउँ दिनुपर्ने उहाँको माग छ । ककसमा विशेष गरी थोरै राजनीतिक दलका महिला सदस्यहरूको मात्र प्रतिनिधित्व भएकोले त्यहाँ मधेसी तथा अन्य पछाडि पारिएका समुदायका महिलाले आफ्नो विचार तथा भनाइ राख्ने र नेतृत्व गर्ने वातावरण अझै बनिनसकेको उहाँको भनाइ छ ।

सविताका अनुसार, संविधानसभाको सदस्य भएपछिका दिनहरूमा संविधानसभाभित्रका उहाँका अनुभव निकै नै सकारात्मक छन् । संविधानसभा सदस्य बन्न सकेकै कारणले उहाँले मधेसी समुदाय र त्यो समाजको महिलाहरूको आवाज राजधानीको नीति निर्माण गर्ने ठाउँसम्म ल्याएर उठाउन पाएको उहाँको ठम्याइ छ ।



## व्यक्तिगत विवरण

नाम : सरिता गिरी

ठेगाना : विशालनगर, काठमाण्डौं

सम्पर्क ठेगाना : ०१-४४१६४५८ (नि) ९८४१२५१९१९ (मो)

जन्म मिति : २०१७/९/२३

जन्म स्थान : सोनपुर पहलेजा घाट, बिहार, भारत

आमाको नाम : मणि गिरी

बुबाको नाम : विजयबहादुर गिरी

शिक्षा : स्नातकोत्तर

राजनीतिक दल : नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# आउँदो चुनावमा पनि पार्टीको नेतृत्व गर्नेछु

चार छोरी र एकजना छोरामध्ये सरिता गिरी सबैभन्दा जेठी हुनुहुन्थ्यो । सरिताको जन्म भारतको बिहार राज्यको गंगा तट स्थित सोनपुर पहलेजा घाटमा रहेको मावली तर्फको हजुरबुबाको घरमा भएको थियो । ग्रामीण क्षेत्रमा शिक्षाको प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्नुभएका मावलका हजुरबुबा मोती गिरीसँग निकै समय बिताउनु भएकी सरिता सानैदेखि अध्ययनमा पनि गहिरो अभिरूचि राख्नुहुन्थ्यो । बुबातर्फको हजुरबुबा जलेश्वर गिरी भारतीय राष्ट्रिय काङ्ग्रेसका नेता र भारतीय स्वतन्त्रता सङ्ग्रामका सेनानी हुनुहुन्थ्यो र उहाँ सरिताका निम्ति प्रेरणाको पहिलो ठूलो स्रोत हुनुहुन्थ्यो । उहाँकै प्रेरणाले सरिताले २०३१ मा भारतमा आपात्स्थिति लागेको बेलामा जयप्रकाश नारायणले आहवान गरेको सम्पूर्ण क्रान्तिको आन्दोलनमा आफू स्कूलको विद्यार्थी हुँदा नै होमिनु भयो ।

सरिताले दक्षिण बिहारको सानो सहर चाईबासामा मिसनरी स्कुलबाट अध्ययन प्रारम्भ गर्नु भयो । विद्यार्थी जीवनमै उहाँ निडर स्वभावकी हुनुहुन्थ्यो । परीक्षामा प्रथम हुने तीक्ष्ण बुद्धिकी सरिता केटाकेटीहरूका लागि ईर्ष्याका पात्र हुनुहुन्थ्यो । परीक्षामा हराउनुका लागि एकपटक केटाहरूले उहाँलाई अपहरण गर्ने योजना बनाएछन् । थाहा पाए पछि उहाँले बाल इजलास गठन गरी ती उपद्रयाहा केटाहरूलाई सजाय सुनाउनु भयो । एसएलसी परीक्षा उत्तीर्ण गरिसकेपछि उहाँले मगध महिला कलेजमा भौतिकशास्त्र विषय पढ्न थाल्नुभयो । तर, उहाँलाई भौतिकशास्त्रमा भन्दा नागरिक अधिकार र दर्शनमा बढी रूचि भएकाले उहाँले विज्ञान विषय छाडेर राजनीति, इतिहास र अंग्रेजी पढ्न थाल्नुभयो ।

आफ्नो पुस्ताका अधिकांश केटीहरू झैं सरिताको पनि पढाइ पूरा नहुँदै परिवारमा उहाँको विवाहको विषयमा चर्चा हुन थाल्यो । सिराहाको लहान निवासी इन्जिनियर लक्ष्मण गिरीसँग २०३६ साल मा विवाह गरेर नेपाल आउनुभएपछि नेपालमा लोकतन्त्र र महिला तथा मधेसीको अवस्था कमजोर भएको सरितालाई अनुभव भयो ।

२०३६ मा पञ्चायती शासनका विरूद्ध विद्यार्थी आन्दोलन प्रारम्भ भयो । सरिताले यो आन्दोलन नागरिक अधिकार र प्रजातन्त्र स्थापनाका लागि भएको हो भन्ने बुझेर त्यसमा सहभागी हुने व्यक्तिहरूलाई आदर प्रकट गर्नुभयो । नवविवाहित भएका कारण त्यसबेला उहाँले प्रत्यक्षरूपमा सो आन्दोलनमा सहभागी हुन पाउनुभएन । तर, आन्दोलनलाई कसरी मद्दत पुऱ्याउन सकिन्छ भनेर उहाँ सोचविचार चाहिँ गरिरहनुहुन्थ्यो र परिवारका अन्य सदस्य र चिनेजानेका अन्यलाई सहयोग गर्न जहिले पनि अगाडि हुनुहुन्थ्यो ।

२०४२ सम्ममा सरिता गिरीका दुई सन्तान जन्मिइसकेका थिए र उहाँ बालबच्चाको शिक्षाप्रति चिन्तित हुनुहुन्थ्यो । उहाँ लाहानका विद्यालयमा केटाकेटीलाई पढाउन त्यति इच्छुक हुनुहुन्थेन र अन्यले गरेझैं उनीहरूलाई भारतको दार्जिलिङ पनि पठाउने मनस्थितिमा हुनुहुन्थेन । परिवारका धेरै सदस्यलाई निराश तुल्याउँदै उहाँले केटाकेटीलाई काठमाण्डौं ल्याउनुभयो र दुबै बच्चालाई उहाँले मोडर्न इन्डियन स्कुलमा भर्ना गराउनुभयो । उहाँले पुतलीसडकस्थित शिक्षा क्याम्पसबाट शिक्षा विषयमा स्नातक गरी रेडियो नेपालमा समाचारवाचिकाको काम पनि गर्नुभयो ।

मुलुकको राजनीतिमा पनि उहाँको रूचि बढ्दै गयो । कुनै राजनीतिक दलसँग आबद्ध नभए पनि २०४६ सालको जनआन्दोलनमा उहाँ बहिनी ज्वाँई नरोत्तम पुरी सँगै सडक आन्दोलनमा सहभागी हुनुभयो । जनआन्दोलन सफल भएर बहुदलीय प्रजातन्त्र पुर्नस्थापना भएपछि उहाँले नेपाली काङ्ग्रेसमा प्रवेश गर्नुभयो तर सङ्घीयतामा विश्वास गर्ने हुनाले उहाँले काङ्ग्रेस पार्टी परित्याग गर्नुभयो । २०४६ सालकै आन्दोलनका समयमा सरिताले नेपाल सद्भावना पार्टी (नेसपा) काबारेमा पत्रपत्रिकामा पढ्नुभएको थियो तर सबैजसो अखबारले पार्टी र यसका नेता गजेन्द्र नारायण सिंहको विरोध गरेको पाइन्थ्यो । भद्रकालीमा अनशनमा बसेको गजेन्द्र बाबुसँग प्रभावित भई र नेपाली राजनीतिको अवस्था र पार्टीको धारणालाई विश्लेषण गरी उहाँले परिवारको इच्छा विपरीत सङ्घीयता र मधेसका सवाललाई उठाउन नेसपामा प्रवेश गर्नुभयो । नेसपामा निरन्तर कार्य गर्दा अंततोगत्वा उहाँको पदोन्नति भयो र २०६५ कात्तिक ४ मा सम्पन्न पार्टीको पाँचौ महाधिवेशनले उहाँलाई पार्टीको केन्द्रीय अध्यक्षमा निर्वाचित गऱ्यो । मुलुककै चर्चित र निकै जनाधार भएको राजनीतिक पार्टीको अध्यक्षमा निर्वाचित हुने उहाँ पहिलो महिला पनि हुनुहुन्छ ।

राजनीतिक यात्राको क्रममा सरिताले निकै चुनौती तथा कठिनाईहरूसँग सामना गर्नुपऱ्यो । २०६२/६३ को दोस्रो जनआन्दोलनमा पनि उहाँले भाग लिनुभयो र उहाँ सुरूमै पक्राउमा पर्नुभयो । पार्टीभित्र पनि पुरूषवादी चिन्तनले गर्दा उहाँका लागि परिस्थिति त्यति सहज थिएन र पार्टी गुट राजनीतिले प्रताडित थियो । उहाँले अदालतमा आफ्नै संविधानसभा सदस्य पद र पार्टीको नेतृत्वको विषयमा मुद्दा लड्नुपऱ्यो । यसअघि सरिताको रिट निवेदनका आधारमा उहाँहरूकै पक्षमा सर्वोच्च अदालतले फैसला दिएको थियो ।

संविधानसभा अन्तर्गतको समितिहरूमध्ये उहाँ संवैधानिक समितिको सदस्य हुनुहुन्छ । संविधानको प्रस्तावनामा नै लैङ्गिक आधारमा हुने विभेदको अन्त्य गर्ने र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने भन्ने कुरा परेकाले त्यो सबै भन्दा ठूला उपलब्धि भएको उहाँको धारणा छ । नागरिकताको विषय र सम्पूर्ण अधिकारद्वारा सुसज्जित महिलाको विषय भने अझै चुनौतीपूर्ण छ । संविधानसभामा महिलाहरू मधेस र पहाडका आधारमा विभाजित भइरहेको उहाँको धारणा छ । यही कारण महिला सदस्यहरू बीच साझेदारी र समझदारी स्थापित गर्न कठिनाइ भएको छ र यसलाई जतिसक्दो चाँडो मिलाउन जरूरी छ भन्ने सरिताको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'महिलाहरूबीचको

आपसी सोचाइमा केही सुधारका सङ्केत देखिएका छन् जस्तो, मधेसी महिलाले पनि हिमाली क्षेत्रका शेर्पा र भोटे महिलाले भोग्नु परेका उस्तै समस्यालाई बिस्तारै बुझ्दैछन् ।'

सरिताको विचारमा संविधानसभाको सबैभन्दा ठूलो समस्या नै बहसमा पारदर्शिता र खुलापनको कमी हो । उहाँका अनुसार, कहाँ, कसले र के-कस्ता एजेन्डाहरू ल्याइरहेका छन् भनेर बुझ्न नसकिने अवस्था संविधानसभामा छ । ठूला पार्टीहरूको हैकम छ र नेताहरूको प्रवृत्ति पनि नियन्त्रणमुखी छ । त्यसमाथि उनीहरू पुरानो राजनीतिक मानसिकताबाट धेरै माथि उठ्न सकेका छैनन् । त्यसरी नै पुरूषहरूले सक्षम महिलाहरूलाई चुनौतीको रूपमा लिन्छन् त्यसकारण उनीहरू महिलालाई सहयोग गर्न त्यति उत्साहित हुँदैनन् र महिलाले उठाएका सवाललाई पनि उनीहरू पर्याप्त ध्यान दिँदैनन् ।

संविधानसभा सरिताका लागि सिक्ने राम्रै अवसर भएको छ । उहाँ भन्नुहुन्छ, 'आन्दोलनहरू आउँछन्, जान्छन् तर बानी व्यवहारमा परिवर्तन त्यति सजिलै हुँदैन ।' संविधानसभामा पहिलोपटक सदस्य हुनुबाहेक उहाँको राजनीतिक विज्ञानको पढाइ र लामो दलीय राजनीतिको अनुभवले संसदीय अभ्यास र प्रक्रियाकाबारेमा बुझ्न उहाँलाई त्यति धेरै समय लागेन । उहाँले आफ्नो विगतको अनुभवलाई राम्रैसँग सदुपयोग गरिरहनुभएको छ । माधवकुमार नेपाल नेतृत्वको सरकारका विरूद्धमा १३-दलीय गठबन्धन बनाउन आफूले खेलेको भूमिकालाई उहाँ ठूलै व्यक्तिगत उपलब्धि ठान्नुहुन्छ । उहाँ संविधानसभाको म्याद बढाउने सम्बन्धमा आफूले पहिलोपटक प्रस्ताव दर्ता गराएको बताउनुहुन्छ । पार्टीको अध्यक्ष तथा संविधानसभाको सदस्य रहेका कारण निकै व्यस्त रहने उहाँले कानुनको अध्ययन गर्ने समय पनि निकाल्नु भएको छ र परीक्षाको तयारी गरिरहनुभएको छ । उहाँ भन्नुहुन्छ, 'अदालतमा कहिलेकाँही आफ्ना मुद्दाको बहस आफैंले सफलतापूर्वक गरेकैले र न्याय प्रतिको आकर्षणले मलाई कानुन पढ्न उत्प्रेरित गरायो,' उहाँ भन्नुहुन्छ ।

श्रीमान्सँग पारपाचुके गर्नुभएकी सरिताका दुईजना हुर्केका छोरी र एकजना छोरा छन् । उहाँले अहिले आफूलाई राजनीति र अध्ययनमा पूर्णरूपमा लगाउन सक्षम हुनुभएको छ । सरिताको भविष्यमा पनि राजनीतिक क्षेत्रमै रहने र आगामी निर्वाचनमा पनि पहिलो महिला पार्टी अध्यक्षको रूपमा पार्टीको नेतृत्व गर्ने चाहना व्यक्त गर्नुहुन्छ ।



### व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | साबित्रा दुरा |
| ठेगाना स्थायी | : | स्याम्घा गाविस-३, शीसाघाट, तनहुँ |
| अस्थायी | : | बुद्धनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९८४१३२४७७१ (मो) |
| जन्म मिति | : | २०३५/३/१५ |
| जन्म स्थान | : | लमजुङ |
| आमाको नाम | : | मनमाया दुरा |
| बुबाको नाम | : | प्रकाश दुरा |
| श्रीमान्को नाम | : | पूर्ण पौडेल |
| शिक्षा | : | प्रमाणपत्र तह |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# जनताले देख्ने गरी परिणाम ल्याउन सकेका छैनौं

नर्स बनेर समाज सेवा गर्ने दृढ इच्छा भएपनि गाउँका केही गलत व्यक्तिका कारण सानै उमेरमा साबित्रा दुराले मुद्दा खेप्नु पर्ने स्थिति बन्यो जसका कारणले उहाँको कलिलो मष्तिस्कमा समाज तथा देशमा भएका अन्याय र अत्याचार विरूद्ध लड्न राजनीतिमा नै लाग्नुपर्ने रहेछ भन्ने पऱ्यो ।

साबित्रा सानो छँदा उहाँका काका नेकपा (मशाल) र पार्टी एकीकृत भएपछि नेकपा (एकता केन्द्र) को सदस्य भई शिक्षक सङ्गठनमा सहभागी हुनुहुन्थ्यो । पारिवारिक वातावरण तथा विद्यालयका साथीहरूको सँगतले राजनीतिमा आउन साबित्रालाई सघाउ पुग्यो । गाउँघरमा हुने अन्याय, असमानता र धनी-गरिब बीचको खाडलले पनि उहाँलाई अन्याय अत्याचार विरूद्ध लड्ने माध्यम राजनीति नै रहेछ भनेर थप प्रेरणा मिल्यो ।

आमा मनमाया गुरूङ र बुबा प्रकाश दुराबाट २०३५ असार १५ गते लमजुङमा जन्मनु भएकी साबित्राले वामपन्थी राजनीतिमा प्रवेश गर्दासम्म पनि उहाँको परिवारबाट उहाँको काका बाहेक अरू राजनीतिमा थिएनन् । साबित्राको विवाह पश्चात् उहाँको श्रीमान्, बहिनी, नन्द, नन्द ज्वाइँले पनि नेकपा (माओवादी) आन्दोलनमा सहभागी हुनुभयो । साबित्रा पार्टीको पूर्णकालीन कार्यकर्ता भएपछि सुरूसुरूमा घर फर्कन पाइन्न भनेर उहाँलाई परिवारले रोक्ने गर्थ्यो । तर समय-समयमा घरमा आउजाउ हुन थालेपछि परिवारले यथार्थ बुझ्दै गए । त्यसपछि परिवारका तर्फबाट उहाँलाई राम्रो सहयोग मिल्यो ।

२०४८ सालदेखि नेकपा (एकता केन्द्र) निकट विद्यार्थी सङ्गठन अनेरास्ववियुको स्कुल इकाइको सदस्यबाट राजनीतिक जीवन सुरू गर्नुभएकी साबित्रा नेकपा (माओवादी) सम्बद्ध अनेरास्ववियु (क्रान्तिकारी)को जिल्ला उपाध्यक्षसम्म हुनुभयो । यस्तै २०५१/५२ सालमा उहाँ अनेमसङ्घ (क्रान्तिकारी)को जिल्ला अध्यक्ष हुनुभएको थियो । २०५२ सालपछि उहाँले माओवादी 'जनयुद्ध'मा विद्यार्थी, महिला, जनसत्ता जस्ता पार्टीका विभिन्न सङ्गठनमा रहेर

काम गर्नु भएको थियो । २०६० देखि २०६३ सालसम्म अनेमसङ्घ (क्रान्तिकारी)को केन्द्रीय सदस्य रहनु भएकी साबित्रा पछिल्लो चरणमा माओवादी जनमुक्ति सेनाको ब्रिगेड भिसीसम्म हुनुभयो । हाल उहाँ योङ कम्युनिष्ट लिग (वाइसिएल)को तमुवान राज्य संयोजक तथा केन्द्रीय सचिवालय सदस्य, राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज नेपालकी केन्द्रीय उपाध्यक्ष र जनस्वयंसेवक परिचालन संयन्त्रको केन्द्रीय सदस्यका रूपमा पनि कार्यरत हुनुहुन्छ ।

साबित्रासँग माओवादी 'जनयुद्ध'को समयमा सुरक्षा फौजको घेरा तोडेर अघि बढेको धेरै अनुभवहरू छन् । २०५८ सालमा बाग्लुङमा कार्यरत र बिहान ५:०० बजे सुरक्षाकर्मीले उहाँ बस्नुभएको घर घेराउ गरेको थियो । केही क्षणमै सुरक्षाफौज घरभित्र पसेर खानतलासी गर्न आउने पक्का भएकोले उहाँले तत्कालै घरबेटीको लुगा लगाएर र गाग्री बोकेर त्यही घरको छोरी बुहार जस्तो देखिने गरी । सुरक्षा फौजकै अगाडीबाट हिँड्दा समेत उनीहरूले घरकै सदस्य ठानेर साबित्रालाई केही पनि सोधपुछसम्म नगरी जान दिए । आफ्ना अरू साथीहरूलाई सुरक्षाफौजले लखेट्दै र हवाई फायर गर्दै गरेको दृश्य देख्दै धारातिर लाग्नुभयो र गाग्री धारामै छोडेर भाग्न सफल हुनु भएको सो घटनामा उहाँका अर्को दुईजना साथीलाई सुरक्षाकर्मीले पक्राउ गरी लामो समय जेलमा राख्यो ।

राजनीतिमा लाग्दा थुप्रै प्रकारका समस्यासँग जुध्नु स्वाभाविक भएतापनि आफ्ना श्रीमान् पूर्ण पौडेलसँग बिछोडिनु परेको घटनाले साबित्रा अझै पनि धेरै मर्माहत हुनुहुन्छ । अखिल (क्रान्तिकारी)का केन्द्रिय महासचिवको पदमा कार्यरत पूर्ण पौडेललाई पार्टीकै काममा खट्दा २०५९ बैशाख १३ गते काठमाण्डौंको कालीमाटीबाट सुरक्षा फौजले पक्राउ गरेको थियो र उहाँ अहिलेसम्म पनि बेपत्ता हुनुहुन्छ । साबित्राका अनुसार सुरक्षा निकायले बेपत्ता पारेको पूर्ण पौडेलको अवस्था अझैं अज्ञात छ । जुन पार्टी सरकारमा गए पनि बेपत्ता नागरिक खोज्ने कार्यमा राज्यले गंभीरतापूर्वक चासो दिन सकेको छैन । उहाँ भन्नुहुन्छ, 'अहिलेसम्म पनि बेपत्ता नागरिक सम्बन्धी विधेयक र उच्च स्तरीय आयोग नबन्नु राज्य र दलहरूको उदासीनता नै हो भन्ने पुष्टि हुन्छ ।' साबित्रा र पूर्ण पौडेलको चिनजान विद्यार्थी राजनीतिमा कार्यरत रहने क्रममा पृथ्वीनारायण क्याम्पस, पोखरामा भएको थियो र उहाँहरूको विवाह २०५४ साल माघ १८ गते भएको थियो ।

साबित्रा राजनीतिमा लाग्दा एउटै मिसन थियो- 'जनयुद्ध' सफल बनाउने तर जनताका गाँस,बास, कपास, शिक्षा, स्वास्थ्य, र रोजगारीको हक अझ पनि सुनिश्चित हुन बाँकी रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'शान्ति पूर्ण अवस्थामा प्रवेश गरेपछि जनताको आधारभूत समस्या हल गर्ने विषयहरू उठाइए पनि घटनाक्रमले गर्दा पूरा गर्न सकिएको छैन ।'

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत संविधानसभाका सदस्य हुनुभएकी साबित्रा २०६३ सालको अन्तरिम व्यवस्थापिका संसद्को पनि सदस्य हुनुहुन्थ्यो । अन्तरिम व्यवस्थापिका संसद्को सदस्य भएर संसदीय अनुभव बटुलेका कारणले साबित्रालाई संविधानसभाको प्रक्रिया र बैठकका नियमलगायतका विषयहरू बुझ्न खासै गाह्रो भएन । उहाँ संविधानसभाको राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति र व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिका सदस्य हुनुहुन्छ । उहाँ संलग्न राज्यको पुर्नसंचरना समितिमा उहाँले राज्यको पुनर्संरचनाका आधार लगायत आदिवासी/जनजाति, महिला, दलितले प्राप्त गर्ने अधिकार,

सीमान्तकृत अल्पसंख्यक समुदायको राज्यका निकायमा सहभागिता पहुँच तथा प्रतिनिधित्वको प्रत्याभूतिका सम्बन्धमा पटक पटक धारणा राख्नुभएको थियो । उहाँले राज्य पुनर्संरचना गर्दा स्वायत्त क्षेत्रका अधिकार तथा आदिवासी/जनजातिका विषयमा फरक मत राख्नुभएको थियो । यस्तै व्यवस्थापिका संसद अन्तर्गतको समितिमा मानवअधिकार तथा बेपत्ता नागरिकलाई सार्वजनिक गर्ने सम्बन्धमा तथा पराराष्ट्र नीति कस्तो हुने भन्ने विषयमा पनि छलफल गरेको थियो ।

संविधानसभा विश्वकै लागि नमुना भएको र महिला अधिकारको दृष्टिकोणले राज्यका सम्पूर्ण निकायमा महिलाको जनसंख्याको आधारमा ५० प्रतिशत महिलाको सहभागिता तथा प्रतिनिधित्व हुनुपर्छ भन्ने साबित्राको माग छ र उहाँले यो कुरा संविधानसभामा पनि उठाउनु भएको छ । संविधानसभा सदस्य भएपछि साबित्रालाई कानुन बनाउने ठाउँमा के के चाहिने रहेछ र के के गर्नु पर्ने रहेछ भन्ने कुराको ज्ञान भएको छ । उहाँ भन्नुहुन्छ, 'अवसर पाए महिलाले हरेक क्षेत्रमा राम्रोसँग काम गर्न सक्दा रहेछन् र अवसरको सदुपयोग पनि गर्ने रहेछन् भन्ने कुराको मलाई अनुभव भएको छ ।' तर, महिला सदस्यले संविधानसभामा उठाएका मुद्दालाई धेरैजसो पुरूष सदस्यहरूले सुन्ने र बुझ्ने कोसिस गरे पनि चासो नदिने प्रवृत्ति संविधानसभा तथा व्यवस्थापिका संसदमा रहेको साबित्राको अनुभव छ । आफ्नो भूमिका र योगदानलाई साबित्रा यसरी व्यक्त गर्नुहुन्छ, 'हामीले काम गर्न त गर्‍यौं तर जनताले देख्ने गरी र परिणाम आउने गरी केही गर्न सकेका छैनौं । त्यसैले सन्तुष्ट हुन सकेका छैनौं र अझ धेरै गर्न आवश्यक छ ।'

राजनीतिको यात्रामा धेरै नै आरोपहरू खेप्नु पर्ने र कठिनाईभित्र नै सहज हुनुपर्ने जस्ता अवस्थाहरू आइपर्ने कारणले साबित्रा राजनीतिक जीवनलाई सहज मान्नुहुन्न । त्यसमाथि पनि जीवनका थुप्रै उकाली ओरालीका अनुभव र श्रीमान् बेपत्ता हुँदाको पीडाले जीवन सहज नभएको उहाँको अनुभव छ । राजनीतिबाट नै संसारको भविष्य कोरिने हुँदा राजनीतिलाई उहाँ जीवनको अभिन्न अंग मान्नुहुन्छ । महिलाले राजनीति गर्न हुन्न भन्ने मान्यता विपरित गएर साबित्रा लगायत धेरै महिलाको राजनीतिमा संलग्नताले गाउँगाउँमा चेतना आएको मात्र होइन अधिकार प्राप्तिका लागि एकजुट भएर सङ्घर्ष गर्न पनि सिकाएको छ । साबित्रा भन्नु हुन्छ 'वास्तविक राजनीतिका लागि लगनशिलता, धैर्य, प्रतिबद्धता हुनुपर्छ र महिलामा त्यस्ता गुण मैले प्रशस्त पाएको अनुभव गरेँ ।'

सही विचार सही कार्ययोजनाको आधारमा अगाडि बढ्न सके महिलाहरूले पनि धेरै गर्न सक्ने कुरा 'जनयुद्ध'ले पुष्टि गरिसकेको बताउनुहुने साबित्रा राजनीतिमा निष्ठाको कमी देख्नुहुन्छ । निष्ठामा मान्यता राख्नुहुने साबित्रा राजनीतिक क्षेत्रबाटै समाजसेवा गर्ने अठोट व्यक्त गर्नुहुन्छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : सावित्री सिंह |
| ठेगाना स्थायी | : भैरहवा -३, असुरेना, रूपन्देही, लुम्बिनी |
| अस्थायी | : बुद्धनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४७८३७२६ (घर), ९८४१९८३०८८ (मो) |
| जन्म मिति | : २०२१/५/१ |
| जन्म स्थान | : मजगाँवा, रूपन्देही |
| आमाको नाम | : बाल कुमारी सिंह |
| बुबाको नाम | : सुन्नर सिंह |
| श्रीमान्को नाम | : राजकुमार सिंह |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# संविधान निमार्ण प्रक्रिया जटिल रहेछ

२०४६ सालको सफल जनआन्दोलन पछिको राजनीतिक परिवर्तन पछि नेपाली काङ्ग्रेस धेरै पटक सत्तामा आयो । सत्तारूढ पार्टी भएपछि काङ्ग्रेसका धेरै नेता कार्यकर्ताहरूले सत्तासुखको उपभोग पनि गरे । चप्पल लगाएर राजधानी झरेका कतिपय नेताहरू पजेरो चढ्ने भए । त्यसैले नेपाली राजनीतिमा काङ्ग्रेस भन्ने बित्तिकै पजेरोधारी कार्यकर्ता भनेर बुझिने पूर्वाग्रह पनि स्थापित भइसकेको अवस्था छ । तर काङ्ग्रेस कार्यकर्तालाई बुझ्ने यो दृष्टिकोण कति दोषपूर्ण छ भन्ने कुरा संविधानसभा सदस्य सावित्री सिंहसँगको अर्न्तक्रिया पछि स्पष्ट हुन्छ ।

सावित्री र उहाँका श्रीमान् राजकुमार सिंह दुबैजना गाउँका सक्रिय काङ्ग्रेस कार्यकर्ता हुनुहुन्थ्यो । २०५४ सालको चुनावमा उहाँको श्रीमान् गाविसको उपाध्यक्षको रूपमा पनि निर्वाचित हुनु भएको थियो । गाउँमै बसेर काम गर्दै जाँदा उहाँहरू माओवादीका लागि 'दुश्मन' ठहरिन थाल्नुभयो । चुलिँदै गएको माओवादी 'जनयुद्ध'ले गाउँमा गैर माओवादीहरू बस्न सक्ने अवस्था रहेन । माओवादीले सावित्री र उहाँको श्रीमान्लाई अनेक धम्की दिन थाले र भौतिक आक्रमण गर्ने चेतावनी पनि दिए । केही समय त माओवादीको धम्कीको सामना गर्दै उहाँहरू गाउँमै बस्नुभयो । तर उहाँहरूलाई साथ दिने कोही नभएपछि आखिर उहाँहरूले गाउँ मात्र होइन देशै छोडेर भारतमा विस्थापित हुनुपर्ने अवस्था भयो । यसरी माओवादी 'जनयुद्धका' कारण देशै छोडेर विदेशिनुपर्ने उहाँहरूको पीडा कुनै पनि राजनीतिक पीडितको भन्दा कम थिएन ।

जनतासँग भेट्न उहाँहरू बेलाबखत आफ्नो जिल्लामा आउनुहुन्थ्यो तर धेरै समय बस्ने अवस्था भने हुँदैन थियो । २०६३ सालमा माओवादी शान्ति प्रक्रियामा आएपछि मात्रै उहाँहरू पनि नेपाल फर्कनुभयो । तर, २०६४ सालमा सावित्री सभासद् भइसकेपछि पनि माओवादीले उहाँ र उहाँको श्रीमान्लाई निशाना बनाउन भने छाडेनन् । २०६४ साल मै उहाँको घर अगाडि बम विस्फोट गराइ माओवादीले आफ्नो 'सन्देश' प्रवाह गरे ।

सावित्री आफ्नै खुशीले वा आफैले छानेर नेपाली काङ्ग्रेसमा लाग्नुभएको भने होइन । उहाँको काङ्ग्रेस प्रवेश र राजनीतिक यात्रामा श्रीमान् राजकुमार सिंहको ठूलो योगदान छ । विवाह अघि सावित्रीले राजनीतिबारे खासै केही नबुझेपनि तराईको गाउँका महिलाहरूको स्थिति देखेर उनीहरूका लागि केही गरौँ भन्ने भावना उहाँको मनमा जाग्थ्यो । तराईको महिलाको स्थिति पहाडको महिलाका भन्दा धेरै अप्ठेरो थियो । तराईमा केटा पक्षले केटी पक्षसँग विवाहमा धेरै दाइजो माग्ने हुनाले महिलाहरू धेरै दाइजोको मारमा परिरहने गर्थे । त्यसैले आफ्ना आमाबुबासँग केही पैसा मागेर समस्यामा परेका मधेसी महिलाहरूका विवाहमा सहयोग गरेर पनि उहाँ समाज सेवाको काम गर्नुहुन्थ्यो । सावित्रीका यस्ता कार्यहरूले गर्दा गाउँमा उहाँलाई 'दयालु' भन्ने नामले मानिसहरू संबोधन गर्थे । यसै बीच १८ वर्षकै उमेरमा २०४३ सालमा उहाँको मागी विवाह भयो । श्रीमान् राजकुमार सिंह नेपाली काङ्ग्रेसको राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । विवाह पछिका केही समय सावित्रीले घर मै चुलो चौका गरेरै बिताउनु भयो । तर केही वर्षपछि श्रीमान्को साथ लागेर सावित्रीले पनि बिस्तारै विभिन्न किसिमका राजनीतिक कार्यक्रमहरूमा सहभागी हुन थाल्नुभयो । श्रीमान्कै पछि लागि पार्टीको बैठकहरूमा पनि उहाँ जान थाल्नुभयो । पार्टीको खुल्ला कार्यक्रम र बैठकहरूमा सहभागी हुँदै गए पछि उहाँमा पनि राजनीतिक चासो बढ्न थाल्यो । यसरी उहाँले राजनीतिलाई पनि बिस्तारै बुझ्न थाल्नुभयो ।

सानो बेला आफूले जुन खाले असमानता, विकृति र विसँगतिहरू समाजमा देख्नु भएको थियो ती सबैलाई हटाउन राजनीतिकै सहारा लिनुपर्छ भन्ने कुरा पनि उहाँले बुझ्दै जानुभयो । त्यसपछि उहाँको पाइला पनि बिस्तारै राजनीतितिर अघि बढ्न सुरु भयो । २०४६ सालमा उहाँले नेपाली काङ्ग्रेसको साधारण सदस्यता प्राप्त गर्नुभयो । पार्टीको काम गर्दै जाँदा उहाँ २०४८ सालमा काङ्ग्रेसको क्रियाशील सदस्य बन्नुभयो । यसरी नै २०५१ सालमा महिला सङ्घको जिल्ला सदस्य पनि बन्नुभयो । २०५४ सालमा चुनावमा उठेका श्रीमान्को चुनावमा प्रचार गर्दै हिँड्दा उहाँको जनसम्पर्क अझ बढ्यो । यति मात्र होइन, श्रीमान्ले गाउँका जमिनदारहरूको जग्गा लिई गाउँलेका छोराछोरी पढ्ने स्कुल समेत बनाइदिनुभयो । त्यसपछि जनतासँगै बसेर काम गर्ने र अझ जनताकै सेवा गर्ने अवसर पनि उहाँले पाउनुभयो । यसै क्रममा २०५७ र २०६६ सालमा भएको नेपाली काङ्ग्रेसको महाधिवेशनमा सावित्रीले पनि प्रतिनिधि हुने मौका पाउनुभयो ।

हरेक सफल पुरूषको पछाडि एक महिलाको हात हुन्छ भनिन्छ । तर, सावित्री सफल हुनुको पछाडि चाहिँ एउटा पुरूषको हात रहेको छ । उहाँ भन्नुहुन्छ, 'त्यो पुरुष मेरै श्रीमान् हो । मेरो राजनीतिलाई निरन्तरता दिन श्रीमान्ले हदैसम्मको सहयोग गर्नुभएको छ ।' गाउँमा व्याप्त जमिन्दारहरू प्रथाको अन्त्य गर्नका लागि पनि सावित्रीको श्रीमान्ले धेरै काम गर्नुभएको छ । जमिन्दारी प्रथा अन्त्य गर्नका लागि जनतामा चेतना जगाउन श्रीमान्ले गर्नुभएको प्रयासमा सावित्रीले पनि निकै योगदान दिनुभएको थियो । उहाँ भन्नुहुन्छ, 'वास्तवमा गाउँले जनतालाई सचेत तुल्याउन हामीले गरेको यो प्रयास नै माओवादी हामीमाथि खनिनुको मुख्य कारण बन्न गयो । माओवादी धम्कीका कारण गाउँबाट विस्थापित हुन पुग्नु र सभासद् भइसकेपछि पनि मेरो घरमा विस्फोट भइरहनु जस्ता क्रियाकलापले मलाई धेरै दु:खी बनाएको छ । तर जनताको काम गर्दा बेलाबखत यस्ता तगाराहरू आइ नै रहन्छन् भनी म चित्त बुझाउने गर्छु ।' सावित्रीका यीनै निष्ठापूर्ण योगदानको कदर स्वरूप पार्टीले उहाँलाई समानुपातर्फबाट संविधानसभाको सदस्य बनायो ।

उहाँ संविधानसभा अर्न्तगतको न्याय प्रणाली समितिको सदस्य हुनुहुन्छ । संविधानसभा मार्फत बनाइने संविधानमा महिलाको समावेशी र समानुपातिक प्रतिनिधित्व लगायतका अन्य हक अधिकार स्थापित गराउने सावित्रीको ठूलो धोको थियो । तर, संविधानसभाले महिलाको हक स्थापित गराउने त परको कुरा, संविधानै पनि बनाउन नसकेकोमा उहाँलाई अत्यन्त दुःख लागेको छ । समाज बदल्ने र मुलुक बदल्ने अठोटका साथ उहाँ संविधानसभा आउनुभएको थियो । तर त्यस्तो कुनै परिवर्तनको सङ्केत उहाँले देखिरहनुभएको छैन । उहाँ सकारात्मक परिवर्तन तथा नयाँ र चित्तबुभ्mदो कुराका लागि पार्टीको लाइन विपरितै उभिएर पनि आफ्नो विचार राख्न छोड्नुहुन्न । जस्तो कि सदनबाट न्यायाधीश नियुक्त गर्ने सवालमा उहाँ भन्नुहुन्छ, 'संविधानसभामा यो प्रस्ताव माओवादीले ल्याएका थिए । काङ्ग्रेसले त्यसको विरोध गरे । तर न्यायाधीश नियुक्ति सदनबाट गरिनुपर्छ भन्ने कुरा ठीक लागेको कारणले गर्दा आफू सदस्य भएको समितिमा समेत मैले यो यो प्रसङ्ग उठाएँ । तर त्यो लागू हुन भने सकेन ।'

संविधानसभा भित्र दुःख सुख दुबै अनुभव गर्न पाएको सावित्री बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'सुरूमा ऐतिहासिक संविधान बनाउने काममा आफू पनि सहभागी हुन पाएकोमा धेरै खुशी लागेको थियो । तर अहिले त्यो काम तो किएको समयभित्रै हुन नसकेकोले पछुतो पनि लागिरहेको छ । संविधानसभामा कति आशा लिएर आएकी थिएँ, तर खासै केही भएन ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | सावित्रा भूसाल |
| ठेगाना स्थायी | : | घट्टेकुलो, कामनपा-३२, काठमाण्डौं |
| अस्थायी | : | काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ०१-४७७१०४८ (घर) |
| इमेल | : | sabitrabhusal@gmail.com |
| जन्म मिति | : | २०१३/३/२५ |
| जन्म स्थान | : | अर्घाखाँची |
| आमाको नाम | : | विष्णु कुमारी भूसाल |
| बुबाको नाम | : | गुणनिधि भूसाल |
| श्रीमान्को नाम | : | बलराम बास्कोटा |
| शिक्षा | : | स्नातकोत्तर |
| राजनीतिक दल | : | नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# सानैमा सिकेको राजनीति

एकपटक सावित्रा भूसालका बुबा गुणनिधि भूषाल भूमिगत भई भारतको गोरखपुर बस्नुभएको थियो । बुबाले आफ्ना साथी मार्फत चिठी लेखेर सावित्रालाई भेट्न आउनु भनेर खबर पठाउनुभएछ । उहाँ बुबाका साथीसँगै टाँगामा बसेर गोरखपुरतिर लाग्नुभयो । तर, बाटोमा उहाँको केही साथीसँग भेट भयो । नचिनेको मान्छेसँग टाँगामा बसेर आएको देखेपछि साथीहरूले उहाँलाई कहाँ जान लागेको भनेर सोधे । भूमिगत बुबालाई भेट्न जान लागेको भन्न मिलेन त्यसैले उहाँले अर्कै बहाना बनाउनुभयो । तर साथीहरूले पत्याएनन् र सँगै टाँगामा बसेको मानिसले उहाँलाई ललाइफकाई भारततिर बेच्न लगेको भन्ने ठाने । त्यसैले साथीहरूले उहाँलाई बीच बाटैबाट घरतिर फर्काएर ल्याए । यो घटना सम्झँदा सावित्रालाई अहिले पनि हाँसो लाग्छ ।

यस्ता राजनीतिक घटनाक्रमसँग सानैदेखि लुकामारी खेल्दै आउनुभएकी सावित्रा राजनीतिबाट टाढा रहन सक्नु भएन । उहाँका बुबा गुणनिधि भूसाल पुष्पलाल श्रेष्ठले स्थापना गर्नुभएको नेपाल कम्युनिष्ट पार्टीको सदस्य हुनुहुन्थ्यो । उहाँका हजुरबुबा समेत राजनीतिक कार्यकर्ता हुनुहुन्थ्यो । पूरै परिवार राजनीतिमा संलग्न भएकाले उहाँलाई पनि यो क्षेत्रमा आउने चाहना जाग्यो ।

६-७ कक्षा पढ्दादेखि नै सावित्रालाई राजनीतिमा चासो लागिसकेको थियो । १२ वर्षको उमेरदेखि उहाँले कम्युनिष्ट नेता र कार्यकर्ताको काममा सघाउने, चिठीपत्र ओसारपसार गरिदिने र उनीहरूलाई खाना खुवाउने, उनीहरूको परिवारसँग सम्पर्क गराउनेजस्ता काममा सहयोग गर्न थालिसक्नुभएको थियो । २०३० सालमा लुम्बिनी अञ्चलका छ वटा जिल्लाबाट किसानको र्‍याली निकाली सदरमुकाम घेर्ने कार्यक्रममा पनि उहाँ सहभागी हुनुभएको थियो । यो नै उहाँको राजनीतिक कार्यक्रममा पहिलो सहभागिता थियो । उहाँ अर्घाखाँचीको जनज्योति माविमा हुने विभिन्न कार्यक्रममा कविता भन्ने र गीत गाउने अवसर पनि छुटाउनुहुन्नथ्यो ।

अर्घाखाँचीमा भएको हर्रेबर्रे काण्डमा केशरमणि पोखरेललगायत तत्कालीन नेपाल कम्युनिष्ट पार्टीका धेरै नेता कार्यकर्ता पक्राउ परे । त्यसपछि सावित्राका बुबा पनि भूमिगत हुनुभयो । बुबा भूमिगत हुनुभएपछि सावित्राले पार्टीसँग गोप्यरूपमा सम्पर्कमा बस्ने र बुबालाई भेटघाट गरिरहनुपर्थ्यो र २०३१ सालतिर हजुरबुबा पनि पक्राउमा पर्नुभयो ।

गाउँमै एसएलसी परीक्षा सकेर २०३३ सालमा सावित्रा काठमाण्डौंको पद्मकन्या क्याम्पसमा भर्ना हुनुभयो । काठमाण्डौं आउँदा उहाँ १५ वर्षकी मात्र हुनुहुन्थ्यो । काठमाण्डौंमा खाना पकाउनेदेखि पार्टीका कामहरू समेत उहाँ एक्लैले भ्याउनुहुन्थ्यो । काठमाण्डौं आएपछि अनेरास्ववियुमा उहाँको सम्पर्क बढ्यो । २०३६ सालको विद्यार्थी आन्दोलनमा पनि उहाँले सक्रिय रूपले भाग लिनुभयो । २०३६ सालमै भएको अनेरास्ववियुको छैँठो राष्ट्रिय सम्मेलनबाट उहाँ केन्द्रीय कोषाध्यक्ष चुनिनुभयो । यहीँबाटै उहाँको राजनीतिको औपचारिक यात्रा सुरू भयो । २०३६ सालको जनमतसङ्ग्रहमा बहुदलको पक्षमा उहाँले धेरै ठाउँमा भाषण दिनुभयो । त्यसपछि सावित्राले २०३७ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिनुभयो । त्यही वर्ष भारतको अयोध्यामा भएको अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) को सम्मेलनबाट उहाँ अनेमसङ्घको केन्द्रीय सदस्य निर्वाचित हुनुभयो । २०३७ सालमै अनेमसङ्घको आयोजनामा काठमाण्डौंमा भएको महिलाको ऱ्यालीमा सहभागी भएका कारण उहाँ पक्राउमा पर्नुभयो । २०३८ सालमा भएको सेक्टर तोड आन्दोलनमा पनि उहाँ सहभागी हुनुभयो । त्योबेला पनि पक्राउ परी उहाँ चार महिना महिला कारागारमा थुनिनुभयो ।

२०४९ भदौ २६ गते बलराम बास्कोटासँग सावित्राको जनवादी विवाह भयो । सिन्धुनाथ प्याकुरेलको घरमा नरबहादुर कर्माचार्यले उहाँहरूको विवाह गराइदिनुभएको थियो । सावित्राका श्रीमान् बलराम बास्कोटा पनि राजनीतिक कार्यकर्ता हुनुहुन्थ्यो । उहाँका देवर, जेठाजुहरू पनि राजनीतिमै सक्रिय हुनुहुन्छ । हाल उहाँका श्रीमान् अखिल नेपाल किसान महासङ्घको केन्द्रीय उपमहासचिव र नेकपा (एमाले)को केन्द्रीय लेखा समितिको सदस्य हुनुहुन्छ । पूरै परिवार राजनीतिमा लागेकाले सावित्राले विवाह अघि र विवाह पछि धेरै किसिमका आर्थिक र सामाजिक कष्टहरू भोग्नुपऱ्यो । विवाहपछि श्रीमान् श्रीमती दुबैजना राजनीतिमा लाग्दा आर्थिक समस्या त हुने नै भयो । त्यसैले श्रीमान्सँग सल्लाह गरेर सावित्राले शिक्षण पेशा अपनाउनुभयो । २०४५ सालदेखि उहाँले धादिङको महेशधर्म माविमा अङ्ग्रेजी पढाउनुभयो र लोकसेवा उत्तीर्ण गरी महिला विकास कार्यालयमा अधिकृतको रूपमा पनि काम गर्नुभयो । त्यस्तै हेल्भेटासको परियोजनामा पनि उहाँले काम गर्नुभयो । तर, राजनीतिप्रतिको उहाँको भित्री चाहना कम भएन र त्यसपछि घरसल्लाह गरी २०५४ सालतिर जागिर छाडेर उहाँ पुनः पूर्णकालीन राजनीतिमै फर्किनुभयो र अहिले उहाँ संविधानसभा सदस्य हुनुभएको छ ।

संविधानसभामा सावित्राले नागरिक सम्बन्ध समिति अन्तर्गतको कार्यतालिका उपसमितिको संयोजक भएर काम गर्नुभएको छ । उहाँको समिति प्रक्रियागत समिति भएकाले त्यहाँ संविधानका बुँदाहरूका विषयमा छलफल हुँदैन । सावित्रा व्यवस्थापिका संसदको राज्य व्यवस्था समितिको पनि सदस्य हुनुहुन्छ । त्यहाँ सावित्राले नेपालको अन्तरिम संविधान २०६३ र नेपाल नागरिकता ऐन २०६३ मा आमाको नामबाट नागरिकता पाउन सक्ने प्रावधान भए पनि आमाको नामबाट सजिलोसँग नागरिकता पाउन नसकिरहेकोबारे कुरा उठाउनुभयो । नागरिकता पाउन नसकेकाहरूलाई न्याय दिन सामाजिक संस्था मार्फत सर्वोच्च अदालतमा मुद्दा हालेर समेत नजिर पनि कायम

गराउनुभएको छ । उहाँका भनाइमा महिलाका अहिलेको प्रमुख मुद्दा भनेको राज्य संयन्त्रको सम्पूर्ण क्षेत्रमा महिलाको समानुपातिक सहभागितालाई सुनिश्चित गराउने नै हो ।

सावित्राले राष्ट्रिय महिला आयोगलाई संवैधानिक बनाउनुपर्ने, महिलाको वंशको अधिकारलाई संविधानको मौलिक हकभित्रै राख्नुपर्ने, कूटनीतिक क्षेत्रमा महिलाको समानुपातिक समावेशी हुनुपर्ने जस्ता आवाज निरन्तर रूपले उठाउँदै आउनुभएको छ । त्यतिमात्रै होइन, समावेशी र समानुपातिक ढङ्गले महिलालाई जनसङ्ख्याको आधारमा निर्णायक तहमा सहभागी नगराउने राजनीतिक दलहरूलाई निर्वाचन आयोगमा दर्ता गर्न नदिने व्यवस्था हुनुपर्ने कुरामा पनि उहाँले जोड दिनुभएको छ । व्यवस्थापिकाको स्वरूप निर्धारण गर्दा राष्ट्रपति पुरूष भए महिला उपराष्ट्रपति र महिला राष्ट्रपति भए पुरूष उपराष्ट्रपति हुनुपर्ने व्यवस्था हुनुपर्दछ भनेर आवाज उठाइरहनु भएको छ । साथै प्रदेशहरूका प्राकृतिक स्रोतमाथि महिलाको पनि अधिकार हुनुपर्नेजस्ता नौला कुरालाई पनि सावित्राले अघि सार्नु भएको छ ।

समाजमा महिलामाथि विभेद भइरहेकाले त्यसको असर राजनीतिक दल र संविधानसभामा पनि परेको सावित्रा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाका विषयमा सामुहिक आवाज उठाउन र संविधान र कानुन प्रदत्त हक कार्यान्वयन गराउन महिला ककस आवश्यक छ । सुरूमा महिला ककसको माग गर्दा दलहरूले यसको आवश्यकता महसुस गरेका थिएनन् ।' अब बन्ने नयाँ संविधानमै महिला ककसको व्यवस्था हुनुपर्ने पनि सावित्राको माग छ ।

आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिमलगायतका समुदायको माग र हक अधिकारलाई सावित्रा सम्मान गर्नुहुन्छ । आदिवासी/जनजातिका हकमा उनीहरूको भाषा, संस्कृति विकास गर्ने कुरामा आवाज उठाइरहनु भएको छ । तर राजनीतिमा जातीय अग्राधिकारको कुरामा चाहिँ उहाँ सहमत हुनुहुन्न । उहाँ समतामूलक समाज निर्माणको पक्षमा हुनुहुन्छ ।

संविधान निर्माण कार्य समयमा सम्पन्न हुन नसकेकोमा सावित्रा चिन्तित हुनुहुन्छ । उहाँले राजनीति सुरू गर्दादेखि नै उठाउँदै आउनु भएका मुद्दाहरू, जस्तो राजतन्त्रको अन्त्य, महिलाको आर्थिक अधिकार, समानुपातिक सहभागिता आदि अहिले पूरा भएकामा उहाँ आफ्नो राजनीतिक जीवन सफल भएको ठान्नुहुन्छ ।



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : सीता गुरूङ |
| ठेगाना स्थायी | : ईवा गाविस-६, केलिङ, तेह्रथुम |
| अस्थायी | : कपन-३, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-२१००१४० (घर), ९८५१०-४६७५६ (मो) |
| इमेल | : sitagurung2008@yahoo.com |
| जन्म मिति | : २०३४/८/२७ |
| जन्म स्थान | : याम्फुदिन-९, ताप्लेजुङ |
| आमाको नाम | : टिका देवी गुरूङ |
| बुबाको नाम | : पदम बहादुर गुरूङ |
| शिक्षा | : स्नातकोत्तर (अध्ययनरत) |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# नर्सिङ छोडेर राजनीतिमा

दुर्गम दूरदराजमा बसेर त्यसमाथि नेपाली समाजमा विद्यमान थुप्रै किसिमका प्रथाजन्य, संस्कारजन्य सामाजिक मूल्य मान्यताका बीच राजनीति गर्न त्यति सजिलो थिएन । पारिवारिक वातावरण र सदियौंदेखि समाजमा जरो गाडेर बसेको महिला माथिको हिंसा एवं शोषण उत्पिडनले सीता गुरूङलाई राजनीतिमा लाग्न प्रेरणा मिल्यो । उहाँका हजुर बुबा पञ्चायती राजनीति गर्नुहुन्थ्यो भने बुबा नेपाली काङ्ग्रेसमा रहेर काम गरिरहनुभएको छ ।

पञ्चायत कालमा बहुदलवादी राजनीतिक दलका नेताहरूलाई सहज रूपमा बैठक र भेला गर्न सजिलो थिएन । त्यसताका नेताहरू भूमिगत हुँदा सीताको घर बहुदलवादीहरूको बैठक बस्ने र भेटघाट गर्ने थलो बनेको थियो । सीता भन्नु हुन्छ, 'हामी त्यो हेर्थ्यौं, सुन्थ्यौं । बहुदलवादीहरूले आन्दोलन चर्काउदै गर्दा उता पञ्चहरू प्रहरी दमन बढाईरहेका थिए । त्यसबेला बुबाहरू भूमिगत भएर आन्दोलन गर्दा म उहाँहरूको खबर र पत्र ओसार पसार गर्ने काम गर्थें ।' यसरी नजानिदो पाराले उहाँ राजनीतिमा संलग्न हुनु भयो ।

एसएलसी पास गरेपछि फुपुहरू डाक्टर भएकाले सीता गुरूङले पनि त्यही क्षेत्रमा काम गरोस् भन्ने परिवार र आफन्तको चाहना थियो । त्यसैले, उहाँले छात्रवृत्तिमा स्टाफ नर्स पढ्नलाई सिटिइभीटीमा प्रवेश परीक्षा दिएर नाम निकालेपछि भर्ना भएर एकदुई दिन पढ्नु पनि भयो । तर उहाँको मनमा निरन्तर प्रश्न उठिरह्यो, 'मैले जति पढे पनि गाउँमा कुटाइ खाएका र दुःख पाएका दिदीबहिनीले के पाउँछन् र? हुने खानेको मारमा परेका सोझा निमुखालाई मैले नर्स वा डाक्टर भएर के मद्दत गर्न सक्छु र?' त्यसैले यी सबै प्रकृतिका समस्या समाधानको उत्तर खोज्दै जाँदा सबै क्षेत्र, वर्ग र समुदायमा निहित समस्याहरूको समाधान राजनीतिबाट मात्रै सम्भव छ भन्ने निस्कर्षमा पुग्नु भयो । स्टाफ नर्सको अध्ययनलाई अधुरै छाडी २०४६ सालदेखि नेपाल विद्यार्थी सङ्घमा आबद्ध रहेर राजनीतिमा सक्रिय भूमिका खेल्न थाल्नुभयो । यो नै राजनीतिमा सीताको प्रस्थान बिन्दु थियो । यसपछि नेपाल तरूण दल, नेपाल महिला सङ्घ हुँदै अहिले नेपाली काङ्ग्रेसको केन्द्रीय सदस्य हुनुहुन्छ ।

राजनीतिको बाटो सोचे जति सजिलो थिएन । सामाजिक परिवेशका कारण घरबाट निस्कन पनि सजिलो थिएन । त्यसमाथि भौगोलिक विकटता । गाउँबाट सदरमुकाम हिंड्न झण्डै दुई दिन लाग्थ्यो । साथी नलिई हिंड्न सक्ने अवस्था थिएन । कोही साथी लिएर हिंड्नु पर्दा रूढीवादी कुरीतिबाट ग्रस्त समाजको अनेक खालका लाञ्छनाहरूको सामना गर्न सक्ने हिम्मत चाहिन्थ्यो । त्यो हिम्मत उहाँले जुटाउनु भयो । त्यसको सहज रूपमा सामना गर्दै अगाडि बढ्नु भयो । उहाँ आफ्नो काममा संस्थागत रूपमै लाग्नुभयो । नारी विकास समाज नामको संस्था खोलेर आयमूलक कार्यक्रम देखि लिएर खानेपानी, तालिम, घर सरसफाई, चर्पी निर्माण जस्ता कार्यमा गाउँमा सहयोग पुऱ्याउन थाल्नुभयो । सीताको काम देखेपछि पहिला उहाँलाई आलोचना गर्नेहरूले समेत उहाँले लिएको बाटो सही रहेछ भनेर विश्वास गर्न थाल्यो । यसरी उहाँले समाजसेवा र राजनीतिलाई सँगसँगै निरन्तरता दिनुभयो ।

नीति निर्माण गर्ने ठाउमा पुग्छु भनेर नै सीताले स्टाफ नर्सको पढाइ छाडेर राजनीतिमा लाग्नुभएको थियो । तर, संविधानसभाको निर्वाचन हुन्छ अनि त्यसको प्रतिनिधिको रूपमा उभिन्छु भन्ने कुरा चाहिँ आफूले नसोचेको उहाँ बताउनुहुन्छ । संविधानसभा सदस्य बन्नु अघि उहाँ नेपाल महिला सङ्घको केन्द्रिय सचिव समेत भइसकेकोले त्यसपछिको लक्ष्य चाहिँ सांसद् बन्ने नै थियो । त्यसैले अहिलेको यो पदमा आउनुलाई उहाँ त्यति आश्चर्यजनक उपलब्धिका रूपमा हेर्नुहुन्न ।

संविधानसभामा सुरूमा आउँदा सीता अलि बढी नै महत्वाकांक्षी हुनुहुन्थ्यो । दूरदराजबाट आएको, आदिवासी/जनजाति र महिलाको प्रतिनिधित्व गरेकोले संविधानसभा सदस्य वनेर धेरै नै गर्नुपर्छ भन्ने उहाँको मनमा थियो । कामको सूचिले दिमागका पाना भरिएका थिए । तर, व्यवहारमा उत्रिएपछि विभिन्न विधि र प्रक्रियामा बाँधिएर काम गर्नु पर्ने बाध्यताले सोचेजस्तो नहुने रहेछ भन्ने उहाँलाई महसुस भएको छ । कतिपय नराखी नहुने महत्वपूर्ण विषयहरू पनि जतिबेला आवश्यक पऱ्यो उतिबेला जुरूक्क उठेर भन्न नपाउने अवस्था रहेको उहाँ बताउनुहुन्छ । संविधानसभाभित्र बोल्ने कुरामा वरिष्ठ नेताहरूले नै बढी अवसर पाउने र प्राथमिकतामा महिलाहरू दोस्रो स्थानमा पर्ने पनि सीताको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'महिला सदस्यले बोल्ने अधिकांश विषय पनि महिलासँगै सम्बन्धित हुन्छन् । राष्ट्रिय मुद्दामा उनीहरूलाई बोल्न दिदैनन् ।' तर, केही पुरूष सदस्यहरू भने महिलाका मुद्दामा निकै संवेदनशील रहेको पनि सीताले पाउनु भएको छ ।

सीता संविधानसभा अन्तर्गतको शासकीय स्वरूप निर्धारण समितिको सदस्य हुनुहुन्छ । यो समितिमा रहेर काम गर्न पाउँदा विषयवस्तुका हिसाबले गर्व लागे पनि निर्णय गर्न नसकेकोमा उहाँलाई दु:ख लागेको छ । वरिष्ठ नेताहरूले मात्रै बोल्ने र निर्णय गर्ने, कनिष्ठहरूको मतको सम्मान नगर्ने, दलगत अवधारणा भन्दा माथि उठ्न नसक्ने प्रवृत्तिका कारण आफ्नो समितिमा मुख्य मुद्दाहरूको किनारा लगाउन नसकिएको उहाँको अनुभव छ । समितिहरूमा मुद्दाबारे छलफल गर्दा पार्टीको दृष्टिकोण हावी भएको उहाँको भनाइ छ । वास्तविक आवश्यकता सम्बोधन गर्न खुला ढङ्गले जानुपर्थ्यो भन्ने उहाँको विचार छ । संविधानको ठूलो ढड्डा बनाउने मात्र ठूलो कुरा होइन र सबैको भावना समेटेर नयाँ संविधान बनाउनुपर्ने सीताको विचार छ । उहाँको अनुभवले भन्छ, 'पार्टीगत एजेण्डाले मात्रै मुलुक अघि बढ्न सक्दैन ।'

संविधानसभामा राष्ट्रपतीय वा संसदीय प्रणालीको शासन व्यवस्थाको कुरा उठ्दा सीताले संसदीय व्यवस्थाको पक्षमा बोल्नुभयो । साथै उहाँले जातीय जनसंख्याको आधारमा महिलालगायत सबैको समानुपातिक सहभागिताको कुरा उठाउनुभयो । कार्यपालिकाका प्रमुख महिला र जातीय क्षेत्रीय सन्तुलन हुनुपर्छ भनेर पनि उठाउनुभयो । शासकीय स्वरूपभित्र केन्द्र, प्रदेश र स्थानीय तीनै ठाउँका व्यवस्थापिका र कार्यपालिकामा महिलाको समानुपातिक र समावेशी सहभागिता हुनुपर्छ भन्ने विषयमा उहाँले दरिलो माग राख्नुभयो । कार्यकारी प्रमुखमा पनि लैङ्गिक समानता कायम गर्नु पर्ने उहाँको मत छ । त्यो भित्र पनि युवाका कुरा बढी उठाएको उहाँ बताउनुहुन्छ । युवासँग परिवर्तनशील र सिर्जनात्मक विचार भए पनि त्यसको सदुपयोग र सम्मान नहुँदा त्यसै खेर गइरहेको उहाँको भनाइ छ । अझै पनि महिलाको नागरिकतामा समान अधिकार र महिलाको समानुपातिक समावेशी सहभागिता जस्ता विषयहरू किटानी साथ आउन सकेको छैन । महिला र अन्य पछाडि पारिएका समुदायलाई समावेशी हिसाबले नीति निर्माणको तहमा प्रतिनिधित्व गराउँदा असन्तुष्ट हुने मानसकिता र जमातलाई सीताले नजिकबाट देख्नुभएको छ । जसलाई उहाँ बिडम्बना मान्नुहुन्छ ।

आदिवासी/जनजातिको पहिचानको मुद्दालाई मौलिक अधिकारको प्रस्तावनाभित्र छुट्टै राखेर भविष्यमा हुनसक्ने द्वन्द्वलाई बेलैमा सम्बोधन गर्नुपर्छ । राज्यले समाजमा उत्पीडनमा परेका सबै क्षेत्र र समुदायलाई देश हाम्रो हो, राज्य हाम्रो हो भन्ने अपनत्वको महसुस दिलाउन सक्नुपर्छ । पछिल्लो समयमा 'मनी, माइन्ड र मसल' को प्रयोगले चुनाव जित्ने परिपाटी बढ्दै गएको र पार्टीका इमान्दार नेता तथा कार्यकर्ताका योगदानको सही मूल्याङ्कन हुन नसकेकाले सबैको भावनालाई समान अधिकार दिन दुई कार्यकालसम्म पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जान सके समानता कायम गर्न सकिन्छ भन्ने सीताको धारणा छ ।

सुझाव सङ्कलनमा खटिने, बैठकमा भाग लिने, सुझाव अध्ययन गर्नेलगायतका काम सक्रिय रूपले गर्दै आएपनि संविधानसभामा आफूले दिएको योगदान र भूमिका सोचे जति नभएको सीता बताउनुहुन्छ । धेरै ठाउँमा सम्झौता गर्नुपर्ने र पार्टीगत तथा नीतिगत सीमा रहेको उहाँको भनाइ छ । तर, प्रतिबद्धता र निरन्तरता भएमा आफूले जान खोजेको ठाउमा पुगिने र आफूले चाहेको पाउने सीताको राजनीतिक जीवनको अनुभवले भन्छ । आफू गलत बाटोमा गएको छैन भन्ने विश्वासले पनि उहाँ आफ्नो राजनीतिक जीवनदेखि सन्तुष्ट हुनुहुन्छ । तर, सही ढङ्गको राजनीति अघि नबढ्दा यसप्रति आम मानिसमा नकारात्मक सोचाइ बढिरहेको सीताको विचार छ ।



### व्यक्तिगत विवरण

नाम : सीताकुमारी पौडेल
ठेगाना स्थायी : वीरेन्द्रनगर-६, बडारा, चितवन
अस्थायी : मिनभवन, काठमाण्डौं-३४
सम्पर्क ठेगाना : ०१-४६२२५३८ (नि), ९८५१००३८३९ (मो)
ईमेल : sita_pdl@hotmail.com
जन्म मिति : २०१४/१०/२७
जन्म स्थान : पुरन्चौर गाविस-७, कास्की
आमाको नाम : रेवती पौडेल
बुबाको नाम : कृष्णप्रसाद पौडेल
शिक्षा : प्रमाणपत्र तह
राजनीतिक दल : नेकपा (एमाले)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# साना कामले पनि विकासमा योगदान पुग्नसक्छ

विद्यार्थी छँदै अन्यायविरूद्ध विद्रोह गर्दै समाज बदल्ने भावनाले राजनीतिमा लाग्नुभएकी सीताकुमारी पौडेल अघिल्लो पुस्ताका महिला नेत्रीहरूमध्ये एक हुनुहुन्छ । उहाँको बुबा र आमा दुबैको दोस्रो विवाहबाट उहाँको जन्म भएको हो । सीताकुमारीको आमाको पहिलो विवाह ५ वर्षको उमेरमा भएको थियो । तर, कुनै सन्तान नहुँदै १६ वर्षको उमेरमा विधवा हुनुपरेपछि आमाले दोस्रो बिहे गर्नुभएको थियो । आमाबुबा दुबैको दोस्रो विवाह भए पनि सामाजिक संस्कारअनुसार आमाको मात्र जात गएको मानियो र आमातर्फका सन्तानलाई माइलीका सन्तान भनी चुल्होमा जान दिइएन । यही घटनाले पहिलोपटक उहाँले आफूमाथि विभेद भएको महसुस गर्नुभएको थियो ।

सीताकुमारीका छ दिदीबहिनीमध्ये चारजना विद्रोही स्वभावका हुनुहुन्थ्यो । ठूलीआमा सामन्ती प्रवृत्तिका भएकाले घरभित्र स्थापित हुन सीताकुमारीको आमा र छोरीहरूले निकै नै सङ्घर्ष गर्नुपरेको थियो । सुरूमा छोरी मात्र जन्मिएकाले उहाँको आमाले अंशसमेत पाउन सक्नुभएको थिएन, भाइको जन्म भएपछि मात्र आमाले अंश पाउनुभयो । उहाँले यो घटनाबाट सामाजिक संस्कार एवम् मूल्यमान्यता पनि अन्यायपूर्ण रहेको महसुस गर्नुभयो ।

विद्यालयमा औपचारिक शिक्षा लिन पनि सीताकुमारीले धेरै सङ्घर्ष गर्नुपर्‍यो । परिवारले विद्यालय नपठाउने तर उहाँ जसरी पनि विद्यालय जान खोज्ने भएकाले कक्षा ४ मा भर्ना हुन योग्य हुँदाहुँदै पनि अनुत्तीर्ण हुने डरले उहाँ कक्षा ३ मा भर्ना हुनुभयो । अध्ययनशील भएकै कारण उहाँले २०३० सालमा एसएलसी उत्तीर्ण गर्नुभयो र २०३५ सालदेखि विद्यालयमा पढाउन थाल्नुभयो । राजनीतिक कारण एकजना शिक्षक थुनामा परेपछि केही दिनका लागि भन्दै विद्यालयमा उहाँले पढाउन थाल्नुभयो, तर पछि उहाँलाई नियुक्ति नै दिइयो र उहाँ करिब १५ वर्ष शिक्षण पेशामा संलग्न रहनुभयो ।

आफ्नो व्यक्तिगत जीवनकाबारेमा सीताकुमारी भन्नुहुन्छ, 'स्वावलम्बी र विद्रोही स्वभाव भएकाले पनि हुनसक्छ, घरमा विवाह गर्न मलाई कहिल्यै दबाब दिइएन । सुरूका दिनमा शिक्षण र राजनीतिमा समय बिताएकाले विवाहबारे सोचिएन ।' उहाँलाई सजातीय तथा अन्तरजातीय विवाहका धेरै प्रस्ताव आएका थिए । पार्टीबाट पनि विवाहको प्रस्ताव आएका थिए । तर घरपरिवारको स्थितिले गर्दा उहाँले त्यसलाई स्वीकार्नु भएन । उहाँ भन्नुहुन्छ, 'मेरी बहिनीले अन्तरजातीय विवाह गरेका कारण सात दिनसम्म बुबा मसँग बोल्नु भएन र एउटा अण्डा फुटेको भनेर टिप्पणी गर्नुभयो । त्यसबाट म धेरै मर्माहत भएँ र मैले विवाह गर्ने कुरा त्यागिदिएँ ।'

सीताकुमारीले २०२७ सालमा ७ कक्षामा पढ्दै गर्दा विद्यार्थी युनियनको सदस्य बनेर राजनीतिक जीवन प्रारम्भ गर्नुभएको थियो । तर, पार्टी राजनीतिमा भने उहाँ २०३४ सालदेखि मात्र सक्रिय हुनुभएको थियो । २०३४ सालमा उहाँ तत्कालीन नेकपा कोअर्डिनेसन कमिटीको गाउँस्तरीय क्रान्तिकारी महिला अध्ययन दलको संयोजक बन्नुभएको थियो । सीताकुमारीले २०४० सालमा पार्टीको सङ्गठित सदस्यता प्राप्त गर्नुभयो । त्यसपछि २०५५ सालसम्म नेकपा एमाले (तत्कालीन माले) निकट महिला र शिक्षक सङ्गठनमा विभिन्न हैसियतको नेतृत्व गर्नुभयो । २०६० देखि २०६५ सम्म उहाँले नेकपा (एमाले) जिल्ला कमिटी सदस्य र नेकपा (एमाले) केन्द्रीय महिला विभाग सदस्य को भूमिका निर्वाह गर्नुभयो । हाल उहाँ अखिल नेपाल महिला सङ्घको केन्द्रीय महासचिव हुनुहुन्छ ।

राजनीतिका साथै शिक्षण पेशामा लागेर आन्दोलनमा लाग्दा पटकपटक शिक्षा कार्यालयबाट उहाँको विरूद्धमा 'वारेन्ट' जारी भएको तथा थुनामा बसेको अवधिको तलब नपाएको उहाँ बताउनुहुन्छ । शिक्षक आन्दोलनका क्रममा सीताकुमारी २०४१ चैत्र १३ देखि २०४२ वैशाख २० सम्म थुनामा पर्नुभयो । पञ्चायतकालका मण्डले, पञ्च युवा क्लबका सदस्यबाट उहाँले शारीरिक एवम् मानसिक यातना भोग्नुपरेको मात्र होइन आफ्नै पार्टीका जिम्मेवार साथीहरूबाट समेत दुर्व्यवहार खेप्नुपरेको उहाँ बताउनुहुन्छ ।

राजनीतिक निरन्तरताकै कारण सीताकुमारी पौडेलले संविधानसभाको सदस्य बन्ने अवसर पाउनुभएको हो । संविधानसभामा आउनुअघि पनि उहाँले विभिन्न निर्वाचनमा उम्मेद्वार हुने अवसर पाउनुभएको थियो । यसर्थ उहाँलाई संविधानसभाको सदस्य बन्छु भन्ने लागेको थियो र सभासद् हुँदा नौलो महसुस नभएको बरू दायित्व र जिम्मेवारी बढेको अनुभव भएको थियो ।

उहाँ संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र व्यवस्थापिका संसदको महिला, बालबालिका र समाजकल्याण समितिको सदस्य हुनुहुन्छ । उहाँको विचारमा संविधानसभामा बोल्नका लागि उपलब्ध गराइएको समय अपुग रहेको र महिलाका मुद्दाहरूले खासै स्थान पाउन सकेका छैनन् । उहाँ बताउनुहुन्छ, 'नयाँ संविधानमा महिलाका मुद्दाहरू समावेश गर्नका लागि विषय बुझाउन नै कठिन छ र पुरूष सदस्यको सहयोग भए पनि पर्याप्त छैन । संविधानसभामा समयको पालना तथा विषय केन्द्रित पनि हुन सकेको छैन ।'

सीताकुमारीले संविधानसभाका बैठकहरूमा राज्य पुनर्संरचना गर्दा आयोग बनाएर अगाडि बढ्नुपर्ने, सङ्घीय संरचना निर्माण गर्दा जातीयताका साथै भूगोल, संस्कृति, प्राकृतिक स्रोतलाई पनि ध्यान दिनुपर्ने कुरा उठाउनुभएको छ । उहाँले राज्यको पुनर्संरचना गर्दा संविधानसभा सदस्य एवम् विशेषज्ञसमेतको सहभागितामा स्थलगत अध्ययन गर्ने र सङ्घीय राज्य हुनासाथ सहरी विकास सम्भव नभएकाले हरेक राज्यमा कम्तीमा पूर्वाधारयुक्त सहर पर्नेगरी राज्य पुनर्संरचना गर्नुपर्ने विषय पनि उठाउनुभयो ।

सीताकुमारीले महिलाका एजेन्डालाई पनि प्राथमिकताका साथ उठाउनुभएको छ । उहाँले मूलतः आमाको नामबाट नागरिकता पाउनुपर्ने, महिलालाई पनि वंशको अधिकार हुनुपर्ने, महिलालाई पैतृक सम्पतिमा समान अधिकार दिइनुपर्ने र राज्यका सबै निकायमा महिलाको समावेशी एवम् समानुपातिक सहभागिता हुनुपर्ने माग पनि गर्नुभयो । आमा वा बाबुमध्ये एकजना नेपाली नागरिक भएमा उनीहरूबाट जन्मेको सन्तानले वंशजका आधारमा नागरिकता पाउनुपर्ने मागलाई संविधानसभा अन्तर्गत गठित विवाद समाधान समितिले 'आमा र बाबु दुबै नेपाली नागरिक भएमा' मात्र वंशजको आधारमा नागरिकता दिइने भनी संशोधन गरेको र त्यसमा उहाँलगायत अरू धेरै महिला सदस्यहरूको सहमति नरहेको उहाँ बताउनुहुन्छ ।

सीताकुमारीको विचारमा महिलाका मुद्दाहरूलाई एकीकृत रूपमा उठाउन संविधानसभामा अनौपचारिक रूपमा भएपनि महिला ककसको स्थापना भएको हो । संविधानसभा अन्तर्गत पृथक महिला समिति माग गरिएको तर त्यो पूरा नभएपछि महिला ककस गठन गरिएको छ । महिला ककसलाई वैधानिकता दिई स्रोतसाधन सम्पन्न बनाउनुपर्ने तथा नेतृत्व प्रक्रिया लोकतान्त्रिक बनाउनुपर्ने उहाँको सुझाव छ ।

संविधानसभामा उठेका धेरै विषयहरू जायज छन्, तर राजनीतिक अग्राधिकारको विषय उपयुक्त छैन भन्ने सीताकुमारीको भनाइ छ । यसकाबारेमा समितिमा लामो छलफल भएको र मतदान हुँदा आफ्नो धारणा एक मतले पराजित भएकाले त्यसलाई फरकमतको रूपमा राखेको उहाँ बताउनुहुन्छ । वर्तमान सन्दर्भमा सबैले सबैको सहभागितालाई स्वीकार गर्नुपर्नेमा बाहुन, क्षेत्री समुदाय नयाँ अवसरबाट वञ्चित हुनुपरेको तथा अनावश्यक गाली खानु परेकामा उहाँको चित्त दुखेको छ ।

सीताकुमारीको विचारमा राजनीति एउटा जीवन हो र राजनीति नबुझ्ने व्यक्तिले देश र जनता बुझ्न सक्दैन किनकि सबै कुराको निर्धारण राजनीतिले गर्छ । नेताहरूमा दूरदर्शीताको अभाव र क्षणिक स्वार्थका पछि कुद्ने प्रवृत्ति भएका कारणले अहिलेको राजनीतिक समस्या आएको उहाँ बताउनुहुन्छ, 'वर्तमान समस्याको मुख्य कारण भनेकै एउटा पार्टीका नेताले अर्को पार्टीमा खेल्ने प्रवृत्ति हो । यस्तो प्रवृतिको अन्त्य हुनुपर्छ ।'

संविधानसभाको सदस्य भएपछि जनताका सरोकारहरूलाई संविधानसभामा पुऱ्याउन सफल भएको भन्ने उहाँलाई लागेको छ । तर, सबै कुरा राजनीतिक सहमतिका नाममा हुने र संविधानसभा सदस्यहरूले अपेक्षा अनुसार जिम्मेवारी पाउन नसकेको उहाँलाई लागेको छ । उहाँको विचारमा संविधानसभा सदस्यको जनताप्रतिको दायित्व भनेकै संविधान बनाउने हो । तसर्थ संविधान लेखन कार्य पूरा भएमात्र जनताप्रतिको सच्चा दायित्व पूरा हुने उहाँको धारणा छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सीता पोखरेल |
| ठेगाना स्थायी | : असनपुर गाविस-५, निपनिया, सिरहा, सगरमाथा |
| अस्थायी | : बालकुमारी, ललितपुर, बाग्मती |
| सम्पर्क ठेगाना | : ०१-५५२९९२८ (घर), ९८५११११०१४६ (मो) |
| जन्म मिति | : २०२८/०३/१५ |
| जन्म स्थान | : टक्सार गाविस, स्याङ्गजा |
| आमाको नाम | : भीमादेवी पोखरेल |
| बुबाको नाम | : दीर्घनारायण पोखरेल |
| श्रीमान्को नाम | : विश्वनाथ शाह |
| शिक्षा | : प्रमाणपत्र तह |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# सभासद्हरूले भत्ता मात्र खाए भन्ने आलोचना अस्वस्थ्य लाग्छ

धर्म र पूजा पाठ गर्नुपर्छ भन्ने कुरामा सीता पोखरेललाई सानै उमेरदेखि विश्वास भएन । महिला र पुरूषबीचको विभेद पनि उहाँका लागि सह्य थिएनन् । ठूलो र सानो जात बीचको भिन्नता र जातीय छुवाछुतले पनि उहाँलाई निकै नै सोच्न बाध्य तुल्याउँथ्यो । तर, यस्ता कुचलनहरूलाई राजनीतिले मात्र हटाउन सक्छ भन्ने विश्वासले गर्दा नै उहाँले यो क्षेत्रमा प्रवेश गर्नुभयो ।

स्याङ्जा जिल्लाको टक्सार गाविसमा जन्मनु भएकी सीता पोखरेल सानै छँदा उहाँको परिवार तनहुँ जिल्लामा बसाइँ सरेको थियो । परिवारको वातावरण राजनीतिक थियो । २०४२/४३ सालतिर दाजुहरू राती-राती घरमा जम्मा भएर पञ्चायत व्यवस्था विरूद्ध छलफल गर्नु हुन्थ्यो । सीता चिया पकाएर र चिठीपत्रहरू आदान प्रदान गरेर दाजुहरूलाई सहयोग गर्नुहुन्थ्यो । दाजुहरूका कुरा सुन्दा-सुन्दै उहाँलाई पनि समाजमा विद्यमान अन्याय र अत्याचारका विरूद्ध सङ्घर्ष गर्ने इच्छा जाग्यो । त्यसैले उहाँले २०४५ सालमा रूपलाल विश्वकर्माको नेतृत्वमा स्थापित सर्वहारावादी श्रमिक सङ्गठनको सदस्यता लिनुभयो । उहाँ भन्नुहुन्छ, 'हाम्रो गाउँमा म सानो छँदा धनीले गरिबलाई हेप्ने र ठूला जातकाले साना जातकालाई छुवाछुत गर्ने चलन थियो र यस्तो कुचलनले म भित्र विद्रोह जाग्थ्यो । त्यसैल सर्वहारावादी श्रमिक सङ्गठनले चलाएको 'भकारी फोड' आन्दोलनमा सहभागी भएर धनीका अन्न लुटेर गरीबलाई बाँड्ने काममा म पनि संलग्न भएँ ।'

सङ्गठनको कामको सिलसिलामा पुरूषहरूसँगै बसेर काम गर्नुपर्दा र रातबिरात हिँड्नु पर्दा समाजले उहाँको आलोचना गरेको र चरित्रमाथि शंका गरेको कुरा पनि सीता बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पुरूषसँगसँगै काम गर्नुपर्दा र जुनसुकै समयमा पनि घरबाहिर हिँड्नुपर्दा यसको त चरित्र राम्रो छैन भन्ने कुरा पनि मैले सुन्नुपर्थ्यो । महिलालाई हेर्ने हाम्रो समाजको यस्तो नकारात्मक दृष्टिकोणले गर्दा महिलालाई राजनीतिमा टिक्न ठूलो चुनौती

छ । विवाह भएपछि पनि घरपरिवार र छोराछोरीका जिम्मेवारीले गर्दा र चुनौतीहरूसँग सामना गर्न नसक्दा महिलाले राजनीतिलाई निरन्तरता दिन नसक्ने अवस्था छ । यस्तो अवस्थाले गर्दा हाम्रो राजनीतिमा महिला नेताको कमी छ ।'

विद्यार्थी राजनीतिबाट राजनीतिको क्षेत्रमा प्रवेश गर्नुभएकी सीताले स्कूल पढ्दा देखि नै स्कूलको इकाइ समितिमा रहेर काम गर्नुभयो । २०४८ सालदेखि उहाँ नेकपा एकता केन्द्रमा आबद्ध हुनुभयो । २०४९ सालदेखि नेकपा (एकता केन्द्र) को भातृ महिला सङ्गठन जिल्लाको जिम्मा लिनुभयो । २०५० सालदेखि २०५१ सम्म अनेरास्ववियुको केन्द्रिय सदस्यमा रहेर काम गर्नुभयो । २०५० सालदेखि २०५३ सालसम्म उहाँ अखिल नेपाल जनवादी युवा लिगको केन्द्रिय सदस्य हुनुभयो । त्यस्तै २०५० देखि २०६१ सम्म पार्टीमा विभिन्न जिम्मेवारी सम्हाल्नुभयो जस्तै केन्द्रिय सदस्य, केन्द्रिय उपाध्यक्ष र २०६१ चैत्रको झापा सम्मेलनबाट अध्यक्ष हुनुभयो । साथै तत्कालीन जनमोर्चा नेपालको केन्द्रिय सङ्गठनमा पनि रह्नुभएको थियो । २०६६ मा पार्टी एकीकरण भएपछि हाल उहाँ एनेकपा (माओवादी)को मिथिला मधेस राज्य समितिको सदस्य र अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को सह-संयोजक हुनुहुन्छ ।

सीताले पार्टीकै प्रस्तावमा तत्कालीन जनमोर्चा नेपालका केन्द्रिय कोषाध्यक्ष तथा हाल एनेकपा (माओवादी)का पोलिटब्यूरो सदस्य र मिथिला राज्य इन्चार्ज विश्वनाथ शाहसँग विवाह गर्नुभयो । मधेसी पुरूषसँग विवाह गरेपछि सुरूमा उहाँलाई तराईको समाजमा काम गर्न केही अप्ठ्यारो पऱ्यो र तराईको वातावरणमा बस्न पनि गाह्रो भयो । तर, राजनीतिक र सामाजिक आन्दोलनमा संलग्न भएका कारणले चुनौतीहरूसँग सामना गर्न सक्ने क्षमताले गर्दा उहाँले सबै कुरालाई सहजै ग्रहण गर्दै लानुभयो । उहाँ भन्नुहुन्छ, 'मधेसमा जर्जर सामन्तवाद छ र महिलालाई असाध्यै दबाइएको छ । मैले मधेसी समुदायमा घुम्टोप्रथा, पर्दा प्रथा र दाइजो प्रथा नजिकबाट देखेँ । त्यसैले सङ्गठनले मधेसी महिलाहरूका लागि जागरणमूलक काम र जागरणमूलक अभियान चलायो । पछिल्लो समयमा आएर मधेसमा सामान्य सकारात्मक परिवर्तनहरू देखापरेका छन् र यो देखेर मलाई खुशी लाग्छ ।'

संविधानसभा सदस्य हुने अवसर पाउँदा देश र जनताका लागि काम गर्ने ऐतिहासिक जिम्मेवारी पाएको र गर्व महसुस भएको सीताको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'मैले संविधानसभा सदस्य बन्छु भनेर राजनीति गरेकी थिइँन र योजना सहित यही नै पाउँछु भनेर पनि म राजनीतिमा आएको पनि होइन । संविधानसभा सदस्य भएर मैले अहिले पार्टीले दिएको जिम्मेवारी पूरा गरिरहेकी छु ।'

संसदीय राजनीतिमा प्रवेश गरेपछि संसद तथा संविधानसभाका नियम थाहा पाउन सीतालाई सुरूमा केही गाह्रो भएपनि उहाँले बिस्तारै धेरै कुरा सिक्दै जानुभयो । आफू संलग्न संविधानसभा अन्तर्गतको मौलिक हक तथा निर्देशक सिद्धान्त समिति र व्यवस्थापिका संसद अन्तर्गत रहेको महिला बालबालिका र समाजकल्याण समितिमा सीताले नयाँ बन्ने संविधानमा मधेसी, महिला, आदिवासी/जनजाति, दलित, अल्पसंख्यक र कर्णाली क्षेत्रका जनताका हक सुनिश्चित गुर्नुपर्छ भन्ने अडान लिनुभयो । उहाँ भन्नुहुन्छ, 'आदिवासी/जनजाति र मधेसीले उठाएका आत्मनिर्णय र स्वायत्तका कुरामा मेरो पूर्ण समर्थन छ । विशेष गरी मैले महिलाको अंश र वंशमा समान हक हुनुपर्छ भन्ने कुरामा जोड दिएँ । महिलाको जनसंख्याको आधारमा विशेष अधिकार सहित नीति निर्माण गर्नेदेखि कार्यान्वयनको तहसम्म महिलाको समान सहभागिता र समान अवसर हुनुपर्छ भनेर कुरा उठाएँ । अझै पनि मस्यौदा संविधानमा महिलाको विशेष अधिकारका कुराहरू छुटेका छन् तर मूल विषय चाहिँ आएको छ ।'

सीताले देशभित्रै नेपाली महिलाले जन्माएको र बुबाको ठेगाना नभएको बालबालिकालाई पनि वंशजको नागरिकता दिनुपर्छ भनेर फरक मत राख्नुभएको थियो । संविधानसभा अन्तर्गतका ११ वटै समितिको प्रतिवेदनमा मधेसी, आदिवासी/जनजाति, दलित आदि समुदायका मुद्दाहरू समेटिएको सीताको भनाइ छ । यदि मस्यौदा प्रतिवेदनमा समेटिएका कुराहरू साँच्चै कार्यान्वयन हुने हो भने ती समुदायको अवस्था पहिले भन्दा धेरै राम्रो हुन सक्ने उहाँको धारणा छ ।

संविधानसभामा वर्ग भएको बताउनुहुन्छ । यसको कारणले गर्दा पनि महिला सदस्यहरू बीच सञ्चारको पहुँचको कमी भएको र पत्रकारहरूको ध्यान बढी पुरूषमा जाने सीताले महसुस गर्नुभएको छ । उहाँका अनुसार संविधानसभामा निरक्षर र नेपाली भाषा समेत राम्ररी बोल्न नजान्ने महिलादेखि उच्च शिक्षा हासिल गरेका र अंग्रेजी भाषामै कुराकानी गर्न सहज मान्ने महिलाहरूसम्म छन् । तर कतिपय महिला सदस्यहरू निरक्षर र नेपाली भाषामा आफूलाई लागेका कुरा व्यक्त गर्न नजान्ने भएपनि ती महिलाहरूसँग आफ्नो वर्ग, जाति र क्षेत्रका अनुभव र ज्ञान भएको सीता बताउनुहुन्छ । महिला सदस्यहबीच जातीय, भौगोलिक, शैक्षिक र आर्थिक विविधता भएको कारणले गर्दा नै संविधानसधा समावेशी भएको बताउनुहुन्छ । 'महिलाका मुद्दालाई अगाडि बढाउन हामीमा केही समझदारीको पनि कमी छ । हामी झण्डै ३० दलका महिलाहरू एकै ठाउँमा छौं । कतिपय अवस्थामा पार्टी फरक वा राजनीति फरक भएकाले पनि महिलाका मुद्दामा एकै ठाउँमा आउन हामी सक्दैनौँ । जस्तो माओवादी महिलाले महिलाका लागि विशेष अधिकारको माग राख्दा अरू पार्टीका महिलाहरू सहमत हुन सकेनन् । यस्ता थुप्रै मुद्दाहरू छन् जसमा सहमती हुन नसकेर ती मुद्दाहरू ओझेलमा परेका छन् । '

महिला र पुरूष संविधानसभा सदस्यहरूबीचको भिन्नताको कुरा गर्दा सीता मिडियामा समेत महिलालाई विभेद हुने बताउनुहुन्छ । पुरूषले बोलेका कुरालाई मिडियाले प्राथमिकता दिने र महिलाले उठाएका मुद्दालाई हल्का फुल्का ठानेर महत्व नै नदिने चलन रहेको उहाँको अनुभव छ । साथै महिलाका विषयमा महिलाले मात्र बोल्नुपर्ने र महिला बाहेकका विषयहरूमा चाहिँ पुरूषहरूले बोल्नुपर्ने धारणा रहेको पनि उहाँ बताउनुहुन्छ । साथै कर्मचारी, सुरक्षा गार्ड आदिले समेत पुरुष र महिला सदस्यहरूलाई फरक व्यवहार गर्ने पनि उहाँले महसुस गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'विगतका राजनीतिमा संसद सुटबुट लाउने, उच्च वर्गका र शिक्षित पुरूषहरू मात्र आउने ठाउँ हो भन्ने कर्मचारी, प्रहरी र सेनाको पुरानो मानसिकता अझै गएको छैन । त्यसैले उनीहरूले संविधानसभामा अहिलेको विविधतालाई स्वीकार्न सकेका छैनन् । सबै सभासद्को एउटै हैसियत भएपनि टाइ सुट लाउने सभासद्लाई सादर नमस्कार गर्ने र अरूलाई नचिने झैँ गर्ने चलन पनि अझै छ ।'

संविधान लेखन कार्य सहभागिता, छलफल र विषयवस्तुका दृष्टिकोणले सन्तोषजनक रहेपनि समयमै संविधान नबन्दा सीतालाई पनि चिन्ता लागेको छ । तोकिएको समयमा संविधान जारी नभएको कारणले संविधानसभा सदस्यहरूले जतातत‍ै आलोचना खप्नु परेको छ । यस सम्बन्धमा सीता भन्नुहुन्छ, 'सभासद्हरूले काम गरेनन् र भत्ता मात्र खाए भन्ने आलोचना मलाई अस्वस्थ्य लाग्छ । हामीले पाउने तलब भत्ताले काठमाण्डौं जस्तो ठाउँमा सामान्य रुपले बाँच्न मात्र पुग्छ । त्यसमाथि हाम्रो त पार्टीलाई पनि पैसा दिनुपर्छ । साँढेको जुधाइ बाच्छाको मिचाइ भने झैँ शीर्षस्थ नेताहरू सहमतिमा आउन नसकेकाले हामीले समेत सर्वत्र आलोचना खेप्नु परेको छ । तर संविधान नबनाऔं भन्ने हामी कसैको पनि छैन ।'



## व्यक्तिगत विवरण

नाम : सीतादेवी बौडेल
ठेगाना स्थायी : मदनपोखरा-८, खर्केडाँडा गाउँ, पाल्पा
अस्थायी : कोटेश्वर, काठमाण्डौं-३५
सम्पर्क ठेगाना : ९७४११३३२०८ (मो)
जन्म मिति : २०३५/८/६
जन्म स्थान : मदनपोखरा, पाल्पा
आमाको नाम : रूपा बौडेल
बुबाको नाम : अम्बरराज बौडेल
श्रीमान्को नाम : स्व. चन्द्रविक्रम गुरूङ
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : प्रत्यक्ष निर्वाचन

# हरेक महिलाले सङ्घर्षबाट पनि पाठ सिकून्

समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय विभेद र आर्थिक, सामाजिक तथा सांस्कृतिक असमानताका कारण सीतादेवी बौडेल राजनीतितर्फ आकर्षिक हुनुभयो । मानव भएर बाँच्न नपाएका दलितहरू माथि हुने छुवाछुत तथा अन्याय अत्याचारको अन्त्य गरी गरिबीको रेखामुनी रहेका दलित, आदिवासी/जनजाति, महिला, अपाङ्ग, अल्पसंख्यक र सीमान्तकृत समुदायको पनि राज्यसत्तामा सहज पहुँच पुऱ्याउन सघाउने मान्यताले उहाँलाई राजनीतितर्फ प्रेरित गऱ्यो ।

मदनपोखरा गाउँ विकास समिति कृषि व्यवसाय तथा राजनीतिक चेतनाका दृष्टिले नेपालकै नमूना गाविस मानिन्छ । यस गाविसको माटोमा समेत कम्युनिष्टको गन्ध हुन्छ भन्ने भनाइ छ । विगतमा नेकपा (एमाले) का मदन भण्डारी, जीवराज आश्रितजस्ता नेताहरू मदनपोखरामा भूमिगत भएर बसेका कारण पनि यस ठाउँमा कम्युनिष्टको बाहुल्यता पाइन्छ । यही कारणले सीताका बुबा अम्बरराज बौडेल नेकपा (एमाले) का तर्फबाट मदनपोखरा गाविसका वडाध्यक्ष र एमालेका स्थानीय नेता हुनुहुन्थ्यो ।

बुबाकै प्रेरणाले र एमालेमा आबद्ध भएका कारणले सीता २०४९ सालमा एमाले निकट विद्यार्थी इकाइको गाउँ अध्यक्ष बन्नुभयो । तर उहाँले एमालेबाट सबै जाति, वर्ग, लिङ्ग र क्षेत्रको मुक्ति सम्भव नदेखेपछि दल परिवर्तन गरी २०५४ सालमा नेकपा (माओवादी) समर्थित अनेरास्ववियु (क्रान्तिकारी)को शारदा उच्च माध्यमिक विद्यालयको इकाइ अध्यक्ष हुनुभयो । उहाँ २०५५ सालमा श्रीनगर सांस्कृतिक परिवारको कोषाध्यक्ष हुनुभयो भने सोही सालमै अनेरास्ववियु (क्रान्तिकारी)को जिल्ला सदस्य पनि हुनुभयो । त्यसपछि २०५५ सालमै उहाँ माओवादी पार्टीको पूर्णकालीन कार्यकर्ता बन्नुभयो । २०५६ सालमा माओवादी जनमुक्ति सेनामा सङ्लग्न हुनुभइकी सीता २०५७ सालमा अनेरास्ववियु (क्रान्तिकारी)को जिल्ला अध्यक्ष बन्नुभयो । २०५८मा पार्टीको एरिया सेक्रेटरी र २०६० मा जिल्ला वार्ताटोलीको सदस्य भई सार्वजनिक हुनुभएकी सीता २०६३ सालदेखि अखिल नेपाल महिला सङ्घ

(क्रान्तिकारी) को केन्द्रीय सदस्य भई हालसम्म कार्यरत हुनुहुन्छ भने हाल उहाँ एनेकपा (माओवादी)पार्टीको अबध राज्य समिति सदस्य हुनुहुन्छ ।

निम्न वर्गको किसान परिवार, त्यसमा दलित, दलितभित्रको पनि महिला भएर जन्मिँदा सीताले समाजमा भोग्नुपर्ने हुने विभेद, नकारात्मक व्यवहारबाट अछुतो थिएन । दलितमाथिका हुने त्यही विभेद र नकारात्मक व्यवहारबाट मुक्ति पाउनका लागि सीताले माओवादी प्रवेश गर्नुभएको थियो । तर माओवादीमा प्रवेश गरेपछिको सामाजिक दबाब पनि कम थिएन । सबैजसो एमाले भएको गाउँमा उहाँ एक्लैले माओवादीमा प्रवेश गर्दा भोलि गाउँका जसलाई जे भए पनि त्यसको जिम्मेवारी सीताले लिनुपर्छ भन्ने खालको अवस्था गाउँमा थियो । उहाँ माओवादीमा आबद्ध रहेका कारण समाजले उहाँको घरपरिवारलाई वहिष्कार गर्ने, मेलापात लाने-ल्याउने नगर्ने, अँचोपैंचो नचलाउने गर्न थालेका थिए । प्रहरी प्रशासनले जहाँ गए पनि पछि लाग्ने कारणले गर्दा पनि उहाँले माओवादीको पूर्णकालीन सदस्य बन्न वाध्य हुनु भएको थियो । उहाँ भन्नुहुन्छ, 'अझ पीडादायी कुरा त हाम्रो घरमा सुरक्षाकर्मीले १३ पटकसम्म छापा मारेको थियो । मेरो बुबालाई राती राती कन्चटमा बन्दुक तेर्स्याएर धम्की दिने गरिन्थ्यो । मेरो ठूलो भाइ पार्टीमा खासै संलग्न नभएपनि उसलाई सुरक्षाफौजले अपहरण गरी ३ महिना वेपत्ता र १६ महिना जेल राख्यो । वन्दीप्रत्यक्षीकरण रिट हालेर मुक्त भएका ४२ जनामध्ये मेरो भाइ पनि पर्दछ ।'

प्रहरी आएर छापा मार्नु, गाउँघरमा प्रहरी डुल्नु र घरपरिवारका सदस्यहरूलाई प्रहरी प्रशासनले दुःख दिइरहनुमा सीता नै जिम्मेवार रहेको भन्ने खालको गाउँमाव्यवहार हुन्थ्यो । गाउँघरका गन्यमान्य केही व्यक्तिहरूले समेत उहाँलाई खुकुरीले काट्नुपर्छ भनेपछि उहाँ पार्टीको पूर्णकालीन कार्यकर्ता बन्नुभयो । सीताको ठूलो भाइलाई सेनाले हिरासतमा लिई पाँच महिनासम्म चरम शारीरिक र मानसिक यातना दिने, तारेखमा छोड्ने र पुनः हिरासतमा लिने गरेपछि सानो भाइ दीपक बौडेल बरू मर्ने परे पनि देश र जनताकै लागि मर्छु भनी पार्टीको पूर्णकालीन कार्यकर्ता भएर 'जनयुद्ध'मा होमिए । तर, पार्टीको पूर्णकालीन कार्यकर्ता भएको १६ महिनापछि २०६१ कात्तिक २१ गते सेनाले पाल्पाको गल्दा गाविसमा लखेट्दै गोली हानेर हत्या गरेका थिए । त्यसरी नै सीताको विवाह २०५९ कार्तिक १५ गते जनमुक्ति सेनाका चन्द्रविक्रम गुरूङसँग भएको थियो । सीता तीन महिनाकी गर्भवती हुँदा उहाँका श्रीमान् चन्द्रविक्रमलाई सेनाले पक्राउ गरेका थिए । भाइ गुमाएको ५ महिनापछि सीताका श्रीमान्लाई सेनाले घेरा हालेर २०६२ वैशाख १४ गते चितवनमा हत्या गर्दा सीता २२ दिनकी सुत्केरी हुनुहुन्थ्यो ।

प्रगतिशील कलाकार चुनु गुरूङबाट सबैभन्दा बढी प्रेरित सीता दूध खाने बच्चा वोक्दै समाजका विकृति, विसङ्गति, जातीय विभेद, दलितप्रति गरिने भेदभाव विरूद्ध लाग्नुभएको थियो । उहाँ भन्नुहुन्छ, 'पार्टी र राजनीतिक जीवनमै पनि महिलाहरूबीच देखापर्ने अस्वस्थ्य प्रतिस्पर्धा, महिला र पुरूषबीच समान क्षमता र हैसियत हुँदाहुँदै पनि जिम्मेवारी हस्तान्तरणमा व्यक्त हुने विभेदले मलाई अत्यन्त मर्माहत तुल्याउँछ ।' घर, समाज र युद्ध क्षेत्रमा गरिएका सङ्घर्षका दिनहरूमा निश्चित लक्ष्य र उद्देश्य भए पनि तत्कालै संविधानसभाको सदस्य बनिएला भन्ने सीतादेवीले सोच्नुभएको थिएन । नवलपरासी क्षेत्र नं ३ बाट संविधानसभामा प्रत्यक्ष निर्वाचित सीताले नयाँ कार्यदिशाको लागि युवा वर्गलाई रोजिएको भए पनि व्यवहारिक रूपमा एक खालको क्लेश एवं चुनौती हुँदा हुँदै समाज र महिलाहरूबाटै समेत पछाडि पारिएको जाति र वर्ग प्रत्यक्ष चुनावमा निर्वाचित हुँदा खुशीभन्दा बढी जिम्मेवारी बोध भएको सीता बताउनुहुन्छ ।

सीता संविधानसभा अन्तर्गत मौलिक हक तथा निर्देशक सिद्धान्त समिति र व्यवस्थापिका संसद अन्तर्गत सुरक्षा विशेष समितिको सदस्य हुनुहुन्छ । उहाँले ती समितिमा मौलिक हक, समावेशीकरण, महिलालाई ५० प्रतिशत र दलित महिलालाई विशेष अधिकार सहितको सुविधा आवश्यक पर्ने कुरा राख्नुभएको छ । दलितलाई छुवाछुत गर्ने प्रवृत्ति, अधिकार सुनिश्चित गर्न हरेक क्षेत्रमा महिला, दलित, मुस्लिम एवं कर्णाली क्षेत्रलाई विशेष अधिकार सहितको सुविधा आवश्यक पर्ने कुरा उठाउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'दलितलाई छुवाछुत गर्ने र हरेक क्षेत्रमा महिला, आदिवासी/जनजाति तथा सीमान्तकृत वर्गलाई पछाडि पार्ने प्रवृत्ति र दुई वर्गको शिक्षा नीति अन्त गर्नुपर्छ भन्ने मेरो धारणा छ । यस्तै संविधानसभा र विषयगत समितिमा महिलाका स्थानीयदेखि केन्द्रसम्म समानुपातिक समावेशी प्रतिनिधित्वका कुरा, शिक्षा, पुर्ख्यौली सम्पत्तिमा महिलाको हक र महिलालाई पनि वंशजको अधिकारको कुरालाई पनि मैले उठाएँ ।' आफूले संविधानसभामा उठाएका यस्ता धेरै मुद्दाहरूले स्थान पाएको र समितिबाट पनि पारित भएको उहाँको भनाइ छ ।

महिला, जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका समुदायका आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई पनि अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन आफ्नो भूमिका महत्वपूर्ण रह्यो भन्ने लाग्छ सीतालाई । महिलालाई दोस्रो दर्जाको नागरिक सरह व्यवहार गरिने र दलितलाई मानवको व्यवहार नगरिने अहिलेको यो अवस्थामा विषयगत समितिहरूले तयार पारेको मस्यौदा प्रतिवेदनअनुसार नै संविधान बन्ने हो भने केही सकारात्मक परिवर्तनहरू आउने सीताले अपेक्षा राख्नु भएको छ ।

सीताले व्यवहारिक रूपमा संविधानसभाभित्र र बाहिर महिला र पुरूष सदस्यको हैसियतमा केही भिन्नता महसुस गर्नुभएको छ । खासगरी उहाँको अनुभव नेतृत्वको सवालमा बढी छ । संविधानसभाको सदस्य भएपछि आफ्नो भूमिका पूरा गरे पनि संविधान समयमै जारी गर्न नसकेकामा खल्लो महसुस भएको पनि उहाँ बताउनुहुन्छ ।

सीता अहिलेसम्मको राजनीतिक जीवनमा सुख र दुःख दुबै रहेको अनुभव सुनाउनुहुन्छ । राजतन्त्रको अन्त्य गरेर गणतन्त्र आउनु, संविधानसभाको चुनावबाट संविधान निर्माण प्रक्रियाअगाडि बढ्नुजस्ता कुरालाई उहाँ राजनीतिक जीवनको सुखद पक्षका रूपमा लिनुहुन्छ । भविष्यमा पनि हरेक जातजातिको समानुपातिक प्रतिनिधित्वलाई कार्यान्वयन गराउन राजनीतिलाई निरन्तरता दिँदै अगाडि बढ्ने उहाँले सोच बनाउनुभएको छ ।

युद्धकालमा बन्दुक बोक्ने थुप्रै महिला भए पनि अहिले पार्टीमा महिलाको सङ्ख्या कम हुँदै गएको सीताको भनाइ छ । देशमा भएको युद्ध र उपलब्धिबीचको तिक्तता उहाँ यसरी व्यक्त गर्नुहुन्छ, 'यो सङ्घर्षमा मैले मेरो श्रीमान् र भाइ गुमाएँ । हजारौं नेपालीहरू सहिद भए र ती सहिदहरू सम्मानित र मार्गदर्शक पात्र हुन् । हरेक महिलाले सङ्घर्षबाट पाठ सिकून् ।'



## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | सुक्दैया चौधरी थारू |
| ठेगाना स्थायी | : | पथरैया गाविस-८, खरीफौँट कोक्लौहोवा, कैलाली |
| अस्थायी | : | पेप्सीकोला, काठमाण्डौं-३५ |
| सम्पर्क ठेगाना | : | ९७४११७६७२९, ९८४९४३३३३४(मो) |
| जन्म मिति | : | २०३५/८/२९ |
| जन्म स्थान | : | पथरैया गाविस-१, कैलाली |
| आमाको नाम | : | सोधनी देवी चौधरी |
| बुबाको नाम | : | परदेशी चौधरी |
| श्रीमान्को नाम | : | दुखी राम चौधरी |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# कमैया मुद्दा नशा बनेको छ

थारू समुदायमा प्रचलित कमैया, कम्लहरी प्रथाको विरूद्ध लाग्नुभएकी सभासद् सुक्दैया चौधरी सरकारले कमैया उन्मूलनको नाममा थारूहरूलाई घर न घाटको बनाएको महसुस गर्नुहुन्छ । सुक्दैयाका अभिभावक जमिन्दारको घरमा कमैया बसेको र उहाँ आफैं पनि आठ वर्षको उमेरदेखि कम्लरी बसेको कारणले कमैया कम्लरीको पीडा के हो भन्ने कुरा उहाँले राम्ररी महसुस गर्नुभएको छ ।

सुक्दैयाका अनुसार, उहाँ जमिन्दारको घरमा कम्लरी बस्दा जतिबेला उहाँ १० वर्षको मात्र हुनुहुन्थ्यो, जमिन्दारले उहाँलाई बलात्कार गर्ने प्रयास गरेको थियो । उहाँको जस्तो यो कथा र पीडा अधिकांश कम्लरीको पनि कथा र व्यथा हो । आफ्नै भोगाइ र जीवन अनुभवले र कसैको जोतेर नसकिने जमिन र कसैको चाहिँ सानो टुक्रा जमिन पनि नहुनाले पेट पाल्न नसकेर कमैया र कम्लरी बस्नुपर्ने अवस्थाले गर्दा नै उहाँलाई कमैया आन्दोलनमा लाग्न उत्प्रेरित गर्‍यो ।

२०५७ सालमा कमैया आन्दोलनको उपलब्धी स्वरूप सरकारले 'कमैया मुक्ति'को घोषणा गरेर तत्कालीन अवस्थामा मुक्त कमैयाका लागि सरकारले परिचयपत्रका साथमा जग्गाको लालपूर्जा वितरण गर्ने, घर बनाउन काठ र १० हजार रूपैयाँ नगद पनि दिने घोषणा गरेको थियो । तर यो घोषणा सबै कमैयाका लागि लागू भएन । अर्थात अधिकांशले ती सुविधा पाएनन् । सुक्दैया भन्नुहुन्छ, 'सरकारले गरेको घोषणा पूरा गरेन । अझै पनि थुप्रैले परिचयपत्र र जग्गाको लालपूर्जा पाएर पनि जग्गा चाहिँ पाएका छैनन् । सबै कुरा कागजमा नै सीमित रहे । यसरी सरकारले कमैयालाई न घरको न घाटको बनायो ।'

कमैया जस्तै कम्लरीका सम्बन्धमा सुक्दैयाको माग हो, 'कम्लरी मुक्तिको घोषणा गरेर मात्र हुँदैन र उनीहरूको साँच्चिकै मुक्ति हुनुपर्दछ । त्यसका लागि शिक्षा र रोजगारीको उचित व्यवस्था गर्नुपर्‍यो ।'

संविधानसभामा हाल तीनजना कमैयाले यो समुदायको प्रतिनिधित्व गर्दै आएका छन् । कमैया र कम्लरी समस्या समाधानका लागि अहिले आदिवासी/जनजातिहरूको अधिकार सुनिश्चित गर्ने संयुक्त राष्ट्रसङ्घको महासन्धि आईएलओ १६९ ले प्रदान गरेका अधिकारहरूलाई आधार मानेर सुक्दैयाले आफ्नो समुदायको हक अधिकारहरू माग गर्दै आउनुभएको छ । तर, सम्वन्धित ठाउँमा गएर अधिकार माग गर्न जाँदा अहिले देशमा स्थायी सरकार नभएकोले 'सरकारको अधिकारै छैन' भन्ने कुरा सुन्नु पर्दा उहाँलाई दिक्क लाग्ने गरेको छ । 'अन्य हरेक काम गर्न सरकारले सक्ने तर 'कमैयाको काम मात्र किन गर्न सक्दैन ?'उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्छ ।

कैलालीबाट संविधानसभामा प्रतिनिधित्व गर्नुभएकी सुक्दैया आफ्ना समुदायको हक तथा अधिकारका लागि संविधान निर्माणमा मरीमेटेर लागेको बताउनुहुन्छ । भोलि नयाँ संविधानमा आफ्ना समुदायका मागहरू सम्बोधन भएनने भने उहाँ 'आफैले बनाएको संविधान आफैले जलाउन नपरोस्' भन्नुहुन्छ । कमैयाका मुद्दाहरू मस्यौदा संविधानमा पार्न कमैयाका प्रतिनिधिहरूलाई संविधानसभामा निकै कठिन भएको सुक्दैयाको भनाइ छ ।

अहिलेसम्ममा सरकारले पहिचान गरेका ५९ वटा आदिवासी/जनजातिहरूका समुदायका मुद्दालाई सुक्दैया 'समुद्र'को रूपमा लिनुहुन्छ । तर आदिवासी/जनजाति अन्तर्गतका थारू समुदाय भित्रका पनि कमैयाहरूका मुद्दा पहुँच भएका र हुनेखाने आदिवासी/जनजातिहरूले ओझेलमा पारेका हुने कि भन्ने पनि उहाँलाई लाग्छ । त्यसैले गगनचुम्बी घरमा बस्ने र झुपडीमा बस्ने आदिवासी/जनजातिलाई एउटै तहमा राख्न नमिल्ने कुरा पनि उहाँले उठाउँदै आउनुभएको छ ।

साधारण लेखपढ मात्र गर्न जान्नुहुने सुक्दैया आफ्ना मुद्दामा भने स्पष्ट हुनुहुन्छ र उहाँ स्पष्ट वक्ता पनि हुनुहुन्छ । कमैया कम्लरीको अवस्था बदल्ने चाहनाले २०५७ सालदेखि नै उहाँ यो आन्दोलनमा लाग्नुभएको थियो । मजदुर राजनीतिबाट राजनीतिमा प्रवेश गर्नुभएकी सुक्दैयाले २०५८ सालमा मा नेकपा (माओवादी)का तर्फबाट जिल्ला मुक्त कमैया समाजको कोषाध्यक्षको रूपमा काम गर्न थाल्नुभएको थियो । सुक्दैयाको राजनीतिक तथा पारिवारिक पृष्ठभूमि केलाउने हो भने उहाँको देवर, देवरानी पनि माओवादीको जनमुक्ति सेनामा संलग्न हुनुहुन्थ्यो । श्रीमान् अहिले घरमै बस्नुभएकोले पनि सुक्दैयालाई पार्टीको काममा संलग्न हुन र आन्दोलनमा लाग्न सजिलो भएको छ । उहाँ आफ्नो मुद्दा उठाउन सजिलो हुन्छ भनेर वर्गीय मुद्दाको समाधानको लागि भनेर आन्दोलनमा लागेको बताउनुहुन्छ ।

कमैया आन्दोलन तथा राजनीतिमा लाग्दा पोथी बासेको नराम्रो हुन्छ भनेर उहाँलाई दुरूत्साहित पार्न खोज्नेहरू धेरै थिए । तर, उहाँ यस्ता आलोचना र नकारात्मक टिकाटिप्पणीबाट कमजोर हुनुभएन बरू, अडिग भएर लाग्नु भयो । आफ्नो सानो बच्चा च्यापी-च्यापी कमैया आन्दोलनमा लाग्नुभएकी सुक्दैयाका अनुसार, उहाँ भोक, प्यास बिर्सन सक्नु हुन्छ तर कमैया मुद्दा छोड्न सक्नुहुन्न । उहाँको भनाइ छ, 'कमैया मुद्दा मेरो नशा बनेको छ, म छोड्न सक्दिन ।'

सुक्दैयाले कुनै दिन सभासद् हुन्छु भनेर कमैया आन्दोलनमा लाग्नुभएको थिएन तर कमैया वर्गको अधिकार सुनिश्चित गराउँछु भन्ने कुरामा चाहिँ उहाँ विश्वस्त हुनुहुन्थ्यो । आफू संलग्न भएको संविधानसभा अन्तर्गतको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति तथा व्यवस्थापिका संसद अन्तर्गतको महिला,

बालबालिका र समाजकल्याण समितिमा सुक्दैयाले विशेष गरेर कमैया, हलिया, बादी, सुकुम्बासी, भूमिहीन, आदिवासी/जनजाति, बालबालिका, कम्लहरी र भूमिसम्बन्धी मुद्दाहरूलाई उठाउनुभयो । उहाँले उठाउनु भएका यी सबै मुद्दाले मस्यौदा संविधानमा ठाउँ पाए भन्ने कुरामा उहाँ विश्वस्त हुनुहुन्न । तर, कम्लरीको मुद्दा मस्यौदा संविधानमा परेको कुरामा भने उहाँ विश्वस्त हुनुहुन्छ । उहाँ गर्वसाथ भन्नुहुन्छ, 'फरक मत राख्नुपरेन तर, बाध्य बनाएर कम्लरीको मुद्दा राख्न लगाएँ ।

बलात्कारलाई आफ्नै जीवनमा नजिकबाट अनुभव गर्नुभएकी सुक्दैयाले बलात्कारीलाई कडा भन्दा कडा सजाय दिनुपर्छ । आवश्यकता अनुसार जीवनभरि जेलमै राख्नु परे पनि पैसा लिएर छोड्नु हुन्न भन्ने विषयमा पनि उहाँले कुरा राख्नुभयो । साथै सम्बन्ध विच्छेद गरेर पीडित भएका र श्रीमान् बितेका एकल महिलाका लागि रोजगारी र अन्य विशेष व्यवस्थाका साथै विधवा भएकै दिनदेखि विधवा भत्ताको व्यवस्था हुनुपर्ने पनि उहाँको माग छ । यस्तै वृद्धा भत्ता कम्तिमा ५० वर्षको उमेरदेखि नै दिनुपर्ने उहाँको विचार छ ।

सुक्दैयालाई सबै राजनीतिक पार्टीमा पुरूष मात्र अध्यक्ष हुने, प्रधानमन्त्री र सभामुख जस्ता मुख्य पदहरूमा पनि सबै पुरूष नै मात्र हुने र योग्य महिलालाई समेत पार्टीको सानोतिनो पद मात्र दिने प्रवृत्ति पटक्कै मन पर्दैन । यो अवस्था परिवर्तन हुनुपर्नेमा पनि उहाँ जोड दिनुहुन्छ । यस्तै संविधानसभा भित्र र बाहिर महिला र पुरूषको हैसियत एउटै भएपनि महिला सभासद् र पुरूष सभासद्लाई कर्मचारीबाट गरिने व्यवहार नै फरक हुने गरेको उहाँको अनुभव छ । कर्मचारीहरूले पुरूषको कुरा छिटै सुन्ने र महिला सभासद्का कुरालाई हत्पति नपत्याउने प्रवृत्ति उहाँले महसुस गर्नु भएको छ ।

संविधानसभा सदस्य भएपछि आफ्नो घरपरिवार, गाउँ सहरबाट छोडेर काठमाण्डौंमा आई काम गर्नुपर्दा आफूले थुप्रै कठिनाइ तथा चुनौतीहरूसँग सामना गर्नु परेको सुक्दैया बताउनुहुन्छ । संविधान नबन्दा सभासद्हरूलाई जनताले 'नालायक' भन्ने अवस्था आउनु नै संविधानसभामा सबैभन्दा ठूलो चुनौति उहाँ ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'जनतालाई शान्ति र संविधान दुबै चाहिएको छ ।'

काठमाण्डौं बसाइमा आफ्नो क्षेत्रको सभासद् भन्दै 'धेरै जनता' आफ्नो घरमा आउँने तर हात पर्ने ३०/४० हजार तलबले गुजारा चलाउनै मुश्किल हुने यथार्थ पनि उहाँ लुकाउनुहुन्न । संविधानसभालाई सुक्दैयाले 'मान्छे चिन्ने' ठाउँको रूपमा पनि लिनुभएको छ । अर्थात विचारले विचार उत्पादन गर्छ र यहाँ नयाँ-नयाँ विचार तथा मुद्दा थाहा पाइने र कसले के कस्ता मुद्दा उठाउँछन् भनेर पनि चिन्न पाइने थलोको रूपमा लिनुभएको छ ।

राजनीतिक जीवनलाई तीतो मीठो अनुभवका रूपमा लिने सुक्दैया सङ्घर्ष गर्दै गए सफल भइन्छ भन्ने कुरामा विश्वस्त हुनुहुन्छ । भविष्यमा पनि आफ्नो राजनीतिक जीवनलाई कमैया, भूमिहीन, पिछडा वर्ग, सुकुम्बासीका आदिका हक अधिकारका लागि प्रयोग गर्ने उहाँले सोच बनाउनु भएको छ । सुक्दैया भन्नुहुन्छ, 'कुनै पनि जातजातिको सवाल नयाँ संविधानले नछुटाओस्, सबैले मेरो संविधान भनून् ।'



**व्यक्तिगत विवरण**

नाम : सुनिताकुमारी महतो
ठेगाना : स्थायी : विष्णुपुर कट्टी-६, सिराहा
अस्थायी : मीनभवन, काठमाण्डौं-३४
सम्पर्क ठेगाना : ९७४११५८१७५, ९८४२८३६०७४ (मो )
इमेल : ccdisiraha@gmail.com
जन्म मिति : २०३३/९/१८
जन्म स्थान : विष्णुपुर कट्टी-६, सिराहा
आमाको नाम : रामवती महतो
बुबाको नाम : लक्ष्मण महतो
श्रीमान्‌को नाम : स्व. देवेन्द्रप्रसाद सिंह (मुकेश)
शिक्षा : स्नातक
राजनीतिक दल : एनेकपा (माओवादी)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# परिवर्तनको उपयुक्त समय अहिले नै हो

सुनिताकुमारी महतोले २०६१ सालमा श्रीमान् गुमाउँदा यो संसारको गति नै अबरूद्ध भए झैं महसुस गर्नुभएको थियो । तर, दरिलो र प्रतिबद्ध महिला भएकाले उहाँले आफ्नो पीडालाई सशक्त राजनीतिक सहभागिता र शक्तिमा बदल्नुभयो ।

सुनिताकुमारीले श्रीमान्‌को निरन्तर आग्रहपश्चात् २०५६ सालमा एनेकपा (माओवादी) पार्टीमा प्रवेश गर्नुभएको थियो । श्रीमान्‌ले नै उहाँलाई पार्टीको काम गर्न प्रोत्साहन गर्नुभयो र प्रशिक्षण पनि दिनुभयो । तर, सुनिताकुमारीको काँधमा रहेको पारिवारिक जिम्मेवारीका कारण उहाँ राजनीतिमा सक्रिय हुन पाइरहनु भएको थिएन । श्रीमान्‌को निधनपश्चात् उहाँ राजनीतिक क्षेत्रमा सक्रियरूपले नै अघि बढ्नुभयो । २०६१ सालपछि उहाँ अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को जिल्ला अध्यक्ष र नेपाल राष्ट्रिय शिक्षक सङ्गठन (क्रान्तिकारी) को जिल्ला सदस्य हुँदै २०६३ सालमा सोही सङ्गठनको केन्द्रीय समितिको सदस्य बन्नुभयो ।

नेपाली राजनीतिक क्षेत्रका लोकप्रिय एवम् वामपन्थी नेता मदन भण्डारीको २०५० सालमा दासढुङ्गामा रहस्यमय ढङ्गबाट मृत्यु भएपछि सुनिताकुमारीमा राजनीतिक चेतना पलाएको हो । त्यो मृत्युको घटनाले मुलुकभर हलचल मच्चिएको थियो । नेकपा (एमाले)का सक्रिय नेतासमेत रहनुभएका सुनिताकुमारीका बुबा लक्ष्मण महतोसँगै उहाँ पनि विरोध ऱ्यालीमा सहभागी हुनुभएको थियो ।

२०५० सुनिताकुमारीको विवाह देवेन्द्रप्रसाद सिंह (मुकेश)सँग भयो । उहाँ मोटो मशाल एकता केन्द्रका सदस्य हुनुहुन्थ्यो । तर, देवेन्द्रप्रसादले २०५२ सालमा जिल्ला कमिटीको सदस्यको रूपमा तत्कालीन नेकपा (माओवादी) मा प्रवेश गर्नुभयो । २०५६ सालमा भूमिगत भएपछि उहाँ सिराहा जिल्ला प्रशासनको अति खोजी गरिएका व्यक्ति (मोस्ट वान्टेड) को सूचीमा पर्नुभएको थियो । यही कारण सुनिताकुमारीलाई २०५७ सालदेखि जिल्ला प्रशासन कार्यालयले हाजिरी तारेखमा राखेको थियो, उहाँसँग श्रीमान्‌काबारेमा नियमित सोधपुछ गरिन्थ्यो । तर,

श्रीमान्को जीवन सुरक्षाका लागि जस्तोसुकै यातना खप्नुपरेपनि उहाँ मौन बस्नुभयो । २०५८ सालमा सुनिताकुमारी सिराहाको हिमालय प्राथमिक विद्यालयबाट पक्राउमा पर्नुभयो । सुरक्षाफौजले उहाँलाई कारागारमा थुनेर शारीरिक र मानसिक यातना दियो ।

श्रीमान्को सुरक्षाका लागि उहाँको सङ्घर्ष भदौ २०, २०६१ समाप्त भयो किनभने, यही दिन उहाँका श्रीमान्लाई सैनिकले पक्राउ गरी हत्या गरेका थिए । पार्टीका एकजना सिसिएम समेत श्रीमान् मुकेशलाई सिराहाको धन्छबार गाविसमा आत्मसमर्पण गर्न नमानेको निहुँमा सुरक्षाफौजले हत्या गरेको थियो । त्यसपछि सुनिताकुमारीको जीवनमा अझ कठिन दिनहरू आए । श्रीमान् गुमाएको पीडाले केही समय उहाँको लड्ने सामर्थ्य कमजोर भएको थियो । तर, महिनौंसम्म शोकमा डुबेपछि उहाँमा पुनः हौसला सञ्चारित भयो र श्रीमान्को सपना पूरा गर्नका लागि पुनः राजनीतिमा सक्रिय हुने चाहना बढ्यो ।

श्रीमान्को मृत्युपछि परिवारको सम्पूर्ण आर्थिक र सामाजिक दायित्व पनि सुनिताकुमारीको काँधमा आयो । उहाँले आफू र आफ्नो सात वर्षको छोराको मात्र नभई श्रीमान्को दाजुभाउजूको परिवारको पनि हेरविचार गर्नुपर्ने थियो । उहाँको जेठाजु पनि २०५९ सालमा प्रहरी कारबाहीमा मारिनु भएको थियो । ठूलो परिवारको हातमुख जोड्ने सुनताकुमारी एकमात्र व्यक्ति भए पनि उहाँले आफ्नो पढाइलाई निरन्तरता दिनुभयो । सुखीपुरको जनता उच्च माविबाट उहाँले प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गर्नुभयो र हाल उहाँ लहान स्थित जे एस मुरारका क्याम्पसबाट स्नातक तहको परिक्षा दिइसक्नु भएको छ ।

त्यतिधेरै चुनौती तथा समस्याहरूबाट गुज्रिए पनि आफू संविधानसभाको सदस्य हुनका लागि अझै बेला भइनसकेको धारणा उहाँको थियो । तर संविधानसभामा आउँदा र आफ्नो तथा मुलुककै भविष्यको निर्क्यौल गर्ने जिम्मेवारी लिन पाउँदा सुनिताकुमारीलाई धेरै खुसी र गर्वको अनुभूति हुन्छ । 'राज्य र समाजका नियमहरूका कारण वर्षौंदेखि महिलाहरू विभिन्न अवसरहरूबाट वञ्चित भइरहेका छन् । महिलाले आफ्ना हक र अधिकार पाउने बेला आइसकेको छ । परिवर्तनको उपयुक्त समय अहिले नै हो ।' उहाँ भन्नुहुन्छ ।

सुनिताकुमारी संविधानसभा अर्न्तगतको नागरिक सम्बन्ध समिति र व्यवस्थापिका संसदको विकास समितिको सदस्य हुनुहुन्छ । विकास समितिमा उहाँले विगतको 'जनयुद्ध'मा मारिएका परिवारलाई राज्यका तर्फबाट रू १० लाख क्षतिपूर्ति दिलाउन अन्य सभासद्सँग मिलेर पहल गर्नुभयो तर उहाँको यो माग अझै सुनिश्चित हुन सकेको छैन । 'जनयुद्ध'मा मारिएका परिवारका बालबच्चालाई १८ वर्षको उमेर नपुग्दासम्म मात्र नभै बच्चाले पढ्न चाहेसम्म निःशुल्क शिक्षाको अवसरसुनिश्चित गराउनु पर्ने माग पनि सुनिताकुमारीले संविधानसभामा अगाडि सार्नु भएको थियो ।

जनमत सङ्कलनका लागि सिराहाको भ्रमण गर्दा उहाँ निकै नै अप्ठेरोमा पर्नु भएको थियो । सिराहाका स्थानीय वासिन्दाले उहाँ चढेको कारमा ढुङ्गामुढा गरे, गाडीको सिसा फुटाइदिए र गाडीमा आगो लगाउने प्रयत्न पनि गरे । ती प्रदर्शनकारीहरूको मुख्य उद्देश्य नै संसदीय टोलीलाई जिल्लामा प्रवेश गर्न नदिनु थियो ।' उहाँ भन्नुहुन्छ, 'यस्ता घटनाका निम्ति नेताहरूलाई नै दोष दिनु पर्दछ । तर, समयमा संविधान दिन नसकेकोमा जसको दोष भएपनि, चाँडो भन्दा चाँडो जनभावना अनुकूलको संविधान लेखियो भने मलाई धेरै नै खुशी लाग्नेछ ।'

संविधानसभामा महिला सदस्यहरूले अझै पनि धेरै किसिमका चुनौतीको सामना गरिरहनु परेको सुनिताकुमारीको बुझाइ छ । जस्तो, पुरूषको तुलनामा महिलाको हैसियतमै भिन्नता छ र यस्तो प्रवृत्ति पितृसत्तात्मक सोचबाट आउने गरेको उहाँको ठम्याइ छ र यही कारण महिलाको क्षमतालाई पुरूषहरूले महत्वहीन ठान्छन् । त्यस्तै महिलाहरूलाई पुरूष सदस्यहरूले गम्भीरतापूर्वक लिँदैनन् र महिला सदस्यले समान अवसर पनि प्राप्त गर्न सक्दैनन् । 'महिलालाई नीति निर्माण तहमा पुऱ्याउनु र समान अवसर उपलब्ध गराउनु अहिलेको मुख्य आवश्यकता हो ।' उहाँ भन्नुहुन्छ । राजदूतावास समेतका राज्यका सबै निकायमा महिलाको समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ भन्ने सुनिताकुमारीको सबैभन्दा उच्च प्राथमिकताको विषय हो । खासगरी, सिराहाका महिलाका समस्यालाई लिएर उहाँले संविधानसभामा आवाज उठाउनुभएको छ । सिरहाका महिलामाथि दिनहुँजसो बोक्सीको आरोपमा कुटपिट हुने, उनीहरूले घुम्टोभित्र बस्नुपर्ने र दहेजका कारण मानसिक तथा शारीरिक हिंसा व्यहोर्नुपर्ने समस्याहरू छन् । सुनिताकुमारीका अनुसार उहाँलाई २०६२ सालमा महिला भएकै कारण आफैँले पढाइरहेको विद्यालयको प्रधानाध्यापक बन्न दिइएन । संस्थापक अध्यक्षले प्रधानाध्यापक पदका लागि उहाँको नाम सिफारिस गरे पनि जिम्मेवारी वहन गर्न असमर्थ हुने दाबी गर्दै अन्य सदस्यले विरोध गरे ।

उहाँ २०६५ सालमा छ सदस्यीय संसदीय टोलीमा सम्मिलित भई दक्षिण अफ्रिका जानुभएको थियो । दक्षिण अफ्रिकाको राजनीतिक अवस्था नेपालकै जस्तो छ । यस मुलुकले पनि लामो समयसम्म रङ्गभेद विरूद्ध सङ्घर्ष गर्नु परेको थियो । युद्धका विभिषिकाबाट बाहिर निस्कने, सेनाको समायोजन गर्ने, महिलाको प्रतिनिधित्व ४५ प्रतिशत सुनिश्चित गर्नेजस्ता धेरैवटा विषयमा दक्षिण अफ्रिकाको अनुभव बटुल्न भ्रमण अत्यन्त उपयोगी बनेको सुनिताकुमारीको भनाइ छ ।

संसदभित्रको महिला ककसको २४ सदस्यीय कार्यकारी समितिमा सुनिताकुमारी पनि सदस्य रहनुभएको छ । महिलाका सवाललाई उठाउन, महिलामाथि घटेका विभिन्न घटनाहरूको छानविन गर्न तथा पीडित महिलालाई न्याय दिलाउन ककसले महत्वपूर्ण कार्य गरेको उहाँको बुझाइ छ । अछाम जिल्लामा सहकर्मी प्रहरीहरूद्वारा सामुहिक बलात्कृत महिला प्रहरी सुन्तली धामी लगायत महिलासँग सरोकार राख्ने धेरैवटा घटनामा पीडितलाई न्याय दिलाउन ककसले महत्वपूर्ण पहल गरेको छ ।

विगत तीन वर्षदेखि काठमाण्डौंमा रहे पनि सिराहाका जनतासँग निरन्तर सम्पर्क रहेर उनीहरूको जीवनमा केही सकारात्मक परिवर्तन ल्याउने प्रयत्न सुनिताकुमारीले जारी राख्नुभएको छ । उहाँले अहिलेसम्ममा सांसद् कोषबाट छ वटा उच्च माविलाई आर्थिक सहयोग गर्नुभएको छ भने जिल्लाका लागि स्वास्थ्य मन्त्रालयको सहयोगमा रू. ८५ लाखको अस्पताल परियोजना पनि आरम्भ गर्न सहयोग गर्नुभएको छ । अस्पताल निर्माणका लागि उहाँले आफ्नै ५ कठ्ठा जमिन उपलब्ध गराउनुभएको छ ।

राजनीतिक यात्राको क्रममा सुनिताकुमारी आफूबाट श्रीमान् र जेठाजु छिनिएको घटनालाई कहिल्यै भुल्न सक्नुहुन्न । आफ्नो जीवनसाथीको मृत्युको घटना उहाँको सम्झनामा अझै ताजै छ । त्यसैले सुनिताकुमारी भन्नुहुन्छ, 'म मेरो छोरालाई राजनीतिमा ल्याउन चाहन्न । मेरो जस्तो कठिन जीवन मेरो छोराले बिताउनु नपरोस् भन्ने म चाहन्छु ।'



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सुष्मा शर्मा |
| ठेगानाः स्थायी | : घोराही गाविस-११, दाङ, राप्ती |
| अस्थायी | : लुभु गाविस-७, ललितपुर |
| सम्पर्क ठेगाना | : ०१-५५८०८७६ (नि) ९८४९२४८९४८ (मो) |
| जन्म मिति | : २०२३/६/२७ |
| जन्म स्थान | : बिजौरी, दाङ |
| आमाको नाम | : मनदेवी गौतम |
| बुबाको नाम | : रामसुन्दर शर्मा |
| श्रीमान्को नाम | : प्रकाश घिमिरे |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# संस्कृत विश्वविद्यालयबाट स्नातकोत्तर गर्ने पहिलो महिला

२०३६ सालमा विद्यार्थी आन्दोलन चर्किएको बेला सुष्मा शर्माको उमेर १२ वर्षको मात्र थियो, तर, यही उमेरमा नै उहाँ विद्यार्थी आन्दोलनमा सहभागी भइसक्नुभएको थियो । २०३७ सालमा सुष्माले अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनमा प्रवेश गर्नुभयो र २०४४ सालमा उहाँ स्वतन्त्र विद्यार्थी युनियनको सभापति बन्नुभयो । विद्यार्थी आन्दोलन र महिला मुक्ति आन्दोलनको पाटोलाई समान्तर ढङ्गले हाक्ने उहाँ कुसल सङ्गठकको रूपमा पनि चिनिनुहुन्छ ।

२०५४ सालमा माले-एमालेको विभाजनपश्चात् सुष्माले एमालेको केन्द्रीय स्कुल विभागको सदस्य र राष्ट्रिय परिषद्को सदस्य भएर काम गर्नुभयो । उहाँ अखिल नेपाल महिला सङ्घमा तीन कार्यकाल जिल्ला अध्यक्ष बन्नुभएको थियो ।

सुष्माका अनुसार, उहाँको जन्म हुनेखाने परिवारमा भएको थियो । तर स्थानीय थारू समुदायको अवस्था आर्थिक र शैक्षिक अवस्था देखेर उहाँलाई दुःख लाग्थ्यो । उहाँ भन्नुहुन्छ, 'उनीहरूलाई समाजमा ज्यादै उपेक्षा गरिन्थ्यो । उनीहरूले बिहान ४ बजेदेखि राति ८ बजेसम्म अहोरात्र काम गर्नुपर्थ्यो ।' समाजभित्र रहेका यी भेदभावले उहाँको मनमा असन्तुष्टि पैदा गऱ्यो र उहाँले यी अन्यायका विषयमा सवाल उठाउन थाल्नुभयो । महिलाले भोग्नु परेका कठिन परिस्थितिले पनि सुष्मालाई परिवर्तनका निम्ति घच्घच्याएको थियो । 'मेरै आमाले पनि घरपरिवारका सबै सदस्यले खाएपछि मात्र खाना खानुहुन्थ्यो,' उहाँ भन्नुहुन्छ । यसबाहेक जेन्नी मार्क्स, याङ काई हुई र अन्य महिला नेत्रीहरूकाबारेमा पढेपछि सुष्माले दाङका महिलाको उपेक्षापूर्ण अवस्थाकाबारेमा अझ राम्ररी बुझ्नुभयो ।

सुष्माले बुबाबाट असाध्यै ठूलो प्रेरणा प्राप्त गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ, 'मेरो बुबा निकै बौद्धिक र दूरद्रष्टा हुनुहुन्थ्यो । उहाँले दाङको संस्कृत विश्वविद्यालयमा निःशुल्क प्राध्यापन गर्नुका साथै विश्वविद्यालयका लागि लाखौँ मूल्य पर्ने जग्गा दान दिनुभयो । उहाँले धेरै अघि छोरीहरूलाई विद्यालय पठाउनुभएको थियो ।' सुष्माका दाजु

शिव गौतम पनि वामपन्थी आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो । कम्युनिष्ट घोषणापत्र पढेपछि सुष्मालाई 'वामपन्थले मात्र मुलुकलाई बचाउन सक्छ' भन्ने विश्वास लागेको थियो ।

राजनीतिक यात्राका क्रममा सुष्माले धेरै किसिमका चुनौतीसँग सामना गर्नुपरेको थियो । दाङमा बसेर राजनीति गर्न उहाँलाई कठिन भइरहेको थियो, किनभने यहाँको समाज सामन्ती विचारधाराबाट असाध्यै प्रभावित थियो । बुहारीहरूलाई घरबाट बाहिर निस्कन समेत अनुमति दिइन्नथ्यो । तर उहाँको श्रीमान्ले सँधै उहाँलाई अघि बढ्न मद्दत गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'मेरा श्रीमान्ले मलाई माया गर्नुका साथै मेरा हरपाइलामा समर्थन गर्नुहुन्थ्यो । उहाँकै कारण म आज यो स्थानमा आइपुगेकी छु ।'

सुष्माको विवाह १८ वर्षको उमेरमा मालेका नेता प्रकाश कुमार शर्मासँग भएको थियो । विवाहपश्चात् प्रकाश राजनीतिमा लागेकै कारण तीनवर्ष थुनामा पर्नुभयो । 'समाज र परिवारले पनि ममाथि दोषारोपण गऱ्यो । मैले प्रत्येक चार दिनमा प्रहरीमा रिपोर्ट पनि गर्नुपर्दथ्यो । प्रशासनले घर घेर्ने र क्षति पुऱ्याउने गर्थे । ती दिन अति कठिन थिए,' उहाँ भन्नुहुन्छ । उहाँका श्रीमान् अहिले दाङको घोराहीस्थित जनज्योति बोर्डिङ स्कुलमा पढाउनुहुन्छ ।

२०३९ सालमा सुष्मा भूमिगत राजनीतिमा सक्रिय हुनुभएको थियो र २०४६ सालसम्म उहाँले धेरै सङ्घर्ष गर्नुभयो । सुष्मा भूमिगत छँदाको अनुभव सुनाउनुहुन्छ, 'म दाङ सौडियारका थारू समुदायप्रति कृतज्ञ छु । त्यहाँका गाउँले साथीहरू मेरा रक्षक थिए । उनीहरूले मलाई आश्रय दिनुका साथै मेरो सानो छोराको हेरविचार पनि गरिदिएका थिए ।' २०६१ सालमा उहाँ मृत्युको मुखमै पुग्नुभएको थियो । दाङमा आयोजित खुला आमसभामा सुष्मा माथि सेनाले कुटपिट गऱ्यो । उहाँको पेट सुन्निएको र मेरूदण्ड फुटेको थियो । चिकित्सकले तत्कालै उपचार गरे पनि मेरूदण्ड फुटेका कारण उहाँ लामो समयसम्म ओछ्यानमै थला पर्नुभएको थियो ।

ब्राजिली शिक्षाविद् पाउलो फ्राइरीको विचारबाट सुष्मा निकै नै प्रभावित हुनुभएको थियो । शिक्षा र सचेतना एउटा सिक्काका दुई पाटा हुन् भन्ने धारणा पाउलोको थियो । पाउलोका अनुसार कुनै पनि व्यक्ति शिक्षित भए पनि सचेत नहुन सक्छ र सचेत व्यक्ति शिक्षित नहुन पनि सक्छ । तर, सुष्मा भने शिक्षा र सचेतना दुबैको चाहना राख्नुहुन्थ्यो । त्यसैले धेरै किसिमका चुनौती पार गर्दै उहाँले विवाहपछि एसएलसीदेखि स्नातकोत्तरसम्मको अध्ययन पूरा गर्नुभयो । नेपाल संस्कृत विश्वविद्यालयबाट आचार्य (स्नातकोत्तर) गर्ने उहाँ पहिलो महिला हुनुहुन्छ । विश्वविद्यालयको डिग्री भए पनि सुष्माले लिटिल एन्जेल्स स्कुलमा तीन वर्ष माध्यमिक तहमै पढाउनुभयो । पार्टीभित्र जिम्मेवारी बढ्दै गएपछि उहाँले अध्यापन पेशा छाड्नुभयो । २०६२ सालमा एमालेभित्र विचारधारात्मक असमञ्जस उत्पन्न भएपछि सुष्माले एनेकपा (माओवादी) मा प्रवेश गर्नुभएको थियो ।

२०६४ सालमा सम्पन्न संविधानसभाको प्रत्यक्ष निर्वाचनमा उहाँ दाङ निर्वाचन क्षेत्र नम्बर ५ बाट गरेर विजयी हुनुभएको थियो । संविधानसभामा पहिलोपटक आउँदा सुष्मा साँच्चिकै प्रसन्न हुनुहुन्थ्यो र मुलुकको सर्वोच्च कानुन निर्माणका लागि काम गर्न पाउँदा उहाँलाई गर्वको अनुभूति भइरहेको थियो ।

व्यवस्थापिका संसदमा राज्यव्यवस्था समिति तथा संविधानसभामा सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा सदस्य रहेको हैसियतले सुष्माले जल, जमिन समेतका प्राकृतिक स्रोतसाधनमा महिलाको पहुँचकाबारे संविधानसभामा छलफल चलाउनुभएको छ । उहाँले महिला विरूद्धका हिंसाकाबारेमा चर्चा गर्दै महिलाले पनि छोरासरह वंशीय अधिकार प्राप्त गर्नुपर्ने तथा बालबालिकालाई आमाको नामबाट नागरिकता प्रदान गर्नुपर्ने विषय राख्नुभएको छ ।

दाङका थारू समुदायको परिस्थितिलाई नजिकबाट बुझ्नु भएको कारण सुष्माले दोहोरो भू-स्वामित्वको विषयलाई उठाउनुभएको छ । 'भूमिहीन जनताका लागि केही गर्नु राज्यको दायित्व हो । भूमिप्रतिको उनीहरूको नैसर्गिक अधिकार छ र यो अधिकार राज्यले सुनिश्चित गर्नुपर्दछ ।'

संविधानसभामा हाबी रहेको पितृसत्तात्मक सोचबाट सुष्मा पनि असन्तुष्ट हुनुहुन्छ र त्यहाँको वातावरण महिलाका निम्ति निरूत्साहित पार्ने किसिमको रहेको उहाँ बताउनुहुन्छ । महिलाका तुलनामा पुरूषहरूलाई बढी विश्वास गर्ने र उनीहरूलाई बढी जिम्मेवारी दिने त्यहाँको प्रवृत्ति छ । तर महिलाको पृष्ठभूमि केलाउँदै उहाँ थप्नुहुन्छ, 'नेपाली महिलाहरूको इतिहास गर्व गर्न लायक छ । नेपाली महिलाले केटाकेटीलाई पिठ्युँमा राखेरै नालापानीको युद्ध लडेका थिए । त्यसरी नै माओवादी सशस्त्र युद्धमा महिलाको भूमिका पनि उल्लेखनीय छ । महिलाले चाहे भने जे पनि गर्न सक्छन् र केहीले पनि उनीहरूलाई रोक्न सक्दैन ।' सुष्माको विचारमा महिला ककसको निर्माण सकारात्मक कदम हो र ककसको कार्यसमितिका सदस्यहरू अनुभवी रहेकाले यसले अझ राम्रोसँग काम गर्न सक्दछ ।

संविधान निर्माण प्रक्रियामा आफूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने कुराको अनुभूतिले सुष्माले अहिलेसम्म समितिका कुनै पनि बैठक छुटाउनुभएको छैन । उहाँ भन्नुहुन्छ, 'मैले कुनै एउटा बैठक छाडें भने मैले एउटा एजेन्डामाथिको छलफल छाडेको हुन्छु ।' साथै आर्थिक समृद्धिको राम्रो अवसर रहेको दाङ जिल्लाका लागि पुल, सडकजस्ता विकासका संरचना निर्माणका लागि पनि उहाँले निरन्तर पहल गरिरहनु भएको छ ।

सुष्माले आफ्ना विचारहरू कवितामार्फत पनि अभिव्यक्त गर्दै आउनु भएको छ । वास्तवमा भन्नुपर्दा कविताकै माध्यमबाट उहाँ वामपन्थी राजनीतितर्फ आकर्षित हुनुभएको थियो । सुष्माले 'युवा आवाज' कविता सङ्ग्रह प्रकाशन गरिसक्नुभएको छ र अर्को पुस्तक प्रकाशनको तयारीमा हुनुहुन्छ । आशावादी र महत्वाकाङ्क्षी व्यक्तित्वको धनी महिलाहरूको सन्दर्भमा पहिलो स्वतन्त्र विद्यार्थी युनियनको सभापति, आचार्य पूरा गर्ने पहिलो महिला, पार्टी जिल्ला सचिव हुने पहिलो महिला सुष्मा शर्मा भविष्यमा वैचारिक नेतृत्व प्रदान गर्ने बताउनु हुन्छ ।



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : सुप्रभा घिमिरे |
| ठेगाना स्थायी | : बाफल, काठमाण्डौं-१३ |
| सम्पर्क नम्बर | : ९८४१५१०२३४ (मो) |
| जन्म मिति | : १९९८/६/२२ |
| जन्म स्थान | : टङ्गाल, गैरीधारा, काठमाडौं |
| आमाको नाम | : सुभद्रा गौतम |
| बुबाको नाम | : लक्ष्मीनाथ गौतम |
| श्रीमान्को नाम | : स्व. शङ्करनाथ घिमिरे |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# राजनीतिमा सोचेजस्तो नहुँदो रहेछ

मान्छे हो, मान्छेसँग चित्त पनि हुन्छ । मानिसको मन साना साना कुराले पनि दुख्ने गर्छ । भाषा शिक्षण अध्ययन गर्न २०३६ तिर फ्रान्स बसेका बखत सुप्रभा घिमिरेले सुन्नुभयो, 'नेपालीहरू बोल्न सक्दैनन्, बोल्ड छैनन्, आधिकारिक निकायविरूद्ध जाँदैनन् ।' यो धारणाले उहाँको पनि चित्त दुखायो, केही त गर्नैपर्छ भन्ने भावना प्रबल भयो । यसअघि नै प्राध्यापक सङ्घजस्ता पेशागत संस्थामा काम गरिसकेकी सुप्रभा नेपाल फर्किएपछि अझ सक्रिय हुनुभयो । र, हाल संविधान सभाको सभासद्को रूपमा क्रियाशील हुनुहुन्छ ।

१९९८ साल असोज २२ गते का दिन आमा सुभद्रा गौतम र बुबा लक्ष्मी नाथ गौतमको चौथौ सन्तानका रूपमा काठमाण्डौंको टङ्गालस्थित गैरीधारामा जन्मनु भएकी सुप्रभाको विवाह शङ्करनाथ घिमिरेसँग भएको थियो । शङ्करनाथ नेपाली काङ्ग्रेसका पूर्व नेता हुनुहुन्थ्यो । उहाँले नेविसङ्घको स्थापनकालमा ठूलो योगदान पुऱ्याउनु भएको थियो र उहाँको उद्देश्य व्यक्तिगतभन्दा पनि सङ्घ र साथीभाइको भलाइमा थियो । लोकतन्त्रका लागि उहाँको समर्पन र सो अपूरो रहेको अवस्थाले पनि सुप्रभालाई राजनीतिमा तानेको थियो ।

२०२७ मा सुप्रभा बेलायत पुग्नुभएको थियो । त्यहाँ राजनीतिलगायतका विषयमा जुन रूपमा खुल्ला वातावरणमा छलफल हुने गर्दथ्यो, त्यो वातावरण नेपालमा थिएन । बेलायतमा देखेको स्वतन्त्र वातावरणले उहाँमा प्रभाव पारेको थियो । आफैं पनि बौद्धिक स्वतन्त्रताको पक्षधर भएकाले राजनीतिमा लागेको उहाँ बताउनुहुन्छ । उहाँले २०४३ सालमा बौद्धिक स्वतन्त्रताको थलो नेपाल प्राध्यापक सङ्घको कोषाध्यक्षमा चुनाव लड्नुभयो र सर्वाधिक मत ल्याएर विजयी हुनुभयो ।

समाज बदल्ने चाहना त थियो नै, पारिवारिक पृष्ठभूमिका कारण सुप्रभा राजनीतितर्फ आकर्षित हुनुभयो । यही कारण उहाँ नेपाली काँग्रेससँग सम्बद्ध भएर नेपाल महिला सङ्घको केन्द्रीय महासचिव पदमा २०४७ सालमा मनोनित हुनुभयो । २०४७ देखि २०४९ सालसम्म नेपाल प्राध्यापक सङ्घको केन्द्रीय अध्यक्षमा प्रजातान्त्रिक धारको

नेतृत्व गर्दै निर्वाचित हुनुका साथै २०६१ देखि २०६७ सालसम्म नेका केन्द्रीय सदस्य पनि रहनुभयो । राजनीतिक आस्थाका कारण गिरफ्तार गरेर खुल्ला आकाशमुनि अमानवीय तरिकाले राख्नु पनि एक प्रकारको यातना नै हो, सुप्रभा भन्नुहुन्छ । तर यातना भनेर भौतिक या शारीरिक यातनाकै अनुभव भने उहाँसँग छैन ।

सुप्रभाको अनुभव छ, प्राध्यापन पेशामा महिला भनेर हेरिन्नथ्यो, एउटा शिक्षकको सम्मान, आदर अलग्गै प्रकारको थियो । तर राजनीतिमा आएपछि उहाँले त्यो वातावरण पाउनुभएको छैन, विभेद गरिएको महसुस गर्नुभयो । पार्टीमा उहाँलाई मात्र होइन, सबैजसो महिला सदस्यलाई कम महत्व दिने गरिएको छ । हुनतः राजनीतिमा लागे पछि चुनाव, निर्वाचन र यस्तै गतिविधिमा सरिक हुनुपर्ने कुरामा उहाँ पहिल्यैदेखि सचेत हुनुहुन्थ्यो । उहाँलाई पार्टीले पनि त्यस्तो जिम्मेवारी दिन्छ नै जस्तो लागेको थियो । आफ्नो क्षेत्रका शुभचिन्तकले 'तपाइँजस्ता मान्छेले चुनावको टिकट पाउनुपर्छ' भनी जोड दिइरहने गरेको उहाँ बताउनुहुन्छ । नभन्दै संविधानसभाको निर्वाचनमा उहाँलाई टिकट दिइयो र काठमाण्डौं क्षेत्र नं. ४ बाट निर्वाचित पनि हुनुभयो ।

संसद वा संविधानसभाको प्रक्रिया र बैठकका नियमलगायतका विषयमा बुझ्न सुप्रभालाई खासै समस्या परेन । स्नातकसम्म राजनीतिशास्त्र पढेको र कानुनी अध्ययन पनि गरेका कारण कठिन नभएको उहाँ बताउनुहुन्छ । संविधानसभामा उहाँले उठाउनुभएका मुद्दाहरूमा अन्य पुरुष सदस्यहरूको सहयोग 'ठीकै' र अन्य महिला सदस्यको छलफल, सम्बन्ध र सहयोगको अवस्था राम्रो रहेको अनुभव छ । तर संविधानसभााको प्रक्रियामा समयको पालना हुन नसकेको, एजेण्डाभन्दा बाहिर गई छलफल गर्ने प्रवृत्ति रहेको, आफ्ना कुरा राख्न समय नपुग्ने तीतो अनुभव पनि उहाँको छ । महिलाका मुद्दाले महत्व नपाउने, पुरूष वर्गमा महिला सम्बन्धित विषयवस्तुको ज्ञानमा कमी हुने, र विषयवस्तु बुझाउन नै कठिन हुने गरेको कटु अनुभव पनि उहाँले गर्नुभयो ।

प्रतिनिधिसभामा महिलाको समान प्रतिनिधित्व हुनुपर्छ भनेर २०५७ देखि नै सुप्रभा सक्रिय हुनुभएको थियो । यसका लागि 'एक तीन पाँच बौद्धिक समूह' गठन गर्नुभयो । यसको मान्यता थियो- महिला होस् वा पुरूष प्रत्येक अर्को व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ ।

सुप्रभा संविधानसभा अन्तर्गतको संवैधानिक समिति तथा व्यवस्थापिका संसद अन्तर्गतको महिला बालबालिका तथा समाजकल्याण समिति सदस्य हुनुहुन्छ । सुप्रभाका अनुसार आफू संलग्न संवैधानिक समितिको सदस्य भई उहाँले स्वास्थ्य, महिला हिंसाकाबारेमा धेरै कुरा उठाउनुभएको छ र ती मुद्दाहरूलाई मस्यौदा प्रतिवेदनमा स्थान दिलाउन सफल पनि हुनुभयो ।

सुप्रभा बौद्धिक महिला भए पनि सभासद्मा निर्वाचित हुनासाथ उहाँलाई पितृसत्तात्मक सोच अनुरूप महिला सभासद्का रूपमा मात्र हेरिन थालियो । महिला सदस्य भएकै कारणले उहाँले संविधानसभा र व्यवस्थापिका संसद्मा बोल्ने अवसर त्यति पाउनु भएन । नाम चलेका दुईचार सभासद्ले मात्र बोल्ने प्रवृत्तिबाट आक्रोशित सुप्रभा भन्नुहुन्छ, 'बाहिर जाँदा खोई बोलेको भन्छन्, ठूला दलका दुईचार जनाले सुरूमै बोल्छन्, आफ्नो पालो आउँदा धेरैजसो सभासद् निस्किसक्ने भएकाले संविधानसभामा बोल्छु भनेर सोचे पनि चाहेजति पाएकी छैन ।'

व्यवहारिक रूपमा संविधानसभाभित्र र बाहिर महिला र पुरुष सदस्यको हैसियतमा सुप्रभाले धेरै भिन्नता महसुस गर्नुभएको छ । 'पुरूषहरूलाई मात्र प्रभावशाली मन्त्री दिइन्छ, द्वन्द्व व्यवस्थापनमा लगिन्छ । महिलालाई एक त

अवसर दिइन्न, दिइहाले पनि पार्टीका प्रभावशाली नेताको वरिपरी बस्नेले त्यो अवसर पाउँछन्,' उहाँ भन्नुहुन्छ । हुनत महिला सहभागिता ५ प्रतिशतबाट ३३ प्रतिशत पुग्नु पनि उपलब्धिमूलक नै हो । अन्तरपार्टी महिला सञ्जालको स्थापना मार्फत महिला अधिकारका लागि गर्दै आएको सङ्घर्ष सम्झँदै उहाँ भन्नुहुन्छ, 'सन्तुष्ट हुने अवस्था त छैन, निराश पनि होइन ।'

सभासद् भएपछि संविधानसभाभित्रका अनुभव समग्रमा सुप्रभाका लागि उत्साहवर्द्धक भएनन् । भन्ने बेलामा नयाँ नेपाल बनाउने भनिने तर त्यस्तो व्यवहार नहुने, समयलाई ध्यान नदिने, संविधान निर्माणमा दलहरूको उत्साह नदेखिकाले आफ्नो अनुभव उत्साहवर्द्धक नभएको उहाँ बताउनुहुन्छ । जुन उत्साहले उहाँले राजनीतिक क्षेत्रमा पदार्पण गर्नुभयो त्यो नपाउँदा उहाँ 'राजनीतिमा आफूले सोचेजस्तो नहुँदो रहेछ, विभिन्न पक्षले काम गर्दोरहेछ' भन्नुहुन्छ । राजनीतिक नैतिकताको कमी देखिएको अहिलेको अवस्थामा २०६२/६३ सालको आन्दोलनका उपलब्धि संस्थागत हुन सक्ने कुराप्रति ठूलो आशङ्का पैदा भएको उहाँ बताउनुहुन्छ । उपलब्धि प्राप्तिका लागि एकपटक मात्र नभई राजनीतिमा निरन्तर प्रयास गर्नुपर्ने, महिलाले पनि पुरूषले जत्तिकै आत्मसम्मानको स्थिति ल्याउन अझ बढी सक्रिय हुनुपर्ने सुप्रभा बताउनुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| नाम | : | सुनदेवी जोशी |
| ठेगाना स्थायी | : | खत्रौली चोक गाउँ, दिव्यनगर गाविस-९, चितवन, नारायणी |
| अस्थायी | : | गैरीधारा, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : | ९८४१९१९९२४ (मो) |
| जन्म मिति | : | १९९० साल |
| जन्म स्थान | : | भिमाद, तनहुँ |
| आमाको नाम | : | उज्याली श्रेष्ठ |
| बुबाको नाम | : | लक्ष्मण श्रेष्ठ |
| श्रीमान्को नाम | : | नारायणप्रसाद जोशी |
| शिक्षा | : | साधारण लेखपढ |
| राजनीतिक दल | : | नेपाली काङ्ग्रेस |
| निर्वाचन प्रणाली | : | समानुपातिक प्रतिनिधित्व |

# सर्वश्व गुम्यो तर आस्था गुमेन

राजनीतिलाई अहिलेका नेताहरूले मागिखाने भाँडो बनाएको आम आरोप छ । तर सुनदेवी जोशीले राजनीति सुरू गर्दा राजनीतिलाई मुलुक र जनताको हितमा प्रयोग गर्ने एउटै मात्र वैध र शुद्ध अस्त्र मानिन्थ्यो । नेताहरूले देशमा प्रजातन्त्र ल्याउन र जनतालाई निरङ्कुश राणा शासन र पञ्चायती व्यवस्थाबाट मुक्ति दिलाउन आफ्नो धन सम्पत्ति मात्र होइन जीवन नै गुमाउन पनि पछि हट्दैन थिए । त्यस्तै एउटा उदाहरण हुनुहुन्छ, सुनदेवी र उहाँको श्रीमान् नारायणप्रसाद जोशी ।

सुनदेवीकी पिता लक्ष्मण श्रेष्ठ तनहुँको भिमाद बजारका अत्यन्तै धनी व्यापारी हुनुहुन्थ्यो र उहाँ लक्ष्मन साहुका नामले चारैतिर चिनिनु भएको थियो । तर व्यापारी भए पनि लक्ष्मन साहुलाई राजनीतिमा पनि रूचि थियो । त्यसैले त्यसबेलाका नेताहरू श्रीभद्र खनाल, उमाभक्त खनाल, बखानसिंह गुरूङ आदि उहाँको घरमा आउजाउ गरिरहनुहुन्थ्यो । सुनदेवी लक्ष्मन साहुकी जेठी सन्तान हुनुहुन्थ्यो र उहाँको जन्म वि.सं. १९९० सालमा भएको थियो । लक्ष्मन साहुले छोरीको पालनपोषण र शिक्षामा कुनै कमी गर्नुभएन । त्योबेलामा छोरीलाई पढाउनु भनेको छाडा छोड्नु भन्ने मानिन्थ्यो । त्यसैले कसैका छोरी पनि पढ्न जाँदैनथे । त्यस्तो बेलामा पनि लक्ष्मन साहुले घरैमा ट्युशन राखी छोरीलाई पढाउनुभयो । तर आमाले विरोध गर्नु भएको कारणले सुनदेवीको पढाइ अगाडि बढ्न सकेन ।

२०११ सालतिर २१ वर्षको उमेरमा सुनदेवीको नेपाली काङ्ग्रेसका कार्यकर्ता नारायणप्रसाद जोशीसँग विवाह भएको थियो । नारायणप्रसाद घर पर्वतको कुस्मा बजारमा थियो र पार्टीको सङ्गठन निर्माण गर्ने क्रममा उहाँ तनहुँको भिमाद पुग्नु भएको थियो । त्यहीँ बस्दा बस्दै स्थानीय काङ्ग्रेस नेताहरू श्रीभद्र खनाल, उमाभक्त खनाल, बखानसिंह गुरूङ आदिको सहयोगमा नारायणप्रसादले सुनदेवीसँग विवाह गर्नुभयो । लक्ष्मन साहुले छोरीको

विवाहमा २०० तोला सुन, चाँदीका थुप्रै गरगहना, पुराना मुद्रा र एउटा टुवेल्भर बन्दुक दाइजो दिनुभएको थियो ।

लक्ष्मन साहुले छोरीको भविष्य बनोस् भनेर ज्वाइँ नारायणप्रसादलाई पोखरामा एउटा कपडा पसल खोलिदिनुभयो। चाहिनेजति सामान पनि आफैँले पठाइदिनुभयो । तर ज्वाइँको ध्यान राजनीतिमै बढी गएकाले पसल चलाउन सक्नुभएन । त्यहीबेला पर्वतमा आएको ठूलो बाढीले नारायणप्रसादको घरखेत सखाप पाऱ्यो । उहाँको पूरै परिवार घरवार विहीन भयो । तर, राप्ती विकास अन्तर्गत सरकारले चितवनमा जग्गा वितरण गर्न लागेको नारायणप्रसादले जानकारी पाउनु भएपछि उहाँले पोखराको पसल बेचेर र श्रीमतीको २०० तोला सुन बैंकमा राखेर ४० हजार रूपैयाँ जम्मा गर्नुभयो र चितवन जानुभयो । चितवनमा उहाँहरूले २६ बिगाहा बाँझो जग्गा प्राप्त गर्नुभयो र त्यसलाई उहाँहरूले बडो मेहनत गरेर हराभरा बनाउनुभयो ।

एकातिर यसरी नाराणप्रसाद परिवारलाई व्यवस्थित बनाउनेतिर लागिरहनु भएको थियो भने अर्कोतिर देशको राजनीति बिग्रँदै गइरहेको थियो । त्यतिबेला काङ्ग्रेस सरकारमै भए पनि आन्तरिक खिचलो थियो । सरकार बाहिर गोर्खा दल र कम्युनिष्टहरू सक्रिय थिए । यही अवस्थाको फाइदा उठाई राजा महेन्द्रले निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी सत्ता हत्याए । काङ्ग्रेसले त्यसको प्रतिकार गऱ्यो र राजा महेन्द्रको कदम विरूद्ध सशस्त्र युद्ध गर्ने घोषणा पनि गऱ्यो । त्यही युद्धमा सरिक हुन नारायणप्रसाद पनि दुई साना छोरी र गर्भवती सुनदेवीलाई छाडी भूमिगत हुनुभयो ।

श्रीमान् भूमिगत भएपछि सुनदेवीका दुःखका दिनहरू सुरू भए । राप्ती दुन विकास समितिबाट पाएको उहाँहरूको सबै जग्गा सरकारले कब्जा गऱ्यो । सुनदेवी फेरि घरवार विहीन हुनुभयो । चितवनको जमिनलाई पैसा तिर्न पोखराको नेपाल बैंक लिमिटेडमा धितो राखेको २०० तोला सुन पनि सरकारले जफत गऱ्यो । सुनदेवी एक्लै पर्नुभयो । श्रीमान् कहाँ र कुन अवस्थामा छन्, उहाँलाई कुनै खबर थिएन । सरकारले चितवनको जमिन कब्जा गरेपछि उहाँ जङ्गल नजिकै एउटा सानो छाप्रो बनाएर छोरीहरूलाई लिएर बस्न थाल्नु भएको थियो । सानो छाप्रो, त्यसमाथि एक्लो सुत्केरी र दुई अबोध छोरीहरू । खान लाउनैको पनि ठूलो समस्या थियो । त्यसमाथि दिनहुँझैं प्रहरी आएर उहाँलाई श्रीमान्काबारेमा सोधिरहन्थे र आफन्त र चिनेजानेका मानिसहरू सुनदेवीकहाँ आउन पनि डराउँथे ।

एकदिन सुनदेवीले छापामारहरूले चितवन कब्जा गर्न सीमा पारीको नरकटिया जङ्गलमा आई बसेका छन् रे भन्ने कुरा सुन्नुभयो । त्यही समूहमा पक्कै पनि आफ्ना श्रीमान् पनि होलान् भन्ने आशा लिई सुनदेवीले नाबालक छोराछोरीलाई च्यापेर रातारात जङ्गलको बाटो नरकटिया पुग्नुभयो । संयोगले शिविरमा नारायणप्रसादसँग उहाँको भेट भयो र केही समय सुनदेवी पनि छापामारहरू कै शिविरमा बस्नुभयो ।

पार्टीले परिवार पाल्न सानो अनुदान दिन्थ्यो तर, त्यो रकमले पाँच जनाको परिवार पाल्न सकिँदैनथ्यो । राजनीतिमा दिनरात खाइनखाई लागेको र परिवार पाल्न समेत कडा मेहनत गरेकोले नारायणप्रसादलाई क्षयरोगले समात्यो र उहाँ उपचार गर्न बनारस जानुभयो र सुनदेवी छोराछोरी बोकेर माइती जानुभयो । तर

माइतीमा आमाको मृत्यु भइसकेकाले सौतेनी आमाबाट उहाँले त्यति सहयोग र ममता पाउन सक्नुभएन । उहाँ माइतीमा रहुन्जेल लक्ष्मन साहुलाई पनि प्रहरीले दुःख दिन थाल्यो । माइतीमा पनि बस्न नसकिने भएपछि लक्ष्मन साहुले नै अलिकति लगानी गरी खैरेनीमा सुनदेवीलाई सानो पसल खोलिदिनुभयो । तर त्यसबाट पनि गुजारा चलाउन सकिएन । त्यसपछि उहाँ पोखरास्थित फुपूको घरमा जानुभयो । त्यहाँ पनि केही समय बसेपछि प्रहरीले दुःख दिन थाल्यो र फुपूले उहाँलाई घर छोड्न दबाब दिनुभयो । त्यसपछि जाने ठाउँ कहीं नभएपछि उहाँ बनारसमा उपचार गराइरहनुभएका श्रीमान्‌कहाँ पुग्नुभयो । केही समयपछि नारायणप्रसाद परिवारलाई लिई गोप्यरूपमा चितवन आउनुभयो र परिवारलाई सानो आवासको व्यवस्था गरी फेरि बनारसै फर्कनुभयो । सुनदेवीको काँधमा चारजना बच्चा पाल्ने दायित्व थियो । तर काम भने केही थिएन । बालबच्चा पाल्न उहाँले घरमै रक्सी पार्ने काम समेत गर्नुभयो ।

यसै क्रममा २०२५ सालमा आममाफी घोषणा भएपछि नारायणप्रसाद पनि खुल्ला भएर घर आउनुभयो । त्यसपछि मात्र सुनदेवीको जीवन अलिकति सरल हुन थाल्यो । तर, चितवनमा राम्रो व्यवसाय नभएको र छोराछोरीको पढाइ पनि राम्रो नभएकाले उहाँहरू नारायणप्रसादकै गृहजिल्ला पर्वत पुग्नुभयो । र, सदरमुकाम कुस्मामा पसल खोल्नुभयो । तर त्यतिबेला पर्वतमा जगजगी मच्चाइरहेका तत्कालीन मशालका कार्यकर्ताहरूले उहाँको पसल लुटेर लाखौं रूपैयाँ बराबरको धनमाल ध्वस्त पारे । पर्वतमा बस्न नसक्ने अवस्था भएपछि उहाँहरू पुनः चितवन जानुभयो । त्यहाँको अलिकति सम्पत्ति पनि बेचेर अन्ततः उहाँहरू काठमाण्डौं आउनुभयो र काठमाण्डौंको टेबहालमा घर भाडामा लिई लज चलाउनुभयो । जोशी लज नाम दिइएको सो लज काङ्ग्रेस कार्यकर्ताहरूको अखडाजस्तै बनेको थियो । तर, सो लज पनि राम्ररी चलाउन नसकेपछि उहाँले टेबहालबाट क्षेत्रपाटीमा लज सार्नुभयो । त्यहाँ पनि नसकेपछि बागबजार, बागबजारपछि वटुटोलमा लज सारियो । तर पार पाउन सकिएन ।

जीविका चलाउन विभिन्न पेशा गरिरहे पनि राजनीतिबाट भने सुनदेवी र नारायणप्रसाद टाढा हुनु भएन । चाहे त्यो २०४२ सालमा काङ्ग्रेसले गरेको सत्याग्रहमा होस् वा २०४६ सालमा काङ्ग्रेसकै नेतृत्वमा भएको जनआन्दोलनमा होस्, सुनदेवी र नारायणप्रसाद कुनै न कुनै रूपमा सहभागी भइरहनुभयो । २०४६ सालको जनआन्दोलनमा नारायणप्रसाद पक्राउ पनि पर्नुभएको थियो । देशमा राजनीतिक परिवर्तन भएपछि पोखरा बैंकमा जफत गरिएको आफ्नो २०० तोला सुन र चितवनमा सरकारले कब्जा गरेको जमिन फिर्ता होला कि भन्ने आशा उहाँहरूले गर्नुभएको थियो । तर दुबै भएनन् । छोराछोरीलाई कुनै रोजगारी दिन सकिएला कि भनेर उहाँहरू काङ्ग्रेसका उपल्ला नेताहरूका घरघरमा पनि धाउनुभयो । तर निराशा बाहेक केही हात लागेन ।

अहिले नारायणप्रसाद जोशी पक्षाघातले पीडित हुनुहुन्छ । संविधानसभाको चुनावपछि काङ्ग्रेसले सुनदेवीलाई समानुपातिकबाट संविधानसभा सदस्य बनाएको छ । जीवनभर नेपाली काङ्ग्रेसको राजनीतिमा लागेर सर्वस्व गुमाइसकेपछि काङ्ग्रेसबाट उहाँहरूले पाउनुभएको पहिलो उपहार यही नै हो ।

उहाँहरूका सबै छोराछोरी अहिले आ-आफ्नै काममा लागेका छन् । उहाँहरू काठमाण्डौंमा कोठा भाडामा लिएर बसिरहनुभएको छ । तर धन्य, उहाँहरूको राजनीतिक आस्था, भाडाको कोठाको सिलिङमा समेत जोशी दम्पत्तिले गणेशमान सिंह, बिपी कोइराला र सुवर्ण शम्सेरको फोटो टाँस्नुभएको छ ताकि बिहान आँखा खोल्ने बित्तिकै आफ्ना प्यारा नेताहरूको दर्शन पाउन सकियोस् भने ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : सुमित्रादेवी राय यादव |
| ठेगाना स्थायी | : श्रीपुर गाविस-६, श्रीपुर, सर्लाही, जनकपुर |
| अस्थायी | : कुलेश्वर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८०३२०५७३३, ९८०४८८०१५४ (मो) |
| जन्म मिति | : २०१६ पुस |
| जन्म स्थान | : इनर्वा, सर्लाही |
| आमाको नाम | : इश्वरवती देवी |
| बुबाको नाम | : अमिरीलाल राय यादव |
| श्रीमान्को नाम | : रामएकवाल राय यादव |
| शिक्षा | : टेस्ट उत्तीर्ण |
| राजनीतिक दल | : तराई मधेस लोकतान्त्रिक पार्टी, नेपाल |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# महिला सदस्यले उपयुक्त योगदान गर्ने अवसर पाउन सकेनन्

सर्लाही जिल्ला क्षेत्र नं ३ बाट संविधानसभामा प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित सुमित्रादेवी राय यादवमा २०६२/६३ सालको मधेस आन्दोलनको धङधडी अझै गएको छैन । उक्त आन्दोलनपछि शारीरिक तथा मानसिक रूपमा अस्वस्थ हुनुभएकी सुमित्रा भन्नुहुन्छ, 'सुरूआतका दिनमा घरमै सीमित थिएँ, संविधानसभाको चुनावका लागि घर बाहिर निस्कें ।'

सुमित्रा २०१६ साल पुस महिनामा सर्लाहीको इनर्वामा आमा इश्वरवती देवी र बुबा अमिरीलाल राय यादवका तेस्रो सन्तानको रूपमा जन्मिनु भएको थियो । सुमित्राको आमाको माइती भारतको सीतामढी भन्ने ठाउँमा थियो र उहाँले त्यही शिक्षा आर्जन गर्नुभएको थियो । आमा शिक्षित भएकाले आफूलगायत सबै दिदीबहिनी र दाजुभाइले पढ्न पाएको उहाँ बताउनुहुन्छ । यद्यपि सात कक्षामा पढ्दै गर्दा विवाह भएकाले विवाह पछि मात्र सुमित्राले टेस्ट पास गर्नुभएको थियो । इनर्वाको शिक्षाको अवस्था राम्रो नभएका कारण उहाँकी आमा इश्वरीवती देवीले दुईवटा विद्यालय सञ्चालनमा ल्याउनुभयो भने भारतबाटै शिक्षकहरू ल्याएर पढाउने व्यवस्था मिलाउनुभयो ।

सुमित्राका श्रीमान् मात्र होइन माइती परिवारको पनि राजनीतिक क्षेत्रमा संलग्नता थियो । सुमित्राका बुबा अमिरीलाल पञ्चायती शासनकालमा गाउँ पञ्चायतको अध्यक्ष हुनुहुन्थ्यो भने काकाका छोरा नगेन्द्र कुमार यादव नेपाली काङ्ग्रेसको जिल्ला सभापति तथा मन्त्रीसमेत हुनुभएको थियो ।

सातकक्षामा पढ्दा पढ्दै विवाह भएकी सुमित्राको राजनीतिक जीवन भने श्रीमान् रामएकवाल राय यादवको हत्या भएपछि आरम्भ भएको मान्नुपर्छ । सुमित्रालाई श्रीमान्ले 'महिलाले पूजापाठ मात्र गरेर हुन्न, राजनीतिमा आउनुपर्छ, राजनीति गर्नुपर्छ' भन्ने गर्नुहुन्थ्यो । मधेस आन्दोलनमा सहिद भएका रामएकवालकी पत्नी भएर संविधानसभाको चुनावमा भोट पाउँदा 'श्रीमान्का कुराको प्रभावकारिता बुझें' उहाँ भन्नुहुन्छ ।

२०४२ सालदेखि नेपाली काङ्ग्रेसमा आबद्ध रामएकवाल तत्कालीन अवस्थामा नेपाली काङ्ग्रेसको क्षेत्रीय सभापति तथा गाविस अध्यक्ष हुनुहुन्थ्यो । मधेस आन्दोलनका क्रममा २०६३ साल माघ २० गते मधेसको शान्ति जुलुसको क्रममा हरिऔंनमा उहाँमाथि आक्रमण गरियो । आक्रमणपछि हरिऔनको जमुन्ना अस्पतालमा उपचारार्थ भर्ना गरिएका श्रीमान्लाई अस्पतालमै पुगेर पटक-पटक आक्रमण गरिएको थियो । रामएकवालको संरक्षणमा बसेका छोरालाई समेत आक्रमण गरेर मरणासन्न तुल्याइयो । आक्रमणकारीले श्रीमान्लाई लुकाएको आरोप लगाएर अस्पतालको झ्याल फुटालेर चिकित्सकलाई समेत कुटपिट गरेका थिए । खुँडाले आक्रमण गरिएका कारण अस्पतालको कोठा बाबुछोराको रगतबाट आहाल बनेको थियो । हरिऔनको जमुन्ना अस्पतालमै श्रीमान्को मृत्यु भयो भने छोरालाई भरतपुर अस्पतालमा लगियो । सुमित्राका छोराको उपचार हुन झण्डै एक वर्ष लाग्यो । सुमित्रा पनि झण्डै एक वर्ष बेहोस अवस्थामा रहनुभयो । होस् खुलेको अवस्थामा पनि उहाँ मान्छे नचिन्ने हुनुभएको थियो । अझै पनि उहाँलाई विभिन्न स्वास्थ्य समस्या रहेका छन् ।

राजनीतिक पृष्ठभूमिको परिवार भएकाले सुमित्रालाई स्थानीय व्यक्तिले संविधानसभा चुनावमा उठ्न प्रेरित गरेका थिए । तराई मधेस लोकतान्त्रिक पार्टीले पनि उहाँलाई साथ थियो । उहाँ भन्नुहुन्छ, 'जनता, परिवार मिलेर मलाई श्रीमान्को नाममा भोट दिए, केन्द्र (संविधानसभा)मा पुऱ्याए ।'

हुनत तत्कालीन अवस्थामा सुमित्रालाई 'श्रीमान् त बित्नुभयो भने म किन राजनीतिमा लाग्ने' भन्ने पनि लागेको थियो तर महिला, मुस्लिम, दलित जनताका लागि, देशको सु-शान्तिका लागि उहाँ संविधानसभाको प्रत्यक्ष निर्वाचनमा उठ्नुभयो, चुनावमा करिब १४ हजार मत पाएर विजयी पनि हुनुभयो । तर अहिले सुमित्रा आफूले कुनै भूमिका नपाएको गुनासो गर्नुहुन्छ, 'राजनीतिमा आएको केही काम भएन, सभासद्लाई कठपुतली बनाइएको छ, पार्टीले केही काम गरेन, त्यसैले पार्टी पनि विभाजन भयो ।'

संविधानसभाको सभासद् हुनुभन्दा बढी केही गर्न नसकिएको बताउने सुमित्रा साना दलका आवाजलाई ठूला दलले बेवास्ता गरेको, महिलाको मुद्दाले महत्व नपाएको, विषयवस्तुको ज्ञानमा कमी हुने गरेको, विषयवस्तु बुझाउन कठिन हुने गरेकोजस्ता समस्याले पनि अप्ठेरो पर्ने गरेको बताउनुहुन्छ ।

सुमित्रादेवी सहिदको सही मूल्याङ्कन नहुने, पटक-पटक सरकार बनाएर समय बिताउने तर संविधान नबनाउने प्रवृत्तिबाट दिक्क हुनुहुन्छ । सबै सभासद् मिलेर संविधान बनाउनेतिर लाग्नुपर्ने उहाँ बताउनुहुन्छ । उहाँको स्पष्ट कथन छ, 'जुनसुकै पार्टीको भए पनि जनताका लागि राम्रो हुने सरकार बन्नुपर्छ तर कुर्सीका लागि सरकार बन्नु ठीक होइन ।'

राजनीतिक अस्थिरताको प्रभाव सबैजसो पार्टीमा रहेको र तराई मधेस लोकतान्त्रिक पार्टी पनि त्यसबाट अछुतो नरहेको सुमित्राको ठम्याइ छ । आफू संलग्न पार्टीभित्र आन्तरिक कलहबाट तराई मधेस लोकतान्त्रिक, नेपाल जन्मिएको स्पष्ट पार्दै उहाँ भन्नुहुन्छ, 'पार्टीले केही काम गर्न दिएन ।'

संविधानसभाभित्रको अनुभव नकारात्मक रहे पनि आगामी दिनमा उहाँले अझै तयारीसाथ अगाडि बढ्ने सोच बनाउनुभएको छ । आफ्नो राजनीतिक जीवन समग्रमा 'ठिकै रह्यो' भन्नुहुने सुमित्रा सभासद्प्रति जनताको निरन्तरको गुनासोका सम्बन्धमा प्रतिप्रश्न गर्नुहुन्छ, 'यस्तो राजनीतिक वातावरणमा के काम गर्न सकिन्छ र ?'

देशको राजनीति राम्रो भए जनताको स्थिति राम्रो हुने र विद्यार्थीको भविष्य पनि राम्रो हुने उहाँलाई थाहा छ तर उहाँले धेरै प्रयास गर्दा पनि संसद विकास कोषको रकम पाउन नसकेको बताउनुहुन्छ । आफ्नो जिल्लाको लखन्देई खोलाले थुप्रै खेतीबाली कटान गरेकाले त्यसको व्यवस्थापन गर्नुपर्ने पहिलो प्राथमिकता हो भन्ने लाग्छ सुमित्रालाई तर उहाँ भन्नुहुन्छ– 'घरको नजिकै खेत-खोलाको व्यवस्थापनका लागि सिँचाइ मन्त्रालयमा पटकपटक आग्रह गरेकी छु, सुनुवाइ भएन । कोषको पैसा दिँदै दिँदैन त म कसरी लग्ने ? हाम्रो कुरा सुनेनन् ।'

पछिसम्म राजनीतिमैं लागेर श्रीमान्को वचन पूरा गर्ने सोच बनाएकी सुमित्रालाई यतिबेला एउटै चिन्ताले सताउने गरेको छ, 'केही विकास गर्न सकिएकै छैन ।'



### व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : सुरिता कुमारी साह |
| ठेगाना स्थायी | : वडा नं ७, जनकपुर, धनुषा |
| अस्थायी | : तिनकुने, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ०१-४१५४७०६ (घर), ९७४११७४३६० (मो) |
| जन्म मिति | : मधुवनी, भारत |
| जन्म स्थान | : २०२२/११/२० |
| आमाको नाम | : प्रेमा देवी राउत |
| बुबाको नाम | : ध्रुव नारायण राउत |
| श्रीमान्को नाम | : कामेश्वर शाह |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : मधेसी जनअधिकार फोरम नेपाल गणतान्त्रिक |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिलाले बोलेका कुरालाई मिडियाले प्राथमिकता दिँदैन

सुरिता कुमारी साहको माइतीमा दाजुभाइहरूलाई राजनीतिमा रूचि भए पनि उहाँको घर र माइती दुबैतर्फ सक्रिय राजनीतिमा लाग्ने भने कोही पनि थिएनन् । तर माइतीमा छोरीहरूले पनि पढ्न र अघि बढ्न पाउने वातावरण चाहिँ थियो । सन् १९८४ मा जनकपुरका कामेश्वर शाहसँग सुरिताको विवाह भयो र विवाहपछि पनि उहाँले पढाइलाई निरन्तरता दिनुभयो । सुरिताले स्नातकसम्म भारतबाटै र स्नातकोत्तर जीवविज्ञान विषयमा त्रिभुवन विश्वविद्यालयबाट पूरा गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालय पढ्ने क्रममा नै साथीभाइको सरसङ्गतले सुरितालाई राजनीतिप्रति रूचि र चासो जागेको थियो । सुरूमा नेविसङ्घप्रति उहाँको लगाव थियो र तराईका विद्यार्थीहरूको स्वतन्त्र मञ्चमा पनि उहाँ संलग्न हुनुभयो । मञ्चले विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने र तराईका मुद्दाहरू उठाउने गर्थ्यो । मधेसी समुदाय सामाजिक, आर्थिक र राजनीतिक विभेदमा परेको परिवेशले पनि उहाँलाई राजनीतिमा आउन प्रेरित गर्‍यो । साथै विश्वविद्यालयमा पढ्दा पनि मधेसी समुदायका मानिसहरूलाई हरेक कुरामा विभेद गरिने पनि उहाँले महसुस गर्नुभयो । २०६२/६३ तिर मधेसका मुद्दा जोडतोडका साथ उठ्न थालेपछि सुरिता मधेसी जनाधिकार फोरमप्रति आकर्षित हुनुभयो र त्यहीँदेखि नै उहाँको सक्रिय राजनीतिक यात्रा सुरू भयो ।

सभासद् हुनु अघि सुरिता सामाजिक सेवामा सक्रिय हुनुहुन्थ्यो । उहाँ २०६३ सालतिर सुरी समाजको अध्यक्ष पनि हुनुभयो । उहाँले सो समाजमा चारवर्ष काम गर्नुभयो । सो समाजमा रहेर काम गर्दा दाइजो प्रथा विरूद्ध जनचेतना जगाउने र अरू सामाजिक तथा पारिवारिक भैं भगडा मिलाउने आदि काम गरेको सुरिताको भनाइ छ । सुरिता रोटरी क्लव जनकपुरको एक्लो महिला सदस्य पनि हुनुहुन्थ्यो र क्लवमा उहाँले सहसचिव भएर पनि काम गर्नुभयो । समाजसेवाकै क्रममा व्यक्तिगत खर्चमा विद्यालयहरूमा कम्प्युटर किनिदिने, खानेपानी, स्वास्थ्य, धर्मशाला, वृद्धाश्रम आदिमा पनि सहयोग गर्ने काम गरेको उहाँ बताउनुहुन्छ । उहाँको श्रीमान् ठेक्कापट्टा र व्यापारमा संलग्न हुनुहुन्छ ।

पढेलेखेको र सामाजिक संस्थामा पनि सक्रिय रहेकोले समाजमा सुरिताको छुट्टै पहिचान थियो तर, संविधानसभाको निर्वाचन हुने घोषणा भइसकेपछि पनि उहाँले संविधानसभाको सदस्य बन्छु भनेर सोच्नु भएको चाहिँ थिएन । उहाँ भन्नुहुन्छ, 'मधेस आन्दोलनलाई सहयोग पुऱ्याउन सक्रिय भूमिका निभाएकोले र पार्टीलाई आर्थिक र अरू ढङ्गले पनि सहयोग गरेकोले पनि पार्टीले मेरो काम र योग्यताको मूल्याङ्कन गरेर संविधानसभा सदस्य बन्ने मौका दिएको हो भन्ने मलाई लाग्छ ।'

संविधानसभामा आइसकेपछि विभिन्न बैठकका नियम र प्रक्रियाहरू बुझ्न सजिलो होस् भनेर उहाँले पुस्तक र पत्रपत्रिकामार्फत विभिन्न विषयको जानकारी लिने र बुझ्ने कोशिश गरेको बताउनुहुन्छ । 'भारत र अरू देशका संविधानबारे पनि ज्ञान लिएँ', उहाँ भन्नुहुन्छ, 'प्रशिक्षण पनि लियौं र पार्टीले पनि दियो ।' त्यसले गर्दा पनि खासै नियम र प्रक्रियाबारे बुझ्न समय नलागेको उहाँको भनाइ छ ।

संविधानसभाको सदस्य भएपछि सुरिता अक्सर काठमाण्डौंमा बस्नु हुन्छ भने उहाँको श्रीमान् र परिवारका अरू सदस्य जनकपुरमै बसोबास गर्नुहुन्छ । सुरिता भन्नुहुन्छ, 'संविधानसभाको कामले काठमाण्डौंमै बढी बस्नुपर्दा मलाई परिवारलाई समय दिन अप्ठेरो त हुन्छ नै र संविधानसभाको काम हुँदा म काठमाण्डौंलाई नै प्राथमिकता दिन्छु । तर, समयले भ्याएसम्म म जिल्लामा जाने र कार्यकर्तामार्फत स्थानीय कुरा बुझ्ने पनि गर्छु ।' सुरिता जिल्लाका विकास निर्माणका कामहरू गाविसहरूमार्फत गर्नुहुन्छ र जनताका माग जरूरी तथा उचित भएमा सो माग बजेटमा पार्न उहाँ मन्त्रालयहरूमा पनि धाउने गर्नुहुन्छ ।

सुरिताले आफू संलग्न संविधानसभाको न्यायप्रणाली सम्बन्धि समितिमा समानुपातिक, समावेशी र जनसंख्याको आधारमा महिला तथा मधेसी समुदायको प्रतिनिधित्व हुनुपर्छ भनेर कुरा उठाउनुभयो । त्यसरी नै महिलाका मुद्दा मामिला हेर्नका लागि छुट्टै अदालत हुनुपर्छ भनेर पनि उहाँले माग राख्नुभयो । यस्तै, पछाडि पारिएका मधेसी, दलित, आदिवासी/जनजाति आदि समुदायलाई आरक्षण वा अरू कुनै विधिबाट भए पनि न्याय परिषदमा ल्याउनु पर्ने पनि उहाँको माग छ ।

त्यसरी नै राज्यको हरेक निकायमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व हुनु पर्ने र महिला भित्र पनि क्षेत्र तथा जनसंख्याको आधारमा मधेसी महिलाको समावेशी र समानुपातिक सहभागिता हुनुपर्ने कुरा पनि उहाँले समितिक बैठकहरूमा राख्नुभयो । दाइजो, छुवाछुत, घरेलु हिंसा जस्ता घटना रोक्न कडा कानुन बनाउनु पर्नेमा पनि उहाँले जोड दिनु भयो । यस्तै, मधेसीको पहिचानको मुद्दालगायत स्वायत्तता र आत्मानिर्णयको अधिकारका कुरालाई पनि सुरिता साहले सशक्त ढङ्गले उठाउनुभयो । सुरिताले उठाएका मुद्दाहरूमध्ये जनसंख्याको आधारमा प्रतिनिधित्व, विशेष अदालत अन्तरगत महिला अदालत राख्ने र गाविसमा हुने अनौपचारिक मेलमिलापमा न्यायाधीश राख्ने जस्ता विषयहरू मस्यौदा प्रतिवेदनमा समेटिएको उहाँ बताउनुहुन्छ ।

महिला सदस्यहरू बीच महिलाका मुख्य मुद्दाहरूमा एक ठाउँमा आउन र संवाद गर्न भाषाको पनि समस्या रहेको सुरिता देख्नुहुन्छ । यति मात्र होइन महिला सदस्यहरूबीचको शिक्षा र सामाजिक, आर्थिक र भौगोलिक विविधताले गर्दा पनि महिलालाई एक हुन समस्या परेको उहाँले महसुस गर्नुभएको छ । 'महिला सभासद्हरूलाई महिलाका मुद्दा बुझाउन र बुझ्न समस्या भएकाले महिलाका साझा सवालमा समेत महिलाको एउटै आवाज हुन गाह्रो छ', उहाँ भन्नुहुन्छ ।

सामाजिक संरचना र पितृसत्तात्मक सोचका कारण महिलाले हरेक क्षेत्रमा विभेद खेप्नु परेको सुरितालाई अनुभूति हुन्छ । उहाँ भन्नुहुन्छ, 'पुरूषहरूले समितिहरूमा महिलालाई दबाउन र बोल्न नदिन खोज्छन् । हाम्रा कुरा राम्ररी राख्न दिँदैनन् । त्यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय मुद्दा उठाउनेहरूमा पनि प्रायजसो पार्टीका वरिष्ठ नेताहरू हुन्छन् र तिनमा पनि बढी पुरूष नै भएकाले महिलाले त्यति बोल्न नपाउने मैले अनुभव गरेकी छु । हामी त्यसका लागि पनि लड्दैछौं ।' तर, महिलाहरूले पनि बोल्ने कुरामा प्रशिक्षत हुनुपर्ने खाँचो सुरिता औँल्याउनुहुन्छ ।

सैद्धान्तिक रूपमा संविधानसभा भित्र र बाहिर महिला र पुरूष सदस्यहरूको समान पद र समान हैसियत भएर पनि व्यवहारमा महिलाहरूको हैसियतमा सुरिताले फरक पाउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'सञ्चारमाध्यमहरूले पनि महिला सदस्यहरूको विचार तथा भनाइ बुझ्न र महिलाले उठाएका मुद्दालाई प्रचार प्रसार गर्न खासै प्राथमिकता दिँदैनन् । महिलाले बोल्न र काम गर्न सक्दैनन् कि भनेर पनि शंका गर्ने प्रवृत्ति छ ।'

संविधान बनाउने समय सकिनै लागेकाले अझै जनताका अधिकार संविधानमा लेख्न सकिन्छ कि सकिदैंन भन्ने कुराको सुरितालाई चिन्ता छ । तर, प्रयास जारी रहेकाले संविधान निर्माण हुनेमा उहाँ आशावादी हुनुहुन्छ । भविष्यमा पनि समाजसेवा र राजनीतिमै रहने सोचाइ बनाउनु भएकी सुरिता मधेसी र महिला अधिकारको लागि लड्ने प्रतिबद्धता जनाउनुहुन्छ । सबै पार्टीको नेतृत्व मिलेर गएमा असहमति भएका बुदामा छिटै सहमति निकाल्न सकिने र संविधान पनि जारी गर्न सकिने उहाँको विश्वास छ ।

संविधान निर्माण प्रक्रियामा आफ्नो दायित्व निभाउँदै आए पनि संविधान नबन्दासम्म आफू सन्तुष्ट हुन नसकिने सुरिता बताउनुहन्छ । यथास्थितिवादी सोचाइका मान्छेले पुरानै कुरामा रटान लगाउने र नयाँ परिवर्तन चाहनेहरू आफ्नो मागमा अडिग रहने हुँदा दुबैलाई मिलाएर लान चुनौतिपूर्ण हुने सुरिता बताउनुहुन्छ । समय परिस्थितिले आफूलाई राजनीतिमा ल्याइपुऱ्याएको र अब यसैमा लागेर जनताका अधिकार स्थापित गर्न लागिपर्ने र समाजमा विद्यमान कुरितिहरू हटाउन सक्दो कोशिस गर्ने सुरिताको भविष्यको लक्ष रहेको छ ।



### व्यक्तिगत विवरण

नाम : सेवकीदेवी दास तत्मा
ठेगाना स्थायी : सिरहा नगरपालिका–१, हटिया, सिरहा
अस्थायी : शान्तिनगर, काठमाण्डौं-३४
सम्पर्क ठेगाना : ९७४११८५६६१ (मो)
जन्म मिति : २०२८/०५/२५
जन्म स्थान : विशरभोरा गाविस, टेरहाडुम्रिया-९, धनुषा
आमाको नाम : गुब्दीदेवी दास तत्मा
बुबाको नाम : जुगेश्वर दास तत्मा
श्रीमान्‌को नाम : रामचन्द्र दास तत्मा
शिक्षा : साधारण लेखपढ
राजनीतिक दल : मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# बिहेपछि जीवनले राजनीतिको राजमार्ग पहिल्यायो

तराईकी जुझारू महिला हुनुहुन्छ सेवकीदेवी दास तत्मा । उहाँले तराईका महिलाले भोग्नुपर्ने जर्जर सामाजिक परिबन्द देख्नु र भोग्नुभएको छ । त्यसैले उहाँ त्यस्ता परिबन्दमा बाँधिएका महिलाको उन्मुक्ति चाहनुहुन्छ । सेवकीदेवी धर्म र परम्पराका नाममा महिलालाई अन्धकारभित्र राख्ने, काममा जोताउने र अनेक कुप्रथाको दास बनाउने चलनको विरोधी हुनुहुन्छ र ती परम्पराको अन्त गर्न पनि उहाँ प्रतिबद्ध हुनुहुन्छ ।

धनुषा जिल्लाको विशरभोरामा जन्मनुभएकी सेवकीदेवी परिवारकी कान्छी छोरी हुनुहुन्थ्यो र उहाँको कलिलै उमेरमा विवाह भयो । बिहेपछि मात्र श्रीमान् रामचन्द्रदास तत्मा तथा ससुरा र जेठाजुहरूको सहयोगले सेवकीदेवीले राजनीतिमा लाग्नुभयो । २०६० सालको मधेस आन्दोलनका क्रममा उहाँ राजनीतिक कार्यक्रमहरूमा निरन्तर खट्नुभयो । गाउँगाउँ पुगेर जनतालाई उनीहरूका अधिकारबारे सम्झाउने र बुझाउने अभियानमा उहाँ लाग्नुभयो । पार्टीको काममा लाग्दा प्रशासनले उहाँलाई दुःख दिएको, त्रास सिर्जना गरेको र कुटपिट गरेको सेवकीदास बताउनुहुन्छ । मधेस आन्दोलनकै क्रममा उहाँको घरभित्र छिरेका एकजना प्रहरीलाई आफूले समातेर उसको बन्दुक खोसेको घटना उहाँलाई अझै सम्झना छ । तर ती प्रहरीले उहाँसँग माफी मागेपछि प्रहरीलाई उहाँले छाड्नुभएको थियो । सेवकीदेवीले राजनीतिमा अघि बढ्न मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) मा आबद्ध आफ्नी जेठानी प्रमिलादेवी दासको पनि विशेष साथ र सहयोग पाउनुभएको थियो ।

सेवकीदेवी मधेस आन्दोलनमा लाग्दा कुनै पद पाउँछु भनेर लाग्नु भएको थिएन । कुनै पदको आशा नराख्नु भएकोले संविधानसभाको सदस्य वा सांसद् बन्छु भनेर पनि पहिले उहाँले कहिल्यै सोच्नुभएको थिएन । तर, संविधानसभा सदस्य हुन पाउँदा सेवकीदेवीलाई अत्यन्त खुशी लागेको छ । सेवकीदेवीलाई मात्र होइन उहाँका गाउँका अरू महिलाहरू पनि उहाँको काम देखेर निकै खुशी भएका छन् र उनीहरू सेवकीदेवीबाट प्रेरित भएका छन् । साथै गाउँका महिलाको प्रेरणा र खुशी पनि सेवकीदेवीले बोकेर हिँड्नुभएको छ । पछाडि पारिएका

वर्गको पक्षमा, र विशेषगरी तराईका महिलाको पक्षमा संविधानसभामा कुरा राख्न पाएकामा उहाँ गर्व महसुस गर्नुहुन्छ ।

साधारण लेखपढ मात्र जान्नुभएकी सेवकीदेवी सामाजिक परम्पराले गर्दा आफ्नो पढाइमा बाधा पुऱ्याएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म सानो छँदा गाउँमा छोरीलाई पनि पढाउनुपर्छ भन्ने भावना नै थिएन । छोरी भनेका अर्काको घरमा जाने जात हो त्यसैले पढेर के हुन्छ र भन्ने धारणा थियो । त्यसैले मैले पढ्न पाइँन ।' शिक्षा र अरू अनुभवको कमीले सुरुमा संविधानसभामा जाँदा उहाँलाई त्यहाँको राजनैतिक तथा कानुनी भाषा बुझ्न निकै कठिनाइ भएको थियो । तर, पार्टीका साथीहरूको सहयोगले उहाँले बिस्तारै संविधानसभाका नियम, विधि र प्रक्रिया बुझ्दै जानुभयो ।

सेवकीदेवी मधेसी जनअधिकार फोरम लोकतान्त्रिक नेपालका तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत चुनिनु भएकी संविधानसभा सदस्य हुनुहुन्छ । उहाँ अहिले संविधानसभातर्फ क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति र व्यवस्थापिका संसदतर्फ विधायन समितिको सदस्य हुनुहुन्छ । उहाँले संविधानसभा तथा व्यवस्थापिका संसदमा तराईमा धेरै सूर्ती उब्जाउ हुने र त्यसले धेरैको जीवन धानिरहेकाले वैकल्पिक व्यवस्था नगरी सूर्ती उत्पादन रोक्न नहुने कुरा उठाउनुभएको छ । उहाँले तराईमा सूर्ती उत्पादन रोकिनाले रोजगारी खोसिन्छ भनेर यो विषयलाई लिएर फरक मत राख्नुभएको छ ।

सेवकीदेवीले आफ्नो गाँउका महिला, दलित, मधेसी, मुस्लिमलगायत सबैलाई आ-आफ्नो कुरा उठाउन प्रोत्साहन गर्नुभएको छ । साथै आफ्नो अधिकारका लागि राजनीति गर्नुपर्छ र सबै महिला, दलित, मुस्लिमलगायत पछाडि पारिएका वर्ग एकजुट हुनुपर्छ भनेर पनि उहाँ लाग्नुभएको छ । गाउँका विभिन्न समुदायमा जाँदा पाएका सुझावहरूलाई उहाँले आफू संलग्न समितिहरूमा राख्ने गर्नुभएको छ । तर, संविधानको मस्यौदा प्रतिवेदनहरूमा सबै वर्ग, जाति र खासगरी पछाडि पारिएका समुदायका महिलालाई राज्यको नीति निर्माण तहमा पुऱ्याउनुपर्ने मुद्दा अझै छुटेको सेवकीदेवी बताउनुहुन्छ । त्यस्तै नागरिकताको सवालमा उहाँको तर्क छ, 'यहाँका महिला विदेशी श्रीमान्लाई छाडेर उपप्रधानमन्त्री बन्छन्, प्रधानमन्त्रीको दाबी गर्छन्, र त्यसलाई जायज मानिन्छ । तर बिहे गरेर भारतबाट यहाँ आउने महिलाहरू चाहिँ किन मन्त्री बन्न सक्दैनन् ? त्यस्तै नेपाली चेलीसँग बिहे गरेको विदेशी पुरूषले १५ वर्षपछि मात्र अङ्गीकृत नागरिकता पाउने व्यवस्था पनि राम्रो होइन । उनीहरूलाई पनि नागरिकता छिट्टै दिनुपर्छ ।'

सेवकीदास छोराछोरी र परिवारका साथमा काठमाण्डौंमा बस्नुहुन्छ । संविधानसभाको बैठक बाहेक समय हुँदा उहाँ विभिन्न सङ्घसंस्थाहरूले आयोजना गर्ने गोष्ठी तथा सम्मेलनमा पनि भाग लिनु हुन्छ । तर, सभासद्हरू संविधान बनाउन छोडेर एनजिओमा मात्र लागिरहन्छन् भन्ने जनताको गुनासोप्रति पनि उहाँ सचेत हुनुहुन्छ । त्यस्तै नेपालमा स्थापित भएका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू सहर-केन्द्रित भएका र तराई र पहाडका दुर्गम गाउँका गरीब र पीडित समुदायसम्म पुग्न नसकेकोमा सेवकीदेवी गुनासो गर्नुहुन्छ ।

सेवकीदेवीको अनुभवमा संविधानसभामा कतिपय पुरूष सदस्यहरूले पनि महिलाका मुद्दामा सक्रिय भएर सहयोग गरेका छन् र संविधानसभामा महिला भएकै कारणले उहाँले बोल्न र आफ्ना धारणा राख्न कसैले रोकटोक

गरेको पाउनु भएको छैन । तैपनि, पार्टीको महत्वपूर्ण निर्णयहरू भने पुरूषहरूबाटै हुने उहाँ बताउनुहुन्छ । सेवकीदेवीले संविधानसभा सदस्य भएपछि धेरै नयाँ कुराहरू सिक्ने र धेरै मानिसहरूसँग अर्न्तक्रिया गर्ने मौका पाउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'संविधानसभाका विभिन्न विषयगत समितिमा उठेका कुराहरू सुन्न, बुझ्न र त्यसमाथि आफ्ना विचारहरू राख्नै पर्‍यो । अनि आफ्नो पार्टीको कार्यक्रम र कार्यकर्ताको रेखदेख पनि गर्नै पर्‍यो, जिल्लामा पनि दौडिनैपर्‍यो । यसबाट धेरै सिकाई भएको छ ।'



### व्यक्तिगत विवरण

नाम : सोनाम छेजुङ्ग लामा
ठेगाना स्थायी : किम्री गाविस-६, खारीगाउँ, मुगु, कर्णाली
अस्थायी : कामनपा–६, बौद्ध, रामहिटी
सम्पर्क ठेगाना : ९७४११७३७६२ (मो)
जन्म मिति : २०१४/११/५
जन्म स्थान : किम्री गाविस-६, खारीगाउँ, मुगु, कर्णाली
आमाको नाम : गार्मु छेडुल लामा
बुबाको नाम : गोवा पानमा तेन्जिङ्ग लामा
श्रीमान्को नाम : स्याङ्ग्याप तामाङ्ग
शिक्षा : साधारण लेखपढ
राजनीतिक दल : नेकपा (एमाले)
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# कर्णालीलाई राज्यले विभेद गरेको छ

राज्यको आँखा राम्ररी नपुगेको कर्णाली अञ्चलको मुगु जिल्ला, खारी गाउँमा जन्मनुभएकी सोनाम बाबुआमाकी आठौं सन्तान हुनुहुन्छ । छजना छोरा जन्मिएपछि र भएको एकजना छोरी पनि बितेपछि सोनाम छेजुङ्ग लामाकी आमाबुबाले भगवानसँग एकजना छोरी जन्मियोस भनेर प्राथना गर्नुभएको थियो । आफ्ना चाहना अनुसार छोरी सोनाम जन्मिएपछि आमाबुबा निकै खुशी हुनुभयो र सोनामले आमाबाबुबाट सँधै छोरासरह माया र सम्मान पाउनुभयो । तर उहाँले पढ्ने अवसर भने पाउनु भएन ।

सोनामको आमाबुबा व्यापार, पशुपालन र कृषि पेशामा संलग्न हुनुहुन्थ्यो । सोनाम चाहिँ आमाबुबालाई सघाउन सानैदेखि भैंडा चराउने गर्नुहुन्थ्यो । उहाँका दाजु सोनाम छेञ्देल लामा २०२६ सालमै स्थानीय प्रधानपञ्च भइसक्नु भएको थियो र उहाँ मार्क्सवादी चिन्तनमा विश्वास गर्नु हुन्थ्यो । दाजुकै प्रेरणाले सोनामलाई पनि कम्युनिष्ट राजनीतिप्रति रूचि बढ्यो ।

सोनामका अनुसार समाजका हुनेखाने व्यक्तिहरूले गरिब, दुःखी, दलित र महिलालाई हेपेको र शोषण गरेको देख्दा उहाँलाई असह्य हुन्थ्यो र ती सबैका विरूद्ध लड्न मन लाग्थ्यो । कसैले गरिब, टुहुरा, विधवालाई हेप्दा उहाँ ती गरिब र कमजोरका पक्षमा बोल्नु हुन्थ्यो । समाजका ठालु र सामन्तीले गरीब, महिला र दलितलाई गर्ने शोषण र अन्यायको उहाँ खुलेरै विरोध गर्नुहुन्थ्यो । २०३४ सालदेखि नै राजनीतिमा संलग्न हुनुभएकी सोनाम भाषण गर्न पनि खप्पीस हुनुहुन्थ्यो । उहाँ आफ्ना भाषणमा महिलाले पनि समान ज्याला पाउनुपर्छ र छोरीले पनि पढ्न पाउनुपर्छ भन्ने आवाज उठाउनुहुन्थ्यो । तर, एकजना महिलाले उठाएको यस्ता कुराहरू समाजका धेरै पुरूषहरूलाई पच्दैनथ्यो । त्यसैले 'भाषण गर्दै हिंड्ने, जोसँग जहाँपनि जाने, लाजपचेकी केटी' भनेर कतिपयले उहाँका कुरा काट्थे । तर, यस्ता भनाइहरूलाई चुनौती दिंदै उहाँ दुईपटकसम्म वडा अध्यक्ष पदमा चुनाव लडेर विजयी पनि हुनुभयो । सोनाम कर्णालीकै पहिलो महिला वडाध्यक्ष हुनुहुन्छ । सोनामको विवाह स्याङ्ग्याम

तामाङ्गसँग भयो । श्रीमान् पनि सक्रिय राजनीतिक कार्यकर्ता भएको हुनाले सोनामलाई आफ्नो राजनैतिक जीवनलाई निरन्तरता दिन समस्या परेन । सङ्घर्ष गर्दै उहाँ जिल्ला विकास समितिको समेत सदस्य हुनुभयो ।

सोनाम गाउँमै छँदा १० वर्षसम्म ताकाखारी प्राथमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भएर काम गर्नुभयो । साथै वडाध्यक्ष, जिविस सदस्य र पार्टी सदस्य भएर लामो समय काम गरेका हुनाले उहाँलाई नेकपा (एमाले)ले संविधानसभा सदस्यको रूपमा समानुपातिकतर्फबाट चुनेको थियो । तर, आफू जाति, लिङ्ग र भूगोलका आधारमा धेरै नै पछाडि परेको कर्णाली भेगको बासिन्दा भएकोले संविधानसभाको सदस्य बन्छु भनेर कहिले पनि नसोचेको सोनाम बताउनुहुन्छ । संविधानसभा सदस्य भएपछि उहाँलाई पनि अरू धेरै सदस्यहरूलाई जस्तै संविधान बन्दैन कि भन्ने डर र अहिलेसम्म कमाएको इज्जत पनि गुम्ने हो कि भनेर चिन्ता लाग्ने गर्दछ । उहाँ भन्नुहुन्छ, जनताले संविधान किन नबनाएको भनेर सोधेको सोध्यै गर्दा कहिलेकाहीँ त किन सभासद् भएछु नी भन्ने पनि लाग्छ ।'

सोनामले आफू संलग्न शासकीय स्वरूपको आधार निर्धारण समितिमा, संविधानसभा र व्यवस्थापिका संसदको बैठकहरूमा कर्णालीको दुःखलाई मुख्य मुद्दाको रूपमा उठाउनु भएको छ । उहाँ भन्नुहुन्छ, 'राज्यले कर्णालीलाई सौतेलो व्यवहार गरेको छ । बल्ल-बल्ल अहिले जुम्लामा ट्रकसम्म जान्छ । कालिकोटमा मोटर पुगेको ३–४ वर्ष भयो । तर, हुम्ला, मुगु र डोल्पा जिल्लामा मोटर पुग्न अझै १० औं वर्ष लाग्न सक्छ ।' यी जिल्लाहरूमा सडक सम्पर्क छैन । उहाँ कर्णालीलाई राज्यले न्याय गर्नुपर्ने माग राख्नुहुन्छ । साथै मुगु जिल्लाको भौतिक पूर्वाधारहरू छिटो भन्दा छिटो बनाउन राज्य अघि सर्न पनि माग राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'कर्णालीलाई विश्वविद्यालय दिनुपर्छ । शैक्षिक सामग्रीको साथमा कर्णालीका दलित, जनजाति, महिलालाई निःशुल्क शिक्षा दिनुपर्छ । महिलाका लागि कर्णालीका प्रत्येक जिल्लामा प्रसूतिसेवा सम्पन्न अस्पताल खोल्नुपर्छ । हुनत कर्णालीलाई रोग, भोकबाट मुक्त राख्न सरकारले वर्षेनी अर्बौं खर्च छुट्याएपनि खासै उपलब्धि भएको छैन ।'

कर्णालीका तीन क्षेत्र चीनसँग नाका जोडिएको छ । त्यसैले चीन सरकारसँग सहयोग लिएर उत्तरबाट राजमार्ग खोलेपछि त्यहाँको अर्थतन्त्रमा सुधार आउने सोनामको भनाइ छ । उहाँ सिङ्गो कर्णालीलाई पर्यटन क्षेत्र घोषणा गर्नुपर्ने पनि प्रस्ताव राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'कर्णालीमा ५०० भन्दा बढी प्रकारका जडिबुटी पाइने हुनाले राज्यले अन्तर्राष्ट्रिय बजार खोजी त्यहाँ जडिबुटी प्रशोधन केन्द्र खोल्ने हो भने कर्णालीको समग्र विकास सम्भव छ ।'

महिला अधिकारका सवालमा उहाँले संविधानसभामा महिलालाई पनि पुरूषसरह अधिकार दिइनुपर्नेमा जोड दिनुभएको छ । राज्यका जुनसुकै अङ्ग र पदमा महिला तथा पुरूषको बराबरी अधिकार हुनुपर्ने र अबको ५ वर्षभित्रमा चक्रीय प्रणाली लागू गर्नुपर्ने पनि उहाँको राय छ । उहाँ भन्नुहुन्छ, 'सदन तीन तहको हुनुपर्छ र त्यसमा राष्ट्रपति पुरूष भए उपराष्ट्रपति महिला हुनुपर्छ, प्रधानमन्त्री पुरूष भए उपप्रधानमन्त्री महिला हुनुपर्छ । त्यस्तै मुख्यमन्त्री पुरूष भए उपमुख्यमन्त्री महिला हुनुपर्छ ।'

शिक्षाको सवालमा सोनाम नेपालका दुर्गम जिल्लाहरूमा सुगम ठाउँको भन्दा फरक किसिमको शिक्षाको व्यवस्था गर्नुपर्नेमा जोड दिनुहुन्छ । ती जिल्लाहरूका विद्यार्थीहरूलाई शैक्षिक सामग्रीसहित स्नातकतहसम्म राज्यले निःशुल्क शिक्षा दिनुपर्ने उहाँको माग छ । त्यस्तै सम्पूर्ण नीजि बोर्डिङ्ग स्कुलहरू खारेज गरेर सुविधासम्पन्न र दक्ष शिक्षक, शिक्षिका भएको सामुदायिक स्कुल खोल्नुपर्ने कुरामा उहाँ जोड दिनुहुन्छ ।

संविधानसभा सदस्य भएर काठमाण्डौं आउनुपरेपछि यहाँको बसाइ त्यति सहज नभएको सोनाम बताउनुहुन्छ, 'सभासद्का हैसियतले काठमाण्डौंमा रहँदा कोही विरामी आउने, बेखर्ची भएर आउने गर्दा सहयोग गर्नुपर्ने हुन्छ । तर सभासद्को तलवले यो सबै गर्न धेरै गाह्रो छ । संसदको बैठक सकेर खासगरी राती डेरामा फर्कदा पनि समस्या हुन्छ । सामाजिक सुरक्षा हुँदैन । साधनसम्पन्न हुनेहरूलाई त समस्या नहोला तर म जस्तो आफ्नै सवारी साधन नहुनेहरूलाई ट्याक्सीमा डेरा फर्कन पनि समस्या नै छ ।'

संविधानसभा भित्र आफू दुर्गम भेगको र धेरै नपढेको भएकोले आफूले त्यहाँ अप्रत्यक्ष विभेद र असहयोग खप्नु परेको सोनामको भनाइ छ । साथै प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट आएका महिला सभासद्हरूको पद र कुर्सी एउटै भएपनि प्रत्यक्ष र समानुपातिकतर्फबाट आएका सभासद्हरूबीच एकप्रकारको विभेद रहेको पनि उहाँले महसुस गर्नु भएको छ । उहाँ भन्नुहुन्छ, 'पत्रकारहरूले पनि हामीलाई एक किसिमले अलि फरक ढङ्गले सम्बोधन गर्छन् । पुरूष सभासद् र हुनेखाने महिला सभासद्हरूले पनि हामीलाई अलि फरक व्यवहार गर्छन् । महिलाका मुद्दामा हामी सबै मिलेर लड्नुपर्नेमा जताततै विभेद छ ।'

महिलाका मुद्दामा छलफल गर्न र दबाबमूलक ढङ्गले ती मुद्दाहरूलाई स्थापित गर्न महिला ककसको आवश्यकता भएको सोनाम बताउनुहुन्छ । 'सुरूमा त महिला ककस गठन नगरे पनि हुन्छ भन्ने पुरूषसभासद्हरूको मनसाय थियो तर सबै मिलेर ककस गठन गरिछाड्यौं ।' महिला ककसले महिलाको समान नागरिकता, अंश र वंशको अधिकारलाई सबैको साझा मुद्दा बनाएर संविधानसभामा लैजानका लागि काम गरेको उहाँको भनाइ छ ।

सोनामले आफ्नो भावी जीवन राजनीतिमै समर्पित गर्ने सङ्कल्प गर्नुभएको छ । साथै उहाँ आफ्नो गृहजिल्ला मुगुका दिदीबहिनीहरूलाई राजनीतिमा ल्याउन र उनीहरूका अधिकारबारे आवाज उठाउन पनि सँधै कार्यरत रहने उहाँको चाहना छ । उहाँले 'प्रकाश वर्ष मानवअधिकार पुरस्कार' पनि पाउनुभएको छ । सोनाम भन्नुहुन्छ, 'स्कुल कलेजको शिक्षाले भन्दा पनि मलाई मेरो जीवनको अनुभव र भोगाइले आज यो ठाउँसम्म ल्याइपुऱ्याएको छ ।'



## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : हलिना खातुन |
| ठेगाना स्थायी | : पिपरीया गाविस-४, सर्लाही |
| अस्थायी | : जडिबुटी, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१९५३७१० (मो) |
| जन्म मिति | : २०१४/१/१५ |
| जन्म स्थान | : रौतहट |
| आमाको नाम | : सुमनी सेखिन |
| बुबाको नाम | : रोख बासिर |
| श्रीमान्को नाम | : स्व सेख रफाकत |
| शिक्षा | : सामान्य लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# पढी लिखी फेल, अङ्गुठा छाप हलिना पास

हलिना खातुनले औपचारिक शिक्षा प्राप्त गर्नुभएको छैन र उहाँलाई नेपाली भाषा बोल्न पनि त्यति आउँदैन, तर लिखित हस्ताक्षरसम्म गर्न सकेकामा उहाँ गर्व गर्नुहुन्छ । एक दशकअघिसम्म पनि उहाँसँग राजनीति सम्बन्धी ज्ञान ज्यादै थोरै थियो । तर, अहिले ६०१ सदस्यीय संविधानसभामा आइपुग्नु भएकी हलिनाको योगदान अन्य सभासद्को भन्दा कम छैन ।

ज्ञानको कमी, आफ्नो समुदायमा महिलामाथि हुने उत्पीडन र दलितका विरूद्धमा हुने विभेद र हिंसाले परिवर्तनका लागि केही गर्नुपर्छ भन्ने भावनाले उहाँलाई धेरै अघिदेखि घच्घचाइ रहन्थ्यो । तर मौका मिलेको थिएन । यसैक्रममा गाउँमा घटेको एउटा दाइजोको घटनाले उहाँलाई निकै नै मर्माहत तुल्यायो । उहाँको गाउँमा छोरीको विवाह गर्न लागेका एकजना बुबाले ज्वाइँ पक्षलाई मागेजति दाइजो दिन नसक्दा घर बेच्नु परेको थियो । यस्ता घटना उहाँ वरिपरि सँधै घटिरहने घटनाहरू हुन् । त्यसैले संविधानसभाका विषयगत समिति र व्यवस्थापिका संसदमा उहाँले तराईका महिला, दलित र गरीब परिवारले भोग्नुपर्ने पीडा र दाइजो प्रथाको विरोधमा निरन्तर कुरा उठाइरहनुभयो ।

हलिनाका काका स्व. खलिल जमिदार भूमिसुधार कार्यालयका अधिकृत हुनुहुन्थ्यो र राजनीतिमा पनि उत्तिकै सक्रिय । हलिनाको १० वर्षको उमेरमा सेख रफाकतसँग विवाह भएको थियो । विवाह गर्नुअघि काका खलिल जमिदार राजनीतिका एकमात्र सम्बद्ध सूत्र हुनुहुन्थ्यो । हलिनाका श्रीमान् तत्कालीन नेकपा (माओवादी)को जिल्ला कमिटी सदस्य हुनुहुन्थ्यो । पार्टीमा प्रवेश गर्नुअघि उहाँका श्रीमान्को पेशा कृषि थियो तर, कृषिले मात्र परिवारको गुजारा चलाउन कठिन भएपछि उहाँले मुम्बई पुगेर पानीजहाज र बैंकको सुरक्षा गर्ने काम गर्नुभयो । तर, शेख रफाकत मुम्बइ जानुभएपछि हलिनाकोबारेमा गाउँमा धेरै नकारात्मक चर्चा चल्न थालेकोले उहाँ त्यहाँ धेरै दिन

बस्न सक्नुभएन र घर फर्कनुभयो । नेपाल फर्केपछि समाजमा विद्यमान असमानता, भ्रष्टाचार र अन्य विकृतिले उहाँलाई राजनीतिमा लाग्न प्रेरित गऱ्यो र परिवर्तनको अपेक्षा राख्दै उहाँले माओवादी पार्टीमा प्रवेश गर्नुभयो ।

हलिनालाई श्रीमान्ले धेरै विश्वास गर्नुहुन्थ्यो र हरेक पाइलामा अघि बढ्न सहयोग र समर्थन गर्नुभएको थियो । पार्टीका कार्यकर्ताहरू उहाँहरूका घर पुग्थे र जातीय आधारमा हुने विभेद, हिंसा तथा महिलामाथि हुने थिचोमिचो, शिक्षामा असमानताजस्ता विविध विषयमा निकै लामो बहस चलाउँथे । ती छलफल तथा बहसहरू सुन्न हलिनालाई निकै नै रूचि भए तापनि घरको जिम्मेवारीले गर्दा उहाँले प्रत्यक्षरूपमा त्यस्ता छलफलहरूमा कमै मात्र सहभागी हुन मौका पाउनुहुन्थ्यो, तर ती छलफलहरूको गहिरो छाप उहाँमा पर्ने गर्दथ्यो ।

२०६१ फागुन ८ गते सर्लाहीको पिपरीयामा श्रीमान्को हत्या भएपछि हलिनाको जीवनमा दु:खका क्षणहरू ओइरिए । मुस्लिम समुदायको पर्व मोहरम पर्व मनाइरहेको बेला शनिबारको दिन परेको थियो । त्यही दिन तीनजना प्रहरी उहाँहरूका घरमा आए र श्रीमान्लाई भेट्नुछ भने । हलिनाले त्यो दिन चाड परेकोले प्रहरीलाई सोमबार आउनु भनी फर्काइदिनुभयो । सोही दिन साँझपख घरका लागि सामान किन्न हलिनाका श्रीमान् सेख रफाकत बाहिर निस्कनुभयो । गाउँलेहरूले सेख रफाकतलाई उहाँ सुरक्षित नभएको चेतावनी दिँदै घर फर्कन भने, तर उहाँले मान्नुभएन । नभन्दै उहाँ प्रहरीले चलाएको गोली लागेर मारिनुभयो, हलिनाका काँधमा एक छोरी र दुई छोराको अभिभारा आइलाग्यो ।

श्रीमान्को हत्यापछि हलिनालाई मद्दत गर्ने कोही थिएनन् । आर्थिकरूपमा कमजोर हलिनाको जीवन अझ कष्टपूर्ण बन्यो । श्रीमान्को मृत्युपछि उहाँले घरपरिवार र बालबच्चाको रेखदेख गर्नुपर्ने भयो । त्यसमाथि अन्य पार्टीका मानिसहरूले समेत उहाँको चरित्रहत्या गर्ने प्रयत्न गरे । तर, पार्टीले आफन्तले कब्जामा लिएको १ बिघा १५ कट्ठा जमिन फिर्ता गराएर उहाँलाई ठूलो गुन लगायो ।

श्रीमान्को मृत्यु भएकै वर्ष हलिनाले नेकपा माओवादीमा प्रवेश गर्नुभयो । उहाँलाई समाजले औंला ठड्याइरहन्थ्यो तर उहाँ प्रतिबद्ध भएर पार्टीमा लागिरहनुभयो । उहाँले २०६१ देखि २०६४ सालसम्म पार्टीको जिल्ला कमिटी सदस्यको रूपमा काम गर्नुभयो । पार्टीले उहाँलाई मुस्लिम मुक्ति मोर्चामा पठायो । आजसम्म पनि हलिना त्यही मोर्चासँग आबद्ध हुनुहुन्छ । उहाँले खासगरी मुस्लिम समुदाय र मुस्लिम महिलाका हक अधिकारका लागि काम गर्दै आउनुभएको छ । आफ्नो राजनीतिक जीवनमा छोराहरू रियाजम अहमद र ऐया अहमद सिद्धिकी र छोरी सोनी कुमारीले उहाँलाई निकै सहयोग गरेको बताउनुहुन्छ ।

कुनै औपचारिक शिक्षा वा कुनै किसिमको ठोस राजनीतिक पृष्ठभूमि नभएकाले हलिनाले कहिल्यै पनि आजको अवस्थामा आइपुग्छु भन्ने कल्पना गर्नुभएको थिएन । यस उपलब्धिका निम्ति उहाँ पार्टीलाई जस दिनुहुन्छ । पार्टीले नै संविधानसभाको सदस्यको हैसियतमा आफूलाई राष्ट्रको सेवा गर्न लायक सम्झेको विचार उहाँको छ । अन्य पार्टीका मानिसले निरक्षरलाई मनोनयन गर्ने पार्टी निर्णयको विरोध गरिरहेका भए पनि पार्टी अध्यक्ष पुष्पकमल दाहालले उहाँलाई यसो भन्दै सम्झाउनुभएको थियो, "पढी लिखी फेल, अङ्गुठा छाप हलिना पास ।"

उहाँले औपचारिक शिक्षा प्राप्त नगरे तापनि संविधानसभाका नियम र प्रक्रिया बुझ्न उहाँलाई खासै गाह्रो परेन । 'कुराहरू बुझ्नकै लागि शिक्षा महत्वपूर्ण होइन, तपाइँमा केही गर्ने जोश र जाँगर हुनुपर्छ,' उहाँको ठम्याइ छ ।

मुलुकको भविष्यका लागि केही गर्न सकिन्छ कि भन्ने हलिनाको सपना थियो । तर, राजनीतिज्ञहरूको विलम्ब र हिचकिचाहटले उहाँलाई कहिलेकाहीं निराश तुल्याउने गरेको छ । संविधानसभामा हलिनाको समय महिलाका सवाल उठाउँदैमा बित्ने गरेको छ । विधवा भएका कारण उहाँले श्रीमान् बितेका एकल महिलाले सामना गर्नुपर्ने चुनौतीलाई राम्ररी बुझ्नु भएको छ । त्यहीकारण उहाँले ७० वर्षका महिलालाई मात्र नभई युवा एकल महिलालाई पनि सरकारले भत्ता दिनुपर्ने माग गरिरहनुभएको छ । राज्यका हरेक तहमा महिलाको समावेशी तथा समानुपातिक प्रतिनिधित्वको मागलाई सबै दलका महिलाहरूले चर्को रूपले उठाए पनि सो कुरा संविधानको प्रारम्भिक मस्यौदामा समावेश गरिएको छैन । 'अन्तिम दस्तावेजमा यसलाई स्वीकार नगरिएमा नेपाली महिला प्रतिनिधिको रूपमा हामी असफल ठहरिनेछौं ।' हलिना भन्नुहुन्छ ।

आफू तराईवासी भएकाले संविधानसभामा देशको विभिन्न क्षेत्रबाट आएका सदस्यहरूसँग घुलमिल हुन सुरूका दिनहरूमा हलिनालाई निकै कठिन भएको थियो । उहाँले ४ कक्षा सम्म उर्दु र मैथिली भाषामा अध्यापन गर्नुभएको र आफ्नो मातृभाषा बाहेक अरू भाषा बोल्न नसक्ने हुनाले पनि त्यहाँ ठूलै व्यवधान खडा गरेको थियो जस्तो, संविधानसभाका अध्यक्षले हलिनाको मातृभाषा नबुझ्ने र उहाँ नेपाली भाषामा आफ्ना विचार अभिव्यक्त गर्न नसक्ने चुनौती थियो । तर बिस्तारै उहाँका लागि यी परिस्थितिहरू सहज हुँदै आएका छन् । हलिनाले पुरूष सभासद्हरूबाट पनि खासै सहयोग नपाएको र महिला भएकै कारणले उहाँलाई आफ्ना चासोका विषयमा बोल्न पर्याप्त समय उपलब्ध नगराइएको उहाँको गुनासो छ ।

विभिन्न बाधा अडचनहरूका वावजुद पनि हलिनाले संविधानसभामा आफूले निभाउनुपर्ने भूमिका सकेसम्म निभाएको र संविधानसभा बैठकहरूमा आफ्नो उपस्थिति दर्शाउन सफल हुनुभएको बताउनुहुन्छ । उहाँको एउटा ठूलो चाहना सर्लाहीमा प्रसूति अस्पताल बनाउने रहेको छ । यो सुविधाको अभावमा त्यहाँका धेरै आमाहरूले अकालमा ज्यान गुमाउनु परिरहेको अवस्था छ । पैसा हुने मानिसहरू उपचारका लागि भारतको पटना पुग्छन्, तर थोरै कमाइ हुने र पैसा नहुनेहरूले भाग्यको भरोसामा बाच्नुपर्ने अवस्था रहेको उहाँ बताउनुहुन्छ । हलिनाले सर्लाहीमा आफ्नो नाममा रहेको १ बिघा १५ कट्ठा जमिन प्रसूति अस्पतालका लागि समर्पण गर्ने प्रतिबद्धता जनाइसक्नुभएको छ । 'जनताले हामीलाई संविधानसभामा पठाएका हुन्, र हामीले लगाउने सभासद्को लोगो भएको कोट पनि जनताले नै दिएका हुन् । त्यसैले जनताका निम्ति मेरो मृत्यु भए पनि म खुशीसाथ स्वीकार्नेछु किनभने मेरा श्रीमान्ले प्रतिबद्धता व्यक्त गरेकै मार्गमा म पनि हिंडिरहेकी छु, ।' हलिना प्रतिबद्धता जाहेर गर्नुहुन्छ ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : हसिना मिया |
| ठेगाना स्थायी | : दुलेगौडा, स्याङ्जा- ३, स्याङ्जा |
| स्थायी | : बुद्धनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४११५९७३५ (मो) |
| जन्म मिति | : २००७/१/२५ |
| जन्म स्थान | : स्याङ्जा, इन्द्रिस |
| आमाको नाम | : नसीरुन मिया |
| बुबाको नाम | : नविबकस मिया |
| श्रीमान्को नाम | : हबिबकस मिया |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : नेकपा (एमाले) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# महिला मुस्लिम र दलित आयोग संवैधानिक हुनुपर्छ

अहिले पनि मुस्लिम महिलाहरूलाई घरबाहिर निस्कन सजिलो छैन । झन, आजभन्दा झण्डै चार दशक अघिको समाज त कस्तो होला सजिलै अनुमान लगाउन सकिन्छ । तर, मुस्लिम परिवारमा जन्मेर हुर्केकी हसिना मियाले त्यसबेलाको सामाजिक र राजनीतीक चुनौतीहरूलाई समेत चिर्दै अगाडि बढ्नुभयो समाज परिवर्तन गर्नका लागि ।

उहाँका हजुरबुबा स्याङ्जाको मुखीया हुनुहुन्थ्यो तर उहाँलाई मुखीया र जिम्मवाल जस्ता पदहरू मन पर्दैनथ्यो । किनकी त्यस्ता पदमा रहेका अधिकांश व्यक्तिहरूले कमजोरलाई हेपेको र शोषण गरेको उहाँले देख्नु भएको र त्यसबाट उहाँको मनमा नराम्रो छाप परेको थियो । त्यसैले यस्तो प्रथा फालेर नया व्यवस्था ल्याउनु पर्छ भन्ने उहाँलाई लागेको थियो ।

हसिनाको बिहे १५ वर्षको उमेरमा हबिबकास मियाँसँग भयो र १७/१८ वर्षको उमेरदेखि उहाँ राजनीतिमा लाग्नुभयो । तर, मुस्लिम महिलाले राजनीतिमा लाग्नु हुन्न भनेर आफन्त र छिमेकीहरूले उहाँलाई निरूत्साहित पार्न खोज्दा उहाँको जवाफ हुन्थ्यो, 'तपाई हामी यसरी लागेनौं भने त हामी पछाडि परिहाल्छौं नि । इस्लामले महिलालाई अगाडि बढ्न हुन्न भनेको छैन, समाजले मात्रै त्यस्तो सङ्कुचित भावना लिएको हो ।'

हसिनाका चार छोरा र चार छोरी गरी ८ जना छोराछोरीहरू छन् । धेरै सन्तान भएकोले उहाँको परिवारको आर्थिक अवस्था कमजोर थियो । उहाँ चुरा र श्रृङ्गारका सामानको व्यापार गर्नुहुन्थ्यो । श्रीमान्, छोराछोरी र व्यापार धान्दै उहाँ पञ्चायत विरोधी आन्दोलनमा पनि संलग्न हुनु भयो । उहाँ त्यसताका स्याङ्जाकै कोल्मा, काउले भुसनापुर, राइपुर, साठे जस्ता गाविसहरूमा सङ्गठन बिस्तार गर्न पुग्नुहुन्थ्यो । त्यसरी हिँड्दा हसिनाको कुरा काट्नेहरू मात्र होइन केही बुद्धिजीविले उहाँको कुरा सुनेर यीनले राम्रो कुरा गर्छिन भनेर प्रशंसा पनि गर्थे, जुन उहाँको लागि थप प्रेरणा बन्यो ।

पञ्चायत विरोधी काममा लागेको सुइँको पाएर प्रशासनले हसिनालाई बेलाबखत पक्रनका लागि पक्राउ पूर्जी पनि जारी गर्थ्यो । तर, केही पटक प्रहरीले पक्रन आउँदा उहाँ आफ्नो दुईथरी नाम राखेर जोगिनु भएको थियो । प्रहरीले उहाँको घरमा हसिना मिया छ भनेर उहाँ स्वयंलाई सोध्न आउँदा उहाँले 'म त हसिना बेगम हो हसिना मियाँ होइन' भनेर प्रहरीलाई फर्काइदिनु हुन्थ्यो । टोल छिमेककाले पनि यहाँ हसिना मिया भन्ने कोही छैन भनेर उहाँलाई बचाउने गर्थे । प्रहरीले हसिना बेगम नै हसिना मिया हो भन्ने पत्ता लगाएर फेरि पक्रन आउँदा यी कमरेड मियाँ कुलेलाम ठोकिसक्नु हुन्थ्यो ।

हसिना राजनीतिको साथमा गाउँमा सामाजिक सुधारका काममा पनि लागिपरिरहनु हुन्थ्यो । उहाँले मुस्लिम समाजमा विकृतिका रूपमा देखिएको तलाक[७१] प्रथाविरूद्ध पनि चेतना फैलाउने काम गर्नु भयो । कसैकी छोरीलाई बिहे गरेर ल्याएपछि मन परेन भने तलाक भनेर छोड्नुको सट्टा बरू त्यस किसिमको समस्या समाधानका लागि पारिवारिक अदालत खडा गर्नुपर्छ भनेर उहाँ गाउँलेलाई सम्झाउनु हुन्थ्यो । कुनै महिलामाथि थिचोमिचो भएमा ती महिलालाइ न्यायका दिलाउनका लागि उहाँ अदालतसम्म पुग्नुहुन्थ्यो । गाउघरमा कतिपय महिलालाई श्रीमान्ले झुटा आरोप लगाएर घरबाट निकाल्न खोज्दा त्यस्ता पीडितलाई सहयोग गर्ने र उसका लागि लड्ने गर्नु हुन्थ्यो ।

तर बिडम्बना अरूको न्यायका लागि लड्ने हसिना आफैले सौता खेप्नु पऱ्यो । श्रीमान्ले अर्की श्रीमती ल्याएपछि उहाँले श्रीमान् विरूद्ध बहुविवाहको उजुरी गर्नुभयो । तर, पक्राउका लागि प्रहरी जादा उहाँका श्रीमान्ले सबै सम्पत्ति हसिनाका नाममा गरिदिन्छु, मलाई पक्राउमा नपार भन्दै अनुरोध गरे । मुस्लिम समाजले समेत यस्तो गर्नु हुन्न भनेर उहाँको श्रीमान्कै पक्ष लिए । केही राजनीतिक सहकर्मीले पनि छोराछोरीका लागि भए पनि श्रीमान्लाई कारबाही नगर बरू श्रीमान्को सम्पत्ति आफ्नो नाममा राखेर छोडिदेउ भन्ने सुझाव दिए । त्यसैले उहाँले श्रीमान्सँग सम्झौता गर्नु भयो । त्यतिबेला उहाँका छ जना छोराछोरी भर्खर विद्यालय पढ्दै थिए । 'आफू राजनीति गर्नु पर्ने, बस्ने र खानेसमेत टुङ्गो थिएन । त्यसैले तीनै लालाबालाको लागि पनि सम्झौता गर्नुपऱ्यो ।' झण्डै आठ दश वर्ष कान्छी श्रीमतीसँग बसेपछि श्रीमान् फेरी हसिना मियाकहाँ नै फर्कनुभयो । नारी मन नै हो, कतिन्जेल कठोर हुन्थ्यो र । उहाँले श्रीमान्लाई स्वीकार्नुभयो ।

परिवार पाल्न निकै धौ धौ भएपछि हसिनाको परिवार स्याङ्जाबाट तनहु झऱ्यो । तनहु झरेपछि पनि उहाँले राजनीति छोड्नु भएन र उहाँको श्रीमान्ले पनि उहाँलाई राजनीतिमा लाग्न अवरोध खडा गरेनन् । सासु ससुराले पनि केही भनेनन् । बरू श्रीमान् समेत एरिया कमिटी र गाउ समितिको सदस्य बन्नुभयो । हसिना आफू पनि पार्टीको र अखिल नेपाल महिला सङ्घको जिल्ला समिति, क्षेत्रीय समितिमा, अञ्चल समिति र केन्द्रीय समितिमा बसेर काम गर्नुभयो । साथै उहाँले मुस्लिम इतेहात सङ्घको केन्द्रीय समिति सदस्यको भूमिका पनि निर्वाह गर्नुभयो ।

पञ्चायत विरोधी आन्दोलनको सिलसिलामा हसिनाले आमसभाहरूमा प्रशासनलाई खुलेआम चुनौति दिदै भाषण गर्नुहुन्थ्यो, 'हामीले देशको परिवर्तन गर्न खोज्दा, महिलाको समस्याको समाधान गर्न खोज्दा प्रशासनले हामीलाई

[७१] समुदायमा कुनै पुरूषले श्रीमतीसँग सम्वन्ध विच्छेद गर्न चाहेमा तीन पटक मौखिक रूपमा तलाक भनेमा सम्बन्ध विच्छेद हुने परम्परा

पक्रने हो भने अहिले भर्खरै पक्रे हुन्छ ।' आमसभापछि प्रशासनले उहाँलाई पक्रन पुर्जी पठाए पनि पक्रन सक्दैनथ्यो । २०२९ सालतिर उहाँ स्याङ्जाको विरूवा बजारको एउटा कार्यक्रममा जानु भएको थियो जहाँ साहना प्रधान लगायत अन्य नेताहरू पनि आएका थिए । तर कार्यक्रमको बीचैमा प्रहरीले हस्तक्षेप गरेर सहभागीहरूलाई बेस्सरी लखेटे । आमसभा ठूलै थियो, सबै तितरबितर भए, हसिना पनि त्यहाँबाट जसोतसो फुत्केर प्रहरीबाट बच्न रातीराती बनै बनको बाटो एक्लै हिँड्नु भयो । सात कोष जति हिडेर किचेनास भन्ने ठाउँको एउटा स्कुल नजिकको एकजना शिक्षिकाको घरमा बास पाएपछि मात्र उहाँको बाच्ने आशा पलायो ।

देशमा संविधान सभा र लोकतान्त्रिक गणतन्त्र चाहिन्छ भनेर लामो समय आन्दोलनमा लागे पनि आफू संविधानसभाको सदस्य बन्छु भनेर कहिल्यै सोच्नुभएको थिएन हसिनाले । तर, उहाँको योगदानको कदर गदै समानुपातिक प्रणाली अन्तर्गत एमालेले उहाँलाई संविधानसभामा ल्यायो । संविधानसभा अन्तर्गत रहेका आफू संलग्न समिति र संविधानसभामा उहाँले यदि नागरिकता प्राप्त गर्ने आधार वंश हो भने पुरूषको मात्र होइन महिलाको पनि बंश हुनुपर्छ भनेर मुद्दा उठाउनु भयो । विदेशीसग विहे गर्ने महिलाका श्रीमान्ले पनि बिहे गरेको ५ वर्ष पछि नागरिकता पाउनु पर्छ भनेर जोड दिनुभयो । न्यायाधीश र राजदूत नियुक्ति गर्दा महिलाको पनि उचित सहभागिता हुनुपर्छ भनेर माग गर्नु भयो ।

महिला, मुस्लिम र दलित आयोगलाई संवैधानिक आयोग बनाउने र प्रत्येक प्रान्तमा महिला तथा बालबालिका आयोग गठन हुनुपर्ने उहाँले उठाउनु भएको अर्को मुद्दा थियो । सम्पत्तिमा समान अधिकार र महिलाहरूको घरायसी कामको पनि मूल्याङ्कन हुनुपर्छ भन्ने पक्षमा पनि उहाँले जोड दिनुभयो । आफूले उठाएका मध्ये धेरै मुद्दाले अवधारणापत्रहरूमा स्थान पाएको उहाँको अनुभव छ । साथै, प्रधानमन्त्री प्रत्यक्ष निर्वाचनबाट हुनुपर्छ भन्ने विषयमा हसिनाले फरक मत राखेर एमाले पार्टीको लाइन अनुसार समितिको बैठक नै वहिष्कार पनि गर्नुभएको थियो ।

सभासद् भएपछि काठमाण्डौं आइ लामो समय बस्नुपर्दा अरू सभासद्हरूलाई जस्तै हसिनालाई पनि डेरा पाउन मुश्किल पर्‍यो । धेरै कार्यकर्ताको आउजाउ हुने भएकाले घरबेटीले सकेसम्म सभासद्हरूलाई डेरा दिन नचाहने सभासद्हरूको अनुभव छ । त्यसमाथि सीमित आम्दानीले ठूलो खर्च धान्नु पर्ने बाध्यता । सभासद् भएपछि मासिक प्राप्त गर्ने रकमबाट कर र पार्टीलाई लेवी बुझाएर बचेको २२/२३ हजार रूपैयाले काठमाण्डौंको महंगो जीवन धान्न, डेरा भाडा तथा यातायात खर्च तिर्न, कार्यकर्ता हेर्न र परिवारको खर्च धान्न गाह्रो परेको उहाँको अनुभव छ ।

संविधानसभामा महिला भएकै कारणले पुरुष सभासद्बाट भेदभाव खेप्नु परको खासै उहाँको अनुभव छैन । बरू, कतिपय अवस्थामा महिला सभासद्ले नै होच्याउने गरेको नमीठो अनुभव छ उहाँसँग । समग्रमा, राजनीतिक जीवनलाई फर्केर हेर्दा उहाँ सन्तुष्ट हुनुहुन्छ । संविधान निर्माण प्रक्रियामा आफूले सक्दो योगदान दिएको र सबै बैठकहरूमा नियमित रूपले सहभागी भएको हसिना बताउनुहुन्छ । जीवनपर्यन्त जनताकै माझमा रहेर काम गर्ने र जेठ १४ गतेभित्र नयाँ संविधान घोषणा भएको हेर्ने मुख्य धोको रहेको छ, हसिनाको जीवनको ।



**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नाम | : हिमकुमारी सुनार |
| ठेगाना स्थायी | : कुन्छा गाविस-२, लमजुङ |
| अस्थायी | : बुद्धनगर, काठमाण्डौं |
| सम्पर्क ठेगाना | : ९८४१९५३५३९ (मो) |
| जन्म मिति | : २०१८/१/५ |
| जन्म स्थान | : हर्मी बयापानी-२, गोर्खा |
| आमाको नाम | : चुम्पा कुमारी सुनार |
| बुबाको नाम | : रूद्रबहादुर सुनार |
| श्रीमान्को नाम | : स्व. एकबहादुर सुनार |
| शिक्षा | : साधारण लेखपढ |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : समानुपातिक प्रतिनिधित्व |

# घर गृहस्थी छोडेर मोर्चामा

लमजुङको कुन्छा गाविसमा सामान्य गृहिणी जीवन व्यतित गरिरहनु भएकी हिमकुमारी सुनारले कुनै दिन स्कुले छोरासहित युद्धको मोर्चामा होमिनु पर्ला भन्ने सोच्नु भएको थिएन । त्यति मात्र होइन युद्धबाट बाँचिएला र देशको सर्वोच्च निकायमा सीमान्तकृत वर्ग र समुदायको प्रतिनिधित्व गर्दै संविधान बनाउने काममा सरिक भइएला भन्ने पनि उहाँको कल्पनाबाहिरको कुरा थियो । तर, दुःख पीडा, बाध्यता, पारिवारिक र सामाजिक परिस्थिति अनि लगनशीलताले उहाँको जीवनमा अहिले नसोचेको परिवर्तन आएको छ । उहाँ संविधानसभाको सदस्य हुनुभएको छ ।

हिमकुमारीको माइतीमा बुबा नेपाली काङ्ग्रेसको सामान्य सदस्य हुनुहुन्थ्यो । तर बुबाकै प्रेरणाले उहाँ राजनीतिमा लाग्नु भएको भने होइन । आफू दलित भएका कारणले छुवाछुत र जातीय भेदभावको शिकार हुनु परेको पीडाको अनुभवले राजनीतिमा लाग्नुपर्छ भन्ने चेतना उहाँमा सानैदेखि आएको थियो । उहाँका श्रीमान् स्व. एकबहादुर सुनार पनि राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । उहाँ भन्नुहुन्छ, 'राजनीतिमा लाग्नु ठूलो बलिदान पनि रहेछ । मेरो श्रीमान्लाई राज्यले हत्या गरेपछि म भित्र आक्रोश थियो । त्यसैले राज्यलाई चुनौति दिन पनि म राजनीतिमा सक्रिय भएँ ।'

खेतीपातीले ६ महिना पनि खान नपुग्ने अवस्थाले गर्दा हिमकुमारीका घरमा जीवनयापनका लागि सुनचाँदीको व्यवसाय थियो । उहाँको श्रीमान्ले सुनचाँदीको व्यवसाय र राजनीति दुबैलाई सँगसँगै अगाडि बढाउनु भएको थियो । उहाँका श्रीमान् तत्कालीन नेकपा (माओवादी) पार्टीको जिल्लास्तरको नेता (डिसीएम) हुनुहुन्थ्यो । हिमकुमारीका अनुसार २०५५ सालमा पार्टीकै कामको सिलसिलामा लमजुङको देउती पानीमा बास बसेको घरलाई घेरा हालेर पुलिसले उहाँको श्रीमान्को हत्या गऱ्यो । उहाँ भन्नुहुन्छ, 'मेरो श्रीमान् सहीद भएपछि उहाँले छोडेको जिम्मेवारी सम्हाल्नुपर्छ भनेर स्कुल पढ्दै गरेका मेरा दुई छोराहरू सहित मैले आफ्नो घर छाडेँ र माओवादी

पार्टीको पूर्णकालीन सदस्य भएर भूमिगत भएँ । छोराहरूलाई यत्तिकै कसैको भरमा छोड्दा सुरक्षाकर्मीबाट मारिने डरले मैले उनीहरूलाई पनि आफू सँगै लिएर गएकी थिएँ ।'

हुनत पूर्णकालीन रूपले भूमिगत राजनीतिमा लाग्नु अघि पनि हिमकुमारी जेल परिसक्नु भएको थियो । पहिलो पटक २०५६ सालमा सेनाले हिमकुमारी र उहाँका छोरालाई पोखराबाट पक्राउ गरेको थियो । जेठ २२ गते पक्राउमा पर्नु भएकी हिमकुमारीलाई असार १० गते मात्र अदालतले धरौटीमा छोड्न आदेश दियो । तर जेलबाट बाहिर निस्कन नपाउदै उहाँलाई प्रहरीले पुनः घेरा हालेर पक्रियो । त्यसपछि अर्को एक साता हिरासतमा राखेर मात्र उहाँलाई छाडिएको थियो ।

दोस्रोपटक २०५८ सालमा सङ्कटकाल घोषणा भएपछि पुष १५ गते हिमकुमारी फेरि अन्य दुई कार्यकर्तासँगै पक्राउमा पर्नुभयो । त्यसको भोलीपल्ट उहाँको कान्छो छोरालाई पनि सुरक्षाकर्मीले पक्रेर लग्यो । त्यतिबेला सुरक्षाकर्मीबाट चरम शारिरीक र मानसिक यातना खेप्नु परेको हिमकुमारी सुनाउनुहुन्छ, 'कान्छो छोरालाई सेनाले पक्रेर ३७ दिनसम्म आँखामा पट्टी राखेर चरम यातना दिइएको थियो । स्याङ्जा जिल्लाको वालिङ्ग नजिकै भालुपहाड भन्ने ठाउँमा लगि गोली हानेको थियो । तर मेरो छोरो मऱ्यो भन्ठानेर उसलाई यत्तिकै छोडेर सैनिकहरू पेट्रोल लिन गएको बेला छोरो हातखुट्टा टेकी घस्रिंदै त्यहाँबाट भाग्न र बाँच्न सफल भयो ।'

तेस्रो पटक २०६२ जेठ ५ गते हिमकुमारी पार्टीको 'जनएकता तथा रूपान्तरण' नामक अभियानमा संलग्न रहेको बेला नवलपरासीबाट पक्राउमा पर्नुभयो । उहाँसँगै अरू दुई जना महिला र तीन जना पुरुष पनि पक्राउमा परेका थिए । त्यतिबेला उहाँहरूलाई बाख्राको खोरमा थुनिएको हिमकुमारी बताउनुहुन्छ । यसरी १९ दिनसम्म सैन्य हिरासतमा राखेपछि उहाँलाई रूपन्देही लगेर प्रहरीमा बुझाइयो । प्रहरीले रूपन्देही जिल्ला प्रहरी कार्यालयबाट उहाँलाई भैरहवा कारागर चलान गऱ्यो । भैरहवा कारागरमा महिलाहरूलाई राख्ने व्यवस्था नभएकाले फेरी उहाँलाई कपिलवस्तु सारियो । ६ महिनापछि अदालतले छोड्ने आदेश दिएपछि उहाँलाई हिरासत मुक्त गरियो तर, हिरासत बाहिर पुग्ने बित्तिकै फेरी घेरा हालेर उहाँलाई पक्राउ गरियो । त्यसपछि उहाँ फेरि पूरै १० महिना जेल बस्नुभयो ।

आफ्ना ससाना छोराहरू सहित जेल पर्नु भएकी हिमकुमारीलाई छोराहरूले मम्मी जेल बस्दिन, छिटो निकाल्नुस भनेर रूँदा निकै पीडा हुन्थ्यो । युद्धकालीन अवस्थामा धेरै चोटी सुरक्षाकर्मीसग आमनेसामने हुँदा जनताको सहयोगमा आफू बाँच्न सकेको पनि उहाँ बताउनुहुन्छ । एक पटक लमजुङको लामी डाँडामा उहाँका बुहारी र नातिनी पनि सँगै थिए । बास बसेको घरमा बिहानको समयमा नातिनीको लुगा धुन लाग्दा उहाँले तल सेना आएको खबर पाउनुभयो । उहाँ भन्नुहुन्छ, 'त्यसपछि म चाहिँ घरको माथिल्लो तलामा गएर लुकें र बुहारीलाई त्यही घरको मान्छे झै गरेर अगेनोमा खाना पकाएको अभिनय गर्न लगाएँ' उहाँ सम्झनुहुन्छ, 'माथि तल्लामा कोही छ कि भनेर सेनाले भऱ्याङबाटै यसो हेरेर फर्किए ।'

पटक-पटकको जेलजीवन र भूमिगत अवस्था पार गर्दै उहाँ अहिले संविधानसभासम्म आइपुग्नु भएको छ । युद्धकालीन अवस्थासँग अहिलेको अवस्थालाई तुलना गर्दा उहाँ आफ्नो पार्टी र मुलुकमा धेरै परिवर्तन आएको देख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'सुरूमा संविधानसभामा आउँदा जुन उद्देश्य लिएर उमङ्गका साथ आएकी थिएँ

अहिले त्यो उमङ्ग घटेको छ । संविधान निर्माण प्रक्रियाले गति लिन नसक्दा अहिले मलाई पीडाको अनुभूति हुने गरेको छ । कैयौं परिवारले छोराछोरी गुमाए, कैयौँले आफ्न जीवनसाथी गुमाए । कति अझै बेपत्ता छन् । अपाङ्ग घाइते पनि उत्तिकै छन् । तर राज्यले पीडित परिवारलाई अहिलेसम्म सम्मानजनक ढङ्गले रेखदेख गर्न सकेको छैन ।'

संविधानसभा र आफू संलग्न सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा हिमकुमारीले दलितलाई क्षतिपूर्तिसहित रोजगारीमा विशेषाधिकार, बिना मुआब्जाको जग्गा जमिन वितरण, निशुल्क शिक्षा हुनु पर्ने लगायतका कुरा उठाउनुभयो । दलितले लामोसमयदेखि जातीय आधारमा छुवाछुतको समस्या भोग्नु परेको र शिक्षा तथा जग्गाजमिनको अधिकारबाट वञ्चित हुनुपरेकोले उनीहरूका लागि क्षतिपूर्तिसहितको विशेषाधिकार आवश्यक रहेको उहाँको भनाइ छ । यस्तै, राज्यका हरेक अङ्गमा दलितको समानुपातिक सहभागिता हुनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

राज्यका हरेक निकायमा महिलाको ५१ प्रतिशत प्रतिनिधित्व हुनुपर्ने, महिलामाथि हुने हिंसा र बलात्कार विरूद्ध कडा कानुन बन्नु पर्ने, नागरिकतामा महिला र पुरुष दुबैका लागि समान व्यवस्था हुनुपर्ने, बेवारिसे बच्चाले वंशको आधारमा आमा वा बाबुमध्ये कुनै एकको नामबाट नागरिकता पाउनु पर्ने मुद्दा पनि उहाँले उठाउनु भएको छ ।

खासगरी बादी महिलालाई जग्गा उपलब्ध गराउनुपर्नेमा उहाँको विशेष जोड रह्यो । बादी महिलाहरूले अहिले बाध्य भएर अपनाउनु परेको पेशालाई न्युनिकरण गरेर वा खारेज गरेर उनीहरूले सम्मानपूर्वक बाँच्न पाउने आधार राज्यले दह्रो बनाउनुपर्छ भन्ने उहाँको भनाइ छ । बादी महिलाका बच्चाको बाबुको टुङ्गो नलाग्दा ती बच्चाहरूले नागरिकताबाट वञ्चित हुनु पर्ने अवस्थालाई मध्यनजर राख्दै आमाको नामबाट वादी महिलाका बच्चाहरूलाई नागरिकता दिने व्यवस्था हुनुपर्छ भन्ने कुरा उठाएको पनि हिमकुमारी सुनाउनुहुन्छ ।

संविधानसभा सदस्य भएपछि बढीजसो काठमाण्डौंमा नै बस्नु परे पनि घरपरिवारबाट टाढा रहेर काम गर्नु पर्दा खासै अप्ठेरो नपरेको उहाँको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'जति अप्ठेरो हुनु थियो त्यो युद्धकालमै भयो । त्यो बेला मेरो घरसंसार नै बिग्रियो', उहाँ थप्नुहुन्छ, 'छोराहरूको पढाइ छुट्यो । आफू भूमिगत छँदा लामो समय छोराहरूसँग छुटेर काम गर्नुपर्‍यो । अब आमाछोराको भेटै नहुने हो कि भन्ने अवस्था पनि आयो ।' तर खुशीको कुरा शान्ती प्रक्रिया सुरू भएपछि कान्छो छोराले फेरी एसएलसी दिएर अहिले स्नातक तहमा पढ्दै गरेको कुरा हिमकुमारी सुनाउनुहुन्छ । उहाँका ठूलो छोरा जनमुक्ति सेनाको कमाण्डर छन् र ठूलो छोरा, बुहारी र नातिनी चितवनमा बस्छन् । हिमकुमारी चाहिँ कान्छो छोरासँग काठमाण्डौंमै बस्नुहुन्छ ।


Mountain SUPPORT
GORE-TEX

## व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : हिसिला यमि |
| ठेगाना | : भुरूङ्खेल, कामपा-१८, काठमाडौं |
| जन्म मिति | : २०१६/३/११ |
| जन्म स्थान | : काठमाण्डौं |
| आमाको नाम | : हिरादेवी यमि |
| बुबाको नाम | : धर्मरत्न यमि |
| श्रीमान्को नाम | : डा. बाबुराम भट्टराई |
| शिक्षा | : स्नातकोत्तर |
| राजनीतिक दल | : एनेकपा (माओवादी) |
| निर्वाचन प्रणाली | : प्रत्यक्ष निर्वाचन |

# महिलाहरू संविधान बनेको मात्र होइन लागू भएको पनि हेर्न चाहन्छन्

विद्रोह हिसिला यमिको स्वभावै हो । त्यसलाई अझ प्रस्फुटन गर्ने काम डा. बाबुराम भट्टराईले गर्नुभयो । हिसिला यमिका बुबा धर्मरत्न यमि आफ्नो समयका सक्रिय नेता हुनुहुन्थ्यो । राणाशासन विरूद्धका हरेक आन्दोलनमा धर्मरत्न यमिको भूमिका थियो । पञ्चायतकालमा सहायक मन्त्रीसमेत बन्नुभएका धर्मरत्न साहित्यकार र समाज सुधारक पनि हुनुहुन्थ्यो । बुबाको गुण सात दिदीबहिनीमध्ये सबैभन्दा धेरै आफूसँग भएको भनाइ छ ।

हिसिला दश वर्ष नपुग्दै आमाको निधन भइसकेको थियो । त्यसैले उहाँको हेरचाह दिदी तिमिला यमिले गर्नुभयो । दिदी इन्जिनियरिङ विषयको विद्यार्थी हुनुहुन्थ्यो । दिदीले नै हिसिलालाई २०२६/२७ तिर भारतको कानपुरमा स्कुल पढाउन लैजानुभयो । कानपुर पुगेपछि हिसिलाले पहिलोपटक नेपालीहरूको दुर्दशा देख्नुभएको थियो । नेपालीले भोगेका हेपाइ, दुःख अत्यन्त निकृष्ट थिए, उनीहरू चौकिदारी गर्ने, घरेलु नोकर बस्ने, रेष्टुराँमा भाँडा माझ्ने र तल्लोस्तरको काम गर्ने गर्थे । एक त काम दयनीय थियो, अर्को उनीहरूको स्वाभिमानलाई पूरै कुल्चेर राखिएको थियो । नेपाली महिलालाई देख्नासाथ 'रेडलाइट एरिया'तिर तानेर लैजान खोज्ने प्रवृत्ति पनि त्यहाँ व्याप्त थियो । यी सबै परिस्थितिले आफूभित्र देशका लागि केही गर्नैपर्छ भन्ने भावना पलाएको हिसिला बताउनुहुन्छ ।

भारतमा पढ्दै गर्दा बाबुराम भट्टराईसँग हिसिलाको भेट भएको थियो । बाबुरामले हिसिलाका बुबा धर्मरत्न यमिकाबारेमा धेरै पढ्नुभएको रहेछ । त्यसैले बाबुरामले नै हिसिलालाई उहाँका बुबाकाबारेमा बताउनुभयो । वास्तवमा आफ्नो बुबाआमाकाबारेमा बाबुरामले भनेपछि मात्रै हिसिलालाई धेरै कुरा थाहा भएको थियो । बुबाको जीवनी र आमाको राजनीतिक पहिचान थाहा पाएपछि उहाँ अझ उत्साही भएर उहाँहरूकै बाटोमा लाग्नुभयो । उहाँका बुबा समाजमा धर्म र परम्पराका नाममा अपनाइने विभिन्न रीतिरिवाजहरूका पक्षमा हुनुहुन्नथ्यो । त्यसकारण उहाँले आफ्ना छोरीहरूको नेवार परम्पराअनुसार गर्नुपर्ने 'इहि' अर्थात बेलविवाह र 'बाह्राः' अर्थात

गुफा राख्ने जस्ता संस्कारसमेत गराउनुभएन । यो नेवार समाजका लागि ठूलो चुनौती थियो । जसरी हिन्दु समाजमा छोराको व्रतबन्ध नगरी हुँदैन त्यसरी नै नेवार समाजमा छोरीको इहि र बार्‍हाः गर्नै पर्ने चलन छ ।

भारतमा भेट भएपछि हिसिला र बाबुरामको मित्रता बढदै गयो । पछि त्यही मित्रता प्रेममा बदलियो र भारतका चर्चित बँधुवा मजदूर आन्दोलनकारी स्वामी अग्निवेशको पहलमा उहाँहरूको विवाह भयो । त्यो विवाहलाई उहाँहरू मन वा तन मिलेर भएको विवाह भन्दा पनि विचार मिलेर गरेको विवाह भन्न रूचाउनु हुन्छ । भारतमा पढ्दै गर्दा हिसिला अखिल भारत नेपाली विद्यार्थी सङ्घको कोषाध्यक्ष र महासचिव हुनुभयो । त्यसपछि उहाँले नेपाली मजदुरहरूको सङ्गठन नेपाली एकता समाजमा काम गर्नुभयो ।

अध्ययन सिध्याएपछि २०३८/३९ तिर हिसिला नेपाल फर्कनुभयो र नेपाल आएपछि उहाँले इन्जिनियरिङ कलेज पुल्चोकमा पढाउन थाल्नुभयो । त्यसैबेला उहाँले नेपाल इन्जिनियरिङ एसोसिएसनको कोषाध्यक्ष र नेपाल प्राध्यापक सङ्घको इन्जिनियरिङ इकाइको पदाधिकारीको भूमिका पनि निर्वाह गर्नुभयो । साथै विभिन्न आन्दोलनहरूमा सहभागी भई पटकपटक जेल पनि जानुभयो । २०४६ सालको जनआन्दोलनमा उहाँ अझ सक्रिय हुनुभएको थियो । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा कार्यक्रम गर्दा उहाँ पक्राउमा पर्नुभयो । बहुदलीय व्यवस्था आइसकेपछि पनि तीजको बेला पशुपतिमा तत्कालीन रानी ऐश्वर्यलाई ढुङ्गा हानेको आरोपमा उहाँलाई पक्राउ गरिएको थियो । नेकपा (एमाले) को नौ महिने शासनकालमा बागबजारको चर्चित 'भित्ताकाण्डमा' पनि उहाँ पक्राउ पर्नुभएको थियो ।

२०४९ सालमा स्नातकोत्तर पढ्न हिसिला बेलायत जानुभयो । त्यहाँ पनि राजनीतिक गतिविधिमा सक्रिय हुँदै पेरूमा पक्राउ परेका नेता गोन्जालोको रिहाइको माग गर्दै जर्मनीमा निकालिएको र्‍यालीमा पनि उहाँ सहभागी हुनुभयो । २०५१ सालमा फेरि नेपाल फर्केर इन्जिनियरिङ क्याम्पसमै पढाउन थाल्नुभयो । साथै २०५१ देखि २०५३ सम्म उहाँ अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को अध्यक्षको रूपमा काम गर्नुभयो । २०५२ सालमा माओवादीको 'जनयुद्ध' सुरू भएपछि उहाँ भूमिगत हुनुभयो । भूमिगतकालमा उहाँ कमरेड पार्वतीका नामले चिनिनुहुन्थ्यो । हाल उहाँ एनेकपा (माओवादी) को पोलिटब्यूरो सदस्य हुनुहुन्छ । २०४२ सालमा अर्न्तराष्ट्रिय मञ्च भन्ने पत्रिकाले उहाँलाई उत्कृष्ट महिला घोषित गरेको थियो भने २०६० सालमा विमोचन पत्रिकाले 'नेपालका दश उत्कृष्ट महिला'हरू मध्ये हिसिलालाई पनि उल्लेख गरेको थियो ।

'जनयुद्ध'मा हिसिलाले बन्दुकै बोकेर लड्नुभएको त होइन तर उहाँले त्यो 'जनयुद्ध'लाई दिशानिर्देश गर्ने राजनीतिक सङ्गठनको एक केन्द्रीय नेताको भूमिका निर्वाह गर्नुभएको थियो । एकैपटक खुला राजनीति, शिक्षण पेशा र आमाको भूमिका छाडेर भूमिगत हुनुपर्दा ज्यादै कठिन भएको उहाँ सुनाउनुहुन्छ । भूमिगतकालमा प्रहरीको हातमा पर्नै लागेर पनि बच्न सफल भएको प्रसङ्गहरू हिसिला आज पनि सम्झनुहुन्छ । एकपटक रोल्पाबाट पाल्पा जाँदै गर्दा तल सडकबाट प्रहरीले उहाँको पिछा गरिरहेको थियो भने माथि आकाशबाट हेलिकप्टरले गस्ती गरिरहेको थियो । त्यो निकै सङ्गीन घडी थियो । त्यस्तै अर्कोपटक पाल्पाबाट हिँडेर प्यूठान पुग्नलागेकै बेला प्रहरीले घेरा हालेपछि फेरि उहाँ हिँडेरै पाल्पा फर्कनुभयो । अर्को एउटा घटना पनि उहाँ सम्झनुहुन्छ । हिसिला नेपालबाट भारत जाँदै हुनुहुन्थ्यो । अरूले चिन्लान् भनेर उहाँले भेष बदलेर पूरै पहाडी केटी बन्नु भएके थियो । तर, सीमा काट्न लाग्दा प्रहरीले उहाँलाई समाए । हेर्दा सोझी लागेकाले उहाँलाई भारतमा बेच्न लगिँदैछ भन्ने

प्रहरीले ठानेछ । त्यसैले उहाँलाई नै बचाउनका लागि भनेर प्रहरीले रोकेका रहेछन् । तर, आफूलाई बेच्न लगेको होइन, आफू शिक्षक भएको र भारतमा आफन्त भेट्न जान लागेको भनी हिसिला त्यहाँबाट पनि फुत्कन सफल हुनुभयो ।

राजनीतिक जीवनको यात्रामा हिसिलाले राम्रा र मीठा मात्र होइन थुप्रै नराम्रा र नमीठा अनुभवहरू पनि सँगाल्नु भएको छ । तीमध्ये आफूलाई पार्टीले कारबाही गर्दाको क्षण उहाँलाई सबैभन्दा बढी नमीठो लागेको हिसिला बताउनुहुन्छ । पार्टीमा फरक मत राखेका कारण बाबुरामलाई पार्टीले कारबाही गरेको थियो र बाबुरामलाई उक्साएको भन्दै हिसिला पनि पार्टीको कारबाहीमा पर्नु भएको थियो । उहाँ अहिले पनि प्रश्न राख्नुहुन्छ, 'बाबुराम मैले उक्साएर उक्सिने मान्छे हो र ? यदि त्यसो भएको भए त म पार्टीभित्र बाबुरामभन्दा पनि बलियो भइहालें नि ।' पार्टीको कारबाहीमा पर्दा धेरै साथीहरू आफूहरूबाट टाढा भएका र आफूहरू पार्टीबाटै बहिस्कृत भएजस्तो हिसिलाले महसुस गर्नुभयो । तैपनि कारबाहीकै कारणले लामो समयपछि बाबुरामसँगै बस्न पाएको र अध्ययनका लागि समय मिलेकोमा भने उहाँ खुशी पनि हुनुभयो ।

शान्तिवार्तामा आएर नेकपा (माओवादी) पार्टी खुल्ला भएपछि हिसिला भौतिक योजना तथा निर्माण र पर्यटन तथा नागरिक उड्डयनमन्त्री बन्नुभयो । संविधानसभाको चुनावमा उहाँ काठमाण्डौं क्षेत्र नं. ७ बाट उम्मेद्वार हुनुभयो र विजयी पनि । उहाँ भन्नुहुन्छ, 'काठमाण्डौंका जनताले हाम्री छोरी भन्दै मलाई विश्वास गरेर जिताए ।' हिसिला माओवादीको नेवाः राष्ट्रिय मुक्ति मोर्चाको उपाध्यक्ष पनि भएका नाताले राज्य पुनर्संरचनाबारे उहाँको विशेष ध्यान गएको छ । सम्पूर्ण महिला, आदिवासी/जनजाति र दलित, मधेसी र अन्य पछाडि पारिएका जनताका लागि हुनेगरी माओवादी आफैँले पनि एउटा संविधान तयार पारेको थियो । हिसिलाको भनाइमा त्यो जनगणतान्त्रिक संविधान थियो । त्यसका विषयमा पार्टीभित्रै पनि विभिन्न कोणले छलफल भएको थियो ।

संविधानसभामा उहाँ क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिमा हुनुहुन्छ । संविधानसभाले महिलालाई दोस्रो दर्जामा ल्याएर राखेको उहाँको आरोप छ । खासगरी नागरिकताका सवालमा महिलालाई दोस्रो दर्जाको रूपमा राखिएको उहाँ बताउनुहुन्छ । संविधानसभामा महिला अधिकारकाबारेमा धेरै कुरा उठे पनि पुरूष सभासद्हरू भने अझै पनि महिला सभासद्का कुरा सुन्न तयार नरहेको उहाँको अनुभव छ ।

अहिले संविधान बनाउने भनिए पनि बनाउने काम भने भएको छैन । यसमा कतिपयले सभासद्हरूलाई गाली गरिरहेका छन्, तर यसको दोष सभासद्लाई होइन पार्टीहरूलाई दिनुपर्ने उहाँको विचार छ । 'कतिपय पार्टीले संविधान यस्तो बनाउनुपर्छ भनेर आजसम्म भन्न सकेका छैनन् भने ती पार्टीका सभासद्हरूले कसरी संविधान बनाउँछन्?' हिसिला प्रश्न गर्नुहुन्छ । तर यस पटकको संविधानसभामा महिलाको उपस्थिति देखेर हिसिला निकै नै उत्साहित हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाहरू संविधान बनेको मात्र होइन लागू पनि भएको हेर्न चाहन्छन् ।'



**व्यक्तिगत विवरण**

नाम : हीरा गुरूङ
ठेगाना स्थायी : बाफ्ेच्यान डाँडा गाविस–३, वादुङ गाउँ, खोटाङ, सगरमाथा
अस्थायी : बुद्धनगर, काठमाण्डौं
सम्पर्क ठेगाना : ९७४११८२४१६, ९८४१८१४१५५ (मो)
जन्म मिति : २०२५/५/९
जन्म स्थान : चुइचुम्बा डाँडा गाउँ, खोटाङ
आमाको नाम : लक्ष्मीकुमारी गुरूङ
बुबाको नाम : चक्रबहादुर गुरूङ
श्रीमान्को नाम : स्व. कालुमान गुरूङ
शिक्षा : प्रमाणपत्र तह
राजनीतिक दल : नेपाली काङ्ग्रेस
निर्वाचन प्रणाली : समानुपातिक प्रतिनिधित्व

# श्रीमान्को सपना साकार पार्न राजनीतिमा

गाउँको एउटा विद्यालयमा शिक्षिका र घरमा गृहिणी भएर जीवन निर्वाह गरिरहनुभएकी हीरा गुरूङको श्रीमान् कालुमान गुरूङलाई नेकपा (माओवादी)का कार्यकर्ताले २०५७ फागुन २४ गते नेपाली काङ्ग्रेसको पार्टी कार्यालयमै आयोजना भइरहेको एउटा सार्वजनिक कार्यक्रममा गोली हानी हत्या गरे । कालुमान गुरूङ नेपाली काङ्ग्रेस खोटाङ जिल्ला कार्यसमिति सचिव र कार्यवाहक सभापति हुनुहुन्थ्यो । त्यसरी अचानक श्रीमान्को हत्या भएपछि हीराको जीवनमा उथलपुथल मच्चियो । त्यसपछि उहाँले पनि श्रीमान्कै बाटो पछ्याएर राजनीतिमा प्रवेश गर्नुभयो ।

खोटाङको चुइचुम्बा डाँडा गाउँमा जन्मिनुभएकी हीराको विवाह बाफ्ेच्यान डाँडा गाविस–३, वादुङ गाउँका कालुमान गुरूङसँग भएको थियो । श्रीमान् र जेठाजु पनि राजनीतिमा हुनुभएकाले हीराले राजनीतिलाई नजिकबाट देख्ने र बुझ्ने मौका पाउनु भएको थियो । हिरालाई पनि विद्यार्थी अवस्थादेखि नै राजनीतिप्रति चासो र रूची थियो । उहाँले विद्यार्थी छँदा पनि विद्यार्थी सङ्गठनमा रहेर काम गर्नुभयो । उहाँको विवाह पनि उहाँले सोचे जस्तै राजनीतिक परिवारमै भयो । घरमा राजनीतिक मानिसहरूको आवतजावत र जमघट भइरहन्थ्यो त्यसले पनि उहाँलाई राजनीतिमा लाग्ने प्रेरणा मिलेको थियो । भविष्यमा राजनीतिबाटै अघि बढ्छु भन्ने चाहनाले गर्दा पार्टीको कार्यक्रमहरूमा पनि उहाँ श्रीमान्सँगै हिँडिरहनुहुन्थ्यो ।

श्रीमान् बितेपछि उहाँ २०५८ सालमा नेपाल महिला सङ्घको जिल्लाको सचिव हुनुभयो । हुनत, हीराले २०४६ सालमै नेपाली काङ्ग्रेस पार्टीको सदस्यता लिनु भएको थियो । उहाँ भन्नुहुन्छ, 'श्रीमान्को हत्याअघि म राजनीतिमा सक्रिय थिइनँ । तर, श्रीमान्लाई घरभित्र र घर बाहिर सघाउनु पनि त राजनीति हुनसक्छ नि ।' श्रीमान्को हत्यापछि हीरा गाउँमा बस्न सक्नुभएन । माओवादीहरूले आफ्ना सञ्चार माध्यमबाट उहाँ र उहाँको परिवारलाई निरन्तर धम्की दिन थालेपछि उहाँ गाउँ छोडेर सदरमुकाममा बस्न थाल्नुभयो । तर, जिल्लाको

सदरमुकाममा समेत असुरक्षित महसुस भएपछि उहाँले २०६० सालमा काज मिलाएर ललितपुर जिल्लाको एउटा विद्यालयमा पढाउन थाल्नुभयो । उहाँ भन्नुहुन्छ, 'राजनीतिकै कारणले मैले श्रीमान्लाई गुमाएँ र आफ्नो गाउँठाउँबाट विस्थापित पनि भएँ । विस्थापित भएर काठमाण्डौं आएपछि आर्थिक कारणले गर्दा र माओवादीका कारणले जिल्लामा भएका आफ्ना जायजेथा समेत चलाउन नपाउँदा ज्यादै कठीन जीवन बिताउन बाध्य भएँ । छोराछोरीलाई सोचे जस्तो ठाउँमा पढाउन नसकेकोले अझै पनि मलाई धेरै दुःख लाग्छ ।' उहाँ थप्नुहुन्छ, 'पार्टीकै कारणले मेरा छोराछोरीले बुबा गुमाए तर उनीहरूलाई पार्टीले हेर्नुपर्छ भन्ने भावना कसैको पनि मनमा आएन यही मेरो गुनासो छ । मैले छोराछोरीका पढाइका लागि पार्टीलाई पनि गुहारेँ । मेरो श्रीमान्को वार्षिकीमा गिरिजा बाबु दिक्तेलमा जानु भएको थियो । मैले गिरिजा बाबुलाई समेत भेटेर मेरो दुःख बताएँ र उहाँले छोराछोरीलाई पढाइदिने आश्वासन पनि दिनु भयो । तर उहाँले पनि आफैले बोलेको कुरा पूरा गर्न सक्नुभएन ।'

श्रीमान्को हत्यापछि दुई छोरा र तीन छोरीको सम्पूर्ण जिम्मेवारी हीराको काँधमा आइपऱ्यो । छोराछोरीलाई लिएर काठमाण्डौमा बस्न थाले पनि तत्कालीन राजाको शासनकालमा उहाँको काज फिर्ता गर्ने निर्णय भयो र छोराछोरीलाई काठमाण्डौंमै छाडेर उहाँ मोरङको सरस्वती उच्च माध्यमिक विद्यालयमा पढाउन जानुभयो । तर केही समयपछि उहाँले फेरि काठमाण्डौंको रत्नराज्यलक्ष्मी विद्यालयमा नै काज मिलाउनुभयो । यहीबेला देशमा दोस्रो जनआन्दोलन भयो र राजनीतिक परिवर्तन पनि आयो । साथीभाइहरूले पनि उहाँलाई राजनीतिक पृष्ठभूमि भएको मान्छेले शिक्षण पेशामा मात्र होइन राजनीतिमा पनि लाग्नुपर्छ भनेर सल्लाह दिए । साथीभाइको सल्लाहअनुसार उहाँ पनि प्रत्यक्ष रूपले राजनीतिमा संलग्न हुन थाल्नुभयो र २०६२/६३ सालको जनआन्दोलन सफल पार्न सक्रिय रूपले लागिपर्नुभयो । श्रीमान्ले पार्टीकै लागि ज्यान दिएका कारणले संविधानसभा निर्वाचनअघि पार्टीले आफूलाई केही गर्ला कि भन्ने आशा हीराको मनमा जागेको थियो । साँच्चि नै उहाँको पारिवारिक पृष्ठभूमि र लगनशीलतालाई ध्यानमा राखेर नेपाली काङ्ग्रेसले संविधानसभामा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खोटाङ जिल्लाबाट उहाँको प्रतिनिधित्व संविधानसभामा गरायो ।

संविधानसभा सदस्य भइसकेपछि हीरालाई संविधानसभाका प्रक्रिया र बैठकका नियमहरू बुझ्न दुई चार महिना लाग्यो । संविधानसभाअन्तर्गतको क्षमता अभिवृद्धि समिति तथा व्यवस्थापिका संसदअन्तर्गतको महिला, बालबालिका तथा समाजकल्याण समितिकी सदस्य हीराले समितिमा रहेर शोषित पीडित महिला र हिंसा पीडित महिलाको मुक्तिका मुद्दा उठाउनुभयो । उहाँले वृद्धाहरूको लालनपालनको व्यवस्थापन गर्नुपर्ने र वृद्धाश्रमहरू खोलिनुपर्ने, दाइजो प्रथा हटाइनुपर्ने, शिक्षामा छोरीलाई पनि समान अधिकार दिनुपर्ने, महिलालाई हिंसा गर्ने पुरूषलाई कडा सजाय दिलाउनुपर्ने र कम्लहरी प्रथा समाप्त गर्नुपर्ने लगायतका विषयमा समितिमा कुरा राख्नुभयो । यसका साथै उहाँले संविधानसभा र विषयगत समितिमा महिलाका बेरोजगारीको समस्यालाई पनि उठाउनुभएको छ । देशमा रोजगारीको अभावले गर्दा ठूलो संख्यामा महिलाहरू वैदेशिक रोजगारमा जाने र कतिपयलाई विदेशमा छक्याएर लैजाने गरेकोले रित्तो हात घर फर्कनुपर्ने, विदेशमा महिलाहरू बलात्कृत हुनुपरेको र गर्भवती भएर फर्केका महिलाका बच्चाले नागरिकता नपाएको कुरालाई पनि हीराले प्राथमिकता साथ संविधानसभा र समितिमा राख्नुभयो । साथै महिलालाई फकाएर र छक्याएर विदेश लाने र अलपत्र पारेर छोडिदिने अपराधीलाई कडा कारबाही गर्नुपर्ने पनि उहाँले माग गर्नुभयो । पितृसत्तात्मक देशमा महिलाले गरेको हरेक काम कुरालाई

नकारात्मक रूपमा हेर्ने, महिलालाई पछाडि पार्ने प्रवृत्ति रहेको हीराको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'महिलालाई जसरी पनि घुमाउरो किसिमबाट अड्काउने कुरा हुन्छ ।'

महिला, जनजाति, दलित, मधेसी, मुस्लिम लगायतका समुदायहरूको आन्दोलनले उठाइरहेका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूलाई अवधारणापत्र र मस्यौदा प्रतिवेदनमा समावेश गराउन सक्रिय रूपमा लागि परेको हीराको भनाइ छ । पछाडि पारिएका जाति तथा समुदायहरू बढी हिंसा र शोषणमा परेका कारणले पनि सबैले एक भएर आवाज उठाउनुपर्ने उहाँको भनाइ छ ।

नेपाल महिला सङ्घ खोटाङ जिल्ला समितिको सचिव तथा नेपाल शिक्षक सङ्घ सदस्यको रूपमा कार्यरत हीरा संविधानसभाभित्रको अनुभवलाई यसरी व्यक्त गर्नुहुन्छ, 'संविधानसभा धेरै कुरा छलफल गर्ने ठाउँ रहेछ । संविधानसभामा के कुरा उठाउने र के नउठाउने भन्ने हुँदो रहेछ । त्यहाँ मैले आफ्नो समस्या पनि सुनाउन पाउँदा राम्रो लाग्यो ।'

संविधानका अधिकांश विषयहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्नका लागि धेरै चुनौतीहरूको सामना गर्नुपरेको उहाँले महसुस गर्नुभयो । महिलाका मुद्दामा सम्पूर्ण महिला सदस्यको एकताको अभाव रहेको र महिलाका सवालले त्यति महत्व नपाउने कुरा हीराले पनि अनुभव गर्नुभएको छ । व्यावहारिकरूपमा संविधानसभाभित्र र बाहिर महिला र पुरूष सदस्यको हैसियतमा विभेद हुने गरेको उहाँ पनि बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'महिलाहरूले महिलाका सवालमा ऐक्यबद्ध भएर आवाज उठाउँदा पनि महिलामाथि विभेद भइरहेको छ ।' तर यसो हुनुमा केही हदसम्म महिलाहरू आफैं जिम्मेवार भएको पनि हीराको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'ठूलो पदमा महिलाले हिम्मतै नगर्ने र कसै कसैले हिम्मत गरेर अगाडि बढे पनि पछाडिबाट अर्कोले खुट्टा तान्ने प्रवृत्ति छ । त्यसैले महिला एकता भने पनि वास्तविकतामा महिला एकता राम्ररी हुनसकेको छैन ।'

शिक्षण पेशामा हुँदा हीरालाई दैनिक के पढाउने भन्ने मात्र चिन्ता हुन्थ्यो । तर अहिले संविधानसभाको सदस्य भएपछि संविधानसभामा के मुद्दा लाने र के नलाने भन्ने विषयमा उहाँले सोच्नुपर्ने भएको छ । संविधान लेखन प्रक्रियामा आफूले दिएको योगदान सन्तोषजनक नै रहेको हीराको भनाइ छ । उहाँ भन्नुहुन्छ, 'अहिलेसम्म त मैले राम्रै गरेजस्तो लाग्छ । संविधान निर्माणका लागि जनमत सङ्कलन गरेर जनताका रायसुझाव ल्यायौं, समितिमा धेरै काम गर्‍यौं । अहिलेसम्म सफल नै छौं ।'

संविधानसभाको काम र आफूले प्रतिनिधित्व गरेको जिल्ला क्षेत्रका जनताप्रतिको माग र आवश्यकतालाई पूरा गर्न हीरा समयसमयमा जिल्लामा पुग्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म आफू शिक्षण पेशाबाट राजनीतिमा अगाडि आउँदा राम्रै लागेको छ । तर राजनीतिमा हुने किचलोले नमीठो अनुभव पनि हुन्छ । म मेरो श्रीमान्को सपना साकार पार्न राजनीतिमा आएँ र भविष्यमा पनि श्रीमान्को सपना साकार पार्न नै म राजनीतिमा लागिरहन्छु ।'